अख्तियार दुरुपयोग अनुसन्धान आयोग

वीसौं वार्षिक प्रतिवेदन

आ.व. २०६६/ २०६७



अख्तियार दुरुपयोग अनुसन्धान आयोग

काठमाडौं, नेपाल

२०६७

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

फोन नं. : ४-४३९४६२
४-४४०१५१
फ्याक्स : ४-४४०१२८
४-४४०१०४

इ-मेल :- akhtiyar@ntc.net.np

वेबसाइट :- www.ciaa.gov.np

पत्र संख्याः-

मिति :- २०६७/५/२३

विषय :- बीसौं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय
शीतल निवास, महाराजगञ्ज
काठमाडौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०६६/०६७ (२०६६ श्रावण १ गतेदेखि २०६७ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छु ।

भवदीय,

भगवति कुमार काफ्ले
सचिव

२०६७।५।२३

अनुक्रमाणिका

परिच्छेद	शीर्षक	पृष्ठ
परिच्छेद १: अख्तियार दुरुपयोग अनुसन्धान आयोग		१-६
	१. विषय प्रवेश	१
	२. गठन	१
	३. आयोगको काम, कर्तव्य र अधिकार	१
	४. वार्षिक प्रतिवेदन	२
	५. छानवीन तथा अनुसन्धान प्रक्रिया	२
	६. प्रशासनिक संगठन	४
	७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय	५
	८. आयोगको निर्णयहरूको वर्गीकरण	५
	९. अधिकार प्रत्यायोजन	५
	१०.बजेट व्यवस्थापन	६
परिच्छेद २: आ.व. २०६६/६७ मा आयोगबाट सम्पादित कार्यहरू		७-१५
	१. आ.व. २०६६/६७ मा परेका उजुरी र कारबाहीको विवरण	७
	२. अभियोजन र कारबाहीको विवरण	७
	३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या	७
	४. विभागीय कारबाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका विषय र व्यक्ति/निकाय संख्या	८
	५. महाशाखागत उजुरी फछ्यौंटको विवरण	८
	६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारबाहीको लागि लेखी पठाएको विवरण	८
	७. नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी दायर भएका मुद्दाहरू	१०
	८. घुस रिसवत सम्बन्धी भ्रष्टाचार गरेको मुद्दा	११
	९. सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा	१२
	१०. अन्य (प्रश्नपत्रको गोपनियता भंग गरेको मुद्दा)	१४
	११. आ.व.०६६/६७ को असुलउपर सम्बन्धी विवरण	१४
	१२. आ.व.०६६/६७ को सार्वजनिक जग्गा सरकारी कायम सम्बन्धी विवरण	१५
	(क) नेपाल सरकारको नाममा कायम भएको	१५
	(ख) नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाइएको विवरण	१५
	१३.प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारबाही	१५
परिच्छेद ३: अभियोजन		१६-२७
परिच्छेद ४: पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू		२८-१००

परिच्छेद ५: पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण १०१-१०८

परिच्छेद ६: विभागीय कारबाही १०९-१२०

(क) अर्थ मन्त्रालय अन्तर्गत १०९
(ख) ऊर्जा मन्त्रालय अन्तर्गत १०९
(ग) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत ११०
(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत ११०
(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत ११४
(च) स्थानीय विकास मन्त्रालय अन्तर्गत ११४
(छ) शिक्षा मन्त्रालय अन्तर्गत ११७
(ज) सर्वोच्च अदालत अन्तर्गत ११९

परिच्छेद ७ : सचेत १२१-१२५

(क) अर्थ मन्त्रालय अन्तर्गत १२१
(ख) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत १२१
(ग) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत १२२
(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १२२
(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १२२
(च) स्थानीय विकास मन्त्रालय अन्तर्गत १२३
(छ) शिक्षा मन्त्रालय अन्तर्गत १२४
(ज) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत १२४
(झ)सिंचाइ मन्त्रालय अन्तर्गत १२४

परिच्छेद ८ : असुल उपर १२६-१३४

(क) गृह मन्त्रालय अन्तर्गत १२६
(ख) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत १२६
(ग) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत १२७
(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १२८
(ङ) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत १२८
(च) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १२९
(छ) स्थानीय विकास मन्त्रालय अन्तर्गत १३१
(ज) शिक्षा मन्त्रालय अन्तर्गत १३२

परिच्छेद ९ : ध्यानाकर्षण १३५-१४८

(क) अर्थ मन्त्रालय अन्तर्गत १३५
(ख) ऊर्जा मन्त्रालय अन्तर्गत १३५
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १३६
(घ) गृह मन्त्रालय अन्तर्गत १३६

(ङ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत १४१
(च) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... १४१
(छ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत १४२
(ज) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत..... १४३
(झ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत..... १४५
(ञ) स्थानीय विकास मन्त्रालय अन्तर्गत..... १४५
(ट) शिक्षा मन्त्रालय अन्तर्गत..... १४७
(ठ) सिंचाई मन्त्रालय अन्तर्गत १४८

परिच्छेद १० : सुझाव/निर्देशन **१४९-२०९**

(क) अर्थ मन्त्रालय अन्तर्गत १४९
(ख) उद्योग मन्त्रालय अन्तर्गत १५४
(ग) ऊर्जा मन्त्रालय अन्तर्गत १५६
(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत..... १६०
(ङ) गृह मन्त्रालय अन्तर्गत..... १६१
(च) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत १६४
(छ) परराष्ट्र मन्त्रालय अन्तर्गत १६७
(ज) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत..... १६८
(झ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत..... १७०
(ञ) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... १७१
(ट) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत १७५
(ठ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत..... १७६
(ड) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत..... १८७
(ढ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १८७
(ण) स्थानीय विकास मन्त्रालय अन्तर्गत १९३
(त) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत १९८
(थ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत..... २००
(द) शिक्षा मन्त्रालय अन्तर्गत २०१
(ध) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत २०७
(न) सिंचाई मन्त्रालय अन्तर्गत..... २०९

परिच्छेद ११: आयोगबाट भएका अन्य कारबाहीहरू **२१०-२५४**

(क) अर्थ मन्त्रालय अन्तर्गत..... २१०
(ख) उद्योग मन्त्रालय अन्तर्गत २१२
(ग) ऊर्जा मन्त्रालय अन्तर्गत..... २१३
(घ) कानून तथा न्याय मन्त्रालय अन्तर्गत २१५
(ङ) गृह मन्त्रालय अन्तर्गत..... २१५
(च) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत..... २२१
(छ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत..... २२२

ज) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... २२३
झ) विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत २२५
ञ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत २२६
ट) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत २२७
ठ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत..... २३७
ड) स्थानीय विकास मन्त्रालय अन्तर्गत..... २३८
ढ) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत..... २४२
ण) शिक्षा मन्त्रालय अन्तर्गत २४२
त) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत २५०
थ) निर्वाचन आयोग अन्तर्गत २५२

परिच्छेद १२ : विभागीय वा अन्य कारबाही गर्न लेखिएका विषयमा कार्यान्वयन सम्पन्न भई आएको २५५-२९२
(क) विभागीय कारबाही..... २५५
(ख) सचेत २६४
(ग) अन्य कारबाही..... २६५
(घ) असुल उपर २६६
(ङ) निर्देशन/सुझाव २७०

परिच्छेद १३: कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीको विवरण २९३-३३०
(क) अर्थ मन्त्रालय अन्तर्गत २९३
(ख) उद्योग मन्त्रालय अन्तर्गत २९४
(ग) ऊर्जा मन्त्रालय अन्तर्गत..... २९५
(घ) कानून तथा न्याय मन्त्रालय अन्तर्गत २९८
(ङ) गृह मन्त्रालय अन्तर्गत २९८
(च) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत ३००
(छ) परराष्ट्र मन्त्रालय अन्तर्गत ३०२
(ज) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत..... ३०३
(झ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत ३०३
(ञ) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... ३०६
(ट) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... ३०७
(ठ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत ३०८
(ड) महालेखा नियन्त्रक कार्यालय अन्तर्गत..... ३१४
(ढ) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत ३१५
(ण) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत..... ३१५
(त) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत ३१६
(थ) स्थानीय विकास मन्त्रालय अन्तर्गत..... ३२०

(द) संघीय मामिला, संविधान सभा, संसदिय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत ३२४
(ध) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत..... ३२४
(न) शिक्षा मन्त्रालय अन्तर्गत..... ३२४
(प) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत..... ३३०
(फ) सर्वोच्च अदालत अन्तर्गत..... ३३०

परिच्छेद १४ : तामेली ३३१-४४३

परिच्छेद १५ : आयोगका अन्य गतिविधि ४४४-४५१
(क) अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा अध्ययन भ्रमण..... ४४४
(ख) आन्तरिक गतिविधिहरू..... ४४५
अ. अन्तरक्रिया र गोष्ठी..... ४४५
आ. तालिम..... ४५०
इ. कार्यपत्र प्रस्तुति र छलफल..... ४५०
ई. सदाचार रेडियो कार्यक्रम..... ४५०
उ. सामुदायिक शिक्षा कार्यक्रम..... ४५१
ऊ. खबर संकलन इकाईको व्यवस्था..... ४५१

परिच्छेद १६ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय (२०६७-२०६९) २०६७ रणनीति ४५२-४५६
१. पृष्ठभूमि..... ४५२
२. अद्यावधिक स्थितिको समीक्षा..... ४५२
३ दीर्घकालीन सोच..... ४५५
४.उद्देश्य र लक्ष्य..... ४५५
(क) उद्देश्य..... ४५५
(ख) लक्ष्य..... ४५५
५.रणनीति..... ४५५

परिच्देद १७ : भावी संविधानमा आयोगको संरचना र आवश्यकता सम्बन्धी मस्यौदा ४५७-४६०

परिच्देद १८ : उपसंहार ४६१-४६३

अनुसूचीहरू : **क-थ**
१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालिका क
२. हाल आयोगमा कार्यरत पदाधिकारी र कर्मचारी संख्या ख१-ख६
३. आ.व. २०६६।६७ को बजेट व्यवस्था ग
४. प्रारम्भिक अनुसन्धानबाट फछ्यौंट भई तामेली भएको विवरण आ.व. २०६६।६७ घ१-घ२

५.	आ.व. २०५७/५८ देखि २०६६/६७ सम्म दायर भएका नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दामा सो प्रमाणपत्रको प्रयोजन	ङ
६.	(क) आ.व. २०५७।५८ देखि २०६६।६७ मा नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दाको फैसला विवरण	च
	(ख) आ.व. २०५७।५८ देखि २०६६।६७ सम्ममा शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दाहरूमा सफल असफल अनुपात	च
७.	भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरूबाट प्राप्त वार्षिक विवरण	छ
८.	भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरूबाट प्राप्त वार्षिक विवरण	ज१-ज४
९.	आ.व. २०६६।६७ मा परेका उजुरी र फछ्यौंटको विवरण	झ
१०.	आ.व. २०६६।६७ मा कुल उजुरी ४२९५ मध्ये फछ्यौंट तथा चालू आ.व. मा सरेको जिम्मेवारी अनुपात	ञ
११.	आ.व. २०५८।५९ देखि २०६६।६७ सम्मको कुल उजुरी र फछ्यौंटको विवरण	ट
१२.	आ.व. २०६६।६७ मा मुद्दा जीत हारको स्थिति	ठ
१३.	आ.व. २०६६।६७ को अभियोजन र अन्य कारबाहीहरूको विवरण	ड
१४.	आ.व.२०६६।६७ मा विशेष अदालतमा दायर भएका मुद्दाहरूको किसिम	ढ
१५.	आ.व. २०५८।५९ देखि ०६६।६७ सम्मको कारबाहीको तुलनात्मक विवरण	ण
१६.	आ.व. २०५९।६० देखि आ.व. ०६६।६७ सम्मको बैठक र निर्णय संख्या	त
१७.	आ.व. २०४७/४८ देखि आ.व. २०६६/६७ सम्ममा परेका उजुरी र फछ्यौंटको विवरण	थ

परिच्छेद - १
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

१. विषय प्रवेश

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ११ धारा १२० अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्न संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था भएको छ ।

२. गठन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा एक जना प्रमुख आयुक्त र अन्य आयुक्तहरू नियुक्त गर्ने प्रावधान छ । आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि ६ वर्षको हुने तथा प्रमुख आयुक्त र अन्य आयुक्तहरू ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था छ ।

३. आयोगको काम, कर्तव्य र अधिकार :

आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

- आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ । तर संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै व्यवस्था भएको पदाधिकारीहरू आयोगको कार्य क्षेत्रभित्र पर्दैनन् । खराब आचरणका आधारमा महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संवैधानिक पदाधिकारीहरू, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरू र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम आयोगले अनुसन्धान र तहकिकात गर्न गराउन सक्नेछ ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा आयोगले निजलाई सचेत गराउन, विभागीय कारबाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै कसुर गरेको देखिएमा त्यस्तो व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्ति उपर आयोगले विशेष अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।
- अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

- अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन सक्नेछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरूप सुशासनको स्थापना गर्न र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरू गर्ने थप दायित्व समेत सुम्पेको छ, जस अन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादित हुने गरेका छन् :

- ☞ विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- ☞ दुष्परिणाम सच्याउन आदेश दिने,
- ☞ हानी नोक्सानी असुल उपर गराउने,
- ☞ अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने,
- ☞ भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले प्रबर्द्धनात्मक कार्यहरू गर्ने,
- ☞ भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने,
- ☞ आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

४. वार्षिक प्रतिवेदन :

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ बमोजिम आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

५ छानबिन तथा अनुसन्धान प्रक्रिया :

नेपालको अन्तरिम संविधान, २०६३ ले अनुचित कार्य र भ्रष्टाचार गरी दुई प्रकारले अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरूप ती विषयहरूमा उजुरी दिने प्रक्रियालाई पनि कानूनले निम्नानुसार अलगै व्यवस्था गरेको छ :

अनुचित कार्यको उजुरी : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढांचामा उजुरी दिनु पर्नेछ र निवेदकले सनाखत समेत गर्नु पर्नेछ । अनुचित कार्य उपरको उजुरीमा अनुसन्धान गर्दै जाँदा भ्रष्टाचारको कसुर गरेको देखिन गएमा भ्रष्टाचारको कसुर अन्तर्गत नै कारबाही गरिन्छ । तर सार्वजनिक चासोको विषय भएको उजुरीको हकमा भने सनाखतको आवश्यकता पर्दैन ।

भ्रष्टाचारको उजुरी : भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानबिन, अनुसन्धान गर्न वा अन्य कारबाही चलाउन सक्दछ र भ्रष्टाचारको उजुरी उपर अनुसन्धान गर्दै जांदा अनुचित कार्य भएको पाइएमा, अनुचित कार्यमा समेत कारबाही गर्न सकिने छ ।

आयोगले स्वयं जानकारीमा लिई कारबाही गर्न सक्ने : आयोगले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने कुनै पनि विषयमा अनुसन्धानको प्रक्रिया थाल्न सक्छ ।

प्रारम्भिक छानबिनको प्रक्रिया : आयोग समक्ष परेका कुनै पनि उजुरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानबिनको क्रममा कारबाही गर्नु पर्ने वा नपर्ने निक्यौंल मूलत: निम्न तथ्यहरूको आधारमा गर्ने गरेको छ ।

क) अनुसन्धानको विषय वस्तु के हो ?
ख) उक्त विषय आयोगको क्षेत्राधिकार भित्र पर्छ, पर्दैन ?
ग) उल्लेखित विषयको गम्भीरता के कति छ ?
घ) उल्लेखित आरोपको स्वरूप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?
ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी वा फाइदा हुन गएको छ ?
च) विवादित कार्यबारे कुनै कार्यालय वा अदालतमा मुद्दा मामिला चलिरहेको वा मुद्दा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विवादित वा अन्य कारबाही भएको छ, छैन ?
छ) विवादित कार्य भए गरेको मितिका आधारमा हदम्याद बाँकी छ, छैन ?

प्रारम्भिक छानबिनको सिलसिलामा संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी सो कारबाही गोप्य रहने कानूनी व्यवस्था छ । आयोगमा पर्न आएको उजुरीमा प्रारम्भिक छानबिन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले कुनै कारबाही नगरी त्यस्तो उजुरी तामेलीमा राख्न सक्दछ ।

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्वन नगरी अनुचित कार्य सम्बन्धी उजुरी दिएमा,
ख) ऐनको हदम्याद नाघेको,
ग) आयोगको अधिकार र कार्यक्षेत्र भित्रको विषय नभएको,
घ) अदालतमा मुद्दा परिरहेको विषयको,
ङ) तथ्ययुक्त आधार नभएको,
च) दु:ख दिने मनसायको, र
छ) मामूली कुरा सम्बन्धी ।

तामेलीमा राख्नुपर्ने उपयुक्त आधार नभएका विषयहरूमा प्रारम्भिक छानबिनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा विस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तहरूबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारबाही अगाडि

बढाइन्छ। कुनै विषयवस्तुको प्रकृति र प्राप्त सूचनाहरूलाई आधार मानेर विस्तृत अनुसन्धानमा जानु परेमा आयोगले एकैपटक विस्तृत अनुसन्धान पनि गर्न सक्दछ।

विस्तृत अनुसन्धान तहकिकातको प्रक्रिया : प्रारम्भिक छानबिनबाट विस्तृत अनुसन्धान गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजुरीमा अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित विषयहरूका बारेमा सम्बन्धित व्यक्तिहरूको बयान वा लिखित जवाफ लिने, आवश्यकता अनुसार अन्य थप प्रमाणहरू संकलन गर्ने लगायतका अनुसन्धानको क्रममा आवश्यक देखिएका अन्य कार्यहरू सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्त समक्ष प्रस्तुत गर्दछ। सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययनपश्चात् अनुसन्धान पूरा नभएको पाइएमा थप अनुसन्धानको आदेश हुन सक्छ। अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई सम्बन्धित आयुक्तबाट आयोग समक्ष पेश गर्ने आदेश हुन्छ। त्यस्तो प्रतिवेदन आयोगमा छलफल गरी आरोपित कसुरको मात्रा, विवादको गाम्भिर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रमाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय कारबाही वा अन्य कारबाहीको सिफारिस गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारबाही गरिरहन नपर्ने गरी उजुरी तामेलीमा राख्ने निर्णय गरिन्छ। आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गरिन्छ।

आयोगको कामसँग सम्बन्धित मुख्य कानूनहरू :

- ⇒ नेपालको अन्तरिम संविधान, २०६३
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- ⇒ भ्रष्टाचार निवारण ऐन, २०५९
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०६३
- ⇒ अनुसन्धान सम्वन्धी निर्देशिकाहरू
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०६५
- ⇒ भ्रष्टाचार विरुद्धको समिति सम्बन्धी कार्यविधि, २०६६

६. प्रशासनिक संगठन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारबाट नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ। आयोगको संगठन तालिका अनुसूची-१ मा र कर्मचारीहरूको पदसोपान एवं संख्या अनुसूची-२ मा उल्लेख गरिएको छ। आयोगमा अनुसन्धान महाशाखाहरू-६, मुद्दा महाशाखा-१, विशेष अनुसन्धान कार्यदल (महाशाखा स्तरको)-१, प्रहरी महाशाखा-१, प्रशासन महाशाखा-१ र योजना महाशाखा-१ गरी जम्मा ११ वटा महाशाखा रहेका छन्। स्वीकृत दरवन्दीतर्फका

१८३ (प्रहरी दरबन्दी समेत), पुल दरबन्दीका १२, काज खटिएका ४८, फाजिल ७, विशेष करार ३, अंगरक्षक र सुरक्षाकर्मी २३ समेत गरी जम्मा २७६ जना कर्मचारीहरू कार्यरत छन् ।

७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय

आयोगमा कार्यरत आयुक्तहरू वीचको कार्य विभाजन र निर्णय प्रक्रिया निश्चित गरिएको छ । जस अनुसार प्रत्येक मन्त्रालय र सो अन्तर्गतका निकायहरूको काम कारबाहीहरू आयुक्तहरू वीच बाँडफाँड गरिएको छ । त्यसरी बाँडफाँड गरिएका कार्यहरू आफूलाई तोकिएको आयुक्तले तोकिए अनुसार अन्य एक जना आयुक्त समेत संलग्न भै सम्पादन गर्नु पर्ने हुन्छ । यी र यस्ता आन्तरिक कार्यविधिका अन्य व्यवस्थाहरू आयोगको कार्यविधि एवं निर्णयहरूद्वारा व्यवस्थित गरिएका छन् । आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिव मार्फत् सम्बन्धित आयुक्त समक्ष पेश गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरू वा अन्य नीतिगत निर्णय हुनु पर्ने विषयहरूको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यसूची तयार भएपछि विषयको गाम्भिर्यता, जटिलता र शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशन अनुसार कुनै पनि समयमा आयोगको बैठक बसी बहुमतद्वारा निर्णय हुने व्यवस्था छ ।

८. आयोगका निर्णयहरूको वर्गीकरण

प्रतिवेदन अध्ययन गर्ने व्यक्तिलाई सुविधा पुगोस भन्ने उद्देश्यले यस पछिका परिच्छेदहरूमा कारबाहीको प्रकृति हेरी आयोगबाट भएका निर्णयहरूलाई विभिन्न शीर्षकमा समाविष्ट गरिएको छ । उदाहरणको लागि एउटै निर्णयमा मुद्दा चलाउने, विभागीय कारबाही गर्ने (सेवाबाट हटाउने, तल्लो तहमा घटुवा गर्ने, बढुवा रोक्का गर्ने, ग्रेड रोक्का गर्ने, नसिहत दिने आदि), सचेत गराउने, सुझाव, ध्यानाकर्षण, अभिलेख राख्ने तथा अन्य कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय भएकोमा त्यस्तो विवरण यस पछिका परिच्छेदहरूमा यथास्थानमा राखिएको छ ।

९. अधिकार प्रत्यायोजन

आयोगको मिति २०६६।०९।२० को निर्णयानुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी नेपालको अन्तरिम संविधान, २०६३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको तथा सो कसुरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा अनुसन्धान र तहकिकात गर्न तथा मुद्दा चलाउन आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्ति भइ नआएसम्मका लागि आयोगका सचिवलाई अधिकार सुम्पिएको व्यहोराको सूचना मिति २०६६।०९।२७ को राजपत्रमा प्रकाशित भएको छ । सोही सूचनाका आधारमा आयोगको सम्पूर्ण काम आयोगका सचिवको रेखदेख, नियन्त्रण, निर्देशन र निर्णयबाट हुँदै आएको छ ।

आयोगको प्रशासनिक संगठन स्थानीय तहसम्म बिस्तार भै नसकेकोले अर्को व्यवस्था नभएसम्मको लागि मिति २०६३।१०।१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरूलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ। क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरूलाई कानूनी परामर्श प्रदान गर्न पुनरावेदन र जिल्ला सरकारी वकिलहरूलाई पनि अधिकार प्रत्यायोजन गरिएको छ।

१०. बजेट व्यवस्था

आर्थिक वर्ष २०६६/६७ मा आयोगको लागि छुट्याईएको कूल बजेट रु. ९ करोड ४४ लाख ४९ हजार ६ सय ४८ रुपैयाँ मध्ये रु. ८ करोड ७९ लाख ३ हजार ६५ रुपैयाँ १८ पैसा निकासा भई त्यति नै खर्च भएको छ। आर्थिक वर्ष २०६५।६६ सम्म आयोगमा म.ले.प. र आ.ले.प. बेरुजु रहेको छैन। आर्थिक वर्ष २०६६/६७ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

परिच्छेद-२
आ.व. २०६६/६७ मा आयोगबाट सम्पादित कार्यहरू

१. आ.व. २०६६/६७ मा परेका उजुरी र कारबाहीको विवरण :

आर्थिक वर्ष २०६६/६७ मा आयोगमा पर्न आएका कुल उजुरी र ती उजुरीहरू उपर छानबिन, अनुसन्धान भई फछ्यौंट भएको संख्या निम्न तालिकामा दिइएको छ :

उजुरी संख्या	फछ्यौंट संख्या				बाँकी उजुरी संख्या	फछ्यौंट प्रतिशत
	प्रारम्भिक अनुसन्धानबाट तामेली	विस्तृत अनुसन्धानमा गएको	अन्य कारबाही	कुल फछ्यौंट		
४२९५	१६०४	२८९	११७४	३०६७	१२२८	७१.४१

२. अभियोजन र कारबाहीको विवरण :

आ.व. २०६६/६७ मा जम्मा १५४ वटा बैठक बसी ४६५ निर्णय भई मुद्दा दायर, विभागीय कारबाही, ध्यानाकर्षण, सचेत लगायतका कारबाहीहरू भएका छन् । सो अवधिमा आयोगको निर्णयबाट भएका कारबाहीको स्थिति निम्न तालिकामा दिइएको छ :

मुद्दा दायर गर्ने निर्णय	पुनरावेदन	विभागीय कारबाही	ध्यानाकर्षण	सचेत	सुझाव / निर्देशन	असुल उपर	अन्य कारबाही	तामेली	
								विस्तृत अनुसन्धानबाट	प्रारम्भिक अनुसन्धानबाट
३२	३५	१३	१८	११	७५	९	१०१	१७६	१६०४

३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या :

आ.ब. २०६६/६७ मा विशेष अदालतमा दायर भएका मुद्दाहरू र सो अन्तर्गत प्रतिवादी बनाइएका व्यक्तिहरूको संख्यात्मक विवरण निम्नानुसार दिइएको छ :

क्र.सं.	विषय	मुद्दा संख्या	प्रतिवादी संख्या
१.	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र	१९	१९
२.	सरकारी रकम हिनामिना	५	११
३.	अन्य	१	३
४.	रिसवत	२	७
जम्मा		**२७**	**४०**

आ.व. ०६६/६७ को अन्त्यसम्म ३२ मुद्दा दायर गर्ने निर्णय भएको भएता पनि यस आर्थिक वर्षमा मुद्दा दायर हुन बाँकी भएकाले समावेश नगरिएको तथा गत आ.व.मा निर्णय भएका तर दायर हुन बाँकी मुद्दा समेत जोडिएको ।

४. विभागीय कारबाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका विषय र व्यक्ति/निकाय संख्याः

विभागीय कारबाही		सचेत		ध्यानाकर्षण		जम्मा	
विषय	व्यक्ति	विषय	व्यक्ति	विषय	निकाय	विषय	व्यक्ति/ निकाय
१३	२३	११	१६	१८	४७	४२	८६

५. महाशाखागत उजुरी फछ्र्यौटको विवरण :

आ.व. २०६६/६७ को अवधिमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका तथा नयाँ दर्ता भएका जम्मा उजुरी र फछ्र्यौट भएका संख्याको निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

महाशाखा नं.	जम्मा उजुरी	फछ्र्यौट संख्या	जिम्मेवारी सरेको
१	७५५	५३८	२१७
२	७००	५००	२००
३	६९४	५५२	१४२
४	५६४	३९२	१७२
५	४५०	३४२	१०८
६	८३४	६६३	१७१
शैक्षिक प्रमाणपत्र छानबिन एकाई	२९८	८०	२१८
जम्मा	**४२९५**	**३०६७**	**१२२८**

६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारबाहीको लागि लेखी पठाएको विवरणः

आ.व. २०६६/६७ मा आयोगमा परेका उजुरीहरू माथि विभिन्न महाशाखाहरूबाट छानबिनका क्रममा विस्तृत अनुसन्धानका लागि अनुसन्धान अधिकृत तोकिएका उजुरीहरूको संख्या र सम्बन्धित निकायहरूबाटै कारबाही टुङ्गो लगाउन पठाइएका उजुरीहरूको मन्त्रालयगत विवरण देहायमा उल्लेख गरिएको छ :

महाशाखा नं./ कार्यदल	**सम्वन्धित मन्त्रालयहरू**	**अनुसन्धान अधिकृत तोकिएको संख्या**	**मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या**
१	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	४९	३७
	सिंचाइ मन्त्रालय	७	५
	ऊर्जा मन्त्रालय	९	२१
	कानून तथा न्याय मन्त्रालय	-	६

	महालेखा परीक्षकको कार्यालय	-	-
	लोक सेवा आयोग	-	५
	निर्वाचन आयोग	-	-
	राष्ट्रिय मानव अधिकार आयोग	-	१
२	स्थानीय विकास मन्त्रालय	३२	८४
	कृषि तथा सहकारी मन्त्रालय	६	१८
	वातावरण मन्त्रालय	-	-
	विज्ञान तथा प्रविधि मन्त्रालय	-	३
	शान्ति तथा पुनः निर्माण मन्त्रालय	-	१
३	वन तथा भू-संरक्षण मन्त्रालय	१३	४५
	भौतिक योजना तथा निर्माण मन्त्रालय	७	२६
	गृह मन्त्रालय	१५	१०५
	पररा्ष्ट्र मन्त्रालय	-	—
४	वाणिज्य तथा आपूर्ति मन्त्रालय	४	५
	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय	२	२
	सामान्य प्रशासन मन्त्रालय	१२	२
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	-	१
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२२	१९
	उद्योग मन्त्रालय	८	९
	राष्ट्रपतिको कार्यालय	-	-
	उपराष्ट्रपतिको कार्यालय	-	-
५	अर्थ मन्त्रालय	१६	३४
	श्रम तथा यातायात व्यवस्था मन्त्रालय	३	१०
	सूचना तथा सञ्चार मन्त्रालय	१०	१२
	राष्ट्रिय योजना आयोग	-	१
	महालेखा नियन्त्रकको कार्यालय	१	-
६	शिक्षा मन्त्रालय	३३	१०५
	युवा तथा खेलकुद मन्त्रालय	३	२
	रक्षा मन्त्रालय	-	११
	संघीय मामला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय	३	५
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१०	- ४
शैक्षिक प्रमाणपत्र छानबिन कार्यदल		६१	४
विशेष अनुसन्धान कार्यदल		१३७	
जम्मा:-		४६३	५८३

७. नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी दायर भएका मुद्दाहरू :

आर्थिक वर्ष २०६६/६७ मा देहायमा उल्लेखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत निम्न कर्मचारीहरूले शुरु नियुक्ति र बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू नक्कली भएको तथ्य प्रमाणित हुन आएकोले तिनीहरू विरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ :-

क्र.सं	मुद्दा दायर मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
१.	२०६६/५/१०	सुनिता सुवेदी	SLC सरह	खरिदार, ईनरुवा नगरपालिका ।
२.	२०६६/५/१०	सत्यओम दुवाल श्रेष्ठ	स्नातक सरह (B.A.)	स.प्र.ना.उ., सशस्त्र प्रहरी प्रधान कार्यालय
३.	२०६६/५/११	गंगा खनाल	प्रविणता प्रमाणपत्र तह सरह (I.A.)	सहायक चौथो, राष्ट्रिय वाणिज्य बैक, बानेश्वर ।
४.	२०६६/५/२३	चन्द्रा शाह	पूर्व मध्यमा SLC सरह	सुपरभाइजर, नेपाल विद्युत प्राधिकरण, जनकपुर ।
५.	२०६६/७/११	राधाकुमारी पराजुली	प्रविणता प्रमाणपत्र तह सरह (I.A.)	वरिष्ट सहायक पाचौं, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।
६.	२०६६/८/१२	शिवराम खड्का	प्रविणता प्रमाणपत्र तह सरह (I.A.)	सहायक भण्डारपाल, त्रिभुवन विश्वविद्यालय, रसायन शास्त्र विभाग ।
७.	२०६६/११/२०	लालबहादुर रजवार	SLC सरह	शिक्षक, रानि माध्यमिक विद्यालय, कैलाली ।
८.	२०६६/११/२०	धर्मदेव फुयाल	SLC सरह	शिक्षक, सरस्वती माध्यमिक विद्यालय, डोटी ।
९.	२०६६/१२/१६	कृष्ण मर्हजन	TEST कक्षा १० सरह	खरिदार, ललितपुर उप महानगरपालिका, ललितपुर ।
१०.	२०६७/०१/०७	अप्सरा नेपाल	प्रविणता प्रमाणपत्र तह सरह (I.A.)	उपसहायक, नेपाल टेलिभिजन ।
११.	२०६७/१/१२	मोहन कोइराला	स्नातक B.Sc.	निरीक्षक, नापतौल विभाग ।
१२.	२०६७/३/२२	मिनबहादुर बोहोरा	SLC सरह	प्रहरी नायव निरीक्षक, प्रहरी प्रधान कार्यालय ।
१३.	२०६७/३/२८	सरस्वती खड्गी	SLC सरह	शिक्षक, जनता निम्न माध्यमिक विद्यालय, सुनसरी ।
१४.	२०६७/३/२८	भोज प्रसाद गौतम	SLC सरह	सहायक खजाञ्ची राष्ट्रिय वाणिज्य बैक ।
१५.	२०६७/३/२८	देवनारायण दहैत थारु	SLC सरह	शिक्षक, सारदा माध्यमिक विद्यालय, पर्सा ।
१६.	२०६७/३/३१	नरवहादुर रावल	SLC सरह	स.प्र.उ. प्रधान कार्यालय ।
१७.	२०६७/३/३२	विक्रम अधिकारी	प्रविणता प्रमाणपत्र तह सरह (I.L.)	शाखा अधिकृत, काठमाडौ माहानगरपालिका, काठमाडौ ।
१८.	२०६७/३/३२	उद्धवराज अर्याल	प्रविणता प्रमाणपत्र तह	अपरेटर, मेलम्ची खानेपानी आयोजना ।

क्र.सं	मुद्दा दायर मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
			सरह (I.A.)	
१९.	२०६७/३/३२	यज्ञश्वर पौडेल	प्रविणता प्रमाणपत्र तह सरह (I.A.)	लेखापाल, सुर्खेत क्याम्पस, सुर्खेत ।

माथि उल्लेखित अभियुक्तहरूले नक्कली शैक्षिक प्रमाणपत्रहरू पेश गर्नुको प्रयोजन अनुसूची ४ मा दिइएको छ । नक्कली प्रमाणपत्र सम्बन्धमा आ.व. ०५७/५८ देखि आ.व. ०६६/६७ सम्म भएको फैसला विवरण र शैक्षिक प्रमाणपत्रसम्बन्धी मुद्दाहरूमा सफलता/असफलताको अनुपात अनुसूची ५ मा दिइएको छ ।

८. घूस रिसवतसम्बन्धी भ्रष्टाचार गरेको मुद्दा :

क्र. सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दाबीको व्यहोरा	विगो रकम
१.	८६/०६६।५।३०	ना.सु. केदार वहादुर कार्की, सहयोगी होमनाथ वन्जाडा	मालपोत कार्यालय डिल्लिबजारका ना.सु. केदार बहादुर कार्कीले जग्गा दर्ता सम्वन्धि कार्यमा रु. २०,०००।- घूस रिसवत, लिनु खानु गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निज उपर समेत भ्रष्टाचारको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरिएको ।	रु.२०,०००।-
२.	२१२/०६६।८।८	प्रधान अध्यापक रविचन्द्र ज्ञवाली, अध्यक्ष रामनरेश यादव, शिक्षक सत्यनारायण यादव, शिक्षक रमेशकुमार यादव, शिक्षक सिताराम थारु	श्री दशरथ चन्द्र नि.मा.वि. गोपिपारा, वर्दियाका प्र.अ. रविचन्द्र ज्ञवाली र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामनरेश यादवले सत्यनारायण समेतलाई जि.शि.का. बाट उपलब्ध प्र.वि.राहत कोटा नियुक्त गर्ने सम्बन्धमा कागज गरी रु. २७,०००।- घूस रिसवत लिने कार्य गरेको अनुसन्धानबाट पुष्टि हुन आएकोले घूस रिसवत लिने दिने रविचन्द्र ज्ञवाली, सत्यनारायण यादव, रमेश कुमार यादव र सियाराम थारु उपर विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरिएको ।	रु.२७,०००।-

९. सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा :

क्र. सं.	निर्णय संख्या	प्रतिवादी	दाबीको व्यहोरा	बिगो रकम
१	२६/०६६/४।१३	ब.स रामनारायण शाह सुडी ब.प्र.स. मोहन बहादुर थापा	मिति २०५०।०७५ देखि २०५०।७।११ सम्मको हेटौडा दुग्ध वितरण आयोजनाको दुग्ध पदार्थ बिक्रीबाट प्राप्त रकम रु. १०,१८,६८८।०५ आयोजनाका सहायक खजान्ची रामनारायण शाह (सुडी) र व.प्र.स.मोहन बहादुर थापाले हिनामिना गरि भ्रष्टाचार गरेको देखिएको सो रकम मध्ये रामनारायण शाह (सुडी) ले रु.९,८४,३९३।०५ र मोहन बहादुर थापाले रु. ३४,२९५।- हिनामिना गरेको पुष्टि हुन आएकोले निजहरू उपर भ्रष्टाचार अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरिएको ।	रु.१०,१८,६८८।०५
२	१४२/०६६।६।३०	ई. महेश बस्नेत ओ. सि. रामचन्द्र यादव सव ओ. सि. हरिनारायण माझी ओ सि मसिलाल चौधरी	भूकम्पपीडित क्षेत्र पुन: निर्माण तथा पुन:स्थापना आयोजना सम्पर्क केन्द्र उदयपुरबाट २०४५ सालको भूकम्पबाट क्षतिग्रस्त विद्यालयहरूको पुनर्निर्माणका लागि विश्व बैंकबाट प्राप्त सहयोग अन्तर्गत पुन: निर्माण कार्य गर्दा	रु. १४,७८,०३९।६०

		स ले पा राजकिशोर साह ओ सि दातालाल पण्डित	ओ.सी.दानालाल पण्डित समेतले रु. १४,७८,०३९।६० हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निज उपर समेत विशेष अदालत,काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरिएको ।	
३	१६२/०६६।७१५	परिचालक सुरज घिमिरे	जिल्ला रुपन्देही मदवलीया गा.वि.स.वडा नं. ४ कोटीहवा बस्ने सुरज घिमिरेले विभिन्न सामुदायिक संस्थाहरूको नाममा झुठ्ठा दस्तखत गरी ऋण प्रवाह गराई रु. ५,४४,०१०।- हिनामिना गरेको पुष्टि हुन आएकोले निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।	रु. ५,४४,०१०।-
४	३५८/०६६।१३।९	कानून सहायक पुस्कर खत्री	जिल्ला ल.पु.बुगमती गा.वि.स.वडा नं. १ बस्ने पुष्कर खत्रीले अदालतबाट तोकिएको म्याद तारेख गुजारेको कारणबाट ग्रामीण आवास कम्पनी लि.ले भरी भराई पाउने रकम रु. १,०२,३७,५००।- सो कम्पनीले प्राप्त गर्नबाट वञ्चित भएकाले बदनियत राखी लापरबाही गर्ने निज पुष्कर खत्री उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।	रु. १,०२,३७,५००।-

५.	३१७/०६६।१०।१० ०	कम्प्युटर अपरेटर शकलदेव यादव,	नेपाल विद्युत प्राधिकरण धनुषामा कार्यरत क.अ.सकल देव यादवले कम्प्युटरमा नक्कली डाटा वेस खडा गरी रु. ४०,५९,६८०।५८ हानी नोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।	रु.४०,५९,६८०।५८

१०. अन्य (प्रश्नपत्रको गोपनीयता भंग गरेको मुद्दा) :

क्र. सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दाबीको व्यहोरा	बिगो रकम
१.	३९५/०६७।१।३०	उप–प्राध्यापक रमेश सिग्देल, उप–प्रशासक प्रदिप श्रेष्ठ, उप–प्रशासक प्रदिपकुमार पाण्डे	त्रि.वि.वि.चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगंज क्याम्पसमा उप-प्राध्याापक पदमा कार्यरत रमेश सिग्देल समेतले प्रश्न पत्रको गोपनीयता भंग गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।	

आर्थिक वर्ष २०६६/६७ मा आयोगबाट अभियोजन गर्न निर्णय गरिएका मुद्दाहरूमा जम्मा रु. १,७३,८४,९१८।२३ (रु. एक करोड त्रिहत्तर लाख चौरासी हजार नौ सय अठार र पैसा तेइस मात्र) बिगो मागदाबी लिइएको छ ।

११. आ.व.०६६/६७ को असुलउपरसम्बन्धी विवरणः

सि.नं.	विवरण	जम्मा रकम
१.	अनुसन्धान हुँदाका बखत असुल भएको	रु.१०,९८,७५,६०२।०६
२.	अनुसन्धान भएपछि असुल भएको	रु.४१,७७,२१२।००
३	असुल उपरको लागि लेखी पठाइएको	रु.१,८१,७५,९५२।२५

१२. आ.व.०६६/६७ को सार्वजनिक जग्गा सरकारी कायमसम्बन्धी विवरण :

(क) नेपाल सरकारको नाममा कायम भएको

सि.नं.	जग्गाको विवरण	क्षेत्रफल
१.	उपत्यकाभित्र (रोपनी)	१७-१५-२-०
२.	उपत्यका बाहिर (बिगाह)	२९-०५-०१

(ख) नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाइएको विवरण

सि.नं.	जग्गाको विवरण	क्षेत्रफल
१.	उपत्यकाभित्र (रोपनी)	३२-१४-१-१
२.	उपत्यकाबाहिर(बिगाह)	७-१०-१३-०

१३. प्रत्यायोजित अधिकार अन्तर्गत भएका कामकारबाही :

मिति २०६३।१०।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, पुनरावेदन सरकारी वकिल कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यालयका सरकारी वकिलहरूलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । आ.व. २०६६।०६७ मा पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरूमा भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी १०२ वटा उजुरी परेकोमा जम्मा २३ वटा फछ्यौंट भई ७९ वटा फछ्यौंट हुन बाँकी रहेको र जिल्ला प्रशासन कार्यालयहरूमा भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी १५०४ वटा उजुरी परेकोमा जम्मा ४६५ वटा फछ्यौंट भई १०३९ वटा फछ्यौंट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । यसरी हेर्दा जिल्ला प्रशासन कार्यालयहरूबाट भएको कार्य सम्पादन आशातीत रूपमा प्रभावकारी रहेको देखिदैन । भ्रष्टाचारसम्बन्धी परेको उजुरीको कार्य फछ्यौंटले प्राथमिकता नपाउनु र अनुसन्धानसम्बन्धी दक्षताको अभाव जस्ता कारणहरूले यसो हुन गएको मान्न सकिन्छ । यससम्बन्धी विस्तृत तथ्यांक अनुसूची ६ र ७ मा दिइएको छ । आयोगमा परेका कुल उजुरी र फछ्यौंटको संख्यात्मक विवरण अनुसूची ८ र ९ मा दिइएको छ भने मुद्दा जितहारको स्थिति अनुसूची १० मा दिइएको छ ।

परिच्छेद - ३
अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ मा सार्वजनिक पद धारण गरेका व्यक्तिहरू उपर भ्रष्टाचारको आरोपको सम्बन्धमा चलेको कारबाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्ने प्रावधान अनुसार आर्थिक वर्ष २०६६।०६७ मा कसुरदार देखिन आएका अभियुक्त विरुद्ध विशेष अदालत समक्ष दायर गरिएका मुद्दाहरूसम्बन्धी संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ ।

१. इनरुवा नगरपालिका कार्यालयमा खरिदार पदमा कार्यरत सुनिता सुवेदी (वस्ती) ले नियुक्ति र बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२. हेटौडा दुग्ध वितरण आयोजनाका वरिष्ठ खजान्ची रामनारायण प्रधान साह (सुडी) ले आयोजनाको मिति २०५०।७।५ देखी ऐ.११ गते सम्म दुग्ध पदार्थ बिक्री गरी जम्मा गरेको कुल राजस्व रकम रु. १०,१८,६८८।०५ वैंक दाखिला नगरी बदनीयतपूर्वक हिनामिना गरी मिति २०५०।७।१२ देखी हाल सम्म फरार रहेको देखियो । आयोजनाकै व.प्र.स.मोहन बहादुर थापाले सहायक खजान्ची उद्धव विक्रम देवकोटाबाट मिति २०५०।७।१० गते बेलुका दुग्ध पदार्थ बिक्रीबाट प्राप्त राजस्व रकम रु. ३४,२९५।- वरिष्ठ खजान्ची रामनारायण प्रधानलाई दिन भनी बुझी लिएको देखिएकोमा निज मोहन बहादुर थापाले सो रकम रामनारायण प्रधान साह (सुडी) लाई बुझाएको र बैंक दाखिला समेत नगरी हिनामिना गरेको समेत अनुसन्धानको क्रममा संकलित कागज प्रमाणहरूबाट देखिएकोले निज रामनारायण प्रधान साह (सुडी) र मोहन बहादुर थापाबाट भए गरेको उक्त कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ (ग) र १७ विपरीतको कसुर भएको हुँदा निजहरू उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र १७ बमोजिम सजाय गरी बिगो समेत असुल उपर गरी पाउने मागदाबी लिई विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

३. राष्ट्रिय वाणिज्य बैंकको सहायक चौथो गणक पदमा कार्यरत गंगा खनालले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र

निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय अन्तरगत स.प्र.ना.उ. पदमा कार्यरत सत्य ओम दुवाल श्रेष्ठले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

५. नेपाल विद्युत् प्राधिकरण, जनकपुर वितरण केन्द्रको सुपरभाइजर पदमा कार्यरत चन्द्र साहले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६. जि. काठमाडौं, का.म.न.पा.वडा नं. २ बस्ने कान्छा रजक धोवी, मोहन रजक धोवी, नविन रजक धोवीले का.जि.का.म.न.पा.वडा नं. २४(ङ) कि.नं. ५९ क्षेत्रफल ०-१-३-० रोपनी हर्ष रजक धोवीको नामको जग्गा दर्ता गरी पाउन मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा मिति २०६६।२।१९ मा पेश गरेको निवेदन सम्बन्धमा सो कार्यालयका फाँटवाला ना.सु. केदार वहादुर कार्कीले होमनाथ बन्जारासँग मिलेमतो गरी सेवाग्राहीसँग रिसवत लिन कवोल गरेका र होमनाथ बन्जाराले मिति २०६६।५।१६ गतेका दिन उल्लेखित जग्गा दर्ताको कारबाही गरिदिए बापत ना.सु. केदार बहादुर कार्कीलाई दिन भनी निवेदक मोहन रजक धोवीकी श्रीमती अम्बिका रजकसँग आयोगबाट नम्बर प्रमाणित गरिएका नगद नोट रु. २०,०००।- (बीस हजार) बुझी लिएको भन्ने तथ्य मौकाको उजुरी निवेदन, खान तलासी तथा बरामदी मुचुल्का सहितको प्रतिवेदन, अभियुक्तहरूको बयान, पीडित मोहन रजक समेतले अनुसन्धानका क्रममा गरिदिएको कागज लगायतका आधार प्रमाणहरूबाट समर्थित भएको । अतः सो कार्यमा संलग्न मालपोत कार्यालय, डिल्लीबजारका नायब सुब्बा केदार बहादुर कार्कीबाट भए गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर प्रमाणित भएको हुँदा निज उपर ऐ. ऐनको दफा ३(१)(क) बमोजिम सजाय हुन र अभियुक्त होमनाथ बन्जाराले नायब सुब्बा केदार बहादुर कार्कीसँगकै

मिलेमतोमा सेवाग्राहीबाट रिसवत लिने कार्य गरेको देखिँदा निज होमनाथ बन्जाराबाट भए गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) विपरीतको कसुर भएकोले निज उपर ऐ.ऐनको दफा ३(१)(क) बमोजिम सजाय गरी बरामद नगद रु. २०,०००।- आयोगबाट नम्बर प्रमाणित गरी निवेदकलाई उपलब्ध गराइएको रकम भएको हुँदा सो रकम आयोगलाई फिर्ता गरी पाउन समेतको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७. जनक शिक्षा सामग्री केन्द्र लि. सानोठिमी भक्तपुरमा वरिष्ठ सहायक (कम्प्युटर) तह ५ पदमा कार्यरत राधा कुमारी पराजुलीले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

८. भूकम्पपीडित क्षेत्र पुनःनिर्माण तथा पुनःस्थापना आयोजना सम्पर्क केन्द्र उदयपुरले आर्थिक वर्ष ०४९/५० मा उदयपुर जिल्लामा अवस्थित विद्यालयहरूमध्ये विभिन्न विद्यालयको लागि ७० वटा र २ वटा क्षेत्रीय कोटाको गरी जम्मा ७२ वटा ब्लक निर्माण गर्ने भनी जिल्ला विकास समिति उदयपुरमा प्रस्ताव पेश गरी जिल्ला विकास समिति उदयपुरको मिति २०४९/८/१५ को बैठकबाट अनुमोदन गराई आ.व.०४९/५० को लागि विनियोजित बजेटबाट उक्त केन्द्रका तत्कालीन कार्यालय प्रमुख इन्जिनियर महेशबहादुर बस्नेत, लेखापाल राज किशोर शाह समेतको मिलेमतोमा आफू तथा आफू मातहतका स.ओ.सी.हरिनारायण माझी, स.ओ.सी.रामचन्द्र यादव, ओ.सी. दानालाल पण्डित, ओ.सी.मसीलाल चौधरी समेतको नाममा पेश्की स्वरूप रकम झिकी खरिदै नगरेको सिमेन्ट, फलामे डण्डी, वाइन्डिङ वायर खरिद गरेको सम्बन्धित विद्यालयसम्म ढुवानी गरेको नक्कली बिल भरपाई पेश गरी गराई पेश्की फछ्यौंट गरी नक्कली माग फाराम तथा भरपाई बनाई विभिन्न स्कुललाई बुझाएको भन्ने झुट्ठा विवरण तयार गरी रकम सोधभर्ना समेत लिई आफ्नो जिम्मामा रहेको सरकारी रकम बदनीयत गरी कीर्ते बिल, भरपाई, माग फाराम खडा गरी हिनामिना गरी आफूले लिनु खानु गरी भ्रष्टाचार गरेको देखिन आएको ।

२०४९/२/२८ मा १४ वटा ब्लकको लागि भनी रु.१,४०,८००।- मिति २०४९/९/१० मा रु.१,४०,८००।-, मिति २०४९/९/१२ मा रु. १,४०,८००।- मिति २०४९/५/१७ मा रु. १८,९००।-, मिति २०४९/१०/११ मा रु. १,४०,८००।- र मिति २०४९/११/१७ मा लागि रु.१,२१,०४६।- को निर्माण सामग्री खरिद गरेको भनी नक्कली बिल भरपाई पेश गरेको खुल्न आयो । उक्त खरिद गरिएको भनिएको निर्माण सामग्री मध्ये ओ.सी. मसिलाल चौधरीले मिति २०४९/९/१० को माग फारमबाट प्रा.वि.वरगाछी ठोकसिलाको लागि २ ब्लक, ज्योति मा.वि.वेल्टारको लागि ५ ब्लक, कोशी प्रा.वि.चक्रपुर ठोकसिलाको लागि २ ब्लक, कोशी जनता मा.वि. रामपुर

ठोकसिलाको लागि २ ब्लक, नारद आदर्श मा.वि. वर्षेडाडा बसाहाको लागि २ ब्लक र जनता आदर्श प्रा.वि.कालिखोलाको लागि १ ब्लक गरी जम्मा ६ वटा विद्यालयको लागि भनी जम्मा १४ ब्लकको लागि निर्माण सामग्री बुझी लिएको देखाईएको । यसै गरी ओ.सी.दानालाल पण्डितले मिति २०४९/९/१२ र मिति २०४९/१२/८ को माग फारमबाट १८ वटा ब्लकको लागि भनी सामान बुझी मिनासिका प्रा.वि.जातेलाई १ ब्लक, माझ खड्का प्रा.वि.नामेटारलाई २ ब्लक, टाट्ने प्रा.वि.नामेटारलाई १ ब्लक, ढडीखोला प्रा.वि.नामेटार १ ब्लक, प्रा.वि.पिप्ले बराह १ ब्लक बराहापोखरी वराहालाई १ ब्लक, प्रा.वि.नैले कारकुसे मुहारलाई २ ब्लक, नि.मा.वि.लाफागाउँलाई २ ब्लक र जनज्योति प्रा.वि.देउरीलाई २ ब्लक गरी जम्मा ९ वटा विद्यालयलाई भनी १३ ब्लकको सामान बुझाएको देखाइएको छ । यसै गरी स.ओ.सि.हरिनारायण माझीले मिति २०४९/९/१८ र २०४९/१२/८ को माग फारमबाट २० ब्लकको लागि भनी सामान बुझी प्रा.वि.छातग वलम्तालाई १ ब्लक, मा.वि.वलम्तालाई १ ब्लक, प्रा.वि.मैनामैनीलाई १ ब्लक, पंचावती प्रा.वि.पञ्चावतीलाई २ ब्लक, सिद्धवती मा.वि.खावुलाई २ ब्लक, गुराँस मा.वि. त्रिवेणीलाई ४ ब्लक र कल्याण प्रा.वि.रुम्जाटारलाई १ ब्लक गरी जम्मा ७ विद्यालयलाई भनी १२ ब्लकको सामान बुझाएको देखाईएको छ । यसै गरी स.ओ.सी. रामचन्द्र यादवले मिति २०४९।१०।११ र मिति २०४९।१२।८ को माग फारमबाट १८ ब्लकको सामान बुझी प्रा.वि.कुटके बाँसवोटेलाई २ ब्लक, प्रा.वि.कुनाई बाँसवोटेलाई १ ब्लक, मा.वि.रूपाटारलाई ४ ब्लक, प्रा.वि.ताम्लीछालाई १ ब्लक, प्रा.वि.इनामेलाई १ ब्लक, प्रा.वि.ओखलेलाई १ ब्लक र प्रा.वि.लेखगाउलाई १ ब्लक गरी जम्मा ७ वटा विद्याललाई ११ ब्लकको सामान बुझाएको देखिन आएको । यसरी ओ.सि.दानालाल पण्डितले १८ ब्लक, ओ.सि.मसिलाल चौधरीले १४ ब्लक, स.ओ.सि. हरिनारायण माझीले २० ब्लक र स.ओ.सि.रामचन्द्र यादवले १८ ब्लक गरी जम्मा ७० ब्लकको लागि सामान बुझेको देखाईएको छ भने ओ.सि.दानालाल पण्डितले १३ ब्लक ओ.सि.मसिलाल चौधरीले १४ ब्लक, स.ओ.सि.हरिनारायण माझीले १२ ब्लक र स.ओ.सि.रामचन्द्र यादवले ११ ब्लक गरी जम्मा ५० ब्लकको सामान ढुवानी गरेको भनी देखिएको । उल्लेखित ७० ब्लकको लागि सामान खरिद गर्ने, ढुवानी गर्ने, मिस्त्री खर्च समेत भनी देखाई पेश्की स्वरूप ई.महेश बहादुर बस्नेतले रु.१,००,०००।-, ओ.सि.मसिलाल चौधरीले रु.२,७३,०००।-, ओ.सि.दानालाल पण्डितले रु.१,७५,०००।-, स.ओ.सि.रामचन्द्र यादवले रु.१,९८,०००।-, स.ओ.सि. हरिनारायण माझीले रु.४,६४,०००।- लिएको देखिन आएको भने पेश्की फछ्यौंट गर्ने क्रममा सोध भर्ना भनी ई.महेश बहादुर बस्नेतले थप रु.४३,७००।- गरी जम्मा रु.१,४३,७००।-, ओ.सि.मसिलाल चौधरीले थप रु.२८,१९८।- गरी जम्मा रु.३,०१,१९८।- ओ.सि.दानालाल पण्डितले थप रु.६६,३७२। गरी जम्मा रु.२४१,३७२। स.ओ.सि.रामचन्द्र यादवले थप रु.६१,७७६।- गरी जम्मा रु.२५९,७७६।- र स.ओ.सि.हरिनारायण माझीले थप रु.६७,९९३।६० गरी जम्मा रु.५,३१,९९३।६० बुझी लिएको देखिंन आएकोले निजहरूले कुल रु.१४,७८०३९।६० मासेको पुष्टि हुन आई निजहरूले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर अपराध गरेको देखिएकोले निजहरूका विरुद्ध निजहरूले लिए खाएको उपरोक्त रकम बिगो कायम गरी निजहरूलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को कसुरको मात्रानुसार दफा ३ बमोजिम हदैसम्मको सजाय हुन र दफा १७ बमोजिम निजहरूले मासेको सम्पत्ति निजहरूबाट असूल उपर गर्ने माग दाबी लिई तथा उक्त रकम मास्ने कार्यमा लेखापाल राज किशोर शाहले समेत नक्कली

बिल भरपाई, माग फारम तथा समान बुझाएको नक्कली भरपाई समेतका आधारमा पेश्की दिने, पेश्की फछ्यौंट गर्ने र रकम सोध भर्ना दिने समेतका कार्य गरेको देखिन आएकोले निजका विरुद्ध साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(क) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय गरी पाउने माग दाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

९. त्रिभुवन विश्वविद्यालय रसायनशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरमा सहायक भण्डारपाल पदमा कार्यरत शिवराम खड्काले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा त्रिभुवन विश्वविद्यालय कर्मचारी प्रशासन महाशाखाको पत्रसाथ प्राप्त त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सोही दफा बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१०. जिल्ला विकास समिति रुपन्देहीले जिल्ला प्रशासन कार्यालय रुपन्देहीलाई लेखेको पत्र, जमुना शर्मा समेतका व्यक्तिहरूको बयान कागज, धन भुसालको प्रतिवेदन, अनुसन्धानको क्रममा कागज गर्ने चन्द्रावती चाई समेतले गरेको कागजातहरू समेतबाट नेपाल सरकार र राष्ट्रसंघीय विकास कार्यक्रमको संयुक्त लगानीमा संचालित सहभागितात्मक कार्यक्रम अन्तर्गत सामाजिक परिचालनद्वारा गाउँ विकास कार्यक्रम अन्तर्गत रुपन्देही जिल्लाको चिलहिया गा.वि.स.मा सामाजिक परिचालकको रूपमा सुरज घिमिरे नियुक्त भएको देखिन आएको । निजले सो कार्यक्रमको लागि गठित सामुदायिक संस्थाहरूले लिएको ऋण वापतको सांवा र व्याज गरी हुन आउने रकम ती संस्थाहरूबाट लिई स्थानीय ट्रष्ट कोषको खातामा जम्मा गर्ने गरेको भन्ने मिसिल संलग्न भरपाईहरूबाट समेत देखिन आएकोमा निजले सोनारेत सामुदायिक संस्थाको रु. ३०,०००।-, मण्डली सामुदायक संस्थाको रु. २६,६२५।-, जनजागृती सामुदायिक संस्थाको रु. १८,६६९।-, तथा पीपलडांडा सामुदायिक संस्थाको पहिलो किस्ताको रु. १६,४६३।- बैंकमा जम्मा गर्न भनी भरपाई समेत गरि लिई गएकोमा सो रकम उक्त कार्यक्रमको खातामा जम्मा नगरेको पाइएको । यसैगरी निजले भरपाई नगरी लिएको पीपलडाँडा सामुदायिक संस्थाको (दोश्रो किस्ता) रु १५,९७५।-, दुर्गा सामुदायिक संस्थाको रु. ८,१८०।-, समेत कोषको नाममा रहेको बैंक खातामा दाखिला नगरी हिनामिना गरेको खुल्न आएको । यसैगरी जोगडा गा.बि.स.की सामाजिक परिचालिका रेणुका भण्डारीले ननौनी सामुदायिक संस्थाबाट उठाएको रु. १५,८,१२।- र बिष्णुपुरा गा.बि.स. की सामाजिक परिचालिका जमुना शर्माले विष्णुपुरा, मायादेवी, रामनगर, इस्लामाबाद सामुदायिक संस्थाबाट उठाएको रु.६२,४४८।- तथा सिद्धार्थ सामुदायिक संस्थाका मेनेजर विश्वनाथ गौणबाट उठाएको रु. २२,८३८।- समेत हुन आउने रु. २,४२,०१०।- बैंकमा दाखिला गरी दिन भनी लिई बैंकमा दाखिला नगरी हिनामिना गरेको खुल्न आएको ।

यसैगरी जनचेतना, शंकर, कृष्ण र शिव मन्दिर सामुदायिक संस्थाको लागि नेपाल बैंक अफ सिलोन लिमिटेडबाट मिना थापा, कमला नेपाल र शान्ति चौधरीको नाममा काटिएका रु. ४५,०००।- दरका तीन थान चेक र कमान सिंह रानाको नाममा

खिचिएको सोही बैकको रु. ६७,०००।- को चेकका सम्बन्धमा आफुहरूले कुनै ऋण नलिएको, सो संस्थाको मेनेजर र अध्यक्ष भनी गरिएको दस्तखत आफुहरूको नभएको भनी ती संस्थाहरूले पत्रद्वारा जानकारी गराएको, ऋण माग फाराममा देखिएको दस्तखत आफ्नो नभएको भनी गा.बि.स.अध्यक्ष मीनबहादुर कार्कीले बयानमा उल्लेख गरेका, ती संस्थाका प्रबन्धक र अध्यक्षले ऋण फारम भरेको र सही गरेको होइन हाम्रो संस्थाको सदस्यको सही पनि होइन भनी बयान गर्दै सुरज घिमिरे उपर पोल गरेका, कृष्ण र शिव सामुदायिक संस्थामा ऋण माग फारममा उल्लेख भएका व्यक्तिहरू उक्त संस्थाहरूमा सदस्य नै नभएको अवस्था समेत देखिन आएको र लेखाको काम गर्ने अञ्जना ज्ञवालीले चेक र भौचर आफुले सुरज घिमिरेलाई दिइपठाएकोमा निजले नै सही गराई ल्याएको हो भनी उल्लेख गरेकोमा सो चेकको पछाडि निजको दस्तखत समेत भएको देखिन आएकोले प्रतिबादी सुरज घिमिरेले बिभिन्न व्यक्तिहरूको झुट्ठा दस्तखत गरी ऋण आबेदन फारम तयार गरी संस्थाबाट ऋण प्रबाह गराई सो कार्यक्रमको जम्मा रु ५,४४,०१०।- हिनामिना गरेको पुष्टि हुन आएको र निजको सो कार्य तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), १३ र २९ तथा हाल बहाल रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र दफा १७ विपरीतको देखिन आएकोले निजलाई सोही ऐन बमोजिम सजाय गरीपाउने मागदाबी लिई विशेष अदालत काठमाडौं समक्ष मुद्दा दायर गरियो ।

११. दशरथ चन्द नि.मा.वि.गौरीपारा (जि.वर्दिया) का प्रधानाध्यापक रविचन्द्र ज्ञवाली र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामनरेश यादवले सत्यनारायण यादव र रमेश यादवलाई श्री दशरथचन्द्र नि.मा.वि.गौरीपारामा जिल्ला शिक्षा कार्यालयबाट उपलब्ध प्रा.वि. राहतकोटामा नियुक्त गर्ने, दुवै जनालाई प्रा.वि.राहतकोटामा नियुक्ति गर्न नसकेमा निजहरूबाट लिएको रुपैयाँको रु. पाँचका दरले मासिक ब्याज तिर्नेछौ भनी कागज गरेकोबाट निजहरूले राहत कोटामा सत्यनारायण यादव र रमेश यादवलाई शिक्षक पदमा नियूक्ति गर्दा रिशवत लिए दिएको पुष्टि हुन आएको । सो कागजातमा भएको दस्तखत तथा कागज लेखेको कुरालाई अनुसन्धानको क्रममा गरे भएको बयानमा अभियुक्तले स्वीकार गरेको समेत तथ्यबाट घूस रिशवत लिएको दिएको हुँदा थप पुष्टि हुन आएको आरोपित व्यक्ति रविचन्द्र ज्ञवाली, रामनरेश यादवले सत्यनारायण र रमेश यादवबाट जम्मा रु. २७,०००।- घूस रिसवत लिएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अनुसारको कसुर गरेको देखिन आएको । यसैगरी रिसवत दिने सत्यनारायण यादव र रमेश यादवले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(३) अनुसारको कसुर गरेको पुष्टि भएको । रिसवत (घूस) लिनेदिने कागजमा साक्षी बसेका सियाराम थारु रिसवत लिने दिने भ्रष्टाचारजन्य कार्यमा मतलवमा पसी मतियारको रूपमा देखिएकोले, निजले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ अनुसार कसुर गरेको देखिएकोबाट रविचन्द्र ज्ञवाली, रामनरेश यादव, सत्यनारायण यादव, रमेश यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (ख) अनुसार कैद र बिगो बमोजिम जरिवाना समेतको सजाय गरी पाउने तथा सियाराम थारुका हकमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ अनुसार सजायको गरी पाउन माग दाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरी उजुरीकर्ता जाविर खाँ, जिल्ला प्रशासन कार्यालय समक्ष बयान कागज गर्ने जोगीराम चौधरी, सिताकुमारी चौधरीलाई साक्षीको रूपमा अदालतमा प्रस्तुत गर्ने निर्णय भएको ।

१२. नेपाल विद्युत प्राधिकरण, जनकपुर वितरण केन्द्रमा कम्प्युटर अपरेटर पदमा सकलदेव यादव मिति २०५९।११।६ देखि २०६५।८।५ सम्म कम्प्युटर आय विलिङ फाँटमा कार्यरत रहेको, निजले आय काउण्टरहरूबाट दिनभर संकलित रकम Server सम्म डाटा ट्रान्सफरका लागि आवश्यक पर्ने Supervisory Password समेत प्राप्त गरेको भन्ने नेपाल विद्युत प्राधिकरण सूचना प्रविधि विभागको मिति २०६६।८।४ को पत्रबाट समेत देखिन आएको । सो केन्द्रका ग्राहक किशोरी इञ्जिनियरिङ वर्कसपले बुझाएको रु. ५२,०००।- काउण्टर नं. ३ बाट रसिद काटिएको तर दैनिक संकलन विवरणमा सो रकम उल्लेख नभएको सम्बन्धमा नेपाल विद्युत प्राधिकरणको केन्द्रीय तहबाटै छानबिन गर्न उ.प्र.संजयकुमार दाहालको संयोजकत्वमा गठित छानबिन टोलीले दिएको प्रतिवेदन अनुसार सो केन्द्रमा २०६१ साल साउन महिनादेखि २०६५ साल कार्तिक महिनासम्म ने.वि.प्रा. जनकपुर वितरण केन्द्रमा ग्राहकहरूबाट संकलित विद्युत महसुल बापतको रकम कम्प्युटर सरभरमा देखाइएको जम्मा रु. ५२,५७,०३,७१२।९५ भएकोमा आय संकलन काउण्टरहरूमा जम्मा रु. ५२,१६,५७,४७६।३७ मात्र देखिन आई हिनामिना भएको देखिन आएको र सो छानबिनबाट निजले आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गई किशोरी इञ्जिनियरिङ लगायतका अन्य ग्राहकहरूसँग समेत आफैं रकम लिई कार्यालय सञ्चालनमा रहेको आय काउण्टरबाट रसिद नकाटी कीर्ते काउण्टर खडा गरी फेक नगदी रसिद काटेको र personal Ledger लाई Server कम्प्युटरमा गई डाटा बेस टेवल खोली रिसिप्ट डेटालाई जनरल भाउचरको माध्यमबाट सच्याएको र क्रेडिट एडजस्टमेण्ट गर्दा जनरल भाउचर इन्ट्री गर्ने Programme बाट नगरी Non Server को Password Crack गरी डाटा बेस टेबललाई सच्याई २०६१।४।२४ देखि २०६५।७।२६ सम्म ४४९ वटा ग्राहकको जम्मा रु. ४०,४६,२३६।५८ राजस्वमा जम्मा नगरी हिनामिना गरेको भन्ने समेत उक्त प्रतिवेदनमा उल्लेख भएको ।

कम्प्युटर अपरेटर सकलदेव यादव बाहेक अन्य कुनै कर्मचारीले सर्भरसम्म पहुँच हुने Supervisory Password प्राप्त गरेको अवस्था देखिन नआएको र आयोग समक्ष बयान गर्ने सो समयमा उक्त केन्द्रमा कार्यरत अधिकांश व्यक्तिहरूले सकलदेव यादवसँग Supervisory Password रहेको र निजले नै ग्राहकहरूसँग रकम बुझी लिई नक्कली रसिद दिई रकम हिनामिना गरेको भनी उल्लेख गरेबाट समेत कम्प्युटर अपरेटर सकलदेव यादवलले नेपाल विद्युत प्राधिकरण, जनकपुर वितरण केन्द्रको रु. ४०,५९,६८०।५८ हिनामिना गरेको देखिन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को (ङ) र दफा १७ बमोजिम सजाय गरी उक्त बिगो निजबाट असूल उपर गरी नेपाल बिद्युत प्राधिकरण जनकपुर बितरण केन्द्रलाई भराई पाउन मागदाबी लिई विशेष अदालत, काठमाडौं समक्ष मुद्दा दायर गरियो ।

१३ नेपाल टेलिभिनको उपसहायक टाइपिष्ट पदमा कार्यरत अप्सरा नेपालले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारबाही हुन भनी नेपाल टेलिभिजन, सिंहदरबारबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा बिहार विद्यालय परीक्षा समिति (उच्च माध्यमिक), बुद्धमार्ग, पटना भारतबाट प्राप्त पत्र र विवरण समेतका आधारमा ती प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिई निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) द्वारा परिभाषित कसुर देखिँदा निजलाई सोही

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा २९ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुने माग दाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१४. सरस्वती मा.वि. चुडी डोटीका शिक्षक धर्मदेव फुलाराले शंकास्पद शैक्षिक योग्यताको प्रमाण पत्र पेश गरी प्राथमिक शिक्षक पदमा नियुक्ति पाएको उपर जिल्ला प्रशासन कार्यालय, डोटीबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद् क्षे.का. वाराणसी, उत्तर प्रदेश भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) द्वारा परिभाषित कसुर देखिँदा निजलाई सोही भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा २९ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुने माग दाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१५. जिल्ला शिक्षा कार्यालय, धनगढी अन्तरगत रा.नि.मा.वि. वेली, कैलालीका शिक्षक लालबहादुर रजवारले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) द्वारा परिभाषित कसुर अपराध देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदाफा (१) बमोजिम सजाय हुने मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१६. ललितपुर उपमहानगरपालिका कार्यालयमा खरिदार पदमा कार्यरत श्री कृष्ण महर्जनले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) द्वारा परिभाषित कसुर अपराध देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदाफा (१) बमोजिम सजाय हुने मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१७. वादी नेपाल सरकार प्रतिवादी दिलिप राई समेत भएको भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतबाट मिति २०६१।१।१५ मा प्रतिवादीहरू दिलिप राई, आत्माकृष्ण श्रेष्ठ, उमेश बहादुर मल्ल, विश्वराज रिजाल, सम्पत जि.सी. र मधुसुदन भण्डारी लाई ग्रामीण आवास कम्पनी लिमिटेडको नाममा जग्गा खरीद गर्दा भ्रष्टाचारको कसुर गरेको ठहर गरी जरिवाना बापत जनही रु. १७,०६,२५०।- र बिगो बापत समेत जनही

रु. १७,०६,२५०।- नै असुल उपर गर्ने गरी भएको फैसला अनुसार बिगो असुल उपरकालागि ग्रामीण आवास कम्पनी लिमिटेडका तर्फबाट अख्तियार प्राप्त व्यक्ति, सो कम्पनिका कानून सहायक पुष्कर खत्रीले कम्पनिलाइ पुग्न गएको हानि नोक्सानि बापतको कुल बिगो रु १,०२,३७,५००।- प्रतिवादीहरूबाट जनही रु. १७,०६,२५०।- का दरले मुलुकी ऐन दण्ड सजायको महलको ४२ नं. बमोजिम दिलाई भराई पाउन माग दाबी लिई काठमाडौ जिल्ला अदालतमा मिति २०६३।१२।२९ मा दे.वि.नं.२२६/४३४ को बिगो मुद्दा दायर गरेका, निजलाई सो अदालतबाट नियमित तारिख तोकी मुद्दा पुर्पक्षकै क्रममा रहेको अवस्थामा निजलाई तोकिएको मिति २०६४।८।१७ को तारिख निजले गुजारेका र मुलुकी ऐन अ.वं. ५९ नं. बमोजिमको म्यादमा समेत त्यसरी गुज्रेको तारिख नथमाएको कारण सो अदालतबाट मिति २०६५।१।१५ गतेका दिन सो बिगो मुद्दा तामेलिमा राखिदिने गरी आदेश भएकोमा मुलुकी ऐन दण्ड सजायको महलको ४८ नं. बमोजिमको म्याद भित्र गुज्रेको तारिख थमाई मुद्दाको कारबाही अगाडि बढाउनुपर्नेमा सो बमोजिम नगरी कम्पनीलाई बिगो रु. १,०२,३७,५००।- बराबरको रकम हानि नोक्सानी पुग्न गएको देखिन आएको । कम्पनीका तर्फबाट वारिस नियुक्त भएका कानून सहायक पुष्कर खत्रीले प्रचलित कानूनको पालना नगरी लापरबाही तथा बदनीयतपूर्ण कार्य गरेको कारण कम्पनीलाई सो बिगो बराबरको रकम हानि नोक्सानी पुग्न गएको कसुर प्रमाणित हुन आई निज पुष्कर खत्रीबाट भए गरेको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र १७ विपरीतको देखिँदा निज उपर ऐ. ऐनको दफा ८(३) र ३(१)(झ) बमोजिम दण्ड सजाय गरी सो कार्यबाट कम्पनीलाई हानि नोक्सानी भएको बिगो रु. १,०२,३७,५००।- समेत निजबाट ग्रामीण आवास कम्पनीलाई दिलाई भराइदिन समेतको मागदाबी लिई विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

१८. गुणस्तर तथा नापतौल कार्यालय वागमती अंचल काठमाडौंको सहायक निरीक्षक पदमा मिति ०४६।१।२० देखि नियुक्ति भै कार्यरत मोहन कोइरालाले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्टा देखिन आएको । निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) द्वारा परिभाषित कसुर अपराध देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम हदैसम्मको सजाय हुन र निजले मिति ०६६।३।२० देखि लागू हुने गरी स्वैच्छिक अवकाश लिई ७ वर्षको नि.भ.बापतको एकमुष्ट रकम रु. ७,२८,१८२।- भुक्तानी लिइसकेकाले सो रकम समेत निजबाट असुल उपर गर्न गराउन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१९. त्रि.वि.चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गतको महाराजगन्ज क्याम्पसबाट मिति २०६६।७।२१ गते सञ्चालन भएको हेड असिस्टेण्ट पद पदपूर्तिका लागि गठित पदपूर्ति समितिमा पदपूर्ति गरिने क्याम्पसकै शिक्षक उपप्राध्यापक रमेश सिग्देल अध्यक्ष र उपप्रशासकद्वय प्रदिप कुमार श्रेष्ठ, प्रदिप कुमार पाण्डे क्रमशः सदस्य सचिव र सदस्य तथा डिनको कार्यालयको प्रतिनिधिसमेत सदस्य रहने गरी मिति २०६६।६।२५ मा पदपूर्ति

समिति गठन भएको देखियो । तर उक्त पदपूर्ति समितिमा डिनको कार्यालयबाट प्रतिनिधित्व भएको देखिन नआएको । त्रिसदस्यीय समितिबाट मिति २०६६।७।२१ मा सञ्चालन गरिएको परीक्षा सञ्चालन हुन अगावै मिति २०६६।७।२० गते यस आयोगमा उजुरीका साथ प्राप्त हुन आएको प्रश्नपत्र मिति २०६६।७।२१ मा उक्त पदपूर्ति समितिले लिएको हेड असिस्टेन्ट पदको परीक्षामा सहभागी परीक्षार्थीहरूलाई बाँडिएको प्रश्नपत्रसँग दुरुस्त मिलेको देखियो भने मिति २०६६।७।१९ मा उजुरीकर्ताले उक्त हेड असिस्टेण्ट पदको लागि लिइएको परीक्षामा छनौट हुने परीक्षार्थीहरू ६ जनाको नामावली किटान गरी दिए बमोजिम सोही ६ जना नै उक्त परीक्षाको अन्तिम छनौटबाट नियुक्ति भएको अवस्था देखिन आएको । परीक्षा सञ्चालन हुनु अगावै आउट भएको प्रश्नपत्र वास्तविक प्रश्नपत्रसँग मेल नखाएमा मात्र परीक्षा सञ्चालन गर्ने सरसल्लाह भए मुताविक लाहछापयुक्त प्रश्नपत्र खोली हेरी प्रश्नपत्र मेल नखाएकोले परीक्षा सञ्चालन गरिएको भन्ने व्यहोरा पदपूर्ति समितिका अध्यक्ष लगायतका सदस्यहरूले आयोग समक्ष बयानमा उल्लेख गरिदिए पनि तत्समयमा पश्नपत्र खोल्दा गरिएको मुचुल्कामा उक्त व्यहोरा उल्लेख गरिएको देखिएन भने प्रश्नपत्र खोल्दाको मुचुल्कामा पदपूर्ति समितिका अध्यक्ष रमेश सिग्देल, सदस्य प्रदिप कुमार पाण्डे र सदस्य सचिव प्रदिप कुमार श्रेष्ठ बाहेकका अन्य कोही कसैको दस्तखत एवं रोहबर समेतको अवस्था नदेखिएबाट अन्यको उपस्थिति पुष्टि हुन नआएको । प्रश्नपत्र आउट नभएको भए दुरुस्तै मिल्ने किसिमको प्रश्नपत्र परीक्षा सञ्चालन हुनु एक दिन अगावै छनौट हुने कर्मचारीको नामावली समेत किटान गरी आयोगमा उजुरी प्राप्त भएको अवस्थामा प्रश्नपत्र परीक्षा सञ्चालन हुनू अगावै आउट भएको अर्थात प्रश्नपत्रसम्बन्धी गोपनीयता भंग भएको छैन भन्न सक्ने अवस्था देखिन नआएको ।

तसर्थ उपरोक्तानुसार त्रि.वि.चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गतको महाराजगन्ज क्याम्पसका लागि करारसेवाबाट पदपूर्ति गरिने हेड असिस्टेण्ट पदका लागि सञ्चालन गरिएको उक्त परीक्षा सञ्चालन हुनु अगावै आयोगमा प्रश्नपत्र एवं छनौट हुने कर्मचारीको नामावली समेत उल्लेख गरी उजुरी प्राप्त भएकोमा अनुसन्धानबाट उजुरीमा उल्लेख भए अनुरूपका प्रश्नपत्रहरूद्वारा परीक्षा सञ्चालन गरेको र उजुरीमा उल्लेख भएका ६ जना व्यक्तिहरूलाई छनौट गरी नियुक्ति दिएको समेत देखिएकोले पदाधिकारीहरूबाट प्रश्नपत्रको गोपनीयता भंग गरेको अवस्था देखिन आएको हुँदा निजहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ द्वारा परिभाषित कसुर गरेको देखिएकोले पदपूर्ति समितिका पदाधिकारीहरू अध्यक्ष रमेश सिग्देल, सदस्य सचिव प्रदिप कुमार श्रेष्ठ र सदस्य प्रदिप कुमार पाण्डे समेतलाई सोही दफाद्वारा व्यवस्थित सजायको मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२०. प्रहरी प्रधान कार्यालय अन्तर्गत प्रहरी क्षेत्रीय तालिम केन्द्र बुटवलमा कार्यरत मिनबहादुर बोहराले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) द्वारा परिभाषित कसुर अपराध गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९

को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२१. सुर्खेत क्याम्पस (शिक्षा) का लेखापाल यज्ञश्वर पौडेलले शुरु नियुक्ति लिने उद्देश्यले पेश गरेको इन्टरमिडिएट शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारबाही हुन भनी जिल्ला प्रशासन कार्यालय, चितवनबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा विहार इन्टरमिडियट शिक्षा परिषद्, (विहार विद्यालय परीक्षा समिति) पटना भारतबाट प्राप्त पत्र र विवरण समेतका आधारमा ती प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिई निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार सजाय हुने कसुर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२२. जनता नि.मा.वि.मध्यहर्षाही सुनसरीमा कार्यरत प्रा.वि. शिक्षक सरस्वती खड्गीले स्थायी प्रा.वि. शिक्षकमा शुरु नियुक्ति पाउने प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विद्यालयबाट प्रमाणीकरण भै आएको प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२३. राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत सहायक खजाञ्ची (चौथो) पदमा भई मिति २०६५/१/१८ देखि सेवा निवृत्त भोज प्रसाद गौतम (६९०६ छो.नं.८२०६) ले माथिल्लो वरिष्ठ सहायक पदमा बढुवा पाउने उद्देश्यले तत्काल पेश गरेको सम्पूर्णानन्द संस्कृत विश्वविर्यालय, भारतबाट प्राप्त गरेको पूर्वध्यमा परीक्षा शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा सो प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको र निज हाल उक्त बैंकमा कार्यत नभएको भएता पनि उक्त प्रमाणपत्र पेश गरी अन्यत्र पनि सेवा प्रवेश गर्नसक्ने सम्भावना भएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२४ जिल्ला शिक्षा कार्यालय, पर्सा अन्तरगत शारदा प्रा.वि.,भेडियाही, पर्साका प्रा.शि.तृतीय देवनारायण दहैत थारुले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको

प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुने मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२५. मेलम्ची खानेपानी विकास समिति, मिनभवन, काठमाण्डौंमा कम्प्युटर अप्रेटर पदमा तत्काल कार्यरत उद्धवराज अर्यालले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको प्रवीणता प्रमाणपत्र तहको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुने मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२६ काठमाडौं महानगरपालिका, काठमाडौंमा हाल शाखा अधिकृत पदमा कार्यरत विक्रम अधिकारीले कर निरीक्षक पदमा नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित शिक्षण संस्था/कलेजबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) द्वारा परिभाषित कसुर गरेको देखिन आएको हुँदा निजलाई सोही दफा बमोजिम सजायको मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२७. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय अन्तर्गत पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय मुक्तिनाथ बाहिनी पोखरा दरबन्दीका सशस्त्र प्रहरी उपरिक्षक नर बहादुर रावलले सेवा प्रवेश प्रयोजनका लागि पेश गरेको हाइस्कुल शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) द्वारा परिभाषित कसुर अपराध गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) मा व्यवस्था भए बमोजिम सजायको मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

परिच्छेद - ४
पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू

आर्थिक वर्ष २०६६।०६७ मा भ्रष्टाचारसम्बन्धी मुद्दामा विशेष अदालतबाट भएको फैसलाहरू उपर चित्त नबुझी आयोगद्वारा सर्वोच्च अदालतमा पुनरावेदन र सर्वोच्च अदालतबाट भएको आदेश सम्बन्धमा पुनरावलोकन लागि निवेदन गरिएका मुद्दासम्बन्धी विवरण निम्न बमोजिम उल्लेख गरिएको छ ।

१. जिल्ला सुनसरी, मधेसा गा.वि.स.वडा नं. ६, स्थायी ठेगाना भई हाल काठमाडौं महानगरपालिका वडा नं. ९ कोटेश्वर मार्गमा बसोवास गरी हाल गृह मन्त्रालय अन्तर्गत शाखा अधिकृत पदमा कार्यरत श्री ओम कुमार बस्नेत.....
झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।२।१७
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रत्यर्थी ओम कुमार बस्नेत उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) विपरीत झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रत्यर्थीलाई सफाई दिई फैसला भएको ।

फैसलाका आधारहरू:

(क) प्रतिवादीले अनुसन्धानको क्रममा र अदालत समक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार गरेको ।
(ख) प्रतिवादीले अदालतमा पेश गरेका प्रमाणपत्र पुन: प्रमाणीकरणका लागि लेखी पठाउँदा प्रमाणपत्र जारी गर्ने संस्थाबाटै प्रतिवादीले सन् १९८५ मा इन्टर परीक्षा उत्तीर्ण गरेको भनी प्रमाणीकरण गरी पठाएको ।

पुनरावेदनका आधारहरू:

(क) गृह मन्त्रालयबाट छानबिनका लागि आयोगमा प्राप्त सो मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरूका शैक्षिक योग्यताका प्रमाणपत्रहरू मध्ये प्रतिवादी ओमकुमार वस्नेतका प्रमाणपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत माध्यमिक शिक्षा परिषद्, इलाहवाद, भारतमा प्रमाणीकरणका लागि पठाइएकोमा उक्त परिषद्को पत्राङ्क: सत्यापन ३०/९२/२००७/२००८/१०८ दिनाङ्क ११/०५/०७ को पत्रसाथ प्राप्त प्रमाणीकरण विवरणको क्र.सं. ४३ मा परीक्षार्थीका नाम ओमकुमार वस्नेत, पिताका नाम खड्ग बहादुर वस्नेत, परीक्षा इन्टर, वर्ष १९८५ अनुक्रमाङ्क ६२८६७२, योग २५० श्रेणी

द्वितीय उल्लेख गरी कैफियत महलमा **"१८०/५०० फेल न कि २५०/५०० द्वितीय परीक्षा फल CP सूचीमे रुका है"** भनी आएको आधारबाट प्रतिवादी ओमकुमार वस्नेतले बढुवा प्रयोजन समेतका लागि पेश गरेको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा भएको प्रमाणित भएको आधारबाट निज उपर सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भएको हो ।

(ख) प्रतिवादी ओमकुमार वस्नेतले अनुसन्धानकै क्रममा आयोग समक्ष उपस्थित भई आफूले झुट्ठा व्यहोराको शैक्षिक योग्यताका प्रमाणपत्र पेश नगरेको भन्ने समेत व्यहोराको बयान गर्दै आफ्नै प्रयासमा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, इलाहवादको सत्यापन ३०/८२५/२००७/२००८/९५९ दिनाङ्क १८-१२-२००७ को इन्टरमिडिएट, १९८५ परीक्षाफल २५०/५०० द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भनी प्रमाणीकरण भएको कागजात पेश गरेका भए तापनि सो प्रमाणीकरणको विवरण विश्वासप्रद नदेखिएको भनी आयोगबाट अनुसन्धानकै क्रममा ठहर भइसकेको छ । निज प्रतिवादीले विशेष अदालत समक्ष बयान साथ माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, इलाहवादको दिनाङ्क ९।६।००८ को पत्रसाथ "२६३ pass न कि १८० fail cp से घोषित" उल्लेख भएको पत्र पेश गरेको देखिँदा निजको शैक्षिक योग्यता सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत परीक्षण भई आयोगमा प्राप्त विवरणमा "१८०।५०० फेल नकि २५०।५०० द्वितीय, परीक्षाफल CP सूची मे रुका है" उल्लेख भएको निज स्वयमले अनुसन्धानको क्रममा आयोग समक्ष पेश गरेको माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, इलाहवादको दिनाङ्क १८-१२-२००७ को पत्रमा "परीक्षाफल २५०।५०० द्वितीय श्रेणीमे उत्तीर्ण" भनी उल्लेख भएको र निजले विशेष अदालत समक्ष पेश गरेको माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, इलाहवादको दिनाङ्क ९।६।००८ को पत्रमा "२६३ pass न कि १८० fail cp से घोषित" उल्लेख भएको देखिन्छ ।

यसरी माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, इलाहवादका एउटै विषयका तीन वटा पत्रमा तीन प्रकारकै व्यहोरा उल्लेख भएको र सो सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद् सानो ठिमी, भक्तपुरको च.नं. १८६६ मिति २०६६।१।१६ को पत्रबाट समेत प्रतिवादी ओमकुमार वस्नेत स्वयंले पेश गरेको प्रमाणीकरणको विवरण नै सही हो भनी एकिन जवाफ पेश गर्न नसकेको अवस्थामा निजले आफ्नो प्रमाणपत्रहरू सही हुन भनी पेश गरेका प्रमाणीकरणको विवरण शंकास्पद अवस्थाको देखिएको छ । अनुसन्धान गर्ने निकाय स्वयमको अनुरोधमा प्रमाणपत्र जारी गर्ने निकायबाट आधिकारीक रूपमा परीक्षण भई आएको प्रतिवेदनबाट प्रतिवादीले राष्ट्रसेवकको पदमा नियुक्ति र बढुवा पाउने प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू झुट्ठा प्रमाणित भइसकेको तथ्यका विपरीत अप्रमाणित र संकास्पद प्रमाणका आधारमा प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

२. स्याङ्जा जिल्ला पेलाकोट गा.वि.स.वडा नं. ७ चोकठांटी वस्ने जि.शि.का.स्याङजा अन्तरगत ने.रा.मा.वि. चोकठांटीमा नि.मा.वि.द्वितीय श्रेणीको शिक्षक पदमा कार्यरत टुकराज पाठक.....
झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।२।१३
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी टुकराज पाठक उपर वढुवा प्रयोजनका लागि झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रत्यर्थीलाई सफाई दिई फैसला भएको ।

फैसलाका आधारहरूः

(क) प्रतिवादी टुकराज पाठकले अनुसन्धानको क्रममा र अदालतमा समेत आरोपित कसुरमा इन्कार गरी बयान गरेका ।
(ख) टुकराज पाठकको शैक्षिक योग्यताका प्रमाणपत्र प्रमाणीकरण भई आउँदा फर्जी लेखिएको व्यहोरा कार्यालयको त्रुटिबाट लेखिएको हो, टुकराज पाठक BA द्वितीय श्रेणीमा उत्तीर्ण भएको भन्ने व्यहोराको पत्र दिनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालयले त्रि.वि.वि.लाई लेखी पठाएको प्रतिलिपिबाट देखिएको ।

पुनरावेदनका आधारहरू

(क) टुकराज पाठक समेतको शैक्षिक योग्यताका प्रमाणपत्रहरू शंकास्पद भई आवश्यक प्रमाणीकरणका लागि शिक्षा तथा लेखकुद मन्त्रालयको पत्रसाथ आयोगमा प्राप्त भएको र प्रतिवादी टुकराज पाठकले गोरखपुर विश्वविद्यालय, गोरखपुरबाट सन् १९९३ मा वि.ए. परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुर मार्फत दिनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालय, गोरखपुरमा प्रमाणीकरणका लागि पठाउँदा उक्त विद्यालयको पत्राङ्क ५६००० दिनाङ्क २३।०८।२००२ को पत्रको सि.नं. ६१ मा परीक्षार्थीका नाम टुकराज पाठक, वर्ष १९९३ अनुक्रमाङ्क ७८५४३ कक्षा वि.ए.लेखी कैफियत महलमा **"उपरोक्त फर्जी है"** भनी लेखी आएको हुँदा प्रतिवादीले उक्त झुट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र नि.मा.वि.शिक्षक पदमा बढुवा पाउने प्रयोजनका लागि पेश गरी भ्रष्टाचारजन्य कसुर गरेको प्रमाणित भई निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर भएको हो ।

(ख) अनुसन्धानको क्रममा प्रतिवादी टुकराज पाठकले आयोगमा उपस्थित भई बयान गर्ने क्रममा आफूले वि.ए. परीक्षा उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा नभएको र आयोगबाट प्रमाणीकरणका लागि लेखी पठाउँदा सो प्रमाणपत्र फर्जी भनी लेखी आएको सन्दर्भमा आफू उक्त गोरखपुर विश्वविद्यालयमा गई सो विषयको जानकारी माग्दा मैले वि.ए. परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भनी प्रमाणित गरी दिएको हुँदा मेरो शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा नरहेको भनी दिनदयाल उपाध्याय, गोरखपुर विश्वविद्यालय, गोरखपुरको दिनाङ्क ३०-१२-२००५ को पत्रको प्रतिलिपि समेत पेश गरेको । सो सम्बन्धमा आयोगबाट त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्र

मार्फत पुनः प्रमाणीकरणका लागि सम्बद्ध विश्वविद्यालयमा पठाइएकोमा दिनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालय, गोरखपुरको पत्राङ्क १४०६ दिनाङ्क १-४-०६ को पत्रानुसार टुकराज पाठकको शैक्षिक योग्यता फर्जी रहेको र सो कार्यालयबाट सन् ३०-१२-२००५ मा कुनै किसिमको पत्र जारी नभएको भनी लेखी आएको देखिँदा प्रतिवादीले आयोग समक्ष गरेको बयान र आफूले वि.ए. परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भनी उक्त विश्वविद्यालयले जारी गरेको भनिएको सन् ३०-१२-२००५ को पत्र झुट्ठा रहेको तथ्य प्रमाणित भइसकेको छ ।

(ग) प्रतिवादीले शिक्षक पदमा बढुवा प्रयोजनका लागि पेश गरेको वि.ए.परीक्षा उत्तीर्ण गरेको भन्ने शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने आधिकारीक संस्था दिन दयाल उपाध्याय गोरखपुर विश्वविद्यालय, गोरखपुरले नै सन् २३।८।२००२ र १।४।०६ समेतका पत्रद्वारा प्रतिवादीका शैक्षिक योग्यताका प्रमाणपत्रहरू फर्जी भनी घोषणा गरिसकेको अवस्थामा प्रतिवादीले आफ्नै प्रयासमा सो विश्वविद्यालयबाट जारी भएको भनिएको प्रमाणपत्र सही हुन् भनी जिकिर लिएको पत्रको व्यहोरा शंकास्पद देखिएको छ । प्रतिवादीकै प्रयासमा आफ्नो प्रमाणपत्र सद्दे भनी निजले अनुसन्धानकै क्रममा पेश गरेको गोरखपुर विश्वविद्यालयको पत्र सो संस्थाबाट जारी नै नभएको भनी अनुसन्धानकै क्रममा प्रमाणित भइसकेको तथ्य विपरीत प्रतिवादीले पुनः सो संस्थाबाट लेखाएको संदिग्ध पत्रलाई आधार लिई निजको शैक्षिक योग्यताका प्रमाणपत्र सद्दे रहेको भनी अवलम्बन गरिएको निर्णयाधार त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

३. जुम्ला जिल्ला बिराट गाउँ विकास समिति वडा नं. ७ सिंजा घर भै जिल्ला प्रशासन कार्यालय, रामेछापमा सहायक प्रमुख जिल्ला अधिकारी (शा.अ.) पदमा कार्यरत जयनारायण आचार्य.....
शुरु नियुक्तिका लागि नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।२।१७
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी जयनारायण आचार्य उपर सुरु नियुक्तिका लागि नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई श्री विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रत्यर्थीलाई सफाई दिई फैसला भएको ।

फैसलाका आधारहरूः

(क) विवादित इन्टरमिडिएट परीक्षाको प्रमाणपत्रको आधारमा नोकरीमा प्रवेश गरेको नभई वि.एड. परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रका आधारमा लोकसेवा आयोगबाट शाखा अधिकृतको परीक्षा उत्तीर्ण भएको ।
(ख) कुनै ओहदा वा पद पाउन वा बढुवा प्रयोजनका लागि नक्कली प्रमाणपत्र प्राप्त गरेको अवस्था देखिन नआई नेपालबाट सञ्चालित एस.एल.सी. र त्रिभुवन विश्वविद्यालयबाट

लिइएको प्रमाणपत्र तह वी.एड.,एम.एड. र एल.एल.वि. परीक्षा समेत उत्तीर्ण गरेको अवस्था रहे भएको देखिँदा कसुरदार ठहर गर्न नमिल्ने ।

पुनरावेदनका आधारहरू:

(क) लोकसेवा आयोगबाट लिइएको शाखा अधिकृतको खुल्ला प्रतियोगिता परीक्षामा उत्तीर्ण भएका जयनारायण आचार्यले इन्टरमिडिएट परीक्षाको प्रमाणपत्र भारतबाट ल्याएको हुँदा कारबाही गरी पाउँ भनी प्राप्त उजुरी उपर आयोगबाट विस्तृत अनुसन्धान हुँदा प्रतिवादी जयनारायण आचार्य लोकसेवा आयोगको विज्ञापन नं. ९९६।०५८।०५९ को शाखा अधिकृत परीक्षा उत्तीर्ण गरी सो पदमा बहाल रहेका र निजले उक्त विज्ञापन नं. को दरखास्त साथ पेश गरेको माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारत अन्तर्गतको जे.जे.जे.के.एच.एस. विद्यालयबाट इन्टरमिडिएट परीक्षा सन् १९९५ मा उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत परीक्षण भई आउँदा "वर्ष १९९५, ७१५६२७ अनू. अनूदानित नही है" भनी लेखी आएको आधारबाट निज जयनारायण आचार्यले झुट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी शाखा अधिकृतको परीक्षा उत्तीर्ण भई सो पदमा बहाल रहेको कसुर प्रमाणित भएको हुँदा निज विरुद्ध साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको हो ।

(ख) प्रतिवादी जयनारायण आचार्यले माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारतबाट प्राप्त गरेको इन्टरमिडिएट परीक्षा उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा रहेको तथ्यमा प्रस्तुत फैसलामा बिमति रहेको देखिँदैन । उक्त शैक्षिक योग्यताको प्रमाणपत्र निजले लोकसेवा आयोगद्वारा प्रकाशित शाखा अधिकृत पदको खुल्ला प्रतियोगिता परीक्षाका लागि भएको विज्ञापन अनुसारको दरखास्त फारामको भाग (ग) क्रम संख्या ३ मा स्वयम् प्रतिवादीले नै उल्लेख गरी पेश गरेका र सोही आधारमा निजले उक्त परीक्षा उत्तीर्ण गरी सार्वजनिक पदमा वहाल रहेको देखिएको छ । शाखा अधिकृत पदका लागि न्यूनतम शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण गरेको भन्ने कारणबाट सो भन्दा तलका शैक्षिक योग्यताहरूलाई प्रयोजनहीन मान्न मिल्ने अवस्था हुँदैन । साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले राष्ट्रसेवकको ओहदा पाउने वा सो पदमा वहाल रहने उद्देश्यले कुनै व्यक्तिले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्र झुट्ठा देखिएमा सो कार्य कसुरजन्य भई दण्डनीय हुने व्यवस्था गरेको र प्रस्तुत मुद्दामा प्रतिवादीले शाखा अधिकृतको पद पाउने उद्देश्यले पेश गरेको इन्टरमिडिएट परीक्षा उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा देखिएको अवस्थामा कानूनले स्पष्टरूपमा परीभाषित गरेको कसुरजन्य कार्यलाई गलत अर्थ लगाई अभियुक्तको बचाउ गर्ने आशयले भएको प्रस्तुत फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादीले पेश गरेको उक्त प्रमाणपत्र झुट्ठा रहेको भन्ने प्रमाणीकरण भई आएको, उक्त प्रमाणपत्र आफूले लोकसेवा आयोगद्वारा प्रकाशित शाखा अधिकृत पदको विज्ञापन अनुसारको दरखास्त फाराम साथै पेश गरेको भन्ने प्रतिवादीको स्वीकारोक्ति समेत रहेको अवस्थामा प्रतिवादीले पेश गरेको प्रमाणपत्रबाट लाभ नलिएको भन्ने गलत व्याख्या गरी सम्मानित सर्वोच्च अदालत, पूर्ण इजलासबाट पुनरावेदक तारा भण्डारी (कार्की) समेत

विरुद्ध नेपाल सरकार भएको २०६५ सालको फौ.पु.ई.नं. ०६५-cf-००२४ को भ्रष्टाचार (नक्कलि प्रमाणपत्र) मुद्दामा **"फाइल संलग्न रहेको विवादित प्रमाणपत्रबाट लाभ लिएको वा नलिएको जे भए पनि कसुरदार ठहर्ने"** भनी मिति २०६५।५।५ मा प्रतिपादित सिद्धान्त तथा तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को व्याख्या गर्ने क्रममा सर्वोच्च अदालत, संयुक्त इजलासबाट २०६० सालको फौ.पु.नं. ३२९०, पुनरावेदक राजेन्द्र सिंह विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग भएको भ्रष्टाचार मुद्दामा **"यस ऐन बमोजिम कसुर कायम हुनका लागि त्यस्तो शैक्षिक योग्यता ढाँटनु वा त्यस्तो प्रमाणपत्र पेश गर्नु मात्र पर्याप्त हुने र त्यस्तो प्रमाणपत्रबाट कुनै लाभ लिएको हुनुपर्ने भन्ने अवस्था उक्त दफा १२ ले गरेको देखिन आउँदैन"** भनी भएको व्याख्या समेतबाट प्रतिवादी जयनारायण आचायले त्यस्तो झुट्ठा व्यहोराको प्रमाणपत्र पेश गर्नुमात्र पनि कसुरजन्य कार्य हुने अवस्थामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्तको अवलम्बन नगरी भएको प्रस्तुत फैसला न्यायका मान्य परम्परा विपरीत रहेको हुँदा बदरभागी छ ।

४. भेरी अञ्चल, सुर्खेत जिल्ला, विरेन्द्रनगर नगरपालिका वडा नं. ८ मा बसोवास गरी नेपाल खाद्य संस्थान, शाखा कार्यालय सुर्खेतमा सहायक स्तर तह ४ मा कार्यरत बलराम शर्मा.....
बढुवा पाउनको लागि झुट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।२।८
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी बलराम शर्मा उपर बढुवा प्रयोजनका लागि नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाका आधारः-

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६२।१०।१४ मा अनुसन्धान अधिकृत तोकी मिति २०६५।३।२४ मा मात्र मुद्दा दायर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४(क) बमोजिमको हदम्याद नघाई दर्ता भएको प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरूः-

(क) नेपाल खाद्य संस्थानद्वारा गठीत प्रमाणपत्र छानबिन समितिबाट सो संस्थान अन्तर्गत कार्यरत कर्मचारीहरूको शंकास्पद प्रमाणपत्रहरू छानबिनका लागि मिति २०६२।७।२४ को पत्र साथ नेपाल खाद्य संस्थान, शाखा कार्यालय, सुर्खेतको सहायक तह ४ मा कार्यरत बलराम शर्माको शैक्षिक योग्यताका प्रमाणपत्रहरू आयोगमा प्राप्त हुन आएको । निज बलराम शर्माले बढुवा प्रयोजनका लागि पेश गरेको माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतबाट सन् १९९२ मा क्रमाङ्क ८५८७२८ बाट इन्टर परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत

माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतमा प्रमाणीकरणका लागि पठाउँदा सो परिषद्को दिनाङ्क २९।११।२००५ प.सं. मा.शि.प.क्षे.का.वा/अभिलेख/सत्यापन ४८१ को पत्रद्वारा निज बलराम शर्माको प्रमाणपत्रका सम्बन्धमा **"योग १५०/५०० अनुत्तीर्ण न कि २७५/५००"** भनी लेखी आएको व्यहोरा उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको मिति २०६२।९।५ को पत्रसाथ आयोगमा प्राप्त भएको समेतका आधारबाट निज प्रत्यर्थी बलराम शर्माले बढुवा प्रयोजनका लागि नेपाल खाद्य संस्थानमा पेश भएको इन्टर परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा प्रमाणित भएको आधारबाट निज उपर सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई आयोगका तर्फबाट श्री विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भएको हो ।

(ख) प्रस्तुत मुद्दाको उजुरी नेपाल खाद्य संस्थानको प.सं. २८।०६१।०६२।१७५ मिति २०६२।७।२४ मा आयोगमा प्राप्त भई आयोगबाट मिति २०६२।१०।१४ मा अनुसन्धान अधिकृत तोकी आवश्यक अनुसन्धान भई मिति २०६५।३।२४ मा आयोगबाट तर्फबाट विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको हो । आयोगमा उजुरी प्राप्त भएको समय र आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ क्रियाशील रहेको अवस्था छ । भ्रष्टाचारजन्य कसुरका सम्बन्धमा अनुसन्धान, तहकीकात गर्ने र मुद्दा दायर गर्ने सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ ले कुनै हदम्यादको दायरा निर्धारण गरेको पाइँदैन भने सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले भ्रष्टाचारको सम्बन्धमा सो कार्य भएको ५ वर्ष भित्रमा आयोगले कारबाही चलाइसक्नुपर्ने गरी हदम्यादसम्बन्धी व्यवस्था गरेको देखिन्छ । प्रस्तुत मुद्दाका प्रतिवादी वलराम शर्माले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको च.नं. ७६९ मिति २०६२।९।५ को पत्रसाथ संलग्न प्रमाणीकरणको विवरण अनुसार झुट्ठा देखिएको र आयोगबाट मिति २०६५।३।२४ मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भइसकेको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले व्यवस्था गरेको हदम्याद भित्रै आयोगबाट प्रस्तुत मुद्दामा कारबाही चलाइएको तथ्य विपरीत भएको फैसला कानूनतः त्रुटिपूर्ण रही बदरभागी छ ।

(ग) प्रतिवादी बलराम शर्माले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट भएको अनुसन्धानबाट झुट्ठा देखिएको र उक्त कार्यलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले भ्रष्टाचारजन्य कसुर मानेको र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले समेत उक्त कार्यलाई निरन्तरता प्रदान गरेको अवस्थामा अभियुक्तको कसुर कायम गर्ने प्रयोजनका लागि सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दावी उल्लेख गरिएकोमा प्रचलित कानूनले निर्धारण गरेको हदम्यादसम्बन्धी व्यवस्था विपरीत खारेज भइसकेको ऐनको हदम्यादसम्बन्धी व्यवस्थाको आधार ग्रहणगरी मुद्दा नै खारेज गर्ने गरी भएको फैसलामा गम्भीर कानूनी त्रुटि भएको हुँदा बदरयोग्य छ ।

५. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २१ धर्मपथस्थित गोरखापत्र संस्थानका अधिकार प्राप्त अधिकारी ओम शर्मा .....
निर्णय बदर मुद्दा ।

फैसला मिति : २०६६।३।१६
पुनरावेदनको दाबी र विशेष अदालतको फैसला:

पुनरावेदक गोरखापत्र संस्थानका अधिकार प्राप्त अधिकारी ओम शर्मा विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत भएको निर्णय बदर मुद्दामा आयोगको निर्णय बदर गरी पाउँ भनी परेको पुनरावेदनमा विशेष अदालत, काठमाडौंबाट मिति २०६६।३।१६ मा आयोगको मिति २०६५।५।२५ को निर्णय बदर गर्ने गरी भएको फैसला ।

फैसलाका आधारहरू:

(क) निवेदक गीता मैनालीलाई मिति २०६४।१०।१ देखि म्याद थप नगर्ने निर्णय संस्थानबाट भए पनि मिति २०६५।३।३ देखि निजलाई पुनः करार सेवामा नियुक्ति दिएको देखियो । करारमा राख्ने वा नराख्ने आवश्यकता नियुक्तिकर्ताले महसुस गर्ने हो र आवश्यक महसुस नगरेको स्थितिमा करारको अवधि थप गर्न बाध्य गराउने कुरा औचित्यपूर्ण हुन सक्तैन ।

(ख) संस्थानमा रिक्त पदमा प्रवेशका लागि संस्थानको नियम कानून बमोजिम हुने हुनाले विपक्षी गीता मैनालीको हकमा सीमित रही संस्थानको नाममा परमादेश प्रकृतिको आदेश जारी गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नभएको हुँदा आयोगको मिति २०६५।५।२५ को निर्णय कानूनसम्मत नदेखिएको ।

पुनरावेदनका आधारहरू:

(क) गोरखापत्र संस्थानको विज्ञापन नं. १।०६३।०६४ द्वारा प्रकाशित तह -६ को समाचारदाता पदको पदपूर्तिका लागि भएको परीक्षामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट विस्तृत अनुसन्धान हुँदा सो परीक्षाका उत्तर पुस्तिका परीक्षणमा अनियमितता भएको पाईएको हुँदा कारण र आधारसहित खुलाई आवश्यक छानबिन गरी संस्थानको हितमा हुने गरी कानून बमोजिम निर्णय गर्न लेखी पठाउने गरी आयोगको मिति २०६४।८।२४ को नि.नं. १७३ बाट निर्णय भई सोही अनुसार गोरखापत्र संस्थानमा लेखी पठाइएको । आयोगको उक्त निर्णय पूर्णरूपले कार्यान्वयन नगरी सो संस्थानमा लामो समयदेखि करारमा कार्यरत निवेदिका गीता मैनालीलाई आयोगमा उजुर गरेको कारण करार सेवाको अवधि थप नगरी सेवाबाट बर्खास्त गरेको भनी आयोगमा पुनः पेश भएको निवेदन सम्बन्धमा आयोगबाट सम्बद्ध संस्थानका पदाधिकारी समेतलाई बुझी आयोगको पूर्व निर्णय पूर्णरूपमा कार्यान्वयन नगरी परीक्षाको अनियमितताका सम्बन्धमा आयोगमा उजुरी गरेको कारण निवेदिका गीता मैनालीलाई बर्खास्त समेत गरेको पाईएको हुँदा निजलाई बर्खास्त गरीएको मिति २०६४।१०।१ देखि नै लागू हुने गरी करार सेवामा यथावत काम लगाउन, संस्थानबाट गरिने समाचारदाताको पदपूर्तिमा निज गीता मैनालीलाई समेत प्रतिस्पर्धामा समावेश हुने अवसर दिन, समावेसी सिद्धान्तलाई समेट्ने गरी गोरखापत्र संस्थानको कर्मचारी सेवा, शर्त विनीयमावली, २०५२ मा समेत आवश्यक संशोधन र परिमार्जन गर्न, गोरखापत्र संस्थानमा आवश्यक पर्ने जनशक्ति छनौट गर्दा उम्मेदवारको योग्यता, दक्षता, निष्पक्षता, पारदर्शिता र इमान्दारीताका आधारमा हुनुपर्ने तथ्यलाई हृदयंगम गर्न, गराउन गोरखापत्र संस्थानका संचालक समिति, व्यवस्थापन पक्ष र पदपूर्ति समितिलाई सख्त ध्यानाकर्षण गर्न लेखी पाउने गरी आयोगबाट निर्णय भएको हो ।

(ख) आयोगको मिति २०६४।८।२४ नि.नं. १७३ को निर्णयका सम्बन्धमा गोरखापत्र संस्थान संचालक समितिको मिति २०६४।११।११ नि.नं. १२७ को निर्णयबाट उत्तीर्ण परीक्षार्थीलाई नियुक्ति दिने सिफारिश गरिएको पदपूर्ति समितिको निर्णय बदल्नु पर्ने कुनै आवश्यकता देखिएन, उत्तरपुस्तिका परीक्षक चुडाराज उप्रेतीलाई आगामी दिनमा उत्तरपुस्तीका परीक्षण गराउन कुनै जिम्मा नदिने र तत्कालिन व्यवस्थापनलाई सचेत गराउने भन्ने निर्णय भएको देखिन्छ । सो निर्णयबाट गोरखापत्र संस्थानको उल्लेखित विज्ञापनको परीक्षा स्वच्छ, पारदर्शि र नियमित नरहेको तथ्य समर्थित भएको छ । यसरी भएको अनियमित परीक्षामा निवेदिका गीता मैनाली उत्तीर्ण हुन नसकेको कारण निजलाई सेवाबाट हटाउनु परेको भन्ने पुनरावेदन जिकिर तथ्यपरक मान्न सकिने देखिँदैन । अनियमित परीक्षाको परिणामस्वरूप स्वस्थ प्रतिस्पर्धा हुन नसकेको र स्नातकोत्तर योग्यता प्राप्त भई लामो अवधिसम्म संस्थानमा कार्यरत रहेकी निवेदिकालाई अयोग्य भनी बर्खास्त गरीएको कार्य स्वच्छ रूपमा भएको देखिँदैन ।

(ग) परीक्षामा निष्पक्षता र स्वच्छता भएन भनी कानून बमोजिम संस्थानको हितमा निर्णय गर्न आयोगबाट लेखी पठाइएको पदपूर्ति गर्ने विषयलाई गोरखापत्र संस्थान संचालक समितिले कानूनी सल्लाहकार समेतको समितिको सिफारिश अनुरूप कायमै राखेको देखिएबाट आयोगको २०६४।८।२४ को निर्णय पूर्णरूपमा कार्यान्वयन भएको अवस्था मान्न सकिँदैन । आयोगको मूल मनसाय निष्पक्ष रूपले परीक्षा संचालन नभएको भन्ने नै हो । उक्त निर्णय कार्यान्वयन हुन नसकी परीक्षामा अनियमितता भयो भनी उजुरी दिने निवेदिका गीता मैनालीलाई संस्थानको सेवाबाट बर्खास्त गरीएको स्पष्ट रूपमा देखिएको छ । अनियमितता उजागर गरेकै कारणबाट कसैले सेवाबाट विमुख हुनुपर्ने अवस्था आउनु निश्चय नै दुःखदायी मान्नु पर्दछ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५६ ले "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि भ्रष्टाचार भएको वा हुन लागेको विषयमा कानूनी कारबाही अगाडी बढाउन वा भ्रष्टाचार हुन नदिने गरी सूचना दिने राष्ट्रसेवकलाई निजले गरे वा पुऱ्याएको सहयोग बापत निजको सेवा शर्तसम्बन्धी कानून अनुसार गोपनीयता भंग गरेको आधारमा कारबाही हुने छैन" भन्ने कानूनी व्यवस्थाको वास्तविक मनसाय उजुरकर्तालाई संरक्षण दिन चाहेको भन्ने प्रष्ट देखिएको समेतका आधारबाट गोरखापत्र संस्थानको दुषित कार्यका विरुद्ध आयोगमा उजुरी दिएको कारणले निवेदिकालाई सेवाबाट बर्खास्त गरिएको भन्ने आयोगको ठहर भएबाट निजलाई संस्थानको सेवामा निरन्तरता दिनु भनी आयोगबाट निर्देशन भएको हो ।

(घ) परीक्षामा अनुत्तीर्ण भएको व्यक्तिलाई सेवामा पुनः अवसर दिनु भन्नु कानूनतः मिल्दैन । निवेदिकाको करार सेवाका सम्बन्धमा निजको आवश्यकता संस्थानलाई महसुस नगरिएकै आधारमा निजको म्याद थप नगरिएको हो भन्ने पुनरावेदन जिकिर रहेको भएतापनि संलग्न फैसलाको निर्णयाधारमा निवेदिका गीता मैनालीलाई पुनः मिति २०६५।३।३ देखि संस्थानको सेवामा नियुक्ति दिएको भन्ने देखिएबाट निज गीता मैनालीको सेवा सो संस्थानलाई आवश्यक रहेको र आयोगमा उजुरी गरेको कारणबाटै निजलाई तत्काल सेवाबाट बर्खास्त गरेको तथ्य प्रमाणित भई पुनरावेदन जिकिर झुट्ठा देखिएको छ ।

(ङ) अख्तियार दूरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. ले सार्वजनिक पद धारण गरेको व्यक्तिबाट भएको अनुचित कार्यका सम्बन्धमा आयोगले उपयुक्त ठानेको आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउने छ भनी कानूनी व्यवस्था गरेको र ऐ.को दफा १२ख. ले सार्वजनिक पदधारण गरेको व्यक्तिबाट भएको

दुष्परिणाम प्रचलित कानून बमोजिम सच्याउन सम्बन्धित अधिकारी वा निकायमा लेखी पठाउन सक्ने गरी आयोगमा रहेको अन्तरनिहित अधिकार (perogative right) अनुसार भए गरेको कार्यलाई परमादेश प्रकृतिको आदेश भनी बदर गर्ने गरी भएको प्रस्तुत फैसलाको निर्णयाधार कानूनसम्मत नभई बदरभागी छ ।

६. जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. ८ अंचलपुर टोल स्थायी ठेगाना भई नेपाल बैंक लि. शाखा कार्यालय, सिद्धार्थनगरमा सहायक (ब.सु.जा.) पदमा कार्यरत नरेन्द्र प्रसाद खनाल.....
बढुवा प्रयोजनका लागि झुठ्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।२।८
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी नरेन्द्रप्रसाद खनाल उपर बढुवा प्रयोजनका लागि नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६६।२।८ मा प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको ।

फैसलाका आधारहरूः

(क) प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र पुनः प्रमाणीकरणका लागि लेखी पठाउँदा प्रमाणपत्र जारी गर्ने निकायबाटै विवादित प्रमाणपत्र सही हो भनी लेखी पठाएको अवस्थामा त्यसलाई अन्यथा हो भन्न सकिने देखिँदैन ।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको सत्यता एकिन गर्ने आधिकारिक निकाय सो प्रमाणपत्र जारी गर्ने निकाय नै हुने र सोही निकायबाटै प्रतिवादीले पेश गरेको प्रमाणपत्र सही हो भनी लेखी आएको अवस्थामा प्रतिवादीको इन्टर परीक्षाको शैक्षिक प्रमाणपत्र नक्कली नभै सही व्यहोराको भएको तथ्य संलग्न सवुद प्रमाणहरूबाट समर्थित भएको छ ।

पुनरावेदनका आधारहरूः

(क) नेपाल बैंक लिमिटेडबाट थप छानबिनकालागि आयोगमा प्राप्त भएका प्रमाणपत्रहरू मध्ये प्रतिवादी नरेन्द्र प्रसाद खनालले बढुवा प्रयोजनका लागि नेपाल बैंक लिमिटेडमा पेश गरेको इन्टरमिडिएट परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण भएको भन्ने MLN Inter College, Haundhiyara, Allahabad द्वारा जारी भएको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, इलाहवाद, भारतमा प्रमाणीकरणका लागि लेखी पठाइएकोमा सो परिषद्को सत्यापन १३९ मिति ११-५-०७ को पत्रसाथ संलग्न प्रमाणीकरण विवरणको सि.नं. ९ कैफियत महलमा **"प्रस्तुत अंक पत्र एवम् प्रमाणपत्रकी छायाँप्रति असत्य एवम् जाली है । परीक्षाफल सी.पी.मे रुका है ।"** भनी लेखी आएको विवरण उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको च.नं. २१३६ मिति २०६४।२।६ को पत्रसाथ आयोगमा प्राप्त भएको र उक्त प्रमाणपत्र आफूले नेपाल बैंक लिमिटेडमा बढुवा पाउने प्रयोजनकालागि पेश गरेको भन्ने प्रतिवादीको मौकाको बयान समेतका आधारबाट प्रतिवादी नरेन्द्रप्रसाद खनालले नेपाल बैंक लिमिटेडको सहायक

चौथो तहमा बढुवा पाउने उद्देश्यका लागि इन्टरमिडिएट परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भन्ने झुठ्ठा व्यहोराको शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचारजन्य कसुर गरेको प्रमाणित भएको हुँदा निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा पेश भएको हो ।

(ख) प्रतिवादी नरेन्द्र प्रसाद खनालले माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश भारतबाट इन्टरमिडिएट परीक्षा सन् १९९० मा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भन्ने दिनाङ्क २९।०५।१९९० मा जारी भएको प्रमाणपत्र नेपाल बैंक लिमिटेडमा बढुवा पाउने प्रयोजनका लागि पेश गरेको तथ्यमा विवाद छैन । सो प्रमाणपत्र अनुसन्धानकै क्रममा प्रमाणीकरण भई आउँदा असत्य र जाली भएको तथा निजको परीक्षाफल सि.पी.मा रोकिएको व्यहोरा खुली आएको छ । प्रतिवादिले नेपाल बैंक लिमिटेडमा प्रमाणपत्र पेश गर्दा निजको परीक्षाफल सि.पि.मा रोकिएको र घोषणा नै नभएको अवस्थाहुँदा निजले जानि जानि माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतबाट जारी भएको भनिएको इन्टरमिडिएट परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भन्ने गलत व्यहोराको झुठ्ठा प्रमाणपत्र बैंकमा पेश गरेको देखिँदा निजको सो कार्य भ्रष्टाचारजन्य कसुर रहेको तथ्यमा विवाद हुन सक्तैन । प्रतिवादी स्वयम्कै प्रयासमा माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, उत्तरप्रदेश, इलाहबादबाट सन् २०-०२-२००८ मा जारी भएको पत्रमा निजको रोकिएको परीक्षाफल घोषणा गरिएको र घोषित परिणाम अनुसार निजले इन्टरमिडिएट परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भन्ने व्यहोरा उल्लेख भएको देखिएको र विशेष अदालत, काठमाडौंको आदेश बमोजिम पुनः प्रमाणीकरण भई आउँदा समेत निजले सो परीक्षा उत्तीर्ण गरेको भनी लेखी आएको देखिए तापनि प्रतिवादी नरेन्द्रप्रसाद खनालले सन् २०-१२-२००७ मा पेश गरेको निवेदनका आधारमा मात्र सी.पि.मा रोकिएको निजको परीक्षाफल घोषणा गरिएको देखिँदा निजले मौकामा नेपाल बैंक लिमिटेडमा प्रमाणपत्र पेश गर्दा निजको परीक्षाफल प्रकाशित नै नभई सि.पि.मा रोकिएको अवस्थामा आफूले ईन्टरमिडिएट परीक्षा उत्तीर्ण गरेको भनी जाली प्रमाणपत्र तयार गरी बैंकमा बढुवा पाउने उद्देश्यले पेश गरेको देखिएको छ । अतः प्रतिवादी नरेन्द्रप्रसाद खनालले बढुवा पाउने उद्देश्यले नेपाल बैंक लिमिटेडमा मौकामा पेश गरेको प्रमाणपत्रहरू झुठ्ठा देखिएको र सो कार्यलाई प्रचलित कानूनले भ्रष्टाचारजन्य कसुर भनी परीभाषित गरेको अवस्थामा कानूनको मनसाय विपरीतका निर्णयाधार अवलम्वन गरी प्रतिवादीलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी छ ।

७. का.जि.का.म.न.पा.वडा नं. २१ धर्मपथ काठमाडौं स्थित गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष ओम शर्मा.....
निर्णय कार्यान्वयन गरी हिसाव किताव फरफारक गर्ने मुद्दा ।

फैसला मिति : २०६६।३।१६
पुनरावेदनको दाबी र विशेष अदालतको फैसला

गोरखापत्र संस्थान र एभरग्रीन एडभरटाइजिङ मिडीया बीच भएको विज्ञापनसम्बन्धी कारोवारका सम्बन्धमा गोरखापत्र संस्थान संचालक समितिको मिति २०६३।१२।३० को निर्णय कार्यान्वयन गरी हिसाव फरफारक गर्न गोरखापत्र संस्थानलाई लेखी पठाउने गरी आयोगबाट

मिति २०६५।४॥१३ मा भएको निर्णयका विरुद्ध गोरखापत्र संस्थानका तर्फबाट विशेष अदालत, काठमाडौंमा पुनरावेदन परी सो अदालतबाट मिति २०६६।३।१६ मा आयोगको उक्त निर्णय बदर गर्ने गरी फैसला भएको ।

फैसलाको आधार:

विशेष अदालत, काठमाडौंबाट आयोगको निर्णय बदर गर्ने फैसला गर्दा सम्झौता बमोजिम गर्ने गराउने अधिकार पक्षमा सुरक्षित रहेको र करार यी दायित्वसम्बन्धी विषय समावेश भएको अवस्थामा परमादेश प्रकृतिको आदेश जारी गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भएको मान्न नसकिने भन्ने आधार बनाएको देखिन्छ ।

पुनरावेदनका आधारहरू:

(क) गोरखापत्र संस्थानमा एभरग्रीन एडभरटाइजिङ मिडीयासँगको कारोवारको सम्बन्धमा पदको आडमा भ्रष्टाचार गर्नेलाई कारबाही गरीपाउँ भन्ने समेत व्यहोराको उजूरीका सम्बन्धमा आयोगबाट विस्तृत अनुसन्धान हुँदा यसमा गोरखापत्र संस्थानले उजुरकर्ता एभरग्रीन एडभरटाइजिङ मिडीयासँग सर्वप्रथम २०५८ सालमा सम्झौता गरी एडभरटाइजिङ मिडीयाले काम गरिरहेकै वखत विज्ञापनमा एकद्वार नीति लागू गर्ने भनी गोरखापत्र संस्थानले सम्झौता रद्द गरेकोमा पुनः संचालक समितिबाट नयाँ सम्झौता गर्ने निर्णय गरेता पनि सोको कार्यान्वयन नभएको भन्ने गोरखापत्र संस्थान संचालक समितिको मिति २०६३।१२।३० को बैठक नं. २७ निर्णय नं. ८३ बाट निर्णय भए तापनि सो निर्णय कार्यान्वयन भएको देखिएन । संस्थानको संचालक समितिले गरेको निर्णय कार्यान्वयन हुनु पर्नेमा सो निर्णय कार्यान्वयन नभएको कारणले एभरग्रीन एडभरटाइजिङ मिडियाको हिसाव किताव फरफरारक हुन बाधा उत्पन्न भएको देखिएबाट उक्त २०६३।१२।३० को संचालक समितिको निर्णय कार्यान्वयन गरी हिसाव किताव समेत फरफरारक गर्न गराउन गोरखापत्र संस्थानलाई लेखी पठाउने गरी आयोगबाट मिति २०६५।४।१३ मा निर्णय भएको हो ।

(ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. ले सार्वजनिक पद धारण गरेको व्यक्तिबाट भएको अनुचित कार्यका सम्बन्धमा आयोगले अनुसन्धान तहकीकात गरी उपयुक्त ठानेको कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने अधिकार आयोगमा अन्तरनिहित रहेको र सोही अधिकार प्रयोग गरी गोरखापत्र संस्थान संचालक समितिबाट मिति २०६३।१२।३० मा भएको बैठक नं. २७ निर्णय नं. ८३ कार्यान्वयन गर्न लेखी पठाउन उपयुक्त देखिएको हुँदा सोही बमोजिम निर्णय भएको हो । गोरखापत्र संस्थान संचालक समितिको बैठकको उक्त निर्णयबाट निवेदक एभरग्रीन एडभरटाइजिङ मिडिया बीच भएको पूर्व सम्झौताको म्याद २०६३ आषाढ मसान्तसम्म थप गर्ने र पुनः २०६३।४।१ गतेबाट नयाँ सम्झौता गर्ने निर्णय भएको अवस्थामा सो निर्णय पालना र कार्यान्वयन गर्नु संस्थानको दायीत्व रहेको अवस्थामा सो निर्णय के कति कारणबाट कार्यान्वयन नभएको र निवेदक मिडीयासँगको हिसाव फरफारक नगर्नुको कारण के हो पुनरावेदक संस्थानका तर्फबाट तर्कसंगत रूपमा उल्लेख हुन सकेको देखिँदैन । यसर्थ आयोगले कानूनतः आफूलाई प्राप्त अधिकारको प्रयोग गरी गोरखापत्र संस्थान व्यवस्थापनबाट भएको अनुचित कार्यलाई सच्याई कानूनसम्मत निर्णय गर्न दिएको निर्देशनलाई गलत अर्थ लगाई भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) सार्वजनिक पद धारण गरेका पदाधिकारीले करारयी दायीत्व समावेश भएको विषयमा समेत कार्य गर्दा अधिकारको दुरुपयोग नगरी कानूनसम्मत निर्णय गर्नुपर्ने हुन्छ। गोरखापत्र संस्थान संचालक समितिबाट मिति २०६३।१२।३० र २०६४।११।११ को निर्णय समेतबाट एभरग्रीन एडभरटाइजिङ मिडियासँग भएको सम्झौता बमोजिमको दायीत्व निर्वाह गर्नेगरी व्यवस्थापनलाई निर्देशन दिएको देखिँदा संचालक समितिको निर्णय के कति कारणले कार्यान्वयन हुन नसकेको हो ? त्यसको युक्तियुक्त कारण विना निवेदक मिडीयासँगको सम्झौता लागू नगर्नु संस्थान व्यवस्थापनको दुरासययुक्त कार्य देखिएको छ। अतः करारइी दायीत्व रहेको भन्ने कारणलेमात्र गोरखापत्र संस्थान व्यवस्थापनको दुषित मनसायबाट प्रेरीत भई भए गरेका कार्यले उन्मुक्ति पाउन सक्ने अवस्था समेत नहुँदा सोही आधारबाट आयोगको निर्णय बदर गर्ने गरी भएको फैसलाको निर्णयाधार सँग सहमत हुन सकिने अवस्था छैन।

८. वर्दिया जिल्ला, ढोढरी गा.वि.स. वडा नं. ९ घर भई हाल मध्यपुर थिमी नगरपालिका वडा नं. १७ बस्ने प्राबिधिक शिक्षा तथा व्याबसायीक तालीम परिषद् अन्तर्गत कर्णाली प्राबिधिक शिक्षालय जुम्लामा प्रशासकीय सहायक (सहायक स्तर प्रथम प्र.) पदमा कार्यरत वर्ष ३३ को केशव बहादुर के.सी. .....
सेवा प्रवेश पाउने प्रयोजनका लागि नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा।

फैसला मिति : २०६६।३।१२
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी केशव बहादुर के.सी. उपर सेवा प्रबेश पाउने प्रयोजनका लागि नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप पत्र दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६६।३।१२ मा प्रस्तुत मुद्दा खारेज हुने ठहर गरी फैसला भएको।

फैसलाको आधारः

उक्त मुद्दा खारेज हुने ठहर गर्दा विशेष अदालत, काठमाडौंबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०५८।१।३ मा उजुरी दर्ता भई आयोगको जानकारीमा आइसके पछि मिति २०६३।१।२ सम्ममा मुद्दा दायर भै सक्नुपर्नेमा २०६३।२।२१ मा मात्र प्रस्तुत मुद्दा दायर भएको भन्ने आधार ग्रहण गरेको देखिन्छ।

पुनरावेदनका आधारहरूः

(क) प्राविधिक शिक्षा तथा व्यावसाधिक तालिम परिषद् अन्तर्गत कार्यरत कर्मचारीहरूको शंकास्पद शैक्षिक प्रमाणपत्र प्रमाणीकरणका लागि उक्त परिषद्को मिति २०५८।३।२७ को पत्र साथ प्राबिधिक शिक्षा तथा व्याबसायीक तालीम परिषद् अन्तर्गत कर्णाली प्राविधिक शिक्षालय जुम्लामा प्रशासकीय सहायक (सहायक स्तर प्रथम प्र.) पदमा कार्यरत केशव बहादुर के.सी.को शैक्षिक योग्यताका प्रमाणपत्रहरू आयोगमा प्राप्त हुन आएको। निज

केशव बहादुर के.सी.ले सेवा प्रबेश पाउने प्रयोजनका लागि पेश गरेको माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतबाट सन् १९९४ मा क्रमाङ्क ८५५२१७ बाट इन्टरमिडिएट परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतमा प्रमाणीकरणका लागि पठाउँदा सो परिषद्को दिनाङ्क २९।११।२००५ मा शि.प.क्षे.का. वा./अभिलेख/सत्यापन ४८१ को पत्रद्वारा निज केशवबहादुर के.सी.को प्रमाणपत्रका सम्बन्धमा **"इस अनुक्रमांक पर चन्द्रशेखर गुप्ता १८६/५०० उत्तीर्ण न कि केशव बहादुर के.सी."** भनी लेखी आएको व्यहोरा उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको मिति २०६२।९।५ को पत्रसाथ आयोगमा प्राप्त भएको समेतका आधारबाट निज प्रत्यर्थीले सेवा प्रबेश पाउने प्रयोजनका लागि पेश गरेको इन्टरमिडियट परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झुठ्ठा प्रमाणित भएको आधारबाट निज उपर सविक सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई आयोगका तर्फबाट विशेष अदालत, काठमाडौंमा आरोप पत्र दायर गरिएको हो ।

(ख) आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियाशील रहेकोमा सो ऐनमा हदम्यादको व्यवस्था गरिएको पाईँदैन । आयोग समक्ष उजूरी दर्ता हुन आएको मिति (२०५८।१।३) मा बहाल रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. मा अनुसन्धानको कारबाही शुरु भएको मितिले २ बर्षको हदम्यादको व्यवस्था गरेको र सोही प्रयोजनको लागि आयोगबाट मिति २०६२।१०।१४ मा अनुसन्धान अधिकृत तोकिएको र सो म्यादभित्रै प्रतिवादी बिरुद्ध आरोप पत्र दायर भएको छ । अनुसन्धान अधिकृतको नियुक्ति र अनुसन्धान कारबाहीको शुरुवात एक अर्कासँग सम्बन्धित भएकोले सो ऐनमा प्रयुक्त अनुसन्धानको कारबाही शुरु भएको भन्ने वाक्यांश अनुसन्धान अधिकृत नियुक्तिसँग समेत सम्बन्धित हुने भै सोही मितिबाट दुई बर्षको हदम्याद प्रारम्भ भएको मान्नु पर्नेमा भ्रष्टाचार जस्तो जधन्य कसुरमा पनि कानूनको फितलो व्याख्या गरी प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ । भ्रष्टाचारजन्य कसुरको गंभीरतालाई दृष्टिगत गरेर नै भ्रष्टाचार निवारण ऐन, २०५९ ले सो सम्बन्धी कसुरको अनुसन्धान, तहकीकात र मुद्दा दायर गर्ने सम्बन्धमा कुनै हदम्यादको दायरा निर्धारण नगरेको तर्फ फैसलाले आँखा चिम्लेको छ । प्रस्तुत मुद्दाका प्रतिवादी केशव बहादुर के.सी.ले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको च.नं. ७६९ मिति २०६२।९।५ को पत्रसाथ संलग्न प्रमाणीकरणको विवरण अनुसार झुठ्ठा देखिएकामा बिबाद नभएको र आयोगबाट मिति २०६३।२।२१ मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भइसकेको हुँदा आयोगबाट प्रस्तुत मुद्दामा कारबाही चलाइएको तथ्य विपरीत भएको प्रस्तुत फैसला कानूनतः त्रुटिपूर्ण रही बदरभागी छ ।

(ग) प्रतिवादी केशव बहादुर के.सी.ले सेवा प्रबेश पाउने प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट भएको अनुसन्धानबाट झुठ्ठा देखिएकोमा उक्त कार्यलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले भ्रष्टाचारजन्य कसुर मानेको र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले समेत उक्त प्रावधानलाई निरन्तरता प्रदान गरेको अवस्थामा अभियुक्तको कसुर कायम गर्ने प्रयोजनका लागि

सार्विक भ्रष्टाचार निवारण ऐन, २०१७ को दाबी उल्लेख गरिएकोमा प्रचलित कानूनले निर्धारण गरेको हदम्यादसम्बन्धी व्यवस्था विपरीत खारेज भइसकेको ऐनको हदम्याद सम्बन्धी व्यवस्थाको आधार ग्रहणगरी मुद्दा नै खारेज गर्ने गरी भएको प्रस्तुत फैसलामा गम्भीर कानूनी त्रुटि हुन पुगेको छ ।

९. झापा जिल्ला चन्द्रगढी गा.वि.स.१ मा घर भई मालपोत कार्यालय, डिल्लीबजारमा लेखापढी व्यबसायीको काम गर्ने डम्बरकुमार दाहाल .....
रामेछाप जिल्ला चुचुरे गा.वि.स.१ घर भई मालपोत कार्यालय, डिल्लीबजारको क्यान्टीनमा बस्ने युवराज खड्का.....
रजिष्ट्रेशन पास गर्ने क्रममा रिसवत लिई भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।३।१७
आयोगको दाबी र विशेष अदालतको फैसला

प्रत्यर्थी प्रतिवादीहरू समेत भएको उक्त मुद्दामा प्रत्यर्थीहरू मध्ये डम्बरकुमार दाहालको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३(२) अनुसार सोही ऐनको दफा ३(१)(घ) बमोजिम र युवराज खड्कालाइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरू मध्ये राजेन्द्र बुढाथोकी र लक्ष्मणप्रसाद भट्टराईंको हकमा कसुर ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) कृष्णप्रसाद घिमिरेले जिल्ला प्रशासन कार्यलय काठमाडौंमा दिएको उजूरी निवेदनमा राधा प्रधानको नामको घरजग्गा श्याम बानिया समेतको नाममा पारित गर्दा प्रतिवादी डम्बर कुमार दाहाल मार्फत प्रतिवादीहरू राजेन्द्र बुढाथोकी र लक्ष्मण भट्टराईलाई दिने भन्ने व्यहोरा उल्लेख भएको देखिए तापनि प्रतिवादी डम्बरकुमार दाहालबाट रकम बरामद भएको नदेखिएको ।

(ख) राधा प्रधानको नामको घरजग्गा पारित गर्ने कार्यमा निजको संलग्नता रहेको कुनै तथ्ययुक्त प्रमाणबाट देखिन नआएको ।

(ग) प्रतिवादी युवराज खड्काको साथबाट पनि रकम वा कसुरसँग सम्बद्ध चिजबस्तु बरामद भएको नदेखिएको ।

(घ) घर जग्गा पारित गर्ने कार्यमा निजको संलग्नता रहेको कुनै तथ्ययुक्त प्रमाण देखिन नआएको ।

पुनरावेदनका आधारहरू:

(क) राधा प्रधानको नामको का.जि.का.म.पा वडा नं. २४ स्थित कि.नं.१०५४,१०५६ र १४७७ का जग्गाहरू श्याम बानियां समेतको नाममा पास गरिदिन मालपोत कार्यालय, डिल्लीबजारमा जांदा रु ५,००,०००।- नदिएसम्म जग्गा पास नगरिदिने सो रकम लेखन्दास डम्बरकुमार दाहाल मार्फत बुझ्ने, निजले सो रकम खरिदार लक्ष्मण भट्टराईलाई दिने र निजबाट राजेन्द्र बुढाथोकी समेतले लिई राधा प्रधानको नामबाट श्याम बानियां समेतका नाउंमा जग्गा पारित गरिदिने शर्त भएको भनी मालपोत कार्यालय, डिल्लीबजारका मालपोत अधिकृत राजेन्द्र बुढाथोकी, खरिदार लक्ष्मण भट्टराई, लेखन्दास

डम्बरकुमार दाहाल र क्यान्टीनवाला युवराज खड्कालाई निजहरूले उक्त रकम लिएमा बरामद गरी कारबाही गरी पाउं भनी कृष्णप्रसाद घिमिरेले दिएको निवेदनबाट उत्थान भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूमध्ये राजेन्द्र बुढाथोकी को साथबाट बिभिन्न दरका रु तीनलाख र खरीदार लक्ष्मण भट्टराईको साथबाट बिभिन्न दरका रु दुई लाख रुपियां बरामद भएको तथ्यमा अदालत समेत सहमत भई निजहरूको कसुर ठहर गरेबाट सो वारदात भएको तथ्यमा बिबाद छैन ।

(ख) प्रतिवादी डम्बरकुमार दाहाललाई सफाई दिंदा फैसलामा निजको साथबाट रकम बरामद नभएको भन्ने आधार लिइएको तर्फ हेर्दा कृष्णप्रसाद घिमिरेले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा मिति २०६५।९।११ मा दिएको उजुरीमा यी प्रतिवादी मार्फत खरिदार लक्ष्मण भट्टराई र अधिकृत राजेन्द्र बुढाथोकीलाई दिने तय भएको र सोही बमोजिम निजले उपलव्ध गराएको घुस रकम निजहरूबाट बरामद भई सोही आधारमा निजहरूको कसुर कायम भएको छ । यसरी उक्त वारदातमा निजले कसुर ठहर भएका प्रतिवादीलाई घुस रकम उपलव्ध गराउने कार्य गरेको भन्ने आधारमा निज उपर सजायको मागदाबी लिइएको छ । उल्लिखित घुस रकम निजले अन्य प्रतिवादीहरूलाई उपलव्ध गराएको कारण निजहरूबाट बरामद भएको छ । यस्तो अवस्थामा यी प्रतिवादीहरूबाट समेत सोही रकम बरामद हुनु पर्ने भन्ने अत्तो थापी यी प्रतिवादीलाई सफाई दिन मिल्ने होइन ।

(ग) जग्गा धनीको छोरा गिरीस प्रधानले अदालत समक्ष गरेको बकपत्रमा आफूले मौकामा गरेको कागजलाई समर्थन गर्दै घरजग्गा पास गर्न राजेन्द्र बुढाथोकी समेतले लेखन्दास डम्बरकुमार दाहाल मार्फत र पटक पटक मेरा साथी बिरेन्द्र श्रेष्ठसँग लेनदेनको कुराकानी गर्दै रु पांचलाख माग गरेको र कृष्णप्रसाद घिमिरेले लेखन्दास डम्बरकुमार दाहाल मार्फत रकम दिएको भनी उल्लेख गरेका छन् । लेखन्दासलाई रकम दिएको भन्ने व्यहोरा कृष्णप्रसाद घिमिरेको अदालत समक्षको बकपत्रबाट समेत समर्थित भएको छ । उक्त घुसको रकम कृष्णप्रसाद घिमिरेले लेखन्दासलाई सो रकम दिएको भन्ने निजले जिल्ला प्रशासन कार्यालयमा दिएको उजूरी एवं अदालत समक्षको बकपत्रबाट समेत पुष्टि भइरहेको अवस्थामा उक्त प्रमाणलाई बेवास्ता गरी यी प्रतिवादीलाई सफाई दिएको फैसलामा प्रमाणको मुल्यांकनमा गंभीर त्रुटि हुन पुगेको छ ।

(घ) प्रतिवादी युवराज खड्काको हकमा कृष्णप्रसाद घिमिरेले जिल्ला प्रशासन कार्यालय, काठमाडौं समक्ष दिएको निवेदनमा यी प्रतिवादीलाई समेत पोल गरेको देखिन्छ । सोही निवेदन बमोजिम प्रतिवादीहरू राजेन्द्र बुढाथोकी र लक्ष्मण प्रसाद भट्टराईको साथबाट रकम बरामद भएको अवस्थामा निज लेखन्दास डम्बरकुमार दाहाल सोही स्थानमा उपस्थित रहेको बरामदी मुचुल्काबाट समेत पुष्टि हुन आएको अवस्था समेत हुँदा यी प्रतिवादीहरूलाई सफाई दिएको फैसला त्रुटिपूर्ण देखिन आएको छ ।

१० ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ४ वागडोल वस्ने नेपाल टेलिकम दुर संचार कार्यालय, पाटनमा सहायक (चौथो) तह स्टोरकिपर पदमा कार्यरत साधुराम थाप...
सिमकार्ड, रिमकार्ड र रिचार्ज कार्डहरू हिनामिना गरी खाई मासी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।३।२१
आयोगको दाबी र विशेष अदालतको फैसला :

प्रत्यर्थी साधुराम थापाले आफ्नो जिम्मामा रहेको सिमकार्ड, रिमकार्ड र रिचार्ज कार्डहरू हिनामिना गरी रु. ४२,७४,७००।- बराबरको रकम हिनामिना गरी खाई मासी भ्रष्टाचार गरेको अनुसन्धानबाट खुल्न आएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा ऐ. ऐनको दफा १७ तथा दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम सजाय गरी पाउने माग दाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीलाई कैद वर्ष ४ हुने र रु. ३६,१६,४००।- जरिवाना गरी सोही जरिवाना बराबरको रकम प्रतिवादीबाट नेपाल टेलिकमले असुल उपर गराई लिन पाउने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) रिम र सिम कार्डहरू निवेदकहरूबाट नागरिकता, निवेदन समेत लिई वितरण हुने प्रकृतिको भएको ।

(ख) सो अनुसार विक्रि वितरण नभई यो यस व्यक्तिलाई प्रतिवादीले नै बिक्री गरी रकम खाए मासेको दाबी वादी पक्षले लिन नसकेको हुँदा र रिम र सिम कार्डको बिगो रु. ६,५८,३००।- हिनामिना गरेको पुष्टि नहुने ।

पुनरावेदनका आधारहरू:

(क) आरोपपत्रमा उल्लेखित रिचार्जकार्ड, सिमकार्ड र रिमकार्ड प्रतिवादीको जिम्मामा रहेको भन्ने तथ्यमा विवाद रहेको छैन । सो तथ्यलाई प्रतिवादी स्वयंले समेत स्वीकार गरको अवस्था छ । मूल्य रु. ६,५८,३००।- बराबरका रिम र सिमकार्ड समेत हिनामिना भएको तथ्य अनुसन्धानबाट प्रष्ट रूपमा प्रमाणित भएको छ । ती रिम र सिमकार्डहरू रीतपूर्वक बिक्री भएको भन्ने अनुसन्धानबाट देखिन खुल्न आएको छैन । आफ्नो जिम्मामा रहेको रिम र सिमकार्ड नियमपूर्वक बिक्री वितरण गरी रकम जम्मा गरेको भन्ने प्रतिवादीको कथन नरहेबाट बिक्री हुनासाथ स्वतः Activate हुने (बुझिएका टेलिकममा पदाधिकारीहरूको कागजबाट खुलेको) रिम र सिमकार्ड समेत प्रतिवादीले नै हिनामिना गरी रकम खाई मासेको तथ्य प्रमाणित भई रहेको अवस्थामा रिम र सिमकार्डको मूल्य कटाई बिगो रु. ३६,१६,४००।- मात्र ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) अतः उल्लेखित आधार र कारणबाट विशेष अदालतको बिगो कम ठहर गरेको हदसम्म फैसला त्रुटिपूर्ण हुँदा सो फैसला सो हदसम्म बदर गरी बिगोका हकमा समेत प्रतिवादीलाई आरोपत्रमा उल्लेखित बिगोकै आधारमा सजाय गरी पाउँ ।

११. काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३४ मिन भवन सिद्धिचरण मार्ग घर भई नेपाल टेलिभिजनमा तह ६ क्यामराम्यान पदमा कामगर्ने रत्नहजुर सेन.....
झुठ्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।४।१९
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रत्यर्थी उपर झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप पत्र दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६६।४।१९ मा दाबी खारेज हुने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) मिति २०५७।३।२२ मा इण्टरमिडिएटको प्रमाणपत्र झिकी पाउ भनी प्रतिवादीले नेपाल टेलिभिजनमा निबेदन दिएकोमा कुनै कारबाही नगरी प्रतिवादीको इन्टरमिडिएटको प्रमाणपत्र फायलमा नरहेको सरह मानी नेपाल टेलिभिजनले निजलाई बढुवा गर्नुका साथै प्रोत्साहन पुरस्कार समेत दिएको पाइएको ।

(ख) प्रतिवादीको इण्टरमिडिएटको प्रमाणपत्र नक्कली भएको जानकारी नेपाल टेलिभिजनले ई.सं. २८।१।१९९९ मा प्राप्त गरेकोमा सो संस्थान सार्वजनिक संस्थान भएकोले त्यसले पाएको जानकारी सरकारले पाएको सरह नै मान्नु पर्ने अवस्था रहेको भएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को प्रावधान अनुसार जानकारी प्राप्त भएको मितिले ५ बर्षभित्र कारबाही चलाएको नदेखिएको ।

पुनरावेदनका आधारहरू:

(क) नेपाल टेलिभिजनमा कार्यरत कर्मचारीहरूको शंकास्पद शैक्षिक प्रमाणपत्र सो संस्थानबाट छानवीन गरी ती कर्मचारीहरूको नाम र हालको पद संलग्न गरी नेपाल टेलिभिजनको च. नं. ६०९ मिति २०६२।६।९ मा पठाएकोमा क्यामराम्यान रत्नहजुर सेनको नाम र निजले पेश गरेको १९९७ को इण्टरमिडिएट तहको शैक्षिक प्रमाणपत्र समेत यस आयोगमा प्राप्त हुन आएकोमा सोही सूचनाको आधारमा आयोगबाट अनुसन्धान भई निज उपर मुद्दा दायर भएको हो । फैसलाको ठहर खण्डमा ...."निजको इण्टरमिडिएट परीक्षामा उत्तीर्ण गरेको भनी पेश भएको प्रमाणपत्र सम्बन्धमा सो जारी गर्ने अधिकृत निकाय माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीलाई बुझ्दा मिति २९।३।२००६ को पहिलो र ४।१०।२००७ को दोश्रो पत्रद्वारा प्राप्त जवाफबाट प्रतिवादीको प्रमाणपत्र जाली भएको कुरा स्पष्ट भएको....." भन्ने समेतको व्यहोरा उल्लेख भएको हुँदा प्रतिवादीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र प्रयोग गरेको भन्ने तथ्यमा अदालत समेत सहमत भएकोले सो सम्बन्धमा थप बिबेचना गरिरहन परेन ।

(ख) प्रतिवादीले पेश गरेको इण्टरमिडिएटको प्रमाणपत्र नक्कली भएको जानकारी नेपाल टेलिभिजनले ई.सं. २८।१।१९९९ मा प्राप्त गरेको भनी फैसलाले टेकेको आधार तर्फ हेर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(१) मा भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा अन्य कारबाही चलाउन सक्ने व्यवस्था रहेको छ । उक्त दफामा उल्लिखित आयोगलाई प्राप्त भएको जानकारी भन्ने वाक्यांशबाटै आयोगले जानकारी पाएको मितिबाट मात्र हदम्याद शुरु हुने स्पष्ट देखिएकोमा सो वाक्यांशको गलत अर्थ गरी नेपाल टेलिभिजनले जानकारी पाएकोले

हदम्याद सकिएको भनी दाबी खारेज गरेको फैसला प्रथम दृष्टिमा नै त्रुटिपूर्ण भई बदरभागी छ ।

(ग) प्रतिवादीले मिति २०५७।३।२२ मा इण्टरमिडिएटको प्रमाणपत्र झिकी पाउन नेपाल टेलिभिजनमा निबेदन दिएकोमा कुनै कारबाही नगरी प्रतिवादीको इन्टरमिडिएटको प्रमाणपत्र फायलमा नरहेको सरह मानी नेपाल टलिभिजनले निजलाई बढुवा गर्नुका साथै प्रोत्साहन पुरस्कार समेत दिएको पाइएको भनी फैसलाले आधार बनाएको सम्बन्धमा निजले यस आयोग समक्ष गरेको बयानमा आफूले तह ६ मा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बढुवा फारमसाथ सो प्रमाणपत्र पेश गरेको भनी स्वीकार गरेको पाइन्छ । यसरी निजले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरेको कार्य नै कसुरजन्य भएको अवस्थामा नेपाल टेलिभिजनले निजलाई पुरस्कृत गरेको कार्यले मात्र निजले कसुरबाट उन्मुक्ति पाउन सक्ने अवस्था नरहने स्पष्ट छ ।

१२ काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३४ बानेश्वर भिमसेनगोला घरभई भुमिसुधार कार्यालय झापामा शाखा अधिकृत पदमा कार्यरत मधुसूदन थपलिया.....
रुपन्देही जिल्ला बुटवल न.पा.वडा नं. १० सुख्खानगर बस्ने लक्ष्मीप्रसाद ज्ञवाली.....
नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स. वडा नं.१ बस्ने किर्तीनाथ चालिसे.. .....
नवलपरासी जिल्ला मुकुन्दपुर गा.वि.स. वडा नं. १ बस्ने रामबहादुर हमाल.....
नवलपरासी जिल्ला सनई गा.वि.स. वडा नं. ३ बस्ने रामपलटप्रसाद चौधरी.....
नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स. वडा नं.२ बस्ने केशवराज सापकोटा.....
रुपन्देही जिल्ला शंकरनगर गा.वि.स.वडा नं. ९ मा जनकलाल कर्माचार्यको घरमा डेरा गरी बस्ने प्रेमप्रसाद अधिकारी..... .....
मोरङ जिल्ला विराटनगर उप म.न.पा. वडा नं. २ तीनपैनी बस्ने माधवप्रसाद शर्मा.....
सार्वजनिक गौचर जग्गा दर्ता गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।३।११
आयोगको दाबी र विशेष अदालतको फैसला :

प्रत्यर्थी प्रतिवादीहरू भएको उक्त मुद्दामा प्रतिवादीहरू मध्ये मधुसूदन थपलिया, किर्तीनाथ चालिसे, रामबहादुर हमाल, रामपलटप्रसाद चौधरी, लक्ष्मीप्रसाद ज्ञवाली, माधवप्रसाद शर्मा र प्रेमप्रसाद अधिकारीको हकमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) अनुसार तथा केशवराज सापकोटाको हकमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूले आरोपित कसुरबाट सफाई पाउने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) सावित कि.नं.१५० को जग्गा सावित जग्गा धनी सर्वजित बोटेसँग मिति २०२२।२।११ मा रु. २५००।- मा खरिद गरी लिखत पारित गराई लिएकोमा नापी हुँदा फिल्डबुकमा गौचर भनी जनिएको भए पनि निजी दर्ता भोगको भएकोले छुट दर्ता गरी पाउं भनी प्रतिवादी

केशवराज सापकोटाको निबेदन परी मालपोत विभाग समेतसँग सहमती लिई मिति २०५५।३।९ मा सो जग्गा निबेदकको नाममा दर्ता गर्ने निर्णय भएको देखिएको ।

(ख) प्रतिवादी केशवराज सापकोटाले आफ्नो हकको जोत भनी पेश गरेको मिति २०२२।२।११ को राजिनामा लिखतलाई बादी पक्षले अन्यथा भनी दाबी लिन नसकेको ।

(ग) राजिनामाको पूर्व कित्तामा नारायणी नदी भएकोमा कि.नं. ३७५ को पूर्व नारायणी नदी देखिएको र साविक कि.नं. १५० बाटै कित्ता फोड भई कायम भएको कि.नं. ३७३ को जग्गा जगन्नाथ सोतीको नाममा दर्ता भई निजको कायम भएकोमा त्यसलाई अन्यथा भनी बादी पक्षले दाबी लिन नसकेको ।

(घ) गौचर भएको ठोस प्रमाण पेश भई प्रमाणित भएका बखत व्यक्तिको नाममा दर्ता भए पनि त्यस्तो दर्ता स्वत: बदर हुने मालपोत ऐन, २०३४ मा व्यवस्था भएको ।

पुनरावेदनका आधारहरू:

(क) नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स. वडा नं. २(क) कि.नं. ३७४ र ३७५ का जग्गाहरू मिति २०२९ को नापीमा गौचर जनिएकोमा प्रतिवादी केशवराज सापकोटाले नापीको उक्त निर्णयलाई स्वीकार गरी बसेको र मालपोत ऐन, २०३४ को दफा २४ र छुट जग्गा दर्ता कार्यनीति २०५४ को खण्ड ज. ग बमोजिम गौचर जनिएको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्न प्रतिबन्ध लगाएको तथ्यमा बिबाद छैन ।

(ख) विवादीत कि.नं. ३७४ र ३७५ का जग्गाहरू २०२२ सालको राजिनामा अनुसारका जग्गा हुन् भनी प्रतिवादी केशवराजले उल्लेख गरे तापनि पारित राजिनामामा दक्षिण तर्फ आफ्नै पाखो जग्गा, पूर्व नारायणी बगर, पश्चिम वीरबहादुर बोटेको आवादी र उत्तर सिमलका रुख भनी उल्लेख भएकोमा कि.नं. ३७४ र ३७५ को दक्षिण तर्फ कि.नं. १५१ नारको फिल्डबुकमा नारायणी बगर उल्लेख छ । कि.नं. ३७४ र ३७५ निबेदकको साविक लगत र तिरोभित्रको जग्गा हो भने दक्षिणतर्फको कि.नं. १५१ नारायणीको बगर पनि निजकै हुनु पर्ने हो तर १५१ नारायणीको वगर हो भनी प्रतिवादीले बयानमा स्वीकार गरेकोले पेश भएको राजिनामा लिखत अनुसारको जग्गा कि. नं. ३७४ र ३७५ होइन भन्ने पुष्टि हुन आउंछ । अभियोग पत्रको प्रकरण ४(घ), (ङ), (च), (छ) मा सोही तथ्यलाई औंल्याइएकोमा त्यसतर्फ बेवास्ता गरी २०२२ सालको राजिनामा लाई अन्यथा भन्न नसकेको भनी फैसलाले लिएको आधार आत्मनिष्ठ छ ।

(ग) कि.नं. ३७३ को जग्गा जगन्नाथ सोतीको नाममा दर्ता भई निजको कायम भएकोमा त्यसलाई अन्यथा भनी बादी पक्षले दाबी लिन नसकेको भनी फैसलामा उल्लेख भएको सम्बन्धमा गैंडाकोट गा.वि.स. वडा नं. २क. साविक कि.नं. १५० को गौचर जग्गाबाट कित्ताकाट गरी कायम हुन आएको कि.नं. ३७३ को क्षेत्रफल १३-०-० जग्गा जगन्नाथ सोतीका नाउंमा २०३७ सालमा दर्ता गरेको भन्ने देखिए तर्फ छानबिन गरी राय सहितको प्रतिबेदन ३ महिनाभित्र यस आयोगमा पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिवलाई लेखी पठाउने भन्ने समेत यस आयोगबाट मिति २०६३।१।२० मा निर्णय भएकोमा अभियोग साथ उक्त निर्णयको प्रति समेत पेश गरिएकोमा त्यसतर्फ अदालतको ध्यान पुग्न सकेको पाइँदैन ।

(घ) प्रतिवादी केशवराज सापकोटाले २०२९ सालको नापीमा एक पटक प्रमाण लगाई १४२ रोपनी जग्गा दर्ता गरी सकेकोमा सोही प्रमाणबाट झुठ्ठो व्यहोराको निवेदन पेश गरी मालपोत कार्यालयका कर्मचारी लगायतका व्यक्तिहरू समेतसँगको मिलेमतोमा मालपोत ऐन, २०३४ को दफा २४ ले दर्ता नै गर्न नमिल्ने गौचर दर्ता गरी आफू र अन्य प्रतिवादीहरूलाई समेत लाभ पुऱ्याउने र सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गर्ने कसुर गरेको स्पष्ट हुन आएको छ । प्रतिवादीहरूले गौचर जग्गा व्यक्तिको नाममा दर्ता गरिदिन सिल्सिलेवार रूपमा अख्तियार दुरुपयोग गरेको काम कारबाही भ्रष्टाचार निवारण ऐन, अन्तर्गत कसुरजन्य भएको स्पष्ट हुँदा हुँदै गौचर भएको प्रमाण पेश भएमा मालपोत ऐन बमोजिम त्यस्तो दर्ता कार्य बदर हुन सक्ने भन्ने आधारमा प्रतिवादीहरूलाई कसुरबाट उन्मुक्ति दिएको फैसला त्रुटिपूर्ण छ ।

१३ नवलपरासी जिल्ला सुनवल गा.वि.स.वडा नं. ३ कीर्तिपुर बस्ने राजा माध्यमिक विद्यालय, पञ्चनगर, नवलपरासीका प्रधानाध्यापक दिलिपकुमार मल्ल ठकुरी ..... भ्रष्टाचार मुद्दा ।

फैसला मिति : २०६६।४।१९
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी प्रतिवादी भएको उक्त मुद्दामा निजलाई बिगो रु २४,३८,८०३।९१ कायम गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सजाय हुनका साथै निजले विद्यालयको भ्रष्टाचार गरेको रकम मध्येबाट मिति २०५५।९।२० मा खरीद गरेको नवलपरासी जिल्ला स्वाठी गा.वि.स.-१(क) कि.नं. २०१ को क्षेत्रफल ०-१८-० र सोमा बनेको घर समेत साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ अनुसार जफत गरी नपुग बिगो बापत निजको अन्य सम्पत्तिबाट असूल गरी राजा माध्यमिक विद्यालय, नवलपरासीलाई दिलाई भराई पाउन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप पत्र दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६६।४।१९ मा प्रतिवादीलाई रु २१,७२,२८३।९१ बिगो कायम गरी सजाय हुने र जफत तर्फको मागदाबी पुग्न नसक्ने ठहर गरी फैसला भएको ।

विशेष अदालत, काठमाडौंबाट प्रतिवादी उपरको कसुर कायम भइसकेको हुँदा मागदाबी भन्दा कम बिगो कायम गरी सजाय ठहर गरेको र भ्रष्टाचार गरेको रकमबाट खरीद गरेको घरजग्गा जफत नगरेको हदसम्म मात्र प्रस्तुत पुनरावेदन पत्रमा जिकिर लिइएको

फैसलाका आधारहरूः

(क) प्रतिवादीले आफ्नो जिम्मामा रहेको विद्यालयको नगद सम्पत्ति मध्येबाट रु १,४१,५२०।- नवलपरासी शाखामा रहेको च.हि नं. १४४० मा मिति २०६१।३।२७ मा जम्मा गरेको ।
(ख) प्रतिवादीले रु ६५,०००।- बामदेव सुबेदीलाई दिएको भनी बयानमा उल्लेख गरेकोमा निजले अदालतमा आई सोही मिलानको बकपत्र गरेको देखिएको ।
(ग) तीनसय रुपैयाँका दरले शुल्क उठाउने गरेका दुईसय प्रति सर्टिफिकेट विद्यालयभन्दा बाहिर लगी अन्यत्रैबाट वितरण गरी रु. ६०,०००।- हिनामिना गरेको भन्ने दाबी रहेकोमा

उक्त सर्टिफिकेट प्रतिवादीको जिम्मामा रही आफैंले आफूखुसी वितरण गरेको तथ्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नआएको ।

(घ) जफत तर्फ उक्त जग्गा प्रतिवादीका बुवाले आफ्नो नाममा २०४१।१२।१० मा घरसारको कागज गराई दिएको र सोही जग्गा २०५५।९।२० मा प्रतिवादीको पिताबाट रु ९९,०००।- मा हकहस्तान्तरण भई आएको देखिएको र सो जग्गामा निजले कृषि विकास बैंक नबलपरासीबाट ऋण लिई घर निर्माण गरेको देखिन आएको ।

पुनरावेदनका आधारहरू:

(क) प्रतिवादी राजा मा.बि. पञ्चनगर, नवलपरासीमा मिति २०४४।१।१० देखि २०५१।११।१५ सम्म कार्यरत रहेको र सो अवधिमा प्रधानाध्यापकको नाताले आफूले आर्थिक रेखदेखसम्बन्धी कार्य समेत गरेको तथ्यमा बिबाद छैन । निजले विद्यालयको नामको ३-१८-० क्षेत्रफलको जग्गा बिक्रीबाट आएको रुपैयाँमध्ये केही रकम मात्र विद्यालयको खातामा जम्मा गरी अन्य रकम आफैंले मासेको, विद्यालयमा फि, प्रमाणपत्र वितरण लगायत अन्य श्रोतबाट हुने आम्दानी समेत विद्यालयको खातामा जम्मा नगरी आफैंसँग राखी बैंक खाताको पासबुकमा आफैंले चढाउने र संचालक समितिलाई हिसाव यथावत रहेको भन्ने देखाउन खोजेकोको भन्ने लेखापरीक्षण प्रतिबेदन र बैंक स्टेटमेण्टबाट देखिएको समेतका तथ्यलाई फैसलाले समेत स्वीकार गरेको छ । यसरी प्रतिवादीले सो विद्यालयमा आफू कार्यरत रहेको अवधिमा रकम हिनामिना गरेको भन्ने लेखा प्रतिबेदनले देखाएको तथ्यलाई समेत स्वीकार गरिसकेको अवस्थामा प्रतिवादीले कसुरबाट हुने सजायबाट बच्न सकिन्छकी भनी आफूले हिनामिना गरेको रकम मध्येको रु १,४१,५२०।- धेरै बर्षको अन्तरालमा अर्थात् मिति २०६१।३।२७ मा विद्यालयको बैंक खातामा जम्मा गरेको आधारमा मात्र सो रकमको हकमा बिगो कायम नगरेको फैसला त्रुटिपूर्ण छ । निजले बुझाएको सो रकम राजा मा.बि. नवलपरासीले भराई पाउने रकममा कट्टा गर्नु पर्नेमा त्यसो नगरी बिगो नै कम कायम गरेको फैसला त्रुटिपूर्ण छ ।

(ख) त्यसैगरी रु ६५,०००।- वामदेव सुबेदीलाई दिएको भनी प्रतिवादीले जिकिर लिएको र बामदेव सुबेदीले अदालत समक्षको बकपत्रमा सो रकम आफूले लिएको हो भनी उल्लेख गरे तापनि विद्यालयको रकम काम विशेषको लागिसम्म केही समयको लागि लिन पाउने हो । काम सम्पन्न भइसकेपछि त्यसरी लिएको रकम फर फारक गर्नुपर्ने हुन्छ । सो बमोजिम प्रतिवादीले जिकिर लिन नसकेको र बामदेवले समेत रकम लिएको स्वीकार गरेबाट प्रतिवादीले सो रकम समेत हिनामिना गरेको स्पष्ट हुन आएको छ । विद्यालयको रकम अन्य व्यक्तिलाई बिना काम दिएको पुष्टि भएको अवस्थामा समेत सो रकमलाई बिगोमा कायम नगरेको फैसला त्रुटिपूर्ण देखिन्छ ।

(ग) तीनसय रुपैयाँका दरले शुल्क उठाउने गरेका दुईसय प्रति सर्टिफिकेट विद्यालयभन्दा बाहिर लगी अन्यत्रैबाट वितरण गरी ६०,०००।- हिनामिना गरेको भन्ने दाबी लिईएकोमा प्रतिवादीले अदालत समक्ष बयान गर्दा समेत उक्त सर्टिफिकेट आफ्नो जिम्मामा नरही लेखापालको जिम्मामा रहेको भनी जिकिर लिए तापनि लेखापाललाई जिम्मा दिएको पुष्टि हुने बस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको पाइँदैन । उक्त बयानमा प्रा.बि. देखि एस. एल.सी. सम्मको एउटै सर्टिफिकेट प्रयोग हुंदै आएको, प्रा.वि.को सर्टिफिकेट को रु १००।- र नि.मा.बि.को सर्टिफिकेटको रु २००।- र एस.एल.सी.को सर्टिफिकेट प्रतिगोटा प्राप्त भएको

रकमबाट रु ६०,०००।- आम्दानी हुंदैन भनी उल्लेख गरेको व्यहोराबाटै ति सर्टिफिकेटहरू निजको जिम्मामा रहेको र निजले नै आफूखुसी वितरण गर्ने गरेको तथ्य पुष्टि हुन आएको अवस्थामा सो बिगो कायम नगरेको त्रुटिपूर्ण छ ।

(घ) प्रतिवादीले मौकामा बयान गर्दा विद्यालयको हिनामिना गरेको रकमबाट आफूले सुनवल गा.वि.स. वडा नं. ३ किर्तीपुरमा कि.नं.३९० क्षेत्रफल ०-१८-० जग्गा रु १८ लाखमा खरीद गरेको तथ्यलाई स्वीकार गरेका छन् । उक्त जग्गाको सम्बन्धमा मिति २०४१।१२।१० मा यी प्रतिवादीको बाबुको नाममा पास गरिदिने भनी घरसारको कागज भए गरेको अवस्थासम्म देखिन्छ । सोही जग्गा यी प्रतिवादीको नाममा २०५५।२।२० मा आएको भन्ने तथ्यलाई फैसलाले समेत स्वीकारेको अवस्थामा प्रतिवादीले मौकामा गरेको बयान व्यहोरा पुष्टि हुन आई उक्त जग्गा मागदाबी बमोजिम जफत गर्नु पर्नेमा सो नगरेको फैसला त्रुटिपूर्ण देखिन आएको छ । यसैगरी निजले उक्त जग्गा धितो राखी कृषि विकास बैंकबाट ऋण लिएको भनी उल्लेख भए तापनि सो जग्गामा घर निर्माण गर्ने प्रयोजनको लागि नै ऋण लिएको हो भनी यकीनका साथ भन्न सकेको अवस्था छैन । प्रस्तुत विषयमा प्रतिवादीले अदालत समक्षको बयानमा समेत कुनै जिकिर लिन नसकेको अवस्थामा निजको उक्त जग्गा जफत नगरेको फैसला त्रुटिपूर्ण देखिन आएको छ ।

१४ जिल्ला सिन्धुली, कमलामाई न.पा.वडा नं. ६ वस्ने मालपोत कार्यालय, काभ्रेपलाञ्चोकको खरिदार पदमा कार्यरत गणेशबहादुर भट्टराई .....
नामसारी गर्दा घुस रिसवत लिई भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।५।३
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रस्तुत मुद्दामा प्रतिवादीहरू मध्येका गणेशबहादुर भट्टराईको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) र प्रतिवादी माधवप्रसाद पराजुलीका हकमा ऐ.ऐनको दफा ३(२) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट प्रतिवादी मध्येका गणेशबहादुर भट्टराईका हकमा आरोपित कसुरबाट सफाई पाउने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरू:
(क) प्रतिवादीले आरोपित कसुर गरेको इन्कार गरेका ।
(ख) प्रतिवादीले घुस रकम लिन मन्जुर गरेको तथ्य शंकारहित तवरबाट पुष्टि हुन नसकेको ।
(ग) प्रतिवादीबाट दशीको रकम बरामद नभएको ।
(घ) जाहेरवालाले उपस्थित भई बकपत्र गर्न नसकेको ।

पुनरावेदनका आधारहरू:

(क) जाहेरवाला ओमप्रकाश वाग्लेकी श्रीमती सीतादेवी वाग्लेको नामको जि.काभ्रे श्रीखण्डपुर गा.वि.स.वडा नं. ६ का कि.नं. १७१६,१७१८ र १७३६ का जग्गाहरू ओमप्रकाश वाग्लेका नाममा नामसारी गर्न मालपोत कार्यालय, काभ्रेमा पेश भएको निवेदन उपर कारबाही गरीदिन सो कार्यालयका खरीदार प्रतिवादी गणेशबहादुर भट्टराईले लेखनदास माधवप्रसाद

पराजुलीसँग मिलेमतो गरी जाहेरवाला ओम प्रकाश वाग्लेसँग घुस, रिसवत लिन मन्जुर गरी निजकै सहमतिमा मिति २०६५।१२।२६ गतेका दिन लेखनदास माधव प्रसाद पराजुलिलाई रिसवत बापत रु.४,०००।- बुझाएपछि मात्र जग्गा नामसारीको कारबाही गरिदिएको कसुरमा प्रतिवादी गणेशबहादुर भट्टराई उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ द्वारा वर्णित "रिसवत लिन मंजुर गरेको" अभियोगमा सोही ऐनको दफा ३(१)(क) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएको हो ।

(ख) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ ले राष्ट्र सेवकबाट आफ्नो ओहदासम्बन्धी काम गर्दा कुनै व्यक्तिसँग रिसवत लिन मन्जुर गरेको अवस्थालाई पनि कसुरजन्य कार्य मानी दण्ड सजायको व्यवस्था गरेको छ । प्रस्तुत वारदातका सम्बन्धमा निवेदक ओम प्रकाश वाग्लेले मिति २०६५।१०।२९ का दिन आवश्यक कागज प्रमाण सहित जग्गा नामसारीका लागि मालपोत कार्यालय, काभ्रेमा निवेदन पेश गरेका र त्यस दिनपछि पनि पटक पटक आफ्नो निवेदन उपरको कारबाहीका लागि फाँटवाला खरिदार गणेशबहादुर भट्टराई र लेखनदास माधवप्रसाद पराजुलीसँग अनुनय विनय गर्दा समेत यी प्रतिवादीहरूले सेवाग्राहीसँग रिसवत माग गरी रुपैया प्राप्त गर्न नसकेको कारण काममा अनावश्यक विलम्ब र आलटाल गर्ने गरेको तथ्य निवेदक ओम प्रकाश वाग्लेले जिल्ला प्रशासन कार्यालय, काभ्रेमा मिति २०६५।१२।२६ मा पेश गरेको निवेदन, अनुसन्धान अधिकृत समक्ष गरिदिएको कागज, बरामदी मुचुल्का समेतका तथ्यबाट पुष्टि भएको छ । प्रतिवादीले अनुसन्धान अधिकृत र अदालतमा समेत बयान गर्दा निवेदकसँग रकम माग गरेको तथ्यलाई इन्कार गरेका भएतापनि जाहेरवाला ओमप्रकाश वाग्लेले के कति कारण आफु उपर आरोप लगाएका हुन् भन्ने तथ्यलाई विश्वासलायक आधार प्रमाणबाट खण्डित गर्न सकेका छैनन् । अभियुक्तको प्रमाण रहितको ईन्कारी मात्र निजको बचाउको आधार हुन सक्तैन । जाहेरावलाको किटानी उजुरी निवेदन र सोही मिलानको कागज, सह अभियुक्त माधवप्रसाद पराजुलीबाट नगद बरामद भएको अवस्था र वारदातका प्रत्यक्षदर्शी दिवाकर ज्ञवालीले मौकको कागजलाई समर्थन गर्दै अदालत समक्ष गरिदिएको बकपत्रबाट समेत निजको ईन्कारी बयान खण्डित भइसकेको अवस्था हुँदा त्यस्तो इन्कारी बयानका आधारमा मात्र निज प्रतिवादीलाई सफाई दिने गरी भएको प्रस्तुत फैसलाको निर्णयाधारसँग सहमत हुनसक्ने अवस्था छैन ।

(ग) प्रस्तुत वारदातका प्रत्यक्षदर्शी दिवाकर ज्ञवाली निवेदक ओमप्रकाश वाग्लेसँग मिति २०६५।१२।२६ का दिन मालपोत कार्यालय, काभ्रेमा उपस्थित रहेका र निवेदक ओमप्रकाश वाग्ले, फाँटवाला खरिदार प्रतिवादी गणेशबहादुर भट्टराई र लेखनदास माधवप्रसाद पराजुली बीचमा भएका बार्ता र काम कारोवारका सम्बन्धमा प्रत्यक्षदर्शी, जानकार व्यक्ति हुन् । निजले अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा उक्त वारदातका दिन जाहेरवाला ओमप्रकाश वाग्लेले प्रतिवादी गणेशबहादुर भट्टराईसँग भएको सहमती अनुसार नै लेखनदास माधवप्रसाद पराजुलीलाई भेटी रिसवत बापत रु. ४,०००।- बुझाएपछि निज फाँटवाला गणेशबहादुर भट्टराईले ४५ मिनट भित्रमै जग्गा नामसारीको कारबाही गरिदिएका, लेखनदासले सो रकम खरिदार गणेशबहादुर भट्टराईलाई दिन भनी लिएको, लेखनदासलाई दिएको रकमको भरपाई माग्दा घुस रकमको बिल दिन नमिल्ने भनी बताएका । यी प्रतिवादिले गाह्रो काम सजिलोसँग गरिदिएको छु बिल दिन नमिल्ने भनी बताएका भन्ने समेतको व्यहोरा उल्लेख गरी गरिदिएबाट यिनै प्रतिवादीको सहमतिमा

लेखनदास माधवप्रसाद पराजुलीले जाहेरवालासँग रिसवत लिएको तथ्य स्पष्ट भएको छ। निज दिवाकार ज्ञवालीले विशेष अदालत समक्ष पुर्पक्षको क्रममा गरेको बकपत्रको स.ज. ५ मा आफूले अनुसन्धान अधिकृत समक्ष गरेको मौकको कागजलाई सनाखत गर्दै स.ज. ८ मा प्रस्तुत वारदातका सम्बन्धमा आफूलाई थाहा भएको सम्पूर्ण तथ्य अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा खुलाइदिएको छु भनी लेखेको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा १८ ले अनुसन्धानको क्रममा भएको बयानलाई साक्षीले अदालत समक्ष उपस्थित भई सनाखत गरेको कुरालाई प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने अनिवार्य कानूनी व्यवस्था विपरीत प्रतिवादी उपर शंकाको अवस्था सृजना भएको भन्ने मनोगत आधारमा भएको फैसला त्रुटिपूर्ण रहेको छ।

(घ) प्रस्तुत मुद्दाको उठान मिति २०६५।१२।२६ का दिन जाहेरवाला ओमप्रकाश वाग्लेले जिल्ला प्रशासन कार्यालय, काभ्रेमा यी प्रतिवादी गणेशबहादुर भट्टराई समेतले आफ्नो काम गरिदन घुस रकम मागेको भनी कारबाही गरिपाउन नाम किटानी गरी दिएको निवेदनबाट भएको र यी प्रतिवादीको संलग्नता सम्बन्धमा पिडित ओमप्रकाश वाग्लेले अनुसन्धान अधिकृत समक्ष गरेको कागजमा सविस्तार आफ्नो व्यहोरा लेखाइदिएबाट प्रतिवादी उपरको कसुर खम्भीर भएको अवस्था छ। यिनै जाहेरवालाले दिएको उजुरी निवेदन र मौकामा गरेको कागजलाई प्रमाणको रूपमा ग्रहण गरी अर्का प्रतिवादी लेखनदास माधवप्रसाद पराजुली उपर कसुर ठहर गरी दण्ड सजाय समेत गर्ने गरी फैसला भइसकेको अवस्थामा जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गर्न नसकेको भनी यी प्रतिवादीलाई सफाई दिन लिइएको आधार प्रमाणको प्रयोग एकरूपताको सिद्धान्त विपरीत छ। एउटा प्रतिवादीका हकमा ग्रहण गरिसकिएको तथ्यलाई अर्का प्रतिवादीका हकमा प्रमाण लाग्न नसक्ने भनी गरिएको विश्लेषण न्यायीक संयमता (Judicial selfrestraint) विपरीत हुन्छ। मिसिल संलग्न आधार र प्रमाण पक्षहरूका बीचमा समान रूपमा लागू हुनु पर्दछ। एउटा अभियुक्तका हकमा अकाट्य प्रमाणका रूपमा ग्रहण गरिएको तथ्यलाई अर्का अभियुक्तका हकमा लागू हुन नसक्ने भनी तर्क गर्नु न्याय संगत हुन सक्तैन। जाहेरवाला ओम प्रकाश वाग्लेले अदालत समक्ष उपस्थित भई बकपत्र गर्न नसकेका भएतापनि निजले मौकामा दिएको निवेदन र गरेको कागजको व्यहोरालाई प्रतिवादी माधवप्रसाद पराजुलीको साथबाट रकम बरामद भएको तथ्यले समर्थित गरी सकेको अवस्था एका तर्फ रहेको छ भने अर्को तर्फ माधवप्रसाद पराजुलीले घुस बापत रकम लिएको तथ्यलाई अदालत स्वयम्ले स्वीकार गरी सकको छ। गैर राष्ट्र सेवकले राष्ट्रसेवकलाई प्रभावमा पार्न बाहेक निवेदकसँग काम कारोवारको क्रममा रकम लिने दिने गरी गरेको कार्य मात्रलाई प्रचलित भ्रष्टाचार निवारण ऐनले कसुरको रूपमा व्याख्या गरेको अवस्था नरहेको र भ्रष्टाचारजन्य कार्यका लागि राष्ट्रसेवकको संलग्नता कुनै न कुनै रूपमा जोडिएको हुनुपर्दछ। प्रस्तुत वारदातका सम्बन्धमा निवेदकले रिसवत बापतको रकमको व्यवस्था भएको जानकारी यी फाँटवाला प्रतिवादी र लेखनदासलाई गराएपछि ४५ मिनेट भित्रमै सवै प्रक्रिया पुरा गरी नामसारीको कार्य फछ्यौंट गरिदिएबाट प्रतिवादीको मनसाय दुषित रहेको स्पष्ट हुन्छ। राष्ट्र सेवकले आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा सेवाग्राहीसँग रिसवत लिन मन्जुर गरेको कार्यलाई मात्र पनि दण्डनइी गर्ने कानूनको मनसाय रहेको र मिसिल संलग्न तथ्यहरूबाट प्रतिवादीले लेखनदास मार्फत उजुरकर्तासँग रिसवत लिन मञ्जुर गरेको कसुर समर्थित भइरहेको अवस्थामा दाबी भन्दा विपरीत गई प्रतिवादीको साथबाट रकम बरामद नभएको भन्ने समेतको आधार ग्रहण गरी भएको फैसला त्रुटिपूर्ण छ।

१५ ओखलढुंगा जिल्ला ओखलढुंगा गा.वि.स.वडा नं. ६ वस्ने लालुदास श्रेष्ठ.....
संभ्कौता बमोजिम नून ढुवानी नगरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।४।२६
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय गरी बिगो समेत अशुल उपर गरीपाउन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट प्रतिवादी उपर मागदाबी बमोजिमको कसुर ठहर गरी बिगो अशुल उपर तर्फको दाबी पुग्न नसक्ने भनी फैसला भएको ।

प्रतिवादी लालुदास श्रेष्ठ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर ठहर गरी निजलाई बिगो बमोजिम रु. २,३९,०००।- जरिवाना गर्ने गरी फैसला भई सकेको हुँदा सो हदसम्म केही गरिरहनु पर्ने नदेखिएको ।

पुनरावेदनको आधारः

(क) प्रतिवादी लालुदास श्रेष्ठले आ.व. २०६२/२०६३ का लागि भैरहवाबाट गोरखा जिल्लाको सिर्दिवास सम्म २०० क्वीन्टल नून ढुवानी गर्न साल्ट ट्रेडिङ लिमिटेडसँग सम्झौता गरी १०० क्विन्टल नून मात्र ढुवानी गरी २०० क्विन्टल नून ढुवानी गरेको भन्ने झुट्ठा बिल भरपाई बनाई रु. २,३९,०००।-गैर कानूनी रूपमा भुक्तानि लिई सार्वजनिक संस्थालाई हानि र आफूलाई गैर कानूनी लाभ लिने कार्य गरेको प्रमाणित भएको हुँदा निज प्रतिवदी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम दण्ड सजाय गरी बिगो समेत अशुल उपर गरी पाउन मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र पेश भएको हो । प्रतिवादीको उल्लेखित कार्यबाट सार्वजनिक संस्था साल्ट ट्रेडिङ लिमिटेडलाई बिगो रु.२,३९,०००।- बरावरको रकम हानि नोक्सानी पुग्न गएको तथ्य स्थापित भइसकेको छ । प्रतिवादीलाई भएको जरीबानाबाट मात्र सार्वजनिक संस्थालाई पुग्न गएको हानि नोक्सानी पुरण हुन सक्ने अवस्था नरहेको हुँदा प्रतिवादीबाट हानि नोक्सानि भएको बिगो अशुल उपर गराई पाउन समेतको मागदाबी लिई आरोपपत्र पेश भएकोमा सो बिपरीत भएको प्रस्तुत फैसला सो हदसम्म बदरभागी रहेको छ ।

१६ का.जि.का.म.न.पा.वडा नं. २३ ओमबहाल घर भै नेपाल खानेपानी संस्थान क्षेत्रपाटी शाखामा कनिष्ठ सहायक (क.सं.) पद, तृतीय तहमा कार्यरत गीता श्रेष्ठ.....
नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।७।१५
आयोगको दाबी र विशेष अदालतको फैसला :

प्रत्यर्थी उपर बढुवा पाउने उद्देश्यले शैक्षिक योग्यताको झुट्ठा (नक्कली) प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई

विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट मिति २०६६।७।१५ मा प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) प्रतिवादी आरोपित कसुरमा इन्कार रहेको ।

(ख) सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वारायणासीको पत्रांक २८३२।०८ दिनांक २२।०३।०९ को प्रमाणीकरण विवरणमा प्रतिवादीले द्वितीय श्रेणीमा मध्यमा परीक्षा उत्तीर्ण गरेको भन्ने लेखी आएको ।

(ग) प्रमाणपत्र जारी गर्ने आधिकारीक निकायबाटै प्रतिवादीले विवादको परीक्षा उत्तीर्ण गरेको भनी आएको विवरणलाई त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्ष्यको कार्यालयले समर्थन गरेकोले प्रतिवादीले विवादको परीक्षा उत्तीर्ण गरेको होइन भन्न मिलेन ।

पुनरावेदनका आधारहरू:

(क) प्रतिवादी गिता श्रेष्ठले सम्पूर्णानन्द संस्कृत विश्वलिद्यालय, वाराणासी, भारतबाट सन् १९९४ मा अनुक्रमांक २२८२५ बाट पूर्व मध्यमा परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र नेपाल खानेपानी संस्थानमा पेश गरेकी र उक्त प्रमाणपत्र छानबिनको क्रममा त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र मार्फत सम्बन्धित विश्वविद्यालयमा प्रमाणीकरणका लागि पठाउदा सम्पूर्णानन्द विश्वविद्यालय, वाराणासीको पत्रांक २४३८।०४ दिनांक १८।१२।०४ को पत्रानुसार वर्ष १९९४ परीक्षा नाम पूर्वमध्यमा, अनुक्रमांक २२८२५ लेखी सत्यापन/विवरण महलमा "गिता श्रेष्ठ/राम बहादुर श्रेष्ठ नाम अंकीत है परीक्षाफल अनुचित साधन प्रयोग के कारण अवरुद्ध है" भनी लेखी आएको, अनुसन्धानकै क्रममा निज प्रतिवादी अनुसन्धान अधिकृत समक्ष उपस्थित भई आफूले पेश गरेको प्रमाणपत्रलाई सनाखत गर्दै आफूले सो परीक्षा उत्तीर्ण गरेको हो भनी जिकिर लिएपछि त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्रको पत्र संख्या ६७२ मिति मार्च २६,२००६ को पत्रद्वारा पुनः प्रमाणीकरणका लागि सम्बन्धित विश्वविद्यालयमा पठाइएकोमा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयको पत्रांक ३३१०।०६ दि.०३।०४।०६ को पत्रको क्र.सं. १० मा वर्ष १९९४, परीक्षा पूर्व मध्यमा अनुक्रमांक २२८२५ लेखी सत्यापन विवरण महलमा "अभिलेखानुसार गीता श्रेष्ठ/राम बहादुर श्रेष्ठ अनुचित साधनका प्रयोग करनेका कारण छात्राका परीक्षाफल अपूर्ण है" भनी लेखी आएको आधार समेतबाट प्रतिवादी गीता श्रेष्ठले पेश गरेको मध्यमा परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झुठ्ठा भएको तथ्य प्रमाणित भएको हुँदा निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम दण्ड सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएको हो ।

(ख) प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्र अनुसन्धानको क्रममा भएको पुनः प्रमाणीकरणबाट समेत झुठ्ठा देखिएको र प्रतिवादी सो मुद्दामा प्रतिरक्षाका लागि उपस्थित नभएको समेतका आधारबाट विशेष अदालत, काठमाडौंबाट मिति २०६४।२।१८ गतेका दिन प्रतिवादी उपर मागदाबी अनुसारको कसुर गरेको ठहर गरी फैसला भइसकेको अवस्थमा श्री सर्वोच्च अदालतको मिति २०६४।१२।१७ को आदेश बमोजिम पुनः हेरिएको प्रस्तुत मुद्दामा प्रतिवादी विशेष अदालत समक्ष उपस्थित भई आरोपीत कसुरमा इन्कार

रही बयान गरेकी आधारमा निजको शैक्षिक योग्यताका प्रमाणपत्रहरू पुनः प्रमाणीकरण गर्ने गरी विशेष अदालतबाट मिति २०६५।७।१ मा आदेश भएको र त्रिभुवन विश्वविद्यालय, शिक्षाध्याक्षको कार्यालयको च.नं. ८११ मिति २०६५।११।२६ को पत्रबाट अनुसन्धानकै क्रममा सम्पूर्णानन्द विश्वविद्यालय, वाराणासीबाट प्राप्त पत्रांक ३३१०।०६ पि. ०३।०४।०६ को प्रमाणीकरण विवरणको प्रतिलिपि नै विशेष अदालतमा पठाएको र सो अदालतबाट पुनः मिति २०६६।२।१ मा सम्बन्धित विद्यालयमा बुझी एकीन जवाफ पठाउन त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रलाइ लेखी पठाउने गरी आदेश भएतापनि त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रले सम्बन्धित विश्वविद्यालयमा पुनः नवुझि पत्र संख्या १८७/०६६ मिति २०६६।५।३ को पत्र द्वारा प्रतिवादी गिता श्रेष्ठको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीकरण सम्बन्धमा सम्पुर्णानन्द विश्वविद्यालय, वाराणसीको पत्राङ्क २८३२।०८ दि.२२।०३।०९ को पत्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०६६।१।२१ मा पठाइएको भनी सो प्रमाणीकरणको प्रतिलिपि सम्म समावेश गरी विशेष अदालतमा लेखी पठाएको अवस्थामा सोही पत्रलाई आधारमा लिई प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र सही रहेको भनी निजलाई सफाई दिन लिइएको निर्णयाधार त्रुटिपूर्ण रहेको छ ।

(ग) विशेष अदालतबाट प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा सम्बन्धित विश्वविद्यालयमा बुझी पुनः प्रमाणीकरण गराउनु भनी मिति २०६५।७।१ म भएको आदेशानुसर त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रबाट सम्बन्धित विश्वविद्यालयमा पुनः प्रमाणीकरणका लागि पठाइएको देखिँदैन । सो अदालतबाट पुनः मिति २०६६।२।१ मा आदेश हुनुपूर्व नै अर्थात मिति २०६६।१।२१ मै त्रिभुवन विश्वविद्यालयले अख्तियार दुरुपयोग अनुसन्धान अयोगमा प्रतिवादीको प्रमाणपत्र प्रमाणीकरण भई आएको भनी पठाएको पत्रमा प्रतिवादीले द्वितीय श्रेणीमा मध्यमा परीक्षा उत्तीर्ण गरेको भन्ने उल्लेख भएको देखिए तापनि सो प्रमाणीकरण कसको कुन आदेश बमोजिम भएको भन्ने देखिँदैन । यसरी बिना श्रोत आयोगमा पत्र पठाएको भन्ने आधारमा मात्र त्यस्तो अनधिकृत प्रमाणीकरणको पत्रलाई प्रमाणको रूपमा लिन मिल्ने देखिँदैन । प्रस्तुत मुद्दामा प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्र अनुसन्धानकै क्रममा दुई दुई पटक परीक्षणहुँदा सो प्रमाणपत्र जारी गर्ने सम्बन्धित विश्वविद्यालयबाट त्रुटिपूर्ण रहेको भनी लेखी आएको अवस्थामा बिना श्रोत त्रिभुवन विश्वविद्यालयमा प्रतिवादीको प्रमाणपत्र प्रमाणीकरण भई आएको भन्ने पत्रको आधिकारीकताको परीक्षण नै नगरी केवल त्रिभुवन विश्वविद्यालयबाट प्रतिवादीले द्वितीय श्रेणीमा सो परीक्षा पास गरेको भनी लेखी आएको भनी निजलाई निर्दोष ठहर गरी भएको फैसला आधारहीन छ । विशेष अदालतबाट पुनः प्रमाणीकरण सम्बन्धमा भएको मिति २०६५।७।१ को आदेशानुसार त्रिभुवन विश्वविद्यालयले च.नं.८११ मिति २०६५।११।२६ को पत्रासाथ आयोगमा अनुसन्धानकै क्रममा प्राप्त भएको प्रमाणीकरण विवरण मात्र सो अदालतमा पठाएको र त्यस विवरणमा प्रतिवादीले पेश गरेको प्रमाणपत्र झुठ्ठा हुन् भन्ने देखिई सकेको छ । विशेष अदालतबाट त्रिभुवन विश्वविद्यालयलाई मिति २०६६।२।१ मा पुनः प्रमाणीकरणका लागि आदेश हुनुपूर्व नै त्रिभुवन विश्वविद्यालयको च.नं. ९९५।०६६ मिति २०६६।१।२१ को आयोगमा पठाइएको पत्र साथ संलग्न प्रमाणीकरण विवरणको विश्वसनीयता संकास्पद देखिएको छ र त्यस्तो प्रमाणीकरणलाई त्रिभुवन विश्वविद्यालयले समेत समर्थन गरेको भन्ने मनोगत आधरमा संकास्पद प्रमाणलाई आधार लिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसलाको निर्णयाधारसँग सहमत हुन सक्ने अवस्था छैन । प्रमाणपत्र जारी गर्ने

निकायले नै दुई दुई पटक सम्म प्रतिवादीको प्रमाणपत्र झुट्ठा हो भनी किटानीपूर्वक प्रमाणीकरण गरी पठाई सकेको अवस्थामा कसरी पूर्व प्रमाणीकरण विपरीत सो परीक्षा प्रतिवादीले द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भनी उल्लेख भई आएको हो ? सो को सत्यताको परीक्षण नै नगरी कानुन बमोजिम अनुसन्धान र अभियोजन गर्ने सक्षम निकायबाट सवुद प्रमाण संकलन गरी किटानी पुर्वक गरेको अभियोजन विपरीत विना आधार प्रमाण प्रतिवादीको कानून विपरीतको कार्यलाई बैधता प्रदान गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा बदरभागी छ ।

१७ का.जि.का.म.न.पा.वडा नं. ३४ स्थित श्री विनायक सुधा निकेतन उच्च मा.वि.का. तर्फबाट विद्यालयका अख्तियार प्राप्त लेखापाल तीर्थराज ढकाल.....
निषेधाज्ञा मुद्दा ।

फैसला मिति : २०६६।५।२४
आयोगको दाबी र पुनरावेदन अदालत, पाटनको फैसलाः

काठमाडौं महानगरपालिका वार्ड नं. ३४ सिट नं. ११८७/०१ कि.नं. १०७ क्षेत्रफल ४-१-०-० रोपनी जग्गा नेपाल सरकारको नाममा दर्ता गर्न र उक्त जग्गामा विनायक सुधा निकेतन स्कूलले बनाई राखेका घर टहरा भत्काउन समेत काठमाडौं महानगरपालिकालाई लेखी पठाउने गरी आयोगबाट मिति २०६४।३।३ मा भएको निर्णय अनुसार काठमाडौं महानगरपालीकाबाट मिति २०६४।११।१९ मा उक्त घर टहरा ७ दिन भित्र भत्काउन भनी विनायक सुधा निकेतन उच्च मा.वि.लाई दिएको आदेशबाट नागरीक अधिकार ऐन, २०१२ को दफा ६ को उपदाफा (६),(७) र दफा ९ ले प्रदत्त गरेको हाम्रो हक अधिकारमा प्रत्यक्ष असर पर्न गएको हुँदा ऐ. ऐनको दफा १७ बमोजिम निषेधाज्ञाको आदेश द्वारा उक्त निर्णय एवम् आदेश कार्यान्वयन गर्न रोकी पाउँ भनी विनायक सुधा निकेतन उच्च माध्यमिक विद्यालयका तर्फबाट पुनरावेदन अदालत, पाटन समक्ष पेश भएको निवेदनमा मालपोत कार्यालय, काठमाडौंबाट जग्गा दर्ताको विषय टुङ्गो नलागेसम्म विवादित घर टहरा तत्काल नभत्काउनु भनी विपक्षीहरूका नाममा अदालतबाट निषेधाज्ञाको आदेश जारी भएको ।

आदेशका आधारहरूः

(क) काठमाडौं महानगरपालीका वडा नं.३४ को कार्यालयले मिति २०५४।१०।१४, मिति २०६०।५।१६ मा विनायक सुधा निकेतन उच्च मा.वि.लाई लेखेको पत्रमा साँध सँधियारलाई बाधा नपर्ने गरी टहरा जस्ताको छानो राखी ईटा, माटो, व्लक सिमेण्ट राखी कक्षा संचालन गर्न हुने गरी अस्थायी टहरा निर्माण गर्न सिफारिस दिएको ।

(ख) विवादित जग्गा नेपाल सरकारका नाममा दर्ता गर्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६४।३।३० मा भएको निर्णय उपर विष्णुदेवी राजभण्डारी समेतले दिएको पुनरावेदनमा विषेश अदालतबाट आयोगको निर्णय मिति २०६६।१।३ मा बदर भइसकेको ।

पुनरावेदनका आधारहरूः

(क) काठमाडौं महानगरपालिका वार्ड नं. ३४ स्थित बागमती किनारको राजकुलो समेतको सार्वजनिक जग्गा विनायक सुधा उच्च माध्यमिक विद्यालय समेतले मिलेमतो गरी कब्जा गरेकोमा सम्बन्धित निकाय मौन बसेको र सार्वजनिक सम्पत्ति हानी नोक्सानी भइरहेको भन्ने समेतको उजुरीका सम्बन्धमा आयोगबाट विस्तृत रूपमा अनुसन्धान भई यसमा का.म.न.पा.वार्ड नं.३४ स्थित जग्गा नगर सिट नं. ११८७/०१ बाट जग्गा नापजाँच हुँदा कि.नं. १०७ क्षेत्रफल ४-१-०-० रोपनी भएको, मोही जग्गाधनी खाली भएको, उक्त जग्गा सम्बन्धमा बागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समितिबाट रोक्का राखेको अवस्था भई हाल कुनै काम कारबाही अगाडी नवढाईएको भनी मालपोत कार्यालय, डिल्लीबजारको मिति २०६२।११।१९ को पत्र समेत मिसिल संलग्न रहेकोले उक्त जग्गा सार्वजनिक देखिएकोले नेपाल सरकारको नाममा दर्ता गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाउने र उक्त जग्गामा काठमाडौं महानगरपालिका कार्यालयको मिति २०६४।२।२५ को पत्र एवम् प्रतिवेदन बमोजिम विनायक सुधा निकेतन स्कूलले नक्सा पास विना एवम् प्रचलित मापदण्ड विपरीत ८ वटा टहरा निर्माण गरेको समेत देखिएकोले प्रचलित कानून बमोजिम उक्त घर टहरा एक महिना भित्र भत्काई आयोगलाई जानकारी गराउन काठमाडौं महानगरपालिकालाई लेखी पठाउने गरी आयोगबाट मिति २०६४।३।३ मा निर्णय भई सो अनुसार उक्त जग्गा हाल नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम भई सकेको छ ।

(ख) विद्यालय सञ्चालनार्थ पर्खाल, टहरा निर्माण गरेको भनी विपक्षीले निवेदनमा उल्लेख गर्नु भएको का.जि.का.म.न.पा.वडा नं. ३४ सिट नं. ११८७-०१ को कि.नं. १०७ को क्षेत्रफल ४-१-०-१ को जग्गा विद्यालय वा विपक्षीलाई भोग गर्न दिने भनीएका व्यक्तिको नाममा दर्ता भई श्रेष्ता कायम भएको भन्ने विपक्षीको निवेदनमा उल्लेख नभएकोबाट उक्त जग्गामा विपक्षीको हक पुगेको देखिँदैन । सार्वजनिक जग्गा अनियमित तवरले भोग कब्जा गरेको भन्ने सम्बन्धमा उजुरी परी कानून बमोजिम आयोगबाट अनुसन्धान हुँदा सार्वजनिक जग्गा प्रमाणित हुन आई त्यस्तो जग्गामा अनधिकृत रूपमा टहरा, पर्खाल निर्माण भएको देखिएकोले सो भत्काउन समेत आयोगबाट निर्णय भएको अवस्थामा जग्गाको स्वमित्वको दृष्टिले विपक्षीलाई हकै नपुग्ने जग्गामा हकाधिकार प्रचलनका लागि विपक्षीको निवेदन पेश भएको अवस्थामा हकाधिकारको अभावको कारण प्रथम दृष्टिमै निवेदन जिकिर खारेज गर्नु पर्नेमा सो विपरीत भएको आदेश त्रुटिपूर्ण छ ।

(ग) अधिकार सम्पन्न बागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समितिमा सो जग्गा उक्त समितिको कार्यक्षेत्र (४० मिटर नदी र दायाँ बाँया २०/२० मिटर) भित्र पर्ने भई हालसम्म कसैको नाममा दर्ता श्रेस्ता कायम नभएको, समितिकै निर्देशन अनुसार यस्ता प्रकृतिका जग्गामा निर्माण कार्य तथा छुट जग्गा दर्ता कार्य समेत रोक्का राखिएको अवस्था एकातर्फ रहेको छ भने अर्कोतर्फ सो जग्गाका सम्बन्धमा आयोगबाट मिति २०६४।३।३ मा भएको निर्णय विरुद्ध विष्णुदेवी राजभण्डारी समेतले विशेष अदालतमा पुनरावेदन गरेको भन्ने कारणले मात्र विवादीत जग्गाका सम्बन्धमा निवेदकको निर्विवाद हक सृजना भएको सरह गरी अवैध रूपमा घर टहरा निर्माण भएको कार्यलाई वैधता प्रदान गर्ने गरी भएको प्रस्तुत आदेश त्रुटिपूर्ण रही बदरभागी छ ।

१८ रसुवा जिल्ला, गोलजुङ गा.वि.स. वडा नं. १ घर भई जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा प्रहरी नायव उपरीक्षक पदमा कार्यरत बालकृष्ण थापा.....
भुठ्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।७।१९
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी बालकृष्ण थापाले नियुक्तिका लागि नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाको आधारः

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६१।४।१५ मा अनुसन्धान अधिकृत तोकेपछि तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. अनुसार २ वर्षभित्र मुद्दा दायर गरी सक्नु पर्नेमा सो हदम्याद नघाई मिति २०६३।४।३० मा मात्र मुद्दा दायर भएको देखिंदा प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरूः

(क) प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीहरूले झुठ्ठा शैक्षिक योग्यताका प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरीको अनुसन्धानका क्रममा प्रतिवादी बालकृष्ण थापाले भारतबाट सन् १९८३ मा अनुक्रमाङ्क २३०६१३ बाट ईन्टरमिडियट परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रहरी प्रधान कार्यालयबाट आयोगमा प्राप्त भई उच्च माध्यमिक शिक्षा परिषद्, भक्तपुर मार्फत माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, इलाहाबादमा प्रमाणीकरणका लागि पठाइएकोमा उक्त परिषद्को पत्रांक/सत्यापन ३०/१२८८।२००२-०३/३९ दिनांक १७।०६।२००३ को पत्रसंख्या ५१ मा परीक्षाका नाम तथा वर्ष ईन्टर १९८३, अनुक्रमांक २३०६१३, परीक्षार्थी एवं पिताका नाम बालकृष्ण थापा S/O रेशम बहादुर थापा, श्रेणी फेल नकी द्वितीय, परीक्षाफल प्राप्तांक १५५/५०० नकी २८९/५००, मा.शि.प.की आख्यान महलमा "फेल नकी द्वितीय पास" भनी लेखी आएको पत्र उच्च माध्यमिक शिक्षा परिषद् भक्तपुरको च.नं. १०४३ मिति २०६०।३।२ को पत्रसाथ प्राप्त हुन आएको र अनुसन्धानको क्रममा निज प्रतिवादीले आयोग समक्ष उपस्थित भई बयान गर्दा आफ्ना प्रमाणपत्रहरू सही हुन भनी जिकर लिएको हुँदा पुनः प्रमाणीकरणका लागि उच्च माध्यमिक शिक्षा परिषद्, भक्तपुर मार्फत पठाउँदा माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश, इलाहवादको पत्रांक सत्यापन ३०।७७।२००६-२००७/३४ दिनांक १५।०४।०६ को पत्रसाथ संलग्न प्रमाणीकरण विवरणको सि.नं.१६ मा परीक्षार्थीका नाम बालकृष्ण थापा, परीक्षा ईन्टर, वर्ष १९८३, अनुक्रमांक २३०६१३, विद्यालय केन्द्रका नाम शिवपति ईण्टर कलेज, वस्ती योग २८९, श्रेणी II लेखी मा.शि.प.का आख्यान महलमा "१५५।५०० फेल नकी २८९।५०० द्वितीय उत्तीर्ण" भनी लेखी आएको पत्र उच्च माध्यमिक शिक्षा परिषद्, भक्तपुरको च.नं १३३५ मिति २०६३।१।१५ को पत्रसाथ आयोगमा प्राप्त भएको समेतका आधारबाट प्रतिवादी बालकृष्ण

थापाले प्रहरी सेवामा प्रवेश गर्दा पेश गरेको सन् १९८३ मा ईण्टर परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भन्ने शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा प्रमाणित भएको हुँदा निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएको ।

(ख) प्रतिवादी बालकृष्ण थापाले नेपाल प्रहरी सेवामा प्रवेश पाउने उद्देश्यले पेश गरेको ईण्टर परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भन्ने शैक्षिक योग्यताको प्रमाणपत्र विशेष अदालत, काठमाडौंबाट भएको पुनः प्रमाणीकरणबाट समेत झुट्ठा देखिएको हुँदा सो तथ्यमा विवाद गरिरहनु पर्ने देखिँदैन । प्रस्तुत मुद्दामा आयोगबाट मिति २०६१।४।१५ मा अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धानको कार्य प्रारम्भ भएको र सो समयमा भ्रष्टाचार निवारण ऐन, २०५९ प्रचलनमा रहेको थियो । प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचारजन्य कसुरको गाम्भिर्यताको कारण अनुसन्धान र अभियोजनका लागी हदम्यादको कुनै व्यवस्था गरेको अवस्था देखिँदैन । प्रतिवादीको उल्लिखित कार्यलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले भ्रष्टाचारजन्य कसुर मानेको र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले समेत सो कसुरलाई निरन्तरता प्रदान गरेको अवस्थामा अभियुक्तको कसुर कायम गर्ने प्रयोजनका लागि मात्र साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दाबी लिईएकोमा विद्यमान कानूनी व्यवस्था विपरीत खारेज भइसकेको ऐनको हदम्याद सम्बन्धी व्यवस्थालाई ग्रहण गरी मुद्दा नै खारेज गर्ने गरी भएको फैसला प्रचलित कानूनको मनसाय विपरीत रहेको छ ।

(ग) भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजनका सम्बन्धमा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ ले हदम्याद सम्बन्धी कुनै व्यवस्था नगरेको भएतापनि त्यस्तो कार्यको अनुसन्धान र अभियोजन गर्ने सक्षम निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको उजुरीका सम्बन्धमा सो कार्य भए गरेको ५ वर्षभित्रमा कारबाही चलाउन सक्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले गरेको पाईन्छ । प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादी बालकृष्ण थापाले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा रहेको भन्ने प्रमाणीकरण भइआएपछि आयोगबाट मिति २०६१।४।१५ मा अनुसन्धान अधिकृत तोकिएको र निजले ५ वर्षको अवधिभित्रै विशेष अदालत समक्ष प्रतिवादी उपर कसुर कायम गरी आरोपपत्र पेश गरिसकेको हुँदा सो अनुसारको हदम्याद भित्रै दायर भएको मुद्दाको तथ्यभित्र प्रवेश गरी न्याय निरोपण गर्नु पर्नेमा मुद्दा नै खारेज गर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएको हुँदा बदरभागी छ ।

१९ जि.भोजपुर, भोजपुर गा.वि.स.वडा नं. ७ घर भई मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा नायव सुब्बा पदमा कार्यरत केदारबहादुर कार्की .....
भ्रष्टाचार मुद्दा ।

फैसला मिति : २०६६।७।१५
आयोगको दाबी र विशेष अदालतको फैसला

वादी नेपाल सरकार प्रतिवादी केदार बहादुर कार्की समेत भएको भ्रष्टाचार मुद्दाका प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को ३(१)(क) बमोजिम सजाय हुन मागदाबी लिई विशेष

अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट प्रतिवादीमध्येका केदार बहादुर कार्कीका हकमा सफाई दिने गरी फैसला भएको ।

फैसलाका आधारः

(क) प्रतिवादी अनुसन्धानको क्रममा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रहेको ।
(ख) निजको साथबाट दशीको रकम बरामद नभएको ।
(ग) आरोपित कसुरमा प्रतिवादी केदार बहादुर कार्कीको पनि संलग्नता, सहभागिता रहेको भनी वादी पक्षका साक्षीले किटानी गरी बकपत्र गर्न नसकेको ।

पुनरावेदनका आधारहरूः

(क) का.जि.का.म.न.पा.वडा नं. २ बस्ने कान्छा रजक धोवी, मोहन रजक धोवी र नविन रजक धोवी समेतले का.जि.का.म.न.पा.वडा नं. २४(ङ) कि.नं. ५९ क्षेत्रफल ०-१-३ रोपनी जग्गा आफ्नो नाममा नामसारी गरी पाउन मालपोत कार्यालय, डिल्लीबजारमा पेश गरेको निवेदन उपर कारबाही गर्न सो कार्यालयका फाटवाला ना.सु. केदार बहादुर कार्कीले दलाल लेखनदासँग मिलेमतो गरी अनावश्यक रूपमा घुस रिसवत माग गरेको भन्ने समेत व्यहोराको मोहन रजक धोवीले पेश गरेको उजुरी निवेदनका सम्बन्धमा आयोगबाट अनुसन्धानको कार्य प्रारम्भ गरी आयोगबाटै नम्बर प्रमाणित गरी निवेदकलाई उपलब्ध गराइएको नगद नोट रु. २०,०००।- यिनै प्रतिवादी केदार बहादुर कार्कीको सहमतीमा अर्का प्रतिवादी होमनाथ बञ्जारालाई बुझाएपछि आयोगबाट खटिएको अनुसन्धान टोलीले निज केदार बहादुर कार्की र होमनाथ वन्जारालाई नियन्त्रणमा लिई थप अनुसन्धान हुँदा यी प्रतिवादीले होमनाथ वन्जारासँग मिलेमतो गरी सेवाग्राही मोहन रजक धोवी समेतका नाउमा जग्गा नामसारी गरिदीन रिसवत लिन मञ्जुर गरेको कसुर प्रमाणित भएको हुँदा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा ऐ.ऐनको दफ ३(१)(क) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएको हो ।

(ख) प्रतिवादी केदार बहादुर कार्की मालपोत कार्यालय, डिल्लीबजारका फाँटवाला नायव सुब्बाको पदमा कार्यरत राष्ट्र सेवक रहेको तथ्यमा विवाद छैन । निवेदक मोहन रजक धोवी समेतले जग्गा नामसारीको लागि पेश गरेको निवेदन उपर आवश्यक प्रमाण कागजका आधारमा यथा समयमै सेवाग्राहीको कार्य फछ्यौंट गरीदिनु निजको दायीत्व हो । तापनि निजले सो कामका लागि सरोकार नभएका, दलाली गर्ने होमनाथ बञ्जारासँग मिलेमतो गरी काममा अनावश्यक बिलम्ब गरेका र रिसवत (घुस) मागेका भनी पीडित मोहन रजक धोवीले कीटानी गरी मौकामा आयोग समक्ष निवेदन पेश गरेका र अनुसन्धानको क्रममा अनुसन्धान अधिकृत समक्ष गरेको बयानको स.ज. ३ र ९ मा समेत स्पष्ट रूपमा यिनै प्रतिवादी केदारबहादुर कार्कीले दलाल होमनाथ बञ्जारासँग कुरा मिलाएर आउनु, म काम गरिदिन्छु भनी बताएको हुँदा निजकै सल्लाह अनुसार होमनाथलाई रकम बुझाइएको हो भनी बयान गरिदिएका छन्, निजकै श्रीमती अम्बिका रजकले समेत सोही क्रममा गरेको कागजमा यी प्रतिवादी केदार बहादुर कार्कीले आफ्नो काम गर्न होमनाथ वन्जरा मार्फत आउनु भनी निज होमनाथ वन्जारालाई चिनजान गराईदिएका, मैले पैसाको व्यवस्था भयो काम गरीदिनुहोस भनी केदार सरलाई भन्दा सवै

कुरा होमनाथ सँग गर्नु, सवै रुपैया अहीले नदिनु, काम सकिएपछि मात्र बाँकी पैसा दिनु भनी सल्लाह दिएका हुन् भन्ने समेत व्यहोरा उल्लेख गरेकी छन् । निजहरूले विशेष अदालत समक्ष उपस्थित भई बकपत्र गर्ने क्रममा आफूहरूले अनुसन्धान अधिकृत समक्ष गरेको बयानको व्यहोरा ठिक छ, उक्त बयान म आफैले गरेको हो भनी सनाखत गर्दै बकपत्र गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ ले त्यसरी अनुसन्धानको क्रममा कागज गर्ने व्यक्ति अदालत समक्ष उपस्थित भै आफूले मौकामा गरेको कागजलाई समर्थन हुने गरी बकपत्र गरेमा त्यस्तो अनुसन्धानको क्रममा तयार भएको बयानको व्यहोरा प्रमाण ग्राह्य हुन्छ । वारदातका पीडित मोहन रजक धोवी र अम्विका रजकले मौकामा व्यक्त गरेको भनाई ऐ. ऐनको दफा १०(ख) अनुसार समेत प्रमाणमा लिनु पर्ने कानूनी व्यवस्था समेतका विपरीत भएको प्रस्तुत फैसाल प्रमाणसम्बन्धी प्रचलित कानून बिपरीत हुँदा बदरभागी छ ।

(ग) मिति २०६६।५।१६ गते मालपोत कार्यालय, डिल्लीबजार परिसरमा भएको खानतलासी तथा बरामदी मुचुल्काको व्यहोरामा "केदार बहादुर कार्की र होमनाथ बञ्जरालाई नियन्त्रणमा लिई सोधपुछ गर्दा होमनाथ बञ्जाराले फाँटवाला ना.सु.केदार बहादुर कार्कीलाई बुझाउन भनी अम्बीका रजकसँग रु. २०,०००।- बुझी लिएको हुँ भनी बताएको" भन्ने व्यहोरा उल्लेख भएको र निज होमनाथ बञ्जाराको साथबाट आयोगले नम्बर प्रमाणित गरी दिएको नगद नोट रु. २०,०००।- बरामद भएको व्यहोरा उल्लेख भएको छ । सो तथ्यमा प्रस्तुत फैसला सहमत भएकै देखिन्छ । उक्त खानतलासी तथा बरामदी मुचुल्कामा उल्लेख भएको व्यहोरा सत्य रहेको भनी मुचुल्काको रोहबरमा बस्ने प्रमुख मालपोत अधिकृत प्रेमबहादुर खापुङ, शाखा अधिकृत कृष्णप्रसाद पौडयाल, नरहरी खत्री, शिवराम न्यौपाने, कुलप्रसाद सापकोटा समेतले अदालत समक्ष उपस्थित भई बकपत्र गर्ने क्रममा सनाखत गरिदिएको अवस्थामा सो खानतलासी तथा बरामदी मुचुल्का व्यहोराको प्रमाणिक महत्व तर्फ ध्यानै नदिई प्रतिवादीको प्रस्तुत बारदातमा संलग्नता, सहभागिता नरहेको भनी लिइएको निर्णयाधारसँग सहमत हुन सकीने अवस्था छैन । अर्कोतर्फ प्रस्तुत वारदातका प्रत्यक्षदर्शी दिवाकर ज्ञवाली, नरहरी खत्री समेतले होमनाथ वन्जाराले ना.सु. केदार बहादुर कार्कीलाई दिन भनी आफुले रकम लिएको भनी तत्कालै बताएको भनी अदालत समक्ष बकपत्र गरी दिएको अवस्थालाई महत्व नै नदिई प्रतिवादी उपर गढाउ हुने गरी वादी पक्षका साक्षिले बकपत्र गर्न नसकेको भन्ने मनोगत आधारमा प्रतिवादी लाई सफाई दिने गरी भएको प्रस्तुत फैसलामा मिसिल संलग्न आधार प्रमाणको उचित मूल्यांकन भएको देखिएन ।

(घ) प्रतिवादी मध्येका होमनाथ बञ्जाराले निवेदक मोहन रजक धोवीकी श्रीमती अम्वीका रजकसँगबाट रिसवत बापत रु. २०,०००।- लिएको तथ्यमा विमती छैन । निज होमनाथ बञ्जाराले मौकामा अनुसन्धान अधिकृत समक्ष बयान गर्दा प्रतिवादी केदार बहादुर कार्कीलाई रु. ३,०००।- दिने सहमती भएको थियो भन्ने व्यहोरा उल्लेख गरेका र सो बयान व्यहोरा सत्य रहेको भनी निजले अदालत समक्ष गरेको बयानको स.ज. ८ मा उल्लेख गरेका छन् । सो भनाईबाट यी दुवै प्रतिवादीहरू विच रिसवत लिने दिने विषयमा पूर्व सहमती भए अनुसार नै प्रतिवादी होमनाथ बञ्जाराले अम्वीका रजकसँग रकम लिएको तथ्य प्रमाणित हुन आएको छ । सो तथ्यलाई होमनाथ बन्जाराले अदालत समक्ष गरेको बयानको स.ज.७ मा म आफै केदार सरलाई रकम दिन जान्थे होला जवरजस्ती ७-८ जनाको समुहले केदार सरकोमा लगे भन्ने र स.ज. ८ मा त्यही जग्गा दर्ता गर्ने

कामको सिलसिलामा फिल्ड अध्ययन गर्न यातायात खर्चको लागि केदार सरलाई रकम दिनु छ भनेको हो भन्ने समेतको भनाईबाट प्रस्तुत जग्गा दर्ता गर्ने कार्यकालागि यी प्रतिवादी केदार बहादुर कार्कीले होमनाथ वन्जारासँग मिलेमतो गरी रिसवत लिन मञ्जुर गरेको तथ्य स्थापित भएको छ । प्रस्तुत बारदातका सन्दर्भमा आयोगमा मिति २०६६।५।१७ मा प्रतिवेदन पेश गर्ने कुलप्रसाद सापकोटा, शिवराम न्यौपाने, नरहरी खत्री समेतले अदालत समक्ष गरेको बकपत्रबाट समेत प्रतिवादी केदार बहादुर कार्की उपरको अभियोग खम्भीर भएको तथ्यका विपरीत अभियुक्तलाई बचाउ गर्ने आशयले भएको फैसलाको निर्णयाधार त्रुटिपूर्ण छ ।

(ङ) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) ले राष्ट्रसेवकले आफ्नो ओहदासम्बन्धी काम गर्दा कुनै व्यक्तिबाट रिसवत लिन मञ्जुर गरेको कार्यलाई भ्रष्टाचारजन्य कसुर मानी त्यस्तो कार्य गर्ने व्यक्तिलाई दण्ड सजाय समेतको व्यवस्था गरेको छ । प्रतिवादी केदार बहादुर कार्कीले सेवाग्राहीलाई दिनु पर्ने सेवाका सम्बन्धमा विना सरोकारका होमनाथ बञ्जरा लाई चिनजान गराई निज मार्फत नै काम गरिदिएको तथ्यलाई निजले इन्कार गर्न सकेका छैनन् । सो कामका लागि होमनाथ बञ्जराले फाँटवाला ना.सु.केदार बहादुर कार्कीलाई रकम दिन मञ्जुर गरेको तथ्य निजको मौकाको र अदालत समक्ष गरेको बयानमा अभिव्यक्त भएकै देखिन्छ । प्रतिवादी केदार बहादुर कार्की स्वयमले रिसवत लिएको वा निजको सँग साथबाट दशीको सामग्री बरामद भएको भन्ने दाबी नभई निजले होमनाथ बञ्जरासँग मिलेमतो गरी रिसवत लिन मञ्जुर गरेको भन्ने अभियोग दाबी रहेकोमा सो विपरीत निजको साथबाट नगद बरामद नभएको भन्ने निर्णयाधार ग्रहण गरी कसुर र कसुरदारलाई उन्मुक्ति दिने अभिप्रायबाट भएको प्रस्तुत फैसला "दाबीमा सीमित रही फैसला गर्नुपर्ने" सिद्धान्त विपरीत हुँदा त्रुटिपूर्ण रहेको छ ।

२०. जि.ललितपुर ठेचो गा.वि.स.वार्ड नं.८ दुरीखेल घर भई मुद्रण विभागका अफसेट प्रेस सुपरभाइजर पदमा कार्यरत नरहरी रायमाझी .....
झुट्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।७।२०
आयोगको दाबी र विशेष अदालतको फैसला

प्रत्यर्थी नरहरी खत्रीले नियुक्तिका लागि नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाको आधार:

(क) तत्कालीन विशेष प्रहरी विभागमा मिति २०५८।३।१३ मा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्रका विषयमा उजुरी परी सोही मितिबाट अनुसन्धान प्रारम्भ भएको देखिएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६४।११।२१ मा मात्र आरोप पत्र पेश भएको देखिँदा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क अनुसार २

वर्षभित्र मुद्दा दायर गरी सक्नु पर्नेमा सो हदम्याद नघाई मुद्दा दायर भएको देखिंदा प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरू:

(क) मुद्रण विभागमा ना.सु. तह सम्मका अधिकांश प्राविधिक कर्मचारीहरू भारतबाट खरिद गरिएका नक्कली प्रमाणपत्रधारी रहेका भन्ने उजुरी परेकोमा उक्त विभागबाट प्राप्त शैक्षिक योग्यताका प्रमाणपत्रहरू र तत्सम्बन्धी विवरणका आधारमा प्रतिवादी नरहरी रायमाझीको माध्यमिक परीक्षाको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी मार्फत सत्यापन गराउँदा विहार विद्यालय परीक्षा समिति, पटनाबाट "परीक्षार्थीको नाम नरहरी रायमाझी, पिताको नाम हेमबहादुर रायमाझी, परीक्षा माध्यमिक, वर्ष १९९४ कोड वा केन्द्र ११२०३, क्रमांक नं. २०१, योग ५१४, श्रेणी द्वितीय स्कुलका नाम राम नन्दन उ.वि.रमई भन्ने उल्लेख भई समितिका अभियुक्ति महलमा वर्णित कोड एवं क्रमांक मे दुसरे छात्रकि प्रविष्टि है । प्रमाणपत्र सहि नहि है" भनी लेखी आएको पत्र उक्त परिषद्को च.नं. ११२५ मिति २०६१।१०।८ को पत्रसाथ प्राप्त हुन आएकोबाट प्रतिवादी नरहरी रायमाझीको माध्यमिक परीक्षाको प्रमाणपत्रहरू झुट्ठा नक्कली हो भन्ने देखिन आएको हुँदा प्रतिवादी नरहरी रायमाझीले राष्ट्र सेवकको ओहदामा नियुक्ति पाउने उद्देश्यले वदनियत पूर्वक आफ्नो शैक्षिक योग्यता ढाँटी झुट्ठा प्रमाणपत्र पेश गरी राष्ट्र सेवकको पदमा नियुक्ति समेत लिएको प्रमाणित हुन आएकाले निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२,२९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिइ आरोप पत्र पेश भएको ।

(ख) प्रतिवादी नरहरी रायमाझीले मुद्रण विभागको बुकबाइन्डिङ पदमा नियुक्ति पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्र विशेष अदालत, काठमाडौंबाट भएको पुनः प्रमाणीकरणबाट समेत झुट्ठा देखिएको हुँदा सो तथ्यमा विवाद गरिरहनुपर्ने देखिँदैन । प्रतिवादीले पेश गरेका प्रमाणपत्रहरू मिति २०६१।१०।८ मा प्रमाणीकरण भई आउँदा झुट्ठा भनी आए पश्चात मात्र आयोगबाट मिति २०६१।११।३ मा अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धानको कार्य प्रारम्भ भएको र मिति २०६४।११।१९ मा आरोप पत्र पेश भएको हुँदा तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क ले व्यवस्था गरेबमोजिम अनुसन्धानको कार्य प्रारम्भ भएको मितिले २ वर्षभित्रै मुद्दा दायर भएको अवस्थामा प्रचलित कानून विपरीत भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी उपर उजुरी पर्नु वा शंकास्पद प्रमाणपत्र आयोगमा प्राप्त हुनु मात्र भ्रष्टाचारजन्य कसुर हुन सक्तैन, विवादीत प्रमाणपत्रहरू प्रमाणीकरण भई झुट्ठा देखिएको अवस्थामा मात्र अनुसन्धानको दायरा भित्र पर्दछ । प्रस्तुत कसुरमा कुन मितिमा उजुरी पेश भएको हो ? भन्ने प्रश्न महत्वपूर्ण नभई प्रतिवादीको कार्य भ्रष्टाचारजन्य कसुर हो, होईन ? भन्ने प्रश्न महत्वपूर्ण रहेको छ । भ्रष्टाचारजन्य कसुरको गाम्भिर्यताको कारण प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ मा उजुरीको अनुसन्धान र अभियोजनका सम्बन्धमा कुनै हदम्यादको दायरा तोकीएको अवस्था छैन । प्रस्तुत आरोपपत्र पेश हुँदाका अवस्थामा प्रचलित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०५९ को दफा १३(२) ले आयोगमा प्राप्त उजुरीका मा ५ वर्ष भित्र आयोगले कारबाही गरीसक्नु पर्ने व्यवस्था रहेको अवस्थामा पेश

भएको प्रतुत आरोपपत्र सो ऐनको हदम्याद भित्रै दायर भएको छ । ऐ. ऐनको दफा १४(१) ले आयोगमा प्राप्त उजुरीबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको छ भन्ने कुरामा आयोग विश्वस्त भएमा मात्र सो सम्बन्धमा आयोगबाट अनुसन्धानको कार्य प्रारम्भ गरीने व्यवस्था रहेको परीप्रेक्षमा प्रस्तुत विवादका सम्बन्धमा प्रतिवादीले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रमाणीकरण भई आउँदा झुट्ठा देखिए पछि मात्र आयोगबाट अनुसन्धान अधिकृत नियुक्ति गरी कानूनको हद म्याद भित्तै मुद्दा दायर भएको छ । भ्रष्टाचार जस्तो गम्भिर प्रकृतिको अपराधमा अन्य साधारण अपराधमा जस्तो अंकगणीतिय हिसाबले तथ्यको विश्लेषण गर्नु पर्ने नभई यसले समाज र राष्ट्रमा पार्ने दुष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ । प्रतिवादी नरहरी रायमाझीले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरू झुट्ठाहरेको तथ्य स्थापित भइसकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परीणाम त्यस्तो झुट्ठा प्रमाणपत्र पेश गर्ने व्यक्ति राष्ट्रसेवकको पदमा बहाल रहिरहने, सरकारी कोषबाट पारिश्रमीक लागायत अन्य सुविधा समेत उपयोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायकी मनसाय समेत निष्तेज हुनजाने यथार्थताको विपरीत प्रतिवादीको आपराधिक कार्यलाई समर्थन हुने गरी भएको फैसलाको निर्णयाधार सँग सहमत हुन सक्ने अवस्था छैन ।

२१. जिल्ला रुपन्देही बुटवल न.पा.वडा नं. ५ घर भै हाल राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, वुटवल, खस्यौलीमा सहायक (ख) पदमा कार्यरत विष्णुप्रसाद ज्ञवाली ..... बढुवा प्रयोजनका लागि झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।८।९
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रत्यर्थी विष्णुप्रसाद ज्ञवालीले बढुवा प्रयोजनकालागि झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने ठहर गरी फैसला भएको ।

फैसलाको आधार:

(क) राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयले प्रतिवादीको नाम समेत समावेश भएको कर्मचारीहरूको नाम नामेसी संलग्न राखी आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई मिति २०५९।८।६ मा पठाएको पत्र मिति २०५९।८।११ मा आयोगमा प्राप्त भएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) अनुसार आयोगमा जानकारी प्राप्त भएको ५ वर्षभित्र यी प्रतिवादी उपर कारबाही चलाएको नपाईएको हुँदा प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरूः

(क) राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयको च.नं.५२७ मिति २०६३।७।२६ को पत्रसाथ सो बैंकमा कार्यरत भारतीय शैक्षिक योग्यताका प्रमाणपत्रहरू भएका व्यक्तिहरूको शंकास्पद प्रमाणपत्रका सम्बन्धमा आवश्यक छानबिनका लागि आयोगमा प्राप्त भएको विवरणको सि.नं ५४ मा प्रतिवादी विष्णुप्रसाद ज्ञवालीको नाम समावेश भई निजले माध्यमिक शिक्षा परिषद् वाराणासी, भारतबाट सन् १९९५ मा इन्टरमिडिएट परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताका प्रमाणपत्र आयोगमा प्राप्त भई प्रमाणीकरणका लागि उच्च माध्यमिक शिक्षा परिषद, सानोठीमी, भक्तपुर मार्फत माध्यमिक शिक्षा परिषद्, क्षे.का. वाराणसीमा पठाइएकोमा सो परिषद्को पत्राङ्क मा.शि.प./क्षे.का.वा./अभिलेख/सत्यापन/४७० दिनाङ्क १०।५।२००७ को पत्रसाथ संलग्न प्रमाणीकरणको विवरणमा परीक्षार्थिका नाम विष्णुप्रसाद ज्ञवाली, पिताका नाम होमनाथ ज्ञवाली, परीक्षा ईण्टर, कलेज उसका बजार, सिद्धार्थनगर उल्लेख गरी मा.शि.प.क्षे.का.वाराणसीको कैफियत महलमा उक्त अनु पर विजयकुमार दास न की विष्णु प्रसाद ज्ञवाली तथा पीताका नाम सुधिर कुमार दास न की होमनाथ ज्ञवाली परीक्षाफल १८४/५०० फेल है भनी आएको विवरण उच्च माध्यमिक शिक्षा परिषद् सानोठीमी, भक्तपुरको मिति २०६४।३।५ को पत्रसाथ आयोगमा प्राप्त भएपछि आयोगबाट मिति २०६४।३।२८ मा अनुसन्धान अधिकृत तोकी अनुसन्धान भई प्रतिवादी विष्णु प्रसाद ज्ञवालीले बढुवा प्रयोजनका लागि झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुर प्रमाणित भएको आधारमा निज उपर सावीक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौं समक्ष मिति २०६४।१२।१४ मा आरोपपत्र दायर भएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले निर्दिष्ट गरेको हदम्याद भित्रै आयोगबाट मुद्दा दायर भएको तथ्य विपरीत प्रस्तुत मुद्दा खारेज गर्ने गरी भएको फैसला निर्णयाधार त्रुटिपूर्ण रही बदरभागी छ ।

(ख) प्रतिवादी विष्णु प्रसाद ज्ञवालीले राष्ट्रिय वाणिज्य बैंकमा बढुवा प्रयोजनकालागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र श्री विशेष अदालत, काठमाडौंबाट भएको पुनः प्रमाणीकरणबाट समेत झुट्ठा देखिएको हुँदा सो तथ्यमा विवाद गरिरहनु पर्ने देखिँदैन । प्रतिवादीले पेश गरेका प्रमाणपत्रहरू मिति २०६४।३।५ मा झुट्ठा रहेको भनी प्रमाणित भई आएको र तत्पश्चात मात्र आयोगबाट मिति २०६४।३।२८ मा अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धानको कार्य प्रारम्भ भएको हो । प्रतिवादीको शंकास्पद प्रमाणपत्र आयोगमा प्राप्त हुनुमात्र भ्रष्टाचारजन्य कसुर हुन सक्तैन, कसुर प्रमाणित हुन विवादीत प्रमाणपत्रहरू प्रमाणीकरण भई झुट्ठा देखिएको अवस्थामा मात्र अनुसन्धानको दायरा भित्र पर्दछ । प्रस्तुत कसुरमा कुन मितिमा प्रतिवादीका प्रमाणपत्रहरू आयोगमा प्राप्त भएका हुन ? भन्ने प्रश्न महत्वपूर्ण नभई प्रतिवादीको कार्य भ्रष्टाचारजन्य कसुर हो, होईन ? भन्ने प्रश्न महत्वपूर्ण रहेको छ । भ्रष्टाचारको कसुरमा अन्य साधारण अपराधमा जस्तो अंकगणीतिय हिसाबले तथ्यको मूल्यांकन गर्नु पर्ने नभई यसले समाज र राष्ट्रमा पार्ने दुष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ । प्रतिवादी विष्णुप्रसाद ज्ञवालीले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरू झुट्ठा रहको तथ्य स्थापित भई सकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परीणाम त्यस्तो झुट्ठा प्रमाणपत्र पेश गर्ने व्यक्ति पदमा बहाल रहिरहने अवस्थाको सृजना हुने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायकी मनसाय समेत निष्तेज हुनजाने

यथार्थताको विपरीत प्रतिवादीको आपराधिक कार्यलाई समर्थन हुने गरी भएको फैसलाको निर्णयाधार सँग सहमत हुन सक्ने अवस्था छैन ।

(ग) भारतिय विश्वविद्यालय, बोर्ड आदिबाट कर्मचारीले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू छानबिनसम्बन्धी प्रक्रिया र निर्देशिका अनुसार त्यस्ता प्रमाणपत्रहरू छानबिन गरी शंकास्पद देखिएका प्रमाणपत्रहरू मात्र आयोगमा पठाउन दिएको पूर्व निर्देशन विपरीत राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयको च.नं.१६९५ मिति २०५९।८।६ को पत्रसाथ सो बैंक अन्तर्गत कार्यरत सहायक स्तरका भारतीय विश्वविद्यालय, बोर्ड आदिका शैक्षिक योग्यताका प्रमाणपत्रहरू भएका सम्पूर्ण कर्मचारीहरूको प्रमाणपत्रहरू छानबिन नै नगरी आयोगमा पठाइएको देखिँदा आयोगको च.नं.५२२ मिति २०६०।२।१५ को पत्रबाट आयोगको पूर्व निर्देशन अनुसार छानबिन गरी शंकास्पद प्रमाणपत्रको विवरण मात्र आयोगमा पठाउन मिति २०६०।२।७ को निर्णयानुसार सो बैंकबाट प्राप्त शैक्षिक योग्यताका प्रमाणपत्रहरू यथावत स्थितिमै फिर्ता पठाइएको तथा आयोगको मिति २०६०।११।१९ को निर्णयानुसार परीमार्जन गरीएको "शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र छानबिनसम्बन्धी प्रक्रिया र निर्देशिका" समेत आयोगको च.नं.९७० मिति २०६०।११।२० को पत्रसाथ पुःन सो बैंकमा पठाएपछि मात्र सो बैंकबाट आयोगको निर्देशन अनुसारको विवरण च.नं.५२७ मिति २०६३।७।२६ को पत्रसाथ आयोगमा प्राप्त भएको र सो विरणमा यी प्रतिवादी विष्णुप्रसाद ज्ञवालीको समेत प्रमाणपत्र संलग्न रहेको हुँदा निजको प्रमाणपत्रका सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद्, भक्तपुरको मिति २०६४।३।५ को पत्रसाथ प्रमाणीकरण भई आउँदा झुट्ठा देखिएको हुँदा आयोगबाट प्रतिवादी उपर कसुर प्रमाणित गरी आरोप पत्र पेश भएको हो । उल्लेखित तथ्यबाट प्रतिवादी विष्णु प्रसाद ज्ञवालीको सम्बन्धमा राष्ट्रिय वाणिज्य बैंकबाट मिति २०५९।८।६ को पत्रबाट प्राप्त विवरणका आधारमा आयोगले अनुसन्धानको कार्य प्रारम्भ गरेको नभई सो विवरणलाई यथास्थितिमै फिर्ता पठाइएको र आयोगको निर्देशन बमोजिम सो बैंकबाट पुनः मिति २०६३।७।२६ को पत्रसाथ आयोगमा प्राप्त विवरणका आधारमा मात्र आयोगबाट अनुसन्धान भई म्यादै भित्रै मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को १४ (१) को व्यवस्था अनुसार भ्रष्टाचारका सम्बन्धमा आयोगमा कुनै श्रोतबाट जानकारी प्राप्त भई आरोपीत व्यक्तिले भ्रष्टाचार गरेको भन्ने विश्वास गर्नु पर्ने मनासीव कारण भएमा आयोगले त्यसको प्रारम्भिक छानबिन गोप्य रूपमा गर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ । यसबाट आयोगमा उजुरी प्राप्त हुनु मात्र भ्रष्टाचारको अपराध हुने नभई भ्रष्टाचार भएको तथ्यमा आयोग विश्वस्त भएमा मात्र आयोगबाट त्यस्तो कसुर उपर छानबिनको कार्य प्रारम्भ हुने भन्ने देखिन्छ । प्रस्तुत कसुरका सम्बन्धमा प्रतिवादी विष्णु प्रसाद ज्ञवालीको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीकरण भई आउँदा झुट्ठा देखिएपछि मात्र निजको कार्य भ्रष्टाचारजन्य अपराध भएको तथ्यमा आयोग विश्वस्त भई अनुसन्धान अधिकृत नियुक्ति गरी ऐनको म्याद भित्रै मुद्दा दायर भएको तथ्य विपरीत भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी छ ।

२२. संखुवासभा जिल्ला माल्टा गाउँ विकास समिति वार्ड नं.९ तल्लो पांठा हाल खाँदवारी नगरपालीका वडा नं. १० नयाँवजार घर भई विद्योदय संस्कृत माध्यमिक विद्यालय तल्लो पांठा खाँदवारीकी तत्कालीन प्राथमिक शिक्षिका उत्तरा घिमिरे .....
बढुवाकालागि झुट्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।९।८
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी उत्तरा घिमिरेले बढुवाकालागि झुट्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाको आधारः

(क) प्रतिवादीको शैक्षिक योग्यताका प्रमाणपत्र सम्बन्धमा शिक्षा तथा खेलकुद मन्त्रालयबाट मिति २०५९।२।१४ मा जाँचबुझ प्रारम्भ भई निजका प्रमाणपत्रहरू गलत भएको भनी आवश्यक कारबाहीका लागि मिति २०५९।११।२० को पत्रसाथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको । आयोगबाट मिति २०६१।६।८ मा अनुसन्धान अधिकृत नियुक्त गरी मिति २०६३।५।१३ मा मात्र मुद्दा दायर भइको पाईएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क अनुसार अनुसन्धानको कार्य प्रारम्भ भएको मितिले हदम्यादभित्र मुद्दा दायर भएको नपाईएको हुँदा प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरूः

(क) प्रतिवादी उत्तरा घिमिरेले विहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट सन् १९९० मा मध्यमा परीक्षा पास गरेको भनिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद्, सानोठीमी, भक्तपुर मार्फत बिहार शिक्षा बोर्ड, पटना, भारतमा प्रमाणीकारणका लागि पठाउदा उक्त बोर्डको पत्राङ्क ११ दिनाङ्क २१।०१।२००३ को पत्रसाथ संलग्न प्रमाणीकरणको विवरण अनुसार- परीक्षा मध्यमा, वर्ष १९९०, अनुक्रमाङ्क ४२१/३५६ परीक्षार्थीका नाम उत्तरा घिमिरे, पिताका नाम मानबहादुर घिमिरे, योग ४७८, श्रेणी द्वितीय लेखी कैफियत महलमा "T.R मे उक्त क्रमाङ्क अंकीत नही है" भनी लेखी आएको प्रमाणीकरण पत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठीमी, भक्तपुरको च.नं.६४६ मिति २०५९।११।२० को पत्रसाथ यस आयोगमा प्राप्त हुन आएकोले निज प्रतिवादीले पेश गरेको सन् १९९० को मध्यमा परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा प्रमाणित भएको आधारमा आयोगबाट निजका विरुद्ध सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिइ आरोपपत्र पेश भएको हो ।

(ख) प्रतिवादी उत्तरा घिमिरेले मिति २०५३।३।३ मा श्री विद्योदय संस्कृत माध्यमिक विद्यालय, तल्लो पांठा, संखुवासभाको शिक्षक पदमा वढुवा पाउने प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीकरणबाट झुट्ठा देखिएको तथ्यमा विवाद गरिरहनु पर्ने देखिँदैन । प्रतिवादीले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू शिक्षा तथा खेलकुद मन्त्रालयको च.नं. २८५७ मिति २०५९।२।१४ को पत्रसाथ आवश्यक प्रमाणीकरणका लागि आयोगमा प्राप्त भएको हो, सो पत्रबाटै अनुसन्धानको कार्य प्रारम्भ भएको होइन । भ्रष्टाचारसम्बन्धी सूचना प्राप्त हुनु र अनुसन्धान कार्य प्रारम्भ हुनु एउटै होइन । ऐनमा अनुसन्धान कार्य प्रारम्भ भएपछि मात्र हदम्याद शुरु हुने व्यवस्था स्पष्ट रूपमा उल्लेख

छ । अतः आयोगमा छानबिनका लागि निवेदन प्राप्त हुनु मात्र भ्रष्टाचारजन्य कार्य हुन सक्तैन, आयोगबाट अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धानको कार्य प्रारम्भ भएपछी मात्र मुद्दा दायर गर्ने हदम्याद सुरु हुने सावीक भ्रष्टाचर निवारण ऐन, २०१७ को मनसाय स्पष्ट रहेको छ । प्रतिवादीका विवादीत प्रमाणपत्रहरू मिति २०५९।२।१४ को पत्रसाथ आयोगमा प्राप्त भएतापनि आयोगबाट मिति २०६१।६।२८ मा मात्र अनुसन्धान अधिकृत नियुक्ति गरी अनुसन्धान भई मिति २०६३।५।१३ मा आरोपपत्र पेश गरेको देखिँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क र प्रचलित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को हदम्याद भित्रै मुद्दा दायर भएको तथ्यका विपरीत प्रस्तुत मुद्दा खारेज गर्ने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

२३ मोरङ जिल्ला ईन्द्रपुर गा.वि.स.वार्ड नं.१ घर भई सुकुना मा.वि.ईन्द्रपुर मोरङमा नि.मा.वि.शिक्षिका पदमा तत्काल कार्यरत भागीरथा चुडाल(सिटौला) .....
नि.मा.वि.शिक्षक पदमा नियुक्ति पाउनको लागि झुठ्ठा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।८।१२
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी भाथीरथा चुडाल (सिटौला) उपर नि.मा.वि.शिक्षक पदमा नियुक्ति पाउनको लागि झुठ्ठा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप पत्र दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६६।८।१२ मा प्रस्तुत मुद्दा खारेज हुने ठहर गरी फैसला भएको ।

फैसलाको आधारः

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६१।८।३ को पत्रबाट अनुसन्धान अधिकृत नियुक्ति गरी अनुसन्धानको कार्य प्रारम्भ भएकोमा सो को ३ वर्ष ७ महिना १२ दिन पछी मात्र मिति २०६४।११।१६ मा आरोपपत्र दायर भएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४.क अनुसारको हदम्याद नघाई मुद्दा दायर भएको देखिँदा प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरूः

(क) सुकुना मा.वि. ईन्द्रपुर, मोरङको नि.मा.वि.शिक्षक भागीरथा चुडाल (सिटौला) ले माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, ईलाहबाद, भारतबाट सन् १९८४ मा क्रमाङ्क ५८६७९४ बाट इन्टरमिडीएट परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतमा प्रमाणीकरणका लागि पठाउँदा सो परिषद्को पत्राङ्क सत्यापन ३०/१२८८/२००२-०३/३९ दिनाङ्क १७।०६।२००३ को पत्रसाथ संलग्न प्रमाणीकरण विवरणको सि.नं.१०० मा परीक्षार्थीका नाम भागीरथा चुडाल, वुवा मुक्ति प्रसाद चुडाल,

ईण्टर परीक्षा वर्ष १९८४, अनुक्रमाङ्क ५८६७९४, श्रेणी फेल न कि तृतीय, परीक्षाफल प्राप्ताङ्क १९७/५०० फेल न कि २१७/५००, मा.शि.प. की आख्यान महल "१९७/५०० फेल न कि २१७/५०० तृतीय पास। परीक्षाफल रुकी है " भनी लेखी आएको प्रमाणीकरण विवरण उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरको च.नं.१०४३ मिति २०६०।३।२० को पत्र साथ यस आयोगमा प्राप्त हुन आएको देखिँदा प्रतिवादी भागीरथा चुडाल (सिटौला) ले सन् १९८४ को ईण्टरमिडीएट परीक्षा उत्तीर्ण गरेको भनी नि.मा.वि. शिक्षक पदमा नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा भएको तथ्य प्रमाणित भएको समेतका आधारमा निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप पत्र दायर गरिएको।

(ख) प्रस्तुत मुद्दामा आयोगबाट मिति २०६१।८।३ मा अनुसन्धान अधिकृत तोकी अनुसन्धानको कार्य शुरु भई मिति २०६४।११।१६ मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको छ। आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियाशील रहेको र सो ऐनमा भ्रष्टाचार सम्बन्धी मुद्दामा अनुसन्धान र अभियोजनका लागि कुनै हदम्यादको व्यवस्था गरिएको पाइँदैन। भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान र तहकिकातको कार्य गर्ने अधिकारप्राप्त निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य व्यवस्थित गर्ने कानून अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले आयोगमा प्राप्त उजुरीका सम्बन्धमा आयोगले ५ वर्ष भित्रमा कारबाही गरिसक्नुपर्ने भन्ने व्यवस्था गरेको परीप्रेक्षमा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको मिति २०६०।३।२० को पत्रबाट प्रमाणीकरण भई आउँदा झुट्ठा देखिन आएको आधारमा सो ऐनले निर्धारण गरेको हदम्याद ५ वर्ष भित्रै मुद्दा दायर भई सकेको अवस्थामा भ्रष्टाचार जस्तो जघन्य कसुरमा पनि कानूनको फितलो व्याख्या गरी प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ।

(ग) प्रतिवादी भागीरथा चुडालले सेवा प्रवेश पाउने प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट भएको अनुसन्धानबाट झुट्ठा देखिएको र सो कार्यलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले भ्रष्टाचारजन्य कसुर मानेको तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले समेत उक्त प्रावधानलाई निरन्तरता प्रदान गरेको अवस्थामा अभियुक्तको कसुर कायम गर्ने प्रयोजनका लागि साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दाबी उल्लेख गरिएकोमा प्रचलित कानूनले निर्धारण गरेको हदम्यादसम्बन्धी व्यवस्था विपरीत खारेज भइसकेको ऐनको हदम्याद सम्बन्धी व्यवस्थाको आधार ग्रहणगरी मुद्दा नै खारेज गर्ने गरी भएको फैसलामा गम्भीर कानूनी त्रुटि हुन पुगेको छ।

(घ) नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी सार्वजनिक पदधारण गर्ने जस्तो गम्भिर प्रकृतिको अपराधमा अन्य साधारण अपराधमा जस्तो अंकगणितीय हिसावले तथ्यको विश्लेषण गर्नु पर्ने नभई यसले समाज र राष्ट्रमा पार्ने दुष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ। प्रतिवादी भागीरथा चुडाल (सिटौला) ले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरू झुट्ठा र नक्कली रहेको तथ्य स्थापित भई सकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो झुट्ठा शैक्षिक प्रमाणपत्र

अदालतको फैसलाबाट सक्कली शैक्षिक प्रमाणपत्र बन्न जाने, त्यस्तो प्रमाणपत्र पेश गर्ने ब्यक्ति राष्ट्रसेवकको पदमा बहाल रहिरहने, सरकारी कोषबाट पारिश्रमिक लगायत अन्य सुविधा समेत उपयोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न ब्यक्ति उपर दण्ड सजाय गर्ने विधायिकी मनसाय समेत निष्तेज हुनजाने यथार्थताको विपरीत प्रतिवादीको आपराधिक कार्यलाई समर्थन हुने गरी भएको फैसलाको निर्णयाधार सँग सहमत हुन सकिने अवस्था छैन ।

२४ जिल्ला वाँके, फत्तेपुर गा.वि.स.वार्ड नं.६ देवपुर बस्ने ने.रा.प्रा.वि.का शिक्षक मायाराम कुर्मी....
सेवा प्रवेशकालागि झुठ्ठा (नक्कली) प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।८।१५
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रत्यर्थी मायाराम कुर्मी उपर सेवा प्रवेशकालागि झुठ्ठा (नक्कली) प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप पत्र दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६६।८।१५ मा प्रस्तुत मुद्दा खारेज हुने ठहर गरी फैसला भएको ।

फैसलाको आधार:

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६२।११।२८ को पत्रबाट अनुसन्धान अधिकृत नियुक्ति गरी अनुसन्धानको कार्य प्रारम्भ भएको र मिति २०६५।१२।३० मा मात्र आरोपपत्र दायर भएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. अनुसारको हदम्याद नघाई मुद्दा दायर भएको देखिँदा प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरू:

(क) प्रतिवादी मायाराम कुर्मीले माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, इलाहबाद, भारतबाट सन् १९८७ मा क्रमाङ्क ०६८९३९४ बाट हाईस्कुल परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतमा प्रमाणीकरणका लागि पठाउँदा सो परिषद्को पत्राङ्क सत्यापन ४७८ दिनाङ्क २८।११।२००५ को पत्रसाथ संलग्न प्रमाणीकारण विवरणको सि.नं.८ मा परीक्षार्थीका नाम मायाराम कुर्मी, पिताका नाम हरीद्वार कुर्मी, परीक्षा हाईस्कुल वर्ष १९८७, अनुक्रमाङ्क ०६८९३९४, योग २९४, श्रेणी द्वितीय, विद्यालय/केन्द्रको नाम जवाहरलाल राष्ट्रिय उच्च मा.वि. वहराईच कैफियत " बहराईच जनपदमे यह अनुक्रमाङ्क अनुदानित नही है" भनी लेखी आएको पत्र उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको प.सं.०६२।६३ च.नं ८२४ मिति २०६२।९।११ को पत्रसाथ आयोगमा प्राप्त भई निजको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र झुठ्ठा देखिन आएको । निजले उक्त झुठ्ठा प्रमाणपत्र नेपाल प्राथमिक विद्यालय, सर्रिगाँउ, वाँकेको प्राथमिक शिक्षक पदमा नियुक्ति पाउने उद्देश्यले पेश गरी शिक्षक पदमा नियुक्ति समेत लिएको तथ्य प्रमाणित

भएको हुँदा निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप पत्र दायर गरिएको ।

(ख) प्रस्तुत मुद्दामा आयोगबाट मिति २०६२।११।२८ मा अनुसन्धान अधिकृत तोकी अनुसन्धानको कार्य शुरु भई मिति २०६५।१२।३० मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको छ । आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियाशील रहेको र सो ऐनमा भ्रष्टाचार सम्बन्धी मुद्दामा अनुसन्धान र अभियोजनका लागि कुनै हदम्यादको व्यवस्था गरिएको पाइँदैन । भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान र तहकिकातको कार्य गर्ने अधिकारप्राप्त निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य व्यवस्थित गर्ने कानून अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले आयोगमा प्राप्त उजुरीका सम्बन्धमा आयोगले ५ वर्ष भित्रमा कारबाही गरिसक्नु पर्ने भन्ने व्यवस्था गरेको परीप्रेक्षमा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठीमी, भक्तपुरको मिति २०६२।९।११ को पत्रसाथ प्रमाणीकरण भई आउँदा झुट्ठा देखिन आएको आधारमा कसुर कायम भएको र सो ऐनले निर्धारण गरेको हदम्याद ५ वर्षभित्रै मुद्दा दायर भई सकेको अवस्थामा भ्रष्टाचार जस्तो जघन्य कसुरमा पनि हदम्याद सम्बन्धी कानूनको फितलो व्याख्या गरी प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी मायाराम कुर्मीले सेवा प्रवेश पाउने प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा आयोगबाट भएको अनुसन्धानबाट झुट्ठा देखिएको र सो कार्यलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले भ्रष्टाचारजन्य कसुर मानेको तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले समेत उक्त प्रावधानलाई निरन्तरता प्रदान गरेको अवस्थामा अभियुक्तको कसुर कायम गर्ने प्रयोजनका लागि साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दाबी उल्लेख गरिएकोमा प्रचलित कानूनले निर्धारण गरेको हदम्यादसम्बन्धी व्यवस्था विपरीत खारेज भइसकेको ऐनको हदम्याद सम्बन्धी व्यवस्थाको आधार ग्रहणगरी मुद्दा नै खारेज गर्ने गरी भएको फैसलामा गम्भीर कानूनी त्रुटि हुन पुगेको छ ।

(घ) नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी सार्वजनिक पदधारण गर्ने जस्तो गम्भिर प्रकृतिको अपराधमा अन्य साधारण अपराधमा जस्तो अंकगणितीय हिसावले तथ्यको विश्लेषण गर्नु पर्ने नभई यसले समाज र राष्ट्रमा पार्ने दुष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ । प्रतिवादी मायाराम कुर्मीले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरू झुट्ठा र नक्कली रहेको तथ्य स्थापित भई सकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो झुट्ठा शैक्षिक प्रमाणपत्र अदालतको फैसलाबाट सक्कली शैक्षिक प्रमाणपत्र बन्न जाने, त्यस्तो प्रमाणपत्र पेश गर्ने व्यक्ति राष्ट्रसेवकको पदमा बहाल रहिरहने, सरकारी कोषबाट पारिश्रमिक लगायत अन्य सुविधा समेत उपभोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायिकी मनसाय समेत निष्तेज हुनजाने यथार्थताको विपरीत प्रतिवादीको आपराधिक कार्यलाई समर्थन हुने गरी भएको प्रस्तुत फैसलाको निर्णयाधार सँग सहमत हुन सकिने अवस्था छैन ।

२५. कोशी अंचल, मोरङ जिल्ला होक्लावरी गा.वि.स.वडा नं. ३ घर भई हाल का.जि.का.म.न.पा.वडा नं. ३२, मैतीदेवी वसोवास गरी हाल मुद्रण विभागमा प्लेट मेकर, रा.प.अनं.द्वि. श्रेणीमा कार्यरत पार्वती थापा.....
सेवा प्रवेशको लागि शैक्षिक योग्यताको झुठ्ठा (नक्कली) प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।८।५
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी पार्वती थापाले सेवा प्रवेशको लागि शैक्षिक योग्यताको झुठ्ठा (नक्कली) प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाको आधारः

(क) तत्कालीन विशेष प्रहरी विभागमा मिति २०५८।३।१३ मा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्रका विषयमा उजुरी परी मिति २०५८।३।१९ गतेदेखि नै अनुसन्धान प्रारम्भ भएको देखिएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६३।७।१३ मा मात्र आरोप पत्र पेश भएको देखिँदा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क अनुसार २ वर्षभित्र मुद्दा दायर गरी सक्नु पर्नेमा सो हदम्याद नघाई मुद्दा दायर भएको देखिंदा प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरूः

(क) मुद्रण विभागमा ना.सु. तहसम्मका अधिकांश प्राविधिक कर्मचारीहरू भारतबाट खरिद गरिएका नक्कली प्रमाणपत्रधारी रहेका भन्ने उजुरी परेकोमा उक्त विभागबाट प्राप्त शैक्षिक योग्यताका प्रमाणपत्रहरू र तत्सम्बन्धी विवरणका आधारमा प्रतिवादी पार्वती थापाको माध्यमिक परीक्षाको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी मार्फत सत्यापन गराउँदा विहार विद्यालय परीक्षा समिति, पटनाको पत्रांक नि.३६७० दिनांक ३१ डिसेम्वर २००४ को पत्रसाथ प्राप्त विवरणको सि.नं.५७ मा परीक्षार्थीको नाम पार्वती थापा, पिताको नाम प्रल्हाद बस्नेत, जन्म मिति १२।११।१९७३ परीक्षा माध्यमिक, वर्ष १९८९, कोड वा केन्द्र ६११२, क्रमांक नं. ५७२ योग ६२८ श्रेणी प्रथम, स्कूलको नाम एम.एल.एकेडेमी लहरसहाय दरभंगा उल्लेख गरी समितिका अभियुक्ति महलमा " वर्ष १९८९ मे क्रमांक ५७२ का व्यवहार नही किया गहा है" भनी लेखी आएको प्रमाणीकरण पत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुरको च.नं. ११२५ मिति २०६१।१०।८ को पत्र साथ यस आयोगमा प्राप्त हुन आएकोले निज पार्वती थापाको नामको सन् १९८९ को माध्यमिक तहको शैक्षिक योग्यताको प्रमाणपत्र झुठ्ठा देखिन आएको । निजको व्यक्तिगत फाइलमा रहेको लोक सेवा आयोगको दरखास्त फाराममा वि.नं. १७/०५०, रा.प.अनं. द्वितीय प्रा.(प्लेट मेकर) पदका लागि दर्ता नं. २३८२ मिति २०५०।१२।२२ मा दर्ता भएको दरखास्त फारमको शैक्षिक योग्यता र तालिम सम्बन्धमा

पटना बोर्ड परीक्षा समिति, पटना एस.एल.सी. २०४६ प्रथम श्रेणी उल्लेख गरेको फाराम साथ विहार परीक्षा समितिबाट सन् १९८९ मा माध्यमिक परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित फोटोकपि संलग्न गरेको देखिन आएको र मुद्रण विभागको मु.च.नं. २०४१ मिति २०५१।३।२६ को पत्रले प्लेट मेकर (रा.प.अनं. द्वितीय, प्राविधिक) पदमा स्थायी नियुक्ति पाएको देखिएको समेतको आधारमा निजले राष्ट्रसेवकको पदमा सेवा प्रवेश गर्ने उद्देश्यले बदनियतपूर्वक आफ्नो शैक्षिक योग्यता ढाँटी झुट्ठा प्रमाणपत्र पेश गरी नोकरीमा प्रवेश गरेको प्रमाणित भएको हुँदा निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय गरी पाउन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएको हो ।

(ख) प्रतिवादी पार्वती थापाले मुद्रण विभागको प्लेट मेकर पदमा सुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्र विशेष अदालत, काठमाडौंबाट भएको पुनः प्रमाणीकरणबाट समेत झुट्ठा देखिएको हुँदा सो तथ्यमा विवाद गरिरहनु पर्ने देखिँदैन । प्रतिवादीले पेश गरेका प्रमाणपत्रहरू मिति २०६१।१०।८ मा प्रमाणीकरण भई आउँदा झुट्ठा भनी आए पश्चात मात्र आयोगबाट मिति २०६१।११।३ मा अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धानको कार्य प्रारम्भ भएको र मिति २०६३।७।१३ मा आरोप पत्र पेश भएको हुँदा तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क ले व्यवस्था गरे बमोजिम अनुसन्धानको कार्य प्रारम्भ भएको मितिले २ वर्ष भित्रै मुद्दा दायर भएको अवस्थामा प्रचलित कानून विपरीत भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी उपर उजुरी पर्नु वा शंकास्पद प्रमाणपत्र आयोगमा प्राप्त हुनु मात्र भ्रष्टाचारजन्य कसुर हुन सक्तैन, विवादीत प्रमाणपत्रहरू प्रमाणीकरण भई झुट्ठा देखिएको अवस्थामा मात्र अनुसन्धानको दायरा भित्र पर्दछ । प्रस्तुत कसुरमा कुन मितिमा उजुरी पेश भएको हो ? भन्ने प्रश्न महत्वपूर्ण नभई प्रतिवादीको कार्य भ्रष्टाचारजन्य कसुर हो, होईन ? भन्ने प्रश्न महत्वपूर्ण रहेको छ । भ्रष्टाचारजन्य कसुरको गाम्भिर्यताको कारण प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ मा उजुरीको अनुसन्धान र अभियोजनका सम्बन्धमा कुनै हदम्यादको दायरा तोकिएको अवस्था छैन । प्रस्तुत आरोपपत्र पेश हुँदाका अवस्थामा प्रचलित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०५९ को दफा १३(२) ले आयोगमा प्राप्त उजुरीका सम्बन्धमा ५ वर्ष भित्र आयोगले कारबाही गरीसक्नु पर्ने व्यवस्था रहेको अवस्थामा पेश भएको प्रस्तुत आरोपपत्र सो ऐनको हदम्याद भित्रै दायर भएको छ । ऐ. ऐनको दफा १४(१) ले आयोगमा प्राप्त उजुरीबाट सार्वजनिक पदधारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको छ भन्ने कुरामा आयोग विश्वस्त भएमा मात्र सो सम्बन्धमा आयोगबाट अनुसन्धानको कार्य प्रारम्भ गरिने व्यवस्था रहेको परिप्रेक्षमा प्रतिवादीले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रमाणीकरण भई आउँदा झुट्ठा देखिए पछि मात्र आयोगबाट अनुसन्धान अधिकृत नियुक्ति गरी कानूनको हद म्याद भित्रै मुद्दा दायर भएको छ । नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी सार्वजनिक पदधारण गर्ने जस्तो गम्भिर प्रकृतिको अपराधमा अन्य साधारण अपराधमा जस्तो अंकगणितीय हिसावले तथ्यको विश्लेषण गर्नु पर्ने नभई यसले समाज र राष्ट्रमा पार्ने दुष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ । प्रतिवादी पार्वती थापाले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरू झुट्ठा र नक्कली रहेको तथ्य स्थापित भई सकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो झुट्ठा शैक्षिक प्रमाणपत्र अदालतको फैसलाबाट सक्कली शैक्षिक

प्रमाणपत्र बन्न जाने, त्यस्तो प्रमाणपत्र पेश गर्ने व्यक्ति राष्ट्रसेवकको पदमा बहाल रहिरहने, सरकारी कोषबाट पारिश्रमिक लगायत अन्य सुविधा समेत उपभोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायिकी मनसाय समेत निष्तेज हुनजाने यथार्थताको विपरीत प्रतिवादीको आपराधिक कार्यलाई समर्थन हुने गरी भएको फैसलाको निर्णयाधारसँग सहमत हुन सकिने अवस्था छैन ।

२६. का.जि.का.म.न.पा.वडा नं. ४ बस्ने भू.पु. गृहमन्त्री कमल थापा ..... रकम भरी भराउँ/असूल उपर मुद्दा ।

फैसला मिति : २०६६।८।१५
पुनरावेदकको जिकिर र विशेष अदालतको फैसला:

प्रत्यर्थी तत्कालीन गृहमन्त्री कमल थापाले अनुचित कार्य गरी सरकारी सम्पत्ति हानी नोक्सानी गरेको देखिएकाले निजबाट सो रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२.क बमोजिम असूल उपर गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने भनी आयोगबाट निर्णय भएकोमा सो निर्णय उपर प्रतिवादीको विशेष अदालत, काठमाडौंमा पुनरावेदन परी उक्त अदालतबाट आयोगको निर्णय बदर गर्ने गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) आयोगले स्पष्टीकरण सोद्धा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख),(घ) र (ज) सँग सम्बन्धित अभियोग लगाएको देखिएको तर कमल थापाबाट रकम असूल उपर गर्ने निर्णय गर्दा भने स्पष्टीकरण नै नसोधिएको, खण्ड (क) र (ग) समेतका दफाहरू थपी ती थपिएका दफाहरू समेतको आधारमा आरोप लगाई निर्णय गरेको देखिएको ।

(ख) पुनरावेदक कमल थापाले गृह मन्त्रीको कर्तव्य निर्वाह गर्दाको अवस्थामा गरेको खर्चलाई आफैले लिने खाने प्रयोजनको लागि लिएको कुरा प्रमाणित नभएकोले बदनियत पुष्टि नभएको भनी आयोग आफैले स्वीकार गरेको देखिएको ।

(ग) तत्कालिन मन्त्रिपरिषद्को अध्यक्ष र सामूहिक निर्णय गर्ने अन्य मन्त्रीहरूलाई आरोप लगाउन नसकेको ।

(घ) मन्त्रिपरिषद्को निर्णय बमोजिम खर्च गर्ने सीमाभित्र रही गरेको खर्चलाई अनुचित कार्य भन्न नमिल्ने ।

पुनरावेदनका आधारहरू:

(क) तत्कालिन आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५६ को नियम ३५(४) मा "श्री ५ को सरकारले तोकेको विशेष खर्च वा शान्ति सुरक्षा तथा गुप्तचरसम्बन्धी बिल भरपाई देखाउन उचित नहुने खर्च श्री ५ को सरकारले तोकेको अधिकारीले खर्च गरी श्री ५ को सरकारले तोकेको अधिकारीबाट समर्थन गराई लेखा राख्नु पर्नेछ" भन्ने व्यवस्था गरी तोकिएको शीर्षक वा प्रयोजनका लागि खर्च गर्ने र खर्चको समर्थन गर्ने भिन्दा भिन्दै अधिकारी तोक्नुपर्ने स्पष्ट व्यवस्था समेत गरेको छ । त्यस्तै खर्च गर्न पाउने सिमा समेत

निर्धारण गर्नु पर्ने गरी तोकिएको छ । आर्थिक प्रशासनसम्बन्धी नियम, २०४२ को नियम ६(३) मा पनि यसै प्रकारको व्यवस्था भएको सन्दर्भमा मिति २०५०।२।१८ मा मन्त्रिपरिषद्बाट निर्णय गर्दा खर्च गर्ने र समर्थन गर्ने अधिकारीहरू स्पष्टरूपमा तोकिएको पाइन्छ भने मिति २०६२।१०।१३ मा प्रतिवादी तत्कालिन गृह मन्त्री कमल थापाले मन्त्रिपरिषद्बाट भिन्दा भिन्दै अधिकारीहरू नतोकि गृह मन्त्रीलाई रु. ५,००,०००।- सम्मको खर्च समर्थन गर्ने अधिकारीसम्म तोकिएको पाइन्छ । यसरी खर्च समर्थनसम्म गर्न पाउने अधिकारीका रूपमा तोकिएका प्रतिवादीले एक पटकमा रु. ५,००,०००।- दरले पटक पटक गरी जम्मा रु. १,०१,३१,०९६।- खर्च गरेबाट निजले अनुचित कार्य गरेको प्रष्ट भएको छ ।

(ख) बिल भरपाई बेगर खर्च गर्ने सम्बन्धमा आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५६ को नियम ३५(४) मा व्यवस्था भए बमोजिम समेत नभई खर्च गर्ने र खर्चको समर्थन गर्ने अधिकारी नै नतोकी केवल खर्च समर्थन गर्ने अधिकारी मात्र तोकी कानूनमा उल्लेख भएको शब्दलाई गलत मनशाय लिई तोडमोड गरी अपव्याख्या गरी सोही आधारमा गरिएको प्रस्ताव र खर्चलाई स्वभाविक मान्न सकिने अवस्था रहदैन । यसर्थ प्रतिवादीले विशेष खर्च वा शान्ति सुरक्षा तथा गुप्तचरसम्बन्धी बिल भरपाई देखाउन उचित नहुने खर्चको सिमाबृद्धि गरी गरेको खर्च रु. ९८,८९,९९८।- लाई अनुचित कार्य गरी राष्ट्रिय ढुकुटीको दुरुपयोग गरी हानी नोक्सानी गरेको मान्नु पर्ने अवस्था छ ।

(ग) प्रतिवादीले मिति २०६२।८।२२ देखि २०६३।१।११ सम्म गृहमन्त्रीको पदमा वहाल रहेको अवधिमा विविध शीर्षक (२.०८) अन्तरगत शान्ति सुरक्षा शीर्षकमा जम्मा रु. १,०१,३१,०९६।- खर्च गरेका छन । निज गृह मन्त्रीको पदमा वहाल रहेको अवधिमा मुख्यत निम्न चरणमा विशेष खर्च वा शान्ति सुरक्षा तथा गुप्तचरसम्बन्धी बिल भरपाई देखाउन उचित नहुने शीर्षकमा खर्च भएको देखिन्छ ।

(१) गृह मन्त्रीमा वहाल रहेको मिति २०६२।८।२२ देखि मिति २०६२।१०।१४ सम्मको अवधिमा जम्मा रु. २,४१,०९८।- खर्च भएको ।

(२) मिति २०६२।१०।१७ (खर्च सिमा बृद्धि गर्ने निर्णय मिति २०६२।१०।१३) पछि मिति २०६२।१०।२६ अर्थात नगर निर्वाचनको मितिसम्मको खर्च ।

(३) निर्वाचन सम्पन्न मिति २०६२।१०।२६ पछि मिति २०६३।१।५ सम्म रु. ५ लाख प्रतिदिनका दरले १० पटकको रु. ५० लाख र रु. ५ लाखभन्दा कमको पटक पटकमा भएको खर्च रु. १३,८९,९९८।- समेत जम्मा रु. ६३,८९,९९८।- ।

(घ) उल्लेखित खर्चलाई दृष्टिगत गर्दा प्रकरण (१) मा उल्लेखित व्यहोरा अनुसार गृहमन्त्रीको पदमा बहाल हुँदाको मिति देखि मिति २०६२ माघ १४ गतेसम्म जम्मा रु.२,४१,०९८।- विशेष खर्च शीर्षकबाट विना बिल भरपाई खर्च भएको देखिएको छ । यस अवधिमा पनि राज्यमा माओवादी गतिविधि तीव्र रहेको स्पष्ट छ । तथापी सूचना संकलनको लागि सामान्य रकम मात्र खर्च भएको छ । यस्तो खर्चलाई स्वभाविक रूपमा लिन सकिन्छ ।

(ङ) प्रकरण (२) मा उल्लेखित अवधिलाई नगरपालिका निर्वाचनको अवधिको रूपमा लिइएको छ । प्रस्तुत अवस्थामा मिति २०६२।१०।१७ देखि २५ गते सम्मको ९ दिनको अवधिमा ७ पटक लगातार रु. ५ लाखको दरले रु. ३५ लाख सोही शीर्षकबाट अस्वाभाविक र अपारदर्शी तवरबाट खर्च भएको तथ्य संकलित प्रमाणहरूबाट पुष्टि भएको छ । निजले

आयोग समक्ष बयान गर्ने क्रममा नगर निर्वाचनको लागि खटिएका निजामती एवं प्रहरी कर्मचारी तथा उम्मेदवारहरूको सुरक्षार्थ सूचना संकलन गर्नको निमित्त उल्लेखित रकम खर्च भएको भनी उल्लेख गरेतापनि सोही उद्देश्यले सूचना संकलन गर्ने काममा उल्लेखित रकम खर्च गरेको भन्ने यकिन प्रमाण प्रस्तुत गर्न सकेको पनि पाइँदैन । सूचना संकलन गरी के कस्तो शान्ति सुरक्षाको व्यवस्था गरियो भन्ने व्यहोरा समेत बयानको क्रममा खुलाउन सकेको पाइँदैन । यसर्थ यस चरणमा भएको अत्यधिक खर्चलाई स्वाभाविक खर्चको रूपमा मान्न मिल्ने नदेखिएकोले उक्त रकम हानी नोक्सानी भएको प्रमाणित भएको छ ।

(च) यसै गरी नगर निर्वाचन मिति २०६२।१०।२६ देखि मिति २०६३।३।१ को अवधिमा अत्यधिक खर्च भएको देखिएको छ । निजले आयोग समक्ष बयान गर्दा उल्लेखित खर्च कर्मचारीहरू एवं उम्मेदवारको सुरक्षार्थ सूचना संकलन गर्ने प्रयोजनको लागि भएको भन्ने उल्लेख गरेतापनि निर्वाचन सम्पन्न भै सकेपछिको अवस्थामा अत्यधिक खर्च गरेको देखिएकोले निर्वाचनमा खटिएका कर्मचारी तथा उम्मेदवारको सुरक्षार्थ उल्लेखित रकम खर्च भएको मान्न सकिने स्थिति रहेन । निर्वाचन सम्पन्न भैसकेपछि भएका खर्चलाई निजले यो यो कामको लागि यसरी खर्च भएको भनी तथ्ययुक्त रूपमा पुष्टि गर्न सकेको पनि पाइँदैन । निर्वाचन सम्पन्न भैसकेपछि कर्मचारी एवं उम्मेदवारको सुरक्षार्थ सूचना संकलन गर्न खर्च भएको भन्ने भनाई औचित्यहिन देखिन्छ । यसरी यस चरणमा भएको खर्चलाई स्वाभाविक रूपमा भएको खर्च मान्न नसकिएकोले रु. ६३,८९,९९८।- पनि राष्ट्रिय ढुकुटीको दुरुपयोग गरी हानी नोक्सानी भएको पुष्टि हुन आएको छ । यसर्थ खर्चको सीमा बृद्धि गरी भएको खर्च अस्वाभाविक देखिएकोले जम्मा रु. ९८,९८,९९८।- हानी नोक्सानी हुन गएको प्रमाणित भएको छ ।

४. मन्त्रिपरिषद्का सबै निर्णयहरू नीतिगत हुँदैनन् । नेपाल सरकारले तत्काल प्रचलित संविधान, ऐन, नियम र आर्थिक कार्य निर्देशिकाको सीमाभित्र रहेर कार्य संचालन नियमावली तर्जुमा गर्ने र कार्यान्वयन गर्ने हो । राज्यले अंगिकार गरेको निर्देशक सिद्धान्त तथा नीतिहरू कार्यान्वयन गर्नका लागि गरिने असल नियतबाट गरिएका निर्णयहरू नीतिगत निर्णय हुन्छन । कुनै ऐन, नियम तथा आर्थिक नीति एवं निर्देशिका विपरीत आफूखुसी अपारदर्शी र अस्वाभाविक रूपमा असीमित रकम खर्च गर्ने कार्यलाई नीतिगत निर्णय मान्न मिल्दैन ।

२७. जिल्ला ताप्लेजुङ, खेवाङ गा.वि.स.वडा नं. ५ को हाल मोरङ जिल्ला सोराभाग ८ घर भै श्री जनता माध्यमिक विद्यालय आमगाछी मोरङमा निम्न माध्यमिक तृतीय शिक्षक पदमा कार्यरत श्री बलराम शर्मा .....
झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।११।१२
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी बलराम शर्मा उपर झुट्ठा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाका आधारः

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६०।१०।२ देखि अनुसन्धान प्रारम्भ भए पनि प्रस्तुत मुद्दा ०६५।४।१९ मा मात्र दायर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. को हदम्याद अर्थात अनुसन्धान प्रारम्भ भएको मितिले २ वर्षभित्र दर्ता भएको नपाइएकोले तथ्यभित्र प्रवेश गरी निर्णय गर्न नमिल्ने हुँदा प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरूः

(क) प्रतिवादी बलराम शर्माले नर्थ बंगाल विश्वविद्यालय, भारतबाट सन् १९८६, अनुक्रमांक २२/२९ बाट वि.ए. परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय, किर्तीपुर मार्फत सम्बन्धित विश्वविद्यालयमा प्रमाणीकरणको लागि पठाउँदा उक्त विश्वविद्यालयको Ref. No. 1216 (R)-03 Date: 17-6-2003 को पत्र र सो पत्रसाथ संलग्न प्रमाणीकरण विवरणको सि.नं. २७ मा परीक्षार्थीका नाम बलराम शर्मा, परीक्षा B.A. वर्ष 1986, अनुक्रमांक २२/२९, योग ४०५ श्रेणी द्वितीय उल्लेख गरी कैफियत महलमा "The office does have no records. The copies of Mark sheet and Certificate submitted are fake." भनी लेखी आएको प्रमाणीकरण पत्र एवं विवरण त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुरको च.नं. ८८ मिति २०६०।४।११ को पत्र साथ यस आयोगमा प्राप्त हुन आएकोले निज बलराम शर्माले प्राप्त गरेको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा (नक्कली) देखिन आयो । बयानकै क्रममा "मैले सन् १९७७ मा पश्चिम बंगाल जलपाइगुडीबाट माध्यमिक परीक्षा पास गरेको सो पछि सन् १९८० मा विहार विश्वविद्यालय मुजफरबाट भारतबाट आई.ए. पास गरेको र आई.ए. पास गरेपछि शिक्षक नोकरी गर्न थालेको हुँ । मैले सुरुमा माध्यमिक शिक्षा पढेको स्थानमा चिनेको शिक्षक साथी भाई भएका कारण प्राइभेटबाट जाँच दिनु भन्ने सल्लाह दिएको हुँदा मैले सन् १९८६ मा रीतपूर्वकको वि.ए.को परीक्षाको फर्म भरी परीक्षा दिएको थिएँ । सो वि.ए.को प्रमाणपत्र सही वा गलत के रहेछ थाहा पाउन प्रमाणीकरण गराई हालु भनी पेश गरेको हुँ । उक्त सक्कलै प्रमाणपत्र यसैसाथ पेश गरेको छु । मैले त्यसबाट कुनै सेवा सुविधा नलिएको र अन्य कुनै प्रयोगमा समेत ल्याएको छैन "भनी बयान गरेको भएतापनि क्षेत्रीय शिक्षा निर्देशनालयको च.नं. १४५९ मिति २०६४।३।२६ को पत्रसाथ यस आयोगमा प्राप्त विवरण तथा कागजातबाट निजले प्राप्त गरेको B.A. पास Second Division को प्रमाणपत्रको आधारले त्रि.वि.वि.बाट १ वर्ष वि.एड. गरेको र शिक्षा सेवा आयोगको वि.नं. १६९।०६० मा निम्न माध्यमिक द्वितीय तहको बढुवा हुन फारम भर्दा शैक्षिक योग्यता वि.ए.वि.एड. दुवै उल्लेख गरी फारम भरेको र सोही आधारमा कार्य सम्पादन मूल्यांकन, बढुवा नतिजा विवरणमा शैक्षिक योग्यता बापत माथिल्लो तहको द्वितीय श्रेणीको अंक ३ प्राप्त गरेको समेत देखिँदा निज प्रतिवादीले राष्ट्रसेवकको पदमा बढुवा पाउने उद्देश्यले बदनियतपूर्वक आफ्नो शैक्षिक योग्यता ढाँटी झुट्ठा प्रमाणपत्र पेश गरेको देखिँदा प्रतिवादी बलराम शर्माको उक्त कार्य साविक भ्रष्टाचार निवराण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निज प्रतिवादी बलराम शर्मालाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१)

बमोजिम मागदाबी लिई आयोगको तर्फबाट विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको हो ।

(ख) आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियाशिल रहेको र सो ऐनमा भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धान र अभियोजनका लागि कुनै हदम्यादको व्यवस्था गरिएको पाइँदैन । भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान र तहकिकातको कार्य गर्ने अधिकार प्राप्त निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य व्यवस्थित गर्ने कानून अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले आयोगमा प्राप्त उजुरीका सम्बन्धमा आयोगले ५ वर्ष भित्रमा कारबाही गरी सक्नु पर्ने भन्ने व्यवस्था गरेको परिप्रेक्षमा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, किर्तीपुर मार्फत सम्बन्धित विश्वविद्यालयमा प्रमाणीकरणको लागि लेखी पठाउँदा निज प्रतिवादी बलराम शर्माले प्राप्त गरेको माथि उल्लेखित शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा (नक्कली) देखिन आएको आधारमा कसुर कायम भएको र सो ऐनले निर्धारण गरेको हदम्याद ५ वर्ष भित्रै मुद्दा दायर भै सकेको अवस्थामा भ्रष्टाचार जस्तो जघन्य कसुरमा पनि हदम्यादसम्बन्धी कानूनको फितलो व्याख्या गरी प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी बलराम शर्माको वी.ए. को प्रमाणपत्र सही वा गलत के रहेछ थाहा पाउन प्रमाणीकरण गराइ पाउँ भनी पेश गरेको हुँ भन्ने व्यहोरा सम्बन्धमा निजले बढुवा प्रयोजनको लागि फाराम भर्दा खेरी नै वि.ए.,वि.एड.को शैक्षिक योग्यता उल्लेख गरेको देखिँदा अनुसन्धानबाट झुट्ठा देखिएको र सो कार्यलाई सावित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले समेत उक्त प्रावधानलाई निरन्तरता प्रदान गरेको अवस्थामा अभियुक्तको कसुर कायम गर्ने प्रयोजनका लागि सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दाबी उल्लेख गरिएकोमा प्रचलित कानूनले निर्धारण गरेको हदम्यादसम्बन्धी व्यवस्था विपरीत खारेज भै सकेको ऐनको हदम्यादसम्बन्धी व्यवस्थाको आधार ग्रहण गरी मुद्दा नै खारेज गर्ने गरी भएको फैसलामा गंभिर कानूनी त्रुटि हुन पुगेको छ ।

(घ) नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी शैक्षिक संस्थामा बहाल रही कार्यरत रहने जस्तो गंभिर प्रकृतिको अपराधमा अन्य साधारण अपराधमा जस्तो अंकगणितीय हिसावले तथ्यको विश्लेषण गर्नुपर्ने नभई यसले सामाज र राष्ट्रमा पर्ने दृष्कृतिको समेत समुचित मूल्यांकन गरी न्यायनिरुपण हुनु पर्ने हुन्छ । प्रतिवादी वलराम शर्माले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा र नक्कली रहेको तथ्य स्थापित भै सकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो झुट्ठा शैक्षिक प्रमाणपत्र अदालतको फैसलाबाट सक्कली शैक्षिक प्रमाणपत्र वन्न जाने, त्यस्तो प्रमाणपत्र पेश गर्ने व्यक्ति ओहदामा बहाल रही रहने, सरकारी कोषबाट पारिश्रमिक लगायत अन्य सुविधा समेत उपभोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायिकी मनसाय समेत निष्तेज हुनजाने यथार्थताको विपरीत प्रतिवादीको अपराधिक कार्यलाई समर्थन हुने गरी भएको फैसलाको निर्णयाधारसँग सहमत हुन सकिने अवस्था छैन ।

२८ जि.बारा धर्मनगर गा.वि.स.वडा नं. ८ घर भई जिल्ला विकास समितिको कार्यालय, बारा अन्तर्गत गा.वि.स.सचिव पदमा कार्यरत राजेन्द्र प्रसाद साह कानु.....
नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।११।२८
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी राजेन्द्र प्रसाद शाह कानु उपर झुट्ठा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाको आधारः

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता भई कारबाही प्रारम्भ भएको मितिले ५ वर्ष भित्र कारबाही चलाई सक्नु पर्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले गरेकोमा आयोगमा मिति २०६०।९।२ मा उजुरी दर्ता भई मिति २०६६।३।२८ मा आरोपपत्र दायर भएको देखिँदा उक्त ऐनको बर्खिलाप गरी दायर भएकोले तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्ने भएबाट प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरूः

(क) प्रतिवादी राजेन्द्रप्रसाद साह कानुले पेश गरेका प्रवेशिका परीक्षा उत्तीर्ण गरेको भनिएका शैक्षिक योग्यताका प्रमाणपत्रहरू परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा प्रमाणीकरणको लागि पठाउँदा उक्त परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीको प.सं. ०६५।६६ च.नं. ०४ मिति २०६५।४।१ को पत्रबाट यस कार्यालयको अभिलेख अनुसार नेपाल विद्यापीठ विरगंजबाट वि.स. २०२८ मा क्र.सं. १०३ बाट प्रवेशिका परीक्षामा राजेन्द्र प्रसाद साह कानु सम्मिलित नभै उक्त क्र.सं.मा राम अयोध्या त्रिपाठी सम्मिलित भएको जानकारी यस अयोगमा प्राप्त हुन आएकोले निज राजेन्द्र प्रसाद साह कानुको नामको प्रवेशिका परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा देखिन आयो । अनुसन्धानको क्रममा निजलाई कार्यालय मार्फत पटक पटक बोलाउँदा निज आयोगमा उपस्थित हुन नआएपछि आयोगबाट मिति २०६६।१।२८ र मिति २०६६।१।२९ को गोरखापत्रमा ३० (तीस) दिन भित्र उपस्थित हुन आउने बारेको सूचनाको सि.नं. १ मा निजको नाम समेत समावेश गरी सूचना प्रकाशित गरिएको । निज आयोगमा उपस्थित हुन नआई आफ्नो सफाई पेश नगरेको । तत्कालीन स्थानीय विकास विभागको मिति २०३४।११।८ को पत्रबाट निजलाई गा.पं. सचिव पदमा स्थायी नियुक्ति गरिएको उक्त समयमा निजले दरखास्त फाराममा शैक्षिक योग्यतामा प्रवेशिका परीक्षा उत्तीर्ण गरेको उल्लेख गरी प्रमाणपत्र पेश गरेको व्यहोरा जि.वि.स.कार्यालय, बाराको मिति २०६५।३।१५ को पत्रसाथ आयोगमा प्राप्त व्यक्तिगत फाइलमा संलग्न कागजातबाट देखिन आएको समेतका आधारमा निज राजेन्द्र प्रसाद साह कानुले ओहदा पाउने उद्देश्यले बदनियतपूर्वक आफ्नो शैक्षिक योग्यता ढाँटी झुट्ठा प्रमाणपत्र पेश गरी नियुक्ति समेत पाएको हुँदा निज राजेन्द्र प्रसाद साह कानुले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर गरेको देखिन आई निज राजेन्द्रप्रसाद साहलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम

सजाय गरी पाउन मागदाबी लिई आयोगका तर्फबाट विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

(ख) प्रस्तुत मुद्दामा आयोगबाट मिति २०६५।२।२३ मा अनुसन्धान अधिकृत तोकि अनुसन्धानको कार्य शुरु भई मिति २०६६।३।२८ मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको छ । आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियाशील रहेको र सो ऐनमा भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धान र अभियोजनका लागि कुनै हदम्यादको व्यवस्था गरेको पाइँदैन । भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान र तहकिकातको कार्य गर्ने अधिकार प्राप्त निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यलाई व्यवस्थित गर्ने कानून अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले आयोगमा प्राप्त उजुरीका सम्बन्धमा आयोगले ५ वर्ष भित्रमा कारबाही गरी सक्नुपर्ने भन्ने व्यवस्था गरेको परिप्रेक्षमा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र माथि बुदा नं. ३ को प्रकरण नं. (क) मा उल्लेखित निकायबाट प्रमाणीकरण भई आउँदा झुट्ठा देखिन आएको आधारमा कसुर कायम भएको र सो ऐनले निर्धारण गरेको हदम्याद ५ वर्षभित्र मुद्दा दायर भै सकेको अवस्थामा भ्रष्टाचार जस्तो जघन्य कसुरमा पनि हदम्यादसम्बन्धी कानूनको फितलो व्याख्या गरी प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजनका सम्बन्धमा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ ले हदम्यादसम्बन्धी कुनै व्यवस्था नगरेको भए तापनि त्यस्तो कार्यको अनुसन्धान र अभियोजन गर्ने सक्षम निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारका उजुरीका सम्बन्धमा सो कार्य भए गरेको ५ वर्ष भित्रमा कारबाही चलाउन सक्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले गरेको पाइन्छ । प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादी राजेन्द्र प्रसाद शाह कानुको शैक्षिक योग्यतको प्रमाणपत्र झुट्ठा रहेको भन्ने नेपाल राष्ट्रिय विद्यापिठ विरगन्जबाट लेखी आएको भनी परिक्षा नियन्त्रण कार्यालय, सानोठिमीको मिति २०६५।४।१ को पत्रबाट प्रमाणीकरण भई आएपछि आयोगबाट अनुसन्धान अधिकृत तोकिएको र निजले ५ वर्षको अवधि भित्रै विशेष अदालत समक्ष प्रतिवादी उपर कसुर कायम गरी आरोपपत्र पेश गरिसकेको हुँदा सो अनुसारको हदम्याद भित्रै दायर भएको मुद्दाको तथ्यभित्र प्रवेश गरी न्याय निरुपण गर्नु पर्नेमा मुद्दा नै खारेज गर्ने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण भएको हुँदा बदरभागी छ ।

(घ) नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी शैक्षिक संस्थामा बहाल गर्ने जस्तो गंभिर प्रकृतिको अपराधमा अन्य साधारण अपराधमा जस्तो अंकगणितीय हिसावले तथ्यको विश्लेषण गर्नुपर्ने नभई यसले सामाज र राष्ट्रमा पर्ने दृष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ । प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा र नक्कली रहेको तथ्य स्थापित भै सकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो झुट्ठा शैक्षिक प्रमाणपत्र अदालतको फैसलाबाट सक्कली शैक्षिक प्रमाणपत्र वन्न जाने, त्यस्तो प्रमाणपत्र पेश गर्ने व्यक्ति ओहदामा बहाल रही रहने, सरकारी कोषबाट पारिश्रमिक लगायत अन्य सुविधा समेत उपभोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायिकी मनसाय समेत निस्तेज हुनजाने यथार्थताको विपरीत प्रतिवादीको अपराधिक कार्यलाई समर्थन हुने गरी भएको प्रस्तुत फैसलाको निर्णयाधार सँग सहमत हुन सकिने अवस्था छैन ।

२९ सुनसरी जिल्ला इनरुवा नगरपालिका वडा नं. २ पूर्वटोल मोवाइल नं. ९८४२०७६५३० स्थायी ठेगाना भै इनरुवा नगरपालिका कार्यालयमा खरिदार पदमा कार्यरत वर्ष ३० की सुनिता सुवेदी (वस्ती).....
सेवा प्रवेश एवं बढुवा प्रयोजनका नक्कली (झुठ्ठा) प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।११।१४
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी सुनिता सुवेदी (वस्ती) उपर सेवा प्रवेश एवं बढुवा प्रयोजनका लागि झुठ्ठा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई श्री विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाको आधारः

(क) प्रमाणसँग सम्बन्धित कुरा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ मा उल्लेखित प्रकृतिको भ्रष्टाचारको श्रेणी भित्र नपर्ने हुँदा यस्तो प्रकृतिको कसुरमा कार्य भएको ५ वर्ष भित्रै कारबाही चलाउने दायीत्व अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई तोकेकोमा आयोगमा कारबाही चलाउन २०५९।९।२९ को पत्रद्वारा जानकारी भए पनि ५ वर्षको अवधि नघाई ०६६।५।१० मा मात्र अभियोग दायर भएको कार्यलाई हदम्यादभित्रैको मान्न मिल्ने अवस्था नदेखिँदा प्रस्तुत अभियोग दाबी खारेज हुने । ।

पुनरावेदनका आधारहरूः

(क) इनरुवा नगरपालिका कार्यालयमा खरिदार पदमा कार्यरत श्री सुनिता सुवेदी (वस्ती) को विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट क्रमशः अनुक्रमांक ७१३२/९२६ बाट माध्यमिक परीक्षा उत्तीर्ण गरेको भनिएका शैक्षिक योग्यताका प्रमाणपत्रहरू इनरुवा नगरपालिका कार्यालयबाट यस आयोगमा प्राप्त हुन आएकोमा उक्त प्रमाणपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुर मार्फत बिहार विद्यालय परीक्षा समिति, पटनामा प्रमाणीकरणको लागि पठाउँदा उक्त समितिको पत्र संख्या ७५१४ दिनांक १४-७-२००८ को पत्रमा क्र.सं. २२ मा "सुनिता सुवेदी-७१३२-९२६-९६(A) समिति अभिलेख के अनुसार बर्ष १९९६ के रोल कोड ७१३२ मे क्रमांक ७९१ तक का ही व्यवहार किया गया है" भनी लेखी आएको पत्र उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको च.नं. ५११/०६५/६६ मिति २०६५।५।२० को पत्रसाथ आयोगमा प्राप्त हुन आएको, उक्त प्रमाणपत्र मैले पेश गरेको होईन भनी निज सुनिता सुवेदी (वस्ती) ले बयान गरे तापनि निजकै बयानको अरू व्यहोरा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको प्रतिवेदन र अन्य व्यक्तिको बयान एवं संलग्न प्रमाण कागजातबाट शुरु नियुक्ति एवं बढुवाको लागि उक्त प्रमाणपत्र पेश गरी लाभ लिएको पुष्टि हुन आएको हुँदा निज सुनिता सुवेदी (वस्ती) ले सेवा प्रवेश एवं बढुवा समेतका लागि पेश गरेको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र झुठ्ठा देखिन आयो । निज सुनिता सुवेदी (वस्ती) ले राष्ट्रसेवकको पदमा सेवा प्रवेश एवं बढुवा हुने उद्देश्यले बदनियतपूर्वक आफ्नो शैक्षिक योग्यता ढाँटी झुठ्ठा प्रमाणपत्र पेश गरी

नियुक्ति एवं बढुवा समेत लिएको तथ्य प्रमाणित भएको हुँदा निज सुनिता सुवेदी (वस्ती) ले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर गरेको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको मागदाबी लिई आयोगको तर्फबाट विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको हो ।

(ख) प्रस्तुत मुद्दामा आयोगबाट मिति २०६५।६।२६ मा अनुसन्धान अधिकृत तोकि अनुसन्धानको कार्य शुरु भई मिति २०६६।५।१० मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको छ । आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियाशील रहेको र सो ऐनमा भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धान र अभियोजनका लागि कुनै हदम्यादको व्यवस्था गरिएको पाइँदैन । भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान र तहकिकातको कार्य गर्ने अधिकार प्राप्त निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य व्यवस्थित गर्ने कानून अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले आयोगमा प्राप्त उजुरीका सम्बन्धमा आयोगले ५ वर्षभित्रमा कारबाही गरिसक्नु पर्ने भन्ने व्यवस्था गरेको परिप्रेक्षमा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद् भक्तपुरको च.नं. ५११।०६५।६६ मिति २०६५।५।२० को पत्रसाथ प्राप्त प्रमाणीकरण भई आएको आधारमा झुट्ठा देखिएकोले कसुर कायम भएको र सो ऐनले निर्धारण गरेको हदम्याद ५ वर्ष भित्रै मुद्दा दायर भइसकेको अवस्थामा भ्रष्टाचार जस्तो जघन्य कसुरमा पनि हदम्यादसम्बन्धी फितलो व्याख्या गरी प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) सेवा प्रवेश एवं बढुवा प्रयोजनका लागि नक्कली शैक्षिक प्रमाणपत्र प्रतिवादीले पेश गरी सार्वजनिक पद धारण गर्ने जस्तो गंम्भिर प्रकृतिको अपराध अन्य साधारण अपराधमा जस्तो अकंगणितिय हिसावले तथ्यको विश्लेषण गर्नुपर्ने नभई समाज र राष्ट्रमा पार्ने दृष्किकोण समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ, जुन कुरा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर अन्तर्गत पर्न आउँछ । प्रतिवादी सुनीता सुवेदी (वस्ती) ले आफ्नो शैक्षिक योग्यता ढाँटी झुट्ठा प्रमाणपत्र पेश गरी नियुक्ति एवं बढुवा समेत लिएको तथ्य स्थापित भइसकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो नक्कली शैक्षिक प्रमाणपत्र अदालतको फैसलाबाट सक्कली शैक्षिक प्रमाणपत्र बन्न जाने, त्यस्तो शैक्षिक प्रमाणपत्र पेश गर्ने व्यक्ति सार्वजनिक पदमा बहाल रही रहने, सरकारी कोषबाट पारिश्रमिक लगायत अन्य सुविधा समेत उपयोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायकि मनसाय समेत निस्तेज हुन जाने यथार्थताको विपरीत प्रतिवादीको अपराधिक कार्यलाई समर्थन हुने गरी भएको प्रस्तुत फैसलाको निर्णयाधार सँग सहमत हुन सक्ने अवस्था छैन । तसर्थ प्रतिवादी सुनिता सुवेदी (वस्ती) ले झुट्ठा प्रमाणपत्र पेश गरी नियुक्ति एवं बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्को मिति २०६५।५।२० को पत्रबाट झुट्ठा हो भन्ने प्रमाणीकरण भइ आएको आधारमा आयोगबाट मिति २०६५।६।२६ मा अनुसन्धान अधिकृत नियुक्ति गरी अनुसन्धानको कार्य प्रारम्भ भएको मितिले ५ बर्ष भित्र मुद्दा दायर भएको तथ्य विपरीत भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

३० जिल्ला मुगु श्रीनगर गा.वि.स.वडा नं. ४ घर भई जन जागृती प्राथमिक विद्यालय रोबा ९ कम्फा मुगुमा प्रा.शि.पदमा कार्यरत लोकबहादुर हितान.....
शुरु नियुक्तिका लागि झुठ्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।१२।१७
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रत्यर्थी लोकबहादुर हितान उपर शुरु नियुक्तिका लागि झुठ्ठा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाको आधार:

(क) प्रतिवादीको प्रमाणपत्र नक्कली भन्ने कुरा उच्च माध्यमिक शिक्षा परिषद्ले मिति २०६०।३।२० मा नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) बमोजिम ५ वर्षको हदम्यादको अवधि नघाई मिति २०६५।९।२० मा अभियोग दायर हुन आएबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४.क र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को हदम्याद नाघि दायर गरेकोले खारेज हुने ।

पुनरावेदनका आधारहरू:

(क) जन जागृती प्रा.वि.रोवा-९ कम्फा मुगुमा कार्यरत अस्थाई प्रा.शि.प्रतिवादी लोक बहादुर हितानले माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश वाराणसी भारतको सन् १९९३ मा हाईस्कूल परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्रहरू जिल्ला शिक्षा कार्यालय, मुगु मार्फत प्रमाणीकरणको लागि यस आयोगमा प्राप्त हुन आएकोमा उक्त प्रमाणपत्रहरू उक्त माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुर मार्फत माध्यमिक शिक्षा परिषद्, क्षेत्रिय कार्यालय, उत्तरप्रदेश भारतमा प्रमाणीकरणको लागि पठाउँदा माध्यमिक शिक्षा परिषद् क्षेत्रिय कार्यालय, उत्तर प्रदेश भारतको पत्रांक मा.शि.पि./क्षे.का.वा./अभिलेख/ सत्यापन/२७०९ दिनांक २२-५-२००३ को पत्रसाथ प्राप्त प्रमाणीकरण विवरणको सि.नं. ३६ मा परीक्षार्थीको नाम लोक बहादुर हितान पिताको नाम सिंह बहादुर, परीक्षा हाइस्कूल वर्ष १९९३ अनुक्रमांक १६५५७५६ श्रेणी (द्वितीय) योग ३२५ उल्लेख गरी कैफियत महलमा "कार्यालय अभिलेख के अनुरूप नही है" भनी लेखी आएको देखिएबाट निज प्रतिवादीले पेश गरेको हाइस्कूल परीक्षाको शैक्षिक योग्यताको प्रमाणपत्रहरू झुठ्ठा र नक्कली भएको तथ्य प्रमाणित भएको छ ।

(ख) प्रस्तुत मुद्दामा आयोगबाट मिति २०६२।११।२२ मा अनुसन्धान अधिकृत तोकि अनुसन्धानको कार्य शुरु भई मिति २०६५।९।२० मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको छ । आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियाशील रहेको र सो ऐनमा भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धान र अभियोजनका लागि कुनै हदम्यादको व्यवस्था गरिएको पाइँदैन । भ्रष्टाचारको सम्बन्धमा

अनुसन्धान र तहकिकातको कार्य गर्ने अधिकार प्राप्त निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य व्यवस्थित गर्ने कानून अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले आयोगमा प्राप्त उजुरीका सम्बन्धमा आयोगले ५ वर्ष भित्रमा कारबाही गरिसक्नु पर्ने भन्ने व्यवस्था गरेको परिप्रेक्षमा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद् भक्तपुरको च.नं. १०४३ मिति २०६०।३।२० को पत्रसाथ प्राप्त प्रमाणपत्रहरूको प्रमाणीकरण भई आएको आधारमा झुट्ठा देखिएकोले कसुर कायम भएको र सो ऐनले निर्धारण गरेको हदम्याद ५ वर्ष भित्रै मुद्दा दायर भइसकेको अवस्थामा भ्रष्टाचार जस्तो जघन्य कसुरमा पनि हदम्यादसम्बन्धी फितलो व्याख्या गरी प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी लोक बहादुर हितानले सेवा प्रवेश पाउने प्रयोजनको लागि पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा आयोगबाट भएको अनुसन्धानबाट झुट्ठा देखिएको र सो कार्यलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले भ्रष्टाचारजन्य कसुर मानेको तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले समेत उक्त प्रावधानलाई निरन्तरता प्रदान गरेको अवस्थामा अभियुक्तको कसुर कायम गर्ने प्रयोजनका लागि सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दाबी उल्लेख गरिएकोमा प्रचलित कानूनले निर्धारण गरेको हदम्यादसम्बन्धी व्यवस्था विपरीत खारेज भैसकेको ऐनको हदम्यादसम्बन्धी व्यवस्थाको आधार ग्रहण गरी मुद्दा नै खारेज गर्ने गरी भएको फैसलामा गम्भिर कानूनी त्रुटि हुन पुगेको छ ।

(घ) शुरु नियुक्तिका लागि नक्कली (झुट्ठा) शैक्षिक प्रमाणपत्र प्रतिवादीले पेश गरी सार्वजनिक पद धारण गर्ने जस्तो गंम्भिर प्रकृतिको अपराध अन्य साधारण अपराधमा जस्तो अकंगणितिय हिसावले तथ्यको विश्लेषण गर्नुपर्ने नभई समाज र राष्ट्रमा पार्ने दृष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ, जुन कुरा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर अन्तर्गत पर्न आउँछ । प्रतिवादी लोक बहादुर हितानले आफ्नो शैक्षिक योग्यता ढाँटी झुट्ठा प्रमाणपत्र पेश गरी सेवा प्रवेश गरेको तथ्य स्थापित भइसकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो नक्कली शैक्षिक प्रमाणपत्र अदालतको फैसलाबाट सक्कली शैक्षिक प्रमाणपत्र बन्न जाने, त्यस्तो शैक्षिक प्रमाणपत्र पेश गर्ने व्यक्ति सार्वजनिक पदमा बहाल रही रहने, सरकारी कोषबाट पारिश्रमिक लगायत अन्य सुविधा समेत उपभोग गर्ने र भ्रष्टाचार जन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायिकी मनसाय समेत निस्तेज हुन जाने यथार्थताको विपरीत प्रतिवादीको अपराधिक कार्यलाई समर्थन हुने गरी भएको प्रस्तुत फैसलाको निर्णयाधारसँग सहमत हुन सक्ने अवस्था छैन । तसर्थ प्रतिवादी लोक बहादुर हितानले झुट्ठा प्रमाणपत्र पेश गरी शुरु सेवा प्रवेश पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्को मिति २०६०।३।२० को पत्र साथ संलग्न विवरणबाट झुट्ठा हो भन्ने प्रमाणीकरण भइ आएको आधारमा आयोगबाट मिति २०६२।११।२२ मा अनुसन्धान अधिकृत नियुक्ति गरी अनुसन्धानको कार्य प्रारम्भ भएको मितिले ५ वर्षभित्रै मिति २०६५।९।२० मा मुद्दा दायर भएको तथ्य विपरीत भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

३१ अर्घाखाँची जिल्ला खाँचीकोट गा.वि.स. वडा नं. ३ रोकाहाटोल स्थायी घर भई हाल का.जि.महादेव गा.वि.स.वडा नं. २ गुर्जुधारा वस्ने गोरखापत्र संस्थानका तत्कालिन वरिष्ठ सहायक पाँचौ तहका वर्ष ४६ को विष्णुबहादुर थापा.....
बढुवाका लागि झुट्ठा (नक्कली) प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।११।१९
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रत्यर्थी विष्णु बहादुर थापा उपर बढुवाका झुट्ठा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाको आधार:

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६६।११।१९ को निर्णयले मिति २०६१।७।१८ देखि अनुसन्धान प्रारम्भ भएकोमा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को २४क. मा बर्णित २ वर्षको हदम्याद नघाई २०६५।६।२ मा मात्र प्रस्तुत अभियोगपत्र दायर हुन आएकोमा हदम्यादभित्र दायर नभएकोले मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न नमिल्ने हुँदा प्रस्तुत मुद्दा खारेज हुने ।

पुनरावेदनका आधारहरू:

(क) गोरखापत्र संस्थानका वरिष्ठ सहायक तह ५ का विष्णुबहादुर थापाले माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेशबाट सन् १९८७ मा अनुक्रमांक १४९६७८३ बाट हाईस्कूल परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताका प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुर मार्फत माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेशमा प्रमाणीकरणको लागि पठाउँदा उक्त परिषद्को पत्रांक मा.शि.प./क्षे.का.वा./अभिलेख/सत्यापन ११२ दिनांक 05/05/07 को पत्रसाथ प्राप्त प्रमाणीकरण विवरणको क्र.सं. ९ मा "परीक्षार्थीका नाम विष्णुबहादुर थापा, पिताका नाम चुमान सिंह थापा परीक्षा हाईस्कूल बर्ष १९८७ अनुक्रमांक १४९६७८३ योग २९३ श्रेणी द्वितीय विद्यालय/केन्द्रको नाम एल.बी.शास्त्री ईन्टर कलेज रखुरखोर, गोरखपुर कैफियत बर्ष १९८७/अनु.१४९६७८३ इस कार्यालयद्वारा अनुदानित नही" भनी लेखी आएको प्रमाणीकरण पत्र उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरको प.सं. ०६३।०६४ च.नं. २११२, मिति २०६४।२।६ को पत्रसाथ यस आयोगमा प्राप्त हुन आएबाट निज प्रतिवादी विष्णुबहादुर थापाले माध्यमिक शिक्षा परिषद् उत्तर प्रवेशबाट सन् १९८७ अनुक्रमांक १४९६७८३ बाट हाईस्कूल परीक्षा उत्तीर्ण गरेको भनी पेश गरेको उल्लेखित शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा देखिन आयो ।

(ख) प्रतिवादी विष्णु बहादुर थापाले गोरखापत्र संस्थानमा नोकरी प्रवेश पछि चौथो तहमा बढुवा पाउने प्रयोजनको लागि पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक

शिक्षा परिषद् भक्तपुरको प.सं. ०६४।६५ च.नं. २११२ मिति २०६४।२।६ को पत्रबाट प्रमाणीकरण भई आउँदा झुट्ठा भनी आए पश्चात मात्र आयोगबाट मिति २०६४।२।२५ मा अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धानको कार्य प्रारम्भ भएको र मिति २०६५।६।२ मा अभियोग पत्र पेश भएको हुँदा तत्काल कायम रहेको भ्रष्टाचार निवरण ऐन, २०१७ को दफा २४क. ले व्यवस्था गरे बमोजिम अनुसन्धानको कार्य प्रारम्भ भएको मितिले २ बर्ष भित्रै मुद्दा दायर भएको अवस्थामा प्रचलित कानून विपरीत भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले भ्रष्टाचार भए गरेको मितिले ५ वर्ष भित्र मुद्दा दायर गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ । सोही अनुरूप ५ वर्ष भित्र मुद्दा दायर भै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन अनुसार नै कारबाही भएको छ ।

(घ) प्रतिवादी उपर उजुर पर्नु वा शंकास्पद प्रमाणपत्र आयोगमा प्राप्त हुनु मात्र भ्रष्टाचारजन्य कसुर हुन सक्दैन । विवादीत प्रमाणपत्रहरू प्रमाणीकरण भई झुट्ठा देखिएको अवस्थामा मात्र अनुसन्धानको दायराभित्र पर्दछ । प्रस्तुत कसुरमा कुन मितिमा उजुरी पेश भएको हो ? भन्ने प्रश्न महत्वपूर्ण नभई प्रतिवादीको कार्य भ्रष्टाचारजन्य कसुर हो, होइन ? भन्ने प्रश्न महत्वपूर्ण रहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४(१) ले आयोगमा प्राप्त उजुरीमा सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको छ भन्ने कुरामा आयोग विश्वस्त भएमा मात्र सो सम्बन्धमा आयोगबाट अनुसन्धानको कार्य प्रारम्भ गरिने व्यवस्था रहेको परिप्रेक्षमा प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रमाणीकरण भई आउँदा झुट्ठा देखिए पछि मात्र आयोगबाट अनुसन्धान अधिकृत नियुक्ति गरी कानूनको हदम्याद भित्र मुद्दा दायर भएको छ । तसर्थ प्रतिवादी विष्णु बहादुर थापाले बढुवा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, भक्तपुरको मिति २०६४।२।६ को पत्रबाट झुट्ठा भनी लेखी आएको आधारमा आयोगबाट मिति २०६४।४।२५ मा अनुसन्धान अधिकृत नियुक्ति गरी अनुसन्धानको कार्य प्रारम्भ भई तत्काल कायम रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. ले व्यवस्था गरेको हदम्याद २ वर्ष भित्रै मुद्दा दायर भएको तथ्य विपरीत भएको फैसला त्रुटिपूर्ण हुँदा बरदभागी छ ।

(ङ) नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी शैक्षिक सस्थामा बहाल गर्ने जस्तो गंभिर प्रकृतिको अपराधमा अन्य साधारण अपराधमा जस्तो अंकगणितिय हिसावले तथ्यको विश्लेषण गर्नुपर्ने नभई यसले समाज र राष्ट्रमा पर्ने दृष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ । प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा र नक्कली रहेको तथ्य स्थापित भै सकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो झुट्ठा शैक्षिक प्रमाणपत्र अदालतको फैसलाबाट सक्कली शैक्षिक प्रमाणपत्र वन्न जाने, त्यस्तो प्रमाणपत्र पेश गर्ने व्यक्ति ओहदामा बहाल रही रहने, सरकारी कोषबाट पारिश्रमिक लगायत अन्य सुविधा समेत उपभोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायीकी मनसाय समेत निष्तेज हुनजाने यथार्थताको विपरीत प्रतिवादीको अपराधिक कार्यलाई समर्थन हुने गरी भएको प्रस्तुत फैसलाको निर्णयाधारसँग सहमत हुन सकिने अवस्था छैन ।

३२ सप्तरी जिल्ला घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३३ मैतीदेवी, रुद्रमती मार्ग बस्ने साँफेवगर-मंगलसेन-मार्तडी सडक योजनाका का.मु.योजना प्रमुख (सिनियर डिभिजनल इन्जिनियर) पदमा कार्यरत हरेकृष्ण भगत..... गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।९।२०
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी हरेकृष्ण भगतले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी रूपमा रु. ८५,८६,७५४।७९ आर्जन गरेको पुष्टि हुन आएकोले निजका हकमा उपरोक्त भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,१५ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी उल्लेखित बिगो बरावरको चल अचल सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) र दफा ४७ बमोजिम जफत गरी पाउने मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६६।९।२० मा निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी फैसला भएको ।

१. यस आयोगबाट प्रतिवादी हरेकृष्ण भगत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफू आफ्नी, पत्नी समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजनागर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. १,४०,९३,४८७।९१ सम्पत्ति मध्ये रु. ८५,८६,७५४।७९ को सम्पत्ति श्रोत नखुलेको ठहरगरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लेखित त्रुटि गरी प्रतिवादीलाई सफाई दिनेगरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका कुराहरू निम्न प्रकरणहरूमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

(अ) विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सवै आयलाई एकमुष्ट गणना गरी सवै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटि हो ।

(आ) प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रु. १,४०,९३,४८७।९१ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शीर्षकमा खर्च गरी रु. ८५,८६,७५४।७९ को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति (तत्कालको मूल्यमा हिसाव गरी) रु. ७४,५१,४२६।२५ कायम गरेको र सोको श्रोत रु. ६८,४७,५३५।९० आय ठहर गरी बैध आयश्रोत भन्दा खर्च रु. ६,०३,८९०।३४ बढी अवैध श्रोतबाट जम्मा भएको भन्ने तथ्य अदालतको फैसलाबाट नै पुष्टि भएको छ ।

विशेष अदालतले प्रतिवादीका गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि स्वेच्छा पूर्वक गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंका सम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्ति भन्दा रु. ६,०३,८९०।३४ बढी निजलाई बैध रूपमा आय भएको ठहर गरेबाट अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसुर गर्ने प्रबृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नु पर्ने हुन्छ ।

२. माथि प्रकरण १, अ र आ मा उल्लेखित जिकिरहरूमा कुनै प्रतिकूल प्रभाव नपारी त्यसका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न अधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोप पत्रको मागदाबी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) २०४५ र २०४८ सालमा सप्तरी भंगाहामा, २०५२ र २०५९ सालमा काठमाडौंमा २०५९ सालमा सप्तरी भंगाहामा प्रतिवादीले तिनवटा घर निर्माण गरेको देखिएको छ । जुन घरहरूको लागत जम्मा रु. ६८,९०,०६३।०६ भनी आरोपपत्रमा उल्लेख गरिएकोमा अदालतबाट लागत जम्मा रु. ५१,१२,८२१।३१ भनी फैसलामा उल्लेख गरिएको छ । त्यस्तै २०३९ सालमा सप्तरी भंगाहामा १-७-३ बिगाह, ऐ.ऐ.मै १-५-४ बिगाह, ऐ.ऐ.मै ०-१-१२ बिगाह, काठमाडौंमा ०-८-०-० रोपनी, सप्तरी भंगाहामै ०-०-६ बिगाह, काठमाडौं नयाँपाटीमा ०-९-२-० रोपनी जग्गा समेत निजले खरिद गरेको देखिन्छ

जसको खरिद मूल्य जम्मा रु. ३४,९९,८७५।- भनी आरोपपत्रमा उल्लेख गरिएकोमा अदालतबाट लागत जम्मा रु. ३,७९,२००।- भनी फैसलामा उल्लेख छ। उक्त घर निर्माण र जग्गा खरिदको लागतलाई विशेष अदालतले मान्यता दिएको भएतापनि सो लागतलाई ध्यान्न सक्ने सो अवधिसम्मको निजको आयलाई समेत हिसाव गरिनु पर्नेमा एकमुष्ट रूपमा आय र व्ययको गणना गरी निर्माण लागतलाई मान्यता दिई भएको फैसला त्रुटिपूर्ण देखिन्छ।

(ख) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ। प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दाबी लिइएको अवस्था छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसुरमा गैरकानुनी आर्जनको सम्पत्तिको बिगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ। आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दाबी गरिएको छ ती सम्पत्तिहरूको हालको मूल्यलाई आधारमानी बिगो कायम गरिएको हो। गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु नै कानूनसम्मत हुने हुन्छ। तर अदालतले जग्गा आर्जन (खरिद) गर्दाको अवस्थाको मूल्यलाई आधारमानी बिगो कायम गरेको छ। गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो। विगतमा जे जति सम्पत्ति गैरकानूनी रूपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रूपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसुरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको बिगोको परिमाण वरावर दण्ड गर्ने कानूनको उदेश्य पराजित हुन गई कसुरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिई भएको फैसला न्यायसँगत छैन।

(ग) प्रतिवादीको सप्तरी भंगाहाका घर जग्गाहरू र काठमाडौंको घर जग्गालाई खरिद र निर्माणको श्रोत नखुलेको हदसम्म गैरकानूनी आर्जनको मानी आरोपपत्रमा दाबी लिइएको छ। यसरी अवैध रूपमा खरिद भएको जग्गा, अवैध आर्जनकै रकमबाट बनेको घरहरूको भाडा रकमलाई बैध आय मान्ने प्रश्नै आउँदैन। विशेष अदालतले रु. १२,१४,४००।- घर भाडाबाट आय आर्जन गरेको भनी अत्यधिक आय कायम गरिदिएको छ। यसरी प्रतिवादीको बैध र अवैध आयको विश्लेषण र मूल्यांकन नगरी हचुवा तवरले घरभाडा निर्धारण गरेको न्यायसंगत छैन। त्यसमा पनि घर भाडामा लागेको हो भन्ने निश्चयात्मक प्रमाण संझौता पत्र र भाडा बापत कर तिरेको भरपाई कागज हो। उल्लेखित कागजात प्रतिवादीले प्रमाण स्वरूप पेश गर्न नसकेको अवस्थामा केवल प्रतिवादीले बहालमा वसेको व्यक्तिको नाम उल्लेख गरेकै भरमा घर भाडालाई आयमा समावेश गरी भएको फैसला त्रुटिपूर्ण छ।

(घ) प्रतिवादीको सप्तरीमा श्रोत खुलेको जम्मा १-७-९ खेती योग्य जग्गा रहेको देखिएको छ। सो जग्गाको ठेक्काबाट आफूलाई कृषि आय प्राप्त भएको माछा पालन फलफूल खेती समेतबाट आय आर्जन भएको भन्ने निजको जिकिरको आधारमा विशेष

अदालतले बार्षिक रु. ५०,०००।- को दरले र २०५९ सालको ३०,०००।- का हिसाबले जम्मा रु. ११,३०,०००।-, माछा पालनबाट बार्षिक ५१,०००।- का दरले जम्मा रु. ११,७३,०००।-, फलफुल खेतीबाट जम्मा रु. ३,४५,०००।- गरी कुल रु. २६,४८,०००।- कृषि आय कायम गरी प्रतिवादीको आयमा समावेश गरेको छ। श्रोत नुखलेको जग्गाबाट प्राप्त कृषि आयलाई प्रतिवादीको आयमा समावेश गर्न एकातर्फ मिल्दैन भने अर्को तर्फ श्रोत खुलेको १-७-९ जग्गाबाट अन्नपात, माछा पालन र फलफुल खेतिबाट अदालतले कायम गरे जति कृषि आय प्राप्त हुने अवस्था रहदैन। यस तथ्य तर्फ विचारै नगरी अत्यधिक कृषि आय गणना गरी त्यसलाई प्रतिवादीको बैध आय मानी कसुरदारलाई सफाई दिने मनसाय राखी सफाई दिई भएको फैसला त्रुटिपूर्ण छ।

(ङ) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०३७।३।२८ देखि २०५९।९।२५ सम्म छ। यो अवधि भनेको लगभग २२ वर्ष हो। प्रतिवादीको तलव भत्ता घर भाडा इत्यादी बापतको रकम मासिक र बार्षिक रूपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुदैजाने हुँदा तलव भत्ता, घरभाडा र अन्य आय उल्लेख्य रूपमा बचत हुन सक्ने स्थिति नै रहदैन। घरभाडा तलव भत्ता जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रूपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन। तसर्थ प्रतिवादीको आयहरूलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ।

(छ) भ्रष्टाचारसम्बन्धी ऐन, नियम निर्देशिका एवं कुनै नजिरमा कुनै पनि व्यक्तिको बैध आय आर्जनको १०% सम्म बढी अवैध आर्जन भएको देखिएता पनि त्यस्तो १०% बढी रकम भ्रष्टाचार नहुने भन्ने व्यवस्था वा मान्यता रहे भएको देखिँदैन। विशेष अदालत स्वयंले गरेको फैसलाबाट पनि व्यक्तिले आर्जन गरेको कूल सम्पत्ति मध्ये १०% अवैध देखिएकोले भ्रष्टाचारको कसुर नहुने भन्ने कानूनी आधार फैसलामा खुलाएको पाइँदैन। भ्रष्टाचारको कसुर हुन कानून बमोजिम नभै अवैध रूपमा आर्जित १ रुपैया वा एक प्रतिशत वा १०% पनि भ्रष्टाचार गरेर आर्जन गरेको सम्पत्ति भ्रष्टाचार गरेको नै हो भन्ने कानूनी मनशाय देखिन्छ। भारतीय उच्च अदालतको फैसला नेपालको कानूनको सन्दर्भमा लागू हुने र पालना गर्नुपर्ने कानून वा नजिर होइन। यस्तोमा नेपालकै परिप्रेक्ष्यमा अध्ययन र विश्लेषण गरिनु पर्दछ अतः १०% भन्दा बढीको अवैध आय आर्जन भ्रष्टाचार हुने र १०% प्रतिशत भन्दा घटी अवैध आय आर्जन भ्रष्टाचार नहुने भन्ने विशेष अदालतको फैसला आफैमा पूर्वाग्रही, अति उदार एवं भ्रष्टाचारको कसुर गर्न प्रश्रय मिल्ने किसिमको देखिएकोले सो १०% सम्मको अवैध आर्जनलाई छुट दिई सफाई दिएको हदसम्म उक्त फैसला पूर्णत गैरकानूनी एवं अनुमानमा आधारित छ।

३३ जिल्ला कैलाली श्रीपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई तत्काल जिल्ला शिक्षा कार्यालय, कैलाली अन्तर्गत श्री सरस्वती मा.वि. कैलालीमा मा.वि.शिक्षक पदमा कार्यरत वर्ष ६० को श्री खगराज पाठक.....
झुठ्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा।

फैसला मिति : २०६६।११।१९
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी खगराज पाठक उपर बढुवा प्रयोजनका लागि झुट्ठा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सांविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट अभियोग दाबी पुग्न नसक्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरूः

(क) प्रतिवादी खगराज पाठकले अनुसन्धानमा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको ।
(ख) खगराज पाठकले परीक्षा उत्तीर्ण गरेको व्यहोरा सम्बन्धित विश्वविद्यालयको कागजातबाटै देखिन आएकोले निजको प्रमाणपत्र गलत नभै सक्कली भएको तथ्य प्रमाणित भएको ।

पुनरावेदनका आधारहरूः

(क) प्रतिवादीले भारतको छत्रपति शाहू जी महाराज विश्वविद्यालय, कानपुरबाट सन् १९८१ मा B.A. द्वितीय परीक्षा उत्तीर्ण गरेको भनिएका शैक्षिक योग्यताका प्रमाणपत्रहरू त्रिभुवन विश्वलिद्यालय शिक्षाध्यक्षको कार्यालय, किर्तीपुर मार्फत सम्बन्धित विश्वविद्यालयमा प्रमाणीकरणका लागि पठाउँदा उक्त विश्वविद्यालयको Ref.No. CSJM/Sec. Camp/148/2002 DAted 4-10-2002 को पत्रसाथ प्राप्त प्रमाणीकरणको क्र.सं. १५ मा Name Khag Raj Pathak, Exam B.A.II, Year 1981, Roll No. 11629, Result Failed उल्लेख गरी लेखी आएको पत्र त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय, किर्तिपुरको च.नं. २८१, मिति २०५९।७।१० को पत्रसाथ यस आयोगमा प्राप्त हुन आएकाले निज खगराज पाठकले प्राप्त गरेको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा (नक्कली) देखिन आएको ।

(ख) अनुसन्धानको क्रममा प्रतिवादी खगराज पाठकले आयोगमा उपस्थित भई बयान गर्दा आफूले वि.ए.परीक्षा उत्तीर्ण गरेको, शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा नभएको र आयोगबाट प्रमाणीकरणका लागि लेखी पठाउँदा उक्त परीक्षामा अनुत्तिर्ण भनी लेखी आएको सन्दर्भमा आफू उक्त छत्रपति शाहु जी महाराज विश्वविद्यालय, कानपुरमा गई सो विषयको जानकारी माग गर्दा मैले वि.ए.परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भनी प्रमाणित गरिदिएको हुँदा मेरो शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा नरहेको भनी छत्रपति शाहु जी महाराज विश्वविद्यालय, कानपुरको मिति १२।०३।२००८ इ.स.को पत्रको प्रतिलिपि समेत पेश गरेको । सो सम्बन्धमा आयोगले त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय, किर्तिपुर मार्फत प्रमाणीकरणका लागि सम्बद्ध विश्वविद्यालयमा पठाई छत्रपति शाहू जी महाराज विश्वविद्यालय, कानपुर उत्तरप्रदेशबाट प्राप्त Ref. No. CSJM/Sec. camp/62/2002 ४-१०-२००२ ई.स.को पत्रसाथ प्राप्त पत्रको क्र.सं. १२ मा निज खगराज पाठक अनुतीर्ण भनी लेखी आएको र १२।०३।२००८ ई.स.मा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र उत्तीर्ण भनी पेश भएबाट झुट्ठा विबरण पेश गरेको तथ्य प्रमाणित हुन आएको छ । मान्यता प्राप्त विश्वविद्यालयको तहबाट छानवीन भइसकेको कुरालाई अमान्य गरी

कसुरमा संलग्न व्यक्तिले आफू सजायबाट उम्कने प्रयोजनबाट नक्कली कागजात ल्याई पेश गरेको कागजातलाई मान्यता दिईदा यस्ता नक्कली काम गर्ने व्यक्तिलाई प्रेरणा दिने काम अदालतबाट हुन पुगेको छ । यसबाट श्रोत, साधन र समयको पनि अपव्यय हुन गएको छ ।

(ग) नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी शैक्षिक संस्थामा बहाल गर्ने जस्तो गम्भिर प्रकृतिको अपराधमा अन्य साधारण अपराधमा जस्तो अंकगणितिय हिसावले तथ्यको विश्लेषण गर्नु पर्ने नभई यसको समाज र राष्ट्रमा पर्ने दृष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनुपर्ने हुन्छ । प्रतिवादी खगराज पाठकले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा र अनुर्त्तीण रहेको तथ्य स्थापित भैसकेको अवस्थामा विशेष अदालत, काठमाडौंले प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रलाई आधार मानी पुनः प्रमाणीकरणका लागि लेखी पठाई प्राप्त प्रमाणीकरणका आधारमा झुट्ठा शैक्षिक प्रमाणपत्रलाई सक्कली शैक्षिक प्रमाणपत्रको रूपमा मान्यता दिएको कार्यसँग सहमत हुन सकिने अवस्था छैन ।

(घ) प्रतिवादीले शिक्षक पदमा बढुवा प्रयोजनका लागि पेश गरेको वि.ए.परीक्षा उत्तीर्ण गरेको भन्ने शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने आधिकारीक संस्था छत्रपति शाहू जी महाराज विद्यालय, कानपुरको Ref.No. CSJM/Sec.camp/148/2002 ४-१०-२००२ ई.स. को पत्र समेतबाट प्रतिवादीका शैक्षिक योग्यताका प्रमाणपत्र अनुर्त्तीण भनी घोषणा गरी सकेको अवस्थामा प्रतिवादीले आफ्नो प्रयासबाट सो विश्वविद्यालयबाट जारी भएको भनिएको प्रमाणपत्र उत्तीर्ण गरेका हुन भन्ने जिकिर लिएकै आधारमा विशेष अदालतबाट पुनः प्रमाणीकरणका लागि लेखी पठाई प्राप्त भएको पत्रको व्यहोरा शंकास्पद देखिएको छ । प्रतिवादीकै प्रयासमा आफ्नो प्रमाणपत्र सक्कली भएको भनी निजले विशेष अदालतमा पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रलाई आधारमानी विशेष अदालतले पुनः प्रमाणीकरणका लागि लेखी पठाई प्राप्त हुन आएको संदिग्ध पत्रलाई आधार लिई निजको शैक्षिक योग्यताको प्रमाणपत्र सद्दे रहेको भनी अवलम्बन गरिएको निर्णयाधार त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

३४ जिल्ला मुगु, पिना गा.वि.स.वडा नं. २ टोप्लामा बसोवास गर्ने जिल्ला शिक्षा कार्यालय, मुगु अन्तरगत सरस्वती प्रा.वि. तिर्प मुगुको अस्थाई प्राथमिक शिक्षक पदमा कार्यरत वर्ष ३५ को लक्ष्मी बहादुर शाही.....
शुरु नियुक्तिका लागि झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।११।१८
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी लक्ष्मीबहादुर शाही उपर शुरु नियुक्ति प्रयोजनका लागि झुट्ठा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको ।

फैसलाको आधारः-

(क) शिक्षा तथा खेलकुद मन्त्रालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०५९।१०।२१ मा छानबिनको लागि पत्र पठाएको । सो मितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) मा उल्लेख भएको हदम्याद अर्थात ५ वर्षभित्र मुद्दा दायर नगरी २०६६।४।१८ मा मात्र अभियोग दायर भएकोले हदम्याद नघाई दायर भएको अभियोगको तथ्यभित्र प्रवेश गरी रहन नपर्ने भएबाट प्रस्तुत अभियोग दाबी खारेज हुने ।

पुनरावेदनका आधारहरूः-

(क) जिल्ला शिक्षा कार्यालय, मुगु अन्तरगत सरस्वति प्रा.वि.,मुगुमा मिति २०५३।१।२० मा अस्थाई प्रा.वि.शिक्षक पदबाट सेवा प्रवेश गरी हालसम्म सोही पदमा कार्यरत निज लक्ष्मी बहादुर शाहीले राधा कुमारी इण्टर कजेल, महाराजगन्जबाट सन् १९९३ मा अनुक्रमांक १६८४७९५ बाट माध्यमिक परीक्षा उत्तीर्ण गरेको भनिएको प्रमाणपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुर मार्फत उच्च माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसीमा प्रमाणीकरणको लागि पठाउँदा उक्त परिषद् कार्यालयको पत्रांक मा.शि.प./क्षे.का.वा./ अभिलेख/सत्यापन /२७०९ दिनांक २२/५/२००३ को पत्रसाथ प्राप्त प्रमाणीकरण विवरणको क्र.सं. ३७ मा परीक्षार्थीका नाम लक्ष्मीबहादुर शाही, पिताका नामः सुरथ बहादुर परीक्षा हाईस्कूल वर्ष १९९३, अनुक्रमांक १६८४७९५ योग ३३९ श्रेणी द्वितीय, बोर्ड/विद्यालय/समिति/परिषद्: माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसी उल्लेख गरी कैफियत महलमा "कार्यालय अभिलेख के अनुरूप नही है" भनी लेखी आएको पत्र उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरको प.सं. ०५९।६० च.नं. १०४३ मिति २०६०।३।२० को पत्रसाथ यस आयोगमा प्राप्त हुन आएको । बयानको क्रममा निजको माग अनुसार ती प्रमाणपत्रहरू पुनः प्रमाणीकरणको लागि उच्च माध्यमिक शिक्षा परिषद् मुख्य कार्यालय, इलाहावाद पठाउदा उक्त कार्यालयको पत्रांक ०३/३८/२००८-९/जाली/७९६, दिनांक १९/३/९ को पत्रबाट " हाई स्कूल परीक्षा वर्ष १९९३ अनुक्रमांक १६८४७९५ छात्र लक्ष्मीबहादुर शाही विद्यालय आर के इण्टर कजेल ठुठीवारी महाराजगञ्ज की शैक्षिक योग्यता सम्बन्धित अभिलेख क्षेत्रीय कार्यालय, बाराणसी में है । अतः उपर्युक्त छात्र लक्ष्मीबहादुर शाही आत्मज सुरज बहादुर शाही की शैक्षिक योग्यताका सत्यापन क्षेत्रीय सचिव, मा.शि.प.क्षे.का. बाराणसी को पत्र भेजकर करानेका कष्ट करे । इसी क्रममें यह भी सुच्य है कि आपके पत्रके साथ संलग्न पत्र ०५/८७६/२२४४७७५/ (दो प्रति) परिषद् कार्यालय मुख्यालय से निर्गत नही हुवा है ।" भनी उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको प.सं. ०६५।६६ च.नं. १९०५, मिति २०६६।१।२७ को पत्रसाथ प्रमाणीकरण विवरण यस आयोगमा प्राप्त हुन आएकोले निजको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा देखिन आएको हुँदा निजले आफूले झुट्ठा प्रमाणपत्र प्राप्त गरी, पेश गरी शिक्षक सेवामा प्रवेश गरी झुट्ठा पत्र प्राप्त गरेको आरोपमा हुने सजायबाट उन्मुक्ति पाउने दूषित मनसाय राखी माइग्रेशन लगायतका थप नक्कली कागजात समेत आयोगमा पेश गरी आयोगलाई भ्रममा पार्न खोजेको देखिएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसुर गरेको देखिन आएको हुँदा निज लक्ष्मीबहादुर शाहीलाई साविक भ्रष्टाचार निवाराण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको मागदाबी लिई आयोगको तर्फबाट विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

(ख) प्रस्तुत मुद्दामा आयोगबाट मिति २०६२।११।२२ र ०६५।३।२९ मा अनुसन्धान अधिकृत तोकि अनुसन्धानको कार्य शुरु भई मिति २०६६।४।१८ गते विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको हो । आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियाशील रहेको र सो ऐनमा भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धान र अभियोजनका लागि कुनै हदम्यादको व्यवस्था गरिएको पाइँदैन । भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान र तहकिकातको कार्य गर्ने अधिकार प्राप्त निकाय अख्तियार दुरुपयोग अनुसन्धानको कार्य व्यवस्थित गर्ने कानून अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले आयोगमा प्राप्त उजुरीका सम्बन्धमा आयोगले ५ वर्ष भित्रमा कारबाही गरिसक्नु पर्ने भन्ने व्यवस्था गरेको परिप्रेक्षमा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुर प.सं. ०५९।६० च.नं. १०४३ मिति २०६०।३।२० को पत्रसाथ प्राप्त प्रमाणीकरणसम्बन्धी पत्रका आधारमा सोही कार्यालय मार्फत पुनः प्रमाणीकरणको लागि लेखी पठाउँदा उक्त कार्यालयको मिति २०६६।१।२७ को पत्रसाथ प्राप्त प्रमाणीकरण सम्बन्धि विवरणका आधारमा झुट्ठा देखिएकोले कसुर कायम भएको र सो ऐनले निर्धारण गरेको हदम्याद ५ वर्ष भित्रै कसुर कायम भएको मिति २०६६।१।२७ बाट ५ वर्ष भित्रै मुद्दा दायर भइसकेको अवस्थामा भ्रष्टाचार जस्तो जघन्य कसुरमा पनि हदम्यादसम्बन्धी फितलो व्याख्या गरी प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) शुरु नियुक्ति लिने प्रयोजनका लागि प्रतिवादीले नक्कली (झुट्ठा) शैक्षिक प्रमाणपत्र पेश गरी सार्वजनिक पद धारण गर्ने जस्तो गम्भिर प्रकृतिको अपराधअन्य साधारण अपराधमा जस्तो अंकगणितय हिसावले तथ्यको विश्लेषण गर्नुपर्ने नभई समाज र राष्ट्रमा पर्ने दुष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ जुन कुरा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर अन्तर्गत पर्न आउँछ । प्रतिवादी लक्ष्मीबहादुर शाहीले आफ्नो शैक्षिक योग्यता ढाँटी झुट्ठा प्रमाणपत्र पेश गरी सेवा प्रवेश गरेको तथ्य स्थापित भइसकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो नक्कली शैक्षिक प्रमाणपत्र अदालतको फैसलाबाट सक्कली शैक्षिक प्रमाणपत्र बन्न जाने, त्यस्तो शैक्षिक प्रमाणपत्र पेश गर्ने व्यक्ति सार्बजनिक पदमा बहाल रही रहने, सरकारी कोषबाट पारिश्रमिक लगायत अन्य सुविधा समेत उपभोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायिकी मनसाय समेत निस्तेज हुन जाने यथार्थताको विपरीत प्रतिवादीको अपराधिक कार्यलाई समर्थन हुने गरी भएको फैसलाको निर्णयाधारसँग सहमत हुन सकिने अवस्था छैन ।

(घ) प्रतिवादी उपर उजुर पर्नु वा शंकास्पद प्रमाणपत्र आयोगमा प्राप्त हुनु मात्र भ्रष्टाचारजन्य कसुर हुन सक्दैन । विवादीत प्रमाणहरू प्रमाणीकरण भई झुट्ठा देखिएको अवस्थामा मात्र अनुसन्धानको दायराभित्र पर्दछ । प्रस्तुत कसुरमा कुन मितिमा उजुरी पेश भएको हो ? भन्ने प्रश्न महत्वपूर्ण नभई प्रतिवादीको कार्य भ्रष्टाचारजन्य कसुर हो, होइन ? भन्ने प्रश्न महत्वपूर्ण रहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४(१) ले आयोगमा प्राप्त उजुरीबाट सार्वजनिक पदधारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको छ भन्ने कुरामा आयोग विश्वस्त भएमा मात्र सो सम्बन्धमा आयोगबाट अनुसन्धानको कार्य

प्रारम्भ गरिने व्यवस्था रहेको परिप्रेक्षमा प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रमाणीकरण भई आउँदा झुट्ठा देखिएपछि मात्र आयोगबाट अनुसन्धान अधिकृत नियुक्ति गरी कानूनको हदम्याद भित्र मुद्दा दायर भएको छ। तसर्थ प्रतिवादी लक्ष्मीबहादुर शाहीले शुरु नियुक्ति लिने प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको प.सं. ०५९।६० च.नं. १०४३ मिति २०६०।३।२० को पत्रसाथ प्राप्त प्रमाणीकरणसम्बन्धी पत्रको आधारमा सोही कार्यालय मार्फत पुनः प्रमाणीकरणको लागि लेखी पठाउँदा उक्त कार्यालयको मिति २०६६।१।२७ को पत्रसाथ प्राप्त प्रमाणीकरण सम्बन्धि विवरणका आधारमा सो मितिबाट ५ वर्ष भित्रै अर्थात मिति २०६६।४।१८ मा मुद्दा दायर भएको तथ्य विपरीत भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।

३५ का.म.न.पा.वडा नं. ३३ कमलपोखरी बसोवास गर्ने स्थानइी विकास प्रशिक्षण केन्द्र जनकपुरका स्टोरकिपर पदमा कार्यरत वर्ष ४३ की श्रीमती मनिता पौडेल.....
शुरु नियुक्तिका लागि झुट्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा।

फैसला मिति : २०६६।१२।६
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी मनिता पौडेलले सेवा प्रवेशको लागि झुट्ठा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज गर्ने गरी फैसला भएको।

फैसलाको आधारः

(क) स्थानिय विकास प्रशिक्षण प्रतिष्ठानले मिति २०५९।४।८ मा छानबिनको लागि पत्र पठाएको र मिति २०५९।४।१० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता समेत भइ सके पछि सो मितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) मा उल्लेख भएको म्याद अर्थात ५ वर्ष भित्र मुद्दा दायर नगरी २०६५।१०।२६ मा मात्र अभियोग पत्र दायर भएकोले हदम्याद नघाई दायर भएको अभियोगको तथ्यभित्र प्रवेश गरी रहन नपर्ने भएबाट प्रस्तुत अभियोग दाबी खारेज हुने।

पुनरावेदनका आधारहरूः-

(क) ग्रामिण विकास प्रतिक्षण केन्द्र, जनकपुरको स्टोरकिपर पदमा कार्यरत मनिता पौडेलले विहार संस्कृत शिक्षाबोर्ड पटनाबाट सन् १९९० मा मध्यमा परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको भनिएको शैक्षिक प्रमाणपत्रहरू स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत प्रमाणीकरणको लागि यस आयोगमा प्राप्त हुन आएकोमा उक्त प्रमाणपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुर मार्फत विहार संस्कृत शिक्षा बोर्ड पटनामा प्रमाणीकरणको लागि पठाउँदा सो बोर्डले पत्रांक २२६३ दिनांक २०-५-०८ को पत्रको सि.नं. १२ मा मनिता पौडेल मध्यमा १९९० अनुक्रमांक १६८/४६६ "ईस वर्ष ईस कोड मे कार्यालय प्रति अभिलेख (TR) मे क्रमाक ०१ से २८६ तक परीक्षाफल घोषित है

जवकि छात्राका क्रमांक ४६६ दर्शाया गयाहै जाँच के क्रममे प्रथम दृष्टिया गलत पाया गया" भनी लेखी आएको पत्र उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको प.स. ०६४।६५ च.नं. २३५५ मिति ०६५।३।४ को पत्रसाथ आयोगमा प्राप्त हुन आएको देखिएको साथै निज मनिता पौडेलले आफूले प्राप्त गरेको उक्त प्रमाणपत्रकै आधारमा स्टोरकिपर पदमा सेवा प्रवेश गर्ने मौका पाएको भनी बयान गरी सनाखत समेत गरी दिएकोले निजले सार्विक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निज प्रतिवादी मनिता पौडेललाई सार्विक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

(ख) प्रस्तुत मुद्दामा आयोगबाट मिति २०६५।४।१२ मा अनुसन्धान अधिकृत तोकि अनुसन्धानको कार्य शुरु भई मिति २०६५।१०।२६ मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको हो । आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियाशील रहेको र सो ऐनमा भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धान र अभियोजनका लागि कुनै हदम्यादको व्यवस्था गरिएको पाइँदैन । भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान र तहकिकातको कार्य गर्ने अधिकार प्राप्त निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य व्यवस्थित गर्ने कानून अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले आयोगमा प्राप्त उजुरीका सम्बन्धमा आयोगले ५ वर्ष भित्रमा कारबाही गरीसक्नु पर्ने भन्ने व्यवस्था गरेको परिप्रेक्षमा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको प.सं. ०६४।६५ च.नं. २३५५ मिति २०६५।३।४ को पत्रसाथ प्राप्त प्रमाणीकरण भई आएको पत्रको आधारमा झुट्ठा देखिएकोले कसुर कायम भएको र सो ऐनले निर्धारण गरेको हदम्याद ५ वर्ष भित्र कसुर कायम भएको मिति ०६५।३।४ बाट ५ वर्ष भित्रै मुद्दा दायर भइसकेको अवस्थामा भ्रष्टाचार जस्तो जघन्य कसुरमा पनि हदम्यादसम्बन्धी फितलो व्याख्या गरी प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) सेवा प्रवेश गर्ने प्रयोजनका लागि प्रतिवादीले नक्कली (झुट्ठा) शैक्षिक प्रमाणपत्र पेश गरी सार्वजनिक पद धारण गर्ने जस्तो गम्भिर प्रकृतिको अपराध अन्य साधारण अपराधमा जस्तो अंकगणितिय हिसावले तथ्यको विश्लेषण गर्नुपर्ने नभई समाज र राष्ट्रमा पार्ने दुष्कृतिको समेत समुचित मूल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ , जुन कुरा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर अन्तर्गत पर्न आउँछ । प्रतिवादी मनिता पौडेलले आफ्नो शैक्षिक योग्यता ढाँटी झुट्ठा प्रमाणपत्र पेश गरी सेवा प्रवेश गरेको तथ्य स्थापित भइसकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो नक्कली शैक्षिक प्रमाणपत्र अदालतको फैसलाबाट सक्कली शैक्षिक प्रमाणपत्र वन्न जाने, त्यस्तो शैक्षिक प्रमाणपत्र पेश गर्ने व्यक्ति सार्वजनिक पदमा बहाल रही रहने, सरकारी कोषबाट पारिश्रमिक लगायत अन्य सुविधा समेत उपभोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसुरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायकी मनसाय समेत निस्तेज हुन जाने यथार्थताको विपरीत प्रतिवादीको अपराधिक कार्यलाई समर्थन हुने गरी भएको फैसलाको निर्णयाधारसँग सहमत हुन सकिने अवस्था छैन ।

(घ) प्रतिवादी उपर उजुर पर्नु र शंकास्पद प्रमाणपत्र आयोगमा प्राप्त हुनु मात्र भ्रष्टाचारजन्य कसुर हुन सक्दैन । विवादीत प्रमाणहरू प्रमाणीकरण भई झुट्ठा देखिएको अवस्थामा मात्र

अनुसन्धानको दायराभित्र पर्दछ । प्रस्तुत कसुरमा कुन मितिमा उजुरी पेश भएको हो ? भन्ने प्रश्न महत्वपूर्ण नभई प्रतिवादीको कार्य भ्रष्टाचारजन्य कसुर हो, होइन ? भन्ने प्रश्न महत्वपूर्ण रहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४(१) ले आयोगमा प्राप्त उजुरीमा सार्वजनिक पदधारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको छ भन्ने कुरामा आयोग विश्वस्त भएमा मात्र सो सम्बन्धमा आयोगबाट अनुसन्धानको कार्य प्रारम्भ गरिने व्यवस्था रहेको परिप्रेक्षमा प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रमाणीकरण भई आउँदा झुट्ठा देखिएपछि मात्र आयोगबाट अनुसन्धान अधिकृत नियुक्ति गरी कानूनको हदम्यादभित्र मुद्दा दायर भएको छ । तसर्थः प्रतिवादी मनिता पौडेलले शुरु सेवा प्रवेश गर्ने प्रयोजनका लागि पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको प.सं. ०६४।६५ च.नं. २३५५ मिति २०६५।३।४ को पत्रसाथ प्राप्त प्रमाणीकरण पत्रको आधारमा झुट्ठा भनी लेखी आएको आधारमा आयोगबाट मिति २०६५।४।१२ मा अनुसन्धान अधिकृत नियुक्ति गरी अनुसन्धानको कार्य प्रारम्भ भई सो मितिबाट ५ वर्ष भित्रै अर्थात मिति २०६५।१०।२६ मा मुद्दा दायर भएको तथ्य विपरीत भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

पुनरावलोकनका लागि निवेदन प्रस्तुत गरिएको मुद्दाः

आर्थिक वर्ष २०६६।०६७ मा सर्वोच्च अदालतबाट भएको रिट आदेश उपर आयोगको तर्फबाट उक्त अदालतमा पुनरावलोकन सम्बन्धमा गरिएको निवेदन तल उल्लेख गरिएको छ ।

ललितपुर जिल्ला ललितपुर उ.म.न.पा.वडा नं. १५ सातदोबाटो घर भई दुग्ध विकास संस्थानको वरिष्ठ कम्प्यूटर अपरेटर सहायक स्तर तह ५ की नीता कुमारी गुरुङ .....
उदयपुर जिल्ला त्रियुगा न.पा.वडा नं. ५ घर भई दुग्ध विकास संस्थानको वरिष्ठ कम्प्यूटर अपरेटर सहायक स्तर तह ५ को मनोज कुमार चौधरी .....
महोत्तरी जिल्ला सिमरदही गा.वि.स.वडा नं. २ घर भई दुग्ध विकास संस्थानको वरिष्ठ कम्प्यूटर अपरेटर सहायक स्तर तह ५ को दिलीप चौधरी .....

उत्प्रेषणयुक्त परमादेश मुद्दा ।

उपर्युक्त विपक्षीसँगको उक्त मुद्दामा सर्वोच्च अदालतका न्या. कल्याण श्रेष्ठ र न्या. सुशीला कार्कीको संयुक्त इजलाशबाट यस आयोगको मिति २०६५।५।८ को निर्णय र सो निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०६५।५।२४ मा लेखेको पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर गर्ने आदेश भएको ।

१. प्रस्तुत मुद्दामा ठहर गर्नुपर्ने प्रश्न निम्न बमोजिम थिए -

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।५।८ मा भएको निर्णय र सो अनुसार दुग्ध विकास संस्थानलाई दिएको निर्देशन उपर विपक्षीले रिट क्षेत्रमा प्रवेश गर्न मिल्ने हो वा होइन ?

(ख) सार्वजनिक पद धारण गरेको व्यक्तिबाट भएका अनियमित कार्यबाट तेश्रो पक्षको हकाधिकार सृजना हुने हो वा होइन ?

२. उल्लिखित ठहर गर्नुपर्ने प्रश्नको निरुपणमा निम्न आधार लिइएको देखिन्छ -

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. ले आयोगलाई प्रदान गरेको अधिकार भन्दा विपरीत आयोगले निर्णय गरेको ।

(ख) दुग्ध विकास संस्थानमा कार्यरत कर्मचारीहरूलाई सम्बन्धित सेवासम्बन्धी ऐन, नियम बमोजिम मात्र सेवाबाट हटाउन सकिने ।

(ग) संस्थानको नियम बमोजिम परीक्षा समिति गठन गरी लिइएको परीक्षाको सम्बन्धमा कुनै प्रश्नको निर्णय संस्थानको नियमावली बमोजिमनै लिनुपर्ने ।

३. सर्वोच्च अदालतबाट यस्तै ठहर गर्नुपर्ने प्रश्न समावेश भएको निम्न मुद्दामा निम्न सिद्धान्त प्रतिपादन भएको देखिन्छ -

(क) "**पुनरावेदन लाग्ने देखिएमा रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने**" (नि.नं. १६८, ने.का.प. २०१९, प्रतिषेध, ना.सु.पूर्णदास श्रेष्ठ वि. भ्र.नि.अदालतका न्यायाधिश कृष्णप्रसाद चापागाई)

(ख) "**कानूनमा अन्य कुनै उपाय भएमा रिट जारी हुन नसक्ने**" (नि.नं. २२०, ने.का.प. २०२०, उत्प्रेषण, अङ्गमान शेरचन वि. आर.टी.ओ.का.चिफ इन्जीनियर)

(ग) "**अधिकार क्षेत्र नभएको विषयमा अधिकार क्षेत्र ग्रहण गरी गरिएको कारबाही मुलुकी ऐन अ.बं. ३५ नं. प्रतिकूल भई बदर हुने**" (नि.नं.३७१५ ने.का.प.२०४६ अं.१, पृ. १०२, उत्प्रेषण, कृष्ण बहादुर थाहा समेत वि. राम बहादुर समेत)

(घ) "**बैकल्पीक उपचारको मार्ग उपलब्ध भएको विषयमा सो मार्ग अवलम्बन नगरी सिधै यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट निवेदन लाग्न सक्ने नदेखिने**" (नि.नं.७४०४ ने.का.प.२०६१, अंक ७, पृ.८२२२, रामकृष्ण निराला वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग)

(ङ) "**रिट क्षेत्रमा प्रवेश गर्न निवेदकको विवादित विषयवस्तु माथि निर्विवाद हक स्थापित भएको हुनुपर्छ**" (नि.नं. ८४२३, ने.का.प. २०५०, अं.११, पृ. ६६१, केशर बहादुर भण्डारी वि. भूमिसुधार कार्यालय, काठमाडौं)

(च) **"नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) ले पुनरावेदन गर्न पाउने निकायबाट प्राप्त हुने उपचार अपर्याप्त वा प्रभावहीन मान्न मिल्ने अवस्था छैन । पुनरावेदनद्वारा प्राप्त हुने उपचार प्रभावी र पर्याप्त हुने ..... पुनरावेदन अदालत कानूनद्वारा स्थापित निकाय हो र यसबाट प्राप्त हुने उपचार अपर्याप्त वा प्रभावहीन मान्न नसकिने । राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न पाउने बाटो हुँदा हुँदै सो उपचारको माध्यम नअपनाई संविधानको धारा ८८(२) को अवस्थासँग मेल नखाने जिकिर लिई रिट क्षेत्रमा प्रवेश गर्ने निवेदकलाई असाधारण अधिकार क्षेत्र अन्तर्गत उपचार दिन नसकिने ।"** (नि.नं.४५८६, ने.का.प.२०४९ अं.७, पृ.६७१, उत्प्रेषण मिश्रित परमादेश, भृगुनाथ प्रसाद श्रीवास्तव वि. विराटनगर भन्सार कार्यालय)

४. सर्वोच्च अदालतबाट उपरोक्त आधार लिई रिट निवेदन जारी गरेको आदेश सर्वोच्च अदालतबाट प्रतिपादीत नजिर समेतबाट देहायका आधारमा त्रुटिपूर्ण रहेको छ -

(क) दुग्ध विकास संस्थान, लैनचौरबाट प्रकाशित विज्ञापन नं. ९।२०६३।०६४ को वरिष्ठ कम्प्यूटर अपरेटर, पाँचौ तहको प्रयोगात्मक परीक्षा लिने व्यक्ति र सोही विज्ञापनमा सफल उम्मेदवारको सूचिमा एक नम्बरमा उत्तीर्ण व्यक्ति एकै भएकोले छानबिन गरीपाउँ भनी सो विज्ञापनका परीक्षार्थी मध्येका तुलसीमणि अधिकारीको निवेदन कृषि तथा सहकारी मन्त्रालयका सचिव समक्ष पेश भएकोमा उक्त मन्त्रालयबाट छानबिन गरी थप अनुसन्धानका लागि सम्पूर्ण कागजात सहितको फाइल आयोगमा प्राप्त भई आयोगबाट सो सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा सो विज्ञापनको उत्तरपुस्तिका परीक्षण गर्दा पेन्सीलको प्रयोग गरेको, पहिला बेठीक चिन्ह लगाइएकोमा पछि त्यसलाई मेटेर ठीक चिन्ह लगाएर नम्बर दिइएको र एउटै वस्तुगत प्रश्नको उत्तरमा दुई ठाउँ (उत्तर) मा चिन्ह लगाएकोमा त्यस्तो उत्तरलाई गलत मानी अंक प्रदान नगर्नु पर्नेमा ठीक मानि अंक प्रदान गरेको जस्ता अनियमित कार्यहरू गरेको पाइएकोले उक्त विज्ञापन नम्बरको परीक्षा रद्द गरी दरखास्त दिइसकेका उम्मेदरवारहरूको पुनः लिखित, प्रयोगात्मक र अन्तरवार्ता लिने, परीक्षासम्बन्धी कार्य गर्दा पेन्सिलको प्रयोग नगर्न तथा एउटै वस्तुगत प्रश्नको उत्तरमा दुई ठाउँ (उत्तर) मा चिन्ह लगाएकोमा त्यस्तो उत्तरलाई गलत मानी अंक प्रदान नगर्न समेत दुग्ध विकास संस्थानलाई निर्देशन दिने गरी मिति २०६५।५।८ मा र उक्त अनियमित कार्यमा संलग्न दुग्ध विकास संस्थानको पदपूर्ति समितिका सदस्यहरूलाई सचेत गराउन मिति २०६५।६।८ मा आयोगबाट निर्णय भएको हो ।

(ख) सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प्रचलित कानून बमोजिम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. ले स्पष्ट रूपमा आयोगलाई प्रदान गरेको छ भने ऐ.ऐनको दफा २८(१)(ग) ले कुनै सार्वजनिक संस्थाको कुनै परिपाटी वा कार्य प्रणाली त्रुटिपूर्ण छ भन्ने आयोगलाई लागेमा त्यसलाई सच्याउन र त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न कारण र आधार सहितको सुझाव दिन सक्ने अधिकार आयोगमा अन्तरनिहित रहेको छ । दुग्ध विकास संस्थानबाट प्रकाशित विज्ञापन नं. ९।२०६३।०६४ को वरीष्ठ कम्प्यूटर अपरेटर पाँचौ तहको परीक्षा संचालन पद्धती त्रुटिपूर्ण रहेको भन्ने आयोगको अनुसन्धानबाट सप्रमाण पुष्टि भएको हुँदा आधार र कारण सहित त्यस्तो अनियमित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउन आयोगबाट निर्णय भई सम्बद्ध निकायलाई लेखी पठाउने गरी भएको कार्य कानूनसम्मत रहेको छ । कानून विपरीत वा अनुचित कार्यको परिणाम स्वरूप भए गरेका सम्पूर्ण कार्यहरू स्वतः बदरभागी (void Abinitio) हुने अवस्थामा आयोगको निर्णयबाट समेत त्यस्तो अनियमित कार्य बदर भई सकेकाले प्रस्तुत रिट निवेदन जारी हुने ठहर गरी भएको आदेशमा गम्भीर कानूनी त्रुटि रहेको छ ।

(ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग. अनुसार आयोगले सो ऐन अन्तर्गत कारबाही गरी दिएको आदेश उपर विशेष अदालतमा पुनरावेदन गर्न सकिने वैकल्पिक उपचारको कानूनी व्यवस्थाका विपरीत आयोगको निर्णय उपर तोकीएको अदालतमा पुनरावेदन नगरी रिट क्षेत्रमा प्रवेश गरी पेश भएको उक्त निवेदन र सो आधारमा जारी भएको प्रस्तुत आदेश माथि प्रकरण ३ मा उल्लेखित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतबाट क्षेत्राधिकारविहीन भई त्रुटिपूर्ण रहेको छ । रिट क्षेत्रबाट स्पष्ट रूपमा संवैधानिक वा कानूनी हकको संरक्षण

हुने भएबाट प्रमाणको आधारमा निरोपण हुने विषयहरूमा पुनरावेदकीय क्षेत्र नै प्रभावकारी हुने र यस्तो अवस्थामा वैकल्पिक उपचारको मार्ग नै अनुसरण गर्नुपर्ने हुन्छ। वैकल्पिक उपचारको व्यवस्था भएको तर सो उपचार अनुसरण गर्न असम्भव भएको अवस्थामा मात्र रिट क्षेत्र आकर्षित हुने हो। यस अवस्थामा पनि वैकल्पिक उपचारको मार्ग अवलम्बन गर्न सक्ने नसक्ने अवस्था तर्फ अदालतको ध्यान जान आवश्यक हुन्छ। वैकल्पिक उपचार प्रभावकारी भए पनि सो उपचार अवलम्बन गर्न सक्ने अवस्था नभएमा मात्र संविधानको धारा १०७(२) आकर्षित हुने हो।

(घ) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) अनुसार संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपरचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहिन देखिएको अवस्थामा सर्वोच्च अदालतबाट असाधारण अधिकार क्षेत्रको प्रयोग हुन सक्ने संवैधानिक उपचारको व्यवस्था गरेको छ। प्रस्तुत रिट निवेदनमा निवेदकहरूबाट आयोगको निर्णय विरुद्ध कानूनतः पुनरावेदन सुन्ने समक्ष निकायमा पुनरावेदन गरेको वा सो निकायबाट दिइने उपचार यो, यति कारण प्रभावहीन रहेको भनी खुलाउन सकेको अवस्था देखिँदैन। कुनै कानूनले कुनै विषयवस्तुको सम्बन्धमा मुद्दा हेर्ने अधिकार यो निकाय वा अधिकारीलाई हुने छ भनी स्पष्ट किटानी व्यवस्था गरेको अवस्थामा तत् अधिकारी वा निकायले नै हेर्नुपर्ने हुन्छ। मुलुकी ऐन अ.बं. ३५ नं. अनुसार पनि गैह्र अड्डाले कानून बमोजिम आफूले हेर्न हुने मुद्दा बाहेक अरू मुद्दा हेर्न हुँदैन। हेरे छिनेको भएमा बदर हुन्छ भनी क्षेत्राधिकार विहिन रूपमा भए गरेका कार्यले कानूनी अधिकारको सृजना गर्न नसक्ने व्यवस्था गरेको देखिन्छ। अतः रिट निवेदकहरूले कानून बमोजिम क्षेत्राधिकार प्राप्त निकायमा पुनरावेदन गर्न नसकेको अवस्थामा सर्वोच्च अदालतले अधिकारविहीन रिट क्षेत्रमा प्रवेश गरी भएको प्रस्तुत आदेश कानूनका मान्य सिद्धान्त समेत विपरीत भई बदरभागी छ।

परिच्छेद -५
पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण

आर्थिक वर्ष २०६६।०६७ मा अदालतबाट भएको फैसला उपर प्रमाण तथ्य एवं औचित्यको आधारमा पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ:

पुनरावेदन नगरिएको -

१. यातायात व्यवस्था कार्यालय, बागमतीका तत्कालीन कार्यालय प्रमुख अब्दुल रइस खाँ, शाखा अधिकृत किरण थापा, मे.सु.राजेन्द्र कुमार रिजाल, खरिदार मोहन हमाल, रविन्द्रराज श्रेष्ठ र जब्बर बहादुर लामिछाने समेतका विरुद्ध ग.१ ज २१३८ नं. को सवारी साधन दर्ता, नामसारी गर्दा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको कसुरमा आयोगबाट विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा सो अदालतबाट प्रतिवादीहरू अब्दुल रइस खाँ र रविन्द्रराज श्रेष्ठको हकमा अभियोग मागदाबी बमोजिम कसुर ठहर गरी जनही रु. २,७५,९४०।- जरिवाना गर्ने र अन्य प्रतिवादीहरूलाई सफाई दिने गरी फैसला भएकोमा सफाई पाएका प्रतिवादीहरूका सम्बन्धमा सर्वोच्च अदालतमा पुनरावेदन गर्नुपर्ने अवस्था रही नरहेको सम्बन्धमा आयोगको बैठकमा छलफल हुँदा प्रस्तुत कसुरका मुख्य अभियुक्तहरू अब्दुल रईस खाँ र राजेन्द्रराज श्रेष्ठ उपरको कसुर ठहर भई जरिवाना समेत असुल उपर गर्ने गरी फैसला भईसकेको साथै बिगो र दशी जफत सम्बन्धमा भैरहवा भन्सार कार्यालयबाट सो सवारी साधनका सम्बन्धमा रु. २,७५,९४०।- महसुल निर्धारण भई सवारी धनी जब्बर बहादुर लामीछानेले तोकीएको रकम बुझाई गाडी समेत फिर्ता लिइसकेको अवस्था देखिँदा पुनरावेदन गरेमा पनि वादी नेपाल सरकारलाई सफलता प्राप्त हुने सम्भावना नदेखिएकाले आयोगको मिति २०६६।४।२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२. तत्कालीन जिल्ला पञ्चायत, बाराको क्षेत्र नं. ७ का सदस्य राजनारायण साह, गडहल गाउँ पञ्चायतका प्रधानपञ्च गजेन्द्र प्रसाद साह र पथरा गाउँ पञ्चायत वार्ड नं. २ वस्ने नन्दलाल साह तेली समेत उपर गडहल गा.वि.स.स्थित तियर नदीको काठेपुल निर्माणका लागि टिम्बर कर्पोरेशनबाट खरिद गरेको काठ हिनामिना गरी भ्रष्टाचार गरेको कसुरमा आयोगबाट विशेष अदालत, काठमाडौंमा मुद्दा पेश गरिएकोमा प्रतिवादीहरू राजनारायण साह, गजेन्द्र प्रसाद साह र नन्दलाल साह तेलीको तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसुर ठहर भएको, बिगो तर्फ प्रतिवादी राजनारायण साहको हकमा ४२२७.५४ क्यू.फि.काठको रु. ३६,९८९।०६ नन्दलाल साहको हकमा १०० क्यू.फि.काठको रु. ८७५।- र गजेन्द्र प्रसाद साहको हकमा ८७.१८ क्यू.फि.काठको रु. ७६२।८३ जिल्ला विकास समिति, बारालाई भराइदिने निर्णय भएको । प्रतिवादी राजनारायण साहको जिम्मा रहेको ५६०० क्यू.फि.काठको रोयल्टी बापत जिल्ला पञ्चायत सचिवालय, बाराले प्रति क्यू.फि.८।७५ का दरले कूल रु. ४९००५।६० तिरेको मिसिल संलग्न गोश्वारा भौचर र पत्रबाट देखिएको हुँदा सोही दरमा बिगो कायम भएकोबाट प्रस्तुत फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरिरहनु पर्ने अवस्था विद्यमान नदेखिएकाले आयोगको मिति २०६६।४।१४ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

३. वादी नेपाल सरकार प्रतिवादी मोतिलाल बस्नेत समेत भएको सरकारी जग्गा दर्ता गराई भ्रष्टाचार गरेको मुद्दाका प्रतिवादीहरू उपर सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज), उपदफा ३ बमोजिम समेत सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट प्रतिवादीहरू मध्येका किरण शाक्य र जागृती घिमिरेका हकमा कसुर ठहर भई अन्य प्रतिवादीहरू मोतिलाल वस्नेत, राम सागर पण्डीत, हरि नारायण यादव, हेमराज घिमिरे, विष्णु प्रसाद ढकालले सफाई पाउने ठहर गरी फैसला भएकोमा प्रतिवादीहरू किरण शाक्य र जागृती घिमिरेले खरिद गरी लिएको जिल्ला संखुवासभा, दिदिङ्ग गा.वि.स. वडा नं. ५ को कि.नं. १४६० को जग्गाको क्षेत्रफल सविक पूर्जामा ०.४४५५ वर्ग फिट रहेकोमा पछी सच्याई २.४४५५ वर्ग फिट बनाई श्रेस्ता सच्याउने कार्य गरी जग्गा धनिलाई फाइदा र नेपाल सरकार तथा वन उपभोक्त समूहलाई गैरकानूनी हानी पुऱ्याउने कार्य गरेको प्रमाणित भएको हुँदा प्रतिवादीहरू किरण शाक्य र जागृती घिमिरेले सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसुर गरेको ठहर भइसकेको, प्रतिवादीहरू मोतिलाल वस्नेत, हरिनारायण यादव, विष्णु प्रसाद ढकाल, राम सागर पण्डीत र हेमराज घिमिरे समेतले नै श्रेस्ता सच्याउने कार्य गरेको भन्ने संकारहित तवरबाट पुष्टीहुने प्रमाण नदेखिएको, श्रेस्ता सच्याई जग्गा दर्ता गराएको कार्य बदर गरी राष्ट्रिय वन क्षेत्र कायम गर्ने गरी जिल्ला वन कार्यालय, संखुवासभाबाट मिति २०६२।१२।२ मा निर्णय भइसकेको हुँदा विशेष अदालतको प्रस्तुत फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरेता पनि सफलता प्राप्त हुने सम्भावना नदेखिएकोले आयोगको मिति २०६६।६।१८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

४. वादी नेपाल सरकार प्रतिवादी चन्द्रप्रसाद अधिकारी भएको बढुवा प्रयोजनका लागि भुट्टा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादी उपर सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने ठहर गरी फैसला भएको प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा माध्यमिक शिक्षा परिषद्, भारतको दिनाङ्क १७।०६।२००३ को प्रमाणिकरण विवरणमा "परीक्षा ☞ सूचीमे रद्द है" भनी लेखि आएको भएतापनि सो परिषद्को दिनाङ्क २४।१२।२००७ को पत्रबाट ☞ सूचिमा रद्द भएको परीक्षाफल परिवर्तन भई द्वितीय श्रेणीमा उत्तीर्ण भएको भन्ने उल्लेख भएको पाइएकोले सो सम्बन्धमा विवादको परीक्षा प्रतिवादीले पास गरेको कुरा पुष्टी भई आएको भनी उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीको मिति २०६६।१।१६ को पत्रबाट लेखि आएको देखिएको हुँदा उक्त फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरेता पनि सफलता प्राप्त हुने सम्भावना नदेखिएकाले आयोगको मिति २०६६।६।२२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

५. वादी नेपाल सरकार प्रतिवादी रमेश सिग्देल समेत भएको नयाँबजार जग्गा एकिकरण आयोजना अन्तर्गतको खानेपानी आयोजना निर्माण गर्दा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दाका प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम सजायहुन मागदाबी लिई विषेश अदालत, काठमाडौंमा आरोप पत्र पेश भएकोमा सो अदालतबाट आंशिक रूपमा वादी दावि ठहर गरी भएको फैसलामा खानेपानीको पाईप जमिनको सतहदेखि ६० से.मि. मुनि गाडनुपर्ने कुरा लगत स्टिमेट भएकोमा सो बमोजिम

नगरी सरदर ४३.८२ से.मि.मात्र गाडी ठेकेदार सन्तोषी निर्माण सेवा प्रा.लि.का प्रवन्ध निर्देशक केशवराज कडँलले बदनियतसाथ आफूलाई लाभ र आयोजनालाई गैर कानूनी हानि पुऱ्याएको कसुर प्रमाणित भई निज केशवराज कँडेललाई बिगो रु. १,३१,८९,३१५।६९ जरीवाना, बिगो असुल उपर गरी आयोजनालाई भराई दिने समेत ठहर गरी फैसला भएको पाइएको र Development Network Pvt.Ltd नामक परामर्शदाता संस्था एवं ठेकेदार बिच भएको सम्झौता अनुसार सम्पूर्ण आयोजनाको निर्माण कार्य गुणस्तरयुक्त तवरले गराउने र Specification अनुसारको निर्माण सामग्री प्रयोग गर्न लगाउने दायित्व परामर्शदाताको रहेकोमा सो संस्थाबाट सम्झौता अनुसारको कार्य नगरी आयोजनालाई रु.१,३१,८९, ३१५।६९ गैर कानूनी रूपमा हानि नोक्सानि र ठेकेदारलाई लाभ पुऱ्याउने कार्य गरेको पाइएको हुँदा प्रतिवादीहरू अनिल नारायण श्रेष्ठ, गुणराज श्रेष्ठ, दिनेशराज मानन्धर लाई जनही ३ महिना कैद र रु. १०,०००।- जरीवाना हुने गरी फैसला भएको कम तौल र कम जस्ता लेपनको जि.आई. पाईपको प्रयोग भएको, खरीद भएको भन्दा बढि पाइपको प्रयोग भएको भन्ने प्रतिवादीहरू उपरको आरोप प्रमाणित हुन नसकेको साथै प्रतिवादीहरू रमेश सिग्देल, नरेशमान सिं अमात्य, मनोहरलाल अग्रवाल, धर्मराज दाहाल, सूर्यनाथ श्रेष्ठ, जीवनराम कँडेल, उज्ज्वलराज कँडेल, सूर्यशरण रेग्मी, कैलाश श्रेष्ठ, नरेन्द्र विलाश वज्राचार्य, गुरुदत्त पाण्डे, विश्वम्भर कुमार पराजुली, नरेन्द्रमान वज्राचार्य, दिनेश मानन्धर, किरण दर्नाल समेतका हकमा निजहरूले दूषित मनसाय राखि सन्तोषी निर्माण सेवा प्रा.लि.लाई ठेक्का उपलब्ध गराउने कार्य गरेको वा निजहरूको कार्यबाट आयोजनालाई गैर कानूनी हानी र ठेकेदारलाई लाभ भएको भन्ने वस्तुनिष्ठ प्रमाणहरूबाट समर्थित भएको नपाइएको भन्ने आधार लिई विशेष अदालतले गरेको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्नुपर्ने अवस्था नदेखिएकाले आयोगको मिति २०६६।७।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

६. वादी नेपाल सरकार प्रतिवादी पिस्तादेवी अग्रवाल समेत भएको धितो रहेको जग्गा गैर कानूनी रूपमा फुकुवा गरी भ्रष्टाचार गरेको मुद्दाका प्रतिवादीहरू उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) समेतको कसुरमा दण्ड सजाय गरी बिगो समेत असुल उपरको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट आंशिक रूपमा वादी दाबी ठहर गरी फैसला भएकोमा काठमाडौं महानगरपालिकाको च.नं. २८० मिति २०६०।३।२६ को पत्रबाट का.म.न.पा.साविक वडा नं. २९(क) कि.नं. ३३९ क्षेत्रफल १-२-०-० रोपनी पिस्तादेवी अग्रवालको नामको रोक्का जग्गा फुकुवा गरिदिन मालपोत कार्यालय, डिल्लीबजारलाई लेखेको पत्र किर्ते रहेको प्रमाणित भई सो कार्यमा संलग्न गोपाल जोगई, शिव अग्रवाल र अनिल सिंह धामिलाई सजाय गर्ने ठहर भइसकेको, किर्ते कागजातका आधारमा फुकुवा भएको उक्त जग्गा प्रतिवादी नरेश अग्रवालले जनहित संरक्षण मञ्चलाई रु. ५३,३७,५००।- मा बिक्री गरेको देखिँदा सो बिगो रु. ५३,३७,५००।- प्रतिवादी नरेश अग्रवालबाट असुल उपर गर्ने ठहर भएको । अनुसन्धानका क्रममा धरौटी बापत निजले पेश गरेको रु. ३,७१,२१,४३८।२२ बराबरको जेथा हालसम्म रोक्का नै रहेको हुँदा उल्लेखित बिगो असुल उपर हुनसक्ने नै देखिएको । काठमाडौं महानगरपालिकाबाट रोक्का रहेको उल्लेखित जग्गा फुकुवाका लागि किर्ते कागज बनाउने कार्यमा प्रतिवादी पिस्तादेवी अग्रवाल र नरेश अग्रवालको प्रत्यक्ष संलग्नता नदेखिएको, विवादित जग्गा जफतको दाबीका सम्बन्धमा जनहित संरक्षण मञ्चले सो जग्गा खरिद गरेको मूल्य रु. ५३,३७,५००।- बराबरको बिगो प्रतिवादी मध्येका नरेश अग्रवालबाट असुल उपर गर्ने निर्णय भइसकेको र आयोगको मिति २०६२।१२।१३ को निर्णय अनुसार नपुग बिगो का.म.न.पा.का तत्कालीन मेयर

केशव स्थापितबाट असुल उपर गर्ने गरी भएको निर्णय विशेष अदालतबाट सदर समेत भइसकेको । प्रस्तुत जग्गा फुकुवा गर्न जनहित संरक्षण मञ्चका तर्फबाट किर्ते कागज बनाउने समेतको कार्य भए गरेको नदेखिएकोबाट प्रस्तुत फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्नु पर्ने अवस्था नदेखिएकाले आयोगको मिति २०६६।७।१९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

७. प्रतिवादी प्रदीप के.सी.ले झुट्टा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा १ अनुसारको मागदाबी लिई अभियोग पत्र दायर गरिएकोमा विशेष अदालत, काठमाडौंबाट प्रमाणपत्र जारी गर्ने आधिकारिक निकायले नै विवादित प्रमाणपत्र सम्बन्धमा द्वितीय श्रेणीमा उत्तीर्ण भएको भनी लेखि पठाएको देखिँदा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र जाली नभै सत्य भएको तथ्य प्रमाणित भएकोले निज प्रदीप के.सी.ले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ । वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन भनी फैसला भएकोले यसमा पुनरावेदन गरिएता पनि वादी नेपाल सरकारलाई सफलता प्राप्त हुने अवस्था नदेखिएकोले आयोगको मिति २०६६।८।२९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

८. वादी नेपाल सरकार प्रतिवादी मुनसिंह कार्की समेत भएको भ्रष्टाचार मुद्दामा जिल्ला जनस्वास्थ्य शाखा हुम्लाका रामतपेश्वर साहले आफू कार्यालय प्रमुख भएको अवस्थामा रिप हेल्थपोष्टमा अमृतलाल चौधरीलाई कामै नगरेको अबधिको हाजिर गर्न लगाई पियन मुनसिंह कार्कीलाई कीर्ते इच्छापत्रको आधारमा तलब झिक्न लगाई सो रकम आफूले राखी अमृतलाल चौधरीबाट रु २०००।- लिई निजलाई दिएको भन्ने भएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत जुम्लाबाट मिति २०६६।२।११ मा रामतपेश्वर साह उपरको कसुर ठहर हुने, अमृतलाल चौधरीको मृत्यु भैसकेकोले निजको हकदारबाट निजले लिएको बिगो रु २०४६।- असुल उपर गर्ने गरी फैसला भएको देखिँदा त्यस तर्फ केही गरिरहनु पर्ने अवस्था नदेखिएको । पियन मुनसिंह कार्कीलाई सफाई दिएतर्फ हेर्दा मिसिल संलग्न कागजातहरूबाट निजले अन्य प्रतिवादीहरूबाट कुनै पनि रकम लिए खाएको अवस्था नदेखिएको साथै कार्यालय प्रमुखले लाए अह्राए अनुसारको काम गर्नुपर्ने जिम्मेवारी भएको पियन दर्जाका कर्मचारीले आफूले पाएको इच्छापत्र बमोजिम रकम लिई हाकिमलाई दिएकोसम्म अवस्था देखिन आएकोले निजको हकमा सर्वोच्च अदालतसमक्ष पुनरावेदन गरे पनि सफलता प्राप्त हुने अवस्था नदेखिएकोले आयोगको मिति २०६६।८।२९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

९. वादी नेपाल सरकार प्रतिवादी बिमला थापा भएको शुरु नियुक्ति तथा अन्य प्रयोजन समेतका लागि नक्कली प्रमाण पत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादी उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप पत्र पेश भएकोमा सो अदालतबाट प्रतिवादीले आरोपित कसुरमा सफाई पाउने ठहर गरेकोमा प्रतिवादीले सन् १९८८ मा अनुक्रमांक ३७८८ बाट प्रथम श्रेणीमा मध्यमा (एस.एल.सी.) तहको परीक्षा पास गरेको भनी प्रमाणपत्र पेश गरेकोमा सो प्रमाण पत्र सम्बन्धित शिक्षा बोर्डले भुलवस दिएको भनी सोही सालमा अनुक्रमांक ३५।४२४ बाट द्वितीय श्रेणीमा उक्त परीक्षा पास गरेको प्रमाण पत्र पेश गरेको र सो पेश

भएको प्रमाणपत्र सत्यापित (सट्टे) भएको भन्ने आयोगको मिति २०६६।५।३० को पत्रबाट देखिएको । प्रतिवादी स्वयमले बदनीयत साथ प्रथम श्रेणीमा मध्यमा परीक्षा उत्तीर्ण गरेको भन्ने नभई प्रमाणपत्र जारी गर्ने निकायको मानविय भुलको कारण त्यस्तो प्रमाणपत्र जारी भएको अवस्था देखिएकोबाट प्रस्तुत मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन गरिरहनु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६६।९।१३ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१०. वादी नेपाल सरकार प्रतिवादी पदम प्रसाद अधिकारी समेत भएको सम्पत्ति लुकाई छिपाई झुट्ठा विवरण दिई भ्रष्टाचार गरेको मुद्दाका प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(२) बमोजिम सजाय गरी लुकाई छिपाएको सम्पत्ति समेत जफत गरी पाउँन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट प्रतिवादीले अभियोग मागदाबी बमोजिमको कसुर गरेको ठहर गरी बिगोतर्फ रु. ११,३५,१८६।२६ मात्र जफत गर्ने गरी फैसला भएकोमा आयोगले प्रतिवादीलाई सम्पत्ति विवरण पेश गर्न मिति २०६४।३।३ मा पत्र लेखेको र निजले मिति २०६४।३।२८ मा सम्पत्ति विवरण पेश गरेको अवधिमा विभिन्न बैंक तथा वित्तीय संस्थाबाट रकम झिकेको र बचतपत्र खरिद गरेको रकम रु. ११,३५,१८६।२६ मात्र देखिएको, दाबीमा लिईएका अन्य बचतपत्रहरूको रकम निजले आयोगमा सम्पत्ति विवरण पेश गर्नुपूर्व नै बिक्री गरी हक हस्तान्तरण गरी सकेको देखिएको, प्रतिवादीहरू किरण अधिकारी र अवनिश अधिकारीको हकमा बिगो जफत गर्ने प्रयोजनका लागि मात्र प्रतिवादी कायम गरिएकोमा प्रतिवादी पदम प्रसाद अधिकारीबाट लुकाएको बिगो जफत हुने ठहर भइसकेको देखिएबाट सर्वोच्च अदालत समक्ष पुनरावेदन गरे पनि वादी नेपाल सरकारलाई थप सफलता हासिल हुने अवस्था नदेखिएकाले आयोगको मिति २०६६।९।१७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

११. पुनरावेदक रघुचन्द्र बहादुर सिंह, भक्त बहादुर कोइराला, हरीबाबु चौधरी, प्रेम बहादुर खाती र शम्भु प्रसाद खनाल विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोग भएको निर्णय बदर मुद्दामा विशेष अदालत, काठमाडौंबाट निवेदकहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०५९ को दफा ३ (ग) विपरीतको कसुर गरेको अभियोगमा ऐ. ऐनको दफा १२ (क) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५ (ख) बमोजिम २ वर्ष सम्म सार्वजनिक जवाफदेहीको पदमा नियुक्ति नगर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयलाई लेखी पठाउने गरी आयोगबाट निर्णय भएकोमा तत्कालीन श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(७) बमोजिम जारी भएको आदेश बमोजिम भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई मुद्दामा अनुसन्धान, तहकिकात र कारबाही किनारा गर्न सक्ने गरी अदालत र विशेष अदालतको अधिकार प्रयोग गर्न सक्ने र आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्ने अधिकार प्राप्त भएको, आयोगको सदस्यको रूपमा कार्यरत रहदा आफूहरूले सदासयताका साथ काम गरेको भन्ने पुनरावेदकहरूले अनुसन्धान अधिकारी समक्ष पेश गरेको स्पष्टीकरणमा व्यहोरा खुलाएको र कामकाज गर्दा जानि जानि कसैप्रति दुर्भावना राखी अनुचित कार्य गरेको भन्ने नदेखिएको, पुनरावेदकहरूले काम गरेको अवधिको तलव भत्ता असुल उपर गर्नु नपर्ने भन्ने आयोगबाट निर्णय भइसकेकोबाट प्रस्तुत मुद्दामा सर्वोच्च अदालत समक्ष पुनरावेदन गरे पनि वादी नेपाल सरकारलाई सफलता प्राप्त हुने अवस्था नदेखिएकाले आयोगको मिति २०६६।९।१७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१२. वादी नेपाल सरकार प्रतिवादी खेमराज सुवेदी भएको सेवा प्रवेशका लागि झुट्ठा (नक्कली) प्रमाण पत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दाका प्रतिवादी उपर सावित भ्रष्टाचार निवारण

ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप पत्र पेश भएकोमा सो अदालतबाट प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने गरी फैसला भएकोमा प्रतिवादी खेमराज सुवेदीले प्रयोग गरेको भनिएको नक्कली प्रमाणपत्रको सक्कल प्रमाण पत्र आयोगबाट अदालत समक्ष पेश हुन नसकेको, प्रमाणिकरण भई आएको पत्रमा उल्लेख भएको खेमराज सुवेदी प्रतिवादी तथा निजका बाबुको नाम र आरोप पत्रमा पेश भएका प्रतिवादी र निजका बाबुको नाम फरक फरक देखिएकोबाट प्रस्तुत मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन गरेपनि वादी नेपाल सरकारलाई सफलता प्राप्त हुने अवस्था नदेखिएकाले आयोगको मिति २०६६।११।६ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१३. बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रको कि.नं. ६५ र ६८ क्षेत्रफल २४-१३-१५ विगाहा सार्वजनिक जग्गा मालपोत कार्यालय बर्दियाबाट मिति २०६४।१२।२१ मा व्यक्तिको नाममा दर्ता गरेको सो जग्गा बचाउको लागि म्यादभित्र पुनरावेदन नगरी पदीय जिम्मेवारी निर्वाह नगरेकोले सो निकुञ्जका प्रमुख संरक्षण अधिकृतलाई निजामती सेवा ऐन, २०४९ र नियम बमोजिम कानूनी प्रकृया पुऱ्याई विभागीय कारबाही गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा निज संरक्षण अधिकृतले आयोगको निर्णय विरुद्ध विशेष अदालत, काठमाडौंमा पुनरावेदन गरेकोमा सो अदालतबाट निजलाई सफाई दिने गरी फैसला भएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ११ बमोजिम निजसँग स्पष्टीकरण माग गरी स्पष्टीकरण सन्तोषजनक नपाइएकोले उल्लिखित ऐनको दफा १२ बमोजिम विभागीय कारबाहीका लागि अख्तियारवाला समक्ष लेखि पठाउने कानूनी प्रावधान भएकोमा निज फणिन्द्रराज खरेलका हकमा विभागीय कारबाहीका लागि लेखि पठाउने भनी मिति २०६६।६।१९ मा भएको आयोगको निर्णय अध्ययन गरी हेर्दा उल्लिखित कानूनी व्यवस्था बमोजिम निजसँग स्पष्टीकरण लिएको नदेखिएकोबाट प्रस्तुत मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन गर्नुपर्ने अवस्था नदेखिएकाले आयोगको मिति २०६६।११।२० को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१४. वादी नेपाल सरकार प्रतिवादी गुलावप्रसाद सिंह भएको सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दाका प्रतिवादी उपर जिल्ला पशु सेवा कार्यालय, झापाको गरिवी निवारण बाखा पाँचौं कार्यक्रमका लागि निकासा भएको रकम मध्ये रु. २,६०,०००।- बाखा खरिद गर्न भनी भुक्तानी लिई सो रकम निजले हिनामिना गरेको कसुरमा साविक भ्रष्टाचार ऐन, २०१७ को दफा १७(३)(घ) बमोजिम दण्ड सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट प्रतिवादी उपरको कसुर ठहर भई बिगो तर्फ रु. १,९५,७९०।- मात्र असुल उपर गर्ने गरी फैसला भएकोमा प्रतिवादी उपरको सजायका सम्बन्धमा निजको मृत्यु भइसकेको हुँदा मुलुकी ऐन, अ.बं. १७६ नं. अनुसार केही गरिरहनु पर्ने अवस्था नदेखिएको साथै प्रतिवादीले ३० वटा बाखा खरिद गरी समितिलाई बुझाएको भन्ने हरीयाली कृषि सहकारी संस्थाको च.नं. १०१ मिति २०६३।३।३२ को पत्रबाट लेखि आएको र सो तथ्यमा जिल्ला पशुसेवा कार्यालयको समेत विमती नरहेको हुँदा ३० वटा बाखा खरिदको लागत रु. ६४,२१०।- कटाई बाँकी बिगो रु. १,९५,७९०।- प्रतिवादीका अपुताली खाने हकदारबाट असुल उपर गर्ने गरी फैसला भएको देखिएकोबाट प्रस्तुत मुद्दामा सर्वोच्च अदालत समक्ष पुनरावेदन गरे पनि वादी नेपाल सरकारलाई थप सफलता प्राप्त हुने अवस्था नदेखिएकाले आयोगको मिति २०६६।११।२१ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१५. वादी नेपाल सरकार प्रतिवादी टेकेन्द्र सिंह ठकुरी भएको अर्काको संचयकोषमा जम्मा भएको रकम झिकी खाई भ्रष्टाचार गरेको मुद्दाका प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने गरी फैसला भएकोमा प्रतिवादी टेकेन्द्र सिंह ठकुरीले कर्मचारी संचयकोषबाट शिक्षक रमेशप्रसाद श्रीवास्तवको नाममा जम्मा भएको रकममध्येबाट किर्ते कागज खडा गरी रु. १,०३,२००।- झिकेको विषयमा कर्मचारी संचयकोषले प्रतिवादी टेकेन्द्र सिंह ठकुरी विरुद्ध काठमाडौं जिल्ला अदालतमा किर्ते मुद्दा दायर गरी मिति २०६६।८।२८ मा पुनरावेदन तहमा वादी दाबी छोडी मिलापत्र गरेको देखिएको, टेकेन्द्र सिंह ठकुरीले भ्रष्टाचार गरेको भनी मुद्दा पेश भएको विषयमा कर्मचारी संचयकोषले दाबी छाडी किर्ते मुद्दामा मिलापत्र गरी सकेको र प्रतिवादीले किर्ते गरी रकम झिकेको कुरा स्थापित भै नसकेको अवस्थामा भ्रष्टाचार गरेको तथ्य समर्थित हुन नसक्ने अवस्था देखिएकाले प्रस्तुत मुद्दामा सर्वोच्च अदालत समक्ष पुनरावेदन गरे पनि वादी नेपाल सरकारलाई सफलता प्राप्त हुने अवस्था नदेखिएकाले आयोगको मिति २०६६।१२।१८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१६ बर्दिया जिल्ला गुलरिया न.पा.वडा नं. ६(क) साविक कि.नं. ८ को ०-९-१५ जग्गा मोहीको मृत्यु पछि भूमिसुधार कार्यालय बर्दियाका कर्मचारी समेतको मिलेमतोमा मिति २०५९।६।११ मा सो जग्गाका मोही नै नभएका वकरिद अलि धोवीलाई ६ कट्ठा र प्रमोद गेडीयालाई ३ कट्ठा १५ धुर जग्गा बिक्री वितरणमा दिने निर्णय गरी भ्रष्टाचार गरेकोले छानविन गरी पाउँ भन्ने उजुरी उपर छानविन हुँदा बिक्री वितरणमा जग्गा प्राप्त गर्नेहरू वकरिदी अलि धोवी र प्रमोद गेडियाको अन्यत्र पनि जग्गा छ भन्ने नदेखिएको हुँदा उजुरवालालाई पनि नियमानुसार २।२ कट्ठा सम्म जग्गा बिक्री वितरण गरी बाँकी जग्गाहरूको हकमा जो जे गर्नु पर्ने हो नियमानुसार गर्नु गराउनु भनी भूमि सुधार व्यवस्था मन्त्रालयलाई लेख्ने भन्ने आयोगको निर्णय उपर वकरिदी अलि धोवीले पुनरावेदन गरी विशेष अदालतबाट आयोगको निर्णय बदर गर्ने गरी फैसला भएको । भूमिसुधार कार्यालय, बर्दियाको मिति २०५९।६।११ को निर्णयले ०-६-० (छ कट्ठा) जग्गा बिक्री वितरणबाट पाउने गरी निर्णय गर्दा तत्काल बहाल रहेको भूमि सम्बन्धी नियमावली, २०२१ को नियम २३(१) ले तराई क्षेत्रमा २ बिगाहसम्म जग्गा बिक्री वितरण हुन सक्ने व्यवस्था गरेको आधारमा सोही व्यवस्था अनुरूप जग्गा बिक्री वितरण गरेको देखिएको । उक्त नियमावली मिति २०६०।४।१२ मा संशोधन भई नियम २३ ले तराई क्षेत्र अन्तर्गत शहरी क्षेत्रमा २ कट्ठा जग्गा मात्र बिक्री वितरण गर्न पाउने गरी व्यवस्था गरेकोमा आयोगबाट मिति २०६३।१२।८ मा निर्णय हुँदा संशोधित नियम २३ मा भएको व्यवस्था अनुसारको आधारमा निर्णय भएको देखिएकोबाट प्रस्तुत मुद्दामा सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्नुपर्ने अवस्था नदेखिएकाले आयोगको मिति २०६७।१।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१७. प्रतिवादी कृष्ण कुमार शर्मा घिमिरे उपर विशेष अदालत काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र १५ को कसुरमा दफा ७ (२), दफा १५, दफा १६.ग, दफा २९ तथा सोही ऐनको निरन्तरतामा आएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ बमोजिम कैद र जरिवाना समेतको माग दाबी लिई मुद्दा दायर भएकोमा उक्त अदालतबाट प्रतिवादीलाई सफाई दिने गरी गरेको फैसला अध्ययन

गर्दा निम्न आधारमा सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्दा समेत सफलता प्राप्त हुन सक्ने सम्भावना नरहेकोले आयोगको मिति २०६७।३।२५ को निर्णयानुसार पुनरावेदन नगरिएको । ललितपुर न.पा.वडा नं. २(घ) कि.नं. ८७३ ९०-१-१-३० र कि.नं० ८७६ ९०-३-१-०० गरी जम्मा क्षेत्रफल ०-४-२-३ को जमीनको रु.५,८५,९३७।५० बिगो दाबी गरिएकोमा अदालतबाट मालपोत कार्यालयमा पारित लिखत बमोजिम रु.१,१७,२००/- कायम भएको देखिन्छ । त्यसैगरी आरोपपत्र दायर गर्दा उक्त जग्गामा बनेको घर निर्माण हुँदा भएको खर्च रु.२६,९६,२२६।६९ मूल्यांकन गरी दाबी गरिएकोमा रु. २०,९८,५२०।५६ मात्र मूल्याङ्कन गरी केही घटी कायम गरेको देखिन्छ । तर यो घर जग्गा प्रतिवादीको श्रोत खुलेको सम्पत्तिको मानिएको हुँदा त्यसमा अदालतबाट दाबी भन्दा घटी मूल्यांकन भए गरिएमा समेत तात्विक भिन्नता नदेखिएको श्रोत नखुलेको सम्पत्ति भनी दाबी गरिएको ललितपुर सुनाकोठी ९(क) को कि.नं. ७२१ क्षेत्रफल ४-५-०-० को जग्गा लिखत मूल्य ७० लाख मा पारित भएको र सोही ठाउँको कि.नं० ६९८ को क्षेत्रफल ०-८-०-० रोपनी जग्गा को लिखत मूल्य ११ लाख पारित भएकोमा पारित मालपोत दस्तुर समेत ८३,७९,२००/- को बिगो ठहर गरेको देखिन्छ । तर आयोगबाट मुद्दा दायर हुँदा तत्काल प्रचलित मूल्यांकनको आधारमा उल्लेखित जग्गाहरूको मूल्य रु.१,१५,५०,०००/- कायम गरी बिगो दाबी भएको पाइन्छ । मालपोतमा पारित भएको लिखत र त्यसमा उल्लेख भएको मूल्यलाई आधिकारिक नै मान्नु पर्ने हुँदा मनासिव देखिन आएको । आयोगबाट निजको दाङ जिल्लामा भएको जग्गाजमिनको कृषि आयको रूपमा लगभग १०/११ लाख मात्र आम्दानी भएको अनुमान गरी अभियोग पत्र दायर गरिएकोमा अदालतबाट आवधिक रूपमा हुने कृषि आयको गणना गरी खुद रु.६३,०६,१७०/- कृषि आय गणना भएकोलाई अन्यथा भन्न सकिने देखिएन ।

परिच्छेद – ६
विभागीय कारबाही

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउने वा कसुरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था छ । सोही अनुरूप आर्थिक वर्ष २०६६/२०६७ मा विभागीय कारबाहीका लागि विभिन्न निकायमा लेखी पठाइएको मन्त्रालयगत विवरण देहाय बमोजिम उल्लेख गरिएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यलयका तत्कालीन कर्मचारीहरूसँग मिलेमतो गरी स्पाइस नेपाल प्रा.लिमिटेडले विदेशबाट सामान पैठारी गर्दा ठूलो रकम राजस्व छली गरेको भन्ने विषयमा अनुसन्धान हुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा भन्सार महसुल बुझ्ने कार्यमा खटिएका तत्कालीन खरिदारद्वय त्रिभुवन ढकाल (मिति २०६३।३।५ को रसिद नं. २५६११८ र मिति २०६३।३।२२ को रसिद नं. २५६८९७०) र हृदयराम श्रेष्ठ (मिति २०६३।४।२ को रसिद नं. २५७४३७०) आयात प्रज्ञापन पत्रमा उल्लेख भए बमोजिमको भन्सार महसुल बापतको रकम बुझ्ने क्रममा स्पाइस नेपाल प्रा.लिमिटेड का प्रतिनिधिले प्रत्येक कन्साइन्मेण्टमा राजस्व बापत लाग्ने रकमभन्दा धेरै रकमको ३ वटा चेक स्वीकार गरी आफ्नो जिम्मामा रहेको काउन्टरको रकमबाट कार्यालय प्रमुख वा आफू माथिका अधिकृतसँग कुनै अनुमति समेत नलिई पटक पटक गरी ठूलो रकम रु. ५५,९५,०००।- फिर्ता दिएको पाइएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) बमोजिम अनुचित कार्य भएकोले तत्कालीन खरिदारद्वय त्रिभुवन ढकाल र हृदयराम श्रेष्ठलाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।७।२२ को निर्णय अनुसार अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

(ख) ऊर्जा मन्त्रालय अन्तर्गत

१. विद्युत विकास विभागले रु. ५ लाख मात्र चुक्ता पुँजी भई रोयल्टी समेत तिर्न नसक्ने नेपाल बाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लिमिटेडलाई माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षण अनुमति पत्र जारी गर्दा अनियमितता गरेको सम्बन्धमा अनुसन्धान हुँदा नेपाल विद्युत प्राधिकरणका उप-प्रबन्धक वीरेन्द्र प्रसाद कायस्थले आफ्नै दस्तखतका सम्बन्धमा थरिथरिको व्यहोरा उल्लेख गरी आयोगलाई गुमराहमा राखी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) बमोजिम कसुर गरेकोले निज वीरेन्द्र प्रसाद कायस्थ उपर नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ बमोजिम विभागीय कारबाही गरी ३ महिनाभित्र आयोगमा जानकारी गराउन आयोगको मिति २०६६।७।२९ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयमा लेखी पठाइएको ।

२. ऐन नियमको परिधिभन्दा बढी अवधिसम्मका लागि तल्लो मोदीखोला जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षण इजाजत पत्रको म्याद थपिदिएको र ३ वटा इजाजत पत्र उपलब्ध गराएको भन्ने विषयमा अनुसन्धान हुँदा प्रवर्द्धक मनाङ ट्रेड लिंक प्रा.लिमिटेड ले तल्लो मोदीखोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमति पत्रको लागि विद्युत विकास विभाग मार्फत् तत्कालीन जलस्रोत मन्त्रालयका सचिव समक्ष मिति ०६४।११।२७ मा निवेदन दिएकोमा विद्युत ऐन, २०४९ को दफा ४(२) बमोजिम १२० दिनभित्र अनुमति पत्र जारी नगरेको र विद्युत विकास विभागका महानिर्देशक श्री रञ्जन लाकौलले विद्युत नियमावली, २०५० को नियम ७(२) बमोजिम नपुग कागजात पेश गर्न सूचना दिएको पनि देखिएन । मिति ०६४।११।२७ को निवेदन उपर विद्युत विकास विभागका महानिर्देशक निज श्रीरन्जन लाकौलले हालसम्म कुनै कारबाही नगरी विद्युत ऐन, नियमको उल्लंघन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(क) र (छ) बमोजिमको कसुर गरेकोले निजहरूलाई निजामती सेवा ऐन, नियम बमोजिम विभागीय कारबाही गर्न आयोगको मिति २०६६।७।२९ को निर्णय अनुसार ऊर्जा मन्त्रालयमा लेखी पठाइएको ।

(ग) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

१. बारा जिल्लाको रतनपुरी रेन्जपोष्ट अन्तर्गत राष्ट्रिय वन क्षेत्रबाट चोरी निकासी भएको खयरको काठका सम्बन्धमा सर्वदलीय समितिले वन तथा भू-संरक्षण राज्यमन्त्री समक्ष पेश गरेको प्रतिवेदनका सम्बन्धमा अनुसन्धान हुँदा उक्त खयर चोरी निकासी भएको समयमा कार्यरत जिल्ला वन अधिकृत सहित सम्बन्धित एरियाको रेन्जपोष्टमा कार्यरत कर्मचारीहरू उपर ३ महिनाभित्र विभागीय कारबाही गर्न आयोगको मिति २०६६।५।९ को निर्णय अनुसार वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

२. बर्दिया जिल्लाको नेउलापुर गा.वि.स.स्थित कि.नं.६५ र ६८ को सार्वजनिक पर्ती जग्गा कानून विपरीत रतनसिंह थापाका नाममा दर्ता गरेको भन्ने विषयमा अनुसन्धान हुँदा बर्दिया राष्ट्रिय निकुञ्जको उक्त जग्गा निकुञ्जको मध्यवर्ती क्षेत्रभित्रको जग्गा भएको कारणबाट व्यक्तिको नाममा दर्ता गर्न असहमति व्यक्त भएको अवस्थामा मालपोत कार्यालयबाट ३५ दिने पुनरावेदनको म्याद दिई २४-१३-१५ बिगाह क्षेत्रफल भएको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने निर्णय भएकोमा निकुञ्जको मध्यवर्ती क्षेत्रको जग्गा बचाउका लागि म्यादभित्र पुनरावेदन नगरी निष्कृय बस्ने बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत श्री फणिन्द्रराज खरेलले आफ्नो पदीय कर्तव्य र जिम्मेवारी निर्वाह गरेको नपाइएकोले आयोगको मिति २०६६।६।१९ को निर्णय अनुसार विभागीय कारबाही गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. साविक पाटन यनमुगल ६६।५६ नं. लगतमा त्रैलोकधर समेत ६ जनाको नाममा गुठी जनिएको चतिपा भन्ने खेत नापी हुँदा ललितपुर जिल्ला टीकाथली गा.वि.स.वा.नं.१(ख) को कि.नं. १२ को क्षे.फ.६-४-०-० जग्गा कर्मचारीहरू विपक्षहरूसँग मिली फिल्डबुकमा केरी सच्याई गुठी जग्गा रैकरमा दर्ता गरी बिक्री गरी हानी नोक्सानी गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा ललितपुर जिल्ला टीकाथली वा.नं.१(ख) कि.नं

१२ को फिल्डबुक सच्याई गुठी शब्द मेटाइएको र सोही आधारमा मालपोत कार्यालय ललितपुरले उक्त जग्गा नक्कली व्यक्तिहरूका नाममा दर्ता समेत गरेको कुरा फाइल साथ संलग्न कागजातहरूबाट देखियो । नापी कार्यालयको तर्फबाट फिल्डबुक उतारक कर्मचारीले फिल्डबुक आफूले उतारेको तर 'गुठी' शब्द काट्ने काम आफूले नगरेको कुरा स्वीकार गरेको अवस्था रहेको छ । नापी कार्यालयमा रहने सक्कल फिल्डबुक कार्यालयको सक्कल अभिलेख हो । त्यस्तो अभिलेख मास्ने, नास्ने, च्यात्ने, सच्याउने जस्ता गैर- जिम्मेवार काम कारबाहीहरू गर्नु गराउनु कानून विपरीतका कार्य हुने हुँदा फाँटवालाले फिल्डबुक उतार नगरी कार्यालय सहयोगीले उतार गर्नु र सक्कलै कागजात नहेरी उतारकका हैसियतले फाँटवालाले सही गर्नु तथा त्यसैको माथितिर नापी निरीक्षकले समेत प्रमाणित गर्दा चरम गैर जिम्मेवारीपूर्वक काम गरी पदीय कर्तव्य पूरा नगरेको पाइयो । सक्कल फिल्डबुकमा उल्लेखित 'गुठी' शब्द कसले कहिले र किन, काट्यो, मेट्यो सो समेत खुल्न/किटान हुन नसकेको अवस्था हुँदा फिल्डबुकमा उल्लेखित व्यहोरा भू-सूचना तथा अभिलेख विभागको माइक्रोफिल्ममा आयोगबाट हेर्दा 'गुठी' शब्द जस्ताको तस्तै अर्थात केरमेट नभएको अवस्थामा रहेको पाइयो । यसरी अभिलेख राख्दा लापरबाही गर्ने कार्यमा संलग्न पदाधिकारीहरू नापी अधिकृत भीष्म कार्की, नापी निरीक्षक सत्यनारायण चौधरी, अमिन रामप्रबोध कुमार महासेठ र कार्यालय सहयोगी नातिबाबु सुवेदीलाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।५।१५ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२. सिराहा जिल्ला जमदह गा.वि.स. वडा नं. ८ (क) को कि.नं. १०१ क्षे.फ. ०-१०-०, वडा नं. ६(ख) कि.नं. १८४ क्षे.फ. ०-४-६ को जग्गा धनमान सिंहको नाममा रहेकोमा निजको र निजकी श्रीमती रुकमायाको मृत्यु भैसकेपश्चात् काल्पनिक व्यक्तिलाई छोरा बनाई सिफारिश गर्ने जमदह गा.वि.स.का अध्यक्ष (सचिव) चिरञ्जिवी कोइराला र निर्णय गर्ने मालपोत कार्यालय लाहानका कार्यालय प्रमुख मदन कुमार झालाई कारबाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा धनमानसिंह र निजकी पत्नी रुकमायाको मृत्यु भैसकेको अवस्थामा निजको नामको सिराहा जमदह गा.वि.स. वडा नं. ८ (क) को कि.नं. १०१ क्षे.फ. ०-१०-०, वडा नं. ६ (ख) कि.नं. १८४ क्षे.फ. ०-४-६ को जग्गा निजका नजिकका हकदार तीन छोरा इन्द्र बहादुर श्रेष्ठ, गोपाल बहादुर श्रेष्ठ र सूर्य बहादुर श्रेष्ठको नाममा नामसारी गर्नुपर्नेमा मालपोत कार्यालय सिराहाका कार्यालय प्रमुख मदन कुमार झाले उक्त काल्पनिक सिफारिशलाई आधार लिई नाता प्रमाण र अन्य प्रमाण बुझ्दै नबुझी निर्णय गरेको र यसरी एकाको जग्गा अर्कैको नाममा नामसारी गरी पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा गरेको देखिन नआएको हुँदा मालपोत अधिकृत मदन कुमार झालाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।८।११ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

३. कास्की जिल्ला अर्घौं ढले पिपल देउमाडी ठूलाकोटमा अवस्थित भैरव गुठीको अर्घौं बजार गा.वि.स. स्थित ४८-१४-३-३ रोपनी गुठी जग्गाको विषयमा निर्णयको लागि ०६६।३।९ मा टिप्पणी पेश गर्दा उप प्रशासक दिपक बहादुर पाण्डेले अनुचित कार्य गरेको देखिएको भन्ने विषयमा अनुसन्धान हुँदा गुठी संस्थान केन्द्रीय कार्यालय डिल्लीबजारका उप-प्रशासक दिपक बहादुर पाण्डेले आफूकहाँ टिप्पणी मिसिल प्राप्त भएपछि आफ्नो राय लेखी आफू भन्दा माथिको अधिकृत कर्मचारी समक्ष पेश गर्नुपर्नेमा सो नगरी तत्कालीन कानून अधिकृतको राय र हालका कानूनी सल्लाहकारको राय

मिल्दो देखिएको भन्ने सम्म व्यहोरा उल्लेख गरी सीधै गुठी प्रशासक समक्ष निर्णयको लागि फाइल पेश गरेको र आयोगमा बयान गर्दा ०६६।३।१० को निर्णय सम्बन्धमा मलाई कुनै जानकारी छैन भनी पन्छिन खोजेको हुँदा उप-प्रशासक दिपक बहादुर पाण्डेको उल्लेखित कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) बमोजिम कसुर गरी अनुचित कार्य भएको देखिएकोले निजलाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

४. मालपोत कार्यालय चाबहिलका कर्मचारी र लेखनदासको मिलोमतोमा काठमाठौं जिल्ला बालुवा गा.वि.स. वडा न.३ (ग) कि.न. ५३ को ३-४-०-० दर्ता बाँकी जग्गालाई बेरित पुर्बक दर्तागरी बिक्री समेत गरेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं जिल्ला बालुवा गा.वि.स. वडा न.३ (ग) कि.न. ५३ क्षे.फ. ३-४-२-० रोपनीको जग्गा दर्ता अप्रमाणित बेनिस्साको देखियो । उक्त जग्गालाई मालपोत कार्यालय चाबहिलका कम्प्युटर अपरेटर श्रीधर पौडेलले काल्पनिक नामसारी मिसिल नं र मिति उल्लेख गरी कैफियत लेखी सही गरी पेश गरे बमोजिम सोही कार्यालयका शाखा अधिकृत श्री दुर्गा प्रसाद तिवारी ले मिति ०६६।५।८ मा श्रेस्ता प्रमाणित गरी सानु कान्छि तामाङ, उद्धब तामाङ र मनोज कुमार लामा समेतको नाममा जग्गाधनी पुर्जा उपलब्ध गराएको देखिन्छ । जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेपछि सानु कान्छी तामाङ समेतले उक्त कि.न. ५३ को जग्गा मालपोत कार्यालय चाबहिलबाट रजिस्ट्रेसन पारित गरी ०६६।५।९ मा हक हस्तान्तरण गरेको देखियो । दर्ता बाँकी बेनिस्साको जग्गालाई ०६६।५।८ मा मालपोत कार्यालय चाबहिल बाट नक्कली नामसारिको मिसिल नं र मिति उल्लेख गरी सानु कान्छी तामाङ, उद्धब तामाङ र मनोज कुमार लामाको नाममा श्रेस्ता खडा गरी प्रमाणित गरी ज.ध.प्रमाण पुर्जा समेत उपलब्ध गराएको कार्य प्रत्यक्षत: कानूनी रूपमा त्रुटिपूर्ण हुँदा उक्त नक्कली श्रेस्ता पुर्जा तयार गर्ने कार्यमा संलग्न मालपोत कार्यालय चाबहिलका श्रेस्ता पुर्जा प्रमाणित गर्ने जिम्मेवारी पाएका शाखा अधिकृत दुर्गा प्रसाद तिवारीले नयाँ श्रेस्ता पुर्जा प्रमाणित गर्दा साबिक श्रेस्ता र निर्णय मिसिल/लिखत हेरी सोही अनुसार प्रमाणित गर्नुपर्नेमा सो नगरी दर्ता बाँकी बेनिस्साको काठमाडौं जिल्ला बालुवा गा.वि.स. वडा न.३ (ग) कि.न. ५३ को जग्गालाई मिति ०६६।५।८ मा कृत्रिम नामसारी मिसिल नम्बर र मिति उल्लेख भएको कैफियतलाई प्रमाणित गरी नयाँ श्रेस्ता र पुर्जामा सही गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिमको कसुर गरी अनुचित कार्य गरेकोले निजलाई आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

५. बाटो नजोडिएको कम मूल्य पर्ने जग्गालाई बाटो जोडिएको भनी प्रतिरोपनी २ लाख पर्ने मूल्यांकन गराई मञ्जुरीनामा दिई सो को आधारमा तारेखमा छुटेको सम्बन्धमा अनुसन्धान हुँदा धादिङ जिल्ला पिडा गा.वि.स.वार्ड नं.८ बस्ने धनबहादुर तामाङको ऐ.८ठ कि.नं ३५ क्षेत्रफल २२-१०-०-२ र सानुकान्छा तामाङको ऐ.८ग कि.नं ३५ क्षेत्रफल २०-६-१-२, डिलबहादुर तामाङको ऐ. ८ठ कि.नं. ५० क्षेत्रफल ३-८-०-० को प्रतिरोपनी १०/१२ हजार पर्ने जग्गालाई अमिन लेखनाथ बुर्लाकोटी, रविन्द्रनाथ ठाकुरले फिल्ड निरीक्षण गरी दिएको फिल्ड प्रतिवेदन र नक्सा ट्रेस, धादिङ जिल्ला अदालतका तत्कालीन विचारी खड्कबहादुर श्रेष्ठबाट काम तामेल गरी स्थानीय गा.वि.स.का सचिव

रोहवरमा गरिएको सर्जमिन मुचुल्का समेतका कागजातका आधारमा पृथ्वी राजमार्गको आदमघाट बजारदेखि पिडा च्याङली हुँदै गैरी गाउँसम्म जाने ११ फिटे कच्ची मोटरबाटोसँग जोडिने जग्गा भनी प्रतिरोपनी रु.२ लाख मूल्यांकन गरी काठमाडौं जिल्ला अदालतका तत्कालीन श्रेस्तेदार हाल जिल्ला न्यायाधीश कृष्णराम कोइरालाबाट धितो जमानी स्वीकारेको देखिन्छ। आयोगबाट खटिएको नापी निरीक्षक सहितको टोली र नापी विभागबाट खटिएको टोलीको स्थलगत निरीक्षण प्रतिवेदन समेतका कागजातबाट मोटरबाटोसँग जोडिएको जग्गा भनी गरिएको मूल्यांकन गलत रहेको प्रमाणित हुन आएबाट जग्गाको बढी मूल्यांकन देखाई धितो स्वीकारेकोमा विवाद देखिएन। कार्यालय छोड्न पनि नहुने अवस्था हुँदा कार्यालय प्रमुखको मौखिक आदेश अनुसार फिल्डमा नै नगई प्रतिवेदन दिएका हौं भन्ने तत्कालीन अमिनहरूको भनाइले आफूलाई तोकिएको कार्य गर्दा कानूनले निर्देशित गरे अनुरूप सम्बन्धित स्थलमा गई भएको वास्तविकता प्रष्टिने गरी प्रतिवेदन वा काम तामेल गर्नुपर्नेमा सम्बन्धित ठाउँमा नगई सही गर्नाले गलत लिखत तयार भएको भन्ने देखिन आएबाट अमिनद्वय लेखनाथ बुर्लाकोटी र रविन्द्रनाथ ठाकुरलाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालय लेखी पठाइएको।

६. गुठी संस्थान केन्द्रीय कार्यालयका उप-प्रशासक दिपकबहादुर पाण्डेले गुठी संस्थान अन्तरगत शाखा कार्यालय भक्तपुरको कार्यालय प्रमुख पदमा कार्यरत रहँदा भक्तपुर नगरपालिका वडा नं. ३ कि.नं. ८४ क्षे.फ. ०-६-०-२ रोपनी जग्गामा भएको गुठीको सत्तलको घरभाडा रकम रु. ९,९३,३३३।३६ र सोको हर्जाना रकम रु. ९,०५,९१६।८६ समेत असुल उपरको कारबाही नगरी गुठी संस्थानलाई हानी नोक्सानी हुन गएको हुँदा छानबिन गरी कारबाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा गुठी संस्थान शाखा कार्यालय भक्तपुरका तत्कालीन कार्यालय प्रमुख दिपकबहादुर पाण्डे समेतका कर्मचारीहरूले सत्तल भाडा बापतको रकम समयमा असुल उपर गर्नेतर्फ आवश्यक मात्रामा सक्रियता नदेखाएको भन्ने देखिन आए तापनि निजहरूले अनुचित आर्थिक लाभ लिने र गुठी संस्थानलाई हानी नोक्सानी पुऱ्याउने बदनीयत राखी कार्य गरेको भन्ने पुष्टि हुने आधार/प्रमाणहरू देखिन आएनन्। गुठी संस्थान सञ्चालक समितिको मिति २०५९।९।२ को बैठकबाट उक्तानुसार बक्यौता रहेको भाडा रकम सरकारी बाँकी सरह असुल उपर गर्ने निर्णय भै असुल उपरको कारबाही समेत भैरहेको भन्ने देखिनुका साथै करारनामा बमोजिम भाडा रकम असुल उपरमा सक्रिय नरहेको कसुरमा गुठी संस्थान, शाखा कार्यालय भक्तपुरका तत्कालीन कार्यालय प्रमुख दिपकबहादुर पाण्डे र वरिष्ठ सहायक कृष्णहरी भट्टराई उपर गुठी संस्थान कर्मचारी सेवा शर्त सुविधा सम्बन्धी विनियम २०५१ बमोजिम विभागीय कारबाहीको प्रक्रिया अगाडि बढाइसकेको अवस्था समेत देखियो। अत : गुठी संस्थान सञ्चालक समितिको मिति २०५९।९।२ को निर्णय समेतका आधारमा असुल उपर हुनुपर्ने बक्यौता भाडा रकम असुल उपर भई नसकेको भए असुल उपरको कारबाहीलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउन र भाडा रकम समयमा असुल उपर गर्नतर्फ आवश्यक मात्रामा सक्रियता नदेखाएका कारण दोषी देखिएका निज दिपकबहादुर पाण्डे समेतका कर्मचारीहरू उपरको विभागीय कारबाहीलाई यथाशीघ्र किनारा लगाई आयोगलाई जानकारी दिन आयोगको मिति २०६७।२।१९ को निर्णय अनुसार गुठी संस्थान केन्द्रीय कार्यालयलाई लेखी पठाइएको।

(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. प्राथमिक स्वास्थ्य केन्द्र भीमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा लापरबाही भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्राथमिक स्वास्थ्य केन्द्र भीमाद तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यका सम्बन्धमा तत्कालीन कार्यालय प्रमुख डा. शोभाराज सुवेदीले रकम भुक्तानी दिँदा प्राविधिकको सिफारिसलाई मात्र आधार मानी कार्यालय प्रमुखको हैसियतले हेर्नु बुझ्नुपर्ने कुरा नबुझी भुक्तानी गर्ने कार्य गरेको देखिँदा निज डा. शोभाराज सुवेदीलाई नेपाल स्वाथ्य सेवा ऐन, २०५३ बमोजिम विभागीय कारबाही गर्न आयोगको मिति २०६६।६।२२ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।

२. वीर अस्पतालको डार्क रुम असिष्टेण्ट पदमा कार्यरत सत्येन्द्र यादवले एक्सरे विभागमा प्रयोग हुने फिल्मपाताहरू हिनामिना गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा वीर अस्पतालको डार्क रुम असिष्टेण्ट सत्येन्द्र यादव मिति ०६१।२।२५ देखि मिति ०६१।१२।१० सम्म जम्मा २९५ दिन एक्सरे विभागको स्टोर शाखामा कार्यरत रहेको देखियो । निज कार्यरत रहेको २९५ दिनको अवधिमा १,८६,००० थान एक्सरे प्लेट खपत भएको देखिन्छ । विगत वर्षहरूमा एक्सरे प्लेट खपतको स्थिति अध्ययन गर्दा आ.ब. ०५९/०६० देखि आ.व. ०६४/६५ सम्ममा प्रत्येक वर्षको २९५ कार्य दिनमा औसत १,१५,१०५ थान एक्सरे प्लेट खपत भएको देखिन्छ । अतः निज सत्येन्द्र यादवको कार्य अवधिमा अन्य वर्षको तुलनामा ७०,८९५ थान एक्सरे प्लेट बढी खपत भएको देखियो । सो बढी खपत हुनुपर्ने मनासिव कारण समेत नदेखिएको तथा एक्सरे प्लेटको आय व्यय विवरण दुरुस्त र अद्यावधिक राखेको समेत नदेखिएको तथा महालेखा परीक्षकको आ.व.०६१/०६२ को प्रतिवेदनमा समेत एक्सरे प्लेटको आय व्यय विवरण दुरुस्त नराखेको तथा एक्सरे प्लेट खर्चको तुलनामा राजस्व आम्दानी समेत न्यून देखिएको भनी उल्लेख भएको सन्दर्भमा निज सत्येन्द्र यादवले बढी खपत गरेको विभिन्न साइजको ७०,८९५ थान एक्सरे प्लेट हिनामिना तथा अनियमितता गरी हानी नोक्सानी गरेको देखिन्छ । यस विषयमा निजले आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय दायित्व पालना नगरी अनुचित कार्य गरेको हुँदा उक्त कसुरमा निजलाई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी) नियमावली बमोजिम विभागीय कारबाही गर्न आयोगको मिति २०६७।१।२९ को निर्णय अनुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा लेखी पठाइएको ।

(च) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. सप्तरी जिल्ला सारस्वर गा.वि.स.का तत्कालीन सचिव सीताराम चौधरीले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत आ.व.०६४/०६५ को जेष्ठ नागरिक एवं असहाय विधवा भत्ता वितरण गर्दा मरिसकेका विभिन्न व्यक्तिहरूको नामबाट समेत रु. ३०००/- भुक्तानी दिएको सम्बन्धमा अनुन्धान हुँदा मृतक व्यक्तिहरूको नाममा रु. ३०००/- भुक्तानी दिएको छानवीनबाट पुष्टि हुन आयो । यसरी गैरकानूनी रूपमा मृतक व्यक्तिहरूका नामको भत्ता समेत हिनामिना गर्ने कर्मचारी उपर प्रचलित कानून अनुसार विभागीय कारबाही गर्न आयोगको मिति २०६६।४।३२ को निर्णयानुसार जि.वि.स., सप्तरीका स्थानीय विकास अधिकारीलाई लेखी पठाइएको ।

२. सिराहा जिल्ला जमदह गा.वि.स. वडा नं. ८ (क) को कि.नं. १०१ क्षे.फ. ०-१०-०, वडा नं. ६(ख) कि.नं. १८४ क्षे.फ. ०-४-६ को जग्गा धनमान सिंहको नाममा रहेकोमा निजको र निजकी श्रीमती रुकमायाको मृत्यु भैसकेपश्चात् काल्पनिक व्यक्तिलाई छोरा बनाई सिफारिश गर्ने जमदह गा.वि.स.का अध्यक्ष (सचिव) चिरञ्जिवी कोइराला र निर्णय गर्ने मालपोत कार्यालय लाहानका कार्यालय प्रमुख मदन कुमार झालाई कारबाही गरी पाउँ भन्ने उजुरीका विषयमा अनुसन्धान हुँदा धनमानसिंह र निजको पत्नी रुकमायाको मृत्यु भैसकेको अवस्थामा निजको नामको सिराहा जमदह गा.वि.स. वडा नं. ८ (क) को कि.नं. १०१ क्षे.फ. ०-१०-०, वडा नं. ६ (ख) कि.नं. १८४ क्षे.फ. ०-४-६ को जग्गा निजका नजिकका हकदार तीन छोरा इन्द्र बहादुर श्रेष्ठ, गोपाल बहादुर श्रेष्ठ र सूर्य बहादुर श्रेष्ठको नाममा नामसारी गर्नु पर्नेमा जमदह गा.वि.स. का तत्कालीन अध्यक्ष (सचिव) चिरन्जिवी कोइरालाले काल्पनिक व्यक्ति शंकर कुमार सिंहलाई छोरा बनाई सिफारिश गरेको देखिँदा निजले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा गरेको देखिन नआएको हुँदा निज अध्यक्ष/सचिव निरञ्जिवी कोइरालालाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।८।११ को निर्णय अनुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

३. इनरुवा नगरपालिकाका खरिदार सुनिता सुवेदीको शैक्षिक प्रमाणपत्र विषयको उजुरी निवेदन उपर अनुसन्धान हुँदा इनरुवा नगरपालिका कार्यालयका खरिदार सुनिता सुवेदी (वस्ती) ले उक्त कार्यालयमा सेवा प्रवेश गर्न क्रममा मुखिया (सहायक लेखापाल) पदको लागि आवेदन गर्दा दयानन्द उच्च माध्यमिक विद्यालय मिठापुर पटनाको सन् १९९६ रोल ७१३२।९२६ रहेको माध्यमिक तहको प्रमाणपत्र पेश गरेको र पछि उक्त प्रमाणपत्र हटाई श्री भगवती मा.वि. को टेष्ट उत्तीर्ण गरेको प्रमाणपत्र राखेको साथै आवेदन फाराममा समेत उक्त विवरण टिपेक्स लगाई सच्याई श्री भगवती मा. वि. लेखेको खुल्न आएको, तर को कसले प्रमाणपत्र हटाएको भन्ने खुल्न नसके तापनि इनरुवा नगरपालिका कार्यालयका कर्मचारीहरूको व्यक्तिगत अभिलेख फाइल सुरक्षित राख्नुपर्न जिम्मेवारी उक्त कार्यालयका प्रशासन शाखाका प्रमुखको हैसियतले ना. सु. देवेन्द्रप्रसाद दाहालको भएको देखिएकोले निजले भ्रष्टाचार गरेको भन्न नसकिए पनि आफ्नो कार्यालयका कर्मचारीहरूको व्यक्तिगत फाइल जस्तो संवेदनशील कागजात सुरक्षितसाथ राख्न नसकेको र फाइल पञ्जिका समेत नराखी कागजातको अभिलेख दुरुस्त नगरी काममा लापरबाही गरेकोले निज ना. सु. देवेन्द्रप्रसाद दाहालले आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्न कर्तव्य पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) मा उल्लेखित अनुचित कार्य गरेको देखिन आएकोले निजलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६को नियम २२७(क)(२) बमोजिम विभागीय कारबाही गर्न आयोगको मिति २०६६।५।९ को निर्णय अनुसार इनरुवा नगरपालिका कार्यालयलाई लेखी पठाइएको ।

४. सडक डिभिजन कार्यालय, हेटौंडाको ठेक्का नं. RSDP-FYPM-HPK-NCB-05 मा पप्पु कन्स्ट्रक्सनले पेश गरेको विरगन्ज उप-महानगरपालिकाको काम गरेको पत्र नक्कली भएको भन्ने विषयमा अनुसन्धान हुँदा काम नै नगरेको पप्पु कन्स्ट्रक्सनलाई काम गरेको भनी झुट्ठो विवरण प्रमाणित गरी दिएको देखिन आएकोले प्रमाणित गरी दिने वीरगञ्ज उप-महानगरपालिकाका योजना प्रमुख प्रकाशमान सिंह अमात्यलाई स्थानीय स्वायत्त

शासन नियमावली, २०५६ बमोजिम विभागीय कारबाही गर्न आयोगको मिति २०६६।९।१२ को निर्णय अनुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

५. बाटो नजोडिएको कम मूल्य पर्ने जग्गालाई बाटो जोडिएको भनी प्रतिरोपनी २ लाख पर्ने मूल्यांकन गराई मञ्जुरीनामा दिई सो को आधारमा तारेखमा छुटेको सम्बन्धमा अनुसन्धान हुँदा धादिङ जिल्ला पिडा गा.वि.स.वार्ड नं.८ बस्ने धनबहादुर तामाङको ऐ.८ठ कि.नं ३५ क्षेत्रफल २२-१०-०-२ र सानुकान्छा तामाङको ऐ.८ग कि.नं ३५ क्षेत्रफल २०-६-१-२, डिलबहादुर तामाङको ऐ. ८ठ कि.नं. ५० क्षेत्रफल ३-८-०-० को प्रतिरोपनी १०/१२ हजार पर्ने जग्गालाई अमिन लेखनाथ बुर्लाकोटी र रविन्द्रनाथ ठाकुरले फिल्ड निरीक्षण गरी दिएको फिल्ड प्रतिवेदन र नक्सा ट्रेस, धादिङ जिल्ला अदालतका तत्कालीन विचारी खड्कबहादुर श्रेष्ठबाट काम तामेल गरी स्थानीय गा.वि.स. सचिवको रोहवरमा गरिएको सर्जमिन मुचुल्का समेतका कागजातका आधारमा पृथ्वी राजमार्गको आदमघाट बजारदेखि पिडा च्याङली हुँदै गैरी गाउँसम्म जाने ११ फिटे कच्ची मोटरबाटोसँग जोडिने जग्गा भनी प्रति रोपनी २ लाख मूल्यांकन गरी काठमाडौं जिल्ला अदालतका तत्कालीन श्रेस्तेदार हाल जिल्ला न्यायाधीश कृष्णराम कोइरालाबाट धितो जमानी स्वीकारेको देखिन्छ । यस कार्यमा सरकारको निर्णय अनुसार अध्यक्षको समेत जिम्मेवारी सम्हाल्नु परेको र सवै कागजमा सही गर्नु पर्ने नै वाध्यता भएकोमा शारिरीक कारणले अशक्त समेत भएको तथा गाउँमा वसेर कार्य गर्न नसकिने विद्यमान अवस्थाले डेराबाट नै सही गरी दिएको भन्ने गा.वि.स.सचिवको भनाईले आफूलाई तोकिएको कार्य गर्दा कानूनले निर्देशित गरे अनुरूप सम्बन्धित स्थलमा गई भएको वास्तविकता प्रष्टिने गरी प्रतिवेदन वा काम तामेल गर्नु पर्नेमा सम्बन्धित ठाउँमा नगई सही गर्नाले गलत लिखत तयार भएको भन्ने देखिन आएबाट यी कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ बमोजिमको अनुचित कार्य भएको हुँदा सर्जमिन मुचुल्काको रोहवरमा रहेका तत्कालीन गा.वि.स. सचिव डिल्लीराम कोइरालालाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

६. काठमाडौं महानगरपालिका कार्यालयका कर्मचारीहरूसँग मिलोमतो गरी मेडिकेयर नेशनल हस्पिटल एण्ड रिसर्चसेन्टर लि. चाबहिलले महानगरपालिकालाई बुझाउनुपर्ने सम्पत्ति करको रकम कम गरी महानगरपालिकालाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिकालाई मेडिकेयर नेशनल हस्पिटल एण्ड रिसर्चसेन्टर लि. चाबहिलले हस्पिटलको नामको का.म.न.पा वडा नं. ७ फ को कि.नं. ६१, ७घ को कि.नं. १००, ३३९, ३४०, ३२६, ३२७, ३२८ र ३२९ को २-९-०-० जग्गा र सो मा बनेको घरको आ.व. ०५८/०५९ देखि आ.व. ०६५/६६ सम्मको घर जग्गा कर काठमाडौं महानगरपालिकाले निर्धारण गर्ने क्रममा घरजग्गा कर नियमहरू २०२० को ६(२) बमोजिम रजिष्ट्रेशन पास खरिद भएको घरजग्गाको मूल्यांकन रजिष्ट्रेसनमा बढी भएमा रजिष्ट्रेशन पास भएको मोल अंक नै घरजग्गा कर निर्धारण गर्दाको मोल काठमाडौं महानगरपालिका ७ फ कि.नं. ६१, ७घ कि.नं. १०० र ३३९ को ०-८-०-३ जग्गाको रु. ८०,००,०००।- (कायम गर्न पर्नेमा नगर परिषद्बाट पारित मूल्य भनी रु. ३६,००,०००।- प्रति रोपनीका दरले रु. १८,४२,१८७५० गरी घटी कायम गरेको, र.नं. ९९९ मिति २०५८/५/२६ मा रु. १५,००,०००।- (मा खरिद भएको एउटा घरको मूल्याङ्कन नै नगरेर छुटाएको एवं आर.सी.सी. फ्रेम स्ट्रकचरमा

बनेको घरको ह्रास कट्टी गर्दा प्रत्येक वर्ष ०.७५% ले कटाउनु पर्नेमा एकमुष्ठ ७ वर्षको कटाएर बढी कट्टा भै करयोग्य मूल्य कम हुन गै कर निर्धारण कम हुन गएको तथ्य उक्त कर निर्धारणमा संलग्न कर्मचारीहरूले गरेको बयानबाट प्रत्यक्ष/अप्रत्यक्ष रूपमा स्वीकारेको र अस्पतालले पनि स्वीकार गरेको एवं प्रमाणबाट पनि देखिएकोमा अनुसन्धानकै क्रममा कम कर निर्धारण हुन गएको रकम आ.व.०६६/६७ समेतको गरी रु. ९,२१,७५६/१५ थप कर २०६६/८/३० मा असुल गरी सकेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ अनुसारको अनुचित कार्य गरी आफ्नो पदीय कर्तव्य पालन नगरेको स्पष्ट हुँदा उक्त कर निर्धारणमा संलग्न व्यक्ति मध्येका काठमाडौं महानगरपालिका कार्यालय राजस्व महाशाखाका प्रमुख अधिकृत राज्य प्रकाश प्रधानाङ्ग, कर अधिकृत गंगा प्रसाद भट्टराई, ७ नं. वडा सचिव (ना.सु.) कृष्णप्रसाद अधिकारी, खरिदार श्रीहरि थापा लाई स्थानीय स्वायत शासन नियमावली, २०५६ को नियम २२७ को सामान्य सजाय अन्तरगतको विभागीय सजाय गर्न आयोगको मिति २०६६।९।१७ को निर्णयानुसार काठमाडौं महानगरपालिका कार्यालयलाई लेखी पठाइएको ।

७. जिल्ला विकास समितिको कार्यालय बाराका इन्जिनियर मेघु प्रसाद जयसवालले बारा जिल्ला अन्तर्गत बसतपुर गा.वि.स.को नहर चोकदेखि भारत सिमानासम्म जोड्ने कच्ची सडक मर्मत कार्यमा सरकारी रकम हिनामिना गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा इन्जिनियर मेघुप्रसाद जयसवाल र हाल जिल्ला प्राविधिक कार्यालय गौरमा कार्यरत सहायक इन्जिनियर शिवशंकर ठाकुर समेतले पालना गर्नु पर्ने आफ्नो पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको देखिँदा निजहरूलाई विभागीय कारबाही गर्न आयोगको मिति २०६७१।२० को निर्णय अनुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

८. विष्णु बूढानीलकण्ठ गा.वि.स.का तत्कालीन सचिव हेमराज लुइँटेलले अनियमित तरिकाले नाता प्रमाणित गरी दिएकोले कारबाही गरी पाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सचिवको हैसियतले नाता प्रमाणित गर्न पाउने अधिकार रहे पनि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५९ र नियमावली, २०५६ को नियम १७२ को उपनियम १ देखि ७ सम्ममा उल्लेखित प्रक्रिया अवलम्बन नगरी आत्मनिष्ठ रूपमा नाता प्रमाणित गरी चलानी नै नगरेको नाता प्रमाणित पत्रमा झुट्ठा चलानी नम्बर राखी निवेदक राजुबहादुर शाह र कमला राजभण्डारीलाई उपलब्ध गराएको देखिँदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख), (घ) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिँदा निज हेमराज लुइँटेललाई विभागीय कारबाही गर्न आयोगको मिति २०६७२।१० को निर्णयानुसार काठमाडौं जिल्ला विकास समितिको कार्यालयमा लेखी पठाइएको ।

(छ) शिक्षा मन्त्रालय अन्तर्गत

१. जिल्ला शिक्षा कार्यालय मुगु अन्तरगत श्री प्रा. वि. ताल्चाका तत्कालीन तृतीय श्रेणीका शिक्षक चरेशबहादुर भाम तथा रारा निम्न माध्यामिक विद्यालय कच्चेका प्राथमिक तृतीय श्रेणीका शिक्षक हरिजंग शाह समेतको शैक्षिक प्रमाणपत्र सम्बन्धित बोर्ड तथा विश्वविद्यालयबाट नक्कली भनी लेखिआएको र आयोगबाट कारबाहीका लागि मुगुका

प्रमुख जिल्ला अधिकारीलाई अनुसन्धान अधिकृत तोकी पठाई अनुसन्धान कारबाही चलिरहेको अबस्थामा शिक्षकहरूको राजीनामा स्वीकृत तथा रोक्का रहेको सुविधा रकम भुक्तानी दिलाउने कार्य भई अनियमितता भएको भन्ने विषयमा अनुसन्धान हुँदा राजिनामा स्वीकृत एवं रोक्का रहेको रकम भुक्तानी गर्ने कार्यमा संलग्न तत्कालीन निमित्त जिल्ला शिक्षा अधिकारी धर्मजित शाही र रकम भुक्तानी गर्ने कार्यमा संलग्न निमित्त जिल्ला शिक्षा अधिकारी कुलबहादुर फडेराले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को (घ) र (छ), निजामती सेवा ऐन २०४९ को दफा ६० (घ) अनुसारको कसुर गरेको देखिएको हुँदा निज धर्मजित शाही र कुलबहादुर फडेरालाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।५।१५ को निर्णय अनुसार जिल्ला शिक्षा कार्यालय मुगुलाई लेखी पठाइएको ।

२. जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडले शैक्षिक सत्र २०६६ को लागि कक्षा १-१० सम्मको पाठ्यपुस्तक छपाई गर्ने कार्य जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले र आफूले कागज उपलब्ध गराई अन्य मुद्रण गृहबाट छपाई कार्य गराउँदा समेत समयमा पाठ्यपुस्तक तयार गर्न नसकिने भनी आवश्यक पर्ने रु.२ करोड ५० लाख थान पाठ्यपुस्तकलाई १ महिना अगाडि तथ्यांक फेरबदल गरी ५० लाख थान पाठ्यपुस्तकहरू करीव रु.२० करोडमा भारतमा छपाउन नेपाल साहित्य प्रकाशन केन्द्रका मालिक मोहन कुमार उपाध्यायसँग मिली सम्झौता गरी रु.२ करोड रुपैयाँ भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान हुँदा हाल बजारमा बुझ्दा समेत नेपाल साहित्य प्रकाशन केन्द्रले छपाई गरेको दर भन्दा कम दरमा छपाई गर्ने छपाई गृहहरू देखिएको तथा सञ्चालक समितिको निर्णय भई सहीछाप भएपश्चात जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका कर्मचारी प्रदिप कुमार थापाबाट माइन्युट बुकमा छपाई गर्न पाठ्यपुस्तकको संख्या वृद्धि गर्ने भन्ने शब्द समेत थप गर्न लगाएको देखिदा प्रबन्ध सञ्चालक विरेन्द्र कुमार दासलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को क/ख/छ तथा ज अनुसारको कसुरमा विभागीय कारबाही गर्न शिक्षा मन्त्रालयमा र उल्लेखित कार्य गर्ने क्रममा जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडका प्रबन्ध सञ्चालकको निर्णयानुसार २०६५।११।१ मा गठित कार्य समितिका संयोजक लगायत सदस्यहरू समेतले पाठ्यपुस्तक छपाई गर्नका लागि प्रबन्ध सञ्चालक समक्ष मिति २०६५।११।१५ मा राय पेश गर्दा उल्लेखित कार्य प्रचलित कानून अनुसार मिल्ने नमिल्ने नखुलाई तथा आवश्यक पाठ्यपुस्तक भन्दा बढी आवश्यक पर्ने भनि २०६५।११।१५ मा राय पेश गरी प्रचलित नियम कानून तथा कार्यविधिलाई लुकाई राय पेश गरेको देखिँदा मिति २०६५।११।१ मा गठित कार्यसमितिका संयोजक नायव प्रबन्ध सञ्चालक रामचन्द्र सिलवाल, तत्कालीन निर्देशक सदस्य विमल अर्याल, अर्जुन विलास पन्त,तत्कालीन उप निर्देशक सदस्य कपिलदेव पोखरेल र वालमुकुन्द खनाल, तत्कालीन वजार प्रमुख मनोहर लामिछाने, आर्थिक नियन्त्रण विभाग प्रमुख उद्धव गौतमलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ ख र छ अनुसार अनुचित कार्य गरेको देखिँदा विभागीय कारबाही गर्न आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सञ्चालक समितिलाई लेखी पठाइएको ।

३. जिल्ला बर्दिया गा.वि.स. डेउठाकला-८ दशरथ चन्द नि.मा.वि.गोरीपारामा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त राहत कोटामा शिक्षक नियुक्ति गर्दा विद्यालय निरीक्षक नीलकण्ठ

रेग्मीले रु. ८००० पर्ने काठको दराज लिएको भन्ने विषयमा अनुसन्धान हुँदा श्री दशरथ चन्द नि.मा.वि. गोरीपारा बर्दियामा जि.शि.का.बाट उपलब्ध राहत शिक्षक कोटामा शिक्षक नियुक्तिका लागि उम्मेदवार छनौट गर्दा परीक्षा सञ्चालनमा, छनौट समितिका शिक्षाविद् विशेषज्ञ सदस्यहरूको चयनमा, परीक्षा सञ्चालन गर्ने तिथि निर्धारण गर्ने बैठकमा, निज अनुपस्थित रहेको कुरा स्वीकार गरेको देखिएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को (ख) र (छ) को कसुरमा निज नीलकण्ठ रेग्मीलाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।१०।११ को निर्णय अनुसार शिक्षा मन्त्रालयमा लेखी पठाइएको ।

४. जिल्ला रूपन्देही वोदपार गा.वि.स.८ मा सञ्चालित श्री पशुपति प्रा.वि.ललितपुर पर्सा रूपन्देहीका प्रधानाध्यापक प्रताप नारायण चौधरीले विद्यालयको राहत कोटा दरवन्दीको शिक्षकमा मिति ०६३।१।२ गतेदेखि लागू हुने गरी नागेन्द्र प्रसाद धवललाई नियुक्ति गरी काम गर्दै आएकोमा पछि त्यहि दरवन्दीमा विद्यालय आउँदै नआएको शिक्षक रामचन्दर गुप्तालाई एउटै चलानी र त्यही मितिमा अर्को नियुक्ति दिई कीर्ते गरेको भन्ने विषयमा अनुसन्धान हुँदा निज प्रताप नारायण चौधरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ग) र (छ) बमोजिम अनुचित कार्य गरेको हुनाले निजलाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।१२।२० को निर्णय अनुसार जिल्ला शिक्षा कार्यालय रूपन्देहीलाई लेखी पठाइएको ।

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को २०६४ सालको बोर्ड बैठकले परिषद्बाट सम्बन्धन प्राप्त स्वास्थ्य विषयसँग सम्बन्धित संस्थाहरूले २०६६ साल आषाढ मसान्तसम्म अनिवार्य रूपले ५० बेडको हस्पिटल सञ्चालन गरिसक्नुपर्ने भन्ने निर्णय भएको । सो अनुसार हस्पिटल निर्माण कार्यको प्रगति विवरण परिषद् कार्यालयमा पठाउन र सोही प्रगतिको आधारमा आगामी २०६६।६७ का लागि प्रशिक्षार्थी भर्नाको अनुमति प्रदान गर्ने भन्ने परिषद् कार्यालयबाट मिति २०६६।१।११ मा सूचना प्रकाशित भएकोमा परिषद्का सदस्य सचिव जयबहादुर टण्डनले अनुचित आर्थिक लाभ लिई आफूलाई नभएको अधिकार प्रयोग गरी परिषद्को २०६४ सालको न्यूनतम मापदण्ड सम्बन्धी निर्णय र परिषद्को २०६६।१।११ को सूचना विपरित २०६६ आषाढ मसान्तबाट ४ वर्ष भित्र हस्पिटल निर्माण गरिसक्नु पर्ने भन्ने निर्णय गरेको हुँदा परिषद्का निर्देशकहरू चन्द्र भक्त नकर्मी, रमेश कुमार पौडेल, रमेश कुमार बखती, राजेन्द्र कार्की, शिवशंकर घिमिरे, किशोरी झा, बद्रीभक्त श्रेष्ठ र उपनियन्त्रक ईश्वरी दत्त भट्टलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, कर्मचारी सेवा शर्त विनियमावली २०४९ बमोजिम विभागीय कारबाही गर्न आयोगको मिति २०६६।९।२ को निर्णय अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी, भक्तपुरलाई लेखी पठाइएको ।

(ज) सर्वोच्च अदालत अन्तर्गत

१. बाटो नजोडिएको कम मूल्य पर्ने जग्गालाई बाटो जोडिएको भनी प्रति रोपनी २ लाख पर्ने मूल्यांकन गराई मञ्जुरीनामा दिई सो को आधारमा तारेखमा छुटेको सम्बन्धमा अनुसन्धान हुँदा धादिङ जिल्ला पिडा गा.वि.स.वार्ड नं.८ बस्ने धनबहादुर तामाङको ऐ.८ठ कि.नं ३५ क्षेत्रफल २२-१०-०-२ र सानुकान्छा तामाङको ऐ.८ग कि.नं ३५

क्षेत्रफल २०-६-१-२, डिलबहादुर तामाङको ऐ. ८ठ कि.नं. ५० क्षेत्रफल ३-८-०-० को प्रति रोपनी १०/१२ हजार पर्ने जग्गालाई अमिन लेखनाथ वुर्लाकोटी, रविन्द्रनाथ ठाकुरले फिल्ड निरीक्षण गरी दिएको फिल्ड प्रतिवेदन र नक्सा ट्रेस, धादिङ जिल्ला अदालतका तत्कालीन विचारी खड्कबहादुर श्रेष्ठबाट काम तामेल गरी स्थानीय गा.वि.स.का सचिव रोहबरमा गरिएको सर्जमिन मुचुल्का समेतका कागजातका आधारमा पृथ्वी राजमार्गको आदमघाट बजारदेखि पिडा च्याङली हुँदै गैरी गाउँसम्म जाने ११ फिटे कच्ची मोटरबाटोसँग जोडिने जग्गा भनी प्रतिरोपनी २ लाख मूल्यांकन गरी काठमाडौं जिल्ला अदालतका तत्कालीन श्रेस्तेदार हाल जिल्ला न्यायाधीश कृष्णराम कोइरालाबाट धितो जमानी स्वीकारेको देखिन्छ । आयोगबाट खटिएको नापी निरीक्षक सहितको टोली र नापी विभागबाट खटिएको टोलीको स्थलगत निरीक्षण प्रतिवेदन समेतका कागजातबाट मोटरबाटोसँग जोडिएको जग्गा भनी गरिएको मूल्यांकन गलत रहेको प्रमाणित हुन आएबाट जग्गाको बढी मूल्यांकन देखाई धितो स्वीकारेकोमा विवाद देखिएन । काठमाडौं जिल्ला अदालतबाट पत्र गइसकेपछि पदीय दायित्व अनुसार सम्पन्न गर्ने कार्यमा संलग्न सर्जमिन गराउने डोरमा गएका काम तामेल गर्ने तत्कालीन विचारीले सर्जमिन गर्नेले यही जग्गा हो भनी देखाई आ-आफ्नो व्यहोरा लेखाएको अवस्थामा मैले काम तामेल गरेको हुँ भनेको देखिँदा यसमा आफूलाई तोकिएको कार्य गर्दा कानूनले निर्देशित गरे अनुरूप सम्बन्धित स्थलमा गई भएको वास्तविकता प्रष्टिने गरी प्रतिवेदन वा काम तामेल गर्नुपर्नेमा सम्बन्धित ठाउँमा नगई सही गर्नाले गलत लिखत तयार भएको भन्ने देखिन आएबाट धादिङ जिल्ला अदालतका तत्कालीन विचारी खड्कबहादुर श्रेष्ठले गरेको कार्य अनुचित भएको देखिएको हुँदा निजलाई विभागीय कारबाही गर्न आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार सर्वोच्च अदालतमा लेखी पठाइएको ।

परिच्छेद - ७
सचेत

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउन सक्ने व्यवस्था छ। सोही व्यवस्था अनुरूप आयोगबाट आर्थिक वर्ष २०६६/२०६७ मा सचेत गराइएका राष्ट्र सेवकहरूको विवरण देहायमा उल्लेख गरिएको छ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

गायत्री ट्रेडस रंगेली मोरङले कर छली गरेको सम्बन्धमा राजस्व अनुसन्धान पूर्वाञ्चल इकाइ कार्यालय इटहरीका तत्कालीन नासु गोविन्द प्रसाद खतिवडालाई छानबिन गरी प्रतिवेदन पेश गर्न उक्त कार्यालयले खटाएकोमा निजले उक्त ट्रेडर्स प्रोपाइटरसँग नजराना लिई हालसम्म पनि कार्यालयमा प्रतिवेदन पेश नगरेको भन्ने विषयमा अनुसन्धान हुँदा निजले हालसम्म पनि प्रतिवेदन पेश नगरेको भनी राजस्व अनुसन्धान विभागको मिति २०६३।८।२४ को पत्रमा उल्लेख भएको देखिँदा आफूलाई तोकिएको जिम्मेवारी पूरा नगर्ने ना.सु गोविन्द प्रसाद खतिवडालाई सचेत गराउन आयोगको मिति २०६७।३।१७ को निर्णय अनुसार राजस्व अनुसन्धान विभागमा लेखी पठाइएको।

(ख) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत

१. पर्सा वन्यजन्तु आरक्ष कार्यालयका निमित्त प्रमुख संरक्षण अधिकृत वार्डन बाबुराम यादव विरुद्ध विभिन्न आरोप लागी परेको उजुरीका सम्बन्धमा अनसन्धान हुँदा पर्सा वन्यजन्तु आरक्ष कार्यालयका निमित्त प्रमुख संरक्षण अधिकृत वार्डन बाबुराम यादवले कार्यालयमा पत्राचार गर्दा प्रमुख संरक्षण अधिकृतको छाप प्रयोग गरेको फेला परेको, पर्सा वन्यजन्तु आरक्ष क्षेत्रभित्र स्पाइस नेपालको मोबाइलको टावर राख्ने अनुमति दिँदा माथिल्लो निकायको स्वीकृति नलिई, प्रक्रिया पूरा नगरी स्वनिर्णयले दिएको देखिएको, हात्ती अनुगमन गर्न मोटरसाइकलको स्वामित्व र प्रयोगमा दुरुपयोग गरेको देखिएकोले यी कार्य जानिजानी वा लापरबाहीका साथ गरेको पाइएकोले आयोगको मिति २०६६।४।८ सचेत गराउन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको।

२. राष्ट्रिय प्रकृति संरक्षण कोषमा चितवन राष्ट्रिय निकुन्जभित्र सञ्चालित होटल, लज, रिसोर्टहरूले नेपाल सरकार, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागसँग भएको सम्झौता अनुसार करिब २ करोड २० लाख रोयल्टी जम्मा नगरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको भन्ने विषयमा अनुसन्धान हुँदा सम्झौता बमोजिम रोयल्टी र संरक्षण शुल्क समयमै तिर्नु बुझाउनुपर्ने दायित्व होटल सञ्चालकहरूको भए तापनि त्यसतर्फ चितवन राष्ट्रिय निकुन्ज कार्यालयका प्रमुख संरक्षण अधिकृतहरू मेघबहादुर पाण्डे तथा शिवराज भट्ट तथा राट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्याम सुन्दर बजिमयले समयमै त्यसतर्फ प्रभावकारी कदम चाली

कार्यान्वयन तथा अनुगमन गरेको नदेखिएकाले आयोगको मिति २०६६।५।१७ को निर्णय अनुसार आयोगबाटै सचेत गराइएको ।

(ग) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

जनकपुर-भिटामोड, धनुषा, धारापानी, बर्दिबास क्षेत्रमा सडक मर्मत कार्यमा अनियमितता गरेको भन्ने विषयमा अनुसन्धान हुँदा धनुषाधाम-धारापानी-जनकपुर सडक खण्डमा ग्राभेल सप्लाई गरी बिछ्याउने काम व्याहुत निमार्ण सेवालाई मिति २०६६।६।२ र २०६६।६।२२ मा सोझै सम्झौता गरी काम दिएर भुक्तानी समेत गरेको कार्य सार्वजनिक खरिद नियमावलीको नियम ८५(१) विपरीत अनुचित कार्य भएको देखिएकाले तत्कालीन डिभिजन सडक कार्यालय जनकपुरका डिभिजन प्रमुख केशरी रायलाई सचेत गराउन आयोगको मिति २०६७।३।१५ को निर्णय अनुसार भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको ।

(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

चमती जग्गा एकीकरण आयोजनाको पत्रसाथ यस आयोगमा प्राप्त हुन आएको कागजात एवं व्यहोराले राजुकुमार अमात्यको नाममा दर्ता कायम रहे भएको स्वयम्भू डल्लु ९ क को कि.नं. १८६८ को ०-१-२-० क्षेत्रफल जग्गा निज जग्गाधनीको माग बमोजिम फिर्ता गर्ने सम्बन्धमा निज राजुकुमार अमात्यले आफ्नो जग्गा फिर्ता प्राप्तिका लागि आयोजनामा दिएको निवेदन साथ संलग्न रहेको लालपुर्जा तथा सो सम्बन्धमा प्राप्त जग्गाधनी दर्ता श्रेस्ता एवं फिल्डबुकको विवरणमा उक्त कि.नं. को जग्गा आवादि र बाटो प्रयोजन भन्ने फरक फरक विवरण उल्लेख भई आएको भन्ने विषयमा अनुसन्धान हुँदा मालपोत कार्यालय कलंकीका तत्कालीन मालपोत अधिकृत तेजप्रसाद दाहाल, नापी कार्यालय कलंकीका तत्कालीन सर्भेक्षक सुनिलकुमार नेपाल र निरीक्षक नविन सुवेदी र तत्कालीन आयोजना प्रमुख समेत चारै जना राष्ट्रसेवकले आफ्नो पद अनुसारको दायित्व जिम्मेवारीपूर्वक वहन नगरेको तथा हेलचेक्र्याइँबाट सम्पादित कार्यहरूले गलत व्यहोराका संवेदनशील निर्णय एवं पत्राचार गरेको देखिँदा उपरोक्त चारै जनालाई सचेत गराउन आयोगको मिति २०६६।१२।२९ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. जिल्ला जनस्वास्थ्य कार्यालय, गोरखाका प्रमुख अच्युत लामिछानेले गरेका विभिन्न कुकृत्य तथा भ्रष्टाचारका सम्बन्धमा पर्न आएको उजुरीको विषयमा अनुसन्धान हुँदा सरकारी जग्गा कुनै संस्थालाई दिन सक्ने कानूनी अधिकारका सम्बन्धमा तत्कालीन कार्यालय प्रमुख अच्युत लामिछानेले आफ्नो कुनै आधार खुलाउन नसकेको र जिल्ला प्रशासन कार्यालय गोरखाको पत्रबाट पनि सरकारी जग्गाको सम्बन्धमा कुनै निर्णय नभएको भनी जवाफ प्राप्त भएकाले बिना कानूनी अधिकार सरकारी जग्गा अन्य संस्थालाई प्रयोग गर्न सहमति प्रदान गर्ने निज अच्युत लामिछानेको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (क) (ख) बमोजिमको

कसुरजन्य कार्य हुँदा निजलाई आयोगको मिति २०६६।८।१९ को निर्णय अनुसार आयोगबाटै सचेत गराइएको ।

२. जिल्ला आयुर्वेद कार्यालय तेह्रथुमका तत्कालीन प्रमुख नागेन्द्रप्रसाद पट्टेल र ठेकेदारको मिलोमतोमा आर्थिक अनियमितता गरी भवन निर्माण गरेको उजुरी जिल्ला प्रशासन कार्यालय तेह्रथुमबाट सुनुवाइ नभएको र कुनै कारबाही नभई ठेकेदारले फरफारक लिइसकेको भन्ने बुझिन आएकाले दोषीमाथि कारबाही गरी पाऊ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त आयुर्वेद भवन मिति २०५९।३।२५ मा निर्माण कार्य सम्पन्न भएको भनी कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको र भवन मिति २०६२।१०।३० मा निमित्त अधिकृत कविराज खगेन्द्र पौडेलबाट पत्र संख्या २०६२।६३ च.नं. ६९ बाट बुझिलिएको देखियो । यसरी उक्त भवन निर्माण कार्य सम्पन्न भइसकेपछि प्रयोग नगरी सम्बन्धित आयुर्वेद औषधालयबाट पनि नबुझिकन राख्दा भवन संरक्षणको अभावमा संरचनाहरू बिग्रन सक्ने सम्भावना देखियो । भवन निर्माण कार्यमा PCC १:३:६ गर्दै नगरेको कार्यमा काम सम्पन्न भएको प्रतिवेदनमा उल्लेख गरी केही धरौटी रकम बढी लिई भुक्तानी गरेको देखिएको हुँदा धरौटी सम्बन्धमा सोधपुछ नगरी सहजै धरौटी फिर्ता गराउने तत्कालीन निमित्त अधिकृत कविराज खगेन्द्र पौड्याललाई सचेत गराउन आयोगको मिति २०६६।९।९ को निर्णय अनुसार आयुर्वेद विभागमा लेखी पठाइएको ।

३. स्वास्थ्य सेवा विभाग अन्तर्गत आपूर्ति व्यवस्थामा कार्यरत ना.सु.गगन सिह विष्टको सरुवा भै रमाना समेत दिइसकेकोमा सामान्य प्रशासन मन्त्रालयले विना आधार सरुवा थमौती गरी अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा स्वास्थ्य सेवा विभागका महानिर्देशकले प्रचलित ऐन नियम अनुसार तोकिएको समयावधिभित्र बरबुझारथ गरी गराई रमाना दिनुपर्ने प्राथमिक दायित्व समेत पूरा नगरेको देखिँदा अब उप्रान्त सरुवा/रमाना लगायतका विषयमा समेत प्रचलित ऐन कानूनद्वारा निर्देशित प्रावधानहरू अनिवार्य रूपमा पालन गर्न स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.गोविन्द प्रसाद ओझालाई सचेत गराउन आयोगको मिति २०६६।८।३ को निर्णय अनुसार स्वास्थ्य सेवा विभागमा लेखी पठाइएको ।

(च) स्थानीय विकास मन्त्रालय अन्तर्गत

जनकपुर नगरपालिका वडा नं. १४ सिट नं. १२७५-०४ कित्ता नं. ४० र सोही वडाको सिट नं. १२३५-२४ कित्ता नं. २२ मा बाटो हुँदा हुँदै बाटो नभएको भनी गलत सिफारिस गर्ने जनकपुर नगरपालिकाका अमिन वालेश्वर शाह समेतले भ्रष्टाचारजन्य कार्य गरेको भन्ने विषयमा अनुसन्धान हुँदा बाटो भएको जग्गामा बाटो नभएको भनी गलत सिफारिस गर्ने जनकपुर नगरपालिकाका अमिन वालेश्वर साहलाई अब आइन्दा त्यस प्रकारका सिफारिस गर्ने काम लगायत आफूले सम्पादन गर्ने काममा सचेत भै काम गर्न र निजलाई सचेत गराउन आयोगको मिति २०६७।१।७ को निर्णय अनुसार जनकपुर नगरपालिकामा लेखी पठाइएको ।

(छ) शिक्षा मन्त्रालय अन्तर्गत

जिल्ला शिक्षा कार्यालय मुगु अन्तर्गत श्री प्रा. वि. ताल्चाका तत्कालीन प्रा. वि. तृतीय श्रेणीका शिक्षक चरेशबहादुर भाम तथा श्री रारा निम्नमाध्यमिक विद्यालय कच्चेका प्राथमिक तृतीय श्रेणीका शिक्षक हरिजंग शाह समेतको शैक्षिक प्रमाणपत्र सम्बन्धित बोर्ड तथा विश्वविद्यालयबाट नक्कली भनी लेखिआएको र आयोगबाट कारबाहीका लागि मुगुका प्रमुख जिल्ला अधिकारीलाई अनुसन्धान अधिकृत तोकी पठाई अनुसन्धान कारबाही चलिरहेको अवस्थामा राजीनामा स्वीकृत तथा रोक्का रहेको सुविधा रकम भुक्तानी दिलाउने कार्यमा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान हुँदा मुगुका तत्कालीन निमित्त जिल्ला शिक्षा अधिकारी श्री कुलबहादुर फडेरा आंशिक रूपमा रकम भुक्तानी गर्ने कार्यमा संलग्न रहेको देखिएको र निजले असावधानीपूर्वक कार्य गरेको देखिँदा आयोगको मिति २०६६।५।१५ को निर्णय अनुसार निजलाई अब आइन्दा सरकारी काम कारबाही गर्दा प्रचलित ऐन नियमको अनिवार्य पालना गर्न सचेत गराउन जिल्ला शिक्षा कार्यालय मुगुलाई लेखी पठाइएको ।

(ज) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालय पोखराले लाइसेन्स दिनमा ढिलाइ तथा अनियमिता गरेको साथै ग.१.ज. ५८३ नं. को ट्याक्सीको सवारी दर्ता लगत कट्टापश्चात् पनि सोही नम्बरबाट सञ्चालन भइरहेकोले आवश्यक कारबाही गरी पाऊँ भन्ने विषयमा अनुसन्धान हुँदा गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुख उपसचिव कुमारप्रसाद दाहालले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को खण्ड (ख) र (छ) द्वारा परिभाषित अनुचित कार्य गरेको देखिँदा निजलाई सचेत गराउन आयोगको मिति २०६६।८।१५ को निर्णय अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

२. सहिद गंगालाल ह्रृदय रोग केन्द्र, बाँसबारीले सरसफाई कार्यका लागि टेण्डर प्रक्रियाबाट बाह्य ठेकेदार मार्फत परिचालित कामदारहरूलाई अस्पताल परिषद्मा काम गरेको कारण दर्शाई स्थायी नियुक्ति दिनु भनी श्रम कार्यालय, काठमाडौंले गरेको निर्णय आपत्तिजनक भएको भन्ने विषयमा अनुसन्धान हुँदा प्रमुख शरद अधिकारी श्रम कार्यालय, वाग्मती अञ्चलले आफूबाट भए गरेको कार्य कानूनले तोके बमोजिम असल नियत र मनसायले गरेको जिकिर गरे तापनि निजको उक्त कार्य कानूनसम्मत नदेखिँदा आयोगको मिति २०६६।८।९ को निर्णय अनुसार सचेत गराउन श्रम तथा यातायात मन्त्रालयमा लेखी पठाइएको ।

(झ) सिंचाइ मन्त्रालय अन्तर्गत

पश्चिमाञ्चल क्षेत्रीय सिंचाइ निर्देशनालयका निर्देशक प्रकाश पौडेलले अनियमित तवरले दैनिक तथा भ्रमण भत्ता खाएको भन्ने विषयमा अनुसन्धान हुँदा पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका निर्देशक प्रकाश पौडेलले मिति ०६४।५।२३ देखि ०६५।४।७ सम्मको अवधिमा सिंचाइ विभाग र तत्कालीन जलस्रोत मन्त्रालयमा काजमा खटिई आउँदा जम्मा रु. २४,७५०।- दैनिक भत्ता बापत बुझिलिएको देखियो । निजकी एकाघरकी

श्रीमती निर्मला पौडेलको नाममा का.जि. महांकाल-९ मा घर भएको व्यहोरा निजले पेश गरेको सम्पत्ति विवरणबाट देखियो । निजले बुझिलिएको सो दैनिक भत्ता भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (८) प्रतिकूल भएकोले निज प्रकाश पौडेलले उक्त बिगो रकम रु. २४,७५०।- आयोगमै बुझाउन मन्जुर गरेकोले उक्त रकम नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला गराई आइन्दा यसप्रकारको गल्ती नगर्न नगराउन र निज प्रकाश पौडेललाई सचेत गराउन आयोगको मिति २०६६।७।२९ को निर्णय अनुसार सिंचाइ मन्त्रालयमा लेखी पठाइएको ।

परिच्छेद - ८
असुल उपर

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. मा भए अनुरूप आर्थिक वर्ष २०६६/२०६७ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको छ ।

(क) गृह मन्त्रालय अन्तर्गत

महोत्तरी जिल्ला स्थित महेन्द्र आदर्श महिला मा.वि.का प्रधानाध्यापक विश्वनाथ लालकर्णले आफ्नो कार्यकालमा आर्थिक एवं प्रशासनिक भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा महोत्तरी जिल्लास्थित महेन्द्र आदर्श महिला माध्यमिक विद्यालयको आ.व.०६२।६३ को लेखापरीक्षण प्रतिवेदनको अनुसूची १ मा उल्लेखित रु. १,३७,८७३।- र अनुसूची २ मा रु. ३१,६००।- मध्ये रु. ३१,०००।- बेरुजु रकम तत्कालीन प्रधानाध्यापक विश्वनाथलाल कर्णबाट र आ.व.२०४४ देखि २०४९ सम्मको लेखापरीक्षण प्रतिवेदन अनुसार कायम भएको बेरुजु रकम रु.१,०१,७३८।२४ असुल उपर गर्नुपर्ने बेरुजु देखाइएको हुँदा निजहरूबाट असुल उपर गर्नुपर्ने भनी उल्लेख भएको उक्त रकम नियमित वा असुल उपर गर्ने गराउने र मिथिला इस्न्टिच्युट अफ टिचर्स ट्रेनिङ संस्थाले घर भाडा बापत विद्यालयलाई बुझाउनुपर्ने बाँकी रकम रु. ५७,०००।- का सम्बन्धमा इस्न्टिच्युटका तत्कालीन सञ्चालकहरू विश्वनाथलाल कर्ण, उमा शर्मा, लेखापाल विजय ठाकुरकी श्रीमती निलमदेवी यादव तथा मदन मिश्र समेतबाट दामासाहीले असुल उपर गरी कर्मचारी तथा शिक्षकहरूको विगतमा बाँकी रहेको संचयकोष दाखिला गराई सो को जानकारी आयोगमा दिन आयोगको मिति २०६७।३।२३ को निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय, महोत्तरीलाई लेखी पठाइएको ।

(ख) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

१. संखुवासभा जिल्लाका तत्कालीन जिल्ला विकास समितिउप-सभापति श्री हेमराज घिमिरेले चिचिला बेतबारी सामुदायिक वनका रूखहरू कटान गरी बिक्री गरी सामुदायिक वन उपभोक्ता समूहको सम्पत्ति हानी नोक्सानी गरे बापत समितिले गरेको जरिवाना रु. १,८०,०००।- समितिमा नबुझाएकोले उक्त रकम समितिको नाममा भरिभराउ गराउने भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन जिल्ला विकास समिति उपसभापति हेमराज घिमिरेले रूख कटान गरेको विषयमा विवाद नभएको तर रूख कटान भएको क्षेत्र सामुदायिक वन उपभोक्ता समितिले सामुदायिक वनको सिमानाभित्र पर्ने भनी निज हेमराज घिमिरेलाई रु. १,८०,०००।- जरिवाना समेत तोकिसकेको र निज हेमराज घिमिरेले आफ्नी श्रीमती जागृती घिमिरेको नाममा दर्ता

भएको सिमखर्क अलैंची उद्योगको नाममा दर्ता भएको जग्गाको रूख कटान गरेको भनी दाबी लिएको सम्बन्धमा सिमखर्क अलैची उद्योगको नाममा दर्ता भएका जग्गामध्ये दिदिङ-५ कि.नं. १३९३, १३९८, १३९९, १४००, १४५६ र १४६० को जग्गालाई वन ऐन २०४९ को दफा १६ (२) र मालपोत ऐन २०३४ को दफा २४(२) बमोजिम दर्ता बदर गर्न २०६२।१२।३ मा जिल्ला वन कार्यालय संखुवासभाले मालपोत कार्यालय संखुवासभालाई अनुरोध गरेको देखिएको हुँदा जिल्ला वन कार्यालय संखुवासभाको पत्रमा उल्लेखित कि.नं. का जग्गाहरू नेपाल सरकारको नाममा दर्ता नभएको भए आवश्यक छानबिन गरी ३ महिनाभित्र नेपाल सकारको नाममा दर्ता गरी जिल्ला वन कार्यालय संखुवासभा र आयोगलाई समेत जानकारी गराउन मालपोत कार्यालय संखुवासभालाई निर्देशन दिने र सामुदायिक वन उपभोक्ता समितिले गरेको जरिवाना रकमलाई वन ऐन, २०४९ तथा वन नियमावली २०५० वमोजिम आवश्यक कारबाही गरी ब्याजसहित असुल उपर गराइदिन आयोगको मिति २०६६।५।१ को निर्णय अनुसार जिल्ला वन कार्यालय संखुवासभालाई लेखी पठाइएको ।

२. राष्ट्रिय प्रकृति संरक्षण कोषमा चितवन राष्ट्रिय निकुन्जभित्र सञ्चालित होटल, लज, रिसोर्टहरूले नेपाल सरकार, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागसँग भएको सम्झौता अनुसार करिब रु.२ करोड २० लाख रोयल्टी जम्मा नगरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा चितवन राष्ट्रिय निकुन्जभित्र सञ्चालित होटल सञ्चालकहरूले सम्झौता बमोजिम आइल्याण्ड जंगल रिसोर्ट, चितवन जंगल लज, टेम्पल टाइगर जंगल लज एण्ड रिसोर्ट प्रा.लि.सफारी नारायणी होटल प्रा.लि.ले तिर्नु बुझाउनुपर्ने रकम बुझाइसकेको निजहरूले पेश गरेको विवरणबाट देखियो । तर गैंडा वाइल्ड लाइफ क्याम्पले रु.४९,९७,२४६।४५ र मचान वाइल्ड लाइफ रिसोर्टले रु. १९,६८,९३८।- राजस्व अझै तिर्नु बुझाउन बाँकी राखेको देखिएको हुँदा यी दुई होटलका सञ्चालकका सम्बन्धमा ३ महिनाभित्र उक्त रकम असुल उपर गर्न आयोगको मिति २०६६।५।१७ को निर्णय अनुसार वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी पठाइएको ।

(ग) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

प्राथमिक स्वाथ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाप क्वाटरको निर्माण कार्यमा लापरबाही भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्राथमिक स्वास्थ्य केन्द्र भिमाद तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा लगत इष्टिमेट बमोजिम काम नगरिएको अवस्थामा कन्टिन्जेन्सी बापतको रकम खर्च गरेर पनि प्राविधिक सुपरभिजनको कार्य नगरी चौथौ र आठौं रनिङ बिलको भुक्तानीको लागि सिफारिस गरिएको रकम रु. २,५८,७९९।९० हानी नोक्सानी हुन गएको देखिएकोले सिफारिसकर्ता प्राविधिकद्वय शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय तनहुँका तत्कालीन निमित्त डि.ई. रविन्द्र बोहरा र ओ.सी. अनन्तराज पौडेलबाट दामासाहीले हुन आउने रकम रु. १२९३९९।९५ का दरले असुल उपर गर्न आयोगको मिति २०६६।६।२२ को निर्णय अनुसार भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको ।

(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

काठमाडौं महानगरपालिका अन्तर्गत सञ्चालित चःमती जग्गा एकीकरण आयोजनाले अनियमित तवरले भत्ता रकम वितरण गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा चःमती जग्गा एकीकरण आयोजना नगर विकास ऐन, २०४५ बमोजिम सञ्चालित सरकारी आयोजना भएको । सो आयोजनाको क्षेत्र मालपोत र नापी कार्यालय, डिल्लीबजार एवं कलंकी अन्तर्गत पर्ने देखियो । मालपोत कार्यालयले आयोजना क्षेत्रभित्रको जग्गाहरूको स्रेस्ता उतार गरी पठाएको, आयोजनाबाट तयार भै आएको लिखत पारित गरी जग्गा धनीलाई स्थायी जग्गा धनी दर्ता प्रमाण पुर्जा दिने समेतको कार्य भए गरेको र त्यस्तै गरी नापी कार्यालयहरूबाट आयोजना क्षेत्रको सीमाकंन गर्ने, नापी नक्साहरू उपलब्ध गराई दिने, आयोजनाबाट तयार भएको नक्सा प्रमाणित गरिदिने समेतको कार्य भए गरेको देखियो । उक्त आयोजनाबाट विकसित घडेरी खरिद गर्दा रजिष्ट्रेसन दस्तुर समेत नलाग्ने कानूनी प्रावधान रहेको समेत देखियो । तर एउटा सरकारी कार्यालयले अर्को सरकारी कार्यालयहरूको काम गरे बापत मालपोत कार्यालयहरूका कर्मचारीहरूलाई तलबको एक तिहाई र नापी कार्यालयका कर्मचारीहरूलाई तलब बराबरको भत्ता रकम चःमती जग्गा एकीकरण आयोजनाले दिएको र उक्त मालपोत एवं नापी कार्यालयहरूका कर्मचारीहरूले बुझी लिएको समेत देखियो । शनिबार, सार्वजनिक बिदा, घर बिदा, पर्व बिदामा बसेका र कार्यालयमा सरुवा भै आई नसकेका कर्मचारीहरूको समेत कार्यालयमा उपस्थित भई काम गरेको भनी हाजिरी प्रमाणित गरी भत्ता माग गरेको र त्यस्तो हाजिर उतारको आधारमा एउटै कार्यालयका १९ जनासम्म कर्मचारीहरूलाई मासिक भत्ता लिए दिएको कुरा कानूनसम्मत देखिएन र आफूहरूले लिए खाएको रकम मालपोत र नापी कार्यालय डिल्लीबजार एवं नापी कार्यालय कलंकीका कर्मचारीहरूले आयोगमा धरौटी स्वरूप दाखिला गरेको जम्मा रु. १,७२,१३९।३६ रकम कानूनी प्रक्रिया पूरा गरी सदर स्याहा गर्न आयोगको मिति २०६६।९।९ को निर्णय अनुसार आयोगको लेखा शाखामा लेखी पठाइएको ।

(ङ) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत

काठमाडौं जिल्ला खेलकुद विकास समितिको स्वामित्वमा रहेको काठमाडौं ज्ञानेश्वर (सानो गौचरण) स्थित सटरहरूको भाडा उठाई काठमाडौं जिल्ला खेलकुद विकास समितिका पदाधिकारीहरूले व्यक्तिगत प्रयोजनमा खर्च गर्ने गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला खेलकुद विकास समितिको काठमाडौं, ज्ञानेश्वर (सानो गौचरण) स्थित सटरहरूमध्ये सटर नं. १० भाडामा लिई उपयोग गरेकी सरस्वती भूसालबाट २०६५ साल जेठसम्मको सटरभाडा रु. ३७,४००।- उठ्न बाँकी रहेको अवस्थामा निजले २०६५ जेठमा सटर छोडी गएको र निज हाल सम्पर्क हुन नसक्नुका साथै उक्तानुसारको भाडा रकम हालसम्म पनि असुल उपर हुन नसकेको भन्ने देखियो । सटर भाडा अग्रिम रूपमा भुक्तानी गर्नुपर्ने सम्झौताको प्रावधान विपरीत लामो अवधिसम्म सटर भाडा असुल उपर नगरे/नगराएबाट काठमाडौं जिल्ला खेलकुद विकास समितिका तत्कालीन कार्यालय प्रमुख सुधिरप्रसाद पोखरेलले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को (च) र (छ) बमोजिम अनुचित कार्य गरी खेलकुद विकास समितिलाई रु. ३७,४००।- हानी नोक्सानी पुऱ्याएको हुँदा उक्त

हानी नोक्सानी हुन गएको रकम निजबाट भरिभराउ गर्न आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार राष्ट्रिय खेलकुद परिषद्लाई लेखी पठाइएको ।

(च) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. जिल्ला स्वास्थ्य कार्यालय, मनाङका अ.हे.व. लिलानाथ भण्डारीले मिति २०६१ सालदेखि मिति २०६४ असोजसम्म अध्ययन र असाधारण कुनै किसिमको बिदा नलिई ३ वर्षे अ.हे.व. कोर्ष काठमाडौंमा अध्ययन गरी सोही अवधिमा जिल्ला स्वास्थ्य कार्यालय, मनाङमा हाजिर गरी तलब भत्ता समेत खाई एकै समयमा दोहोरो सुविधा लिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला स्वास्थ्य कार्यालय, पोखरा र मनाङ अन्तर्गतका कार्यालयहरूमा नियमित हाजिर गरी नेपाल इन्स्टिच्युट अफ मेडिकल साइन्स एण्ड टेक्नोलोजी शान्तिनगर, काठमाडौं क्याम्पसबाट नियमित विद्यार्थी भै हेल्थ असिष्टेण्ट कोर्ष अध्ययन पूरा गरेका लिलानाथ भण्डारीले परीक्षाको समय बाहेक अन्य समय कार्यालयमा नै हाजिर भै कार्यरत रही कार्यालय समय बाहेक बिहान बेलुका कोठामा नै बसी परीक्षाको समयमा मात्र बिदा लिई काठमाडौं आई परीक्षा दिएको भन्ने कुरा निजको अध्ययनको प्रकृति हेर्दा विभिन्न practical कक्षाहरू समेत हुने, काठमाडौंको कलेजमा अध्ययन गरी पोखरा र मनाङको दुर्गम उपस्वास्थ्य चौकीको हाजिर कापीमा हाजिर गरेको उल्लेख छ । यसरी स्वास्थ्य जस्तो संवेदनशील विषयमा सरकारी तलब भत्ता खाई खटिएका कर्मचारीहरूले गैरजिम्मेवार र अनुत्तरदायी तवरले तलबभत्ता बुझी काठमाडौंमा अध्ययन गरेको हुँदा निज भण्डारीको अध्ययन अवधिको बिदा स्वीकृत गराई बसेको समय बाहेक निजले आफ्नो कार्यालयबाट भुक्तानी लिएको तलब भत्ता बापतको रकम असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही गर्न आयोगको मिति २०६६।४।१९ को निर्णय अनुसार जिल्ला स्वास्थ्य कार्यालय, मनाङमा लेखी पठाइएको ।

२. आ.व. २०६३।६४ मा कान्तिबाल अस्पतालको प्रयोगशाला विभागका विभागीय प्रमुख डा.हरिश चन्द्र उप्रेतीले BMLT (Bachelor in Medical Laboratory Technology) तहका प्रयोगात्मक तालिम (इन्टर्नसीप) गर्न आएका विभिन्न नौ जना विद्यार्थीहरूबाट राजस्व दाखिला गर्नुपर्ने रकम जनही रु. ९०००।- का दरले आफैंले असुली राजस्व दाखिला नगरी विद्यार्थीहरूलाई आफैंले बनाएको नक्कली प्रमाणपत्र दिएको विषयमा निज डा. हरिशचन्द्र उप्रेती लगायत उक्त कार्यमा संलग्न सबैलाई कारबाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा कान्तिबाल अस्पतालको प्रयोगशाला विभागमा इन्टर्नसीप गर्न आएका BMLT तहका विद्यार्थीहरूमध्ये उजुरीमा उल्लेखित विभिन्न ९ जना विद्यार्थीहरूले अस्पताललाई तिर्नुपर्ने शुल्क प्रतिव्यक्ति रु. ९०००।- रकम बुझाए नबुझाएको सम्बन्धमा हेर्दा कान्तिबाल अस्पताल आर्थिक प्रशासन शाखाको मिति २०६५।५।३ को पत्र तथा अस्पतालमा आ.व.२०६३।६४ इन्टर्नसीप गर्न आएको विद्यार्थीहरूको हाजिरी प्रतिलिपि हेर्दा विनोद काप्री र वीरेन्द्र कुमार महासेठले अस्पतालमा इन्टर्नसीप बापत लाग्ने शुल्क बुझाएको देखिन्छ भने राजेशप्रसाद गुप्ताको हाजिरी समेत रहेको नदेखिएको तथा नेपाल स्वास्थ्य व्यवसायी परिषद्, बाँसबारीको मिति २०६६।४।१६ को पत्रमा निजले इन्टर्नसीप प्रमाणपत्र पेश नगराएको भन्ने व्यहोरा उल्लेख भै आएको देखिँदा निजले कान्तिबाल अस्पतालबाट इन्टर्नसीप गरेको भन्न सकिने अवस्था देखिएन । इन्टर्नसीप गरेका अन्य ६ जना विद्यार्थीहरूमध्ये चन्दन

गुप्ताको फायल धुल्याइसकिएको हुँदा उपलब्ध गराउन नसकिएको भन्ने परिषद्को पत्रबाट खुल्न आएको हुँदा निजको इन्टर्नसीप प्रमाणपत्रमा को कसले हस्ताक्षर गरेका थिए भनी यकिन गर्न सकिएन । अन्य ४ जना विद्यार्थीहरूको प्राप्त इन्टर्नसीप प्रमाणपत्रको प्रतिलिपि हेर्दा प्रमोदकुमार यादव, रामसुन्दर साहु र नम्रता शर्मा समेतका ३ जनाको इन्टर्नसीप प्रमाणपत्रमा डा. हरिशचन्द्र उप्रेतीले दस्तखत गरी प्रमाणपत्र जारी गरेको देखियो र उल्लेखित ३ जना विद्यार्थीहरूले इन्टर्नसीप बापत लाग्ने शुल्क अस्पतालमा बुझाएको रेकर्ड नदेखिएबाट समेत उल्लेखित ३ जना विद्यार्थीहरूले अस्पतालमा बुझाउनुपर्ने इन्टर्नसीप बापतको शुल्क प्रतिविद्यार्थी रु. ९,०००।- का दरले जम्मा रु.२७,०००।- निज डा. हरिशचन्द्र उप्रेतीसँग असुल उपर गरी अस्पतालको कोषमा दाखिला गर्न र रविन्द्रकुमार यादवको इन्टर्नसीप प्रमाणपत्रको प्रतिलिपि हेर्दा उक्त प्रमाणपत्रमा डा. रामेश्वरमान श्रेष्ठको हस्ताक्षर भै प्रमाणपत्र जारी भएको देखिएको हुँदा निज रामेश्वरमान श्रेष्ठले प्रशासनिक कार्य गरिरहँदा भूलवस आफूबाट त्यस्तो प्रमाणपत्रमा दस्तखत भएको हुन सक्छ भन्ने बयानबाट देखिएको र निज सेवाबाट निवृत्त समेत भइसकेको देखिँदा निजबाट एक व्यक्ति बापतको रु. ९,०००।- असुल उपर गरी अस्पताल कोषमा दाखिला गर्न आयोगको मिति २०६६।८।२६ को निर्णय अनुसार कान्तिवाल अस्पताललाई लेखी पठाइएको ।

३. जिल्ला आयुर्वेद कार्यालय तेह्रथुमका तत्कालीन प्रमुख नागेन्द्रप्रसाद पट्टेल र ठेकेदारको मिलोमतोमा आर्थिक अनियमितता गरी भवन निर्माण गरेको उजुरी जिल्ला प्रशासन कार्यालय तेह्रथुमबाट सुनुवाइ नभएको र कुनै कारबाही नभई ठेकेदारले फरफारक लिइसकेको भन्ने बुझिन आएकोले दोषीमाथि कारबाही गरी पाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त आयुर्वेद भवन मिति २०५९।३।२५ मा निर्माण कार्य सम्पन्न भएको भनी कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको र भवन मिति २०६२।१०।३० मा निमित्त अधिकृत कविराज खगेन्द्र पौडेलबाट पत्र संख्या २०६२।६३ च.नं. ६९ बाट बुझिलिएको देखियो । यसरी उक्त भवन निर्माण कार्य सम्पन्न भइसकेपछि प्रयोग नगरी सम्बन्धित आयुर्वेद औषधालयबाट पनि नबुझिकन राख्दा भवन संरक्षणको अभावमा संरचनाहरू बिग्रन सकिने सम्भावना देखियो । भवन निर्माण कार्यमा PCC (१:३:६) गर्दै नगरेको कार्यमा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरी केही धरौटी रकम बढी लिई भुक्तानी गरेको देखिएको हुँदा कार्यालय प्रमुख नागेन्द्र पट्टेल तथा ओभरसियर रामलखन ठाकुरबाट दामासाहीले उक्त कार्य गरेको भनी भुक्तानी भएको रकम रु. ४६,३६३।- असुल उपर गर्न आयोगको मिति २०६६।९।९ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।

४. प्राथमिक स्वाथ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाप क्वाटरको निर्माण कार्यमा लापरबाही भएको भन्ने उजुरीका सम्बन्धमा प्राथमिक स्वास्थ्य केन्द्र भिमाद तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाप क्वाटरको निर्माण कार्यका सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालय तनहुँको मिति २०६०।१।१९ को पत्रबाट ठेकेदार ममन कन्ट्रक्सनले निर्माण कार्य पूरा नगरेकोले फुकुवापत्र प्राप्त नभएसम्म निजले राखेको बैंक ग्यारेन्टी रकम रु. ५०,०००।- रोक्का गरिदिने भनी कृषि विकास बैंक चितवनलाई त्रुटिपूर्ण रकम राखी पत्राचार गरेको र उक्त पत्र बैंक ग्यारेन्टीको म्याद सकिएपछि पत्राचार गरेको कारण बैंक ग्यारेन्टी बापत कार्यालयलाई प्राप्त हुनुपर्ने रकम रु. ३,८५,११८।- हानी नोक्सानी भएकोले तत्कालीन जिल्ला स्वास्थ्य कार्यालयका डा.

पिताम्बर सुवेदी र सोही कार्यालयका तत्कालीन लेखापाल ज्ञानराज भट्टराईबाट दामासाहीले हुन आउने रकम रु. १,९२,५५९।- का दरले असुल उपर गर्न आयोगको मिति २०६६।६।२२ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।

५. वीर अस्पतालको डार्क रुम असिष्टेण्ट पदमा कार्यरत सत्येन्द्र यादवले एक्सरे विभागमा प्रयोग हुने फिल्मपाताहरू हिनामिना गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा वीर अस्पतालको डार्क रुम असिष्टेण्ट सत्येन्द्र यादव मिति ०६१।२।२५ देखि मिति ०६१।१२।१० सम्म जम्मा २९५ दिन एक्सरे विभागको स्टोर शाखामा कार्यरत रहेको देखियो । निज कार्यरत रहेको २९५ दिनको अवधिमा १,८६,००० थान एक्सरे प्लेट खपत भएको देखिन्छ । विगत वर्षहरूमा एक्सरे प्लेट खपतको स्थिति अध्ययन गर्दा आ.व. ०५९/०६० देखि आ.व. ०६४/६५ सम्ममा प्रत्येक वर्षको २९५ कार्य दिनमा औसत १,१५,१०५ थान एक्सरे प्लेट खपत भएको देखिन्छ । अतः निज सत्येन्द्र यादवको कार्य अवधिमा अन्य वर्षको तुलनामा ७०,८९५ थान एक्सरे प्लेट बढी खपत भएको देखियो । सो बढी खपत हुनुपर्ने मनासिव कारण समेत नदेखिएको तथा एक्सरे प्लेटको आय व्यय विवरण दुरुस्त र अद्यावधिक राखेको समेत नदेखिएको तथा महालेखा परीक्षकको आ.व.०६१/०६२ को प्रतिवेदनमा समेत एक्सरे प्लेटको आय व्यय विवरण दुरुस्त नराखेको तथा एक्सरे प्लेट खर्चको तुलनामा राजस्व आम्दानी समेत न्यून देखिएको भनी उल्लेख भएको सन्दर्भमा निज सत्येन्द्र यादवले बढी खपत गरेको विभिन्न साइजको ७०,८९५ थान एक्सरे प्लेट हिनामिना तथा अनियमितता गरी हानी नोक्सानी गरेको देखिन्छ । यस विषयमा निजले हिनामिना तथा अनियमितता गरेको ७०,८९५ थान एक्सरे प्लेटको सरकारी मूल्य रु. १७,६९,८०१।३० हुन आउने हुँदा उक्त रकम निज सत्येन्द्र यादवबाट चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी) नियमावलीको नियम १३२ बमोजिम असुल उपर गर्न आयोगको मिति २०६७।१।२९ को निर्णय अनुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा लेखी पठाइएको ।

(छ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. सप्तरी जिल्ला सारस्वर गा.वि.स.का तत्कालीन सचिव सीताराम चौधरीले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत आ.व.०६४/०६५ को जेष्ठ नागरिक एवं असहाय विधवा भत्ता वितरण गर्दा विभिन्न मरिसकेका व्यक्तिहरूको नामबाट समेत रु. ३०००/- भुक्तानी दिएको सम्बन्धमा अनुसन्धान हुँदा मृतक व्यक्तिहरूको नाममा रु. ३०००/- भुक्तानी दिएको छानबिनबाट पुष्टि हुन आयो । निज गा.वि.स.सचिवबाट गैरकानूनी रूपमा नेपाल सरकारलाई हानी नोक्सानी हुने गरी वितरण गरिएका भत्ता रकम यकिन गरी निजबाट असुल उपर गर्न आयोगको मिति २०६६।४।३२ को निर्णय अनुसार जिल्ला विकास समितिको कार्यालय सप्तरीलाई लेखी पठाइएको ।

२. चाँगु गा.वि.स. वडा नं. ४ बस्ने गुम्बा निर्माण उपभोक्ता समितिका अध्यक्ष रामकुमार तामाङले जिल्ला विकास समितिको कार्यालय भक्तपुरबाट लामा गुम्बा निर्माण गर्न भनी पेश्की स्वरूप लिएको रकम रु. ४०,०००।- हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला विकास समिति भक्तपुरको नवौं जिल्ला परिषद्को निर्णय अनुसार चाँगु गा.वि.स. वडा नं. ४ को लामा गुम्बा निर्माण योजना संचालनको लागि प्रथम किस्ता स्वरूप बुझी लिएको रकम रु.४०,०००।- बाट गुम्बा निर्माण नगरी

अपचलन गरेको देखिन आएको हुँदा निजले जिल्ला विकास समिति भक्तपुरबाट बुझी लिएको रकम रु.४०,०००।- आयोगको मिति २०६६।१०।२४ को निर्णय अनुसार आयोगमा दाखिला गर्न लगाइएको ।

३. जिल्ला विकास समितिको कार्यालय बाराका इन्जिनियर मेघु प्रसाद जयसवालले बारा जिल्ला अन्तर्गत बसतपुर गा.वि.स.को नहर चोकदेखि भारत सिमानासम्म जोड्ने कच्ची सडक मर्मत कार्यमा सरकारी रकम हिनामिना गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बारा बसतपुर गा.वि.स. स्थित नहरचोकदेखि भारत सिमाना जोड्ने कच्ची सडक मर्मतका लागि रु. २,४०,०००।- को अनुमानित लागत इष्टिमेट तयार भएको देखिन्छ । उक्त लागत इष्टिमेट बमोजिम उपभोक्ता समितिबाट काम सम्पन्न भएपश्चात जिल्ला विकास समितिको कार्यालय बाराका इन्जिनियर मेघुप्रसाद जयसवाल र सहायक इन्जिनियर शिवशंकर ठाकुरबाट प्रमाणित गरिएको बिल एवं कागजातको आधारमा बसतपुर गा.वि.स.बाट रु. २,२८,४६३।- खर्च लेख्ने काम भएको देखिन्छ । उक्त कार्य सम्पन्न भइसकेपश्चात् उक्त कार्य गर्दा अनियमितता गरी भ्रष्टाचार भयो भन्ने सम्बन्धमा जिल्ला विकास समितिको कार्यालय बारामा उजुरी परी उक्त कार्यालयबाट छानबिनका लागि जिल्ला प्राविधिक कार्यालय कलैयाबाट खटिएको छानबिन टोलीबाट स्थलगत निरीक्षण गर्दा उक्त सडक मर्मत कार्यमा लगत इष्टिमेट बमोजिम २२८४.६३ घ.मी. माटो पुर्ने काम हुनुपर्नेमा ९६४.८१ घ.मि.मात्र माटो पुर्ने काम गरी रु. ९६,८४१।- बराबरको मात्र काम भएको भन्ने व्यहोरा प्रतिवेदनमा उल्लेख भएबाट उक्त कार्यमा जिल्ला विकास समितिको कार्यालय बाराका प्राविधिक टोलीबाट प्रमाणित गरिएको बिल एवं कागजातको आधारमा रु. १,३१,९८२।- बढी भुक्तानी गरी अनियमितता गरेको अवस्था देखिन आएकोले जिल्ला विकास समितिको कार्यालय बाराका इन्जिनियर मेघुप्रसाद जयसवाल र हाल जिल्ला प्राविधिक कार्यालय गौरमा कार्यरत सहायक इन्जिनियर शिवशंकर ठाकुर समेतले राज्यलाई हानी पुऱ्याउने कार्य गरी अनुचित कार्य गरेको देखिँदा निजहरूबाट रु. १,३१,९८२।- आयोगको मिति २०६७।१।२० को निर्णय अनुसार आयोगबाटै असुल उपर गरिएको ।

(ज) शिक्षा मन्त्रालय अन्तर्गत

१. जनक शिक्षा सामग्री केन्द्र लि.ले शैक्षिक सत्र २०६६ को लागि कक्षा १-१० सम्मको पाठ्यपुस्तक छपाई गर्ने कार्य आफूले र कागज उपलब्ध गराई अन्य मुद्रण गृहबाट छपाई कार्य गराउँदा समेत समयमा पाठ्यपुस्तक तयार गर्न नसकिने भनी आवश्यक पर्ने २ करोड ५० लाख थान पाठ्यपुस्तकलाई १ महिनाअगाडि तथ्यांक फेरबदल गरी ५० लाख थान पाठ्यपुस्तकहरू करिब रु.२० करोडमा भारतमा छपाउन नेपाल साहित्य प्रकाशन केन्द्रका मालिक मोहन कुमार उपाध्यायसँग मिली सम्झौता गरी रु.२ करोड रुपैयाँ भ्रष्टाचार गरे भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जनक शिक्षा सामग्री केन्द्र लि.ले शैक्षिक सत्र २०६६ को लागि कक्षा १-१० सम्मको पाठ्यपुस्तक छपाई कार्य आफैंले र आफूले कागज उपलब्ध गराई अन्य मुद्रण गृहबाट छपाई कार्य गर्दा समयभित्र नभ्याइने भएको भनी मिति २०६५।११।१५ को प्रबन्ध सञ्चालकको निर्णयबाट छपाई कार्य गर्न नेपाल साहित्य प्रकाशन केन्द्रलाई कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तक छपाई कार्य गराउँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ अनुसार बोलपत्र आह्वान नगरेको । जनक शिक्षा सामग्री केन्द्र लि.आर्थिक प्रशासन

विनियमावली २०५८ को उपविनियम ३ को घ अनुसार बाध्यात्मक प्रक्रिया पूरा नगरी उक्त कार्य गर्ने गराउने गरेको साथै जनक शिक्षा सामग्री केन्द्र लि.को आर्थिक प्रशासन विनियमावली २०५८ को विनियम २० को २ तथा सार्वजनिक खरिद नियमावली २०६४ को दफा ६७ अनुसारको सीमाभन्दा बढी रकमको कार्य गर्न सञ्चालक समितिमा स्वीकृतिका लागि पठाउनुपर्नेमा प्रबन्ध सञ्चालकले आफै स्वीकृत गरेको। मनासिव कारण बिना शैक्षिक सत्र २०६६ का लागि आवश्यकताभन्दा अस्वाभाविक रूपमा बढी पाठ्यपुस्तक छपाई गर्न लगाउने तथा उक्त कार्य गर्न समय अभाव देखाई सिल कोटेसन माग गरेको भए तापनि प्रक्रिया कानूनसम्मत नभएको। प्राप्त सिल कोटेसनहरूका लागि आवश्यक बाध्यात्मक कागजात समावेश हुनुपर्नेमा नहेरी निर्णय प्रक्रिया अगाडि बढाई स्वीकृत गराएको। नेपाल साहित्य प्रकाशन केन्द्रलाई मिति २०६५।११।२५ मा रु. ४,८६,०९,०००।- र मिति २०६५।११।३० मा रु. १,३३,९१,०००।- समेत गरी ६ करोड २० लाख पेश्की भुक्तानी र सो भन्दा पछि मिति २०६६।१।१० मा रु.४ करोड ४५ लाख, मिति २०६६।२।११ मा रु.४ करोड ६० लाख, मिति २०६६।३।१० मा रु.४ करोड १५ लाख समेत गरी रु.१३ करोड २० लाख पाठ्यपुस्तक प्राप्तिको कारण देखाई भुक्तानी गरेको जम्मा रु.१९ करोड ४० लाख हालसम्म नेपाल साहित्य प्रकाशन केन्द्रलाई भुक्तानी गरेको। हाल बजारमा बुझ्दा नेपाल साहित्य प्रकाशन केन्द्रले छपाई गरेको दरभन्दा कम दरमा छपाई गर्ने छपाई गृहहरू भएका तथा सञ्चालक समितिको निर्णय भई सहीछाप भएपश्चात् जनक शिक्षा सामग्री केन्द्र लि.का कर्मचारी प्रदिप कुमार थापाबाट माइन्युटबुकमा छपाई गर्न पाठ्यपुस्तकको संख्या वृद्धि गर्न शब्द समेत थप गर्न लगाएको देखिँदा उल्लेखित छपाई कार्य प्राप्त गर्ने उद्देश्यले अन्य विभिन्न प्रकाशकहरूको लेटरप्याड लिई आफैंले भरी सहीछाप दस्तखत समेत आफैंले नै गरी सिल कोटेसन जनक शिक्षा सामग्री केन्द्र लि.मा बुझाएको देखिएको। निजको सम्बन्धमा नेपाल साहित्य प्रकाशन केन्द्रका प्रोपाइटर मोहनकुमार उपाध्यायले साबिती बयान समेत दिएको देखिँदा तथा त्यसरी पेश गरेका कोटेसनहरूमा आवश्यक पर्ने कागजातहरू नभएको कोटेसन स्वीकार गरी छपाई कार्य नेपाल साहित्य प्रकाशन केन्द्रबाट कम दरमा छपाई कार्य हुन सक्ने अवस्था हुँदाहुँदै बढी रकम रु.७९,५९,४२६।- मा छपाई गराउने कार्य गराएको हुँदा निज मोहन कुमार उपाध्यायबाट रु.७९,५९,४२६।- असुल उपर गर्न आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार जनक शिक्षा सामग्री केन्द्रलाई लेखी पठाइएको।

२. त्रिभुवन विश्वविद्यालय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत बद्रीनारायण गौतमले त्रिभुवन विश्वविद्यालयको पूर्वस्वीकृति बेगर नै लुम्बिनी बौद्ध विश्वविद्यालय, केन्द्रीय कार्यालयमा सह-प्राध्यापक (करार) पदमा समेत कामकाज गरेको एवम् लुम्बिनी बौद्ध विश्वविद्यालयको केन्द्रीय क्याम्पसको क्याम्पस प्रमुखको रूपमा समेत कामकाज गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन विश्वविद्यालय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पसमा स्थायी उपप्राध्यापक पदमा कार्यरत बद्रीनारायण गौतमले लुम्बिनी बौद्ध विश्वविद्यालयमा समेत सह-प्राध्यापक (करारसेवा) पदमा रही कामकाज गरेको विषय त्रिभुवन विश्वविद्यालय, शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम २१ एवम् नियम ६९ मा भएका व्यवस्था अनुरूप भएको नदेखिएको हुँदा निजलाई लुम्बिनी बौद्ध विश्वविद्यालयले सहप्राध्यापक (करारसेवा) मा गरेको नियुक्ति बदर गर्न र लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार खड्गमान श्रेष्ठले भैरहवा बहुमुखी क्याम्पसका उपप्राध्यापक बद्रीनारायण गौतमलाई ४

वर्षका लागि लुम्बिनी बौद्ध विश्वविद्यालयमा बेतलबी काजमा पठाउन त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारको कार्यालयमा अनुरोध गर्ने भन्ने लुम्बिनी बौद्ध विश्वविद्यालय कार्यकारी परिषद्को निर्णय विपरीत सहप्राध्यापक (करारसेवा) पदमा नियुक्त गरेको देखियो । बद्रीनारायण गौतमलाई लुम्बिनी बौद्ध विश्वविद्यालयको सहप्राध्यापक (करार सेवा) पदमा नियुक्ति गर्दा निज कार्यरत रहेको त्रिभुवन विश्वविद्यालयको शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम २१ र ६९ मा भएका व्यवस्था अनुरूपको प्रक्रिया समेत पूरा गरेको देखिएन । अतः उल्लेखित अवस्थाबाट लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार खड्गमान श्रेष्ठले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को देहाय (ख) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएको हुँदा निजबाट सहप्राध्यापक (करार सेवा) बद्रीनारायण गौतमलाई लुम्बिनी बौद्ध विश्वविद्यालयबाट भुक्तानी भएको तलब भत्ता बापतको रकम असुल उपर गर्न आयोगको मिति २०६७।३।२० को निर्णय अनुसार लुम्बिनी बौद्ध विश्वविद्यालयलाई लेखी पठाइएको ।

परिच्छेद - ९
ध्यानाकर्षण

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने कानूनी व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, १२ क मा भए अनुरूप आ.व.२०६६/२०६७ मा देहायका निकायहरू र त्यहाँ कार्यरत पदाधिकारीहरूबाट जानाजान वा भूलवश भएका काम कारबाहीहरू उपर देहाय बमोजिम ध्यानाकर्षण गराइएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

मिति २०६६।५।३१ गते युनाइटेड विल्डर्स एण्ड इन्जिनियर्सलाई कर्जा प्रवाह गर्दा अनियमितता भएको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा युनाइटेड विल्डर्स एण्ड इन्जिनियर्सलाई विभिन्न किसिमका कर्जाहरू गरी रु.१०,३०,००,०००।- कर्जा स्वीकृति गर्ने गरी सञ्चालक स्तरीय कर्जा समितिबाट मिति २०६४।१०।१८ मा निर्णय भएको र सो ऋण बापत विभिन्न शीर्षकको ऋणमा भिन्नभिन्न सुरक्षण राख्नुपर्ने निर्णय गरेको समेत देखिन आयो । विभिन्न शीर्षकका ऋणमा भिन्नभिन्न सुरक्षण राख्ने गरी भएको निर्णय मध्ये केही ऋण बैंकको कर्जा निर्देशिका २०६० को निर्देशन बमोजिम नै भएको देखियो । यसै गरी ऋणको सावाँ ब्याज चुक्ता भै धितो समेत फुकुवा पनि भइसकेको पाइयो । यस विषयमा राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयले मिति २०६४।१०।१८ मा सञ्चालक स्तरीय कर्जा समितिबाट ऋण स्वीकृत गर्दा बिड बन्डमा Policy deviation गरी ५% मात्र सुरक्षण लिने र एल.सी. मा समेत नीतिगत परिवर्तन (Policy deviation) गरी निर्णय गरेको देखिन्छ । तर त्यसो गर्नुपर्ने वस्तुनिष्ठ आधार भने निर्णयबाट देखिँदैन । प्रतितपत्र कारोबार गर्ने सन्दर्भमा Revolving प्रकृतिको प्रतितपत्रको कारोबार गर्दा समय अवधिको स्पष्ट किटानी र प्रथम पटक प्राप्त हुन आएको प्रतितपत्र चुक्ता भएपछि दोस्रो पटकको र एवं रितले तेस्रो र चौथो पटकसम्म कारोबार हुनुपर्नेमा प्रतितपत्र सृजना हुँदाको बखत प्रतितपत्रको शर्तमा उल्लेख नगरेको र उपरोक्त प्रतितपत्र केन्द्रीय कार्यालय ट्रेजरी विभागमा प्राप्त भएपश्चात पनि उक्त शर्त राख्नु पर्ने विषयमा ट्रेजरी विभागको समेत ध्यान नपुगेको कारण स्वीकृत सीमाभन्दा बढी कारोबार भएको देखिएकोले आयोगको मिति २०६६।५।३१ को निर्णय अनुसार आइन्दा यस किसिमको त्रुटि हुन नदिनेतर्फ सतर्कता अपनाउन सम्बद्ध व्यक्तिहरूलाई तत्सम्बन्धमा ध्यानाकर्षण गराइएको ।

(ख) ऊर्जा मन्त्रालय अन्तर्गत

मोदीखोला जलविद्युत केन्द्र डिमुवा पर्वतमा जडान भएको ब्रेकर (विद्युतीय उपकरण) बारम्बार बिग्रिएको, उक्त ब्रेकर केन्द्रीय कार्यालयबाट भारी मूल्यमा खरिद गरिएको र कम गुणस्तरको ब्रेकर भएकोले बारम्बार बिग्रिई अञ्चलकै विद्युत आपूर्तिमा नियमित हुन नसकेकाले आवश्यक छानबिन हुनुपर्ने भनी पर्न आएको उजुरीको सम्बन्धमा

अनुसन्धान हुँदा मोदी खोला जलविद्युत केन्द्रको १३२ के.भी.ब्रेकरमा अत्यधिक ट्रिपिङ हुनुको प्रमुख कारणको रूपमा ३३ के.भी.बाग्लुङको Line मा Fault Clear नहुनु, विभिन्न स्थानमा Transformer तथा अन्य आवश्यक ब्रेकरहरू नहुनु र उक्त Line निकै लामो रहेको तथा Line petrolling नहुनु मुख्य कारण देखियो । उक्त केन्द्रका प्रमुखबाट समय समयमा नेपाल विद्युत प्राधिकरणको केन्द्रीय कार्यालय तथा पर्वत, बाग्लुङ, म्याग्दी कार्यालय एव जिल्ला प्रशासन कार्यालयमा समेत पत्राचार गर्दा र अत्यधिक Tripping हुँदाको प्रतिवेदन समेत संलग्न राखी केन्द्रीय कार्यालयको सम्बन्धित निकाय लगायत महाप्रबन्धकलाई समेत लिखित रूपमा पत्राचार गर्दा पनि केन्द्रीय कार्यालय तथा छिमेकी जिल्ला पर्वत, बाग्लुङ तथा म्याग्दीबाट कुनै चासो नदेखाइएको पाइयो । यसबाट उक्त क्षेत्रका जनताहरूमा विद्युत सुविधा अनियमित हुने समस्याबाट पीडित रहेकोले सम्बन्धित कार्यालयका प्रमुखहरूबाट जिम्मेवारीबोध नभएकोले आयोगको मिति २०६६।७।१२ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयलाई ध्यानार्कषण गराइएको ।

(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

जिल्ला कृषि विकास कार्यालय तेह्रथुमले आ.व. २०६४।२०६५ मा सञ्चालित विभिन्न कार्यक्रमहरूमा अनियमितता गरेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आ.व.२०६४।०६५ मा जिल्ला कृषि विकास कार्यालय तेह्रथुमबाट बाली संरक्षण, कृषक तालिम गोष्ठी सञ्चालन, रासायनिक मल खरिद एवं ढुवानी, मकैबालीमा लागेको डढुवा रोग नियन्त्रण, साना सिंचाइ आयोजना, अति विपन्न वर्ग विशेष कार्यक्रम, क्रप कटिङ, कृषि भ्रमण लगायतका कार्यक्रमहरू सञ्चालन गरेको मध्ये रासायनिक मल खरिद एवं ढुवानी र साना सिंचाइ आयोजना कार्यक्रम सञ्चालन गर्दा टेण्डरबाट गर्नु गराउनुपर्नेमा सोझै सम्झौता मार्फत ठेकेदारहरू तथा कृषक समूहहरूबाट कार्य गरे गराएको देखिएको हुँदा अब उप्रान्त यस्ता कार्यक्रमहरू सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार कार्य गर्न गराउन आयोगको मिति २०६६।११।४ को निर्णय अनुसार जिल्ला कृषि विकास कार्यालय तेह्रथुमका तत्कालीन वरिष्ठ कृषि अधिकृत अनुपलाल साह र तत्कालीन लेखापाल काशीनाथ खनाललाई ध्यानाकर्षण गराइएको ।

(घ) गृह मन्त्रालय अन्तर्गत

१. नेपाल प्रहरीले प्रहरी कर्मचारीहरूलाई चाहिने पार्का ज्याकेट खरिद प्रक्रियामा अनियमितता गरेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रहरी प्रधान कार्यालयद्वारा आ.व. ०६५।६६ मा पार्का ज्याकेट नीलो (Navy Blue) ५६०५९ थान खरिद गर्न बोलपत्र आह्वान भएको भए पनि उक्त कार्यालयले वार्षिक खरिद योजना पहिले नै तयार गरी उक्त वार्षिक योजनामा पार्का ज्याकेट ११,३६० थान खरिद गर्न गृह मन्त्रालयबाट ०६५।८।१६ मा स्वीकृत भै उक्त वार्षिक खरिद योजनामा आवश्यक थपघट गर्न र विनियोजित बजेटबाटै पुग्ने गरी ५६,०५९ थान पूरै ज्याकेट खरिद गर्न गृह मन्त्रालयलाई मिति ०६५।१२।२० र ०६५।१२।२६ मा पत्राचार गरिएकोमा गृह मन्त्रालयको मिति ०६५।१२।२७ को सचिवस्तरीय निर्णयबाट पूर्व स्वीकृति अनुसार सामानको परिमाणलाई थपघट गरी खरिद गर्न सैद्धान्तिक सहमति दिइएको पत्र फायलसाथ रहेको

देखियो । तर पार्का ज्याकेट खरिदसम्बन्धी सिलबन्दी बोलपत्र खरिद गर्न भन्ने आदेशार्थ मिति ०६५।१२।१८ को प्रहरी प्रधान कार्यालय, प्रबन्ध शाखाको प्रहरी महानिरीक्षकबाट सदर भएको टिप्पणी हेर्दा गृह मन्त्रालयबाट स्वीकृति प्राप्त गर्नुअघि नै ५६०६९ थान पार्का ज्याकेट खरिद गर्ने बोलपत्र आह्वान गर्न सूचना प्रकाशित गर्न आदेश गरेको देखिन आयो । यसबाट माथिल्लो निकायबाट खरिद योजनामा थपघट गर्ने स्वीकृतिबिना नै बोलपत्र आह्वान गर्न पहिले नै सूचना प्रकाशित गर्न आदेश दिएको र तत्पश्चात मात्र गृह मन्त्रालयको सहमति प्राप्त भएको विषयलाई कानूनसम्मत मान्न सकिने अवस्था रहेन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा खरिद योजना तयार गर्दा तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना (मास्टर प्रोक्युरमेन्ट प्लान) र वार्षिक खरिद योजना तयार गर्नुपर्ने छ भन्ने स्पष्ट कानूनी व्यवस्था रही सोको कार्यान्वयनका लागि लागू गरिएको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम (१) मा वार्षिक दस करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नुपर्ने कुरा समेत प्रष्ट उल्लेख भएको परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत १० करोडभन्दा बढी मूल्यको खरिद प्रकरणमा खरिद गुरु योजना अनिवार्य हुनुपर्नेमा सो समेत रहे भएको मिसिलबाट खुल्दैन । तसर्थ प्रस्तुत खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को बाध्यात्मक कानूनी व्यवस्थाहरूको परिपालन भए गरेको देखिएन । प्रस्तुत खरिद प्रकरणको सम्बन्धमा तयार गरिएको लागत अनुमानलाई हेर्दा विगत वर्षमा लागेको वास्तविक मूल्य र बजारबाट लिइएका चारवटा फर्महरूको कोटेसनबाट प्राप्त मूल्यको कुल योगफलको औसत निकाली लागत अनुमान तयार पारेको देखिन्छ । बजारबाट प्राप्त मूल्यहरू अत्यधिक र यथार्थपरक नभै अनुमानित रहेको र सो मूल्यसँग विगत वर्षको सुरक्षासम्बन्धी कार्यालयहरूको यथार्थ खरिद मूल्यलाई समायोजित गरी औसत निकाल्दा विगत वर्षभन्दा झन्डै शतप्रतिशत भन्दा बढी लागत अनुमान कायम हुन आएको स्पष्ट देखियो । यस विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयका विशेषज्ञ समेतले दिएको लिखित प्रतिवेदनमा खरिद नियमावलीको नियम (११) को व्यवस्था बमोजिम सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्लो वर्षमा यस्तै प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दर भाउ, ढुवानी भाडा समेतको अन्य बजारको दरभाउ तथा उद्योग वाणिज्य महासंघले जारी गरेको दररेटको आधारमा तय गर्नुपर्ने हुन्छ । प्रस्तुत सन्दर्भमा सार्वजनिक निकायले स्वयंको नेपाली सेना तथा सशस्त्र प्रहरीबाट भएको खरिद मूल्य सहित तीन वटा वास्तविक खरिद तथा बजारबाट विभिन्न ४ वटा फर्महरू समेतबाट दर प्राप्त गरेकोमा एउटा खरिद गर्ने निकायको वास्तविक खरिद मूल्यको दाजोमा १०० प्रतिशतभन्दा बढी मूल्य बजारबाट प्राप्त भएको अवस्था छ । यसरी प्राप्त मूल्यको औसत निकाल्दा स्वीकृत भएको लागत अनुमान बढी हुन गएको देखिन्छ भनी किटानीसाथ खुलाइएको देखियो । यो लागत अनुमान तयार गर्ने कार्य समेत मिति ०६५।१२।१८ मा भएको देखिन्छ, जुन गृह मन्त्रालयबाट वार्षिक खरिद योजनामा थपघट गर्न सैद्धान्तिक सहमति दिने मिति ०६५।१२।२७ को निर्णय भन्दा पहिले नै रहेको अवस्था छ । यस प्रकार तयार गरिएको लागत अनुमान यथार्थपरक, वस्तुनिष्ठ र नेपाल राष्ट्र बैंकद्वारा समय समयमा प्रकाशित गरिने मूल्यसूची (Price Index) अनुरूप भएको पनि देखिन आएन । साथै लागत अनुमान तयार गर्ने क्रममा विभिन्न फर्महरूसँग मूल्यको कोटेसन माग गर्दा पार्काकोट ज्याकेट भनी उल्लेख गरेको तदनुरूप कोटेसन प्राप्त भई लागत अनुमान तयार गरिएको भए पनि बोलपत्रको सूचना र स्पेसिफिकेसन समेतमा

पार्काकोट ज्याकेट उल्लेख नभई पार्का ज्याकेट (नीलो) भन्नेसम्म उल्लेख भएको अवस्था हुँदा ज्याकेट वा कोट के हो ? यकिन नै नभई अन्यौलताको अवस्था सिर्जना भएको समेत देखिँदा बोलपत्रको सूचना नै त्रुटिपूर्ण रहेको मान्नुपर्ने देखिन आयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १७ मा सार्वजनिक निकायले यस नियमावलीमा उल्लेखित कुनै विधि छनौट गरी खरिद गर्दा विदेशी मालसामान भन्दा नेपालमा उत्पादित मालसामान दस प्रतिशत महँगो भए तापनि नेपाली मालसामान नै खरिद गर्नुपर्नेछ भनी किटानसाथ उल्लेख गरेको देखिन्छ । तर दोश्रो बोलपत्रको सूचना नं. १० को बोलपत्रसम्बन्धी सूचनामा नेपाली उद्यमी वा व्यवसायीका हकमा प्राथमिकता दिइने विषय नखुलाइएको अवस्था देखिएको हुँदा बोलपत्रसम्बन्धी सूचना नै अपूर्ण रहेको भन्न सकिन्छ । सार्वजनिक खरिद अनुगमन कार्यालयका विशेषज्ञले समेत उक्त कार्यालयबाट मिति ०६५।१०।१५ देखि लागू हुने गरी जारी भएको मालसामान खरिदको लागि राष्ट्रिय बोलपत्रमा प्रयोग गर्ने स्तरीय कागजात प्रयोग भएको देखिएन भनी टिप्पणी गरेको समेत देखिन्छ । नेपालमा पनि धेरै गार्मेन्ट उद्योगहरू रही विदेशमा विभिन्न मोडलका तयारी पोशाकहरू निर्यात भइरहेको यथार्थतालाई दृष्टिगत गरी प्रहरी कार्यालयलाई आवश्यक ज्याकेट, सर्ट, पाइन्ट लगायतका तयारी पोशाकहरू गुणस्तरीय रूपमा नेपाली उद्यमीहरूले उत्पादन गर्न सक्ने हुन्, होइन ? तिनीहरूको क्षमता कति छ ? त्यसलाई उद्योग वाणिज्य महासंघको सहयोग र सल्लाह लिएर वास्तविक बजार सर्वेक्षण (Market Survey) गरेर मात्र टेण्डर प्रक्रियामा अगाडि बढाउनुपर्नेमा त्यसतर्फ ध्यान गएको देखिएन । प्रस्तुत पार्का ज्याकेट खरिद कारबाहीको बोलपत्रसम्बन्धी फायलको अध्ययन विश्लेषणबाट सार्वजनिक खरिद अनुगमन कार्यालयका विशेषज्ञले दिएको प्रतिवेदनका बुँदाहरूमध्ये कार्यालयले माग गरेको नमुनाका सम्बन्धमा यसरी औल्याएका छन् "सार्वजनिक निकायले माग गरेको नमुनाका कारण प्रतिस्पर्धा खुला हुन सकेको देखिँदैन । खरिद गरिने मालसामानको स्पष्ट स्पेसिफिकेसन तथा त्यसको परीक्षण गर्ने Parameters खुलाइएपछि नमुनाको माग तथा बोलपत्र मूल्यांकनको क्रममा नमुनाको परीक्षण जस्ता कार्य गर्ने प्रक्रिया खरिद ऐन नियममा स्पष्ट छैन र भए पनि मालसामान प्राप्त भएपछि स्वीकृतिको क्रममा मात्र उल्लेख छ । खरिद सम्झौता बमोजिम आपूर्तिकर्ताबाट आपूर्ति गरिने मालसामानको Specification अनुसार Parameters को परीक्षण उत्पादनको गुणस्तर परीक्षण प्रणालीबाट, स्वतन्त्र निरीक्षकबाट, खरिदकर्ताले नियुक्त गरेको निरीक्षकबाट तथा पूर्ण चलान परीक्षण गर्ने व्यवस्थाहरू मालसामान स्वीकृति गर्ने वेलामा रहेका कुरा नियम ११४ र ११५ मा उल्लेख छ । ठूलो परिमाणमा यस्तो कपडा खरिद गर्दा उत्पादकले स्पेसिफिकेसन अनुसारको लटमा उत्पादन गर्न सक्ने हुनाले शुरुमा नमुना लिनु खुल्ला प्रतिस्पर्धाको दृष्टिकोणले उपयुक्त हुने देखिँदैन" भनी प्रष्ट खुलाइएको पाइयो । यसरी हेर्दा पहिलो बोलपत्र रद्द गर्ने बोलपत्र मूल्यांकन समितिले मुक्तिनाथ ट्रेड कन्सर्न र मनिरा सप्लायर्स दुवैले नमुनाको रंग र प्यार्टनसँग मिल्ने नमुना पेश नगरेको भनी मूल्यांकनबाट हटाइएको देखिन्छ । ती फर्महरूको नमुना र प्यार्टन नमिल्ने भन्ने मूल्यांकन गर्ने ठोस आधार र विधि के हो ? यसरी अस्पष्ट र हचुवाको आधारमा बोलपत्र रद्द गरेको कार्य आफैमा कानूनसँगत हुन सक्ने होइन । त्यस्तै गरी दोश्रो बोलपत्रको मूल्यांकन कमिटीले गरेको मूल्यांकनबाट "जागृति सप्लायर्स, धनगढीको कार्यालयले राखेको नमुना बमोजिम रंग र प्यार्टन मिल्ने नमुना पेश गर्नुपर्नेमा नमिल्ने थान दुई नमुना पेश गरेकोले प्राविधिक पक्ष (चेकजाँच) मा संलग्न नगराउने, न्यू सिद्धि देउरालीको पनि यही आधार लिई प्रतिस्पर्धाबाट बाहिर पारेका, ग्लोबल विजनेस काठमाडौंको पनि रंग र प्यार्टनको आधारमा नमुना समेत पेश

नगरेकोले प्राविधिक पक्षको मूल्यांकनबाट हटाइएको र पिस नेपाल फेसन इण्डष्ट्रिजको कार्यालयले राखेको नमुना बमोजिम रंग र प्यार्टन मिल्ने नमुना पेश गर्नुपर्नेमा नगरेको भनी प्राविधिक पक्ष (चेक जाँच) मा संलग्न नगराउने गरी अस्पष्ट र विषयगत कारणहरूबाट प्रतिस्पर्धाबाट वञ्चित गराइएको देखिन्छ जुन सार्वजनिक खरिद ऐनको मनसाय हुँदै होइन । नमुना प्रसंग उठाउँदा पार्का ज्याकेट नीलो (Navy Blue) भनी बोलपत्र आह्वान गरिएको देखिन्छ । नीलो Navy Blue को पनि विभिन्न प्रकारहरू हुने कुरा इन्टरनेटबाट हेरिँदा प्रष्ट हुन्छ । कुन प्रकारका (Navy Blue) हो ? सो समेत बोलपत्रसम्बन्धी कागजातमा र स्पेसिफिकेसनमा प्रष्ट खोल्नुपर्ने देखिन्छ । यसरी नीलो (Navy Blue) भनी त्यसभित्रको कुन प्रकार भन्ने स्पष्ट नखोलिएकोले Navy blue वर्ग अन्तर्गतका सबै नमुनाहरू प्रतिस्पर्धामा सामेल हुन पाउने हक राख्न सक्ने अवस्था रहन्छ । तसर्थ कार्यालयको नमुना र प्यार्टनसँग मेल नखाने भनी प्रतिस्पर्धाबाट हटाइएको अस्पष्ट आधारलाई तर्कसंगत तथा युक्तिसंगत मान्न मिल्ने देखिएन । त्यसैगरी कार्यालयमा प्राप्त नमुनाहरू कहाँबाट तयार भै प्राप्त भएको भन्ने तथ्य पनि आधिकारिक रूपमा स्थापित हुन सकेको पाइएन । बोलपत्र मूल्यांकन समितिको मिति ०६६।३।१८ को निर्णय अनुसार "सारभूतरूपमा प्रभावग्राही भएको बोलपत्रहरूमध्ये आनन्द ट्रेड कन्सर्न, काठमाडौंबाट कबुल गरिएको प्रतिथान पार्का ज्याकेटको यु.एस.डलर २४.०० को नमुना यस कार्यालयको माग स्पेसिफिकेसन बमोजिम नै भएको देखिएको एवं उक्त दररेट यस कार्यालयले सूचना प्रकाशित गर्नु अगावै स्वीकृत गराइराखेको लागत अनुमानभित्र नै भएको हुँदा आनन्द ट्रेड कन्सर्न काठमाडौंबाट पेश भएको बोलपत्र स्वीकृतिको लागि छनौट गर्न सिफारिस गर्ने र सो आशयको व्यहोरा अन्य प्रतिस्पर्धी बोलपत्रदाताहरू समेतलाई जानकारी दिने भन्ने" व्यहोरा परेको र सोही मूल्यांकन समितिको प्रतिवेदन ०६६।३।१८ मै प्रहरी महानिरीक्षकबाट सदर भएको देखिन्छ । सोही मितिमा बोलपत्र छनौटको सूचना सबै प्रतिस्पर्धी बोलपत्रदाताहरूको नाममा पत्र काटी केहीले सो बमोजिम पत्र बुझेको अवस्था समेत मिसिलबाट देखियो । साथै मिति ०६६।३।१९ मै आनन्द ट्रेड कन्सर्नको ठेक्का विधिवत छनौट नभई सम्झौता विना नै चेक काटिएको भन्ने सम्बन्धमा संलग्न फायल हेर्दा बोलपत्र मूल्यांकन समितिले ०६६।३।१८ गते China New United Import and Export Corporation Beijing China को स्थानीय प्रतिनिधि आनन्द ट्रेड कन्सर्न, टेकुको बोलपत्र छनौट गर्ने र सम्बन्धित सबैलाई सो आशयपत्र समेत दिने प्रतिवेदन पेश गरी प्रहरी महानिरीक्षकबाट सदर भई सम्बन्धित सबैलाई आशयपत्र समेत दिइसकिएको र आर्थिक वर्ष समाप्त भई खाता बन्द गर्नुपर्ने परिप्रेक्ष्यमा सार्वजनिक खरिद नियमावली अनुसार आशयपत्र प्राप्त गरेको सात दिनभित्र कसैले पनि उजुरी नगरेको अवस्थामा मात्र सम्बन्धित स्वीकृत फर्मसँग सम्झौता गरी रकम उपलब्ध गराउने प्रयोजनको लागि प्रति थान पार्का ज्याकेट यु.एस.डलर २४.०० (सि.आई.एफ. काठमाडौं सम्पूर्ण कर बाहेक) का दरले ५६०५९ खरिद गर्ने गरी लिन नेपाल राष्ट्र बैंक प्रतीतपत्र शाखा थापाथली काठमाडौंमा प्रतीतपत्र खोल्नको लागि सोको हुने जम्मा यु.एस.डलर १३,४५,४१६.०० को प्रति डलर सटही दर रु.७६।९८ का दरले रु.१०,३५,७०,१२३।६८ र बैंक स्केल चार्ज वापत रु.४,२९,८७६।३२ समेत गरी रु.१०,४०,००,०००।- आ.व. ०६५।६६ मा प्रहरी प्रधान कार्यालयको अनुदान संख्या ४५।३।१६० को व.शि.नं. १.०४ पोशाक शीर्षकमा विनियोजित रकम मध्येबाट खर्च हुने गरी नेपाल राष्ट्र बैंक प्रतितपत्र शाखा थापाथलीको नाउँमा पेश्की खर्च लेख्नु भन्ने एवं लेखा शाखाबाट चेक प्राप्त भएपछि पनि प्रतिस्पर्धी बोलपत्रदाताहरूबाट म्यादभित्र लिखित एवं मौखिक उजुरी प्राप्त नभएमा मात्र उक्त बोलपत्रदातालाई

सम्झौता गराई पेश्की रकमसम्बन्धी अन्य कार्य गर्नु" भन्ने व्यहोराको प्रहरी महानिरीक्षकबाट मिति ०६६।३।१९ मै टिप्पणी सदर भएको स्पष्ट देखिन आएको छ। उक्त टिप्पणी बमोजिम नै नेपाल राष्ट्र बैंक प्रतितपत्र शाखाको नाममा चेक नं. १५६३८६५ मिति ०६६।३।१९ मा रु.१०,४०,००,०००।- को चेक काटी सम्बन्धित अधिकारीको दस्तखत गराई चेक प्रहरी प्रधान कार्यालयमा रहेको र अनुसन्धानको क्रममा प्राप्त भएको देखिन आएको छ। आशयको पत्र सबैले पाइसकेको उपरोक्त टिप्पणीमै लेखिएको छ। यसरी आशयपत्र पाएपछि छनौट नभएका बोलपत्रदाताहरूले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम सम्बन्धित सार्वजनिक निकायका प्रमुखसँग खरिद कारबाहीको त्रुटि बारेमा उजुरी गर्न पाउने स्पष्ट व्यवस्था रहेको र सो उपर चित्त नबुझे सोही ऐनको दफा ४९ बमोजिम पुनरावलोकन समिति समक्ष उजुर दिन सक्ने गरी उक्त ऐनले अख्तियारी प्रदान गरेको छ। सार्वजनिक निकायका प्रमुख स्वयंले खरिद प्रक्रियामा त्रुटि देखिए उक्त प्रक्रिया रद्द गर्न सक्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को व्यवस्था र त्रुटि नभई मूल्यांकन समितिकै निर्णय कायम हुन सक्ने भए सोही व्यहोराको निर्णय गर्नुपर्ने र सो निर्णय उपर पनि माथि उल्लेख गरे बमोजिम पुनरावलोकन समितिमा जान पाउने अवस्था ऐनले गरेको तथ्यमा कुनै द्विविधा रहनुपर्ने देखिँदैन। यसरी ऐनले निर्दिष्ट गरेको अनिवार्य प्रक्रियाहरू र चरणहरू पूरा नहुँदै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम खरिद सम्झौता नै नभई अग्रीम रूपमा आर्थिक वर्ष अन्त्य हुन लागेको भन्ने बहानामा टिप्पणी उठाउने, सदर गर्ने र चेक काट्ने कार्य आफैमा अनियमित कार्य भएको मान्नुपर्ने देखिन आयो। आयोगमा अनुसन्धानको क्रममा मिति ०६६।३।२८ मा प्रस्तुत बोलपत्रसम्बन्धी सक्कल फायलहरू प्राप्त हुन आएको रेकर्डबाट देखिन्छ। त्यसभन्दा अगाडि ०६६।३।२७ सम्ममा ०६६।३।१८ मा छनौट भइसकेको बोलपत्रको उजुरी गर्ने म्याद समेत व्यतित भई सम्झौता गर्न नसकिने अवस्था थिएन। अर्थात मिति ०६६।३।१८ देखि ०६६।३।२७ अवधिमा प्रहरी प्रधान कार्यालयबाट थप कुनै काम भएको देखिएन। मिति ०६६।३।१९ मा Conditional टिप्पणीबाट निर्णय गराई चेक काट्ने कार्य भएपछि प्रहरी प्रधान कार्यालय ०६६।३।२७ सम्म केही नगरी बसेको देखिन्छ। उजुरी नपरेको भए किन सम्झौता गरिएन ? भन्ने प्रश्न उत्तिकै अहम् छ। हाल उक्त रकम फ्रिज भएको भन्ने राष्ट्र बैंकको स्टेटमेन्ट र प्रहरी महानिरीक्षकको बयानबाट देखिएको अवस्था छ। आर्थिक वर्षको अन्त्यतिर यति ठूलो रकमको यस्तो संवेदनशील खरिद प्रक्रिया अगाडि बढाइएको अवस्था आफैंमा सुखद होइन। गृह मन्त्रालयले मिति ०६५।७।२१ को प्रहरी प्रधान कार्यालय नक्सालालाई लेखिएको पत्रमा "अर्को निर्देशन नभएसम्म रासन र इन्धन बाहेक अन्य सामग्रीहरू खरिद नगर्न आदेशानुसार अनुरोध छ" भन्ने व्यहोरा उल्लेख भएको समेत देखिएको छ। प्रहरी जस्तो संवेदनशील सुरक्षा संयत्रको लागि चाहिने सामानहरू समयमै प्रबन्ध गर्नु गराउन प्रोत्साहित गर्नुपर्नेमा छुट्टै कानूनी अस्तित्व रहेको र अलग्गै बजेट विनियोजित हुने संस्थालाई त्यसरी अनावश्यक हस्तक्षेप गर्दा Functional Autonomy मा असर पर्ने गरी अनुचित तरिकाले पत्राचार गरेको देखिएको हुँदा आयोगको मिति २०६६।५।३० को निर्णय अनुसार आइन्दा यस्ता प्रकारका कार्य नगर्न गृह मन्त्रालयका सचिवलाई ध्यानाकर्षणका लागि लेखी पठाइएको।

२. नेपाल प्रहरीले प्रहरी कर्मचारीहरूलाई चाहिने पार्का ज्याकेट खरिद प्रक्रियामा अनियमितता गरेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रहरी महानिरीक्षक रमेश चन्द ठकुरीले बोलपत्रसम्बन्धी सम्पूर्ण कारबाही सम्पन्न हुन नपाउँदै

आर्थिक वर्ष समाप्तिको कारण बजेट रकम फ्रिज हुन गई सम्पूर्ण प्रक्रिया रद्द भई शून्य अवस्थामा रहेको हुँदा कुनै कसुर तथा अनुचित कार्य गरेको नभई असल नियतका साथ काम कारबाही भएकोमा असल नियतका साथ गरेको काम कारबाहीमा प्रहरी नियमावली, २०४९ बमोजिम सजाय हुनु नपर्ने भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिएको तथा प्रहरी प्रधान कार्यालय नक्सालको मिति ०६६।६।१८ को प्राप्त पत्रमा नेपाल प्रहरीले खरिद गर्न लागेको ५६,०५९ थान पार्का ज्याकेट खरिद प्रक्रिया मिति ०६६।६।२ गते रद्द गरिएको भन्ने समेतको पत्र प्राप्त भई मिसिलमा सामेल रहेको हुँदा आयोगको मिति २०६६।६।२५ को निर्णय अनुसार अब आइन्दा प्रहरीको लागि खरिद गर्नुपर्ने सामानहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्थालाई पूर्ण रूपमा पालना गरी समयमै खरिद गर्न गराउन प्रहरी महानिरीक्षक रमेश चन्द ठकुरी, प्र.ना.म.नि. रमेश विक्रम शाह, प्र.व.उ. श्याम बहादुर खड्का, प्र.उ. मनोज न्यौपाने, प्र.ना.उ. सिद्धि विक्रम शाह, प्र.ना.उ. तेज नारायण शर्मा, प्र.ना.उ. गणेश रेग्मी, प्र.नि. सिताराम चापागाई, प्र.नि. शम्भु ढकाललाई सख्त ध्यानाकर्षण गराइएको ।

(ङ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

जिल्ला वन कार्यालय कैलाकीका जिल्ला वन अधिकृत मनबहादुर खड्का समेतले गैर कानूनी रूपमा वन अतिक्रमण गरेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा फूलवारी रेञ्ज पोष्टको उर्मा क्षेत्रमा रहेका कालिका सामुदायिक वन र वनदेवी प्रस्तावित सामुदायिक वन क्षेत्रमा २०६५।६।१ अघि र पछि गरी अनियमित रूपमा ४८४२.४१ क्युबिक फिट खयर कटान भइसकेपछि जिल्ला वन कार्यालय धनगढीको पहलमा सो खयर बरामद गरी चौमाला रेञ्ज पोष्टमा घाट गद्दी गरिएको भन्ने व्यहोरा संलग्न प्रमाणित कागजातबाट पुष्टि भै आएको हुँदा जिल्ला वन कार्यालयका जिल्ला वन अधिकृत मनबहादुर खड्का समेतले, यति ठूलो मात्रामा खयर कटान भएकोमा सो हुनुपूर्व कटान रोक्नका लागि वन विभागमा वन संरक्षण कार्यको लागि जनशक्ति र भौतिक सुविधा माग गरेको भए पनि समयमै वन विभाग समेतबाट आवश्यक जनशक्ति र भौतिक पूर्वाधार उपलब्ध नगराइएको तथा निज समेतले पूर्ण संचेतता र सजगता अपनाइएको नपाइएको कारणबाट वन अतिक्रमण हुन गएको देखिँदा अब उप्रान्त राष्ट्रिय वनको संरक्षणको लागि पर्याप्त जनशक्तिको व्यवस्था गरी वन कार्य योजना बनाई वनको उचित संरक्षण गर्न गराउन आयोगको मिति २०६६।७।११ को निर्णय अनुसार वन विभागका महानिर्देशक, वन अधिकृत मनबहादुर खड्का, स.व.अ. हेमराज विष्ट र रेञ्जर दिलिपकुमार यादवलाई सख्त ध्यानाकर्षण गराउन वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

(च) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

साल्ट ट्रेडिङ कर्पोरेसनका तत्कालीन कार्यकारी प्रमुख लगायत सञ्चालक समितिका सदस्य तथा कर्मचारीहरूले आफ्नो स्वार्थ पूर्तिका लागि संस्थानलाई डुबाउने विभिन्न अनियमित काम गरेका भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नुनको आयात बिनापरीक्षण नै हुने गरेको तर्फ संकलित प्रमाणको आधारबाट हेर्दा नुनको भारतमा लोड हुने बेलामा प्राविधिक परीक्षण हुने गरेको र नेपाल भित्रिने बेलामा

स्वास्थ्य मन्त्रालय र युनिसेफबाट परीक्षण हुने गरेको भन्ने देखिन आएको हुँदा न्यून गुणस्तरको नुन भित्रिने गरेको भन्ने उजुरी पनि पुष्टि हुन आएन । नुनमा आयोडिनको गुणस्तर कायम राख्न नुनको भण्डारण पद्धति, नुनको ढुवानी गर्ने कार्य स्पष्ट र पारदर्शी नीति बनाउन र गुणस्तरीय नुन उपभोक्तासम्म सहजै पुग्ने व्यवस्था गर्ने कार्यलाई साल्ट ट्रेडिङ कर्पोरेसनले व्यवस्थित गर्न सकेको नदेखिँदा आयोगको मिति २०६६।९।१६ को निर्णय अनुसार साल्ट ट्रेडिङ कर्पोरेसनलाई ध्यानाकर्षण गराउन लेखी पठाइएको ।

(छ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. सडक विभागका इन्जिनियर पुष्पाञ्जली खनालले विभागीय स्वीकृति नलिई अन्य संस्थामा काम गरेकाले कारबाही गरिपाऊँ भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सडक विभागका इन्जिनियर पुष्पाञ्जली खनालले असाधारण बिदामा बसेको अवस्थामा विभागीय स्वीकृति नलिई ई.आर.एम.सी. कन्सल्टेन्सीको JV Partner GEC Pvt.Ltd. मा श्रोतव्यक्तिको रूपमा काम गरेको प्रमाणित हुन आएकोले आयोगको मिति २०६६।५।२ को निर्णय अनुसार असाधारण बिदामा बसेको अवस्थामा समेत नेपाल सरकारको कर्मचारीको हैसियत यथावत रहने हुँदा अब उप्रान्त विभागीय स्वीकृति नलिई अन्य संस्थामा काम नगर्न इन्जिनियर पुष्पाञ्जली खनाललाई ध्यानाकर्षण गराउनका लागि भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखि पठाइएको ।

२. शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय रोल्पाबाट विभिन्न भवन निर्माणसम्बन्धी बोलपत्र आह्वान भएकोमा बोलपत्र दर्ता गराउन नदिई ठेकेदारले मिलेमतो गरी भ्रष्टाचार गरेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा ५८ थान सम्म बोलपत्र बिक्रि भएकोमा बढीमा ३ थानसम्म मात्र बोलपत्र दर्ता भएको, एकाइ दररेट नभरी एकमुष्ठ रकम भर्नु पर्ने आइटमहरू प्रशस्त हुँदाहुँदै स्वीकृत लागत अनुमान भन्दा १% भन्दा कम रकम (अर्थात लागत अनुमानकै हाराहारीमा) प्रत्येक ठेक्कामा बोलकबोल गरेको, स्वीकृत लागत अनुमानलाई गोप्य राख्नुपर्ने कानूनी प्रावधानको पालना नभएको, कुनै ठेक्कामा एउटै ठेकेदारले आवश्यक पर्ने कागजातहरू नियतबस समावेश नगरेको, कुनैमा लागत अनुमान भन्दा सयौं गुणा बढी अंक कबोल गरी कोरम पुऱ्याउने प्रयोजनबाट मात्र बोलपत्र दर्ता गराएको, सोही ठेकेदारले आफूले प्राप्त गर्ने ठेक्कामा भने लागत अनुमानको हाराहारीमै बोल कबोल गरेको, बोलपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट १० देखि १२ बजेसम्म अर्थात जम्मा २ घण्टाको समयभित्र सबै ठेकेदारहरूले बोलपत्र दर्ता गराएको । उल्लेखित तथ्यहरूबाट आ.व. को प्रथम चौमासिकमा नै बोलपत्रसम्बन्धी कार्य सम्पन्न गर्नुपर्नेमा ढिलो गरी सो सम्बन्धित कार्य शुरु गरेको, भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गतको सडक विभागमा E-bidding द्वारा ठेक्कापट्टा भइरहेको अवस्थामा एउटै मन्त्रालय अन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभागमा सो प्रक्रिया अनुसार ठेक्का व्यवस्था गर्न पहल गर्न आयोगको मिति २०६६।१२।२७ को निर्णय अनुसार भौतिक योजना तथा निर्माण मन्त्रालयलाई ध्यानाकर्षणका लागि लेखी पठाइएको ।

३. शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय गोरखाबाट विभिन्न भवन निर्माणसम्बन्धी बोलपत्र आह्वान भएकोमा बोलपत्र दर्ता गराउन नदिई ठेकेदारले मिलेमतो गरी भ्रष्टाचार गरे भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा

बोलपत्र बिक्रीको अनुपातमा कम मात्र बोलपत्र दर्ता भएको, एकाइ दररेट नभरी एकमुष्ठ रकम भर्नु पर्ने आइटमहरू प्रशस्त हुँदाहुँदै स्वीकृत लागत अनुमानभन्दा १% भन्दा कम रकम (अर्थात लागत अनुमानकै हाराहारीमा) प्रत्येक ठेक्कामा बोलकबोल गरेको, स्वीकृत लागत अनुमानलाई गोप्य राख्नुपर्ने कानूनी प्रावधानको पालना नभएको, कुनै ठेक्कामा एउटै ठेकेदारले रीतपूर्वकको र कुनैमा बेरीतको बोलपत्र दर्ता गराई कोरम पुऱ्याउने प्रयोजनबाट मात्र बोलपत्र दर्ता गराएको, सोही ठेकेदारले आफूले प्राप्त गर्ने ठेक्कामा भने लागत अनुमानको हारा हारीमै बोल कवोल गरेको, बोलपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट १० देखि १२ बजेसम्म अर्थात जम्मा २ घण्टाको समयभित्र सबै ठेकेदारहरूले बोलपत्र दर्ता गराएको, हुलाकबाट पेश हुन आएका बोलपत्रहरू फिर्ता गर्न निवेदन दिएकोमा विभिन्न कम्पनीको तर्फबाट पेश भएको भनिएको निवेदन एउटै व्यक्तिको हस्ताक्षरबाट लेखिएको, सार्वजनिक खरिद ऐन २०६६ को दफा ५८ बमोजिम रीत नपुगेका बोलपत्रहरू फिर्ता गर्ने मनसायले नखोलेको र फिर्ता पनि नगरेको, बोलपत्र फिर्ता गर्न दिएको निवेदनमा आधिकारिक व्यक्तिको दस्तखत भएको नदेखिएको, दस्तखत कीर्ते भएको समेत देखिएको । उल्लेखित तथ्यहरूबाट आ.व. को प्रथम चौमासिकमा नै बोलपत्र सम्बन्धित कार्य सम्पन्न गर्नुपर्नेमा ढिलो गरी सो सम्बन्धी कार्य शुरु गरेको, भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गतको सडक विभागमा E-bidding द्वारा ठेक्कापट्टा भइरहेको अवस्थामा एउटै मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभागमा सो प्रक्रिया अनुसार ठेक्का व्यवस्था गर्न पहल गर्न आयोगको मिति २०६६।१२।२७ को निर्णय अनुसार भौतिक योजना तथा निर्माण मन्त्रालयलाई ध्यानाकर्षणका लागि लेखी पठाइएको ।

(ज) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. भक्तपुर जिल्ला सिपाडोल-४ ख कि.नं. १ को जग्गा अनियमित तरिकाले दर्ता गरेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जग्गा दर्ता गर्दा निर्देशिकाको प्रक्रिया सम्म पुरा नगरी दर्ता गरेको देखिँदा उक्त दर्ता प्रक्रियामा संलग्न मालपोत कार्यालय भक्तपुरका तत्कालीन कार्यालय प्रमुख गोविन्द सापकोटालाई आयोगको मिति २०६६।५।१४ को निर्णय अनुसार प्रक्रियागत विषयमा सचेत रहन ध्यानाकर्षण गराइएको ।

२. मेरा बाजे गोविन्ददास भने गोविन्दलाल जोशीको नाममा भक्तपुर जिल्ला कटुन्जे गा.वि.स. वडा नं. १ ख कि.नं. ६७५, ६७६, ६७७, ६७८, ६७९ र ६८० का कित्ता जग्गाको अप्रमाणित श्रेस्ता रहेकोमा कीर्ते कागजात तयार गरी श्रेस्ता सच्याई मालपोत कार्यालयका कर्मचारीहरूको मिलेमतोमा कीर्ते सही दस्तखत गरी बिक्री वितरण समेत गरेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा भक्तपुर जिल्ला कटुन्जे गा.वि.स. वडा नं. १ ख कि.नं. ६७५, ६७६, ६७७, ६७८, ६७९ र ६८० का कित्ता जग्गाको अप्रमाणित श्रेस्ता रहेकोमा मिति २०२८।५।२ को निर्णयले गोविन्ददासको नाममा दर्ता कायम भनी जनिएको जग्गाधनी दर्ता श्रेस्तामा प्रमाणित गर्नेको हस्ताक्षर अस्वाभाविक र काल्पनिक देखिएको र उक्त मितिको निर्णय मिसिल फेला पर्न नसकेको । गोविन्ददास र निजका हकदार श्रीमती र छोराहरू समेत जग्गाधनी होइनन्, अकाश भैरव सालिक गुठीको जग्गा हो र जग्गाधनीहरू का.जि. कोहिटी बस्ने

गोविन्दलाल जोशी, का.जि. देवपतन बस्ने कृष्णदास पक्वान र भक्तपुर लाकालाक्षे बस्ने रामानन्द जोशी हुन् भन्ने समेत व्यहोराको फिल्डबुक तथा २ नं. अनुसूची समेतबाट देखिएका जोताहा मोहीका हकदार छोराहरूको बयान । जग्गा दर्ता गरिएका गोविन्ददास र निजका हकदारहरूको ठेगाना समेत २ नं. अनुसूचीमा उल्लेख भएको र जोताहा मोहीका हकदारहरूले बयानमा उल्लेख गरेका जग्गाधनीको ठेगानासँग समेत फरक परेको देखिएबाट उक्त जग्गाको दर्ता दूषित प्रकृतिको देखिन आयो । तसर्थ त्यस्तो दूषित दर्ता बदर गरी यथास्थितिमा राख्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख बमोजिम मालपोत कार्यालय भक्तपुरलाई निर्देशन दिने । लिखत पारित गर्दा मूल्यांकन कायम गर्ने प्रयोजनार्थ स्थानीय निकायको घर बाटोको विवरण खुलेको सिफारिस लिनुपर्नेमा गोविन्ददास जोशीको नाममा दर्ता भएको भनिएको जग्गा निजका नामबाट हकदार छोरा उपेन्द्रदास जोशीको नाममा नामसारी भई निजबाट गणेशप्रसाद फुयाल समेतको नाममा राजीनामा लिखत पारित गर्दा थैली अंक कायम गर्नका लागि नापी कार्यालयका प्राविधिक समेतलाई स्थलगत निरीक्षण गर्न लगाई निजहरूले पेश गरेको कच्ची मोटर बाटोसँग जोडिएको प्रतिवेदनको आधारमा मूल्यांकन कायम गराई लिखत पारित गरेको । तर गा.वि.स. बाट माग गरिएको विवरण र आ.व. ०६५।६६ को लागि कायम गरिएको न्यूनतम मूल्यांकनलाई हेर्दा लिखतमा राखिएको थैली अंक न्यूनतम मूल्यांकनभन्दा बढी भएको पाइयो । गोविन्ददासको नाममा दर्ता कायम गरिएको जग्गा कम्प्युटरमा पहिले नै प्रविष्ट गरिएको भए पनि जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपि दिँदा र नामसारीको लागि निवेदन परेपछि मोठ भिडाउँदा श्रेस्ता प्रमाणित गर्नेको हस्ताक्षर फरक फरक र शंकास्पद देखिएको तर्फ कर्मचारीको ध्यान पुग्न सकेको नदेखिएकाले आयोगको मिति २०६६।८।१९ को निर्णय अनुसार लिखत पारित गर्दा मूल्यांकन कायम गर्ने प्रयोजनार्थ अनिवार्य रूपमा घर बाटोको विवरण खुलेको गा.वि.स. को सिफारिस लिनुपर्नेमा सो नलिई लिखत पारित गर्ने तत्कालीन मालपोत कार्यालय भक्तपुरका मालपोत अधिकृत लोकनाथ भुसाल, शा.अ. मोहन थापा, खरिदार शिवजीप्रसाद रेग्मी तथा श्रेस्ताको प्रतिलिपि दिँदा र नामसारी निवेदनमा मोठ भिडाउँदा समेत प्रमाणित गर्नेको हस्ताक्षर शंकास्पद हुँदाहुँदै त्यसतर्फ ध्यान नपुऱ्याउने ना.सु. श्रीमती शान्ती बोगटी र खरिदार धनबहादुर कटुवाल एवं स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने नापी कार्यालय भक्तपुरका तत्कालीन सर्भेक्षक राजेन्द्र काफ्ले समेतलाई सख्त ध्यानाकर्षण गराइएको ।

३. मालपोत कार्यालय चाबहिलका कर्मचारी र लेखन्दासको मिलोमतोमा का.जि.बालुवा गा.वि.स. वडा न.३ (ग) कि.न. ५३ को ३ रोपनी ४ आना दर्ता बाँकी जग्गालाई बेरीतपूर्वक दर्ता गरी बिक्री समेत गरेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं जिल्ला बालुवा गा.वि.स.को रजिस्ट्रेसन पारित, मालपोत कार्यालय चाबहिलको रजिस्टेसन फाँट (क) बाट गर्नुपर्नेमा ०६६।५।९ मा उक्त कि.न. ५३ को लिखत रजिस्ट्रेसन फाँट (ग) बाट पारित गर्ने शा.अ. माधवप्रसाद न्यौपाने, ना.सु. द्रोण पौडेल र खरिदार पुस्कर निरौला तथा कम्प्युटर कार्य बाहेक अन्य कार्य गर्न नपाउने सर्तमा करारमा नियुक्ति पाएका क.अ. श्रीधर पौडेलले मोठ तथा रोक्का फाँटको कार्य गर्दा कुनै पनि ध्यान नदिई कार्यालयको आन्तरिक प्रशासन दुरुस्त नराख्ने प्रमुख मालपोत अधिकृत अमृत कुमार कर्माचार्य समेतलाई आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार अब उप्रान्त तोकिएको कार्य तोकिएका कर्मचारीबाट मात्र गर्न/गराउन ध्यानाकर्षण गराउन लेखी पठाइएको ।

(झ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

नरदेवी चिकित्सालयबाट गृह सरुवा भइसकेका कर्मचारीहरूले लामो समयपछिसम्म पनि आवासगृह प्रयोग गरी सरकारी सम्पत्तिको हानी नोक्सानी पुऱ्याइरहेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयुर्वेद चिकित्सालय नरदेवीको आवास गृह साविकमा उक्त चिकित्सालयमा कार्यरत रही अन्यत्र सरुवा भई मिति २०६५।११।२६ देखि रमाना भएकी डा. देवकला भण्डारी, मिति २०६३।४।१ देखि रमाना भएका डा. ठाकुरप्रसाद दवाडी, मिति २०६५।१२।२६ देखि रमाना भएका डा. चन्द्रकान्त ज्ञवाली, मिति २०६६।९।१ देखि रमाना भएका कविराज शशिधर टण्डन र कविराज कृष्ण श्रेष्ठले हालसम्म पनि प्रयोग गरिरहेको भन्ने आयुर्वेद विभागको प्रतिवेदनबाट देखिन आउँछ । यसरी उक्त चिकित्सालयको सरकारी आवासगृह असम्बन्धित कर्मचारीहरूले हालसम्म प्रयोग गर्दा पनि सम्बन्धित निकाय सरकारी सम्पत्तिको सदुपयोगतर्फ उदासीन रहेको देखिँदा आयोगको मिति २०६६।१२।१३ को निर्णय अनुसार आयुर्वेद विभागका महानिर्देशकलाई ध्यानाकर्षणका लागि लेखी पठाइएको ।

(ञ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

स्थानीय विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, ADB को Loan No.2092 NEP) मा सञ्चालित विकेन्द्रित ग्रामीण पूर्वाधार जीविकोपार्जन सुधार कार्यक्रम (DRILP) अन्तर्गत जिल्ला विकास समिति, बाजुराद्वारा बाजुरा जिल्लामा सञ्चालित कार्यक्रम अन्तरगत मार्तडीदेखि थामलेक, माझीगाउँ सडक खण्ड निर्माण कार्यको ठेक्काको बोलपत्र नं.१ देखि ६ सम्म आह्वान गरेकोमा उक्त बोलपत्रको केही ठेक्का नियमानुसार नभई रद्द गरिएको र केही ठेक्काहरूमा आर्थिक अनियमितता गरी सदर गरिएको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा ठेक्का नं. १ को लागि शुरु लागत अनुमान रु.१७,३१,९७६।०३ गरेकोमा,४ वटा बोलपत्र परेको, एकमात्र Substantially responsive bidder भएको, सबैभन्दा कमको मृत संजीवनी निर्माण सेवाको रु.१४,६७,००१।०५ (लागत अनुमानभन्दा १५.३० प्रतिशत कम) लाई जिल्ला विकास समितिले स्वीकृत गर्न सहमति माग गरेको तर DRILP ले भने मृत संजीवनी निर्माण सेवा को नं. १ र ६ को दुबैका लागि ठेक्का परेकोले दुबै ठेक्काका लागि AACT (Average Annual Construction Turnover) नपुग्ने भै १नं. पुनः बोलपत्र गर्न सहमति माग गरी ADB मा पठाएको र ADB ले पनि पुनः बोलपत्र आह्वान गर्न सहमति दिएको । पुनः बोलपत्र माग गर्दा लागत अनुमान रु.२५,९४,८४५।३५ गरेको, ५ वटा बोलपत्र परेको मध्ये लोहनी एण्ड ब्रदर्सको रु.१६,६८,१४१।३२ को लागत अनुमानभन्दा ३५.७२ प्रतिशत कमको बोलपत्र स्वीकृत गर्न जिल्ला विकास समिति र DRILP को पनि सिफारिस र ADB को २ मार्च २००९ को पत्रले सहमति प्राप्त भै ठेक्का बन्दोबस्त भएको । ठेक्का नं. २ को लागि शुरु लागत अनुमान रु.२६,५६,७१०.६८ गरेको, ६ वटा बोलपत्र परेको मध्ये अन्यको विभिन्न रीत अंग नपुगेको तर खानी निर्माण सेवाको लागत अनुमानभन्दा १२.९९ प्रतिशत बढीको भएकाले कुनै पनि Substantially responsive bidder नभएको भनी जिल्ला विकास समितिले पुनः बोलपत्र आह्वान गर्न सहमति माग गरेको, तर DRILP ले भने लागत अनुमानभन्दा बढी भए पनि Price negotiation गर्न सकिने भए पनि नं.२ र ४ दुवैमा यसै ठेकेदारको परेकाले दुवैको लागि AACT नपुग्ने भएकाले यस ठेक्का नं.२ को पुनः बोलपत्र आह्वान गर्न

सिफारिस गरेबमोजिम ADB को सहमति भै पुनः बोलपत्र आह्वान गरेको, जसको पुनः लागत अनुमान रु.३९,८३,०३६।७२ गरेको, ७ वटा बोलपत्र परेको मध्ये दोश्रो कमको ठेकेदारको बढी उपकरण भएकाले दोश्रो कमको ठेकेदारको ठेक्का स्वीकार गर्न जि.वि.स. ले सहमति मागेको तर DRILP ले भने सबैभन्दा कमको रु.२२,२३,६९२।१० लागत अनुमानभन्दा ४४.१७ प्रतिशत कमको ठे. काष्ठमण्डप संयुक्तको ठेक्का स्वीकार गर्न सहमति माग गरेअनुसार ADB को २ मार्च २००९ को पत्रले सहमति प्राप्त भै ठेक्का बन्दोबस्त भएको । ठेक्का नं.३ को लागि शुरु लागत अनुमान रु.६४,०५,८३०।१२ गरेको, ७ वटा बोलपत्र परेको मध्ये २ वटामात्र Substantially responsive bidder भएको मध्ये सबैभन्दा कमवाला लोकविर संयुक्त जसको रु.२४,८७,१८६।०८ लागत अनुमानभन्दा ६१.९७ प्रतिशत कमको ठेक्का स्वीकार्न जिल्ला विकास समितिले सहमति मागे अनुसार DRILP ले पनि सिफारिस गरेको, ADB को १८ जुलाई २००८को पत्रले सहमति प्राप्त भै ठेक्का बन्दोबस्त भएको । ठेक्का नं.४ को लागि शुरु लागत अनुमान रु.३३,२१,२९२।५७ गरेको, ५वटा बोलपत्र परेको मा कुनै पनि Substantially responsive bidder नभएको भनी (लागत अनुमानभन्दा १३.२१ प्रतिशत बढी समेत गरी) पुनः बोलपत्र आह्वान गर्न जिल्ला विकास समितिको माग तर DRILP ले भने लागत अनुमानभन्दा बढी भए पनि Price negotiation गर्न सकिने तथा नं.२ र ४ दुवैमा यसै ठेकेदारको परेकाले दुवैको लागि AACT नपुगे पनि नं.४ को ठूलो ठेक्काको लागि AACT पुग्ने हुँदा लागत अनुमानभन्दा बढी भए पनि Price negotiation गर्न सिफारिस गरे अनुसार ADB को सहमति प्राप्त आधारमा Lowest Evaluated Bidder ठेकेदार खानी निर्माण सेवासँग Bid Price Reduction को लागि Negotiation गर्न निर्देशन दिएको । यसअनुसार ठेक्का न.४ को Price Reduction का लागि ठेकेदार खानी निर्माण सेवालाई जिल्ला विकास समिति कार्यालयबाट पत्राचार गरी ठेकेदारले बोलपत्र अंकमा ३ प्रतिशत घटीमा काम गर्न मन्जुर गरेको पत्रको आधारमा बोलपत्र मूल्यांकन समिति र जिल्ला विकास समितिबाट स्वीकृत अस्वीकृत कुनै सिफारिस बिना आवश्यक कारबाहीका लागि DRILP मा मिति ०६५।४।२६ मा पठाएकोमा उक्त DRILP ले मिति ०६५।५।१५मा ठेकेदार खानी निर्माण सेवाको बोलपत्र लागत अनुमानभन्दा ९.८१ प्रतिशत बढी भए पनि स्वीकार्न ADB सँग सहमति मागे अनुसार ADB को १९ अगस्त २००८ को पत्रले सहमति प्राप्त भएकोले सम्झौता गरी निर्माण कार्य गराउन निर्देशन दिए बमोजिम ठेक्का बन्दोबस्त भएको । ठेक्का नं.५ को शुरु लागत अनुमान रु.१३,८५,०७५।२५ गरेको, बोलपत्र आह्वान गर्दा एउटा मात्र बोलपत्र परे पनि तोकेको अनुभव नपुगेकोले पुनः बोलपत्र आह्वान गर्न जिल्ला विकास समितिले मागेको र DRILP ले सिफारिस गरेको, ADB को सहमति प्राप्त भएको, पुनः लागत अनुमान रु.२०,६८,८९५।०७ गरेको, पुनः बोलपत्र मागदा ५ वटा बोलपत्र परेको मध्ये सबैभन्दा कमको लोहनी एण्ड ब्रदर्सको रु.१०,९५,९२१।८१ को लागत अनुमानभन्दा ४७.०३ प्रतिशत कमको बोलपत्र स्वीकृत गर्न जिल्ला विकास समितिले मागेको, DRILP को पनि सिफारिस र ADB को २ मार्च २००९ को पत्रले सहमति प्राप्त भै ठेक्का बन्दोबस्त भएको । ठेक्का नं. ६ को शुरु लागत अनुमान रु.२५,४७,२७३।६७ गरेको, बोलपत्र माग गर्दा ५ वटा परेकोमा रीत पुगेको मध्ये सबैभन्दा कम मृत संजीवनी निर्माण सेवाको रु.२५,००,७५२।७८ लागत अनुमानभन्दा १.८३ प्रतिशत कमको बोलपत्र स्वीकार्न जिल्ला विकास समितिले मागेको र तर DRILP ले भने ठे. मृत संजीवनी निर्माण सेवा को नं. १ र ६ दुबैका लागि ठेक्का परेकोले दुबै ठेक्काका लागि AACT नपुग्ने भै १ नं. पुनः बोलपत्र गर्ने गरि नं.६ को स्वीकार्न DRILP ले सिफारिस गरेको, "Bidder M/S Mrit

Sanjivani Nirman Sewa , was also lowest evaluated for package DRILP /Bajura MT/NCB/01 but failed to meet combined requirement for average annual construction turn over(AACT) . Therefore, we agree that larger package should be awarded to the bidder" भनी ठूलो प्याकेज नं.६ Award गर्न ADB को १८ जुलाई २००८ को पत्रले सहमति प्राप्त भै ठेक्का बन्दोबस्त भएको । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा (१) मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा यो ऐन बमोजिमको खरिद प्रक्रिया अपनाउनुपर्ने छैन भन्ने व्यवस्थाको देहायको खण्ड (ख) मा नेपाल सरकार र दातृ पक्षबीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (Procurement Guidelines) अनुरूप खरिद गर्न परेमा भन्ने पनि उल्लेख भएको DRILP सञ्चालन गर्न नेपाल सरकार र ADB बीच २००४ अक्टोबरमा भएको सम्झौतामा ADB को Procurement दफा अन्तर्गत ऋण सहयोग रकमबाट सामान, सेवा खरिद गर्दा र निर्माण कार्य गर्दा ADB को Guideline for Procurement को पालना गर्नुपर्ने त्यस्तै सोही दफामा Prequalification Selection and Engagement of contractors will be subject to ADB Approval भन्ने समेत उल्लेख भएको । ADB Procurement Guideline को दफा २.६३ मा where all bid price substantially exeeced the cost estimates , the borrower may, instead of calling for new bids, and after consultation with ADB, Negotiation with the lowest evaluated bidder for reduction of bid price " भन्ने उल्लेख भएको । यस अनुसार उपरोक्त ठेक्का नं. १ देखि ६ सम्मका ठेक्काहरू ADB सँग भएको सम्झौता बमोजिम ADB Procurement Guideline अनुरूप सिफारिस गरी सोही बमोजिम ADB बाट सहमति समेत प्राप्त भएको आधारमा उल्लेखित कार्य गरेको देखिएको मध्ये ठेक्का नं.४ को लागत अनुमानभन्दा बढीको बोलपत्र स्वीकृत गर्ने क्रममा घटाघट गराउँदा ठेकेदारसँग जिल्ला विकास समिति बाजुराले वार्ता नगरी केबल पत्राचार गरेको आधारमा मात्र घटाघट गराएको र ठेक्का नं. १ र ६ को लागि एउटै ठेकदारको बोलपत्र मात्र Lowest responsive bidder भएकोमा तोकिए अनुसारको दुवै ठेक्काका लागि Average Annual Construction Turnover (AACT) नपुगेको अवस्थामा ठेक्का नं. १ को लागत अनुमानभन्दा १५.३० प्रतिशत घटीको ठेक्का स्वीकार नगरी ठेक्का नं.६ को लागत अनुमानभन्दा १.८३ प्रतिशत मात्र घटीको बोलपत्र स्वीकार गरेको देखिँदा कम लागतमा निर्माण कार्य गराउन प्रभावकारी उपाय अबलम्बन गरेको नपाइएकोले आयोगको मिति २०६६।१२।१५ को निर्णय अनुसार आइन्दा यसतर्फ ध्यान दिन स्थानीय विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, विकेन्द्रित ग्रामीण पूर्वाधार जीविकोपार्जन सुधार कार्यक्रम (DRILP) र जिल्ला विकास समिति, बाजुरालाई ध्यानाकर्षण गराउन लेखी पठाइएको ।

(ट) शिक्षा मन्त्रालय अन्तर्गत

रत्नराज्य उच्च मा.वि. महादेवस्थान, बानेश्वरका सटर कवलहरू भाडामा दिँदा बिना प्रतिस्पर्धा एकल निर्णयको आधारमा भाडामा लगाएको र विद्यालयको तला थप गर्दा बिना प्रतिस्पर्धा ठेक्कामा दिएको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सांसद विकास कोष र जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकमबाट रु. १९,८२,११७५८ (भ्याट बाहेक) लागत इस्टिमेटमा विद्यालयको हल निर्माण कार्य गर्दा विद्यालयले मिति २०६६।०२।८ मा विद्यालयको लेटर प्याडमा सूचनाबाट दरखास्त आह्वान गरेको देखिएको तर उक्त सूचना कुनै पत्रिकामा प्रकाशित गरेको पाइएन । सार्वजनिक खरिद

ऐन, २०६३ को दफा १४ मा बोलपत्र आह्वानको सूचना राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा कुनै पनि सार्वजनिक निकायले रु.१० लाखभन्दा बढीको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट गराउनुपर्ने व्यवस्था रहेको । त्यसै गरी रु.१० लाखदेखि ६० लाखसम्मको निर्माण कार्यको लागि बोलपत्र दस्तुर रु.१०००।- लिनुपर्नेमा विद्यालयले जम्मा रु.३००।- मात्र लिएको देखिन आयो । उक्त विद्यालयले उक्त हल निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्थाको अवलम्बन गरेको नपाइएको तर हल निमार्ण भइसकेको हुँदा आयोगको मिति २०६६।७।१२ को निर्णय अनुसार रत्नराज्य उच्च माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति र प्राचार्यलाई सख्त ध्यानाकर्षण गराउन उक्त विद्यालय र जिल्ला शिक्षा कार्यालय, काठमाडौं समेतलाई लेखी पठाइएको ।

(ठ) सिंचाइ मन्त्रालय अन्तर्गत

१. पूर्वाञ्चल सिंचाइ विकास सव डिभिजन नं. ४ उदयपुर अन्तर्गत तावा सिंचाइ आयोजना निर्माणमा अनियमितता गरे भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पूर्वाञ्चल सिंचाइ विकास सव डिभिजन नं. ४ उदयपुर अन्तर्गत तावा सिंचाइ आयोजनामा ६९ मि. लामो कोरवाल निर्माण गर्ने गरी डिजाइन इस्टिमेट गरी सोही बमोजिमको निर्माण कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता भएकोमा खोलाको पानीको बहाबको गति (करेन्ट) बढी भएको कारण सो Corewall डिजाइन बमोजिमको लम्बाइको निर्माण कार्य गर्न नसकेको भन्ने देखियो । यसबाट खोला/नदीमा निर्माण गर्ने कार्यका लागि सम्बन्धित निर्माण कार्यमा अनुभव भएको फर्म/कम्पनीबाट गराउनुपर्नेमा उपभोक्ता समितिबाट गराएको र खोला नदीमा कुनै पनि निर्माण कार्य गर्दा सो खोला/नदीका सम्बन्धमा विस्तृत अध्ययनपश्चात मात्र सोमा निर्माण गरिने संरचनाको डिजाइन गर्नुपर्नेमा त्यसो गरेको नपाइएको हुँदा आयोगको मिति २०६६।९।१२ को निर्णय अनुसार प्रस्तुत विषयमा सिंचाइ मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

२. कान्तिपुर दैनिकको 'बिना टेण्डर करोडौंको काम' शीर्षकमा प्रकाशित समाचार सम्बन्धमा सिंचाइ विभाग अन्तर्गत सुनसरी मोरङ सिंचाइ आयोजनाको नहर झोलाहीका काममा कीर्ते उपभोक्ता समिति गठन गरी टेण्डर र कोटेसन आह्वान नगरी काम गराएर ४ करोडभन्दा बढी रकमको आर्थिक अनियमितता गरिएको यसमा आयोजना प्रमुख विनयकुमार सिंह सहितको संलग्नतामा नियम मिचेर कीर्ते समिति बनाइ नहर झोलाहीको काम गराएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा उपभोक्ता समितिलाई कानूनको परिपालना गराउने कर्तव्य र दायित्व आयोजना प्रमुखको रहेको तर त्यस्तो कानूनको परिपालना गराएको नदेखिएको हुँदा आयोजना प्रमुख विनयकुमार सिंहलाई अब उप्रान्त त्यस्तो नगर्न सख्त ध्यानाकर्षण गराउन आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार सिंचाइ विभागलाई लेखी पठाइएको ।

परिच्छेद - १०
सुझाव/निर्देशन

अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा २८ मा आयोगले आफ्नो काम कारबाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरूका आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने कानूनी व्यवस्था भए अनुरूप आर्थिक वर्ष २०६६/२०६७ मा आयोगले दिइएको सुझाव/निर्देशनको विवरण निम्नानुसार छ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. नेपाल चिया विकास निगम निजीकरण गर्दा व्यापकरूपमा भ्रष्टाचार गरेको र कम मूल्यमा सम्झौता गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन श्री ५ को सरकार र पुरुषोत्तमलाल संघईबीच मिति २०५७।३।१४ मा नेपाल चिया विकास निगम शेयर खरिद बिक्री र चिया बगान भाडामा लिने सम्बन्धमा सम्झौता भएकोमा सो सम्झौतामा रहेका completion date, निगमको सम्पत्ति, commencement date, भाडा कायम हुने मिति किटान नभएका जस्ता सम्झौतामा रहेका अस्पष्टताका कारण मिति २०६४।८।१२ मा पुनः पुरक सम्झौता गर्नुपर्ने अवस्था सृजना भएको र त्यसबाट नेपाल सरकारलाई हानी नोक्सानी समेत पर्न गएको देखियो। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएका उल्लिखित सम्झौताका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांश (ख) बमोजिम आयोगबाट थप कारबाही गर्न सकिने अवस्था नरहेको भए पनि भविष्यमा निजीकरण सम्बन्धमा नेपाल सरकारबाट हुने सम्झौताहरू निर्विवादित र त्रुटिरहित बनाउन तथा नेपाल चिया विकास निगमका सम्बन्धमा नेपाल सरकार र सम्बन्धित पक्षबीच निजीकरणका सम्बन्धी सम्झौतामा रहने अस्पष्टता, भाषागत समस्या आदि विविध कारणले सम्झौता कार्यान्वयनमा समस्या पर्ने तथ्यलाई हृदयङ्गम गर्दै तथा त्यस्तो सम्झौता गर्दा नेपाल सरकार तथा सर्वसाधारणको हित समेतलाई संरक्षण गर्न सम्झौतापत्रको भाषा सरल, स्पष्ट, बुझिने र दुई अर्थ नलाग्ने हुनुपर्ने तथा सम्झौताको एक प्रति नेपालीमा पनि तयार गर्ने, सम्झौता गर्नुपूर्व नै सरकारको आधिकारिक कानूनी सल्लाहकारबाट पर्याप्त कानूनी परामर्श (Legal consultancy) लिने परिपाटी बसाल्ने। चिया बगान व्यवस्थापन सम्झौता गर्ने दोश्रो पक्षलाई बुझाइसकेपछि पनि Completion date पूरा भएको नमानिने, Completion date पूरा नभई Commencement date शुरु नहुने भन्ने किसिमको त्रुटिपूर्ण सम्झौता भएको देखिँदा अब आइन्दा त्यस्तो हुन नदिई जे जे वस्तु, सम्पत्ति जिम्मा लगाइन्छ त्यस त्यसमा तत्कालै Completion date पूरा भएको मान्नुपर्ने शर्तहरू राख्नेतर्फ विचार पुऱ्याउने, सम्पत्ति Verification को समय अन्तराल धेरै भएकोले quality, quantity र Condition मा धेरै फरक पर्न गई सरकारलाई हानी नोक्सानी परेको देखिँदा सकभर छोटो अवधिमा नै verification गर्ने व्यवस्था मिलाउनेतर्फ ध्यान पुऱ्याउने। Completion Date कायम नभएसम्मको अवधिको व्यवस्थापन खर्च (Management Expenses) सरकारले लिने व्यहोर्ने भन्ने जस्ता शर्त देखिएकोले संस्थाको व्यवस्थापन, सञ्चालन, नियन्त्रण सुम्पिसकेपछि र भौतिक रूपमा सामान हस्तान्तरण गरेपछि पनि Completion Date कायम नभएसम्मको अवधिको व्यवस्थापन खर्च व्यहोर्ने भन्ने जस्ता

शर्तहरू राखी सम्झौता नगर्ने । भौतिक अवस्थितिले गर्दा एकै ठाउँबाट व्यवस्थापन गर्न कठिनाइ हुने र एक ठाउँको समस्या अन्य Estate मा पनि सर्ने सम्भावना देखिएकोमा एकै package मा राखी सम्झौता गर्ने, नगर्ने कुरामा विचार गर्ने, सम्झौतामा सरकारको तर्फबाट पूरा गर्न सकिने शर्तहरू मात्र राख्न उपयुक्त हुने विषयमा ध्यान पुऱ्याउने । नेपाल चिया विकास निगमको नाममा रहेको जग्गाको क्षेत्रफल यकिन गरी जग्गा भाडासम्बन्धी सम्झौता बमोजिम जग्गाको अनुपातमा भाडा समायोजन गर्दै जान जग्गाको नापजाँचको कार्य तुरुन्त प्रारम्भ गर्ने । निजीकरणको लागि सम्झौता भइसकेपछि अर्थ मन्त्रालयबाट सो को कार्यान्वयन गराउन पर्याप्त मात्रामा समयमै तदारुकता देखाउन नसकेको कारण नेपाल सरकारले शुरुको सम्झौता बमोजिमको फाइदा लिन सकेको पाइएन । यी अवस्था पुनरावृत्ति हुन नदिन मन्त्रालय सचेष्ट रहने तथा प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्ने, शेयर बिक्री सम्झौतामा उल्लेख भए बमोजिम ESOP (Employee Share Ownership Plan) लागू गर्न आवश्यक पहल गर्ने, शेयर संख्याको अनुपातको आधारमा सञ्चालक समितिमा सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने संख्या अझै कम भएको देखिँदा सो सम्बन्धमा पुर्नविचार गर्ने, शेयर खरिद बिक्री सम्झौतामा उल्लेख भए बमोजिम धुलाबारी स्थित निगमको परिसर र गोदाममा रहेको चियापत्ती लगायतका चल सम्पत्ति तुरुन्त लिलाम वा अन्य प्रक्रियाद्वारा बेचबिखन गरी सरकारी कोषमा रकम दाखिला गराउने । दोश्रो सम्झौता अनुरूपको प्रतिवर्ष बुझाउनुपर्ने भनिएको रु. ४० लाख पनि बुझाएको नदेखिएकोले सो उपर मन्त्रालयले समयमा आवश्यक कारबाही चाल्ने । नेपाल सरकारको सहमति बिना निगमको सम्पत्ति र बगानको जग्गा कुनै पनि प्रयोजनको लागि धितोमा राख्न नपाउने व्यवस्था गर्ने विषय कार्यान्वयनका लागि आयोगको मिति २०६६।४।३० को निर्णय अनुसार अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

२. मिति २०६६।५।३१ गते युनाइटेड विल्डर्स एण्ड इन्जिनियर्सलाई कर्जा प्रवाह गर्दा अनियमितता भएको भनी पर्न आएको उजुरी उपर अनुसन्धान हुँदा युनाइटेड विल्डर्स एण्ड इन्जिनियर्सलाई विभिन्न किसिमका रु.१०,३०,००,०००।- कर्जा स्वीकृति गर्ने गरी सञ्चालक समिति स्तरीय कर्जा समितिबाट मिति २०६४।१०।१८ मा निर्णय भएको र सो ऋण बापत विभिन्न शीर्षकको ऋणमा भिन्न भिन्न सुरक्षण राख्नुपर्ने निर्णय गरेको समेत देखिन आयो । विभिन्न शीर्षकका ऋणमा भिन्न भिन्न सुरक्षण राख्ने गरी भएको निर्णयमध्ये केही ऋण बैंकको कर्जा निर्देशिका २०६० बमोजिम नै भएको देखियो । यसै गरी ऋणको सावाँ ब्याज चुक्ता भै धितो समेत फुकुवा पनि भइसकेको पाइयो । अतः यस विषयमा मिति २०६४।१०।१८ मा सञ्चालक समितिबाट ऋण स्वीकृत गर्दा बिड बण्डमा Policy deviation गरी ५% मात्र सुरक्षण लिने निर्णय गरेको र एल.सी. मा समेत नीतिगत परिवर्तन गरी (Policy deviation) निर्णय गरेको देखिन्छ । तर त्यसो गर्नुपर्ने वस्तुनिष्ठ आधार भने निर्णयबाट देखिँदैन । अतः निर्देशिकाले स्पष्ट रूपमा व्यवस्था गरेको विषयमा निर्देशिकाको व्यवस्था पूर्ण पालना गर्ने गराउने व्यवस्था गर्ने । प्रतितपत्र कारोबार गर्ने सन्दर्भमा Revolving प्रकृतिको प्रतितपत्रको कारोबार गर्दा समय अवधिको स्पष्ट किटानी र प्रथम पटक प्राप्त हुन आएको प्रतितपत्र चुक्ता भएपछि दोस्रो पटकको र एवं रीतले तेस्रो र चौथो पटकसम्म कारोबार हुनुपर्नेमा प्रतितपत्र सृजना हुँदाको बखत प्रतितपत्रको शर्तमा उल्लेख नगरेको र उपरोक्त प्रतितपत्र केन्द्रीय कार्यालय ट्रेजरी विभागमा प्राप्त भएपश्चात पनि उक्त शर्त राख्नुपर्ने विषयमा ट्रेजरी विभागको समेत ध्यान नपुगेको कारण स्वीकृत सीमाभन्दा बढी कारोबार भएको

देखिएकोले आयोगको मिति २०६६।५।३१ को निर्णय अनुसार आइन्दा यस किसिमको त्रुटि हुन नदिने तर्फ सतर्कता अपनाउन सम्बद्ध व्यक्तिहरूलाई ध्यानाकर्षण गराई राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयलाई निर्देशनको लागि लेखी पठाइएको ।

३. रु.६० करोडभन्दा बढी विभिन्न वाणिज्य बैंकहरूको ऋण बाँकी रहेको स्पेस टाइम नेटवर्क प्रा.लि.लाई नेपाल राष्ट्र बैंकका उच्चपदस्थ कर्मचारीको सहयोगमा कालोसूचीमा राख्न नदिएको र हाल घाटामा गएको उक्त संस्थालाई कर्मचारी संचय कोषका उच्चपदस्थ कर्मचारीको संलग्नतामा केही वाणिज्य बैंक समेत मिली रु.२४ करोड ऋण प्रवाह गर्न कर्मचारी संचय कोष ऋण शाखामा ऋण प्रवाह गर्न नमान्ने कर्मचारीलाई परिवर्तन गरी रु.१ करोड १२ लाख घूस खाई निर्णय गरिएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा राष्ट्रिय वाणिज्य बैंक समेतको संलग्नतामा नेपाल बंगलादेश बैंकको अगुवाइमा स्पेस टाइम नेटवर्क प्रा.लिमिटेडलाई लगानी गरिएको सहवित्तीयकरण ऋण असुल नभै धितो राखिएको श्रीमती अञ्जली साहको नाममा दर्ता कायम रहेको का.म.न.पा वडा नं ३४ बानेश्वर स्थित कि.नं. १८८ र १९० को कुल क्षेत्रफल २-१३-३-१ रोपनी जग्गा र सो मा निर्मित घर भवन टहरा एवं सो मा स्टुडियो खडा गरी स्पेस टाइम्स नेटवर्क प्रा.लि.द्वारा स्थापित सञ्जाल प्रणाली (Network System) को लागि जडान गरिएका प्रसारणसम्बन्धी सम्पूर्ण मेसिनरी यन्त्र उपकरण आदि र लिलाम गर्न सूचना प्रकाशित गर्दा केवल टेलिभिजन नेटवर्क अफ नेपाल प्रा.लिमिटेड बानेश्वर काठमाडौंले रु. ८ करोड ५४ लाखमा लिन बोलकबोल गरेकोमा प्राप्त लिलाम बोलकबोल रकम उक्त कम्पनीसँग लिईने अनुपातमा निक्कै कम भएकोले मिति ०६६।४।१९ को सहवित्तीयकरण बैठकले उक्त बोलकबोल रद्द गर्ने निर्णय गरेको पाइयो । ऋण नतिर्ने तर कम्पनी सञ्चालन गरिरहँदा मेसिनरीको मूल्य घट्दै जाने हुँदा उक्त अचल सम्पत्ति तीन महिनाभित्र लिलाम बिक्री गरी नपुग रकम असुल गर्न सम्बन्धित निकायमा उजुर/नालेस गर्ने लगायतका कार्यहरू गर्न आयोगको मिति २०६६।६।१९ को निर्णय अनुसार नेपाल बंगलादेश बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकलाई लेखी पठाइएको ।

४. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचरमा भएका व्यवस्थापन लगायत विभिन्न किसिमका अनियमितताका विषयमा उक्त कार्यालयका साथै भन्सार कार्यालय, अध्यागमन कार्यालय, श्रम कार्यालय समेतमा गई आवश्यक जाँचबुझ गरी यसअघि आयोगबाट भएका निर्देशनहरूको अनुगमन समेत गरी प्रतिवेदन पेश गर्न आयोगबाट एक टोली खटाइएकोमा सो टोलीले पेश गरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वस्तुस्थिति बारेको स्थलगत अध्ययन प्रतिवेदनका सन्दर्भमा आयोगबाट सम्बद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसँग आयोगमा छलफल गरियो । सो छलफल एवं स्थलगत अध्ययन प्रतिवेदनबाट नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखियो । गत वर्ष आयोगको मिति २०६५।९।१७ को निर्णयको कार्यान्वयन पूर्णरूपमा भएको पाइएन । विमानस्थलमा देखिएका विद्यमान कमजोरीहरूमा सुधार नगरिएमा त्यसले सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा समेत प्रतिकूल असर पर्ने र अख्तियार दुरुपयोग समेत हुन सक्ने देखिन्छ । अतः यी समस्याहरू समयमै निरूपण हुन जरुरी देखिएको हुँदा आगमनको यात्रु कक्षबाट निजी प्रयोग (झिटी गुण्टा भारी नियम) को बाहेक व्यापारिक प्रयोगका सामानहरू यदाकदा ल्याउने

गरेको बुझियो । व्यापारिक प्रयोगका तथा निजी प्रयोगका नियमभन्दा माथिका सामानहरू कार्गो कम्प्लेक्सबाट मात्रै पास गर्न पर्नेमा यात्रु कक्षबाट पास गराउने गरिएको तथा गोदामबाट सामान व्यापारीहरूले बाहिर निकाल्ने क्रममा पोल खुल्ने अवस्था भएमा मात्र राजस्व तिर्ने, अवरोध नआएमा केहीमा प्रज्ञापनपत्र फेरेर न्यूनतम् भन्सार महसुल तिर्ने गरेको भन्ने स्थलगत अध्ययनका क्रममा सेवाग्राही, व्यापारीबाट जानकारी हुन आएकोले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको यात्रु कक्षमा प्राप्त भएका नियमभन्दा बढीका व्यापारिक वा निजी प्रयोगका सामान यात्रुकक्षबाट राजस्व नलिई Cargo Complex मा पठाउने र Cargo Complex मा कर्मचारीको मिलेमतोबाट न्यूनतम भन्सार महसुल तिर्ने परिपाटीलाई हटाउने । विमान स्थलमा मनी एक्स्चेन्ज गरेपछि अनिवार्यरूपमा रसिद दिने व्यवस्था गर्ने । विमानस्थलमा सञ्चालित मनी एक्स्चेन्ज तथा बैंकहरूका विनिमय दर र मिति डिजिटल माध्यम तथा अन्य तवरबाट स्पष्ट बुझिने गरी राख्ने । प्रस्थानतर्फ सुरक्षाका विभिन्न निकायहरूले स्क्रीनमा ड्युटी गर्ने तर आगमनतर्फ भन्सारले मात्र हेर्ने हुँदा विभिन्न प्रकारका विस्फोटक पदार्थ एवं लागू औषधहरू समेतको पहिचान गर्न नसक्ने भई राष्ट्रिय सुरक्षामा समेत गम्भीर समस्या आउन सक्ने हुँदा स्थितिको पहिचान गरी आवश्यकता अनुसार आगमनतर्फ त्रुटिरहित लगेज चेकजाँच गर्ने व्यवस्था लगायत सुरक्षाको पूर्ण प्रत्याभूतिका लागि आवश्यक प्रबन्ध गर्ने र प्रस्थानतर्फ समेत भन्सारलाई सहभागी गराउने । सम्भव भएसम्म सबै क्षेत्रमा सामान्य अंग्रेजी भाषा बोलचाल गर्न सक्ने कर्मचारीहरू खटाउने व्यवस्था गर्ने । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र अवस्थित कार्यालयहरूबीच समन्वयको अभाव देखिँदा प्रभावकारी रूपमा समन्वय कायम गर्न आयोगको मिति २०६६।७।६ को निर्णय अनुसार अर्थ मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

५. त्रिमूर्ति गार्मेन्ट इन्डष्ट्रिजको तर्फबाट दिइएको धितोलाई राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालय विशाल बजार शाखाका कर्मचारीहरूको मिलेमतोमा त्रिदेव गार्मेन्ट इन्डष्ट्रिजका नाममा खोलिएको एओसी कर्जा धीतो लिलामका निम्ति सूचना प्रकाशन गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा कतिपय वाणिज्य बैंकहरूले आफूले लगानी गरेको ऋण रकम असुली गर्ने प्रक्रियामा सो को लागि राखिएको धितो लिलामीको प्रक्रिया पूरा नगरी सोझै ऋण असुली न्यायाधिकरणमा उजुरी निवेदन गर्ने प्रवृत्ति हावी देखिएकाले अब आइन्दा धितो राखिएको वस्तु लिलाम प्रक्रिया पूरा गरी त्यसबाट असुल उपर हुन नसकेको हकमा मात्र ऋण असुली न्यायाधिकरणमा निवेदन गर्नु उपयुक्त हुने भएकाले सो बमोजिम गराउन सबै वाणिज्य बैंकहरूलाई निर्देशन दिन आयोगको मिति २०६६।१०।२४ को निर्णय अनुसार नेपाल राष्ट्र बैंकलाई लेखी पठाइएको ।

६. पूर्वाञ्चल ग्रामीण विकास बैंक औरावनी शाखाको जिम्मामा रही खाता सञ्चालन हुने चेक (नम्बर NL ३३८२८२५१ देखि NL ३३८२८२७५ सम्म) को नेपाल बैंक लिमिटेड दुहवी शाखाले जारी गरेको चेकबुकमध्येबाट अर्धकट्टीसहित NL ३३८२८२७५ नम्बरको चेक थुती लिई मिति २०६३।४।२९ मा विन्देश्वरप्रसाद शर्माले रु.४७,४९३।- भुक्तानी पाउने गरी खिचिएको चेकबाट मिति २०६३।४।३० मा रोशन शर्माले भुक्तानी लिई बैंकलाई हानी नोक्सानी पुऱ्याउने गरी रकम अपचलन गरेको सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन प्रबन्धक प्रेमलाल चौधरी तथा एकाउण्टेण्ट खेमचन्द्र न्यौपानेले आफ्नो पदको

प्रकृति अनुसार पालन गर्नुपर्ने काम, कर्तव्य पालन नगरेको देखिँदा निजहरूलाई सतर्कता अपनाउन र बैंकमा रकम अपचलनको घटनाको निराकरणका लागि आर्थिक कारोबारको हरहिसाब Manually राख्ने गरेको हुँदा रकम अपचलनको घटना बारम्बार दोहोरिन सक्ने भएकोले सोको निराकरणका लागि बैंकको कारोबार कम्प्युटरकृत गर्नुपर्ने, बैंकको आर्थिक हरहिसाबको जिम्मेबारी पाएका अधिकारीको कार्य विवरण स्पष्ट पार्नुका साथै कुनै प्रकारको कारोबारमा कुनै हानी नोक्सानी वा अपचलन भएमा सो को सम्बन्धमा क-कसले कति कति प्रतिशत भार जोखिम व्यहोर्ने हो स्पष्ट किटानी हुनुपर्ने । चेक र नगदको सुरक्षाका लागि पदीय हिसाबले तोकिएका व्यक्ति बाहेक आर्थिक कारोबार हुने स्थानमा अन्य व्यक्ति वा कर्मचारीहरूको पहुँचलाई निरुत्साहित गर्नुपर्ने, बैंकले आर्थिक दायित्व सृजना नहुने गरी कुनै सम्पत्ति प्राप्त गरेकोमा सो को अभिलेख अनिवार्य रूपमा राख्नुपर्ने व्यवस्था मिलाउनुपर्ने । चेक र नगद जस्तो आर्थिक पक्षसँग सम्बन्धित सम्पत्ति एवं कागजात अनिवार्य रूपमा गन्ती गरी बरबुझारथ गर्ने गराउने व्यवस्था गर्नुपर्ने र बैंकले अनियमित तवरले कर्जा पुनर्संरचना वा पुनर्तालिकीकरण गरेको तथा नियमानुसार कर्जा नोक्सानी व्यवस्था नगरेको सम्बन्धमा नेपाल राष्ट्र बैंकले पूर्वाञ्चल ग्रामीण विकास बैंकको निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन गरी आवश्यक कारबाही गर्ने र सो को जानकारी आयोगलाई गराउन आयोगको मिति २०६६।१२।५ को निर्णय अनुसार पूर्वाञ्चल ग्रामीण विकास बैंक र नेपाल राष्ट्र बैंकलाई लेखी पठाइएको ।

७. नेपाल विकास बैंक लिमिटेडले मिति २०६५/११/२८ देखी २०६६/१/६ सम्म निष्कासन गरेको हकप्रद शेयरमा संस्थापक शेयरधनीले भाग नलिएको सम्बन्धमा पर्न आएको उजुरी उपर अनुसन्धान हुँदा नेपाल विकास बैंक लिमिटेडले मिति २०६५/११/२८ देखि २०६६/१/६ सम्म निष्कासन गरेको हकप्रद शेयर बापत संकलित रकमको शेयर बाँडफाँड नगरी हालसम्म NIDC Capital Market मै यथास्थितिमै रहेको र शेयर लगानीकर्ताहरूको शेयर बाँडफाँड नहुँदैको अवस्थामा उक्त बैंक खारेज प्रक्रियामा गइसकेको देखिएकोले पुँजीकृत भई नसकेको उक्त संकलित रकम शेयर लगानीकर्ताहरूलाई नै नियमानुसार फिर्ता दिने व्यवस्था गर्न गराउनको लागि आयोगको मिति २०६७।२।६ को निर्णय अनुसार नेपाल राष्ट्र बैंक तथा नेपाल धितोपत्र बोर्डलाई लेखी पठाइएको ।

८. आयोगको बैठकमा गैरबजेटरी रकम खर्च गर्न लागेको सम्बन्धमा विभिन्न पत्रपत्रिका समेतमा प्रकाशित समाचारहरू उपर छलफल हुँदा आर्थिक वर्षको अन्ततिर (आषाढ महिनामा) स्थानीय विकास मन्त्रालय अन्तर्गत जनसहभागितामा आधारित कार्यक्रममा विभिन्न रकम निकासा गरिएको, त्यस्तै भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत विभिन्न प्राथमिकता प्राप्त सडक आयोजनाहरूबाट रकमान्तर गरी ठूलो रकम आफूखुसी अन्य सडक परियोजनामा खर्च गर्न लागिएको र राष्ट्रिय योजना आयोग अन्तर्गत विशेष क्षेत्र विकास कार्यक्रममा आफूखुसी विभिन्न आयोजनाहरूमा रकम निकासा गर्न लागेको समेतका विषयहरूमा विभिन्न स्रोतबाट आयोगमा जानकारी प्राप्त भई तत्सम्बन्धी समाचारहरू समेत प्रकाशित भएकोमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले यसअघि मिति २०६६।८।१ मा आर्थिक वर्षको अन्तमा आएर ठूलो रकम विभिन्न आयोजनाहरूको नाममा निकासा दिनु स्वस्थ परम्परा भन्न नमिल्ने हुँदा अब उप्रान्त यस्तो कार्यलाई निरुत्साही गर्न अर्थ मन्त्रालयलाई लेखी पठाउने निर्णय गरिसकेको सन्दर्भ समेतलाई हेर्दा जनसहभागितामा आधारित कार्यक्रमहरू, विभिन्न

प्राथमिकता प्राप्त सडक आयोजनाहरूबाट आफूखुसी कार्यक्रम तयार गरी रकमान्तर गर्ने गराउने कार्यहरू र विशेष क्षेत्र विकास कार्यक्रम अन्तर्गत आफूखुसी विभिन्न आयोजनाहरूमा रकम निकासा गराउने कार्यहरूलाई नियमित र कानूनसम्मत मान्न सकिँदैन । अत: आर्थिक वर्षको अन्त हुन लागेको र विगत वर्षहरूमा पनि यस्ता खर्चहरूमा पारदर्शिता नभई अनियमितता हुन गई दुरुपयोग भएको देखिएकोले त्यस्ता किसिमका आयोजनाहरूमा रकम निकासा नगर्न नगराउन र खर्च नगर्न नगराउन आयोगको मिति २०६७।३।१ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय र अर्थ मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

(ख) उद्योग मन्त्रालय अन्तर्गत

१. नेपाल खाद्य संस्थानको स्वामित्वमा रहेको झापा अनारमनी स्थित बिर्तामोडमा रहेको १४,१५ करोड रुपैयाँ मूल्य पर्ने एक बिगाह जग्गा, जम्मा रु.४ करोड ४० लाख न्यूनतम मूल्यांकन गराई, मिलेमतो गरी केही व्यक्तिहरूले मात्र बोलपत्र दर्ता गराई नेपाल सरकारलाई करोडौंको क्षति गराउन लागेकाले सो टेण्डर प्रक्रिया बदर गराई पुन: प्रक्रियाको आदेश गराई पाऊँ भनी प्राप्त उजुरी उपर अनुसन्धान हुँदा नेपाल खाद्य संस्थानको स्वामित्वमा रहेको झापा अनारमनी वार्ड नं. ३ बिर्तामोडमा रहेको कि.नं. ५०९ र ५१२ को उक्त एक बिगाह जग्गा अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखाको मिति २०६३।१।२९ को परिपत्र अनुसार संस्थानको ऋण तिर्ने प्रयोजनका लागि लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाएको । सो बमोजिम जग्गा बिक्री गर्नका निमित्त प्र.जि.अ.को संयोजकत्वमा रहेको मूल्यांकन उपसमितिले मिति २०६४।१।५ मा उक्त जग्गाको रु.२२ लाख प्रति कट्ठा (जम्मा रु.४ करोड ४० लाख) निम्नतम मूल्य कायम गरिएको । जग्गाको मूल्यांकनपश्चात: सञ्चालक समितिको मिति २०६५।४।३० को निर्णय अनुसार वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट अर्थ मन्त्रालयको सहमति प्राप्त गरी मिति २०६६।१।२१ को पत्रले लिलाम बिक्री गर्न सहमति प्रदान गरिएको र सोही बमोजिम २०६६।१।२५ मा न्यूनतम मूल्य समेत खोली लिलाम बिक्रीको लागि बोलपत्र आह्वान गरी गोरखा पत्रमा सूचना प्रकाशित गरिएको । उक्त सूचना बमोजिम अन्तिम दिनसम्ममा जम्मा १२ वटा बोलपत्रहरू दर्ता हुन आएको । रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मिति २०६६।२।२४ मा बसेको बोलपत्र मूल्यांकन समितिले खोली सबैभन्दा बढी रु. ५ करोड ११ लाख कबोल गर्ने जलेश्वर हाउजिङ, काठमाडौं देखिएको व्यहोरा जनाई अञ्चल कार्यालय मेचीले नेपाल खाद्य संस्थान केन्द्रीय कार्यालयमा आवश्यक कारबाही गर्नका लागि लेखी पठाएको । उक्त जग्गा मूल्यांकन भएको मिति २०६४।१।५ बाट १५ महिना ढिला गरी मिति २०६५।४।३० मा सञ्चालक समितिको बैठक बसी लिलाम बिक्रीको प्रक्रिया थालनी गरिएको र त्यसको ९ महिनापश्चात मात्र वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट सहमति प्राप्त गरी टेण्डर प्रक्रिया शुरु गरिएको देखिन्छ । यसरी मूल्य परिवर्तन भइरहने ठाउँको मूल्यवान जग्गा बिक्री गर्दा १५ महिनाअघि गरिएको मूल्यांकनलाई आधार लिई लिलाम बिक्री गर्न खोजिएको कार्य त्रुटिपूर्ण देखिन आयो । यस अवधिमा उक्त जग्गाको मूल्य निक्कै वृद्धि भएको तथ्यलाई मध्यनजर राखी आयोगले सो जग्गाको हाल चलनचल्तीको मूल्य के कति छ भनी प्रमुख जिल्ला अधिकारी झापालाई सोधनी गरी पठाउँदा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा मिति २०६६।४।१४ मा बसेको बैठकले हाल चलनचल्तीको मूल्य प्रतिधुर ३ लाख २५

हजार (प्रति कट्ठा ६५ लाख र जम्मा जग्गाको रु. १३ करोड) रहेको मूल्यांकन गरी पठाएको देखिन्छ । यस प्रकार नेपाल बैंक लिमिटेड र सिटिजन्स बैंकको ऋण तिर्न भनी उक्त जग्गा बिक्री गर्नका लागि नेपाल खाद्य संस्थानले चलाएको कारबाहीमा मूल्यांकन गरिएको अवधि र हालको मूल्यांकनमा ठूलो अन्तर देखिएको । हालको मूल्यांकन अनुसार गर्दा संस्थानको ऋण चुक्तामा उल्लेख्य योगदान पुग्ने समेत देखिँदा बिक्री हुने जग्गाको मूल्यांकन बाहेक अन्य कानूनी प्रक्रियामा कुनै त्रुटि नदेखिए पनि २०६० सालमा कायम भएको मूल्यांकनलाई नै २०६४ सालमा पनि कायम गरेको प्रति कठ्ठा रु २२,००,०००।-(बाइस लाख) लाई न्यूनतम मूल्य मानी २०६६ सालमा टेण्डर गर्ने कार्यले न्यूनतम मूल्य निर्धारण प्रक्रिया त्रुटिपूर्ण देखियो । आयोगको आदेशानुसार २०६६।४।१४ मा कायम गरिएको चलनचल्तीको न्यूनतम मूल्य प्रतिधुर रु. ३ लाख २५ हजार (प्रतिकट्ठा ६५ लाख) देखिन आयो । बढी अंक कबोल गर्ने जलेश्वर हाउजिङलाई आयोगमा बयान गराउदा हाल कायम हुन आएको प्रतिकठ्ठा रु. ६५ लाख मै खरिद गर्न मन्जुर भएको पाइएबाट संस्थानको बृहत्तर आर्थिक हितलाई ध्यानमा राखी हाल मूल्यांकन भै आएअनुसारको रकम प्रतिकट्ठा रु.६५ लाख भन्दा कम नहुने गरी बिक्री गर्न आयोगको मिति २०६६।४।२३ को निर्णय अनुसार नेपाल खाद्य संस्थानको सञ्चालक समितिलाई निर्देशनका लागि लेखी पठाइएको ।

२. नेपाल औद्योगिक विकास निगमको स्वामित्वमा रहेको हिमाल सिमेण्ट उद्योग काठमाडौं चोभारस्थित सम्पत्ति दुई वर्षअगाडि ४६ करोड रुपैयाँ मूल्यांकन गरिएको भए पनि हाल मन्त्रालयको दबाबमा व्यवस्थापन पक्षले रु .१६ करोड मात्रमा बिक्री गर्न प्रक्रिया अगाडि बढाएको छ भनी नागरिक दैनिक पत्रिकामा प्रकाशित समाचारका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल औद्योगिक विकास निगम लिमिटेडले आफ्नो शेयर लगानी रहेको काठमाडौं चोभारस्थित हिमाल सिमेण्ट कम्पनी लिमिटेडको ऋण सुरक्षण बापत धितोमा रहेको सम्पत्तिहरू कब्जा गरी असुली गर्ने सिलसिलामा पटक पटक टेण्डर सूचना प्रकाशित गरी बिक्री प्रक्रिया अघि बढाएको तर सम्पत्ति मूल्यांकनको अनुपातमा न्यून रकम मात्र बोलपत्रमा कबोल भएकाले टेण्डर रद्द गरेको । सम्पत्तिहरूको मूल्यांकन वि.सं. २०६१ साल तथा २०६२ सालमा गरी सोही मूल्यांकनको आधारमा लिलाम बिक्री गर्न लागेको देखिएकोले अब जुन आ.व. मा अचल सम्पत्ति (घर जग्गा) लिलाम बिक्री गर्ने हो सोही आ.व. मा भएको मूल्यांकनको आधारमा मात्र लिलाम प्रक्रिया सुरु गर्न आयोगको मिति २०६६।६।६ को निर्णय अनुसार नेपाल औद्योगिक विकास निगमलाई लेखी पठाइएको ।

३. घरेलु तथा साना उद्योग विकास समितिले विगतमा तोकेको भरमा करार तथा अस्थाई नियुक्ति पाएका कर्मचारीहरू तथा आफन्तहरूलाई स्थायी जागिर दिने उद्देश्यले कर्मचारी सेवा शर्त नियमावली विपरीत धेरै समूहहरू बनाई सीमित पदपूर्तिको विज्ञापन प्रकाशित गरेकोले सो विज्ञापनलाई रद्द गरी सबैले प्रतिस्पर्धा गर्न पाउने गरी पुनः विज्ञापन गराई पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा घरेलु तथा साना उद्योग विकास समितिको मिति ०६५।१२।३ मा बसेको ११४ औं बैठकबाट कुल रिक्त पदको ६० प्रतिशत बढुवा, आन्तरिक प्रतियोगिता तथा खुल्ला प्रतियोगिताबाट ४० प्रतिशत दरबन्दी पूर्तिको लागि विशेष व्यवस्था गरी विनियमावली संशोधन गर्ने भनी गरेको निर्णयलाई उद्योग मन्त्रीस्तरको मिति ०६५।१२।३१ को निर्णयबाट दिइएको स्वीकृति अनुसार घरेलु तथा साना उद्योग विकास समितिबाट सीमित प्रतियोगिताका आधारमा

पदपूर्ति गर्ने गरी विज्ञापन प्रकाशित गरेको देखियो । सीमित प्रतियोगिताका आधारमा पदपूर्ति गर्ने गरी भएको यस्तै प्रकृतिको राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशित विज्ञापनका सम्बन्धमा मिति ०६६।१०।७ मा सर्वोच्च अदालतको विशेष इजलासबाट फैसला हुँदा नेपालको अन्तरिम संविधानको धारा १८ द्वारा प्रदत्त रोजगारी प्राप्त गर्ने नेपाली नागरिकको हक, धारा १२(३) को खण्ड च बमोजिम पेशा, रोजगार गर्ने स्वतन्त्रता तथा धारा १३ द्वारा प्रदत्त समानताको हकमाथि समेत अनुचित बन्देज लगाएकोले संविधानसँग बाझिएको देखिँदा नेपालको अन्तरिम सविधान २०६३ को धारा १०७ को उपधारा (१) बमोजिम पदपूर्ति गर्ने विशेष व्यवस्था गरिएको संशोधित नियम बदर गरी त्यस्तो नियम बमोजिम सीमित प्रतिस्पर्धाबाट पदपूर्ति गर्न भनी प्रकाशित सूचना समेत संविधान प्रतिकूल देखिँदा संविधानको धारा १०७ को उपधारा (२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरेको हुँदा घरेलु तथा साना उद्योग विकास समितिबाट पनि नियम संशोधन गरी सीमित प्रतियोगिताको आधारमा पदपूर्ति गर्ने भनी गरेको निर्णय नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त समानताको हक विपरीतको देखिएकोले उक्त निर्णय बमोजिम गरिएको विज्ञापन रद्द गर्न र संविधानसँग बाझिएको संशोधित कानूनी व्यवस्था खारेज गर्न आयोगको मिति २०६७।१।१४ को निर्णय अनुसार घरेलु तथा साना उद्योग विकास समितिलाई लेखी पठाइएको ।

(ग) ऊर्जा मन्त्रालय अन्तर्गत

१. नेपाल विद्युत प्राधिकरणको विज्ञापन नं. २०६३।०६४ प्र.३/२ तह ३ प्रशासन सेवा लेखा समूहको २०६६।६।८ मा निर्णय भै २०६६।६।१० मा गोरखापत्रमा प्रकाशित नतिजा सम्बन्धमा अनियमितता भएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा अब उप्रान्त निश्चित कामको लागि व्यक्ति करार नभई सेवा करार लिने व्यवस्था मिलाउने, प्राधिकरणको लागि आवश्यक पर्ने जनशक्तिको खुल्ला विज्ञापन गराई लिखित परीक्षा र अन्तर्वार्ताबाट मात्र छनौट गर्ने व्यवस्था मिलाउने, लिखित परीक्षा र अन्तर्वार्ता प्राधिकरण आफैंले सञ्चालन नगरी स्टाफ कलेज जस्ता तटस्थ निकायबाट गराउने व्यवस्था मिलाउने, अब उप्रान्त कुनै पनि नाममा कुनै पनि कारण देखाएर ज्यालादारी, करार, अस्थायी वा अन्य कुनै नामबाट बिना प्रतिस्पर्धा कर्मचारी भर्ना गरी प्राधिकरणलाई अनावश्यक बोझ बोकाएमा त्यस्तो आदेश दिने वा निर्णय गर्ने वा कार्यान्वयन गर्ने व्यक्तिबाट नियुक्ति पाउनेले खाएको तलब भत्ता असुल उपर गर्न आयोगको मिति २०६६।७।१६ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिलाई लेखी पठाइएको ।

२. नेपाल विद्युत प्राधिकरण अन्तर्गत तह ५ बाट तह ६ मा कर्मचारी बढुवा गर्दा शैक्षिक योग्यता फरक फरक तोकी विज्ञापन गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा नेपाल विद्युत प्राधिकरण अन्तर्गतका विभिन्न प्राविधिक पदहरूमा तह ५ बाट तह ६ मा बढुवा हुनका लागि मिति ०६२।११।२१ भन्दा अगाडि नियुक्ति भएका प्राविधिक कर्मचारीहरूका लागि प्रवेशिका परीक्षा उत्तीर्ण भए पुग्ने र सो मिति पश्चात नियुक्ति भएकाका हकमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण भएको हुनुपर्ने गरी मिति ०६४।३।३१ मा नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली २०६२ लाई संशोधन गरेको देखियो । उक्त मिति ०६२।११।२१ भन्दा अगाडि नियुक्ति भएका कर्मचारीहरूलाई विशेष सहुलियत दिई नियमावलीमा विभेदकारी प्रावधान राखेकोले त्यस्तो विभेदकारी प्रावधान खारेज गरी नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली २०६२ संशोधन गर्न नेपाल विद्युत

प्राधिकरण सञ्चालक समितिलाई आयोगको मिति ०६६।३।८ को बैठकको निर्णयानुसार लेखी पठाइएको देखियो । सञ्चालक समितिको मिति ०६५।१२।३० को ५१८ औं बैठकबाट तह ५ बाट तह ६ मा बढुवा पाउन प्राविधिक/प्रशासन सबै पदका लागि प्रवेशिका परीक्षा उत्तीर्ण भए पुग्ने गरी नियमावलीको संशोधन भएको समेत पाइयो । तह ६ अधिकृत स्तरको पद भएको र सो पदमा बढुवा हुन प्रवेशिका परीक्षा उत्तीर्ण भए पुग्ने संशोधित व्यवस्थाले संस्कृतमा भारतको विहारबाट एस.एल.सी. सरहको परीक्षा उत्तीर्ण गरेको व्यक्ति मेकानिकल इन्जिनियर पदमा पदोन्नति भएको समेत पाइयो । यस्तो व्यवस्थाले नेपाल विद्युत प्राधिकरण जस्तो विशिष्टीकृत सेवा प्रदान गर्ने राज्यको अंग फितलो रूपमा सञ्चालित हुन पुगेको देखियो । तसर्थ राज्य सञ्चालनको प्रमुख भूमिका रहेको निजामती प्रशासनलाई सञ्चालन र व्यवस्थित गर्न बनेको निजामती सेवा ऐनको प्रावधान प्रतिकूल समेत हुने गरी भएको उक्त संशोधन बान्छित भन्न नसकिने हुँदा नेपाल विद्युत प्राधिकरण अन्तर्गतका तह ५ बाट तह ६ मा बढुवा हुन सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तहको शैक्षिक योग्यता आवश्यक हुने गरी नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ लाई संशोधन गर्न र भैसकेका विज्ञापनहरूमा समेत सम्बन्धित विषयमा आई.ए. वा सो सरहभन्दा कम योग्यता भएका व्यक्तिलाई छैठौं तहमा पदोन्नति नगर्न र विनियमावली संशोधनको जानकारी ३ महिनाभित्र आयोगमा पठाउन आयोगको मिति २०६६।५।१ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिलाई लेखी पठाइएको ।

३. मध्यमर्स्याङदी जलविद्युत परियोजनाको निर्माणका ठेकेदार DDC JV, परामर्शदाता फिस्नर जे.भी. तथा विद्युत प्राधिकरणका कर्मचारीको मिलेमतोमा व्यापक अनियमितता हुने गरेको र यथार्थ खर्चभन्दा बढी मागदाबी गरेको भन्ने उजुरी उपर मध्यमर्स्याङदी जलविद्युत परियोजनाका ठेकेदारलाई रकम भुक्तानी दिन गरिएको ढिलाइ, त्यसबाट देखिएको असर, लागत वृद्धि एवं HoA/MoA गर्नुपर्ने अवस्था समेतका सम्बन्धमा, मेन सिभिल कन्ट्राक्टरले असिष्टेण्ट कन्ट्राक्टरबाट पाउने Over Head Charge (27%) व्यवस्थापनले व्यहोर्नुपर्ने अवस्थाको सिर्जना, त्यसबाट भएको लागत वृद्धि समेतको सम्बन्धमा, विद्युत प्रशारण लाइनको लागत कम गर्न सकिनेतर्फ पहल नभएको विषय र छानबिनको क्रममा देखिएका अन्य विषयमा अनुसन्धान हुँदा परियोजना निर्माणका क्रममा देखिएका बेथितिहरूको सन्दर्भमा नेपाल विद्युत प्राधिकरणको सञ्चालक समितिको समयमा गठन हुन नसकेको, समितिको समयमा बैठक बस्न नसकेको भन्ने कुराहरू अनुसन्धानको क्रममा देखिन आएको हुँदा सञ्चालक समितिको अध्यक्ष सामान्यत: जलश्रोतमन्त्री रहने वा प्रधानमन्त्रीले तोकेको मन्त्रीले अध्यक्षता गर्ने व्यवस्थाको सट्टा जलश्रोतको क्षेत्रमा काम गरी अनुभव प्राप्त गरेको विज्ञ एवं इमान्दार व्यक्तिलाई अध्यक्ष एवं सदस्यका रूपमा राख्ने व्यवस्था गर्नसके विकास निर्माणको कार्यमा राजनीतिक हस्तक्षेप नहुने र यसबाट अनावश्यक ढिलाइ एवं अन्य विकृतिहरूको निराकरण हुने हुँदा यसतर्फ आगामी दिनमा नेपाल सरकारले ध्यान पुऱ्याउने । मध्यमर्स्याङदी जलविद्युत परियोजना जस्ता Megha-Project को निर्माणका लागि Consultant छानिँदा आर्थिक र प्राविधिक दुवै प्रस्तावको मूल्यांकनबाट योग्य देखिएकोलाई छनौट गरिनु उपयुक्त हुने हुँदा जुनसुकै दातृसंस्था वा सरकारको सहायतामा परियोजना निर्माण हुने भए पनि अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको खरिद व्यवस्था भई परियोजना सञ्चालन गर्नुपर्ने तथा विशेषज्ञहरू खटाउँदा (Pannel of Expert /Consulting Engineer) राष्ट्रका योग्य जनशक्तिलाई समावेश गर्ने व्यवस्था गर्ने

। यस प्रकारका परियोजनाहरूको निर्माण गर्नुपूर्व Detail design, cost estimate, work schedule र Site supervision गरिएमा पछि केही मात्रामा design परिवर्तन भए पनि अस्वाभाविक रूपमा लागतमा कम असर पर्ने देखिन्छ । तसर्थ Detail design, cost estimate, work schedule र Site supervision गरेपछि मात्र ठेक्का सम्झौता गर्ने व्यवस्था मिलाउने । मध्यमर्स्याङदी जलविद्युत परियोजनाको निर्माण सम्झौता FIDIC base रहेको देखियो । FIDIC base contract मा Engineer को निर्णय प्राय अन्तिम हुने हुँदा हाम्रो देशको परिप्रेक्षलाई विचार गरी Fixed price contract (Turn-key) पद्धति अवलम्बन गर्नु नै उपयुक्त हुने हुँदा आगामी दिनहरूमा सम्झौताको स्वरूपमा परिवर्तन गर्नेतर्फ विचार गर्न आयोगको मिति २०६६।८।१५ को निर्णय अनुसार ऊर्जा मन्त्रालयलाई लेखी पठाइएको ।

४. जलविद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र जारी र नवीकरण गर्दा विद्युत विकास विभागले अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा जलस्रोतको धनी मुलुकले ऊर्जा संकट झेलिरहेको अवस्थामा वर्षौंदेखि विद्युत उत्पादन सर्भेक्षण लगायतको अनुमतिपत्र प्राप्त गरी खासै प्रगति हासिल नगरेका प्रवर्धकहरूको अनुमतिपत्र पनि नवीकरण हुँदै आएको देखियो । सयौं योजनाको सर्भेक्षण अनुमतिपत्र प्राप्त गर्न वर्षौंदेखि निवेदन दिए तापनि हालसम्म ती निवेदनहरू उपर यथोचित कारबाही भएको अवस्था पनि देखिएन । विद्युत ऐन, नियमले तोकेको अवधिभित्र अनुमतिपत्र जारी गरेको देखिएन । निवेदन अपूर्ण भए निवेदकलाई कानूनले तोकेको म्यादभित्र सो को जानकारी गराई थप कागजात पेश गर्न लगाएको पनि देखिएन । यसरी सयौं विद्युत योजनाहरूको विद्युत उत्पादन सर्भेक्षण समेत हुन नसकी अनिर्णयको बन्दी बनिरहेको अवस्था देखियो । जलविद्युतलाई देशको मुख्य निर्यात सामग्री बनाई मुलुकको विकास गर्नुपर्नेमा प्राविधिक र आर्थिक रूपमा असक्षम व्यक्ति/फर्महरूले विद्युत उत्पादन सर्भेक्षण लगायतको इजाजत (लाइसेन्स) लिई नवीकरण गरी ग्राहकको खोजी गरी हिँड्ने र सक्षम प्रवर्धकहरूले विद्युत उत्पादन सर्भेक्षणको लाइसेन्स प्राप्त गर्न नसक्ने अवस्था विद्यमान देखिएको हुँदा सक्षम प्रवर्धकहरूले सहज रूपमा अनुमतिपत्र प्राप्त गर्न र असक्षम प्रवर्धकहरूलाई खोला ओगट्ने कार्यबाट वञ्चित गरी देशमा बढी भन्दा बढी विद्युत उत्पादन गर्न, विगतमा जारी भएका विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्रका प्रवर्धकहरू आर्थिक र प्राविधिक रूपमा सक्षम भए नभएको यकिन गरी सक्षम प्रवर्धकको अनुमतिपत्र मात्र प्रचलित कानून बमोजिम कुल अवधि ५ वर्षमा नबढाई नवीकरण गर्ने, Work schedule बमोजिम प्रगति हासिल गरे नगरेको विषयमा मूल्यांकन गर्न छुट्टै अनुगमन शाखाको स्थापना गरी अनुगमनको प्रबन्ध मिलाउने, विगतमा जारी भएका विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्रका प्रवर्धकहरू आर्थिक र प्राविधिक रूपमा सक्षम भए नभएको छानबिन गरी ३ महिनाभित्र आयोगमा सो को जानकारी गराउन, हालसम्म विद्युत विकास विभागमा विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्रका लागि निवेदन दिएका प्रवर्धकहरूको आर्थिक र प्राविधिक पक्षको मूल्यांकन गरी असक्षम प्रवर्धकहरूको निवेदन रद्द गर्न, मूल्यांकन गर्दा आर्थिक र प्राविधिक रूपमा सक्षम देखिएका प्रवर्धकहरूलाई विद्युत ऐन, नियमले तोकेको समय सीमाभित्र विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र जारी गर्ने, विद्युत विकास विभागको प्राविधिक जनशक्ति वृद्धि गर्नुपर्ने । आवश्यकता भए ऊर्जा मन्त्रालयले आवश्यकता बमोजिमको जनशक्ति विभागलाई उपलब्ध गराइदिने । सक्षम प्रवर्धकले इजाजत पत्र नपाउने र असक्षम प्रवर्धकले ग्राहकको खोजी गरी खोला ओगटी राख्ने प्रवृत्तिलाई निर्मूल पार्न ऊर्जा मन्त्रालयले गर्नुपर्ने आवश्यक ठानेका सबै प्रक्रिया अवलम्बन गरी इजाजतपत्र बिक्री वितरण गर्ने कार्यको

उन्मूलन गर्ने । सक्षम प्रवर्धकले कानूनले तोकेको समय सीमाभित्र सहज रूपमा विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र प्राप्त गर्ने वातावरण सृजना गर्ने । इजाजतपत्रको हक हस्तान्तरण/नामसारी/बिक्री वितरण कार्यलाई दण्डनीय अपराधका रूपमा परिभाषित गर्न आवश्यक परेमा कानूनमा संशोधन गर्न प्रक्रिया अगाडि बढाउने, विद्युत खरिदको दररेट तोकिइसकेको हुँदा प्राविधिक रूपमा सम्भव भएका आयोजनाहरूका लागि PPA गरी राख्न नपर्ने गरी ऊर्जा मन्त्रालयले १५ दिनभित्र सार्वजनिक सूचना प्रकाशित गर्ने, विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र र विद्युत उत्पादन अनुमतिपत्रको हक हस्तान्तरण गर्ने गरी कुनै कम्पनीको शेयर खरिद बिक्री गरेमा कम्पनी रजिष्ट्रारको कार्यालयले त्यस्तो कम्पनीको दर्ता खारेजी गर्ने, सो को लागि कानूनमा संशोधन गर्न आवश्यक भएमा सो समेत गर्न र हालसम्म विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र जारी भई work schedule बमोजिम प्रगति हासिल गर्न नसकेका एक वर्षभन्दा पुराना आर्थिक एवं प्राविधिक रूपमा असक्षम प्रवर्धकहरूको अनुमतिपत्र खारेजीको प्रक्रिया ३ महिनाभित्र शुरु गर्न आयोगको मिति २०६६।८।२९ को निर्णय अनुसार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय र ऊर्जा मन्त्रालयलाई लेखी पठाइएको ।

५. भोजपुर जिल्लाको सिक्देलखोला जलविद्युत पुनर्निर्माण आयोजनामा भ्रष्टाचार भएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा नेपाल विद्युत प्राधिकरणबाट योजना आयोग तथा नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको निर्णयानुसार मिति २०६२।३।१४ मा रु. ४१ लाख र सञ्चालक समितिको निर्णय बिना नै रु. १६,७०,०००।- निकासा दिएको सन्दर्भमा भोजपुर विद्युत उपभोक्ता समितिमार्फत काम गर्ने गरी क्षतिग्रस्त आयोजनाहरूको पुनर्निर्माण तथा पुनस्थापनाका लागि रु. ४१ लाख निकासा दिन अर्थ मन्त्रालयमा लेखी पठाउन निर्णय भए बमोजिम नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०६२।३।२ को निर्णयले पुनर्निर्माण सम्बन्धी कार्यको कार्यक्रम र इस्टिमेट नेपाल विद्युत प्राधिकरणबाट स्वीकृत गराई सो को आधारमा उपभोक्ता समितिले पुनः निर्माण सम्बन्धी सम्पूर्ण कार्य गर्ने निर्णय भए अनुसार बजेट निकासा भएको देखिएकोले अधिकारप्राप्त निकायबाट भएको निर्णयलाई अन्यथा भन्न सकिएन । सो रकमबाट पुनर्निर्माणको कार्य गर्दा के कस्ता उपकरण विद्युतीय पार्टहरू प्रयोग गरिएको थियो भन्ने सन्दर्भमा हालको निरीक्षणबाट एकिन किटान हुन गाह्रो भए तापनि तत् अवस्थामा नै गठन भएको सर्वदलीय छानबिन कमिटीमा इलेक्ट्रिकल इन्जिनियर प्रज्वल खड्काले स्थलगत निरीक्षण गरी मिति २०६३।७।४ मा दिएको प्रतिवेदनमा एउटा जेनेरेटर सञ्चालनमा रहेको अर्को मर्मतको अवस्थामा रहेको, कन्ट्रोल प्यानलमा रहेको इलेक्ट्रिकल उपकरणहरू चालू अवस्थामा रहेका र ती उपकरणहरू मित्सुबिसी कम्पनीका उत्पादन रहेको भन्ने उल्लेख गरी विद्युतीय उपकरणहरूको सूची समावेश भएको प्रतिवेदन दिएको देखिएकोले मर्मत नै नगरेको भनी भन्न सकिएन । तर करिब ४।५ वर्षपछि हाल ती उपकरणहरू भाँचिने, खिइने हुनसक्ने हुँदा यथास्थितिमा नरहन सक्ने कुरालाई नकार्न सकिएन । मिति २०६३।१०।४ मा पुन १६,७०,०००।- निकासा पठाएको सन्दर्भमा हेर्दा सो रकम निकासा दिन न त राष्ट्रिय योजना आयोगबाट कुनै निर्णय भएको देखिन्छ न त नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिबाट निर्णय भएको छ । सो रकम तत्कालीन साना जलविद्युत तथा ग्रामीण विद्युतीकरण आयोजनाका कार्यकारी निर्देशक गोविन्द शर्माले निकासा दिएको देखिन्छ । यस सन्दर्भमा निजको बयानमा पनि उपभोक्ता समितिलाई निजहरूले पेश गरेको मर्मत खर्चको इस्टिमेट कार्यकारी निर्देशकबाट मन्त्रालयमा लेखिएको थप रकम माग गर्ने बारेको पत्र,

त्यसबेलाको स्थानीय परिस्थितिको आधारमा निकासा दिएको भनी बयानमा उल्लेख गरेको हुँदा रु. ४१ लाख मात्र निकासा दिने निर्णय भएकोमा थप रु.१६,७०,०००।- निकासा दिएको देखिँदा सो कार्य आर्थिक प्रशासन ऐन र नियम सम्मत छ भन्न सकिने अवस्था देखिएन । सो रकम निकासा दिने नेपाल विद्युत् प्राधिकरणका निर्देशक गोविन्द शर्माले आर्थिक अनुशासनको बर्खिलाप गरेको देखिएकोले सो प्राधिकरणको विनियमावली बमोजिम कारबाही गर्न र विद्युत प्राधिकरणबाट निकासा भएको रु. ५७,७०,०००।- भोजपुर विद्युत उपभोक्ता समितिले पुनर्निर्माणमा खर्च गरेको थाहा हुन आएको, सो रकमबाट मात्र आयोजनाको पुनर्निर्माण गर्न रकम अपुग भई जि.वि.स. भोजपुरबाट अनुदान रु. ६ लाख, गाउँ विकास समिति बाट अनुदान रु. २ लाख र उपभोक्ताहरूको तर्फबाट रु. ३६,८९,३७८।- उठाई जम्मा रु. ९४,५९,३७८।- उपभोक्ता समितिबाट खर्च गरेको भनी बयान र कागजबाट देखिन आएको हुँदा प्राधिकरणबाट निकासा भएको अतिरिक्त उल्लेखित लगानी भएको भनिएको अन्य रकम एकिन गरी खर्च भएको रकम को कसबाट दिनु तीर्नुपर्ने हो आवश्यक व्यवस्था गर्न र सो आयोजनाको मर्मत सम्भार तथा सञ्चालनको सम्पूर्ण जिम्मा नेपाल विद्युत प्राधिकरणले नै लिई प्राधिकरणले पाउनुपर्ने लिजको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्ने व्यवस्था गर्न आयोगको मिति २०६६।९।१२ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाइएको ।

(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिमा निर्मित सरकारी स्टलहरू समितिका पदाधिकारी र व्यापारीसँगको मिलेमतोमा बिनाप्रतिस्पर्धा १५ वर्षसम्मका लागि भाडामा दिने सम्झौता भएको र टेण्डर प्रक्रिया नभएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा सिण्डिकेट र कार्टेलिङ गरी अन्य व्यवसायीले प्रतिस्पर्धामा भाग लिन समेत नपाउने गरी प्रतिस्पर्धामा बन्देज लगाएको देखियो । प्रबर्धन तथा बजार संरक्षण ऐन, २०६३ र सार्वजनिक खरिद ऐन, २०६३ लागू भैसकेपछि २०६४ साल र सोभन्दा पछाडि ती ऐनहरूको प्रस्तावना र प्रावधानहरू विपरीत हुने गरी सम्झौता वा करार गर्नु कानूनसम्मत देखिएन । यस प्रकारको सम्झौता करार ऐन, २०५६ को दफा १३ को (ग), (ङ) र (ट) अनुसार पनि स्वत बदर हुने (void) करार अन्तर्गत र सोही ऐनको दफा १४ अनुसार बदर गराउन सकिने (voidable) करार अन्तर्गत समेत परेको देखियो । उक्त कानूनहरूका साथै समिति र व्यवसायीहरूबीच रिक्त स्थान भाडामा लिनेदिने सम्बन्धमा भएका सम्झौतापत्रहरूको सम्झौता नम्बर १८ को प्रावधान अनुसार १५ वर्षे सम्झौता बदर गरी न्यायोचित प्रतिस्पर्धात्मक मापदण्ड निर्धारण गरी सबै स्टलहरू बढीमा ५ वर्षसम्मका लागि मात्र वितरण गर्ने प्रबन्ध मिलाउने । सोही स्थानको पूर्वतर्फ नवनिर्मित ३८ टहरा भनिने स्टलहरूमा ४५ जना व्यवसायीहरूले २०६४ श्रावणदेखि व्यापार गर्दै आएको र उनीहरूबाट समितिले कुनै भाडा नउठाएको पाइयो । ३ सय वटा स्टल १५ वर्षका लागि विना प्रतिस्पर्धा दिइएकोले आफूहरूलाई पनि सोही नजिरका आधारमा १५ वर्षसम्म बस्न दिनुपर्ने ती ४५ व्यवसायीको माग रहेको पाइयो । समिति परिसरको सो पूर्वी टहरा भनिने ३८ टहरामा २०६४ साउनदेखि व्यापार-व्यवसाय गरिआएका ४५ जनाको नाम, थर, ठेगाना सहितको विवरण राख्दाराख्दै पनि निशुल्क बस्न दिई समितिलाई नोक्सान पारेको देखिएकोले समितिले निर्धारण गरेको दररेट अनुसारको भाडा उनीहरू बस्न सुरु गरेकै मितिदेखिको औसत हिसाब (अरू स्टलबाट उठ्ने रकम

बराबर) गरी समितिको आम्दानीमा बाँध्ने व्यवस्था मिलाउन र सम्पूर्ण भाडा रकम असुल गरी ती ३८ टहरामा रहेका समेत सबै स्टलहरू एकपटकमा बढीमा ५ वर्षसम्मका लागि टेण्डरबाट मात्र भाडामा दिने एकरूपता सहितको न्यायोचित व्यवस्था मिलाउन, समितिको कार्यालय रहेको समेतका पक्की भवनमा निर्मित सटर-पसलकवलहरूमा फलफूल पसल राख्ने सम्झौता गरी किराना तथा खाद्य पसल राख्न दिएको पाइएको र सोही भवनको सटर नं. १ मा खाद्य पसल गर्ने भागोदेवी सुडीको दावी सम्बन्धमा सर्वोच्च अदालतले निजको रिट २०६५।३।२ मा खारेज गरी सकेको भए पनि सो फैसला समितिले आफ्नो हितमा कार्यान्वयन नगराएको पाइएको र अन्य सटरहरूमा पनि फलफूलको थोक व्यापार गराउने समितिको उद्देश्य एवं ती व्यापारीहरूसँग समितिले गरेका सम्झौताको विपरीत सञ्चालनमा रहेका खाद्य पसलहरू तुरुन्त हटाई पूर्ववत् फलफूल पसल राख्ने प्रबन्ध मिलाउन, कालीमाटी फलफूल तथा तरकारी वजार विकास समितिका पसल, सटर र ठाउँ वितरणमा अनियमितता, तरकारीका थोक मूल्यको प्रचारप्रसारमा बेलाबेलामा हुने मिथ्यापन, सरसफाईको कमी, व्यवस्थापकीय कमजोरी र लापरवाही बारे निरन्तर अनुगमन, नियन्त्रण र निर्देशनको कार्य मन्त्रालयको अनुगमन महाशाखा/शाखाबाट गर्ने नियमित व्यवस्था गर्न र उपर्युक्त सम्पूर्ण निर्देशनहरूको कार्यान्वयन सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको विवरण ३ महिनाभित्र आयोगमा पेश गर्न आयोगको मिति २०६७।२।१६ को निर्णय अनुसार कृषि मन्त्रालयलाई लेखी पठाइएको ।

(ङ) गृह मन्त्रालय अन्तर्गत

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचरमा भएका व्यवस्थापन लगायत विभिन्न किसिमका अनियमितताका विषयमा उक्त कार्यालयका साथै भन्सार कार्यालय, अध्यागमन कार्यालय, श्रम कार्यालय समेतमा गई आवश्यक जाँचबुझ गरी यसअघि आयोगबाट भएका निर्देशनहरूको अनुगमन समेत गरी प्रतिवेदन पेश गर्न आयोगबाट एक टोली खटाइएकोमा सो टोलीले पेश गरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वस्तुस्थिति बारेको स्थलगत अध्ययन प्रतिवेदनका सन्दर्भमा आयोगबाट सम्बद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसँग आयोगमा छलफल गरियो । सो छलफल एवं स्थलगत अध्ययन प्रतिवेदनबाट नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय समन्वय र सुरक्षाजन्य समस्याहरू देखियो । गत वर्ष आयोगको मिति २०६५।९।१७ को निर्णयको कार्यान्वयन पूर्णरूपमा भएको पाइएन । विमानस्थलमा देखिएका विद्यमान कमजोरीहरूमा सुधार नगरिएमा त्यसले सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा समेत प्रतिकूल असर पर्ने र अख्तियार दुरुपयोग समेत हुनसक्ने देखिन्छ । अतः यी समस्याहरू समयमै निरूपण हुन जरुरी देखिएको हुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयले कम मात्र UV Light सञ्चालनमा ल्याएको हुँदा तुरुन्तै आवश्यकता अनुसार थप UV Light सञ्चालनमा ल्याई कार्य सुचारु गर्ने । कम्प्युटरको सर्भर शीघ्र मर्मत गरी कम्प्युटर सञ्चालनमा ल्याई रेकर्ड अद्यावधिक गर्ने, सूचना संकलन गर्ने । प्रस्थानतर्फ सुरक्षाका विभिन्न निकायहरूले स्क्रीनमा ड्युटी गर्ने तर आगमनतर्फ भन्सारले मात्र हेर्ने हुँदा विभिन्न प्रकारका विस्फोटक पदार्थ एवं लागू औषधहरू समेतको पहिचान गर्न नसक्ने भई राष्ट्रिय सुरक्षामा समेत गम्भीर समस्या आउन सक्ने हुँदा स्थितिको पहिचान गरी आवश्यकता अनुसार आगमनतर्फ समेत

सुरक्षा निकायको उपस्थितिमा लगेज चेक गर्ने व्यवस्था लगायत सुरक्षाको पूर्ण प्रत्याभूतिका लागि आवश्यक प्रबन्ध गर्ने र प्रस्थानतर्फ समेत भन्सारलाई सहभागी गराउने। सर्वसाधारणको लागि व्यवस्था गरिएको प्रस्थान, आगमन र विशिष्ट व्यक्तिहरूको लागि पार्किङस्थल एकै स्थानमा रहेकाले सुरक्षा कारबाहीमा समेत असर पर्नसक्ने भएकोले अलग अलग व्यवस्था गर्ने। सम्भव भएसम्म सबै क्षेत्रमा सामान्य अंग्रेजी भाषा बोलचाल गर्न सक्ने कर्मचारीहरू खटाउने। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र अवस्थित कार्यालयहरूबीच समन्वयको अभाव देखिँदा प्रभावकारी रूपमा समन्वय कायम गर्ने र अध्यागमनमा खटिने कर्मचारीलाई निजले सम्पादन गर्ने कामको बारेमा तालिम दिएर मात्र खटाउन आयोगको मिति २०६६।७६ को निर्णय अनुसार गृह मन्त्रालयका सचिवलाई लेखी पठाइएको।

२. काठमाडौं महानगरपालिका वडा नं. ३० भोटाहिटीको कि.नं.२८२८ क्षेत्रफल ०-८-०-० जग्गा र सोमा निर्मित भवन भाडामा दिने सम्बन्धमा अनुसन्धान हुँदा साझा स्वास्थ्य सेवाले सूचना प्रकाशित गरी काठमाडौं जिल्ला बसुन्धरा गा.वि.स. वडा नं. ९ मा बस्ने किरण मानन्धरलाई वार्षिक बहाल रु.३६,०९,९९९/(बुझाउने गरी २०६१/४/११ मा सम्झौता गरी भाडामा लगाएको तर सम्झौतामा उल्लेख भए बमोजिमको घर चाँडो निर्माण गर्नसाझा स्वास्थ्य सेवाले नसकेको हुँदा प्रतिपक्ष/किरण मानन्धरले निवेदन दिए बमोजिम भवन निर्माण आरम्भ नभएसम्म उक्त जग्गामा अस्थायी टहरा निर्माण गरी निजलाई नै ३ वर्षका लागि मासिक रु. १,१५,०००/(मा भाडा लिने गरी २०६२/१०/६ मा अख्तियारनामा दिएपश्चात निज किरण मानन्धरले स्थायी प्रकृतिको घर निर्माण गर्न थालेपछि संस्थाले २०६३/१/१८ मा काठमाडौं महानगरपालिकामा उक्त भवन निर्माण रोक्का राख्न अनुरोध गरेकोमा निज किरण मानन्धरले घर बहाल बुझाउन रोकेको हुँदा साझा स्वास्थ्य सेवाले २०६४/६/२ मा निज किरण मानन्धरसँग गरेको सम्झौता रद्द गरेको। संस्थाको उक्त निर्णको विरुद्ध निज मानन्धर जिल्ला अदालतमा कानूनी उपचारका लागि फिराद गर्न गएपछि संस्थाले उक्त भवन भत्काई पाऊँ भनी काठमाडौं महानगरपालिकामा गरेको उजुरीमा वादीको स्वीकृतिबेगर निर्माण भएको भए आफ्नो स्वामित्वमा रहेको जग्गा र सोमा निर्मित भवनको स्वरूपमा संशोधन गर्न अधिकार स्वतः वादीमा हुने भएकाले भवन भत्काइरहन नपर्ने भनी काठमाडौं महानगरपालिकाबाट मिति २०६५/२/१९ मा निर्णय भएपश्चात उक्त संस्थाले आफ्नो सो जग्गा र भवन खाली गराउन कृषि तथा सहकारी मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय सहकारी बोर्ड, जिल्ला प्रशासन कार्यालय, प्रहरी प्रधान कार्यालयमार्फत् महानगरीय प्रहरी परिसर हनुमानढोकामा अनुरोध गरेको अवस्थामा आयोगमा उजुरी उपर अनुसन्धान हुँदा साझा स्वास्थ्य सेवा र किरण मानन्धरबीच भएको करार सम्झौता रद्द भइसकेको अवस्था देखिएकोले तीन महिनाभित्र उक्त घर खाली गराई आफ्नो सम्पत्ति कब्जामा लिने व्यवस्था गर्न साझा स्वास्थ्य सेवालाई निर्देशन दिने निर्णय भएबमोजिम लेखी गएपछि आयोगको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक सहयोगका लागि गृह मन्त्रालय एवं जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई अनुरोध गरिएको र बारम्बार पत्राचार गर्दा समेत भवन खाली गराउन उपरोक्त कार्यालयबाट आवश्यक सहयोग उपलब्ध हुन नसकेको कारणले आयोगको निर्णय कार्यान्वयन ढिला हुन गएको हुँदा सम्बन्धित निकायलाई समेत आवश्यक सहयोग उपलब्ध गराइदिने व्यवस्थाका लागि उक्त संस्थाबाट अनुरोध भई आएकोले त्यस सम्बन्धमा जे जस्तो सहयोग आवश्यक पर्ने हो, ७ (सात) दिनभित्र सहयोग उपलब्ध गराई उक्त घरटहरा खाली गराई साझा

स्वास्थ्य सेवालाई हस्तान्तरण गरिदिन आयोगको मिति २०६६।८।२६ को निर्णय अनुसार गृह सचिव एवं प्रहरी महानिरीक्षकलाई लेखी पठाइएको ।

३. साविक कंचनपुर ऐरी गाउँ विकास समिति वडा नं. ६ (क) कित्ता नं. ९५ बाटोलाई लोप गरी ऐरी गाउँ विकास समिति वडा नं. ६ (ग) कित्ता नं. २४ बाटोलाई कित्ताकाट गरी कित्ता नं. ५८ देखि कित्ता नं. ६९ सम्म व्यक्ति विशेषका नाममा कायम गरेको र हाल भिमदत्त नगरपालिका वडा नं. १० सिट नं. १२५३-४ कित्ता नं. १५२३ देखि १५३५ सम्म र ४२१६ कित्ता नं. कायम गरी साविकको क्षेत्रफलभन्दा व्यक्तिको नाममा बढी जग्गा दर्ता गर्ने समेतको अनियमित कार्य गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा सुकुम्बासी समस्या समाधान आयोगको निर्णयानुसार बसोबास नापी क्याम्प कंचनपुरबाट नाप नक्सा गरी साविक कंचनपुर ऐरी गाउँ विकास समिति वडा नं. ६ (ग) को कित्ता नं. २४ को पर्ती बाटोलाई कित्ताकाट गरी कित्ता नं. ५८ देखि ६९ सम्मका १२ कित्ता कायम गरी सकुम्बासीहरूलाई जग्गा वितरण गरेको पाइयो । साविकमा सुकुम्बासीलाई दिइएको भन्दा बढी जग्गा व्यक्तिगत भोगको आधारमा नापजाँच गर्ने एवं दर्ता गर्ने र बाटोको क्षेत्रफल घटी गरिएको कार्य कानूनसम्मत देखिएन । अतः साविक सुकुम्बासी समस्या समाधान आयोगको निर्णयानुसार बसोबास नापी क्याम्प कंचनपुरबाट सुकुम्बासीका नाममा कायम भएको जग्गाको क्षेत्रफल नबढ्ने गरी सुकुम्बासीका नाममा कायम गर्ने र बाटो मिची क्षेत्रफल बढाएकोमा मिचिएको जग्गा सार्वजनिक बाटो कायम गरी उक्त सार्वजनिक बाटो लगायतको जग्गा संरक्षण गर्न आयोगको मिति २०६६।१२।३ को निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय कंचनपुरलाई लेखी पठाइएको ।

४. सेवा प्रदायक कार्यालयहरूबाट सम्पादन हुने काम कारबाहीलाई अझ बढी सरल, सहज, पारदर्शी र सेवामुखी बनाई सुशासनको प्रत्याभूति दिलाउने दिशामा सघाउ पुऱ्याउने उद्देश्यले आयोगबाट विभिन्न निकायहरूको नियमित निरीक्षण र अनुगमन गर्नुको साथै कार्य क्षेत्रमा देखिएका कमी कमजोरीहरूको सुधारका लागि सरोकारवाला पदाधिकारीहरूसँग छलफल गरी आवश्यक सुझाव दिने गरिएको छ । यसै क्रममा भूमिसुधार तथा व्यवस्था, श्रम तथा यातायात व्यवस्था, गृह, स्थानीय विकास मन्त्रालयहरू र मातहतका काठमाडौं तथा काभ्रे जिल्लास्थित जिल्ला प्रशासन, मालपोत, भूमिसुधार, नापी कार्यालयहरू र स्थानीय निकायका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतका काम कारबाहीहरूमा हुने गरेको ढिलासुस्ती, अनियमितता तथा अन्य कमि कमजोरीहरूमा सुधार ल्याउने उद्देश्यले सरोकारवाला मन्त्रालयका सचिव, विभागीय प्रमुख, कार्यालय प्रमुखहरू समेत सँग आयोगमा छलफल गरियो । सो छलफल कार्यक्रम तथा आयोगबाट खटिएको अनुसन्धान टोलीले पेश गरेको स्थलगत निरीक्षण प्रतिवेदन समेतबाट आयोगले यस पूर्व सम्बन्धित निकायहरूलाई दिएका निर्देशनहरू पूर्णरूपमा कार्यान्वयन भएको पाइएन । अतः सम्बन्धित निकायहरूमा पहिचान गरिएका समस्याहरू समयमै निराकरण हुन जरुरी देखिएको हुँदा आयोगको मिति २०६६।६।१८ को निर्णयपश्चात सम्बन्धित निकायहरूलाई दिइएको पाँचबुँदे निर्देशन हालसम्म पूर्णरूपमा कार्यान्वयन भएको पाइएन । आयोगबाट दिएका निर्देशनहरू तदारुकताका साथ सबै कार्यालयहरूबाट पालना गर्ने गराउने व्यवस्था मिलाउने । आयोगका निर्देशनहरू पालना नगर्ने र सुशासन ऐन, नियमले निर्दिष्ट गरेको कार्यनीतिहरू अवलम्बन नगर्ने कार्यालय प्रमुख

तथा कर्मचारी उपर आवश्यक कारबाही गरिने हुँदा त्यस्ता निर्देशनहरू अविलम्ब कार्यान्वयन गर्ने, भूमि प्रशासनसँग सम्बन्धित निकायहरूसँग प्रभावकारी समन्वय गरी सरकारी तथा सार्वजनिक जग्गाहरूको संरक्षण, व्यवस्थापन तथा लगत अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिने, प्रत्येक जिल्लामा भ्रष्टाचार विरुद्धको जिल्ला समन्वय समितिको गठन गर्ने, सुशासन एकाइको गठन नभएका मन्त्रालय, विभाग तथा कार्यालयहरूमा कार्यालय प्रमुख स्वयम्कै संयोजकत्वमा सुशासन एकाइ गठन गरी नियमित रूपमा बैठक बस्ने, सचिवले सोको अनुगमन गर्ने कार्यलाई निरन्तरता दिने र सेवा प्रवाहमा देखिएका समस्याहरू समयमै निराकरण गरी प्रत्येक महिना सो को प्रगति सहितको विवरण आयोग समक्ष पेश गर्ने, सेवाग्राहीसँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालय, विभाग र कार्यालयहरूमा अनधिकृत व्यक्तिहरूको सहज पहुँच रहँदै आएको पाइएको हुँदा त्यस्ता कार्यलाई कडाइका साथ नियन्त्रण गर्ने, कार्यालयमा उपस्थित हुने लेखापढी व्यवसायी र बारेस प्रतिनिधिहरूलाई परिचयपत्रको व्यवस्था गर्ने, जिल्ला प्रशासन कार्यालय काठमाडौंमा कामको चाप अत्यधिक देखिएको हुँदा आवश्यकता अनुसार जिल्लाका अन्य स्थानमा समेत इलाका प्रशासन कार्यालयहरू स्थापना गरी सेवा प्रवाहमा विस्तार गर्ने, कार्यालयमा दाखिला हुने आर्थिक कारोबारहरू बैंकिङ पद्दतिबाट गर्ने कार्यको सुरुवात गर्ने, कार्यालय प्रमुखहरूले नियमित रूपमा कार्यालयका फाँटहरू निरीक्षण गर्ने, सेवा प्रवाहमा देखिएका समस्याहरूको पहिचान गरी तिनको तत्कालै निराकरण गर्ने । नियमित Staff meeting गरी गुनासो व्यवस्थापन गर्ने र भ्रष्टाचारजन्य कृयाकलापलाई कडाइका साथ नियन्त्रण गर्ने, कार्यालयहरूको श्रेस्ता, अभिलेख, कागज प्रमाणको समुचित सुरक्षाका लागि विद्युतीय माध्यमबाट तथ्यांक भण्डारणको प्रबन्ध गर्ने र कार्यालयहरूका भवन लगायत भौतिक साधन श्रोतको यथोचित व्यवस्थापन गर्ने, सार्वजनिक सेवालाई प्रभावकारी बनाउन र कार्यालयमा हुने भीडलाई व्यवस्थित गर्न First come, First serve को अवधारणालाई प्रभावकारी बनाई सबै कार्यालयहरूमा टोकन प्रणालीलाई अनिवार्य गर्ने तथा कार्यबोझका आधारमा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने, सार्वजनिक सेवा प्रवाहमा विधिको शासन (Rule of law) अनिवार्य शर्त रहेको तथ्यमा विवाद हुन सक्तैन । शान्ति, सुरक्षा र सहज वातावरण कार्यालय सञ्चालनका आधारशिला हुन् । कर्मचारीले सेवा प्रवाह गर्दा भोग्नु परेका अवान्छित दवाव र त्रासले गर्दा कार्यालयले उद्देश्य अनुरूपको सेवा प्रदान गर्न नसक्ने हुँदा संवेदनशील विषयमा उचित र आवश्यक सुरक्षाको प्रबन्ध गर्न आयोगको मिति २०६६।७।१३ को निर्णय अनुसार गृह मन्त्रालयलाई लेखी पठाइएको ।

(च) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वस्तुस्थिति बुझी पेश भएको स्थलगत प्रतिवेदन र गृह मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अर्थ मन्त्रालयका सचिवहरू, नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षकहरू, भन्सार विभागका महानिर्देशक, त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल स्थित भन्सार कार्यालय, सुरक्षा निकाय तथा नागरिक उडड्यन कार्यालयका प्रमुखहरू समेतको उपस्थितिमा आयोगमा भएको छलफल समेतका आधारमा हेर्दा नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखिएका र विमानस्थलमा विद्यमान उक्त समस्याहरूका कारण अन्य मुलुकहरूबाट आउने पर्यटक तथा आम यात्रुहरूलाई समेत समस्या पर्नका साथै देशको सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा प्रतिकूल

असर पर्न सक्ने महसुस गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा लगायत विमानस्थलमा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमका सुविधाहरू समेत उपलब्ध गराउने व्यवस्थाका लागि पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयका सचिवहरू रहेको ३ सदस्यीय समन्वय समिति गठन गर्ने र उक्त समन्वय समितिको समीक्षा बैठक कम्तीमा महिनाको एक पटक बसी समितिको कार्य प्रगतिको विवरण आयोगमा पठाउने कार्य शीघ्र कार्यान्वयन हुन जरुरी देखिएकाले आयोगको मिति २०६६।४।१६ को निर्णय अनुसार पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई लेखी पठाइएको ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचरमा भएका व्यवस्थापन लगायत विभिन्न किसिमका अनियमितताका विषयमा उक्त कार्यालयका साथै भन्सार कार्यालय, अध्यागमन कार्यालय, श्रम कार्यालय समेतमा गई आवश्यक जाँचबुझ गरी यसअघि आयोगबाट भएका निर्देशनहरूको अनुगमन समेत गरी प्रतिवेदन पेश गर्न आयोगबाट एक टोली खटाइएकोमा सो टोलीले पेश गरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वस्तुस्थिति बारेको स्थलगत अध्ययन प्रतिवेदनका सन्दर्भमा आयोगबाट सम्बद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसँग आयोगमा छलफल गरियो । सो छलफल एवं स्थलगत अध्ययन प्रतिवेदनबाट नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखिएको । गत वर्ष आयोगको मिति २०६५।९।१७ को निर्णयको कार्यान्वयन पूर्ण रूपमा भएको पाइएन । विमानस्थलमा देखिएका विद्यमान कमजोरीहरूमा सुधार नगरिएमा त्यसले सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा समेत प्रतिकूल असर पर्ने र अख्तियार दुरुपयोग समेत हुन सक्ने देखिन्छ । अतः यी समस्याहरू समयमै निरूपण हुन जरुरी देखिएको हुँदा विमानस्थलमा हाल सञ्चालनमा रहेका Taxi हरू धेरै पुराना एवं जीर्णसमेत भएकाले यात्रुको सुविधालाई मध्यनजर राखी निजीक्षेत्र समेत सँग छलफल गरी तीन महिनाभित्र सुविधा सम्पन्न ट्याक्सी सञ्चालन गर्नका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिने । Departure र Arrival का यात्रु एकै ठाउँमा आउने हालको अवस्था सुरक्षा र व्यवस्थापनका दृष्टिकोणबाट उपयुक्त नहुँदा सो अवस्थाको अन्त्य गरी अलग अलग स्थानबाट आउने जानेको व्यवस्था गर्ने । हाल विमानस्थलमा रहेको ट्रलीको अभाव र समस्या समाधान गर्न तत्कालै एक हजार थानसम्म ट्रलीको व्यवस्था गर्ने । प्रस्थानतर्फ सुरक्षाका विभिन्न निकायहरूले स्क्रीनमा ड्युटी गर्ने तर आगमनतर्फ भन्सारले मात्र हेर्ने हुँदा विभिन्न प्रकारका विस्फोटक पदार्थ एवं लागू औषधहरू समेतको पहिचान गर्न नसक्ने भई राष्ट्रिय सुरक्षामा समेत गम्भीर समस्या आउन सक्ने हुँदा स्थितिको पहिचान गरी आवश्यकता अनुसार आगमनतर्फ समेत सुरक्षा निकायको उपस्थितिमा लगेज चेक गर्ने व्यवस्था लगायत सुरक्षाको पूर्ण प्रत्याभूतिका लागि आवश्यक प्रबन्ध गर्ने र प्रस्थानतर्फ समेत भन्सारलाई सहभागी गराउने । सम्भव भएसम्म सबै क्षेत्रमा सामान्य अंग्रेजी भाषा बोलचाल गर्न सक्ने कर्मचारीहरू खटाउने । पास उपलब्ध गराउँदा चाहिने क्षेत्रको भन्दा बढी क्षेत्रको पास उपलब्ध गराउने कार्य नियन्त्रण गर्ने । निगरानीका लागि विभिन्न ३२ स्थानमा सि.सि.टि.भि. जडान गरिएकोमा केही सञ्चालनमा नरहेको कारण सुरक्षा निगरानीमा कठिनाइ भएको पाइएकाले यथाशीघ्र सम्पूर्ण सि.सि.टि. भी.सञ्चालनमा ल्याउने र सुरक्षा निकायसँग समेत समन्वय गरी आवश्यक स्थानहरूमा थप सि.सि.टि.भि. जडान गर्ने । टर्मिनल भवनको बाहिर र भित्र रहेका विभिन्न पसल

कवलहरूले आफूलाई तोकिएको स्थानभन्दा बढी ठाउँ ओगटी सामानहरू layout गर्न कडाइका साथ रोक लगाउने । घर वा जग्गाको बहालबाट प्राप्त हुने रकम नेपाल नागरिक उड्डयन प्राधिकरणको लागि आय आर्जनको महत्वपूर्ण स्रोत रहेको भए तापनि त्यस्तो भाडामा लगाउने प्रक्रियालाई कानूनसम्मत स्वच्छ र पारदर्शी बनाई कार्यालयको आय आम्दानी अधिकतम वृद्धि गर्न आवश्यक देखिँदा यस दिशामा समुचित ध्यान पुऱ्याउने । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र अवस्थित कार्यालयहरूबीच समन्वयको अभाव देखिँदा प्रभावकारी रूपमा समन्वय कायम गर्न दिने, विमानस्थलमा हाल विद्यमान रहेका समस्या, अव्यवस्था एवं कमी कमजोरीहरूको निराकरणका लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना बनाउन विज्ञहरूको समिति बनाई उक्त समितिले दिएको प्रतिवेदन क्रमशः लागू गर्ने, गाडी पार्किङ टर्मिनल भवन, रनवे, एप्रोनबाट धेरै नजिक देखिई सुरक्षाको दृष्टिकोणबाट समेत उपर्युक्त नदेखिएकोले पार्किङको अन्यत्र व्यवस्था गर्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव, गृह मन्त्रालयका सचिव तथा रक्षा मन्त्रालयका सचिवलाई निर्देशन दिने र मुख्य धावनमार्गमा प्रशस्त Multi Directional Crack देखिँदा सो सम्बन्धी कार्य तुरुन्त सम्पन्न गर्ने कामको थालनी गर्ने । CCTV तुरुन्तै मर्मत र थप गरी निगरानी व्यवस्था प्रभावकारी बनाउने । Apron को पानी Arrival मा छिरी वर्षादको समयमा अस्तव्यस्त बनाएको देखिँदा सोलाई निराकरण गर्ने, English भाषा जान्ने र एयरपोर्टको सेवा सुविधासम्बन्धी विषयमा जानकार व्यक्तिहरू राखी Help Desk को तुरुन्त व्यवस्था गर्ने, कन्भेयर बेल्ट बिग्रिएको र अपर्याप्त हुँदा मर्मत गर्ने र पर्याप्त हुने गरी व्यवस्था मिलाउने, पुराना जहाज प्रयोगहीन अवस्थामा Airport मा राखी रहनु एयरपोर्टको सुन्दरता तथा सुरक्षामा समेत प्रतिकूल असर पर्ने हुँदा सो अविलम्ब हटाउन कारबाही थाल्ने, उल्लेखित विषयलाई आयोगले गम्भीर रूपमा लिएको र आयोगको निर्देशन बमोजिम काम भए नभएको अनुगमन गर्दै लापरबाही तथा ढिलासुस्ती भएको पाइएमा जिम्मेवार कर्मचारी उपर कारबाहीको प्रक्रिया अगाडि बढाइने र १ महिनाभित्र प्रगति विवरण सहित सम्बन्धित सचिवहरू र सरोकारवाला निकायका प्रमुखहरू आयोगमा उपस्थित हुन आयोगको मिति २०६६।७६ को निर्णय अनुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई पुनः लेखी पठाइएको ।

३. नेपाल वायु सेवा निगमको विज्ञापन नं. १/०६६।०६७ बाट ग्राउण्ड इक्विपमेन्ट अपरेटर कम सर्भिस मेकानिक्स, तह- ४ को पद संख्या २५ मा सफल भएका उम्मेदवारहरू अयोग्य, असक्षम हुँदाहुँदै निजहरूलाई उत्तीर्ण गराई योग्य र सक्षम उम्मेदवारहरूलाई असफल गराएको हुँदा छानबिन गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निगमबाट लिइएको उपरोक्त पदको लागि निर्धारित शैक्षिक योग्यताको हकमा CTEVT बाट मान्यता प्राप्त संस्थाबाट अटोमोबाइल प्राविधिक विषयमा एस.एल.सी. उत्तीर्ण गरी भारी वा हलुका सवारी चालक अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने भन्ने देखियो । आयोगबाट अनुसन्धान गर्ने क्रममा निगमबाट प्रकाशित सफल उम्मेदवारको सूचीको सि.नं. ६ रोल नं. २९ का आर्यन श्रेष्ठ, सि.नं. २० रोल नं. १३ का अरुण उलक, सि.नं. १६ रोल नं १४ का अमलेश कुमार सिंह र खुलातर्फ वैकल्पिक सि.नं. २ रोल नं. २५ का प्रकाश अर्यालले प्राप्त गरेको सवारी चालक अनुमतिपत्र नक्कली देखिएको र सि.नं. ४ रोल नं. ३८ का उमेश थापा, सि.नं. १९ रोल नं. ३३ का आनन्द प्रसाद मैनालीको हकमा निजहरूले प्राप्त गरेको सवारी चालक अनुमतिपत्रमा केवल A अर्थात मोटरसाइकलको मात्र अनुमति प्राप्त गरेको देखिँदा निजहरूले निर्धारित योग्यता प्राप्त

गरेको मान्न नसकिने हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख बमोजिम निजहरूको नामावली रद्द गर्ने र उल्लेखित व्यक्तिहरूको सवारी चालक अनुमतिपत्र निगममा नै भएको हुँदा त्यहींबाट आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन तथा अन्य सफल उम्मेदवारहरूको हकमा नियमानुसार गर्न आयोगको मिति २०६७।३।२४ को निर्णय अनुसार नेपाल वायुसेवा निगमलाई लेखी पठाइएको ।

४. नेपाल वायुसेवा निगमले पहिलेको मूल्यभन्दा दोब्बर मूल्यमा बोइङ ७५७ को टायर सोझै खरिद गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल वायुसेवा निगमबाट यसअघि जहाजका मेनटायर प्रतिथान अमेरिकी डलर ७५०।- र नोजटायर प्रतिथान अमेरिकी डलर ५५०।- का दरले खरिद भएको पाइयो । Topcast Aviation Suppliers Co. Ltd, Hong Kong बाट सो भन्दा बढी मूल्य तिरी निगमले टायरहरू खरिद गरेको देखियो । यसअघि निगमले सिधै निर्माता कम्पनीबाट खरिद गरेको र प्रस्तुत खरिदमा निर्माता कम्पनी Dunlop Aircraft Tyres Limited UK, CAAN मा लिस्टिङ नभएको र टायर २४ प्लाइरेटको सट्टा २६ प्लाइरेटको भएको समेत देखियो । निगमले ४,६००।- अमेरिकी डलर फ्रेट चार्ज तिरेको भन्ने उजुरी भएकोमा Topcast Aviation Suppliers Co., Ltd Hong Kong को डिसेम्बर ०९, २००८ को क्रेडिट मेमोबाट ३००।- अमेरिकी डलर मात्रको क्रेडिट नोट दिएको समेत पाइयो । यसअघिको खरिदभन्दा प्रस्तुत खरिद कार्यमा केही बढी भुक्तानी भएको पाइए तापनि निगमले विगतमा Bridgestone र Michelin बाट खरिद गरेका टायरहरू २४ प्लाइरेटको भएकोमा Topcast Aviation Suppliers Co. Ltd, Hong Kong मार्फत खरिद गरिएका टायरहरू Dunlop Aircraft Tyres Limited UK ले निर्माण गरेका २६ प्लाइरेटका भएको, टायरको गुणस्तर समेत फरक फरक भएकाले मूल्यमा तुलना गर्न मिल्ने देखिएन । तथापि वार्षिक रूपमा खपत हुने टायरको हिसाब गरी अब आइन्दा वार्षिक कार्यक्रम स्वीकृत गराई समयमै पारदर्शी र मितव्ययी किसिमबाट समयमै खरिद कार्य गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६७।३।३२ को निर्णय अनुसार नेपाल वायुसेवा निगमको सञ्चालक समितिलाई लेखी पठाइएको ।

(छ) परराष्ट्र मन्त्रालय अन्तर्गत

१. आयोगका कार्यवाहक प्रमुख आयुक्त सहितको टोलीले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राजदूतावास, थाइलैण्ड, बैंककको निरीक्षण गरी सह न्यायाधिवक्ता राजेन्द्र सुवेदीले आयोग समक्ष प्रस्तुत गर्नुभएको निरीक्षण प्रतिवेदन सम्बन्धमा अनुसन्धान हुँदा आयोगबाट सुशासन कायम गर्ने गराउने प्रयोजनका लागि समय समयमा नेपाल सरकारलाई निर्देशन दिइएको र मिति २०६६।६।१८ मा नेपाल सरकारका मुख्य सचिव लगायतका सचिवहरूलाई दिइएको निर्देशनको जानकारी राजदूतावासमा पुगेको नपाइएकोले यस्ता प्रकृतिका आयोगबाट भएका निर्देशनहरू सबै राजदूतावासहरूलाई समयमै पठाई कार्यान्वयनको अनुगमन गर्न र उजुरी पेटिका, नागरिक बडापत्र जस्ता सरोकारवालालाई सेवा प्राप्त गर्न सहज हुने जानकारीमूलक सन्देशहरू राजदूतावासमा व्यवस्थित गरिएको नदेखिँदा यस्ता आधारभूत विषयहरूको तत्काल कार्यान्वयन गर्न सबै राजदूतावासहरूलाई लेखी कार्यान्वयनको अनुगमन गर्न आयोगको मिति २०६६।७।२३ को निर्णय अनुसार परराष्ट्र मन्त्रालयलाई लेखी पठाइएको ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यवाहक प्रमुख आयुक्त सहितको टोली संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको हङकङ स्थित महावाणिज्य दूतावासको निरीक्षणको क्रममा नेपालको राष्ट्रिय झण्डाको मर्यादित एवं सुव्यवस्थित रूपमा प्रयोग गरेको नपाइएको देखिएको हुँदा राष्ट्रिय झण्डाको मर्यादित एवं सुव्यवस्थित रूपमा प्रयोग गर्न गराउन विदेशस्थित सबै नेपाली राजदूतावासहरू, नियोगहरू एवं महावाणिज्य दूतावासहरूलाई लेखी पठाई त्यसको तत्काल कार्यान्वयन र अनुगमन गरी जानकारी पठाउन आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार पररा‍ष्ट्र मन्त्रालयलाई लेखी पठाइएको ।

(ज) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत

१. संयुक्त राष्ट्रसंघ पार्क विकास समितिका तत्कालीन कार्यकारी निर्देशकले नक्कली प्रमाणपत्र प्रयोग गरी भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा निजको प्रमाणपत्र माग गर्दा उक्त समितिले प्रमाणपत्र आवश्यक नै नपर्ने भनेको र तत्कालीन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयले निजको प्रमाणपत्र मन्त्रालयको अभिलेखमा नरहेको भनी जवाफ पठाएको र निजले हाल अवकाश पाइसकेको देखियो । सरकारी स्वामित्वका सार्वजनिक संस्थान प्रतिष्ठान/बोर्ड/समिति वा अन्य निकायमा नेपाल सरकारले राजनैतिक रूपमा नियुक्त गर्दा कार्यकारी अध्यक्षको हकमा मात्र न्यूनतम शैक्षिक योग्यता स्नातक हुनुपर्ने भनी तोकेको तर अन्य प्रकारका कार्यकारी प्रमुखको हकमा मौन रहेको पाइएको हुँदा, त्यसरी नियुक्त हुने पदाधिकारी खासगरी कार्यकारी अध्यक्ष लगायत सञ्चालक समितिका अध्यक्ष, महाप्रबन्धक, कार्यकारी निर्देशक, प्रमुख कार्यकारी अधिकृत आदिको लागि सम्बन्धित क्षेत्रको विज्ञता, अनुभव लगायत कम्तीमा पनि स्नातक उत्तीर्ण गरेको शैक्षिक योग्यता तोक्न र नियुक्ति हुनुपूर्व निवेदनसाथ निजहरूले हासिल गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्न लगाउने व्यवस्था गर्न वाञ्छनीय देखिएकोले सो अनुसार व्यवस्था मिलाउन आयोगको मिति २०६६।४।४ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाइएको ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचरमा भएका व्यवस्थापन लगायत विभिन्न किसिमका अनियमितताका विषयमा उक्त कार्यालयका साथै भन्सार कार्यालय, अध्यागमन कार्यालय, श्रम कार्यालय समेतमा गई आवश्यक जाँचबुझ गरी यसअघि आयोगबाट भएका निर्देशनहरूको अनुगमन समेत गरी प्रतिवेदन पेश गर्न आयोगबाट एक टोली खटाइएकोमा सो टोलीले पेश गरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वस्तुस्थिति बारेको स्थलगत अध्ययन प्रतिवेदनका सन्दर्भमा आयोगबाट सम्बद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसँग आयोगमा छलफल गरियो । सो छलफल एवं स्थलगत अध्ययन प्रतिवेदनबाट नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखिएको । गत वर्ष आयोगको मिति २०६५।९।१७ को निर्णयको कार्यान्वयन पूर्णरूपमा भएको पाइएन । विमानस्थलमा देखिएका विद्यमान कमजोरीहरूमा सुधार नगरिएमा त्यसले सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा समेत प्रतिकूल असर पर्ने र अख्तियार दुरुपयोग समेत हुनसक्ने देखिन्छ । अतः यी समस्याहरू

समयमै निरूपण हुन जरुरी देखिएको हुँदा अति विशिष्ट व्यक्तिहरूको सुरक्षाको संवेदनशीलता समेतलाई हृदयङ्गम गरी त्यस्ता व्यक्तिको आवागमनका समयमा विशिष्ट कक्षमा हुने अनधिकृत व्यक्तिहरूको अनावश्यक घुइँचोलाई नियन्त्रण गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विशिष्ट कक्षमा कुन विशिष्ट व्यक्तिको हकमा कति जना उपस्थित हुन पाउने भन्ने निर्देशिका बनाउन आयोगको मिति २०६६।७६ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाइएको ।

३. कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिमा निर्मित सरकारी स्टलहरू समितिका पदाधिकारी र व्यापारीसँगको मिलेमतोमा बिनाप्रतिस्पर्धा १५ वर्षसम्मका लागि भाडामा दिने सम्झौता भएको र टेण्डर प्रक्रिया नभएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०६० अनुसार समितिको सञ्चालक समितिमा नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत अध्यक्ष, राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत सदस्य सचिव एवं कार्यकारी निर्देशक, कृषि मन्त्रालय अन्तर्गतको बजार विकास निर्देशनालयका निर्देशक, काठमाडौं महानगरपालिका वडा नं. १३ का वडा अध्यक्ष, ३ जना व्यापारी प्रतिनिधि, ३ जना कृषक प्रतिनिधि र समितिको कर्मचारी प्रतिनिधि एक जना सदस्य समेत ११ जना को सञ्चालक समिति रहने व्यवस्था छ । तर कृषक प्रतिनिधि भनेकोमा गैह्र कृषक वा समितिकै व्यापारी समेत सञ्चालक सदस्यमा नियुक्त हुने गरेको पाइएको र उपभोक्ताको प्रतिनिधित्व भएको नपाइएकोले उपभोक्ता, कृषक र व्यवसायीको सन्तुलन कायम राख्न नेपाल सरकारले मनोनयन गरेका कृषक प्रतिनिधि ३ जना भन्ने प्रावधानको सट्टा सबैभन्दा बढी तरकारी तथा फलफूल उत्पादन हुने जिल्लाहरूको (कृषि मन्त्रालयको सूची अनुसार) अभिलेखबाट काठमाडौंमा सबभन्दा बढी तरकारी र फलफूल आपूर्ति गर्ने जिल्लाका कृषि विकास कार्यालयहरूको सूचीहरूबाट कृषि विभागले तयार गर्ने तरकारी र फलफूल उत्पादक प्रथम दस जनाको उत्कृष्ट कृषक नामावलीबाट कृषि विभागको सिफारिसमा परेका २ जना कृषक प्रतिनिधि सदस्य राख्ने, व्यवसायीहरूमध्येबाट एक जनाको प्रतिनिधित्व गराउने, उपभोक्ताहरूका छाता संगठनहरूबाट प्रतिनिधित्वका लागि कृषि मन्त्रालयमा सिफारिस भै आएकामध्येबाट मन्त्रालयले मनोनयन गरेका उपभोक्ता अधिकारकर्मी एक जना, समितिको कर्मचारी प्रतिनिधि एकजना सदस्य रहने गरी व्यवस्था गर्न र कार्यकारी निर्देशक पदमा नियुक्त हुने पदाधिकारीलाई आवधिक रूपमा मन्त्रालयप्रति जवाफदेही बनाउन त्रैमासिक वा अर्धवार्षिक रूपमा कार्यसम्पादन प्रतिवेदन पेश गर्नुपर्ने प्रावधान राख्ने । साथै कार्यकारी निर्देशकको पदावधि बढीमा चार वर्ष हुने वा निजसँग मन्त्रालयले कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादनको स्तरको आधारमा निजको मूल्यांकन हुने प्रावधान गठन आदेशमा राख्न आयोगको मिति २०६७।२।१६ को निर्णय अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाइएको ।

३. महान्यायाधिवक्ताको कार्यालयको प सं २११ च नं १११९८ मिति ०६७।३।२ को पत्रसाथ प्राप्त निवेदक दिपेन्द्र वहादुर क्षेत्री विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको उत्प्रेषण समेतको रिट निवेदनमा सर्वच्च अदालतबाट मिति २०६६।८।५ मा भएको आदेशको छायाप्रति आयोगमा पेश भै छलफल हुँदा मुद्दाको तथ्य (Merit) भित्र प्रवेश नै नगरी मुद्दा खारेज भएको अवस्थामा सेवा शर्तसम्बन्धी कानूनमा स्पष्ट व्यवस्था भएकोमा बाहेक सम्बन्धित कर्मचारीको पुनःस्थापना हुन सक्दैन । नेपाल

सरकार वा अख्तियारवालाले खण्ड (क) को अवस्थामा मात्र आधार र कारणसहित साविक पदमा नियुक्ति दिने नदिने सम्बन्धमा स्वविवेकीय अधिकार प्रयोग गरी आवश्यक निर्णय गर्नसक्छ भनी सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश भएको हुँदा, अब उप्रान्त त्यसरी भ्रष्टाचार मुद्दा खारेज भएमा सम्बन्धित कर्मचारीलाई पदमा पुनः बहाल गर्न उपयुक्त नहुने देखिएकोले नेपाल सरकारबाट सो अनुसारको निर्णय एवं व्यवस्था तत्काल गरी सरकारका सम्पूर्ण अंग, निकाय एवं सरकारी नियन्त्रण वा स्वामित्वका संस्थाहरू (संस्थान, बोर्ड, परिषद्, समिति, विश्वविद्यालय आदि) मा कार्यान्वयन गर्नु गराउनुपर्ने, सरकारले १ नं को सुझाव कार्यान्वयन गर्नु अगावैको मितिमा त्यसरी मुद्दाको तथ्य (Merit) भित्र प्रवेश नै नगरी नक्कली प्रमाणपत्रसम्बन्धी भ्रष्टाचार मुद्दा खारेज भै सम्बन्धित कर्मचारी पदमा पुनः बहाल भैसकेको अवस्था भएमा, प्रमाणपत्र जारी गर्न सम्बन्धित बोर्ड वा विश्वविद्यालयले गरेको प्रमाणीकरण विवरणको आधारमा कर्मचारीको सेवा शर्तसम्बन्धी प्रचलित कानून बमोजिम त्यस्ता कर्मचारी सेवाबाट बर्खास्त वा अवकाश हुने गरी विभागीय कारबाही गर्नुपर्ने सुझाव दिन आयोगको मिति २०६७।३।२१ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाइएको ।

(झ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

१. जिल्ला वन कार्यालय रूपन्देहीका प्रमुख विनोद कुमार ठाकुरले पत्रपत्रिकामा सूचना प्रकाशित नै नगरी नियम विपरीत १२,००० घनफिट काठ लिलाम बिक्री गरी लाखौं राजस्व हानी नाक्सानी एवं भ्रष्टाचार गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा जिल्ला वन कार्यालयका प्रमुख विनोद कुमार ठाकुरले काठ लिलामसम्बन्धी कारबाही गर्दा पटक पटक गोरखापत्रमा समेत सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरेको र पर्याप्त मूल्य नआएको तथा कोशी बाढीपीडितलाई उपलब्ध नगराएसम्म काठ दाउरा बिक्री वितरण नगर्न वन विभागबाट लेखी पठाएको कारण लिलाम बिक्रीको कार्य अघि नबढाएको देखिँदा अनियमितता गरेको भन्ने अवस्था रहेन । ठूलो परिमाणको काठ मौज्दातमा रहेको र यथा अवस्थामा राखिरहँदा विभिन्न कारणले काठको परिमाण र गुणस्तरमा समेत कमी आउन सक्ने हुँदा कोशी बाढीपीडितलाई वितरण गर्न दिने बाहेकको काठ दाउरा यथाशीघ्र कानून बमोजिम लिलाम बिक्री गर्न लगाउन आयोगको मिति २०६६।५।३१ को निर्णय अनुसार वन विभागलाई लेखी पठाइएको ।

२. तत्कालीन जिल्ला भू-संरक्षण कार्यालय, कास्की र हाल पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय, पोखरा, कास्कीमा कार्यरत ना.सु.किरणप्रसाद कोइराला मिति २०५७/९/१ देखि २०५८/८ मसान्तसम्म असाधारण बिदा माग गरी अनुपस्थित भएको उजुरी उपर अनुसन्धान हुँदा ना.सु. किरणप्रसाद कोइरालाले मिति २०५७/९/१ देखि २०५८/८ मसान्तसम्म असाधारण बिदा उपभोग गरिसकेको, सो समयको तलब, पारिश्रमिक नलिएको र निजको उक्त बिदा स्वीकृत भै अभिलेखमा राखी नसकेको स्थिति देखिएको छ । ना.सु. किरणप्रसाद कोइरालाले बिदा मागेको निवेदन बिदा बस्नुभन्दा १३ दिन अगावै दिएको, सम्बन्धित कार्यालय प्रमुखबाट बिदा स्वीकृतिको सिफारिश समेत भएको, सो पत्र भू तथा जलाधार संरक्षण विभागमा मिति २०५७/८/२२ मै दर्ता भएको स्थितिमा भू तथा जलाधार संरक्षण विभागबाट बिदा स्वीकृति/अस्वीकृतसम्बन्धी कार्य निजामती सेवा नियमावली, २०५०को नियम ६४(१) अनुसार यथासमयमै गर्नुपर्नमा सो

भए गरेको पाइएन । यसर्थ यसमा भू तथा जलाधार संरक्षण विभागलाई यस्तो गल्ती पुनः दोहोरिन नदिनेतर्फ सतर्कता अपनाउनुपर्ने गरी निर्देशन दिने, ना.सु.किरणप्रसाद कोइरालाको मिति २०५७/९/१ देखि २०५८ मंसिर मसान्तसम्मको असाधारण बिदा स्वीकृत गरी गराई निजामती किताबखानामा अभिलेख राख्न पठाउने गरी आयोगको मिति २०६६।८।३ को निर्णय अनुसार भू तथा जलाधार संरक्षण विभागलाई लेखी पठाइएको ।

३. वन तथा भू-संरक्षण मन्त्रालयका सचिव उदयराज शर्माले बारा, रौतहट र उदयपुर जिल्ला वन कार्यालय अन्तर्गतको वन जङ्गल संरक्षणमा कमजोरी रहेको भनी गोपाल झा समेतको टोलीले पेश गरेको प्रतिवेदनले औंल्याएका सुझावहरूको कार्यान्वयन एवं दोषी उपर कारबाही नगरेकोले छानबिन गरी कारबाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा उक्त प्रतिवेदन कार्यान्वयनका लागि आयोगको २०६५।९।२७ को पत्रबाट दिइए बमोजिम प्रतिवेदनले औंल्याइएका सुझावहरू कार्यान्वयनको क्रममा रहेको पाइए तापनि कार्यान्वयनको गति सुस्त रहेको देखियो । प्रतिवेदन अनुसारको ९ बुँदे सुझाव कार्यान्वयन एवं दोषी उपर विभागीय कारबाहीको प्रक्रिया सुरु भैसकेको र वन तथा भू-संरक्षण मन्त्रालयका तत्कालीन सचिव उदयराज शर्मा यही क्रममा अन्यत्र सरुवा भै मिति २०६६।९।२५ देखि सेवानिवृत्त भैसकेको देखियो । यसरी प्रतिवेदन एवं आयोगको सुझाव कार्यान्वयनकै क्रममा निज सचिव शर्माको अन्यत्र सरुवा भएको देखिँदा उक्त प्रतिवेदन कार्यान्वयन नहुनुमा निजको निहित स्वार्थ रहेको भनी मान्न सकिने अवस्था रहेन । अतः उक्त टोलीको प्रतिवेदनमा उल्लेख भएका सुझाव प्रचलित कानून बमोजिम मन्त्रालयबाट नै कार्यान्वयन हुन कुनै समस्या नदेखिएकोले यस सम्बन्धमा आयोगबाट थप छानबिन हुनुभन्दा प्राप्त सुझाव वन तथा भू-संरक्षण मन्त्रालयबाट नै कार्यान्वयन हुन स्वस्थकर हुने भएको हुँदा कानून बमोजिम शीघ्र कार्यान्वयनको लागि आयोगको मिति २०६७।२।१९ को निर्णय अनुसार वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

(ञ) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. साल्ट ट्रेडिङ कर्पोरेसनका तत्कालीन कार्यकारी प्रमूख लगायत सञ्चालक समितिका सदस्य तथा कर्मचारीहरूले आफ्नो स्वार्थ पूर्तिका लागि संस्थानलाई डुबाउने विभिन्न अनियमित काम गरेका भन्ने उजुरी उपर अनुसन्धान हुँदा कर्पोरेसनमा कर्मचारीको नियुक्तिको विषयमा सञ्चालक सञ्चालकको बीचमा तथा सञ्चालक र कर्मचारीको बीचमा नाता सम्बन्ध रहेको देखिन आए तापनि यो कर्मचारी नाताको आधारबाट मात्र आएको भन्ने किटानी उल्लेख नभएको र अनुसन्धानबाट त्यस्तो देखिन पनि नआएको हुँदा कर्मचारीको नियुक्ति नाता सम्बन्धका आधारमा नभई योग्यता र क्षमताका आधारमा ऐन, नियमले गरेको व्यवस्था बमोजिम मात्र गर्न र कर्पोरेसनलाई अनावश्यक कर्मचारीको भर्ती केन्द्र नबनाउन आयोगको मिति २०६६।९।१६ को निर्णय अनुसार वाणिज्य तथा आपूर्ति मन्त्रालय लेखी पठाइएको ।

२. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका प्रमुख समेतको मिलेमतोमा गत मार्च महिनामा आयरल्याण्डको डब्लिनमा नेपालको तर्फबाट मेला लगाउन तत्कालीन मन्त्रीका आफन्त नागेन्द्र महतोलाई छनौट गरी केन्द्रबाट रु. ६,००,०००।- निकासा दिएको तर निज

नागेन्द्र महतो आयरल्याण्डमा नै नगई कुनै स्टल नै नराखी, रकमको हरहिसाब समेत नबुझाएकोले उक्त कार्यमा संलग्न सबैलाई कारबाही गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा नेपालको तर्फबाट मेला लगाउन रु. ६,००,०००।- सहयोग लिने नागेन्द्र महतोले उक्त रकम केन्द्रमा फिर्ता गरिसकेको देखिएकोले यस सम्बन्धमा केही गर्न परेन तर आगामी दिनमा निर्यात प्रवर्द्धन कोषमा रहेको रकम खर्चसम्बन्धी कार्यविधि बनाएर मात्र अनुदान तथा सहयोग रकम खर्च गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६६।४।१८ को निर्णय अनुसार व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रलाई लेखी पठाइएको ।

३. नेपाल आयल निगम लिमिटेडका कार्यकारी निर्देशक दिगम्भर झाले चन्दा, पुरस्कार, तथा आर्थिक सहयोगको नाममा विभिन्न पत्रकारहरूलाई एक करोड रुपैयाँ वितरण गरेकाले कारबाही होस् भन्ने उजुरी उपर अनुसन्धान हुँदा नेपाल आयल निगम सञ्चालक समितिबाट निर्णय गराई आ.व. ०६४।०६५ मा रु.४३,९५,५७१।- विज्ञापन शीर्षक बजेट विनियोजन गरी खर्च गरेको देखिन्छ । आ.व.०६५।०६६ मा मिति २०६५।७।६ को सञ्चालक समितिको बैठकबाट रु.४०,००,०००।- (चालीस लाख) बजेट विनियोजन भएकोमा पुनः मिति २०६६।१।३ र २०६६।३।१६ मा क्रमशः रु.२०,००,०००।- र रु. १५,००,०००।- थप गरी जम्मा रु. ७५,००,०००।- बजेट स्वीकृत गराई जम्मा रु.७४,३८,५७८।८९ खर्च गरेको देखियो । विगतका वर्षमा विज्ञापन शीर्षकमा विनियोजित बजेटभन्दा यस वर्षको बजेट अत्यधिक रूपमा वृद्धि हुन गएको देखियो । उक्त वृद्धि भएको रकमबाट सूचनामूलक र व्यावसायिक विज्ञापन भनी खर्च गरेको पाइयो । सूचनामूलक विज्ञापनमा हुने खर्च स्वाभाविक भए पनि नेपाल आयल निगम आफैंले पेट्रोलियम पदार्थ उत्पादन नगर्ने र केवल ढुवानी तथा वितरण गर्ने कार्यसम्म मात्र गर्ने गरेबाट यस्तो संस्थाले व्यावसायिक विज्ञापनमा खर्च गर्नु भनेको अनुत्पादक कार्यमा खर्च गरेको मान्नुपर्ने हुन्छ । आर्थिक वर्षको अन्त्यमा सञ्चालक समितिबाट रकम थप गर्ने गरी गरिएको खर्चलाई स्वच्छ, पारदर्शी एंव आवश्यकताको आधारमा भएको मान्न सकिएन । अतः आगामी दिनमा विज्ञापन तथा सूचना प्रकाशन गराउँदा मितव्ययिता अपनाई फजुल खर्च रोक्ने र आवश्यकता अनुसार मात्र सूचनामूलक विज्ञापनहरू प्रकाशन गर्ने व्यवस्था गर्न र व्यावसायिक विज्ञापनहरूमा सख्त नियन्त्रण गर्न आयोगको मिति २०६६।११।१२ को निर्णय अनुसार नेपाल आयल निगम लिमिटेड, सञ्चालक समितिलाई लेखी पठाइएको ।

४. साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडका सम्बन्धमा विभिन्न विषयमा पर्न आएका उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नुन विशेष कोष (बफर स्टक) को व्यवस्था मिलाउने सम्बन्धमा तत्कालीन श्री ५ को सरकारको मिति २०३५।५।१२ को निर्णयानुसार शहरी क्षेत्रमा बिक्री हुने नुनमा प्रतिके.जी.०।५ पैसा उठाउने र त्यस्तो रकमको सञ्चालन गर्नका लागि वाणिज्य मन्त्रालयको एकजना शाखा अधिकृत साल्ट ट्रेडिङबाटै तलब खाने गरी पठाउने भनी भएको निर्णयानुसार साल्ट ट्रेडिङ कर्पोरेसनले आर्थिक वर्ष २०३५।३६ देखि २०४६।४७ सम्म प्रतिके.जी.०।५ पैसाका दरले सालबसाली रूपमा उठाउँदै आएको कुल रकम रु.४,०४,९७६९३।८५ भएको देखिन्छ । २०४६ सालको जनआन्दोलनपश्चात नेपाल सरकारले जनताबाट उठाउँदै आएको यस प्रकारको कुनै पनि रकम नउठाउने घोषणा गरेपश्चात साल्ट ट्रेडिङ कर्पोरेसनले उठाउँदै आएको बफर स्टक (नुन विशेष कोष) को ०।५ पैसा पनि उठाउन छाडेको देखिन्छ । तत्पश्चात साल्ट ट्रेडिङले उक्त

रकम सालबसाली रूपमा आफ्नो वासलातमा "चालू दायित्व तथा व्यवस्था" शीर्षक अन्तर्गत देखाउँदै आएकोमा आर्थिक वर्ष ०५६।५७ को वासलातमा उक्त रकम "चालू दायित्व तथा व्यवस्थामा" नराखी "मुनाफा तथा जगेडा" शीर्षक अन्तर्गत राखेको देखिन्छ। यसरी चालू दायित्व तथा व्यवस्थाबाट मुनाफा तथा जगेडा शीर्षकमा लगेपछि उक्त रकम भ्रष्टाचार भयो भनी आयोग समक्ष उजुरी पर्न आएको देखिन्छ। तत्कालीन सरकारले नुन विशेष कोष (बफर स्टक) व्यवस्थापनका लागि जनताबाट प्रतिके.जी.०।५ पैसाको दरले रकम उठाउने निर्णय गरे पनि तत् सम्बन्धमा कुनै नीति निर्धारण गर्न नसकेको र तत्काल भएको निर्णय अनुसार नै पनि उक्त रकम सञ्चालनका लागि व्यवस्था गर्ने भनिएको शाखा अधिकृतको समेत व्यवस्था हुन सकेको देखिँदैन। तत्कालीन सरकारको उक्त निर्णयका आधारमा साल्ट ट्रेडिङ कर्पोरेसनले उठाइएको रु.४,०४,९७,६९३।८५ कर्पोरेसनले आफ्नो वासलातमा "मुनाफा तथा जगेडा" कोषमा समावेश गरेबाट उक्त रकम कर्पोरेसनले अपचलन गर्न सक्ने सम्भावना रहन्छ। अतः आर्थिक वर्ष ०३५।३६ देखि ०४६।४७ सम्ममा जनताबाट उठाएको उक्त रकम नेपाल सरकारले राजस्वमा दाखिला गराउने वा साल्ट ट्रेडिङ कर्पोरेसनलाई अनुदान दिने वा अन्य जे जस्तो व्यवस्था गर्नुपर्ने हो गरी उक्त रकम व्यवस्थापन गर्न आयोगको मिति २०६६।९।१६ को निर्णय अनुसार वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाइएको र साल्ट ट्रेडिङ कर्पोरेसनले नुनको बफर स्टक व्यवस्था गरे-नगरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा कर्पोरेसनको मुख्य गोदाम रहेका कैलाली, बाँके, रूपन्देही, पर्सा र विराटनगरमा रहेको गोदामहरूमा २०६५ साल पौष मसान्त र २०६६ साल आश्विन मसान्तमा रहेको मौज्दात हेर्दा २०६५ साल पौष मसान्तमा १२,०६६।७१ मेट्रिक टन र २०६६ आश्विन मसान्तको मौज्दात २७०७३।७५ मेट्रिक टन रहेको पाइन्छ। जबकि नेपालको कुल नुन खपत क्षमता वार्षिक १ लाख ५० हजार मेट्रिक टन रहेको तथ्य कर्पोरेसनका पदाधिकारीले यस आयोग समक्ष बयान गर्दा स्वीकार गरेको देखिन्छ। त्यस अनुरूप बफर स्टकका लागि ७५ हजार मेट्रिक टन अर्थात ६ महिनाको लागि आवश्यक पर्ने नुन मौज्दात रहनुपर्ने हुन्छ। आयोगले अनुसन्धानको क्रममा नमुनाको रूपमा कर्पोरेसनको मुख्य गोदाममा रहेको २ वर्षको मौज्दात अध्ययन गर्दा बफर स्टकका लागि हुनुपर्ने मौज्दातभन्दा ज्यादै कम नुन मौज्दात रहेको पाइयो। कर्पोरेसनका पदाधिकारीले बयान गर्ने क्रममा कर्पोरेसनको काठमाडौं लगायत अन्य ठाउँमा रहेको गोदाममा रहेको मौज्दातबाट बफर स्टक पुग्ने उल्लेख गर्दै यदाकदा काबु बाहिरको परिस्थितिले गर्दा मौज्दात नपुग्न सक्ने तथ्य उल्लेख गरेबाट बफर स्टकका लागि आवश्यक मौज्दात निरन्तर रूपमा कायम राख्न र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले पछिल्ला वर्षहरूमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट विभिन्न प्रयोजनका लागि ऋण लिएको देखिन्छ। जस अनुसार हाल कर्पोरेसनले कुल रु.२०६४३,२९,६५८।८९ ऋण रहेको देखिन्छ। त्यसमध्ये सहायक कम्पनीहरूलाई पेश्की तथा दायित्व अन्तर्गत रु. ५१,३०,२५८०६।०३ लगानी गरेको देखिन्छ। कर्पोरेसनले पछिल्ला वर्षहरूमा ठूलो परिमाणमा कर्जा लिएको देखिँदा यसबाट दीर्घकालमा कर्पोरेसनलाई आर्थिक भार बढी पर्न जाने देखिँदा नेपाल सरकारको समेत स्वामित्व रहेको यस कर्पोरेसनको आर्थिक हित तथा अनुशासन कायम राख्न आयोगको मिति २०६६।९।१६ को निर्णय अनुसार साल्ट ट्रेडिङ कर्पोरेसनलाई लेखी पठाइएको।

५. नेपाल खाद्य संस्थान, प्रधान कार्यालयबाट आर्थिक वर्ष ०६६।०६७ मा विभिन्न सेक्टरमा खाद्यान्न ढुवानी गर्नका लागि बोलपत्र आह्वान गरे बमोजिम सुर्खेत-जुम्ला, सुर्खेत-

कालिकोट र सुर्खेत-मुगुको लागि आफूहरूले कबोल गरेको टेण्डर सदर भई चामल ढुवानी गर्ने कार्य गरिरहेको, हाल बाटो बिग्रेको एवं हिमपातका कारणले ढुवानी गर्न नसकिरहेको अवस्था भए पनि ढुवानी गर्ने समय बाँकी नै रहेको अवस्थामा नेपाल खाद्य संस्थान, प्रधान कार्यालय काठमाडौं तथा नेपाल खाद्य संस्थान, अञ्चल कार्यालय नेपालगञ्जका केही कर्मचारीहरूले केही ढुवानी ठेकेदारहरूसँग आर्थिक लेनदेन गरी बदनीयतपूर्वक गैह्र कानूनी प्रक्रियाबाट नेपालगञ्ज-जुम्लाका लागि ६००० क्विण्टल र नेपालगञ्ज-कालिकोटका लागि ४००० क्विण्टल चामल ढुवानी गर्ने कार्य शुरु गरिसकेकाले सो गैह्र कानूनी कार्य बदर गरी हाम्रो सम्झौता बमोजिम निर्वाध कार्य गर्ने व्यवस्था गरी पाऊँ भन्ने उजुरी साथै, चालू आ.व.मा प्रतिक्विन्टल रु.११८०।-का दरले सुर्खेतबाट जुम्लाका लागि खाद्यान्न ढुवानी भइरहेको र जुम्लामा ४५० क्विण्टल खाद्यान्न मौज्दात रहेको अवस्थामा कृत्रिम अभाव देखाई रु.७०००।- प्रतिक्विण्टलका दरले १००० क्विण्टल चामल सार्वजनिक खरिद ऐन, नियमको प्रावधान विपरीत यति (तारा) एयरबाट ढुवानी गराई लाखौं भ्रष्टाचार गरेकाले कारबाही होस् भन्ने उजुरी उपर अनुसन्धान हुँदा सुर्खेतबाट ढुवानी भइरहेको अवस्थामा नेपालगञ्जबाट पनि सोही जिल्लाहरूका लागि सुर्खेतबाट निर्धारित दरमा नै ढुवानी गराउँदा रकम हिनामिना गरेको भन्ने अवस्था देखिदैन, तर कुनै किसिमको सार्वजनिक सूचना प्रकाशित नगरी केही ढुवानीकर्ताहरूसँग वार्ता गरी ढुवानीकर्ता छनौट गर्ने कार्य उचित भन्न सकिने अवस्था नदेखिएकोले हिमाली जिल्लामा खाद्यान्न संकट भएकाले तत्कालै हवाईमार्गबाट ढुवानी गराउनुपर्ने भनी हवाईमार्गबाट गराइएको ढुवानी कार्य स्थलमार्गको दाँजोमा ढुवानी भाडा निक्कै नै बढी भएको र यस्तो परिस्थिति हरेक वर्ष हुने गरेको देखिएकाले संस्थानबाट विभिन्न दुर्गम जिल्लाहरूमा उपलब्ध गराउँदै आएको खाद्यान्नको ढुवानी गराउने क्रममा दररेट निर्धारण ठेक्का प्रक्रिया आदिमा देखिएको विसंगतिको अन्त्य गरी संस्थानको हितलाई ध्यानमा राखी खाद्यान्न ढुवानी प्रक्रिया किफायती सरल, पारदर्शी र विश्वसनीय बनाउन नेपाल खाद्य संस्थानलाई नेपाल सरकारबाट प्राप्त खाद्यान्न ढुवानीको अनुदान परिमाण र रकम प्रत्येक वर्षको लागि निर्धारित एवं निकासा चौमासिक हुने गरेबाट हिउँद सिजनमा खाद्यान्न ढुवानी नहुँदा पहाडी जिल्लामा खाद्यान्न संकट हुने र वर्षा सिजनमा ढुवानी गर्दा ढुवानीमा बढी रकम खर्च गर्नुपर्ने अवस्था देखिँदा अब उप्रान्त ढुवानी कार्य वर्षको सुरुदेखि नै प्रारम्भ गर्नका लागि ढुवानी अनुदान रकम आर्थिक वर्षको शुरुमा नै अर्थ मन्त्रालयले एकमुष्ट रूपमा उपलब्ध गराउन अर्थ मन्त्रालयलाई, देशका विभिन्न दुर्गम जिल्लाहरूमा नेपाल खाद्य संस्थानका अलावा अन्य विभिन्न विदेशी दातृ राष्ट्र तथा संयुक्त राष्ट्रसंघबाट पनि खाद्यान्न आपूर्ति (जस्तै कामको लागि खाद्यान्न जस्ता कार्यक्रम) हुने गरेकाले एउटा संस्थाले मात्र एउटा जिल्ला वा क्षेत्रमा आपूर्ति गर्ने किसिमले क्षेत्र निर्धारण गरी तोकिएको जिल्ला/क्षेत्रमा प्रभावकारी ढंगले जिल्ला क्षेत्रलाई आवश्यक पर्ने खाद्यान्न वितरण गर्ने व्यवस्था मिलाउन र ढुवानी अनुदान दिई खाद्य संस्थानबाट खाद्यान्न आपूर्ति भइरहेका जिल्लाको संख्या पुनरावलोकन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई र नेपाल सरकारबाट अनुदान रकम प्राप्त गरी खाद्यान्न ढुवानी गराउँदै आएका विभिन्न दुर्गम जिल्लाहरूमध्ये सडक यातायातको सुविधा पुगेका जिल्लामा कुनै पनि बहानामा हवाई मार्गबाट ढुवानी गराउनुपर्ने अवस्था सृजना हुन नदिने । नेपाल खाद्य संस्थानबाट खाद्यान्न ढुवानी गर्न विभिन्न सेक्टरहरूका लागि बोलपत्र आह्वान गर्दा, अधिकतम बोलपत्रदाताहरू सहभागी भई पूर्ण प्रतिस्पर्धामा ढुवानी दर कायम गर्नका लागि

e–bidding को व्यवस्था गर्ने । कुनै जिल्ला वा डिपोमा तत्काल नै खाद्यान्न ढुवानी गराउनुपर्ने अवस्था पर्न सक्ने हुँदा वर्षको शुरुमा नै कोटेसन आह्वान गरी ढुवानीकर्ताहरूको नामावली सूचीकृत गरी राख्ने र सूचीकृत ठेकेदारहरूबाट प्रतिस्पर्धाको आधारमा ढुवानी ठेक्का दिने व्यवस्था मिलाउने । जिल्लामा खाद्यान्नको अभाव भई तुरुन्त हवाई मार्गबाट खाद्यान्न ढुवानी गराउनुपर्ने अवस्था पर्न सक्ने हुँदा वर्षको शुरुमा नै कोटेसन सम्पन गरी विभिन्न हवाई कम्पनीहरूको नामावली सूचीकृत गरी राख्ने र सूचीकृत हवाई कम्पनीहरूबाट प्रतिस्पर्धा गराई ढुवानी गर्ने गराउने । कुनै पनि अवस्था श्रृजना भई कुनै जिल्लामा तत्कालै खाद्यान्न ढुवानी गर्नु पर्ने अवस्था भए पनि पत्र पत्रिकामा सूचना प्रकाशित गरी प्रतिस्पर्धा गराएर मात्र ढुवानीकर्ता छनौट गर्न आयोगको मिति २०६७।२।१६ को निर्णय अनुसार नेपाल खाद्य संस्थानलाई लेखी पठाइएको ।

(ट) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. भोजपुर-हिले सडक योजनाले आ.ब. ०६५।६६मा सडक निमार्णका लागि बोलपत्र आह्वान लगायतमा मिलेमतो गरी षडयन्त्रपूर्ण तवरले बोलपत्र हाल्न नदिएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा एक वर्षभन्दा बढी समय लाग्ने योजनाको खरिद कार्य गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ७ बमोजिम खरिद गुरुयोजना तयार गरी खरिद प्रक्रियामा जानुपर्नेमा उक्त योजनाले सो कार्य गरेको नदेखिएको र सडक निर्माणका अन्य योजनामा समेत सार्वजनिक खरिद नियमावलीको नियम ७ बमोजिम खरिद गुरुयोजना तयार गर्ने नगरिएको भन्ने बुझिन आएकोले अब उप्रान्त सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्थालाई पूर्णरूपमा पालना गर्ने गराउने व्यवस्था मिलाउन आयोगको मिति २०६६।६।१ को निर्णय अनुसार भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

२. जिल्ला सुनसरी, इटहरी नगरपालिका वार्ड नं. ५ स्थित सडक विभाग अन्तर्गतको हेभी इक्युपमेन्ट डिभिजन कार्यालय समेत रहेको जग्गा अतिक्रमण गर्न लागिएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा सडक विभाग अन्तर्गत रहेको उक्त कार्यालयले भोगचलन गरिआएको जग्गाको नापी नक्सामा घेराबन्दी (circle) गर्न गराउन लगाई अतिक्रमण हुनबाट रोक्ने व्यवस्था मिलाउन आयोगको मिति २०६६।८।७ को निर्णय अनुसार सडक विभागलाई लेखी पठाइएको ।

३. नेपाल खानेपानी संस्थान त्रिपुरेश्वरका वरिष्ठ सहायक दक्षकुमार पोखरेलले मिति २०६२/१/१४ गते महाप्रबन्धकको कार्यकक्षमा गई अपशब्द बोली बेइज्जती र अभद्र व्यवहार गरी विभागीय सजाय पाई एक ग्रेड कटौती गरिएकोमा तीन वर्ष नपुग्दै अधिकृतमा बढुवा गरिएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४/९/९ को निर्णयानुसार विभागीय कारबाही कायमै रहेको अवस्थामा निज दक्षकुमार पोखरेललाई मिति २०६३/९/१२ मा अपग्रेड गरी बढुवा गरेको कार्य नेपाल खानेपानी संस्थान कर्मचारी सेवा शर्तसम्बन्धी विनियमावली सातौं संशोधन सहित, २०४९ को नियम १० (४) (ख) १ को (ग) विपरीत कायम रहन नसक्ने देखिँदा उल्लेखित विनियमावली अनुसार कानूनसम्मत निर्णय गर्न नेपाल खानेपानी संस्थानको सञ्चालक समितिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क बमोजिम दिइएको

निर्देशनको हालसम्म कार्यान्वयन भएको नपाइएकोले आयोगको मिति २०६४/९/९ को निर्णय अनुसार दिइएको निर्देशन अख्तियार प्राप्त पदाधिकारीबाट १ महिनाभित्र कार्यान्वयन गर्ने/अन्यथा जिम्मेवार पदाधिकारी उपर विभागीय कारबाहीको प्रक्रिया अगाडि बढाइने व्यहोराको जानकारी आयोगको मिति २०६६।८।८ को निर्णय अनुसार काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई लेखी पठाइएको ।

४. डडेल्धुरा सतबाँझ सडक खण्डको निर्माण कार्यमा व्यापक अनियमितता भई सडक निर्माण गुणस्तरहीन भएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा सडकको अवस्था, सडकमा चल्ले सवारी साधनका किसिम र संख्या अध्ययन गरी त्यसैको आधारमा सडकको मापदण्ड तयार गरी कडाइका साथ लागू गर्ने, ओटा सिल (Otta seal) गरिएका सडकमा आइरहने गुनासाहरूको उचित निक्यौंल गर्न, नेपालमा Otta seal प्रविधिको उपयोगिताबारे विज्ञहरूबाट अध्ययन गरी सुझावसहितको प्रतिवेदन तयार गर्न लगाई आवश्यकता अनुसार लागू गर्न आयोगको मिति २०६६।९।१४ को निर्णय अनुसार भौतिक योजना तथा निर्माण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, सडक विभाग र स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागलाई लेखी पठाइएको ।

(ठ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. सेवा प्रदायक कार्यालयहरूबाट सम्पादन हुने काम कारबाहीलाई अझ बढी सरल, सहज, पारदर्शी र सेवामुखी बनाई सुशासनको प्रत्याभूति दिलाउने दिशामा सघाउ पुऱ्याउने उद्देश्यले आयोगबाट विभिन्न निकायहरूको नियमित निरीक्षण र अनुगमन गर्नुको साथै कार्य क्षेत्रमा देखिएका कमी कमजोरीहरूको सुधारका लागि सरोकारवाला पदाधिकारीहरूसँग छलफल गरी आवश्यक सुझाव निर्देशन दिने गरिएको छ । यसै क्रममा भूमिसुधार तथा व्यवस्था, श्रम तथा यातायात व्यवस्था, गृह, स्थानीय विकास मन्त्रालयहरू र मातहतका काठमाडौं तथा काभ्रे जिल्लास्थित जिल्ला प्रशासन, मालपोत, भूमिसुधार, नापी कार्यालयहरू र स्थानीय निकायका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतका काम कारबाहीहरूमा हुने गरेको ढिलासुस्ती, अनियमितता तथा अन्य कमी कमजोरीहरूमा सुधार ल्याउने उद्देश्यले सरोकारवाला मन्त्रालयका सचिव, विभागीय प्रमुख, कार्यालय प्रमुखहरू समेतसँग आयोगमा छलफल गरियो । सो छलफल कार्यक्रम तथा आयोगबाट खटिएको अनुसन्धान टोलीले पेश गरेको स्थलगत निरीक्षण प्रतिवेदन समेतबाट आयोगले यस पूर्व सम्बन्धित निकायहरूलाई दिएका निर्देशनहरू पूर्णरूपमा कार्यान्वयन भएको पाइएन । अतः सम्बन्धित निकायहरूमा पहिचान गरिएका समस्याहरू समयमै निराकरण हुन जरुरी देखिएको हुँदा आयोगको मिति २०६६।६।१८ को निर्णयपश्चात सम्बन्धित निकायहरूलाई दिइएको पाँचबुँदे निर्देशन हालसम्म पूर्णरूपमा कार्यान्वयन भएको पाइएन । आयोगबाट दिएका निर्देशनहरू तदारुकताका साथ सबै कार्यालयहरूबाट पालना गर्ने गराउने व्यवस्था मिलाउने । आयोगका निर्देशनहरू पालना नगर्ने र सुशासन ऐन, नियमले निर्दिष्ट गरेका कार्यनीतिहरू अवलम्बन नगर्ने कार्यालय प्रमुख तथा कर्मचारी उपर आवश्यक कारबाही गरिने हुँदा त्यस्ता निर्देशनहरू अविलम्ब कार्यान्वयन गर्ने, सुशासन एकाइको गठन नभएका मन्त्रालय, विभाग तथा कार्यालयहरूमा कार्यालय प्रमुख स्वयम्कै संयोजकत्वमा सुशासन एकाइ गठन गरी नियमित रूपमा बैठक बस्ने । सचिवले सो को अनुगमन गर्ने कार्यलाई निरन्तरता दिने

र सेवा प्रवाहमा देखिएका समस्याहरू समयमै निराकरण गरी प्रत्येक महिना सो को प्रगति सहितको विवरण आयोगसमक्ष पेश गर्ने । सेवाग्राहीसँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालय, विभाग र कार्यालयहरूमा अनधिकृत व्यक्तिहरूको सहज पहुँच रहँदै आएको पाइएको हुँदा त्यस्ता कार्यलाई कडाइका साथ नियन्त्रण गर्ने । कार्यालयमा उपस्थित हुने लेखापढी व्यवसायी र बारेस प्रतिनिधिहरूलाई परिचयपत्रको व्यवस्था गर्न आवश्यक निर्देशन दिने र लेखापढी व्यवसायीहरूको कार्यालय मालपोत तथा नापी कार्यालय परिसरबाट अलग्गै राख्ने प्रबन्ध मिलाउने, मालपोत कार्यालयमा दाखिला हुने आर्थिक कारोबारहरू बैंकिङ पद्दतिबाट गर्ने कार्यको सुरुवात गर्ने, कार्यालय प्रमुखहरूले नियमित रूपमा कार्यालयका फाँटहरू निरीक्षण गर्ने, सेवा प्रवाहमा देखिएका समस्याहरूको पहिचान गरी तिनको तत्कालै निराकरण गर्ने, नियमित Staff meeting गरी गुनासो व्यवस्थापन गर्ने र भ्रष्टाचारजन्य क्रियाकलापलाई कडाइका साथ नियन्त्रण गर्ने । मालपोत, भूमिसुधार, नापी जस्ता भूमि प्रशासनसँग सम्बद्ध कार्यालयहरूबीच परस्पर समन्वयको अभावका कारण सेवाग्राहीले अनावश्यक रूपमा दु:ख पाउने र छिटो छरितो रूपमा सेवा प्राप्त गर्न कठिनाइ भइरहेको हुँदा त्यस्ता कार्यालयहरूबीचमा कार्यविधिगत एकरूपता कायम गर्न केन्द्रीय तहबाटै प्रभावकारी समन्वयको व्यवस्था मिलाउने । कार्यालयहरूको श्रेस्ता, अभिलेख, कागज प्रमाणको समुचित सुरक्षाका लागि विद्युतीय माध्यमबाट तथ्यांक भण्डारणको व्यवस्था गर्ने कार्यलाई प्रभावकारी बनाउने र कार्यालयहरूका भवन लगायत भौतिक साधन स्रोतको यथोचित व्यवस्थापन गर्ने । जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भई दर्ता गर्नसम्म छुट भएको जग्गा दर्ता गर्नका लागि मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (२) मा कुनै निश्चित हदम्याद नतोकिएको अवस्थामा नियमावलीद्वारा कार्यविधि तोक्ने क्षेत्राधिकार अन्तर्गत नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी छुट जग्गा दर्ताको लागि निवेदन दिने म्याद पटक पटक तोक्न सक्ने गरी नियमावलीको नियम ४क (१) मा व्यवस्था भए अनुसार उपरोक्त प्रावधान ऐनको अभिप्राय अनुरूप नदेखिँदा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले त्यसलाई संशोधन गरी मिलाउन आयोगबाट यसपूर्व दिएका निर्देशन कार्यान्वयन भएको पाइएन । उचित कानूनी निकासको अभावमा स्थानीय स्तरका कार्यलयहरूमा छुट जग्गा दर्ताको कारबाही हुन नसकी सेवाग्राहीले अनावश्यक रूपमा हैरानी खेप्नुपरेको गुनासाहरू प्राप्त हुने गरेको र मालपोत कार्यालयहरूको स्थलगत निरीक्षणका क्रममा समेत त्यस्ता निवेदनहरू प्रशस्तै फेला परेको देखिँदा सो सम्बन्धमा आयोगको पूर्व अनुसारको व्यवस्था यथाशीघ्र कार्यान्वयन गर्न परिपत्र जारी गर्ने, मोही लागेको जग्गामा जग्गाधनी र मोहीको हकमा जग्गा बाँडफाँडको व्यवस्था गर्दा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ घ (३) अनुसार आवधिक गर्दा सरोकारवाला सर्वसाधारणलाई मर्का पर्न जाने अवस्थालाई विचार गरी यसमा समयानुकूल सुधार गरी जग्गा बाँडफाँडको व्यवस्था शीघ्र प्रारम्भ गर्ने, सार्वजनिक सेवालाई प्रभावकारी बनाउन र कार्यालयमा हुने भीडलाई व्यवस्थित गर्न First come, First service को अवधारणालाई प्रभावकारी बनाई टोकन प्रणालीलाई सबै कार्यालयहरूमा अनिवार्य गर्ने तथा कार्यबोझका आधारमा आवश्यक जनशक्ति व्यवस्थापन गर्न आयोगको मिति २०६६।७।१३ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

२. काठमाडौं जिल्ला आलापोट गाउँ विकास समिति वडा नं. १ को मेरा नामको जग्गा मालपोत कार्यालय चाबहिलले अनियमित तरिकाले अन्य व्यक्तिहरूको नाममा दर्ता

गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं जिल्ला आलापोट गाउँ विकास समिति वडा नं. १ कि नं. ३९१ क्षे.फ. ०-१२-०-० को जग्गा निवेदक श्रीराम खड्काले मालपोत कार्यालय चाबहिलबाट र.नं. ४१३ मिति २०५६।४।२३ को राजीनामाले रु. ५०,०००।- मा पारित गरी लिएको देखिन्छ । उक्त राजीनामा पारित गरी ल्याएको जग्गा काठमाडौं जिल्ला अदालतको मिति २०६३ साल पौष १८ को वण्डा मुचुल्का बमोजिम उक्त कि.नं. ३९१ लाई ५ भाग लगाई ५ भागको १ भाग ललित बहादुर खड्का, १ भाग जीवन र सुमन खड्का, १ भाग राजन खड्का, १ भाग रघुराज खड्का, १ भाग मणिराम खड्काका नाममा वण्डा गरिदिने भनी मालपोत कार्यालय चाबहिललाई दा.खा गरिदिन लेखी पठाएको देखिन्छ । मालपोत कार्यालय चाबहिलको मिति २०६५।१।३० को निर्णयानुसार उल्लेखित कि.नं. ३९१ बाट कि.का. भई कि.नं. ५४४ क्षे.फ. ०-२-१-२ ललित बहादुर खड्का, कि.नं. ५४५ क्षे.फ. ०-२-१-२ जीवन र सुमन खड्काका नाममा दा.खा. भएको देखिन्छ । अर्कोतिर रघुराज खड्का, मणीराम खड्काले साविक ३९१ बाट आफ्नो भागमा पाउनुपर्ने जग्गा अर्को व्यक्तिको जग्गा भएकोले सो जग्गामा दाबी नगर्ने भनी मिति २०६५।३।४ मा मालपोत कार्यालय चाबहिलमा निवेदन दिई सनाखत गरी दाबी छोडिदिएको समेत देखिन्छ । मुद्दाको रोहमा वादी प्रतिवादी नभएको व्यक्तिको नाममा रहेको जग्गाबाट ललित बहादुर खड्का समेतको नाममा दा.खा. गर्न नमिल्ने हुँदा हक कायम गराई ल्याउने व्यहोराको निर्णय सुनाउनुपर्नेमा काठमाडौं जिल्ला अदालतको वण्डा मुचुल्का बमोजिम दा.खा. हुने गरी मालपोत कार्यालय चाबहिलबाट मिति २०६५।१।३० मा भएको निर्णय त्रुटिपूर्ण देखिएकोले उक्त कि.नं. ३९१ क्षेत्रफल ०-१२-०-० जग्गाको कि.का. भई कायम भएका जग्गा श्रीराम खड्काकै नाममा यथावत कायम राख्न आयोगको मिति २०६६।७।२७ को निर्णय अनुसार मालपोत कार्यालय चाबहिललाई लेखी पठाइएको ।

३. मालपोत कार्यालय चाबहिलका कर्मचारी र लेखन्दासको मिलेमतोमा काठमाडौं जिल्ला वालुवा गाउँ विकास समिति वडा न.३ (ग) कि.न. ५३ को ३ रोपनी ४ आना दर्ता बाँकी जग्गालाई बेरीतपूर्वक दर्ता गरी बिक्री समेत गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा मालपोत कार्यालय चाबहिलबाट २०६६।५।८ मा कृत्रिम मिसिल नं. र मिति लेखी सानु कान्छी तामाङ, उद्धब तामाङ र मनोज कुमार लामाको नाममा दर्ता प्रमाणित भएको काठमाडौं जिल्ला बालुवा गाउँ विकास समिति वडा न.३ (ग) कि.न. ५३ क्षे.फ. ३-४-०-० को दर्ता बाँकी जग्गाको दर्ता कायम रहन नसक्ने भएकोले उक्त दर्ता तथा कित्ताकाट भै कायम भएका नयाँ कित्ता नं. समेतलाई बदर गरी साबिक बमोजिमको दर्ता बाँकी श्रेस्तामा कायम राखी सो को जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समेत गराउन आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार मालपोत कार्यालय चाबहिललाई लेखी पठाइएको ।

४. काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका स्थित बाघ भैरव मन्दिरको जग्गा तथा सरकारी पर्ती जग्गा समेत अतिक्रमण गरी हिलटाउन इन्टरनेशनल उच्च माध्यमिक विद्यालयले नक्सापास समेत नगरी विद्यालय भवन बनाएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा हिलटाउन इन्टरनेशनल उच्च माध्यमिक विद्यालय कीर्तिपुरले शुरुमा प्राथमिक निजी विद्यालयको रूपमा स्वीकृति प्राप्त गरी २०५० देखि विद्यालय व्यवस्थापन समिति मार्फत सञ्चालन हुने गरी समुदायमा हस्तान्तरण भै २०६२।१।१८ देखि शैक्षिक सार्वजनिक गुठीको रूपमा सञ्चालन गर्ने स्वीकृति प्राप्त गरे तापनि विद्यालय भवनहरू

निर्माण भएको साविक लायकु गाउँ विकास समिति वडा नं. ४ (क) कि.नं. ३४ क्षे.फ. ९-७-०-० रोपनी पर्ती जग्गामा, भवन निर्माण गर्ने स्वीकृति प्राप्त गरेको नदेखिएकोले सरकारी सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व स्थानीय प्रशासन ऐन, २०२८ अनुसार जिल्ला प्रशासन कार्यालयको र स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार नगरपालिकाको समेत भएको हुँदा सरकारी जग्गा संरक्षणका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाडौं र कीर्तिपुर नगरपालिका कार्यालय कीर्तिपुरलाई लेखी पठाइएको र उक्त जग्गालाई नेपाल सरकारको नाममा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पठाई जग्गा धनी श्रेस्ताको नक्कल आयोगमा पठाउन आयोगको मिति २०६६।४।५ को निर्णय अनुसार मालपोत कार्यालय कलंकीलाई लेखी पठाइएको ।

५. साविक पाटन यनमुगल ६६।५६ नं. लगतमा त्रैलोकधर समेत ६ जनाको नाममा गुठी जनिएको चतिपा भन्ने खेत नापी हुँदा ललितपुर जिल्ला टीकाथली गाउँ विकास समिति वा.नं.१(ख) को कि.नं. १२ को क्षे.फ.६-४-०-० जग्गा कर्मचारीहरू विपक्षहरूसँग मिली फिल्डबुकमा केरी सच्याई गुठी जग्गा रैकरमा दर्ता गरी बिक्री गरी हानी नोक्सानी गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा ललितपुर जिल्ला टीकाथली वा.नं.१(ख) कि.नं १२ को फिल्डबुक सच्याई गुठी शब्द मेटाइएको र सोही आधारमा मालपोत कार्यालय ललितपुरले उक्त जग्गा नक्कली व्यक्तिहरूका नाममा दर्ता समेत गरेको कुरा फाइल साथ संलग्न कागजातहरूबाट देखियो । नापी कार्यालयको तर्फबाट फिल्डबुक उतारक कर्मचारीले बयानमा फिल्डबुक आफूले उतारेको तर 'गुठी' शब्द काट्ने काम आफूले नगरेको कुरा स्वीकार गरेको अवस्था रहेको छ । नापी कार्यालयमा रहने सक्कल फिल्डबुक कार्यालयको सक्कल अभिलेख हो । त्यस्तो अभिलेख मास्ने, नास्ने, च्यात्ने, सच्याउने जस्ता गैरजिम्मेवार काम कारबाहीहरू गर्नु गराउनु कानून विपरीतका कार्य हुने हुँदा फाँटवालाले फिल्डबुक उतार नगरी कार्यालय सहयोगीले उतार गर्नु र सक्कलै कागजात नहेरी उतारकका हैसियतले फाँटवालाले सही गर्नु तथा त्यसैको माथितिर नापी निरीक्षकले प्रमाणित गर्नुलाई चरम गैरजिम्मेवारीपूर्वक काम गरी पदीय कर्तव्य पूरा नगरेको पाइयो । सक्कल फिल्डबुकमा उल्लेखित 'गुठी' शब्द कसले कहिले र किन, काट्यो, मेट्यो सो समेत खुल्न किटान हुन नसकेको अवस्था हुँदा फिल्डबुकमा उल्लेखित व्यहोरा भू-सूचना तथा अभिलेख विभागको माइक्रोफिल्ममा आयोगबाट हेर्दा 'गुठी' शब्द जस्ताको तस्तै अर्थात केरमेट नभएको अवस्थामा रहेको पाइयो । यसरी सरकारी छाप दस्तखत भएको उक्त नापीको रेकर्ड सच्याइएको विषयमा अनुसन्धान गर्न सम्बन्धित प्रहरी कार्यालयमा आवश्यक कागजात सहित पठाउन आयोगको मिति २०६६।५।१५ को निर्णय अनुसार सम्बन्धित नापी प्रमुखलाई लेखी पठाइएको ।

६. नेपाल सरकारले उपलब्ध गराएको नेपाल बाल संगठनको नक्साल स्थित जग्गा लिजमा दिन लागेकोले कारबाही गरिपाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा नक्साल स्थित नेपाल बाल संगठनको नाउँमा दर्ता कायम भएको काठमाडौं महानगरपालिका वडा नं. १ कि.नं. ७६० को जग्गा रोपनी ५१-१३-३ मध्येबाट यसअघि बृहस्पति विद्या सदनलाई उपलब्ध गराएको र हाल १० रोपनी लिजमा दिन कारबाही सुरु गरेको सम्बन्धमा नेपाल बाल संगठनले कानूनी राय परामर्श लिएको कुरा र अन्य स्थानको लिज भाडा दर समेतलाई विश्लेषण गरी निर्धारण गरेको न्यूनतम भाडादर समेतलाई मध्यनजर राखी जग्गा लिजमा दिने कारबाही चलेको विषयमा नेपाल सरकारबाट सहमति लिएर मात्र

गर्ने, बाल संगठनले निर्धारण गरेको न्यूनतम मूल्यमा नघट्ने गरी लिजमा दिने, लिजमा दिने जग्गाको चारै दिशा आदि स्पष्ट रूपमा यकिन गरेर मात्र सम्झौता गर्ने, २०५९ साल भाद्र ११ गते नेपाल बाल संगठन र बृहस्पति विद्या सदनबीच भएको क्षेत्रफल १३-१२-१ जग्गा वार्षिक रु.६ लाखमा लिजमा दिने सम्बन्धमा भएको सम्झौताको हकमा थप छानबिन गरी पेश गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६६।५।१७ को निर्णय अनुसार नेपाल बाल संगठनलाई लेखी पठाइएको ।

७. मालपोत कार्यालय बाराबाट र.नं. ८३२७ मिति ०५४।३।३० मा राजीनामा पारित हुँदा जग्गा दिने अरिहन्त इण्डष्ट्रिज प्रा.लिमिटेड परवानीपुर बारा र लिने तृप्ती धनावत (अग्रवाल) भएको लिखतमा घर नदेखाई न्यूनतम मूल्यांकनभन्दा कम मूल्य देखाई सम्बन्धित व्यक्ति र कर्मचारीहरूले राजस्व बापतको रकम बाँडी खाएको हुँदा कारबाही गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा हालको जग्गाधनी दिपक कुमार टिवडेवाल र प्रकाश कुमार टिवडेवालबाट मिति ०६६।४।३० मा नपुग राजस्व रु. ३,१५,७७०।- असुल उपर भइसकेको देखिन आएको भए तापनि प्रचलित कानून बमोजिम लाग्ने मिति ०५४।३।३० देखि ०६६।४।३० सम्मको ब्याज असुल उपर भएको नदेखिएको हुँदा उक्त अवधिको नियमानुसार लाग्ने सयकडा १० प्रतिशत ब्याज समेत असुल उपर गरी आयोगमा जानकारी गराउन लेखी पठाउने र ब्याज असुल उपर नभएसम्म उक्त घर जग्गा यथावत रोक्का राख्न आयोगको मिति २०६६।६।६ को निर्णय अनुसार मालपोत कार्यालय बारालाई लेखी पठाइएको ।

८. काठमाडौं जिल्ला साविक बौद्ध-४ कि.नं.३२ को जग्गा अनियमित तरिकाले दर्ता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा काठमाडौं जिल्ला साविक बौद्ध गाउँ विकास समिति वार्ड नं.४ क कि.नं.३२ को क्षेत्रफल २-१४-३ जग्गा हाल नापीमा नगर वडा नं.६ सिट नं.१०२-१०६४-०८ कि.नं.६४ को क्षेत्रफल ६-१०-२ मा नापी भएको र साविक बौद्ध गाउँ विकास समिति वार्ड नं.४ क कि.नं. ३२ को जग्गामा मोही हक नामसारीमा जगतबहादुर वैद्य, जगतबहादुरको मात्र हक लाग्ने होइन भनी वैद्यका नातेदार र पूर्णमाया लामा समेतको निवेदन दाबी विरोध परी २०४४ सालदेखि कारबाहीमा रहेकोमा गुठी संस्थान शाखा कार्यालय, काठमाडौंबाट निर्णयका लागि गुठी संस्थान केन्द्रीय कार्यालयसँग राय माग गरिएको विषयमा केन्द्रीय कार्यालयबाट मिति २०६४।७।१६ र २०६४।७।२६ मा निर्णय भएको देखिन्छ । उक्त निर्णयमा उल्लिखित व्यहोराभन्दा बढी साविक लगत तथा हाल नापी अनुसार गुठी जग्गा दर्ता गर्ने भन्ने वाक्यांश उल्लेख गरी मिति २०६४।७।२८ मा शाखा कार्यालयबाट निर्णय भई गएको र मालपोत कार्यालय, चाबहिलबाट शाखा कार्यालयको निर्णयभन्दा अलग नयाँ नापीको जोताहा मोही कायम गरी पठाएको व्यहोरा उल्लेख गरी मोहीसम्बन्धी निर्णय गरेको देखिन आएकाले शुरु नापीमा उक्त साविक कि.नं. ३२ को जग्गामा ज.ध.मा गुठी संस्थान र मोहीमा जगतबहादुर वैद्य उल्लेख भएको र भूमिसुधार कार्यालयबाट प्रकाशित २ नं. अनुसूचीमा पनि मोही जगतबहादुर वैद्य नै उल्लेख भै कुनै आधिकारिक निकायको निर्णयबाट मोही लगत कट्टा भएको हालसम्मको अनुसन्धानबाट नदेखिएको र कुनै गुठी जग्गामा मोही तेरो मेरोमा विवाद परेमा सम्बन्धित भूमिसुधार कार्यालयमा मोही यकिन गरी निर्णय गर्न पठाउनुपर्ने कानूनी बाध्यता र सम्मानित सर्वोच्च अदालतबाट पटक पटक निर्णय भएको कुरालाई समेत विचार गर्दा गुठी संस्थान र मालपोत कार्यालयबाट नयाँ नापीमा नाम उल्लेख भएको व्यक्तिलाई मोही कायम गरी हाल साविक नामसारी

गर्ने गरी गरेको निर्णय कानूनसम्मत भएन । तसर्थ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख बमोजिम गुठी र मालपोत कार्यालयबाट भएको उल्लेखित दुष्कृतिजन्य निर्णय सच्याई प्रस्तुत विवादको सक्कलै फायल मोही तेरो मेरोको विवादको टुंगो लगाउन भूमिसुधार कार्यालय काठमाडौंमा पठाउन आयोगको मिति २०६६।६।२५ को निर्णय अनुसार गुठी संस्थान केन्द्रीय कार्यालयलाई लेखी पठाइएको ।

९. गुठी संस्थान केन्द्रीय कार्यालय डिल्लीबजार काठमाडौंमा करारमा कर्मचारी नियुक्ति गर्दा अनियमितता भयो भन्ने उजुरी उपर अनुसन्धान हुँदा गुठी संस्थान केन्द्रीय कार्यालय अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी अन्तर्गत केही पदहरू रिक्त रहेको देखिएकोले संस्थानलाई आवश्यक कर्मचारीको दरबन्दीलाई पुनरावलोकन गरी सवारी चालक र कार्यालय सहायक (श्रेणी विहीन) बाहेकका अन्य पदहरूमा नियमानुसार ६ महिनाभित्रमा स्थायी पदपूर्ति गर्ने व्यवस्था मिलाउने, स्वीकृत दरबन्दीभित्रका संस्थानको कार्य सञ्चालनमा नभै नहुने पदहरूमा मात्र करारबाट कर्मचारी काममा लिँदा निजले गर्नुपर्ने काम, निजको पद र अवधि समेत तोकी अब उप्रान्त खुल्ला प्रतिस्पर्धा गराएर मात्र करारमा नियुक्ति गर्ने गराउने अन्यथा खुल्ला प्रतिस्पर्धा नगराई करारमा नियुक्ति गरे गराएमा नियुक्ति पाउने कर्मचारीले लिए खाएको तलब भत्ता नियुक्ति गर्ने गराउनेबाट असुलउपर गर्ने, हाल करारमा नियुक्ति पाई कामकाज गरिरहेका कर्मचारीहरूलाई स्वीकृत दरबन्दीभित्रको पदमा गर्नुपर्ने काम तोकी काममा लगाउने र करार अवधि समाप्त भएपछि म्याद थप गर्नुपर्दा प्रतिस्पर्धा गराएर मात्र गर्न आयोगको मिति २०६६।६।२६ को निर्णय अनुसार गुठी संस्थान सञ्चालक समितिलाई लेखी पठाइएको ।

१०. दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. १० मानेडाँडामा रहेको करिब ३५० वर्ष पुरानो माने र यसले ओगटेको जग्गामध्ये केही जग्गा व्यक्तिहरूले अतिक्रमण गरी दर्ता गराएकोले व्यक्ति विशेषको दर्ता बदर गरी मानेको जग्गा कायम गरी सार्वजनिक जग्गा संरक्षण गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा मानेले फिल्डमा पर्खाल र काँडेतार लगाई घेरेको जग्गाभित्र पर्ने दोलखा चरिकोट वडा नं.२ साविक कि.नं. ४ बाट कित्ताकाट भै कायम भएको कि.नं. १५०३ क्षे.फ. ०००५५ वर्ग मिटर, ऐ. वडाको साविक कि.नं. १८ बाट कि.का. भै कायम भएको कि.नं. १३३१ क्षे.फ. ००१३१ वर्ग मिटरमध्ये ०००३९.७० वर्गमिटर र ऐ. वडाको साविक कि.नं. ७८ बाट कि.का. भै कायम भएको कि.नं. ११८२ क्षे.फ. ०००७१ मध्ये ०००३९.७० वर्गमिटर समेतको जग्गा सार्वजनिक (मानेको) देखिएकोले आवश्यक प्रक्रिया पूरा गरी ३ महिनाभित्र व्यक्ति विशेषको दर्तालाई मालपोत ऐन, २०३४ को दफा २४ बमोजीम बदर गरी सार्वजनिक (मानेको) जग्गा कायम गर्न आयोगको मिति २०६६।६।२७ को निर्णय अनुसार मालपोत कार्यालय दोलखालाई लेखी पठाइएको ।

११. कास्की हेम्जा-९ अन्तर्गतका विभिन्न सार्वजनिक जग्गाहरू विभिन्न व्यक्तिहरूले भोगचलन गरेका, विना प्रमाण आवाद गरेका, गौरी शंकर उच्च माध्यमिक विद्यालय ले साविक देखि भोग गरेको जग्गामा घर, कटेरा, टहरा वनाई व्यक्तिहरूले भोग गरेका हुँदा उक्त जग्गाहरू सार्वजनिक नै कायम गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा गौरी शंकर उच्च माध्यमिक विद्यालय ले मिति २०४१।१२।२७ मा जग्गा दर्ता गरी पाऊँ भनी

मालपोत कार्यालय कास्कीमा दिएको निवेदन उपर लामो समय बितिसक्दा पनि विद्यालयका नाममा दर्ता हुन सकेको पाइएन । यसरी लामो समयावधिसम्म दर्ता नभएको कारण विभिन्न व्यक्तिहरूबाट विद्यालयले भोगचलन गर्दै आएको जग्गा अतिक्रमण भैरहेको देखिएको हुँदा गौरीशंकर उच्च माध्यमिक विद्यालयको मिति २०६६।४।२६ को पत्र, २०२० सालको दानपत्र, २०३४ सालको तिरो तिरेको रसिद र विद्यालयले २०१५ सालदेखि भोग गरिएको भनिएको कास्की हेम्जा-९ कि.नं. ७३८ समेत विद्यालयले मागदाबी गरेको जग्गा गौरीशंकर उच्च माध्यमिक विद्यालय हेम्जाको नाममा एक महिनाभित्र दर्ता गरिदिन आयोगको मिति २०६६।७।१८ को निर्णय अनुसार मालपोत कार्यालय कास्कीलाई लेखी पठाइएको ।

१२. हाम्रो नाममा मोही दर्ता भै जग्गाधनी विष्णुमती पुलपारि झाडुबढारु गुठी भएको काठमाडौं जिल्ला बालुवा गाउँ विकास समिति वडा नं. ९ (ख) कि.नं. २९३, २७८, २१६ र २१७ समेतका जग्गामा उक्त जग्गाको मोही हुँ भनी काठमाडौं जिल्ला बालुवा गाउँ विकास समिति वडा नं. ९ बस्ने काले दमाइको छोरा बच्चु दमाइले मोही कायमको लागि अदालतमा मुद्दा चलाई मुद्दा हारी सकेको अवस्थामा काठमाडौं जिल्ला बालुवा गाउँ विकास समिति का सचिव तेजप्रसाद पन्तले बच्चु दमाईको पक्षमा लागि हामीलाई छलफलमा आउन भनी म्याद काटेकोले निज सचिवलाई आवश्यक कारबाही गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा उजुरी निवेदनमा उल्लेखित कि.नं. का जग्गाहरू साविक बालुवा गाउँ विकास समिति वडा नं. ९ (ख) कि.नं. १७० र ऐ. वडा नं. ९ (घ) कि.नं. ११ बाट विभिन्न मितिमा विभिन्न व्यहोराबाट कित्ताकाट भै कायम भएको । कि.नं. १७० र ११ को जग्गा २०२२ सालको नापीको फिल्डबुकमा जोताहा काले दमाई जग्गाधनी श्री ५ को सरकार गुठी उल्लेख भै किसानको व्यहोरामा यो जग्गा श्री ५ को सरकार गुठी हो मैले गोकर्ण गाम्चा बस्ने जगन्नाथलाई तिरो तिरी खाएको छुँ भन्ने व्यहोरा उल्लेख भै दुवै कित्ता जग्गाको भूमिसुधार कार्यालयबाट काले दमाईले मोही हकको प्रमाणपत्र समेत पाइसकेको अवस्थामा ०४३।८।२५ मा गुठी संस्थानबाट काले दमाईको जोत बदर गरी जगन्नाथका हकदार छोरा हरिहर शर्मा र माधव प्रसादको नाउँमा मोही कायम गर्ने गरी गरेको निर्णय, गुठी संस्थान ऐन २०३३ को पहिलो संशोधन २०४१ लागू भइसकेको अवस्थामा, उल्लेखित कि.नं. १७० र ११ को जग्गामा दर्तावाला जगन्नाथको हकदारलाई मोही कायम गरी जोताहा काले दमाईको जोत बदर गर्ने गरी गरेको निर्णय गुठी संस्थान ऐन २०३३ को दफा २६(१) बमोजिम प्रतिकूल देखियो । गुठी संस्थान ऐन २०३३ को दफा २६(१) मा गुठी जग्गामा खास जोताहा किसानले मात्र प्रचलित कानून बमोजिम मोहीयानी हक पाउने छ भन्ने र मोहीसम्बन्धी विषयमा प्रमाण बुझी इन्साफ दिन भूमिसम्बन्धी ऐन, २०२१ ले भूमिसुधार अधिकारीलाई मात्र तोकेको अवस्थामा उल्लेखित कि.नं. १७० र ११ को जग्गाको मोहीसम्बन्धी मुद्दाको सुनुवाई जिल्ला अदालतबाट हुन नसक्नेमा जिल्ला अदालत काठमाडौंले मुद्दा दर्ता गरी गरेको डिसमिस फैसला मुलुकी ऐन अ.ब. को ३५ नं. बमोजिम क्षेत्राधिकार बाहिरको फैसला भै कायम रहन नसक्ने देखिन आएकोले उल्लेखित काठमाडौं जिल्ला बालुवा गाउँ विकास समिति वडा नं. ९(ख) कि.नं. १७० र ऐ. गाउँ विकास समिति वडा नं. ९(घ) कि.नं. ११ का जग्गाहरू कित्ताकाट भै हाल कायम भएका सम्पूर्ण कि.नं. का जग्गामा ३ महिनाभित्रमा साविकको जोताहा मोही काले दमाईको नाम कायम गरी सोको जानकारी आयोगलाई समेत गराउन आयोगको मिति २०६६।७।२५ को निर्णय अनुसार भूमिसुधार कार्यालय काठमाडौंलाई दिई सोही

अनुसार आ-आफ्नो श्रेस्ता सुधार गर्न गुठी संस्थान र सम्बन्धित मालपोत कार्यालयलाई समेत लेखी पठाइएको ।

१३. कमेरोटार जग्गा एकीकरण आयोजना ठिमी भक्तपुरमा सञ्चालिन आयोजनाको सम्पन्न गर्नुपर्ने अवधि बढाई २०६८ साल असार मसान्तसम्म बनाइएको, नेपाल टेलिकमलाई १०० रोपनी जग्गा बेच्दा अनियमितता गरेको, आयोजनामा निर्माण भएको संरचनाहरू कम गुणस्तरको भएको, अनियमित रूपले चन्दा दिएको, जग्गाको मार्जिन बढी कट्टा गरेको, आयोजनाले महँगो गाडी खरिद गरेको, आयोजना क्षेत्रभित्रको ५-१-०-१ रोपनी क्षेत्रफलमा कोइकाको ५० हजार अमेरिकी डलर सहयोगमा पार्क निर्माण हुँदा भ्रष्टाचार भएको, डि.पी.आर. पटक पटक संशोधन भएको, निर्माण कार्यमा सस्तो सामग्री प्रयोग गरी महँगो सामानको बिल भुक्तानी गरी भ्रष्टाचार गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा अरनिको राजमार्गको सडक अधिकार क्षेत्रमा (Right of the way) परेको जग्गा घटाउँदा आयोजनाको कुल क्षेत्रफल घट्न गएको, जग्गाको मार्जिन नियम अनुसार कट्टा गरेको, कोइकाले निर्माण गरेको पार्कको सम्बन्धमा आयोजनाको प्राविधिकको संलग्नता नरहेको तथा गाडी नियमानुसार नै किनेको पाइयो । आयोजनाको काममा समन्वय गर्न उपभोक्ता समिति र विभिन्न उपसमितिहरू गठन गरेको देखिँदा स्थानीय स्तरमा समस्या सहजीकरण गर्न आवश्यक संख्यामा मात्र उपभोक्ता समिति बनाई त्यसको समेत सहयोग लिई आयोजना समयमै सम्पन्न गर्न तथा विभिन्न संघसंस्थालाई आर्थिक सहयोग प्रदान गरेको सन्दर्भमा आयोजनाबाट आर्थिक सहायता र चन्दा दिने कार्य बन्द गर्न आयोगको मिति २०६६।८।२ को निर्णय अनुसार लेखी पठाइएको ।

१४. बालाजुको सार्वजनिक जग्गा व्यक्ति विशेषले मिच्ने र हडप्ने गरी सार्वजनिक जग्गालाई व्यक्तिका नाममा गराएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा साविक बालाजु ४ कित्ता न. ४ क्षेत्रफल साविकमा ४-७-२-० जग्गा रोपनी जग्गा पर्ती उल्लेख भएको देखियो । उपरोक्त कित्ता नं. ४ जग्गा पुनः नापी हुँदा उक्त जग्गाको साथमा कतै कतै भोगको आधारमा आफ्नो नाममा गराएको भए पनि पछि नक्सा सुधार गर्ने एवं रावल आयोगको रोक्का राखेको पाइयो । उक्त जग्गा हाल सार्वजनिक बाटो चउर एवं कहीँ कतै व्यक्तिगत रूपमा प्रयोग गर्ने समेत गरेको पाइयो । तसर्थ उक्त साविक बालाजु ४ नं. कित्ता जग्गालाई हालको नापीमा कुन कुन कित्तामा पर्दछ यकिन गरी जग्गा छुटाइ नेपाल सरकारका नाममा दर्ता कायम गरी १ महिनाभित्र जग्गा धनीपुर्जाको प्रतिलिपि सहित आयोगमा जानकारी गराउन आयोगको मिति २०६६।८।४ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीबजारलाई लेखी पठाइएको ।

१५. काठमाडौं महानगरपालिका वडा नं. ८ मित्रपार्क स्थित श्री पशुपतीनाथको अन्दाजी ५ रोपनी जग्गा टेंगल इबहाल बस्ने चण्डी नन्द राजोपाध्यायको नाममा नामसारी गरी बिक्री समेत गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा काठमाडौं महानगरपालिका वडा नं. ८ कि.नं. १३४ क्षे.फ. ०-४-३-१ ऐ. कि.नं. १४० क्षे.फ. ०-१-२ र ऐ. मि.नं. १४७ क्षे.फ. ०-१५-३-१ का घर जग्गा संवत् १९९३।५।२४ मा पुणेश्वरानन्द राजोपाध्यायले दानपत्र लेखी उक्त दानपत्रमा राजोपाध्याय परिवारमा जो थकाली हुन्छ उसले सो घर जग्गामा बसी विराजित इष्ट देवता समेतको परम्परा अनुसार पूजा समेत गरी श्री गुरु दक्षिणा मूर्ति, किर्तिमुख भैरव समेतको नित्य पूजा समेत गर्नुपर्ने व्यहोरा उल्लेख भएको । गुरु दक्षिणा मूर्तिका पुजारी चण्डीका नन्द राजोपाध्यायको निवेदन तथा

काठमाडौं जिल्ला अदालतको फैसलाको आधारमा श्री पशुपतिनाथ अमालकोट कचहरीबाट उल्लेखित ३ कित्ता जग्गाको जग्गा धनी श्री पशुपतिनाथ अमालकोट कचहरी मोही चण्डीकानन्द राजोपाध्याय कायम गरी कि.नं. १३४ र १४० मा मन्दिर तथा आगम घर समेत भएकोले मोही हक किनबेच गर्न नपाउने गरी श्रेस्तामा कैफियत उल्लेख गरेको र कि.नं. १४७ को जग्गाको मोही हक निज चण्डीका नन्द राजोपाध्यायले मिति ०६४।७।२२ मा बिक्री समेत गरेको देखिएकोले उक्त जग्गाको मोही हक बिक्री गरी प्राप्त भएको रकमलाई उक्त आगम घर गुठीका गुठीयारमध्ये हालको पुजारी एवं थकाली चण्डीका नन्द राजोपाध्याय र अर्को एक जना गुठीयारको नामबाट बैंकमा अक्षयकोष खाता खोली उक्त रकम जम्मा गरी मूलधन मास्न नपाउने र ब्याजबाट मात्र दानपत्रमा उल्लेख गरे अनुसारको नित्य पूजा एवं पर्व पूजाहरू सञ्चालन गर्ने गराउने व्यवस्था १ महिनाभित्रमा मिलाई सो को जानकारी आयोगमा समेत गराउन आयोगको मिति २०६६।८।२६ को निर्णय अनुसार श्री पशुपतिनाथ अमालकोट कचहरीलाई लेखी पठाइएको ।

१६. काठमाडौं जिल्ला चपली भद्रकाली गाउँ विकास समिति वडा नं. ७ (ग) कि.नं. २७४,२७७, २८७ र २८८ समेतका जग्गाहरूको नामसारी गर्दा हकदारहरूको नामसारीसम्बन्धी निवेदन उपर कुनै कारबाही नै नगरी गोपाल थापाको नाममा एक तर्फी नामसारी गरेको हुँदा छानबिन गरी आवश्यक कारबाही गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा काठमाडौं जिल्ला चपली भद्रकाली गाऊँ विकास समिति वडा नं. ७(ग) कि.नं.२७४,२७७, २८७ र २८८ मा जग्गा मालपोत कार्यालय चाबहिलको साविक श्रेस्तामा दर्ता बाँकी जग्गा देखिएको उल्लेखित दर्ता बाँकी जग्गालाई मालपोत कार्यालय चाबहिलबाट कृत्रिम नामसारी मिसिल नं. ९३/०६५।१०।२६ को निर्णयले गोपाल थापाको नाममा श्रेस्ता कायम गरी प्रमाणित गरेको समेत देखिएकोले कृत्रिम नामसारी मिसिल नं. र मितिबाट गोपाल थापाको नाममा कायम भएको उल्लेखित जग्गाको श्रेस्ता कायम रहन नसक्ने भएकोले गोपाल थापाको उल्लेखित श्रेस्ता बदर गरी साविक बमोजिमको दर्ता बाँकी श्रेस्तामा कायम राखी सो को जानकारी आयोगलाई समेत गराउन र मालपोत कार्यालय चाबहिलको कृत्रिम मिसिल नं. र मितिबाट नामसारी भएमा उपरोक्त कि.नं. २७४, २७७, २८७ र २८८ का जग्गाको नामसारी दर्ता गैरकानूनी देखिएकोले कानूनसम्मत तरिकाले दर्ता नभएसम्म रोक्का राख्न आयोगको मिति २०६६।९।१६ को निर्णय अनुसार मालपोत कार्यालय चाबहिललाई लेखी पठाइएको ।

१७. साविक कंचनपुर ऐरि गाउँ विकास समिति वडा नं. ६ (क) कित्ता नं. ९५ बाटोलाई लोप गरी ऐरी गाउँ विकास समिति वडा नं. ६ (ग) कित्ता नं. २४ बाटोलाई कित्ताकाट गरी कित्ता नं. ५८ देखि कित्ता नं. ६९ सम्म व्यक्ति विशेषका नाममा कायम गरेको र हाल भिमदत्त नगरपालिका वडा नं. १० सिट नं. १२५३-४ कित्ता नं. १५२३ देखि १५३५ सम्म र ४२१६ कित्ता नं. कायम गरी साविकको क्षेत्रफलभन्दा व्यक्तिको नाममा बढी जग्गा दर्ता गर्ने समेतको अनियमित कार्य गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा सुकुम्बासी समस्या समाधान आयोगको निर्णयानुसार बसोबास नापी क्याम्प कंचनपुरबाट नाप नक्सा गरी साविक कंचनपुर ऐरी गाउँ विकास समिति वडा नं. ६ (ग) को कित्ता नं. २४ को पर्ती बाटोलाई कित्ताकाट गरी कित्ता नं. ५८ देखि ६९ सम्मका १२ कित्ता कायम गरी सकुम्बासीहरूलाई जग्गा वितरण गरेको पाइयो । साविकमा सुकुम्बासीलाई दिइएको भन्दा बढी जग्गा व्यक्तिगत भोगको आधारमा

नापजाँच गर्ने एवं दर्ता गर्ने र बाटोको क्षेत्रफल घटी गरिएको कार्य कानूनसम्मत देखिएन । अत: साविक सुकुम्बासी समस्या समाधान आयोगको निर्णयानुसार बसोबास नापी क्याम्प कंचनपुरबाट सुकुम्बासीका नाममा कायम भएको जग्गाको क्षेत्रफल नबढ्ने गरी सुकुम्बासीका नाममा कायम गर्ने र बाटो मिची क्षेत्रफल बढाएकोमा मिचिएको जग्गा बाटो कायम गर्न र सार्वजनिक बाटो, पर्ती जस्ता जग्गा घट्ने र व्यक्ति विशेषको जग्गा बढ्ने गरी नाप नक्सा गर्ने, हाल साविक गर्ने, दर्तागर्ने जस्ता काम अव आइन्दा नगर्न नगराउन आयोगको मिति २०६६।१२।३ को निर्णय अनुसार मालपोत कार्यालय कंचनपुरलाई लेखी पठाइएको ।

१८. च:मती जग्गा एकीकरण आयोजनामा भएको अनियमितताका सम्बन्धमा विस्तृत अनुसन्धानपश्चात आयोगबाट यसअघि नै उक्त आयोजनालाई निर्देशन दिई सो सम्बन्धमा अनुसन्धान जारी नै रहने गरी निर्णय गरेकोमा सो आयोजनाको मिति २०६६।४।१५ को पत्रसाथ यस आयोगमा प्राप्त हुन आएको कागजात एवं व्यहोराले राजु कुमार अमात्यको नाममा दर्ता कायम रहेभएको स्वयम्भू डल्लु ९ क को कि.नं. १८६८ क्षे.फ. ०-१-२-० रोपनी जग्गा निज जग्गाधनीको मागबमोजिम फिर्ता गर्ने सम्बन्धमा निज राजुकुमार अमात्यले आफ्नो जग्गा फिर्ता प्राप्तको लागि आयोजनामा दिएको निवेदन साथ संलग्न रहेको लालपुर्जा तथा सो सम्बन्धमा प्राप्त श्रेस्ता एवं फिल्डबुकको विवरणमा उक्त कि.नं. को जग्गा आवादि र बाटो प्रयोजन भन्ने फरक फरक विवरण उल्लेख भई आएको देखिएकोले तत्सम्बन्धमा अनुसन्धान हुँदा चमती जग्गा एकीकरण आयोजनाको हकमा २०६०।१।५ मा च:मती जग्गा एकीकरण आयोजनाले अधिकरण गरी प्राप्त गरेको स्वयम्भू डल्लु ९क को हाल कि.नं. १८६८ क्षे.फ. ०-१-२-० रोपनी जग्गा जग्गा धनीले मिति २०५९।५।५ मा रु. ९० हजारमा बाटो प्रयोजनको व्यहोरा उल्लेख गरी राजीनामा लिखतबाट खरिद गर्दा कि.नं. १४६८ उल्लेख गरी प्राप्त हुन आएको सो जग्गाको जग्गाधनी दर्ता प्रमाणपुर्जा २०६०।२।६ देखि नै आयोजनासँग रहे भएको अवस्था देखिन आयो भने कि.नं. १४६८ दोहोरो परी नापी कार्यालयको मिति ०६२।८।९ को पत्रले उक्त कि.नं. १४६८ संशोधन गरी कि.नं. १८६८ कायम गरेको देखिएको उक्त जग्गा नापी नक्सामा समेत स्पष्ट बाटो प्रयोजनमा रहे भएको अवस्था समेत देखिन आयो । अत: यसअगाडि नक्सामा बाटो नदेखाई शर्तनामाको आधारमा जग्गामा बाटो खोली प्रयोग गरी आएको वा नक्सामा बाटोको कित्ताकाट गरी व्यक्तिको स्वामित्वमा रहेको निजी बाटोलाई हाल सार्वजनिक प्रयोजनमा रहेको कारण सार्वजनिक कायम गरी पाऊँ भनी कसैको सम्बन्धित मालपोत कार्यालयमा निवेदन पर्न आएमा मालपोत कार्यालयले सम्बन्धित व्यक्ति बुझी जग्गाको यथार्थ स्थिति देखिने प्राविधिक प्रतिवेदन समेतको आधारमा व्यक्तिको नाममा रहेको त्यस्तो बाटोको श्रेस्ता खारेज गरी सार्वजनिक बाटो कायम गर्ने भन्ने तत्कालीन श्री ५ को सरकार विभागीय मन्त्रिस्तरबाट मिति २०६२।१०।१३ मा निर्णय भै सोही अनुरूप मातहतमा परिपत्र भैसकेको अवस्थामा सोही बमोजिम कारबाही अगाडि बढाइनु पर्ने खरिद लिखत एवं फिल्डबुक तथा प्लट रजिष्टर लगायत नापी नक्सामा समेत पूरै बाटो देखिएको उक्त कि.नं. १८६८ (संशोधन पश्चातको कि.नं.) जग्गा नियमानुसार नेपाल सरकारको नाममा रहने अवस्था देखिएबाट उक्त जग्गाको हकमा मिति ०६३।५।६ मा बसेको आयोजनाको १० औं बैठकले रिप्लटिङ अनुसार एच ब्लकको कि.नं. १४७ दिने भनी गरिएको निर्णय कानूनसम्मत देखिएन र बाटो प्रयोजनको जग्गालाई आवादि जग्गा सरह विकसित घडेरी फिर्ता गर्न मिल्ने अवस्था देखिएन । यद्यपि उक्त जग्गा खरिद गर्दा

जग्गाधनीले राजीनामा लिखतबाट रु. ९० हजार तिरी बुझाई खरिद गरेको अवस्था एवं आयोजना सञ्चालन र निजले आफ्नो जग्गा यथास्थानमा माग निवेदन गर्दा तत्कालीन श्री ५ को सरकार विभागीय मन्त्रिस्तरको मिति २०६२।१०।१३ को निर्णय भैनसकेको अवस्था देखिएबाट उक्त कि.नं. १८६८ को लागि छुट्याएको जग्गा आयोजनाको नियमानुसार तोकिए बमोजिमको मूल्यमा निज जग्गाधनी राजुकुमार अमात्यले खरिद गर्न चाहेमा निजलाई प्राथमिकता दिइ निजले लिन नचाहेमा आयोजनाले अन्य जग्गा बिक्री गर्ने प्रयोजनार्थ निश्चित गरिएको नीति नियमानुसार प्रक्रिया बमोजिम बिक्री गर्ने व्यवस्थाको लागि दिने । मालपोत कार्यालय कलंकीको हकमा मिति २०५९।५।५ मा राजुकुमार अमात्यले रु. ९० हजारमा राजिनामा लिखतबाट बाटोको प्रयोजनको व्यहोरा उल्लेख गरी खरिद गरेको काठमाडौं जिल्ला, साविक स्वयम्भू डल्लु ९ क को कि.नं. १४६८ क्षेत्रफल ०-१-२-० रोपनी जग्गा कि.नं. दोहोरो परेको कारण ०६२।८।९ मा नापी कार्यालयको पत्रले कि.नं. १८६८ कायम गरिएको उक्त जग्गाको आयोगमा मालपोत कार्यालय कलंकीबाट प्राप्त हुन आएको सक्कल श्रेस्ताको जग्गाको किसिम विवरण महलमा सच्याएको देखिने गरी आवादी लेखिएको व्यहोरा अनुसन्धानमा प्राप्त हुन आएका कागजातहरूबाट गलत पुष्टि हुन आएकोले मालपोत कार्यालय कलंकीबाट आयोगमा प्राप्त हुन आएको उक्त कि.नं. १८६८ र चःमती आयोजनाका नाउँमा दर्ता कायम रहेका जग्गाहरूको जग्गाधनी दर्ता स्रेस्ताको सक्कल कागजात लगायत साविक कि.नं. १४६८ हाल कि.नं. १८६८ (संशोधन पश्चात को कि.नं.) को जग्गा धनीले यस आयोगमा पेश गरेको मालपोत कार्यालयबाट प्राप्त पारीत लिखतको सक्कलै लिखत मालपोत कार्यालय कलंकीमा पठाई सोही अनुसार गर्न गराउन एवं सर्वसाधारणको सम्पत्तिको जिम्मा लिई बसेको महत्वपूर्ण निकायबाट सम्पादन हुने कार्यहरू संवेदनशील हुने हुँदा आफ्नो जिम्मेबारी प्रति गम्भीर भई कार्यालयमा रहे भएका सम्पूर्ण अभिलेखहरू दुरुस्त एवं सुरक्षीत राख्ने कार्यका लागि आवश्यक व्यवस्था मिलाउन समेत निर्देशन दिने र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको हकमा साविक स्वयम्भू डल्लु ९क कि.नं. १८६८ क्षे.फ. ०-१-२-० रोपनी बाटो प्रयोजनको जग्गाको विवरण मालपोत कार्यालयबाट आयोगमा प्राप्त हुन आएको सक्कल श्रेस्तामा पहिले लेखिएको शब्दमा पुनर्लेखन गरी फरक विवरण आवादि लेखी सच्याएको विवरणका सम्बन्धमा अनुसन्धानको सिलसिलामा प्राप्त हुन आएका प्रमाणका कागजातहरूबाट मालपोत कार्यालयबाट सक्कल श्रेस्तामा लेखिएको देखिएको व्यहोरा गलत पुष्टि हुन आएकोले सर्वसाधारण व्यक्तिगत लगायत सरकारी तथा गैरसरकारी संस्थाहरूको अचल सम्पत्ति जग्गाजमिनको दर्ता प्रमाणका कागजातहरूको जिम्मेवारी लिई सुरक्षा एवं प्रमाणका लागि मालपोत कार्यालयमा रहेका कागजातहरूको अभिलेख दुरुस्त अवस्थामा नरहँदा र कार्यालय प्रमुख तथा सम्बन्धित अधिकृतहरूले कार्यालयको काम कारबाहीको निरीक्षण एवं सुपरीवेक्षणमा कडाइ गरी व्यवस्थित गर्न नसेकेमा सो जिम्मेवारीप्रति खटिने कर्मचारीको लापरबाही एवं सीमित आर्थिक लाभका लागि गैरजिम्मेवारी कार्य गर्न सक्ने अवस्था सिर्जना भई राज्यलाई हानी पुग्न जाने तथा भ्रष्टाचारजन्य कार्यहरू हुन जाने हुँदा आवश्यक प्रशासनिक संयन्त्र निर्माण गरी अभिलेख व्यवस्थापनमा कडाई एवं यस्ता कार्यहरू गर्न गराउन निरुत्साहित पारी अभिलेख व्यवस्थापन कार्यका लागि आवश्यक प्रक्रिया अवलम्बन गर्न गराउन आयोगको मिति २०६६।१२।५ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

(ड) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत

१. काठमाडौं जिल्ला खेलकुद विकास समितिको स्वामित्वमा रहेको काठमाडौं ज्ञानेश्वर (सानो गौचरण) स्थित सटरहरूको भाडा उठाई काठमाडौं जिल्ला खेलकुद विकास समितिका पदाधिकारीहरूले व्यक्तिगत प्रयोजनमा खर्च गर्ने गरेको हुँदा छानबिन गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा २०६४ साल चैत्र मसान्तमा सटर भाडासम्बन्धी सम्झौताहरूको म्याद समाप्त भएकोमा नयाँ भाडा सम्झौता भएको नदेखिनुका साथै उक्त सम्झौताहरू नवीकरण भएको समेत देखिएन । २०६५ जेष्ठमा खाली हुन आएको सटर नं. १० लिखित सम्झौता बेगर नै भाडामा दिएको भन्ने देखियो । काठमाडौं जिल्ला खेलकुद विकास समितिको आ.व. २०६१।६२ सम्मको मात्र लेखापरीक्षण भएको र सो भन्दा पछिका आर्थिक वर्षहरूको लेखापरीक्षण नभएको भन्ने समेत देखिन आएको हुँदा समितिका सटरहरू आगामी आर्थिक वर्ष (२०६७।०६८) देखि नियमानुसार पारदर्शी रूपमा प्रतिस्पर्धाको आधारमा नयाँ सम्झौता गरी भाडामा लगाउन र समितिको लेखापरीक्षण हुन बाँकी अवधिको शीघ्र लेखापरीक्षण गराउन आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार काठमाडौं जिल्ला खेलकुद विकास समिति र राष्ट्रिय खेलकुद परिषद्लाई लेखी पठाइएको ।

(ढ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. भरतपुर अस्पताल, चितवनका मे.सु.डा.केशव राज भुर्तेल र तत्कालीन स्वास्थ्य मन्त्री गिरीराजमणी पोखरेलले दरबन्दीभन्दा बढी १०० जनालाई हाजिर गराई तलब भत्ता खुवाएको, बिदा स्वीकृति नगराई स्टाफ नर्सहरूलाई वि.एन.अध्ययन गर्न अनुमति दिएको, मेडिकल साइन्स कलेजबाट सम्झौता अनुसारको रकम असुल उपर नगरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा कलेज अफ मेडिकल साइन्स, भरतपुरले आफ्ना MBBS लगायतका विद्यार्थीहरूको व्यावहारिक शिक्षण कार्यमा भरतपुर अस्पतालको साधन श्रोत प्रयोग गरे बापत सम्झौता बमोजिमको रकम नियमित रूपमा बुझाएको देखिएन । यसबाट भरतपुर अस्पताल र कलेजबीचको सम्झौताका प्रावधानहरू उल्लंघन भएको र नेपाल सरकार (भरतपुर अस्पताल) लाई प्रत्यक्ष राजस्व हानी नोक्सानी भएको पाइएकोले आ.व. २०६५।०६६ (२०६६ आषाढ मसान्त) सम्मको बक्यौता रकम रु.१०,६३०,१३१।- असुल उपर गर्नेतर्फ मेडिकल सुपरिटेण्डेन्टबाट पर्याप्त पहल भएको पाइएन । यसरी निजले आफ्नो पदीय जिम्मेवारी बहन नगरी लापरबाही गरिरहेको पाइएको, भरतपुर अस्पतालमा कार्यरत स्टाफ नर्सहरू मिरा अधिकारी, भवानी श्रेष्ठ र इश्वरी पियाले विभागीय सहमति बेगर वि.एन. पूर्णकालीन कोर्स अध्ययन गरिरहेको पाइयो । अस्पतालका लागि आवश्यक पर्ने विभिन्न जिन्सी सामग्रीहरूको खरिदमा समेत तोकिएको गुणस्तरको नपाइएको र जिल्ला प्रशासन कार्यालय, चितवन समेतको छानबिनबाट केही सामानको फिनेल, साबुनको वजन, परिमाण घटी रहेको देखियो । यसर्थ अब उप्रान्त जिन्सी व्यवस्थापनमा पर्याप्त ध्यान पुऱ्याउन एवं जिन्सी वस्तुको खरिदका लागि तोकिएको गुणस्तर, परिमाण, नाप, यकिन गरेर मात्र खरिद दाखिला गराउन आयोगको मिति २०६६।४।३२ को निर्णय अनुसार भरतपुर अस्पतालका प्रमुख र जिन्सी शाखाका प्रमुखलाई लेखी पठाइएको ।

२. भरतपुर अस्पताल, चितवनका मे.सु.डा.केशव राज भुर्तेल र तत्कालीन स्वास्थ्य मन्त्री गिरीराजमणी पोखरेलले दरबन्दीभन्दा बढी १०० जनालाई हाजिर गराई तलब भत्ता खुवाएको, बिदा स्वीकृत नगराई स्टाफ नर्सलाई वि.एन.अध्ययन गर्न अनुमति दिएको, मेडिकल साइन्स कलेजबाट सम्झौता अनुसारको रकम असुल उपर नगरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा कलेज अफ मेडिकल साइन्स, भरतपुरले आफ्ना MBBS लगायतका विद्यार्थीहरूको व्यावहारिक शिक्षण कार्यमा भरतपुर अस्पतालको साधन श्रोत उपभोग गरे बापत सम्झौता बमोजिमको रकम नियमित रूपमा नबुझाई नेपाल सरकार (भरतपुर अस्पताल) लाई प्रत्यक्ष हानी नोक्सानी पुऱ्याइरहेको विषयमा उक्त कलेजले भरतपुर अस्पताललाई हालसम्म तिर्नुपर्ने बाँकी बक्यौता रकम तीन महिनाभित्र तिरिसक्न र उक्त अवधिमा बक्यौता रकम असुल उपर नभए भरतपुर अस्पताल र कलेज अफ मेडिकल साइन्स, भरतपुरबीच भएको अस्पतालको साधन श्रोत उपयोग गर्ने सम्बन्धी सम्झौता भंग गर्नेतर्फ कारबाही प्रक्रिया अघि बढाउन एवं अब उप्रान्त सम्झौताका प्रावधानहरू अक्षरशः पालन गर्न गराउन आयोगको मिति २०६६।५।३० को निर्णय अनुसार भरतपुर अस्पताल, चितवनलाई लागि लेखी पठाइएको ।

३. वीर अस्पतालले आ.व. २०६६।०६७ का लागि औषधि पसल भाडामा दिन टेण्डर आह्वान गरेकोमा ५ वटा टेण्डर पर्न आएको र परेको टेण्डरमध्ये कीर्ते नामबाट २ वटा टेण्डर फिर्ता माग गरेको देखाई ३ वटा टेण्डर मात्र खोलिएकोमा पछि सो कुरा थाहा पाई आफूले टेण्डर फिर्ता नमागेको व्यहोरा खुलाई निवेदन दिएकोमा वीर अस्पतालले कुनै कारबाही नगरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा यस सम्बन्धमा प्रचलित ऐन नियम र बोलपत्र आह्वान सूचनामा प्रकाशित शर्तका अधीनमा रही नियमसम्मत ढंगले बोलपत्र प्रक्रिया अघि बढाउन तथा नखोलिएका बोलपत्रको धरौटी फिर्ता दिन एवं अब उप्रान्त ठेक्का/टेण्डरसम्बन्धी कार्यमा अवाञ्छित तत्वको घूसपैठ नियन्त्रणलाई मध्यनजर राखी पर्याप्त सुरक्षा व्यवस्था मिलाई मात्र गर्न गराउन एवं गामा क्यामेरासम्बन्धी बोलपत्रका हकमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको हुँदा सोही अदालतको आदेश फैसला अनुसार गर्न गराउन आयोगको मिति २०६६।५।३० को निर्णय अनुसार वीर अस्पताललाई लेखी पठाइएको ।

४. नेपाल स्वास्थ्य व्यवसायी परिषद्बाट निर्णय गराई मनोमानी ढंगले सो परिषद्का अध्यक्ष प्रा.डा. शिवकुमार राई समेतका पदाधिकारीले खर्च गर्ने गरेकाले उचित कारबाही गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन नियम अनुसार गठित संस्था भएको, यसले विनियम बनाई सोही अनुसार खर्च गर्नुपर्नेमा आर्थिक विनियम बनेको अवस्था देखिएन । स्वास्थ्य व्यवसायीहरू आबद्ध यो संस्थाका बैठकहरूमा अध्यक्ष लगायत विभिन्न विषयका विषय समितिका सदस्यहरूलाई दिइने सुविधा नियमानुसार भएको देखिएन । अतः बैठकबाट निर्णय गराई मनोमानी ढंगले हुने खर्च रोक्न तुरुन्त विनियम बनाएर स्वीकृत गराएर मात्र विनियमले निर्धारण गरे अनुसार खर्च गर्न आयोगको मिति २०६६।५।३० को निर्णय अनुसार नेपाल स्वास्थ्य व्यवसायी परिषद्लाई लेखी पठाइएको ।

५. बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर, चितवनमा अस्पताललाई आवश्यक नभएका लाखौंलाख मूल्य बराबरका उपकरण बिना टेण्डर बिना प्रतिस्पर्धा आफ्ना नजिकका व्यक्ति/फर्मबाट ठूलो रकम कमिसन खाई गुपचुप तवरले

अस्पतालको वार्डमा जडान गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पतालबाट प्राप्त प्रतिक्रिया, उजुरीका सम्बन्धमा सत्यतथ्य जाँचबुझ गर्न उक्त अस्पतालद्वारा गठित छानबिन समितिको प्रतिवेदन तथा अस्पताल सञ्चालक समितिको मिति २०६६।४।१ को बैठकको निर्णय समेतबाट अक्सिजन बोटल र सक्सन सेट समेतका सामानहरू कानूनसम्मत ढंगले खरिद प्रक्रिया पूरा नगरी अस्पतालमा प्राप्त हुन आएको देखियो । यसरी कानूनसम्मत ढंगले खरिद प्रक्रिया पूरा नगरी अस्पतालमा आएका अक्सिजन/सक्सन सेटको सन्दर्भमा अस्पताल सञ्चालक समितिको मिति २०६६।४।१ को बैठकबाट त्यस्ता सामानहरूको भुक्तानी दिन नमिल्ने निर्णय भैसकेको भन्ने देखियो । अतः अस्पतालको लागि सामान खरिद गर्दा अस्पताल नियमावली २०६३ को प्रक्रिया पूरा गरी खरिद गर्न र प्रक्रिया नपुगी अस्पतालमा आउने सामानहरूको सम्बन्धमा व्यक्तिगत जिम्मेवारी यकिन गर्न सकिने गरी सम्बन्धित कर्मचारीहरूबीच स्पष्ट कार्य विभाजन गरी जिम्मेवारी तोक्न आयोगको मिति २०६६।६।२१ को निर्णय अनुसार बी.पी.कोइराला क्यान्सर अस्पताललाई लेखी पठाइएको ।

६. जनकपुर अञ्चल अस्पतालको करोडौ मूल्य पर्ने महत्वपूर्ण जग्गा व्यापारिक प्रयोजनका लागि नेपाल मेडिकल एसोसिएसन, जनकपुर शाखालाई हस्तान्तरण गरी अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा जनकपुर अञ्चल अस्पताल विकास समितिको मिति २०५३।११।२७ को बैठकबाट अस्पताल हाताको पूर्व मोहडा सडकतर्फको १० धुर सरकारी जग्गा नेपाल मेडिकल एसोसिएसन, जनकपुर शाखालाई संस्थाको भवन निर्माण गर्न इजाजत दिने निर्णय भएको, सो भवन संस्था आफैंले कार्यालय प्रयोजनमा प्रयोग नगरेको खण्डमा वा संस्था (नेपाल मेडिकल एसोसिएसन) विघटन भएमा सम्पूर्ण रूपमा सो भवन अस्पतालको स्वामित्वमा आउने शर्तमा तत्कालीन अवस्थामा संस्थाको भवन निर्माण गर्न नेपाल मेडिकल एसोसिएसनलाई इजाजत दिएको, उक्त शर्त बन्देज विपरीत ६ वटा सटर (कवल) निर्माण गरी विभिन्न ५ व्यक्तिलाई व्यापारिक प्रयोजनमा लागि मासिक रु. १९००५।- मा बहाल दिई आम्दानी गरी नेपाल मेडिकल एसोसिएसनले आफै खर्च गरिरहेको समेत देखियो । यस सम्बन्धमा नेपाल मेडिकल एसोसिएसनलाई सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक पाइएन । जनकपुर अञ्चल अस्पताल विकास समितिको निर्णय र शर्त विपरीत स्वामित्व हस्तान्तरण नभएको सरकारी जग्गामा भवन निर्माण गरी संस्थाको आम्दानीको लागि व्यापारिक प्रयोजनमा लगाइरहेबाट नेपाल सरकारलाई प्रत्यक्ष राजस्व हानी नोक्सानी भैरहेको देखियो । यसर्थ उद्देश्य विपरीत प्रयोग भैरहेको उक्त भवन नेपाल मेडिकल एसोसिएसन जनकपुर शाखाबाट एक महिनाभित्र आफ्नो अधीनमा लिन र अब उप्रान्त उक्त भवनमा रहेका सटरहरूको भाडा दर नियमानुसार कायम गरी भाडा आम्दानी अस्पताल कोषमा नियमित दाखिला गर्न जनकपुर अञ्चल अस्पताल विकास समितिलाई निर्देशन दिने र उक्त भवन खाली गर्न गराउने सम्बन्धमा आवश्यक सहयोग गर्न जिल्ला प्रशासन कार्यालय, धनुषा एवं जिल्ला प्रहरी कार्यालय धनुषालाई लेखिएको साथै सो भवन अविलम्ब खाली गरी गराई अस्पताललाई बुझाउन आयोगको मिति २०६६।६।२७ को निर्णय अनुसार नेपाल मेडिकल एसोसिएसनलाई लेखी पठाइएको ।

७. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले विभिन्न पदपूर्तिका लागि गरेको विज्ञापनमा परिषद्का कर्मचारीहरूको मिलेमतोमा आफ्ना नातेदारहरूलाई उपयुक्त हुने प्रकारको

शैक्षिक योग्यता अनुभव तालिमको क्राइटेरिया बनाई अनियमितता गरिरहेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा परिषद्मा रिक्त स्थायी दरबन्दीका विभिन्न पदहरूमा करार तथा स्थायी तवरबाट पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०६५।६।१ मा गोरखापत्रमा सूचना प्रकाशन भएको पाइयो । सो पदहरूका न्यूनतम योग्यता निर्धारण गर्ने अधिकार नेपाल स्वास्थ्य अनुसन्धान परिषद् कार्य सञ्चालन विनियमहरू २०४८ को विनियम ३.६ अनुसार नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई मात्र भएकोमा पदपूर्ति समितिले उक्त कार्य गरेको देखियो । उक्त कार्य नियमसंगत भएन । योग्यता निर्धारण गर्दा कतिपय पदका लागि केही वर्षको कार्य अनुभव समेत मागिएको छ । जुन लोक सेवा आयोगको प्रचलित सामान्य सिद्धान्त विपरीत हुने देखियो । यसर्थ उक्त पदहरूको न्यूनतम योग्यता एवं पाठ्यक्रमको पुनः निर्धारण लोक सेवा आयोगको प्रचलित सिद्धान्त अनुसार परिषद्बाट गर्न, पुस्तकालय तथा सूचना अधिकृत तथा Biostatistican बाहेक अन्य पदहरूको सम्पूर्ण पदपूर्ति प्रक्रिया रद्द गरी न्यूनतम योग्यता एवं पाठ्यक्रम पुनः निर्धारण भैसकेपछि पुनः पदपूर्ति प्रक्रिया नियमानुसार शुरु गर्न आयोगको मिति २०६६।६।२८ को निर्णय अनुसार नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई लेखी पठाइएको ।

८. क्षेत्रीय स्वास्थ्य निर्देशनालय, सुर्खेतका निमित्त क्षेत्रीय निर्देशक डा.आनन्दकुमार श्रेष्ठले प्राथमिक स्वास्थ्य केन्द्र लिम्सा, जाजरकोटका सि.अ.हे.व.राजेन्द्रप्रसाद साहलाई खैरीचन्दनपुर स्वास्थ्य केन्द्र, बर्दियामा रकम असुल गरी अनियमित तरिकाले काजमा राखेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा क्षेत्रीय स्वास्थ्य निर्देशनालय, सुर्खेतका निमित्त क्षेत्रीय निर्देशक डा.आनन्द कुमार श्रेष्ठबाट सि.अ.हे.व.राजेन्द्र प्रसाद साहलाई मिति २०६५।२।१२ देखि चार हप्ताका लागि प्राथमिक स्वास्थ्य केन्द्र लिम्सा, जाजरकोटबाट खैरीचन्दनपुर स्वास्थ्य केन्द्र, बर्दियामा काजमा राख्ने निर्णय भएको देखिन्छ । यसैगरी पछि मिति २०६६।४।१४ मा आजसम्मको काज समर्थन गरी अर्को व्यवस्था नभएसम्मको लागि बर्दिया जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गत खैरीचन्दनपुर हेल्थपोष्टमा कामकाज गर्ने गरी काजमा राखिएको छ भनी गरिएको निर्णयबाट निज डा. श्रेष्ठबाट एक वर्षभन्दा बढी समयको काज स्वीकृत एकैपटक भएको देखिन्छ । स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(४) मा कुनै पनि कर्मचारीलाई एक वर्षमा तीस दिनभन्दा बढी समयको लागि कुनै कार्यालयमा काजमा खटाउन पाइने छैन । सो अवधिभन्दा बढी अवधिको लागि कुनै कर्मचारीलाई काजमा खटाइएकोमा त्यसरी काज खटाइएको अवधिमा त्यस्तो कर्मचारीले पाएको तलबभत्ताको रकम त्यसरी काज खटाउने पदाधिकारीको तलबभत्ताबाट कट्टा गरी असुल उपर गरिनेछ भन्ने व्यवस्था छ । यसरी डा.श्रेष्ठबाट गरिएको उक्त कार्य स्वास्थ्य सेवा ऐन,२०५३ को दफा २१ को उपदफा (४), (५) अनुसार भएको नदेखिएकोले सि.अ.हे.व. राजेन्द्रकुमार साहलाई तुरुन्त काज फिर्ता गराई सोको जानकारी तीन दिनभित्र आयोग समक्ष गराउन आयोगको मिति २०६६।७।२३ को निर्णय अनुसार क्षेत्रीय स्वास्थ्य निर्देशनालय, सुर्खेतलाई लेखी पठाइएको ।

९. स्वास्थ्य सेवा विभाग अन्तर्गत आपूर्ति व्यवस्थामा कार्यरत ना.सु.गगन सिह विष्टको सरुवा भै रमाना समेत दिइसकेकोमा सामान्य प्रशासन मन्त्रालयले बिना आधार सरुवा थमौती गरी अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा स्वास्थ्य सेवा विभागका महानिर्देशकले प्रचलित ऐन नियम अनुसार तोकिएको समयावधि भित्र बरबुझारथ गरी गराई रमाना दिनुपर्नेमा सो नगरेको पाइएकाले अख्तियार दुरुपयोग

अनुसन्धान आयोगको निर्देशानुसार हाल गगन सिंह विष्टको सरुवा स्वास्थ्य सेवा विभागबाट अन्यत्र भैसकेको देखिँदा निजलाई ऐन कानूनको समयावधिभित्र रमाना दिन आयोगको मिति २०६६।८।३ को निर्णय अनुसार स्वास्थ्य सेवा विभागलाई लेखी पठाइएको ।

१०. इनरुवा अस्पताल विकास समितिले मन्त्रालयको स्वीकृति नलिई बिना दरबन्दी कम्प्युटर सहायक लगायत १३ वटा पद प्रक्रिया नपुऱ्याई पदपूर्ति गर्न लागेकोले छानबिन गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा इनरुवा अस्पताल विकास समितिलाई कर्मचारीको आवश्यकता भए इनरुवा अस्पताल विकास समिति (गठन) आदेश, २०५९ को दफा १० बमोजिम नियम बनाई नेपाल सरकारबाट स्वीकृत गराई नियमसम्मत तरिकाले पदपूर्ति गर्न आयोगको मिति २०६६।१०।१८ को निर्णय अनुसार इनरुवा अस्पताल विकास समितिलाई सुझाव लेखी पठाइएको ।

११. स्वास्थ्य मन्त्रालयका पदाधिकारीले आफ्नो पदीय हैसियतको दुरुपयोग गरी विगत वर्षमा पटक पटक गइसकेका, विषय वस्तुसँग असम्बन्धित, मन्त्रालयबाट अन्यत्र सरुवा भइसकेका कर्मचारीहरू समेतलाई विदेश भ्रमण गर्न गैर कानूनी तरिकाले छनौट गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखाको आ.व. २०६५।०६६ को स्वीकृत कार्यक्रममा प्रजनन् स्वास्थ्य व्यवस्थापनमा जिल्ला तथा केन्द्रमा कार्य गर्ने १० जनालाई वैदेशिक अवलोकन भ्रमणमा थाइलैण्ड लैजाने गरी अर्थ मन्त्रालयसँग सहमतिका लागि सुरु गरेको प्रक्रियामा अर्थ मन्त्रालयका कम्प्युटर इञ्जिनियर, कम्प्युटर अधिकृत, स्वास्थ्य मन्त्रालय अन्तर्गतका २ जना लेखा अधिकृत, १ जना कम्प्युटर अपरेटर र वीर अस्पतालका १ जना फिजियोथेरापिष्ट थप गरी १७ जना कर्मचारीहरूलाई मनोनयन गरी अवलोकन भ्रमणमा लगेको पाइयो । स्वास्थ्य सेवा ऐन, २०५३ को परिच्छेद ५ मा अध्ययन र तालिममा मनोनयनसम्बन्धी कानूनी व्यवस्था उल्लेख भएकोमा सो कानूनी व्यवस्था अनुरूप मनोनयन नभई प्रशासनतर्फका उपसचिव, लेखा अधिकृत, कम्प्युटर अधिकृत, ना.सु. जस्ता असम्बन्धित व्यक्तिहरूलाई पनि अवलोकन भ्रमणमा समावेश गरिएको देखिँदा र कानूनी प्रावधान अवलम्बन नगरी गरिएको मनोनयनलाई स्वस्थ मान्न नसकिने हुँदा भविष्यमा हुने मनोनयनयमा स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली २०५५ को परिधिभित्र रही यथाशक्य मितव्ययिता अपनाई सम्बन्धित कर्मचारीलाई मात्र मनोनयन गर्न आयोगको मिति २०६६।१०।२४ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।

१२. नरदेवी चिकित्सालयबाट सरुवा भइसकेका कर्मचारीहरूले लामो समय पछिसम्म पनि आवास गृह प्रयोग गरी सरकारी सम्पत्तिको हानी नोक्सानी पुऱ्याइरहेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयुर्वेद चिकित्सालय नरदेवीको आवास गृह साविकमा उक्त चिकित्सालयमा कार्यरत रही अन्यत्र सरुवा भई मिति २०६५।११।२६ देखि रमाना भएकी डा. देवकला भण्डारी, मिति २०६३।४।१ देखि रमाना भएका डा. ठाकुर प्रसाद दवाडी, मिति २०६५।१२।२६ देखि रमाना भएका डा. चन्द्रकान्त ज्ञवाली, मिति २०६६।९।१ देखि रमाना भएका कविराज शशिधर टण्डन र कविराज कृष्ण श्रेष्ठले हालसम्म पनि प्रयोग गरिरहेको भन्ने आयुर्वेद विभागको प्रतिवेदनबाट देखिन आउँछ । यसरी उक्त चिकित्सालयको सरकारी आवासगृह असम्बन्धित कर्मचारीहरूले हालसम्म प्रयोग गर्दा पनि सम्बन्धित निकाय सरकारी सम्पत्तिको सदुपयोगतर्फ उदासीन रहेको

देखिँदा अनधिकृत व्यक्तिहरूबाट प्रयोग भइरहेको आवासगृह ७ दिनभित्र खाली गराउन र आयोगलाई यस विषयमा भएको प्रगतिको जानकारी पठाउन आयोगको मिति २०६६।१२।१३ को निर्णय अनुसार आयुर्वेद विभागलाई लेखी पठाइएको ।

१३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका विभिन्न निकायमा अनियमित तवरले सरुवा गरिरहेको भन्ने उजुरीहरूका सम्बन्धमा स्वास्थ्य सचिव समेतको उपस्थितिमा छलफल हुँदा सरुवासम्बन्धी पूर्व उजुरीहरूका सम्बन्धमा यस आयोगको मिति ०६६।८।२ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई कानून बमोजिमका अतिरिक्त अन्य कुरा स्पष्ट रूपमा अधिकार प्रत्यायोजन गरी अधिकार प्राप्त अधिकारीबाट निजामती कर्मचारी सरह वर्षमा एक पटक मात्र सरुवा गर्ने समेतको नीति मन्त्रिपरिषद्बाट पारित गराई उक्त नीति बमोजिम सरुवा गर्ने व्यवस्था मिलाउन तथा कर्मचारीहरूको विवरण अद्यावधिक र दुरुस्त राख्न मिति २०६६।८।८ र मिति २०६६।९।१६ मा भएको । आयोगको निर्देशनपश्चात प्रथम पटक मिति २०६६।९।२३ मा विभिन्न तहका कर्मचारीहरूको सरुवा तथा पदस्थापन गरेको विषय कानूनसम्मत नै रहेको तर सो मितिपश्चात समेत पटक पटक सरुवा/सरुवा संशोधन गरी नै रहेको र यस क्रममा अन्तिम पटक मिति २०६७।१।२६ मा स्वास्थ्य सचिव स्तरीय निर्णयबाट स्वास्थ्य सेवा विभाग अन्तर्गत विभिन्न तहका ८५ जना कर्मचारीको सरुवा गरेको देखियो । यसबाट आयोगबाट जारी भएका पूर्व निर्देशनहरूको उल्लंघन भैरहेको परिप्रेक्ष्यमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २२ अनुसार तथा अदालतको आदेशमा भएका सरुवा पदस्थापन बाहेक २०६६ चैत्र मसान्तभन्दा पछि भए गरेका सरुवामा पुनर्विचार गरी कानूनले तोकेको अवधि नपुगी भएको तथा वर्गीकृत क्षेत्र नमिलाई गरिएको सरुवासम्मको हकमा बदर गर्न, आयोगबाट मिति २०६६।८।२ को निर्णयानुसार भएका निर्देशनहरू अविलम्ब कार्यान्वयन गर्ने, कुनै स्पष्ट आधार र कारण बेगर पटक पटक भैरहने नियम विपरीतका सरुवा संशोधनसम्बन्धी निर्णय गर्ने परिपाटी अविलम्ब बन्द गर्ने, मन्त्रिपरिषद्बाट सरुवासम्बन्धी नीति पारित नभइञ्जेलसम्मका लागि प्रचलित निजामती ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम मात्र सरुवासम्बन्धी अन्तरिम व्यवस्था मिलाउने, सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४ को दफा ११, १२ र १३ को अधिकार सम्बन्धित अधिकारीबाट प्रयोग गर्ने गरी व्यवस्था मिलाउने, २०६६ चैत्र मसान्तअघिको निर्याणनुसार सरुवा भैसकेको तर कुनै स्पष्ट आधार र कारण बेगर अनिश्चतकालीन काजमा राखिएका सबै कर्मचारीहरूको अविलम्ब काज फिर्ता गर्ने तथा काजसम्बन्धी ऐन नियममा भएका व्यवस्थालाई कडाइका साथ पालना गर्ने, सम्बन्धित दरबन्दीको समूह उपसमूह नमिलाई का.मु. वा निमित्तको कार्यभार दिइएका सबै कर्मचारीहरूलाई अविलम्ब सम्बन्धित पदाधिकार रहेको कार्यालयमा फिर्ता गरी सम्बन्धित समूह उपसमूह मिल्ने तल्लो तहका कर्मचारीलाई मात्र का.मु. वा निमित्तको कार्यभार दिने व्यवस्था मिलाउने, कर्मचारीले निवेदन माग गरेको असाधारण बिदा, अध्ययन बिदाका सम्बन्धमा प्रचलित ऐन कानून बमोजिम हुने गरी कारबाही प्रक्रिया छिटो टुंग्याउने, बिना सूचना र स्पष्ट कारण बेगर ९० दिनभन्दा बढी गयल हुने कर्मचारीहरूलाई प्रचलित ऐन नियम बमोजिम विभागीय कारबाही गर्न प्रक्रिया अघि बढाउने । गयल कट्टी गरी पुनः हाजिर गर्ने गराउने प्रचलनलाई अविलम्ब बन्द गर्न आयोगको मिति २०६७।३।२३ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।

(ण) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. जिल्ला रूपन्देही हाटीफर्साटिकर गा.वि.स.का निवर्तमान अध्यक्ष भगवात प्रसाद चौधरीको सम्पत्ति छानबिन गरी कारबाही गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा निज निवर्तमान अध्यक्ष भगवातप्रसादको सम्पत्ति छानबिन गर्दा अनियमित तरिकाले सम्पत्ति आर्ज गरेको पुष्टि हुन सकेन । हाटीफर्साटिकर गा.वि.स.का पूर्वअध्यक्ष भगवात प्रसाद चौधरीले आ.व.२०५८/०५९ को लेखापरीक्षणबाट रु.१२,२७,९२४/८१ नगद तथा पेश्की लिएको देखिएकोमा निजले लिएको पेश्की रकमबाट सम्पन्न गरेको कामको बिल भरपाई, प्राविधिक मूल्यांकनका आधारमा फछ्यौंट गरी बाँकी रकम सरकारी बाँकी सरह असुल गर्न आयोगको मिति मिति २०६६।४।४ को निर्णय अनुसार जिल्ला विकास समिति रूपन्देहीलाई लेखी पठाइएको ।

२. जिल्ला रूपन्देहीको मधुवती गा.वि.स.वडा नं.४ बस्ने निवर्तान गा.वि.स.अध्यक्ष सुग्रिवप्रसाद यादवले गा.वि.स.को रकम हिनामिना गरी व्यक्तिगत प्रयोगमा लगाएकोले निजको सम्पत्ति छानबिन गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा निज निवर्तमान अध्यक्ष सुग्रिवप्रसाद यादवको सम्पत्ति छानबिन गर्दा अनियमित तरिकाले सम्पत्ति आर्जन गरेको भन्ने उजुरी व्यहोरा पुष्टि हुन सकेन । मधुवती गा.वि.स.का पूर्वअध्यक्ष सुग्रिवप्रसाद यादवले आ.व.२०५८/०५९ को लेखापरीक्षणबाट रु.६,४३,१८०/- नगद तथा पेश्की रकम लिएको देखिएकोमा निजले लिएको पेश्की रकमबाट कुन कुन कार्य के कति खर्च गरेको हो सो को बिल भरपाई, प्राविधिक मूल्यांकन, स्थलगत निरीक्षण आदि प्रमाणका आधारमा कार्यसम्पन्न भएको योजनाको पेश्की फछ्यौंट गरी बाँकी रकम सरकारी बाँकी सरह असुल गर्न मिति २०६६।४।४ को निर्णय अनुसार जिल्ला विकास समिति रूपन्देहीलाई लेखी पठाइएको ।

३. सेवा प्रदायक कार्यालयहरूबाट सम्पादन हुने काम कारबाहीलाई अझ बढी सरल, सहज, पारदर्शी र सेवामुखी बनाई सुशासनको प्रत्याभूति दिलाउने दिशामा सघाउ पुऱ्याउने उद्देश्यले आयोगबाट विभिन्न निकायहरूको नियमित निरीक्षण र अनुगमन गर्नुको साथै कार्य क्षेत्रमा देखिएका कमी कमजोरीहरूको सुधारका लागि सरोकारवाला पदाधिकारीहरूसँग छलफल गरी आवश्यक सुझाव दिने गरिएको छ । यसै क्रममा भूमिसुधार तथा व्यवस्था, श्रम तथा यातायात व्यवस्था, गृह, स्थानीय विकास मन्त्रालयहरू र मातहतका काठमाडौं तथा काभ्रे जिल्लास्थित जिल्ला प्रशासन, मालपोत, भूमिसुधार, नापी कार्यालयहरू र स्थानीय निकायका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतका काम कारबाहीहरूमा हुने गरेको ढिलासुस्ती, अनियमितता तथा अन्य कमी कमजोरीहरूमा सुधार ल्याउने उद्देश्यले सरोकारवाला मन्त्रालयका सचिव, विभागीय प्रमुख, कार्यालय प्रमुखहरू समेतसँग आयोगमा छलफल गरियो । सो छलफल कार्यक्रम तथा आयोगबाट खटिएको अनुसन्धान टोलिले पेश गरेको स्थलगत निरीक्षण प्रतिवेदन समेतबाट आयोगले यस पूर्व सम्बन्धित निकायहरूलाई दिएका निर्देशनहरू पूर्णरूपमा कार्यान्वयन भएको पाइएन । अतः सम्बन्धित निकायहरूमा पहिचान गरिएका समस्याहरू समयमै निराकरण हुन जरुरी देखिएको हुँदा आयोगको मिति २०६६।६।१८ को निर्णयपश्चात सम्बन्धित निकायहरूलाई दिइएको पाँचबुँदे निर्देशन हालसम्म पूर्णरूपमा कार्यान्वयन भएको पाइएन । आयोगबाट दिएका निर्देशनहरू तदारुकताका साथ सबै कार्यालयहरूबाट

पालना गर्ने गराउने व्यवस्था मिलाउने । आयोगका निर्देशनहरू पालना नगर्ने र सुशासन ऐन, नियमले निर्दिष्ट गरेका कार्यनीतिहरू अवलम्बन नगर्ने कार्यालय प्रमुख तथा कर्मचारी उपर आवश्यक कारबाही गरिने हुँदा त्यस्ता निर्देशनहरू अविलम्ब कार्यान्वयन गर्ने, सार्वजनिक तथा धार्मिक महत्वका भवन, पाटी, पौवा, जग्गाहरूको संरक्षणका लागि उचित कार्यविधि निर्माण गरी लागू गर्ने, स्थानीय नगरपालिकाहरूबाट नक्सा पास गर्दा स्पष्ट रूपमा भवन निर्माणको मापदण्डलाई अवलम्बन गर्दै निर्माण कार्यको अनुगमन र सुपरीवेक्षण समेत गर्ने व्यवस्था मिलाउने । नाता प्रमाणित, जन्म दर्ता, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटनाहरूको अभिलेखीकरण व्यवस्थित नभएको र त्यस्ता कार्यमा अनियमितता हुने गरेको भन्ने गुनासाहरूका सम्बन्धमा तालुक कार्यलयहरूले सो को नियमित अनुगमन गरी कमीकमजोरीहरू सुधार गर्ने । सुशासन एकाइको गठन नभएका मन्त्रालय, विभाग तथा कार्यालयहरूमा कार्यालय प्रमुख स्वयम्कै संयोजकत्वमा सुशासन एकाई गठन गरी नियमित रूपमा बैठक बस्ने, सचिवले सो को अनुगमन गर्ने कार्यलाई निरन्तरता दिने र सेवा प्रवाहमा देखिएका समस्याहरू समयमै निराकरण गरी प्रत्येक महिना सो को प्रगति सहितको विवरण आयोग समक्ष पेश गर्ने, सेवाग्राहीसँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालय, विभाग र कार्यालयहरूमा अनधिकृत व्यक्तिहरूको सहज पहुँच रहदै आएको पाइएको हुँदा त्यस्ता कार्यलाई कडाइका साथ नियन्त्रण गर्ने, कार्यालयमा उपस्थित हुने लेखापढी व्यवसायी र बारेस प्रतिनिधिहरूलाई अनिवार्य रूपमा परिचयपत्रको व्यवस्था गर्ने, स्थानीय निकायका कार्यालयमा हुने आर्थिक कारोबारहरू बैंकिङ पद्दतिबाट गर्ने कार्यको सुरुवात गर्ने, कार्यालय प्रमुखहरूले नियमित रूपमा कार्यालयका फाँटहरू निरीक्षण गर्ने, सेवा प्रवाहमा देखिएका समस्याहरूको पहिचान गरी तिनको तत्कालै निराकरण गर्ने, नियमित Staff meeting गरी गुनासो व्यवस्थापन गर्ने, कार्यालयहरूको श्रेस्ता, अभिलेख, कागज प्रमाणको समुचित सुरक्षाका लागि विद्युतीय माध्यमबाट तथ्यांक भण्डारणको प्रबन्ध गर्ने र कार्यालयहरूका भवन लगायत भौतिक साधन श्रोतको यथोचित व्यवस्थापन गर्ने, सार्वजनिक सेवालाई प्रभावकारी बनाउन र कार्यालयमा हुने भीडलाई व्यवस्थित गर्न First come, First serve को अवधारणालाई प्रभावकारी बनाई टोकन प्रणालीलाई अनिवार्य गर्ने तथा कार्यबोझका आधारमा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने, उल्लेखित विषयलाई आयोगले गम्भीर रूपमा लिएको र आयोगको निर्देशन बमोजिम काम भए नभएको अनुगमन गर्दै लापरबाही तथा ढिलासुस्ती भएको पाइएमा जिम्मेवार कर्मचारी उपर कारबाहीको प्रक्रिया अगाडि बढाइने र १ महिनाभित्र प्रगति विवरण सहित सम्बन्धित सचिवहरू र सरोकारवाला निकायका प्रमुखहरू समेत बोलाई आयोगमा छलफल हुने व्यहोरा समेत जानकारी गराउन आयोगको मिति २०६६।७।१३ को निर्णय अनुसार स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।

४. राष्ट्रिय दलित आयोगका पदाधिकारीहरूले आफ्नो पदावधि समाप्त हुन लागेको अवस्थामा सार्वजनिक सूचना प्रकाशित नै नगरी बिना प्रतिस्पर्धा मनोमानी तरिकाले कानून मिचेर अधिकृत लगायतका कर्मचारी नियुक्त गरेकाले कारबाही गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा करारमा कर्मचारी नियुक्ति गर्ने राष्ट्रिय दलित आयोगको निर्णय सेवा करार निर्देशिका, २०५९ लगायत कानूनसम्मत नदेखिएकाले उक्त निर्णय रद्द गरी कर्मचारी आवश्यक भए कानूनसम्मत रूपमा नियुक्त गर्न आयोगको मिति २०६६।८।८ को निर्णय अनुसार राष्ट्रिय दलित आयोगलाई लेखी पठाइएको ।

५. सेवा प्रदायक कार्यालयहरूबाट सम्पादन हुने काम कारबाहीलाई अझ बढी सरल, सहज, पारदर्शी र सेवामुखी बनाई सुशासनको प्रत्याभूति दिलाउने दिशामा सघाउ पुऱ्याउने उद्देश्यले आयोगबाट विभिन्न निकायहरूको नियमित निरीक्षण र अनुगमन गर्नुका साथै कार्य क्षेत्रमा देखिएका कमी कमजोरीहरूको सुधारका लागि सरोकारवाला पदाधिकारीहरूसँग छलफल गरी आवश्यक सुझाव दिने गरिएको छ। यसै क्रममा आयोगबाट मिति २०६६।६।१८ मा नेपाल सरकारका मुख्य सचिव एवं सचिवहरूको सहभागितामा भएको अन्तरक्रिया कार्यक्रमपश्चात आयोगबाट दिइएको पाँचबुँदे निर्देशन तथा स्थानीय निकायका सन्दर्भमा आयोगको वार्षिक प्रतिवेदन र फोकल प्वाइण्टको विवरणबाट दिइएका निर्देशनहरूको कार्यान्वयन स्थिति, कार्यावन्यन गर्दा आइपरेका समस्या र विद्यमान कमी कमजोरीका विषयमा छलफल गर्न काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाका स्थानीय विकास अधिकारी र काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, कीर्तिपुर नगरपालिका, मध्यपुर ठिमी नगरपालिका, भक्तपुर नगरपालिका, बनेपा नगरपालिका, पनौती नगरपालिका, धुलिखेल नगरपालिकाका कार्यकारी अधिकृतहरूसँग मिति २०६६।८।१२ का दिन छलफल कार्यक्रम गरियो । सो छलफल कार्यक्रममा सहभागीहरूका तर्फबाट प्रस्तुत भएका प्रगति विवरण समेतबाट आयोगले यसपूर्व दिएका निर्देशनहरू पूर्णरूपमा कार्यान्वयन भएको पाइएन। अतः सम्बन्धित निकायहरूमा पहिचान गरिएका समस्याहरू समयमै निराकरण हुन जरुरी देखिएको हुँदा उपभोक्ता समितिबाट निर्माण गरिने भौतिक संरचनाहरूको गुणस्तर कायम गर्न गाह्रो भएको अवस्था देखिएकोले निर्माण कार्य सम्पन्न भएको आधारमा पेश्की रकम उपलब्ध गराउँदै जाने र कार्य सम्पन्न भइसकेपछि प्राविधिक जाँच पास भएपछि भुक्तानी दिने, जिल्ला विकास समिति तथा नगरपालिकाहरूबाट सञ्चालन गरिने विकास निर्माण कार्य मानव साधनबाट गर्ने गरी लागत इस्टिमेट तयार गरेको भए तापनि निर्माण कार्य गराउँदा डोजर, स्काभेटर जस्ता ठूला यन्त्रहरूको प्रयोग गर्ने गरेको अवस्था छ। यसरी यन्त्रहरूको प्रयोगबाट निर्माण कार्य गरी भुक्तानी प्रक्रियामा मानव साधनबाट कार्य गरेको देखाउने गरेको भन्ने बुझिन आएकोले जुन साधनबाट निर्माण कार्य गराएको हो सोही अनुसार भुक्तानी दिने नर्म्स तयार गरी लागू गर्ने। यसका लागि नियमावली संशोधन गर्नुपर्ने अवस्था भएमा स्थानीय विकास मन्त्रालयले पहल गर्ने, स्थानीय निकायबाट गराइएका विकास निर्माणका कार्यहरू सम्पन्न भएपछि अनिवार्य रूपमा सार्वजनिक सुनुवाइ गर्ने गराउने, बस्ती विकास गर्ने क्रममा जथाभावी रूपमा जग्गा प्लटिङ गरी घडेरी बनाउने प्रचलन बढेको वर्तमान परिस्थितिलाई व्यवस्थित बनाउने। जग्गा प्लटिङ गर्दा कायम गर्नुपर्ने न्यूनतम जग्गाको साइज, बाटोको चौडाइ, ढल समेत पूरा गर्नुपर्ने आवश्यक भौतिक पूर्वाधारहरूका सम्बन्धमा स्पष्ट मापदण्ड तयार गरी लागू गर्ने। प्लटिङ गर्दा कायम गरिएको बाटो नेपाल सरकारको नाउँमा अनिवार्य रूपमा दर्ता गर्ने व्यवस्था मिलाउने। ढुंगा, गिट्टी, बालुवा खानी सञ्चालन गर्दा प्राकृतिक सम्पदा र वातावरणीय सन्तुलनमा प्रतिकूल प्रभाव पर्न नदिने। खानीबाट निकालिएको बालुवाबाट निर्माण गरिने भौतिक संरचनाको गुणस्तर कायम गर्न खानीबाट निकालिसकेपछि बालुवा प्रशोधन, Washing गरेर मात्र बिक्री वितरण गर्न पाउने व्यवस्था कडाइका साथ लागू गर्ने। हाल जनप्रतिनिधि नरहेको वर्तमान अवस्थामा अनावश्यक चन्दा, पुरस्कारका नाउँमा आर्थिक सहायता वितरण गर्दा अनियमितता हुने गरेको भन्ने सन्दर्भमा त्यस्ता निकायहरूले आर्थिक सहायता उपलब्ध गराउँदा पारदर्शी रूपले वितरण गर्ने प्रक्रिया अवलम्बन गर्ने, स्थानीय निकायमा विभिन्न किसिमले पदपूर्ति गर्ने गरेको पाइएकोले स्वीकृत दरबन्दीमा पारदर्शी प्रक्रिया अवलम्बन

गरी, खुला प्रतिस्पर्धाका आधारमा, तोकिएको पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव प्राप्त व्यक्तिलाई पदपूर्ति समितिबाट प्रक्रिया पुऱ्याउन मात्र छनौट गर्ने, सरकारी, सार्वजनिक, पुरातात्विक भवन तथा जग्गाहरूको अभिलेख व्यवस्थित गरी त्यसको संरक्षणका लागि उचित कार्यविधि निर्माण गरी लागू गर्ने, भवन निर्माणको स्पष्ट मापदण्ड तयार गरी सोही बमोजिम नक्सा स्वीकृत गर्ने, सार्वजनिक सेवालाई प्रभावकारी बनाउन र कार्यालयमा हुने हुल हुज्जत तथा भीडलाई व्यवस्थित गर्न First come, First serve को अवधारणा अपनाई टोकन प्रणालीलाई सबै कार्यालयहरूमा अनिवार्य गर्ने। आयोगबाट दिइएका पाँचबुँदे निर्देशनहरू तदारुकताका साथ सबै कार्यालयहरूबाट पालना गर्ने गराउने व्यवस्था मिलाउने। आयोगको निर्देशन पालना नगर्ने र सुशासन ऐन, नियमले निर्दिष्ट गरेका कार्यनीतिहरू अवलम्बन नगर्ने कार्यालय प्रमुख तथा कर्मचारीहरू उपर आवश्यक कारबाही हुन र स्थानीय निकायहरूले उपभोक्ता समितिबाट गराइने विकास निर्माणका कार्यका लागि गठन हुने उपभोक्ता समिति कुनै जिल्ला विकास समिति र कुनै जिल्ला प्रशासन कार्यालयमा दर्ता हुने गरेको पाइएकोले यसमा एकरूपता कायम गर्न दर्ता गर्ने निकाय एउटा तोकी उपभोक्ता सहभागितासम्बन्धी स्पष्ट नीति निर्देशिका तयार गरी लागू गर्न आयोगको मिति २०६६।८।१२ को निर्णय अनुसार स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको।

६. जिल्ला विकास समितिको कार्यालय ओखलढुंगाबाट आ.व. ०६३।६४ र ०६४।६५ मा सञ्चालन भएको साँघुटार-घोराखोरी कोषभन्ज्याङ सडक निर्माणमा उपभोक्ता समितिले स्थानीय उपभोक्ताबाट श्रमदान तथा मजदुरबाट काम गर्नुपर्नेमा नगरी डोजर प्रयोग गरी नक्कली डोर हाजिरी विवरण पेश गरेर रकम भुक्तानी लिएको र आ.व.०६४।६५ मा ओखलढुंगा जन्तरछाप सडक निर्माण कार्य गराउँदा सूचना प्रकाशित नगरी सिन्डिकेट प्रणाली लागू गर्दै पाँच जना ठेकेदारहरूसँग मिलेर ठेक्का स्वीकृत गराएकोले आवश्यक कारबाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा रामेछाप जिल्लाको साँघुटारदेखि ओखलढुंगा फूलबारी गाउँ विकास समितिको शेरावेसीसम्मको सडक नेपाल सरकारको केन्द्रीय बजेट, जिल्ला विकास समिति ओखलढुंगा र सोही भेगका गाउँ विकास समितिहरूको अनुदान रकमहरू समेतबाट जम्मा रु. १,३६,३०,५६०।- विनियोजित गरी सडक निर्माण कार्य सम्पन्न गर्न स्थानीय स्तरमा साँघुटार घोराखोरी कोषभन्ज्याङ सडक निर्माण उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिबाट विनियोजीत रकमहरू मध्येबाट रु. १,३३,८०,५६०।- को कार्य सम्पन्न गरी हिसाब फरफारक भैसकेको भन्ने व्यहोरा प्राविधिक प्रतिवेदन लगायतका कागजातहरूबाट देखिन आएको हुँदा सो निर्माण सम्पन्न भैसकेको कार्य उपर थप अनुसन्धान कारबाही गर्न नपरे पनि फेदिगुठ गाउँ विकास समितिबाट रु.२,५०,०००।- रकम उपभोक्ता समितिको नाममा पेश्की रहेको सम्बन्धमा उक्त पेश्की रकम हालसम्म पनि फछ्यौंट भैसकेको अवस्था नदेखिई उक्त रकम राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगाको हिसाब नं. ३०१० मा मिति २०६६।८।१५ मा जम्मा गरेको अवस्था देखिएको र उक्त खाता आयोगको निर्णयले रोक्का समेत भएको अवस्था भएबाट उक्त पेश्की फछ्यौंट हुन बाँकी देखिएको रकम रु. २,५०,०००।- उक्त समितिको खाताबाट सम्बन्धित फेदिगुठ गाउँ विकास समितिको खातामा जम्मा हुने गरी रोक्का फुकुवाको लागि राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगालाई लेखी पठाई सो रकम प्रचलित ऐन कानून अनुसार नयाँ कार्यको लगत इस्टिमेट तयार गरी प्रक्रिया अनुसार खर्च गर्ने व्यवस्थाका लागि आयोगको मिति २०६६।८।२६ को निर्णय अनुसार जिल्ला विकास समिति ओखलढुंगालाई लेखी पठाइएको।

७. ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना (RAIDP) अन्तर्गत जिल्ला विकास समितिको कार्यालय कैलालीबाट भैरहेको खुटिया-मटियारी सडक निर्माणमा अनियमितता भएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा आ.व. २०६३।६४ मा खुटिया-मटियारी ग्रामीण सडक (१० कि.मी.) को सुधार तथा निर्माण (ओटासिल समेत) गर्न तीन वटा कन्ट्रयाक्ट प्याकेज अन्तर्गत ठेक्कापट्टा भई तीनवटै ठेक्काको अन्तिम भुक्तानी समेत भैसकेको अवस्था देखियो । ठेक्का सम्झौताको प्रावधान बमोजिम Defect liability period भित्रै उक्त सडकका विभिन्न खण्डहरू क्षतिग्रस्त भएको हुँदा मर्मतसम्भार गर्न जिल्ला विकास समिति कैलालीले सम्बन्धित ठेकेदारहरूलाई पटक पटक पत्राचार गरेकोमा उक्त क्षतिग्रस्त सडकहरू केही मर्मत सम्भार भएकोमा Slice-1 अन्तर्गत चे.३+५०० कि.मि. देखी चे. ५+०० कि.मि. सम्मका अधिकांश खण्ड र Slice-2 को चे.५+१२५ कि.मि. तथा चे. ६+२०० कि.मि. मा केही खण्ड पुनः क्षतिग्रस्त भएको हुँदा उक्त क्षतिग्रस्त सडक खण्ड तोकिएको कार्यविधि अनुसार जिल्ला विकास समितिको कार्यालय कैलालीको प्राविधिक तथा सुपरीवेक्षणमा गर्न सम्बन्धित ठेकेदारलाई दिने तथा क्षतिग्रस्त सडक खण्डको मर्मत सम्भार सम्बन्धित ठेकेदारबाट गरी गराई सो को प्रतिवेदन पठाउन आयोगको मिति २०६६।९।९ को निर्णय अनुसार जिल्ला विकास समितिको कार्यालय, कैलालीलाई लेखी पठाइएको ।

८. काठमाडौं महानगरपालिका कार्यालयका कर्मचारीहरूसँग मिलोमतो गरी मेडिकेयर नेसनल हस्पिटल एण्ड रिसर्च सेन्टर लि. चाबहिलले महानगरपालिकालाई बुझाउनुपर्ने सम्पत्ति कर कम गरी महानगरपालिकालाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा घरजग्गा कर निर्धारण जस्तो प्रत्यक्ष जनसरोकारको काममा खटिएका कर्मचारी दक्ष र योग्यता पुगेका कर्मचारीहरू नभई परम्परागत रूपमा बिना तालिम, कानूनको ज्ञान नभएका, योग्यता नपुगेका कर्मचारीहरूबाट गराउने गरेको, नगर परिषद्ले जग्गाको मूल्य कायम गर्दा महानगरपालिकाको क्षेत्रभित्रका सबै ठाउँको जग्गा चित्रण गर्न नसकेको, अनुगमन निरीक्षण गर्न व्यवस्था नगरेको, राजस्व तर्फ आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था नभएको, अन्तिम लेखापरीक्षण पनि आ.व. २०६३/६४ को श्रेस्ता आ.व. २०६६/६७ मा आएर मात्र गरिँदै आएकाले बेथितिहरू देखिएका छन् । यसर्थ यससँग सम्बन्धित कानूनहरू, कानून बमोजिमको साविक कर कार्यालयबाट स्पष्ट गरिएका परिपत्रहरू, यस्ता कर सम्बन्धमा अदालतबाट कुनै फैसला भएको भए सो आदि अध्ययन गरी आवश्यक पर्ने सबै ऐन, नियम, परिपत्र, परिषद्का निर्णय समावेश गरी निर्देशिका तयार गरी लागू गर्ने । आवश्यक परे ऐन, नियममा सुधार गर्नुपर्न भएमा आवश्यक संशोधनका लागि कारबाही चलाउने, नगर परिषद्ले जग्गाको मूल्य कायम गर्दा काठमाडौं महानगरपालिका क्षेत्रभित्र पर्ने सबै ठाउँलाई प्रष्ट चित्रण गर्ने गरी जग्गाको मूल्य स्पष्ट रूपमा निर्धारण गर्न गराउने, राजस्व असुलीमा योग्य र दक्ष कर्मचारीमात्र खटाउने, कर्मचारीहरूलाई समय समयमा तालिम दिने व्यवस्था मिलाउने, अनुगमन एवं निरीक्षणको व्यवस्था गर्न, राजस्व तर्फ समेत आन्तरिक लेखापरीक्षण गराउने र तक्काल कमीकमजोरी सुधार गराउने, अन्तिम लेखापरीक्षण एक आ.व.को अर्को आ.व.मा सक्ने गरी व्यवस्था गर्न आयोगको मिति २०६६।९।१७ को निर्णय अनुसार काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृतलाई लेखी पठाइएको ।

९. उदयपुर जिल्ला त्रियुगा नगरपालिकास्थित बरुवा खोला किनारमा बसपार्क निर्माणको लागि छुट्याइएको जग्गा बसपार्क निर्माण समितिले गैरकानूनी तरिकाले बिक्री वितरण गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा साविक गाईघाट गा.वि.स.वडा नं.५ हाल त्रियुगा नगरपालिकाको कि.नं.४८४ क्षेत्रफल ३३-१७-५ जग्गामध्ये केही जग्गाको भोगाधिकारको सम्बन्धमा त्रियुगा नगरपालिका र केही व्यक्तिबीच विवाद भई सो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको कुरा त्रियुगा नगरपालिकाको च.नं.३०६१ मिति २०६६/०८/१९ को पत्रबाट देखियो । अतः त्रियुगा नगरपालिकाको कि.नं.४८४ को उक्त जग्गाको भोगाधिकारको सम्बन्धमा सर्वोच्च अदालतबाट अन्तिम निर्णय भए बमोजिम गर्ने गरी हाललाई नगरपालिकाले नै सो जग्गा संरक्षण र सम्वर्द्धन गर्न त्रियुगा नगरपालिकालाई आयोगको मिति २०६६।१०।१२ को निर्णय अनुसार लेखी पठाइएको ।

१०. भरतपुर नगरपालिका कार्यालय, चितवनका कर्मचारी जयन्ती अर्याल एवं धनबहादुर भुजेलले सब्जी मण्डीको स्टल भाडा र विद्युतको रकम उठाउँदा नक्कली बिलहरू प्रयोग गरी भरतपुर नगरपालिका कार्यालयलाई प्राप्त हुने राजस्व रकम हिनामिना गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा भरतपुर नगरपालिका कार्यालयले उठाउने राजस्व रकम समयमै उठाई समयमै दाखिला गर्ने गराउने कार्यको पर्याप्त एवं उचित रूपमा अनुगमन र नियमन गरेको नदेखिएको, राजस्व संकलन गर्ने कार्य जिम्मेवार कर्मचारीबाट नगराई ज्यालादारीमा नियुक्त कर्मचारीलाई जिम्मेवारी दिएको देखिएको हुँदा राजस्व उठाउन जिम्मेवार कर्मचारीहरू समेत व्यवस्था गरी त्यसको नियमित प्रभावकारी रूपमा अनुगमन एवं नियमन गर्न आयोगको मिति २०६६।१२।२४ को निर्णय अनुसार भरतपुर नगरपालिका कार्यालयलाई लेखी पठाइएको ।

११. वीरगन्ज नगर विकास समिति पर्साको प्लट नं. ज १२८ को जग्गा बोलकबोलद्वारा सकार गर्ने राजेन्द्र प्रसाद जयसवालले वीरगन्ज नगर विकास समिति विरुद्ध पुनरावेदन अदालत हेटौंडामा दिएको मुद्दामा निजविरुद्ध फैसला भए पनि निजको धरौटी जफत नगरी जग्गाको मूल्य वृद्धि भए पनि साविक मूल्यमा नै निज जयसवाललाई आर्थिक लाभ लिई वीरगन्ज नगर विकास समितिले जग्गा दिने निर्णय गरेको उजुरी उपर अनुसन्धान हुँदा वीरगन्ज नगर विकास समिति पर्साले मिति २०६५।४।७ मा प्लट बिक्रीका लागि प्रकाशित गरेको सूचनाका आधारमा प्लट नं. ज १२८ को ०-०-१३ ३/४ (पौने चौध धुर) जग्गा रु १७,८७,५००।- मा लिन बोलपत्र दाखिला गर्ने कलैया नगरपालिका ५ का राजेन्द्र प्रसाद जयसवालले सो जग्गा वीरगन्ज नगर विकास समितिले तोकेको समयभित्र रजिष्ट्रेसन पास नगरेको तथा सोही जग्गाको विषयमा निजले वीरगन्ज नगर विकास समितिविरुद्ध पुनरावेदन अदालत हेटौंडामा मुद्दा दायर गरेकोमा निजको विपक्षमा फैसलासमेत भएको देखिएकाले बोलपत्र पेश गर्दा निजले राखेको धरौटी रकम जफत गरी उक्त जग्गाको पुनः मूल्यांकन गरी बोलपत्र आह्वान गर्न आयोगको मिति २०६७।३।२१ को निर्णय अनुसार वीरगन्ज नगर विकास समितिलाई लेखी पठाइएको ।

(त) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

१. नेपाल सरकारका मुख्य सचिव, सचिव एवं विशिष्ट श्रेणीका पदाधिकारीहरूसँगको आयोगको आ. व. ०६५।६६ को १९ औं प्रतिवेदन लगायत सुशासन सुदृढीकरण गर्न

मन्त्रालयहरूले खेलेको भूमिका विषयमा मिति २०६६ साल असोज २ गते आयोगमा सम्पन्न अन्तरक्रिया कार्यक्रम उपर छलफल भै आयोगको पूर्वनिर्णय अनुसार आफू मातहतका निकायमा सुशासन इकाइको नियमित रूपमा मासिक बैठक बस्ने कार्यलाई कडाइका साथ पालना गर्ने, सेवाग्राहीसँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालय, विभाग कार्यालय तथा सस्थानहरूले कार्यालयमा सेवाग्राहीको निवेदन परेपछि उनीहरूको काम तत्काल गर्न र तत्काल हुन नसक्ने भए कारण खुलाई हुने, नहुने वा कति समयभित्र हुने हो ? जानकारी गराउन आवश्यक फर्मेट तयार गरी अनिवार्यरूपमा सेवाग्राहीलाई लिखित जानकारी दिने व्यवस्था मिलाउने र सो को अनुगमन आयोगले एक महिनापछि गर्ने, टेण्डर, कोटेसन लगायतका अन्य सरकारी काम कारबाहीको प्रक्रियामा नक्कली कागजात अत्यधिक मात्रामा प्रयोग हुने गरेको पाइएकाले सरोकारवाला निकायले कागजातहरू बुझिलिँदा सतर्कताका साथ त्यस्ता कागजातको आधिकारिकता पहिचान गरी कामकारबाही अगाडि बढाउने, सार्वजनिक खरिद प्रक्रियामा अनियमितता हुने गरेको भन्ने जनगुनासालाई मध्यनजर गरी यस प्रक्रियालाई अझ सरल, पारदर्शी तथा प्रतिस्पर्धी बनाउन E-bidding प्रक्रियालाई लागू गर्न तत्काल विशेष पहल गर्ने, काठमाडौं उपत्यकाभित्रका सरकारी, सार्वजनिक तथा गुठी जग्गाहरूको अद्यावधिक लगत तयार गरी ती जग्गाहरूको संरक्षणको उचित र प्रभावकारी व्यवस्था मिलाउन आयोगको मिति २०६६।६।२ को निर्णय अनुसार नेपाल सरकारका मुख्य सचिव तथा सचिवहरूलाई लेखी पठाइएको ।

२. स्वास्थ्य सेवा विभाग अन्तर्गत आपूर्ति व्यवस्थामा कार्यरत ना.सु. गगन सिंह विष्टको सरुवा भै रमाना समेत दिइसकेकोमा सामान्य प्रशासन मन्त्रालयले बिना आधार सरुवा थमौती गरी अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा स्वास्थ्य सेवा विभागमा कार्यरत ना.सु. गगन सिंह विष्टको सामान्य प्रशासन मन्त्रालयको मिति २०६५।१०।२९ को निर्णयबाट जलश्रोत मन्त्रालय वा अन्तर्गत सरुवा गर्ने निर्णय भएको तर सरुवा निर्णयको ५ महिनापछि मात्र निजलाई मिति २०६६।४।१ देखि लागू हुने गरी बरबुझारथ समेत नगराई रमाना दिएको देखियो । निज विष्टको सरुवा थमौतीसम्बन्धी सामान्य प्रशासन मन्त्रालयबाट भएको मिति २०६६।४।२ को निर्णय वदर गर्न एवं ना.सु. गगन सिह विष्टलाई हालको स्थानबाट स्वास्थ्य सेवा विभाग वा अन्तर्गत बाहेक अन्यन्त्र निकायमा सात दिनभित्र सरुवा गरी सो को जानकारी आयोगलाई दिन आयोगको मिति २०६६।६।२८ को निर्णय अनुसार सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाइएको ।

३. सेवा प्रदायक कार्यालयहरूबाट सम्पादन हुने काम कारबाहीलाई अझ बढी सरल, सहज, पारदर्शी र सेवामुखी बनाई सुशासनको प्रत्याभूति दिलाउने दिशामा सघाउ पुऱ्याउने उद्देश्यले आयोगबाट विभिन्न निकायहरूको नियमित निरीक्षण र अनुगमन गर्नुको साथै कार्य क्षेत्रमा देखिएका कमी कमजोरीहरूको सुधारका लागि सरोकारवाला पदाधिकारीहरूसँग छलफल गरी आवश्यक सुझाव दिने गरिएको छ । यसै क्रममा आयोगबाट मिति २०६६।६।१८ मा नेपाल सरकारका मुख्य सचिव एवं सचिवहरूको सहभागितामा भएको अन्तरक्रिया कार्यक्रमपश्चात आयोगबाट दिइएको पाँचबुँदे निर्देशनको कार्यान्वयन स्थिति, कार्यावन्यन गर्दा आइपरेका समस्या र विद्यमान कमी कमजोरीका विषयमा छलफल गर्न नेपाल सरकारका सबै विभागीय प्रमुखहरूसँग मिति २०६६।८।५ का दिन छलफल कार्यक्रम गरियो । सो छलफल कार्यक्रममा

सहभागीहरूका तर्फबाट प्रस्तुत भएका प्रगति विवरण समेतबाट आयोगले यसपूर्व दिएका निर्देशनहरू पूर्णरूपमा कार्यान्वयन भएको पाइएन । अतः सम्बन्धित निकायहरूमा पहिचान गरिएका समस्याहरू समयमै निराकरण हुन जरुरी देखिएको हुँदा सुशासन एकाइको गठन नभएका विभाग तथा कार्यालयहरूमा कार्यालय प्रमुख स्वयम्कै संयोजकत्वमा सुशासन एकाइ गठन गरी सोको बैठक कम्तीमा महिनाको एक पटक नियमित रूपमा बस्ने । कार्यालयमा हुने आर्थिक कारोबारहरू बैंकिङ पद्दतिबाट गर्ने कार्यको सुरुवात गर्ने । सार्वजनिक सेवालाई प्रभावकारी बनाउन र कार्यालयमा हुने हुल हुज्जत तथा भीडलाई व्यवस्थित गर्न First come, First serve को अवधारणा अपनाई टोकन प्रणालीलाई सबै कार्यालयहरूमा अनिवार्य गर्ने । सरकारी भवन तथा जग्गाहरूको अभिलेख व्यवस्थित गरी त्यसको संरक्षणका लागि उचित व्यवस्था मिलाउने । सार्वजनिक खरिद प्रक्रियामा अनियमितता हुने गरेको भन्ने जनगुनासोलाई मध्यनजर गरी यस प्रक्रियालाई अझ सरल, पारदर्शी तथा प्रतिस्पर्धी बनाउन सबै सरकारी कार्यालयहरूले E-Bidding प्रक्रियालाई लागू गर्दै जाने र E-bidding को प्रक्रिया सबै सरकारी कार्यालयमा एकरूपता कायम गर्न वाञ्छनीय भएकाले नेपाल सरकारबाट Software तयार गरी लागू गर्न नेपाल सरकारलाई सुझाव दिने । आयोगबाट दिइएका पाँचबुँदे निर्देशनहरू तदारुकताका साथ सबै विभाग तथा मातहत कार्यालयहरूबाट पालना गर्ने गराउने व्यवस्था मिलाउने । आयोगको निर्देशन पालना नगर्ने र सुशासन ऐन, नियमले निर्दिष्ट गरेका कार्यनीतिहरू अवलम्बन नगर्ने कार्यालय प्रमुख तथा कर्मचारीहरू उपर आवश्यक कारबाही हुने व्यहोरा आयोगको मिति २०६६।८।५ को निर्णय अनुसार सम्बद्ध निकाय तथा अधिकारीहरूलाई लेखी पठाइएको ।

(थ) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत

१. नेपाल टेलिकमले Transit Exchange को लागि उपकरण खरिद गर्दा सबै भन्दा कम दर उल्लेख गर्ने कम्पनीको बोलपत्र स्वीकृत नगरी बढी दर उल्लेख गर्न हुवई कम्पनीको बोलपत्र स्वीकृत गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा नेपाल टेलिकमले Transit Exchange को लागि उपकरण खरिद गर्न बोलपत्र आह्वान गर्दा Satisfactory Performance Certificate लगायत Successful interworking सम्बन्धी Certificate हरू पेश गर्नुपर्न उल्लेख भएकोमा सबै भन्दा कम कबोल गर्ने ZTE कम्पनी, चीनले पेश गरेको बोलपत्रको फारमसाथ Satisfactory Performance Certificate को अलावा शर्तबमोजिम आवश्यक संख्यामा Successful interworking सम्बन्धी Certificate हरू समेत नभएको कारणले उक्त बोलपत्रलाई Non Responsive ठहर गरी बोलपत्रमा उल्लेख भए बमोजिमका कागजपत्र पेश गरेको । दोस्रो कम दर उल्लेख गर्न हुवई कम्पनी, चीनको बोलपत्र स्वीकृत गर्ने गरी नेपाल टेलिकमबाट भएको निर्णय कानून बमोजिम नै भएको पाइएकाले अब उप्रान्त बोलपत्रसाथ पेश भएका कागजपत्र लगायतका Certificate हरू Verification गर्न व्यवस्था गर्न र उपकरण प्राप्त भएपछि गुणस्तरीय परीक्षण गर्न व्यवस्था मिलाउन आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार नेपाल टेलिकमलाई लेखी पठाइएको ।

२. नेपाल टेलिकम केन्द्रीय कार्यालयले ZTE Corporation, China बाट आपूर्ति गरेको Mid Gate Way-MGW र Mobil Switching Centre-MSC उपकरणहरू गुणस्तरहीन हुँदा हुँदै पनि Satisfactory Performance Certificate उपलब्ध गराएको भन्ने उजुरी उपर

अनुसन्धान हुँदा नेपाल टेलिकम कम्पनी लिमिटेडले ZTE Corporation,China बाट खरिद गरेको Mid Gate Way (MGW) र Mobil Switching Centre (MSC) मा उक्त कम्पनीका उच्चस्तरका प्राविधिक कर्मचारीहरू टोलीबाट परीक्षण गरी परीक्षणबाट देखिएका Major तथा Miner Deficiencies को समाधान आपूर्तिकर्ता चीनको ZTE Corporation बाट समाधान गर्न लगाई पुनः नेपाल टेलिकम कम्पनी लिमिटेडको उच्चस्तरका परीक्षण टोलीबाट परीक्षण भएपश्चात सप्लाई भएका उपरोक्त उपरकणहरूमा कुनै समस्या नभएको आधारमा ZTE Corporation, China लाई नेपाल टेलिकम कम्पनी लिमिटेडले Satisfactory Performance Certificate जारी गरेको पाइएको र यस सम्बन्धमा आपूर्ति भएका उपरोक्त उपकरणहरू गुणस्तरीय भए नभएको भन्ने बारेमा दूर सञ्चार प्रदायकहरूको नियमन गर्न निकाय नेपाल दूर सञ्चार प्राधिकरणलाई छानबिन गर्न पठाइएकोमा उक्त निकायबाट भएको छानबिन प्रतिवेदनमा समेत सेवाको गुणस्तर सवल वा कमजोर हुनुमा उपकरणमा मात्र निर्भर हुँदैन, नेटवर्क इन्जिनियरिङ डिजाइन, उपकरण जडान, मर्मसम्भार तथा रेखदेख आदि कुराले समेत गुणस्तरमा असर गर्न हुन्छ भन्ने समेत व्यहोरा उल्लेख गरी प्रतिवेदन दिएको देखिँदा नेपाल टेलिकम केन्द्रीय कार्यालयबाट ZTE Corporation, China लाई Mid Gate Way (MGW) र Mobil Switching Centre (MSC) उपकरणहरूमा Satisfactory Performance Certificate उपलब्ध गराएको कार्यलाई अन्यथा भन्न सकिएन । भविष्यमा यस्ता प्रकृतिका उपरकणहरूमा Satisfactory Performance Certificate जारी गर्दा उपकरणहरूको प्राविधिक पक्ष र सेवाको गुणस्तरलाई अझ बढी ध्यान दिइ जारी गर्न आयोगको मिति २०६७।२।२५ को निर्णय अनुसार नेपाल टेलिकम कम्पनी लिमिटेडलाई लेखी पठाइएको ।

(द) शिक्षा मन्त्रालय अन्तर्गत

१. कुलेश्वर माध्यमिक विद्यालय कुलेश्वरका प्रधानाध्यापक एस के नेपाल (सानुकान्छा नेपाल) ले मिति २०६५ साल जेठ ६ गते देखि ऐ १३ गतेसम्म सञ्चालन भएको महापुराणबाट उठेको रकम सार्वजनिक नगरी आफूखुसी खर्च गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा विद्यालयको भवन निर्माण गर्न सहयोग जुटाउने उद्देश्यले मिति २०६५।२।६ गते देखि ऐ. १३ गतेसम्म सञ्चालन गरिएको महापुराणमा उठेको रकम कुलेश्वर माध्यमिक विद्यालय भवन निर्माण सहयोग समिति कालिमाटीको नाममा नेपाल इन्भेस्टमेण्ट बैंक लिमिटेड कालिमाटी शाखामा खाता नं. १०८९३४० मा जम्मा गरेको देखियो । उक्त रकम विद्यालयको लागि उठाइएको देखिँदा अन्य कुनै पनि समितिको नामका बैंकमा खाता खोली राख्न उचित नहुने हुँदा उक्त रकम कुलेश्वर माध्यमिक विद्यालय कुलेश्वरको नाममा नेपाल बैंक लिमिटेड भूगोलपार्क शाखामा रहेको चल्ती खाता नं. २-११-२८३६४ खातामा ३ दिनभित्र जम्मा गरी सो को जानकारी आयोगलाई दिन नेपाल इन्भेस्टमेण्ट बैंक लिमिटेड केन्द्रीय कार्यालय दरबारमार्गलाई र उक्त रकम विद्यालयको खातामा जम्मा भएपछि प्रचलित कानूनको अधीनमा रही विद्यालय निर्माण कार्यमा खर्च गर्न र महापुराणमा विद्यालयलाई दिन कबोल गरी उठ्ने क्रममा रहेको रकम सम्बन्धमा बाँकी रहेको रकम तदारूकताका साथ उठाउन र हालसम्मको हिसाब यथाशीघ्र सार्वजनिक गर्न आयोगको मिति २०६६।४।८ को निर्णय अनुसार कुलेश्वर माध्यमिक विद्यालय काठमाडौंलाई लेखी पठाइएको ।

२. रत्नराज्य उच्चमाध्यमिक विद्यालय महादेवस्थान, बानेश्वरको सटर कबलहरू भाडामा दिँदा विना प्रतिस्पर्धा एकल निर्णयको आधारमा भाडामा लगाएको र विद्यालयको तला थप गर्दा बिना प्रतिस्पर्धा ठेक्कामा दिएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा उक्त विद्यालयका ९ वटा सटरकवलहरू भाडामा लगाउँदा विद्यालय व्यवस्थापन समितिबाट कुनै पनि निर्णय नगरिएको, सूचना प्रकाशित गरी बोलकबोलको माध्यमबाट सूचना प्रतिस्पर्धा गराई भाडामा दिनुपर्नेमा सो भएको नपाइएकोले विद्यालयका सटरकबल र अन्य कोठाहरू भाडामा दिँदा विद्यालयबाट सूचना प्रकाशित गरी प्रतिस्पर्धा गराई २०६७ साल वैशाख १ गतेदेखि भाडामा लगाउने व्यवस्था गर्न आयोगको मिति २०६६।७।१२ को निर्णय अनुसार रत्नराज्य उच्चमाध्यमिक विद्यालय, बानेश्वरलाई लेखी पठाइएको ।

३. निजी क्षेत्रद्वारा सञ्चालित शैक्षिक परामर्श सेवा (Education Consultancy Service) को क्षेत्रमा देखिएका अनियमितता, अव्यवस्था सम्बन्धमा सो क्षेत्रको नियमन, व्यवस्थापन गर्ने सरकारी एवं निजी क्षेत्रका सरोकारवाला सम्बद्ध निकायहरूका पदाधिकारीहरूसँगको अन्तरक्रियाबाट प्राप्त सुझावमा छलफल हुँदा निजी क्षेत्रद्वारा सञ्चालित शैक्षिक परामर्श सेवा व्यवस्थापनलाई तत्कालै नियमित मर्यादित, व्यवस्थित, एवम् पारदर्शी बनाउन आवश्यक देखिन आएको हुँदा सो सम्बन्धमा आवश्यक विषयगत कानून बनाई लागू गर्ने, अलग विषयगत ऐन नबनुन्जेलसम्मको लागि तत्कालै आवश्यक निर्देशिका बनाई नियमित र व्यवस्थित गर्न आयोगको मिति २०६६।४।९ को निर्णय अनुसार शिक्षा मन्त्रालयलाई लेखी पठाइएको ।

४. चक्रवर्ती हबी एजुकेसन एकेडेमी प्रा.लि., मध्यपुर ठिमीले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी B.Sc. Nursing कक्षा सञ्चालन गरी आएको र प्रयोगात्मक कक्षा सञ्चालनका लागि जनरल अस्पताल तर्फ ११० बेड भएको सशस्त्र प्रहरी बल अस्पताल र १५० बेडको भक्तपुर अस्पतालको व्यवस्था भएकोमा १०० बेडको जनरल अस्पताल नभएको भन्ने कारण देखाई नर्सिङ परिषद्ले स्वीकृति नदिई विद्यार्थीहरूको भविष्यमाथि गम्भीर खेलबाड गरेको हुँदा नर्सिङ परिषद्का पूर्व रजिष्ट्रार ईश्वरी खनाल, अध्यक्ष दयालक्ष्मी जोशी र हालका रजिष्ट्रार मन राई उपर अधिकारको दुरुपयोगमा छानबिन तथा कारबाही गरिपाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा कुनै शिक्षण संस्था स्थापना र सञ्चालन गर्न स्वीकृति दिनुपूर्व सम्बन्धित निकायले परिषद्सँग परामर्श माग गर्नुपर्ने, त्यस्तो शिक्षण संस्थाले मापदण्ड पूरा गरे वा नगरेको जाँचबुझ गरी परिषद्ले सो सम्बन्धमा आवश्यक परामर्श दिने र परिषद्को त्यस्तो परामर्शका आधारमा सम्बन्धित निकायले शिक्षण संस्था स्थापना र सञ्चालन गर्ने स्वीकृति दिने, नदिने सम्बन्धमा आवश्यक निर्णय लिनुपर्ने भन्ने व्यवस्था नेपाल नर्सिङ परिषद् ऐनले गरेको देखियो । विवादको विषयमा रहेको चक्रवर्ती हबी एजुकेसन एकेडेमी, चक्रवर्ती राजकुलो रोड, मध्यपुर ठिमी- ३, भक्तपुरमा सञ्चालनमा रहेको बि.एस्सी नर्सिङ कार्यक्रम सञ्चालन गर्न पूर्वाञ्चल विश्वविद्यालयले २०६२।०५।१४ को निर्णयानुसार २०६२।०५।१५ देखि लागू हुने गरी अनुमति तथा अस्थायी सम्बन्धन दिएको देखियो । उक्त स्वीकृति दिँदा विद्यार्थी भर्ना लिनुअघि पूर्वाञ्चल विश्वविद्यालयले तोकेको शर्त, Norms and Standard अनुरूपको आवश्यक भवन, शिक्षक तथा कर्मचारी, प्रयोगशाला, फर्निचर, उपकरण एवम् पुस्तकालय आदि समेतको समुचित व्यवस्था हुनुपर्ने एवम् नेपाल नर्सिङ काउन्सिलले तोकेको शर्त, Norms and Standards समेत अनिवार्य रूपमा पूरा गर्नुपर्ने भन्ने शर्तहरू समेत उल्लेख भएको देखियो । शर्तहरू पूरा नभएको भनी नेपाल नर्सिङ

काउन्सिलले सञ्चालन सहमति नदिने निर्णय गरेको देखियो। उल्लेखित शर्त बमोजिमका भौतिक पक्षहरूको व्यवस्था भएको एवम् प्रयोगात्मक अभ्यासका लागि सशस्त्र प्रहरीबल अस्पताल र भक्तपुर अस्पतालहरूसँग सम्झौता गरी प्रयोगात्मक अभ्यासका लागि पर्याप्त व्यवस्था नमिलाएको भन्ने उजुरकर्ता (पीडित अभिभावक तथा विद्यार्थीहरू, चक्रवर्ती हबी नर्सिङ कलेज) को दाबी रहेको देखियो। आयोगबाट छानबिनको क्रममा स्थलगत अध्ययन गर्दा चक्रवर्ती हबी एजुकेसन एकेडेमीको आफ्नै भवन रहेको देखियो। उक्त भवनमा स्टाफ नर्सिङको पठन पाठन निर्वाध रूपमा नेपाल नर्सिङ परिषद्को स्वीकृतिमा भइरहेको पाइयो। पुस्तकालय, प्रयोगात्मक अभ्यासका लागि प्रयोगशालाको व्यवस्था भएको पनि पाइयो। एकेडेमीमा दक्ष जनशक्ति कार्यरत रहिरहेको अवस्था पनि देखियो प्रयोगात्मक अभ्यासका लागि सशस्त्र प्रहरीबल अस्पताल र भक्तपुर अस्पतालसँग सम्झौता गरी प्रयोगात्मक अभ्यासको लागि व्यवस्था मिलाएको पनि देखियो। तसर्थ अध्ययनरत विद्यार्थीहरूको भविष्य एवम् त्यहाँ भइरहेको लगानी एवम् श्रोत साधनको अधिकतम सदुपयोग होस् भनी चक्रवर्ती हबी एजुकेसन एकेडेमीमा B.Sc. Nursing अध्ययन अध्यापन गराउने सन्दर्भमा कुनै भौतिक पूर्वाधारहरूको कमी, दक्ष शिक्षकको अपर्याप्तता वा एकेडेमीले प्रयोगात्मक अभ्यासका लागि अस्पतालहरूसँग गरेको सम्झौतामा केही कुरा परिमार्जन वा थपघट गर्नु गराउनु परेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संयोजकत्वमा पूर्वाञ्चल विश्वविद्यालय, नेपाल नर्सिङ परिषद् र चक्रवर्ती हबी एजुकेसन एकेडेमीबीच छलफल गरी ६ महिनाभित्र समस्या समाधान गर्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई, पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी हाल २, ३ वर्षदेखि विद्यार्थीहरू पठन पाठनमा रहेको एकेडेमीलाई B.Sc. Nursing कक्षा सञ्चालन अनुमति तुरुन्त दिने व्यवस्था मिलाउन नेपाल नर्सिङ परिषद्लाई र अध्ययन गर्ने B.Sc. Nursing मा अध्ययनरत विद्यार्थीहरूलाई नियमित रूपमा विश्वविद्यालय वा सम्बन्धित निकायले लिने परीक्षाहरूमा तुरुन्त सामेल गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६६।४।१५ को निर्णय अनुसार पूर्वाञ्चल विश्वविद्यालयलाई सुझाव लेखी पठाइएको।

५. जनक शिक्षा सामग्री केन्द्र लि.र नेपाल साहित्य प्रकाशन केन्द्रबीच अंग्रेजी अनुवादित पाठ्यपुस्तक छपाई तथा बिक्री वितरण गर्न नेपाल साहित्य प्रकाशन केन्द्रको लगानीमा जनक शिक्षा सामग्री केन्द्रले १३ प्रतिशत रोयल्टी बापतको रकम पाठ्यपुस्तक बिक्रीको आधारमा पाउने गरी मिति २०६१।१।२५ गते भएको निर्णय र सम्झौता गर्दा नेपाल साहित्य प्रकाशन केन्द्रका मालिक मोहन कुमार उपाध्यायसँग मिली भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा जनक शिक्षा सामग्री केन्द्र लि.को आर्थिक प्रशासन विनियमावली, २०५८ सार्वजनिक खरिद ऐन लागू भएपश्चात निष्कृय अवस्थामा रहेको देखिएको हुँदा आर्थिक प्रशासन विनियमावली बनाई कार्यान्वयन गर्न र यस प्रकारका कार्यहरू पटक पटक भए गरेको देखिएको हुँदा कडाइका साथ अनुगमनको व्यवस्था मिलाउन शिक्षा मन्त्रालयलाई र यस प्रकारका कार्यहरू गराउँदा प्रचलित आर्थिक ऐन नियमको आधारमा रहेर मात्र कार्य गर्न गराउन आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार जनक शिक्षा सामग्री केन्द्र लि.का प्रबन्ध सञ्चालकलाई लेखी पठाइएको।

६. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले मिति २०६५।११।२१ को प्रबन्ध सञ्चालकको निर्णयबाट उक्त केन्द्रको लागि आवश्यक पर्ने ५०० KVA को जेनेरेटर खरिद गर्ने निर्णय गर्दा गराउँदा अनियमितता गरी भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा जनक

शिक्षा सामग्री केन्द्र लिमिटेडले उल्लेखित जेनेरेटर खरिद गर्दा जेनेरेटरको ब्राण्ड, नाम, क्षमता र लागतको परिधिसमेत तोकी सञ्चालक समितिको मिति २०६५।११।२ को बैठकले प्रबन्ध सञ्चालकलाई खरिद गर्ने अख्तियारी दिएको देखियो । प्रचलित सार्वजनिक खरिद ऐन नियमले निर्धारण गरेको प्रक्रिया पूरा नगरी प्रतिस्पर्धा बेगर नै खरिद गर्ने गरी सञ्चालक समितिले प्रबन्ध सञ्चालकलाई अधिकार प्रत्यायोजन गरेको कार्यलाई कानूनसम्मत भन्न मिल्ने देखिएन । अतः आगामी दिनहरूमा खरिदसम्बन्धी कार्यहरू गर्दा प्रचलित कानूनको कडाइका साथ पालना गर्न गराउन आयोगको मिति २०६६।१०।७ को निर्णय अनुसार शिक्षा मन्त्रालयलाई लेखी पठाइएको ।

७. शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूमा विभिन्न प्रकारका अनियमितताहरू भए गरेको भन्ने विषयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित समाचारहरू, आयोगमा पर्न आएका उजुरीहरू र आयोगबाट भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समेतका विषयहरूमा शिक्षा मन्त्रालयका सचिव दिपेन्द्र बिक्रम थापा र रामस्वरूप सिन्हासँग आयोगमा छलफल हुँदा शिक्षा मन्त्रालय र अन्तर्गतका जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, उच्च माध्यमिक शिक्षा परिषद् लगायतका निकाय र पदाधिकारीहरूका सम्बन्धमा आयोगबाट विगतमा भएका निर्णयहरूको कार्यान्वयनमा तदारुकता अपनाउन शिक्षा मन्त्रालयका सचिवहरूलाई, जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा करारद्वारा कर्मचारी नियुक्ति गर्ने प्रथा बन्द गर्न र करार नियुक्तिमा रहेकाहरूलाई शीघ्र हटाउन र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले गर्न लागेको कागज खरिदका सम्बन्धमा प्रकाशित समाचारलाई दृष्टिगत गरी उक्त कागज खरिदसम्बन्धी टेण्डर प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नियम अनुरूप हुने गरी अघि बढाउन आयोगको मिति २०६६।११।२१ को निर्णय अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सञ्चालक समितिका अध्यक्ष एवम् शिक्षा सचिवलाई लेखी पठाइएको ।

८. जिल्ला धादिङ थाक्रे गाउँ विकास समिति वडा नं. १ स्थित महांकालेश्वर प्रस्तावित माध्यमिक विद्यालयका प्रधानाध्यापक विष्णुहरी सुवेदीले आफ्नो पदको दुरुपयोग गर्दै विद्यालयको आर्थिक विवरण अद्यावधिक नराखी रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा जिल्ला धादिङ, थाक्रे गाउँ विकास समिति वडा नं. १ स्थित महांकालेश्वर प्रस्तावित माध्यमिक विद्यालयका प्रधानाध्यापक विष्णुहरी सुवेदीले विद्यालयको रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने तथ्य प्रमाणित हुन सकेन विद्यालयको आय व्ययमा समावेश हुन छुटसम्म भएको भनी सामाजिक लेखापरीक्षणबाट औंल्याइएको रु. १,६६,०००।- मध्ये रु. ६६,०००।- आ.व. २०६०।६१ मा विद्यालयको लेखापरीक्षण हुँदा समावेश भइसकेको, बाँकी रकममध्ये रु. ५०,०००।- मिति २०६१।५।२३ मा र रु. ५०,०००।- मिति २०६६।३।२५ मा विद्यालयको खातामा जम्मा भइसकेको तथ्यलाई विद्यालय व्यवस्थापन समितिको मिति २०६५।११।२४ को निर्णयबाट समर्थन भएको अवस्था समेत देखिँदा अब उप्रान्त विद्यालयको आर्थिक विवरण प्रचलित आर्थिक ऐन, नियमले निर्धारण गरेको ढाँचामा अद्यावधिक रूपमा राख्न आयोगको मिति २०६६।१२।१८ को निर्णय अनुसार महांकालेश्वर प्रस्तावित माध्यमिक विद्यालय धादिङलाई लेखी पठाइएको ।

९. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले केन्द्रका सम्पत्तिहरूको २०५८ सालभन्दा अघि राष्ट्रिय बीमा संस्थानबाट बीमा गराउने गरेको, राष्ट्रिय बीमा संस्थान सरकारी निकाय

भएको हुँदा न्यूनतम बीमा शुल्क लिई बीमा गरिदिने साथै कर्पोरेट डिस्काउन्ट पनि दिने गरेकोमा केन्द्रको बीमा शाखामा काम गर्ने कर्मचारी सिता पन्त समेतले एजेण्टको प्रयोग गरी निजी क्षेत्रका बीमा कम्पनीहरूसँग बीमा गराई केन्द्रलाई हानी नोक्सानी पुग्ने र आफूलाई आर्थिक फाइदा हुने कार्य गरेको हुँदा छानबिन गरी कारबाही गरिपाऊँ भन्ने उजुरीका उपर अनुसन्धान हुँदा जनक शिक्षा सामग्री केन्द्रबाट उक्त केन्द्रका सम्पत्तिहरूको निर्जीवन बीमा बापत हाल वार्षिक रूपमा करिब ३० लाख रुपैयाँ खर्च हुने गरेको भन्ने देखियो । उक्तानुसारको बीमा निजी क्षेत्रका बीमा कम्पनीहरूबाट गराउने गरिएको देखियो । बीमा गराउँदा बीमा कम्पनीहरूबीच प्रतिस्पर्धा गराएको देखिएन । पारदर्शी प्रक्रिया अवलम्बन गरी बीमा कम्पनीहरूबीच प्रतिस्पर्धा गराउँदा कम लागतमा प्रभावकारी सेवा/सुविधा प्राप्त गर्न सक्ने सम्भावनातर्फ ध्यान पुऱ्याएको पनि देखिएन । अतः आगामी दिनहरूमा नेपाल सरकारको स्वामित्वको राष्ट्रिय बीमा संस्थानबाट बीमा गराउने व्यवस्था गर्न आयोगको मिति २०६६।९।१४ को निर्णय अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सञ्चालक समितिलाई लेखी पठाइएको ।

१०. त्रिभुवन विश्वविद्यालय, अनुसन्धान महाशाखाका प्रमुख इन्दिरा जोशी समेतका पदाधिकारीहरूले लघु अनुसन्धानका लागि प्रस्तावको छनौट गर्ने क्रममा विभिन्न प्रकारका अनियमितता गरेको सम्बन्धमा अनुसन्धान हुँदा आगामी वर्षहरूमा लघु अनुसन्धानसम्बन्धी प्रस्तावहरूको छनौटलाई समावेशी बनाउन आवश्यक भएमा विषय, भौगोलिक क्षेत्र, लिंग लगायत अन्य उपयुक्त पक्षहरूका आधारमा अग्रिम रूपमा कोटा निर्धारण गर्न र अनुसन्धान प्रस्ताव छनौटका लागि मूल्यांकनमा प्राप्त गर्नुपर्ने न्यूनतम अंकभार समेत त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखासम्बन्धी कार्यविधिमा समावेश गर्न आयोगको मिति २०६६।९।१४ को निर्णय अनुसार त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालयलाई लेखी पठाइएको ।

११. त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत नर्सिङ क्याम्पस, महाराजगञ्जमा B.N. अध्ययनका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा कार्यरत नर्सिङ कर्मचारीहरूका लागि छुट्याइएको कोटामा उम्मेदवारहरूको छनौट गर्दा Merit lists अनुसार उच्च अंक प्राप्त गर्नेलाई छनौट नगरी कम अंक प्राप्त गर्नेलाई छनौट गरी अन्यायपूर्ण कार्य गरेको हुँदा उक्त दूषित कार्य बदर गरी Merit lists का आधारमा भर्ना गर्न गराउन आदेश गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा कार्यरत नर्सिङ कर्मचारीहरूका लागि छुट्याएको कोटामा मनोनयनका लागि उम्मेदवारको सिफारिस तथा छनौट गर्ने कार्यविधिमा केही संशोधन तथा परिमार्जन गरिनु उपयुक्त हुने देखिएको हुँदा उक्त कार्यविधिमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले डीनको कार्यालय समक्ष सिफारिस गर्ने उम्मेदवारहरूको संख्या स्पष्ट रूपमा कार्यविधिमा नै किटान गरी उल्लेख गर्ने, कार्यसम्पादन मूल्यांकन बापतको अंक तत्कालको मूल्यांकनमा आधारित नगराई बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन आवश्यक न्यूनतम अवधिको (पछिल्ला वर्षहरूको) वार्षिक कार्यसम्पादन मूल्यांकनमा प्राप्त गरेको अंकका आधारमा गणना गर्ने व्यवस्था गर्ने, शैक्षिक योग्यता अन्तर्गत एस.एल.सी.को लागि दिइने अंकमा श्रेणी अनुसार १/१ अंक र प्रमाणपत्र तहको योग्यताका लागि दिइने अंकमा श्रेणी अनुसार २/२ अंकको भिन्नता (Gap) रहेको देखियो । यसमा एस.एल.सी. र प्रमाणपत्र तह दुवै शैक्षिक तहको योग्यता बापत प्राप्त गर्ने अंकमा श्रेणी अनुसारको भिन्नता (gap) मा

समानता कायम गर्ने अर्थात् प्रमाणपत्र तहको शैक्षिक योग्यता बापतको अंकको भिन्नता पनि १/१ गर्ने, शिक्षण अस्पतालले डीनको कार्यालय समक्ष उम्मेदवारहरू सिफारिस गर्ने आधारहरूमा प्रवेश परीक्षामा प्राप्त गरेको अंकलाई समेत समावेश गरी सो बापत निश्चित अंकभारको व्यवस्था गर्न आयोगको मिति २०६६।९।१७ को निर्णय अनुसार त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, डीनको कार्यालयलाई लेखी पठाइएको ।

१२. त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान थापाथली क्याम्पसको बैंक खाताबाट हस्ताक्षर कीर्ते गरी रकम हिनामिना गरेको सम्बन्धमा अनुसन्धान हुँदा त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान थापाथली क्याम्पसले आफ्नो आर्थिक प्रशासन शाखाबाट क्याम्पसको नविल बैंक पुल्चोक र नेपाल बैंक लिमिटेड कुपण्डोलमा रहेका खाताहरूको चेकबुक चोरी भएको र हस्ताक्षर कीर्ते गरी रकम झिकिएको सम्बन्धमा क्याम्पस प्रशासनले मिति २०६६।८।५ मा रजिष्ट्रारको कार्यालयलाई लिखित जानकारी गराएको देखिन्छ । तत्सम्बन्धमा रजिष्ट्रारको कार्यालयले थापाथली क्याम्पस आर्थिक शाखामा कार्यरत रहेका लेखा नियन्त्रक दिपकबहादुर श्रेष्ठलाई तत्कालै निलम्बन गरी छानबिनको लागि इन्जिनियरिङ अध्ययन संस्थान डीनको कार्यालयका सह-आर्थिक नियन्त्रक श्रीमती स्विजर श्रेष्ठको संयोजकत्वमा तीन सदस्यीय छानबिन टोली गठन भएको देखिन्छ । उक्त टोलीले पेश गरेको प्रतिवेदनमा लेखा शाखा प्रमुखको लापरबाही, कार्यगत त्रुटि एवं बैंकबाट गरिएका आर्थिक कारोबार र चेक च्यातिई अपचलन भएको उल्लेख गरेको पाइन्छ । क्याम्पस प्रशासनले मिति ०६६।८।७ मा महानगरीय प्रहरी परिसर काठमाडौंमा दिएको जाहेरीले चोरी भएका चेकहरू र अपचलन भएका रकमहरूका सम्बन्धमा अनुसन्धान पूरा गरी रविन भट्टराई, विकेश आचार्य, महेन्द्र पाण्डे, युवराज दवाडी र दिपकबहादुर श्रेष्ठ समेतलाई प्रतिवादी कायम गरी जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंबाट काठमाडौं जिल्ला अदालतमा बैंकिङ कसुरसम्बन्धी मुद्दा दायर भई मिति २०६६।९।२३ गतेको आदेशले फरार रहेका प्रतिवादीहरूको हकमा कानून बमोजिमको प्रक्रियामा र पक्राउ गरी उपस्थित गराइएका प्रदिवादीहरू दिपकबहादुर श्रेष्ठलाई रु. १० हजार र रविन भट्टराईलाई रु. ५ लाख धरौटी माग गरी मुद्दा विचाराधीन रहेको देखिँदा सो उपर थप अनुसन्धान गरिरहन पर्ने देखिएन । क्याम्पसको आर्थिक प्रशासन शाखामा कार्यरत लेखा नियन्त्रकले आर्थिक कारोबारप्रति संवेदनशील भई तोकिएको जिम्मेवारी अनुशासित ढंगबाट दक्षताका साथ कुशलतापूर्वक पदीय दायित्व निर्वाह गर्नुपर्नेमा आर्थिक प्रशासनको जिम्मेवारी सम्हाल्ने लेखा प्रमुखको गैर जिम्मेवारीपूर्ण र लापरबाही एवं कार्यगत त्रुटि, कार्यदक्षतामा कमी लगायत संवेदनशीलपूर्ण पदीय दायित्व निर्वाह गर्न नसकेको र क्याम्पस प्रमुखले समेत समयमा गर्नुपर्ने काम कारबाहीको निरीक्षण, सुपरीवेक्षण र प्रतिक्रिया लगायतका कार्यमा भएका कमी कमजोरीको कारण थापाथली क्याम्पसलाई हानी पुग्ने कार्य भएको देखिन्छ । अब आइन्दा यस्ता घटना दोहोरिन नदिन आर्थिक प्रशासनसम्बन्धी कार्यमा योग्य एवं दक्ष कर्मचारीको व्यवस्था गरी आ.व. ०६४।६५ को लेखापरीक्षण प्रतिवेदनमा बैंक हिसाब मिलान नगरेको भनी औंल्याएको त्रुटिलाई समेत सच्याई संस्थाको सम्पूर्ण आर्थिक कारोबार यथार्थ रूपमा देखिने गरी व्यवस्थित तवरले राख्न र लेखापरीक्षण गर्न बाँकी रहेको आ.व. ०६५।६६ को लेखापरीक्षण समेत अविलम्ब गरी गराई देखिएका त्रुटि तथा कमी कमजोरीहरूमा प्रचलित कानून बमोजिम गर्ने गराउने समेतका लागि आवश्यक

व्यवस्था गर्न आयोगको मिति २०६६।१२।२९ को निर्णय अनुसार त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयलाई लेखी पठाइएको ।

१३. महोत्तरी जिल्लास्थित महेन्द्र आदर्श महिला माध्यमिक विद्यालयका प्रधानाध्यापक विश्वनाथ लालकर्णले आफ्नो कार्यकालमा आर्थिक एवं प्रशासनिक भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त विद्यालयमा सञ्चालित महिला फिडर छात्रावासको वार्डेन पदमा नियुक्त भएकी आशादेवी साहको नियुक्ति फिडर छात्रावास कार्यक्रम कार्यान्वयन निर्देशिका २०५९, को दफा १० विपरीत भएको देखिँदा नियमानुसार उक्त नियुक्ति बदर गराई सो को जानकारी आयोगमा दिन आयोगको मिति २०६७।३।२३ को निर्णय अनुसार जिल्ला शिक्षा कार्यालय महोत्तरीलाई लेखी पठाइएको ।

(ध) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचरमा भएका व्यवस्थापन लगायत विभिन्न किसिमका अनियमितताका विषयमा उक्त कार्यालयका साथै भन्सार कार्यालय, अध्यागमन कार्यालय, श्रम कार्यालय समेतमा गई आवश्यक जाँचबुझ गरी यसअघि आयोगबाट भएका निर्देशनहरूको अनुगमनसमेत गरी प्रतिवेदन पेश गर्न आयोगबाट एक टोली खटाइएकोमा सो टोलीले पेश गरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वस्तुस्थितिबारेको स्थलगत अध्ययन प्रतिवेदनका सन्दर्भमा आयोगबाट सम्बद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसँग आयोगमा छलफल गरियो । सो छलफल एवं स्थलगत अध्ययन प्रतिवेदनबाट नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखियो । गत वर्ष आयोगको मिति २०६५।९।१७ को निर्णयको कार्यान्वयन भएको पाइएन । विमानस्थलमा देखिएका विद्यमान कमीजोरीहरूमा सुधार नगरिएमा त्यसले सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा समेत प्रतिकूल असर पर्ने र अख्तियार दुरुपयोग समेत हुन सक्ने देखिन्छ । अतः यी समस्याहरू समयमै निरूपण हुन जरुरी देखिएको हुँदा श्रम डेस्कले वैदेशिक रोजगारमा जाने Highly Skilled लगायत सबै प्रकारका जनशक्तिको तथ्यांक अद्यावधिक राख्न जरुरी देखिएको हुँदा सोको व्यवस्था गर्ने । सम्भव भएसम्म सबै क्षेत्रमा सामान्य अंग्रेजी भाषा बोलचाल गर्न सक्ने कर्मचारीहरू खटाउने । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र अवस्थित कार्यालयहरूबीच समन्वयको अभाव देखिँदा प्रभावकारी रूपमा समन्वय कायम गर्ने । श्रम डेस्कमा कर्मचारीहरूको कमी देखिँदा थप कर्मचारीको व्यवस्था गर्न आयोगको मिति २०६६।७६ को निर्णय अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

२. सेवा प्रदायक कार्यालयहरूबाट सम्पादन हुने काम कारबाहीलाई अझ बढी सरल, सहज, पारदर्शी र सेवामुखी बनाई सुशासनको प्रत्याभूति दिलाउने दिशामा सघाउ पुऱ्याउने उद्देश्यले आयोगबाट विभिन्न निकायहरूको नियमित निरीक्षण र अनुगमन गर्नुको साथै कार्य क्षेत्रमा देखिएका कमीकमजोरीहरूको सुधारका लागि सरोकारवाला पदाधिकारीहरूसँग छलफल गरी आवश्यक सुझाव दिने गरिएको छ । यसै क्रममा भूमिसुधार तथा व्यवस्था, श्रम तथा यातायात व्यवस्था, गृह, स्थानीय विकास

मन्त्रालयहरू र मातहतका काठमाडौं तथा काभ्रे जिल्लास्थित जिल्ला प्रशासन, मालपोत, भूमिसुधार, नापी कार्यालयहरू र स्थानीय निकायका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतका काम कारबाहीहरूमा हुने गरेको ढिलासुस्ती, अनियमितता तथा अन्य कमीकमजोरीहरूमा सुधार ल्याउने उद्देश्यले सरोकारवाला मन्त्रालयका सचिव, विभागीय प्रमुख, कार्यालय प्रमुखहरू समेतसँग आयोगमा छलफल गरियो। सो छलफल कार्यक्रम तथा आयोगबाट खटिएको अनुसन्धान टोलिले पेश गरेको स्थलगत निरीक्षण प्रतिवेदन समेतबाट आयोगले यसपूर्व सम्बन्धित निकायहरूलाई दिएका निर्देशनहरू पूर्णरूपमा कार्यान्वयन भएको पाइएन। अतः सम्बन्धित निकायहरूमा पहिचान गरिएका समस्याहरू समयमै निराकरण हुन जरुरी देखिएको हुँदा आयोगको मिति २०६६।६।१८ को निर्णयपश्चात सम्बन्धित निकायहरूलाई दिइएको पाँचबुँदे निर्देशन हालसम्म पूर्णरूपमा कार्यान्वयन भएको पाइएन। आयोगबाट दिएका निर्देशनहरू तदारुकताका साथ सबै कार्यालयहरूबाट पालना गर्ने गराउने व्यवस्था मिलाउने। आयोगका निर्देशनहरू पालना नगर्ने र सुशासन ऐन, नियमले निर्दिष्ट गरेका कार्यनीतिहरू अवलम्बन नगर्ने कार्यालय प्रमुख तथा कर्मचारी उपर आवश्यक कारबाही गरिने हुँदा त्यस्ता निर्देशनहरू अविलम्ब कार्यान्वयन गर्ने, सवारी दर्ता, सडक इजाजत, सवारी जाँच, चालक अनुमतिपत्र वितरण प्रक्रिया समेतलाई व्यवस्थित गर्न सम्पूर्ण तथ्यांकहरू Computerised गर्ने र चालक अनुमति परीक्षा प्रणालीलाई शुद्ध र व्यवस्थित बनाउन कार्ययोजना तयार गरी लागू गर्ने, कार्यबोझका आधारमा बागमती अञ्चल यातायात व्यवस्था कार्यालयको शाखा विस्तार गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउने, सुशासन एकाइको गठन नभएका मन्त्रालय, विभाग तथा कार्यालयहरूमा कार्यालय प्रमुख स्वयम्कै संयोजकत्वमा सुशासन एकाइ गठन गरी नियमित रूपमा बैठक बस्ने, सचिवले सो को अनुगमन गर्ने कार्यलाई निरन्तरता दिने र सेवा प्रवाहमा देखिएका समस्याहरू समयमै निराकरण गरी प्रत्येक महिना सो को प्रगति सहितको विवरण आयोग समक्ष पेश गर्ने, सेवाग्राहीसँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालय, विभाग र कार्यालयहरूमा अनधिकृत व्यक्तिहरूको सहज पहुँच रहँदै आएको पाइएको हुँदा त्यस्ता कार्यलाई कडाइका साथ नियन्त्रण गर्ने, कार्यालयमा उपस्थित हुने लेखापढी व्यवसायी र वारेस प्रतिनिधिहरूलाई अनिवार्य रूपमा परीचयपत्रको व्यवस्था गर्ने र लेखापढी व्यवसायीहरूको कार्यालय यातायात व्यवस्था कार्यालय परिसरबाट अलग्गै राख्ने प्रबन्ध मिलाउने, यातायात कार्यालयमा दाखिला हुने आर्थिक कारोबारहरू बैंकिङ पद्दतिबाट गर्ने कार्यको सुरुवात गर्ने, कार्यालय प्रमुखहरूले नियमित रूपमा कार्यालयका फाँटहरू निरीक्षण गर्ने, सेवा प्रवाहमा देखिएका समस्याहरूको पहिचान गरी तिनको तत्कालै निराकरण गर्ने, नियमित Staff meeting गरी गुनासो व्यवस्थापन गर्ने र भ्रष्टाचारजन्य क्रियाकलापलाई कडाइका साथ नियन्त्रण गर्ने, कार्यालयहरूको श्रेस्ता, अभिलेख, कागज प्रमाणको समुचित सुरक्षाका लागि विद्युतीय माध्यमबाट तथ्यांक भण्डारणको प्रबन्ध गर्ने र कार्यालयहरूका भवन लगायत भौतिक साधन श्रोतको यथोचित व्यवस्थापन गर्ने, सार्वजनिक सेवालाई प्रभावकारी बनाउन र कार्यालयमा हुने भीडलाई व्यवस्थित गर्न First come, First service को अवधारणालाई प्रभावकारी बनाई टोकन प्रणालीलाई अनिवार्य गर्ने तथा कार्यबोझका आधारमा आवश्यक जनशक्ति व्यवस्थापन गर्न आयोगको मिति २०६६।७।१३ को निर्णय अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको।

(न) सिंचाइ मन्त्रालय अन्तर्गत

१. कान्तिपुर दैनिकको 'बिना टेण्डर करोडौंको काम' शीर्षकमा प्रकाशित समाचारका सम्बन्धमा सिंचाइ विभाग अन्तर्गत सुनसरी मोरङ सिंचाइ आयोजनाको नहर झोलाहीका काममा कीर्ते उपभोक्ता समिति गठन गरी टेण्डर र कोटेसन आह्वान नगरी काम गराएर ४ करोडभन्दा बढी रकमको आर्थिक अनियमितता गरिएको विषयमा आयोजना प्रमुख विनयकुमार सिंह सहितको संलग्नतामा भएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा कुनै पनि कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको पूर्णतः परिपालन गरी कार्य गर्न गराउन आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार सिंचाइ विभागलाई लेखी पठाइएको ।

२. नदी नियन्त्रण योजना पुल्चोकमा कार्यरत कर्मचारीहरूले जि.वि.स./गाउँ विकास समितिलाई समेत जानकारी नगराई खास उपभोक्ताहरूलाई थाहा नदिई दोलखा जिल्लामा सोमप्रसाद शर्माको नेतृत्वमा मनोमानी ढंगले योजना छनौट गरी लागत तयार गर्दा उच्च मूल्यांकन गरी ०६४।०६५ र ०६६।०६७ मा मनोमानी ढंगले समिति खडा गरी समिति देखाएर आफ्नो ठेकेदार पठाएर कार्य सम्पन्न भयो भन्ने कम परिमाण र निम्न गुणस्तरको कार्य गराई भुक्तानी दिई अनियमितता गरेको सम्बन्धमा अनुसन्धान हुँदा नदी नियन्त्रण योजना पुल्चोकले आ.व. ०६४।६५ मा दोलखा जिल्लाको घ्याङ सुकाठोकर गाउँ विकास समिति २ स्थित पहिरो नियन्त्रण गर्ने कार्यका लागि रु. ३०,०२,११२।५२ को लागत अनुमान स्वीकृत गरी जिल्ला प्रशासन कार्यालय दोलखामा दर्ता भएको चर्नावती बाढी पहिरो नियन्त्रण उपभोक्ता समिति, फस्कु-१, दोलखासँग मिति २०६५ साल वैशाख ५ गते सम्झौता गरेको देखियो । उक्त पहिरो नियन्त्रण गर्ने कार्य मिति २०६५।२।३१ मा सम्पन्न भइसकेको देखियो । उक्त पहिरो घ्याङ सुकाठोकर गाउँ विकास समितिमा परे पनि उक्त पैरोबाट फस्कु गाउँ विकास समिति उपभोक्ता समेत प्रभावित हुने देखियो । उक्त पैरो नियन्त्रण गर्ने कार्य फस्कु गाउँ विकास समितिका उपभोक्तामार्फत सम्पन्न गराइएको हुँदा घ्याङ सुकाठोकर गाउँ विकास समितिका उपभोक्ताको उक्त कार्यमा संलग्नता नहुँदा विवाद सृजना भएको देखिन्छ । अतः उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रमहरूमा सरोकारवाला तथा लाभान्वित जनसमुदायको व्यापक सहभागिता गराई कार्य सम्पन्न गर्न आयोगको मिति २०६६।१०।२६ को निर्णय अनुसार नदी नियन्त्रण योजना पुल्चोकलाई लेखी पठाइएको ।

परिच्छेद - ११
आयोगबाट भएका अन्य कारबाहीहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने र ऐनको दफा १२ ख मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने व्यवस्था भए अनुरूप आर्थिक वर्ष २०६६/२०६७ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त कैलपाल एकेडेमी फर हेल्थ साइन्स, नेपालगन्जले कक्षा सञ्चालनका लागि स्वीकृति प्राप्त गरेका विषयहरू बाहेक त्रिभुवन विश्वविद्यालय, CTEVT आदिबाट लिइने विभिन्न तहको प्रवेश परीक्षाको तयारी कक्षाहरू समेत सञ्चालन गरेको हुँदा छानबिन गरी कारबाही गरी पाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कैलपाल एकेडेमी, नेपालगञ्जले विभिन्न विषयका प्रवेश परीक्षासम्बन्धी तयारी कक्षाहरू सञ्चालन गर्दा भर्ना भएका विद्यार्थीहरूबाट असुल भएको शुल्कको रसिदसमेत नदिने गरेको भन्ने समेत उजुरीको विषय देखियो । यस सम्बन्धमा उक्त संस्थाले कानून बमोजिम जारी गर्नुपर्ने बिजक जारी गरे नगरेको एवम् कर दाखिला गरे नगरेको भन्ने सम्बन्धमा आवश्यक छानबिन एवं कारबाही गर्न आयोगको मिति २०६६।५।१ को निर्णय अनुसार आन्तरिक राजस्व कार्यालय, नेपालगन्जलाई लेखी पठाइएको ।

२. जेनिथ ट्रेडलिंक प्रा.लि. काठमाडौं तथा Quankang Allonward Hydro Equipment Co.Ltd. समेतले त्रिभुवन विमानस्थल भन्सारका कर्मचारीहरूसँगको मिलेमतोमा भन्सार छली राजस्व चुहावट भएको सम्बन्धमा अनुसन्धान हुँदा जेनिथ ट्रेडलिंक प्रा.लि. तथा Quankang Allonward Hydro Equipment Co.Ltd. ले भन्सार जाँचपासको क्रममा सम्बन्धित फर्महरूबाट घोषणा गरेको तौल, तथा मूल्यको आधारमा भन्सार जाँचपास गरी सामान छुटाई लैजाँदा राजस्व चुहावट भए तापनि आन्तरिक कारबाही गरी असुल उपर भइसकेको देखिन आयो । भन्सारबाट सामान जाँचपास गर्दा घोषित मूल्य तौल, परिमाण र गुणस्तर सम्बन्धमा यकिन गरी जाँचपास गर्नुपर्ने कर्तव्य भएका सम्बन्धित कर्मचारीहरूबाट सतर्कता अपनाइएको देखिएन । अतः भन्सार जाँच पासको क्रममा सामानको मूल्य, तौल परिमाण तथा गुणस्तर समेत यकिन गरी जाँच पास गर्ने व्यवस्था मिलाउन तथा जानाजान बदनीयतपूर्वक भन्सार छली गर्ने उद्देश्यले गलत विवरण पेश गर्ने फर्महरू उपर कानून बमोजिम कारबाही गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६६।७।१९ को निर्णय अनुसार भन्सार विभागमा लेखी पठाइएको ।

३. गोरखा जिल्ला जौवारी-७ घर भई हाल चितवन, पिठवा गाउँ विकास समिति वडा.नं.२ बस्ने मरिचमान श्रेष्ठले सिंचाइ आयोजना सञ्चालन गर्दा सामूहिक रूपमा जग्गाहरू

धितो राखी कृषि विकास बैंक गोरखाबाट ऋण लिएकोमा समूहका अरू सबै सदस्यहरूको धितो बापत राखेका जग्गाहरू फुकुवा भएको र आफ्नो जग्गा फुकुवा नभएकोले कृषि विकास बैंकका कर्मचारीले अख्तियारको दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले आफ्नै जग्गा धितो राखी ऋण लिएको र लिएको ऋण उद्देश्य अनुरूप खर्च नगरी आफूखुसी खर्च गरेको पाइयो। निजले लिएको ऋणका सम्बन्धमा बैंक प्रतिनिधिबीच पटक पटक छलफल गरी छुट सुविधा सहितको कुरा गर्दासमेत निज समझदारीमा नआउनुका साथै छुट सुविधासम्बन्धी पत्र समेत बुझ्न नमानेको भन्ने देखिएकोले यसरी लामो समयसम्म पनि यस्ता किसिमका ऋणहरू के कति कारणले असुल उपर नगरिएको हो ? सो समेत खुलाई निजको बैंकमा रहेको धितो तीन महिनाभित्र लिलाम गरी असुल उपर गर्ने र लिलाम बिक्री गर्दा धितोबाट लगानी भएको सावाँ र ब्याज असुल उपर हुन नसकेमा ऋण असुली न्यायाधिकरणमा प्रचलित कानून बमोजिम मुद्दा दायर गरी असुल उपरको प्रक्रिया अगाडि बढाउन आयोगको मिति २०६६।७।१९ को निर्णय अनुसार कृषि विकास बैंक केन्द्रीय कार्यालयलाई लेखी पठाइएको।

४. आर्थिक नियमावलीलाई उल्लंघन गर्दै नेपाल कम्युनिष्ट पार्टी माओवादीको सरकारले सरकारबाट बाहिरिने क्रममा आफ्ना कार्यकर्तालाई पोस्न विभिन्न आयोजना सञ्चालनका लागि भनी रु. १ अर्ब ११ करोड निकासा दिई आर्थिक हिनामिना गरेको भन्ने दृष्टि साप्ताहिक पत्रिकामा प्रकाशित समाचारका सम्बन्धमा अनुसन्धान हुँदा स्थानीय तहमा सञ्चालन गरिने विकास निर्माणप्रति जनताको बढ्दो मागलाई ध्यान दिई सरकारी कोषमा सुविधाजनक बचत रहेको अवस्थामा चालू आर्थिक वर्षको बजेटमा प्राथमिकतामा परेका सडक, खानेपानी, स्वास्थ्य, शिक्षा, सिंचाइजस्ता क्षेत्रहरूका लागि निकासा दिएको र सो रकमको अनुगमन गर्न उच्चस्तरीय अनुगमन संयन्त्रसमेत तयार गरिएको साथै गत वर्षमा पनि करिब रु. २१ करोड ५० लाख थप रकम निकासा दिएको भन्ने अर्थ मन्त्रालयको पत्रबाट देखिए तापनि आर्थिक वर्षको अन्तमा आएर यति ठूलो रकम विभिन्न आयोजनाहरूको नाममा निकासा दिनु स्वस्थ परम्परा भन्न नमिल्ने हुँदा अब उप्रान्त यस्तो कार्यलाई निरुत्साही गर्न आयोगको मिति २०६६।८।१ को निर्णय अनुसार अर्थ मन्त्रालयमा लेखी पठाइएको।

५. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १६ बमोजिम सेवानिवृत्त भएका डेपुटी गभर्नरको सेवा अबधि निवृत्तिभरण योग्य बनाउन बैंकको अधिकृत कर्मचारीको हैसियतबाट पदमुक्त भइसकेको अवस्थामा पनि बैंकको कर्मचारी सेवा नियमावली, २०६२ मा गरेको पाँचौं संशोधन ऐन कानून प्रतिकूल भएको सम्बन्धमा अनुसन्धान हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १६ मा डेपुटी गभर्नरमा नियुक्त भएको व्यक्ति बैंकको सेवाबाट स्वतः निवृत्त हुने व्यवस्था रहेको हुँदा बैंकको सेवाबाट निवृत्त भई पदाधिकारीको रूपमा रहेको व्यक्तिको हकमा बैंकको कर्मचारीको रूपमा रहेको नोकरीको अबधिसमेत गणना गर्ने गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको मिति २०६४।६।२३ को बैठकबाट बैंकको कर्मचारी सेवा विनियमावली, २०६२ मा गरेको पाँचौं संशोधन मिलेको देखिएन। अतः नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १६ बमोजिम नियुक्ति भई डेपुटी गभर्नर भइसकेको पदाधिकारीको हकमा मन्त्रिपरिषद्बाट मात्र निर्णय हुन सक्ने व्यहोरा आयोगको मिति २०६६।८।३ को निर्णय अनुसार नेपाल राष्ट्र बैंकमा लेखी पठाइएको।

६. त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान थापाथली क्याम्पसको बैंक खाताबाट हस्ताक्षर कीर्ते गरी रकम हिनामिना गरेको सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान थापाथली क्याम्पसले आफ्नो आर्थिक प्रशासन शाखाबाट बैंक चेक चोरी भएको र हस्ताक्षर कीर्ते गरी नबिल बैंकसमेतका चेकबाट रकम झिकिएको सम्बन्धमा क्याम्पस प्रशासनको जाहेरीले बैंकिङ कसुर मुद्दामा महानगरीय प्रहरी परिसर काठमाडौंले अनुसन्धान एवं तहकिकात गरी जिल्ला सरकारी वकिलको कार्यालय मार्फत काठमाडौं जिल्ला अदालतमा दायर गरिएको प्रस्तुत मुद्दामा नबिल बैंक लि.मा कार्यरत कर्मचारीको हकमा हस्ताक्षर रुजु नगरी भुक्तानी दिनेहरूको विवरण खुली आएका वा पक्राउ परेका बखत कानून बमोजिम हुने व्यहोरा उल्लेख भएको र सो सम्बन्धमा अदालतबाट प्रतिवादीहरू उपर आदेश समेत भइसकेको अवस्था भएकोले पछि ठहरे बमोजिम हुने नै हुँदा त्यसतर्फ केही गरिरहन नपर्ने । त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान थापाथली क्याम्पसको लेखा शाखाले आफ्नो चेक हराएको व्यहोरा उल्लेख गरी नबिल बैंक पुल्चोक शाखालाई मिति २०६५।१०।२६ मा ब.हि.नं. ०८१००१५०१६००१ को चेक नं. ०१९३०६४५ देखि ०१९३०६५० सम्मको चेक रद्द गर्न लेखेको पत्र बैंकले सोही मितिमा बुझेको तर उक्त चेकहरू बैंकबाट रद्द नगरिएको कारण सोही चेकहरूबाट २०६५।११।१, २, ५ र ९ गते गरी जम्मा रु. १,३५,४००।- बैंकबाट भुक्तानी भै गएको देखिन आएको हुँदा उपरोक्त कार्यमा बैंकका कर्मचारीको गैरजिम्मेवारी तथा लापरबाही देखिन आएकोले सो तर्फ स्वयं नबिल बैंकको लेखा परीक्षण विभागद्वारा छानबिन कार्य गराइरहेको व्यहोरा समेत खुल्न आएको हुँदा तत्सम्बन्धमा आवश्यक सुपरीवेक्षण गरी छानबिन तथा कारबाही गरी अब आइन्दा त्यस्ता कमीकमजोरी हुन नदिन आवश्यक संयन्त्र निर्माण गरी व्यवस्थित गर्न गराउनका लागि आयोगको मिति २०६६।१२।२९ को निर्णय अनुसार नेपाल राष्ट्र बैंकलाई लेखी पठाइएको ।

७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सडक विभाग अन्तर्गतका ओभरसियर विनोदकुमार महर्जनले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान हुँदा निज विनोदकुमार महर्जनकी श्रीमती सुशीला प्रधानको नाममा दर्ता कायम रहेको अनुस्का निर्माण सेवाले सेवा सञ्चालन गरेदेखि हालसम्ममा गरेको ठेक्कापट्टासम्बन्धी कारोबारबाट प्राप्त आय लगायत अन्य आय आर्जन बापत नेपाल सरकारलाई बुझाउनुपर्ने राजस्व बापतको कर/दस्तुर आदि बुझाएको नबुझाएको सम्बन्धमा बुझ्न आयोगको मिति २०६७।३।२३ को निर्णय अनुसार राजस्व अनुसन्धान विभागमा लेखी पठाइएको ।

(ख) उद्योग मन्त्रालय अन्तर्गत

भारतमा उद्योग स्थापना भई ट्रेडमार्कसमेत दर्ता गरेर नेपालमा पैठारी भइरहेको रजनी गन्धा पान मसालाको ट्रेडमार्कसम्बन्धी अधिकार नेपालमा पनि सुरक्षित गर्न आफ्नो प्रतिनिधिमार्फत उद्योग विभागमा मिति २०५९।१२।१० मा निवेदन गरेकोमा त्यस उपर कुनै कारबाही नगरी निवेदन यथावत राखिएको । पछि मिति २०६१।३।१४ मा उक्त ट्रेडमार्क गोल्ड डियर सुर्ती, चितवनको नाममा दर्ता गरी मिति २०६२।५।३१ मा स्वस्तिक फ्रेगनेन्स, काठमाडौंको नाममा नामसारी गरेको पाइयो । अन्य व्यक्तिको नाममा मेरो

ट्रेडमार्क दर्ता गरेको सम्बन्धमा सो रद्द गरी उक्त स्वस्तिक फ्रेगनेन्सको कारोबार रोक्का गरी पाउन मैले दिएको निवेदन उपर कुनै कारबाही नगरी यथास्थितिमा राखिएको छ । यसरी मैले आफ्नो ट्रेडमार्कसम्बन्धी अधिकार नेपालमा पनि सुरक्षित गर्न दिएको निवेदन उपर कुनै कारबाही नगरी अन्य व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेकाले आवश्यक छानबिन गरी दोषी उपर कारबाही गरी मेरो ट्रेडमार्क दर्ता गर्न आवश्यक निर्देशन जारी गरी पाऊँ भनी धर्मपाल सत्यपाल लि. भारतको प्रतिनिधि विश्वनाथ एण्ड सन्सले दर्ता गराएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मिति २०५९।१२।१० मा रजनी गन्धा ट्रेडमार्क दर्ता गर्न गरेको निवेदन साथ ट्रेडमार्क दर्ता माग गर्दा पेश गर्नुपर्ने ट्रेडमार्क दर्ता आवेदन फारम, आवश्यक राजस्व बुझाएको रसिद, सम्बन्धित कम्पनीका तर्फबाट ट्रेडमार्क दर्ताको लागि गरिएको आवेदन लगायतका कागजात संलग्न गरेको नदेखिएको । उक्त ट्रेडमार्क गोल्ड डियर सुर्ती, चितवनको नाममा मिति २०६१।३।१४ मा दर्ता भई मिति २०६३।७।२१ मा स्वस्तिक फ्रेगनेन्स, काठमाडौंको नाममा नामसारी भई स्वामित्व हस्तान्तरण भएको । मिति २०५९।१२।१० मा दर्ता गरेको निवेदनसाथ छुट भएको आवश्यक कागजातहरू संलग्न राखी मिति २०६५।४।१० मा मात्र विश्वनाथ एण्ड सन्सले निवेदन पेश गरेको देखिन्छ । यसरी धर्मपाल सत्यपाल लि. भारतका प्रतिनिधिले ट्रेडमार्क दर्ताका लागि आवश्यक कागजातसहित रीतपूर्वक निवेदन नगरेको, निवेदन गरेपश्चात: सो निवेदन उपर कारबाही भए नभएको सम्बन्धमा ६ वर्षसम्म कुनै जानकारी नलिएको र पछि २०६५।४।१० मा मात्र छुट कागजात संलग्न राखी निवेदन गरेको सन्दर्भमा ०६१।३।१४ मा प्रदान भइसकेको ट्रेडमार्कको आधिकारिकतामा कुनै असर पर्न नसक्ने स्थिति हुँदा धर्मपाल सत्यपाल लि. भारतको प्रतिनिधि विश्वनाथ एण्ड सन्सको ट्रेडमार्क दर्ता हुन सक्ने अवस्था नरहने कुरा आयोगको मिति २०६६।८।१ को निर्णय अनुसार उद्योग विभागलाई लेखी पठाइएको ।

(ग) ऊर्जा मन्त्रालय अन्तर्गत

१. विद्युत विकास विभागले रु. ५ लाख मात्र चुक्ता पुँजी भएको रोयल्टीसमेत तिर्न नसक्ने नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि. लाई माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र जारी गर्दा अनियमितता गरेको सम्बन्धमा अनुसन्धान हुँदा रसुवा जिल्लाको हाकु, धुन्चे र राम्चे गाउँ विकास समितिहरूमा पर्ने अक्षांश २८° ०४' ३७" उत्तरदेखि २८° ०७' १७.८" उत्तरसम्म र देशान्तर ८५° १३' १८" पूर्वदेखि ८५° १७' ३१" पूर्वसम्मको क्षेत्र ओगट्ने गरी ७५ मेगाबाट क्षमताको माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनाको मिति ०६३।९।२४ देखि ०६५।३।२३ सम्म बहाल रहने गरी माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनाको नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि. ले विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र प्राप्त गरेकोमा इन्टेक १ कि.मि. माथि सार्नुपरेको कारण जनाई सो अक्षांश र देशान्तरमा संशोधन गरिदिएको समेत पाइयो । उक्त अनुमतिपत्र मिति २०६५।३।२४ देखि २०६७।३।२३ सम्म विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र नवीकरण गरिदिएको समेत पाइयो । नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि. को चुक्ता पुँजी ५ लाख मात्र भएको र रोयल्टी तिर्न नसकेको भन्ने उजुरीमा उल्लेख भएको व्यहोरामा सत्यता पाइएन । तर सो कम्पनीको जारी पुँजी कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी दर्ता गरी जारी गरेको कम्पनी दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिम रु. ४ करोड नभई रु. ५० लाख मात्र भएको हुँदा सो प्रा.लि. आफैंमा सन्देहात्मक भएको पाइयो । सो प्रा.लि.

ले पहिलो पटक मिति ०६३।४।१५ मा र दोश्रो पटक मिति ०६५।३।१९ मा गरी दुई पटक पेश गरेको work schedule अनुसार कार्य प्रगति हासिल गर्न सकेको पनि देखिएन । ठोस कार्य केही नगरी अनुमतिपत्रको बहाल अवधि तन्काई सो योजना क्षेत्रमा अन्य सक्षम प्रवर्धकलाई प्रवेश गर्न नदिई खोला ओगटी राख्ने मनसायले अभिप्रेरित भई ७५ मेगावाटको सट्टा २०० मेगावाट जडित क्षमताको विद्युत सर्भेक्षण अनुमतिपत्र उपलब्ध गराइदिन र ५ कि.मि. माथिसम्मको योजना क्षेत्र समेत बढाइदिन मिति ०६५।८।१२ मा विद्युत विकास विभागमार्फत तत्कालीन जलस्रोत मन्त्रालयका सचिव समक्ष निवदेन पेश गरेको समेत देखियो । तर उक्त प्रवर्द्धकले माग गरेको थप योजना क्षेत्रमा यसअघि नै अर्कै विद्युत योजना सञ्चालन गर्न स्वयम्भू हाइड्रोपावर प्रा.लि., Bhiluwara Energy / E.M.C. ले विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्रका लागि निवेदन गरेको देखिँदा माग गरेको थप क्षेत्र उपलब्ध हुन सक्ने अवस्था देखिएन । त्यस्तै गरी १०० मेगावाटभन्दा बढी जडित क्षमता भएका जलविद्युत आयोजनाहरूको उत्पादनको सर्भेक्षण अनुमतिपत्र प्रदान गर्ने छुट्टै कार्यविधि भएको हुँदा १०० मेगावाटभन्दा कम जडित क्षमता भएको जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र पाएको उक्त नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि. ले केवल समय लम्ब्याउने मनसाय राखी त्यस्तो १०० मेगावाटभन्दा बढी जडित क्षमताको विद्युत उत्पानको सर्भेक्षण अनुमतिपत्रको लागि निवेदन गरेको समेत देखियो । ०६५।८।१२ मै सो को लागि निवेदन गरेकोमा हालसम्म सो विषयमा विद्युत विकास विभागबाट निर्णयार्थ ऊर्जा मन्त्रालयका सचिव समक्ष फाइल पेश नगरेबाट समय लम्ब्याई खोला ओगटी राख्ने कार्यमा सो प्रा.लि. र विद्युत विकास विभागको अग्रणी भूमिका रहेको समेत देखियो । अत: नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि. ले पटक पटक पेश गरेको work schedule बमोजिम कार्य प्रगति नगरेको, कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी गरेको कम्पनी दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिमको जारी पुँजी नभई प्रवर्धक कम्पनी स्वयं सन्देहात्मक भएको, नयाँ नयाँ शर्तहरू राखी समय तन्काई खोला ओगटी राख्ने मात्र मनसाय देखिँदा सो प्रा.लि. ले मिति ०६५।४।२८ को नेपाल सरकार, तत्कालीन जलस्रोत मन्त्रालय (सचिवस्तर) को निर्णयानुसार मिति ०६५।३।२४ देखि ०६७।३।२३ सम्म म्याद थप गरिएको माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षणको अनुमतिपत्र (वि.वि.वि. ०६३।६४ वि.उ.स. २०६५) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख बमोजिम रद्द गर्न र सो परियोजना सञ्चालन गर्न इच्छुक प्रवर्द्धकहरूसँग १ महिनाभित्र प्रस्ताव आव्हान गरी यस आयोगमा समेत जानकारी गराउन आयोगको मिति २०६६।७।२९ को निर्णय अनुसार ऊर्जा मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

२. नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा विनियमावली, २०६२ मा तह ७ खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने व्यवस्था रहेको र सो खुल्ला प्रतियोगितामा भाग लिन स्नातकोत्तर सरहको शैक्षिक योग्यता आवश्यक पर्ने तर सोही तह ७ मा बढुवा हुन भने प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरे पुग्ने गरी शैक्षिक योग्यता निर्धारण गरेकोले आफूभन्दा कम शैक्षिक योग्यता भएका व्यक्ति माथिल्लो तहमा बढुवा हुने अवस्था सिर्जना भएको हुँदा मिति ०६६।५।१५ को निर्णयानुसार प्रकाशित तह ७ को बढुवाको सूचना रोक्का गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा विगतमा स्नातक तहको शैक्षिक योग्यता भएकाहरूबाट खुल्ला प्रतियोगिताद्वारा तह ६ को पदपूर्ति गर्ने प्रावधान भएकोमा हाल स्नातकोत्तर तहको शैक्षिक योग्यता भएकाहरूबाट तह ७ मा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने प्रावधान रहेको पाइयो । तह ५ को लागि आवश्यक

पर्ने प्रमाणपत्र तहको शैक्षिक योग्यता भएको कर्मचारी बढुवाद्वारा तह ६ सम्म मात्र जान पाउने र तह ७ वा सो भन्दा माथिल्लो पदमा बढुवा हुनको लागि न्यूनतम स्नातक तहको शैक्षिक योग्यता आवश्यक पर्ने गरी विद्यमान नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा विनियमावली, २०६२ लाई संशोधन गर्न र बढुवा सिफारिस समितिको मिति ०६६।५।१५ को निर्णयानुसार प्रकाशित तह ७ को बढुवासम्बन्धी सूचनालाई समेत संशोधित शैक्षिक योग्यता लागू गरी पुन बढुवाको सूचना प्रकाशित गर्न आयोगको मिति २०६६।८।२९ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिमा लेखी पठाइएको ।

(घ) कानून तथा न्याय मन्त्रालय अन्तर्गत

काठमाडौं महानगरपालिका मित्रपार्क जयबागेश्वरी स्थित पशुपतिनाथको गुठी जग्गा पशुपतिनाथका पुजारी र भण्डारीको सिफारिसमा चण्डिका नन्द राजोपाध्यायको नाममा दर्ता गरेको भन्ने विषयको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिका वडा नं. ८ सिट नं.१०६७-१७ कित्ता नं. १३४ क्षेत्रफल ०-४-३-१ ऐ. सिट नं. १०६७-२२ कित्ता नं.१४० र १४७ क्षेत्रफल क्रमशः ०-१-२ र ०-१५-३-१ को जग्गामा काठमाडौं जिल्ला अदालतको २०६४।१।२५ को फैसलाको आधारमा श्री पशुपतिनाथ अमालकोट कचहरीबाट ०६४।४।२० मा जग्गाधनी श्री पशुपतिनाथ अमालकोट कचहरी र मोही चण्डिका नन्द राजोपाध्याय कायम हुने गरी निर्णय गरेको सम्बन्धमा जिल्ला अदालतबाट मोही कायम गर्न नमिल्नेमा मोही कायम हुने गरी ०६४।१।२५ मा काठमाडौं जिल्ला अदालतबाट भएको फैसलाको प्रतिलिपि संलग्न राखी आवश्यक कारबाहीको लागि आयोगको मिति २०६६।५।३१ को निर्णय अनुसार न्याय परिषद्मा लेखी पठाइएको ।

(ङ) गृह मन्त्रालय अन्तर्गत

१. नेपाल प्रहरीले प्रहरी कर्मचारीहरूलाई चाहिने पार्का ज्याकेट खरिद प्रक्रियामा अनियमितता गरेको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रहरी प्रधान कार्यालयद्वारा आ.व. ०६५।६६ मा पार्का ज्याकेट नीलो (Navy Blue) ५६,०५९ थान खरिद गर्न बोलपत्र आह्वान भएको भए पनि उक्त कार्यालयले वार्षिक खरिद योजना पहिले नै तयार गरी उक्त वार्षिक योजनामा पार्का ज्याकेट ११,३६० थान खरिद गर्न गृह मन्त्रालयबाट ०६५।८।१६ मा स्वीकृत भै उक्त वार्षिक खरिद योजनामा आवश्यक थपघट गर्न र विनियोजित बजेटबाटै पुग्ने गरी ५६,०५९ थान पूरै ज्याकेट खरिद गर्न गृह मन्त्रालयलाई मिति ०६५।१२।२० र ०६५।१२।२६ मा पत्राचार गरिएकोमा गृह मन्त्रालयको मिति ०६५।१२।२७ को सचिवस्तरीय निर्णयबाट पूर्व स्वीकृति अनुसार सामानको परिमाणलाई थपघट गरी खरिद गर्न सैद्धान्तिक सहमति दिइएको पत्र फायलसाथ रहेको देखियो । तर पार्का ज्याकेट खरिदसम्बन्धी सिलबन्दी बोलपत्र खरिद गर्न भन्ने आदेशार्थ मिति ०६५।१२।१८ को प्रहरी प्रधान कार्यालय, प्रबन्ध शाखाको प्रहरी महानिरीक्षकबाट सदर भएको टिप्पणी हेर्दा गृह मन्त्रालयबाट स्वीकृति प्राप्त गर्नुअघि नै ५६,०५९ थान पार्का ज्याकेट खरिद गर्ने बोलपत्र आह्वान गर्न सूचना प्रकाशित गर्न आदेश गरेको देखिन आयो । यसबाट माथिल्लो निकायबाट खरिद योजनामा थपघट गर्ने स्वीकृति बिना नै बोलपत्र आह्वान गर्न पहिले नै सूचना प्रकाशित गर्न आदेश दिएको र

तत्पश्चात मात्र गृह मन्त्रालयको सहमति प्राप्त भएको विषयलाई कानूनसम्मत मान्न सकिने अवस्था रहेन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा खरिद योजना तयार गर्दा तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना (मास्टर प्रोक्युरमेन्ट प्लान) र वार्षिक खरिद योजना तयार गर्नुपर्ने छ भन्ने स्पष्ट कानूनी व्यवस्था रही सोको कार्यान्वयनको लागि लागू गरिएको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम (१) मा वार्षिक दस करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने कुरा समेत प्रस्ट उल्लेख भएको परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत रु.१० करोडभन्दा बढी मूल्यको खरिद प्रकरणमा खरिद गुरुयोजना अनिवार्य हुनुपर्नेमा सो समेत रहे भएको मिसिलबाट खुलेन । प्रस्तुत खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को बाध्यात्मक कानूनी व्यवस्थाहरूको परिपालन भए गरेको देखिएन । प्रस्तुत खरिद प्रकरणको सम्बन्धमा तयार गरिएको लागत अनुमानलाई हेर्दा विगत वर्षमा लागेको वास्तविक मूल्य र बजारबाट लिइएका चारवटा फर्महरूको कोटेसनबाट प्राप्त मूल्यको कुल योगफलको औसत निकाली लागत अनुमान तयार पारेको देखियो । बजारबाट प्राप्त मूल्यहरू अत्यधिक र यथार्थपरक नभै अनुमानित रहेको र सो मूल्यसँग विगत वर्षको सुरक्षासम्बन्धी कार्यालयहरूको यथार्थ खरिद मूल्यलाई समायोजित गरी औसत निकाल्दा विगत वर्षभन्दा झन्डै शतप्रतिशत भन्दा बढी लागत अनुमान कायम हुन आएको स्पष्ट देखियो । यस विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयका विशेषज्ञ समेतले दिएको लिखित प्रतिवेदनमा खरिद नियमावलीको नियम (११) को व्यवस्था बमोजिम सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्लो वर्षमा यस्तै प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, ढुवानी भाडासमेतको अन्य बजारको दरभाउ तथा उद्योग वाणिज्य महासंघले जारी गरेको दररेटको आधारमा तय गर्नुपर्ने हुन्छ । प्रस्तुत सन्दर्भमा सार्वजनिक निकायले स्वयंको नेपाली सेना तथा सशस्त्र प्रहरीबाट भएको खरिद मूल्य सहित तीन वटा वास्तविक खरिद तथा बजारबाट विभिन्न ४ वटा फर्महरू समेतबाट दर प्राप्त गरेकोमा एउटा खरिद गर्ने निकायको वास्तविक खरिद मूल्यको दाँजोमा १०० प्रतिशतभन्दा बढी मूल्य बजारबाट प्राप्त भएको अवस्था छ । यसरी प्राप्त मूल्यको औसत निकाल्दा स्वीकृत भएको लागत अनुमान अनावश्यक रूपमा बढी हुन गएको देखिन्छ भनी किटानी साथ खुलाइएको देखियो । यो लागत अनुमान तयार गर्ने कार्यसमेत मिति ०६५।१२।१८ मा भएको देखिन्छ, जुन गृह मन्त्रालयबाट वार्षिक खरिद योजनामा थपघट गर्न सैद्धान्तिक सहमति दिने मिति ०६५।१२।२७ को निर्णयभन्दा पहिले नै रहेको अवस्था छ । यस प्रकार तयार गरिएको लागत अनुमान यथार्थपरक, वस्तुनिष्ट र नेपाल राष्ट्र बैंकद्वारा समय समयमा प्रकाशित गरिने मूल्य सूची (Price Index) अनुरूप भएको पनि देखिन आएन । साथै लागत अनुमान तयार गर्ने क्रममा विभिन्न फर्महरूसँग मूल्यको कोटेसन माग गर्दा पार्काकोट ज्याकेट भनी उल्लेख गरेको । तदनुरूप कोटेसन प्राप्त भई लागत अनुमान तयार गरिएको भए पनि बोलपत्रको सूचना र स्पेसिफिकेसन समेतमा पार्काकोट ज्याकेट उल्लेख नभई पार्का ज्याकेट (नीलो) भन्नेसम्म उल्लेख भएको अवस्था हुँदा ज्याकेट वा कोट के हो ? यकिन नै नभई अन्यौलताको अवस्था सिर्जना भएको समेत देखिँदा बोलपत्रको सूचना नै त्रुटिपूर्ण रहेको मान्नुपर्ने देखिन आयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १७ मा सार्वजनिक निकायले यस नियमावलीमा उल्लेखित कुनै विधि छनौट गरी खरिद गर्दा विदेशी मालसामानभन्दा नेपालमा उत्पादित मालसामान दस प्रतिशत महँगो भए तापनि

नेपाली मालसामान नै खरिद गर्नुपर्नेछ भनी किटानसाथ उल्लेख गरेको देखिन्छ । तर दोश्रो बोलपत्रको सूचना नं. १० को बोलपत्रसम्बन्धी सूचनामा नेपाली उद्यमी वा व्यवसायीका हकमा प्राथमिकता दिइने विषय नखुलाइएको अवस्था देखिएको हुँदा बोलपत्रसम्बन्धी सूचना नै अपूर्ण रहेको भन्न सकिन्छ । सार्वजनिक खरिद अनुगमन कार्यालयका विशेषज्ञले समेत उक्त कार्यालयबाट मिति २०६५।१०।१५ देखि लागू हुने गरी जारी भएको मालसामान खरिदको लागि राष्ट्रिय बोलपत्रमा प्रयोग गर्ने स्तरीय कागजात प्रयोग भएको देखिएन भनी टिप्पणी गरेको समेत देखिन्छ । नेपालमा पनि धेरै गार्मेन्ट उद्योगहरू रही विदेशमा विभिन्न मोडलका तयारी पोशाकहरू निर्यात भइरहेको यथार्थतालाई दृष्टिगत गरी प्रहरी कार्यालयलाई आवश्यक ज्याकेट, सर्ट, पाइन्ट लगायतका तयारी पोशाकहरू गुणस्तरीय रूपमा नेपाली उद्यमीहरूले उत्पादन गर्न सक्ने हुन् होइनन् ? तिनीहरूको क्षमता कति छ ? त्यसलाई उद्योग वाणिज्य महासंघको सहयोग र सल्लाह लिएर वास्तविक बजार सर्वेक्षण (Market Survey) गरेर मात्र टेण्डर प्रक्रिया अगाडि बढाउनुपर्नेमा त्यसतर्फ ध्यान गएको देखिएन । प्रस्तुत पार्का ज्याकेट खरिद कारबाहीको बोलपत्रसम्बन्धी फायलको अध्ययन विश्लेषण र सार्वजनिक खरिद अनुगमन कार्यालयका विशेषज्ञले दिएको प्रतिवेदनका बुँदाहरूमध्ये कार्यालयले माग गरेको नमुनाका सम्बन्धमा यसरी औंल्याएका छन् "सार्वजनिक निकायले माग गरेको नमुनाका कारण प्रतिस्पर्धा खुला हुन सकेको देखिँदैन । खरिद गरिने मालसामानको स्पष्ट स्पेसिफिकेसन तथा त्यसको परीक्षण गर्ने Parameters खुलाइएपछि नमुनाको माग तथा बोलपत्र मूल्यांकनको क्रममा नमुनाको परीक्षण जस्ता कार्य गर्ने प्रक्रिया खरिद ऐन नियममा स्पष्ट छैन र भए पनि मालसामान प्राप्त भएपछि स्वीकृतिको क्रममा मात्र उल्लेख छ । खरिद सम्झौता बमोजिम आपूर्तिकर्ताबाट आपूर्ति गरिने मालसामानको Specification अनुसार Parameters को परीक्षण उत्पादनको गुणस्तर परीक्षण प्रणालीबाट, स्वतन्त्र निरीक्षकबाट, खरिदकर्ताले नियुक्त गरेको निरीक्षकबाट तथा पूर्ण चलान परीक्षण गर्ने व्यवस्थाहरू मालसामान स्वीकृति गर्ने बेलामा रहेका कुरा नियम ११४ र ११५ मा उल्लेख छ । ठूलो परिमाणमा यस्तो कपडा खरिद गर्दा उत्पादकले स्पेसिफिकेसन अनुसारको लटमा उत्पादन गर्न सक्ने हुनाले शुरुमा नमुना लिनु खुल्ला प्रतिस्पर्धाको दृष्टिकोणले उपयुक्त हुने देखिँदैन" भनी प्रस्टसाथ खुलाइएको पाइयो । यसरी हेर्दा बोलपत्र मूल्यांकन समितिले मुक्तिनाथ ट्रेड कन्सर्न र मनिरा सप्लायर्स दुवैले नमुनाको रंग र प्यार्टनसँग मिल्ने नमुना पेश नगरेको भनी मूल्यांकनबाट हटाइएको देखिन्छ । ती फर्महरूको नमुना र प्यार्टन नमिल्ने भन्ने मूल्यांकन गर्ने ठोस आधार र विधि के हो ? यसरी अस्पष्ट र हचुवाको आधारमा बोलपत्र रद्द गरेको कार्य आफैंमा कानूनसम्मत हुन सक्ने होइन । त्यस्तै गरी दोश्रो बोलपत्रको मूल्यांकन कमिटीले गरेको मूल्यांकनबाट "जागृति सप्लायर्स, धनगढीको कार्यालयले राखेको नमुना बमोजिम रंग र प्यार्टन मिल्ने नमुना पेश गर्नुपर्नेमा नमिल्ने थान दुई नमुना पेश गरेकोले प्राविधिक पक्ष (चेकजाँच) मा संलग्न नगराउने, न्यू सिद्धि देउरालीको पनि यही आधार लिई प्रतिस्पर्धाबाट बाहिर परेका, ग्लोबल बिजनेस काठमाडौंको पनि रंग र प्यार्टनको आधारमा नमुनासमेत पेश नगरेकोले प्राविधिक पक्षको मूल्यांकनबाट हटाइएको । पिस नेपाल फेसन इण्डष्ट्रिजको कार्यालयले राखेको नमुना बमोजिम रंग र प्यार्टन मिल्ने नमुना पेश गर्नुपर्नेमा नगरेको भनी प्राविधिक पक्ष (चेक जाँच) मा संलग्न नगराउने गरी अस्पष्ट र विषयगत कारणहरूबाट प्रतिस्पर्धाबाट वञ्चित गराइएको देखिन्छ । जुन सार्वजनिक खरिद ऐनको मनसाय हुँदै होइन । नमुना प्रसंग उठाउँदा पार्का ज्याकेट नीलो (Navy Blue) भनी बोलपत्र आह्वान गरिएको देखिन्छ । नीलो (Navy Blue) को

पनि विभिन्न प्रकारहरू हुने कुरा इन्टरनेटबाट हेरिँदा प्रस्ट हुन्छ । कुन प्रकारका Navy Blue हो ? सो समेत बोलपत्रसम्बन्धी कागजातमा र स्पेसिफिकेसनमा प्रस्ट खोल्नुपर्ने देखिन्छ । यसरी नीलो (Navy Blue) भनी त्यसभित्रको कुन प्रकार भन्ने स्पष्ट नखोलिएकोले Navy Blue वर्ग अन्तर्गतका सबै नमुनाहरू प्रतिस्पर्धामा सामेल हुन पाउने हक राख्न सक्ने अवस्था रहन्छ । तसर्थ कार्यालयको नमुना र प्यार्टनसँग मेल नखाने भनी प्रतिस्पर्धाबाट हटाइएको अस्पष्ट आधारलाई तर्कसम्मत तथा युक्तिसम्मत मान्न मिल्ने देखिएन । त्यसैगरी कार्यालयमा प्राप्त नमुनाहरू कहाँबाट तयार भै प्राप्त भएको भन्ने तथ्य पनि आधिकारिक रूपमा स्थापित हुन सकेको पाइएन । बोलपत्र मूल्यांकन समितिको मिति ०६६।३।१८ को निर्णय अनुसार सारभूतरूपमा प्रभावग्राही भएको बोलपत्रहरूमध्ये आनन्द ट्रेड कन्सर्न, काठमाडौंबाट कबुल गरिएको प्रति थान पार्का ज्याकेटको यु.एस.डलर २४.०० को नमुना यस कार्यालयको माग स्पेसिफिकेसन बमोजिम नै भएको देखिएको एवं उक्त दररेट यस कार्यालयले सूचना प्रकाशित गर्नु अगावै स्वीकृत गराइराखेको लागत अनुमानभित्र नै भएको हुँदा आनन्द ट्रेड कन्सर्न काठमाडौंबाट पेश भएको बोलपत्र स्वीकृतिको लागि छनौट गर्न सिफारिस गर्ने र सो आशयको व्यहोरा अन्य प्रतिस्पर्धी बोलपत्रदाताहरू समेतलाई जानकारी दिने भन्ने" व्यहोराको मूल्यांकन समितिको प्रतिवेदन २०६६।३।१८ मै प्रहरी महानिरीक्षकबाट सदर भएको देखिन्छ । सोही मितिमा बोलपत्र छनौटको सूचना सबै प्रतिस्पर्धी बोलपत्रदाताहरूको नाममा पत्र काटी केहीले सो बमोजिम पत्र बुझेको अवस्थासमेत मिसिलबाट देखियो । साथै मिति २०६६।३।१९ मै आनन्द ट्रेड कन्सर्नको ठेक्का विधिवत छनौट नभई सम्झौताबिना नै चेक काटिएको भन्ने सम्बन्धमा संलग्न फायल हेर्दा बोलपत्र मूल्यांकन समितिले ०६६।३।१८ गते China New United Import and Export Corp. Beijing China को स्थानीय प्रतिनिधि आनन्द ट्रेड कन्सर्न, टेकुको बोलपत्र छनौट गर्ने र सम्बन्धित सबैलाई सो आशयपत्र समेत दिने प्रतिवेदन पेश गरी प्रहरी महानिरीक्षकबाट सदर भई सम्बन्धित सबैलाई आशयपत्र समेत दिइसकिएको र आर्थिक वर्ष समाप्त भई खाता बन्द गर्नुपर्ने परिप्रेक्ष्यमा सार्वजनिक खरिद नियमावली अनुसार आशयपत्र प्राप्त गरेको सात दिनभित्र कसैले पनि उजुरी नगरेको अवस्थामा मात्र सम्बन्धित स्वीकृत फर्मसँग सम्झौता गरी रकम उपलब्ध गराउने प्रयोजनको लागि प्रति थान पार्का ज्याकेट यु.एस.डलर २४.०० (सि.आई.एफ. काठमाडौं सम्पूर्ण कर बाहेक) का दरले ५६,०५९ थान खरिद गर्ने गरी लिन नेपाल राष्ट्र बैंक प्रतीतपत्र शाखा थापाथली काठमाडौंमा प्रतीतपत्र खोल्नको लागि सो को हुने जम्मा यु.एस.डलर १३,४५,४१६।- को प्रतिडलर सटही दर रु. ७६।९८ का दरले रु. १०,३५,७०,१२३।६८ र बैंक स्केल चार्ज बापत रु. ४,२९,८७६।३२ समेत गरी रु. १०,४०,००,०००।- आ.व. ०६५।६६ मा प्रहरी प्रधान कार्यालयको अनुदान संख्या ४५।३।१६० को व.शि.नं. १.०४ पोशाक शीर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी नेपाल राष्ट्र बैंक प्रतीतपत्र शाखा थापाथलीको नाउँमा पेश्की खर्च लेख्नु भन्ने एवं लेखा शाखाबाट चेक प्राप्त भएपछि पनि प्रतिस्पर्धी बोलपत्रदाताहरूबाट म्यादभित्र लिखित एवं मौखिक उजुरी प्राप्त नभएमा मात्र उक्त बोलपत्रदातालाई सम्झौता गराई पेश्की रकमसम्बन्धी अन्य कार्य गर्नु" भन्ने व्यहोराको प्रहरी महानिरीक्षकबाट मिति ०६६।३।१९ मै टिप्पणी सदर भएको स्पष्ट देखिन आएको छ । उक्त टिप्पणी बमोजिम नै नेपाल राष्ट्र बैंक प्रतीतपत्र शाखाको नाममा चेक नं.१५६३८६५ मिति ०६६।३।१९ मा रु. १०,४०,००,०००।- को चेक काटी सम्बन्धित अधिकारीको दस्तखत गराई चेक प्रहरी प्रधान कार्यालयमा रहेको र अनुसन्धानको क्रममा प्राप्त भएको देखिन आएको छ । आशयपत्र सबैले पाइसकेको

उपरोक्त टिप्पणीमै लेखिएको छ। यसरी आशयपत्र पाएपछि छनौट नभएका बोलपत्रदाताहरूले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम सम्बन्धित सार्वजनिक निकायका प्रमुखसँग खरिद कारबाहीको त्रुटिबारेमा उजुरी गर्न पाउने स्पष्ट व्यवस्था रहेको र सो उपर चित्त नबुझे सोही ऐनको दफा ४९ बमोजिम पुनरावलोकन समिति समक्ष उजुर दिन सक्ने गरी उक्त ऐनले अख्तियारी प्रदान गरेको छ। सार्वजनिक निकायका प्रमुख स्वयंले खरिद प्रक्रियामा त्रुटि देखिए उक्त प्रक्रिया रद्द गर्न सक्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को व्यवस्था र त्रुटि नभई मूल्यांकन समितिकै निर्णय कायम हुन सक्ने भए सोही व्यहोराको निर्णय गर्नुपर्ने र सो निर्णय उपर पनि माथि उल्लेख गरे बमोजिम पुनरावलोकन समितिमा जान पाउने अवस्था ऐनले गरेको तथ्यमा कुनै द्विविधा रहनुपर्ने देखिँदैन। यसरी ऐनले निर्दिष्ट गरेको अनिवार्य प्रक्रियाहरू र चरणहरू पूरा नहुँदै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम खरिद सम्झौता नै नभई अग्रिम रूपमा आर्थिक वर्ष अन्त्य हुन लागेको भन्ने बहानामा टिप्पणी उठाउने, सदर गर्ने र चेक काट्ने कार्य आफैंमा अनियमित कार्य भएको मान्नुपर्ने देखिन आयो। आयोगमा अनुसन्धानको क्रममा मिति ०६६।३।२८ मा प्रस्तुत बोलपत्रसम्बन्धी सक्कल फायलहरू प्राप्त हुन आएको रेकर्डबाट देखिन्छ। त्यसभन्दा अगाडि ०६६।३।२७ सम्ममा ०६६।३।१८ मा छनौट भैसकेको बोलपत्रको उजुरी गर्ने म्याद समेत व्यतित भई सम्झौता गर्न नसकिने अवस्था थिएन। अर्थात मिति ०६६।३।१८ देखि ०६६।३।२७ अवधिमा प्रहरी प्रधान कार्यालयबाट थप कुनै काम भएको देखिएन। मिति ०६६।३।१९ मा Conditional टिप्पणीबाट निर्णय गराई चेक काट्ने कार्य भएपछि प्रहरी प्रधान कार्यालय मिति ०६६।३।२७ सम्म केही नगरी बसेको देखिन्छ। उजुरी नपरेको भए किन सम्झौता गरिएन ? भन्ने प्रश्न उत्तिकै अहम छ। हाल उक्त रकम फ्रिज भएको भन्ने राष्ट्र बैंकको स्टेटमेन्ट र प्रहरी महानिरीक्षकको बयानबाट देखिएको अवस्था छ। यसरी प्रहरीको पार्का ज्याकेट खरिद कारबाहीमा कानूनी प्रावधानहरूको पालना नगरेको स्थिति, प्रक्रियागत त्रुटिहरू र अनियमितता जस्ता कार्यहरू भएको भए पनि सरकारी रकम कलम खर्च भैसकेको अवस्था नभई नेपाल सरकारलाई हानि नोक्सानी भएको भन्ने अवस्था देखिँदैन। तसर्थ उक्त खरिद प्रक्रियामा संलग्न पदाधिकारीहरूले खरिद प्रकरणमा शुरुदेखि बोलपत्र छनौट र चेक काट्ने कार्यमा संलग्न हुँदासम्ममा सार्वजनिक खरिद ऐन, ०६३ को दफा ६ र सार्वजनिक खरिद नियमावली, ०६४ को नियम ७ बमोजिम खरिदको गुरु योजना (Procurement Master Plan) बनाइएको नपाइएको । लागत अनुमान विगत वर्षको खरिदको तुलनामा शतप्रतिशतभन्दा बढी कायम भै अस्वाभाविक र उच्च देखिएको। वास्तविक बजार मूल्य र नेपाल राष्ट्र बैंकद्वारा जारी समय समयको मूल्य सूची (Price Index) अनुरूप नहुनुका साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम स्थानीय उद्योग वाणिज्य महासंघसँग मूल्यसूची माग नगरिएको । दोश्रो पटक मिति ०६६।२।१ को बोलपत्र नं. १० को सूचनामा नेपाली उद्यमी तथा व्यवसायीबाट पेश हुन आएको बोलपत्रलाई नियमानुसार घरेलु प्राथमिकता (Domestic Preference) दिन सकिने प्रावधान प्रस्ट साथ उल्लेख नगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १७ को व्यवस्था पालना नगरेको, पार्का ज्याकेट खरिद प्रकरणमा नीलो पार्का (Navy Blue) ज्याकेट भनी बोलपत्र आह्वान गरिएको । नीलो पार्का रंगभित्रका कुन प्रकार भनी नखुलाएको । नमुनासाथ पेश भएका ज्याकेटहरू कहाँ उत्पादित भएका हुन् भन्ने आधिकारिकता जाँच नगरिएको र कार्यालयको नमुनासँग मिल्ने रंग र प्यार्टन नमिलेको भनी अस्पष्ट र अपारदर्शी आधारमा केही बोलपत्रदाताहरूको प्रस्तावलाई प्राविधिक

पक्षमा समावेश नगराइएको स्थितिले पर्याप्त प्रतिस्पर्धा हुन पाएको नदेखिएको । बोलपत्र मूल्यांकन समितिको मिति २०६६।३।१८ को बैठकबाट छनौट भएका बोलपत्रदाता आनन्द ट्रेड कन्सर्न, टेकूको बोलपत्र मूल्यांकनबाट छनौट भएपछि अरू बोलपत्रदाताहरूलाई आशयपत्र दिइए पनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम पुनरावलोकन गर्ने उजुरीको म्याद दफा ४९ बमोजिम पुनरावलोकन समिति उपर उजुर गर्ने म्यादसमेत व्यतित नभै सोही ऐनको दफा ५२ बमोजिम बोलपत्रदातासँग खरिद सम्झौता नै नगरी आर्थिक वर्ष व्यतित हुन लागेको फितलो आधार लिई शर्त सहितको आनन्द ट्रेड कन्सर्नको नाममा हुने गरी नेपाल राष्ट्र बैंक प्रतीतपत्र शाखाको नाममा प्रतीतपत्र खोल्ने भनी मिति ०६६।३।१९ गते नै रु. १०,४०,००,०००।- को चेक काटी अनियमित कार्यहरू गरेको स्पष्ट देखिएको छ । तसर्थ माथिका बुँदाहरूको आधारमा प्रस्तुत प्रहरीको पार्का ज्याकेटको खरिदसम्बन्धी बोलपत्र लगायतका काम कारबाहीहरूमा कानून बमोजिम पालना गर्नुपर्ने बाध्यात्मक व्यवस्थाहरू पालना नगगरेको । मूल्यांकनमा प्रक्रियागत त्रुटि रहेको, छनौट भएको बोलपत्रदातासँग कानून बमोजिम सम्झौता नै नगरी चेक काटी राखिएको र हाल उक्त चेकको रकम फ्रिज भएको देखिएको समेतका आधारमा प्रस्तुत बोलपत्रसम्बन्धी काम कारबाही रद्द गरी पुनः सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ समेतका आधारमा प्रहरीको लागि चाहिने पार्का ज्याकेटको खरिदसम्बन्धी कार्य यथाशीघ्र शुरु गर्न आयोगको मिति २०६६।५।३० को निर्णय अनुसार प्रहरी प्रधान कार्यालयलाई लेखी पठाइएको ।

२. जिल्ला विकास समिति ओखलढुंगाले भारतीय राजदूतावासको सहयोगमा रगनी गाउँ विकास समिति वडा नं. ६ स्थित चण्डेश्वरी उच्च माध्यमिक विद्यालय भवन निर्माणको लागि बोलपत्र खरिदको सूचना अनुसार बोलपत्र खरिद गर्न दिइएको र बोलपत्र दर्ता गर्ने दिन बिहान ८:३० बजेदेखि १२:३० बजेसम्म शान्ति सुरक्षाको कारण देखाई जिल्ला विकास समिति वरपर ५०० मिटरभित्र निषेधित क्षेत्र घोषणा गरी बोलपत्र दर्ता गर्न नदिएको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला विकास समितिको कार्यालय, ओखलढुंगाको च.नं. ३८२ मिति २०६६।७।२३ को पत्र र सो पत्रसाथ संलग्न जिल्ला विकास समितिको बैठकको निर्णय प्रतिलिपिसमेतबाट शान्ति सुरक्षाको व्यवस्था गरिदिन जिल्ला विकास समिति ओखलढुंगाले मौखिक अनुरोध गरेकै आधारमा स्थानीय रगनी स्कुलको भवन निर्माण कार्यको लागि टेण्डर दर्ता गर्ने अन्तिम दिन २०६६ भाद्र २६ गते बिहान ८:३० बजेदेखि १२:३० बजेसम्म जिल्ला सुरक्षा समितिको निर्णयबाट टेण्डर दर्ता हुने कार्यालय जिल्ला विकास समिति ओखलढुंगाको ५०० मिटर आसपास क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको देखियो । यसरी एकातिर निषेधित क्षेत्र घोषणा गर्ने भनी गरिएको उक्त निर्णयमा निषेधित क्षेत्र घोषणा गर्नुपर्ने प्रस्ट कारण र अवस्था उल्लेख नगरी हुल दंगा भई शान्ति भंग हुने स्थिति भनि अमूर्त आधारमा निर्णय गरिनु र अर्कोतिर उक्त निर्माण कार्यको लागि ३ वटा टेण्डर मात्र दर्ता भै अन्य प्रतिस्पर्धीले भाग लिन नपाएको देखिएकोले प्रमुख जिल्ला अधिकारी फणिन्दमणि पोखरेलको अध्यक्षतामा भएको सो निर्णय उपयुक्त थियो भन्न सकिएन । अतः टेण्डर फाराम दर्ता गर्ने अन्तिम दिन टेण्डर दर्ता गर्ने भरपर्दो सुरक्षा व्यवस्था मिलाउनुपर्नेमा निषेधित क्षेत्र नै घोषणा गर्ने उक्त २०६६।५।२६ को निर्णयको सम्बन्धमा आवश्यक छानबिन गरी कारबाही गर्न आयोगको मिति २०६६।८।२९ को निर्णय अनुसार गृह मन्त्रालयलाई लेखी पठाइएको ।

३. जिल्ला मकवानपुर हेटौंडा न.पा. वडा नं. ११ बस्ने लालबहादुर सुनार कामीका नाउँमा दर्ता कायम रहेको कित्ता नम्बर १०१ र ११४ को क्रमशः १-२-१० र ०-५-०१ गरी जम्मा १-७-११ क्षेत्रफलको जग्गा रत्नबहादुर विश्वकर्मा लगायतका ८ जना व्यक्तिले ८ कित्तामा कित्ताकाट गरी राजीनामा लिखत रजिष्ट्रेसन पारित गरी लिएको तर दाखिल खारेज हुनुपूर्व नै नक्कली जग्गाधनीले बिक्री गरेको भन्ने सूचनाका सम्बन्धमा अनुसन्धान हुँदा जग्गाधनी लालबहादुर सुनार कामी हालसम्म बेपत्ता रहेको र उल्लेखित जग्गा नामसारी गरी पाउन निजको हकदारसमेत आउन नसकेको अवस्थामा मुलुकी ऐन अपुताली महलको १७ नं. र प्रमाण ऐन, २०३१ को दफा ३२ को व्यवस्था समेतलाई मध्यनजर राखी उक्त जग्गाको संरक्षण गर्ने दायित्व राज्यको देखिँदा सो तर्फ आवश्यक कारबाही अघि बढाउन आयोगको मिति २०६६।१२।१७ को निर्णयअनुसार प्रमुख जिल्ला अधिकारी मकवानपुरलाई लेखी पठाइएको ।

(च) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत

१. वन पैदावारमा अधारित उद्योग वन क्षेत्रबाट न्यूनतम कति टाढा हुनुपर्ने भन्ने सम्बन्धमा वन तथा भूसंरक्षण मन्त्रालयको मिति २०६४।१।१० को पत्र, आयोगको मिति २०६५।८।३० को निर्णय र नेपाल राजपत्र खण्ड ५७ संख्या १९ भाग ५ मिति ०६४।५।३ मा प्रकाशित सूचनामा वन दूरी सम्बन्धमा फरक पर्न गएकोले उद्योग दर्ता गर्ने कार्यमा द्विविधा उत्पन्न भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा साविकमा वन पैदावारमा आधारित उद्योगहरू वन क्षेत्रबाट तराईको हकमा ५ कि.मि. र अन्य क्षेत्रको हकमा ३ कि.मि. टाढा मात्र स्थापना हुन सक्ने भनी वन तथा भू-संरक्षण मन्त्रालयको राज्यमन्त्री स्तरबाट मिति २०५४।७।२६ मा निर्णय भई कार्यान्वयन भइरहेकोमा उक्त निर्णय उपर वन तथा भू-संरक्षण मन्त्रालयको राज्यमन्त्री स्तरबाट मिति २०६३।११।११ मा संशोधन भई उक्त दूरी क्रमशः २ कि.मि. र १ कि.मि. कायम भएको देखियो । सोही आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।८।३० को निर्णयानुसार वन विभागमा क्रमशः ५ र ३ कि.मि.मै कार्यान्वयनको लागि लेखी पठाइएको देखियो । नेपाल राजपत्र खण्ड ५७ संख्या १९ भाग ५ मिति ०६४।५।३ मा प्रकाशित सूचना अनुसार कच्चा पदार्थको लागि वनमा आधारित र प्रशोधन विधि प्रयोग हुने उद्योगहरूले वातावरणीय प्रभाव मूल्यांकन गरेको खण्डमा जुनसुकै वन क्षेत्रको १ कि.मि.भित्र उद्योग स्थापना हुन सक्ने भन्ने आशय देखिन आउँछ । यसरी वन जस्तो वातावरणीय पक्षसँग अति गहन रूपले जोडिएको संवेदनशील विषयसँग सम्बन्धित निर्णयहरू विभिन्न स्तरबाट टुक्रे रूपमा हुँदा विश्वव्यापी रूपमै चिन्ताको विषय बनिसकेको वन एवं वातावरण संरक्षणमा दीर्घकालीन रूपमै नकारात्मक असर पर्न सक्ने अवस्था सिर्जना हुनसक्ने भएकोले यस्तो अति संवेदनशील विषय उपर निर्णय गर्दा संम्बन्धित विज्ञहरूको राय सहित मन्त्रिपरिषद्मा नै गहन छलफल भै उचित निर्णय हुनुपर्ने देखिएकोले सोही अनुसार हुन आयोगको मिति २०६६।७।२५ को निर्णय अनुसार प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाइएको ।

२. जिल्ला प्रशासन कार्यालय रामेछापका सहायक प्रमुख जिल्ला अधिकारी दिलिप लामिछाने र चारघरे सेवा समिति, रामपुर रामेछापको अध्यक्षका विरुद्धमा सामाजिक आर्थिक विकासको लागि निकासा भै आएको रकम हिनामिना गरेको भन्ने विषयको उजुरी उपर

अनुसन्धान हुँदा गरिबी निवारण कोष कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन गर्दै आएको रामपुर, रामेछापको चारघरे सेवा समिति नामक संस्थाको वैधानिकता, गरिबी निवारण कोष र उक्त संस्थाबीच भएको सम्झौता, उक्त संस्थाबाट भए गरेका कामको अवस्था र कोषबाट निकासा भएको रकमको सम्बन्धमा गरिबी निवारण कोषबाट पनि अनुगमन एवं छानबिन भइरहेको जानकारी हुन आयो । कोषबाट छानबिन गरी तत्सम्बन्धमा लिइने निर्णयको जानकारी आयोगलाई गराउन आयोगको मिति २०६७।३।१५ को निर्णय अनुसार गरिबी निवारण कोषलाई लेखी पठाइएको ।

(छ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

१. बाँके जिल्लाको अति विकट मानिने ९ वटा गाउँ विकास समितिहरूमा विद्युतीकरण विस्तारका लागि अपुग रकममध्ये वन कार्यालय बाँकेको धरौटी खातामा रहेको सामुदायिक वन उपभोक्ता समितिहरूले कटान मुछान आदेशभन्दा बढी वन पैदावार कटान गरी लिलाम बिक्री भएको रकममध्ये ७५% रकम यस संस्थालाई विद्युतीकरणको लागि सहयोग गर्ने मूल समितिसँग सम्झौता भए अनुसार वन तथा भूसंरक्षण मन्त्रालयलाई विद्युतीकरणका लागि मात्र उपयोग हुने गरी उक्त रकम उपलब्ध गराई पाऊँ भनी सोनारी-बघौडा ग्रामीण सामुदायिक विद्युतीकरण विकास मूल समिति बाँकेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा बाँके जिल्लास्थित सामुदायिक वन उपभोक्ता समितिले कटान मुछान आदेशभन्दा बढी वन पैदावारहरू कटान गरेको सम्बन्धमा कारबाही भई संकलन भएको वन पैदावारहरू सडिगली जाने अवस्था भएकोले संकलित वन पैदावारहरू वन ऐन र नियमावली बमोजिम प्रक्रिया अवलम्बन गरी वन विभागको माग बमोजिम लिलाम बिक्री वितरण गरी सोबाट प्राप्त रकम धरौटी खातामा राख्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।११।२ को निर्णयानुसार वन विभागलाई लेखी पठाएको अनुगमन मिसिल नं. ८२२ को फाइलबाट देखियो । जिल्ला वन कार्यालय बाँकेको मिति २०६६।३।२० को प्राप्त पत्रसाथ वन पैदावारहरूको विवरणबाट जम्मा ४२,४४७.५२ घ.फि. लिलाम बिक्री भई १७३१४.५२ घ.फि.बाँकी रहेको भन्ने देखिएकोले लिलाम बिक्री हुन बाँकी वन पैदावारहरू समेत बिक्री वितरण गराई, सोनारी-बघौडा ग्रामीण सामुदायिक विद्युतीकरण विकास मूल समितिको उक्त उजुरी पत्रानुसार ग्रामीण विद्युतीकरणको कार्यक्रम सञ्चालन भएको हो होइन बुझी सो कार्यक्रम सञ्चालन भएको भए प्रचलित कानूनको परिधिभित्र रही जिल्ला वन कार्यालय बाँकेको धरौटी खातामा रहेको रकम सम्बन्धित उपभोक्ता समितिहरूलाई फिर्ता दिने सम्बन्धी कारबाहीका लागि आयोगको मिति २०६६।४।३२ को निर्णय अनुसार वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

२. बोलकबोल प्रथाद्वारा प्रतिस्पर्धा गराई सल्लाको खोटो संकलन गर्न अनुमति दिने गरी मन्त्रीस्तरबाट भएको निर्णय उल्ट्याई मोटो रकम लिई साविकका खोटो उद्योग लगायत अन्य उद्योगलाई करारनामा गरी सल्लाको खोटो उपलब्ध गराउन लागेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा वन नियमावली, २०५१ को नियम ११ को उपनियम (१), (२) र (३) को व्यवस्था बमोजिम विगतदेखि नै निश्चित स्थान, परिमाण, राजस्व र अन्य आवश्यक शर्तहरू समेत तोकी वन विभाग र विभिन्न कम्पनीहरूका बीचमा करारनामा भै इजाजत पत्रको माध्यमबाट सल्लाको खोटो बिक्री वितरण गर्ने गरिएकोमा खोटो बिक्री वितरणको सम्बन्धमा विगतमा भएका काम कारबाहीहरूमाथि

निकै प्रश्नहरू उठेकाले अब उप्रान्त प्रतिस्पर्धाबाट गराउनु भनी मिति २०६५।३।३ मा नेपाल सरकार (मन्त्रीस्तर) को निर्णय भएको देखिन्छ। यो निर्णय उक्त नियमावलीको नियम ११(४) बमोजिम कानूनसम्मत तवरले नै भएको मान्नुपर्ने हुन्छ। सो निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा वन तथा भू-संरक्षण मन्त्रालयबाट नै कार्यदल गठन गरी सो कार्यदलको प्रतिवेदनको सिफारिस बमोजिम सल्लाको खोटो प्रतिस्पर्धाको माध्यमबाट बिक्री वितरण गर्न व्यावहारिक नहुने कारण देखाई साविक बमोजिम नै इजाजतपत्रको माध्यमबाट गर्नका लागि विभाग र मन्त्रालय स्तरमा टिप्पणी लगायतका प्रक्रियाहरू अगाडि बढाइएको प्राप्त कागजातहरूबाट देखिन्छ। वन नियमावली, २०५१ को नियम ११ को व्यवस्थानुसार सरकारले इजाजतपत्र वा प्रतिस्पर्धा दुवै माध्यमबाट सल्लाको खोटो समेतका जडिबुटी बिक्री वितरण गराउन सक्ने नै हुँदा सरकार, स्थानीय समुदाय, उद्यमी व्यापारी र अन्य सरोकारवाला (Stakeholders) हरूको हितलाई ध्यानमा राखी वृहत्तर नीति (Comprehensive policy) बनाई कानून बमोजिम सल्लाको खोटो लगायतका जडिबुटीहरू बिक्री वितरण गर्न गराउनका लागि आयोगको मिति २०६६।५।१ को निर्णय अनुसार वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी पठाइएको।

३. बारा जिल्लाको रतनपुरी रेन्ज पोष्ट अन्तरगत राष्ट्रिय वन क्षेत्रबाट चोरी निकासी भएको खयरको काठका सम्बन्धमा सर्वदलीय समितिले वन तथा भू-संरक्षण राज्यमन्त्री समक्ष पेश गरेको प्रतिवेदनका सम्बन्धमा अनुसन्धान हुँदा स्थानीय जन जागृति माध्यमिक विद्यालयको प्राङ्गणमा घाटगद्धी गरी राखिएको १७५ थान (५.४५.९४ क्यु. फिट) खयरको काठ जिल्ला वन कार्यालय बाराले जिम्मा लिई ३ महिनाभित्र व्यवस्थापन गरी गराई आयोगमा जानकारी पठाउन आयोगको मिति २०६६।५।९ को निर्णय अनुसार वन तथा भू-संरक्षण मन्त्रालयका सचिवलाई लेखी पठाइएको।

४. तत्कालीन शाही शुक्लाफाँट वन्य जन्तु आरक्ष विस्तार गर्ने क्रममा त्यहाँ बसोबास गरेका बासिन्दाहरूलाई अन्यत्र जग्गा सट्टाभर्ना दिन र विस्तारित आरक्ष खाली गराउने सम्बन्धमा शुक्लाफाँट वन्य जन्तु आरक्ष जग्गा समस्या समाधान आयोग एवं समिति लगायतले गरेका अनियमितताको सम्बन्धमा अनुसन्धान हुँदा उजुरीको जटिलता, गम्भीरता एवं कार्यान्वयन क्षेत्रमा हुन सक्ने समस्या समेतलाई दृष्टिगत गर्दा प्रस्तुत उजुरी लगायत शुक्लाफाँट वन्यजन्तु आरक्ष विस्तारसँग जोडिएका सन्दर्भ विषयमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग समन्वय गरी उपयुक्त निकासाका लागि आवश्यक छानबिन जे जो गर्न र समस्या समाधान गर्न नेपाल सरकारसमक्ष पेश गर्नका लागि आयोगको मिति २०६७।३।३१ को निर्णय अनुसार वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको।

(ज) वाणिज्य तथा अपूर्ति मन्त्रालय अन्तर्गत

१. आ.व.२०६५।६६ का लागि धनगढीदेखि बझाङ र अछामसम्म क्रमशः रु. ६९९ रु. ५३० प्रति क्विन्टल टेण्डर प्रक्रियाद्वारा खाद्यान्न ढुवानी गर्न सम्झौता समेत भैसकेको अवस्थामा वर्षे ढुवानी दर झण्डै ३ गुणा बढी निर्धारण गराई बझाङ र अछाममा खाद्यान्न ढुवानी गराई रु. ५० लाखसम्म नेपाल खाद्य संस्थानका महाप्रबन्धक वेनीबहादुर रावलले सरकारी रकम हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा खाद्यान्न उत्पादन न्यून हुने पहाडी दुर्गम जिल्लाका जनतालाई राहत

दिन नेपाल सरकारबाट प्राप्त ढुवानी अनुदानको आधारमा कोटा निर्धारण गरी नेपाल खाद्य संस्थानले खाद्यान्न आपूर्ति गर्दै आएकोमा आ.व. २०६५।६६ को लागि नियमित कोटा अन्तर्गतको खाद्यान्न ढुवानी धनगढीदेखि बझाङ प्रति क्विन्टल रु.६९९।- र धनगढीदेखि अछाम प्रति क्वि.रु. ५३०।- मा बोलपत्र प्रक्रियाद्वारा मिति २०६५।४।२१ मा सम्झौता समेत भैसकेको अवस्थामा नियमित कोटाको अतिरिक्त विशेष कार्यक्रम अन्तर्गत धनगढीदेखि बझाङको लागि प्रति क्विन्टल रु. २६००।- र अछाम मंगलसेनको लागि प्रति क्विन्टल रु.१२९०।- वर्षे दररेट कायम गराई मिति २०६५।५।३ मा भएको सम्झौता अनुसार बझाङको लागि २००० क्विन्टल र अछाम जिल्लाको मंगलसेनको लागि मिति २०६५।४।२३ मा भएको सम्झौता अनुसार १९९५.०० क्विन्टल चामल ढुवानी भएको पाइयो । उक्त ढुवानी जिल्ला खाद्य व्यवस्था समितिबाट निर्धारण गरिएको वर्षे ढुवानी दररेटमा सिधै ठेकेदारसँग सम्झौता गरी भएको देखिन्छ । नियमित कोटा अन्तर्गतको खाद्यान्न ढुवानी सम्झौता भैसकेको अवस्थामा वर्षे ढुवानी भनी अधिकतम ढुवानी दररेटमा अमुक ठेकेदारसँग सोझै सम्झौता गरी खाद्यान्न ढुवानी गराएको सम्बन्धमा नेपाल खाद्य संस्थानबाट प्राप्त प्रतिक्रिया तथा सरोकार निकायका पदाधिकारीहरू समेतको भनाइबाट नियमित ढुवानी सम्झौता भैसकेको अवस्थामा उक्त आर्थिक वर्षभरिमा तोकिएको परिमाणको खाद्यान्न ढुवानी गर्ने जिम्मेवारी र दायित्व उक्त ठेकेदारको हुने तर सम्झौतामा उल्लेख गरिएको अवस्थामा बाहेक अमुक महिनामा यो यति परिमाणको खाद्यान्न ढुवानी गर्न ठेकेदारलाई बाध्य गर्न नसकिने । नियमित कोटा अन्तर्गतको खाद्यान्न ढुवानी दररेटमा वर्षायाममा ठेकेदारहरूले ढुवानी गर्न नमान्ने, आकस्मिक ढुवानी गर्नुपर्ने अवस्थामा सो विषयलाई पनि नियमित ढुवानी ठेक्का सम्झौताको विषय बनाउँदा ढुवानी दररेट झन् बढ्न जाने जस्ता व्यावहारिक कठिनाइ हुन जाने भन्ने देखियो । जिल्ला खाद्य व्यवस्था समिति अछाम र बझाङको तत्काल खाद्यान्नको आपूर्ति गर्ने विषयको निर्णय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६५।४।२४ को निर्णय कार्यान्वयनसम्बन्धी पत्रबाट जिल्लामा खाद्यान्न अभाव भै तत्काल आपूर्ति गर्नुपर्ने स्थिति र अवस्थामा जिल्ला खाद्य व्यवस्था समितिबाट निर्धारित दररेटको आधारमा ढुवानी गराएको कार्य संस्थानको कानून अनुरूप नै देखिए तापनि नेपाल खाद्य संस्थानद्वारा विभिन्न दुर्गम जिल्लाहरूमा निर्धारित कोटा अनुसारको नियमित खाद्यान्नको ढुवानी दररेट, बोलपत्र आह्वान लगायत वर्षे ढुवानी दररेट निर्धारण, ठेक्का प्रक्रियामा देखिएको विसंगति र खाद्यान्न ढुवानीको चर्को भारलाई न्यूनीकरण गरी खाद्यान्न ढुवानी प्रक्रिया किफायती, सरल, पारदर्शी र विश्वसनीय बनाउन वाञ्छनीय भएको हुँदा आयोगको मिति २०६७।२।१६ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय तथा नेपाल खाद्य संस्थानलाई लेखी पठाइएको ।

२. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र पुल्चोकले आफ्नो कर्मचारी सेवा शर्त र सुविधासम्बन्धी विनियमावलीको ठाडो उल्लंघन गरी पदीय अधिकारको दुरुपयोग गरी नियम विपरीत स्वेच्छाचारी तथा अपारदर्शी तरिकाबाट पद र दरबन्दी नै नभएको ठाउँमा बढुवा गर्ने सूचना प्रकाशित गरेको त्यसै गरी सोही केन्द्रमा छैठौं तहमा कार्यरत राजेन्द्र सिंहले सेवा प्रवेश गर्दा टेक्सटाइल इन्जिनियर पदमा लिइएको परीक्षामा परीक्षापश्चात बि.एस्सि. इन टेक्सटाइल टेक्नोलोजीको प्रमाण पत्रहरू पेश गरी सेवा प्रवेश गरेकाले छानबिन होस् भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा हाल व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रमा छैठौं तहमा कार्यरत राजेन्द्र सिंहले २०५५ सालमा

तत्कालीन गलैंचा तथा ऊन विकास समितिमा सेवा प्रवेश गर्दा टेक्सटाइल इन्जिनियर पदमा लिइएको परीक्षामा परीक्षापश्चातः बि.एस्सि. इन टेक्सटाइल टेक्नोलोजीको प्रमाणपत्रहरू पेश गरी नियुक्ति लिएको भन्ने विषयमा यस आयोगबाट मिति ०६५।४।१५मा "अब उप्रान्त पदपूर्ति गर्दा दरखास्त दिने अन्तिम दिनसम्ममा आवश्यक शैक्षिक योग्यताको जाँचमा उत्तीर्ण भएकाहरूको मात्र दरखास्त स्वीकार गर्न सम्बन्धित संस्थालाई निर्देशन दिने" भनी निर्णय भइसकेकाले यस सम्बन्धमा केही गर्न परेन । नियम विपरीत पद र दरबन्दी नै नभएको ठाउँमा बढुवा गर्ने सूचना प्रकाशित गरेको भन्ने सम्बन्धमा छानबिन गर्दा, व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिले केन्द्रको कर्मचारी सेवाशर्त र सुविधासम्बन्धी नियमावली २०६४ को नियम ८ (२) बमोजिम वरिष्ठ शाखा अधिकृत (प्रा.) तह ७ कम्प्युटर इन्जिनियर पदलाई मुख्य अधिकृत तह ८मा अपग्रेड गर्ने र शाखा अधिकृत (प्रा.) तह ६ लाई वरिष्ठ शाखा अधिकृत (प्रा.) टेक्सटाइल इन्जिनियर तह ७ मा अपग्रेड गर्ने गरी स्थायी प्रकृतिको अधिकृत तहको उक्त दुई पदमा दरबन्दी कायम गरी कर्मचारी सेवा शर्त र सुविधासम्बन्धी नियमावली २०६४ को अनुसूची १ बमोजिम दरबन्दी कायम गरी उक्त अपग्रेड गरिएका पदहरूमा पदपूर्ति भएपछि स्वतः खारेज गर्ने भनी गरेको निर्णय नेपाल सरकार तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीस्तरको निर्णयबाट मिति २०६५।३।२५ मा स्वीकृत गरेको देखिन्छ । केन्द्रको कर्मचारी सेवाशर्त तथा सुविधासम्बन्धी विनियमावली २०६४ को विनियम ८ मा केन्द्रमा आवश्यक पद सृजना गर्न सकिने व्यवस्था रहेको तर नियमावलीको नियम ९ मा भने तह ७ (प्रा.) पदमा खुल्ला प्रतियोगिताबाट १००% पदपूर्ति गरिने छ भन्ने व्यवस्था रहेको देखिएको हुँदा उक्त नियम ९ अनुसार बढुवाबाट तह ७ (प्रा.) मा पदपूर्ति गर्न नमिल्ने देखिएकोले तह ७ (प्रा.) बढुवाबाट पदपूर्ति गर्नुपर्ने भए केन्द्रको हाल विद्यमान कर्मचारी सेवा शर्त तथा सुविधासम्बन्धी नियमावली २०६४ मा आवश्यक व्यवस्था गरेर मात्र पदपूर्ति गर्न आयोगको मिति २०६७।२।१९ को निर्णय अनुसार व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई लेखी पठाइएको ।

(झ) विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत

Microsoft Cooperation Pvt. Ltd. Laptop वितरण गर्न कार्यक्रम भएअनुसार सूचना प्रविधि उच्चस्तरीय आयोगसँग समझदारी पत्रमा हस्ताक्षर गरेको भन्ने काठमाडौं पोष्टको २४ जुनमा प्रकाशित खबरका बारेमा सूचना प्रविधि उच्चस्तरीय आयोगको प्रतिक्रिया मागी अनुसन्धान हुँदा पत्रिकामा प्रकाशित Unlimited Technologies Pvt. Ltd. नेपालको Market Development Partner वैलोचन तुलाधरले तत्कालीन रोजगार प्रवर्द्धन आयोगसँग गरेको सम्झौता बमोजिम नगरी आ.व.०५८/५९ र ०५९/६० मा समेत सरकारी रकम रु. २,०९,५७,५००।- अनियमित भई असुल उपर गर्नुपर्ने भनी महालेखा परीक्षकको प्रतिवेदनमा परेकोले सो रकम असुल उपर नभएसम्म त्यस्ता व्यक्तिहरूको रेकर्ड राख्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयलाई लेखी पठाउने भनी यस आयोगबाट मिति २०६२/१२/२ मा निर्णय भइसकेको अवस्थामा पुनः निज तुलाधर साक्षीको रूपमा रहेको समझदारी सम्झौतामा देखिन आएको हुँदा प्रत्यक्ष वा परोक्ष रूपमा निज तुलाधर संलग्न भएको कुनै पनि संघ-संस्था तथा कम्पनीसँग निजले मासेको उल्लेखित रकम असुल उपर नभएसम्म सम्झौता नगर्न भनी आयोगको

मिति २०६६।५।१० को निर्णय अनुसार विज्ञान तथा प्रविधि मन्त्रालयलाई लेखी पठाइएको ।

(ञ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय रोल्पाबाट विभिन्न भवन निर्माणसम्बन्धी बोलपत्र आव्हान भएकोमा बोलपत्र दर्ता गराउन नदिई ठेकेदारले मिलेमतो गरी भ्रष्टाचार गरे भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा ५८ थानसम्म बोलपत्र बिक्री भएकोमा बढीमा ३ थानसम्म मात्र बोलपत्र दर्ता भएको, एकाइ दररेट नभरी एकमुष्ठ रकम भर्नुपर्ने आइटमहरू प्रशस्त हुँदा हुँदै स्वीकृत लागत अनुमानभन्दा १% भन्दा कम रकम (अर्थात लागत अनुमानकै हाराहारीमा) प्रत्येक ठेक्कामा बोलकबोल गरेको, स्वीकृत लागत अनुमानलाई गोप्य राख्नुपर्ने कानूनी प्रावधानको पालना नभएको, कुनै ठेक्कामा एउटै ठेकेदारले आवश्यक पर्ने कागजातहरू नियतबस समावेश नगरेको, कुनैमा लागत अनुमानभन्दा सयौं गुणा बढी अंक कबोल गरी कोरम पुऱ्याउने प्रयोजनबाट मात्र बोलपत्र दर्ता गराएको । सोही ठेकेदारले आफूले प्राप्त गर्ने ठेक्कामा भने लागत अनुमानको हाराहारीमै बोलकबोल गरेको, बोलपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट १० देखि १२ बजेसम्म अर्थात जम्मा २ घण्टाको समयभित्र सबै ठेकेदारहरूले बोलपत्र दर्ता गराएको । उल्लेखित तथ्यहरूबाट ठेकेदारहरूले आपसी मिलेमतो गरी बोलपत्र पेश गरेको देखिन आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) बमोजिम आपसी मिलेमतो गरी बोलपत्र भरिएको देखिए बोलपत्र रद्द हुने कानूनी व्यवस्था भएको हुँदा आयोगको मिति २०६६।१२।२७ को निर्णय अनुसार उक्त मिति ०६६।११।१ को सूचनाद्वारा आव्हान गरिएका सम्पूर्ण बोलपत्रहरू रद्द गरी पुनः बोलपत्र आव्हान गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय रोल्पालाई लेखी पठाइएको ।

२. शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय गोरखाबाट विभिन्न भवन निर्माणसम्बन्धी बोलपत्र आव्हान भएकोमा बोलपत्र दर्ता गराउन नदिई ठेकेदारले मिलेमतो गरी भ्रष्टाचार गरे भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा बोलपत्र बिक्रीको अनुपातमा कम मात्र बोलपत्र दर्ता भएको, एकाइ दररेट नभरी एकमुष्ठ रकम भर्नुपर्ने आइटमहरू प्रशस्त हुँदाहुँदै स्वीकृत लागत अनुमानभन्दा १% भन्दा कम रकम (अर्थात लागत अनुमानकै हाराहारीमा) प्रत्येक ठेक्कामा बोलकबोल गरेको । स्वीकृत लागत अनुमानलाई गोप्य राख्नुपर्ने कानूनी प्रावधानको पालना नभएको, कुनै ठेक्कामा एउटै ठेकेदारले रीतपूर्वकको र कुनैमा बेरीतको बोलपत्र दर्ता गराई कोरम पुऱ्याउने प्रयोजनबाट मात्र बोलपत्र दर्ता गराएको । सोही ठेकेदारले आफूले प्राप्त गर्ने ठेक्कामा भने लागत अनुमानको हाराहारीमै बोलकबोल गरेको, बोलपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट १० देखि १२ बजेसम्म अर्थात जम्मा २ घण्टाको समयभित्र सबै ठेकेदारहरूले बोलपत्र दर्ता गराएको । हुलाकबाट पेश हुन आएका बोलपत्रहरू फिर्ता गर्न निवेदन दिएकोमा विभिन्न कम्पनीको तर्फबाट पेश भएको भनिएको निवेदन एउटै व्यक्तिको हस्ताक्षरबाट लेखिएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८ बमोजिम रीत नपुगेको बोलपत्रहरू फिर्ता गर्ने मनसायले नखोलेको र फिर्ता पनि नगरेको । बोलपत्र फिर्ता गर्न दिएको निवेदनमा आधिकारिक व्यक्तिको दस्तखत भएको नदेखिएको, दस्तखत कीर्ते भएको समेत देखिएको । उल्लेखित

तथ्यहरूबाट ठेकेदारहरूले आपसी मिलेमतो गरी बोलपत्र पेश गरेको देखिन आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) बमोजिम आपसी मिलेमतो गरी बोलपत्र भरिएको देखिए बोलपत्र रद्द हुने कानूनी व्यवस्था भएको हुँदा आयोगको मिति २०६६।१२।२७ को निर्णय अनुसार उक्त सम्पूर्ण बोलपत्रहरू रद्द गरी पुन बोलपत्र आह्वान गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय गोरखालाई लेखी पठाइएको ।

३. पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. २ पोखराले निर्माण, मर्मत कार्यमा गुणस्तर परीक्षण लगायतका कार्यमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा गुणस्तर परीक्षणका लागि स्थापना भएको प्रयोगशालामा परीक्षण कार्यको अभिलेखसम्म नराखेकोले गुणस्तर परीक्षण जस्तो निर्माण कार्यको महत्वपूर्ण पक्षप्रति संवेदनशील हुन नसकेको देखिन आएकोले अब उप्रान्त यस्तो कार्य हुन नदिन आयोगको मिति २०६६।९।१२ को निर्णय अनुसार भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको ।

४. नेपाल खानेपानी संस्थानका तत्कालीन महाप्रबन्धक गौतमबहादुर अमात्यले रु. ५०/६० हजार पर्ने पम्पलाई ३ लाखका दरमा एउटै पार्टीबाट कोटेसन लिई खरिद गरी महांकालचौर, महाराजगन्ज, ललितपुर, धनगढी महेन्द्रनगर, बुटवल, लहान, राजविराज शाखाको लागि करोडौंको वाटरपम्प खरिद गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नेपाल खानेपानी संस्थानको खरिद नीति, २०६१ मा दरभाउ प्रक्रियाद्वारा खरिद गर्न सकिने प्रावधान भए तापनि विशेष परिस्थिति उत्पन्न नभएको अवस्थामा पुनः बोलपत्र आह्वान गरी बोलपत्र प्रक्रियाबाटै खरिद गर्नुपर्ने ४ थान पम्पहरू नेपाल खानेपानी संस्थान, महाराजगन्ज शाखाबाट दरभाउ प्रक्रियाद्वारा जम्मा रु. ९,६९,६१३।- मा खरिद गर्न स्वीकृति दिएको कुरा कानूनसम्मत नदेखिएको हुँदा यस्तो गैरकानूनी कार्य गर्ने निज गौतम बहादुर अमात्यलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५(ख) बमोजिम दुई वर्षसम्म सार्वजनिक जवाफदेहीको पदमा नियुक्ति नगर्न आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार नेपाल सरकारलाई लेखी पठाइएको ।

(ट) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. साविक पशुपति ८ (च) कित्ता नम्बर १९६ र १९७ क्षेत्रफल क्रमशः २-८-०-० र १२३-०-०-० जग्गा फिल्डबुकको जग्गाधनी, मोही तथा कैफियत महल खाली रहेको र फिल्डबुकको विरह महलमा समेत बागमती नदी जनिएको सरकारी सार्वजनिक प्रकृतिको जग्गा मालपोत कार्यालय डिल्लीबजारले व्यक्ति विशेषका नाममा दर्ता गर्ने प्रयोजनका लागि गोरखापत्रमा प्रकाशित गरेको हकदाबीसम्बन्धी सार्वजनिक सूचनाका सम्बन्धमा अनुसन्धान हुँदा उल्लेखित कित्ता जग्गाहरू रैकरमा परिणत गरी दर्ता गरिपाऊँ भन्ने निवेदन उपर निर्णय नगरी तत्कालीन श्री ५ को सरकारका नाममा दर्ता गर्ने गरी मालपोत कार्यालय डिल्लीबजारबाट २०४४ साल अगावै भएको निर्णय सर्वोच्च अदालतको मिति ०६३।३।१३ को उत्प्रेषणको आदेशले बदर गरी म्यादभित्र परेका निवेदनहरूमा आवश्यक प्रक्रिया पूरा गरी निवेदन दाबीका जग्गा दर्ता गर्ने सम्बन्धमा अविलम्ब कानून बमोजिम निर्णय गर्नु भन्ने परमादेश जारी भएको देखिन्छ । सर्वोच्चको

निर्णयपश्चात उल्लेखित कित्ता जग्गाहरू माधुरी थापाले दर्ता गरी पाऊँ भनी पेश गरेको निवेदनमा हकदाबीसम्बन्धी सार्वजनिक सूचना प्रकाशन भएपछि राम प्रसाद भट्टराई समेत ३ पक्षको हकदाबी निवेदन मालपोत कार्यालय डिल्लीबजारमा दर्ता भएको देखिन्छ। प्राप्त मिसिल संलग्न कागजातबाट उक्त जग्गाको साविक पशुपति ८ (च) कित्ता नम्बर १९६ र १९७ को जग्गा २०२१ सालको नापीका जग्गा कायम फिल्डबुकको विरहमा वाग्मती नदी र बाटो जनिएको जग्गाधनी, मोही र कैफियत महल समेत खाली रहेको पाइयो। निवेदकले नदी उकासको जग्गा दर्ता माग गरेकोमा निवेदन साथ संलग्न साविक लगत उतारको छायाप्रतिबाट उक्त जग्गा पाखो जनिएको देखिन आयो। साविक पशुपति ८ (च) कित्ता नम्बर १९६ र १९७ बाट हाल कुन कुन कित्ताहरू कायम भै हाल ती कित्ताहरूको स्वामित्वको अवस्था के कस्तो रहेको छ भन्ने विषयसमेत सम्बन्धित मालपोत कार्यालयबाट बुझ्ने काम नगरी हकदाबीसम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको देखिन आयो। उक्त कित्ता नम्बर १९६,१९७ कित्ताकाट भै कायम भएको कित्तामा नै वागमती ढल सुधार कार्यालय रहेको अन्य कित्ताहरू पनि सट्टापट्टामा पाई विभिन्न व्यक्तिहरूको भोगमा रहेको पाइयो। यसैगरी भूमिसुधार कार्यालय काठमाडौंको च.नं. ८४४९ मिति २०६१।१२।२६ को पत्रको छायाप्रतिबाट काठमाडौं जिल्ला पशुपति ८ (च) कित्ता नम्बर १९६ र १९७ का जग्गाहरू ऐ. वडा नं. ८ को २ नं. अनुसूची पानाहरूबाट नदेखिएको व्यहोरा उल्लेख भैआएकोमा निवेदक रामप्रसाद भट्टराईले पेश गरेको जोताहाको अस्थायी निस्साको छायाप्रति समेत शंकास्पद देखिन आएकाले यसप्रकारका शंकास्पद कागजातहरू उपर छानबिन गरी कागजात पेश गर्ने व्यक्तिहरू उपर आवश्यक कारबाही गर्न आयोगको मिति २०६६।४।४ को निर्णय अनुसार सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाइएको।

२. साविक पाटन यनमुगल ६६।५६ नं. लगतमा त्रैलोकधर समेत ६ जनाको नाममा गुठी जनिएको चतिपा भन्ने खेत नापी हुँदा ललितपुर जिल्ला टीकाथली गाउँ विकास समिति वा.नं.१(ख) को कित्ता नम्बर १२ को क्षेत्रफल ६-४-०-० जग्गा कर्मचारीहरू विपक्षीहरूसँग मिली फिल्डबुकमा केरी सच्याई गुठी जग्गा रैकरमा दर्ता गरी बिक्री गरी हानी नोक्सानी गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा ललितपुर जिल्ला टीकाथली वा.नं.१ (ख) कि.नं १२ को फिल्डबुक सच्याई गुठी शब्द मेटाइएको र सोही आधारमा मालपोत कार्यालय ललितपुरले उक्त जग्गा नक्कली व्यक्तिहरूका नाममा दर्ता समेत गरेको कुरा फाइलसाथ संलग्न कागजातहरूबाट देखियो। नापी कार्यालयको तर्फबाट फिल्डबुक उतारक कर्मचारीले बयानमा फिल्डबुक आफूले उतारेको तर 'गुठी' शब्द काट्ने काम आफूले नगरेको कुरा स्वीकार गरेको छ। नापी कार्यालयमा रहने सक्कल फिल्डबुक कार्यालयको सक्कल अभिलेख हो। त्यस्तो अभिलेख मास्ने, नास्ने, च्यात्ने, सच्याउने जस्ता गैरजिम्मेवार काम कारबाहीहरू गर्नु गराउनु कानून विपरीतका कार्य हुने हुँदा फाँटवालाले फिल्डबुक उतार नगरी कार्यालय सहयोगीले उतार गर्नु र सक्कलै कागजात नहेरी उतारकका हैसियतले फाँटवालाले सही गर्नु तथा त्यसैको माथितिर नापी निरीक्षकले प्रमाणित गर्नुलाई चरम गैरजिम्मेवारीपूर्वक काम गरी पदीय कर्तव्य पूरा नगरेको पाइयो। सक्कल फिल्डबुकमा उल्लेखित 'गुठी' शब्द कसले कहिले र किन, काट्यो, मेट्यो सो समेत खुल्न किटान हुन नसकेको अवस्था हुँदा फिल्डबुकमा उल्लेखित व्यहोरा भू-सूचना तथा अभिलेख विभागको माइक्रोफिल्ममा आयोगबाट हेर्दा 'गुठी' शब्द जस्ताको तस्तै अर्थात् केरमेट नभएको अवस्थामा रहेको पाइयो। अतः

ललितपुर जिल्ला टीकाथली गाउँ विकास समिति वा.नं.१ (ख) कित्ता नम्बर १२ को क्षेत्रफल ६-४-०-० जग्गाको मिति २०६५।११।२३ मा बुद्धरत्न शाक्यका नाममा दर्ता हुने गरी मालपोत कार्यालय ललितपुरले गरेको निर्णय कानूनसम्मत नभएकाले उक्त जग्गालाई पूर्ववत् निजी गुठीमै कायम गरी ०६५।११।२३ को दर्तासम्बन्धी कारबाही निष्कृय गर्न आयोगको मिति २०६६।५।१५ को निर्णय अनुसार मालपोत कार्यालय ललितपुरलाई लेखी पठाइएको ।

३. पर्सा जिल्ला, सखुवा प्रसौनी गाउँ विकास समिति वडा नं. ३ साविक कित्ता नं. ५४, ५५ र ५६ जग्गाको पश्चिमतर्फको सार्वजनिक बाटो व्यक्तिको जग्गामा घुसाई नापीका कर्मचारी समेतको मिलेमतोमा सार्वजनिक सम्पत्ति हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा साविक नक्सामा पर्सा जिल्ला सखुवा प्रसौनी गाउँ विकास समिति वडा नं. ३ (गाउँ) कित्ता नं. ५३ र ५४ भन्दापूर्व र सोही सखुवा प्रसौनी गाउँ विकास समिति वडा नं. ३ (गाउँ) कै कित्ता नं. ५५ र ५६ को पश्चिमतर्फ बाटो भएको साविक नक्सा र नापी कार्यालय पर्साबाट नक्सामा बाटो भएको व्यहोरा लेखी आएको । १ नं. नापी गोश्वारा पर्सा वीरगन्जबाट उपरोक्त जग्गामा नापी हुँदाका बखत उपरोक्त बाटो फिल्डमा नदेखिएको भनी कित्ता नं. ९५, १६० र १६१ जग्गामा साविकको बाटो परेको नक्सा ओभरल्याप गर्दा देखिए अनुसार साविकमा कायम भएको बाटो लगायत सार्वजनिक जग्गाका सम्बन्धमा प्रचलित नियम कानूनको प्रक्रिया पूरा गरी आवश्यक जे जस्तो व्यवस्था गर्नुपर्ने हो तत्काल गर्न आयोगको मिति २०६६।५।२ को निर्णय अनुसार नापी विभागलाई लेखी पठाइएको ।

४. रसुवा जिल्ला हाकु- ३ कित्ता नं. १०० को क्षेत्रफल ९-१४-०-० तथा कित्ता नम्बर ६ को क्षेत्रफल २४-४-२-१ स्वयम्भू घ्याङ्ग गुठीको नाममा दर्ता भएको जग्गामा बिनाकारण मोही कायम गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा फिल्डबुकमा मोही नभनिएको र मिति २०६०।१२।२७ को मोही हक छोडपत्रसम्बन्धी लिखतबाट नामसारी देखाई मोही कायम गराएको देखिएबाट सो कार्य प्रचलित कानूनसम्मत भएको मान्न मिलेन यस सम्बन्धमा आवश्यक कानूनी प्रक्रिया पूरा गरेर जेजसो गर्नुपर्ने गर्न आयोगको मिति २०६६।६।४ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्थापन विभागलाई लेखी पठाइएको ।

५. भूमिसुधार तथा व्यवस्था मन्त्रालयका मन्त्री डम्बर श्रेष्ठ तथा सचिव छविराज पन्तले प्रचलित कानूनको उल्लंघन गरी निमित्त दिने काज खटाउने एवं सरुवा गर्ने लगायतका विभिन्न कार्यहरू गरी अख्तियार दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजामती सेवा ऐन, २०४८ को दफा १८ क (२ ख) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कार्यालयको विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा कार्यरत रहेको कर्मचारीलाई सो पदमा पदाधिकार राखी अन्यत्र आयोजना वा निकायमा काजमा खटाइने छैन ।" भन्ने स्पष्ट कानूनी व्यवस्था भएकोमा सो विपरीत नापी विभागका महानिर्देशक रविनकाजी शर्मालाई विभागमा पदाधिकार कायम राखी भूमि व्यवस्थापन तथा प्रशिक्षण विभागमा काजमा राखिएको कार्य कानूनसम्मत रहेको मान्न सकिएन । तसर्थ सो निर्णय बदर गरी दुष्कृति सच्याउन आयोगको मिति २०६६।६।६ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

६. साविक खड्का भद्रकाली ६ ख कित्ता नं. ३९ हालको सिट नं. १०२-०९४७-०२ कित्ता नं. ३१ नाप नक्सा भै १३९.९० व.मी. क्षेत्रफल भएकोमा खोलाको जग्गा कटाइ हाल उक्त कित्ता जग्गामा १००.२० मिटर अर्थात ०-३-१-० क्षेत्रफल बाँकी हुनुपर्नेमा टिप्पणीमा अमिन र नापी निरीक्षकले क्षेत्रफल सच्याइएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा टिप्पणी व्यहोरामा केरमेट भए पनि नाप नक्सा भई कायम भएको क्षेत्रफल १३९.९० वर्ग मिटरमध्ये साविकको सरकारी सार्वजनिक ३९.७० व.मि. कट्टा गरी १००.२० वर्ग मिटर नै कायम गरेको भन्ने ६ नं. नापी गोश्वराबाट लेखी आएको देखियो । उपरोक्त ३९.७० व.मि. सरकारी सार्वजनिक जग्गा सरकारको नाममा दर्ता गरी नक्सासमेत सुधार गर्न र सो को जानकारी आयोगलाई दिन आयोगको मिति २०६६।६।२७ को निर्णय अनुसार नापी कार्यालय डिल्लीबजारलाई लेखी पठाइएको ।

७. काठमाडौं जिल्ला चपलीगाउँको कित्ता नम्बर २७ क्षेत्रफल १-८-० मालपोत कार्यालय चाबहिलले दर्ता गरिदिएन भन्ने समेत व्यहोराको अनुपकुमार श्रेष्ठको उजुरी निवेदन र सो उजुरीको विषयमा मालपोत कार्यालय चाबहिलद्वारा प्राप्त २०६५ आषाढ मसान्तदेखि २ वर्ष अवधि नाघेका निवेदनहरूको टुंगो लगाउने म्याद थप नगरेको हुँदा कारबाही अगाडि बढाउन नसकिएको सम्बन्धमा अनुसन्धान हुँदा जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नापनक्सा भई दर्ता गर्नसम्म छुट भएको जग्गा दर्ता गर्नको लागि मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (२) मा कुनै निश्चित हद म्याद (समयावधि) नतोकिएको अवस्थामा नियमावलीद्वारा कार्यविधि तोक्ने क्षेत्राधिकार अन्तर्गत नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी छुट जग्गा दर्ताको लागि निवेदन दिने म्याद पटक पटक तोक्न सक्ने गरी नियमावलीको नियम ४ (क) १ मा व्यवस्थित उपरोक्त प्रावधान ऐनको अभिप्राय अनुरूप नदेखिँदा त्यसलाई संशोधन गर्ने आवश्यक व्यवस्था गर्न र यस्ता प्रकारका निवेदकहरूको जग्गा दर्तासम्बन्धी कारबाही अविलम्ब शुरु गर्न मातहतका निकायलाई परिपत्रसमेत गर्न आयोगको मिति २०६६।७।१२ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

८. काठमाडौं जिल्ला साविक भगवानस्थान १(क) कित्ता नम्बर ३,४ र ५ को जग्गा हाल नापीमा कायम भएको काठमाडौं वडा नं.७ सिट नं.१०६७-१४ कित्ता नम्बर ४५,४६ र ३५३ क्षेत्रफल क्रमशः ०-१०-३-२, ०-११-०-२ र ०-११-३-२ को जम्मा क्षेत्रफल २-१-३-२ जग्गा दर्तावाला मोहीलाई जनाउ नै नदिई गैरकानूनी रूपले मोही बाँडफाँड गरेको सम्बन्धमा अनुसन्धान हुँदा गुठी संस्थान ऐन, २०३३ परिच्छेद ६ को दफा २७ मा "गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानून बमोजिम मोहियानी हक पाउनेछ" भन्ने कानूनी व्यवस्था भएको र पशुपति गुठी जग्गाको अभिलेख व्यवस्थापन कार्यविधिमा दर्तावाला मोही र जोताहा मोहीको व्यवस्था भै भूमिमा द्वैधस्वामित्व कायम हुने अवस्था विद्यमान नै देखिएकोले कार्यविधिलाई गुठी संस्थान ऐन, २०३३ ले परिकल्पना गरे बमोजिम जोताहा किसानले मात्र मोहियानी हक प्राप्त गर्ने गरी संशोधन गर्नु भनी आयोगको मिति २०६६।७।१५ को निर्णय अनुसार पशुपतिक्षेत्र विकास कोषलाई लेखी पठाइएको ।

९. मालपोत कार्यालय झापाका खरिदार पुण्यप्रसाद लावतीले जिल्ला झापा गाउँ विकास समिति नक्कलबन्दा हाल मेची नगरपालिका अन्तर्गत वार्ड नं. ७(क) ३७० समेतका करिब १० बिघा जग्गा (जंगल कायम भई सरकारी स्वामित्वमा कायम रहेको तत्कालीन

श्री ५ को सरकारको जग्गा) घरसारमा बनावटी कागजको आधारमा दिनेशप्रसाद कानुका नाममा २०४८।६।२५ को मिति पारी २०५४ सालको मोठ ठेली नं. ६६ मा घुसाई र.नं. ५५८ मिति २०५५।६।११ मा नक्कलबन्दा टि-स्टेट प्रा.लि.का नाममा उल्लेखित जग्गाहरू पारित गरी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी सरकारलाई हानी नोक्सानी पुऱ्याएको सम्बन्धमा अनुसन्धान हुँदा झापा जिल्ला नक्कलबन्दा गाउँ विकास समिति वार्ड नं.७(क) सर्भे नापीको समयमा कित्ता नम्बर २० क्षेत्रफल बिगाह २-८-० (विरह जंगल, किसानको नाम थर जंगल, कैफियतमा आवाद बेलायक) र कित्ता नम्बर ९२ क्षेत्रफल बिगाह १४-६-० (विरह जंगल, किसानको नाम थर जंगल, कैफियतमा आवाद बेलायक) जनिई फिल्डबुक कायम भएको देखियो । त्यसैगरी मालपोत कार्यालयमा रहेको जग्गाधनी दर्ता श्रेस्ता हेर्दा कित्ता नम्बर २० नेपाल सरकारको नाममा श्रेस्ता कायम भएको र कित्ता नम्बर ९२ को श्रेस्ता पुरानो भई धुजाधुजा भएको भन्ने मालपोत कार्यालयको पत्रबाट देखियो । यसरी सर्भे नापीको समयमा जंगल कायम भै मालपोत कार्यालयको मोठ ठेलीमा नेपाल सरकारका नाममा जग्गाधनी श्रेस्ता कायम भएका सरकारी जग्गा नापी शाखामा रहेको फिल्डबुक र नक्सामा कित्ताकाट गरी कित्ता नम्बर २० फोड गरी कित्ता नम्बर ३७०, क्षेत्रफल ०-११-९ कित्ता नम्बर ३७१ क्षेत्रफल ०-७-९ कि.नं ३७२ क्षेत्रफल ०-१७-५ कित्ता नम्बर ३७३ क्षेत्रफल ०-९-२ कित्ता नम्बर ३७५ क्षेत्रफल ०-२-९ र कित्ता नम्बर ९२ फोड गरी कित्ता नम्बर ३७६ क्षेत्रफल ०-२-० कित्ता नम्बर ३७७ क्षेत्रफल ०-३-० कित्ता नम्बर ३७८ क्षेत्रफल ०-५-१२, कित्ता नम्बर ३७९ क्षेत्रफल ०-१५-७, कित्ता नम्बर ३८० क्षेत्रफल ०-४-० कित्ता नम्बर ३८१, क्षेत्रफल ०-१-४, कित्ता नम्बर ३८२ क्षेत्रफल ०-८-०, कित्ता नम्बर ३८३ क्षेत्रफल १-५-१५, कित्ता नम्बर ३८४ क्षेत्रफल ०-१-४, कित्ता नम्बर ३८५ क्षेत्रफल ०-४-०, कित्ता नम्बर ३८६ क्षेत्रफल ०-२-०, कित्ता नम्बर ३८७ क्षेत्रफल ०-१०-२, कित्ता नम्बर ३८९ क्षेत्रफल १-१६-१८, कित्ता नम्बर ३९० क्षेत्रफल ०-९-११, कित्ता नम्बर ३९१ क्षेत्रफल ०-१-०, कित्ता नम्बर २३१ क्षेत्रफल ०-१५-५, कित्ता नम्बर २३२ र क्षेत्रफल ०-१२-१५ कायम गराई दिनेश प्रसाद कानुका नाममा मिति २०४८।६।२५ को निर्णय पर्चाद्वारा दर्ता गरेको भन्ने देखिन आयो । उल्लेखित कित्ता नम्बर र क्षेत्रफल भएका जग्गाहरू मालपोत कार्यालय झापाको र.नं.५५८ मिति २०५५।६।१० को राजीनामा पारित भई नक्कलबन्दा टि-स्टेट प्रा.लि.का नाममा श्रेस्ता कायम भएको देखियो । दर्ता बाँकी जग्गाको छुट जग्गा दर्ता गर्ने कानूनी पक्षतर्फ हेर्दा मालपोत ऐन, २०३४ तथा मालपोत नियमावली, २०३६ बमोजिम साविक दर्ता, तिरो, हकभोगसम्बन्धी स्थानीय निकायको सिफारिस, सार्वजनिक सूचना, जंगल देखिएको हकमा वन कार्यालयको सहमतिपत्र आदि प्रमाणहरूको मूल्यांकन गरी छुट जग्गा दर्ता समितिमा सिफारिसको निमित्त पेश गर्ने निर्णय सदर गरी छुट जग्गा दर्ता समितिमा छलफल गराई समितिको सिफारिस भएमा कार्यालयले जग्गा दर्ता गर्ने, नगर्ने निर्णय गरी जग्गा दर्ता गर्नुपर्ने बाध्यात्मक व्यवस्था देखिन्छ । दिनेश प्रसाद कानुका नाममा दर्ता गरिएको भनिएको मिसिल अध्ययन गर्दा कानून बमोजिम पेश गर्नुपर्ने हकभोगसम्बन्धी प्रमाणहरू पेश भएको देखिँदैन । उपरोक्त अनुसारको निर्णय प्रक्रिया बमोजिम निर्णय भएको नभई खरिदार पुण्यप्रसाद लावतीले निर्णय पर्चा लेखी प्रमुख मालपोत अधिकृत महेश्वर रायले निर्णय पर्चाद्वारा निर्णय गरेको देखिन आयो । उक्त निर्णय पर्चामा नक्कलबन्दा गाउँ विकास समितिको वार्ड नं.७ को वडा सदस्यको हैसियतले मिति २०४८।३।२५ मा गरिएको भनिएको सर्जमिन मुचुल्का, नरबहादुर अधिकारीले तिरो तिरेको रसिद, नरबहादुर अधिकारीबाट दिनेश प्रसाद कानुले

मिति २०२९।७।१५ मा रु.९९ मा राजीनामा पारित गरिएको भनिएको घरायसी राजीनामा, दिनेश प्रसाद कानुको नामको हातैले लेखेको सेतो कागजको फाँटवारी, दिनेश प्रसाद कानुको नामको जग्गा दर्ता गरी पाऊँ भन्ने निवेदनपत्र देखियो । निर्णय पर्चामा रहेका प्रमाणहरूको सत्यता जाँच गर्दा २०४८।३।२५ मा गरिएको भनिएको सर्जमिन मुचुल्का रोहबरमा बस्ने वडा सदस्य विश्वनाथ गिरी उक्त मितिमा उक्त गाउँ विकास समिति वडा नं.७ को वडा सदस्यमा निर्वाचित भइसकेको देखिएन । २०४९ सालमा मात्र स्थानीय निकायको निर्वाचन भई गाउँ विकास समितिका पदाधिकारी निर्वाचित भएको हुँदा उक्त मुचुल्का काल्पनिक देखिन्छ । जग्गा दर्ता नै नभई प्रमाणपुर्जा नपाएको स्थितिमा नरबहादुर अधिकारीले दिनेश प्रसाद कानुलाई मिति २०२९।७।१५ मा गरिदिएको भनिएको रु.९९।- को घरायसी राजीनामाले कानूनी मान्यता नपाउने अवस्था एकातिर छ भने अर्कोतिर उक्त घरायसी राजीनामाको फोटोकपीको पछाडिपट्टि "सक्कल बमोजिम नक्कल ठीक छ भनी सही गर्ने" नक्कलबन्दा टि-स्टेटका एकाउण्टेण्ट राजिव कुमार गुप्ताले दस्तखत गरेको देखिन्छ । राजिव कुमार गुप्ताले यस आयोगमा मिति २०६६।३।७ मा गरेको बयान तथा निजले यस आयोगमा पेश गरेको नियुक्तिपत्रको फोटोकपीमा निजले २०४९।२।१ मा नक्कलबन्दा टि-स्टेटमा नियुक्त पाएको देखिन्छ । वि.सं.२०४९।२।१ मा नियुक्ति पाएको कर्मचारीले वि.सं.२०४८।६।२५ मा निर्णय भएको भनिएको जग्गा दर्तासम्बन्धी निर्णय पर्चामा उक्त राजीनामाको कागजात संलग्न गरेको देखिँदा उक्त निर्णयपर्चा तत्कालीन समयमा नभई निकै पछाडि गैरकानूनी रूपमा तयार गरेको देखिन आउँछ । उक्त निर्णयपर्चामा दिनेश प्रसाद कानुका नामको सेतो कागजमा लेखिएको ७ नं. फाँटवारीका विषयमा यस आयोगबाट मिति २०६६।३।१२ मा भूमिसुधार कार्यालय झापामा सोधी पठाएकोमा उक्त फाँटवारी सो कार्यालयमा नभएको भनी मिति २०६६।३।२४ को पत्रद्वारा लेखी आएको अवस्थामा पेश भएको ७ नं. फाँटवारीलाई आधिकारिक भन्न मिल्ने देखिएन । यसर्थ मिति २०४८।६।२५ मा निर्णय गरिएको भनिएको निर्णय पर्चा तत्कालीन प्रमुख मालपोत अधिकृत महेश्वर रायले उक्त निर्णयपर्चा प्रचलित कानून बमोजिम बुझ्नुपर्ने प्रमाण नबुझी छुट जग्गा दर्ताको लागि अवलम्बन गर्नुपर्ने बाध्यात्मक कानूनी प्रक्रियाहरू पूरा नगरी काल्पनिक मिति राखी तयार भएको देखिन आयो । यसैगरी वि.सं. २०४८ सालमा जग्गा दर्ता भएको जग्गाधनी श्रेस्ताहरू वि.सं. २०५४ सालको मोठ ठेलीमा बैन्डिङ गरिनुले समेत उक्त निर्णयसम्बन्धी कार्य गैर कानूनी झूटा काल्पनिक भएको थप पुष्टि हुन आयो । यसरी उपरोक्त वस्तुनिष्ट तथ्यहरूको आधारमा उल्लेखित कित्ता नम्बर २० र ९२ जंगल कायम भएका सरकारी कित्ता जग्गाबाट कित्ताकाट भएका कित्ता नम्बर ३७०, ३७१ समेतका सरकारी जग्गाहरू मिति २०४८।६।२५ मा काल्पनिक मिति र बनावटी प्रमाण राखी गैरकानूनी रूपमा निर्णयपर्चाद्वारा दर्ता गरेको देखिएको र माथि उल्लेखित कित्ता नम्बर ३७० समेतका सरकारी कित्ता जग्गाहरू र.नं. ५५८ मिति २०५५।६।११ को राजीनामा पारितले नक्कलबन्दा टि-स्टेटको नाममा गएको देखिँदा मालपोत ऐन २०३४ को दफा २४ (२) बमोजिम बदर गरी नेपाल सरकारका नाममा दर्ता गरी जग्गाधनी दर्ता प्रमाणपुर्जा जिल्ला प्रशासन कार्यालय झापामा पठाई आयोगलाई जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि पठाउन मालपोत कार्यालय भद्रपुर, झापालाई लेखी पठाइएको र गैरकानूनी जग्गा दर्तासम्बन्धी कार्यमा संलग्न कर्मचारीहरूमध्ये खरिदार पुण्य प्रसाद लावतीको मृत्यु भैसकेको, प्रमुख मालपोत अधिकृत महेश्वर रायले अनिवार्य अवकाश लिइसकेको देखिँदा निजहरूलाई केही गरिरहनुपरेन । साथै कित्ता नम्बर ३८७ कृषि विकास बैंकबाट रोक्का भएको देखिएको हुँदा उल्लेखित जग्गा नेपाल सरकारका नाममा

दर्ता भएको जानकारी उक्त बैंकलाई दिन आयोगको मिति २०६६।८।१० को निर्णय अनुसार मालपोत कार्यालय भद्रपुर झापालाई लेखी पठाइएको ।

१०. कास्की जिल्ला अघौं ढले पिपल देउमाडी ठूलाकोटमा अवस्थित भैरव गुठीको करिब ४९ रोपनी गुठी तैनाथी जग्गा सम्बन्धित गुठीको नाम जग्गाधनी महलमा कायम राखी गुठी तैनाथीमा दर्ता गर्नुपर्नेमा गुठियार मधुमाया योगीलाई मोही कायम गर्ने गरी गुठी संस्थानबाट भएको निर्णयसम्बन्धी उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा गुठी संस्थान ऐन २०३३ मा दफा ३९ को व्यवस्थाले गुठीको घरजग्गा अन्यत्र रैकर वा रैतान नम्बरीमा दर्ता भएको भए साविक बमोजिम गुठीमा नै दर्ता गर्ने प्रयोजन रहे भएकोमा सो दफा ३९ को भावना विपरीतको व्याख्या गरी मोही कायम नभएको गुठी जग्गामा मोही कायम गर्ने गरी गुठी संस्थानबाट भएको निर्णय प्रत्यक्षत: कानूनीरूपमा त्रुटिपूर्ण हुँदा उक्त निर्णयको सम्बन्धमा गुठी संस्थान केन्द्रीय कार्यालयबाट निर्णय गर्दा गुठी संस्थानको हकहितलाई ध्यानमा राखी संस्थाको सम्पत्ति संरक्षण हुने किसिमबाट गुठीको ०६०।५।२४ को निर्णयमा भएको प्रक्रियागत त्रुटिलाई सम्म सच्याई गुठीको बृहत्तर हितमा निर्णय गर्नुपर्नेमा सो नगरी ०६६।३।१० सम्म मोही कायम नभएको गुठी जग्गामा गुठीको लगत अनुसार निश्चित तोकिएको काम गर्ने व्यक्ति मधुमाया योगीलाई नै भैरव गुठीको कित्ता नम्बर २२२, १०३, १२३, १७१, १७२, १९२, १९३ र १९४ का जग्गाको मोही महलमा मधुमाया योगीको नाम श्रेस्ता र पुर्जामा कायम गर्ने गरी गरेको निर्णय गुठी संस्थान ऐन, २०३३ को दफा २७ (क), तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरीत देखिएकोले गुठी संस्थानको ०६६।३।१० को निणर्यमा मधुमाया योगीको नाम उल्लेखित जग्गाको श्रेस्ता र पुर्जाको मोही महलमा कायम गर्ने निर्णय कानुनी रूपमा त्रुटिपूर्ण हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग २०४८ को दफा १२ ख बमोजिम बदर गरी दुष्कृति सच्याउन र गुठीको जग्गामा मोही कायम गर्ने अधिकार गुठी संस्थानलाई नभएको अवस्थामा कार्यालयको फाँटबाट आएको टिप्पणी राय विपरीत मधुमाया योगीको नाम उल्लेखित गुठी जग्गाको श्रेस्ता र पुर्जाको जोताहा मोही महलमा कायम गर्न परामर्श दिई कानून विपरीतको सल्लाह दिने कानूनी सल्लाहकारद्वय सुश्री अन्जिता खनाल र सोमराज तिम्सिनाको करार समाप्त गर्न आयोगको मिति २०६६।८।२६ को निर्णय अनुसार गुठी संस्थान सञ्चालक समितिलाई लेखी पठाइएको ।

११. कास्की जिल्ला लेखनाथ नगरपालिका स्थित बेगनासताल प्रवेशद्वार नजिक कित्ता नम्बर ३३७ को र कि.नं ३३६ को जग्गा कुलदिप कोइराला र चन्द्रबहादुर भुजेलको नाममा अनधिकृत रूपमा दर्ता गरेको विषयमा मिति ०६४।४।२५ मा “नयाँ पत्रिकामा” प्रकाशित समाचारको सम्बन्धमा अनुसन्धान हुँदा कित्ता नम्बर ३३७ को जग्गा मिति २०३१।१२।१० मा नापी हुँदा “बुटेन पर्ती” जग्गा र कित्ता नम्बर ३३६ “पर्ती” भनी फायल संलग्न क्षेत्रीय नापी किताबबाट देखियो । कि.नं ३३७ कित्ता फोड भई कित्ता नम्बर ९३६ र ९३७ कायम भई कुलदिप कोइराला र चन्द्रबहादुर घर्तीले छुट जग्गा दर्ता गरी पाऊँ भनी दिएको निवेदन उपर मिति ०४१।८।३ को मालपोत कार्यालय कास्कीले तामेलीमा राख्ने निर्णय गरेको तथा मिति २०४८।४।२८ मा तामेलीबाट जगाई कारबाही गरी पाऊँ भनी कुलदिप कोइराला र चन्द्रबहादुर घर्तीले दिएको निवेदन उपर कारबाही भई निजहरूको नाममा मिति ०५५।१२।१९ को मालपोत कार्यालय कास्कीले दर्ता गर्ने निर्णय गरेको देखियो । कित्ता नम्बर ३३६ को जग्गा मिति ०५४।३।२६ मा कास्की जिल्ला अदालतबाट रमा खत्रीको नाममा दर्ता कायम हुने ठहर्छ भन्ने फैसला भई फैसला अनुसार मालपोत

कार्यालय कास्कीले मिति ०६३।३।७ मा दर्ता गरिदिने निर्णय गरेको फायलबाट देखिन्छ । उपरोक्त कित्ता नम्बर ३३६ र ३३७ को जग्गा मिति ०३१।१२।१० मा नापी हुँदा बुटेन पर्ती भन्ने उल्लेख भएको र मालपोत कार्यालय कास्की र कास्की जिल्ला अदालतको फैसला अनुसार व्यक्तिहरूको नाममा दर्ता गर्ने भनी मालपोत कार्यालय कास्कीले निर्णय गरी व्यक्तिको नाममा दर्ता भएको देखिँदा उक्त नापी हुँदाको अवस्थामा सरकारी सार्वजनिक जग्गा रहे भएको भन्ने देखिएपछि व्यक्तिहरूको नाममा दर्ता गर्ने निर्णय भएकोमा "सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी आवाद गरेमा स्वत: बदर हुनेछ" भन्ने मालपोत ऐन, २०३४ को दफा २४(२) मा उल्लेख भएको हुँदा उक्त व्यक्तिहरूको नाममा दर्ता भएका जग्गाहरू सरकारी वा सार्वजनिक हो, होइन ? हो भने मालपोत ऐनको उक्त कानूनी व्यवस्था अनुसार गर्न गराउन आयोगको मिति २०६६।९।९ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्थापन विभागमा लेखी पठाइएको ।

१२. मालपोत कार्यालय भक्तपुरको तामेली फाँटका कर्मचारीहरूले साविक लगतहरू सच्याई, सो सच्याइएका कागजातहरूको आधारमा छुट जग्गा दर्ता गरेको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा छुट जग्गा दर्ताको निमित्त पेश भएका दिलराज पालिखे, रामदास कर्माचार्य, सन्के तामाङ, विष्णुभक्त दुवाल, रामकृष्ण श्रेष्ठको छुट जग्गा दर्ताको निवेदनको कारबाहीको क्रममा निवेदकको माग र साविक लगत भिडाएको नाम फरक देखिएको हुँदा यस सम्बन्धमा सत्य तथ्य के हो ? आवश्यक छानबिन गरी कानून बमोजिम टुंगो लगाउन र छुट जग्गा दर्ताका लागि पेश भएका नीलकण्ठ नानी श्रेष्ठ, धन कुमार सुवाल, विष्णुमाया कोजु, आशाकाजी प्रजापतिको साविक लगतमा केही थपघट गरेको भन्ने सम्बन्धमा साविक लगतमा थपघट भएको हो, होइन ? सावधानीपूर्वक जाँचबुझ गरी टुंगो लगाई सो को जानकारी यस आयोगलाई समेत दिन आयोगको मिति २०६६।९।१२ को निर्णय अनुसार मालपोत कार्यालय भक्तपुरका प्रमुख मालपोत अधिकृतलाई लेखी पठाइएको ।

१३. जिल्ला मकवानपुर हेटौंडा न.पा. वडा नं. ११ वस्ने लालबहादुर सुनार कामीका नाउँमा दर्ता कायम रहेको कित्ता नम्बर १०१ र ११४ को क्रमश: १-२-१० र ०-५-०१ गरी जम्मा १-७-११ क्षेत्रफलको जग्गा रत्नबहादुर विश्वकर्मा लगायतका ८ जना व्यक्तिले ८ कित्तामा कित्ताकाट गरी राजीनामा लिखत रजिष्ट्रेसन पारित गरी लिएको तर दाखिल खारेज हुनुपूर्व नै नक्कली जग्गाधनीले बिक्री गरेको भन्ने सूचनाका सम्बन्धमा अनुसन्धान हुँदा लालबहादुर सुनार कामीका नाउँको जग्गा नक्कली जग्गाधनी बनी राजीनामाको लिखत रजिष्ट्रेसन समेत भैसकेको र दा.खा.सम्म हुन बाँकी रहेको देखिँदा रजिष्ट्रेसन गरिसकेको कार्य गलत तवरबाट भएको देखिँदा उक्त त्रुटिपूर्ण कार्य बदर गरी जग्गाको स्वामित्व लालबहादुर सुनार कामीको नाउँमा अद्यावधिक कायम राखी रोक्कासमेत राख्न आयोगको मिति २०६६।१२।१७ को निर्णय अनुसार मालपोत कार्यालय मकवानपुरमा लेखी पठाइएको ।

१४. वि.सं. २०२१ को सर्भे नापीको समयमा काठमाडौं जिल्ला नगर वडा नं. २३(ढ) कित्ता नम्बर २९ को धोबीखोला जनिएको सरकारी जग्गा कित्ताकाट गरी कित्ता नम्बर १२९ क्षेत्रफल ०-४-०-०, रिना मास्केको नाममा र कित्ता नम्बर १३० क्षेत्रफल १-११-३-० ध्रुव नारायण चित्रकारको नाममा दर्ता गरी हालसाबिक समेत गरेको हुँदा मालपोत ऐन

२०३४ को दफा २४ बमोजिम बदर गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं जिल्ला नगर वडा नं. २३(ढ) कित्ता नम्बर २९ क्षेत्रफल १४-१२-२-० को जग्गा वि.सं. २०२१ सालको सर्भे नापीमा धोबीखोला जनिएको । उक्त कित्ताबाट कि.का. भई कित्ता नम्बर १२९ क्षेत्रफल ०-४-०-० रिना मास्केको नाममा र कित्ता नम्बर १३० क्षेत्रफल १-११-३-० ध्रुवनारायण चित्रकारको नाममा दर्ता भएको देखियो । साथै उक्त कित्ताहरू मा.पो.का. डिल्लीबजारको मिति २०६६।२।१८ को निर्णयानुसार हालसाबिक भई कित्ता नम्बर ९० क्षेत्रफल ००१२७.१८ वर्गमिटर, रिना मास्के र कित्ता नम्बर ९१ क्षेत्रफल ०,०८८२.३४ वर्गमिटर ध्रुव नारायण चित्रकारको नाममा रहेको देखियो । मिति २०६६।११।२३ मा आयोगका सर्भेक्षकबाट फिल्ड निरीक्षण हुँदा उक्त दुबै कित्ताहरूमा नवबुद्ध गुरुङ सेवा समितिबाट पर्खाल लगाई अनधिकृत रूपमा प्रयोग समेत गरेको देखियो । उल्लेखित सरकारी जग्गाका कित्ताहरू रिना मास्के र ध्रुवनारायण चित्रकारको नाममा दर्ता भई निजहरूबाट भोगचलन गरेको अवस्था पनि देखिएन । यसरी साविकदेखिकै सरकारी जग्गा देखिइरहेको अवस्थामा निजहरूको नाममा हाल साविक समेत भएको देखिँदा उल्लेखित कित्ताका जग्गाहरू मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम बदर गरी नेपाल सरकारका नाममा दर्ता गरी जग्गाधनी प्रमाणपुर्जा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पठाई, आयोगलाई जानकारीसमेत दिन आयोगको मिति २०६६।१२।२९ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीबजारलाई लेखी पठाइएको ।

१५. कौशीतोषाखाना कार्यालय रहेको त्रिपुरेश्वरस्थित घरजग्गा ०४४।४५ सालमा नयाँ नापी हुँदा कायम भएका काठमाडौं महानगरपालिका वडा नं. ११ नक्सा सिट नं. १०२/११४४-०३ कित्ता नम्बर १८० को क्षेत्रफल २-७-१-१, नक्सा सिट नं. १०२/११४४-०८ कित्ता नम्बर २० को २-६-०-१ र कित्ता नम्बर ४५ को २-९-१-३ गरी जम्मा ७-६-३-१ क्षेत्रफलका जग्गाहरू हालसाबिक गरी पाऊँ भनी कौशीतोषाखाना कार्यालयले मालपोत कार्यालय डिल्लीबजारमा दिएको निवेदनको कारबाही हालसम्म नभएको सन्दर्भमा सरकारी सम्पत्तिको संरक्षणको लागि आवश्यक सहयोग हुन यस आयोग समेतलाई बोधार्थ दिई लेखिएको पत्र र शिव विक्रम शाह समेतका विभिन्न व्यक्तिहरूले जग्गा खाली तथा श्रेस्ता अद्यावधिकको आदेश जारी गरी पाऊँ भनी आयोग समक्ष दिएको निवेदनका सम्बन्धमा सरोकारवाला पदाधिकारी तथा विज्ञहरूको उपस्थितिमा छलफल हुँदा २००२ आश्विन, २००२ साल कार्तिक २६ गते र २००४ साल चैत्र २३ गते कमाण्डर इनचिफबाट भएको सनद सवाल बमोजिम उक्त जग्गा पाहुना घरका लागि प्रयोगमा लिइएको र कुत वर्षको मो.रु. १२२।७७ पैसा लागेकोमा पाहुना घरले चर्चेको घर भान्छा घर, चर्पी बाहेकको जग्गा नातिचालाई कमाउन दिई मो.रु. २३।६१।३ कुत असुल गर्ने भन्ने उल्लेख भएको पाइयो । २००२ साल देखि तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकारकै स्वामित्वमा रही ७ नं. गेष्ट हाउस (अतिथि सत्कार विभाग) तेजारथ अड्डा हुँदै हाल कौशीतोषाखाना कार्यालयले सो सरकारी घरजग्गा भोगचलन गर्दै आएको देखिएको छ । साविक २०२३ सालको फिल्डबुक हेर्दा नगर १ (ङ) कित्ता नम्बर ३ क्षेत्रफल ५-५-०-० को जग्गाको जोताहा, जग्गाधनी र कैफियत महल खाली जनिएको साथै विरहमा कम्पाउण्ड उल्लेख भएको, कित्ता नम्बर ४ क्षेत्रफल १-५-०-० र कित्ता नम्बर १० क्षेत्रफल १-०-२-० मा जग्गाधनी महल खाली भएको मोही महलमा नाति महर्जन र किसानको व्यहोरामा यो जग्गा श्री ५ कान्छी महारानी, साइली महारानीको हो मैले जोति आएको छु भनी

उल्लेख भएको देखियो । उल्लेखित जग्गा मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०३६।७।१४ मा शिव विक्रम शाह र नारायण विक्रम शाहको नाममा संयुक्त दर्ता कायम भएको भनिएकोमा सो को निर्णय फाइल सहितको सक्कल मिसिल माग गरेकोमा उपलब्ध हुन नसकेको । मिति ०३६।७।१४ मा विभिन्न व्यक्तिका नाममा श्रेस्ता कायम गरिएको आधिकारिक निर्णय सहितको सक्कल प्रमाण समेत मालपोत कार्यालय डिल्लीबजारमा नरहेको । मिति २०१६ सालमा बिर्ता उन्मूलन भइसकेपछि क श्रेणीका बिर्ता जग्गा मोहीको नाममा स्वत: दर्ता हुनुपर्नेमा मिति १९९९।६।२७ मा नलराज्यलक्ष्मीदेवी शाहबाट शेषपछिको बकसपत्र पाएको भनी शिव विक्रम शाह, नारायण विक्रम शाहको नाममा जग्गा दर्ता गर्न मिल्ने देखिँदैन । सो घरजग्गा २०४४ र २०४५ सालमा नयाँ नापनक्सा हुँदा काठमाडौं महानगरपालिका वडा नं. ११ नक्सा सिट नं. १०२/११४४-०३ कित्ता नम्बर १८० क्षेत्रफल २-७-१-१, नक्सा सिट नं. १०२/११४४-०८ कित्ता नम्बर २० क्षेत्रफल २-६-०-१, नक्सा सिट नं. १०२/११४४-०८ कित्ता नम्बर ४५ क्षेत्रफल २-९-१-३ गरी जम्मा क्षेत्रफल ७-६-३-१ कायम भै सो को जग्गाधनी महलमा कौशीतोषाखाना कार्यालय उल्लेख भएको देखियो । सो ०४४।४५ को नापीमा कौशीतोषाखानाको नाममा नापनक्सा भै कायम भएपश्चात सोको विरुद्ध हालसम्म कसैले पनि आधिकारिक निकायमा उजुर गरी सो बदर गराउन सकेको नदेखिएको । २०४४ र २०४५ सालमा नापी हुँदा कायम कित्ता नम्बर २० मा मोही नाति महर्जन देखिए तापनि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ को उपदफा (५) को खण्ड (ग) ले नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा कमाउने व्यक्तिलाई मोहीको हक प्राप्त हुन नसक्ने प्रावधान गरेको हुँदा कित्ता नम्बर २० को जग्गामा मोही नाति महर्जन उल्लेख भए तापनि निजलाई मोहीको हक प्राप्त हुन सक्ने देखिँदैन । मालपोत ऐन, २०३४ को दफा २४ को उप-दफा (१) ले सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता वा आवाद गर्न गराउन नहुने प्रावधान गर्दै उप-दफा (२) ले कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वत: बदर हुने व्यवस्था गरेको हुँदा मिति २०३६।७।१४ मा उल्लेखित सरकारी जग्गा शिव विक्रम शाह, नारायण विक्रम शाहको नाममा दर्ता श्रेस्ता कायम भएको भए पनि स्वत: बदर हुने नै देखिन्छ । त्यसमा पनि व्यक्ति विशेषको नाममा दर्ता गर्ने गरी भएको भनिएको निर्णय फाइल मालपोत कार्यालय, डिल्लीबजारमा नरहेको भनी मिति २०६७।२।३ मा जवाफ प्राप्त भएबाट आधिकारिक निर्णय भएको सन्देहपूर्ण देखियो । उक्त उल्लेखित आधारमा साविक २००२ सालदेखि तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकारको हक स्वामित्वको जग्गा कम्पाउण्ड सहित सरकारको नियन्त्रण र अटुट भोगमा रही हालसम्म नेपाल सरकारकै विभिन्न निकाय साविक गेष्ट हाउस (अतिथि सत्कार गृह) तेजारथ अड्डा हुँदै कौशीतोषाखाना कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालयको भोगचलनमा रहेको र २०४४/४५ सालको नापीमा जग्गा धनी महलमा कौशीतोषाखाना जग्गा धनी जनिएको साविक नगर १(ङ) कित्ता नं. ३, ४, १० र हाल नयाँ नापीको नक्सा नं. १०२/११४४-०३ कित्ता नम्बर १८०, नक्सा नं.१०२/११४४-०८ कित्ता नम्बर २० र ४५ कुल क्षेत्रफल ७-६-३-१ को जग्गा कौशीतोषाखानाका नाममा दर्ता गरी जग्गाधनी दर्ता प्रमाणपुर्जा उपलब्ध गराई सो को जानकारी आयोगलाई दिन आयोगको मिति २०६७।२।१२ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएको ।

(ठ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. स्वास्थ्य मन्त्रालयको जनरल हेल्थ समूहका दशौं तहका डा. सीताराम चौधरीले स्तर निर्धारण समितिका सदस्यहरूलाई प्रलोभनमा पारी ग्यास्ट्रो इण्टेरोलोजीको प्रोफेसर पदमा नियुक्ति पाउन सफल भएको सम्बन्धमा अनुसन्धान हुँदा डा. सीताराम चौधरीलाई चिकित्सक विज्ञान राष्ट्रिय प्रतिष्ठानको प्राज्ञिक परिषद्को सिफारिस बमोजिम ग्यास्ट्रो इण्टेरोलोजीको प्रोफेसर पदको कामकाज गर्न तदर्थ जिम्मेवारी दिएको देखियो । यस प्रसंगमा चिकित्सका विज्ञान राष्ट्रिय प्रतिष्ठानको सेवा आयोग गठन गरेर मात्र पदपूर्ति गर्न आयोगको मिति २०६५।९।९ को निर्णयबाट नेपाल सरकार स्वास्थ्य मन्त्रालयलाई विगतमा निर्देशन समेत भैसकेको तर उक्त सेवा आयोग गठनसम्बन्धी कुनै काम नभइरहेको र यसबाट विभिन्न जटिलता सृजना भैरहेको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा १३ बमोजिम अविलम्ब सेवा आयोग गठन गर्न र रिक्त पदपूर्ति सोही बमोजिम मात्र गर्न गराउन आयोगको मिति २०६६।७।१६ को निर्णय अनुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपतिलाई लेखी पठाइएको ।

२. स्वास्थ्य मन्त्री उमाकान्त चौधरीले ९०० भन्दा बढी कर्मचारीको अनियमित तवरले सरुवा गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २०, नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३० तथा सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४ को दफा ११(२)(ञ), दफा १२(२)(छ), दफा १३(ग) ले कर्मचारी सरुवा गर्ने सम्बन्धी अधिकार कुन कुन तह, श्रेणीको हकमा को कसको हुने भनी गरेको व्यवस्था प्रतिकूल कानूनले निर्देशित गरेको अख्तियारीभन्दा बाहिर गई विभिन्न तहका कर्मचारीको सरुवा मन्त्रिस्तरीय निर्णयबाट भएको र सरुवा गर्दा कानूनमा व्यवस्था भए बमोजिमको आधार कारण खोली निश्चित कार्यविधि पालन भएको पनि नदेखिएकोले उक्त सरुवा निर्णय कानूनसम्मत नभएबाट उक्त निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम बदर गर्न तथा सरुवा तथा पदस्थापना गर्नुपर्ने भए एक पटकका लागि कर्मचारीहरूको विवरण दुरुस्त राखी कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट मात्र सरुवा गर्ने । अब उप्रान्त कानून बमोजिम स्पष्टरूपमा अधिकार प्रत्यायोजन गरी अधिकार प्राप्त अधिकारीबाट सरुवा गर्ने व्यवस्था मिलाउने, निजामती कर्मचारी सरह वर्षमा एक पटक सरुवा गर्ने समेतको नीति मन्त्रिपरिषद्बाट पारित गराउने र मिति २०६६।७।४ को निर्णय अनुसार रामवावु यादवको सरुवा बदर भएको सन्दर्भमा जिल्ला जनस्वास्थ्य कार्यालय, महोत्तरीको उक्त एकै पदमा दुई व्यक्ति कार्यरत हुन नसक्ने हुँदा सरुवा भई आएका कर्मचारीको हकमा यथाशीघ्र उपयुक्त निर्णय लिन आयोगको मिति २०६६।८।२ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।

३. आ.व. २०६३।६४ मा कान्तिबाल अस्पतालको प्रयोगशाला विभागका विभागीय प्रमुख डा.हरिशचन्द्र उप्रेतीले BMLT (Bachelor in Medical Laboratory Technology) तहका प्रयोगात्मक तालिम (इन्टर्नसीप) गर्न आएका विभिन्न नौ जना विद्यार्थीहरूबाट राजस्व दाखिला गर्नुपर्ने रकम जनही रु. ९,०००।- का दरले आफैंले असुली राजस्व दाखिला नगरी विद्यार्थीहरूलाई आफैंले बनाएको नक्कली प्रमाणपत्र दिएको विषयमा निज डा. हरिशचन्द्र उप्रेती लगायत उक्त कार्यमा संलग्न सबैलाई कारबाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा इन्टर्नसीपसम्बन्धी हाजिरी रेकर्ड बाहेक अन्य कुनै

कागजात तथा जारी गरिएका इन्टर्नसीप प्रमाणपत्रको प्रतिलिपि समेत अस्पतालमा राख्ने नगरिएको तथा आ.व. २०६३।६४ मा इन्टर्नसीप प्रमाणपत्र दिने विषयमा नीतिगत रूपमा कार्यविधि बनाएर कुनै निश्चित प्रावधानहरू नतोकिएको भन्ने कान्तिबाल अस्पतालको मिति २०६५।५।२ को पत्रबाट देखिँदा इन्टर्नसीप गर्न आएका विद्यार्थीको इन्टर्नसीपमा सम्मिलित गराउने सम्बन्धी कार्यविधि सहितको आवश्यक कागजातहरू तथा प्रमाणपत्रको प्रतिलिपि हाजिरी रेकर्ड तथा विद्यार्थी सुपरीवेक्षण सम्बन्धमा स्पष्ट कार्य जिम्मेवारी तोक्ने र भविष्यमा पुनः यस्तो अवस्था आउन नदिन आवश्यक सतर्कता अपनाउन आयोगको मिति २०६६।८।२६ को निर्णय अनुसार कान्तिबाल अस्पताललाई लेखी पठाइएको ।

४. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अध्यक्ष डा. चोपलाल भुसालले विज्ञापन नगरी बिना प्रतिस्पर्धा योग्यता नपुगेको व्यक्तिलाई सिधै नियुक्त गरेको सम्बन्धमा अनुसन्धान हुँदा Capacity Enhancement of Nepal Health Research कार्यक्रमका लागि दातृ संस्था Maryknoll Father & brother, U.S.A. सँग भएको त्रिपक्षीय सम्झौता अनुसार गठित Central Advisory Comittee को मिति २०६४।८।२५ को निर्णय अनुसार उक्त कार्यक्रमका रिक्त पदहरू पूर्ति गर्न सम्पूर्ण अख्तियारी परिषद्को पदपूर्ति समितिलाई दिइएको पाइयो । जसअनुसार टेक्निकल अफिसर (तथ्यांकशास्त्री) को पदपूर्तिका लागि तथ्यांकशास्त्रमा स्नातकोत्तर शैक्षिक योग्यता कायम गरी खुल्ला विज्ञापनबाट छनौट भएकोमा निजको राजीनामापछि सोही पदमा बिना विज्ञापन बिना प्रतिस्पर्धा व्यवस्थापन विषयमा स्नातक योग्यता भएका विजयकुमार झालाई सोझै निवेदनको आधारमा परिषद्को विनियमावलीमा उल्लेख गरिए बमोजिमको अवधिभन्दा बढी अवधिको लागि करार नियुक्ति दिइएको देखिन आयो । यसरी बिना प्रतिस्पर्धा तोकिएको भन्दा कम शैक्षिक योग्यता भएको व्यक्तिलाई विनियमावली विपरीतको अवधिका लागि विनियमावलीको विनियम १५.८ बमोजिमको प्रक्रिया समेत पूरा नगरी करार नियुक्ति गर्नुका साथै लोक सेवा आयोगको कार्यविधि अनुरूप पदपूर्तिको प्रक्रिया पनि नअपनाई सोझै करार नियुक्ति गरेको अवस्था हुँदा सो कार्यलाई नियमसम्मत मान्न नसकिएकोले उक्त मिति २२ सेप्टेम्बर २००९ मा भएको करारनामासम्बन्धी प्रक्रियालाई रद्द गर्न आयोगको मिति २०६६।१०।१८ को निर्णय अनुसार नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई लेखी पठाइएको ।

५. इनरुवा अस्पताल विकास समितिले मन्त्रालयको स्वीकृति नलिई बिना दरबन्दी कम्प्युटर सहायक लगायत १३ वटा पद प्रक्रिया नपुऱ्याई पदपूर्ति गर्न लागेकाले छानबिन गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा इनरुवा अस्पताल विकास समितिले पदपूर्ति गर्दा नियम बनाई नेपाल सरकारबाट स्वीकृति लिएको अवस्था पनि नदेखिएको र पदपूर्तिको प्रक्रिया पनि लोकसेवा आयोगको कार्यविधि अनुरूप भएको नदेखिँदा उक्त पदपूर्तिसम्बन्धी प्रक्रियालाई रद्द गर्न आयोगको मिति २०६६।१०।१८ को निर्णय अनुसार इनरुवा अस्पताल विकास समितिलाई लेखी पठाइएको ।

(ङ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. काठमाडौं महानगरपालिका र इनोभेटिभ कन्सेप्ट नेपाल प्रा.लिमिटेडबीच भएको करार अनुसार निर्माण गर्नुपर्ने आकाशे पुलहरू निर्माण नगरी इनोभेटिभ कन्सेप्ट नेपालले

पसलका कवल एवं होडिङ बोर्डहरू उपभोग गरी महानगरपालिकालाई हानी नोक्सानी पुगेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिका र इनोभेटिभ कन्सेप्ट नेपाल प्रा.लि.बीच मिति २०५७/०७/०१ मा करार भई सो करार अनुसार इनोभेटिभ कन्सेप्ट नेपालले आफ्नै लगानीमा ६ वटा आकाशे पुल निर्माण गर्नुपर्ने तथा करारपूर्व नै काठमाडौं महानगरपालिकाद्वारा निर्मित ६ वटा आकाशे पुल समेतका पसल कवल एवं होडिङ बोर्ड इनोभेटिभ कन्सेप्ट नेपालले प्रयोग गर्ने भनिएकोमा इनोभेटिभ कन्सेप्ट नेपालले हालसम्म रत्नपार्क र भद्रकालीमा २ वटा मात्र आकाशे पुल निर्माण गरी निर्मित सबै आकाशे पुलका पसल कवल एवं होडिङ बोर्ड उपभोग गरेको पाइयो । २० वर्षका लागि गरिएको करार अनुसार आफूले निर्वाह गर्नुपर्ने दायित्व पूरा नगरी इनोभेटिभ कन्सेप्ट नेपालले महानगरपालिकाद्वारा निर्मित पुलको समेत आय उपभोग गरी महानगरपालिकाको आयमा हानी नोक्सानी पुग्दा पनि महानगरपालिकाले करार अनुसार कार्य सम्पन्न गराउन प्रभावकारी कदम चालेको देखिएन । करार गर्दा नै आकाशे पुल निर्माण गरिने स्थल छनौट एवं पूर्वाधार तयार गर्नुपर्नेमा सो नभई पुल निर्माण स्थल विवाद जस्ता कारण देखाई करार अनुसारका पुल निर्माण नहुनुमा करार सम्झौता गर्दा नै त्रुटि/कमजोरी रहेको देखियो । अतः आकाशे पुल निर्माण र पसल कवल एवं होडिङ बोर्ड उपभोगको लगानी तथा प्रतिफल लागत मूल्य समेत विश्लेषण गरी वर्तमान करारमा उल्लेखित अमूर्त र अस्पष्ट विषयलाई प्रस्ट र किटानीसाथ समावेश गरी वर्तमान करार सम्झौता संशोधन गर्नुपर्ने देखिएकोले शीघ्र सम्बद्ध सरोकारवाला र विशेषज्ञ समेत रहेको समिति गठन गरी उक्त समितिबाट प्राप्त हुने प्रतिवेदन अनुसार गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०६६।५।२ को निर्णय अनुसार काठमाडौं महानगरपालिकालाई लेखी पठाइएको ।

२. जिल्ला विकास समिति दैलेख अन्तर्गत जनसहभागितामा आधारित वेलासपुर-महावु सडक निर्माणमा रु. १ करोड र विजया उच्च माध्यमिक विद्यालय दुल्लुको विज्ञान तथा कृषि कक्षा सञ्चालन भवन निर्माण कार्यमा रु. ५० लाखको कार्य उपभोक्ता समितिबाट गराइएको सम्बन्धमा अनुसन्धान हुँदा सार्वजानिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ९७ मा रु. ६० लाखसम्मको निर्माण कार्य उपभोक्ता समिति मार्फत निर्माण गर्न सकिने प्रावधान रहेको परिप्रेक्ष्यमा जिल्ला विकास समिति दैलेख अन्तर्गत जनसहभागितामा आधारित वेलासपुर-महावु सडक निर्माणमा रु. १ करोड र विजया उच्चमाध्यमिक विद्यालय दुल्लुको विज्ञान तथा कृषि कक्षा सञ्चालन भवन निर्माण कार्यमा रु. ५० लाखको कार्य उपभोक्ता समितिबाट गराइएको देखियो । स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली २०५६ नियम ७० (१) मा "स्थानीय स्तरमा सञ्चालन हुने आयोजनामध्ये १० लाख रुपैयाँसम्मका कार्यक्रम स्थानीय उपभोक्ता समूहद्वारा गठित उपभोक्ता समितिद्वारा गराउन प्राथमिकता दिनुपर्नेछ । तर स्थानीय निकायले निर्णय गरेमा १० लाख रुपैयाँभन्दा बढीको काम पनि उपभोक्ता समितिबाट गराउन बाधा पर्ने छैन" भनी उल्लेख भए तापनि के कति रकमसम्मको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने भन्ने स्पष्ट नभएकोले सो विषयलाई स्पष्ट गरी उपभोक्ता समितिबाट निर्माण कार्य गराउन सकिने रकमको सीमा तोक्न स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५६ को नियम ७० (१) को प्रतिबन्धात्मक वाक्यांशमा संशोधन परिमार्जन गर्न आयोगको मिति २०६६।८।३ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।

३. काठमाडौं महानगरपालिकाले गोंगबुस्थित नयाँ बसपार्क लिजमा दिँदा अनियमितता गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको गोंगबु स्थित नयाँ बसपार्कका सुविधाहरू वृद्धि गरी Public Private Partnership अन्तर्गत सञ्चालनसमेत गर्न सार्वजनिक सूचना प्रकाशित गरी इच्छुक फर्महरूबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी मूल्यांकनका आधारमा सक्षम ठहरिएका लोत्से बहुउद्देश्यीय प्रा.लि. को प्रस्ताव स्वीकृत भई सो प्रा.लि. र काठमाडौं महानगरपालिकाबीच मिति ०५६।१२।२९ मा लिज सम्झौता भएको पाइयो । सो सम्झौता बमोजिम उक्त प्रा.लि. ले Super market, High vision hall, Rest Room, Fuel Station, Auto workshop, Additional Night Holding yard र बाल उद्यान समेत गरी ५ वर्षको निर्माण अवधिमा रु. ३२,७०,३७,३५०।- खर्च गरी विभिन्न पूर्वाधारहरूको निर्माण र विकास गरी थप ४० वर्षसम्म सोही संस्थाले व्यवस्थित रूपमा सञ्चालन गरी तत्पश्चात पुनः काठमाडौं महानगरपालिकाकै स्वामित्वमा आउने गरी जम्मा ४५ वर्षको लागि करार गरेको पाइयो । सो बापत निर्माण अवधिमा वार्षिक ५१ लाख र सो पश्चात् प्रत्येक वर्ष ५/५ प्रतिशतका दरले वृद्धि हुने गरी चौमासिक रूपमा अग्रिम रोयल्टी बुझाउनुपर्ने र सो नभएमा वाणिज्य बैंकको मुद्दती खातामा प्राप्त हुने ब्याज बराबरको रकम जरिवाना तिरी लिज अवधिभर रोयल्टी रकम जहिले बुझाए पनि हुने गरी करार सम्झौतामा व्यवस्था भएको काठमाडौं महानगरपालिकाले नियमित रूपमा सो संस्थाबाट प्राप्त गर्नुपर्ने रोयल्टी रकम प्राप्त नगरेको र कतिपय अवस्थामा आयोगको पहलबाट त्यस्तो रकम दाखिला भए गरेको समेत देखियो । काठमाडौं महानगरपालिका एक स्वायत्त संस्था भएकाले काठमाडौं नगरभित्रको खानेपानी, सरसफाइ, बाटो, ढल आदि निर्माण गर्ने दायित्व पनि यस संस्थाको भएको हुँदा सो संस्थाले वार्षिक रूपमा प्राप्त गर्ने राजस्व रकम यकिन गरी वार्षिक कार्यक्रम स्वीकृत गरी विकास निर्माणको कामहरू समेत सञ्चालन गर्नुपर्ने हुँदा निश्चित अवधिमा निश्चित फर्म/संस्थाबाट प्राप्त हुने राजस्व रकमको निश्चितता हुनु जरुरी भएको तर लोत्से बहुउद्देश्यीय प्रा.लि. ले रोयल्टी बापतको रकम काठमाडौं महानगरपालिकामा दाखिला गर्ने कुनै निश्चित मापदण्ड नभई अव्यवस्थित भएको अवस्था देखिँदा सो रोयल्टी बापतको रकम निश्चित अवधिमा काठमाडौं महानगरपालिकालाई प्राप्त हुनुपर्ने भएकोले लिज सम्झौतामा सो र सोसँग सम्बन्धित शुरु सम्झौता मिति ०५६।१२।२९ देखि ५ वर्षसम्म रोयल्टी बापत रु. ५१ लाख र सो अवधिपश्चात अर्थात् मिति ०६१।१२।२९ देखि प्रत्येक वर्ष बुझाउनुपर्ने रकममा ५% थप गरी करिब १ वर्षदेखि उक्त प्रा.लि.ले बुझाउन बाँकी रहेको सम्पूर्ण रोयल्टी रकम पूरक करारनामा भएको मितिले ३ महिनाभित्र बुझाउनुपर्ने, शुरुको Conceptual Plan मा उल्लेख भएभन्दा केही थप संरचनाहरू निर्माण गरिएको हुँदा सो बापत काठमाडौं महानगरपालिका र लोत्से बहुउद्देश्यीय प्रा.लि. ले आपसी वार्ताद्वारा थप रोयल्टी बापतको रकम तय गर्ने, त्यसरी वृद्धि भएको रोयल्टी रकममा पनि वार्षिक ५% वृद्धि गरी सो प्रा.लि. ले काठमाडौं महानगरपालिकालाई बुझाउने । रोयल्टी बापतको रकम उक्त प्रा.लि. ले चौमासिक रूपमा अग्रिम नबुझाएमा प्रचलित करार ऐन नियम बमोजिम कारबाही हुने, मूल करारनामा साथ संलग्न Conceptual Plan मा उल्लेखित कमर्सियल कम्प्लेक्स 'ए' को भवन निर्माण अवधि पूरक करारनामा गरेको मितिले बढीमा ३ वर्ष हुने । सो अवधिभित्र निर्माण सम्पन्न गर्न नसकेमा पुनः म्याद थप नगर्ने । बसपार्क क्षेत्रभित्र आ.व. २०६०।६१ देखि निर्मित संरचनाहरूको मूल्यांकन हुन बाँकी रहेको देखिँदा पूरक करारनामा भएको मितिले ३ महिनाभित्र काठमाडौं महानगरपालिकाले सो निर्माण कार्यको प्राविधिक जाँच समितिद्वारा मूल्यांकन गराउने । लामो दूरीमा चल्ने सबै बसहरू बसपार्कभित्र आउने र सोही स्थानबाट छुट्ने व्यवस्था मिलाउन काठमाडौं महानगरपालिकाले

पहल गर्ने शर्तहरू समावेश गरी पूरक करार गर्न आयोगको मिति २०६६।९।९ को निर्णय अनुसार काठमाडौं महानगरपालिकालाई लेखी पठाइएको ।

४. २०६१ साल माघ १९ गतेपछि राजनीतिक दलहरूद्वारा सञ्चालित शान्तिपूर्ण जनआन्दोलनका क्रममा भएका धनजनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग, सत्ता, शक्ति र पदको दुरुपयोग र मानव अधिकारको उल्लंघन लगायतका कार्यको छानबिन गरी सत्यतथ्य पत्ता लगाउने र दोषी उपर के कस्तो कारबाही गर्नुपर्ने हो सो सम्बन्धमा राय ठहर सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६३।१।२२ को निर्णयानुसार सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोग पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा शान्तिपूर्ण जनआन्दोलनको निर्ममतापूर्वक दमन गर्ने प्रयोजनका लागि राष्ट्रिय ढुकुटीको दुरुपयोग, हिनामिना तथा सत्ता, शक्ति र पदको दुरुपयोग सम्बन्धमा प्रतिवेदनको परिच्छेद १२ मा उल्लेख भएका तत्कालीन बोर्ड बैठकको नेतृत्वकर्ता लगायतका व्यक्तिहरू समेतलाई आवश्यक कारबाहीका लागि आयोगमा पठाउने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६३।१०।२५ को निर्णयानुसार उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनको परिच्छेद १२ र सो सँग सम्बन्धित कागजात आयोगसमक्ष प्राप्त भई मोरङ जिल्ला विकास समितिकाबाट पेश्की लिई पेश्की फछ्यौंट नगरेका जिल्ला विकास समिति मोरङका तपसिलका तत्कालीन सदस्यहरूका सम्बन्धमा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १०२ अनुसार कारबाही गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल उपर गर्न आयोगको मिति २०६७।३।३१ को निर्णय अनुसार जिल्ला विकास समितिको कार्यालय, मोरङलाई लेखी पठाइएको ।

तपसिल

क्र.सं.	नाम थर	वतन	पेश्की रु.
१	विजयकुमार तिवारी	जिल्ला विकास समिति मोरङका तत्कालीन इलाका सदस्य, इलाका नं.१, विराटनगर १, मोरङ	१,०००।-
२	गणेशप्रसाद भट्टराई	जिल्ला विकास समिति मोरङका तत्कालीन इलाका सदस्य, इलाका नं.४, पथरी १, मोरङ	१,०००।-
३	खड्ग बन्जरा	जिल्ला विकास समिति मोरङका तत्कालीन इलाका सदस्य, इलाका नं.५, मधुमल्ला ५, मोरङ	४,०००।-
४	श्यामबहादुर कार्की	जिल्ला विकास समिति मोरङका तत्कालीन इलाका सदस्य, इलाका नं.६, केरौन ४, मोरङ	५४,०००।-
५	जयप्रकाश गच्छदार	जिल्ला विकास समिति मोरङका तत्कालीन इलाका सदस्य, इलाका नं.१२, मोतिपुर ६, मोरङ	४,०००।-
६	हरिनारायण चौधरी	जिल्ला विकास समिति मोरङका तत्कालीन इलाका सदस्य, इलाका नं.१६, सिध्राहा ६, मोरङ	४,०००।-
७	जयनारायण माझी	जिल्ला विकास समिति मोरङका तत्कालीन इलाका सदस्य, इलाका नं.१७, हात्तिमुडा १, मोरङ	४,०००।-

५. टीकापुर नगरपालिका वडा नं. ९ ब्लक नं. २९ औद्योगिक क्षेत्रभित्र रहेका जग्गाहरू तत्कालीन टीकापुर विकास समितिले जग्गा बिक्री वितरण गर्दा आफ्नो नाममा पास गर्ने लगायतका अनुचित कार्य गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जग्गा बिक्री वितरणमा तत्कालीन टीकापुर विकास समितिले सार्वजनिक खरिद ऐन, २०६३ लागू भैसकेपछि बिना प्रतिस्पर्धा जग्गा बिक्री गर्ने गरेको कार्यले टीकापुर विकास समितिलाई

हानि नोक्सानी पुग्न सक्ने देखिँदा प्रतिस्पर्धा गराएर मात्र जग्गा बिक्री वितरण गर्न आयोगको मिति २०६६।९।९ को निर्णय अनुसार टीकापुर नगर विकास समितिलाई लेखी पठाइएको ।

(ढ) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

सामान्य प्रशासन मन्त्रालय एवं आयोगका सचिवले गर्नुभएको रसुवा जिल्लाको निरीक्षण भ्रमणको क्रममा कार्यालय प्रमुख लगायत कर्मचारीहरूसँगको अन्तरक्रिया कार्यक्रममा जिल्लास्थित सरकारी कार्यालयहरूका कार्यालय प्रमुख लगायतका कर्मचारीहरूको न्यून उपस्थिति रहेको सन्दर्भमा जिज्ञासा राख्दा उक्त जिल्लाको कार्यालयमा दरबन्दी रही अन्यत्र जिल्लाहरूमा कर्मचारीहरू काजमा खटिएको भन्ने जानकारी प्राप्त भएको र सरकारी कार्यालयमा कर्मचारीको अभाव भई दैनिक कार्य सञ्चालनमा समेत बाधा पुगेको र सेवाग्राहीले यथोचित समयमा सेवा उपभोग गर्नबाट वञ्चित हुन पुगी सुशासनको अनुभूति गर्न सकिनरहेको भन्ने जनगुनासो समेत आएको तथा जिल्ला प्रशासन कार्यालय रसुवाबाट रसुवा जिल्लाका विभिन्न कार्यालयमा दरबन्दी रही अन्यत्र (केन्द्र तथा जिल्लाहरूमा) काजमा खटिएका एघार जना अधिकृत तथा सहायक कर्मचारीहरूको विवरणसमेत प्राप्त भएको हुँदा प्राप्त विवरण अनुसारका कर्मचारीहरूलाई दरबन्दी रहेको कार्यालयमा ७ दिनभित्र काज फिर्ता गर्न आयोगको मिति २०६६।१०।२७ को निर्णय अनुसार सम्बन्धित अख्तियारवालालाई लेखी पठाइएको ।

(ण) शिक्षा मन्त्रालय अन्तर्गत

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त कैलपाल एकेडेमी फर हेल्थ साइन्स, नेपालगन्जले कक्षा सञ्चालनका लागि स्वीकृति प्राप्त गरेका विषयहरू बाहेक त्रिभुवन विश्वविद्यालय CTEVT आदिबाट लिइने विभिन्न तहको प्रवेश परीक्षाका तयारी कक्षाहरू समेत सञ्चालन गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त शैक्षिक संस्थाले स्वीकृति प्राप्त गरेको विषयको अध्यापन गर्ने, गराउने भन्दा बाहेक प्रवेश परीक्षाहरूको तयारी कक्षाहरू सञ्चालन गर्न पाउने वा नपाउने भन्ने सम्बन्धमा उक्त परिषद्को ऐन, नियम तथा विनियमावलीमा कुनै उल्लेख नभएको भन्ने व्यहोरा उक्त परिषद्को प्रतिक्रिया समेतबाट देखिन आयो । यस्ता गतिविधिहरू नेपालका अन्य शैक्षिक संस्थाहरूबाट समेत भएको हुन सक्ने सम्भावना समेत देखियो । अतः सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेको शैक्षिक संस्थाले सम्बन्धन/स्वीकृति प्राप्त गरेका विषयहरूको अध्यापन बाहेक अन्य विषयहरूको प्रवेश परीक्षाका लागि तयारी कक्षाहरू सञ्चालन गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र परिषद्द्वारा सञ्चालित शैक्षिक एवम् तालिम कार्यक्रमहरूको प्रतिष्ठामा प्रतिकूल असर पर्ने नपर्ने के हो ? उद्देश्य विपरीतका कार्यहरू समेत गर्ने शैक्षिक संस्थाहरूको सम्बन्धन खारेज गर्नुपर्ने/नपर्ने विषयमा छलफल र निष्कर्षमा पुग्न आयोगको मिति २०६६।५।१ को निर्णय अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई लेखी पठाइएको ।

२. पूर्वाञ्चल विश्वविद्यालयको २०६६।१।३१ मा बसेको विश्वविद्यालय सभाको बैठकले उक्त विश्वविश्वविद्यालयको केन्द्रीय कार्यालयका लागि नेपाल सरकारले गोठगाउँ, मोरङमा

प्रदान गरेको ८०५ बिगाह जमिनमा ३५ करोडको लगानीमा सम्पूर्ण पूर्वाधारहरूको व्यवस्था भएको वर्षौं बितिसक्दा पनि प्रयोगमा नल्याएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा मोरङको गोठगाउँमा निर्मित भवनमा केन्द्रीय कार्यालय नसारी विराटनगरमा भाडामा भवन लिई कार्यालय सञ्चालन गरेको सम्बन्धमा आयोगबाट मिति २०६५।२।२७ मा भएको निर्णय अनुसार विश्वविद्यालयको लागि नवनिर्मित भवन हस्तान्तरणतर्फ शीघ्र पहल गरी सोही भवनबाट कार्य सञ्चालन गर्ने भन्ने समेत उल्लेख गरी आयोगको च.नं. ८७३ मिति २०६५।२।२८ को पत्रबाट पूर्वाञ्चल विश्वविद्यालयलाई लेखी पठाएकोमा उक्त निर्णयानुसार केन्द्रीय कार्यालय सार्ने कार्य नभएको समेतका विषयहरूका सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालय ऐन २०५० को दफा ३ (२) मा विश्वविद्यालयको केन्द्रीय कार्यालय विराटनगरमा रहने छ भन्ने प्रावधान भएका कारण विश्वविद्यालयको केन्द्रीय कार्यालय मोरङ जिल्लाको गोठगाउँमा नवनिर्मित भवनमा सार्न मिल्ने अवस्था नरहेको हुँदा आयोगको निर्देशन बमोजिम हुन नसकेको भन्ने देखियो । विश्वविद्यालयको केन्द्रीय कार्यालय विराटनगरमा रहने छ भन्ने ऐनमा भएको प्रावधानले विश्वविद्यालयको केन्द्रीय कार्यालयका लागि भनी सोही विश्वविद्यालयद्वारा निर्माण गरिएको मोरङ जिल्लाभित्रकै गोठागाउँ स्थित आफ्नो स्वामित्वको भवनमा केन्द्रीय कार्यालय सार्न बाधा पुग्ने देखिँदैन । अतः पूर्वाञ्चल विश्वविद्यालयको केन्द्रीय कार्यालय नवनिर्मित भवनमा सार्ने सम्बन्धी आयोगको मिति २०६५।२।२७ को निर्णय ६ महिनाभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६६।५।१५ को निर्णय अनुसार पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपतिलाई लेखी पठाइएको ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को वि.नं. ३४१/०६०।६१, अटोमोबाइल प्रशिक्षक (अधिकृत स्तर तृतीय, प्राविधिक) पदका लागि उम्मेदवार भई सफल घोषित गरिएका मृगेन्द्रबहादुर प्रधानको उक्त पदका लागि योग्यता नपुगेको, निजले एस.एल.सी. परीक्षा नै उत्तीर्ण नगरी फ्रान्सको Lycee George Conmier नामको संस्थाबाट प्राप्त गरेको Beccalaureat Professional उपाधिलाई त्रिभुवन विश्वविद्यालयले मिति २०५५।७।१९ मा स्तर निर्धारण गरिदिएको र सोही प्रमाणपत्रका आधारमा निजको उम्मेदवारी स्वीकृत भएको देखिएको हुँदा आवश्यक कारबाही गरी पाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मृगेन्द्रबहादुर प्रधानले उल्लेखित पदको लागि आवेदन गर्दा निजले अनुभवको प्रमाणपत्रका रूपमा आवेदन फारम साथ पेश गरेको पनौती प्राविधिक शिक्षालय, काभ्रेपलान्चोकको मिति २०६१।२।१० को पत्रबाट निजले उक्त शिक्षालयमा २०५७ आश्विन ११ देखि अटोमोबाइल प्रशिक्षक (अधिकृतस्तर तृतीय श्रेणी) पदमा आयोजना अवधिको लागि सम्झौता अनुरूप र सोही पदमा २०६०।८।१ देखि करार सेवामा नियुक्ति भई कार्यरत रहेको भन्ने देखियो । उक्तानुसार निजलाई पनौती प्राविधिक शिक्षालयमा अटोमोबाइल प्रशिक्षक (अधिकृतस्तर तृतीय श्रेणी) मा करार सेवामा नियुक्ति गर्दाका अवस्थामा समेत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्मचारी सेवा शर्त विनियमावलीको अनुसूची २ मा व्यवस्था भए अनुसार उक्त पदका लागि निजको योग्यता पुगेको देखिएन । साथै निज मृगेन्द्रबहादुर प्रधानको व्यक्तिगत फाइलमा संलग्न कागजातहरू समेतबाट निज मृगेन्द्रबहादुर प्रधानले एस.एल.सी. परीक्षा उत्तीर्ण गरेको भन्ने समेत देखिन आएन । अतः निज मृगेन्द्रबहादुर प्रधानले एस.एल.सी. परीक्षा उत्तीर्ण नै नगरेको एवम् निजले अनुभवको रूपमा पेश गरेको पनौती प्राविधिक शिक्षालयमा अटोमोबाइल प्रशिक्षक पदमा करार सेवामा नियुक्ति हुँदाका अवस्थामा समेत उक्त पदका लागि निजको योग्यता पुगेको नदेखिएको हुँदा

उल्लेखित पदमा निज मृगेन्द्रबहादुर प्रधानको नियुक्तिका सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, नियम, विनियम बमोजिम ३ महिनाभित्र आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६६।६।१८ को निर्णय अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुरलाई लेखी पठाइएको ।

४. दाङ जिल्ला चैलाही गाउँ विकास समिति वडा नं. ९ मा रहेको बाल जनता उच्च माध्यमिक विद्यालय वनगाउँमा रिक्त नेपाली विषयको शिक्षक नियुक्ति गर्दा कम नम्बर प्राप्त गरेका व्यक्तिलाई बढी नम्बर दिई शिक्षक नियुक्ति गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा शिक्षक नियुक्तिका लागि सिफारिश भएकी हरिमाया रेग्मीको लिखित परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि हेर्दा निजले ३५ अंक प्राप्त गरेकोलाई सच्याई ४७ अंक कायम गरेको र उजुरकर्ता कल्पना कुमारी चौधरीको लिखित परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि हेर्दा निजले ५४ अंक प्राप्त गरेको देखिन आयो । निज हरिमाया रेग्मीलाई विद्यालय व्यवस्थापन समितिले दिएको नियुक्ति समर्थन नगरिएको, निज विद्यालयमा कार्यरत समेत नभएको, निजहरू दुवै जनाले प्राप्त गरेको अंक घटीबढी भएको, उक्त परीक्षाको नतिजा निकाल्दा नियमानुसार ३ जनाको नाम प्रकाशित गर्नुपर्नेमा बराबर अंक नभए पनि ५ जनाको नाम प्रकाशित गरी अनियमित भएको देखिएकोले निज हरिमाया रेग्मीलाई उक्त विद्यालयको शिक्षकमा गरिएको नियुक्ति शिक्षा नियमावली, २०४९ को नियम ९७ को उप नियम (६) बमोजिम बदर गरी शिक्षक नियुक्ति गर्ने उपयुक्त प्रक्रिया अवलम्बन गर्न आयोगको मिति २०६६।६।२० को निर्णय अनुसार जिल्ला शिक्षा कार्यालय, दाङलाई लेखी पठाइएको ।

५. रत्नराज्य उच्च माध्यमिक विद्यालय महादेवस्थान, बानेश्वरको सटर कवलहरू भाडामा दिँदा बिना प्रतिस्पर्धा एकल निर्णयको आधारमा भाडामा लगाएको र विद्यालयको तला थप गर्दा बिना प्रतिस्पर्धा ठेक्कामा दिएका भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सांसद विकास कोष र जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकमबाट रु. १९,८२,११७।५८ (भ्याट बाहेक) लागत इस्टिमेटमा विद्यालयको हल निर्माण कार्य गर्दा विद्यालयले मिति २०६६।०२।८ मा विद्यालयको लेटर प्याडमा सूचनाबाट दरखास्त आह्वान गरेको देखिएको तर उक्त सूचना कुनै पत्रिकामा प्रकाशित गरेको पाइएन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ मा बोलपत्र आह्वानको सूचना राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा कुनै पनि सार्वजनिक निकायले रु.१० लाखभन्दा बढीको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट गराउनुपर्ने व्यवस्था रहेको । त्यसैगरी रु. १० लाखदेखि रु. ६० लाखसम्मको निर्माण कार्यको लागि बोलपत्र दस्तुर रु. १०००।- लिनुपर्नेमा विद्यालयले जम्मा रु.३००।- मात्र लिएको देखिन आयो । उक्त विद्यालयले उक्त हल निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्थाको अवलम्बन गरेको नपाइएको तर हल निर्माण भइसकेको हुँदा आयोगको मिति २०६६।७।१२ को निर्णय अनुसार अब उप्राप्त सार्वजनिक खरिद ऐन र नियमावलीको अधीनमा रहेर मात्र यस्ता कार्यहरू गर्नु गराउनु भनी उक्त विद्यालय र जिल्ला शिक्षा कार्यालय, काठमाडौंलाई लेखी पठाइएको ।

६. जनक शिक्षा सामग्री केन्द्र लि.ले शैक्षिक सत्र २०६६ का लागि कक्षा १-१० सम्मको पाठ्यपुस्तक छपाई गर्ने कार्य आफैं जनक शिक्षा सामग्री केन्द्र लि.ले र आफूले कागज उपलब्ध गराई अन्य मुद्रण गृहबाट छपाई कार्य गराउँदा समेत समयमा पाठ्यपुस्तक तयार गर्न नसकिने भनी आवश्यक पर्ने २ करोड ५० लाख थान पाठ्यपुस्तकलाई १ महिनाअगाडि तथ्यांक फेरबदल गरी ५० लाख थान पाठ्यपुस्तकहरू करिब रु.२० करोडमा भारतमा छपाउन नेपाल साहित्य प्रकाशन केन्द्रका मालिक मोहनकुमार उपाध्यायसँग मिली सम्झौता गरी २ करोड रुपैयाँ भ्रष्टाचार गरे भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जनक शिक्षा सामग्री केन्द्र लि.ले शैक्षिक सत्र २०६६ का लागि कक्षा १-१० सम्मको पाठ्यपुस्तक छपाई कार्य आफैले र आफूले कागज उपलब्ध गराई अन्य मुद्रणगृहबाट छपाई कार्य गर्दा समयभित्र नभ्याइने भएको भनी मिति २०६५।११।१५ को प्रबन्ध सञ्चालकको निर्णयबाट छपाई कार्य गर्न नेपाल साहित्य प्रकाशन केन्द्रलाई कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तक छपाई कार्य गराउँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसार बोलपत्र आव्हान नगरेको । जनक शिक्षा सामग्री केन्द्र लि.आर्थिक प्रशासन विनियमावली २०५८ को उपविनियम ३ को घ अनुसार बाध्यात्मक प्रक्रिया पूरा नगरी उक्त कार्य गर्ने गराउने गरेको हुँदा तथा जनक शिक्षा सामग्री केन्द्र लि.को आर्थिक प्रशासन विनियमावली २०५८ को विनियम २० को २ तथा सार्वजनिक खरिद नियमावली २०६४ को दफा ६७ अनुसारको सीमाभन्दा बढी रकमको कार्य गर्न सञ्चालक समितिमा स्वीकृतिका लागि पठाउनुपर्नेमा प्रबन्ध सञ्चालकले आफैं स्वीकृत गरेको देखियो । मनासिबै कारण बिना शैक्षिक सत्र २०६६ को लागि आवश्यकताभन्दा अस्वाभाविक रूपमा बढी पाठ्यपुस्तक छपाई गर्न लगाउने तथा उक्त कार्य गर्न समय अभाव देखाई गरिएको भए तापनि सिल कोटेसन समेत माग गर्ने प्रक्रिया कानूनसम्मत नभएको । प्राप्त सिल कोटेसनहरूका लागि आवश्यक बाध्यात्मक कागजात समावेश हुनुपर्नेमा नहेरी निर्णय प्रक्रिया अगाडि बढाई स्वीकृत गराएको । नेपाल साहित्य प्रकाशन केन्द्रलाई मिति २०६५।११।२५ मा रु. ४,८६,०९,०००।- र मिति २०६५।११।३० मा रु. १,३३,९१,०००।- समेत गरी ६ करोड २० लाख पेश्की भुक्तानी र सो भन्दापछि मिति २०६६।१।१० मा ४ करोड ४५ लाख मिति २०६६।२।११ मा ४ करोड ६० लाख मिति २०६६।३।१० मा ४ करोड १५ लाखसमेत १३ करोड २० लाख पाठ्यपुस्तक प्राप्तिको कारण देखाई भुक्तानी गरेको समेत जम्मा रु. १९ करोड ४० लाख हालसम्म नेपाल साहित्य प्रकाशन केन्द्रले भुक्तानी गर्ने कार्य गरेको । हाल बजारमा बुझ्दा समेत नेपाल साहित्य प्रकाशन केन्द्रले छपाई गरेको दरभन्दा कम दरमा छपाई गर्ने छपाईगृहहरू देखिएको तथा सञ्चालक समितिको निर्णय भई सहीछाप भएपश्चात जनक शिक्षा सामग्री केन्द्र लि.का कर्मचारी प्रदिप कुमार थापाबाट माइन्युट बुकमा छपाई गर्न पाठ्यपुस्तकको संख्या वृद्धि गर्न शब्दसमेत थप गर्न लगाएको देखिँदा उल्लेखित छपाई कार्य प्राप्त गर्ने उद्देश्यले अन्य विभिन्न प्रकाशकहरूको लेटरप्याड लिई आफैंले भरी छाप दस्तखत समेत आफैंले नै गरी सिल कोटेसन जनक शिक्षा सामग्री केन्द्र लि.मा बुझाएको देखिएको र नेपाल साहित्य प्रकाशन केन्द्रका प्रोपाइटर मोहनकुमार उपाध्यायले साबिती बयान समेत दिएको देखिँदा कमदरमा छपाई कार्य हुन सक्ने अवस्था हुँदाहुँदै बढी रकम रु. ७९,५९,४२६ ।- मा छपाई गराउने कार्य गराएको हुँदा निज मोहनकुमार उपाध्याय र निज प्रोपाइटर रहेको नेपाल साहित्य प्रकाशन केन्द्रलाई नेपाल सरकार र सार्वजनिक संस्थाको छपाई कार्य गर्न नपाउने गरी रोक लगाउन आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार शिक्षा मन्त्रालय र जनक शिक्षा सामग्री केन्द्रलाई लेखी पठाइएको ।

७. जिल्ला बर्दिया डेउठाकला ८ दशरथ चन्द निम्न माध्यमिक विद्यालय गोरीपारामा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त राहत कोटामा नियुक्तिको लागि प्रधानाध्यापक रविचन्द्र ज्ञवाली र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामनरेश यादवले सत्यनारायण यादवबाट रु. १०,०००।- र रमेश यादवबाट रु. १७,०००।- लिएर एक जनालाई सो राहत कोटामा नियुक्ति दिने र बाँकी एक जनालाई अर्को पटकको आउने कोटामा स्वत: नियुक्ति दिने शर्त राखी उक्त रुपैयाँ लिनु दिनु गरेका र विद्यालय निरीक्षक नीलकण्ठ रेग्मीले रु. ८,०००।- मूल्य पर्ने काठको दराज लिएको भन्ने सम्बन्धमा गाउँमा छलफल हुँदा राहत कोटाको दुरुपयोग र भ्रष्टाचार गरेको, घूस लिने दिनेको वास्तविक व्यहोरा लेखी राजीखुसीले दस्तखतसमेत गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत निजहरूलाई कारबाही गरी पाऊँ भन्ने समेत विषयको उजुरी उपर जिल्ला प्रशासन कार्यालय बर्दियाका अनुसन्धान अधिकृतले पाँच जनाको हकमा मुद्दा चलाई दुष्परिणाम सच्याउने र एक जनाको हकमा मुद्दा नचलाउने गरी पठाएको प्रस्तावित राय उपर अनुसन्धान हुँदा घूस रिसबत लिनु दिनु भएको आदि क्रियाकलापले शिक्षक भर्नासम्बन्धी नियमित प्रक्रिया ऐन नियमको मर्यादाभित्र सञ्चालन नभएको भन्ने कुरा स्वयं अध्यक्ष र प्रधानाध्यापक लगायतका बयानहरूबाट स्पष्ट नै भएकाले विद्यालयलाई गएका ३ वटा कोटामध्ये निम्न माध्यमिक विद्यालयको नेपाली कोटा बाहेक बाँकी प्राथमिक विद्यालय शिक्षक कोटा १ र निम्न माध्यमिक विद्यालयको सामाजिक स्वास्थ्य शारीरिक हुँदै अंग्रेजी विषयमा परिणत शिक्षक कोटा १ मा भएको नियुक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख बमोजिम दुष्परिणाम सच्याई शिक्षकहरूको नियुक्तिभन्दा पूर्वको रिक्त अवस्था मानी शिक्षा कार्यालयबाट नियमित रूपमा नियुक्ति गर्न गराउन उचित हुने देखिएको छ भन्ने समेत जिल्ला प्रशासन कार्यालय बर्दियाको मिति २०६६।३।९ मा पठाएको राय उपयुक्त नै देखिएकाले उल्लेखित प्राथमिक विद्यालय शिक्षक कोटा १ र निम्न माध्यमिक विद्यालय अंग्रेजी शिक्षक कोटा १ मा भएको नियुक्ति बदर गर्न र नियुक्तिभन्दा पूर्वको रिक्त अवस्था मानी कानून बमोजिम नियुक्ति गर्न आयोगको मिति २०६६।८।८ को निर्णय अनुसार जिल्ला शिक्षा कार्यालय बर्दियालाई लेखी पठाइएको ।

८. नेपाल सरकारले उपलब्ध गराएको नेपाल बाल संगठनको नक्सालस्थित जग्गा लिजमा लिन लागेकोले कारबाही गरी पाऊँ भन्ने सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन श्री ५ को सरकारले नेपाल बाल संगठनलाई प्रदान गरेको काठमाडौं महानगरपालिका वार्ड नं. १ स्थित कित्ता नम्बर ७६० को जग्गा ५१-१३-३ क्षेत्रफल मध्येबाट १४-९-०-० क्षेत्रफल र सो मा निर्मित घरटहरा मिति २०५८।२।८ को सम्झौता बमोजिम वार्षिक रु. ३० लाखमा बृहस्पति विद्यासदनलाई भाडामा दिइएको । त्यसैगरी सोही ५१-१३-३ क्षेत्रफलकै जग्गा मध्येबाट १३-१२-१-० क्षेत्रफल जग्गा वार्षिक रु. ६ लाखमा सोही विद्यासदनलाई मिति २०५९।५।११ को सम्झौता बमोजिम दिइएको र पुन: १० रोपनी जग्गा लिजमा दिन शुरु गरेकोमा आयोगको मिति २०६६।५।१७ को निर्णयले पछिल्लो लिजमा दिने जग्गाको हकमा निर्देशन दिइएको छ । शुरु सम्झौता बमोजिमको झण्डै समान क्षेत्रफल जग्गा अघिल्लो सालको तुलनामा पछिल्लो सालमा निकै कम दरमा सम्झौताबाट दिइएको कार्यलाई स्वाभाविक मान्न सकिएन । अत: उक्त मिति २०५९।५।११ को सो जग्गासम्बन्धी सम्झौता रद्द गर्न र आयोगको पूर्व निर्णयसमेतका आधारमा आवश्यकता छ भने भाडा वा लिजमा दिने जग्गाको न्यूनतम मूल्य कायम गरी संगठन र बालबालिकाको बृहत्तरहितका लागि संगठनले पुन: भाडामा

दिन आयोगको मिति २०६६।८।१९ को निर्णय अनुसार नेपाल बाल संगठनलाई लेखी पठाइएको ।

९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को २०६४ सालको बोर्ड बैठकबाट परिषद्बाट सम्बन्धन प्राप्त स्वास्थ्य विषयसँग सम्बन्धित संस्थाहरूले २०६६ साल आषाढ मसान्तसम्म अनिवार्य रूपले ५० बेडको हस्पिटल सञ्चालन गरिसक्नुपर्ने भन्ने निर्णय भएको । उक्तानुसार हस्पिटल निर्माण कार्यको प्रगति विवरण परिषद् कार्यालयमा पठाउन र सोही प्रगतिको आधारमा आगामी २०६६।६७ का लागि प्रशिक्षार्थी भर्नाको अनुमति प्रदान गर्ने भन्ने परिषद् कार्यालयबाट मिति २०६६।१।११ मा सूचना प्रकाशित भएकोमा परिषद्का सदस्य सचिव जयबहादुर टण्डनले अनुचित आर्थिक लाभ लिई आफूलाई नभएको अधिकार प्रयोग गरी उक्तानुसार परिषद्को २०६४ सालको न्यूनतम मापदण्डसम्बन्धी निर्णय र परिषद् कार्यालयको २०६६।१।११ को सूचना विपरीत २०६६ आषाढ मसान्तबाट ४ वर्षभित्र हस्पिटल निर्माण गरिसक्नुपर्ने भन्ने निर्णयको सम्बन्धमा अनुसन्धान हुँदा परिषद्का उपाध्यक्ष देवीप्रसाद घिमिरे र सदस्य सचिव जयबहादुर टण्डनलाई पद अनुकूलको आचरण नगरेको एवम् कार्यक्षमताको अभाव भएको आधारमा आवश्यक कारबाही गर्न आयोगको मिति २०६६।९।२ को निर्णय अनुसार शिक्षा मन्त्रालयलाई लेखी पठाइएको ।

१०. मनोहर माध्यमिक विद्यालय गोंगबु काठमाडौंको आ.व. २०६२।०६३ र ०६३।६४ को श्रेस्ताहरूको लेखापरीक्षण हुँदा औंल्याइएको बेरुजु रकम रु. ८,२५,७४१।८२ उक्त विद्यालयका तत्कालीन प्रधानाध्यापक इन्द्र नारायण मल्लिक र लेखापालको हैसियतले काम गर्ने शिक्षक विजय के.सी.बाट असुल फछ्यौंट गरी हिसाब फरफारक गर्न विद्यालय र शिक्षा कार्यालय समेतबाट पत्राचार गरिएकोमा हालसम्म सो हुन नसकेकाले रकम फछ्यौंट गर्ने कार्यमा सहयोग गरी पाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मनोहर माध्यमिक विद्यालय गोंगबु काठमाडौंको आ.व.२०६२।०६३ र २०६३।६४ का श्रेस्ताहरू लेखापरीक्षक रामबहादुर श्रेष्ठले लेखापरीक्षण गरी मिति २०६५।२।७ मा जिल्ला शिक्षा कार्यालय काठमाडौंमा प्रस्तुत भएको उक्त लेखापरीक्षण प्रतिवेदनमा बेरुजुहरू सैद्धान्तिक भएको र कतिपय बेरुजुहरू बुँदागत चर्चाको आधारमा व्यक्तिगत देखिएका कारण असुल उपर गर्नुपर्ने, दलित तथा जनजाति प्राथमिक विद्यालय माध्यमिक विद्यालय छात्रवृत्ति रकम पनि आफ्ना शिक्षकहरूलाई आय व्ययसम्बन्धी जानकारी नदिएको, खर्च गर्दा मनोमानी ढंगले गरेको, जिल्ला शिक्षा कार्यालयबाट प्राप्त अनुदानको शीर्षक खर्च अनुसार दुई वर्षको कुनै पनि छात्रवृत्ति रकम वितरण गरिएको प्रामाणिक आधार नभेटिएको, विद्यालय सुधार योजना, पुस्तकालयसम्बन्धी खर्च विधिवत खर्च गरी रेकर्ड नराखेको हुँदा सम्बन्धित व्यक्तिबाट नियम बमोजिम देखिन आएको बेरुजु रकम रु. ८,२५,७४१।८२ असुल उपर गर्नुपर्ने भनी उल्लेख भएको देखिए तापनि जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट यस आयोगमा प्राप्त हुन आएको उक्त कार्यालयबाट आ.व.०६२।६३ र ०६३।६४ मा मनोहर माध्यमिक विद्यालय गोंगबुलाई निकासा भएको रकमका सम्बन्धमा विभिन्न तीन वटा विवरणहरूमा फरक फरक रकम उल्लेख भएको एवं उक्त रकम लेखा परीक्षणमा उल्लेख भएको रकमसँग समेत मेल खान नसकेको अवस्थाका साथै लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको जिल्ला विकास समिति तथा गाउँ विकास समिति अनुदान रकममा समेत मेल खानसक्ने अवस्था नदेखिएबाट त्यसबेला गरिएको लेखापरीक्षण कार्यले प्रक्रिया बमोजिम यकिन विवरण उल्लेख गरी प्रतिवेदन

पेश गरेको भन्ने किटान गर्न सकिने अवस्था देखिन आएन । अतः "आर्थिक कार्यविधि नियमावली नियम ९८ (१) मा कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले बेरुजु फछ्यौंट गरे वा नगरेको अनुगमन गरी नगरेको भए प्रचलित कानून बमोजिम फछ्यौंट गर्न लगाउने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ भनी व्यवस्था गरेको पाइन्छ साथै आर्थिक कार्यविधि ऐन २०५५ ले लेखा उत्तरदायी अधिकृत भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन सञ्चालन गर्ने, वार्षिक बजेट तय गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट लेखा राख्ने र राख्न लगाउने लेखा विवरण तयार गर्ने गराउने विनियोजन राजस्व धरौटी र जिन्सी समेतको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको सचिवलाई सम्झनुपर्दछ" भनी उल्लेख भएको । पछि ठहरे बमोजिम कानूनतः हुने नै हुँदा हाल शिक्षक सेवाबाट अवकाश प्राप्त गरिसकेका तत्कालीन मनोहर माध्यमिक विद्यालय गोंगबुका प्रधानाध्यापक इन्द्रबहादुर मल्लिकले नियमानुसार प्राप्त गर्ने पेन्सन पट्टा तथा पेन्सन बापतको रकम रोक्का नराख्न जिल्ला शिक्षा कार्यालय काठमाडौंलाई लेखी पठाउने । प्राप्त लेखापरीक्षण प्रतिवेदन विश्वसनीय नदेखिएकाले सक्षम लेखापरीक्षक नियुक्त गरी पुनः लेखापरीक्षण गराई सो परीक्षणबाट देखिएको बेरुजु रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिहरूबाट असुल उपर गर्न आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार जिल्ला शिक्षा कार्यालय काठमाडौंमा लेखी पठाइएको ।

११. त्रिभुवन विश्वविद्यालय, अनुसन्धान महाशाखाका प्रमुख इन्दिरा जोशीसमेतका पदाधिकारीहरूले लघु अनुसन्धानका लागि प्रस्तावको छनौट गर्ने क्रममा विभिन्न प्रकारका अनियमितता गरेको सम्बन्धमा अनुसन्धान हुँदा अनुसन्धान प्रस्तावहरू छनौटसम्बन्धी मिति २०६६।५।२५ को बैठकमा उपस्थित पदाधिकारीहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ख) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएको हुँदा उक्त निर्णय बदर गरी प्रचलित कानून बमोजिम दुष्परिणाम सच्याउन आयोगको मिति २०६६।९।१४ को निर्णय अनुसार त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालयलाई लेखी पठाइएको ।

१२. मेरा श्रीमान् कपिल प्रसाद आचार्य ग्राम शिक्षा माध्यमिक विद्यालय कपनमा माध्यमिक विद्यालय शिक्षक भई अध्यापन गराउने कार्य गर्नुहुन्थ्यो । विद्यालय व्यवस्थापन समितिको मिति २०६५।८।१४ को निर्णयानुसार मिति २०६५।८।१५ को पत्रद्वारा सात दिनको लागि रोटरी क्लब काठमाडौंमा काजमा खटाइएको अवधिमा मिति २०६५।८।१९ गते हृदयाघातको कारण मृत्यु भएको । वृत्ति विकास समितिको मिति २०६६।३।२१ को बैठकबाट काजमा खटिएको समयमा हृदयाघात भई मृत्यु भएको देखिएकोले शिक्षा नियमावली २०५९ को नियम ११६ बमोजिम आजीवन पारिवारिक वृत्ति दिनका लागि निर्णय भइसकेको हुँदा, शिक्षक किताबखानाबाट हालसम्म कुनै पनि सुविधा प्राप्त गर्न नसकेको हुँदा, समितिको निर्णयानुसार शीघ्र पारिवारिक वृत्ति दिने सम्बन्धमा शिक्षक किताबखानाको नाममा सुविधा पाउनको लागि शीघ्र निर्देशन हुन भन्ने समेत उल्लेख गरी श्रीमती निर्मला आचार्यले दिएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा विद्यालय व्यवस्थापन समितिको मिति २०६५।८।१४ को निर्णय बमोजिम माध्यमिक विद्यालय तहमा कार्यरत शिक्षक कपिलप्रसाद आचार्यलाई मिति २०६५।८।१५ गतेदेखि लागू हुने गरी रोटरी इन्टरनेसनल क्लब काठमाडौंमा काजमा खटाएको देखिन्छ । काजमा खटाएकै

अवधिमा हृदयाघात भई निजको मृत्यु भएको कुरा काठमाडौं मेडिकल कलेज टिचिङ हस्पिटलको डिपार्टमेन्ट अफ इमरजेन्सीको टिकटबाट पुष्टि भएको छ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मिति २०६६।३।२१ को वृत्ति सिफारिस समितिको बैठकबाट कपिलप्रसाद आचार्य काज खटाइएकै अवधिमा निजको हृदयाघातको कारणले मृत्यु भएको देखिएकोले शिक्षा नियमावली २०५९ को नियम ११६ मा व्यवस्था भएबमोजिम निजकी पत्नीलाई आजीवन पारिवारिक वृत्ति र नियम १२४ को उपनियम १ र २ मा व्यवस्था भए बमोजिम निजका सन्तानलाई शैक्षिक भत्ता तथा सन्ततीी वृत्ति उपलब्ध गराउनका लागि सिफारिस गर्ने निर्णय गरेको देखिन्छ । मिति २०६६।७।१३ गते शिक्षक किताबखाना परामर्श समितिको बैठकको निर्णय ६ मा कपिलप्रसाद आचार्यको लास जाँच मुचुल्का एवं पोस्टमार्टम रिर्पोट फायल संलग्न नभएको, निजको मृत्युको सम्बन्धमा दोहोरो अर्थ लाग्ने व्यहोराको कागजात देखिएकोले हाल टुंगोमा पुग्न सकिएन भन्ने समेत उल्लेख गरेको देखिन्छ । श्री ग्राम शिक्षा मन्दिर माध्यमिक विद्यालयका शिक्षक कपिलप्रसाद आचार्य मिति २०६५।८।१४ को विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार मिति २०६५।८।१५ देखि सात दिनका लागि रोटरी इन्टरनेसनल क्लबमा काजमा खटिएको, काजमा खटिएकै अवस्थामा मिति २०६५।८।१९ गते निजको मृत्यु भएको । मिति २०६६।३।२१ को वृत्ति सिफारिस समितिले समेत निजकी पत्नीलाई आजीवन पारिवारिक वृत्ति, निजका सन्तानलाई शैक्षिक भत्ता तथा सन्ततीी वृत्ति उपलब्ध गराउन सिफारिस समेत गरेको भन्ने कुरामा कुनै विवाद देखिँदैन । शिक्षा नियमावली २०५९ को नियम ११६ मा व्यवस्था भए बमोजिम कपिलप्रसाद आचार्यकी श्रीमतीलाई आजीवन पारिवारिक वृत्ति र शिक्षा नियमावली २०५९ को नियम १२४ को उपनियम १ र २ मा व्यवस्था भए बमोजिम निजका सन्तानलाई शैक्षिक भत्ता तथा सन्ततीी वृत्ति उपलब्ध गराउन आयोगको मिति २०६६।९।१४ को निर्णय अनुसार शिक्षक किताबखानालाई लेखी पठाइएको ।

१३. त्रिभुवन विश्वविद्यालय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत बद्रीनारायण गौतमले त्रिभुवन विश्वविद्यालयको पूर्वस्वीकृति बेगर नै लुम्बिनी बौद्ध विश्वविद्यालय, केन्द्रीय कार्यालयमा सहप्राध्यापक (करार) पदमा कामकाज गरेको एवम् लुम्बिनी बौद्ध विश्वविद्यालयको केन्द्रीय क्याम्पसको क्याम्पस प्रमुखको रूपमा समेत कामकाज गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन विश्वविद्यालय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पसमा स्थायी उपप्राध्यापक पदमा कार्यरत बद्रीनारायण गौतमले लुम्बिनी बौद्ध विश्वविद्यालयमा समेत सहप्राध्यापक (करार सेवा) पदमा रही कामकाज गरेको विषय त्रिभुवन विश्वविद्यालय, शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम २१ एवम् नियम ६९ मा भएका व्यवस्था अनुरूप भएको नदेखिएको हुँदा निजलाई लुम्बिनी बौद्ध विश्वविद्यालयले सहप्राध्यापक (करारसेवा) मा गरेको नियुक्ति बदर गर्न लुम्बिनी बौद्ध विश्वविद्यालयलाई र लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार खड्गमान श्रेष्ठले भैरहवा बहुमुखी क्याम्पसका उपप्राध्यापक बद्रीनारायण गौतमलाई ४ वर्षको लागि लुम्बिनी बौद्ध विश्वविद्यालयमा बेतलबी काजमा पठाउन त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारको कार्यालयमा अनुरोध गर्ने भन्ने लुम्बिनी बौद्ध विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०६६।१।२ को निर्णय कार्यान्वयन नगरी निज बद्रीनारायण गौतमलाई विश्वविद्यालयको मिति २०६६।२।१९ को पत्रबाट भैरहवास्थित केन्द्रीय क्याम्पसको काम कारबाही गर्ने गरी क्याम्पस प्रमुख पदमा करार सेवामा नियुक्त गर्नुको साथै निज बद्रीनारायण गौतमले क्याम्पस प्रमुख पदमा रही

काम गर्न नमिल्ने व्यहोरा जनाई निवेदन दिएपश्चात मिति २०६६।३।१ मा निजलाई उक्त विश्वविद्यालयको सहप्राध्यापक (करार सेवा) पदमा नियुक्त गरेको देखियो। बद्रीनारायण गौतमलाई लुम्बिनी बौद्ध विश्वविद्यालयको सहप्राध्यापक (करार सेवा) पदमा नियुक्ति गर्दा निज कार्यरत रहेको त्रिभुवन विश्वविद्यालयको शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम २१ र ६९ मा भएका व्यवस्था अनुरूपको प्रक्रियासमेत पूरा गरेको नदेखिएकाले निज खड्गमान श्रेष्ठ उपर कारबाहीका लागि आयोगको मिति २०६७।३।२० को निर्णय अनुसार लुम्बिनी बौद्ध विश्वविद्यालयका कुलपति एवं नेपाल सरकारका प्रधानमन्त्री समक्ष लेखी पठाइएको।

१४. जिल्ला शिक्षा कार्यालय धनुषाबाट दिइएको शिक्षक कोटा नथुनी गोइत निम्न माध्यमिक विद्यालय लक्कडमा रिक्त रहेको प्राथमिक विद्यालय शिक्षक पद १ र राहत कोटाको शिक्षक पद १ मा परीक्षा सञ्चालन हुन अगावै संजयकुमार गोइतको साखै भाइ रंजनकुमार गोइतलाई परीक्षामा सफल बनाउन सम्पूर्ण विपक्षी मिली परीक्षा सञ्चालन हुने दिनभन्दा एक दिनअगाडि प्रश्नपत्रको गोपनीयता भंग गरी रंजनकुमार गोइतलाई प्रश्नपत्र दिएकोले शिक्षक पदमा रंजनकुमार गोइतलाई गरेको नियुक्ति खारेज गरी पाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नथुनी गोइत निम्न माध्यमिक विद्यालय लक्कड धनुषामा रिक्त रहेको प्राथमिक विद्यालय शिक्षक पद १ र राहत कोटाको शिक्षक पद १ को मिति २०६५।२।१३ गते लिखित र मौखिक परीक्षा हुँदा रन्जनकुमार गोइतको दाजु संजयकुमार गोइत विद्यालय व्यवस्थापन समितिका साथै शिक्षक छनौट समितिको अध्यक्ष र अन्तर्वार्तामा समेत बसेको देखिन्छ। शिक्षक पदको लिखित र मौखिक परीक्षा हुँदा सम्बन्धित विद्यालयको निरीक्षक वा जिल्ला शिक्षा अधिकारीले तोकेको स्रोतव्यक्तिको उपस्थिति रहेको देखिँदैन। अत: नथुनी गोइत निम्न माध्यमिक विद्यालय लक्कड धनुषालाई शैक्षिक सत्र २०६४।०६५ को लागि प्राप्त प्राथमिक विद्यालय शिक्षक दरबन्दी १ र प्राथमिक विद्यालय राहत अनुदान कोटा १ गरी दुई पदमा भएको नियुक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख बमोजिम दुष्परिणाम सच्याई शिक्षकहरूको नियुक्तिभन्दा पूर्वको रिक्त अवस्था मानी जिल्ला शिक्षा कार्यालय धनुषाबाट शिक्षा ऐन नियम बमोजिम नियमित रूपमा नियुक्ति गराउनु भनी आयोगको मिति २०६७।१।२८ को निर्णय अनुसार जिल्ला शिक्षा कार्यालय धनुषालाई लेखी पठाइएको।

(त) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. यातायात व्यवस्था कार्यालय बागमतीबाट सवारी चालक अनुमतिपत्र दिँदा लिइने परीक्षाहरूमा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा लिखित तथा प्रयोगात्मक परीक्षामा अभिलेख सच्याई अनुमतिपत्र दिइएको भनी मान्न सकिने स्पष्ट आधारहरू देखिन आएन। परीक्षा सञ्चालनसम्बन्धी विधि र व्यवस्थापकीय जटिलताको कारण अनियमितता हुनसक्ने सम्भावना भएकाले परीक्षण स्थलको भौतिक स्थिति क्षमता तथा जनशक्तिलाई मध्यनजर गरी सम्बद्ध प्राविधिक समेतको राय लिई परीक्षा लिन सकिने दैनिक समय र संख्या किटान गरी प्रयोगात्मक परीक्षा सञ्चालन गराउने व्यवस्था मिलाउन, प्रयोगात्मक परीक्षा स्थलमा CCTV तथा मोनिटरको व्यवस्था गरी नतिजा रेकर्ड गर्न र परीक्षण दृश्य समेत अध्ययन गरी परीक्षा समितिबाट निर्णय गर्ने। परीक्षा स्थलमा परीक्षासँग सम्बन्धित व्यक्ति बाहेक अन्य व्यक्तिको प्रवेशलाई पूर्णरूपमा

निषेध गर्ने, ट्रायल परीक्षामा वास्तविक दक्षता स्पष्ट मापन हुने गरी बहुपद्धति अवलम्बन गर्न Road Test को माध्यमबाट परीक्षण गर्ने व्यवस्था मिलाउने । बागमती अञ्चलभित्र बढ्दो चालक अनुमतिपत्र लिनेको चापलाई मध्यनजर गरी मोटरसाइकलतर्फको ट्रायल स्थल र जनशक्ति थप गर्ने व्यवस्था मिलाउने, अभिलेख व्यवस्थापनतर्फ आगामी पौष महिनासम्ममा सम्पूर्ण अभिलेखहरू कम्प्युटरमा राखी अद्यावधिक गर्ने गराउने व्यवस्था मिलाउने जस्ता विषयहरूमा सुधार तथा आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०६६।४।२६ को निर्णय अनुसार यातायात व्यवस्था विभागमा लेखी पठाइएको ।

२. यातायात व्यवस्थासँग सम्बन्धित विभिन्न समस्याहरू र यी समस्या समाधान गर्न सरोकारवाला निकायहरूसँग मिति २०६६।६।४ गते आयोगमा भएको अन्तरक्रिया समेतको आधारमा यातायात व्यवस्था कार्यालयहरूबाट उपलब्ध सेवाहरू चुस्त दुरुस्त र गुनासोरहित बनाउन सरोकारवाला निकायहरू श्रम तथा यातायात व्यवस्था मन्त्रालय, अर्थ मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, वातावरण मन्त्रालय, ट्राफिक प्रहरी र काठमाडौं महानगरपालिका समेतको सहभागितामा श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवको संयोजकत्वमा एउटा समिति गठन गरी उक्त समितिले ०६६ साल कार्तिक मसान्तभित्र सुझाव सहितको प्रतिवेदन आयोगमा पठाउन र बागमती यातायात कार्यालयहरूबाट हाल उपलब्ध सेवालाई अझ प्रभावकारी बनाउन उपत्यकाभित्रका अन्य जिल्लाहरू अथवा अन्य उपयुक्त स्थानमा कार्यालय विस्तार गरी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउन २०६६ सालको बडादशैंपश्चात काम थाल्न आयोगको मिति २०६६।६।४ को निर्णय अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

३. यातायात व्यवस्था कार्यालय बागमती अञ्चल, ललितपुरमा हुने गरेको अनियमितता सम्बन्धमा जाँचबुझ गर्न गठित समितिको प्रतिवेदन, २०६५ को जाँचबुझ अधिकृतहरूको राय खण्डको बुँदा नं. १७ मा निजामती कर्मचारीले जानीजानी नेपाल सरकारलाई हानी नोक्सानी हुने गरी राजस्व छलेको कुरा स्थापित भएको रु. ४,५००।- घूस लिई आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी हुने कार्य गरेकोमा सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तर्गत पर्ने देखिन्छ" भन्ने व्यहोरा खुलाएको कारण उक्त प्रतिवेदन सहित सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त विवरणको अनुसन्धान हुँदा अनुसन्धानको क्रममा ज.१.प. ६४२५ नं. को संजयकुमार झाको नामको मोटरसाइकलको आ.व. २०६१।०६२, २०६२।०६३, २०६३।०६४ र २०६४।०६५ को कर नवीकरण र जरिवाना रु. ५,१७१।- राजस्व छली भएको तथ्य पुष्टि भएकोले राजस्व छलिएको सम्बन्धमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम कारबाही गर्न राजस्व अनुसन्धान विभागलाई र नेपालभरिमा यातायात व्यवस्था कार्यालयहरूले लिनुपर्ने सबै किसिमका सवारी साधनहरूको बुझाउनुपर्ने बाँकी राजस्व तथा बुझेको राजस्वको रेकर्ड कम्प्युटर प्रणालीमा आबद्ध गरी अद्यावधिक पार्ने आवश्यक व्यवस्था यथाशीघ्र गर्न गराउन आयोगको मिति २०६७।३।३० को निर्णय अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालय र यातायात व्यवस्था विभागलाई लेखी पठाइएको ।

(थ) निर्वाचन आयोग अन्तर्गत

१. निर्वाचन आयोगबाट मिति २०६६।११।१५ को गोरखापत्रमा Notebook Computer लगायतका उपकरणहरू खरिदका लागि प्रकाशित बोलपत्रको सूचना बमोजिम सबैभन्दा घटी रकम रु. ९,६९,००,०००।- बोलकबोल गरेका बोलपत्रदाताको प्रस्तावमा समावेश भएको कागजातमा सामान्य त्रुटि देखाई सो भन्दा करिब रु. ३,५०,००,००।- बढी कबोल गर्ने ओम्नी बिजनेस कर्पोरेट इन्टरनेसनल प्रा.लि.को बोलपत्र स्वीकृत गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निर्वाचन आयोगले १९ हिमाली जिल्लाका लागि फोटो सहितको मतदाता नामावली संकलन कार्यक्रम, २०६७ सञ्चालन गर्ने मिति २०६६।११।१२ मा निर्णय गरेको पाइयो । सो कार्यक्रम सञ्चालनका लागि Notebook Computer १००० थान, Finger Print Scanner १२०० थान, Web Camera १२०० थान, USB Flash drive २००० थान, LAN switch ८० थान, External USB HDD ८० थान र Power generator ६०० थानको जम्मा रु. १३,७४,४०,०००।- को लागत अनुमान मिति २०६६।११।१४ मा स्वीकृत गरेकोमा सो लागत अनुमान तयार गर्ने कुनै स्पष्ट आधार देखिएन । Power generator ६०० थान प्रतिथानको रु. ५०,०००।- का दरले रु. ३ करोडको लागत अनुमान स्वीकृत भएको र कम्प्युटरसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभई सो सामग्रीको निर्माता कम्पनी नै फरक हुने भएकाले भिन्दाभिन्दै Package बनाई बोलपत्र आब्हान हुँदा बढी प्रतिस्पर्धा हुन गई कम मूल्यमा सामान प्राप्त गर्न सकिने अवसरको उपयोग नगरी सबै सामग्रीलाई एउटै प्याकेजमा राखी बोलपत्र आब्हान गर्दा Power generator ६०० को कारणबाट मात्र कम बोलकबोल गर्ने फर्म/कम्पनीले पेश गरेको बोलपत्र Non responsive भएको समेत देखियो । निर्वाचन आयोग ऐन, २०६३ को दफा १६ (क) मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले निर्वाचनको कामका लागि आवश्यक पर्ने जिन्सी सामान खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित कानून बमोजिम बोलपत्र लिन सम्भव नभएमा सो को कारण उल्लेख गरी दरभाउ पत्रबाट र दरभाउ पत्र पनि लिन सम्भव नभएमा सोझै बजारबाट मालसामान खरिद वा सेवा प्राप्त गर्न सक्नेछ" भन्ने उल्लेख भएको छ । सो ऐनको प्रक्रिया अवलम्बन गरी खरिद गर्ने वा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिमको समयावधिलाई छोट्याई कार्यक्रमसँग समायोजन हुन सक्ने गरी बोलपत्र मार्फत खरिद प्रक्रियामा जाने गरी सचिवबाट निर्णयका लागि निर्वाचन आयोगसमक्ष प्रस्ताव पेश भएकोमा सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान विपरीत हुने गरी बोलपत्र पेश गर्ने समयावधि छोट्याउने गरी प्रस्ताव पेश गरेको कुरा कानूनसम्मत देखिएन । "बोलपत्र पेश गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लिखित समयावधिलाई छोट्याई कार्यक्रमसँग समायोजन हुन सक्ने गरी बोलपत्र मार्फत खरिद प्रक्रियामा जाने" भन्ने निर्वाचन आयोगबाट मिति २०६६।११।१३ मा निर्णय भई सोही बमोजिम बोलपत्र खरिद गरी पेश गर्न १५ दिनको समयावधि दिएको तर सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(४) बमोजिम बोलपत्र पेश गर्ने समय न्यूनतम ३० दिन दिनुपर्ने प्रावधान रहेकोले सो कार्य प्रचलित ऐन विपरीत भएको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा सार्वजनिक निकायले १ वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजनाका लागि खरिद गर्दा वा वार्षिक दस करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने प्रावधान भएको हुँदा त्यस्तो गुरुयोजना र वार्षिक खरिद योजना समेत तयार भए गरेको

पाइएन । उपलब्ध गराइने उपकरण/सामग्रीहरूको स्पेसिफिकेसन तयार गर्दा स्पेसिफिकेसन बनाउने प्रस्ट आधार समेत देखिएन । उपरोक्त उपकरणहरू खरिद गर्ने गरी आ.व. २०६६/०६७ को स्वीकृत वार्षिक कार्यक्रम भएको समेत देखिएन । पेश हुन आएका ११ मध्ये ५ वटा बोलपत्र मात्र मूल्यांकनका लागि छनौट भई ती ५ वटा कम्पनीहरूले उल्लेखित उपकरणर सामग्री सप्लाइका लागि निम्न अनुसारका कम्पनीहरूले निम्न अनुसार बोलकबोल गरेको देखियो ।

क) बेलट्रोन ट्रेडिङ प्रा.लि. रु.१०,९०,६३०००।-(मु.अ.कर समेत)
ख) द वेभ्स ग्रुप रु.१२,११,८१२००।- (मु.अ.कर समेत)
ग) नियोटेरिक नेपाल रु.१२,२४,७९९९०।-(मु.अ.कर समेत)
घ) ओम्नी विजिनेस कर्पोरेट इन्टरनेसनल प्रा.लि. रु. १३,४९,४४६०० (मु.अ.कर समेत)
ङ) मर्कन्टाइल अफिस सिस्टम रु.२८,४८,८६४५०।- (मु.अ.कर समेत)

मूल्यांकनका लागि छनौट भएका ५ वटा बोलपत्रमध्ये चौथो घटीवाला ओम्नी बिजनेसको आर्थिक प्रस्ताव स्वीकृत गर्न बोलपत्र मूल्यांकन समितिले सिफारिस गरी सोही बमोजिम रु. १३,४९,४४६००।- को बोलपत्र स्वीकृत गरेको समेत देखियो । बोलपत्र कागजातको Instruction to bidders (ITB) 18.1 (e) (vii) अनुसार ७ वटा आइटममध्ये चार वटा आइटम (नोटबुक कम्प्युटर, फिंगर प्रिन्ट स्क्यानर, वेभ क्यामेरा र पावर जेनेरेटर) का लागि बोलपत्रदाता स्वयं निर्माता कम्पनी नभएमा Manufacturers sole authorization Letter आवश्यक पर्ने शर्त रहेको पाइयो । Beltron, Wave group र neoteric कम्पनीहरूले पेश गरेको Authorized Distributors को Authorization Letter लाई मान्यता नदिएको तर Omni Business Corporate International Pvt. Ltd ले बोलपत्र साथ पेश गरेको manufacturers authorization letter मा "We hereby authorize Omni Business Corporate International Pvt. Ltd. solely to submit a bid via our distributor M/S Thakral brothers Pvt. Ltd., Singapore..." भन्ने उल्लेख भएको शर्त सहितको authorization letter लाई M/S Thakral brothers Pvt. Ltd., Singapore को सहमति बेगर नै मान्यता दिई सारभूत रूपमा प्रभावग्राही हुने गरी बोलपत्र मूल्यांकन गरेको पाइयो । सोही बोलपत्रदाताले Finger Print Scanner का लागि पेश गरेको अर्को authorization letter मा We hereby authorize Omni Business Corporate International Pvt. Ltd. solely to submit a bid & subsquently negotiate & sign the contract with you..." भनी वीना शर्तको authorization letter समेत समावेश भएबाट पनि शर्त रहितको letter of authorization नै आवश्यक पर्ने स्पष्ट व्यहोरा देखियो । बोलपत्र परीक्षण एवं मूल्यांकनको क्रममा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ अनुसार बोलपत्रहरूबाट सारभूत रूपमा असर नपर्ने गरी पुष्ट्याई कागजातहरू माग गरी बोलपत्र सम्बन्धी निर्णय प्रक्रिया टुंगो लगाउनुपर्नेमा सो अनुसारको कार्य नगरी कम अंक बोलकबोल गर्ने कम्पनीहरूको बोलपत्रलाई सिधै Non responsive हुने गरी मूल्यांकन गरेको समेत पाइयो । बोलपत्र मूल्यांकनका लागि छनौट गरिएका ५ वटा बोलपत्रहरू मध्ये Mercantile office System को कबोल अंक लागत अनुमान भन्दा करिब १०० प्रतिशत नै बढी भएकोले सो को बोलपत्र उपर कुनै कारबाही गरी रहनु पर्ने अवस्था नहुँदा बाँकी रहेको मध्ये सबैभन्दा बढी रकम कबोल गर्ने Omni Business लाई मात्र सारभूत रूपमा प्रभावग्राही हुने गरी मूल्यांकन गरेको पाइयो । बोलपत्र स्वीकृत गरिएको फर्म Omni Business ले सप्लाई गर्न कबोल गरेको

विभिन्न मोडेलका उपकरणहरू आयोगको पाइलट प्रोजेक्टका लागि टेस्ट समेत भइसकेको हुँदा स्वीकार योग्य रहेको भनी बोलपत्र मूल्यांकन प्रतिवेदनमा उल्लेख भएको समेत देखियो । यसबाट हाल आएर खरिद गर्ने भनिएका उपकरणहरूको स्पेसिफिकेसन बनाउँदा Omni Business ले निर्वाचन आयोगलाई विगतमा सप्लाई गरेका मोडेलका उपकरणहरूलाई आधार मानी बनाइएको होइन भन्न सकिने अवस्था नदेखिएको र तद्नुरूप सो कम्पनी कै बोलपत्र स्वीकृत भएको समेत देखिन आयो । यसबाट अन्य Bidder लाई भन्दा Omni Business लाई तुलनात्मक लाभ मिल्ने देखियो । प्रचलित सार्वजनिक खरिद ऐन विपरीत बोलपत्र पेश गर्ने समय छोट्याउँदा बोलपत्रदातालाई बोलपत्र तयार गर्न पर्याप्त समय प्राप्त नभई स्वच्छ प्रतिस्पर्धा भएको समेत भन्न मिल्ने देखिएन । Technical Specification को Minimum requirement महलमा Note book Computer को Operating Software "Pre-installed Genuine Windows xp Professional SP3 with CD Media and License" हुनु पर्ने गरी माग भएकोमा Omni Business ले माग बमोजिमको Genuine Windows XP प्रस्ताव नगरेको त्यस्तै Warranty का हकमा "1 (one) year full (replacement & service) warranty- onsite at district headquarter" हुनुपर्नेमा Omni ले "1 years full repair or replacement warranty@district HQ" उल्लेख गरी Service उपलब्ध नगराउने गरी प्रस्ताव गरेको, त्यस्तै गरी वेब क्यामेराको warranty का हकमा "1 (one) year full (replacement & service) warranty- onsite at district headquarter level" माग भएकोमा Omni ले Service उपलब्ध नगराउने गरी प्रस्ताव गरेको, त्यस्तै LAN Switch को warranty को महलमा (one) year full (replacement & service) warranty- onsite at district headquarter" माग भएमा Omni ले LAN Switch / External USB Hard drive उपकरणको Warranty का हकमा समेत Service उपलब्ध नगराउने गरी प्रस्ताव गरेको देखिँदा निर्वाचन आयोगले माग गरे बमोजिमको Specification र शर्त अनुरूप भएको देखिएन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ मा सो ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने र सोको प्रतिकूल हुने गरी गरिएको बोलपत्रसम्बन्धी कार्य बदर तथा अमान्य हुने प्रावधान रहेको देखिन्छ । यसरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ विपरीत हुने गरी बोलपत्र पेश गर्ने समयावधि घटाई बोलपत्र आव्हान भएको । सोही ऐन नियम बमोजिम सारभूत रूपमा असर नपर्ने गरी थप पुष्ट्याई माग गरी मूल्यांकन गर्नुपर्नेमा सो कार्य नगरी कम अंक कबोल गरेका बोलपत्रहरूलाई सोझै Non responsive हुने गरी मूल्यांकन गरेको, Omni Business ले रीतपूर्वकको Authorization Letter पेश नगरेको । निर्वाचन आयोगको स्पेसिफिकेसन बमोजिमको Genuine सामग्री र सेवा उपलब्ध गराउने गरी प्रस्ताव गरेको नदेखिँदा Omni Business Corporate International Pvt. Ltd. को बोलपत्र सारभूत रूपमा प्रभावग्राही हुन सक्ने देखिएन । अतः विभिन्न प्रकरणहरूमा उल्लिखित व्यहोराबाट बोलपत्रसम्बन्धी प्रक्रियामा देखिएका प्रक्रियागत र कानूनी त्रुटिहरूलाई मनन गरी कानूनको रीत पुऱ्याई उपयुक्त निर्णय गर्न आयोगको मिति २०६७।१।२७ को निर्णय अनुसार निर्वाचन आयोगमा लेखी पठाइएको ।

परिच्छेद – १२
विभागीय वा अन्य कारबाही गर्न लेखिएका विषयमा कार्यान्वयन सम्पन्न भई आएको

अनुचित कार्यको अनुसन्धानको सिलसिलामा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी आयोगले गरेका निर्णयहरूको कार्यान्वयनका लागि नेपाल सरकारका विभिन्न सरकारी मन्त्रालय, विभाग तथा अन्तर्गत कार्यालयहरूलाई लेखी पठाउने गरेको छ । प्रत्येक महिनामा हुने फोकल प्वाइण्टको बैठकमा सबै मन्त्रालयहरूबाट फोकल प्वाइन्टको रूपमा प्रतिनिधित्व गराई कार्यान्वयन स्थितिको समीक्षा गराउँदा आयोगका निर्णयहरूको कार्यान्वयन स्थितिमा क्रमिक रूपमा सुधार भएको देखिएको छ । विभागीय कारबाही लगायत विविध कारबाही गर्ने गरी आयोगबाट भएका निर्णयहरूमध्ये आ.व.०६६।६७ को अवधिमा कार्यान्वयन भई आयोगको जानकारीमा आएका निर्णयहरूको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

(क) विभागीय कारबाही

क्र.सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६२।६।४	ना.१ च ७१८८ नं. को निशान जिप गैरकानुनी रूपमा दर्ता गरी सञ्चालन गरेको भन्ने उजुरीका सम्बन्धमा तत्कालीन खरिदार हाल नायब सुब्बा हरिभक्त पोखरेललाई विभागीय कारबाही गर्न गृह मन्त्रालयमा लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६६।७।१७ को पत्रानुसार निजलाई नसिहत दिइएको जानकारी प्राप्त ।
२.	२०६३।६।२७	सामाजिक सुरक्षा रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा बेल्वाजब्दी गा.वि.स.का सचिव नवल किशोर साहलाई विभागीय कारबाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।	जल्ला विकास समिति सर्लाहीको मिति २०६६।१२।२३ को पत्रानुसार निजलाई नसिहत दिइएको जानकारी प्राप्त ।
३.	२०६३।८।१९	निरोगिताको प्रमाणपत्रमा बुँदाहरू नभरी खाली चिकित्सकको दस्तखत गरी छोडेको भन्ने उजुरीका सम्बन्धमा महाकाली अञ्चल आयुर्वेद औषधालयका वरिष्ठ कविराज मुरली मनोहर रौनियारलाई विभागीय कारबाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।५।२९ को पत्रानुसार निजको २ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
४.	२०६४।१।२०	आन्तरिक राजस्व विभागका महानिर्देशकले राजस्व हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सहसचिव रण बहादुर श्रेष्ठलाई विभागीय कारबाही गर्न अर्थ मन्त्रालयमा लेखी पठाइएको ।	अर्थ मन्त्रालयको मिति २०६६।४।१४ को पत्रानुसार निजलाई नसिहत दिइएको जानकारी प्राप्त ।

५.	२०६४।२।२० २०६४।६।२९	खलंगा रेन्जपोष्ट भवन निर्माण मर्मत कार्य केही नगरी सोझै बिल भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा जिल्ला प्राविधिक कार्यालय जाजरकोटका सव इन्जिनियर प्रविण कार्कीलाई विभागीय कारबाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।	स्थानीय विकास मंत्रालयको मिति २०६६।७।२७ को पत्रानुसार निजको २ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
६.	२०६४।८।२७	भूमिसुधार कार्यालय बाराका भूमिसुधार अधिकारी र खरिदार राज महमद मन्सुर समेतले भोगचलनमा रहँदै आएको जग्गा अनियमित तरिकाले बाँडफाँड गरेको भन्ने उजुरीका सम्बन्धमा भूमिसुधार कार्यालय बाराका तत्कालीन भूमिसुधार अधिकारी सानुकाजी देसार र खरिदार राज महम्मद मन्सुरलाई विभागीय कारबाही गर्न अख्तियारवालालाई लेखी पठाइएको ।	विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०६७।३।३१ र भूमिसुधार मन्त्रालयको पत्रानुसार निजहरूको २ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
७.	२०६४।१०।१३	साइवर इन्टरप्राइजेज समेत भई ३ करोड बराबरको इलेक्ट्रोनिक सामान आयात गर्दा राजस्व चुहावट भएको भन्ने उजुरीका सम्बन्धमा त्रिभुवन अन्तर्राष्ट्रिय विमास्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार अधिकृत मुकुन्दप्रसाद पौडेल, भन्सार अधिकृत उमेशकुमार बस्नेत, भन्सार अधिकृत दुर्गाप्रसाद आचार्य, जाँचकी नायब सुब्बा देवी थापा, खरिदार महेन्द्रकुमार पोखरेल, खरिदार इन्द्रमणि पराजुली र खरिदार टिकाप्रसाद पोखरेललाई विभागीय कारबाही गर्न अर्थ मन्त्रालयमा लेखी पठाइएको ।	राजस्व प्रशासन तालिम केन्द्रको मिति २०६६।५।१ को पत्रले मुकुन्द प्रसाद पौडेललाई र अर्थ मन्त्रालयको मिति २०६६।७।२० को पत्रले अन्य ५ जनालाई नसिहत दिइएको तथा इन्द्रमणि पराजुली मिति २०६५।१०।२८ गतेबाट अनिवार्य अवकाश भएको जानकारी प्राप्त ।
८	२०६४।११।२९	मालपोत कार्यालय डिल्लीबजारबाट अपुताली परेको सम्पत्ति नक्कली हकदार बनी मुलुकी ऐन अपुताली महल विपरीत नामसारी दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा तत्कालीन प्रमुख मालपोत अधिकृत सूर्यकान्त झालाई विभागीय कारबाही गर्न अख्तियारवालालाई लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६६।७।८ को पत्रानुसार निजको ५ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
९.	२०६४।११।३०	तरकारी प्याकेज प्रदर्शनीमा नक्कली बिल बनाई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा जिल्ला कृषि विकास कार्यालय धनकुटाका प्राविधिक सहायक राम विलास	कृषि तथा सहकारी मन्त्रालयको मिति २०६६।९।२९ को पत्रानुसार निजहरूलाई

		शाह नायव प्राविधिक सहायक भगवान प्रसाद पोखरेल र नायव प्राविधिक सहायक मोहमद मजिदलाई विभागीय कारबाही गर्न कृषि तथा सहकारी मन्त्रालयमा लेखी पठाइएको ।	विभागीय कारबाही भएको जानकारी प्राप्त ।
१०.	२०६४।१२।४	गुणस्तर तथा नाप तौल कार्यालय विराटनगरका कर्मचारीले घूस लिएको भन्ने उजुरीका सम्बन्धमा कार्यालय प्रमुख रामआधार शाह र कालीगढ (रा.प.अ.चतुर्थ) बद्रीबहादुर बुढाथोकीलाई विभागीय कारबाही गर्न गुणस्तर तथा नापतौल विभागमा लेखी पठाइएको ।	उद्योग मन्त्रालयको मिति २०६६।४।२६ को पत्रानुसार रामआधार शाहको र गुणस्तर तथा नापतौल विभागको मिति २०६६।९।९ को पत्रानुसार बद्रिबहादुर बुढाथोकीको २ तलब वृद्धि रोक्का राखिएको जानकारी प्राप्त ।
११.	२०६५।२।१४	मालपोत कार्यालय सुनसरीबाट रोक्का रहेको जग्गा मोरङबाट खरिद बिक्री भई अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा मालपोत कार्यालय मोरङका खरिदार देवीप्रसाद पोखरेललाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६६।११।१३ को पत्रानुसार निजको २ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
१२.	२०६५।२।१४	जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन जिल्ला शिक्षा अधिकारी दुर्गा प्रसाद श्रेष्ठले सर्लाही जिल्ला स्थित रामसखी जनता माध्यमिक विद्यालयका शिक्षक भगवत साह कलवारलाई सरुवा गर्दा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा निज जिल्ला शिक्षा अधिकारी दुर्गा प्रसाद श्रेष्ठलाई विभागीय कारबाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६६।५।८ को पत्रानुसार निजलाई नसिहत दिइएको जानकारी प्राप्त ।
१३.	२०६५।३।२६	मध्यपश्चिमाञ्चल सिचाई विकास सव डिभिजन १ रूकुमका इन्जिनियर विनय कुमार गामी समेतले सिम्ली सिचाई योजना समेतमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा ओभरसियर रामचन्द्र पण्डित र राम चरित्र चौधरीलाई विभागीय कारबाही गर्न सिचाई विभागमा लेखि पठाईएको ।	सिंचाइ मन्त्रालयको २०६६।५।२८ को पत्रानुसार निजहरूलाई विभागीय कारबाही भएको जानकारी प्राप्त ।

१४.	२०६५।४।१५	चितवन जिल्ला जुटपानी स्थित स्वास्थ्य चौकीमा कार्यरत डा. भोजराज अधिकारीले विभागीय स्वीकृती नलिई प्राइभेट अस्पतालमा करार सेवामा प्रचलित ऐन नियम विपरीत काम काज गरेको भन्ने उजुरीका सम्बन्धमा स्वास्थ्य चौकी जुटपानी, चितवनका डा.भोजराज अधिकारीलाई विभागीय कारबाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।११।१८ को पत्रानुसार निजलाई नसिहत दिइएको जानकारी प्राप्त ।
१५.	२०६५।५।११	डिभिजन सडक कार्यालय बुटवल अन्तर्गत आ.व. ०६३।६४ मा भएको १८ वटा ठेक्का ३।३ वटा मात्र बोलपत्र दर्ता गराई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा सडक कार्यालय बुटवल तत्कालीन डिभिजन प्रमुख दिनेश प्रकाश बस्नेत र पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालयका तत्कालीन क्षेत्रीय निर्देशक भोजबहादुर ढकाललाई विभागीय कारबाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६६।६।२६ र २०६६।६।१९ को पत्रानुसार निजहरूलाई विभागीय कारबाही भएको जानकारी प्राप्त ।
१६.	२०६५।५।१५	सार्वजनिक बाटो जग्गा मिचेको भन्ने उजुरीका सम्बन्धमा गा.वि.स. सचिव मधुसूदन रिसाललाई विभागीय कारबाही गर्न जिल्ला विकास समिति, काठमाडौंमा लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६६।५।१७ को पत्रानुसार निजको ५ तलब वृद्धि रोक्का गरेको जानकारी प्राप्त ।
१७.	२०६५।५।२७	बालाजु वनस्थलीको कि.नं.२७७ को जग्गामा मोही नभएकोमा हाल मोही कायम गरेको भन्ने उजुरीका सम्बन्धमा खरिदार निमा छिरिङ लामालाई विभागीय कारबाही गर्न मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएको ।	जिल्ला विकास समिति रसुवाको मिति २०६६।७।१९ को पत्रानुसार निजको २ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
१८.	२०६५।७।१७ २०६५।९।७	झापा जिल्ला दमक नगरपालिका वा.नं. १३ भित्रका सार्वजनिक ऐलानी पर्ती जग्गा अनियमित तवरले सुकुम्बासीको नाममा दर्ता भएको भन्ने उजुरीका सम्बन्धमा नापी अधिकृत विष्णुकुमार न्यौपानेलाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६६।१०।१० को पत्रानुसार निजलाई नसिहत दिइएको जानकारी प्राप्त ।

१९	२०६५।९।२७	जिल्ला प्रशासन कार्यालय म्याग्दीका कर्मचारीहरूले दोहोरो नागरिकता बनाई अनियमितता तथा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा सहायक प्रमुख जिल्ला अधिकारी नवराज बराल, खरिदार बेदनाथ सुवेदी र म्याग्दी जिल्ला राखु पिप्ले गा.वि.स.का सचिव इन्द्र शर्मा पौडेललाई विभागीय कारबाही गर्न अख्तियारवालालाई लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६७।२।२१ को पत्रानुसार सहायक प्रमुख जिल्ला अधिकारी नवराज बराल, खरिदार बेदनाथ सुवेदीलाई नसिहत दिइएको र मालपोत कार्यालय पर्वतको मिति २०६६।१०।१४ को पत्रानुसार तत्कालीन गा.वि.स. सचिव इन्द्र शर्मा पौडेलको २ वर्षका लागि बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
२०.	२०६५।१०।१९	प्राथमिक स्वास्थ्य केन्द्र चतराका जनस्वास्थ्य निरीक्षक शिव दयाल महतोले नियम विपरीत बिदा स्वीकृत नगराई गैरसरकारी संस्थामा काम गरिरहेको भन्ने उजुरीका सम्बन्धमा क्षेत्रीय स्वास्थ्य निर्देशानालय धनकुटाका डा.महानन्द मिश्रलाई विभागीय कारबाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।९।२७ को पत्रानुसार निज अनिवार्य अवकास भएको जानकारी प्राप्त ।
२१.	२०६५।१०।२०	एच.आई.भी. रोकथामको लागि प्राप्त रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा निर्देशक डा.पदमबहादुर चन्द र लेखापाल खड्गबहादुर बमजनलाई विभागीय कारबाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।९।१ को पत्रानुसार निजहरू दुवै जनालाई नसिहत दिइएको जानकारी प्राप्त ।
२२.	२०६५।११।१९	जि.वि.स. दार्चुला अन्तर्गत DRILP आयोजनामा स्थानीय विकास अधिकारी दण्डपाणि बरालले भ्रष्टाचार /अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोजना संयोजक जि.वि.स. दार्चुलाका स्थानीय विकास अधिकारी दण्डपाणी बराल, आयोजना प्रमुख लालु गिरी, इन्जिनियर हिरालाल चौधरी र स्टोरकिपर जयन्ती भट्टलाई विभागीय कारबाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६६।७।१२ को पत्रानुसार दण्डपाणि बरालको २ तलब वृद्धि रोक्का राखिएको । जि.वि.स. दार्चुलाको मिति २०६६।१२।१० को पत्रानुसार अन्य ३ जना लाई नसिहत दिइएको जानकारी प्राप्त ।

२३.	२०६५।१२।४	काठमाडौं जिल्ला सीतापाइला गा.वि.स.९(क) कि.नं.१२३ क्षेत्रफल ०-६-०-० जग्गा निवेदनबिना घूस खाई बिक्री गरेको भन्ने उजुरीका सम्बन्धमा खरिदार रामचन्द्र पौडेललाई विभागीय कारबाही गर्न नापी विभागमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६६।१०।११ को पत्रानुसार भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सेवाबाट हटाइएको जानकारी प्राप्त ।
२४.	२०६५।१२।६	जिल्ला स्वास्थ्य कार्यालय रामेछापका प्रमुख तथा लेखापालले प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माण गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालय रामेछापका प्रमुख डा.अब्दुल रहमान र लेखापाल राम प्रसाद देवकोटालाई विभागीय कारबाही गर्न महालेखा नियन्त्रकको कार्यालयमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयको मिति २०६६।३।३१ को पत्रानुसार निजहरूले स्वेच्छिक अवकाश लिइसकेको जानकारी प्राप्त ।
२५.	२०६६।१।२४	सडक डिभिजन नं.८ जनकपुरबाट महोत्तरी जिल्लाको रातोपुल निर्माण गर्ने कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा बद्रिनाथ झालाई विभागीय कारबाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६६।७।८ को पत्रानुसार निजलाई नसिहत दिइएको जानकारी प्राप्त ।
२६.	२०६६।२।८	त्रिभुवन विश्वविद्यालय म.वि. वि. क्याम्पस राजविराजमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबबाट आयकर कट्टा गरी सो दाखिला नगरी हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा लेखा अधिकृत अधिकलाल चौधरीलाई विभागीय कारबाही गर्न त्रिभुवन विश्वविद्यालय रजिष्टारको कार्यालयमा लेखी पठाइएको ।	त्रिभुवन विश्वविद्यालय रजिष्टारको कार्यालयको मिति २०६६।११।१६ को पत्रानुसार निजलाई नसिहत दिइएको जानकारी प्राप्त । .
२७.	२०६६।२।११	तातोपानीबाट २०६४।१०।२१मा छुटेका २ कन्टेनर राजस्व अनुसन्धान विभाग समेतले राजस्व छल्ने काम गरे भन्ने उजुरीका सम्बन्धमा नायव सुब्बा रामकृष्ण तिवारी र खरिदार अर्जुन बस्नेतलाई विभागीय कारबाही गर्न भन्सार विभाग त्रिपुरेश्वरमा लेखी पठाइएको ।	आन्तरिक राजस्व विभागको मिति २०६६।१०।२६ र तातोपानी भन्सार कार्यालयको मिति २०६६।६।८ को पत्रानुसार निजहरूलाई नसिहत दिइएको जानकारी प्राप्त ।

२८.	२०६६।३।२३	नेपाल सरकारको नाममा रहेको जग्गा व्यक्तिको नाममा लिखत पारित गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा भूमिसुधार कार्यालय सप्तरीका खरिदार हिरालाल ठाकुरलाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्थपन विभागमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको पत्रानुसार निज अवकाश भइसकेको जानकारी प्राप्त ।
२९.	२०६६।३।२३	सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरे भन्ने उजुरीका सम्बन्धमा जिल्ला हुलाक कार्यालय, भक्तपुरका खरिदार दिल कुमार बरुवाललाई विभागीय कारबाहीका लागि सूचना तथा सञ्चार मन्त्रालयमा लेखी पठाइएको ।	सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६६।१२।३० को पत्रानुसार निजको २ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
३०.	२०६६।५।९	इनरुवा नगरपालिका कार्यालयका खरिदार सुनिता सुवेदीको शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धमा नायव सुब्बा देवेन्द्रप्रसाद दाहाललाई विभागीय कारबाही गर्न इनरुवा नगरपालिका कार्यालयमा लेखी पठाइएको ।	इनरुवा नगरपालिका कार्यालयको मिति २०६६।६।१ को पत्रानुसार निजको २ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
३१.	२०६६।५।९	मालपोत कार्यालय डिल्लीबजारका कर्मचारी र भू माफिया मिली का.म.न.पा.१० को कि.नं. ३३४, ३३९, ३४३, १२० ३८५, १३७, ४९८ को सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा उप राष्ट्रपतिको कार्यालयका शाखा अधिकृत लोकबहादुर भण्डारी, भूमिसुधार तथा व्यवस्थापन विभागका शाखा अधिकृत लक्ष्मीदेवी सिलुवाल र जिल्ला विकास समिति रसुवाका खरिदार निमा छिरिङ लामालाई विभागीय कारबाही गर्न अख्तियारवालालाई लेखी पठाइएको ।	उपराष्ट्रपतिको कार्यालयको मिति २०६६।९।२४ को पत्रानुसार शा.अ. लोकबहादुर भण्डारीलाई नसिहत दिएको, भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६६।१२।३० को पत्रानुसार शा.अ. लक्ष्मीदेवी सिलुवालको २ तलब वृद्धि रोक्का गरिएको र स्थानीय विकास मन्त्रालयको मिति २०६७।२।१६ को पत्रानुसार खरिदार निमा छिरिङ लामाको २ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।

३२.	२०६६।५।१५	जिल्ला शिक्षा कार्यालय मुगुका तत्कालीन निमित्त जिल्ला शिक्षा अधिकारी धर्मजित शाही र कुलबहादुर फडेरा समेतले अनियमित गरेको भन्ने उजुरीका सम्बन्धमा निमित्त जिल्ला शिक्षा अधिकारी धर्मजित शाहीलाई विभागीय कारबाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६७।२।१९ को पत्रानुसार निजको २ ग्रेड रोक्का भएको जानकारी प्राप्त ।
३३.	२०६६।६।१९	बर्दिया जिल्ला नेउलापुर गा.वि.स.स्थित कि.नं.६५ र ६८ को सार्वजनिक पर्ती जग्गा कानून विपरीत रतनसिंह थापाको नाममा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा प्रमुख संरक्षण अधिकृत फणिन्द्र राज खरेललाई विभागीय कारबाही गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।	विशेष अदालतको मिति २०६६।८।२४ को फैसला अनुसार आयोगको निर्णय वदर हुने ठहर भएको जानकारी प्राप्त ।
३४.	२०६६।८।२६	नेपाल मानविकी क्याम्पसका प्राध्यापक (रिडर) शंकर सुब्बाले निजीस्तरको कलेजको प्राचार्य भई सरकारी सुविधा समेत लिई कार्य गरेको भन्ने उजुरीका सम्बन्धमा रत्नराज्य लक्ष्मी क्याम्पसका रिडर शंकर सुब्बालाई विभागीय कारबाही गर्न त्रिभुवन विश्वविद्यालय रजिष्टारको कार्यालयमा लेखी पठाइएको ।	त्रिभुवन विश्वविद्यालय . रजिष्टारको कार्यालयको मिति २०६७।३।२ को पत्रानुसार निजलाई नसिहत दिइएको जानकारी प्राप्त ।
३५.	२०६६।९।२	CTEVT सँग सम्बन्धन प्राप्त संस्थाले गर्नुपर्ने काम नगरेको भन्ने उजुरीका सम्बन्धमा निर्देशक चन्द्रभक्त नकर्मी, रमेश कुमार पौडेल, रमेश कुमार बखती, राजेन्द्र कार्की, शिवशंकर घिमिरे, किशोरी झा, बद्रिभक्त श्रेष्ठ र उपनियन्त्रक ईश्वरी दत्त भट्टलाई विभागीय कारबाही गर्न CTEVT मा लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६६।१२।२३ को पत्रानुसार निजहरूलाई नसिहत दिइएको जानकारी प्राप्त ।
३६.	२०६६।९।२	गलत विवरण तयार गरी कीर्ते हस्ताक्षर गरी विद्यालय खोल्न अनुमति दिएको भन्ने उजुरीका सम्बन्धमा जिल्ला शिक्षा कार्यालय पर्साका विद्यालय निरीक्षक अशोक साह रौनियारलाई विभागीय कारबाही गर्न लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६७।२।१९ को पत्रानुसार निजको २ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
३७.	२०६६।०९।१३	जनक शिक्षा सामग्री केन्द्र लि. ले शैक्षिक सत्र २०६६ को लागि कक्षा १ देखि १० सम्मको पाठ्यपुस्तक छपाई कार्य गर्दा भ्रष्टाचार गरेका भन्ने उजुरीका सम्बन्धमा प्रबन्ध सञ्चालक वीरेन्द्र कुमार दासलाई	शिक्षा मन्त्रालयको मिति २०६७।१।९ को पत्रानुसार वीरेन्द्र कुमार दासलाई प्रबन्ध संचालक पदबाट

		विभागीय कारबाही गर्न शिक्षा मन्त्रालयमा र नायब प्रबन्ध सञ्चालक रामचन्द्र सिलवाल, निर्देशक विमल अर्याल, निर्देशक अर्जुन विलास पन्त, उपनिर्देशक कपिलदेव पोखरेल, उपनिर्देशक बालमुकुन्द खनाल, बजार प्रमुख मनोहर लामिछाने, आर्थिक नियन्त्रण विभाग प्रमुख उद्धव गौतमलाई विभागीय कारबाही गर्न सञ्चालक समिति जनक शिक्षा सामग्री केन्द्रमा लेखी पठाइएको ।	हटाइएको, जनक शिक्षा सामग्री केन्द्र लि.को मिति २०६५।१।२९ को पत्रानुसार बाँकी ७ जना कर्मचारीलाई नसिहत दिइएको जानकारी प्राप्त ।
३८.	२०६६।९।१३	मालपोत कार्यालय चाबहिलका कर्मचारी र लेखन्दासको मिलेमतोमा का.जि. बालुवा गाविस वडा नं.३ ग कि.नं. ५३ को क्षेत्रफल ३-४-०-० दर्ता बाँकी जग्गालाई बेरीतपूर्वक दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा मालपोत कार्यालय चाबहिलका शा.अ.दुर्गाप्रसाद तिवारीलाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६७।२।१९ को पत्रानुसार निजको २ ग्रेड रोक्का गरिएको जानकारी प्राप्त ।
३९.	२०६६।९।२७	काठमाडौं महानगरपालिका कार्यालयका कर्मचारीहरूसँग मिलेमतो गरी मेडिकेयर नेसनल हस्पिटल एण्ड रिसर्च सेन्टर लि. चाबहिलले बुझाउनुपर्ने सम्पत्ति कर नबुझाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीका सम्बन्धमा काठमाडौं महानगरपालिकाका कर अधिकृत राज्य प्रकाश प्रधानाङ्ग, कर अधिकृत गङ्गा प्रसाद भट्टराई, तत्कालीन ७ नं. वडा सचिव कृष्णप्रसाद अधिकारी र खरिदार हरि थापालाई विभागीय कारबाही गर्न काठमाडौं महानगरपालिका कार्यालयमा लेखी पठाइएको ।	काठमाडौं महानगरपालिका कार्यालयको मिति २०६७।१।१३ को पत्रानुसार हरि थापा र कृष्ण प्रसाद अधिकारीको २ तलब वृद्धि रोक्का भएको र बाँकी २ जनालाई नसिहत दिएको जानकारी प्राप्त ।
४०.	२०६६।१०।११	शिक्षक राहत कोटामा शिक्षक नियुक्ति गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा क्षेत्रीय शिक्षा निर्देशनालय सुर्खेतका विद्यालय निरीक्षक निलकण्ठ रेग्मीलाई विभागीय कारबाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६७।२।१९ को पत्रानुसार निजको १ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।

(ख) सचेत

क्र.सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६४।५।२५ २०६४।७।१४	गौशाला, महोत्तरीको हाटबाजार सञ्चालन गर्नेले बुझाउनुपर्ने बाँकी रकम करिब रु. १० लाख गा.वि.स.सचिवले मिन्हा दिएको भन्ने उजुरीका सम्बन्धमा नायव प्राविधिक सहायक राम प्रसाद शाह र डा. ईश्वर प्रसाद उपाध्यायलाई सचेत गराउन अख्तियारवालालाई लेखी पठाइएको ।	कृषि तथा सहकारी मन्त्रालयको मिति २०६७।३।३१ को पत्रानुसार नायव प्राविधिक सहायक राम प्रसाद शाहलाई र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्रानुसार डा. ईश्वरप्रसाद उपाध्यायलाई सचेत गराइएको जानकारी प्राप्त ।
२.	२०६५।९।२७	जिल्ला स्वास्थ्य कार्यालय बाँकेका अ.हे.व. हंशराज भण्डारीले बैंकमा रहेको खाताबाट कीर्ते दस्तखत गरी अनियमित तरिकाले रकम झिकी हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालय, बाँकेका अ.हे.व. हंशराज भण्डारीलाई सचेत गराउन स्वास्थ्य सेवा विभागमा लेखी पठाइएको ।	स्वास्थ्य सेवा विभागको मिति २०६६।५।११ को पत्रानुसार निजलाई सचेत गराइएको जानकारी प्राप्त ।
३.	२०६६।४।९	जिल्ला स्वास्थ्य कार्यालय ताप्लेजुङका प्रमुख डा.राम प्रसाद साह समेतको मिलेमतोमा कार्यालयको रकम हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा निज डा. रामप्रसाद शाहलाई सचेत गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।	पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको मिति २०६६।७।९ को पत्रानुसार निजलाई सचेत गराइएको जानकारी प्राप्त ।
४.	२०६६।५।१५	जिल्ला शिक्षा कार्यालय मुगुका तत्कालीन निमित्त जिल्ला शिक्षा अधिकारी धर्मजित शाही र कुलबहादुर फडेरा समेतले अनियमित कार्य गरेको भन्ने उजुरीका सम्बन्धमा कुलबहादुर फडेरालाई सचेत गराउन शिक्षा मन्त्रालयमा लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६७।२।१९ को पत्रानुसार निजलाई सचेत गराएको जानकारी प्राप्त ।

(ग) अन्य कारबाही

क्र.सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६३।५।६	तत्कालीन प्रमुख जिल्ला अधिकारी समेतले हङकङबाट स्थाई अनुमतिपत्र दिलाउने कार्यमा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा आवश्यक अनुसन्धान गरी नतिजाको जानकारी यथाशीघ्र आयोगमा पठाउन जिल्ला प्रहरी कार्यालय सुनसरीमा लेखी पठाइएको ।	गृह मन्त्रालयको पत्रानुसार आयोगको मिति २०६७।३।१५ को निर्णय अनुसार लगत कट्टा भएको ।
२.	२०६४।५।१७	बखुण्डोलमा ढल निर्माण गर्दा र ज्वागल कच्ची बाटोमा ईंटा छाप्दा तत्कालीन वडा अध्यक्ष राजिव जोशीले रु. ५४,०००।- पेश्की लिई काम नै नगरी रकम हिनामिना गरेको भन्ने उजुरी एवं सूचना आयोगमा प्राप्त भएकाले सो विषयमा उक्त निकायबाट रकम असुलउपर गर्न के कस्ता काम कारबाहीहरू अगाडि बढाइएका हुन् भन्ने कुराको जानकारी माग गर्ने एवं त्यस्ता दुरुपयोग वा हिनामिना भएका रकम असुल उपर गर्नेतर्फ अविलम्ब कारबाही अगाडि बढाउने । भविष्यमा सरकारी रकम दुरुपयोग हुन नदिन आवश्यक कारबाही गर्ने एवं अनुगमन कार्यलाई प्रभावकारी बनाउने । स्थानीय विकास मन्त्रालय अन्तर्गतका स्थानीय निकायहरूबाट सञ्चालन गरिने विकास निर्माणसम्बन्धी कार्यमा सरकारी रकम हिनामिना एवं दुरुपयोग हुन नदिन आवश्यक पहल गर्न स्थानीय विकास मन्त्रालयको ध्यानाकर्षणका लागि लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६६।३।२५ को पत्रानुसार सबै स्थानीय निकायलाई ध्यानाकर्षण गरी परिपत्र गरिसकेको जानकारी प्राप्त ।
३.	२०६५।४।१९	अञ्चल यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीले घूस रिसवत लिई लाइसेन्स बनाइदिने गरेको भन्ने उजुरीका सम्बन्धमा वीर अस्पतालका मेडिकल अधिकृत दिपकमान कर्माचार्यलाई आवश्यक कारबाही गर्न नेपाल मेडिकल काउन्सिलमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।५।१२ को पत्रानुसार निजको राजीनामा स्वीकृत भएको जानकारी प्राप्त ।
४.	२०६५।६।५	सल्यान जिल्लास्थित जिल्ला विकास समितिबाट सञ्चालित विकास कार्यको	स्थानीय विकास मन्त्रालयको

		रकम हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा उक्त विकास कार्यमा भएको खर्चको हिसाब ३ महिनाभित्र फरफारक गर्न गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।	२०६६।७।१२ को पत्रानुसार उक्त विकास कार्यको सामाजिक लेखापरीक्षण भई हिसाब मिलान भएको जानकारी प्राप्त ।
५.	२०६६।३।१८	सार्वजनिक पद धारण गरेको व्यक्ति राष्ट्रसेवक बाहेक अन्य व्यक्तिले नेपालको शैक्षिक संस्थाको नामबाट नक्कली शैक्षिक प्रमाणपत्रको प्रयोग वा कारोबार गरेको तथ्य सम्बन्धित शैक्षिक संस्थामा प्रमाणीकरण गर्ने क्रममा खुल्न जाने गरेको सम्बन्धमा प्रमाणीकरण गर्न आएका बखत नक्कली प्रमाणपत्र लिई आउने सम्बन्धित व्यक्तिलाई तत्कालै कारबाही गर्न परीक्षा नियन्त्रण कार्यालय र प्रहरी निकायको आपसी समन्वयमा प्रभावकारी संयन्त्र बनाउन प्रहरी प्रधान कार्यालय र परीक्षा नियन्त्रण कार्यालयमा लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६७।३।३१ को पत्र अनुसार परीक्षा नियन्त्रण कार्यालयका उपनियन्त्रकको संयोजकत्वमा संयन्त्र गठन भएको जानकारी प्राप्त ।
६	२०६६।९।२	CTEVT सँग सम्बन्धन प्राप्त संस्थाले गर्नुपर्ने काम नगरेको भन्ने उजुरीका सम्बन्धमा उपाध्यक्ष देवीप्रसाद घिमिरे र सदस्यसचिव जयबहादुर टण्डनलाई आवश्यक कारबाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६६।१२।३२ को पत्रानुसार निजहरूलाई सचेत गराइएको जानकारी प्राप्त ।

(घ) असुल उपर

क्र.सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०५९।३।२६	नेसनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्णचन्द्र झाले नेपाल सरकारले तोकेको सुविधाभन्दा बढी लिनुखानु गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा बढी भुक्तानी लिएको रकम १ महिनाभित्र अध्यक्ष कृष्णचन्द्र झाबाट असुल उपर गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।	वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६६।४।३२ को पत्रानुसार कानून बमोजिम लगत कसी रकम असुल उपर गर्न कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय लाई लेखी पठाइएकोमा सो कार्यालयबाट लगत कसिएको जानकारी प्राप्त ।

२.	२०६३।२।९	नेपाल आयल निगमका कर्मचारीको मिलोमतोमा जहाजलाई दिने तेलको बिलमा व्यापक भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा तेलको भुक्तानी हुन बाँकी रकम तीन महिना भित्र असुल उपर गरी आयोगलाई जानकारी दिन सञ्चालक समिति नेपाल आयल निगमलाई लेखी पठाइएको ।	वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६६।११।२८ को पत्रानुसार ४ वटा एयरलाइन्सबाट असुल उपरका लागि मुद्दा दायर गरी बाँकीबाट असुल उपर भएको जानकारी प्राप्त ।
३.	२०६४।२।२९	बालिका छात्रवृत्ति रकम दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा बेरुजु अनियमित रकम असुल उपर गर्न जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६६।७।८ को पत्रानुसार रु. ७,७३,५००।- रकम बेरुजु खातामा जम्मा भएको जानकारी प्राप्त ।
४.	२०६४।३।३१	उदयपुर सिमेन्ट उद्योग लि.बाट म्याग्नेसिया क्रिम बिक्री खरिद गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा ए.सी.सी. नागपुर (ब्रिक्स आपूर्तिकर्ता) बाट रु. ३६,०९,४४७।९० असुल उपर गर्न उदयपुर सिमेन्ट उद्योग लि.मा लेखी पठाइएको ।	उदयपुर सिमेन्ट उद्योग लि.बाट उक्त रकम असुल उपरका लागि अदालतमा मुद्दा दर्ता भएको जानकारी प्राप्त ।
५.	२०६४।७।१९	लमजुङ बेशीशहर सडक योजनाको निर्माण कार्य हुँदा करोडौँ रुपैयाँ अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा कालिका कन्स्ट्रक्सनबाट रु. ४९,४०९।६७ असुल उपर गर्न सडक विभागमा लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६६।५।२३ को पत्रानुसार कालिका कन्स्ट्रक्सनबाट रु. ४९,४०९।६७ असुल उपर भएको जानकारी प्राप्त ।
६.	२०६४।८।१७	कुनै विकास निर्माण नै नगरी रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा विन्देश्वरी प्रसाद साहबाट रु. २,९८,८६८।-, महेन्द्र राउत कुर्मीबाट रु. ३३,५००।-, प्रभु प्रसादबाट रु. ६,५००।-, कृष्ण प्रसाद कुर्मीबाट रु. ७०,३५१।- र रामचन्द्र बैठाबाट रु. १७,०८५।- असुल उपर गर्न जिल्ला प्रशासन कार्यालय पर्सामा लेखी पठाइएको ।	जिल्ला प्रशासन कार्यालय पर्साको मिति २०६६।२।६ को पत्रानुसार रामचन्द्र बैठाबाट रु. १७,०८५।- असुल उपर भएको र बाँकीको हकमा कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको मिति २०६७।३।३१ को पत्रबाट असुल उपरका लागि लगत कसेको जानकारी प्राप्त ।
७.	२०६५।६।६	टेण्डर फाराम बिक्री गर्दा लाग्ने राजस्व भौचर सच्याई राजस्व हानी नोक्सानी गरेको भन्ने उजुरीका सम्बन्धमा ठे. राजुजंग पाण्डेबाट रु. १,९८०।- असुल	गृह मन्त्रालयको मिति २०६६।७।१८ को पत्रानुसार ठे. राजु जंग पाण्डेबाट रु. १,९८०। रकम असुल उपर

		उपर गर्न जिल्ला प्रशासन कार्यालय नुवाकोटमा लेखी पठाइएको ।	भएको जानकारी प्राप्त ।
८.	२०६५।८।१४	काठमाडौंमा रहेको रञ्जना सिनेमा हलले सरकारलाई तिनुपर्ने राजस्व Property gain Tax लगायत अन्य कर चुहावट गरेको भन्ने विषयमा अनुसन्धान हुँदा सिलसिलामा आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं.२ मा लेखी पठाइएको ।	आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं.२ को मिति २०६७।३।१४ को पत्रानुसार साझेदारहरूबाट पुँजीगत लाभकर, कर तथा शुल्क समेत रु. १०,७८,७५,६६४।-राजस्व दाखिला भइसकेको र सम्पत्ति तथा दायित्व र नाफा नोक्सान हिसाब विश्लेषण र छानबिन गर्ने क्रम जारी रहेको जानकारी प्राप्त ।
९.	२०६५।७।५ २०६५।९।२७	वीरेन्द्र सार्वजनिक मा.वि. मोरङका प्र.अ.श्यामलाल शर्माले विद्यालय भवन निर्माण गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा भवन निर्माण समितिका अध्यक्ष महेश्वर प्रसाद राजवंशीबाट रु. ४५,०००।- र प्र.अ. श्यामलाल शर्माबाट रु. १,१५,५९४।६९ असुल उपर गर्न जिल्ला प्रशासन कार्यालय, मोरङमा लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६६।७।१८ र २०६७।२।२८ को पत्रानुसार निजहरूबाट रु. १,६०,५९४।६९ असुल उपर भएको जानकारी प्राप्त ।
१०.	२०६५।७।१८	चलचित्र महोत्सव २०६२ मा सरकारी कोषबाट प्राप्त रकम हिनामिना गरेको सम्बन्धमा शम्भुजित बास्कोटाबाट रु. २०,०००।- र विष्णुगोपाल श्रेष्ठबाट रु. १,५०,०००।- असुल उपर गर्न चलचित्र विकास बोर्डमा लेखी पठाइएको ।	सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६७।२।२५ को पत्रानुसार शम्भुजित बास्कोटाले रु. २०,०००।- को बिल भौचर पेश गरेको र विष्णुगोपाल श्रेष्ठबाट रु. १,८२,०६२।९४ बैंक दाखिला गरेको जानकारी प्राप्त ।
११.	२०६५।११।१९	जिविस दार्चुला अन्तरगत DRILP आयोजनामा स्थानीय विकास अधिकारी दण्डपाणी बरालले भ्रष्टाचार/अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोजना संयोजक जिविस दार्चुलाका स्था.वि.अ. दण्डपाणी बरालबाट रु. १,००,०००।- आयोजना	स्थानीय विकास मन्त्रालयको मिति २०६६।५।२६को पत्रानुसार निजहरूबाट रु. २,०६,४९३।-असुल उपर भएको जानकारी प्राप्त ।

		प्रमुख लालु गिरीबाट रु. ५०,०००। स.ले.पा.केशवराज भट्टबाट रु. २६,४९३।- र स्टोरकिपर जयन्ती भट्टबाट रु. २५,०००।- असुल उपर गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।	
१२..	२०६६।३।१०	लेप्रोसी प्रोजेक्ट पोखरामा कार्यरत लेखापाल खिम बहादुर गुरुङले आफ्नो जिम्मा रहेको रु. ९,३३,३०७।- रकम हिनामिना गरेको रकममध्ये रु. ४,७२,०००।- कार्यालयलाई तिरेको र रु. ४,६१,३०७।०६ नतिरेको भन्ने उजुरीका सम्बन्धमा निज खिमबहादुर गुरुङ विदेशमा फरार भएकोले निजले हिनामिना गरेको रकम पोन बहादुर गुरुङले धरौटी राखेकोले निज पोन बहादुर गुरुङले जिल्ला प्रशासन कार्यालय कास्कीमा राखिएको मिति ०६१।९।६ को रसिद नं. १११३६७ बजेट रकम उ.भौ.नि. ६३७७५ नगद धरौटी रु. ४,६१,३०८।- बाट खिमबहादुर गुरुङले तिरेको रु. १,२०,०००।- कटाई रु. ३,४१,३०७।०६ पैसा र त्यसमा प्रचलित कानून बमोजिम लाग्ने ब्याज समेत धरौटी रहेको रु. ४,६१,३०८।- बाट असुल गरी तत्कालीन कुष्ठरोग आयोजना हाल इन्टरनेसनल नेपाल फेलोसीप, कास्की प्रोग्रामलाई दिई बाँकी बढी रकम पोन बहादुर गुरुङलाई फिर्ता दिई सो को जानकारी आयोगलाई दिन जिल्ला प्रशासन कार्यालय, कास्कीमा लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६६।५।२६ को पत्रानुसार रु. ३,४९,७५५।- रकम असुल उपर भएको जानकारी प्राप्त ।
१३.	२०६६।४।९	जिल्ला स्वास्थ्य कार्यालय ताप्लेजुङका प्रमुख डा.राम प्रसाद साह समेतको मिलोमतोमा कार्यालयको रकम हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा निज डा.रामप्रसाद शाहबाट रु. २,१७५। असुल उपर गर्न स्वास्थ्य सेवा विभागमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।९।१७ को पत्रानुसार निजबाट रु. २,१७५। असुल भएको जानकारी प्राप्त ।
१४.	२०६६।५।१७	राष्ट्रिय प्रकृति संरक्षण कोषमा करोडौंको आर्थिक हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा मचान वाइल्ड लाइफ	वन तथा भूसंरक्षण मन्त्रालयको मिति २०६७।१।६ को पत्रानुसार

		रिसोर्टबाट रु. १९,६८,९३८।- असुल उपर गर्न वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएको ।	मचान वाइल्ड लाइफ रिर्सोटबाट रु.१९,६८,९३८।- असुल उपर भएको जानकारी प्राप्त ।
१५.	२०६६।८।२६	आ.व ०६३।६४ मा कान्तिबाल अस्पतालको प्रयोगशाला विभागको विभागीय प्रमुखले BMLT तहका Internship गर्न आएका विद्यार्थीबाट जनही रु. ९०००।- का दरले असुली अनियमित कार्य गरेको भन्ने उजुरीका सम्बन्धमा डा. हरिश्चन्द्र उप्रेतीबाट रु. २७,०००।- र डा. रामेश्वरमान श्रेष्ठबाट रु.९०००।- असुल उपर गर्न कान्तिबाल अस्पतालका निर्देशकलाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।२।२८ पत्रानुसार निजहरूबाट रु. ३६,०००।- असुल उपर भएको जानकारी प्राप्त ।

(ङ) निर्देशन / सुझाव

क्र.सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६२।४।१३	धापासी ७ को कि.नं. ९० को क्षेत्रफल १८-३-३ जग्गा अतिक्रमण भएको भन्ने उजुरीका सम्बन्धमा उक्त धापासी ७ को कि.नं. ९० को जग्गासँग जोडिएको सधियारहरूबाट अतिक्रमण भएको जग्गा छुट्याई सार्वजनिक पर्ती नै कायम गरी आयोगलाई जानकारी दिन प्रमुख जिल्ला अधिकारी काठमाडौंलाई लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६६।५।३० को पत्रानुसार सार्वजनिक पर्ती जग्गा कायम भएको जानकारी प्राप्त ।
२.	२०६३।४।१७	मापदण्ड विपरीत नक्सा पास गराई भवन निर्माण गरे भन्ने उजुरीका सम्बन्धमा काठमाडौं उपत्यका नगर विकास समितिले लागू गरेको मापदण्ड २०५० विपरीत का.म.न.पा.ले नक्सा पास गरी दिई घर धनीहरूले स्वीकृत मापदण्ड विपरीत तथा पास भएको नक्साभन्दा बढी संरचना समेत निर्माण गरेको देखिँदा नगर विकास समिति ऐन बमोजिम गर्नुपर्ने कारबाही गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं उपत्यका नगर विकास समितिलाई लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६६।८।२६ को पत्रानुसार काठमाडौं उपत्यका नगर विकास समितिले निर्देशन पालना गर्ने सम्बन्धी आवश्यक कारबाही गरेको जानकारी प्राप्त ।

३.	२०६३।५।९	बोलबम लगायत मापदण्ड विपरीतका इँटाभट्टाहरू बन्द गरी स्वच्छ प्रशासनको प्रत्याभूति पाऊँ भन्ने उजुरीका सम्बन्धमा सर्वोच्च अदालतबाट २०६२ साल मार्ग २४ गते भएको फैसला कार्यान्वयन गर्न उद्योग मन्त्रालयमा लेखी पठाइएको ।	उद्योग मन्त्रालयको मिति २०६७।३।६ को पत्रानुसार फैसला कार्यान्वयन भएको जानकारी प्राप्त ।
४.	२०६४।३।३१	उदयपुर सिमेन्ट उद्योग लिमिटेडबाट म्याग्नेसिया क्रिम बिक्री खरिद गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा उद्योगलाई भएको क्षतिपूर्तिको प्रक्रिया सम्पन्न नभएसम्म उक्त कम्पनी ए.सी.सी. हाल ए.सी.इ.बाट पछि खरिद गरेको High Alumina bricks बापतको रकम रु. १८,६३,७४०। रोक्का राखी आयोगलाई जानकारी दिन उदयपुर सिमेन्ट उद्योग लि.लाई र म्याग्नेसिया क्रिम जस्तो महँगो उद्योगका लागि नभई नहुने संवेदनशील सामानहरू खरिद गर्दा हचुवाको भरमा ब्रान्ड उत्पादक कम्पनी उत्पादक देश तोकिनु भन्दा ब्रिकको सेप साइज स्पेसिफिकेसन तथा केमिकल कम्पोजिसन तथा टेष्ट सर्टिफिकेटबारे अध्ययन गरी निर्णय गराई प्रिक्वालिफिकेसन गराएर ब्रान्ड उत्पादक कम्पनी उत्पादक देश तोक्ने गर्ने र उद्योगमा चुस्त व्यवस्थापन प्रक्रिया अपनाई उद्योग सञ्चालनको असामान्य अनुत्पादक समयलाई घटाउन उदयपुर सिमेन्टलाई निर्देशन दिन उद्योग मन्त्रालयमा लेखी पठाइएको ।	उदयपुर सिमेन्ट उद्योगको मिति २०६५।४।१९ को पत्रानुसार रोक्का राख्ने निर्देशन पालना भएको र उद्योग मन्त्रालयबाट मिति २०६४।१२।७ मा उदयपुर सिमेन्ट लिमिटेडलाई निर्देशन दिइएको जानकारी प्राप्त ।
५.	२०६४।५।२८	उच्च माध्यमिक शिक्षा परिषद्मा २०६१।६२को परीक्षाको मोडरेसनमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा सो परिषद्बाट शैक्षिक प्रमाण पत्र छपाई गराई लागत मूल्य विश्लेषण गरी त्यसलाई न्यूनतम लागतमा छपाई गर्ने तर्फ प्रयास गर्ने र उपयुक्त प्रमाण पत्र समेत कानून बमोजिम प्रतिस्पर्धा गराएर मात्र गर्ने व्यवस्था मिलाउन उच्च माध्यमिक शिक्षा परिषद्मा लेखी पठाइएको ।	उच्च माध्यमिक शिक्षा परिषदको मिति२०६६।१२।२६ को पत्रानुसार सेक्युरिटी प्रेसहरूबीच प्रतिस्पर्धा गराई सूची दर्ताको सूचना प्रकाशित गरी प्रेसबीच प्रतिस्पर्धा गराई छपाई गराउने कार्य व्यवस्था भएको जानकारी प्राप्त ।
६.	२०६४।९।९	नेपाल खानेपानी संस्थानका तत्कालीन प्रबन्धक लवकुमार थापाले अख्तियार	भौतिक योजना तथा निर्माण मन्त्रालयको

		दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा खानेपानी संस्थानका तत्कालीन वरिष्ठ सहायक दक्षकुमार पोखरेललाई विभागीय कारबाही कायम रहेकै अवस्थामा मिति २०६३।९।१२ मा अप ग्रेड गरी बढुवा गरिएको कार्य सोही विनियमावली २०४९ को विनियम १० (४) ख १ को (ग) विपरीत बढुवा कायम रहन नसक्ने देखिँदा उल्लेखित विनियमावली अनुसार कानूनसम्मत निर्णय गर्न नेपाल खानेपानी संस्थान सञ्चालक समितिलाई लेखी पठाइएको ।	मिति २०६६।११।२३ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
७.	२०६५।४।७	बौद्धनाथ क्षेत्र विकास समितिका तत्कालीन अध्यक्ष दिलिप कुमार लामाको कार्यकालमा रु. ३ करोड ५० लाख रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा उक्त समितिले सार्वजनिक जवाफदेहीको नीति अनुरूप स्वच्छ र पारदर्शी ढंगले काम कारबाही गरेको देखिन नआएकाले समितिको सम्पूर्ण काम कारबाहीलाई सार्वजनिक जवाफदेहीको नीति अनुरूप अझ बढी स्वच्छ, पारदर्शी र नियमसंगत बनाउन समितिको आर्थिक तथा कर्मचारी सम्बन्धी नियम विनियमहरूमा संशोधन वा परिमार्जन गर्नुपर्ने भए सो समेत गर्न लगाई कार्य प्रगति विवरण ३ महिनाभित्र आयोगमा पठाउन तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाइएको ।	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको मिति २०६६।१२।३० को पत्रानुसार समितिको आर्थिक र कर्मचारी सम्बन्धी नियम विनियम संशोधन भएको जानकारी प्राप्त ।
८.	२०६५।४।२०	कम्पनी दर्ता हुँदा लाग्ने दस्तुर तिरेको नक्कली भौचरका आधारमा १०० वटा कम्पनी दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा आ.व. २०६२/६३ मा उक्त नक्कली भौचर प्रकरणमा संलग्न व्यक्तिउपर ठगीमा मुद्दा चलाइसकेको बुझिएको तर आ.व. २०६१/६२ र २०६३/६४ मा नक्कली भौचर पेश गरी कम्पनी दर्ता गरी राजस्व चुहावट गर्ने कार्यमा संलग्न व्यक्तिहरूउपर हालसम्म कुनै कारबाही भएको नदेखिएकोले यथाशीघ्र उक्त दुई आर्थिक वर्षको हकमा समेत अनुसन्धानको	गृह मन्त्रालयको मिति २०६७।२।३० को पत्रानुसार आ.ब. २०६१/६२ का सम्बन्धमा ३८ र २०६३/६४का सम्बन्धमा ३ जना उपर मुद्दा दायर गरी कारबाही भएको जानकारी प्राप्त ।

		कार्य पूरा गरी कानून बमोजिम कारबाही गर्न महानगरीय प्रहरी परिसर हनुमानढोकामा लेखी पठाइएको ।	
९.	२०६५।५।५	काठमाडौं जिल्ला गोंगबु वडा नं. ४ख कित्ता नं. ५६५ को जग्गा बढी भएकोले बढी जग्गा सार्वजनिक गराई पाऊँ भन्ने उजुरीका सम्बन्धमा बिप्लनमान सिंह डंगोलको कित्ता नं. ३६ को जग्गा साविक र हाल नापीमा क्षेत्रफल ०-३-२-० बढी देखिएको र उक्त जग्गाको तीनतिर व्यक्तिको जग्गा र एकतिर सडक भएकोले कसको जग्गा घुस्न गएको हो ? हालसाबिक नहुँदासम्म यकिन हुन नसक्ने भएबाट उक्त बढी देखिन गएको जग्गा हालसाबिक गर्दा नियमानुसार यकिन गरी बढी देखिएमा नियमानुसार कट्टी गरी सार्वजनिक कायम गर्नेतर्फ कारबाही गर्न मालपोत कार्यालय तथा नापी शाखा, डिल्लीबजारमा लेखी पठाइएको ।	मालपोत कार्यालय डिल्ली बजारको मिति २०६५।१२।२८ को पत्रानुसार निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त ।
१०.	२०६५।५।८	पर्सा जिल्ला पटेर्वा सुगौली गा.वि.स. वा.नं. ३(ख) साविक कि.नं.७६ बदर भई हाल कायम भएको कित्ताहरूको हाल आवादी समितिको निर्णय कार्यान्वयन गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा पर्सा जिल्ला पटेर्वा सुगौली गा.वि.स.वडा नं. ३(ख) कि.नं.७६ को जग्गा मिति २०२८।१।२ मा राधा गोपाल समेतका ६ जनाको नाममा दर्ता गर्ने निर्णय भई सोही निर्णयका आधारमा मालपोत कार्यालय पर्साबाट मिति २०६२।११।२१ मा निजहरूमध्ये ५ जनालाई जग्गाधनी प्रमाणपत्र वितरण गरेको देखिएकोमा उक्त कि.नं.काजग्गाहरूमा निज निवेदकहरूले अविच्छिन्न भोग नगरेको र उक्त जग्गामा स्थानीय व्यक्तिहरूले घरबास समेत गरेको देखिँदा शान्तादेवी सापकोटाको नाममा रहेको पटेर्वा सुगौली गा.वि.स.३ख स्थित कि.नं.२६९, २७०, राधा गोपाल श्रेष्ठको नाममा ऐ.ऐ.गा.वि.स.को कि.नं. २७२, २७३, चन्दनाथ जोशीको नाममा रहेको २७८, २७९, तेजकृष्ण जोशीको नाममा रहेको कि.नं. २८१, २८२, ओमकृष्ण जोशीको	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।३।३० को पत्रानुसार निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त ।

		नाममा रहेको कि.नं. २८६, २७५, २७६, २८७ को जग्गा नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय पर्सा, नापी कार्यालय पर्सामा र पर्सा जिल्ला पटेर्वा सुगौली गा.वि.स.वडा नं. ३(ख) को साविक कि.नं. ७६ बाट कित्ताकाट भई हाल १ नं.नापी गोश्वाराबाट पुनः नापजाँच गर्दा हाल आवादि समितिबाट निर्णय नै नभएका भोग समेत नगरेका शान्तादेवी भन्ने शान्ति खत्री समेतको नाममा कायम गरिएको वा.नं.९, ग्रिड सिट नं. १०७ (१३०२)३, कि.नं.१७, १८, १९, २०, २१, २२, २३, २४, ४६, ४९, ५०, ५१, ५२, ५३, ५४, ५५, ६०, ६१, ६२, ६३, ६४, ६५, ६६, ६७, ६८, ६९, ७०, ७१, ७२, ८४, ८६, ८८, ९०, ९२, ९४, ३, ४, ५, २८, ग्रिड सिट नं. १०७ (१३०२) ३ को कि.न.७६, ८३, ९१, ९३, ९५, ग्रिड सिट नं. १०७ (१३०२)४ को कि.न.७, ८, ९, १०, ११, २९, ३०, ३२, ग्रिड नं.१०७ (१३०२) ४ को कि.न.१५, १६, २१, २२, ३१, ३३, ३४, ३६, ग्रिड सिट नं. १०७(१३४२) कि.न.१३८, १४०, ग्रिड सिट नं. १०७ (१३०२)४ को कि.न.१८, १९, २०, २४, २५, २६, २७, ३५, ३६, ग्रिड सिट नं. १०७ (१३४२) कि.न.६७, १३९, १४१, ग्रिड सिट नं. १०७ (१३४२) कि.न.७१, १४२, ग्रिड सिट नं. १७ (१३४२) कि.न. ८, ९, १०, ११, २८, ४२, ४४, ४६ ग्रिड सिट नं. १०७ (१३४२) २ कि.न.१६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४३, ४५, ४७, ४८, ५० र ५२ का जग्गाहरू नेपाल सरकारको नाममा कायम गर्न नापी गोश्वारा पर्सामा लेखी पठाइएको ।	
११.	२०६५।५।१७	थानकोट चेक पोष्ट इन्चार्ज रामकुमार समेतले सवारी कर लिँदा रसिद नकाटेको भन्ने उजुरीका सम्बन्धमा भौतिक योजना तथा निर्माण मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल गरी १ महिनाभित्र आयोगलाई जानकारी दिन स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको २०६७।३।१६ को पत्रानुसार तत्कालीन थानकोट चेकपोस्ट इन्चार्ज रामकुमार कार्कीलाई नसिहत दिइएको र सडक बोर्ड

			गठन भएपश्चात थानकोट चेकपोस्टमा सवारी कर लिने काम नभएको जानकारी प्राप्त ।
१२.	२०६५।६।९	बुटवल नगरपालिका वडा नं. ८ (क) को कित्ता नं. ११०० र १०३ का सार्वजनिक जग्गा बदनीयत तरिकाले दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा कित्ता नं ११०० र १०३ का जग्गाहरूमा बिटौरी वा कोदालेको माध्यमबाट दर्ता भई भोगचलनमा रहेका जग्गाहरू बाहेकका सबै जग्गाहरू सार्वजनिक कायम गर्न र उक्त जग्गाहरूमा बिटौरी वा कोदालेको माध्यमबाट भोगचलन भएका जग्गाहरूलाई सम्बन्धित व्यक्तिहरूकै नाममा दर्ता गराउनेतर्फ आवश्यक कार्य गर्न गराउन प्र.जि.अ. रूपन्देहीको संयोजकत्वमा प्रमुख मालपोत अधिकृत रूपन्देही, प्रमुख नापी शाखा रूपन्देही र कार्यकारी अधिकृत बुटवल नगरपालिका समेत रहेको एउटा कार्यदल बनाई आवश्यक सिफारिस र कार्यान्वयन गर्ने । उक्त कार्यदलले ३ महिनाभित्रमा सार्वजनिक जग्गाहरूलाई नेपाल सरकारका नाममा कायम गराई धनीपुर्जा जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा सुरक्षित राख्ने र रैकरमा परिणत गरिएका जग्गाहरूको धनीपुर्जा मालपोत कार्यालय मार्फत सम्बन्धित धनीहरूलाई बुझाउने आवश्यक कार्य गर्ने गराउने । उक्त कार्यदलले गरेका सिफारिस, निर्णयहरू र मालपोत कार्यालयले उपरोक्त अनुसार गरेका निर्णयहरूको जानकारी ३ महिनाको समयावधि समाप्त भएको १० दिनभित्र आयोगलाई जानकारी गराउने । उक्त कित्ता नं. का जग्गाहरूमध्ये दर्ता भै धनीपुर्जा वितरण गरिएका जग्गाहरू मात्र धनीपुर्जा वितरण गरेपश्चात मा.पो.का.रूपन्देहीले तत्कालीन विशेष प्रहरी विभागबाट रोक्का गरेको जग्गा तुरुन्त फुकुवा गरिदिन जिल्ला प्रशासन कार्यालय रूपन्देहीका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएको ।	आयोगको मिति २०६६।८।३ को निर्णय अनुसार प्र.जि.अ.को संयोजकत्वमा गठित कार्यदलको सिफारिस अनुसार कार्य गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सडक विभाग तथा जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिई लगत कट्टा भएको ।

१३.	२०६५।७।१०	चिलिमे जलविद्युत कम्पनीको शेयर बाँडफाँडमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा विद्युत प्राधिकरणको कर्मचारी सेवा नियमावली २०६२ को नियम १११ मा नेपाल सरकारको शतप्रतिशत स्वामित्व भएको विद्युत क्षेत्रमा क्रियाशील सार्वजनिक संस्थाका कर्मचारी जलविद्युत कम्पनीकै संस्थापक शेयरधनी हुन पाउने व्यवस्था भएको देखिँदा यसबाट conflict of interest हुने देखिएकाले संस्थापक शेयर धनी हुन पाउने व्यवस्थालाई संशोधन गर्न नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिलाई लेखी पठाइएको ।	नेपाल विद्युत प्राधिकरणको मिति २०६६।२।१३ को पत्रले जलविद्युत कम्पनीको संस्थापक शेयरधनी हुन पाउने छैन भनी विनियमावलीमा संशोधन गरिएको जानकारी प्राप्त ।
१४.	२०६५।७।१७ २०६५।९।७	झापा जिल्ला दमक नगरपालिका वडा.नं. १३ भित्रका सार्वजनिक ऐलानी पर्ती जग्गा अनियमित तवरले सुकुम्बासीको नाममा दर्ता भएको भन्ने उजुरीका सम्बन्धमा नापी गोश्वाराको जग्गा दर्ता सम्बन्धी काम कारबाहीलाई छानबिन गर्न एवं समस्याको पहिचान गरी आवश्यक निर्णय लिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६६।१०।१० को पत्रानुसार छानबिन समिति गठन भएको जानकारी प्राप्त ।
१५.	२०६५।७।२२	स्वास्थ्य सेवा विभागले हेल्थसेक्टर रिफर्म प्रोजेक्ट अन्तर्गत विभिन्न उपकरण खरिदको टेण्डरमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा हालसम्म अनुभवबाट देशभरका सरकारी स्वास्थ्य निकायहरूमा प्रयोग भएका र प्रयोग हुन सक्ने सम्भावित स्वास्थ्य यन्त्र उपकरणको सूची तयार गर्न, यसरी सूचीकृत भएका विभिन्न यन्त्र तथा उपकरणहरूको स्टान्डर्ड स्पेसिफिकेसन बनाउन विशेषज्ञहरूको कार्यदल गठन गर्न, स्टान्डर्ड स्पेसिफिकेसन कार्यदल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संयोजकत्वमा त्रि.वि.शिक्षण अस्पताल, निजी अस्पताल, सैनिक अस्पताल वा अन्य सरकारी अस्पतालले(आवश्यकतानुसार) यस कार्यमा दखल भएका बाह्य विशेषज्ञ तथा अन्य सरोकारवालाहरूलाई समावेश गरी गठन गर्न, उक्त कार्यदलबाट ६ महिनाभित्र स्टान्डर्ड स्पेसिफिकेसन तयार गराई नेपाल	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।

		सरकारबाट स्वीकृत गरी गराई, देशभरका सबै सरकारी स्वास्थ्य निकायहरूमा लागू गर्न, स्वास्थ्य उपकरणहरू खरिद गर्दा जनशक्ति र स्पेयरपार्टको उपलब्धता, सामानको गुणस्तर, सामानको आवश्यकता र उपयोगिता एवं अन्य प्राविधिक र आर्थिक पक्षहरू समेतलाई मध्यनजर राखी वार्षिक खरिद योजना बनाई मात्र गर्न, सार्वजनिक स्वास्थ्यका लागि आवश्यक पर्ने औषधी खरिदको दररेटमा कार्यालयपिच्छे न्यायिक विभिन्नता पाइरहेको सन्दर्भमा मूल्यमा एकरूपता ल्याउन देशभरिका सबै सरकारी स्वास्थ्य निकायहरूलाई लागू हुने गरी आवश्यक सबै प्रकारका औषधीहरूको बेसलाइन Price (ढुवानी बाहेक) प्रत्येक आर्थिक वर्षको भाद्र मसान्तसम्म निर्धारण गरी सोही बमोजिम मात्र खरिद गर्न मातहतका निकायलाई परिपत्र गर्न, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत सञ्चालित नेपाल सरकार तथा विभिन्न मित्र राष्ट्र तथा बहुपक्षीय दातृ संस्थाहरूको सहयोगमा सञ्चालित निकाय तथा प्रोजेक्टहरूबाट प्रचलित आर्थिक ऐन नियमको पालना नगरी खर्च गर्ने गरिएको देखिएकोले आइन्दा नेपाल सरकारको प्रचलित सार्वजनिक खरिद ऐनको कडाइका साथ पालना गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।	
१६.	२०६५।८।३०	स्वास्थ्य सेवा विभागले नियम विपरीत लामो अवधि काजमा राखी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा औलो तथा इन्सेफ्लाइटिस्का बारेमा दैनिक अध्ययन तथा अनुसन्धान गर्नुपर्ने जनशक्तिलाई हेटौंडामा स्रोत साधनको अभाव भएको भनी लामो समयसम्म केन्द्रमा काजमा राख्ने प्रवृत्ति कानूनसम्मत भएको नदेखिँदा भविष्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पुनर्संरचना पारित भए सोही बमोजिम हुने गरी हाल उक्त टिमका ७ जना कर्मचारीलाई आफ्नो पदाधिकार भएको क्षेत्रीय स्वास्थ्य निर्देशनालय हेटौंडामा १५ दिनभित्र काज फिर्ता गरी सोको जानकारी	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्रानुसार निजहरूलाई काज फिर्ता गरिएको जानकारी प्राप्त ।

		आयोगमा दिन स्वास्थ्य सेवा विभागमा लेखी पठाइएको ।	
१७.	२०६५।९।६	स्याङ्जा जिल्ला अस्पतालको भवन निर्माणमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा भवन विभागको टोलीले स्थलगत निरीक्षण गरी पेश गरेको प्रतिवेदनमा भवन निर्माणमा प्रयोग भएका Materials को गुणस्तर नभएको तथा concreting गर्दा आवश्यक विधि पूरा नगरेको Poor supervision, carelessness आदि समेतका कारणले भवनमा पर्याप्त Crack हरू आएको हुन सक्ने जस्ता कुराहरू उल्लेख गरिएको हुँदा अस्पताल जस्तो अति आवश्यक तथा संवेदनशील स्थानमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिएकोले प्राविधिक टोली खटाई यसतर्फ आवश्यक मर्मत सम्भार गर्ने व्यवस्था गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।५।२९ को पत्रानुसार निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त ।
१८.	२०६५।९।२७	जिल्ला प्रशासन कार्यालय म्याग्दीका कर्मचारीहरूले दोहोरो नागरिकता बनाई अनियमितता तथा भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा म्याग्दी जिल्ला राखुपिप्ले ७ का तीर्थबहादुर मल्लले दोहोरो नागरिकता लिई नागरिकतामा समेत झूटो विवरण दिएको सम्बन्धमा कानून बमोजिम गर्नुपर्ने आवश्यक अनुसन्धान गरी संलग्न देखिएका व्यक्तिहरूलाई प्रचलित ऐन अनुसार मुद्दा दायर गर्ने गराउने व्यवस्था हुन जिल्ला प्रहरी कार्यालय म्याग्दीमा लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६७।२।२१ को पत्रानुसार सम्बन्धित व्यक्ति फरार रहेको अवस्था हुँदा निज पक्राउ परेपछि मुद्दा चलाउने प्रतिबद्धता प्राप्त भएकोले आयोगको मिति २०६७।३।१६ को निर्णयले लगत कट्टा गरिएको ।
१९.	२०६५।१०।७	कृषि विकास बैंकमा कमिसन खाएर बढुवा गरेको भन्ने उजुरीका सम्बन्धमा निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५० सँग तादाम्यता रहने गरी अर्थात का.स.मु.बापत ४० अंक र बाँकीमा ६० अंक कायम गरी कृषि विकास बैंक कर्मचारी सेवा विनियमावली २०६२ को विद्यमान बढुवा सम्बन्धी प्रावधान ३ महिनाभित्र संशोधन गर्ने र अब हुने आन्तरिक मूल्यांकनको बढुवा सिफारिस गर्दा सोही प्रावधान अवलम्बन गरेर मात्र गर्न कृषि	अर्थ मन्त्रालयको मिति २०६६।१२।२५ को पत्रानुसार कृषि विकास बैंक कर्मचारी सेवा विनियमावली २०६२ संशोधन गरी निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त ।

		विकास बैंक केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।	
२०.	२०६५।१०।१३	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जापानको तालिममा मनोनयन गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा जापान सरकारबाट prevention and control measure of aids विषयक तालिममा शुक्रराज टपिकल तथा सरुवा रोग अस्पतालमा कार्यरत योग्यता पुगेका सम्भाव्य उम्मेद्वारहरूबाट स्वास्थ्य सेवा ऐन २०५३ को दफा ३२ ख अनुसारको प्रक्रिया पूरा गरी मनोनयन गर्न र आइन्दा ऐनको उल्लेखित प्रावधान पूरा गरेर मात्र मनोनयन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।८।३ को पत्रानुसार आइन्दा निर्देशन अनुसार मनोनयन गर्ने, प्रावधान पूरा गर्ने सचिव स्तरीय निर्णय भएको जानकारी प्राप्त ।
२१.	२०६५।१०।१९	राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुले उपकरण तथा विभिन्न केमिकल खरिद गर्दा अनियमिताता भएको भन्ने उजुरीका सम्बन्धमा यन्त्र उपकरण (आवश्यक पर्ने) को स्पेसिफिकेसनमा एकरूपता ल्याउन एउटा स्पेसिफिकेसन निर्माण समिति बनाई सो को सिफारिस अनुसार एस.टि.डि स्पेसिफिकेसन तयार गरी सोही अनुसार खरिद प्रक्रिया अघि बढाउने । यस्तो स्पेसिफिकेसन बनेपछि ४ वर्षमा एकपटक पुनरावलोकन गरी स्पेसिफिकेसन परिमार्जित गर्ने । वर्षैपिच्छे स्पेसिफिकेसन बनाउने प्रक्रिया अन्त्य गर्न दातृ संघसंस्थाहरूबाट सहयोग स्वरूप प्राप्त हुने मालसामानहरू मुख्य जिन्सीखातामा दाखिल गरी छुट्टै सहायक खाता बनाउने । प्रयोग अवधि नाघिसकेको केमिकल र म्याद समाप्त नहुने पुराना म्यानुअल मेथडका केमिकलहरू आवश्यक प्रक्रिया पूरा गरी अविलम्ब नष्ट गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।८।१२ को पत्रानुसार आयोगबाट दिइएका सबै निर्देशनहरू पालना भएको जानकारी प्राप्त ।
२२.	२०६५।११।२५	विशाल बजार कम्पनीले पसल कवल भाडामा दिँदा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा रमेशमान श्रेष्ठले विशाल बजार कं. लि. सँग मिति २०६०।१०।२० मा सम्झौता गरी मासिक कुल रकम रु. १,०७,३३८।- बुझाउने गरी	नेपाल इन्भेस्टमेन्ट बैंक लि. शुक्रपथको पत्रानुसार २०६६ वैशाख महिनादेखिको बहाल रकम विशालबजार

		भाडामा लिएको जम्मा १३९४ वर्गफिट क्षेत्रफल भएको पसल कवल न. ९९ र ५१ को मासिक रु. ३,७६,२८०।- र ९७.५ वर्गफिटको पसलको मासिक रु. ९,७५० र प्रत्येक दुई दुई वर्षमा १० प्रतिशतका दरले भाडा वृद्धि हुने गरी नेपाल इन्भेस्टमेन्ट बैंक लि. शुक्रपथ र निज रमेशमान श्रेष्ठबीच २०६०।१०।२१ मा पुनः सम्झौता गरी कम रकममा भाडामा लिई बढी रकममा भाडा दिए दिलाएको साथै उक्त कोठा बापतको घरभाडा रकममध्ये विशालबजार कम्पनी लि. लाई निज रमेशमान श्रेष्ठले बुझाउनुपर्ने रकम बैंकले नै कम्पनीको खातामा दाखिला गरी बढी भएको रकम सोही बैंकमा भएको रवीन्द्र लाल श्रेष्ठको खाता नं ००१ २५६६४१० मा जम्मा गर्दै आएको प्रस्तुत विषयमा निज रमेशमान श्रेष्ठ समेत उपर भ्रष्टाचार मुद्दा दायर गरिएको हुँदा पछि ठहरे बमोजिम हुने गरी त्यस बैंकले निज रमेशमान श्रेष्ठसँग मिति २०६०।१०।२१ मा सम्झौता गरी लिए दिएको सो पसल कोठा बापतको सम्पूर्ण घर भाडा रकम विशालबजार कम्पनीकै खातामा २०६५ चैत्रदेखि दाखिला गरी जानकारी आयोगमा गराउन नेपाल इन्भेस्टमेन्ट बैंक लि. शुक्रपथमा लेखी पठाइएको ।	कम्पनीको खातामा जम्मा भएको जानकारी प्राप्त ।
२३.	२०६५।१२।४	वेलिज नागरिक kent B.Crane ले २०५०।५।१०मा नेपालमा वाइल्ड लाइफ डेभलेपमेन्ट नामको संस्था दर्ता गराई (भीसाको प्रयोजनको लागि) अनियमित कार्य भएको भन्ने उजुरीका सम्बन्धमा नेपालमा आवधिक रूपमा लगानी नगरी सीमित रूपमा मात्र लगानी गरिरहेका, पूर्ण रूपमा सञ्चालनमा नआएका वा आंशिक रूपमा सञ्चालनमा आएका वा लगानी मात्र ल्याई काम शुरु नगरेका लगानीकर्ताहरूको व्यावसायिक भीसा सिफारिस गर्दा १ वर्षको लागि मात्र गर्ने । भीसा सिफारिस गर्नुपूर्व उद्योगको अवस्था हेर्ने, निरीक्षण गर्ने र उद्योग स्थापना गरी सञ्चालन गर्ने म्याद व्यतित भैसकेको छ छैन सो कुरालाई आधार लिन र लगानीकर्ता kent B.Crane ले	उद्योग मन्त्रालयको मिति २०६६।११।६ को पत्रानुसार निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त ।

		प्रचलित कानून विपरीतको कार्य गरेको हो भने विभागबाट निरीक्षण गरी त्यस्तो गतिविधि तुरुन्त रोक्न लगानीकर्तालाई सूचना गर्ने र यस कुरालाई आइन्दा भीसा सिफासिरमा आधारको रूपमा लिन उद्योग विभागका महानिर्देशकलाई लेखी पठाइएको ।	
२४.	२०६५।१२।४	काठमाडौं जिल्ला का.म.न.पा.वा.नं.१५ स्वयम्भु घ्याङ्ग गुठीको लगतमा दर्ता भएका पुरातात्विक महत्वका वस्तुहरू बिक्री गरेको वा मासेको भन्ने उजुरीका सम्बन्धमा प्रस्तुत विषय प्राचीन तथा पुरातात्विक सामानहरूको उचित संरक्षण भएको नभई गुठी संस्थान केन्द्रीय कार्यालयबाट यस विषयमा छानबिन गरी उक्त गुठीको गरगहना, भाडाबर्तन तथा प्राचीन तथा पुरातात्विक सामान यथास्थानमा राखी दोषी उपर ३ (तीन) महिनाभित्र कारबाही गरी आयोगलाई जानकारी गराउन गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।	गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०६६।८।२८ को पत्रानुसार आयोगको निर्देशन अनुसार छानबिन गरी आवश्यक कारबाही गरेको जानकारी प्राप्त ।
२५.	२०६५।१२।४	काठमाडौं जिल्ला सीतापाइला गा.वि.स.९(क) कि.नं.१२३ क्षेत्रफल ०-६-०-० जग्गालाई घूस खाई बिक्री गरेको भन्ने उजुरीका सम्बन्धमा काठमाडौं जिल्ला सीतापाइला गा.वि.स.९(क) कि.नं.१२३ क्षेत्रफल ०-६-०-० को दर्ता अप्रमाणितवाला व्यक्ति जसवीर नगरकोटीको नामबाट गैरकानूनी रूपमा कृष्णमान नगरकोटीको नाममा दाखिल खारेज भई गइसकेको र निजबाट पनि हाल विभिन्न व्यक्तिहरूको नाममा गइसकेको देखिँदा उक्त कि.नं. १२३ जति जना जति व्यक्तिहरूका नाममा गए तापनि उक्त दर्ता दूषित देखिएकोले काठमाडौं जिल्ला सीतापाइला ९(क) कि.नं.१२३ क्षेत्रफल ०-६-०-०को जग्गा सम्बन्धमा जाँचबुझ गरी जे गर्न उपयुक्त हुन्छ सो गर्न भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकलाई लेखी पठाइएको ।	मालपोत कार्यालय कलंकीको मिति २०६६।५।८ को पत्रानुसार उक्त जग्गा साविक जग्गाधनी जसवीर नगरकोटीका नाउँमा दर्ता बाँकी स्रेस्ता कायम गरिएको जानकारी प्राप्त ।
२६.	२०६५।१२।११	जिल्ला स्वास्थ्य कार्यालय सर्लाहीमा औषधी खरिद गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा औषधी खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ को प्रक्रिया	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।१०।१७ को पत्रानुसार निर्देशन

		पूरा गराई वार्षिक खरिद योजना बनाई खरिद गर्ने । लागत अनुमान तयार गरी बोलपत्र आह्वान गर्ने समेत गर्न सम्बन्धित निकायमा निर्देशन दिई सो बमोजिम पालना गर्न गराउन स्वास्थ्य सेवा विभागमा लेखी पठाइएको ।	पालना भएको जानकारी प्राप्त ।
२७.	२०६५।१२।१२	राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा कार्यरत डा.त्रिभुवन प्रसाद राजभण्डारीले योग्यता नै नभई प्रथम श्रेणीको प्याथोलोजिस्ट पदमा नियुक्ति भई अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अब उप्रान्त हुने गरिने बढुवामा, नियममा तोकेको शैक्षिक योग्यता पुगेको उम्मेदवारको मात्र दरखास्त स्वीकार गर्ने र आवश्यक परे स्वास्थ्य सेवा नियमावली २०५५ मा संशोधन गरी मात्र गर्ने गराउने व्यवस्था गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।९।२४ को पत्रानुसार तोकिएको शैक्षिक योग्यता पुगेका उम्मेदवारको मात्र दरखास्त स्वीकार गर्ने र संशोधनको क्रममा रहेको स्वास्थ्य सेवा नियमावली २०५५ मा समेत सोही बमोजिम संशोधन गर्ने जानकारी प्राप्त ।
२८.	२०६५।१२।१७	वैदेशिक रोजगारको लागि कतार गएका नेपाली कामदारबाट नियम विपरीत कतारस्थित नेपाली राजदूतावासबाट अविलम्ब शुल्क लिने गरेको भन्ने उजुरीका सम्बन्धमा मानवीय सहयोगका लागि रोजगारीमा गएका व्यक्तिहरू वा अन्य संघसंस्थाबाट रकम उठाउनुपर्ने भए ऐन नियम वा निर्देशिका जो जे बनाउनुपर्ने हो बनाई सो बमोजिम मात्र उठाउने व्यवस्था मिलाउन परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।	परराष्ट्र मन्त्रालयको मिति २०६६।१०।१७ को पत्रानुसार निर्देशन पालना भई कार्यान्वन्यन भएको जानकारी प्राप्त ।
२९.	२०६६।१।४	जलेश्वर अस्पताल विकास समितिले घर भाडा दिँदा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा आ.व. २०६६/६७ देखि प्रतिस्पर्धा गराएर मात्र सटर भाडामा दिन जलेश्वर अस्पताल विकास समितिमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।८।१२ को पत्रानुसार निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त ।
३०.	२०६६।१।१४	सावित्र काठमाडौं जिल्ला धापासी गाविस वडा नं.९(क) कित्ता नं.१३९ को वीरेन्द्रबाटिका भएको सार्वजनिक जग्गा सधियारले आ-आफ्नो नाममा दर्ता गराएको भन्ने उजुरीका सम्बन्धमा सावित्र	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६६।१०।११ को पत्रानुसार निर्देशन पालना भई जग्गा

		का.जि.धापासी गाविस वडा नं.९(क) कित्ता नं.१३९को क्षे. १०-२-३-० हाल का.जि. धापासी गाविस वडा नं.९ सि.नं. १०२-०९४६-२२ कि.नं.१ क्षेत्रफल १०३६.७० वर्गमिटर बाटो कि.नं.२ क्षेत्रफल ३५१९.०० वर्गमिटर पर्ती मन्दिर कि.नं.११०६ क्षेत्रफल २२९.१० वर्गमिटर सार्वजनिक पर्ती बाहेक केही जग्गा हाल कामनपा-३ को सार्वजनिक बाटोमा पर्ने भन्ने ६ नं. नापी गोश्वाराबाट लेखिआएको भए पनि उपरोक्त बमोजिमको हाल कित्ता नं.२ क्षे.३५१९ वर्ग मि. सार्वजनिक जग्गालाई नेपाल सरकारको नाममा दर्ता गर्ने र बाटोको रूपमा दर्ता भएको अन्य बाँकी जग्गा बाटो नै कायम गरी नेपाल सरकारको नाममा कानूनी प्रक्रिया पूरा गरी तत्काल दर्ता गर्ने र सो को प्रमाणपुर्जा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पठाई प्रतिलिपि यस आयोगमा समेत पठाउन र नापी नक्सामा समेत उक्त जग्गालाई सार्वजनिक जनिने संकेत राख्न मालपोत कार्यालय चाबहिलमा लेखी पठाइएको ।	नेपाल सरकारको नाममा दर्ता गरी जग्गाधनी प्रमाणपुर्जा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पठाइएको जानकारी प्राप्त ।
३१.	२०६६।१।१५	काठमाडौं जिल्ला धापासी गा.वि.स.४ क कि.नं.११०,११५ समेतको सार्वजनिक जग्गा मिची अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं. ४ ग कि.नं. ११०, ११५, ११६ र १२१ बीचमा रहेको राजकुलो नक्सा एवं श्रेस्तामा रहेको भए तापनि फिल्डमा व्यक्तिहरूले मिचेको भन्ने विषयमा नापी शाखाबाट निरीक्षण गराउँदा प्राप्त प्रतिवेदनबाट सार्वजनिक जग्गा (राजकुलो) को संरक्षण हुन नसकेको देखिएकोले उक्त सार्वजनिक जग्गा संरक्षण गर्न धापासी गाउँ विकास समितिको कार्यालयमा लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६६।५।३ को पत्रानुसार सार्वजनिक जग्गा छुट्याइ रेखाङ्कन गरी संरक्षण गरिएको जानकारी प्राप्त ।
३२.	२०६६।२।७	जनकपुर नर्सिङ क्याम्पसले स्टाफ नर्स भर्ना प्रक्रियामा दलित जनजातिका लागि छुट्याइएको तीन सिटमा वैकल्पिक उम्मेदवारलाई मौका नदिई कट अफ प्वाइन्टमा पनि क्रमानुसार नगरी अनियमितता गरेको भन्ने उजुरीका	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।१०।१७ पत्रानुसार निर्देशन पालना भएको

		सम्बन्धमा अब उप्रान्त स्टाफ नर्स अध्ययनको लागि कुनै कारणले सिट रिक्त हुन गएमा वैकल्पिक वा कट अफ प्वाइन्ट उम्मेदवार सूचीबाट छनौट गर्दा राष्ट्रिय स्तरको पत्रिकामा न्यूनतम ७ दिने सूचना प्रकाशन गर्ने व्यवस्था मिलाउन जनकपुर नर्सिङ क्याम्पसलाई र जनकपुर नर्सिङ क्याम्पसका प्रिन्सिपल पदमा निमित्त भई सहायक स्तरको कर्मचारी निमित्त भई सञ्चालन भएको देखिँदा अधिकृत स्तरको कर्मचारी एक महिनाभित्र खटाई पठाउन स्वास्थ्य सेवा विभागमा लेखी पठाइएको ।	जानकारी प्राप्त ।
३३.	२०६६।२।२५	पाखिबास कृषि अनुसन्धान परिषद्का का.मु कार्यकारी निर्देशकले प्रमुख हुँदा बिल भरपाई नराखी रकम हिनामिना गरेको सम्बन्धमा आ.व. ०५९/६० मा तत्काल हिसाबकिताब दुरुस्त बनाई बेरुजु फछ्यौंट गर्न गराउन नेपाल कृषि अनुसन्धान परिषद्मा लेखी पठाइएको ।	महालेखा परीक्षकको कार्यालयको मिति २०६६।९।३ को पत्रानुसार उक्त रकम सम्परीक्षण भइसकेको जानकारी प्राप्त ।
३४.	२०६६।३।२८	काठमाडौं जिल्ला का.म.न.पा वा.नं.२८ बांगेमुडा स्थित धार्मिक महत्वको स्थान मण्डपको नामले प्रसिद्ध सार्वजनिक सत्तल भत्काई केशरीवदन समेतले का.म.न.पा.बाट नक्सा पास गराई घर निर्माण गर्न लागेको भन्ने उजुरीका सम्बन्धमा उक्त सम्पदाको संरक्षण गर्न पुरातत्व विभागमा लेखी पठाइएको ।	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको मिति २०६७।३।३१ को पत्रानुसार उक्त सम्पदा संरक्षणमा रहेको जानकारी प्राप्त ।
३५.	२०६६।३।३१	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका सवारी चालक महेन्द्र राज श्रेष्ठले नबिग्रिएको गाडीलाई बिग्रेको देखाई बिल बनाई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा महाप्रबन्धकको गाडीमा प्रतिमहिना ३०० लि. देखि ५५० लि.सम्म इन्धन प्रयोग हुने अनुसन्धानको क्रममा देखिएकोले यस सम्बन्धमा नेपाल सरकारका सोही सरहका पदाधिकारीलाई तोके सरह हुने गरी महाप्रबन्धकको गाडीमा इन्धन दिने सम्बन्धमा आवश्यक निर्णय गर्न नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिलाई र गाडी मर्मत गर्दा म.ले.प.फा.नं.२ अनिवार्य रूपमा प्रयोगमा ल्याउने व्यवस्था मिलाउने । पुराना गाडी लिलाम बिक्री गर्ने व्यवस्था	नागरिक उड्डयन प्राधिकरणको मिति २०६६।१०।३ र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको मिति २०६६।५।७ को पत्रानुसार निर्देशन पालन भएको जानकारी प्राप्त ।

		तदारूकताका साथ मिलाउने । नागरिक उड्डयन प्राधिकरणमा ठूलो रकम मर्मत कार्यमा खर्च हुने हुँदा आफ्नै वर्कसपको व्यवस्था हुनुपर्ने देखिएकाले यसतर्फ आवश्यक पहल गर्ने । इन्धन उपलब्ध गराउँदा माग फाराम स्वीकृत भएपश्चात् मात्र दिने व्यवस्था गर्ने र इन्धनको कुपन काट्ने कर्मचारी अधिकृत तहको राख्ने व्यवस्था गरी आवधिक रूपमा हेरफेर गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयलाई लेखी पठाइएको ।	
३६.	२०६६।४।८	तत्कालीन स्वास्थ्य सेवा विभागमा कार्यरत उपसचिव कृष्णमुरारी न्यौपानेले आ.व. ०६४।०६५ मा सफ्टवेयर निर्माण, इन्धन प्रयोगमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा विभिन्न परियोजना अन्तर्गत विदेशीदाता संस्थाबाट नेपाल सरकारका अधिकारीलाई कार्यालय प्रयोजनका लागि औपचारिक अनौपचारिक तवरमा प्राप्त हुने जिन्सी खप्ने सामानहरूको अभिलेख सम्बन्धित कार्यालयको जिन्सी खातामा अनिवार्य रूपमा राख्न र यस प्रकारका जिन्सीहरूको अभिलेख संकलन गरी सो को १ प्रति विवरण आयोगमा पठाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।११।४ पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
३७.	२०६६।४।८	वीर अस्पतालले आ.व. ०६५।६६ को लागि राशन ठेक्कासम्बन्धी टेण्डर आव्हान गरे अनुसार न्यू अनिष इन्टरप्राइजेजसँग सम्झौता भएको तर ठेक्का सम्झौताको शर्त विपरीत अस्वस्थ मासु आपूर्ति गरी कर्मचारीको मिलेमतोमा लाखौं रुपैयाँ अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा हाल अस्पताल बाहिरै खसी काटी टुक्र्याउने काम मात्र अस्पतालभित्र भइरहेको भन्ने बुझिन आएको हुँदा ठेक्का बोलपत्रको शर्त नं. १२ अनुसार खसी काट्ने काम अस्पताल हाताभित्र गर्नुपर्ने प्रावधान रहेको हुँदा उक्त प्रावधान कडाइका साथ पालना गर्न अस्पतालमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।७।२४ को पत्रानुसार ठेक्का बोलपत्रको सर्त नं.१२ बमोजिम खसी काटी रासन वितरणको व्यवस्था मिलाइएको जानकारी प्राप्त ।

३८.	२०६६/५/१	नेपाल विद्युत प्राधिकरण अन्तर्गत तह- ६ मा कर्मचारी बढुवा गर्दा शैक्षिक योग्यता फरक तोकी विज्ञापन गरेको भन्ने उजुरीका सम्बन्धमा नेपाल विद्युत प्राधिकरणबाट भएको विनियमावलीको संशोधन नि.से. ऐनको प्रावधानको प्रतिकूल भएको हुँदा नेपाल विद्युत प्राधिकरण अन्तर्गतका सम्पूर्ण विधाका तह ५ बाट तह ६ मा बढुवा हुन सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तहको शैक्षिक योग्यता आवश्यक हुने गरी कर्मचारी सेवा विनियमावली, २०६२ लाई संशोधन गर्ने, भइसकेका विज्ञापनहरूको समेत सम्बन्धित विषयमा आई.ए. वा सो सरह भन्दा कम योग्यता भएको व्यक्तिलाई छैटौं तहमा पदन्नोति नगर्ने र विनियमावली संशोधनको जानकारी तीन महिनाभित्र आयोगमा दिन नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिलाई लेखी पठाइएको ।	ऊर्जा मन्त्रालयको मिति २०६६।७।२६ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
३९.	२०६६।५।१	संखुवासभा जिल्लाका तत्कालीन जि.वि.स.उप सभापति (२०५४-२०५९) हेमराज घिमिरेले चिचिला वेतवारी सामुदायिक वनका रूखहरू कटान गरी बिक्री गरी सामुदायिक वन उपभोक्ता समूहको सम्पत्ति हानी नोक्सानी गरे बापत समितिले गरेको जरिवाना रु. १,८०,०००। समितिलाई नबुझाएकोले भरी भराउ गर्ने सम्बन्धमा सिमखर्क अलैची उद्योगको नाममा दर्ता भएको जग्गामध्ये ढिछिङ ५ कि.नं. १३९३, १३९८, १३९९, १४००, १४५६ र १४६० को जग्गाहरू नेपाल सरकारको नाममा दर्ता गर्न मालपोत कार्यालय संखुवासभामा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६७।३।२ को पत्रानुसार उल्लेखित जग्गा दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम भएको जानकारी प्राप्त ।
४०.	२०६६।५।१४	परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा कार्यरत अधिकांश डाक्टरले काम नगरी तलब खाई प्राइभेट क्लिनिकमा काम गरेको भन्ने उजुरीका सम्बन्धमा नागरिक बडापत्र नराखिएको, ट्राफिक प्रहरीसँग समन्वय गरी पार्किङ व्यवस्था मिलाउन ध्यान नदिएको र एम्बुलेन्सको दुरुपयोग गरेको जस्ता प्रशासनिक कमजोरी देखिँदा उक्त कमीकमजोरीलाई सुधार गर्न परोपकार	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।९।२४ को पत्रानुसार नागरिक बडापत्रमा नपुग बुँदा थप गरी राखिएको, उचित पार्किङको व्यवस्था मिलाइएको र एम्बुलेन्स सञ्चालनको

		प्रसूति तथा स्त्रीरोग अस्पताल विकास समिति थापाथलीमा लेखी पठाइएको ।	उचित व्यवस्था गरी दुरुपयोग रोकिएको जानकारी प्राप्त ।	
४१.	२०६६।५।३०	नेपाल स्वास्थ्य व्यवसायी परिषद्का अध्यक्ष प्रा.डा.शिवकुमार राईले नियम बमोजिम परिषद् गठन नगराई विगत ३ वर्षदेखि निर्वाचन नगराई आफूखुसी निर्णय गरे भन्ने उजुरीका सम्बन्धमा बैठकबाट निर्णय गराई मनोमानी ढंगले हुने खर्च रोक्न तुरुन्त विनियम बनाएर स्वीकृत गराएर मात्र विनियमले निर्धारण गरे अनुसार खर्च गर्न नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।३।१४ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।	
४२.	२०६६।६।१८	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को वि.नं.३४१।०६०।६१ अटोमोबाइल प्रशिक्षक पदको उम्मेदवारी स्वीकृति गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा मृगेन्द्रबहादुर प्रधानको एस.एल.सी.परीक्षा उत्तीर्ण नै नगरेको एवं निजले अनुभवको रूपमा पेश गरेको प्रमाण तथा योग्यता पुगेको नदेखिएको हुँदा उल्लेखित पदमा निज मृगेन्द्रबहादुर प्रधानको नियुक्तिका सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन नियम विनियम बमोजिम ३ महिनाभित्र आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई लेखी पठाइएको ।	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को मिति २०६७१।२८ को पत्रानुसार निजलाई नोकरीबाट हटाइएको जानकारी प्राप्त ।	
४३.	२०६६।६।२७	अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बिना दरबन्दी कर्मचारी नियुक्ति (कानूनी सल्लाहकार) गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा कानूनी सल्लाहकार राख्नुको आवश्यकता पुष्टि हुन नसकेकोले केन्द्रलाई आर्थिक बोझ हुने गरी सल्लाहकार भर्ना नगर्ने र गरेकालाई पनि तुरुन्त हटाउन अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिमा लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको पत्रानुसार निजलाई अवकाश दिइएको जानकारी प्राप्त ।	
४४.	२०६६।६।२८	नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले विभिन्न पदपूर्तिका लागि गरेको विज्ञापनमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा पदपूर्ति समितिले गरेको न्यूनतम	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।९।३ को पत्रानुसार आयोगबाट	

		योग्यता निर्धारणको कार्य नियमसम्मत नभएकाले योग्यता निर्धारण गर्दा उक्त पदहरूको न्यूनतम योग्यता एवं पाठ्यक्रमको पुनः निर्धारण लोक सेवा आयोगको प्रचलित सिद्धान्त अनुसार परिषद्बाट गर्न पुस्तकालय तथा सूचना अधिकृत तथा Bio Statistican बाहेक अन्य पदहरूको सम्पूर्ण पदपूर्ति प्रक्रिया रद्द गरी न्यूनतम योग्यता पुनः निर्धारण भैसकेपछि पुनः पदपूर्ति प्रक्रिया नियमानुसार सुरु गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई लेखी पठाइएको ।	दिइएका निर्देशनहरू पालना भई आइन्दा पदपूर्ति गर्दा निर्देशनको पालना गर्ने, खुलाइएका पदका पदपूर्ति प्रक्रिया रद्द गरिएको र आवश्यक व्यवस्था मिलाई पदपूर्ति गर्ने व्यवस्था मिलाइएको जानकारी प्राप्त ।
४५.	२०६६।८।२	स्वास्थ्य मन्त्री उमाकान्त चौधरीले ९०० भन्दा बढी कर्मचारीको अनियमित रूपमा सरुवा गरेको भन्ने उजुरीका सम्बन्धमा प्रचलित कानूनले निर्देशित गरेको अख्तियारीभन्दा बाहिर गई विभिन्न तहका कर्मचारीको सरुवा मन्त्रीस्तरबाट निर्णय भएको र सरुवा गर्दा कानूनमा व्यवस्था भएबमोजिम आधार कारण खोली निश्चित कार्यविधि पालन भएको नदेखिएकोले उक्त सरुवा निर्णय कानूनसम्मत नभएबाट उक्त निर्णय बदर गर्न, सरुवा गर्दा कानून बमोजिम स्पष्टरूपमा अधिकार प्रत्यायोजन गरी अधिकार प्राप्त अधिकारीबाट सरुवा गर्ने व्यवस्था मिलाउन र निजामती कर्मचारी सरह वर्षमा एक पटक सरुवा गर्ने समेतको नीति मन्त्रिपरिषद्बाट पारित गराई उक्त नीति बमोजिम गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।११।४ पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
४६.	२०६६।०८।१९	नेपाल सरकारले उपलब्ध गराएको नेपाल बाल संगठनस्थित जग्गा लिजमा लगाएकोले कारबाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा मिति २०५८।२।८ को शुरु सम्झौता बमोजिम अर्थात २०५९/५/११ मा निकै कम दरमा सम्झौताबाट दिइएको कार्य स्वाभाविक मान्न नसकिएकोले उक्त मिति २०५९/५/११ को जग्गा भाडामा दिने सम्बन्धी सम्झौता रद्द गर्न र नेपाल बाल संगठनलाई यदि उक्त जग्गा भाडा वा लिजमा दिनु आवश्यक छ भने आयोगको	महिला तथा समाजकल्याण मन्त्रालयको मिति २०६७।२।२५ को पत्रानुसार जग्गा भाडामा दिने मिति २०५९।५।११ को सम्झौता रद्द गरी पुनः बढाबढबाट भाडामा दिइएको जानकारी प्राप्त ।

		पूर्वनिर्णय समेतलाई हेरी भाडा वा लिजमा दिने जग्गाको न्यूनतम मूल्य कायम गरी संगठन र बालबालिकाको बृहत्तर हितका लागि संगठनले पुनःभाडामा दिन नेपाल बाल संगठन केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।	
४७.	२०६६।८।१९	मालपोत कार्यालय भक्तपुरबाट कीर्ते कागजातको आधारमा कीर्ते दस्तखत गरी जग्गा बिक्री वितरण गराएको भन्ने उजुरीका सम्बन्धमा जग्गादर्ता गरिएका गोविन्द दास र निजका हकदारहरूको ठेगाना समेत २ नं.अनुसूचीमा उल्लेख भएको र जोताहा मोहीका हकदारहरूले बयानमा उल्लेख गरेका जग्गाधनीको ठेगानासँग समेत फरक परेको देखिएबाट उक्त जग्गाको दर्ता दूषित भएको देखिन आयो । तसर्थ त्यस्तो दूषित दर्ता बदर गरी यथास्थितिमा राख्न मालपोत कार्यालय भक्तपुरमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६६।१०।१२ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
४८.	२०६६।८।२	जिल्ला विकास समिति ओखलढुंगा साँघुटार रामपुर मोटरबाटो १५०० जनाले खनेको बहानामा कीर्ते सहीछाप गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा फेदिगुठ गा.वि.स.बाट रु. २,५०,०००।- रकम उपभोक्ता समितिको नाममा रही फछ्यौंट भई नसकेको अवस्थामा रा.वा.बैंक ओखलढुंगाको हि.नं. ३०१० मिति २०६६।८।१५ मा जम्मा गरेको रकम रु. २,५०,०००।- उक्त समितिको खाताबाट फेदिगुठ गा.वि.स.को खातामा जम्मा गरी सो रकम प्रचलित ऐन कानून अनुसार नयाँ इस्टिमेट तयार गरी प्रक्रिया अनुसार खर्च गर्न जिल्ला विकास समिति ओखलढुंगामा लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६७।२।१८ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
४९.	२०६६।८।२६	आ.व ०६३।६४ मा कान्तिबाल अस्पतालको प्रयोगशाला विभागको विभागीय प्रमुखले BMLT तहका Internship गर्न आएका विद्यार्थीहरूबाट जनही रु. ९,०००।- का दरले असुली गरी अनियमित कार्य गरेको भन्ने उजुरीका सम्बन्धमा Internship सम्बन्धी हाजिरी रेकर्ड बाहेक अन्य कुनै	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।२।२८ को पत्रानुसार कान्तिबाल अस्पतालले internship प्रमाणपत्र दिने विषयमा नीतिगत कार्यविधि

		कागजात तथा जारी गरिएको Internship प्रमाणपत्रको प्रतिलिपि समेत अस्पतालमा राख्ने नगरिएको तथा आ.व. ०६३।६४ मा Internship प्रमाणपत्र दिने विषयमा नीतिगत रूपमा कार्यविधि बनाएर कुनै निश्चित प्रावधानहरू नतोकिएको भन्ने कान्ति बाल अस्पतालको पत्रबाट देखिँदा Internship मा स्पष्ट कार्य जिम्मेवारी तोक्ने र भविष्यमा पुनः यस्तो अवस्था आउन नदिन आवश्यक सतर्कता अपनाउन कान्तिबाल अस्पतालका निर्देशकलाई लेखी पठाइएको ।	बनाई सुझाव निर्देशन पालना भएको जानकारी प्राप्त ।
५०.	२०६६।९।१३	मालपोत कार्यालय चाबहिलका कर्मचारी र लेखन्दासको मिलेमतोमा काठमाडौं जिल्ला बालुवा गाविस वडा नं.३ग कि.नं. ५३ को ३-४-०-० दर्ता बाँकी जग्गालाई बेरीतपूर्वक दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा मालपोत कार्यालय चाबहिलबाट मिति २०६६।५।८ मा कृत्रिम मिसिल नम्बर र मिति लेखी सानुकान्छी तामाङ, उद्धव तामाङ र मनोज कुमार लामाको नाममा दर्ता प्रमाणित भएको काठमाडौं जिल्ला बालुवा गाविस वडा नं.३ ग कि.नं. ५३ क्षेत्रफल ३-४-०-० को दर्ता बाँकी जग्गाको दर्ता कायम रहन नसक्ने भएकोले उक्त दर्ता तथा कित्ताकाट भै कायम भएका नयाँ कित्ता नं. समेतलाई बदर गरी बाँकी श्रेस्तामा राखी सोको जानकारी आयोगमा गराउन मालपोत कार्यालय चाबहिलमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६७।२।२५ को पत्रानुसार उल्लेखित जग्गा दर्ता बदर गरी यथावत कायम गरिएको जानकारी प्राप्त ।
५१.	२०६६।१०।१८	नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अध्यक्ष डा. चोपलाल भुसालले विज्ञापन नगरी बिना प्रतिस्पर्धा योग्यता नपुगेको व्यक्तिलाई सिधै नियुक्ति गरेको भन्ने उजुरीका सम्बन्धमा बिना प्रतिस्पर्धा तोकिएको भन्दा कम शैक्षिक योग्यता भएका व्यक्तिलाई विनियमावली विपरीतको अवधिका लागि विनियमावलीको विनियम १५.८ बमोजिम प्रक्रिया समेत पूरा नगरी करारमा नियुक्ति गर्नुका साथै लोक सेवा आयोगको कार्यविधि अनुरूप पदपूर्तिको प्रक्रिया पनि नअपनाई सोझै करार नियुक्ति गरेको अवस्था हुँदा सो कार्यलाई नियमसंगत मान्न नसकिएकोले उक्त २२ सेप्टेम्बर	नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को मिति २०६६।११।१९ को पत्रानुसार करार रद्द गरेको जानकारी प्राप्त ।

		२००९ मा भएको करारनामा सम्बन्धी प्रक्रियालाई रद्द गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई लेखी पठाइएको ।	
५२.	२०६६।१०।२०	स्वास्थ्य सेवा विभागले ARI Sound Timer को खरिदको लागि बोलपत्र आह्वान गरेकोमा A.S.Interprise नामक फर्म बोलपत्रमा गलत सूचना दिई अनुचित कार्य गरेको भन्ने उजुरीका सम्बन्धमा बोलपत्रदाताA.S.Enterprises ले पेश गरेको कागजातमा ARI Sound Timer को उत्पादनकर्ता Monetary International को उत्पादन स्थल कारखाना हङकङ देखाइएकोले उक्त कम्पनीको वेबसाइट जाँच गर्दा उत्पादनस्थल सेन्जेन (चीन) भनी उल्लेख भएको पाइएकोले बोलपत्रदाता (A.S. Interprises) ले पेश गरेको सम्पूर्ण कागजातको आधिकारिकता समेत यकिन गरी बोलपत्रमा उल्लेखित स्पेसिफिकेसन उत्पादनकर्ताको qualification तथा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम मात्र बोलपत्र सम्बन्धी निर्णय गरी सो को जानकारी आयोगमा पठाउन स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्था महाशाखामा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।३।१४ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
५३.	२०६६।१२।८	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले थाई सरकारबाट प्राप्त छात्रवृत्तिका लागि मिति २०६५।९।१४ गते सार्वजनिक सूचना प्रकाशित गरे पनि छनौटमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट यस प्रकारको सूचना प्रकाशित गर्दा ७ दिनको समय दिई सूचना गरेकोमा ७ दिनको समय छोटो हुने भएकोले आइन्दा पर्याप्त समय दिएर मात्र सूचना प्रकाशित गर्ने गराउने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।८।१२ को पत्रानुसार सूचना प्रकाशित गर्दा पर्याप्त समय दिने व्यवस्था मिलाइने जानकारी प्राप्त ।
५४.	२०६७।२।१२	कौशीतोषाखाना कार्यालयले भोगचलन गरी आएको जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त हुन नसकेको भन्ने उजुरीका सम्बन्धमा साविक वि.सं.२००२ साल देखि तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकारको हक स्वामित्वको जग्गा (कम्पाउण्ड वाल सहित)	मालपोत कार्यालय काठमाडौंको मिति २०६७।३।१५ को पत्रानुसार कौशीतोषाखाना कार्यालयको नाममा

		सरकारको नियन्त्रण र अटुट भोगमा रही हालसम्म नेपाल सरकारकै विभिन्न निकाय साविक गेष्ट हाउस (अतिथि सत्कार गृह) तेजारथ अड्डा हुँदै कौशीतोषाखाना कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालयको भोगचलन रहेको र २०४४।०४५ सालको नापीमा जग्गाधनी महलमा कौशीतोषाखाना जनिएको जग्गा साविक नगर १(ड.) कित्ता नं.३,४,१० हाल नयाँ नापी नक्सा नं. १०२।११४४-०३ कि.नं. १८०, नक्सा नं. १०२।११४४-०८, कि.नं.२० र ४५ कुल क्षेत्रफल ७-६-३-१ को जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराई सो को जानकारी आयोगमा दिन मालपोत कार्यालय काठमाडौंमा लेखी पठाइएको ।	जग्गा दर्ता भएको जानकारी प्राप्त ।

परिच्छेद - १३
कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीको विवरण

आयोगको भ्रष्टाचार तथा अनुचित कार्यको छानबिन तथा अनुसन्धानको क्रममा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी भएका निर्णयहरू कार्यान्वयनका लागि विभिन्न मन्त्रालय, विभाग र अन्तर्गत कार्यालय तथा निकायहरूलाई लेखिएकोमा केही निर्णयहरूको कार्यान्वयन अहिलेसम्म पनि हुन सकिरहेको देखिँदैन । अतः आ.व. २०६६।६७ सम्ममा विभिन्न कारणबाट कार्यान्वयन हुन बाँकी रहेका आयोगका निर्णयहरूको विवरण निम्न अनुसार रहेको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. कानून अधिकृत केदार मैनालीले कायमी धितोलाई कम मूल्यांकन गरी आफ्नै सालीलाई धितो सकार गर्न लगाई राष्ट्रिय वाणिज्य बैंक मैतिदेवीको धितो हिनामिना गरी अनुचित कार्य गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।५।३० को निर्णय अनुसार ऋणी धर्मानन्द अवस्थीले लिएको रकम रु.१०,००,०००। असुल उपर गर्नका लागि राखेको धितोबाट असुल उपर हुन नसकेमा धर्मानन्द अवस्थीबाट र निजबाट पनि असुल उपर हुन नसकेमा कित्ता नं. १५ को ३-११-० क्षेत्रफल जग्गाको लिलाम स्वीकृत गर्ने व्यक्तिहरू उपर कानून बमोजिम मुद्दा दायर गरी असुल उपर गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. राष्ट्रिय वाणिज्य बैंकका उपत्यकास्थित विभिन्न शाखा कार्यालयहरूबाट जगरनाथ प्रसाद सोनार सम्बद्ध काठमाडौं टुकटुक र अनिता इलेक्ट्रिकल प्रा.लि.सप्लायर्स रही टेम्पोमा कर्जा लगानी गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।८ को निर्णय अनुसार बैंकले निर्धारण गरेको अवधि आषाढ मसान्तदेखि ३ महिनाभित्र कडाइका साथ बाँकी बक्यौता असुली गरी सो को जानकारी आयोगलाई दिन राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. राष्ट्रिय बीमा संस्थानका सबै कर्मचारीहरूले आ.व. २०५१।५२ देखि नियम विपरीत पुरस्कार रकम लिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।१३ को निर्णय अनुसार राष्ट्रिय बीमा संस्थानका कर्मचारीहरूबाट रु. ८,३५,७४,७१३।५५ असुल उपर गर्न र प्रस्तुत सन्दर्भमा आवश्यक परे मन्त्रिपरिषद्को बैठक समेतमा पेश गरी निकासा भए बमोजिम आवश्यक कार्यान्वयन गरी प्रस्तुत विषयमा टुंगो लगाउन अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. राष्ट्रिय वाणिज्य बैंक खाँदवारी शाखाले कमसल धितो लिई ऋण प्रवाह गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।२२ को निर्णय अनुसार खाँदवारी शाखाको कर्जा नं. ३८/४७, ३८/४८, ३८/४९ ३८/५०, ३८/५१,

३८/५२, ३८/५३, ३८/५४, ३८/५६, र ३८/५७ अन्तर्गतको ऋण ६ महिनाभित्र असुल उपर गर्न राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. विशालबजार कम्पनीले पसल कवल भाडामा दिँदा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५। ११।२५ को निर्णय अनुसार आयोगबाट मिति २०६५।११।१५ मा विशेष अदालतमा भ्रष्टाचार मुद्दाको आरोपपत्र दर्ता गर्दा प्रतिवादी बनाइएका काठमाडौं महानगरपालिका वडा नं. २७ बस्ने रमेशमान श्रेष्ठले मिति २०६०।९।३ मा १६०० कित्ता शेयर रु. २२,४०,०००। मा खरिद गरेको देखिँदा के कुन श्रोतबाट सो शेयर खरिद गरेको हो, आयकर तिरेको छ छैन ? सो विषयमा छानबिन गर्न राजस्व अनुसन्धान विभागमा लेखी पठाइएकोमा हालसम्म छानबिन र कारबाही टुंगो लागेको जानकारी प्राप्त नभएको ।

६. नेपाल चिया विकास निगम लिमिटेडले खरिद बिक्री गर्दा करोडौं भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।४।३० को निर्णय अनुसार नेपाल चिया विकास निगमको नाममा रहेको जग्गाको क्षेत्रफल यकिन गरी जग्गा भाडासम्बन्धी सम्झौता बमोजिम जग्गाको अनुपातमा भाडा समायोजन गर्दै जान जग्गाको नापजाँचको कार्य तुरुन्त प्रारम्भ गर्न, शेयर खरिद बिक्री सम्झौतामा उल्लेख भए बमोजिम धुलाबारी स्थित निगमको परिसर र गोदाममा रहेको चियापत्ती लगायतका चल सम्पत्ति तुरुन्त लिलाम वा अन्य प्रक्रियाद्वारा बेचबिखन गरी सरकारी कोषमा रकम दाखिला गराउन, दोश्रो सम्झौता अनुरूपको प्रतिवेदन बुझाउनुपर्ने भनिएको रु. ४० लाख पनि बुझाएको नदेखिएकोले सो उपर मन्त्रालयले समयमा आवश्यक कारबाही चाल्न, नेपाल सरकारको सहमति बिना निगमको सम्पत्ति र बगानको जग्गा कुनै पनि प्रयोजनको लागि धितोमा राख्न नपाउने व्यवस्था गर्न अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. स्पाइस नेपाल प्रा.लि.(मेरो मोबाइल) ले राजस्व हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।७।२२ को निर्णय अनुसार त्रिभुवन विमानस्थल भन्सार कार्यालयका खरिदार त्रिभुवन ढकाल र खरिदार हृदयराम श्रेष्ठलाई विभागीय कारबाही गर्न अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. यातायात व्यवस्था कार्यालय एकान्तकुना समेतको मिलेमतोमा पूर्ण क्षतिग्रस्त गाडी गैरकानूनी रूपमा दर्ता गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।३।१८ को निर्णय अनुसार बा.४च ३८७१ को गाडी स्क्रयाप गरी १ महिनाभित्र आयोगलाई जानकारी गराउन बीमा समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ख) उद्योग मन्त्रालय अन्तर्गत

१. गैरकानूनी रूपमा वन पैदावारमा आधारित उद्योगहरू दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङका कर्मचारीले रकम भागबन्डा गरी खाए भन्ने

उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।६।२१ को निर्णय अनुसार वन क्षेत्रबाट वन पैदावारमा आधारित उद्योगहरू दर्ता गर्दा वातावरण संरक्षणसम्बन्धी नियमहरू पटक पटक संशोधन गर्न युक्तिसंगत नदेखिने हुँदा आगामी दिनमा नियमावलीमा यस विषयलाई समावेश गरी व्यवस्थित रूपमा लागू गर्ने तथा दाङ जिल्लाको देउखुरी क्षेत्रमा कानून विपरीत दर्ता भएका वन पैदावरमा आधारित १४ वटा उद्योगहरूको सम्बन्धमा आवश्यक व्यवस्था मिलाई आयोगमा जानकारी पठाउन उद्योग मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. विशालबजार कम्पनी लिमिटेडले पसल कवल भाडामा दिँदा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।२५ को निर्णय अनुसार विशालबजार कम्पनीको शुक्रपथस्थित भवनका ३४६ वटा पसल कवल बोलपत्र बिना आफू अनुकूलका व्यक्तिहरूलाई कम भाडादरमा बाँडफाँड गर्दै आएको र पसल कवल प्राप्त गरेका अधिकांशले अन्य व्यापारीहरूलाई बढी रकममा पुन बहालमा दिँदै आएबाट कम्पनीले प्राप्त गर्ने आम्दानी रकम व्यक्ति विशेषले प्राप्त गर्दै आएको हुँदा कम्पनीको प्रचलित विनियमावली २ महिनाभित्र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने गरी संशोधन गरी २०६६ श्रावण १ गतेदेखि अनिवार्य रूपमा बोलपत्र प्रक्रियाद्वारा पारदर्शी रूपमा भाडामा लगाउन विशालबजार कम्पनी लिमिटेड, शुक्रपथमा लेखी पठाइएको र सो को अनुगमन गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. बेल्जियम नागरिक kent B.Crane ले २०५०।५।१० मा नेपालमा वाइल्ड लाइफ डेभलपमेण्ट नामको संस्था दर्ता गराई (भीसाको प्रयोजनको लागि) अनियमित कार्य भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।४ को निर्णय अनुसार शुरुमै रु.२४,३७,४०,०००।- लगानी गर्ने भनिए पनि एक करोडभन्दा केही बढी रकम उक्त कम्पनीले लगानी गरेको देखिएकोले शर्त अनुसार आगामी ६ महिनाभित्र पूरै रकम मात्र लगानी गरी उद्देश्य अनुरूप कार्य गर्न लगाउन उद्योग विभागका महानिर्देशकलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ग) ऊर्जा मन्त्रालय अन्तर्गत

१. चिलिमे जलविद्युत कम्पनीको शेयर बाँडफाँडमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।७।१० को निर्णय अनुसार प्रचलित कानून बमोजिम सर्वसाधारणका लागि शेयर निष्कासनसम्बन्धी कार्य ३ महिनाभित्र गर्न गराउन चिलिमे जलविद्युत कम्पनी, धितोपत्र बोर्ड थापाथलीमा र उच्च दरमा विद्युत खरिद सम्झौता गरी नोक्सान व्यहोर्नुपरेको देखिएकोले नोक्सान नहुने गरी साविकको विद्युत खरिद सम्झौता (Power Purchase Agreement) मा पुनरावलोकन गरी सोको जानकारी आयोगलाई दिन सञ्चालक समिति, नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. माथिल्लो त्रिशूली-१, जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र जारी गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।७।२९ को निर्णय अनुसार नेपाल वाटर एण्ड इनर्जी डेभलपमेण्ट कम्पनी

लिमिटेडले पटक पटक पेश गरेको Work Schedule बमोजिम कार्य प्रगति नगरेको, कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी गरेको कम्पनी दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिमको जारी पुर्जी नभई प्रवर्द्धक कम्पनी स्वयं सन्देहात्मक भएको, नयाँनयाँ गते राखी समय तन्काई खोला ओगटी राख्ने मात्र मनसाय देखिँदा सो प्रा.लि.लाई मिति २०६५।४।२८ नेपाल सरकार सचिवस्तरको निर्णय अनुसार २०६५।३।२४-२०६७।३।२३ सम्म म्याद थप भएको माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षणको अनुमतिपत्र (वि.वि.वि.०६३।६४, वि.उ.स.२०६५) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख बमोजिम रद्द गर्ने र सो परियोजना सञ्चालन गर्न इच्छुक प्रवर्द्धकसँग १ महिनाभित्र प्रस्ताव आह्वान गरी आयोगमा जानकारी गराउन ऊर्जा मन्त्रालयका सचिवलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. ऐन नियमको परिधिभन्दा बढी अवधिसम्मका लागि तल्लो मोदीखोला जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षण इजाजतपत्रको म्याद थपी दिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।७।२९ को निर्णय अनुसार महानिर्देशक रञ्जन लाकौललाई विभागीय कारबाही गर्न र नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौता, टोलरेस पानी उपभोग सम्झौता लगायत विद्युत ऐन २०४९ र विद्युत नियमावली २०५० ले व्यवस्था गरेका सम्पूर्ण शर्तहरू पूरा गरी ३० दिनभित्र मनाङ ट्रेड लिंक प्रा.लि.ले आवेदन गरेमा सो प्रवर्द्धकको नाममा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्ने प्रक्रिया शुरु गर्न र सो समय सीमाभित्र उक्त ऐन नियम बमोजिमका सम्पूर्ण शर्तहरू पूरा नगरेमा नेपाल सरकारले तल्लो मोदी खोला जलविद्युत आयोजना बोलकबोल प्रथाबाट गर्न गराउन ऊर्जा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. नेपाल विद्युत प्राधिकरण भक्तपुरका प्रमुख समेतले नियम विपरीत विद्युत लाइन जडान गरिदिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।८।६ को निर्णय अनुसार कार्यालय प्रमुख राजु के.सी.लगायत उक्त कार्यमा संलग्न कर्मचारीहरूलाई विभागीय कारबाही गर्न र पुरुषोत्तम थापाबाट रु.१४,८३९।- ब्याज सहित असुल उपर गर्न नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. भोजपुर जिल्लाको सिक्देल खोला जलविद्युत पुनःनिर्माण आयोजनामा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६/९/१२ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरणका निर्देशक गोविन्द शर्माले आर्थिक अनुशासनको बर्खिलाप गरेको देखिएकोले विनियमावली बमोजिम कारबाही गर्न, उक्त जलविद्युत पुनःनिर्माण आयोजनाका लागि नेपाल विद्युत प्राधिकरणबाट निकासा भएको रु. ५७,७०,०००।- ले अपुग भई जिल्ला विकास समिति भोजपुरबाट अनुदान रु. ६ लाख, गा.वि.स.बाट अनुदान रु. २ लाख र उपभोक्ताहरूका तर्फबाट रु. ३६,८९,३७८/- उठाई जम्मा रु.९४,५९,३७८/-उपभोक्ता समितिबाट खर्च गरेको भनी बयान र कागजबाट देखिन आएको हुँदा प्राधिकरणबाट निकासा भएको अतिरिक्त उल्लेखित लगानी भएको भनिएको अन्य रकम यकिन गरी खर्च भएको रकम को कसबाट दिनु तिर्नुपर्ने हो, आवश्यक व्यवस्था गरी सो आयोजनाको मर्मतसम्भार तथा सञ्चालनको सम्पूर्ण जिम्मा

प्राधिकरणले लिई प्राधिकरणले पाउनुपर्ने लिजको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्ने व्यवस्था गर्न नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा विनियमावली विपरीत बढुवा गर्न (तह ७ मा) लागेकोले सूचना रद्द गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।८।२९ को निर्णय अनुसार विगतमा स्नातक तहको शैक्षिक योग्यता भएकाहरूबाट खुला प्रतियोगिताबाट तह ६ को पदपूर्ति गर्ने प्रावधान भएकोमा हाल स्नातकोत्तर तहको शैक्षिक योग्यता भएकाहरूबाट तह ७ मा खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने प्रावधान रहेको पाइएकोले तह ६ को लागि आवश्यक पर्ने प्रमाणपत्र तहको शैक्षिक योग्यता भएका कर्मचारी बढुवाद्वारा तह ६ सम्म मात्र जान पाउने र तह ७ वा सो भन्दा माथिल्लो पदमा बढुवा हुनका लागि न्यूनतम स्नातक तहको शैक्षिक योग्यता आवश्यक पर्ने गरी विद्यमान नेपाल विद्युत प्राधिकरण सेवा नियमावली २०६२ लाई संशोधन गर्ने र बढुवा सिफारिस समितिको मिति २०६५।५।१५ को निर्णयानुसार प्रकाशित तह ७ को बढुवासम्बन्धी सूचनालाई समेत संशोधित शैक्षिक योग्यता लागू गरी पुन बढुवाको सूचना प्रकाशित गर्न नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. मध्यमर्स्याङ्दी जलविद्युत परियोजनाको निर्माणका ठेकेदार DDC JV परामर्श दाता फिस्नर जे.भी. तथा विद्युत प्राधिकरणका कर्मचारीको मिलेमतोमा व्यापक अनियमितता हुने गरेको र यथार्थ खर्चभन्दा बढी मागदाबी रहेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६६/८/१५ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरणको सञ्चालक समिति समयमा गठन हुन नसकी समयमा बैठक बस्न नसकेको भन्ने कुराहरू अनुसन्धानको क्रममा देखिन आएको हुँदा सञ्चालक समितिको अध्यक्ष सामान्यत जलस्रोत मन्त्री रहने वा प्रधानमन्त्रीले तोकेको मन्त्रीले अध्यक्षता गर्ने व्यवस्थाको सट्टा जलश्रोतको क्षेत्रमा काम गरी अनुभव प्राप्त गरेको विज्ञ एवं इमान्दार व्यक्तिलाई अध्यक्ष एवं सदस्यको रूपमा राख्ने व्यवस्था गर्न सके विकास निर्माणको कार्यमा राजनैतिक हस्तक्षेप नहुने र यसबाट अनावश्यक ढिलाइ एवं अन्य विकृतिको निराकरण हुने हुँदा यसतर्फ आगामी दिनमा ध्यान पुऱ्याउन, मध्यमर्स्याङ्दी जलविद्युत परियोजना जस्ता Megha-Project निर्माणका लागि Consultant छानिँदा आर्थिक र प्राविधिक दुबै प्रस्तावको मूल्यांकनबाट योग्य देखिएकोले छनौट गरिनु उपयुक्त हुने हुँदा जुनसुकै दातृसंस्था वा सरकारको सहायतामा परियोजना निर्माण हुने भए पनि अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको खरिद व्यवस्था भई परियोजना सञ्चालन गर्नुपर्ने तथा विशेषज्ञ खटाउँदा (Pannel of Expert/Consulting Engineer) राष्ट्रिय योग्य जनशक्तिलाई समावेश गर्ने व्यवस्था गर्न, यस प्रकारका परियोजनाहरूको निर्माण गर्नुपूर्व Detail Design, Cost Estimate, Work Schedule र Site Supervision गरेमा पछि केही मात्रामा Design परिवर्तन भए पनि अस्वाभाविक रूपमा Design परिवर्तन हुँदा लागतमा समेत असर पर्ने हुन्छ, तसर्थ Detail Design, Cost Estimate, Work Schedule र Site Supervision गरेपछि मात्र ठेक्का सम्झौता गर्ने व्यवस्था मिलाउन, मध्यमर्स्याङ्दी जलविद्युत परियोजनाको निर्माण सम्झौता Fidic base रहेको देखिन्छ । Fidic Base Contract मा Engineer को निर्णय प्रायः अन्तिम हुने हुँदा नियोक्ताले जोखिमको भार उठाउनुपर्ने र अर्को पक्षलाई फाइदा हुने हुँदा हाम्रो देशको परिप्रेक्ष्यलाई विचार गरी Fixed price contract (Turn-key)

पद्धति अवलम्बन गर्नु नै उपयुक्त हुने हुँदा आगामी दिनहरूमा सम्झौताको स्वरूपमा परिवर्तन गर्नेतर्फ विचार गर्न उजुरी मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(घ) कानून तथा न्याय मन्त्रालय अन्तर्गत

सार्वजनिक पद धारण गरेको व्यक्ति राष्ट्रसेवक बाहेक अन्य व्यक्तिले नेपालको शैक्षिक संस्थाको नामबाट नक्कली शैक्षिक प्रमाणपत्रको प्रयोग वा कारोवार गरेको तथ्य सम्बन्धित शैक्षिक संस्थामा प्रमाणीकरण गर्ने क्रममा खुल्न जाने गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।१८ को निर्णय अनुसार कानून बमोजिम स्थापित विश्वविद्यालय र शिक्षण संस्थाहरूबाट जारी हुने शैक्षिक योग्यताका प्रमाणपत्र वा सोसँग सम्बन्धित कुनै पनि कागजातहरू किर्ते गरेको मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को अनुसूची १ मा समावेश गर्ने प्रबन्ध मिलाउन कानून तथा न्याय मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ङ) गृह मन्त्रालय अन्तर्गत

१. मंगलचन्द्र संखुलिया (शर्मा) भन्ने भारतीय नागरिकले जिल्ला प्रशासन कार्यालय भद्रपुर झापाबाट नेपाली नागरिकता लिए भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।४।३० को निर्णय अनुसार यस विषयमा गृह मन्त्रालयबाटै आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. काठमाडौँ महानगरपालिका वडा नं. ३ रानीबारीस्थित सामाखुसी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गाधनीहरूले अतिक्रमण गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।४ को निर्णय अनुसार काठमाडौं महानगरपालिका वडा नं. ३ स्थित सिट नं. १०२-१८५-२२ को सार्वजनिक जग्गा र कित्ता नं. ८४, १६५, १५२, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, समेतले केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुँदा उल्लिखित कित्ता नं. जग्गाका धनीहरूले आफ्नो कित्तामा घुसाई अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरूद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं. बाट झिकी सार्वजनिकीकरण गरी सो को जानकारी ३ महिनाभित्र आयोगलाई दिन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. काठमाडौं महानगरपालिका वडा नं. ३४ भीमसेनगोला कात्यायनी मन्दिर आसपासको १०, १२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।८ को निर्णय अनुसार आयोगको निर्णयमा उल्लिखित कित्ता नं. हरूले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं.बाट झिकी प्राविधिकहरूद्वारा यकिन गरी गराई ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. काठमाडौं जिल्ला धापासी गा.वि.स.४ क कित्ता नं.११०, ११५ समेतको सार्वजनिक जग्गा मिची अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१। १५ को निर्णय अनुसार काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं.४ ग कित्ता नं.११०, ११५, ११६ र १२१ बीचमा रहेको राजकुलो नक्सा एवं श्रेस्तामा रहेको भए तापनि फिल्डमा व्यक्तिहरूले मिचेको भन्ने विषयमा नापी शाखाबाट निरीक्षण गराउँदा प्राप्त प्रतिवेदनबाट सार्वजनिक जग्गा राजकुलोको संरक्षण हुन नसकेको देखिएकोले उक्त राजकुलोको सार्वजनिक जग्गा संरक्षण गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. स्याङ्जा चिन्नेबास मल्याङ कोटसेखाम गा.वि.स.वडा नं.३ ग्रामीण विद्युतीकरण आयोजनामा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।८।९ को निर्णय अनुसार यस सम्बन्धमा छानबिन गरी किनारा लगाई आयोगमा जानकारी गराउन क्षेत्रीय प्रशासन कार्यालय पोखरामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. भारतीय नागरिक भगवन्त शर्माले तौलिहवाबाट कीर्ते नागरिकता र पछि भैरहवाबाट पासपोर्ट बनाएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार भगवन्त शर्माको नेपाली नागरिकता र राहदानी अवैध तथा कीर्ते के हो छानबिन गरी आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिन र यस्ता संवेदनशील विषयहरू संलग्न प्रमाण कागजातहरू सुरक्षित र व्यवस्थित अवस्थामा सम्बन्धित निकायले राख्नुपर्नेमा सो भएको अवस्था नदेखिएकोले यसबाट भविष्यमा मुद्दाको अनुसन्धान कार्यमा जटिलता आउने भएकाले अब उप्रान्त अभिलेख प्रमाणका कागजहरू अख्तियार प्राप्त अधिकारीले खोजेको बखत उपलब्ध गराउन सक्ने गरी सुरक्षित साथ राख्ने व्यवस्था गर्न गराउन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. वि.सं.२०२१ सर्भे नापीको समयमा काठमाडौं जिल्ला नगर वडा नं. २३ (ढ) कित्ता नं.२९ को धोबीखोला जनिएको जग्गा व्यक्तिको नाउँमा दर्ता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१२।२९ को निर्णय अनुसार काठमाडौं जिल्ला नगर वडा नं.२३ (ढ) कित्ता नं.२९ क्षेत्रफल १४-१२-२-० को जग्गा वि.सं. २०२१ सालको सर्भे नापीमा धोबीखोला जनिएको उक्त कित्ताबाट कित्ताकाट भई कित्ता नं. १२९ क्षेत्रफल ०-४-०-० रिना मास्केको नाममा र कित्ता नं. १३० क्षेत्रफल १-११-३-० ध्रुवनारायण चित्रकारको नाममा दर्ता भएको देखिएको र आयोगबाट खटाइएका सर्वेक्षकले फिल्ड निरीक्षण गर्दा उक्त दुवै कित्ताहरूमा नमोबुद्ध गुरुङ सेवा समितिबाट पर्खाल लगाई अनधिकृत रूपमा प्रयोग भएको देखियो । उल्लिखित जग्गा रिना मास्के र ध्रुवनारायण चित्रकारको नाममा दर्ता भई भोगचलन गरेको अवस्था पनि नदेखिएकाले साविकदेखि नै सरकारी जग्गा रहेको अवस्थामा निजहरूको नाममा हाल साविक समेत भएको देखिँदा उल्लिखित कित्ताका जग्गाहरू मालपोत ऐन २०३३ को दफा २४(२) बमोजिम मालपोत कार्यालय डिल्लीबजारले बदर गरी नेपाल सरकारको नाममा दर्ता गरी जग्गाधनी प्रमाणपुर्जा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पठाउन र जिल्ला

प्रशासन कार्यालय काठमाडौंले उक्त जग्गाको संरक्षण गर्न गराउन जिल्ला प्रशासन कार्यालय काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(च) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. नेपाल वायुसेवा निगमले गर्ने गराउने कामका बारेमा भएको सहमति गर्ने बारेको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६०।१०।२६ को निर्णय अनुसार विभिन्न ४ बुँदाको कार्यान्वयन सम्बन्धमा कार्यनीति तयार गरी आयोगमा २०६०।११।१ सम्ममा महाप्रबन्धक नेपाल वायुसेवा निगमलाई पेश गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवनमा रहेका पसलको बक्यौता भाडा असुल उपर गर्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२/८/६ को निर्णय अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको मिति २०६२/७/१४ को पत्रमा उल्लिखित प्रतिबद्धता ३ महिनाभित्र सम्पन्न गरी आयोगलाई जानकारी दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. त्रिभुवन विमानस्थल नागरिक उड्डयन कार्यालयको स्टोरमा रहेका सामानहरूमा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।१०।९ को निर्णय अनुसार उल्लिखित त्रुटिहरूका सम्बन्धमा खरिद गरिएका र विभिन्न परियोजनाहरूबाट हस्तान्तरण गरिएका जिन्सी सामानहरूको नियमानुसार निरीक्षण गरी निरीक्षण प्रतिवेदन तयार पार्न र सो प्रतिवेदन तयार पार्दा परियोजनाहरूबाट खरिद गरिएका सामानहरूको साविक र हालको लगत भिडाई सामान नपुग भए सामान बुझ्ने बुझाउने उत्तरदायी व्यक्ति समेत पहिचान गरी विवरण तयार गर्न, मासिने नासिने सामानहरू र खर्च नहुने सामानहरूको लगत लिई मिन्हा गरी मिन्हा नहुने सामानहरू को कसका जिम्मामा छन् पत्ता लगाई सामानहरूको सोधभर्ना गराउन, नभए कुन कर्मचारी उपर कानूनी कारबाही हुनुपर्ने हो विवरण पेश गर्न, कार्यालयका कर्मचारीहरूको कार्य विवरण लागू गरी उत्तरदायित्व र जिम्मेवारी तोक्न, कार्यालय प्रमुख त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा विभिन्न किसिमका व्यवस्थापन लगायत अन्य अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।१७ को निर्णय अनुसार विमानस्थलमा हाल सञ्चालनमा रहेका ट्याक्सीहरू धेरै पुराना एवं जीर्ण भएकाले यात्रुको सुविधालाई मध्यनजर राखी निजी क्षेत्र समेतसँग छलफल गरी सुविधासम्पन्न ट्याक्सी सञ्चालन गर्नका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पहल गराउने, विमानस्थलमा Departure र Arrival का यात्रु एकै ठाउँमा आउने हालको अवस्था सुरक्षा र व्यवस्थापनका दृष्टिकोणबाट उपयुक्त नहुँदा सो अवस्थाको अन्त्य गरी बेग्लाबेग्लै गर्ने कामको थालनी गर्न, हाल विमानस्थलमा रहेको ट्रलीको अभाव र समस्या समाधान गर्न तत्कालै एक हजार थानसम्म ट्रलीको व्यवस्था गर्न अध्यागमन कार्यालय लगायतका उक्त विमानस्थल परिसरमा कार्यरत कर्मचारी र

यात्रुहरूको पहिचान तथा सुरक्षाको दृष्टिकोणबाट सम्पूर्ण कर्मचारीहरूको Name Tag तथा युनिफर्मको व्यवस्था आवश्यक हुन्छ तर कतिपय कार्यालयमा तद्नुरूपको व्यवस्था नगरिएको र कतिपय कार्यालयहरूमा यसभन्दा अगाडि नै युनिफर्म तोकिसकेको भए पनि कर्मचारीहरूबाट तोकिए बमोजिमको युनिफर्म लगाएको नपाइएकोले यात्रु र कर्मचारीसमेत छुट्टयाउन कठिनाइ परी सुरक्षामा समेत असर पर्नसक्ने भएकोले Name Tag तथा युनिफर्मको व्यवस्था कडाइका साथ लागू गर्न, विमानस्थलमा रहेको फोहोरले सार्वजनिक स्वास्थ्य, सुविधा र सुन्दरतामा प्रतिकूल असर पर्ने हुँदा शौचालय लगायत विमानस्थल भवन तथा परिसरमा सरसफाइको समुचित व्यवस्था गर्न, VIP Lounge को सरसफाइमा ध्यान दिन, विभिन्न सरकारी तथा गैरसरकारी व्यक्ति एवं सर्वसाधारणहरूलाई विमानस्थल प्रवेशको लागि प्रयोग गरिएका पासहरू वितरण गर्दा सुरक्षा गर्ने निकाय र पास वितरण गर्ने निकाय फरकफरक रहेका कारण सुरक्षाको दृष्टिकोणबाट पासको दुरुपयोग भई सुरक्षा व्यवस्थामा असर पर्नसक्ने अवस्था देखिँदा विमानस्थल कार्यालयबाट वितरण गरिने हालको उक्त व्यवस्थालाई परिमार्जन गरी सुरक्षा निकायसमेतलाई पास वितरण प्रक्रियामा संलग्न गराउन, हाल व्यवस्था गरिएको खानेपानी अप्रयाप्त भएको देखिएको हुँदा सो को पर्याप्त र प्रभावकारी ढंगले व्यवस्था गर्न, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र जडान गरिएका एयरकण्डिसनर विगत डेढ वर्षदेखि मर्मत सम्भारको अभावमा सञ्चालनमा नरहेको भन्ने बुझिन आएकोले शीघ्र मर्मतसम्भार गरी सञ्चालनमा ल्याउन, ब्यागेज होल्ड एरियामा ढोकाहरूको लक बिग्रिएका कारण मानिसहरू रन-वेसम्म सजिलै पुग्न सक्ने र यसबाट अनपेक्षित समस्याको सृजना हुन सक्ने हुँदा तत्सम्बन्धमा आवश्यक मर्मतसम्भार गर्न, एप्रोनमा एयरलाइन्सका कर्मचारीहरूले ल्फोरेन्स ज्याकेट (टल्कने) लगाउनुपर्ने व्यवस्था पूर्णरूपमा पालना नभई कोही कोहीले मात्र लगाउने गरेकोले यसलाई अनिवार्य गर्न, विमानस्थलमा कार्यरत लोडरहरूले बिना खल्तीको युनिफर्म लगाउनुपर्ने अन्तर्राष्ट्रिय मान्यतालाई त्रिभुवन विमानस्थलमा तुरुन्त लागू गर्न, प्रस्थानतर्फ सुरक्षाका विभिन्न निकायहरूले स्क्रिनमा ड्युटी गर्ने तर आगमनतर्फ भन्सारले मात्र हेर्ने हुँदा विभिन्न प्रकारका विस्फोटक पदार्थ एवं लागू औषधहरू समेतको पहिचान गर्न नसक्ने भई राष्ट्रिय सुरक्षामा समेत गम्भीर समस्या आउन सक्ने हुँदा स्थितिको पहिचान गरी आवश्यकता अनुसार आगमनतर्फ समेत सुरक्षा निकायको उपस्थितिमा लगेज चेक गर्ने व्यवस्था लगायत सुरक्षाको पूर्ण प्रत्याभूतिका लागि आवश्यक प्रबन्ध गर्न र प्रस्थानतर्फ समेत भन्सारलाई सहभागी गराउने, सम्भव भएसम्म सबै क्षेत्रमा सामान्य अंग्रेजी भाषा बोलचाल गर्न सक्ने कर्मचारीहरू खटाउन, सुरक्षामा खटिने प्रहरी कर्मचारीहरूको संख्याको आधारमा आवासको पर्याप्त व्यवस्था गर्न, पास उपलब्ध गराउँदा चाहिने क्षेत्रको भन्दा बढी क्षेत्रको पास उपलब्ध गराउने कार्य नियन्त्रण गर्न, अति विशिष्ट व्यक्तिहरूको सुरक्षाको संवेदनशीलता समेतलाई हृदयंगम गरी त्यस्ता व्यक्तिको आवागमनका समयमा विशिष्ट कक्षमा हुने अनधिकृत व्यक्तिहरूको अनावश्यक घुइँचोलाई नियन्त्रण गर्न, विभिन्न स्थानमा निगरानीको लागि ३२ स्थानमा सि.सि.टि.भि. जडान गरिएकोमा हाल १३ वटामात्र सञ्चालनमा रहेको कारण सुरक्षा निगरानीमा कठिनाइ भएको पाइएकोले यथाशीघ्र सम्पूर्ण सि.सि.टि.भि.सञ्चालनमा ल्याउन र सुरक्षा निकायसँग समेत समन्वय गरी आवश्यक स्थानहरूमा थप सि.सि.टि.भि. जडान गर्न, टर्मिनल भवनको बाहिर र भित्र रहेका विभिन्न पसल कवलहरूले आफूलाई तोकिएको स्थानभन्दा बढी ठाउँ ओगटी सामानहरू व्यवस्थित गर्न कडाइका साथ रोक लगाउन, घर वा जग्गाको बहालबाट प्राप्त हुने रकम नेपाल नागरिक उड्डयन प्राधिकरणका

लागि आय आर्जनको महत्वपूर्ण स्रोत रहेको भए तापनि त्यस्तो भाडामा लगाउने प्रक्रियालाई कानूनसम्मत, स्वच्छ र पारदर्शी बनाई कार्यालयको आय आम्दानी अधिकतम वृद्धि गर्न आवश्यक देखिँदा यस दिशामा नेपाल नागरिक उड्डयन प्राधिकरणले समुचित ध्यान पुऱ्याउन, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र अवस्थित कार्यालयहरूबीच समन्वयको अभाव देखिँदा प्रभावकारी रूपमा समन्वय कायम गर्न, विमानस्थलमा हाल विद्यमान रहेका समस्या, अव्यवस्था एवम् कमीकमजोरीहरूको निराकरणका लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तुरुन्त लागू गरी आयोगलाई जानकारी दिन, वैदेशिक रोजगारमा जाने व्यक्तिले टिकट लिँदाको अवस्थामा नै श्रम स्टिकर लगाए नलगाएको हेरी स्टिकर लगाएको अवस्थामा मात्र हवाई टिकट दिने व्यवस्था मिलाउनेतर्फ प्रक्रिया अघि बढाउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई र विभिन्न सरकारी तथा गैरसरकारी व्यक्ति एवं सर्वसाधारणहरूलाई विमानस्थल प्रवेशका लागि प्रयोग गरिएका पासहरू वितरण गर्दा सुरक्षा गर्ने निकाय र पास वितरण गर्ने निकाय फरकफरक रहेका कारण सुरक्षाको दृष्टिकोणबाट पासको दुरुपयोग भई सुरक्षा व्यवस्थामा असर पर्नसक्ने अवस्था देखिँदा विमानस्थल कार्यालयबाट वितरण गरिने हालको उक्त व्यवस्थालाई परिमार्जन गरी सुरक्षा निकायसमेतलाई पास वितरण प्रक्रियामा संलग्न गराउन, सर्वसाधारणका लागि व्यवस्था गरिएको प्रस्थान, आगमन र विशिष्ट व्यक्तिहरूका लागि पार्किङस्थल एकै स्थानमा रहेकाले सुरक्षा कार्यान्वयनमा समेत असर पर्नसक्ने भएकाले अलग अलग व्यवस्था गर्न, रन-वे वरिपरि रहेका सुरक्षा पोष्टहरूमा खटिने कर्मचारीहरूका लागि खानेपानी एवं शौचालयको व्यवस्था गर्न, पास उपलब्ध गराउँदा चाहिने क्षेत्रको भन्दा बढी क्षेत्रको पास उपलब्ध गराउने कार्य नियन्त्रण गर्न, TIA ले उपलब्ध गराएको सञ्चार सेवालाई आवश्यकता अनुसार वृद्धि गर्न र विमानस्थलभित्रको अव्यवस्था एवम् कमीकमजोरीहरूको निराकरणको लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तुरुन्त लागू गरी आयोगलाई जानकारी दिन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचर, काठमाडौंका प्रमुखलाई निर्देशन लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. कर्मचारी र एजेन्सी मिली विभिन्न प्रकारको जालसाजी फायल खडा गरी हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१।६ को निर्णय अनुसार हिमालयन ल्याण्ड ट्रावेल एजेन्सीबाट उठाउन बाँकी रकम र दुबईबाट फर्काएका यात्रुहरूको विषयमा छानबिन गरी रकम उठाउन तथा संलग्न कर्मचारीलाई सिफारिस अनुसार नसिहत दिन नेपाल वायुसेवा निगमलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(छ) पररा‍ष्ट्र मन्त्रालय अन्तर्गत

१. अविलम्ब शुल्कको रूपमा रकम संकलन गरी दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।१७ को निर्णय अनुसार पारदर्शिता, निष्पक्षता, तटस्थता र कूटनैतिक मर्यादा लगायत अन्य आवश्यकीय विषयमा केन्द्रित रही सबै राजदूतहरू तथा नियोगमा कार्यरत पदाधिकारीहरूका लागि आवश्यक आचारसंहिता तयार गरी लागू गर्न पररा‍ष्ट्र मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ज) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत

१. मकालु वरुण राष्ट्रिय निकुन्ज संखुवासभाको मध्यवर्ती क्षेत्रको कार्ययोजना काल्पनिक रूपमा तयार गरी गैरसरकारी संस्थाबाट रकम लिई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।१२।९ को निर्णय अनुसार कतिपय मन्त्रालय, विभाग तथा कार्यालयहरूले विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायत अन्य अन्तर्राष्ट्रिय संस्थाहरूबाट आर्थिक सहयोग रकम स्वीकार गर्दा भैरहेको कानूनको परिपालन नगरी सोझै सहयोग रकम लिने र आफ्नै खातामा राखी आफूखुसी खर्च गर्ने गरेको अनुसन्धानबाट देखिएकाले यसरी सहयोग स्वीकार गर्दा कानूनी प्रक्रिया अवलम्बन गरी लिने परीपाटी बसाल्न मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. उच्चस्तरीय रायमाझी जाँचबुझ आयोग २०६३ को प्रतिवेदनबाट राष्ट्रिय ढुकुटी एवं शक्ति र पदको दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।३० को निर्णय अनुसार तत्कालीन सूचना तथा सञ्चार मन्त्री टंक ढकालबाट रु. ७,०८,५००।- असुल उपर गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. विदेशी सहयोगमा सञ्चालित अधिकांश गैरसरकारी संस्थाहरूमा अनियमितता तथा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।१०। १२ को निर्णयानुसार गैरसरकारी संस्थाहरूबाट सार्वजनिक सरोकारका विषयमा प्रभाव पर्ने गरी कार्य हुने गरेको पृष्ठभूमिमा तिनीहरूभित्र हुने अनुचित कार्य र भ्रष्टाचार नियन्त्रण गर्न सक्ने गरी कानूनी व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(झ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

१. खोटाङ जिल्ला खार्मी गा.वि.स. मा पर्ने सामुदायिक वन अवैध रूपमा कटान गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२/७/२४ को निर्णय अनुसार खिसापत्रे सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीबाट बराबरीका हिसाबले हिनामिना भएको रु. २,०९,२८०।- असुल उपर गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत शाही शुक्लाफाँट वन्यजन्तु आरक्ष क्षेत्रभित्र व्यवसाय सञ्चालन गरे बापत एक ठेकेदारसँग रु. ३,९९,०००। तीन किस्तामा बुझाउने गरी सम्झौता भएकोमा पहिलो किस्ता बुझाएको र दुई किस्ता बापतको रु. २,६६,०००।- र वार्षिक २० प्रतिशतले हुने जरिवाना समेत रु. ३,१९,०००। असुल हुनुपर्ने भन्ने महालेखा परीक्षकको विभागको वार्षिक प्रतिवेदन २०६१ अनुसार असुली नभएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२/११/२२ को निर्णय अनुसार शाही शुक्लाफाँट आरक्ष अन्तर्गत पर्यटन व्यवसाय सञ्चालन गर्ने साइलेन्ट सफारी प्रा.लि. का प्रो. हिक्मतबहादुर विष्टबाट असुल उपर गर्नुपर्ने आ.व.

२०५९/६० सम्मको जम्मा रु. ७,८०,०४१।८५ सरकारी बाँकी सरह असुल उपर गर्न केन्द्रीय तहसिल कार्यालयमा २०६२/१०/१९ मा शाही शुक्लाफाँट वन्यजन्तु आरक्षले लेखी पठाएकोमा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्ने कार्य बाँकी रहेकोले उक्त प्रा.लि.बाट असुल उपर गर्नुपर्ने रकम प्रचलित कानून बमोजिम लगत कस्न लगाउने कार्य सम्पन्न गरी उक्त प्रा.लि. ले करारनामाको उल्लंघन गरेकोमा सम्झौता बमोजिम गर्नुपर्ने कार्यान्वयनसमेत ३ महिनाभित्र टुंगो लगाई आयोगमा जानकारी गराउन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. तातोपानी नाकाबाट भन्सार कर्मचारीको मिलेमतोमा जडिबुटी तस्करी गरी राजस्व छलेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२१ को निर्णय अनुसार रक्तचन्दन पक्रिएको/भेटिएको केसमा सबैलाई एकै प्रकारको कारबाही हुनुपर्दछ । रक्तचन्दन तस्करी गर्दा जुन जुन केसमा जो जो संलग्न छन् ती सबैलाई त्यहाँबाट कारबाही गरी आयोगलाई जानकारी दिन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. बाँके जिल्लाको बैजापुरमा वन कार्यालयको कर्मचारी समेतको मिलिमतोमा करिब ४० करोड मूल्य बराबरका साल सिसौं खयर आदि रूखहरू काटी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।११ को निर्णय अनुसार वन ऐन २०४९ र वन नियमावली २०५१ विपरीत गई संकलन भएको उल्लिखित वन पैदावरहरू प्रतिदिन सडीगली जाने विद्यमान अवस्था रहेकाले वन विभागको माग बमोजिम प्रचलित वन ऐन नियम बमोजिम लिलाम बिक्री वितरण गरी सोबाट प्राप्त रकम धरौटी खातामा राखी आयोगलाई जानकारी दिन महानिर्देशक वन विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. वाणगंगा सिंचाइ आयोजना समेतमा अनधिकृत ठेक्कापट्टा गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।६ को निर्णय अनुसार जगदिशपुर जलाशय सीमसार क्षेत्रको व्यवस्थापन र संरक्षण कार्य कुनै पनि निकायबाट भए गरेको नदेखिएकाले उक्त क्षेत्रको व्यवस्थापन र संरक्षण एवं प्रवर्द्धन कार्य गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. चितवन राष्ट्रिय निकुन्जका कर्मचारीहरूले एकसिङ्गे गैंडाको खाग बिक्री गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।२५ को निर्णय अनुसार कायम मुकायम संरक्षण अधिकृत (हाल सहायक वातावरण अधिकृत) कमलगंज कुँवर र सहायक संरक्षण अधिकृत अणनाथ बराल समेतलाई विभागीय कारबाही गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. बर्दिया राष्ट्रिय निकुन्ज क्षेत्रमा दर्ता नभई सामुदायिक स्वास्थ्य सेवा सञ्चालन गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।१८ को निर्णयानुसार निकुन्ज सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा

लेखासम्बन्धी कर्मचारीको व्यवस्था गर्न र निकुन्ज सामुदायिक स्वास्थ्य सेवा केन्द्र ठाकुरद्वारा बर्दियालाई कानून बमोजिम दर्ता गर्न राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. जिल्ला कपिलवस्तु धनकौलीस्थित सरस्वती सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूले मनोमानी किसिमबाट रूख कटान गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।२।२६ को निर्णय अनुसार बढी परिमाणमा संकलित सालको काठमध्ये सार्वजनिक विद्यालय मदरसालाई वितरित काठका सम्बन्धमा उक्त वन (सरस्वती सामुदायिक वन) उपभोक्ता समितिबाट आगामी वर्षमा संकलन सहमति माग भएका बखत उक्त परिमाण समायोजन गर्न लगाउन, घाटगद्दीमा मौज्दात रहेको १२९.३३ क्युबिक फिट काठ वन ऐन नियममा भएको व्यवस्था अनुसार जिल्ला वन कार्यालय कपिलवस्तुले जफत गरी कानून बमोजिम लिलामको व्यवस्था गर्न, जिल्ला वन कार्यालयबाट स्वीकृत संकलन सहमतिभन्दा बढी परिमाणमा संकलन गरी लिलाम कागजातको आधारमा लिलाम गरेको देखिएकोले १६२.२२ क्युबिक फिट काठ बराबरको राजस्व रकम उक्त सामुदायिक वन उपभोक्ता समितिबाट नेपाल सरकारको राजस्व खातामा दाखिला गर्न र हाल भैरहेको सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनमा भएको व्यवस्थाको अतिरिक्त सामुदायिक वनको वन पैदावार संकलन तथा वितरण प्रणालीलाई प्रभावकारी, विश्वसनीय एवं पारदर्शी बनाई विद्यमान विसंगतिलाई हटाउन हाल राष्ट्रिय वनको हकमा लागू भैरहेको प्रकृतिको सामुदायिक वनको वन पैदावार संकलन वितरण निर्देशिका तयार गरी लागू गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. संखुवासभा जिल्लाका तत्कालीन जिल्ला विकास समितिका उपसभापति हेमराज घिमिरेले चिचिला वेतवारी सामुदायिक वनका रूखहरू कटान गरी बिक्री गरी सामुदायिक वन उपभोक्ता समूहको सम्पत्ति हानी नोक्सानी गरे बापत समितिले गरेको जरिवाना रु. १,८०,०००।- समितिलाई नबुझाएकोले भरिभराउ गर्ने भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।१ को निर्णय अनुसार सामुदायिक वन उपभोक्ता समितिले गरेको जरिवाना रकमलाई वन ऐन, २०४९ तथा वन नियमावली, २०५० बमोजिम आवश्यक कारबाही गरी ब्याज सहित असुल गर्न जिल्ला वन कार्यालय संखुवासभामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. क्षेत्रीय वन निर्देशनालय पोखराका नायब सुब्बा किरण प्रसाद कोइरालाले मिति २०५७।९।१ देखि २०५८ मंसिर मसान्तसम्म असाधारण बिदा माग गरी अनुपस्थित रहेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।८।३ को निर्णय अनुसार नायब सुब्बा किरण प्रसाद कोइरालाको मिति २०५७।९।१ देखी २०५८ मंसिर मसान्तसम्मको असाधारण बिदा स्वीकृत गरी गराई निजामती किताबखानामा अभिलेख राख्न पठाउन र बिदा स्वीकृति अस्वीकृतिसम्बन्धी कार्य निजामती सेवा नियमावली २०५० को नियम ६४(१) अनुसार समयमै गर्नुपर्नेमा सो गरेको नपाइएकोले यस्तो गल्ती पुनः दोहोरिन नदिनेतर्फ सतर्कता अपनाउन भू तथा जलाधार संरक्षण विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. राष्ट्रिय प्रकृति संरक्षण कोषमा करोडौंको आर्थिक हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।१७ को निर्णय अनुसार गैंडा वाइल्ड लाइफ क्याम्पबाट रु. ४९,९७,२४६।४५ असुल उपर गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. बारा जिल्लाको रतनपुरी रेञ्जपोष्ट अन्तर्गत वन क्षेत्रबाट खयरको काठ चोरी निकासी भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।९ को निर्णय अनुसार स्थानीय जनजागृति माध्यमिक विद्यालयको प्राङ्गणमा घाटगद्दी गरी राखिएको १७५ थान अर्थात ५.४५।४९ क्यु.फिट खयरको काठ जिल्ला वन कार्यालय बाराले जिम्मा लिई ३ महिनाभित्र व्यवस्थापन गरी आयोगलाई जानकारी गराउन र उक्त खयर चोरी निकासी भएको समयमा कार्यरत कर्मचारीउपर ३ महिनाभित्र विभागीय कारबाही गर्न सचिव वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ञ) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. साल्ट ट्रेडिङ कर्पोरेसनका प्रबन्धक ब्रजेशकुमार झाले कालीमाटीस्थित तरकारी तथा फलफूल व्यापार केन्द्रको प्रबन्धक भै काम गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।११।२६ को निर्णय अनुसार कुनै कारोबार गर्दा गराउँदा प्रचलित नियम कानूनको अधीनमा रही नोक्सानी घटाई नाफा बढाउनेतर्फ आवश्यक नीति एवं संयन्त्र निर्माण गरी व्यवस्थित गर्नुपर्नेमा सो भएको नपाइएकोले त्यस्तो संयन्त्रको निर्माण नै नभै तरकारी केन्द्र खोली लगानी गरी बन्दसमेत गरेको देखिएको तथा कर्पोरेसनबाट गरिने उधारो कारोबारमा समेत कुनै निश्चित नीति बनाई अवलम्बन गरेको नदेखिएकोले अब सोही किसिमको काम गर्दा सो बारेमा यथेष्ट अध्ययन गरी आवश्यक संयन्त्र तथा नीतिको व्यवस्था मिलाई कार्य गर्न गराउन एवं हाल बन्द तरकारी तथा फलफूल आयात निर्यात तथा खरिद केन्द्रबाट गएका उधारो रकमहरूका सम्बन्धमा कडाइका साथ असुल उपर गराई आयोगलाई जानकारी दिन साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा हिनामिना गरी गैरकानूनी फाइदा लिने गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१ को निर्णय अनुसार नेपाल सरकारले विशालबजार कम्पनीलाई दिएको जग्गा बापत मूल्यांकन भएको रु.३९ करोड ६० लाख बराबरको रकमलाई नेपाल सरकारको शेयरको रूपमा परिणत गर्न आवश्यक कारबाही गरी आयोगलाई जानकारी गराउन वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. विशालबजार कम्पनी लिमिटेडले पसल कवल भाडामा दिँदा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।११।२५ को निर्णय अनुसार विशालबजार कम्पनीको शुक्रपथस्थित भवनको ३४६ वटा पसल कवल बोलपत्र बिना आफू अनुकूलका व्यक्तिहरूलाई कम भाडादरमा बाँडफाँड गर्दै आएको र पसल कवल प्राप्त गरेका अधिकांशले अन्य व्यापारीहरूलाई बढी रकममा पुनः बहालमा दिँदै आएबाट

कम्पनीले प्राप्त गर्ने आम्दानी रकम व्यक्ति विशेषले प्राप्त गर्दै आएको हुँदा कम्पनीको प्रचलित विनियमावली २ महिनाभित्र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने गरी संशोधन गरी २०६६ श्रावण १ गतेदेखि अनिवार्य रूपमा बोलपत्र प्रक्रियाद्वारा पारदर्शीरूपमा भाडामा लगाउन विशालबजार कम्पनी लिमिटेडमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ट) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय, दोलखा समेतले नियम विपरीत ल्याप्स, चेयर्स र वेस्ट बापतको रकम भुक्तानी गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।१२।१८ को निर्णयानुसार अनियमित रूपमा रकम भुक्तानी दिने कर्मचारी उपर विभागीय कारबाही गरी आयोगमा जानकारी पठाउन र डिभिजन सडक कार्यालय, जनकपुरबाट रु. १३,७६२।६६ र डिभिजन सडक कार्यालय, हेटौंडाबाट रु. १,११,२७७।०६ असुल उपर गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. सार्वजनिक बाटो जग्गा मिचेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।१० को निर्णय अनुसार विष्णुमती किनारबाट मापदण्डभन्दा कम सेट व्याक छोडी निर्माण गरिएका सबै घर संरचना प्रचलित कानूनको रीत पुऱ्याई भत्काई निर्धारित मापदण्ड कायम राखी ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं उपत्यका नगर विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. काठमाडौं जिल्ला गोंगबु वडा नं. ४ ख कित्ता नं. ५६५ को जग्गा बढी भएकोले बढी जग्गा सार्वजनिक गराई पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।५।५ को निर्णय अनुसार सडक डिभिजन कार्यालयले सडक मिचेको सन्दर्भमा कार्यान्वयन गर्न केवल पत्राचार मात्र गरेको साथै काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिले भत्काउने तथा जरिवाना गर्ने गरी गरेको मिति २०५७।८।९ को निर्णय हालसम्म केवल जरिवाना मात्र असुल गरेको र अनियमित रूपमा सडक मिची बनाएको निर्माण कार्य भत्काउनेतर्फ कार्यान्वयन गरेको नदेखिएको हुँदा उक्त निर्णय ३ महिनाभित्र कार्यान्वयन गर्न काठमाडौं उपत्यका नगर विकास योजना तथा कार्यान्वयन समितिमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. प्राथमिक स्वास्थ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।६।२२ को निर्णय अनुसार इन्जिनियर रविन्द्र बोहोराबाट रु. १,२९,३९९।९५ र ओभरसियर अनन्तराज पौडेलबाट रु. १,२९,३९९।९५ असुल उपर गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ठ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. सुकुलढोका केदारेश्वर महादेवस्थानको नाममा दर्ता भएको गुठीको जग्गा गुठी संस्थानका कर्मचारीहरूको मिलेमतोमा अनधिकृत व्यक्तिलाई गुठियार कायम गर्न खोजी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६१/९/२ को निर्णयानुसार गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम जे जस्तो निर्णय गर्नुपर्ने हो गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिन गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. काठमाडौं, ललितपुर र भक्तपुर मालपोत कार्यालयमा रजिस्ट्रेसन पास गर्दा कम राजस्व दाखिला गरी राजस्व मस्यौट गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१६ को निर्णय अनुसार कम राजस्व दाखिला गरी गराई जग्गा रजिष्ट्रेसन पास गर्ने, मस्यौट गर्ने कर्मचारीहरू विरुद्ध विभागीय कारबाही गरी आयोगलाई जानकारी गराउन र नियमानुसार लाग्ने राजस्व रकमभन्दा कम राजस्व असुल हुने गरी लिखत पारित भएका जग्गाको नियमानुसार नपुग राजस्व ३ महिनाभित्र असुल गरी रोक्का रहेका जग्गा फुकुवा गर्ने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. सकुम्बासी समस्या समाधान आयोग मोरङले बिक्री वितरण गरेको जग्गामा अनियमितता भयो भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णय अनुसार अनियमित रूपमा मालपोत ऐन २०३४ को प्रतिकूल हुने गरी दर्ता भएको सरकारी जग्गालाई दर्ता बदर गरी सरकारी जग्गा कायम गर्न मातहतको विभाग कार्यालयलाई निर्देशन दिनुपर्ने दायित्व भएको मन्त्रालयले सो नगरी सचिवस्तरबाट भएको रोक्का निर्णयलाई मिति २०५८।११।१५ मा मन्त्रीस्तरीय निर्णय गराई फुकुवा गरी सरकारी जग्गा संरक्षण गर्ने दायित्वबाट पन्छिएको देखिन आएको हुँदा मालपोत ऐन २०३४ को दफा २४ (२) लाई प्रभावकारी कार्यान्वयन गरी कानूनले तोकेको दायित्व पूरा गर्न र जालसाजीपूर्ण कार्यगरी झुट्ठा व्यहोरा पेश गरी गैरसुकुम्बासी गैरअव्यवस्थित बसोबासी र क्षेत्रीय कार्यालय विराटनगरले वितरण नगरेको जग्गालाई तत्कालीन बसोबास प्रशासकको दस्तखतसँग मिल्लोजुल्दो गरी जालसाजी श्रेस्ता पुर्जा पेश गरी अनधिकृत रूपमा जग्गा दर्ता गराएको हुन सक्ने देखिएकोले यस सम्बन्धमा सम्बन्धित मन्त्रालयले कुनै पदाधिकारी तोकी वा समिति गठन गरी यकिन गर्नुपर्ने हुँदा सुकुम्बासी समस्या समाधान आयोग कार्यनीति २०५६ (संशोधन सहितको) दफा ५ र सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ अनुसार कारबाही गरी सो को जानकारी ६ महिनाभित्र आयोगलाई गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. काठमाडौं जिल्ला साविक सीतापाइला हाल इचङगुनारायण गा.वि.स ९ (क) कित्ता नं ३९५ को जग्गा २०२१ सालमा सर्वे नापी हुँदा जग्गाधनी काठमाडौं मखनटोल बस्ने हिरालाल नापित भएको दर्ता बाँकी जग्गाको कीर्ते श्रेस्ता पुर्जा बनाएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।२ को निर्णय अनुसार टाइपिष्ट खरिदार रामकृष्ण श्रेष्ठ र कार्यालय सहयोगी रविन्द्र गौतमलाई विभागीय कारबाही गर्न

भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. सुन्धारा बस्ने मनोहरवरसिं थापाको नाममा हदबन्दीभन्दा बढी रहेको जग्गा बेचबिखन गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।२१ को निर्णय अनुसार काठमाडौं सुन्धारा बस्ने नेत्रकुमारी थापा, भैरववरसिंह थापा, रेजवरसिं थापाको नाममा नाप नक्सा भएका काठमाडौं तथा भक्तपुर जिल्लास्थित जग्गाहरू हदबन्दीभित्र बाहिरका के हुन् भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम छानबिन गरी ३ महिनाभित्र टुंगो लगाउनका लागि भूमिसुधार कार्यालय, काठमाडौं र भक्तपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. काठमाडौं महानगरपालिका वडा नं.३२ धोबीखोला स्थित कित्ता नं. १४३ को २३ रोपनी जग्गा व्यक्तिहरूले अनियमित रूपमा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।८।९ को निर्णय अनुसार उल्लिखित कित्ताहरूमध्ये कुन कुन कित्ता नेपाल सरकारको नाउँमा कायम भइसकेको छ ? सो को विवरण र नेपाल सरकारका नाउँमा कायम गर्न बाँकी रहेका कित्ताहरू उल्लिखित कानूनी व्यवस्था अनुसार नेपाल सरकारका नाममा कायम गर्नेतर्फ कार्यान्वयन गरी सो को जानकारी १ महिनाभित्र आयोगलाई गराउनका लागि मालपोत कार्यालय, डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. काठमाडौं जिल्ला मूलपानी गा.वि.स. वडा नं. ८ (ख)को करिब १७१ रोपनी जग्गा हदबन्दीमा कार्यान्वयन नगरी अनियमित तरिकाले दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।२४ को निर्णय अनुसार भूमिसुधार कार्यालय काठमाडौं र मालपोत कार्यालय चाबहिलबीच पत्राचारसम्म भएको तर भूमिसुधार कार्यालय काठमाडौंबाट छानबिन भएको नदेखिएको हुँदा सक्कल मिसिल मालपोत कार्यालय चाबहिलबाट प्राप्त गरी मेघकुमारी उपाध्याय र भरतमणि आ.दि.को नाममा हदबन्दीमा छानबिन गरी टुंगो लगाई ३ महिनाभित्र आयोगमा विवरण पठाउन भूमिसुधार कार्यालय, काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. पोखरा उपमहानगरपालिका वडा नं.८ पृथ्वीचोकस्थित कित्ता नं.१०४ को करिब ३२ रोपनी जग्गा तिब्बती शरणार्थी वाङ्गे लामाको नाममा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।२८ को निर्णय अनुसार कित्ता नं.११५९४ क्षेत्रफल ६-९-२-० जग्गाधनी भृकुटी सुपर मार्केट कम्प्लेक्स प्रा.लि., कित्ता नं. ११५९५ क्षेत्रफल १७-९-०-०, जग्गाधनी भृकुटी सुपर मार्केट कम्प्लेक्स प्रा.लि र. कित्ता नं. ११५९६ क्षेत्रफल ७-१०-२-२ जग्गाधनी श्रीमती डेकु लामाका नाममा जग्गाको दर्ता मालपोत ऐन २०३४ को दफा ३२ (ख) र अन्य प्रचलित कानूनका आधारमा बदर गरी नेपाल सरकारको नाममा कायम गरी दुष्परिणाम सच्याउन महानिर्देशक भूमिसुधार तथा व्यवस्था विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. जनकपुरमा पर्ने तोताडी मठरानी पारी मठका गुठीका जग्गालाई नापीको समयमा मठका पुजारी चर्तुरभुज उपाध्यायले रैतान नम्बरी दर्ता गराई अनियमितता गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।११ को निर्णय अनुसार तोताडी मठरानी पाटीका जग्गाको रैतान नम्बरीतर्फको लगत कट्टा गरी साविक बमोजिम दर्ता गरी आयोगमा जानकारी पठाइदिन गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. जगदम्बा कुमारी राणाको नाममा दर्ता भई हदबन्दीमा परेको सीतापाइला गा.वि.स.८ कित्ता नं. १७४, १९३ को जग्गा नेपाल सरकारको नाममा हुनुपर्नेमा व्यक्तिको नाममा दर्ता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।२।२० को निर्णय अनुसार हदबन्दीको जग्गा सम्बन्धमा भूमिसम्बन्धी ऐन २०२१ अनुसार छानबिन गरी निर्णय गर्ने अधिकार भूमिसुधार कार्यालयमा निहित भएको देखिन आएको सन्दर्भमा मालपोत कार्यालय कलंकीबाट जग्गा दर्ता गरी आवश्यक कार्यान्वयनका लागि भूमिसुधार कार्यालय काठमाडौंमा पठाउनुपर्नेमा नपठाई जग्गा धनीपुर्जा समेत दिएको देखिएकोले यस सम्बन्धमा तत्काल कायम रहेको परिवार संख्या आदि सबै विषयवस्तुमा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम आवश्यक कानूनी प्रक्रिया पुऱ्याई छानबिन गरी ३ महिनाभित्र टुंगो लगाउन भूमिसुधार कार्यालय काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. काठमाडौं महानगरपालिका भीमसेन गोलाको कित्ता नं.१९७ को सार्वजनिक पर्ती जग्गा आफ्नो नाममा दर्ता गराउन लागेकोले आवश्यक कारबाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।४।६ को निर्णय अनुसार काठमाडौं जिल्ला भीमसेनगोला वडा नं.१ ख.कित्ता नं.७३ को जग्गा हाल काठमाडौं महानगरपालिका वडा नं.१० सिट नं.१०२–११४७–०२ को हालको कित्ता नं. १७९, १८०, १६१, १६९, ३७१, १६३ को जग्गाभित्र व्यक्तिको जग्गामा घुसेको देखिँदा साविक ७३ नं. कित्ता हालको कित्तामा घुसेको जति क्षेत्रफलको जग्गा सम्बन्धित व्यक्तिहरू समेत बुझी कानूनको रीत पुऱ्याई नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २८ बांगेमुडास्थित धार्मिक महत्वको स्थानमण्डपको नामले प्रसिद्ध सार्वजनिक सत्तल भत्काई केशरीवदन समेतले काठमाडौं महानगरपालिकाबाट नक्सा पास गराई घर निर्माण गर्न लागेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।२८ को निर्णय अनुसार काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२८ बांगेमुडा स्थित कित्ता नं. ९१६ क्षेत्रफल ०-२-०-३ जग्गा र सो मा बनेको स्थानमण्डप नामले प्रसिद्ध सार्वजनिक र पुरातात्विक महत्वको ऐतिहासिक सम्पदा केशरीवदन समेतका व्यक्तिको नाममा भएको दर्ता कानूनसम्मत नदेखिँदा मालपोत ऐन २०३४ को दफा २४ लगायतका प्रचलित कानूनको अधीनमा रही निर्णय गर्न मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।२३ को निर्णय अनुसार खरिदार तेजनाथ पौडेललाई विभागीय

कारबाही गर्न उच्चस्तरीय भूमिसुधार आयोगमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. नेपाल सरकारको नाममा रहेको जग्गा व्यक्तिको नाममा लिखत पारित गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।२३ को निर्णय अनुसार नायब सुब्बा राजेन्द्र प्रसाद साहलाई विभागीय कारबाही गर्न मालपोत कार्यालय रौतहटमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. साविक पाटन यनमुगल ६६।५६ नं. लगतमा त्रैलोकघर समेत ६ जनाको नाममा गुठी जनिएको टिकाथली गा.वि.स.वडा नं.१(ख) को कित्ता नं.१२ को क्षेत्रफल ६-४-०-० जग्गा कर्मचारीसँग मिलेमतो गरी फिल्डबुकमा केरी सच्चाई गुठी जग्गा रैकरमा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।१५ को निर्णय अनुसार नापी अधिकृत भीमबहादुर कार्की, नापी निरीक्षक सत्यनारायण चौधरी, अमिन राजप्रवोध कुमार महासेठ र कार्यालय सहयोगी नातिबाबु सुवेदीलाई विभागीय कारबाही गर्न नापी विभागमा र ललितपुर जिल्ला टीकाथली गा.वि.स.१ (ख) कित्ता नं.१२ को क्षेत्रफल ६-४-०-० जग्गाको मिति २०६५।११।१२ मा बुद्धरत्न शाक्यको नाममा दर्ता हुने गरी मालपोत कार्यालय ललितपुरले गरेको निर्णय कानूनसम्मत नभएकोले उक्त जग्गालाई पूर्ववत निजी गुठी नै कायम गरी दर्तासम्बन्धी कारबाही निष्क्रिय गर्न मालपोत कार्यालय ललितपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. रानी जगदम्बा कुमारी राणाको जग्गा हदबन्दीसम्बन्धी उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।६।१२ को निर्णय अनुसार भूमिसुधार कार्यालय ललितपुरबाट हदबन्दी छानबिन गरी आयोगमा जानकारी गराउन भूमिसुधार कार्यालय ललितपुर र काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. बालाजुको सार्वजनिक जग्गा व्यक्ति विशेषले मिच्ने र हडप्ने कार्य गरी व्यक्तिको नाममा गराएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।८।४ को निर्णय अनुसार साविक बालाजु ४ कित्ता नं.४ क्षेत्रफल साविक ४-७-२-० को जग्गा पर्ती भएको देखिएको र पुनः नापी हुँदा उक्त जग्गाको साथमा कतैकतै भोगको आधारमा आफ्नो नाममा गराएको भए पनि नक्सा सुधार गर्ने एवं रावल आयोगले रोक्का राखेको पाइएकोले उक्त जग्गा हाल सार्वजनिक बाटो चउर एवं कहींकतै व्यक्तिगत रूपमा प्रयोग गर्ने समेत गरेको पाइएको, उक्त साविक बालाजु ४ नं. कित्ता जग्गालाई हालको तथा नापीमा कुन कुन कित्तामा पर्दछ यकिन गरी जग्गा छुट्टयाई नेपाल सरकारका नाममा कायम गरी १ महिनाभित्र जग्गाधनीको पुर्जाको प्रतिलिपि सहित आयोगमा जानकारी गराउन मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. काठमाडौं जिल्ला बालुवा गा.वि.स.९ (ख) को जोताहा मोहीलाई खारेज गरी दर्तावालालाई मोही कायम गर्ने गरी निर्णय गरी गुठी संस्थानबाट भ्रष्टाचार भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।७।२५ को निर्णय अनुसार मुलुकी ऐन अदालती बन्दोबस्तको ३५ नं.बमोजिम क्षेत्राधिकार बाहिर भई कायम रहन

नसक्ने देखिएको काठमाडौं जिल्ला बालुवा गा.वि.स.वडा नं.९(ख) कित्ता नं.१७० र ऐ.गा.वि.स.वडा नं.९(३) कित्ता नं.११ का जग्गाहरू कित्ताकाट भै हाल भएका सम्पूर्ण कित्ता नं.का जग्गामा ३ महिनाभित्रमा साविकको जोताहा मोही काले दमाईको नाम कायम गरी सो को जानकारी आयोगलाई गराउन भूमिसूधार कार्यालय काठमाडौँमा र सोही अनुसार आआफ्नो श्रेस्ता सुधार गर्न गुठी संस्थान र मालपोत कार्यालय काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. काठमाडौं जिल्ला साबिक बौद्ध गा.वि.स. वडा नं. ४ क कित्ता नं. ३२ को क्षेत्रफल २-१४-३ हाल नापीमा नगर वडा नं.६ सिट नं. १०२-१०६८-०८ कित्ता नं.६४ को क्षेत्रफल २-१४-३ भएको जग्गा अनियमित तरिकाले दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।७९ को निर्णय अनुसार मालपोत कार्यालयबाट भएको हाल साविक नामसारी कानूनसम्मत नभएकोले उल्लिखित दुष्कृतिजन्य निर्णय सच्याई प्रस्तुत विवादको सक्कलै फाइल मोही तेरोमेरोको विवादको टुंगो लगाउन भूमिसुधार कार्यालयमा पठाउन प्रशासक, गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. मालपोत कार्यालय झापाका खरिदार पुण्यप्रसाद लावतीले (जिल्ला झापा गा.वि.स. नक्कलबन्दा) सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६/०८/१० को निर्णय अनुसार कित्ता नं. ३७०, ३७१ को जग्गा नक्कलबन्द टि-स्टेटको नाममा जग्गा दर्ता भएको देखिएकोले मालपोत ऐन २०३४ को दफा २४(२) बमोजिम बदर गरी नेपाल सरकारको नाममा दर्ता गरी जग्गाधनी दर्ता प्रमाणपुर्जा जिल्ला प्रशासन कार्यालय झापामा पठाई आयोगलाई जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि पठाउन मालपोत कार्यालय झापा भद्रपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. धनमान सिंहको नाममा रहेको जग्गा निजको र निजकी श्रीमतीको मृत्युपश्चात काल्पनिक व्यक्तिलाई छोरा बनाई सिफारिस गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६/०८/११ को निर्णय अनुसार सिरहाका मालपोत अधिकृत मदन कुमार झालाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२२. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ बस्ने बत्तिनानी प्रधानले साविक काठमाडौं महानगरपालिका वडा नं. २९(क) मा आफ्नो नाममा जग्गाधनी प्रमाणपुर्जा कायम भएको कित्ता नं. १७७ र १७८ क्षेत्रफल ०-१०-० र १-१०-० नम्बरी जग्गा नयाँ नापीपछि मालपोत र नापी कार्यालयबाट हाल साविक गरी नदिएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६/९/१६ को निर्णय अनुसार नेपाल सरकारले कसैलाई भोगाधिकार दिएको भए व्यक्तिको जग्गामा अर्काको भोगाधिकार रहन नसक्ने हुँदा र भोगाधिकार फिर्ता गर्न सकिने नै हुँदा मालपोत ऐन तथा नियमको अधीनमा रही निवेदिकाको जग्गा हाल साविक गरी दिन, सेवाग्राहीको गर्न मिल्ने काम समयमै गरिदिने गर्न नमिल्ने वा अर्कै निकायले गर्नुपर्न भए सो को जानकारी गराउनुपर्नेमा मालपोत कार्यालय डिल्लीबजार र नापी शाखा डिल्लीबजारका तत्कालीन कार्यालय प्रमुखहरूले त्यस्तो गरेको देखिन नआएको हुँदा निजहरूलाई सख्त

ध्यानाकर्षण गराउने र ३ महिनाभित्र हाल साविकको टुंगो लगाई आयोगलाई जानकारी गराउन मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२३. कास्की जिल्ला अर्धौढले पिपल देउमाडी ठूलाकोटमा अवस्थित भैरव गुठीको करिब ४९ रोपनी गुठी तैनाथी जग्गा सम्बन्धित गुठीको नाम जग्गाधनी महलमा कायम राखी गुठी तैनाथीमा दर्ता गर्नुपर्नेमा गुठियार मधुमाया योगीलाई मोही कायम गर्ने गरी गुठी संस्थानबाट निर्णय भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।८।२६ र २०६६।९।१३ को निर्णय अनुसार उप-प्रशासक दीपकबहादुर पाण्डेलाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था विभागमा र गुठी संस्थान केन्द्रीय कार्यालयबाट निर्णय गर्दा गुठी संस्थानको हकहितलाई ध्यानमा नराखी कित्ता नं.२२२, १०३, १२३, १७१, १७२, १९२, १९३ र १९४ का जग्गाको मोही महलमा मधुमाया योगीको नाम श्रेस्ता र पुर्जामा कायम गर्ने गरी गरेको निर्णय सर्वोच्च अदालतको प्रतिपादित सिद्धान्त तथा गुठी संस्थान ऐन विपरीत देखिएकाले गुठी संस्थानको २०६६।२।१० को निर्णयमा मधुमाया योगीको नाम उल्लेखित जग्गाको श्रेस्ता र पुर्जाको मोही महलमा कायम गर्ने निर्णय प्रत्यक्ष त्रुटिपूर्ण हुँदा दुष्कृति सच्याउन र कानूनी सल्लाहकारद्वय सुश्री अंजिता खनाल र सोमराज तिम्सिनाको करार समाप्त गर्न सञ्चालक समिति गुठी संस्थानमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२४. वि.सं.२०२१ सर्भे नापीको समयमा काठमाडौं जिल्ला नगर वडा नं. २३ (ढ) कित्ता नं.२९ को धोबीखोला जनिएको जग्गा व्यक्तिको नाउँमा दर्ता भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१२।२९ को निर्णय अनुसार काठमाडौं जिल्ला नगर वडा नं.२३ (ढ) कित्ता नं.२९ क्षेत्रफल १४-१२-२-० को जग्गा वि.सं.२०२१ सालको सर्भे नापीमा धोबीखोला जनिएको उक्त कित्ताबाट कित्ताकाट भई कित्ता नं. १२९ क्षेत्रफल ०-४-०-० रिना मास्केको नाममा र कित्ता नं. १३० क्षेत्रफल १-११-३-० ध्रुवनारायण चित्रकारको नाममा दर्ता भएको देखिएको र आयोगबाट खटिएका सर्वेक्षकले फिल्ड निरीक्षण गर्दा उक्त दुवै कित्ताहरूमा नमोबुद्ध गुरुङ सेवा समितिबाट पर्खाल लगाई अनधिकृत रूपमा प्रयोग भएको देखियो । उल्लिखित जग्गा रिना मास्के र ध्रुवनारायण चित्रकारको नाममा दर्ता भई भोगचलन गरेको अवस्था पनि नदेखिएकोले साविकदेखि नै सरकारी जग्गा देखी रहेको अवस्थामा निजहरूको नाममा हाल साविक समेत भएको देखिँदा उल्लिखित कित्ताका जग्गाहरू मालपोत ऐन २०३३ को दफा २४(२) बमोजिम बदर गरी नेपाल सरकारको नाममा दर्ता गरी जग्गा धनी प्रमाणपुर्जा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पठाई आयोगलाई जानकारी समेत दिन मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२५. धादिङ जिल्ला पिडा गाविस वडा नं.८ का विभिन्न व्यक्तिको नाममा रहेको मोटरबाटो नजोडिएको जग्गालाई मोटरबाटो जोडिएको भनी सिफारिस गरिएको आधारमा उक्त जग्गा धितो राखी अभियुक्त छुटेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार नापी कार्यालय धादिङका अमिन लेखनाथ बुर्लाकोटी र अमिन रविन्द्रनाथ ठाकुरलाई विभागीय कारबाही गर्न भुमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२६. काठमाडौं जिल्ला चपली भद्रकाली गा.वि.स.वडा नं.७ (ग) कित्ता नं.२७४, २७७, २८७ र २८८ समेतका जग्गाहरूको नामसारीसम्बन्धी निवेदन उपर कुनै कारबाही नै नगरी गोपाल थापाको नाममा एकतर्फी नामसारी गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।१६ को निर्णय अनुसार काठमाडौं जिल्ला चपली भद्रकाली गा.वि.स.वडा नं.७(ग) कित्ता नं.२७४, २७७, २८७ र २८८ समेतका जग्गाहरू मालपोत कार्यालय चाबहिलको साविक श्रेस्तामा दर्ता बाँकी जग्गा देखिएको, उल्लिखित दर्ता बाँकी जग्गालाई मालपोत कार्यालय चाबहिलबाट कृत्रिम नामसारी मिसिल नं.९३।०६५।१०।२६ को निर्णयले गोपाल थापाको नाममा श्रेस्ता कायम गरी प्रमाणित गरेको समेत देखिएकोले कृत्रिम नामसारी मिसिल नं. र मितिबाट गोपाल थापाको नाममा कायम भएको उल्लिखित जग्गाको श्रेस्ता कायम रहन नसक्ने भएकोले गोपाल थापाको नामको उल्लेखित श्रेस्ता बदर गरी साविक बमोजिमको दर्ता बाँकी श्रेस्तामा कायम राखी सो को जानकारी आयोगलाई गराउन र मालपोत कार्यालय चाबहिलको कृत्रिम मिसिल नं.र मितिबाट नामसारी भएका उपरोक्त कित्ता नं. २७४, २७७, २८७ र २८८ का जग्गाको नामसारी दर्ता गैरकानूनी देखिएकोले कानूनसम्मत तरिकाले दर्ता नभएसम्म रोक्का राख्न मालपोत कार्यालय चाबहिलमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२७. गुठी सस्थान केन्द्रीय कार्यालयका उपनिर्देशक दिपकबहादुर पाण्डेले गुठी संस्थानलाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।२।२६ को निर्णय अनुसार उपप्रशासक दिपकबहादुर पाण्डेलाई विभागीय कारबाही गर्न गुठी संस्थान केन्द्रीय कार्यालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ड) महालेखा नियन्त्रक कार्यालय अन्तर्गत

१. जिल्ला शिक्षा कार्यालय अछामका जिल्ला शिक्षा अधिकारी र लेखापालले आ.व.०६१।६२ मा सबैको लागि शिक्षा कार्यक्रम सञ्चालन गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।३१ को निर्णय अनुसार लेखापाल रुद्रराज शर्मालाई विभागीय कारबाही गर्न महालेखा नियन्त्रकको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. जिल्ला विकास समिति दार्चुला अन्तर्गत DRILP आयोजनामा स्थानीय विकास अधिकारी दण्डपाणि बरालले भ्रष्टाचार/अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार लेखापाल विष्णुदत्त भट्ट र सहलेखापाल केशवराज भट्टलाई विभागीय कारबाही गर्न कोष तथा लेखा नियन्त्रकको कार्यालय दार्चुलामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. प्राथमिक स्वास्थ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।६।२२ को निर्णय अनुसार लेखापाल ज्ञानराज भट्टराईबाट रकम

रु. १,९२,५५९।- असुल उपर गर्न महालेखा नियन्त्रकको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ढ) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत

१. नेपाल रेडक्रस सोसाइटीले रक्त सञ्चार केन्द्रका लागि किट्स केमिकल खरिद गर्दा भ्रष्टाचार भयो भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६१।११।१४ र २०६२।५।१६ को निर्णय अनुसार टेण्डर स्वीकृत प्रक्रियामा भएको अनियमितताबाट नेपाल रेडक्रस सोसाइटीलाई नोक्सान पर्न गएको रु १९,१७,५००।- का सम्बन्धमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिको बैठकमा पेश गरी केन्द्रीय कार्य समितिबाट भएको जानकारी ३ महिनाभित्र आयोगमा पठाउन अध्यक्ष नेपाल रेडक्रस सोसाइटीमा र नेपाल रेडक्रस सोसाइटी र यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संघसंस्थालाई आर्थिक अनुशासनमा बाँधी नियमन गर्ने कुनै निकाय भए आयोगलाई जानकारी दिने, नभए शीघ्र कानूनी व्यवस्था गर्न मन्त्रिपरिषद्मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. समाज कल्याण परिषद्मा विभिन्न अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१।१० को निर्णय अनुसार नियममा स्पष्ट नभएको कार्यरत सेवाभन्दा अलग्गै सेवाको पदमा बढुवाको लागि उम्मेदवार बनाउने कार्य कानूनसम्मत नदेखिएकोले नियममा व्यवस्था गरेर मात्र कार्यान्वयन गर्न, कुनै पदका लागि निर्धारण गरिने न्यूनतम शैक्षिक योग्यता नियमावलीमा व्यवस्था गरी तोक्न, रिक्त पदमध्ये खुला वा बढुवाबाट के कति पद कति कति अवधिमा पूर्ति गर्ने भन्ने पारदर्शी रूपमा नियममा व्यवस्था गर्न, नगद सहायता रकम वितरण गर्दा स्पष्ट र पारदर्शीको आधार निर्माण गर्न, निष्पक्ष रूपमा वितरण गर्ने व्यवस्था मिलाउन, कोषका पदाधिकारीलाई उपलब्ध गराउने सुविधाको हकमा प्रचलित कानून बमोजिम पाउने भए मात्र कानूनले तोकेको सुविधा उपलब्ध गराउने अन्यथा त्यस्तो रकम उपलब्ध नगर्ने व्यवस्था गर्न र समाज कल्याण परिषद् कार्य सञ्चालन समितिको मिति २०६४।११।१० को निर्णय तथा मिति २०६४।११।१२ को सम्झौता अनुसार घरभाडामा ७५ प्रतिशतले छुट दिने गरी भएको सम्झौता रद्द गरी घरजग्गा भाडामा लगाउनुपर्दा विद्यमान सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुकूल हुने गरी व्यवस्था मिलाउन समाज कल्याण परिषद्मा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ण) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत

१. नेपाल एमेच्योर एथलेटिक्स एसोसिएसन संघका तत्कालीन अध्यक्ष रुक्मशमशेर राणा समेतले संघको रकम दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।१४ को निर्णय अनुसार नेपाल एमेच्योर एथलेटिक्स एसोसिएसन (NAAA) को नियमानुसार लेखापरीक्षण गराई कानून बमोजिम छानबिन तथा कारबाही गरी आयोगमा जानकारी गराउन राष्ट्रिय खेलकुद परिषद्मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. नेपाल क्रिकेट संघले पिच रोलर एवं क्रिकेट खेल सामग्री खरिद गर्दा लाखौं रुपैयाँ रकम घोटाला गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१०।५ को निर्णय अनुसार (आयोगको पूर्व निर्देशन मिति २०६५।४।६ को निर्णय) प्रचलित खेलकुद विकास ऐनमा भएका प्रावधानसमेतका आधारमा प्रस्तुत उजुरीका सम्बन्धमा आवश्यक छानबिन तथा कारबाही गर्न राष्ट्रिय खेलकुद परिषद्मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. राष्ट्रिय खेलकुद परिषद् अन्तर्गतको स्नुकर हाउस र चमेनागृह भाडामा दिने कार्यमा अनियमितता गरेको भन्ने भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।७।९ को निर्णय अनुसार काठमाडौं स्पोर्टस क्लबलाई परिषद्बाट मिति २०५८।७।३ मा सोधभर्ना सापटी फिर्ता गर्ने गरी रु. ७५ हजार निकासा भएकोमा उक्त रकम हालसम्म सोधभर्ना गरेको नदेखिएकोले राष्ट्रिय खेलकुद परिषद्को आर्थिक प्रशासनसम्बन्धी नियमावली २०६२ को परिच्छेद ८ नियम ७९ ले बेरुजु कायम भइसकेको अवस्थामा सोही नियमावलीको परिच्छेद ३ नियम २० ले फछ्यौंटसम्बन्धी व्यवस्था गरेकोले सोही अनुसार गरी ३ महिनाभित्र कारबाहीको जानकारी आयोगलाई दिन राष्ट्रिय खेलकुद परिषद्मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. सानो गौचरणका सटरहरूको भाडा उठाई काठमाडौं जिल्ला खेलकुद विकास समितिका पदाधिकारीहरूले व्यक्तिगत प्रयोजनमा खर्च गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार पारदर्शी रूपमा प्रतिस्पर्धाको आधारमा नयाँ सम्झौता गरी भाडा लगाउन र समितिको लेखापरीक्षण हुन बाँकी अवधिको शीघ्र लेखापरीक्षण गराउन र तत्कालीन कार्यालय प्रमुख सुधिर प्रसाद पोखरेलबाट रु. ३७,४००।- असुल उपर गर्न काठमाडौं जिल्ला खेलकुद विकास समिति सानो गौचरणमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(त) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. प्राथमिक स्वास्थ्य केन्द्र गौडा लमजुङका ल्याब असिस्टेन सुमन कुमार साहले दोहोरो हाजिर गरी ल्याब टेक्निसियन कोर्स अध्ययन गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।६।२९ को निर्णय अनुसार जनस्वास्थ्य निरीक्षक चेतबहादुर अधिकारीलाई विभागीय कारबाही गर्न स्वास्थ्य सेवा विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत ९०० जना सि.अ.हे.ब. मध्ये १५ जनालाई अनियमित तरिकाले पदस्थापन गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।२ को निर्णय अनुसार मन्त्रीस्तरीय निर्णय अनुसार व्यक्तिगत निवेदनका आधारमा गरिएको १४ सि.अ.हे.ब.को पदस्थापन कानूनसम्मत नदेखिएको र यसबाट सँगै स्तरवृद्धि भएका सि.अ.हे.ब.को पदस्थापन हुने हक कुण्ठित भएको हुँदा पदस्थापनसम्बन्धी मिति २०६५।४।७ को उक्त निर्णय बदर गरी सि.अ.हे.ब. लगायत पदस्थापन हुन बाँकी रहेका सबै कर्मचारीका लागि स्पष्ट आधार सहितको नीति नियम

बनाई लागू गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान मेडिकल डाक्टर, स्टाफ नर्स, अ.न.मी. लगायतको करार पदपूर्तिमा व्यापक अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।९ को निर्णय अनुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानबाट लिइएको स्टाफ नर्सको पदपूर्तिको लिखित परीक्षामा केहीलाई अस्वाभाविक अंक दिई उत्तीर्ण गराएको अवस्था देखिन आएको हुँदा अब आइन्दा प्रतिष्ठानको पदपूर्ति गर्दा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ को दफा १३ अनुसार ३ महिनाभित्र सेवा आयोग गठन गरेर मात्र पदपूर्ति गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानबाट प्राध्यापक पदमा पदपूर्ति गर्दा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।९ को निर्णय अनुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ को दफा १३ अनुसार ३ महिनाभित्र सेवा आयोग गठन गरी पदपूर्ति गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. प्राथमिक स्थास्थ्य केन्द्र चतराका जनस्वास्थ्य निरीक्षक शिवदयाल महतोले नियम विपरीत बिदा स्वीकृत नगराई गैरसरकारी संस्थामा काम गरिरहेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१०।१९ को निर्णय अनुसार जनस्वास्थ्य निरीक्षक शिवदयाल महतोलाई विभागीय कारबाही गर्न र अनुचित तवरले स्वीकृत भएको मिति २०६२।९।१३ देखि २०६३।६।२८ सम्मको जनस्वास्थ्य निरीक्षक शिवदयाल महतोको असाधारण बिदा बदर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. कोशी अञ्चल अस्पतालले पोषण वार्ड निर्माण गराउँदा आर्थिक ऐन विपरीत अनियमित कार्य भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।१५ को निर्णय अनुसार अब उप्रान्त पेश्की निकासासम्बन्धी प्रावधानको अनिवार्य पालन गर्न गराउन एवं बाँकी रकम एक महिनाभित्र पेश्की फछ्यौंट गर्न गराउन कोशी अञ्चल अस्पतालमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. नेपाल नर्सिङ परिषद्का अध्यक्ष दयालक्ष्मी वैद्य तथा रजिष्टार मनकुमारी राईले अफिसको गाडी प्रयोग गरी ट्याक्सी भाडा लिने र घूस दिने मान्छेको नर्सिङ कलेजलाई सञ्चालन अनुमति दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।२३ को निर्णय अनुसार परिषद्को कार्यालय खासै टाढा नरहेको अवस्थामा ट्याक्सी भाडा मनासिव माफिकको नदेखिएकोले सदस्यको बसोबासको अवस्था विचार गरी मनासिव माफिकको ट्याक्सी भाडा तोक्न, अध्यक्ष दयालक्ष्मी वैद्यले २०६४।१०।१३ देखि र रजिष्टार मनकुमारी राईले मिति २०६५।९।२१ देखि लिएको ट्याक्सी भाडा असुल उपर गर्न, आइन्दा दुवैले बैठक भएका दिन एकैसाथ ट्याक्सी भाडा पनि लिने र अफिसको गाडी पनि प्रयोग गर्ने कार्य तुरुन्तै रोक्न, एसियन कलेज अफ एडभान्स स्टडिजले बी.एस्स.सी. नर्सिङ कार्यक्रमका लागि नर्भिक अस्पतालसँग

क्लिनिकल प्राक्टिकलका लागि सम्झौता गरी परिषद्मा पेश गरेको अवस्थामा स्थलगत निरीक्षण नै नगरी सिधै मिति २०६५।८।४ को बैठक तथा मिति २०६५।८।८ को गोरखापत्रको सूचनामार्फत उक्त कलेजमा भर्ना नगर्न सूचना प्रकाशित भएकोले उक्त नर्भिक अस्पतालको निरीक्षण गरी क्लिनिकल प्राक्टिसको मापदण्ड पुगेमा उक्त एसियन कलेज अफ एडभान्स स्टडिजलाई मिति २०६५।८।४ को निर्णय तथा मिति २०६५।८।८ को गोरखापत्रमा प्रकाशित सूचनाको लिस्टबाट हटाउन, निर्धारित मापदण्ड अनुसारको स्थलगत निरीक्षण फारमहरूको निर्माण गरी निरीक्षण प्रतिवेदनहरूमा एकरूपता ल्याउन नेपाल नर्सिङ परिषद्मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. जिल्ला स्वास्थ्य कार्यालय रामेछापमा औषधि खरिद गर्दा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१।६ को निर्णय अनुसार सुपरभाइजर भैरव थापाबाट रु. ३०,०००।- असुल उपर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुले पदपूर्ति गर्दा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।११।२० को निर्णय अनुसार कुन पदका लागि कति दस्तुर तिरी फाराम भर्नुपर्ने हो र म्याद सकिएपछि ७ दिनभित्र डबल दस्तुर तिरी फाराम भर्न सकिने कुरासमेत छुट भएको देखिँदा उल्लिखित पदहरूको पदपूर्तिका लागि १५ दिने सूचना पुनः गोरखापत्र र कान्तिपुर लगायतका प्रमुख दैनिक पत्रिकाहरूमा प्रकाशित गरी प्रतिस्पर्धात्मक रूपमा नियमानुसार दक्ष कर्मचारी छनौट गर्न शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. भेरी अञ्चल अस्पताल विकास समितिले नेपालको अन्तरिम संविधानको भावना विपरीत पदहरू पूर्ति गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।२।१४ को निर्णय अनुसार समितिले पदपूर्ति गर्न सूचना प्रकाशित गर्दा विज्ञापन समावेशी रूपमा ननिकालेको, खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने सूचनामा परीक्षाको किसिम लिखित समेत हुनुपर्नेमा सो नभएको तथा वान्छनीय योग्यता राखेर पूर्ण प्रतिस्पर्धामा रोक लगाइएको जस्ता प्रक्रियागत त्रुटिहरू देखिएकाले उक्त विज्ञापन बदर गरी नेपालको अन्तरिम संविधान २०६३ को धारा १२६(६) अनुसार गर्न भेरी अञ्चल अस्पताल विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. स्वास्थ्यमन्त्री, राज्यमन्त्री तथा सचिव जस्ता जिम्मेवार पदाधिकारीहरूले प्रचलित स्वास्थ्य ऐन नियमावली विपरीत लामो समय कार्यालयमा अनुपस्थित कर्मचारीलाई हाजिर गराई वा अनियमितता गराएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।१५ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य सेवा विभाग सम्मिलित एउटा कार्यदल बनाई विभागीय सजायसम्बन्धी सिफारिस भई आएका फायलहरू असाधारण बिदा माग भई आएका फाइलहरूमा एउटा निश्चित अवधि तोकी छिनोफानो गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. चीन लगायत विभिन्न देशका मेडिकल कलेजमा एम.बि.बि.एस. र बि.डि.एस. अध्ययन पूरा गरी फर्केका विद्यार्थीहरूलाई अनुमतिपत्र दिँदा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।७।२२ को निर्णय अनुसार मित्रराष्ट्र चीन रुस र फिलिपिन्समा आफ्नो खर्चमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई भाषाको कारणबाट हुने समस्या र ठूलो परिमाणमा खर्च व्यहोर्नुपर्ने अवस्था देखिएकाले ती तीन देशमा मेडिकल विषयमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई मात्र नेपालमा आई प्रि इन्टेनसीप र इन्टेनसीप गर्न पाउने कानूनी व्यवस्था गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. भरतपुर अस्पताल चितवनका मे.सु.डा.केशवराज भुर्तेल र तत्कालीन स्वास्थ्यमन्त्री गिरीराजमणी पोखरेलले दरबन्दीभन्दा बढीलाई हाजिर गराई तलब खुवाएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।३० को निर्णय अनुसार कलेज अफ मेडिकल साइन्स भरतपुरबाट रु. ५५,९०,१२१।- असुल उपर गर्न र उक्त रकम कलेजबाट असुल उपर नभए भरतपुर अस्पताल र कलेज अफ मेडिकल साइन्स भरतपुरबीच भएको अस्पतालको साधन श्रोत उपयोग गर्ने सम्बन्धी सम्झौता भंग गर्नेतर्फ कारबाही प्रक्रिया अघि बढाउन र अब उप्रान्त सम्झौताका प्रावधानहरू अक्षरश: पालना गर्न गराउन भरतपुर अस्पतालमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. जनकपुर अञ्चल अस्पतालको करोडौं मूल्य पर्ने महत्वपूर्ण जग्गा व्यापारी प्रयोजनका लागि नेपाल मेडिकल एसोसियन जनकपुर शाखालाई हस्तान्तरण गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।६।२७ को निर्णय अनुसार समितिको निर्णय र शर्त विपरीत स्वामित्व हस्तान्तरण नभएको सरकारी जग्गामा भवन निर्माण गरी संस्थाको आम्दानीका लागि व्यापारिक प्रयोजनमा लगाइरहेको देखिँदा नेपाल सरकारलाई प्रत्यक्ष राजस्व हानी नोक्सानी भइरहेको देखियो, यसर्थ उद्देश्य विपरीत प्रयोग भइरहेको उक्त भवन नेपाल मेडिकल एसोसिएसन जनकपुर शाखालाई तत्काल आफ्नो अधीनमा लिन र अब उप्रान्त उक्त भवनमा रहेका सटरहरूको भाडा दर नियमानुसार कायम गरी भाडा आम्दानी कोषमा नियमित दाखिला गर्न जनकपुर अञ्चल अस्पताल विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. प्राथमिक स्वास्थ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।६।२२ को निर्णय अनुसार डा.शोभाराज सुवेदीलाई विभागीय कारबाही गर्न र डा. पिताम्बर सुवेदीबाट रु.१,९२,५५९।- असुल उपर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. स्वास्थ्य मन्त्रालयको जनरल हेल्थ समूहका डा.सिताराम चौधरीले स्तर निर्धारण समितिका सदस्यहरूलाई प्रलोभनमा पारी ग्यास्ट्रोइन्टेरोलोजीको प्रोफेसर पदमा नियुक्ति पाउन सफल भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।७।१६ को निर्णय अनुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको सेवा आयोग गठन गरेर मात्र पदपूर्ति गर्न आयोगको मिति २०६६।७।१६ को निर्णय अनुसार

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई विगतमा निर्देशन भएकोमा आयोग गठनसम्बन्धी कुनै काम नभइरहेको र यसबाट विभिन्न जटिलता सृजना भइरहेको तर्फ मध्यनजर गर्दै चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ को दफा १३ बमोजिम अविलम्ब सेवा आयोग गठन गर्ने र रिक्त पदपूर्ति सोही बमोजिम मात्र गर्न चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. इनरुवा अस्पताल विकास समितिले मन्त्रालयको स्वीकृति नलिई बिना दरबन्दी कम्प्युटर सहायक लगायत १३ वटा पद प्रक्रिया नपुऱ्याई पदपूर्ति गर्न लागेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१०।१८ को निर्णय अनुसार इनरुवा अस्पताल विकास समितिले नेपाल सरकारबाट स्वीकृति लिएको अवस्था पनि नदेखिएको र पदपूर्तिको प्रक्रिया पनि लोकसेवा आयोगको कार्यविधि अनुरूप भएको नदेखिँदा उक्त पदपूर्ति प्रक्रियालाई रद्द गर्न र कर्मचारीको आवश्यकता भए गठन आदेशको दफा १० बमोजिम नियम बनाई नेपाल सरकारबाट स्वीकृत गराई नियमसंगत तरिकाले पदपूर्ति गर्न इनरुवा अस्पताल विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. वीर अस्पतालको एक्सरे विभागमा प्रयोग हुने फिल्म पाताहरू हिनामिना गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१।२९ को निर्णय अनुसार डार्करुम असिस्टेन शतेन्द्र यादवलाई विभागीय कारबाही गर्न र निजबाट रु. १७,६७,८०१।३० असुल उपर गर्न चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(थ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. काठमाडौं महानगरपालिकाले गरेका विकास निर्माण र खरिदमा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६०।१०।२ को निर्णय अनुसार लेखापरीक्षणबाट कायम भएको बेरुजु फछ्यौंट गर्ने गराउने दायित्व निकासा दिने अधिकारीको भएको हुँदा २०६१ असार मसान्तभित्र फछ्यौंट गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. दोस्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६१/७/१० को निर्णय अनुसार सो आयोजनामा संलग्न अनक कन्स्ट्रक्सनबाट रु. १५,२८,८००।- र सन्तोषी टि.एस.जि. जेभीबाट रु. १७,४२,००१।९२ असुल उपर गर्न पोखरा उपमहानगरपालिकामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. इन्जिनियर सुरेशहर्ष बज्राचार्यले एकै समयमा अध्ययन र कार्यालयमा काम गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।५ को निर्णय अनुसार इन्जिनियर सुरेशहर्ष बज्राचार्यले कार्यालय समयमा अध्ययन गरेको अवधिमा निजले पाएको तलब भत्ता निजबाट असुल उपर गरी नगरपालिकामा जम्मा गर्न र निजले दिवा

समयमा अध्ययन गरेको अवधि असाधारण बिदामा कायम गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. काठमाडौं महानगरपालिका वार्ड नं.८ का तत्कालीन अध्यक्ष हंशराज कर्माचार्यले नियम विपरीत दुई स्थानमा कार्यरत रही दोहोरो सुविधा लिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।५।१३ को निर्णय अनुसार तत्कालीन वार्ड नं.८ का अध्यक्ष हंशराज कर्माचार्यले लिएको मोबाइल सेट खरिद पेश्की रु. १५,०००।-र परिवहन पेश्की रु. १५,०००।- समेत जम्मा रु. ३०,०००।- फछ्यौंट भएको नदेखिएकोले उक्त पेश्की रकम यथाशीघ्र फछ्यौंट गरी आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. काठमाडौँ महानगरपालिका वडा नं. ३ रानीवारीस्थित सामाखुसी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गाधनीहरूले अतिक्रमण गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।४ को निर्णय अनुसार काठमाडौं महानगरपालिका वडा नं. ३ स्थित सिट नं. १०२-०९८५-२२ को सार्वजनिक जग्गा र कित्ता नं. ८४, १६५, १५२,, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, ले समेत केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुँदा उल्लिखित कित्ता नं. जग्गाधनीहरूले आफ्नो कित्तामा घुसाई अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरूद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं. बाट झिकी सार्वजनिकीकरण गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. काठमाडौं महानगरपालिका वडा नं. ३४ भीमसेनगोला कात्यायनी मन्दिर आसपासको १०,१२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।८ को निर्णय अनुसार आयोगको निर्णयमा उल्लिखित कित्ता नं. हरूले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं.बाट झिकी प्राविधिकहरूद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं.बाट झिकी सार्वजनिकीकरण गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. गौशाला, महोत्तरीको हाटबजार सञ्चालन गर्नेले बुझाउनुपर्ने बाँकी रकम करिब रु. १० लाख गा.वि.स.का सचिवले मिन्हा दिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।७।१४ को निर्णय अनुसार नायब सुब्बा शिवराम पाण्डेको ५ वर्ष बढुवा रोक्का गर्न जिल्ला विकास समिति महोत्तरीमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. धर्म महर्जन समेतले काठमाडौं महानगरपालिका वडा नं. १५, सार्वजनिक पर्ती जग्गामा अनियमित तरिकाले टहरा निर्माण गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।१६ को निर्णय अनुसार उजुरीमा उल्लिखित विपक्षीहरूले उक्त जग्गा आफूले परापूर्वकालदेखि भोगचलन गरी आएको र हाल मालपोत कार्यालय

कलंकीमा हालसाबिकको प्रक्रियामा रहेको भन्ने निवेदनमा नै जनाएकाले सो हालसाबिक गर्ने प्रक्रियामा त्यस कार्यालयबाट सिफारिश भएको छ छैन ? साविकदेखिको भोगचलन प्रमाणित गर्ने कार्य भएको छ छैन ? आदि समेत कानूनी प्रमाणको आधारमा पर्ती जग्गा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ (१) ञ (३) अनुसार कर्तव्य निर्वाह गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. उमादेवी श्रेष्ठ काठमाडौं महानगरपालिका १ ले सडक मिची घर निर्माण गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।१२ को निर्णय अनुसार मापदण्ड अनुसार नक्सा पास गर्ने र पारित नक्सा अनुसार निर्माण कार्य भए नभएको अनुगमन गरी मिचेर बनाएको भए कानून बमोजिम कार्यान्वयन गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२८ बांगेमुडास्थित धार्मिक महत्वको स्थानमण्डपको नामले प्रसिद्ध सार्वजनिक सतल भत्काई केशरीवदन समेतले काठमाडौं महानगरपालिकाबाट नक्सा पास गराई घर निर्माण गर्न लागेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।२८ को निर्णय अनुसार उक्त सम्पदाको संरक्षण गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. जिल्ला विकास समितिको कार्यालय सर्लाहीका तत्कालीन सभापति सूर्यनारायण यादव समेतले नियम विपरीत खर्च गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।०९।१३ को निर्णय अनुसार आ.व. २०६२/०६३ को लेखापरीक्षण प्रतिवेदनबाट चालू खर्चतर्फ इलाका सदस्य १० जनाले लिएको पेश्की रु. २४,०००/- स्थानीय निकाय (आ.प्र.) नियमावली २०५६ को परिच्छेद ८ को नियम ११५, ११६, ११७ र ११९ अनुसार अविलम्ब फछ्यौंट गरी ३ महिनाभित्र कारबाही गरी आयोगलाई जानकारी दिन जिल्ला विकास समितिको कार्यालय सर्लाहीमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. काठमाडौं महानगरपालिका कार्यालयका कर्मचारीहरूसँग मिलेमतो गरी मेडिकेयर नेसनल हस्पिटल एण्ड रिसर्च सेन्टर लिमिटेड चाबहिलले बुझाउनुपर्ने सम्पत्ति कर नबुझाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।२७ को निर्णय अनुसार आवश्यक परे ऐन, नियममा सुधार गर्नुपर्ने भएमा आवश्यक संशोधनको कारबाही चलाउन, राजस्व असुलीमा योग्य र दक्ष कर्मचारी मात्र खटाउन, कर्मचारीलाई समय समयमा तालिम दिने व्यवस्था मिलाउन, नगर परिषद्बाट जग्गाको मूल्य कायम गर्दा काठमाडौं महानगरपालिका क्षेत्रभित्र पर्ने सबै ठाउँलाई प्रस्ट चित्रण गर्ने गरी जग्गाको मूल्य स्पष्ट रूपमा निर्धारण गर्न गराउन, अनुगमन एवं निरीक्षणको व्यवस्था गर्न, राजस्वतर्फको समेत आन्तरिक लेखापरीक्षण गराउन र तत्काल कमीकमजोरीमा सुधार गराउन, अन्तिम लेखापरीक्षण एक आ.व.को अर्को आ.व.मा सक्ने गरी व्यवस्था गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. जिल्ला विकास समिति कैलालीले मटिया (खुटिया सडक निर्माणमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।९ को निर्णय अनुसार आ.व. ०६३/६४ मा खुटिया (मटियानी ग्रामीण सडक (१० कि.मि.) को सुधार तथा निर्माण गर्न ३ वटा कन्ट्रयाक्ट प्याकेज अन्तर्गत ठेक्का भई अन्तिम भुक्तानी भएकोमा उक्त सडक क्षतिग्रस्त भएको हुँदा Slice-1 अन्तर्गत चे ३+५०० कि.मि.देखि चे. ५+०० कि.मि.सम्मका अधिकांश खण्ड र Slice-2 को चे ५+१२५ कि.मि. तथा चे ६+२०० कि.मि.मा केही खण्ड पुनः क्षतिग्रस्त भएको हुँदा उक्त क्षतिग्रस्त सडक खण्ड तोकिएको कार्यविधि अनुसार जिल्ला विकास समितिको प्राविधिक तथा सुपरीवेक्षणमा ठेकेदारबाट गराउन तथा सो को प्रतिवेदन पठाउन जिल्ला विकास समितिको कार्यालय कैलालीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. धनमान सिंहको नाममा रहेको जग्गा निजको र निजकी श्रीमतीको मृत्युपश्चात काल्पनिक व्यक्तिलाई छोरा बनाई सिफारिस गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।८।११ को निर्णय अनुसार जमदह गा.वि.स.का सचिव चिरञ्जिवी कोइरालालाई विभागीय कारबाही गर्न जिल्ला विकास समितिको कार्यालय सिराहामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. महेन्द्र विक्रम शाहले नगर निर्वाचन २०६२ मा गैरकानूनी रूपमा रकम बुझी लिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।१७ को निर्णय अनुसार महेन्द्र विक्रम शाह (शाही) बाट रु.२,२७,४००।- असुल उपर गर्न जिल्ला विकास समितिको कार्यालय काभ्रेपलाञ्चोकमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. विष्णु बूढानीलकण्ठ गा.वि.स. का तत्कालीन सचिव हेमराज लुइटेलले अनियमित तरिकाले नाता प्रमाणित गरिदिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार तत्कालीन सचिवले दिएको च.नं.१७१ मिति २०६२।४।२५ को नाता प्रमाणित प्रमाणपत्र बदर गर्न गाविसको कार्यालय विष्णु बूढानीलकण्ठ काठमाडौं र सचिव हेमराज लुइटेल (हाल भद्रबास गाविस) लाई विभागीय कारबाही गर्न जिल्ला विकास समितिको कार्यालय काठमाडौंमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. धादिङ जिल्ला पिडा गाविस वडा नं.८ का विभिन्न व्यक्तिको नाममा रहेको मोटरबाटो नजोडिएको जग्गालाई मोटरबाटो जोडिएको भनी सिफारिस गरिएको आधारमा उक्त जग्गा धितो राखी अभियुक्त छुटेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार गा.वि.स.का सचिव डिल्लीराम कोइरालालाई विभागीय कारबाही गर्न जिल्ला विकास समितिको कार्यालय धादिङमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. स्थानीय स्वायत्त शासन ऐन र नियमावली विपरीत राजमार्गमा ढाँट राखी कर उठाएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।३।१६ को निर्णय अनुसार काठमाडौं महानगरपालिकाले थानकोट क्षेत्रको राजमार्गमा लगाएको पटके

सवारी कर कानूनसम्मत नदेखिएकाले सो रोक्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(द) संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत

१ देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशकले नगद, जिन्सी र माइन्युट बुक लगायत श्रेस्ताहरू नबुझाएकाले समितिको कार्यमा बाधा पुगेको भन्ने उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।१०।५ को निर्णय अनुसार समितिका पूर्व कार्यकारी निर्देशक श्रीधर शर्माले सोही समितिका पूर्व लेखापाल पुष्पराज पौडेललाई बुझाएको मुभी क्यामरा-१, मोबाइल सेट-१ तथा हाल कार्यरत लेखापाल किरण पौडेललाई बुझाएको समितिको माइन्युट बुक-१ बैठकको आदेशबुक-१, बाटो निर्माणसम्बन्धी फाइल-१ र कर्डलेस टेलिफोन-१ अविलम्ब कार्यालयमा दाखिला गराउन र निज शर्माले बुझाउन बाँकी अन्य कुनै कार्यालय सामानका हकमा निजलाई जानकारी गराई सामान नै दाखिला गर्न लगाउने र सामान दाखिला नगरेको खण्डमा सामानको परल मूल्य यकिन गरी उक्त रकम निज शर्माले कार्यालयबाट लिन बाँकी रकमबाट कट्टा गरी कार्यालयमा अभिलेख जनाउने साथै निज शर्माले फछ्यौंट गर्न बाँकी देखिएको अन्य रकमका विषयमा शीघ्र फछ्यौंट गर्ने व्यवस्था गर्न देवघाट क्षेत्र विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ध) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

१. घरेलु तथा साना उद्योग कार्यालय काभ्रेपलान्चोकबाट उद्योग दर्ता गर्दा अनियमित कार्य भएको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।३।२६ को निर्णय अनुसार कार्यालय प्रमुख कृष्णबहादुर कार्कीलाई विभागीय कारबाही गर्न सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(न) शिक्षा मन्त्रालय अन्तर्गत

१. त्रिभुवन विश्वविद्यालय अन्तर्गत महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरका तत्कालीन क्याम्पस प्रमुख उपेन्द्रकुमार कोइरालाले विभिन्न अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०५९।११।२० को निर्णय अनुसार अनियमितता गर्ने उपर कारबाही गरी डा. सूर्यमणी अधिकारीको प्रतिवेदन लागू गर्न उपकुलपति, त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. कपिलवस्तु बहुमुखी क्याम्पसका मुखिया पशुपति प्रसाद मिश्रले रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६०।३।३१ को निर्णय अनुसार गफलत गरे नगरेको यकिन गरी मुलुकी ऐन कीर्ते कागजको महलको आधारमा आवश्यक कारबाही गर्न कपिलवस्तु बहुमुखी क्याम्पसमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. पूर्वाञ्चल विश्वविद्यालयमा नियम विपरीत अस्थायी कर्मचारी भर्ना गरिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६१।५।७ को निर्णय अनुसार आगामी ६ महिनाभित्र अस्थायी, करार वा ज्यालादारीमा रहेका सबै पदमा स्थायी तवरले पदपूर्तिको व्यवस्था मिलाउन तथा सो अवधिभित्र स्थायी पदपूर्तिको व्यवस्था नमिलाई नियुक्ति भएका अस्थायी, करार वा ज्यालादारी पदमा कार्यरत सम्पूर्णलाई उपलब्ध गराएको तलब भत्ता नियुक्ति स्वीकृत गर्ने उपकुलपति तोरणबहादुर कार्कीबाट असुल उपर गर्न पूर्वाञ्चल विश्वविद्यालय तथा सो विश्वविद्यालय सेवा आयोगमा लेखी पठाइएकोमा निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. विश्वभाषा क्याम्पस प्रशासन समेतबाट कार्यक्रम सञ्चालन र सामान खरिदमा भ्रष्टाचार भयो भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६१।९।९ को निर्णय अनुसार पेश्की दिएको रकम असुल उपर गरी जानकारी पठाउन त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. सप्तरीस्थित राजेन्द्र देवकी निम्न माध्यमिक विद्यालयको आय श्रोत हिनामिना गरी गैरकानूनी तरिकाले खर्च गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२ को निर्णय अनुसार विद्यालयका प्रधानाध्यापक मुरारी प्रसाद सिंहबाट भएको बेरुजु सम्बन्धमा एक महिनाभित्र टुंगो लगाई आयोगलाई जानकारी दिन जिल्ला शिक्षा कार्यालय सप्तरीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. वन विज्ञान अध्ययन संस्थान पोखराका डिन अशोककुमार मल्लिकले गाडी खरिद र विद्यार्थी भर्नामा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णय अनुसार उपप्राध्यापक शैलेन्द्रनाथ अधिकारीलाई त्रिभुवन विश्वविद्यालय कर्मचारी सेवा शर्त सम्बन्धी नियम २०५० बमोजिम सेवाबाट बर्खास्त गर्न र ओभर हेड खाताबाट पेश्की लिई फछ्र्यौट हुन बाँकी जम्मा रु. ३,१०,२७१।८० मध्ये प्रा.डा. अभय कुमार दासबाट रु. ७,४८२।७०, प्राध्यापक देवनारायण ठाकुरबाट रु. ५,०००।-, सहायक प्राध्यापक अच्युतराज ज्ञवालीबाट रु. १०,४२१।३०, उपप्राध्यापक केशरप्रसाद काफ्लेबाट रु. २०,०००।-, सहायक प्राध्यापक देवेद्रप्रसाद लिगलबाट रु. ३०,०००।-, सहलेखापाल शम्भु राज ढुंगेलबाट रु. १२,०००।-, सहायक प्राध्यापक इश्वरेन्द्र प्रसाद इन्द्रबाट रु.३८,०००।-, सहायक प्राध्यापक अशोक कुमार मल्लिकबाट रु. १०,०००।-, लेखा अधिकृत दिनानाथ जमरकट्टेलबाट रु.९,२६७।७०, उपप्राध्यापक कृष्णमोहन श्रेष्ठबाट रु. ५,०००।-, उपप्राध्यापक श्याममोहन मिश्रबाट रु.३०,०००।-, सहायक प्राध्यापक सुकदेव चौधरीबाट १५,०००।-, कर्मचारी इकाई संघबाट रु.१९,५००।-, सहायक प्राध्यापक समसुहकबाट रु.३०,०००।-, सहायक प्राध्यापक मकबुल हुसेन खाँबाट रु.१०,०००।-, सहायक प्राध्यापक केदारनाथ पौडेलबाट रु.६००।-, उपप्राध्यापक गिरीराज त्रिपाठीबाट रु. १५,०००।-, डा. सफेदराज उद्दिनबाट रु.१२,५००।-, प्र.प्रेमकाजी गुरुङबाट रु. ७,५००।-, मे.न्यायदेव खतिवडाबाट रु. १२,०००।-, उपप्राध्यापक राम प्रसाद शर्माबाट रु. १०,०००।-, स.स्टोर किपर देवनारायण यादवबाट रु. १,०००।-, र वन विज्ञान अध्ययन संस्थान कार्यालय खर्चको लागि प्रदान गरिएको जम्मा रु. ३,४०,०००।-

मध्ये वन विज्ञान अध्ययन संस्थान सम्पर्क कार्यालयबाट रु. १,००,०००।-, वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालयबाट रु. १,७०,०००।-, वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसबाट रु. ७०,०००।- असुल उपर गर्न त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. सदस्य सचिव अग्नीप्रसाद काफ्लेले CTEVT का मंगलदास कर्माचार्य, शम्भुप्रसाद भट्टराई, रामधारी यादवलाई परिषद्को नियमावली २०४९ अनुसार ५८ वर्ष पूरा भएका कर्मचारीलाई अवकाश दिनुपर्नेमा नदिई आर्थिक मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।२७ को निर्णय अनुसार समयमै विनियममा भएको संशोधनको जानकारी नगराउने र उमेर पुगेपछि अवकाश नदिने तत्कालीन सदस्य सचिव डा. अग्नि प्रसाद काफ्ले र आफ्नो अवकाश उमेर अवधिको सम्बन्धमा स्वयं जानकारी लिनुपर्ने कानूनी व्यवस्था र त्यस्तो जानकारी प्राप्त गर्न सक्ने अवस्था रहँदा रहँदै अवकाश पत्र नदिएको भन्ने गैरकानूनी आधार बनाई अवकाश हुने उमेर पुगेपछि पनि बढी अवधिमा लिएको तलब भत्ता लगायतका अन्य सुविधाहरू बापतको रकम परिषद्को नियम अनुसार असुल उपर गरी आयोगलाई जानकारी दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा र आयोगले निर्णय गरिसकेको विषयलाई अवज्ञा गर्ने मनसायले मिति २०६५।४।१६ का दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को १०० औँ बैठकबाट भएको निर्णय कानूनसम्मत मान्न नमिलेकाले यस सम्बन्धमा आयोगको पूर्व निर्णय बमोजिम १ महिनाभित्र बढी अवधिको तलब खाने कर्मचारीबाटै असुल उपर गर्न, सो हुन नसके निर्णय गर्ने पदाधिकारीबाट ३ महिनाभित्र दामासाहीले असुल उपर गर्न आयोगको मिति २०६५।९।३ को निर्णय अनुसार शिक्षा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. टेलिफोन एक्चेन्ज बोर्ड, एयर कन्डिसन सेनिटरी मर्मत र भवन निर्माणमा समेत अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।१७ को निर्णय अनुसार संयोजक मुरारीनाथ शर्मा समेतको समितिले औल्याएका तथ्यहरू उपर कारबाही गरी आयोगलाई जानकारी दिन त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. रुकुम जिल्लाका निमित्त जिल्ला शिक्षा अधिकारी महेन्द्र कुमार बोहोराले दरबन्दीभन्दा बढी शिक्षक नियुक्ति गरी सरकारी रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।२० को निर्णय अनुसार के कति दरबन्दीभन्दा बढी शिक्षक नियुक्ति गरिएको हो ? सो प्रतिवेदनबाट खुल्न नआएकोले कस कसको पालामा कति जना बढी शिक्षक नियुक्ति भएका हुन् सो यकिन गरी दरबन्दीभन्दा बढी शिक्षकलाई तलब भत्ता भुक्तानी दिने पदाधिकारी उपर कानून बमोजिम उक्त रकम असुल उपर गर्न र नियम विपरीत अध्ययन बिदा स्वीकृत गरेको देखिएकोले निमित्त जिल्ला शिक्षा अधिकारीलाई विभागीय कारबाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. त्रिचन्द्र क्याम्पस अन्तर्गत स्व.वि.यु.ले विभिन्न शीर्षकमा आ.व. ०६५।६६ मा प्राप्त रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार खर्चसम्बन्धी विषयलाई नियमावलीद्वारा व्यवस्थित गर्न र स्व.वि.यु.कोष विद्यार्थी कल्याणकारी कोष त्रिचन्द्र क्याम्पसबाट के कुन आ.व.मा के कुन पदाधिकारीको कार्यकालमा के कति रकम बढी खर्च भएको हो ? यकिन गरी बढी खर्च भएको रकम तत्तत् पदाधिकारीबाट असुल उपर गर्न त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध सञ्चालक रामप्रसाद शर्मा "प्रदिप" ले नियम विपरीत करार र ज्यालादारीमा कर्मचारी नियुक्ति गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।२० को निर्णय अनुसार आइन्दा उच्च व्यवस्थापनको तोक आदेशको आधारमा करार तथा ज्यालादारीमा कर्मचारीहरू नियुक्ति नगर्न, सिजनल कामहरू तोकिएको समयमा पूरा गर्न करार तथा ज्यालादारीमा कर्मचारी नियुक्ति गर्नुपर्ने अवस्था आएमा त्यस्ता कर्मचारीहरूको संख्या आवश्यकता अनुसार निर्धारण गर्न संयन्त्रको निर्माण गर्न, करार तथा दैनिक ज्यालादारीमा कर्मचारीहरूको आवश्यकता निर्धारण भै नियुक्त गर्नुपूर्व सार्वजनिक सूचना गरी योग्यता क्षमता तथा प्रतिस्पर्धाको आधारमा मात्र नियुक्ति गर्न, करार तथा दैनिक ज्यालादारीमा नियुक्त भै कार्यरत सबै कर्मचारीहरूलाई मिति २०६६।१।१ देखि सेवाबाट हटाउन जनक शिक्षा सामग्री केन्द्र लि.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्धक उद्धवप्रसाद गौतमले क्षेत्रीय कार्यालय नेपालगन्ज र अनुगमन कार्यालय जनकपुरमा रहँदा नक्कली कागजातहरू तयार गरी विभिन्न आर्थिक अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णय अनुसार प्रबन्धक उद्धव प्रसाद गौतमलाई विभागीय कारबाही गर्न र निजबाट रु.१३,४६९।- असुल उपर गर्न जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. विश्व निकेतन माध्यमिक विद्यालय त्रिपुरेश्वरका प्रधानाध्यापक नरेशमान श्रेष्ठले उच्च मा.वि. निर्माण गर्दा अनियमितता गरेको, कीर्ते लेखापरीक्षकबाट लेखापरीक्षण गरेको, शैक्षिक सत्र नमिलाएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।५।७ को निर्णय अनुसार प्रधानाध्यापकको शैक्षिक योग्यताको सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद् सम्बन्धनसम्बन्धी विनियमहरू २०५५ को नियम ३.४ मा प्रधानाध्यापकको योग्यता स्नातकोत्तर हुने उल्लेख भएकोमा विश्वनिकेतन उच्च मा.वि. त्रिपुरेश्वरका प्रधानाध्यापक नरेशमान श्रेष्ठको शैक्षिक योग्यता वि.ए. वि.एड. मात्र देखिएको हुँदा सो सम्बन्धमा विनियमको व्यवस्था पालना गर्न जिल्ला शिक्षा कार्यालय काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. सुनसरी जिल्ला धरान नगरपालिकास्थित पब्लिक उच्च मा.वि. धरानको विद्यालय भवन निर्माण गर्दा प्रचलित मापदण्ड पूरा नगरी बनाएको र विभिन्न राजनैतिक पार्टीलाई आर्थिक सहायता दिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।२५ को निर्णय अनुसार पब्लिक उच्च मा.वि. धरानका भवनहरू सुरक्षित

छन्, छैनन् र सोबाट मानवीय क्षति हुन सक्ने अवस्था रहे नरहेको सम्बन्धमा शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयबाट प्रतिवेदन दिई मानवीय क्षति हुने अवस्थामा ती भवनहरू रहेका भए सोलाई सुरक्षित हुने व्यवस्था मिलाउन र प्रचलित कानून अनुसार विद्यालयको कोषबाट आर्थिक सहायता दिने अधिकार विद्यालय व्यवस्थापन समितिलाई नभएकोले गैर कानूनी रूपमा खर्च लेखेको जम्मा रकम रु. ३२,१२८।- तत्कालीन प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट दामासाहीले असुल उपर गर्न जिल्ला शिक्षा कार्यालय सुनसरीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. चीन लगायत विभिन्न देशका मेडिकल कलेजमा एम.वि.वि.एस र वि.डि.एस अध्ययन पूरा गरी फर्केका विद्यार्थीहरूलाई अनुमतिपत्र दिँदा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।७।२२ को निर्णय अनुसार हाल चीन लगायत अन्य राष्ट्रहरूमा अध्ययन गरी फर्केका र अब फर्किन बाँकी विद्यार्थीहरूको भविष्यप्रति नेपाल सरकार र सम्बन्धित निकाय संवेदनशील हुनुपर्ने देखिँदा मिति २०६५।४।१ अघिका विद्यार्थीहरूलाई मात्र राज्यले आफ्नो उत्तरदायित्व बुझी आवश्यक पर्ने परीक्षा समेत दिई वा अन्य उपयुक्त वैकल्पिक व्यवस्था गरी निजहरूलाई समेत परीक्षामा सामेल गराई उनीहरूको भविष्यप्रति संवेदनशील हुन आवश्यक व्यवस्था मिलाउन आवश्यक कानूनी व्यवस्था गर्न र मित्रराष्ट्र चीन, रुस र फिलिपिन्समा आफ्नो खर्चमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई भाषाको कारणबाट हुने समस्या र ठूलो परिमाणमा खर्च व्यहोर्नुपर्ने अवस्था देखिएकाले ती तीन देशमा मेडिकल विषयमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई मात्र नेपालमा आई प्रि-इन्टर्नसीप र इन्टर्नसीप गर्न पाउने कानूनी व्यवस्था गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. जिल्ला शिक्षा कार्यालय अछामका जिल्ला शिक्षा अधिकारी र लेखापालले आ.व.०६१।६२ मा सबैको लागि शिक्षा कार्यक्रम सञ्चालन गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।३१ को निर्णय अनुसार प्राविधिक सहायक चक्र बहादुर कुँवरबाट रु. ७८,७१९।४७ असुल उपर गर्न जिल्ला शिक्षा कार्यालय अछाम र जिल्ला शिक्षा अधिकारी झंकरबहादुर विष्टलाई विभागीय कारबाही गर्न शिक्षा विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. पूर्वाञ्चल विश्वविद्यालयको २०६६।१।३१ मा बसेको विश्वविद्यालय सभाको बैठकले उक्त विश्वविद्यालयमा अस्थायी, करार सेवामा कार्यरत शिक्षकहरू र कर्मचारीहरूलाई स्वत: स्थायी, स्थायी शिक्षकहरूलाई एकतह स्वत: बढुवा, स्थायी सेवा अवधि पाँच वर्ष पुगेका कर्मचारीहरूलाई स्वत: एक तह बढुवा र दस वर्ष सेवा अवधि पुगेकालाई स्वत: दुई तह बढुवा गर्ने सम्बन्धी प्रस्ताव जबर्जस्ती पारित गरी हाल सो कार्यान्वयन समेत गराएको र अनुचित लाभ लिई एकै रातमा होटलमा बसेर २६ वटा कलेजलाई सम्बन्धन प्रदान गरेको र विश्वविद्यालय केन्द्रीय कार्यालयका लागि नेपाल सरकारले गोठगाउँ मोरङमा प्रदान गरेको नवनिर्मित भवन प्रयोगमा नल्याएको भन्ने समेत उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।१५ को निर्णय अनुसार पूर्वाञ्चल विश्वविद्यालयको उक्त नवनिर्मित केन्द्रीय कार्यालय भवनमा सार्ने सम्बन्धी आयोगको मिति २०६५।२।२७ को निर्णय ६ महिनाभित्र कार्यान्वयन गर्न उपकुलपति पूर्वाञ्चल विश्वविद्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. निजी क्षेत्रद्वारा सञ्चालित शैक्षिक परामर्श सेवा (Education Consultancy Service) को क्षेत्रमा देखिएको अनियमितता, अव्यवस्थासम्बन्धी उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।४।९ को निर्णय अनुसार निजी क्षेत्रद्वारा सञ्चालित शैक्षिक परामर्श सेवा व्यवस्थापनलाई तत्कालै नियमित, मर्यादित, व्यवस्थित एवं परामर्शदायी बनाउन आवश्यक देखिन आएको हुँदा सो सम्बन्धमा आवश्यक विषयगत कानून बनाई लागू गर्न र अलग विषयगत ऐन नबनुञ्जेलसम्मको लागि तत्कालै आवश्यक निर्देशिका बनाई नियमित र व्यवस्थित गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. मनोहर मा.वि.गोंगबु काठमाडौंको लेखापरीक्षण हुँदा औल्याइएको बेरुजु रकम विद्यालयका प्र.अ.इन्द्र नारायण मल्लिक र लेखापालबाट फछ्र्यौंट हुनुपर्नेमा नभएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार मनोहर मा.वि.गोंगबुका तत्कालीन प्र.अ.इन्द्रनारायण मल्लिकले नियमानुसार प्राप्त गर्ने पेन्सन पट्टा तथा पेन्सन बापतको रकम रोक्का नराख्ने, प्राप्त लेखापरीक्षण प्रतिवेदन विश्वसनीय नदेखिएकोले सक्षम लेखापरीक्षक नियुक्त गरी पुनः लेखापरीक्षण गराई सो परीक्षणबाट देखिएको बेरुजु रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिहरूबाट असुल उपर गर्न जिल्ला शिक्षा कार्यालय काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले शैक्षिक सत्र २०६६ को लागि कक्षा १-१० सम्मको पाठ्यपुस्तक छपाई कार्य गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।१३ को निर्णय अनुसार प्रोप्राइटर मोहन कुमार उपाध्याय, नेपाल साहित्य प्रकाशन केन्द्रबाट रु. ७९,५९,४२६/- असुल उपर गर्न जनक शिक्षा सामग्री केन्द्रमा र निज मोहन कुमार उपाध्याय र निज प्रोप्राइटर रहेको नेपाल साहित्य प्रकाशन केन्द्रलाई नेपाल सरकार र सार्वनिक संस्थाको छपाई कार्य गर्न नपाउने गरी रोक लगाउन शिक्षा मन्त्रालय र जनक शिक्षा सामग्री केन्द्रमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. जिल्ला रूपन्देही वोदयार गा.वि.स.८ मा सञ्चालित पशुपति प्रा.वि. ललितपुर पर्सा रूपन्देहीका प्रधानाध्यापक प्रताप नारायण चौधरीले अनियमित रूपमा शिक्षक नियुक्ति गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१२।२० को निर्णय अनुसार प्रधानाध्यापक प्रताप नारायण चौधरीलाई विभागीय कारबाही गर्न र कानून विपरीत भएको नियुक्ति बदर गरी उक्त राहत कोटा अन्तर्गतको शिक्षक पदमा नियमानुसार विज्ञापन गरी प्रतिस्पर्धा गराई नियुक्ति गर्न जिल्ला शिक्षा कार्यालय रूपन्देहीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२२. जिल्ला शिक्षा कार्यालय धनुषाबाट नथुनि गोइत नि.मा.वि.को शिक्षक नियुक्तिमा अनियमितता भएकाले नियुक्ति खारेजी गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१।२८ को निर्णय अनुसार शैक्षिक सत्र २०६४/०६५ को लागि प्राप्त प्रा.वि. शिक्षक दरबन्दी १ र प्रा.वि राहत अनुदान कोटा १ गरी २ पदमा भएको नियुक्तिसम्बन्धी दुष्परिणाम सच्याई शिक्षकहरूको नियुक्तिभन्दा पूर्वको रिक्त अवस्थामा मानी शिक्षा ऐन नियम बमोजिम नियमित रूपमा नियुक्ति गराउन जिल्ला शिक्षा कार्यालय धनुषामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(प) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. यातायात व्यवस्था कार्यालय बागमती ललितपुरका कर्मचारीले घूस रिसबत लिई लाइसेन्स बनाइदिने गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।१९ को निर्णय अनुसार शाखा प्रमुख अर्जुनराज पन्त, शाखा अधिकृत गोकुल खड्का (हाल मुद्रण विभाग), शाखा अधिकृत कृष्णबहादुर कटुवाल, मेकानिकल इन्जिनियर टेकराज बोहरा, नायब सुब्बा कमलराज गौतम, खरिदार बलराम पण्डित, टाइपिष्ट खरिदार रञ्जुसेन ठकुरीलाई विभागीय कारबाही गर्न यातायात व्यवस्था विभागमा र दैनिक झन्डै ६ लाख राजस्व आम्दानी गर्ने र लाइसेन्स वितरण गर्ने कार्यालयका रेकर्ड व्यवस्थित तथा सुरक्षित गर्न Computer Networking को कार्य यथाशीघ्र अवलम्बन गर्न, सवारी चालक अनुमतिपत्रको कार्डमा Security Thread राखी सुरक्षित तवरले मुद्रित गर्न, पुरानो रेकर्डहरूलाई विशेष प्राथमिकता दिई रेकर्ड अद्यावधिक र Computerized गर्न, सवारी चालक अनुमतिपत्रको परीक्षामा अनुत्तीर्णले ३ महिनासम्म दरखास्त दिन नपाउने, परीक्षा समितिले लिखित तथा ट्रायल परीक्षामा उत्तीर्ण व्यक्तिको उचित अध्ययन तथा Verification पछि मात्र अन्तिम निर्णय गर्न, सवारी चालक अनुमतिपत्रका लागि दरखास्त दर्ता गर्नेहरूको नामावली लिखित परीक्षा हुनुपूर्व प्रकाशित गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. यातायात व्यवस्था कार्यालय बागमतीबाट सवारी चालक अनुमतिपत्र दिँदा लिइने परीक्षामा अनियमितता गरेको भन्ने भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।४।२६ को निर्णयानुसार परीक्षणस्थलको भौतिक स्थिति क्षमता तथा जनशक्तिलाई मध्यनजर गरी सम्बद्ध प्राविधिक समेतको राय लिई परीक्षा लिन सकिने दैनिक समय र संख्या किटान गरी प्रयोगात्मक परीक्षा सञ्चालन गराउने व्यवस्था मिलाउन, प्रयोगात्मक परीक्षा स्थलमा सिसिटिभी तथा मनिटरको व्यवस्था गरी नतिजा रेकर्ड गर्न र परीक्षण दृश्यसमेत अध्ययन गरी परीक्षा समितिबाट निर्णय गर्न, ट्रायल परीक्षामा वास्तविक दक्षता स्पष्ट मापन हुने गरी बहुपद्दति अवलम्बन गर्न रोड टेष्टको माध्यमबाट परीक्षण गर्ने व्यवस्था मिलाउन, अभिलेख व्यवस्थापनतर्फ आगामी पौष महिनासम्ममा सम्पूर्ण अभिलेखहरू कम्प्युटरमा राखी अद्यावधिक गर्ने गराउने व्यवस्था मिलाउन यातायात व्यवस्था विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(फ) सर्वोच्च अदालत अन्तर्गत

धादिङ जिल्ला पिडा गा.वि.स. वडा नं.८ का विभिन्न व्यक्तिको नाममा रहेको मोटरबाटो नजोडिएको जग्गालाई मोटरबाटो जोडिएको भनी सिफारिस गरिएको आधारमा उक्त जग्गा धितो राखी अभियुक्त छुटेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार धादिङ जिल्ला अदालतका डिट्ठा खड्गबहादुर श्रेष्ठलाई विभागीय कारबाही गर्न सर्वोच्च अदालतमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

परिच्छेद - १४
तामेली

आर्थिक वर्ष २०६६/०६७ मा आयोगमा पर्न आएका उजुरीहरूमा प्रारम्भिक छानबिन गर्ने क्रममा ऐनको हदम्याद नाघेको, आयोगको अधिकार वा कार्यक्षेत्रभित्र नपरेको, प्रथम दृष्टि (Prima Facie) मै तथ्ययुक्त नदेखिएको, अदालतमा मुद्दा परिरहेको, कुनै कारणले कारबाही गर्न सम्भव नभएको, गोलमटोल, अधुरा, अपुरा प्रमाणहरू भएका, कुनै तथ्यगत आधार नभएका, व्यक्तिगत रिसइबी साँध्ने खालका, अत्यन्त सामान्य र मामुली विषयका सम्बन्धमा उजुरी परेको भएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० बमोजिम आयोगबाट त्यस्ता उजुरीहरू तामेलीमा राख्ने निर्णय गरिन्छ । उपरोक्त बमोजिमका उजुरीहरू बाहेक आ. व. २०६६/०६७ मा विस्तृत अनुसन्धान भई तामेलीमा राख्ने निर्णय गरिएका उजुरीहरू देहाय बमोजिम छन् ।

१. उच्चस्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदनको अनुसूची १५.१७ अनुसार भक्तपुर नगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत हेम शर्मा पोखरेलले पदमा बहाल रहँदा तत्कालीन श्री ५ हरूको फिर्ती सवारी हुँदा स्वागतद्वार निर्माण गर्न जिल्ला विकास समिति भक्तपुरलाई रु. ५०,०००।- उपलब्ध गराएको सम्बन्धमा निज हेम शर्मा पोखरेलको हकमा भएको अनुसन्धान कार्य पूरा भई प्राप्त भएको अनुसन्धान अधिकृतको प्रतिवेदन छलफल हुँदा अनुसन्धानको सिलसिलामा संकलन हुन आएका प्रमाण कागजातहरूको अध्ययन गर्दा उक्त रकम स्थानीय निकाय (आर्थिक प्रशासन नियमावली) २०५६ को नियम ३२ को उपनियम १ को खण्ड ख को सि.नं.३९ को संकेत नं.२.१३.१ अनुदान शीर्षकबाट पेश्की स्वरूप एकाउण्टपेयी चेक मार्फत जिल्ला विकास समिति भक्तपुरलाई उपलब्ध गराएको, खर्च नगरपालिकाको बोर्डबाट समर्थन गरेको, नगरपरिषद्ले खर्चको अनुमोदन गरेको एवं उक्त रकमका सम्बन्धमा लेखापरीक्षण प्रतिवेदनमा बेरुजु औंल्याइएको नपाइएको हुँदा सो सम्बन्धमा थप कुनै कारबाही गरिरहन परेन । अतः अनुसन्धानको क्रममा प्राप्त हुन आएका सक्कलै कागजातहरू सम्बन्धित कार्यालयमा फिर्ता पठाई प्रस्तुत उजुरीको लगत कट्टा गरी मिसिल तामेलीमा राख्ने गरी भएको आयोगको मिति २०६६।४।५ को निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२. उच्चस्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदनको अनुसूची १५.१७ अनुसार जिल्ला विकास समिति ललितपुरका तत्कालीन सभापति बद्रीबहादुर के.सी.ले पदमा बहाल रहँदा बसन्तपुरमा नागरिक भेलाको लागि रु. २० हजार, राष्ट्रिय शिक्षक परिषद्को चुनाव प्रचार प्रसारको लागि रु. २० हजार, रा.प्र.पा.महिला संगठनको केन्द्रीय अधिवेशनका लागि रु. २० हजार एवं राजपरिषद् भोज खर्च रु. ९५,४८५।- समेत गरी जम्मा रु. १,५२,४८५।- खर्च गरेको सम्बन्धमा निज बद्रीबहादुर के.सी.को हकमा भएको अनुसन्धान कार्य पूरा भई प्राप्त भएको अनुसन्धान अधिकृतको प्रतिवेदन उपर छलफल हुँदा उल्लिखित शीर्षकमा भएका खर्चहरू स्थानीय निकाय (आर्थिक प्रशासन नियमावली) २०५६ को नियम ५१(१) को खण्ड ख बमोजिम विविध शीर्षक अन्तर्गत रही खर्च गरेको देखियो । उल्लिखित रकमहरूमध्ये राष्ट्रिय शिक्षक परिषद्को चुनाव प्रचार प्रसारका लागि रु. २० हजार रचनात्मक सहयोग भनी उपलब्ध गराइएको रकम महालेखा परीक्षकको प्रतिवेदनमा बेरुजु

औंल्याइएको देखिए तापनि जिल्ला विकास समिति ललितपुरको १६ औं जिल्ला परिषद्को निर्णय नं. ५५ बाट उक्त खर्चलाई समर्थन गरी अनुमोदन समेत भइसकेकोमा महालेखा परीक्षकको प्रतिवेदनमा लगत कट्टा हुन बाँकी भनी जिल्ला विकास समिति ललितपुरबाट खुल्न आएको हुँदा सो सम्बन्धमा थप कुनै कारबाही गरिरहन परेन । अतः अनुसन्धानको क्रममा प्राप्त हुन आएका सक्कलै कागजातहरू सम्बन्धित कार्यालयमा फिर्ता पठाई प्रस्तुत उजुरीको लगत कट्टा गरी मिसिल तामेलीमा राख्ने गरी भएको आयोगको मिति २०६६।४।५ को निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम राजस्व अनुसन्धान विभाग पश्चिमाञ्चल इकाई कार्यालय, बुटवलमा कार्यरत ना.सु.ताराप्रसाद आर्यालले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज ताराप्रसाद अर्याल मिति २०२८।१०।१० देखि सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म आफ्नो पारिश्रमिकबाट रु. ८,०५,४२२।-, ऋण सापटी बापत रु. ८,५०,०००।-, घर बहालबाट रु. १,६९,२००।-, कृषिबाट रु. १,१०,१५८।-, जग्गा बिक्रीबाट रु. १,३४,०००।-, सवारी साधन बिक्रीबाट रु. १०,२०,०००।-, औषधी उपचार बापत रु. ६०,९७४।- समेत गरी कुल जम्मा रु. ३१,४९,७५४।- आय आर्जन गरेको देखियो । निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात हालसम्म घर निर्माणमा रु ९,५३,०००।-, जग्गा खरिदमा रु.७०,०००।-, सवारी साधन खरिद (ट्याक्टर तथा मोटरसाइकल) रु. ६,६४,९६५।- एवं बैंक मौज्दातमा रु. ८,३२,२०३।- समेत गरी जम्मा रु.२५,२०,१६८।- खर्च गरेको देखिँदा निजको आयको तुलनामा व्यय कम नै रहेको देखियो । निजले आयोगमा पेश गरेको बैंक विवरण तथा यस आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निज र निजको एकाघरको परिवारको नाममा रहेको बैंक खाता विवरण अनुसार हालसम्म रु. ८,३२,२०३।- निजको मौज्दात रकम रहेको देखिएकोले सोही रकमलाई हालसम्मको बचत रकम मान्नुपर्ने देखियो ।

(ख) तसर्थ, निज ताराप्रसाद अर्यालको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम प्रस्तुत अनुसन्धान तहकिकातको कारबाही तामेलीमा राखी लगत कट्टा गरिदिने गरी भएको आयोगको मिति २०६६।४।५ को निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम रूपनाथ श्रेष्ठ (ललितपुर जिल्ला, लुभु ४ चुन्देवी) ले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज रूपनाथ श्रेष्ठ २०३२।४।८ गतेबाट सार्वजनिक सेवामा प्रवेश गरेपश्चात्को समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ घर निर्माण १२,६७,०००।- जग्गा खरिदमा ८,०७,२०२।-, साथमा रहेको नगद रु. ३५,०००।, विभिन्न बैंकहरूमा रहेको बैंक मौज्दात रु. १९,५६९।- समेत गरी कुल व्यय रु. २१,२८,७७१।-

देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा कपडा बुनाई घरेलुबाट रु. ४,१९,७१६।-, तलब भत्ता रु. ३,९९,९६०।-, घरजग्गा बिक्रीबाट प्राप्त आय रु. १६,३६,८५८।- समेत कुल रु. २४,५६,५३४।- आय देखिन्छ ।

(ख) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि थप कुनै सम्पत्ति फेला परेमा कारबाही अगाडि बढाउन सकिने नै हुँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम हाल तामेलीमा राख्ने गरी मिति २०६६।४।६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम भन्सार विभाग अन्तर्गत कार्यरत ना.सु. सुदर्शन प्रसाद दवाडीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोतका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज सुदर्शन प्रसाद दवाडी मिति २०३७ मा सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् निज र निजकी श्रीमती शोभा दवाडीको नाममा विभिन्न बैंकहरूमा हाल रु. ३८,३६२।८६ पैसा बैंक मौज्दात रहेको देखिन्छ । निजको समग्र आय व्ययलाई विश्लेषण गर्दा व्ययतर्फ जग्गा खरिदमा रु. २,६०,०००।-, घर निर्माणमा रु. ६,००,०००।- शेयर रु. ८,३४,०००।-, सवारी साधन रु. ८०,०००।-, कम्प्युटर रु. २०,०००।- बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिरेको रु. ३,२६,०००।- गरी जम्मा रु. २१,२०,०००।- व्यय गरेको देखिन्छ । आयतर्फ (मिति २०६५।९।१ सम्म) तलब भत्ता रु. ९,२८,९९६।-, अंशबाट प्राप्त रकम रु. १५,००,०००।- आय देखिन्छ । निजले पुरस्कार तथा सुविधा (कमिसन) बाट रु. ५६,९००।- प्राप्त गरेका छन् तथा घर बहालबाट रु. २४,५९,३००।- प्राप्त गरी आय आर्जन गरेको समेत खुल्न आएको देखिन्छ । निजको अंशवण्डा भइसकेको र निजले मामाघरबाट प्राप्त जग्गा पैतृक रूपमा प्राप्त जग्गासमेत बेचबिखन गरी रु. ३७,७७,०००।- र बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण सापटी रु. २,८३,४६४।- गरी जम्मा रु. ९०,०५,६६०।- आय गरेको देखिन्छ ।

(ख) निज सुदर्शन प्रसाद दवाडीको समग्र आय व्ययलाई विश्लेषण गर्दा निजले सार्वजनिक सेवामा प्रवेश गरेपछि स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि थप कुनै सम्पत्ति फेला परेमा कारबाही अगाडि बढाउन सकिने नै हुँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम हाल तामेलीमा राख्ने गरी मिति २०६६।४।६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

६. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम यातायात व्यवस्था कार्यालय, वागमती अञ्चलको मेकानिकल इन्जिनियर श्री नरेशकुमार कार्कीले निज पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा आवश्यक अनुसन्धान गरी

प्रतिवेदन पेश गर्न आयोगका उपन्यायाधिवक्ता राजेन्द्रकुमार श्रेष्ठलाई अनुसन्धान अधिकृत तोकिएकोमा निजले पेश गरेको अनुसन्धान प्रतिवेदन आयोग समक्ष पेश भई अध्ययन र छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

अनुसन्धान अधिकृतको प्रतिवेदन र मिसिलसाथ संलग्न कागजातहरूबाट निज नरेशकुमार कार्की मिति २०४६।८।१४ मा नोकरी प्रवेश गरी हाल रा.प. तृतीय श्रेणी मेकानिकल इन्जिनियर पदमा यातायात व्यवस्था कार्यालय वागमती अञ्चलमा कार्यरत रहेको देखियो । हालसम्मको अनुसन्धानबाट प्राप्त तथ्य र फाइल समेतका आधारमा निजको आय तलब भत्ता, सवारी साधन सञ्चालन, सवारी साधन बिक्री, बैंक तथा वितीय संस्थाबाट सापटी, जग्गा बिक्रीबाट प्राप्त भएका कागजातहरूबाट देखिएको, जसमध्ये तलब भत्ता बापत रु. ११,२९,३२८।-, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण सापटीबाट रु. ९,४९,८००।-, जग्गा बिक्रीबाट रु. १२,३९,७००।-, सवारी साधन बिक्रीबाट रु.२८,५०,०००।- र सवारी साधन सञ्चालनबाट रु. २२,७५,०००।- गरी कुल जम्मा रु. ८४,४३,८२८।- आय आर्जन गरेको देखिन्छ भने जग्गा खरिद लगायत सवारी साधन खरिद, मौज्दात रकमसमेत कुल जम्मा रु. ६२,६२,०५०।- व्यय भई मौज्दात रु.२१,८१,७७८।- रहेको भन्ने आय व्यय प्रवाहबाट देखिन आए पनि हालसम्म बैंक तथा नगद मौज्दात रु २,७०,०००।- रहेकोले सोही रकम नै हालसम्मको बचत रहेको देखिन आयो ।

अतः निज नरेशकुमार कार्कीले सार्वजनिक पदमा प्रवेश गरेपछि स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवनयापन गरिरहेको भन्ने नदेखिएकाले पछि कहीँ कतैबाट तथ्यसाथ स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा नयाँ प्रमाण फेला परे उसै बखत कारबाही हुने गरी निज उपरको अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।४।१२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम आन्तरिक राजस्व विभाग अन्तर्गतका खरिदार बिदुरमणि दाहालले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज बिदुरमणि दाहाल मिति २०२५ साल आषाढ २५ गते रा.प.अनं. द्वितीय श्रेणीको खरिदार पदबाट सार्वजनिक सेवामा प्रवेश गरी विभिन्न निकायमा सरुवा हुँदै मिति २०६१।१।१० देखि जलेश्वर भन्सार कार्यालयको रा.प.अनं. द्वितीय श्रेणी, खरिदार पदमा सरुवा भएकोमा मिति २०६२।११।२५ देखि उमेरको हदले अनिवार्य अवकाश प्राप्त गरेको देखिन्छ ।

(ख) निज बिदुरमणि दाहालको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ घर, जग्गा खरिदमा ८,६४,१००।- घर निर्माणमा रु. ३,००,०००।- शेयर खरिदमा रु. १,०००।-, ऋण भुक्तानीमा रु. ८,८९,५००।- विभिन्न बैंकहरूमा रहेको बैंक मौज्दात रु. १७,३७४।२६ समेत गरी कुल व्यय रु. २०,७१,९७४।२६ देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलब भत्ता रु. ७,११,७१०।-, घरजग्गा बिक्रीबाट

प्राप्त आय रु. १९,२७,२००।-, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण सापटी रु. २६,६४,५००।- समेत कुल रु. ५३,०३,४१०।- आय देखिन्छ तापनि निजसँग रु. १७,३७४।- बैंक मौज्दात रहेको देखिएबाट निज अवकाश हुँदा सम्मको बचत यसैलाई मान्नुपर्ने देखियो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि थप कुनै सम्पत्ति फेला परेमा कारबाही अगाडि बढाउन सकिने नै हुँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखी अनुसन्धानका क्रममा रोक्का रहेको निज एवं परिवारका नामको चल अचल सम्पत्ति फुकुवा गरिदिने गरी मिति २०६६।४।१२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

८. उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनमा उल्लेख भएको कलैया नगरपालिका कार्यालय, कलैया, बाराका तत्कालीन कार्यकारी अधिकृत कृष्णकुमार निरौला उपरको आरोपित विषयका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

अञ्चल प्रशासन कार्यालय, पथलैया नारायणीको मिति २०६२।५।२३ को पत्रबाट माग भए बमोजिम कलैया नगरपालिका कार्य सञ्चालन समितिले मिति २०६२।५।२४ मा निर्णय गरी उक्त कार्यालयलाई रु. ५० हजार उपलब्ध गराएको कार्यलाई अन्यथा भन्न नसकिँदा प्रस्तुत विषयमा थप छानबिन गर्नुपर्ने अवस्था नहुँदा फाइल तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।४।१२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९. उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनमा उल्लेख भएको गौर नगरपालिका कार्यालय, रौतहटका तत्कालीन कार्यकारी अधिकृत शिवप्रसाद सापकोटा उपरको आरोपित विषयका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो । अञ्चल प्रशासन कार्यालय, पथलैया, नारायणीको मिति ०६२।५।२३ को पत्रबाट माग भए बमोजिम गौर नगरपालिका कार्य सञ्चालन समितिले मिति ०६२।६।४ मा निर्णय गरी उक्त कार्यालयलाई रु. ५० हजार उपलब्ध गराएको कार्यलाई अन्यथा भन्न नसकिँदा प्रस्तुत विषयमा थप छानबिन गर्नुपर्ने अवस्था नहुँदा फाइल तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।४।१२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१०. उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनमा उल्लेख भएको जिल्ला विकास समितिको कार्यालय, बाराका तत्कालीन सभापति रामविलास चौरसिया र उप-सभापति मोहनप्रसाद यादव उपरको आरोपित विषयका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

तत्कालीन मन्त्रिपरिषद्का उपाध्यक्ष कीर्तिनिधि विष्ट समेत वीरगञ्ज भ्रमणमा रहँदा जनजागरण कार्यक्रममा भएको खर्च रु. ७० हजार जिल्ला विकास समिति, वाराका

सभापति रामविलास चौरसियाको सभापतित्वमा बसेको मिति २०६२।१०।४ को बैठकबाट समर्थन गर्ने गरी निर्णय भएको देखिँदा यस विषयमा केही गरिरहनु परेन । तर,

१. नेपाल राष्ट्रवादी पत्रकार संघलाई उपलब्ध गराइएको आर्थिक सहायता रु. १२,०००।-
२. राष्ट्रिय प्रजातान्त्रिक युवक संगठनलाई उपलब्ध गराइएको आर्थिक सहायता रु. ७,०००।-
३. समाजवादी पार्टीलाई उपलब्ध गराइएको आर्थिक सहायता रु. १०,०००।-
४. उप-सभापति मोहन प्रसाद यादवले लिएको दैनिक भ्रमण भत्ता र फोन जडान पेश्की समेत रु. ३८,५००।- संस्थाहरूलाई उपलब्ध गराएको आर्थिक सहायता र उप-सभापति मोहनप्रसाद यादवको नाममा खर्च भएको दैनिक भ्रमण भत्ता र फोन जडानका लागि लिएको पेश्की रकमको बिल भरपाई नदेखिनुका साथै जिल्ला विकास समितिको बोर्डले समर्थन गरेको नदेखिँदा सो रकमको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्ने देखिए सम्बन्धित पदाधिकारीबाट कानून बमोजिम असुल गर्न जिल्ला विकास समितिको कार्यालय, कलैया, बारालाई पत्र लेखी प्रस्तुत उजुरीको लगत कट्टा गर्ने गरी मिति २०६६।४।१२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

११. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा मालपोत कार्यालय ललितपुरका खरिदार हाल ना. सु. पदमा कार्यरत रामकृष्ण प्रजापतिले पेश गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने समेत व्यहोराको सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज रामकृष्ण प्रजापति मिति २०३८।३।२१ देखि गा.वि.स. सचिवमा नियुक्ति भई हाल मालपोत कार्यालय ललितपुरमा ना.सु. पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज रामकृष्ण प्रजापतिको सार्वजनिक पदमा प्रवेश गरेपछि तलब भत्ता बापत रु.९,१६,७५२।-, कर्मचारी संचय कोष सापटीबाट रु.८,४७,०००।-, गाडी खरिद गरी गाडी भाडाबाट रु.५१,०००।-, इट्टाभट्टा व्यवसायबाट रु.२,५०,०००।-, जग्गा बिक्रीबाट रु. ३,९५,०००।-, सवारी साधान बिक्रीबाट रु.१५,५५,०००।- समेत जम्मा रु.४०,१५,५५२।- आय आर्जन गरेको र व्ययतर्फ घर निर्माणका लागि रु. ९,५०,०००।-, जग्गा खरिद गर्न रु.६,११,५१२।-, शेयर खरिद गर्न रु.४३,५००।-, सवारी साधन खरिद गर्न रु.१३,२५,०००।- खर्च भएको र हाल बैंक मौज्दात रु.२,१४,०२५।- रहेको देखिँदा जम्मा रु.३१,४४,०३७।- व्यय देखिन आए पनि निजको हालसम्मको नगद मौज्दात रु.२,१४,०२५।- रहेको मान्नुपर्ने देखियो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययभन्दा आय अधिक देखिएको हुँदा निज रामकृष्ण प्रजापतिले आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको देखिन नआएकाले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।४।१३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरणमा भन्सार अधिकृत पदमा कार्यरत रही मिति २०६६।३।२० मा अवकाश प्राप्त भन्सार अधिकृत शिवप्रसाद घिमिरेले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

१ शिवप्रसाद घिमिरे मिति २०३२।३।३० गते जिल्ला पंचायत सचिवालय गुल्मीमा ना.सु. पदमा नियुक्त भई मिति २०६६।३।२० मा त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरणको भन्सार अधिकृत पदबाट अवकाश प्राप्त गरेको देखिन्छ ।

२. निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात आफ्नो तलब भत्ताबाट रु. १०,४६,७१७।७७, श्रीमतीको तलब भत्ताबाट रु. ४,८५,३३८।-, कर्मचारी संचय कोषबाट ऋण सापटी बापत रु. ५,८५,०००।-, छोरा सञ्जीव घिमिरेको तलब भत्ता रु. ९,९९,१८१।२५, रेमिटेन्सबाट प्राप्त रकम रु. ७५,०००।-, घर बहाल आयबाट प्राप्त रकम रु. १४,२३,६३०।-, घर जग्गा बिक्रीबाट प्राप्त आय रु. ३,००,०००।-, शेयर डिभिडेन्ट रु. १,५१,७१२।३३, बचतपत्रको सावाँ ब्याज रु. ७,०६,७२३।४२ र अन्य विविध आय अन्तर्गत सुन कमिसन बापत प्राप्त आय रु. २,०२,४८९।- समेत गरी जम्मा रु. ६०,८१,७७५।६४ आय आर्जन गरेको देखियो । सोही अनुसार निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात घर निर्माणमा रु. ६,००,०००।-, जग्गा खरिदमा रु. ३,५३,५००।-, शेयर खरिदमा रु. ३४,७००।-, नागरिक बचतपत्र खरिदमा रु. ५,५५,०००।-, घर बहाल कर बापत रु. १,८१,८९२।- संचय कोष ऋण सापटी चुक्ता रु. ३,५१,०००।-, छोरा विदेश जाँदा लागेको रकम रु. ६,७८,४५०।- एवं बैंक मौज्दात रु. ६,२८,६२९।४१ समेत गरी जम्मा रु. ३३,८३,१७१।४१ खर्च गरेको देखिँदा निजको आयको तुलनामा व्यय कम नै रहेको देखियो । निज तथा निजकी श्रीमतीको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा रहेका खाताहरूमा हालसम्म जम्मा रु.१,१४,५८१।५१ मौज्दात रहेको देखिएको हुँदा सोही रकमलाई निजको हालसम्मको मौज्दात रकम मान्नुपर्ने अवस्था देखियो ।

३. तसर्थ, शिवप्रसाद घिमिरेको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम प्रस्तुत अनुसन्धान तहकिकातको कारबाही तामेलीमा राखी लगत कट्टा गरिदिने गरी मिति २०६६।४।१३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१३. नेपाल आयल निगमको थानकोट डिपोको केही पर प्रतिरोपनी रु. १२ देखि १५ लाख मूल्य पर्ने जग्गा गा.वि.स.सचिव समेतको मिलेमतोमा नेपाल आयल निगमले रु. ५० लाखभन्दा बढी मूल्यमा खरिद गर्न लागेको भन्ने उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

प्रस्तुत उजुरी हेर्दा वर्तमान पेट्रोलियम पदार्थको मागमा दिन प्रतिदिन भइरहेको वृद्धि एवं हालको सीमित मौज्दात क्षमताले गर्दा भण्डारण क्षमता वृद्धि गर्न आवश्यक महसुस भई

थप स्टोरेज भर्टिकल टैंकहरू निर्माण गर्नुपर्ने भएकोले लोडिङ/अनलोडिङ कार्य थप गर्नुपर्ने एवं टैंक ट्रक पार्किङको उपयुक्त व्यवस्था गर्नुपर्ने समेत भएकाले थानकोट डिपोसँग जोडिएको आवश्यक क्षेत्रफलको जग्गा खरिद गर्न अति आवश्यक रहेको भन्ने नेपाल आयल निगमको भनाइ रहेको । सो प्रयोजनका लागि नेपाल आयल निगमले थानकोट डिपोको उत्तर, पश्चिम र दक्षिणतर्फका जग्गाहरू क्रमशः भिरालो, खोल्सो र सडक एवं निजी घरहरू भएको हुँदा निगमको उद्देश्य अनुरूप खरिद गर्न उपयुक्त नभएको भन्ने भनाइ रहेको । निगमको प्रयोजनका लागि थानकोट डिपोसँग जोडिएको पूर्वतर्फको जग्गा मात्र खरिद गर्न उपयुक्त ठानी ५० देखि ७० रोपनी जग्गा खरिद गर्न प्रक्रिया अगाडि बढाइएको । उपरोक्तानुसार पूर्वतर्फको जग्गासँग सम्बन्धित जग्गाधनीहरूसँग मात्र जग्गा खरिद गर्नुपर्ने अवस्था रहेकाले बोलपत्रका माध्यमबाट खरिद गर्ने अवस्था नरहेको कारण देखाई निगमले उक्त जग्गाहरू खरिद गर्नका लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा २७ को प्रावधान प्रयोग गरी वार्ताद्वारा जग्गा प्राप्त गर्नका लागि जग्गा धनीहरूबाट प्रस्ताव प्राप्त गरी उपरोक्त ऐनको दफा १३ अनुसार मूल्य निर्धारण गरिदिन जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई अनुरोध गरी पठाएको र मिति २०६६।२।१३ मा काठमाडौंका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले वार्ता गरी प्रस्तावित जग्गालाई प्रतिरोपनी रु. ५६ लाख (३ लाख ५० हजार प्रति आना) मूल्यांकन गरिएको । सोही बमोजिम जग्गा खरिद गर्नका लागि निगमको वार्षिक बजेटमा परेको रु. ५० करोडमध्येबाट बजेट निकासाका लागि सञ्चालक समितिबाट रु. ४१ करोड बजेट निकासा गरेको । सोही बमोजिम जग्गा खरिद प्रक्रिया अगाडि बढाइएको पाइन्छ ।

उपरोक्तानुसार भण्डारण क्षमता विस्तार गर्न आवश्यक पूर्वाधार निर्माणका लागि नेपाल आयल निगमको थानकोट डिपोको पश्चिम तथा उत्तरपट्टि खोल्सो, भिरालो र दक्षिणपट्टि एप्रोच सडक भएको कारणले डिपो विस्तारमा पूर्वपट्टिको एकमात्र जग्गा काम लाग्ने र प्रयोगयोग्य देखिन्छ भन्ने नेपाल आयल निगमको तर्कलाई आयोगबाट स्थलगत निरीक्षण हुँदा अन्यथा भन्न सकिने अवस्था देखिएन । तर उक्त जग्गा खरिद गर्नका लागि निगमले जग्गा प्राप्ति ऐन, २०३४ को दफा २७ को प्रक्रिया अपनाएको देखिन्छ । उक्त दफाले "नेपाल सरकारले सार्वजनिक कामको लागि" जग्गावालासित वार्ताद्वारा जग्गा प्राप्त गर्न सक्नेछ भन्ने उल्लेख गरेको छ । जग्गा प्राप्ति ऐनको उक्त दफा २७ को प्रक्रिया अपनाउँदा नेपाल सरकारको निर्णय बमोजिम मात्र गर्नुपर्नेमा निगम आफैंले निर्णय गरी जग्गा खरिदको प्रक्रिया अगाडि बढाएको अवस्था देखिन्छ । नेपाल सरकारले मात्र गर्न सक्ने काम निगम आफैंले जग्गा प्राप्त गर्न खोजेको प्रक्रिया कानूनसम्मत देखिँदैन । तसर्थ, निगमलाई सोही जग्गा खरिद नगरी नहुने अवस्था रहेको हो भने जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था बमोजिम जग्गा प्राप्त गर्नका लागि नेपाल सरकार समक्ष अनुरोध गरी भई आएको निर्णय बमोजिम गर्न वा निगमको प्रयोजनका लागि अन्य ठाउँमा पनि जग्गा खरिद गरी उद्देश्य पूरा हुनसक्ने भए प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम बमोजिमको प्रक्रिया अपनाई जग्गा खरिद गर्न नेपाल आयल निगमलाई निर्देशन दिने । यसमा उपरोक्तानुसार प्रचलित जग्गा प्राप्ति ऐन बमोजिम नगरी जग्गा खरिद प्रक्रिया अगाडि बढाइएको भए तापनि सो बमोजिम जग्गा खरिदको कार्य सम्पन्न भई नसकेको हुँदा कोही कसैलाई केही गरिरहनु परेन । प्रस्तुत उजुरी तामेलीमा राखी कट्टा गरिदिने गरी मिति २०६६।४।१४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४. आयोगमा परेको निवेदन दर्ता नम्बर १६४०५ मिति २०६६।२।१२ को उजुरीमा निजामती कर्मचारी अस्पताल मीनभवनले आ.व. ०६५।६६ मा बगैंचा निर्माण लगायतका काममा आर्थिक अनियमितता गरेको भनी पर्न आएको उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) अस्पतालको प्रयोजनका लागि मिति २०६५।१२।१३ देखि ०६५।१२।२५ सम्म केही सामानहरू सुदिप इन्टरनेशनल ट्रेडिङ त्रिपुरेश्वरबाट सोझै खरिद गरी ल्याएको पाइयो । यसरी एउटै मितिमा ६ थान बिलबाट सामान ल्याएको देखिन्छ । सोझै बजारबाट खरिद गर्दा पनि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (४) र नियम १८ बमोजिम मौजुदा सूची (Standing List) तयार गरी सो सूचीकृत आपूर्तिकर्ताहरूबाट मात्र खरिद गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन । त्यसैगरी खरिद आदेश तथा दाखिला रिपोर्टमा कुन मितिमा खरिद गर्न आदेश दिएको र कुन मितिमा दाखिला भएको हो भन्ने मिति उल्लेख गरेको पनि देखिएन ।

(ख) यसरी नियमावलीले व्यवस्था गरेको कानूनी प्रक्रिया र कार्यविधि पूरा नगरी सामान खरिद गरी त्रुटिपूर्ण काम कारबाही गरेको देखिँदा अब उप्रान्त प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम काम कारबाही गर्न निजामती कर्मचारी अस्पतालका कार्यकारी प्रमुखलाई निर्देशन दिई सक्कल फाइल फिर्ता पठाई प्रस्तुत उजुरी तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।४।१४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम अर्थ मन्त्रालयका शाखा अधिकृत महेन्द्र बहादुर बानियाँले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज महेन्द्र बहादुर बानियाँ २०२८ सालदेखि भूमि प्रशासन कार्यालयमा खरिदार पदमा अस्थाई नियुक्ति भई, मिति २०३७।४।१७ बाट शाखा अधिकृत पदमा स्थायी नियुक्ति भई मिति २०४३।९।६ बाट अर्थ मन्त्रालय प्रवेश गरी मन्त्रालय र मातहत कार्यालयहरूमा कार्यरत रही हाल मिति २०६३।५।२८ देखि अर्थ मन्त्रालयमा कार्यरत रहेको देखिन्छ ।

(ख) अर्थ मन्त्रालयको शाखा अधिकृत पदमा कार्यरत महेन्द्र बहादुर बानियाँले सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ समक्ष पेश गरेको सम्पत्ति विवरण तथा स्पष्टीकरण समेतबाट घोषित स्वआर्जित रु. ९२,८८,६००।- बराबरको सम्पत्तिमध्ये रु. ७५,०३,६२२।- बराबरको सम्पत्तिको स्रोत पुष्टि हुन नसकेको भन्दै मूलतः निज महेन्द्रबहादुर बानियाँकी श्रीमती गौलोचन बानियाँलाई निजका भाइ जोन बस्नेतले र छोरी पूजा बानियाँलाई हरिबाबु महर्जन र ज्ञानकाजी महर्जनले गरी दिएको हालैको बकसपत्र पत्यार लायक नभएको र निज महेन्द्र बहादुर बानियाँको आफ्नो र आफ्नो परिवारको नाममा रहेको मुद्दति खाताको रु. ६९,१६,०००।- को स्रोत पुग्न नसक्ने भनी उल्लेख भएका आधारमा यस आयोगबाट अनुसन्धान हुँदा अनुसन्धानको क्रममा संकलित कागजात निज महेन्द्र बहादुर बानियाँले यस आयोगसमक्ष गरेको बयान, निजले सार्वजनिक पद धारण गर्नुअघि र पछि आर्जन गरेको चल अचल सम्पत्ति र निजको आय व्ययको विस्तृत विश्लेषण समेतबाट निज महेन्द्र

बहादुर बानियाँले सार्वजनिक पद धारण गरेदेखि २०६५ सालसम्ममा रु. १,६०,८३,५७६।- आर्जन गरेको देखिन्छ भने व्ययतर्फ हेर्दा कुल रु. १,०९,२९,३४७।- व्यय गरेको देखिँदा निजको व्ययभन्दा आय धनात्मक देखिन्छ । सम्पत्ति न्यायिक जाँचबुझ आयोगबाट स्रोत नखुलेको सम्पत्ति भनी लिएको आधारका सम्बन्धमा अध्ययन गरी हेर्दा निज महेन्द्र बहादुर बानियाँकी श्रीमती गौलोचन बानियाँलाई बकस गरिदिएको घरजग्गा र निजकी छोरी पूजा बानियाँलाई बकसपत्रबाट प्राप्त भएको जग्गाको हकमा यस आयोगबाट अनुसन्धान हुँदा उक्त घरजग्गाहरू बकसपत्रबाट प्राप्त भए पनि लिखतमा उल्लेख भएको रकम निज बानियाँको खर्चमा समावेश गरी गणना गर्दा निजको आयबाट उल्लेखित जग्गा खरिद गर्ने स्रोत पुग्ने नै देखिन्छ । जहाँसम्म मुद्दति खातामा जम्मा गरेको रकमको प्रश्न छ तत्सम्बन्धमा अध्ययन गरी हेर्दा आ.व. ०५०।५१ मा रु. १,५७,०००।-, ०५१।५२ मा रु.२,००,०००।-, ०५२।५३ मा रु. १,५७,०००।- झिकेको र रु. ५,००,०००।- जम्मा गरेको, ०५३।५४ मा रु. २,९०,०००।- झिकेको र रु. ५,३०,०००।- जम्मा गरेको, ०५४।५५ मा रु.७,२५,५००।- झिकेको र रु. ८,८२,०००।- जम्मा गरेको, ०५५।५६ मा रु. २,३०,०००।- झिकेको र रु. ४,६२,००० जम्मा गरेको, ०५६।५७ मा रु.२८,२१,०००।- झिकेको र रु. २७,७१,०००।- जम्मा गरेको, ०५७।५८ मा रु. ३९,३६,०००।- झिकेको र रु. ३,२५,०००।- जम्मा गरेको, ०५८।५९ मा रु. ३९,७७,०००।- झिकेको देखिन्छ यसरी २०५० सालमा पटक पटक गरी रु. १,५७,०००।- बाट मुद्दति खाता खोल्दै उक्त खाता परिपक्व भएपछि सोही रकम झिक्दै पुनः मुद्दति खातामा जम्मा गर्ने गरेको र क्रमशः उक्त रकम र सो को व्याज समेतबाट रकम बढ्दै गएको हुँदा निजको आयबाट उक्त रकम मुद्दति खातामा जम्मा गर्न पुग्ने नै देखिन्छ । आ.व. ०५८।५९ पछि निजले मुद्दति खातामा कुनै रकम जम्मा गरेको देखिँदैन भने झिकेको रकमबाट उल्लेख्य अन्य सम्पत्ति जोडेको पनि देखिँदैन । बैंकबाट झिकेको सबै रकम छोरीको पढाइ, घर मर्मत, सामाजिक कार्य औषोधपचारमा खर्च भइसकेको भन्ने निजको बयानबाट देखिन्छ । अतः निजले आर्जन गरेको कुल रु. १,६०,८३,५७६।- र खर्च रु. १,०९,२९,३४७।- भए पनि हाल निजसँग रु. १,३६,०२२।- मात्र बैंक मौज्दात रहेको र चितवनमा १६ कठ्ठा पैतृक जग्गा र निजकी श्रीमती र छोरीलाई बकस मार्फत प्राप्त दुई कित्ता जग्गा र एउटा घर मात्र देखिँदा निजसँग त्यति मात्रै चल अचल सम्पत्ति रहेको मान्नुपर्ने देखिन्छ ।

(ग) अतः निजको बाँकी सम्पत्तिलाई मात्र कायम गर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको भन्न सकिने अवस्था नहुँदा पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।४।१५ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१६. चक्रवर्ती हवी एजुकेशन एकेडेमी प्रा.लि., मध्यपुर ठिमीले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी B.Sc. Nursing कक्षा सञ्चालन गरी आएको र प्रयोगात्मक कक्षा सञ्चालनका लागि जनरल अस्पतालतर्फ ११० बेड भएको सशस्त्र प्रहरीबल अस्पताल र १५० बेडको भक्तपुर अस्पतालको व्यवस्था भएकोमा १०० बेडको जनरल अस्पताल नभएको भन्ने कारण देखाई नर्सिङ परिषद्ले स्वीकृति नदिई विद्यार्थीहरूको भविष्यमाथि गम्भीर खेलबाड गरेको हुँदा नर्सिङ परिषद्का पूर्व रजिष्ट्रार ईश्वरी खनाल, अध्यक्ष दयालक्ष्मी जोशी र हालका रजिष्ट्रार मन राई उपर अधिकारको दुरुपयोगमा छानबिन

तथा कारबाही गरिपाउँ भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर प्रारम्भिक छानबिनको क्रममा प्राप्त प्रतिक्रिया, स्थलगत निरीक्षण प्रतिवेदन र अन्य फाइल कागजातहरू समेतको व्यहोरा पेश भई छलफल भयो ।

कुनै शिक्षण संस्था स्थापना र सञ्चालन गर्न स्वीकृति दिनुपूर्व सम्बन्धित निकायले परिषद्सँग परामर्श माग गर्नुपर्ने, त्यस्तो शिक्षण संस्थाले मापदण्ड पूरा गरे वा नगरेको जाँचबुझ गरी परिषद्ले सो सम्बन्धमा आवश्यक परामर्श दिने र परिषद्को त्यस्तो परामर्शका आधारमा सम्बन्धित निकायले शिक्षण संस्था स्थापना र सञ्चालन गर्न स्वीकृति दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय लिनुपर्ने भन्ने व्यवस्था नेपाल नर्सिङ परिषद् ऐनले गरेको देखियो ।

प्रस्तुत विवादको विषय चक्रवर्ती हवी एजुकेशन एकेडेमी, चक्रवर्ती राजकुलो रोड, मध्यपुर ठिमी - ३, भक्तपुरमा सञ्चालनमा रहेको बि.एस्सी नर्सिङ कार्यक्रम सञ्चालन गर्न पूर्वाञ्चल विश्वविद्यालयले मिति २०६२।०५।१४ को निर्णयानुसार मिति २०६२।०५।१५ देखि लागू हुने गरी अनुमति तथा अस्थायी सम्बन्धन दिएको देखियो । उक्त स्वीकृति दिँदा विद्यार्थी भर्ना लिनुअघि पूर्वाञ्चल विश्वविद्यालयले तोकेको शर्त, Norms and Standard अनुरूपको आवश्यक भवन, शिक्षक तथा कर्मचारी, प्रयोगशाला, फर्निचर, उपकरण एवं पुस्तकालय आदि समेतको समुचित व्यवस्था हुनुपर्ने एवं नेपाल नर्सिङ काउन्सिलले तोकेको शर्त, Norms and Standard समेत अनिवार्य रूपमा पूरा गर्नुपर्ने भन्ने शर्तहरू समेत उल्लेख भएको देखियो । शर्तहरू पूरा नभएको भनी नेपाल नर्सिङ काउन्सिलले सञ्चालन सहमति नदिने निर्णय गरेको देखियो ।

उल्लेखित शर्त बमोजिमका भौतिक पक्षहरूको व्यवस्था भएको एवं प्रयोगात्मक अभ्यासका लागि सशस्त्र प्रहरीबल अस्पताल र भक्तपुर अस्पतालहरूसँग सम्झौता गरी प्रयोगात्मक अभ्यासका लागि पर्याप्त व्यवस्था मिलाएको भन्ने उजुरकर्ता (पीडित अभिभावक तथा विद्यार्थीहरू, चक्रवर्ती हवी नर्सिङ कलेज) को दाबी रहेको देखियो । आयोगबाट छानबिनको क्रममा स्थलगत अध्ययन गर्दा चक्रवर्ती हवी एजुकेशन एकेडेमीको आफ्नै भवन रहेको देखियो । उक्त भवनमा स्टाफ नर्सिङको पठनपाठन निर्वाध रूपमा नेपाल नर्सिङ परिषद्को स्वीकृतिमा भइरहेको पाइयो । पुस्तकालय, प्रयोगात्मक अभ्यासका लागि प्रयोगशालाको व्यवस्था भएको पनि पाइयो । एकेडेमीमा दक्ष जनशक्ति कार्यरत रहिरहेको अवस्था पनि देखियो । प्रयोगात्मक अभ्यासका लागि सशस्त्र प्रहरीबल अस्पताल र भक्तपुर अस्पतालसँग सम्झौता गरी प्रयोगात्मक अभ्यासका लागि व्यवस्था मिलाएको पनि देखियो । तसर्थ अध्ययनरत विद्यार्थीहरूको भविष्य एवं त्यहाँ भइरहेको लगानी एवं स्रोत साधनको अधिकतम सदुपयोग होस् भनी निम्न सुझाव र निर्देशन दिई उजुरी तामेलीमा राखिदिने भन्ने आयोगको मिति २०६६।४।१५ को निर्णय अनुसार तामेलीमा राखिएको ।

१ चक्रवर्ती हवी एजुकेशन एकेडेमीमा B.Sc. Nursing अध्ययन अध्यापन गराउने सन्दर्भमा कुनै भौतिक पूर्वाधारहरूको कमी, दक्ष शिक्षकको अपर्याप्तता वा एकेडेमीले प्रयोगात्मक अभ्यासका लागि अस्पतालहरूसँग गरेको सम्झौतामा केही कुरा परिमार्जन वा थपघट गर्नु गराउनु परेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संयोजकत्वमा पूर्वाञ्चल विश्वविद्यालय, नेपाल नर्सिङ परिषद् र चक्रवर्ती हवी एजुकेशन एकेडेमीबीच

छलफल गरी ६ (छ) महिना भित्र समस्या समाधान गर्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सुझाव दिने ।

२ पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी हाल २, ३ वर्षदेखि विद्यार्थीहरू पठनपाठनमा रहेको एकेडेमीलाई B.Sc. Nursing कक्षा सञ्चालन अनुमति तुरुन्त दिने व्यवस्था मिलाउन नेपाल नर्सिङ परिषद्लाई सुझाव दिने ।

३ त्यहाँ अध्ययन गर्ने B.Sc. Nursing मा अध्ययनरत विद्यार्थीहरूलाई नियमित रूपमा विश्वविद्यालय वा सम्बन्धित निकायले लिने परीक्षाहरूमा तुरुन्त सामेल गर्ने व्यवस्था मिलाउन पूर्वाञ्चल विश्वविद्यालयलाई सुझाव दिने ।

१७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम भन्सार विभाग अन्तर्गतका खरिदार यदुनाथ पोखरेलले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन बमोजिम कोइलावास भन्सार कार्यालय, नवलपरासीबाट अवकाश प्राप्त खरिदार यदुनाथ पोखरेलले पदमा बहाल रहँदा आर्जन गरेको रु. १४,१०,०००।- मध्ये रु. ११,२७,५७७।- को स्रोत खुल्ने प्रमाण पेश गर्न नसकेको भन्ने सम्पत्ति न्यायिक जाँचबुझ आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरे तापनि अनुसन्धानको क्रममा संकलन हुन आएसम्मका निजको सम्पत्तिसम्बन्धी कागज प्रमाणको आधारमा निजको सम्पूर्ण आय व्यय प्रवाहको विश्लेषण गर्दा निजको व्ययभन्दा आय धनात्मक देखियो ।

साथै भन्सार विभागबाट निज यदुनाथ पोखरेल मिति २०६२।२।२४ मा अवकाश प्राप्त भै सेवाबाट अलग भइसकेको भनी खुलाई पठाएको, निजामती किताबखाना हरिहरभवनबाट प्राप्त निजको तीनपुस्ते विवरणअनुसार निजलाई उपस्थित गराईदिन सम्बन्धित जिल्ला प्रशासन कार्यालय गुल्मीमा पत्राचार गरिएकोमा जिल्ला प्रहरी कार्यालय गुल्मीले निज यदुनाथ पोखरेलको मृत्यु भइसकेको साथै निजका परिवारहरू भैरहवा रुपन्देहीतर्फ बस्दै आएको भनी खुलाई पठाएको देखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम प्रस्तुत अनुसन्धान तहकिकातको कारबाही तामेलीमा राखी लगत कट्टा गरिदिने गरी मिति २०६६।४।१८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम तत्कालीन कर कार्यालय ललितपुरमा कार्यरत ना.सु. दामोदर प्रसाद आचार्यले निज पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

अनुसन्धान अधिकृतको प्रतिवेदन र मिसिलमा संलग्न कागजातहरूबाट निज दामोदर प्रसाद आचार्य मिति २०२८ साल कार्तिक महिनामा नोकरी प्रवेश गरी हाल ना.सु. पदबाट मिति ०६१।११।२ देखि अनिवार्य अवकाश पाई सेवा निवृत्त रहेको देखियो । निजको सरकारी सेवामा कार्यरत रहँदासम्मको अवधिमा आर्जित सम्पत्ति सम्बन्धमा

अनुसन्धानबाट प्राप्त तथ्य र फाइलसमेतका आधारमा निजको तलब भत्ता, जग्गा बिक्री, शेयर बिक्री र अन्य विविध आयबाट प्राप्त भएका कागजातहरूबाट देखिएको मध्ये तलब भत्ता बापत रु. ७,१६,३१०।-, जग्गा बिक्रीबाट रु. १,०५,०००।-, शेयर बिक्रीबाट रु. ७०,०००।- र अन्य विविध आयबाट रु.२,३०,०००।- गरी कुल जम्मा रु.११,२१,३१०।- आय आर्जन गरेको देखिन्छ भने जग्गा खरिद रु.१,८०,५००।-, शेयर खरिद रु. ५,०००।-, सवारी साधन खरिद (मोटरसाइकल) रु.२०,०००।- गरी जम्मा रु.२,०५,०००।- व्यय भएको आय व्यय प्रवाहबाट देखिन आयो ।

अतः निज दामोदर प्रसाद आचार्य सार्वजनिक पदमा प्रवेश गरी अनिवार्य अवकाश पाई सेवानिवृत्त भएको भन्ने देखिएको र सेवा अवधिभित्र स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवनयापन गरिरहेको भन्ने समेत नदेखिएकोले पछि कहीँ कतैबाट तथ्यसाथ स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा नयाँ प्रमाण फेला परे उसै बखत कारबाही हुने गरी निज उपरको अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।४।१८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१९. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा साविकमा अञ्चल यातायात कार्यालय ललितपुरमा कार्यरत मे.सु. जयन्तलाल जाकिबन्जाले पेश गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने समेत व्यहोराको सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज जयन्तलाल जाकिबन्जा मिति २०२८।३।१३ देखि अटोमेकानिकल सुपरभाइजर पदमा प्रवेश गरी मिति २०६४।१०।१५ मा मेकानिकल सुपर भाइजरबाट सेवा निवृत्त भएको देखिन्छ ।

(ख) निज जयन्तलाल जाकिबन्जाले सार्वजनिक पदमा प्रवेश गरेपछि लगत्तै जग्गाहरू खरिद बिक्री गर्ने काम गरेको, २०५१ सालदेखि विभिन्न प्रकारका गाडीहरू खरिद बिक्री गर्ने काम गरेको प्राप्त कागजातबाट देखिन आयो । अनुसन्धानको क्रममा निजले आफ्नो र आफ्नो परिवारको नाममा खरिद बिक्री गरेको घर जग्गा, गाडी र त्यसबाट भएको आम्दानीको बारेमा बयान दिनुपर्ने ब्रेन हेमरेजको बिरामीको कारणले उपचार गराइरहेको हुँदा बयान गर्न असमर्थ र अशक्त छु भनी चिरायु नेशनल हेल्थ एण्ड रिसर्च सेन्टर बानेश्वरको सिफारिस संलग्न राखी मिति २०६५।६।३० मा आयोगमा निवेदन दिएकाले प्राप्त कागजातको आधारमा मात्र निजको आय व्ययको विश्लेषण गर्नुपर्ने देखियो ।

(ग) निजले पेश गरेको र सम्बन्धित कार्यालयबाट प्राप्त कागजातको अध्ययन गर्दा निजले साविकदेखि नै घर जग्गा खरिद गर्ने र गाडी खरिद गर्ने गरेको देखिन्छ । अनुसन्धानबाट निजको समग्र कुल आय रु. १,८८,३९,२८०।- र कुल व्यय रु. १,६३,७३,७६१।- देखिन आएको र जग्गा तथा गाडीहरू खरिद गर्दै बिक्री गर्ने गरेको देखिँदा सोही रकमबाट नै बढे बढाएको मान्नुपर्ने देखियो । निज र निजको परिवारको विभिन्न बैंकमा हाल भएको नगद मौज्दात रु. ६५,९६२।- रहेको हुँदा सोही रकम नै हालसम्मको मौज्दात मान्नुपर्ने देखियो ।

(घ) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययभन्दा आय अधिक देखिएको हुँदा निज जयन्तलाल जाकिवन्जाले आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको देखिन नआएकाले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम कारबाही हुने नै हुँदा रोक्का राखिएको घर जग्गा समेत फुकुवा गरिदिने र हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।४।२० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२० सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम त्रि.वि. भन्सार कार्यालय, गौचरका एक्सरे टेक्निसियन नेत्र बहादुर शाहीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज नेत्र बहादुर शाही मिति २०३९।१।५ मा सार्वजनिक सेवामा प्रवेश गरी विभिन्न संस्था तथा कार्यालयहरूमा कार्य गरी मिति २०४४।१।१८ देखि त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरमा एक्सरे टेक्निसियन पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निजले सार्वजनिक पद धारण गरेदेखि श्रीमान/श्रीमतीको तर्फ तलब रु. ११,८६,८१५।-, जग्गा बिक्रीबाट रु. ५,५७,५००।-, कृषि आयबाट रु.७०,९२२।६०, एभरेष्ट बैंकबाट कर्जा लिएको रु. १०,००,०००।-, सुराकी कमिसन बापत प्राप्त रकम रु. ३,९६,९६३।-, विदेश भ्रमणबाट रु. ६७,४९,२।६० र विदेशबाट भाइहरूले एभरेष्ट बैंक समेत मार्फत पठाएको रु.४,४१,४००।३० गरी जम्मा रु. ३७,२१,०९३।५० आय प्राप्त गरेको र खर्चतर्फ घर निर्माणका लागि रु. १७,३६,१८८।८४, जग्गा खरिदका निमित्त रु.३,९९,७००।-, सवारी साधन खरिदका लागि रु. १,१५,००० र बैंक मौज्दात रु.१,२२,३३६।६९ समेत जम्मा रु.२३,७३,२२५।५३ खर्च देखिन आएको छ । अतः समग्र आय व्ययको विश्लेषणबाट व्ययभन्दा आय धनात्मक देखिए पनि निजको हालको बैंक मौज्दात रु. १,२२,३३६।६९ मात्र देखिँदा सोही रकम निजको हालसम्मको बचत मान्नुपर्ने देखिन्छ ।

(ग) निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवनयापन गरेको भन्न सकिएन पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान कारबाही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।४।२३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा हाल आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनको शाखा अधिकृत पदमा कार्यरत यादव प्रसाद पाण्डेले पेश गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने समेत व्यहोराको सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज यादव प्रसाद पाण्डे मिति २०३३।१२।१० मा टाईपिष्ट पदमा सेवा प्रवेश गरी २०३७ असोजमा ना.सु. र मिति २०६२।१२।२१ मा शाखा अधिकृत पदमा पदोन्नति भई हाल सम्म सेवामा रहेको देखिन्छ ।

(ख) निज यादव प्रसाद पाण्डेले सार्वजनिक पदमा सेवा प्रवेश गरे पछि तलब भत्ता बापत रु.१३,६८,०७२।-सुन बिक्री समेतबाट रु.१,३०,०००।-, घर बहाल बापतबाट रु. ८,५६,२००।-, जग्गा बिक्रीबाट रु.२१,३५,५६२।-, शेयर डिभिडेण्ड बापत रु.१,४७,०९२।- समेत जम्मा रु.४६,३६,९३६।- आय आर्जन गरेको र व्ययतर्फ घर निर्माण र खरिदका लागि रु.२३,९४,९८१।-, जग्गा खरिद गर्न रु. १०,०८,८११।-, शेयर खरिद गर्न रु. ६८,६००।-, सवारी साधान खरिद गर्न रु. ८५,०००।-, घर वहाल कर बुझाउँदा रु. १,५४,४००।- खर्च भएको र हाल बैंक मौज्दात रु. १,९३,५४१।- रहेको देखिँदा जम्मा रु. ३७,५०,९३३।- व्यय देखिन आएपछि निजको हालसम्मको मौज्दात रु. १,९३,५४१।- मात्र रहेको मान्नुपर्ने देखियो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययभन्दा आय अधिक देखिएको हुँदा निज यादव पाण्डेले आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको देखिन नआएकाले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।४।२६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२२. दाङ जिल्लास्थित राप्ती शान्ति उद्यान निर्माण गर्दा अनियमितता गरी भ्रष्ट्राचार गरे भनि परेको उजुरी निवेदन उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो । दाङ जिल्लास्थित राप्ती शान्ति उद्यान निर्माण गर्नको लागि ईष्टमेट गरिएको कुल रु.४९,९६,०००। मध्ये स्थानिय विकास मन्त्रालयको जगेडा कोषबाट रु. ३७,४७,०००।९७ र उपभोक्ता समितिबाट रु. १२,४९,०००।९२ गरी उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने गरी स्वीकृत भएको देखियो । योजना निर्माणका लागि तुल्सीपुर क्षेत्रका राजनैतिक दलहरूको सर्वदलीय र सर्वपक्षीय भेला गराई भेलाबाट नै उपभोक्ता समिति र अधिकार सम्पन्न अनुगमन तथा निरीक्षण समिती गठन गरी मिति २०६१।४।१५ मा कार्य थालनी गरी मिति २०६२।३।१५ मा योजना सम्पन्न भएको पाइयो । अनुगमन तथा निरीक्षण समितिले योजना निर्माण कै चरणमा पनि अनुगमन गर्न गरेको र योजना सम्पन्न भएपछि पनि अनुगमन तथा निरीक्षण समितिका संयोजक देवेन्द्र गिरीको अध्यक्षतामा बसेको मिति २०६२।३।१४ को बैठकले योजना निर्माण भएकोमा निर्माण समितिलाई धन्यवाद दिएको र निर्माणमा लागेको खर्चको सार्वजनिक सुनुवाई समेत गरेको तथा सर्वदलीय र सर्वपक्षीय निर्णय गरी खर्च रकमको अनुमोदन समेत भएको भन्ने तुलसीपुर नगरपालिका कार्यालयको मिति २०६२।६।८ को पत्रमा उल्लेख भएको देखिँदा प्रस्तुत उजुरी उपर कोही कसैलाई केही गरिरहनु परेन । उजुरीको लगत कट्टा गरी फाइल तामेलीमा राख्ने गरी मिति २०६६।४।२६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखियो ।

२३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा कार्यरत शाखा अधिकृत भूमिराज थापाले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज भूमिराज थापा २०४४ सालदेखि निजामती सेवामा ना.सु. पदमा प्रवेश गरी हाल भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा शाखा अधिकृत पदमा कार्यरत रहेको पाइयो । निजले यसअघि साझा प्रकाशनमा समेत सेवा गरेको देखियो ।

(ख) निजको सार्वजनिक सेवामा प्रवेशपश्चात हालसम्म घर (निर्माण), जग्गा (खरिद), शेयर, ऋण भुक्तानी र बैंक ब्यालेन्स समेत जम्मा रु. ४४,५३,८६४।- व्यय रहेको देखिन्छ । निजको आयमा तलब, जग्गा बिक्री क.सं. कोषबाट लिएको ऋण, कृषिआय, सुनबिक्री, जग्गाको भाडा तथा सरसापटी रहेको पाइयो । निजका उल्लिखित आयबाट सो व्यय पुग्ने देखिन आउँछ ।

(ग) तसर्थ, निज भूमिराज थापाले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम प्रस्तुत अनुसन्धान तहकिकातको कारबाही तामेलीमा राखी लगत कट्टा गरिदिने गरी मिति २०६६।४।२७ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२४. आन्तरिक राजस्व कार्यालय ललितपुरमा कार्यरत खरिदार उद्धव कुमार खतिवडाले पदमा बहाल रहँदा अकुत सम्पत्ति आर्जन गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज उद्धव कुमार खतिवडाले मिति २०३७।१२।२ मा गृह मन्त्रालयमा रा.प.अनं.तृतीय श्रेणीको पदमा नियुक्त भई हाल आन्तरिक राजस्व कार्यालय ललितपुरमा खरिदार पदमा कार्यरत रहँदै आएको देखिन्छ ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म आफ्नो पारिश्रमिकबाट रु. ७,८५,९१७।-, श्रीमतीको तलब भत्ताबाट रु. ६,८९,८३३।-, ऋण सापटी रु. ११,५०,०००।-, घर भाडा बापत रु. १२,००,०००।- एवं जग्गा बिक्रीबाट रु. २५,०००।- समेत गरी कुल जम्मा आम्दानी रु. ३८,५०,७५०।-आय आर्जन गरेको देखियो । सोही अनुसार निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म घर निर्माण/खरिदमा रु. ११,४५,५००।-, जग्गा खरिदमा रु. ६३,०००।-, ऋण सापटी चुक्तामा रु. ११,५०,०००।-, कर बापत भुक्तानी रु. १,२०,०००।- एवं बैंक मौज्दात रु. ५५,४०६।- समेत गरी जम्मा रु. २५,३३,९०६।- खर्च गरेको देखिँदा निजको आयको तुलनामा व्यय कम नै रहेको देखियो ।

निजले आयोगमा पेश गरेको बैंक विवरण तथा यस आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निज तथा निजको एकाघरको परिवारको नाममा रहेको बैंक

खाता विवरण अनुसार हालसम्म रु. ५५,४०६।- निजको बचत रहेको देखिएकोले सोही रकमलाई हालसम्मको मौज्दात रकम मान्नुपर्ने देखियो ।

(ग) तसर्थ, निज उद्धवकुमार खतिवडाको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम प्रस्तुत अनुसन्धान तहकिकातको कारबाही तामेलीमा राखी लगत कट्टा गरिदिने गरी मिति २०६६।४।२७ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२५. नेपाल चिया विकास निगम निजीकरण गर्दा व्यापक रूपमा भ्रष्टाचार गरेको र कम मूल्यमा सम्झौता गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको भन्ने समेत विषयमा परेको उजुरी उपर छानबिन भई आयोगमा छलफल हुँदा तत्कालीन श्री ५ को सरकार र पुरुषोत्तमलाल संघईबीच मिति २०५७।३।१४ मा नेपाल चिया विकास निगम शेयर खरिद बिक्री र चिया बगान भाडामा लिने सम्बन्धमा सम्झौता भएकोमा सो सम्झौतामा रहेका completion date, निगमको सम्पत्ति, commencement date, भाडा कायम हुने मिति किटान नभएका जस्ता सम्झौतामा रहेका अस्पष्टताका कारण मिति २०६४।८।१२ मा पुनः पूरक सम्झौता गर्नुपर्ने अवस्था सिर्जना भएको र त्यसबाट नेपाल सरकारलाई हानी नोक्सानी समेत पर्न गएको देखियो । नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएका उल्लिखित सम्झौताका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांश (ख) बमोजिम आयोगबाट थप कारबाही गर्न सकिने अवस्था नरहेको भए पनि भविष्यमा निजीकरण सम्बन्धमा नेपाल सरकारबाट हुने सम्झौताहरू निर्विवादित र त्रुटिरहित बनाउन तथा नेपाल चिया विकास निगमका सम्बन्धमा समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम निम्न बुँदाहरू कार्यान्वयनका लागि अर्थ मन्त्रालयलाई लेखी पठाई फायल तामेलीमा राख्ने निर्णय गरियो ।

१. नेपाल सरकार र सम्बन्धित पक्षबीच निजीकरणका सम्बन्धमा हुने सम्झौतामा रहने अस्पष्टता, भाषागत समस्या आदि विविध कारणले सम्झौता कार्यान्वयनमा समस्या पर्ने तथ्यलाई हृदयंगम गर्दै तथा त्यस्तो सम्झौता गर्दा नेपाल सरकार तथा सर्वसाधारणको हितसमेतलाई संरक्षण गर्न देहायका विषयमा ध्यान पुऱ्याउने :

(क) सम्झौतापत्रको भाषा सरल, स्पष्ट, बुझ्किने र दुई अर्थ नलाग्ने हुनुपर्ने तथा सम्झौताको एक प्रति नेपालीमा पनि तयार गर्ने ।

(ख) सम्झौता गर्नुपूर्व नै सरकारको आधिकारिक कानूनी सल्लाहकार निकायबाट पर्याप्त कानूनी परामर्श (Legal consultancy) लिने परिपाटी बसाल्ने ।

(ग) चियाबगान व्यवस्थापन सम्झौता गर्ने दोस्रो पक्षलाई बुझाइसकेपछि पनि Completion date पूरा भएको नमानिने, Completion date पूरा नभई Commencement date शुरु नहुने भन्ने किसिमको त्रुटिपूर्ण सम्झौता भएको देखिँदा अब आइन्दा त्यस्तो हुन नदिई जे जे वस्तु, सम्पत्ति जिम्मा लगाइन्छ

त्यस त्यसमा तत्कालै Completion date पूरा भएको मान्नुपर्ने शर्तहरू राख्नेतर्फ विचार पुऱ्याउने ।

(घ) सम्पत्ति Verification को समय अन्तराल धेरै भएकाले quality, quantity र Condition मा धेरै फरक पर्न गई सरकारलाई हानी नोक्सानी परेको देखिँदा सकभर छोटो अवधिमा नै verification गर्ने व्यवस्था मिलाउनेतर्फ ध्यान पुऱ्याउने ।

(ङ) Completion Date कायम नभएसम्मको अवधिको व्यवस्थापन खर्च (Management Expenses) सरकारले लिने व्यहोर्ने भन्ने जस्ता शर्त उपयुक्त देखिएन । अतः आइन्दा संस्थाको व्यवस्थापन, सञ्चालन, नियन्त्रण सुम्पिसकेपछि र भौतिक रूपमा सामान हस्तान्तरण गरेपछि पनि Completion Date कायम नभएसम्मको अवधिको व्यवस्थापन खर्च व्यहोर्ने भन्ने जस्ता शर्तहरू राखी सम्झौता नगर्ने ।

(च) भौतिक अवस्थितिले गर्दा एकै ठाउँबाट व्यवस्थापन गर्न कठिनाइ हुने र एक ठाउँको समस्या अन्य Estate मा पनि सर्ने सम्भावना देखिएकोमा एकै package मा राखी सम्झौता गर्ने नगर्ने कुरामा विचार गर्ने ।

(छ) सम्झौतामा सरकारको तर्फबाट पूरा गर्न सकिने शर्तहरू मात्र राख्न उपयुक्त हुने ।

२. नेपाल चिया विकास निगमको नाममा रहेको जग्गाको क्षेत्रफल यकिन गरी जग्गा भाडासम्बन्धी सम्झौता बमोजिम जग्गाको अनुपातमा भाडा समायोजन गर्दै जान जग्गाको नापजाँचको कार्य तुरुन्त प्रारम्भ गर्ने ।

३. निजीकरणको लागि सम्झौता भइसकेपछि अर्थ मन्त्रालयबाट सो को कार्यान्वयन गराउन पर्याप्त मात्रामा समयमै तदारुकता देखाउन नसकेको कारण नेपाल सरकारले शुरुको सम्झौता बमोजिमको फाइदा लिन सकेको पाइएन । यी अवस्था पुनरावृत्ति हुन नदिन मन्त्रालय सचेष्ट रहने तथा प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्ने ।

४. शेयर बिक्री सम्झौतामा उल्लेख भए बमोजिम ESOP (Employee Share Ownership Plan) लागू गर्न आवश्यक पहल गर्ने ।

५ शेयर संख्याको अनुपातको आधारमा सञ्चालक समितिमा सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने संख्या अझै कम भएको देखिँदा सो सम्बन्धमा पुनर्विचार गर्ने ।

६. शेयर खरिद बिक्री सम्झौतामा उल्लेख भएबमोजिम धुलाबारीस्थित निगमको परिसर र गोदाममा रहेको चियापत्ती लगायतका चल सम्पत्ति तुरुन्त लिलाम वा अन्य प्रक्रियाद्वारा बेचबिखन गरी सरकारी कोषमा रकम दाखिला गराउने ।

७. दोस्रो सम्झौता अनुरूपको प्रतिवर्ष बुझाउनुपर्ने भनिएको रु. ४० लाख पनि बुझाएको नदेखिएकाले सो उपर मन्त्रालयले समयमा आवश्यक कारबाही चाल्ने ।

८. नेपाल सरकारको सहमति बिना निगमको सम्पत्ति र बगानको जग्गा कुनै पनि प्रयोजनका लागि धितोमा राख्न नपाउने व्यवस्था गर्ने गरी मिति २०६६।४।३० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२६. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम भैरहवा भन्सार कार्यालयका ना.सु.ताराचन्द्र प्रसाद तेलीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज ताराचन्द्र प्रसाद तेलीले मिति २०४०।३।३१ देखि जि.वि.स. पर्सामा खरिदार (गा.वि.स. सचिव) पदमा सार्वजनिक सेवामा प्रवेश गरी हाल भैरहवा भन्सार कार्यालयमा ना.सु. पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निजले सार्वजनिक पद धारण गरेपश्चात् निजको तलब भत्ता बापत रु. ९,४६,७५०।-, कृषि आय रु. १,४३,६९९।-, जग्गा बिक्रीबाट प्राप्त रु. ६,६६,८७५।-, सहकारी ऋण रु. १४,३५,२००।- समेत जम्मा रु. ३१,९२,५२४।- प्राप्त गरेको देखिन्छ भने व्ययतर्फ घर निर्माणमा रु. १३,६३,३३५।- जग्गा खरिदमा रु. ३,५६,५००।-, ऋण तिरेको रु. ६,१६,७५१।-, मोटरसाइकल खरिद रु. ९९,९१०।- बैंक मौज्दात रु. ३,७५,४७५।- समेत गरी जम्मा रु. २८,११,९७१।- देखिएकाले व्ययभन्दा आय रु. ३,८०,५५३।- बढी हुन जाने देखिँदा निजको व्ययभन्दा आय धनात्मक रहन जाने देखिन्छ ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।४।३० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२७. सम्पत्ति न्यायिक छानबिन आयोगको प्रतिवेदन बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालय, काभ्रेका लेखापाल रोशन कुमार ओझाले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज रोशन कुमार ओझाले मिति २०४४ सालदेखि २०५५ सालसम्म रा.वा. बैंकको सहायक ख पदमा कार्यरत रही २०५५ सालबाट लेखापाल पदमा पास गरी विभिन्न कार्यालय हुँदै हाल कोष तथा लेखा नियन्त्रक कार्यालय काभ्रेपलान्चोकमा कार्यरत रहेको देखिन्छ ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् हालसम्म आफ्नो पारिश्रमिकबाट रु. १०,८०,०५२।-, पुरस्कार बापत रु. ६,०००।- उपदानबाट प्राप्त रकम रु. ७८,००४।- समेत गरी जम्मा रु. ११,६४,०५६।- आय आर्जन गरेको देखियो । निजले सेवा प्रवेशपश्चात् हालसम्म जग्गा खरिदमा रु. ६,५५,५००।-, शेयर खरिदमा रु. १,०६,७००।-, बैंक मौज्दात रु. ३,२२,११६।- समेत गरी जम्मा रु. १०,८४,३१६।- खर्च गरेको देखिँदा निजको आयको तुलनामा व्यय कम नै रहेको देखियो । निजले आयोगमा पेश गरेको बैंक विवरण तथा यस आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निज र निजको एकाघरको परिवारको नाममा रहेको बैंक खाता विवरण अनुसार हालसम्म रु. ७९,७४०।- निजको मौज्दात रकम रहेको देखिएकोले सोही रकमलाई हालसम्मको बचत रकम मान्नुपर्ने देखियो ।

(ग) तसर्थ निज रोशन कुमार ओझाको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम प्रस्तुत

अनुसन्धान तहकिकातको कारबाही तामेलीमा राखी लगत कट्टा गरिदिने गरी मिति २०६६।४।३२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२८. यस आयोगमा परेको निवेदन द.नं.१२२५ मिति २०६२।११।९ गतेको उजुरी अनुसार "कर्मचारी संचय कोषले दुलारी गा.वि.स. वडा नं. ५, मोरङमा रहेको बाबाधाम आवास कम्पनीलाई कर्जा प्रवाह गर्दा अनियमितता गरेको" भन्ने विषयको उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

बाबाधाम आवास कम्पनीले मोरङ जिल्ला दुलारी गा.वि.स. वडा नं. ५(च) को राजमार्गसँग जोडिएको क्षे.फ.१३-१२-१७.५ (बिगाह) जग्गामा व्यवस्थित घडेरीहरू विकास गरी बिक्री वितरण गरी कोषको ऋण चुक्ता गर्ने उद्देश्यले मिति २०५६।५।३ को पत्रबाट कर्जा माग गरेकोमा कर्मचारी संचय कोष सञ्चालक समितिको मिति २०५६।१०।१३ को निर्णयानुसार कर्मचारी संचय कोष ऐन, २०१९ (च)१ मा भएको व्यवस्था अनुसार नेपाल सरकारबाट स्वीकृति लिई रु. ५ करोड ऋण लगानी गर्ने निर्णय भएकोमा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०५६।११।१० च.नं.६१७ को पत्रबाट उक्त कम्पनीलाई कर्जा प्रवाह गर्न स्वीकृति प्राप्त भई तथा उक्त कोष र ऋणी कम्पनीबीच मिति २०५६।१२।३ मा विभिन्न शर्त राखी सम्झौता भएको देखियो । यसरी कर्जा प्रवाह हुँदा कोषबाट कर्मचारी खटाई जग्गा विकास कार्यको स्थलगत निरीक्षण गरेको र उक्त जग्गा तथा जग्गा विकास कार्यको मूल्यांकनका लागि कोषबाट ट्रस्ट कन्सल्टेन्टलाई नियुक्ति गरेको देखियो । उक्त ट्रस्ट तथा कोषका कर्मचारीहरू परियोजनास्थल गई सम्झौतामा उल्लेख भएका शर्त बमोजिमका कार्यहरू पूरा भएपश्चात् भुक्तानीका लागि सिफारिस गरेको आधारमा कोषबाट पटक पटक गरी रु.४,९९,९९,३२०।- कर्जा प्रवाह भएको देखियो । तर ऋणी बाबाधाम आवास कम्पनीले शर्त बमोजिमको ऋण रकम समयमा नै कोषमा बुझाउनुपर्नेमा सो नबुझाएको हुँदा सो बुझाउन सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋण चुक्ता नगरेकाले कर्मचारी संचय कोष ऐन, २०१९ को दफा १८ मा व्यवस्था भएबमोजिम कर्मचारी संचय कोष सञ्चालक समितिबाट "परियोजना कर्जा असुली कार्यविधि २०६१" बनाई उक्त कार्यविधिको परिच्छेद ४ मा भएको व्यवस्था अनुसार मिति २०६२।४।११ गते परियोजनाको सम्पूर्ण जग्गा समेत कब्जा गरेको देखियो । उक्त निर्णय विरुद्ध ऋणी कम्पनीका संस्थापक यमनाथ संग्रौलाका तर्फबाट मिति २०६२।७।३ गते उत्प्रेषण आदेश जारी गरी पाऊ भनी सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकोमा तत्काल अन्तरिम आदेश जारी नगरी उक्त मुद्दा पेशीमा सम्म चढेको देखियो ।
यसरी कर्मचारी संचय कोषले बाबाधाम आवास कम्पनीसँग ऋण रकम असुल उपर गर्न सबै कानूनी प्रक्रिया पूरा गरिसक्दा समेत ऋणी बाबाधाम आवास कम्पनीले कर्जा तिर्न आलटाल गरी सक्रियता समेत नदेखाएको । साथै यसै सम्बन्धमा उक्त ऋण प्रवाहलाई लिएर "कर्मचारी संचय कोषले दुलारी गा.वि.स. वडा नं. ५, मोरङमा रहेको बाबाधाम आवास कम्पनीलाई कर्जा प्रवाह गर्दा अनियमितता गरेको" भन्ने उजुरी यस आयोगमा पर्न आएकोमा आयोगबाट अनुसन्धानको सिलसिलामा ऋण दिने कार्यमा संलग्न रहेका कर्मचारी तथा ऋणी कम्पनीका संस्थापक समेतलाई झिकाई अनुसन्धान तहकिकात अगाडि बढाइरहेको अवस्थामा बाबाधाम आवास कम्पनीले वार्षिक १० प्रतिशतका दरले सावाँ रु. ५ करोडको शुरुदेखिको ब्याज पुनः गणना गरी कायम हुने रकममध्येको १० प्रतिशत ऋण रकम पत्र प्राप्त भएको मितिले सात दिनभित्र चुक्ता गर्ने र बाँकी रकम २ महिनाभित्र चुक्ता गर्ने प्रतिबद्धता सहित मिति २०६६।२।१० गते कोषमा निवेदन दिएकोमा

उक्त कोषको सञ्चालक समितिको मिति २०६६।२।१६ र १७ गतेको निर्णयानुसार बाबाधाम आवास कम्पनी प्रा.लि.लाई १० प्रतिशतका दरले अर्ध वार्षिक पुँजीकरण हुने गरी ब्याज पुनर्गणना गर्दा कायम हुने सम्पूर्ण सावाँ ब्याज चुक्ता गर्ने अवसर दिँदा कोषको खराब कर्जा असुल हुने, NPA (Not Performing Assets) घट्ने, हालको धितो मूल्यांकनभन्दा बढी रकम असुल उपर हुने र हाल बजारमा परियोजना कर्जाको प्रचलित ब्याज दर १० प्रतिशतकै वरिपरि रहेको सन्दर्भमा सो दरले ब्याज पुनर्गणना गरी कर्जा असुल गर्दा कोषको हितमा हुने व्यवस्थापनको राय सहितलाई विचार गरी उक्त कम्पनीलाई सम्पूर्ण कर्जा चुक्ता गर्ने अवसर दिने भन्ने निर्णय गरेकोमा ऋणी कम्पनीका संस्थापक यमनाथ संग्रौलाले मिति २०६६।२।२४ गते रु. १,१२,००,०००।- कोषमा जम्मा गरी सोही दिन निजले कोष विरुद्ध सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदन समेत फिर्ता लिएको देखियो भने मिति २०६६।४।२४ गते ऋणी कम्पनीका संस्थापकले कर्मचारी संचय कोषलाई बुझाउनुपर्ने सावाँ ब्याज बापतको बाँकी रकम रु. १०,०७,५०,३०८।१४ समेत जम्मा रु. ११,१९,५०,३०८।१४ कोषमा जम्मा भएको भन्ने जानकारी कर्मचारी संचय कोषबाट प्राप्त भएको देखिँदा उक्त कोषबाट प्रवाह भएको ऋण रकम सावाँ तथा ब्याज समेत असुल उपर भइसकेको हुँदा ऋण प्रवाहमा कर्मचारी संचय कोषका कर्मचारीहरू उपर कारबाही गर्नुपर्ने देखिएन । अतः पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा प्राप्त सक्कल फायल एवं कागजातहरू सम्बन्धित कार्यालयमा फिर्ता पठाई हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम प्रस्तुत अनुसन्धान तहकिकातको कारबाही तामेलीमा राखी लगत कट्टा गरिदिने गरी मिति २०६६।४।३२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२९. सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन बमोजिम कृषि विभाग अन्तर्गत ओभरसियर पदमा मिति २०३८।५।१७ मा सार्वजनिक सेवामा प्रवेश गरी हाल म.ले.नि.का. को उप-सचिव पदमा कार्यरत अमरराज मिश्रले आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज अमरराज मिश्रको सम्पत्ति सम्बन्धमा समग्र अध्ययन हेर्दा निजले सार्वजनिक सेवामा प्रवेश गरेपछि हालसम्म तलब भत्ता रु. १५,८६,५८२।- विदेश भ्रमण रु. १३,६९,८१६।-, अन्य सुविधा रु. २,७६,५९६।- जग्गा बिक्री रु. ३,१४,०००।-, कृषि आय रु. १०,०००।-, परामर्शबाट रु. ३०,०००।- गरी जम्मा रु. ३५,८७,०३९।- आय आर्जन गरेको देखिन्छ भने निजको खर्चतर्फ घर निर्माण रु. ८,००,०००।-, जग्गा खरिद रु. १,४०,०००।- शेयर खरिद रु. १२,५०,५००।-, सापटी दिएको रु. १०,००,०००।-, बैंक मौज्दात रु. ९१,७३५।-, नगद मौज्दात रु. १५,०००।- र सुन खरिद रु. १,५२,८८४।- समेत गरी जम्मा रु. ३३,१०,११९।- खर्च भएको देखिन्छ ।

(ख) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययको स्थिति ऋणात्मक नदेखिएकाले निज अमरराज मिश्रले सार्वजनिक पदमा प्रवेश गरेपछि आर्जन गरेका सम्पत्तिको स्रोत नखुली अस्वाभाविक र अमिल्दो जीवनयापन गरेको भन्ने नदेखिएकाले पछि तथ्यसाथ स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा नयाँ प्रमाण फेला परेमा उसैबखत कारबाही हुने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्र.नि.ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखी अनुसन्धानको सिलसिलामा रोक्का राखिएको निजको घर

जग्गा र लकर फुकुवा गरिदिने गरी मिति २०६६।४।३२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त कैलपाल एकेडेमी फर हेल्थ साइन्स, नेपालगञ्जले कक्षा सञ्चालनका लागि स्वीकृति प्राप्त गरेका विषयहरू बाहेक त्रि.वि., CTEVT आदिबाट लिइने विभिन्न तहको प्रवेश परीक्षाका तयारी कक्षाहरू समेत सञ्चालन गरेको हुँदा छानबिन गरी कारबाही गरीपाऊँ भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त शैक्षिक संस्थाले स्वीकृति प्राप्त गरेको विषयको अध्यापन गर्ने, गराउने भन्दा बाहेक प्रवेश परीक्षाहरूको तयारी कक्षाहरू सञ्चालन गर्न पाउने वा नपाउने भन्ने सम्बन्धमा उक्त परिषद्को ऐन, नियम तथा विनियमावलीमा कुनै उल्लेख नभएको भन्ने व्यहोरा उक्त परिषद्को प्रतिक्रिया समेतबाट देखिन आयो । यस्ता गतिविधिहरू नेपालका अन्य शैक्षिक संस्थाहरूबाट समेत भएको हुन सक्ने सम्भावना समेत देखियो । अतः सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेको शैक्षिक संस्थाले सम्बन्धन/स्वीकृति प्राप्त गरेका विषयहरूको अध्यापन बाहेक अन्य विषयहरूको प्रवेश परीक्षाका लागि तयारी कक्षाहरू सञ्चालन गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र परिषद्द्वारा सञ्चालित शैक्षिक एवं तालिम कार्यक्रमहरूको प्रतिष्ठा (इमेज) मा प्रतिकुल असर पर्ने नपर्ने के हो ? उद्देश्य विपरीतका कार्यहरू समेत गर्ने शैक्षिक संस्थाहरूको सम्बन्धन खारेज गर्नुपर्ने/नपर्ने विषयमा छलफल र निष्कर्षमा पुग्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई लेखी पठाउने ।

(ख) उजुरीमा उल्लेखित कैलपाल एकेडेमी, नेपालगञ्जले विभिन्न विषयका प्रवेश परीक्षासम्बन्धी तयारी कक्षाहरू सञ्चालन गर्दा भर्ना भएका विद्यार्थीहरूबाट असुल भएको शुल्कको रसिद समेत नदिने गरेको भन्ने समेत उजुरीको विषय देखियो । यस सम्बन्धमा उक्त संस्थाले कानून बमोजिम जारी गर्नुपर्ने बिल/बिजक जारी गरे नगरेको एवं कर दाखिला गरे नगरेको भन्ने सम्बन्धमा आवश्यक छानबिन एवं कारबाही गर्न आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जलाई लेखी पठाउने ।

(ग) आयोगमा रहेको प्रस्तुत उजुरीको लगत कट्टा गरी मिसिल तामेलीमा बुझाइदिने गरी मिति २०६६।५।१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम मालपोत कार्यालय ललितपुरका शाखा अधिकृत केशव प्रसाद न्यौपानेले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज केशव प्रसाद न्यौपानेले मिति २०४०।३।१७ देखि भूमिसुधार कार्यालय, नुवाकोटमा ना.सु. पदमा सेवा प्रवेश गरी मिति २०६४।११।२२ मा शाखा अधिकृत

पदमा बढुवा भई हाल मालपोत कार्यालय ललितपुरको शाखा अधिकृत पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) मालपोत कार्यालय, ललितपुरको शाखा अधिकृत पदमा कार्यरत केशव प्रसाद न्यौपानेले सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ समक्ष पेश गरेको सम्पत्ति विवरणबाट निजको घोषित स्वआर्जित रु.२१,५०,०००।- बराबरको सम्पत्तिमध्ये रु. १८,५३,४८५।- बराबरको सम्पत्तिको खेतीको आम्दानी प्रमाणित नभएको भन्ने उल्लेख भई स्रोत नपुग्ने भन्ने उल्लेख भएको हुँदा निजका सम्बन्धमा यस आयोगबाट अनुसन्धान हुँदा अनुसन्धानको क्रममा संकलित कागजात, निज केशव प्रसाद न्यौपानेले यस आयोग समक्ष गरेको बयान, निजले सार्वजनिक पद धारण गर्नुअघि र पछि आर्जन गरेको चल अचल सम्पत्ति र निजको आय व्ययको विस्तृत विश्लेषण गर्दा निजको कृषि आय गणना नगरी गरिएको विश्लेषण समेतका आधारमा निज न्यौपानेले सार्वजनिक पद धारण गरेदेखि हालसम्ममा रु.४८,६०,८७९।- बराबरको सम्पत्ति आर्जन गरेको देखिन्छ भने निजको व्ययतर्फ हेर्दा रु.४४,७०,१६१।- खर्च गरेको देखिँदा निजको व्ययभन्दा आय धनात्मक देखिन्छ ।

(ग) अत: निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको भन्न सकिने अवस्था नहुँदा पछि कहीँ कतैबाट नयाँ प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।५।९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३२. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम माधव प्रसाद आचार्यले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज माधव प्रसाद आचार्य मिति २०३३।१२।१२ गते स.व.अ. (रा.प.तृतीय) पदबाट सार्वजनिक सेवामा प्रवेश गरी २०६०।५।२० गतेबाट सहसचिव पदमा बढुवा भई विभिन्न निकायमा सरुवा हुँदै हाल वन तथा भू-संरक्षण मन्त्रालयमा अनुगमन तथा मूल्यांकन प्रमुख पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज सार्वजनिक सेवामा प्रवेश गरेपश्चात निजले काठमाडौं र वीरगन्जमा समेत रु. १९,६९,२००।- को जग्गाहरू खरिद गरेको देखिन्छ भने रु. ५,४०,२५००।- मा जग्गा बिक्री गरेको देखिन्छ ।

(ग) निज माधव प्रसाद आचार्यको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ जग्गा खरिदमा रु. १९,६९,२००।-, घर निर्माणमा रु. ४,१५,०००।-, शेयर खरिदमा रु. ५९,१००।-, साथमा रहेको नगद रु.२१,०००।-, विभिन्न बैंकहरूमा रहेको बैंक मौज्दात रु. ४४,३१,७४०।- समेत गरी कुल व्यय रु. ६८,९६,०४०।- देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलब भत्ताबाट रु. १६,५२,२६६।-, विदेश भ्रमणबाट बचत हुने रकम रु. २१,६१,१३७।- घरभाडाबाट प्राप्त रु ३,३८,०००।-, कृषि आयबाट

प्राप्त रु ५,०९,८५२।-, शेयर लाभांशबाट रु. १,१३,८११।-, जग्गा बिक्रीबाट प्राप्त आय रु. ५४,०२,५००।- गरी जम्मा रु १,०१,७७,५६६।- आय भएको देखिन्छ ।

(घ) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि थप कुनै सम्पत्ति फेला परेमा कारबाही अगाडि बढाउन सकिने नै हुँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम हाल तामेलीमा राख्ने र अनुसन्धानका क्रममा निज एवं परिवारका नाममा रहेको चल अचल सम्पत्ति फुकुवा गरिदिने गरी मिति २०६६।५।९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३३. आयोगको मिति २०६६।४।१९ को निर्णयानुसार मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन मालपोत अधिकृत लोक बहादुर भण्डारी, मालपोत अधिकृत लक्ष्मी देवी सिलवाल र खरिदार निमा छिरिङ लामाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (क), (ख), (ग) र (छ) तथा निजामती सेवा ऐन, २०४९ को दफा ६० (घ) विपरीत कार्य गरेको पाइएबाट निजहरूलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) २ अनुसार विभागीय कारबाही गर्नु नपर्ने कारण भए स्पष्टीकरण पेश गर्नु भनी निजहरूसँग माग गरिएको स्पष्टीकरण प्राप्त भई आयोगको बैठकमा पेश हुँदा देहाय बमोजिमको निर्णय गरियो ।

१. चण्डेश्वरी महर्जनका नाममा श्रेस्ता कायम रहेको का. जि. का. म. न. पा. १० सिट नं. ११८६-१४ कि. नं. ३३४ क्षेत्रफल १-८-३-२ को जग्गा मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन मालपोत अधिकृत लोक बहादुर भण्डारी र खरिदार निमा छिरिङ लामाले तथा बाबुकाजी महर्जनको नाममा कायम का. जि. का. म. न. पा.१० सिट नं. ११८६-१० कि. नं. ३३९ क्षेत्रफल ०-१३-१-२, र १२० क्षेत्रफल ०-१०-०-२ एवं ऐ सिट नं. ११०६-९ को कि. नं. ३८५ क्षेत्रफल ०-३-०-०, कित्ता नं. १३७ क्षेत्रफल ०-२-०-०, कित्ता नं. ९३ क्षेत्रफल १-४-३-२ गरी कुल क्षेत्रफल ४-१०-१-० जग्गा मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन मालपोत अधिकृत लक्ष्मी देवी सिलवाल र खरिदार निमा छिरिङ लामाले श्रेस्ता अद्यावधिक गरिएको भन्ने कैफियत लेखी श्रेस्तामा चढाई फाँटवालाले सही गरी मालपोत अधिकृतबाट प्रमाणित गरिएको देखियो । तर साविक कुन कुन कित्ता भिडी कायम भएको हो ? सो व्यहोरा खुलाएको नदेखिएको, श्रेस्तामा उल्लेख गरिएको बाबुकाजी महर्जन तथा चण्डेश्वरी महर्जनको भनिएको श्रेस्ता एकीकरणको निवेदन समेत उक्त कार्यालयको दर्ता रजिष्टरबाट देखिन नआएकाले कुनै निवेदन तथा निर्णय बिना नै साविक स्रोत समेत नखुलाई सरकारी तथा सार्वजनिक जग्गा व्यक्ति विशेषका नामको श्रेस्तामा कायम गर्ने गरी गरिएको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (क), (ख), (ग) र (छ) तथा निजामती सेवा ऐन, २०४९ को दफा ६० (घ) विपरीत भएको पाइएकोमा निजहरूलाई विभागीय कारबाहीका लागि सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक नपाइएकोले निजहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (क), (ख), (ग) र (छ) तथा निजामती सेवा ऐन, २०४९ को दफा ६० (घ) विपरीत कार्य गरेको प्रमाणित भएबाट निजहरूलाई विभागीय कारबाही गर्न अख्तियारवाला समक्ष लेखी पठाउने ।

२. व्यक्तिको नाममा गइसकेको प्रकरण १ मा उल्लेखित जग्गा मालपोत कार्यालय डिल्लीबजारबाट मालपोत ऐन २०३४ को दफा २४ को अधिकार प्रयोग गरी नेपाल सरकारकै नाममा कायम गर्ने निर्णय भइसकेकाले आयोगबाट थप केही गर्न परेन ।

३. ललितपुर उपमहानगरपालिका वडा नं. १८ बस्ने राम पुरीले उल्लेखित का.म.न.पा. १० सिट नं. १०२-११८६-०९ को कि. नं. ९१ र ९३ ऐ सिट नं. ११८६-१० को कि. नं. १२०, २३९, १३७ र ३८५ तथा ऐ सिट नं. ११८६-१४ कि. नं. ३३४ का जग्गाहरू सार्वजनिक जग्गा नभई आफ्नो पिता डिल्लीनाथ पुरीको रैकर निजी गुठीका जग्गाहरू भएकोमा मालपोत कार्यालयले नेपाल सरकारका नाममा दर्ता गरेकोमा उक्त जग्गाहरू आफ्नो नाममा कायम गर्नका लागि आवश्यक कारबाही गरी पाऊँ भनी पेश भएको निवेदनका सम्बन्धमा निजले आफूलाई मर्का परेको कुरा अदालतमा गई हक कायम गराउन सक्ने हुँदा आयोगबाट केही गर्न परेन ।

४. प्रस्तुत उजुरी तामेलीमा राखी फायल अनुगमन शाखामा पठाउने गरी मिति २०६६।५।१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम तत्कालीन नापी विभाग अन्तर्गत अमिन पदमा रही हाल सर्वेक्षक प्रल्हादराज राजवंशीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज प्रल्हादराज राजवंशी मिति २०३५।४।१० गते अस्थायी नियुक्त भई मिति २०४१।९।२० देखि अमिन पदबाट सार्वजनिक सेवामा प्रवेश गरी विभिन्न निकायमा सरुवा तथा बढुवा हुँदै हाल सर्वेक्षक (रा.प. अनं. प्रथम) पदमा कार्यरत रहेको भन्ने देखिन्छ ।

(ख) निज प्रल्हादराज राजवंशीको समग्र आयलाई हेर्दा निजको आयतर्फ तलब भत्ता बापत प्राप्त रु. ९,५१,०४४।-, विभिन्न बैंकबाट सापटी रु. १९,८१,०००।-, जग्गा बिक्री रु. २१,७८,२००।- घर बिक्रीबाट रु. २०,५०,०००।- गरी कुल रु. ७१,६०,२४४।- आम्दानी गरेको देखिन्छ भने निजको खर्चतर्फ हेर्दा घर निर्माण रु. २२,७८,८७६।-, जग्गा खरिद रु. ३६,७३,४००।-, बैंक मौज्दात रु. ९,८२,००८।-, नगद रु. ४,०००।- गरी कुल व्यय रु. ६९,३८,२४४।- खर्च गरेको देखिँदा निजले आर्जन गरेको रकममा उक्त खर्च रकम कटाउँदा निजसँग रु. २,२२,०००।- मौज्दात देखिन्छ । बैंकको कारोबारतर्फ हेर्दा निजले पटक पटक जग्गा खरिदमा मौज्दात रकम झिक्ने र बिक्रीमा जम्मा गर्ने गरेको तथा बैंकबाट लिएको ऋण समेतलाई बैंकको माध्यमबाटै जम्मा र खर्च गर्ने गरेको अवस्थाले उक्त रकमलाई अन्यथा भन्न सकिने अवस्था देखिएन ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवन निर्वाह गरेको देखिन नआएकाले पछि थप कुनै सम्पत्ति वा प्रमाण प्राप्त भएका बखत कानून बमोजिम हुने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने

गरी मिति २०६६।५।११ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३५. उच्च स्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदनमा स्थानीय विकास मन्त्रालयका निकायहरूबाट भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग सम्बन्धमा तत्कालीन जिल्ला विकास समिति नवलपरासीका सभापति दुर्गा प्रसाद चौधरीले निज पदमा रहँदा कोषको दुरुपयोग गरेको सम्बन्धमा आयोगको तर्फबाट अनुसन्धान हुँदा तत्कालीन जिल्ला विकास समिति नवलपरासीबाट खर्च गर्दा बोर्ड बैठकमा पेश भई अनुमोदन भएको साथै लेखापरीक्षण हुँदा कुनै बेरुजु भएको समेत नदेखिनुका साथै बिल भौचरसहितको श्रेस्ता तयार भएको देखिँदा उजुरी तामेलीमा राख्ने निर्णय गरी मिति २०६६।५।११ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३६. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम भन्सार विभाग अन्तर्गतका तत्कालीन खरिदार किशोर कुमार आचार्यले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज किशोर कुमार आचार्यले २०३२ सालमा बहिदार पदबाट सरकारी सेवामा प्रवेश गरी विभिन्न मन्त्रालय मातहत कार्यरत रही २०६६ असारमा भन्सार विभागको ना.सु पदबाट स्वेच्छिक अवकाश लिएको देखियो ।

(ख) सार्वजनिक सेवामा प्रवेश गरेपछि निज किशोर कुमार आचार्यले अचल सम्पत्तितर्फ काठमाडौं बौद्धमा रु. १ लाख ४८ हजार ५ सय परल मूल्य भएको ४ आना ३ पैसा जग्गा खरिद गरी उक्त जग्गामा रु. १४ लाख ६१ हजारमा घर निर्माण, काठमाडौं कपनमा रु. ३ लाख परल मूल्य भएको ५ आना जग्गा र सर्लाही हरिवनमा रु. १५ हजार परल मूल्य भएको १० धुर जग्गा आर्जन गरेको देखियो । चल सम्पत्तितर्फ केही संस्थाहरूमा शेयर लगानी एवं सामान्य बैंक मौज्दात भई उल्लेखनीय परिमाण देखिएन ।

(ग) सेवा अवधिमा नै निज किशोर कुमार आचार्यले पैत्रिक तथा स्वआर्जित जग्गा बिक्री, तलब भत्ता, कमिसन तथा प्रोत्साहन भत्ता, संचय कोष सापटी आदि समेतबाट रु. ३५ लाख ३१ हजार स्रोत खुल्ने आय र जग्गा खरिद तथा घर निर्माण समेत गरी रु. २९ लाख ६९ हजार व्यय गरेको देखियो ।

(घ) सेवा अवधिको निजको समग्र आय व्यय अवस्था हेर्दा धनात्मक रहेको देखिएको र चल तथा अचल सम्पत्तिको परिमाण हेर्दा निज आर्चायले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सार्वजनिक जीवन निर्वाह गरेको देखिन नआएकाले पछि थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।५।१४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम कृषि विकास बैंकको विभागीय प्रमुख योगेन्द्र प्रसाद रेग्मीले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज योगेन्द्र प्रसाद रेग्मी मिति २०४०।५।२० देखि कृषि विकास बैंक, तौलिहवामा लेखा अधिकृत पदमा सेवा प्रवेश गरी सोही बैंकको मुख्य कार्यालयको विभागीय प्रमुखको पदबाट मिति २०६५।८।१९ गते देखि अवकाश भएको देखिन्छ ।

(ख) निज योगेन्द्र प्रसाद रेग्मीको समग्र आय व्यय हेर्दा निजले सार्वजनिक सेवामा प्रवेश गरेपछि निवृत्त भएको अवधिसम्म निजको आय व्यय विश्लेषण गर्नुपर्ने अवस्था हुँदा निजको आयतर्फ निज र निजको श्रीमतीको तलब भत्ता बापत रु. २५,३४,२४२।- कृषि विकास बैंकबाट लिएको ऋण रु. १४,३९,६६०।- जग्गा बिक्रीबाट रु. ५,०००।- समेत जम्मा रु. ३९,७९,०४२।- प्राप्त गरेको देखिन्छ भने व्ययतर्फ घर निर्माणका लागि रु. १२,१२,६३०।- जग्गा खरिद गर्न रु. ५९,४४५।- विद्युतीय सामान खरिद गर्न रु. १,९९,५००।- र बैंकको ऋण फिर्ता गर्दा रु. १४,३९,६६०।- समेत जम्मा रु. २९,११,२३५।- खर्च भएको देखिन्छ ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययभन्दा आय अधिक देखिएको हुँदा निज योगेन्द्र प्रसाद रेगमीले आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।५।१५ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम लोक सेवा आयोग केन्द्रीय कार्यालयका शाखा अधिकृत शिव प्रसाद रिजालले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज शिव प्रसाद रिजालले मिति २०४९।३।२ देखि जिल्ला स्वास्थ्य कार्यालय, तनहुँमा मुखिया पदमा सार्वजनिक सेवामा प्रवेश गरी मिति २०५९।११।२४ देखि शाखा अधिकृत पदमा बढुवा भई हाल मिति २०६४।५।७ देखि लोक सेवा आयोगमा कार्यरत रहेको देखिन्छ ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको चल अचल सम्पत्ति हेर्दा जग्गा खरिद गर्दा रु. ७,२२,२६५।-, शेयर खरिद रु. ६०,०००।-, बैंक मौज्दात रु. २,०२,०००।- समेत गरी जम्मा व्यय रु. ९,८४,२६५।- व्यय भएको देखिन्छ । आयतर्फ हेर्दा तलब भत्ता बापत रु. १२,१०,३१०।-, अतिरिक्त पारिश्रमिक रु. १,१५,१००।- समेत गरी रु. १३,२५,४१०।- आय प्राप्त गरेको दखिँदा निजको व्ययभन्दा आय धनात्मक रहन जाने देखिन्छ ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।५।१७ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३९. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सर्वोच्च अदालतका ना.सु. उदयराज काफ्लेले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज उदयराज काफ्लेले २०४२ सालमा मुखिया पदबाट सरकारी सेवामा प्रवेश गरी विभिन्न मन्त्रालय मातहत कार्यरत रही २०५४ सालदेखि सर्वोच्च अदालत र अन्तर्गत कार्यरत रहेको देखियो ।

(ख) सार्वजनिक सेवामा प्रवेश गरेपछि निज उदयराज काफ्लेले अचल सम्पत्तितर्फ काठमाडौं चुनिखेल वडा नं. ७ मा रु. २५ हजार परल मूल्य भएको ८ आना, काठमाडौं कोटेश्वर १ (ख) मा रु. १ लाख ८७ हजार ५०० परल मूल्य भएको ५ आना, नवलपरासी प्रगतिनगर ४ मा रु. ७ हजार परल मूल्य भएको १ कट्ठा, र काठमाडौं सरस्वती १ क मा परल मूल्य रु. २ लाख ५० हजार (रु. १० लाखको ४ जनाको नामको संयुक्त दामसाहीले) भएको ५ आना २ पैसा जग्गा खरिद गरेको देखियो । चल सम्पत्तितर्फ विभिन्न बैंकमा गरी मौज्दात रु. ८ लाख ८ हजार २७४ रहेको पाइयो ।

(ग) सेवा अवधिमा निज उदयराज काफ्ले र निजकी श्रीमती समेतको तलब भत्ता, प्रोत्साहन भत्ता, औषधी उपचारबाट समेत गरी रु १९ लाख ८३ हजार १२९ स्रोत खुल्ने आय र जग्गा खरिद समेत गरी रु. १२ लाख ७७ हजार ७७४ स्विकारयोग्य व्यय भई निजको आर्थिक अवस्था रु. ७ लाख ५ हजार ३५५ धनात्मक रहेको देखिए तापनि निजसँग हाल बैंकमा मौज्दात रहेको रकम सम्म बचत मान्नुपर्ने देखियो ।

(घ) सेवा अवधिमा निजको समग्र आय व्यय अवस्था हेर्दा धनात्मक रहेको देखिएको र चल तथा अचल सम्पत्तिको परिमाण हेर्दा निज काफ्लेले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सार्वजनिक जीवन निर्वाह गरेको देखिन नआएकाले पछि थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।५।३० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

४०. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा राजदिप शाक्यले पेश गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने समेत व्यहोराको सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज राजदिप शाक्यले मिति २०४२।११।२३ मा त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयको गोल्ड सिल्भर टेष्टर प्राविधिक ना.सु. सरहको पदमा प्रवेश गरी हाल सोही कार्य गर्ने अधिकृत पदमा बढुवा भई यथावत् कार्यरत रहेको देखियो ।

(ख) निज राजदिप शाक्यको समग्र आय व्यय हेर्दा आयतर्फ सार्वजनिक पदमा प्रवेश गरेपछि मिति २०६५।११।३० सम्मको तलब भत्ता बापत रु. ९,४०,३५१।५० कमिसन बापत रु. ५,३९,६८२।१६ घर भाडाबापत प्राप्त रकम रु. ३,६२,६७५।- काठमाडौंभित्रका घरजग्गाहरू बिक्रीबाट रु. ५८,७००। संचय कोष सापटीबाट रु. ३,४५,६००। समेतबाट जम्मा रु २४,९७,००८।६६ आय प्राप्त गरेको देखिन्छ । खर्चतर्फ घर निर्माणका लागि रु. १०,६३,२५८।५९ जग्गा खरिदतर्फ पटक पटक गरी रु. ६,०३,९००। सवारी साधन खरिद रु. २,०२,०००। समेत गरी जम्मा रु. १८,६९,१५८।५९ खर्च भएको देखिन्छ । हाल निजको नाममा बैँक खातामा रकम मौज्दात नदेखिएको हुँदा रकम मौज्दात नरहेको मान्नुपर्ने देखियो ।

यसरी निजको समग्र आय व्यय हेर्दा आयभन्दा व्यय बढी नदेखिएको हुँदा आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।५।३१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

४१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा मधुसुदन पौडेललले पेश गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज मधुसूदन पौडेलले मिति २०३१।२।२३ मा हुलाक सेवा विभागबाट सेवा प्रवेश गरी मिति २०३२।३।१५ मा अर्थ मन्त्रालय र सो अन्तर्गतका विभिन्न भन्सार कार्यालयहरू एवं विभागमा कार्यरत रही मिति २०६१।१०।३० मा वैदेशिक भन्सार कार्यालयबाट अनिवार्य अवकाश लिएको देखिन्छ ।

(ख) निज मधुसूदन पौडेलको समग्र आय व्यय हेर्दा आयतर्फ सार्वजनिक पदमा प्रवेश गरेपछि अवकाश हुँदाको अवधि अर्थात् मिति २०६१।१०।३० सम्मको तलब भत्ता बापत रु. ५,८१,८१०।८०, कमिसन बापत रु. ३,७७,८८१।७४, छोरा नवीन पौडेलको पारिश्रमिक बापतको रु. ६,०५,७००।- घर भाडाबापत प्राप्त रकम रु. ८,७५,२००।- काठमाडौंभित्रका घरजग्गाहरू बिक्रीबाट रु, ८,२६,०००।-, छुट्टिटई भिन्न हुँदा प्राप्त नगद रकम रु. ३,५०,०००।- गरी समेत जम्मा रु. ३६,१६,५९२।५४ आय प्राप्त गरेको देखिन्छ । खर्चतर्फ घर निर्माणका लागि रु. ३,२४,२५१।२०, जग्गा खरिदतर्फ पटक पटक गरी रु. ६,२३,०००।-, शेयर लगानी रु. ३,१६,९००।-, सवारी साधन खरिद रु ३,५०,०००।-, सुन खरिदतर्फ रु. ५७,०३१।१० समेत जम्मा रु. १६,७१,१८२।३० खर्च भएको देखिन्छ । हाल निजको नाममा विभिन्न बैँक खातामा रु. २३,८८,६३७।- मात्र मौज्दात देखिएको हुँदा सोही रकम नै आजसम्मको मौज्दात रहेको मान्नुपर्ने देखियो ।

यसरी निजको समग्र आय व्यय हेर्दा आयभन्दा व्यय बढी नदेखिएको हुँदा आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।५।३१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

४२. त्रिभुवन विमानस्थल भन्सार कार्यालयले व्यापारीबाट मोटो रकम लिई सामान निरीक्षण नगरी जाँचपास गर्ने गरेको एवं ट्राफिक प्रहरीले पक्राउ गरी भन्सार कार्यालयमा बुझाएका मोटरसाइकलहरू बिना सूचना भन्सार कार्यालयको समेत मिलोमतोमा साझा भण्डार लिमिटेडले कवाडीको रूपमा लिलाम सकार गरी राजकुमार अग्रवाल भन्ने व्यक्तिलाई हस्तान्तरण गरी राजस्व चुहावट तथा पदको दुरुपयोग गरेकाले साझाको कर्मचारीलाई समेत आवश्यक कारबाही गरी पाऊँ भन्ने विषयको उजुरीका सम्बन्धमा भएको अनुसन्धान कार्य पूरा भई अनुसन्धान अधिकृत प्रहरी निरीक्षक शिवराज बस्नेतबाट प्राप्त भएको प्रतिवेदन यस आयोगमा मिति २०६६।६।१ को बैठकमा पेश भई छलफल हुँदा भन्सार कार्यालयबाट भन्सार नियमावली, २०६४ को नियम ३६ को उपनियम ११ बमोजिम बिना प्रतिस्पर्धामा साझा भण्डार लिमिटेडलाई पत्रु मोटरसाइकल बिक्री गरेको सम्बन्धमा साझा भण्डार लि., तारा गाउँ विकास समिति, नेसनल ट्रेडिङ, साल्ट ट्रेडिङ जस्ता संस्थालाई बिना प्रतिस्पर्धा भन्सारले जफत गरी तोकेको न्यूनतम मूल्यमा सामान बिक्री गर्ने व्यवस्था परिवर्तित अवस्थामा उचित मान्न नसकिने र यसबाट राजस्व हिनामिना हुने प्रवल सम्भावना भएकोले भन्सारबाट जफत भएका सामानको न्यूनतम मूल्यांकनमा नघट्ने गरी जोसुकैले खरिद गरे पनि प्रतिस्पर्धाबाट मात्र खरिद गर्न पाउने व्यवस्था गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २८ को उपदफा (१) को (क) बमोजिम गर्न लेखी पठाउने भनी २०६६।३।२३ मा नै निणर्य भै सो को कार्यान्वयनको लागि अर्थ मन्त्रालयमा लेखी पठाइसकिएकाले अन्य उजुरी उपर देहाय बमोजिमको निर्णय गरियो ।

१. साझा भण्डार लिमिटेडले त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट प्राप्त भएका पत्रु मोटरसाइकलहरू बिक्री गर्दा संस्थाको आफ्नै आर्थिक प्रशासन नियमावली, २०६० अनुसार बिक्री वितरण गरेको देखिन आएकाले तत्काल नेपाल सरकारबाट जारी भएको प्रचलित ऐन कानून अन्तर्गत स्थापना भई सरकारको समेत सहभागिता एवं स्वामित्व रहेका कुनै पनि सार्वजनिक संस्थाहरूले स्थापित हुँदाका समयमा जारी नियम तथा तोकिएबमोजिम भनी राज्यले दिएको सुविधाबाट आफ्नो विनियम तथा नियमावली निर्माण गरी सोही अनुसार आफ्नो व्यवस्थापन सञ्चालन गर्दै आएको भए तापनि परिवर्तित अवस्थामा संस्थाले आफ्नो अनुकुल तयार गरेको नियम विनियमले नेपाल सरकारबाट जारी भएका ऐन नियम समेतसँग बाझिन गई राजस्वसमेत हिनामिना हुने प्रवल सम्भावना भएकाले प्रचलित ऐन अनुसार तोकिएबमोजिम स्थापना भएका सार्वजनिक संस्थाले नेपाल सरकारबाट जारी भइसकेका ऐन नियमहरूको पालना नगर्नुलाई उचित मान्न नसकिने हुँदा आफ्नै आर्थिक प्रशासन नियमावली निर्माण गरी आर्थिक कारोबार सञ्चालन गरिरहेको साझा भण्डार लिमिटेड लगायत सोही प्रकृतिका साल्ट ट्रेडिङ, नेशनल ट्रेडिङ, तारागाउँ विकास समिति समेतले यसरी बिना प्रतिस्पर्धा प्राप्त गरेका सामानहरू

बिक्री गर्दा समेत अब आइन्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को परिधिभित्र रहेर मात्र खरिद बिक्री गर्ने व्यवस्था गर्न गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा १ को (क) बमोजिम सम्बन्धित मन्त्रालयहरूलाई लेखी पठाउने ।

२. सरकारको समेत स्वामित्व रहेको सार्वजनिक संस्था साझा भण्डार लि. जस्ता संस्थाहरूले विभिन्न तवरबाट आफूलाई प्राप्त हुन आएका सामानहरू बिक्री वितरण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को पालना नगरी आफ्नै आर्थिक प्रशासन नियमावली तथा विनियम अनुसार बिक्री वितरण गर्ने गरेको देखिन आएकाले यसरी खरिद बिक्रीको कार्य गर्दा राजस्व समेत हिनामिना हुने प्रवल सम्भावना भएकाले त्यस्ता संस्थाहरूलाई भन्सार कार्यालयबाट कुनै पनि प्रक्रिया अनुसार प्राप्त सामानहरू पुनः बिक्री वितरण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को परिधिभित्र रहेर मात्र बिक्री वितरण गर्नुपर्ने शर्त राखेर मात्र सामान दिने व्यवस्था गर्न परिपत्र गर्न अर्थ मन्त्रालय र सार्वजनिक खरिद ऐन नियमको परिधिभित्र रहेर मात्र लिलाममा सकारेका सामान बिक्री गर्ने व्यवस्था गर्न सम्बन्धित संस्थाहरूलाई निर्देशन दिने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को (क) बमोजिम अर्थ मन्त्रालयमा लेखी पठाई प्रस्तुत उजुरी तामेलीमा राखी लगत कट्टा गरिदिने गरी मिति २०६६।६।१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

४३. अर्थ मन्त्रालय भन्सार विभाग अन्तर्गत त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौंमा भन्सार अधिकृत पदमा कार्यरत कृष्णगोपाल श्रेष्ठले पेश गरेको चल अचल सम्पत्ति गरी जम्मा रु. १२,५५,५८०।- मध्ये स्रोत खुलाउँदा रु. ९,३९,२२०।- को स्रोत खुल्ने प्रमाण पेश गर्न नसकेको भन्ने सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज कृष्णगोपाल श्रेष्ठले मिति २०३५।१२।२४ देखि सरकारी सेवामा प्रवेश गरी हाल त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर काठमाडौंमा भन्सार अधिकृत पदमा कार्यरत रहँदै आएको देखिन्छ ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् हालसम्म आफ्नो पारिश्रमिकबाट रु. १०,५५,४८१।-, श्रीमतीको तलब भत्ताबाट रु. १७,०४,२१२।-, बैंक कर्जा रु. ९,२७,६३०।-, अंशमा प्राप्त नगद रु. ५०,०००।- एवं जग्गा बिक्रीबाट रु. ४,००,०००।- समेत गरी कुल जम्मा आम्दानी रु. ४१,३७,३२३।- आय आर्जन गरेको देखियो । सोही अनुसार निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् हालसम्म जग्गा खरिदमा रु. ५,३६,०००।-, मोटरसाइकल खरिदमा रु. १,४६,१८०।- विभिन्न कम्पनीहरूको साधारण शेयर खरिदमा रु. २,४९,७२०।- बैंक ऋण सापटी चुक्तामा रु. ३,४५,५२७।-, बैंक मौज्दात रु. १५,८६,९२५।- समेत गरी जम्मा रु. ३२,१४,३५२।- खर्च गरेको देखिँदा निजको आयको तुलनामा व्यय कम नै रहेको देखियो ।

निजले आयोगमा पेश गरेको बैंक विवरण तथा यस आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निज तथा निजको एकाघरको परिवारको नाममा रहेको बैंक खाता विवरण अनुसार हालसम्म रु. १५,८६,९२५।- निजको बचत रहेको सम्पत्ति देखिएकाले सोही रकमलाई हालसम्मको निजको मौज्दात रकम मान्नुपर्ने देखियो ।

(ग) तसर्थ, निज कृष्णगोपाल श्रेष्ठको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।६।१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

४४. उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनमा "स्थानीय विकास मन्त्रालय र मातहत" का निकायहरूबाट भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग सम्बन्धमा विदुर नगरपालिका नुवाकोटका तत्कालीन प्रमुख कमान सिं लामाले निज पदमा रहँदा कोषको दुरुपयोग गरेको भन्ने सम्बन्धमा आयोगको तर्फबाट अनुसन्धान भई पेश हुन आएको प्रतिवेदन उपर छलफल हुँदा विदुर नगरपालिकाले समाज परोपकार सेवा परिषद्लाई सहयोग स्वरूप रु. ५०,०००।- रकम दिँदा बोर्ड बैठकको निर्णय बमोजिम रकम भुक्तानी दिएको पाइएको र उक्त खर्चको लेखा परीक्षण हुँदा अब आइन्दा मापदण्ड निर्धारण गरी अनुदान दिने भनी सुझाव दिएको समेत देखिँदा यसमा अनियमितता भयो भन्न सकिने अवस्था नहुँदा प्रस्तुत उजुरी उपर केही गरिरहन परेन । उजुरीको लगत कट्टा गरी मिति २०६६।६।६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

४५. उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनमा उल्लेख भएको जिल्ला विकास समितिको कार्यालय, पर्साका तत्कालीन सभापति शम्भु प्रसाद चौरासिया उपरको आरोपित विषयका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को अनुसूची १५.१७ मा उल्लेख भएको खर्चको सम्बन्धमा जिल्ला विकास समितिको कार्यालय, पर्साबाट प्राप्त भएको फाइल हेर्दा जन जागरण कार्यमा भएको खर्च जिल्ला विकास समितिको बोर्डबाट अनुमोदन हुनुका साथै खर्च भएको धेरै रकमहरूको बिल भरपाइ समेत फाइलमा रहेको र उक्त शीर्षकमा भएको खर्चहरूको लेखापरीक्षण हुँदा कुनै बेरुजु नभएको भनी सो कार्यालयको मिति २०६६।५।३० को पत्रमा उल्लेख भएको देखिँदा यस सम्बन्धमा कोही कसैलाई केही गरिरहनु परेन । अतः प्रस्तुत उजुरी तामेलीमा राखी लगत कट्टा गरी मिति २०६६।६।१८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

४६. त्रिभुवन विश्वविद्यालयमा कार्यरत तत्कालीन हेड असिष्टेण्ट (हाल विशेष बढुवा भई सहायक प्रशासक) पदमा कार्यरत नभावती कुँवर (क्षेत्री) ले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान हुँदा निज नभावती कुँवरले कलकत्ता विश्वविद्यालयबाट प्राप्त गरेको P.U.1969 को प्रमाणपत्र पेश गरी हेड असिष्टेण्ट पदमा सेवा प्रवेश गरेको र निजको विशेष बढुवा भएकोले बढुवाको लागि समेत स्नातक तहको प्रमाणपत्र आवश्यक नदेखिएको । B.A.Part I उत्तीर्ण भएको तर Part II Fail भएको सक्कल प्रमाणपत्र पेश भएकोले र कलकत्ता विश्वविद्यालयले समेत निजको उक्त

अनुक्रमांक/वर्ष cal fno १९७२ को मार्कसिट झुट्ठो भनी नभनेको । Fail भएको मार्कसिटलाई Failed भनी लेखी आएकाले प्रमाणीकरण नै गर्न पठाउनुपर्ने नदेखिएको हुँदा निजको प्रमाणपत्र झुट्ठा हो भनी दाबी गर्न नसकिने भएकोले निजको यस विषयको अनुसन्धान तामेलीमा राखी निजको निलम्बन फुकुवा गरिदिने साथै निजले बयानको क्रममा आयोगमा दाखिला गरेको धरौटी रकमसमेत फिर्ता गरिदिने भन्ने आयोगको मिति २०६६।६।१९ को निर्णयअनुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको

४७. जानकी नि.मा.वि. बरहदगुठी रुपन्देहीलाई जिल्ला शिक्षा कार्यालय, रुपन्देहीबाट आ.व. २०६४।६५ मा प्रा.वि. राहत दरबन्दीको पदमा शिक्षक नियुक्ति गर्दा जिल्ला शिक्षा कार्यालय, नवलपरासीबाट नक्कली स्थायी अध्यापन अनुमतिपत्र लिएका अमरिश कुमार यादवलाई नियुक्ति गरेकोले कारबाही गरी पाऊँ भनी जिल्ला प्रशासन कार्यालय, रुपन्देहीमा परेको उजुरी उपर उक्त कार्यालयबाट प्राप्त हुन आएको फाइल पेश भई छानबिन हुँदा निम्नानुसार निर्णय गरियो ।

उक्त विद्यालयमा नियुक्ति भएका जिल्ला रुपन्देही, सिलौटिया गा.वि.स. वडा नं. २ महदेवा बस्ने रामलखन यादवका छोरा अमरिशकुमार यादवले करिब २ (दुई) महिना शिक्षक भई कार्य गरेको र उजुरी परेपश्चात् राजीनामा दिएको भन्ने देखियो । निजले जिल्ला शिक्षा कार्यालय, नवलपरासीबाट मिति २०६२।१०।२५ मा प्राप्त गरेको भनिएको रोल नं. ०५५ प्र.प.नं. ४४००९०८ को स्थायी अध्यापन अनुमतिपत्रको अभिलेख भिडान गर्दा निज उक्त जिल्लाबाट स्थायी अध्यापन अनुमति पत्र परीक्षामा सम्मिलित नभएको र उक्त नम्बरको अध्यापन अनुमतिपत्र लिएको समेत नदेखिएको साथै उक्त अनुमति पत्रमा प्रमाणित गर्ने जि.शि.अ. शंकर मानन्धर त्यस बखत उक्त कार्यालयमा कार्यरत नरहेको भन्ने समेत व्यहोरा जिल्ला शिक्षा कार्यालय, नवलपरासीको च.नं. ४०९४ मिति २०६६।१।२९ को पत्रबाट लेखी आएको देखियो । उल्लेखित अवस्थाबाट निज अमरिशकुमार यादवले नक्कली अध्यापन अनुमतिपत्रको आधारमा सरकारी सेवामा प्रवेश गरेको भन्ने देखियो ।

नक्कली अनुमति पत्र लिने कार्य मुलुकी ऐन कीर्ते कागजको महलको १२ नं. बमोजिमको सरकारी छाप, दस्तखत कीर्ते गरेको कसुर मानिने र उक्त कसुर सम्बन्धी विषय सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गतको मुद्दा हुँदा सो को अनुसन्धान गर्ने जिम्मेवारी सम्बन्धित प्रहरी कार्यालयको हुने हुँदा जिल्ला प्रहरी कार्यालय, नवलपरासीलाई आवश्यक अनुसन्धान र कारबाही गर्न सक्कलै फाइल समेत पठाई सो को जानकारी जिल्ला प्रशासन कार्यालय, रुपन्देहीलाई दिने । फाइल तामेलीमा राखी उजुरीको लगत कट्टा गरी मिति २०६६।६।२० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

४८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम तत्कालीन मालपोत कार्यालय डिल्लीबजार, हाल जिल्ला विकास समितिको कार्यालय रुपन्देही अन्तर्गत दरबन्दी भै उच्चस्तरीय भूमिसुधार आयोग काठमाडौंमा कार्यरत ना.सु. पीताम्बर भण्डारीले सार्वजनिक सेवामा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज पीताम्बर भण्डारीले मिति २०३९।३।१५ गतेदेखि तत्कालीन श्री ५ को सरकारको छापाखानामा स्टोर किपर पदबाट सार्वजनिक सेवामा प्रवेश गरी विभिन्न मितिमा विभिन्न कार्यालयहरू हुँदै हाल उच्चस्तरीय भूमिसुधार आयोग काठमाडौंमा कार्यरत रहेको देखिन आयो ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् हालसम्म आफ्नो तलब भत्ताबाट रु. ८,४५,६०१।५०, विदेश भ्रमणबाट प्राप्त आयको बचत रकमबाट रु. ५,२५,०००।-, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण सापटीबाट रु. १,४८,००,०००।-, कर्मचारी संचय कोष ऋण सापटीबाट रु. २१,८५५।-, छोरी तुलसा भण्डारीको पारिश्रमिकबाट रु. २,२६,८००।- श्रीमेन्दो तामाङसँग कपाली तमसुक रजिष्ट्रेशन पारित गरी लिएको ऋण सापटीबाट रु. ६,००,०००।- घरजग्गा बिक्रीबाट रु.२,८६,७९,११०।- र अन्य विविध आयबाट रु. ८०,०००।- समेत गरी जम्मा रु. ४,५७,७८,३६६।५० आय आर्जन गरेको देखियो ।

(ग) त्यसैगरी निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् हालसम्म घर/जग्गा खरिदमा रु. २,२९,८३,०००।-, घर (टहरा) निर्माणमा रु १,००,०००-, शेयर खरिदमा रु. ७३,४००।-, मोटरसाइकल खरिदमा रु. १,८०,०००।-, कर्मचारी संचय कोषको ऋण सापटी तिर्न रु. ५,०००।-, बैंक तथा वित्तीय संस्थाको ऋण भुक्तानी गर्न रु. १,३१,८७,८३०।९, बैंक मौज्दातमा रु. ३०,२५,६६१।६६ र अन्य विविध व्यय (छोरीलाई अमेरिका पठाउँदाको खर्च) मा रु. ७,००,०००।- समेत गरी जम्मा रु. ४,०२,५४,८९१।८५ खर्च तथा लगानी गरेको देखियो ।

(घ) सम्पत्ति न्यायकि जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा निजले विदेशमा कमाएको भनेको र जग्गा बिक्री समेतको प्रमाण कागजात पेश नगरेको स्रोत प्रमाणित हुन नसक्नुको कारण उल्लेख गरी कैफियत जनाएको देखिए तापनि निजले अन्दाजी १५ महिना दक्षिण कोरियामा काम गरेको आयबाट रु. ७,५०,०००।- प्राप्त गरेको भनी मागदाबी गरेको देखिए तापनि आयोगको मापदण्ड अनुसार ३० प्रतिशतले खर्च कट्टा गरी बाँकी हुन आउने रु. ५,२५,०००।- उक्त अवधिमा स्वाभाविक रूपमा बचत हुन सक्ने देखिएको र घरजग्गाको कारोबारबाट प्राप्त रकमको हकमा श्रेस्ता, लिखत लगायतका प्रमाण कागजातहरू अनुसन्धानका सिलसिलामा यस आयोग समक्ष पेश गरेको देखिएकाले उक्त विदेशमा काम गरेर प्राप्त गरेको भनिएको रकम र घरजग्गाको कारोबारबाट प्राप्त रकम समेतलाई मान्यता दिनुपर्ने अवस्था देखियो ।

(ङ) तसर्थ, निज पीताम्बर भण्डारीको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेका बखत कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम प्रस्तुत अनुसन्धान तहकिकातको कारबाही तामेलीमा राखी लगत कट्टा गरिदिने । साथै अनुसन्धानको सिलसिलामा रोक्का राखिएका चल अचल सम्पत्तिहरू समेत फुकुवा गरिदिने गरी मिति २०६६।६।२१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

४९. सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन बमोजिम जिल्ला भूमिसुधार कार्यालयको बचत सहायक निरीक्षक पदबाट सार्वजनिक सेवामा प्रवेश गरी हाल वीरगन्ज भन्सार कार्यालयको भन्सार अधिकृत पदमा कार्यरत तेजबहादुर के.सी.ले आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज तेज बहादुर के.सी.को समग्र आय व्यय हेर्दा निजले सार्वजनिक सेवामा प्रवेश गरेपछि हालसम्म श्रीमतीको समेत तलब भत्ता रु. १८,७५,९१७।-, छोराले विदेशबाट पठाएको रु. ५,०३,८१०।-, कर्जा प्राप्त रु. ६,७९,५२५।-, विविध सुविधा रु.४९३५।- घरभाडा रु. २,८७,०००।-, कृषि आय रु. ९०,०००।- र जग्गा बिक्रीबाट रु. ११,२०,०००।- समेत गरी रु. ५१,१०,५१५।- आय आर्जन गरेको देखिन्छ भने निजको खर्चतर्फ मोरङ र काठमाडौंमा घडेरी खरिद गरी घर निर्माण गर्दा क्रमशः रु. ८,५९,१७५।-, रु. ९,७५,०००।-, शेयर खरिद गर्दा रु. ७,००,०००।-, छोरालाई विदेश पठाउँदा रु. ४,५०,०००।-, व्याज चुक्ता रु. ७,२८,०७२।- र बैंक मौज्दात रु. ११,५२,५२६।- समेत गरी जम्मा रु. ४८,६४,७७३।- खर्च भएको देखिन्छ ।

ख) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययको स्थिति ऋणात्मक नदेखिएकाले निज तेजबहादुर के.सी.ले सार्वजनिक पदमा प्रवेश गरेपछि आर्जन गरेका सम्पत्ति सम्बन्धमा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवनयापन गरिरहेको भन्ने नदेखिएकाले पछि कहीँ कतैबाट तथ्यसाथ स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा नयाँ प्रमाण फेला परे उसै बखत कारबाही हुने गरी निज उपरको अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।६।२२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

५०. दरबार हेरचाह कार्यालय भक्तपुरमा लेखापाल पदमा कार्यरत रही मिति २०६६।३।४ गतेबाट स्वेच्छिक अवकाश प्राप्त राजेन्द्र थापा क्षेत्रीले पदमा बहाल रहँदा अकुत सम्पत्ति आर्जन गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज राजेन्द्र थापा क्षेत्रीले मिति २०३४।१२।११ मा जिल्ला हुलाक कार्यालय काभ्रेपलाञ्चोकमा रा.प.अनं.चतुर्थ (बहिदार) पदमा नियुक्त भई दरबार हेरचाह कार्यालय भक्तपुरको लेखापाल पदबाट मिति २०६६।३।४ गतेबाट स्वेच्छिक अवकाश लिएको देखिन्छ ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् हालसम्म आफ्नो पारिश्रमिकबाट रु. ७,७६,८४२।-, घर जग्गा बिक्रीबाट रु. ६,०४,८८३।-, विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण सापटी रु. २२,३८,०५५।- एवं कृषिबाट रु. ५२,२३५।- समेत गरी कुल जम्मा आम्दानी रु. ३६,७२,०१५।- आय आर्जन गरेको देखियो । सोही अनुसार निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् हालसम्म घर निर्माणमा रु.

१०,०००।-, शेयर खरिदमा रु. ८,२००।-, सवारी साधन खरिदमा रु. ३,०५,७५९।-, बैंक तथा वित्तीय संस्थाहरूको ऋण चुक्ता गर्न रु. ७,५९,८९०।-, मनकामना पोल्ट्री फर्ममा लगानी गर्न रु. ३,००,०००।-, टि.भि. खरिद गर्न रु. २३,०००।- एवं बैंक मौज्दात रु. १,१२,७२१।- समेत गरी जम्मा रु. १५,१९,५७०।- खर्च गरेको देखिँदा निजको आयको तुलनामा व्यय कम नै रहेको देखियो । निजले आयोगमा पेश गरेको बैंक विवरण तथा यस आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निज तथा निजको एकाघरको परिवारको नाममा रहेको बैंक खाता विवरण अनुसार हालसम्म रु. १,१२,७२१।- निजको बचत रहेको सम्पत्ति देखिएकोले सोही रकमलाई हालसम्मको मौज्दात रकम मान्नुपर्ने देखियो ।

(ग) तसर्थ, निज राजेन्द्र थापा क्षेत्रीको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।६।२६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

५१. सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन बमोजिम तत्कालीन वीरगन्ज भन्सार कार्यालयका भन्सार अधिकृत जनकबहादुर चन्दले सार्वजनिक पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) अनुसन्धान अधिकृतको प्रतिवेदन र मिसिल संलग्न कागजातको अध्ययनबाट निज जनकबहादुर चन्द मिति २०३४।१०।२४ मा सह लेखापाल पदमा स्थायी नियुक्ति भई मिति २०३७।२।२५ मा लेखापाल र मिति २०४१।१०।४ मा रा.प.तृतीय श्रेणीको शाखा अधिकृत पदमा स्थायी नियुक्ति भएको देखिन्छ र निज २०६४ साल चैतबाट रा.प.द्वितीय श्रेणीको प्रमुख भन्सार अधिकृत पदमा बढुवा भई हाल अर्थ मन्त्रालयमा कार्यरत रहेको देखिन आयो ।

(ख) निज जनकबहादुर चन्दले सार्वजनिक पदमा प्रवेश गरेपछि आर्जित गरेका अचल सम्पत्तिहरूमा महेन्द्रनगर ८ मा कित्ता नं. ६४ क्षेत्रफल १-९-१० बिघा ऐ. कित्ता नं. ७७ मा क्षेत्रफल १-१०-० बिघा जग्गा मिति ०६६।५।५ मा रु.४८,०००।- मा खरिद गरेकोमा अंशवण्डा हुँदा उक्त जग्गा सबै अंशियारमा वण्डा भएको देखिन्छ । यसै गरी निजले काठमाडौं भीमसेनगोला-३ मा कि.नं ६६३ मा क्षेत्रफल ०-३-०-० जग्गा मिति २०३९।७।१९ मा रु. १५,०००।- मा खरिद गरी २०४४ सालमा उक्त जग्गामा १३५६.७० वर्ग फिटको एकतले पक्की घरसमेत निर्माण भएकोमा अंशवण्डा हुँदा उक्त घरजग्गा समेत भाइ डम्बरबहादुर चन्दको अंशमा परेको देखिन्छ ।

यस्तै निजले श्रीमती तिला चन्दको नाममा भक्तपुर दिव्येश्वरी ३क कित्ता नं. ६६३ मा ०-२-०, कित्ता नं. ६७९ मा ०-२-० र कित्ता नं. ६६५ मा ०-२-१ रोपनी जग्गा मिति ०४५।६।२६ मा रु. ३०,५००।- मा खरिद गरेकोमा मिति ०४७१२।२९ मा रु.५०,०००।- मा उक्त जग्गा बिक्री गरेको देखिन्छ ।

यस्तै श्रीमती तिला चन्दको नाममा का.म.न.पा. ३४ मा विभिन्न ४ कित्तामा १४ आना तत्काल लिखत मूल्य रु. १०,५४,६८९।- भएको घडेरी मिति २०५७१०।११ मा ससुराबाट हालैको बकसपत्रको रूपमा प्राप्त भई उक्त जग्गामा ३०३५.७६ वर्ग फुटको अढाई तले घर निर्माण गरी हाल सोही घरमा बसोबास गरिआएको देखिन्छ ।

त्यसैगरी निजले श्रीमती तिला चन्दको नाममा काठमाडौं भीमसेनगोला-३ मा कित्ता नं. ३३० क्षे. फ. ०-३-३-० रोपनी जग्गामा निर्मित तीनतले पक्की घर मिति ०४८।२।२० मा रु.४,४४,४१३।- मा खरिद गरेकोमा मिति ०५७।१०।३ गते रु. १९,५०,०००।- मा बिक्री गरेको देखिन आयो ।

यस्तै निजले श्रीमती तिला चन्दको नाममा काठमाडौं कामनपा-३४ मा कित्ता नं. २९६ क्षे. फ. ०-५-०-१ रोपनी जग्गा मिति ०४६।७।९ मा रु. ४४,४५०।- मा खरिद गरी उक्त घडेरीमा २०४८ सालमा २२८७.३१ वर्ग फिटको २ तले पक्की घर निर्माण गरी उक्त घर भाडामा लगाइरहेको देखिन आयो ।

यसै गरी निजले श्रीमती तिला चन्दको नाममा बर्दिया देउडाकला-१ मा मिति ०५५।६।२१, मिति ०५७।६।१३ र मिति ०५८।५।२७ मा पटक पटक गरी ४ बिगाह जग्गा जम्मा रु.४,९५,०००।- मा खरिद गरेको समेत देखिन आयो । साथै निजले श्रीमती तिला चन्दको नाममा कञ्चनपुर भुजलामा कित्ता नं. १९ क्षे. ०-१-० बिगाह जग्गा रु. ५,०००।- मा २०५०।१०।२७ मा खरिद गरेकोमा उक्त जग्गा हाल भाइ डम्बरको अंशमा परेको देखिन्छ । साथै निजले आफ्नै नाममा कञ्चनपुर महेन्द्रनगर विकास समितिको कित्ता नं. ३१७ को घडेरी जग्गा मिति ०५१।६।७ मा रु. २४,७५८।- मा खरिद गरेको समेत देखिन आयो ।

यस्तै निज जनकबहादुर चन्दसँग रहेको चल सम्पत्तितर्फ हेर्दा हाल उल्लेख्य बैंक मौज्दात देखिन आएन ।

(ग) निज जनकबहादुर चन्दले आर्जित उल्लेखित सम्पत्तिहरूको आय स्रोतहरूमा तलब भत्ताबाट रु. ११,८२,५३८।- श्रीमती तिला चन्दको तलब भत्ताबाट रु. २,३४,०००।-, विदेश भ्रमणबाट रु. १,०७,११४।-, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण रु. १,५०,५००।- कर्मचारी संचय कोषबाट सापटी रु. १,१६,१००।-, काठमाडौं पुरानो बानेश्वरको कित्ता नं. ३३० मा निर्मित घरको मिति २०४८।४९ साल देखिको घरभाडा रकम, काठमाडौं नयाँ बानेश्वर कित्ता नं. २९६ मा निर्मित घरको मिति २०५३।५४ देखिको घरभाडा रकम, कञ्चनपुर र बर्दियास्थित खेतीयोग्य जग्गाहरूबाट प्राप्त हुने कृषि आय रकम समेत प्राप्त भएको देखिन आयो । साथै निजले २०५८।७१७ गते अंश वण्डा हुँदा नगद रु. ९ लाख पाएको भन्ने बण्डा पत्र लिखतबाट समेत देखिन आएको, निजकी श्रीमतीको नाममा रहेको भक्तपुर, लोकन्थलीको ०-६-१-० रोपनी जग्गा बिक्रीबाट मिति २०४७१२।१९ मा रु. ५०,०००।-, कञ्चनपुर, महेन्द्रनगर नगरपालिकामा रहेको घडेरी मिति २०५२।६।३१ मा बिक्री हुँदा रु. ३४,०००।-

र कामनपा-३४ बानेश्वरमा कि.नं ३३० मा निर्मित घर मिति २०५७।१०।३ मा बिक्री हुँदा रु. १९,५०,०००।- रकम समेत प्राप्त गरेको देखिन आयो

यसैगरी निज जनकबहादुर चन्दले मिति २०४८।२।२० मा विनायक विक्रम शाहबाट रु. १,८५,३००।- जग्गा दृष्टिबन्धक गरी रकम प्राप्त गरेको, मिति २०६०।२।२० मा भूपेन्द्रविक्रम शाहबाट रु. १०,००,०००।- दृष्टिबन्धक गरी रकम सापटी लिएको, दाजु सुरेन्द्रबहादुर चन्दबाट मिति २०५६।३।१९ मा पाकिस्तानबाट यु.एस. डलर ६,०००।- सापटी स्वरूप प्राप्त गरेको भन्ने सम्बन्धित मालपोत कार्यालयहरूबाट प्राप्त दृष्टिबन्धक लिखत एवं काठमाडौं जिल्ला अदालतको फैसला एवं मिलापत्रबाट समेत देखिन आयो ।

साथै निज जनकबहादुर चन्द र निजकी श्रीमती तिला चन्दको नाममा बुबा, आमा, दाजु, भाइहरूबाट विभिन्न मितिमा नगदहरू पठाइदिएको भन्ने ड्राफ्ट, बैंक पासबुक, चिठी एवं लिखतहरूबाट समेत देखिन आयो ।

त्यसैगरी निज जनकबहादुर चन्द, निजकी श्रीमती र छोरीहरूको नाममा विदेशबाट समेत साला नवीन विक्रम शाह, (जापान), भाइ जनककुमार शाही, (कोरिया) र दाजु सुरेन्द्रबहादुर चन्द (बेल्जियम) बाट पटक पटक गरी रु. २१,४६,४९८।- रकम समेत प्राप्त हुन आएको बैंक स्टेटमेन्टहरूबाट देखिन आयो ।

(घ) तसर्थ निज जनकबहादुर चन्दको उपरोक्त आर्जित सम्पत्ति तथा निजको वैधानिक आय स्रोतको अवस्थालाई हेर्दा निजले स्रोत नखुलेको अकुत सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवनस्तर यापन गरिरहेको भन्ने नदेखिएकाले पछि कहीँ कतैबाट तथ्यसहित स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा थप नयाँ प्रमाण फेला परेमा सोही बखत आवश्यक कारबाही हुने गरी निज उपरको अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम आयोगबाट मिति २०६६।६।२६ मा भएको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

५२. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम भगवतीप्रसाद अर्यालले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज भगवतीप्रसाद अर्याल मिति २०४४।५।१४ गते सह लेखापालको रूपमा सेवामा प्रवेश गरी मिति २०५४।५।१८ मा सो सेवाबाट अवकाश लिई मिति २०५४।४।१३ देखि ना.सु. मा नियुक्त भई हालसम्म विभिन्न निकायमा सरुवा हुँदै हाल सहरी विकास तथा भवन निर्माण विभाग रुपन्देहीमा ना.सु. पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज भगवती प्रसाद अर्यालकी श्रीमती उर्मिला अर्यालको नाममा विभिन्न बैंकमा हाल रु. १,३३,६२७।९९ पैसा बैंक मौज्दात रहेको देखिन्छ । निज सार्वजनिक सेवामा प्रवेश गरेपछि निजले चितवन कल्याणपुर ४ ख मा ज.वि.०-०-१०$^{१}/_{२}$ धुर

र रुपन्देही बुटवल ८ ख मा ज.वि.०-०-९ जग्गाहरू खरिद गरेको देखिन्छ । काठमाडौं उपत्यकामा कुनै जग्गा खरिद गरेको देखिँदैन र निजले कुनै जग्गा समेत बिक्री गरेको देखिँदैन ।

(ग) निज भगवती प्रसाद अर्यालको समग्र आय व्ययलाई हेर्दा निजले व्ययतर्फ जग्गा खरिदमा रु. २,१०,०००।-, घर निर्माणमा रु. ९,००,०००।-, संचय कोष ऋण तिरेको रु. ५०,३७२।२८ गरी जम्मा रु. ११,६०,३७२।२८ व्यय गरेको देखिन्छ । निजको समग्र आयतर्फ हेर्दा तलब भत्ता रु. ९४९१४५।-, बैंक तथा वित्तीय संस्थाबाट (संचय कोष) प्राप्त ऋण सापटी रु. ४९,३००।-, कृषिबाट प्राप्त आय रु. २,५९,७२५।५०, अन्य विविध आय (सहलेखापाल पदबाट राजीनामा दिएपछि प्राप्त संचय कोष, उपदान, बिदाको रकम आदि) रु. १,६३,९१६।७९ गरी जम्मा रु. १४,२२,०८७२९ कुल आय देखिन्छ ।

(घ) यसरी निज भगवती प्रसाद अर्यालको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवननिर्वाह गरेको देखिन नआएकोले पछि कुनै सम्पत्ति फेला परेमा कारबाही अगाडि बढाउन सकिने नै हुँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।६।२६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

५३. मेचीनगर नगरपालिका कार्यालयका तत्कालीन नगर प्रमुख कल्याण खड्काले मेची नगर नगरपालिकाको रकम अनियमित रूपमा खर्च गरेको भन्ने विषयको उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनका आधारमा अनुसन्धान तहकिकात गरी संकलित प्रमाण कागज र पेश हुन आएको अनुसन्धान प्रतिवेदन समेतका आधारमा निम्नानुसार निर्णय गरियो ।

मेचीनगर नगरपालिकाको रकम अनियमित रूपमा खर्च गरेको भन्ने सम्बन्धमा मेचीनगर नगरपालिका कार्यालयका तत्कालीन नगरप्रमुख कल्याण खड्काले दिएको बयान, लेखापरीक्षण प्रतिवेदन समेतलाई अध्ययन गर्दा नगरपालिकाबाट खर्च भएको रु. ७०,३८६।- रकमको सम्बन्धमा नगर निर्वाचनमा उम्मेदवारहरूले मनोनयन गरेपछि निर्वाचन आयोग र सुरक्षा निकायले सुरक्षाका लागि नगरपालिका परिसरभित्र सबै उम्मेदवारहरूलाई राखेको र उनीहरूलाई सुत्न बस्नको निम्ति भाडामा सिरक, डसना, तकिया मेचीनगर नगरपालिकाले ल्याएको । उक्त समयमा सुरक्षाको कारणले घरमा जान नपाएको अवस्थामा नगरपालिका परिसरभित्र चिया, नास्ता, खाना नगरपालिकाबाट खुवाउँदा भएको खर्च देखिएको, तत्कालीन नगरप्रमुख कल्याण खड्काले व्यक्तिगत रूपमा कुनै रकम लिएको नपाइएको र उक्त खर्चलाई लेखापरीक्षण प्रतिवेदनमा समेत बेरुजु औंल्याएको नपाइएको र नगर निर्वाचन हुनुभन्दा अगाडि भएको खर्च सम्बन्धमा नगर प्रमुखलाई जिम्मेवार गराउन सकिने अवस्था नरहेको हुँदा प्रस्तुत फाइल तामेलीमा राखी लगत कट्टा गरिदिने गरी मिति २०६६।६।२८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

५४. नेपाल खानेपानी संस्थानको Supply and Delivery of Ductile lron Pipes, Fittings and MS Pipes, काठमाडौं उपत्यका खानेपानी लिमिटेडको Supply and Delivery of Water Revenue Meters प्याकेज नं. KUKL / DNI / 03/01 तथा सोही लिमिटेडको १०,००० थान Water Revenue Meters को Supply and Delivery गर्ने टेण्डरहरूमा भ्रष्टाचार गरेको भन्ने विषयको उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) नेपाल खानेपानी संस्थान अन्तर्गतको बुटवल खानेपानी सुदृढीकरण आयोजना (सिस्नेखोला) को खरिदमा निम्नानुसारको कैफियत रहेको पाइयो ।

१. यस खरिद कारबाहीमा प्रयोग भएको बोलपत्रसम्बन्धी कागजात खरिद अनुगमन कार्यालयले जारी गरे अनुसार नरहेको । यसमा राखिएका प्रावधानहरू Standard नभएकाले खरिद कानूनले लिएको खरिद कारबाहीमा पारदर्शीताको उद्देश्य विपरीत रहेको ।

२. नेपाल खानेपानी संस्थान केन्द्रीय कार्यालय र बुटवल शाखा दुवै ठाउँमा बोलपत्र दर्ता गराउने र केन्द्रमा खोल्ने व्यवस्था गरेको ऐनको व्यवस्था विपरीत रहेको ।

३. दुई ठाउँ दाखिला गरी केन्द्रमा खोल्ने व्यवस्था भएपछि दाखिला गर्ने अन्तिम समय व्यतित हुने बित्तिकै बोलपत्र नपरेको जानकारी लिनु/दिनुपर्नेमा सो नगरी ११ गते अन्तिम दाखिला मिति भएको बोलपत्र ३ दिनपछि मात्र खोलिएकोले यसबाट ऐनले लगत्तै खोल्नुपर्ने भनी गरेको व्यवस्था उल्लंघन भएको पाइयो ।

४. बिक्री भएको बोलपत्रसम्बन्धी कागजात १३ थान रहेकोमा दर्ता भएका ६ वटा र एउटा फिर्ता भएको भन्ने देखिएको । फिर्ता लिनका लागि बोलपत्र दाखिला गरे सरहकै सिलबन्दी खाममा फिर्ताको व्यहोरा उल्लेख गरी बोलपत्र दर्ता गराउने कम्पनीको आधिकारिक प्रतिनिधि हो भन्ने पत्र समेत हुनुपर्ने । यस्तो सिलबन्दी खामलाई बोलपत्र खोल्दा सबैका सामु खोली त्यसको व्यहोरा मुचुल्कामा उल्लेख हुनुपर्नेमा फिर्ता सम्बन्धमा मुचुल्कामा केही उल्लेख नभएकोले फिर्ता गर्ने प्रक्रिया त्रुटिपूर्ण देखिएको ।

५. फिर्ता लिने बोलपत्रदाता समेत जम्मा ६ जना बोलपत्रदाता सहभागी रहेकोमा बोलपत्र खोल्दा एउटा बोलपत्रदाताको उपस्थिति पनि देखिएन । फिर्ता लिनेले आफूले बुझाएको बोलपत्र बुझी लैजाने समय पनि यही हुनाले निज समेतको उपस्थिति नदेखिएकाले खोल्ने समयको सोही सूचना नदिएको हो कि ? भन्ने अवस्था रहन सक्ने देखिएको ।

६. मूल्यांकन समितिले मिति २०६५।११।३० मा मूल्यांकन प्रतिवेदन दिइसकेपछि २०६६।१।२५ अर्थात करिब २ महिनापछि लामो अवधिको लागि Bid validity period extend गर्न पत्र पठाइएको छ । बोलपत्रदाताले Bid validity period

extend गरिएको व्यहोरा उल्लेख नगरी Bank Guarantee को म्याद बढाई निवेदन पेश गरेको देखिन्छ । Pipe & Fittings Suppliers ले प्रस्तुत गरेको Bank Guarantee मा Nepal Supply Corporation को नाममा जारी गरेको देखिन्छ । यी सबै कुराहरूबाट खरिदसम्बन्धी दक्षताको अभाव देखिएको ।

तसर्थ अब उप्रान्त हुने खरिद प्रक्रियामा उपरोक्त प्रकारका त्रुटि नदोहोऱ्याउन नेपाल खानेपानी संस्थानलाई निर्देशन दिई प्रस्तुत ठेक्का सन्दर्भमा संस्थानको बृहत्तर आर्थिक हितमा हुने गरी निर्णय गर्न संस्थानको व्यवस्थापनलाई सञ्चालक समितिमा पेश गरी उक्त समितिले दिएको निकासा अनुसार गर्न गराउन निर्देशन दिने ।

(ख) काठमाडौं उपत्यका खानेपानी लिमिटेडको Project Management Unit को प्याकेज नं. KUKL / DNI / 03/01 को ठेक्काको कन्टिन्जेन्सी र कर बाहेकको लागत अनुमान US $ 305,376.00 र कन्टिन्जेन्सी र सम्पूर्ण कर सहितको लागत अनुमान US $ 373,198.48 भएको अवस्था देखिएको साथै न्यूनतम कबोल गर्ने बोलपत्रदाता Lianyungung Lianli Water Meter Company Ltd. China को कबोल अंक US $ 260,020 भई सो बोलपत्र स्वीकृति गर्न एसियाली विकास बैंकले सिफारिस गरेको आधारमा सो लिमिटेडले सो बोलपत्र स्वीकृति गरी L.C. समेत खुलिसकेको तथा यसरी सो बोलपत्रमा प्रतिस्पर्धा समेत भएको अवस्था देखिन आएको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ (ख) बमोजिम प्रस्तुत ठेक्का एसियाली विकास बैंकको procurement Guide lines अनुरूप भएको भन्ने काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त कागजातबाट समेत देखिँदा यस सम्बन्धमा थप कारबाही गरिरहनुपर्ने देखिँदैन ।

(ग) काठमाडौं उपत्यका खानेपानी लिमिटेडको १०,००० थान Water Revenue Meter खरिद गर्ने ठेक्काको लागत अनुमानको तयारी उक्त लिमिटेडको Project Monitoring Unit (PMU) ले तयार गरेको प्रतिगोटा Water Revenue Meter को दररेटको आधारमा गरेको लागत अनुमान US $ 200,000 भई यस ठेक्काको न्यूनतम अंक कबोल गर्ने बोलपत्रदाता Lianyungung Lianli Water Meter Company Ltd. China को कबोल अंक US $ 189,000 भएको जुन लागत अनुमान भन्दा ५ प्रतिशत कम भएको तथा KUKL कै बजेटबाट खर्च गर्ने रकम भए पनि १०,००० थान मिटरको ठेक्का पनि ADB को Loan अन्तर्गतको १५,००० मिटर पाइपको ठेक्का लिने कम्पनीले यु.एस. $१७.२०।- प्रतिमिटरमा १०,००० थान मिटर पनि सप्लाई गर्ने सहमति गरेको कागजात देखिँदा यस सम्बन्धमा समेत थप केही गर्नुपर्ने देखिएन ।

साथै अनुसन्धानको सिलसिलामा प्राप्त कागजातहरू सम्बन्धित निकायमा फिर्ता पठाई प्रस्तुत उजुरी तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।६।३० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

५५. उच्चस्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदनको अनुसूची १५.१७ अनुसार जिल्ला विकास समिति दोलखाका तत्कालीन सभापति सुन्दर प्रकाश खड्काले निर्वाचन प्रचारप्रसार भनी खर्च रु. ४९,३००।- खर्च गरेकोले आवश्यक कारबाही हुनुपर्ने भनी

उल्लेख गरे तापनि यस आयोगबाट अनुसन्धानको क्रममा संकलन हुन आएका कागजात, सम्बन्धित व्यक्तिले आयोगसमक्ष गरेको बयान एवं जिल्ला विकास समितिको कार्यालय दोलखाबाट प्राप्त हुन आएको लेखा परीक्षण प्रतिवेदन समेत अध्ययन गर्दा निज तत्कालीन सभापति सुन्दर प्रकाश खड्काले नगर निर्वाचन प्रचार प्रसार भनी रु. ४९,३००।- खर्च गरेको र खर्च भएको रकम जि.वि.स.बोर्डको बैठकले निर्णय गरे बमोजिम प्रचार प्रसारको कार्य समाप्त भएपश्चात् नियमानुसारको बिल बमोजिम भुक्तानी गरेको, उक्त रकम भुक्तानी दिँदा प्रचार प्रसार समिति गठन गरी सोही समितिको सिफारिस बमोजिम भुक्तानी दिएको एवं यस आयोगमा प्राप्त हुन आएको आ.व.०६२।६३ को लेखा परीक्षण प्रतिवेदनले समेत उक्त खर्चका सम्बन्धमा बेरुजु औंल्याएको अवस्था नदेखिँदा सो सम्बन्धमा कुनै कारबाही गरिरहनु पर्ने देखिएन । अत : पछि कहीँ कतैंबाट खुल्न आएमा कानून बमोजिम हुने गरी हाललाई प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।७।५ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

५६. आयोगमा परेको निवेदन द.नं. ११७२५ मिति २०६२।१२।२ को सिंचाइ विभाग अन्तर्गत जल सिंचाइ सेक्टर आयोजना (CGISP) जनकपुरबाट आ.व. २०६२/६३ मा झापा र सुनसरी जिल्लाहरूमा कृषि सडक निर्माण तथा बीउ बिजन खरिद गर्दा अत्यधिक मात्रामा टुक्राटुक्रा गरी ए.डि.बि.को निर्देशन विपरीत अमानतबाट काम गराएको भनी पर्न आएको उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) ए.डि.बि.बाट नेपाल सरकारलाई प्राप्त ऋण सिंचाइ विभाग अन्तर्गत सामुदायिक भूमिगत सिंचाइ सेक्टर अन्तर्गतका आयोजनाहरू विराटनगर, लाहान, महोत्तरी र वीरगन्जको निमित्त विभाजन गरेको । सो कृषि सडकको मुख्य उद्देश्य कृषकहरूको समेत सहभागितामा निर्माण गरिएको STW हरूलाई एक आपसमा जोडी उत्पादन वृद्धि गराई कृषि आयलाई सहज रूपमा बजारसम्म पुऱ्याई कृषकहरू लाभान्वित गराउने देखिन्छ ।

(ख) यसरी निर्माण गरिने ग्रामीण सडकहरू निर्माण गर्दा मोतीबहादुर कुँवरले अमानतबाट टुक्राटुक्रा पारी निर्माण कार्य गरे गराएको हो होइन भन्नेतर्फ हेर्दा विराटनगर कार्यालयबाट मिति २०६१।१०।६ मा १५ प्याकेजको, लाहान कार्यालयबाट मिति २०६१।११।१५ मा १८ प्याकेजको, महोत्तरी कार्यालयबाट मिति २०६१।१२।२८ मा २ प्याकेज र वीरगन्ज कार्यालयबाट मिति २०६२।८।१ मा ७ प्याकेजको बोलपत्र The Rising Nepal मा आव्हान गरेको देखियो ।

(ग) प्रकाशित बोलपत्र बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरूमध्ये सबै भन्दा न्यूनतम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी सडक निर्माण कार्य सम्पन्न भई ADB ले समेत सो कुरालाई स्वीकार गरी Project Management Team लाई उत्कृष्ट पुरस्कार (ADB Best Award) समेत दिएको देखिन्छ ।

(घ) यसरी राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आव्हान गरी न्यूनतम अंक कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत भई सडक निर्माण कार्य सम्पन्न गरी दातृ संस्था

समेतले सो कुरा स्वीकार गरिसकेको प्राप्त प्रमाणबाट देखिएको हुँदा उजुरीमा सत्यता नदेखिएकोले सडक निर्माण गर्दा अनियमितता भएको भन्ने प्राप्त प्रमाणबाट पुष्टि नभएको हुँदा प्रस्तुत उजुरी तामेलीमा राख्ने गरी मिति २०६६।७।९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

५७. यस आयोगमा परेको निवेदन द.नं.३७५३ मिति २०६२।२।३ गते दर्ता भएको स्नुकर हाउस र चमेना गृहमा अनियमितता भएको भन्ने विषयको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

राष्ट्रिय खेलकुद परिषद् अन्तर्गतको स्नुकर हाउस र चमेना गृह भाडामा दिने सम्बन्धमा काठमाडौं स्पोर्टस क्लब, (रा.खे.प.) को तर्फबाट श्रीमती मुनु कार्कीलाई भाडामा दिइएकोमा भाडामा लगाएको सम्झौतामा रा.खे.प.का तर्फबाट हस्ताक्षर गर्ने सोही परिषद्का सदस्य मोहन राई र भाडामा लिने दोस्रो पक्ष श्रीमती मुनु कार्की भएकोमा मासिक रु. २५ हजार भाडा बुझाउने गरी पाँच वर्षका लागि भाडामा दिइएको देखिन आयो । उक्त सम्झौता बमोजिम बुझाउनुपर्ने रकममध्ये रु. ६२,५००।- मात्र बुझाई बाँकी रकम नबुझाइएको भन्ने सम्बन्धमा स्नुकर हाउस र चमेना गृहसमेत सञ्चालन गरेबापत बुझाउनु पर्ने भाडा सम्बन्धमा परिषद्को ६५ औं बोर्डको निर्णय अनुसार संकटकालको अवस्था परिषद्बाट बन्द गरिएको अवधिको भाडा नलिने गरी बाँकी भाडा असुल उपर गर्ने भन्ने मिति २०६५।१०।२६ गते निर्णय गरेको देखियो । त्यसमा मिति २०५८।१।१५ देखि २०५८।८।१५ गतेसम्म प्रतिमहिना भाडा रु. २५ हजारका दरले रु. १ लाख ७५ हजार र मिति २०५८।८।१६ देखि ऐ. १८ गतेसम्म तीन दिनको भाडा रु. २५ सय गरी जम्मा रु. १ लाख ७७ हजार ५ सय बुझाउनुपर्नेमा रु. ६२,५००।- मात्र ठेकेदार मुनु कार्कीले बुझाएको हुँदा बाँकी रकम रु. १ लाख १५ हजार बाँकी बुझाउनु पर्ने देखिएकोमा निज ठेकेदार मुनु कार्कीले स्नुकर हाउस र चमेना गृह सञ्चालन गरे बापत बुझाउन बाँकी रकम रु. १ लाख १५ हजार यस आयोग मार्फत नेपाल सरकारको राजस्व खातामा जम्मा हुने गरी मिति २०६६।६।२३ मा उक्त रकम दाखिला समेत गरिसकेको हुँदा स्नुकर हाउस र चमेना गृह सञ्चालन गरेको सम्बन्धमा निज मुनु कार्कीका तर्फबाट रा.खे.प.लाई कुनै बाँकी बक्यौता रकम तिर्न बाँकी नदेखिएकाले निजको तर्फबाट कुनै धरौटी वा जेथा जमानत राखेको भए फुकुवा गरिदिने साथै काठमाडौं स्पोर्टस क्लवलाई परिषद्बाट मिति २०५८।७।३ मा शोधभर्ना सापटी फिर्ता गर्ने गरी रु. ७५ हजार निकासा भएकोमा उक्त रकम हालसम्म शोधभर्ना गरेको नदेखिएकोले राष्ट्रिय खेलकुद परिषद्को आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६२ को परिच्छेद ८ नियम ७९ ले बेरुजु कायम भै सकेको अवस्थामा सोही नियमावलीको परिच्छेद ३ नियम २० ले फछर्यौटसम्बन्धी व्यवस्था गरेकोले सोही अनुसार गरी ३(तीन) महिना भित्र कारबाहीको जानकारी आयोगलाई दिन राष्ट्रिय खेलकुद परिषद्लाई लेखी पठाउने र हाललाई प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखिदिने गरी मिति २०६६।७।९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

५८. सम्पति न्यायीक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम जिल्ला वन कार्यालय, कपिलवस्तुका रेन्जर अमर प्रसाद साहले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित

गरेको सम्पतिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज अमर प्रसाद साहले मिति २०४८।६।३ मा रेन्जर पदमा सेवा प्रवेश गरी हाल जिल्ला वन कार्यालय बाँकेमा सहायक वन अधिकृत पदमा कार्यत रहेको देखिन्छ ।

(ख) निज तथा निजको परिवारको नाममा रहेको चल सम्पत्तितर्फ हेर्दा विभिन्न बैंकमा रु. २९,०३०।६७ रकम मौज्दात रहेको रहेको पाइयो ।

(ग) निज तथा निजको परिवारको नाममा रहेको अचल सम्पत्ति हेर्दा निजले पर्सा जिल्ला वीरगन्ज उपमहानगरपालिका वडा नं. ६ साविक कित्ता नं. ११६० र ११६२ हालको कित्ता नं ३२३, ३२५, ३२७ रु. २ लाखमा ०-१-० बिगाह जग्गा खरिद गरी त्यसमा २ तले घर निर्माण गरेको देखियो । सो जग्गामा भुई तल्ला घर मिति २०६२ मा निर्माण गरेको र मिति २०६५ सालमा पहिलो तल्ला थप गरेको देखियो । उक्त घर सञ्चित तलब, जग्गा बिक्रीबाट प्राप्त भएको रकम, बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण, संचय कोषबाट लिएको ऋण तथा दाजुभाइ साथीहरूबाट लिएको ऋण समेतबाट निर्माण गरेको पाइएकोले उक्त घर निर्माणको स्रोत पुष्टि हुन आयो ।

(घ) अतः उपरोक्त आधारमा निजको जीवनस्तर अमिल्दो तथा अस्वाभाविक रहेको देखिन नआएकोले पछि कही कतैबाट कुनै नयां प्रमाण सहित थप सम्पत्ति फेला परेमा कानून बमोजिम कारवाही हुने नै हुंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम निज अमर प्रसाद साह उपरको प्रस्तुत अनुसन्धान तहकिकातको कारवाही हाल तामेलीमा राख्ने र निज तथा निजको परिवारको नाममा अनुसन्धानको सिलसिलामा रोक्का रहेको चल अचल सम्पत्ति फुकुवा गरीदिने गरी मिति २०६६।७।९ मा भएको आयोगको निर्णयानुसार तामेलीमा राखिएको ।

५९ सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम वागमती, अंचल यातायात व्यवस्था कार्यालयका मेकानिकल इन्जिनियर मन्दिप वहादुर खातीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज मन्दिपबहादुर खातीले मिति २०४६।८।११ देखि मेकानिकल सुपरभाइजर पदमा यातायात व्यवस्था विभागमा सार्वजनिक पदमा प्रवेश गरी हाल मेकानिकल इन्जिनीयर पदमा कार्यरत रहेको देखियो ।

(ख) सार्वजनिक सेवामा प्रवेश गरेपछि निज मन्दिप व. खाती एवं निजको परिवारको नाममा काठमाडौं उपत्यकामा १-३-१-१ रोपनी, धनुषामा ०-१-१० र मोरङमा ०-०-१०, बिगाह रु. १३,४५,७२०।- को लागतमा खरिद गरेको, रु. १८,३८,४१८।- को लागतमा घर निर्माण र रु. २,७५,०००।- को लागतमा

सवारी साधन खरिद गरेको तथा निज र निजको परिवारको नाममा विभिन्न बैंकमा रु. ८५,८१९।- मौज्दात समेत जम्मा रु. ३५,४४,९५७।- व्यय भएको देखिन्छ ।

(ग) निज मन्दिप व. खातीको यस अवधिको आयतर्फ हेर्दा तलब भत्ता बापत रु. १०,४७,२१९।-, कृषि आय रु. ८,८१,१५०।- जग्गा बिक्रीबाट रु. ९,२६,८४५।- विभिन्न बैंकको ब्याज १,४४,१७१।- राय सल्लाह परामर्शबाट रु. ४,९९,०००।- गाडी भाडाबाट रु. ९,००,०००।- समेत गरी जम्मा रु. ४३,९८,३८५।- आय गरेको देखिन्छ ।

(घ) यसरी उपर्युक्त खरिद निर्माण भएको घर जग्गा, बैंक मौज्दात एवं आयका अवस्थालाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सार्वजनिक जीवनयापन गरेको देखिन नआएकोले प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम हाल तामेलीमा राख्ने साथै अनुसन्धानको क्रममा निज र निजका परिवारको नाममा रोक्का रहेका सम्पत्ति फुकुवा गरिदिने गरी मिति २०६६।७।११ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

६०. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम मणिराम अर्यालले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज मणिराम अर्याल मिति २०३७।१०।१७ गते खरिदार पदबाट सार्वजनिक सेवामा प्रवेश गरी २०६३ मार्गबाट ना.सु. पदमा बढुवा भई मालपोत कार्यालय वाराको ना.सु. पदमा कार्यरत रही मिति २०६६।४।१ गते निजको मृत्यु भएको स्थानीय पंजिकाधिकारीको कार्यालय वाराको मृत्यु दर्ता प्रमाणपत्र समेतबाट देखिन्छ ।

(ख) निज सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् निजले वारा जिल्ला भवानीपुर न.पा.२ कित्ता नं.५१ समेतका जग्गाहरू, मकवानपुर जिल्ला हेटौंडा न.पा. ५ कित्ता नं. ३७०१ समेतका जग्गाहरू काठमाडौं उपत्यका वाहिर खरिद गरेको देखिन्छ भने काठमाडौं उपत्यकामा १-५-१ रोपनी जग्गा खरिद गरेको देखिन्छ । साथै निजले वारा जिल्ला रामपुर खे.८ को कित्ता नं. ३७० समेतका जग्गाहरू, ऐ जिल्ला भवानीपुर २ को कित्ता नं. २४१ का जग्गाहरू, मकवानपुर जिल्ला हेटौंडा न.पा. ५ को कित्ता नं. ४८२९ समेतका जग्गाहरू, काठमाडौं जिल्ला डाँडापौवाको कित्ता नं. ७१९ तथा ऐ जिल्ला वालकुमारी २क को कित्ता नं. १९८ को जग्गा बिक्री गरेको समेत देखिन्छ ।

(ग) निज मणिराम अर्यालको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ जग्गा खरिदमा रु. ४,२९,८३३।-, शेयर खरिदमा रु. १,५१,१००।-, विभिन्न बैंकहरूमा रहेको बैंक मौज्दात रु. २,९८,३१४।- समेत गरी कुल व्यय रु. २९,५९,१४२।- देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलब भत्ता समेत रु. २६,६७,९४३।-,

घरजग्गा बिक्रीबाट प्राप्त आय रु. ४,५२,५२५।- समेत कुल रु. ३६,१६,५१०।- आय देखिन्छ ।

(घ) निज मणिराम अर्यालको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएको र हाल निजको मृत्यु समेत, भै सकेको हुँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।७।११ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

६१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम गृह मन्त्रालय अन्तर्गतका ना.सु. शालिक राम लम्सालले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज शालिकराम लम्साल मिति २०३७।७।२६ मा सहकारी कार्यालय बाँकेको खरिदार पदबाट सार्वजनिक सेवामा प्रवेश गरी विभिन्न निकायमा सरुवा तथा बढुवा हुँदै हाल कारागार कार्यालय नख्खुको ना.सु.. पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निजले सार्वजनिक पद धारण गरे पश्चात आर्जन गरेको चल अचल सम्पत्ति हेर्दा जग्गा खरिदमा रु.१२,५३,६५०।-, घर निर्माण/खरिदमा रु.२५,२५,०००।-, सवारी साधन खरिदमा रु.१,२०,०००।-, कम्पनी स्थापनामा रु.५,००,०००।-, बैंक मौज्दात रु.२,२७,६००।- समेत गरी जम्मा रु.४६,२६,२५०।- व्यय भएको देखिन्छ । निजले आर्जन गरेको सम्पत्तिको स्रोत उल्लेख गर्दा पेश गरेको स्रोत र सो को प्रमाण कागजात अध्ययन गर्दा तलब भत्ताबाट रु.८,८०,५७१।-, बैंक तथा वित्तिय संस्थाबाट ऋण सापटी रु. २४,७६,१९३।-, कृषि आय रु.३,६७,६६३।-, घर जग्गा बिक्रीबाट रु.१२,३८,८३०।- समेत गरी जम्मा रु.४९,६३,२५७।- आय भएको देखिँदा निजको आयमा उक्त खर्च कटाउँदा निजसँग रु.३,३७,००७।- मौज्दात रहन जाने देखिन्छ ।

(ग) यसरी निजको समग्र आयव्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप कुनै सम्पत्ति वा प्रमाण प्राप्त भएका बखत कानून बमोजिम हुने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।७।१६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

६२. क्षेत्रीय प्रशासन कार्यालय धनकुटाबाट यस आयोगमा प्राप्त हुन आएको जिल्ला प्रशासन कार्यालय धनकुटाका तत्कालीन ना.सु.गणेश प्रसाद वराल समेतले "घूस रिसवत लिई झुट्ठा विवरणको आधारमा राहदानी बनाएको" भन्ने विषय उपरको प्रतिवेदन माथि छलफल भई आयोगको मिति २०६६।६।२६ गतेको निर्णय बमोजिम निज तत्कालीन ना.सु. हाल शा.अ. गणेशप्रसाद बरालले जिल्ला प्रशासन कार्यालय

धनकुटाको राहदानी फाँटमा कार्यरत रहंदा राहदानी बनाउने तथा बुझाउने क्रममा फोटो हेरी सनाखत गरी बुझाउनुपर्नेमा सो नगरिएबाट झुट्ठा विवरणको आधारमा राहदानी बनाउन सफल भएको र उक्त विषयको अनुसन्धान फायल क्षेत्रीय प्रशासन कार्यालयमा रहेको अवस्थामा निज गणेश प्रसाद वरालले आफ्ना विरुद्ध हुने गरी सह अभियुक्तले दिएको बयानको पाना च्याती नष्ट गरेको देखिँदा निज गणेश प्रसाद बरालले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को उपदफा (ग) र (ज) द्वारा परिभाषित अनुचित कार्य गरेको देखिन आएकोले निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम विभागीय कारबाही गर्न अख्तियारवालालाई लेखी पठाउने प्रयोजनको लागि स्पष्टीकरण माग गर्ने भन्ने निर्णय भै निजसँग स्पष्टीकरण सोधी प्राप्त जवाफ समेत पेश भई सो उपर अनुसन्धान हुँदा निज गणेशप्रसाद बरालले राहदानी बनाउने तथा बुझाउने क्रममा फोटो हेरी सनाखत गरी बुझाउनु पर्नेमा सो नगरीएबाट झुट्ठा विवरणको आधारमा राहदानी बनाउन सफल भएको र उक्त विषयको अनुसन्धान फायल क्षेत्रीय प्रशासन कार्यालयमा रहेको अवस्थामा निज गणेश प्रसाद वरालले आफ्ना विरुद्ध हुने गरी सह अभियुक्त लोमश कुमार पोखरेलले दिएको बयानको पाना च्याती नष्ट गरेको व्यहोरा निजले आयोग समक्ष दिएको बयान एवं स्पष्टीकरणको जवाफमा समेत सावित भएको देखिएकोले प्रचलित नियम कानून अनुसार विभागीय कारबाहीको लागि अख्तियारवाला समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम लेखी अनुसन्धानको क्रममा क्षेत्रीय प्रशासन कार्यालय धनकुटाबाट प्राप्त पञ्जिका बमोजिमका सक्कल फायल लगायतका कागजातहरू सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयमा नै फिर्ता पठाई प्रस्तुत उजुरीको लगत कट्टा गरी मिसिल तामेलीमा राख्ने गरी मिति २०६६।७।१६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

६३. विमानस्थल भन्सार कार्यालयका तत्कालीन निमित्त प्रमुख मुकुन्द प्रसाद पौडेलले वरामदी चाँदी र धरौटी फिर्ता गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) त्रिभुवन विमानस्थल भन्सार कार्यालयका तत्कालीन निमित्त प्रमुख मुकुन्द प्रसाद पौडेलले मिति २०६४।१।२ मा अर्धन्यायिक निकायका प्रमुखको हैसियतबाट बरामद चांदी र धरौटी फिर्ता गर्दा सो निर्णय गर्ने अधिकार निज निमित्त भएको हैसियतले नभएको भन्ने सम्बन्धमा छानबिन हुँदा भन्सार विभागको च.नं. २११८ मिति २०६३।११।२१ को पत्रबाट उक्त अधिकार दिएको देखिएको तथा भन्सार ऐन, २०१९ को दफा १९(क) बमोजिम भन्सार अधिकृतको हैसियतले निर्णय गरेको देखिँदा विना अधिकार निर्णय गरेको भन्न मिल्ने देखिएन ।

(ख) मिति २०६३।११।२१ मा धरौटी र चांदी फिर्ताको लागि निर्णयाधारको रूपमा नक्कली बिलहरू प्रयोग गरेको भन्ने सम्बन्धमा यस आयोगबाट ती बिलहरू जारी गर्ने फर्महरू भएको ठाउ बीरगञ्जमा गई सम्बन्धित फर्महरूमा सोधपूछ गर्दा ती फर्महरूले प्रस्तुत विलहरू आफूले नै जारी गरेको हो भनी सही छाप गरी सनाखत समेत गरिदिएकोले निर्णयाधारको रूपमा लिएका बिलहरूलाई नक्कली हुन भन्न मिलेन ।

उपरोक्त आधारमा प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखि लगत कट्टा गर्ने गरी मिति २०६६।७।१७ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

६४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग मिति २०५८ को प्रतिवेदन बमोजिम शंभु प्रसाद पंथीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज शंभु प्रसाद पंथी मिति २०३३।१२।९ गते ब.स.नि.पदबाट सार्वजनिक सेवामा प्रवेश गरी मिति २०६३।६।१२ गतेदेखि ना.सु. पदमा बढुवा भई हालसम्म विभिन्न निकायमा सरुवा हुँदै हाल मेची भन्सार कार्यालयमा ना.सु. पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज सार्वजनिक सेवामा प्रवेश गरेपश्चात निजले रुपन्देही करहैया र शंकरनगरमा ०-१२-१७$^{१}/_{२}$ क्षेत्रफल जग्गा खरिद गरेको देखिन्छ । साथै रुपन्देहीमा १-०-० क्षेत्रफल बिक्री गरेको देखिन्छ । काठमाडौं उपत्यकामा ०-५-०-१ रोपनी जग्गा खरिद गरेको देखिन्छ ।

(ग) निज शंभु प्रसाद पंथीको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ जग्गा खरिदमा रु.२,४३,०००।-, घर निर्माणमा रु. ५,७२,४१४।२० शेयर खरिदमा रु.१४,६००।- सवारी साधनमा रु. ८०,०००।- गरी जम्मा रु.९१००१४।२० व्यय देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलब भत्ता रु. ९,६६,८५७।-, पुरस्कार तथा सुविधा (कमिशन) रु. ४०,०३१।३९, कृषिबाट प्राप्त आय रु. २,७४,२२२।१८, घरजग्गा बिक्रीबाट प्राप्त आय रु. १,२०,०००।- गरी जम्मा रु. १४०१११०।५७ कुल आय देखिन्छ ।

(घ) निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप कुनै सम्पत्ति फेला परेमा कारबाही अगाडि बढाउन सकिने नै हुँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम हाल तामेलीमा राख्ने गरी मिति २०६६।७।१९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

६५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम को.ले.नि.का. मकवानपुरका तत्कालीन लेखापाल हेमप्रसाद सिलवालले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज हेमप्रसाद सिलवाल २०३९ सालमा खरिदार पदबाट सरकारी सेवामा प्रवेश गरी विभिन्न मन्त्रालय मातहत कार्यरत रही हाल जिल्ला निर्वाचन कार्यालय, चितवनमा लेखा अधिकृत पदमा कार्यरत रहेको देखियो ।

(ख) सार्वजानिक सेवामा प्रवेश गरेपछि निज हेमप्रसाद सिलवाललेे कुल ३३ लाख ४४ हजार ७५० मूल्य बराबरको घरजग्गा खरिद गरेको देखियो भने रु. १० लाख ६० हजार ३०० बराबरको जग्गा बिक्री गरेको देखियो । निजको स्वआर्जित सम्पत्तिको स्रोततर्फ हेर्दा तलब, भत्ता, सञ्चय कोष सापटी, व्यावसायिक सुन्तला खेती आदि समेतबाट रु. ५० लाख ९५ हजार ९७१ बराबरको आय देखियो । साथै निजको बैंक मौज्दात रु. ४ लाख ७५ हजार ८०० समेत देखियो । सो रकम नै निजको आजसम्मको वचत मान्नु पर्ने देखियो । आय-व्ययको प्रवाह विवरण र समग्र आय-व्यय अवस्थामा कतै ऋणात्मक स्थिति देखिएन ।

(ग) सेवा अवधिमा निजको समग्र आय व्यय अवस्था हेर्दा धनात्मक रहेको देखिएको र चल तथा अचल सम्पत्तिको परिमाण हेर्दा निज सिलवाललेे स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सार्वजनिक जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।७।१९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

६६. यस आयोगमा परेको निवेदन द.नं.१२२५ मिति २०६२।७।२७ गतेको उजुरी अनुसार "गा.वि.स.अनुदान तथा आन्तरिक कोषको रकमको कन्टिन्जेन्सी रकम दुरुपयोग गरेको तथा पिछडिएको बर्गको लागि छुट्याइएको रकमबाट रिक्सा किनी प्रयोग नगरी दुरुपयोग गरेको" भन्ने विषयको उजुरी अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

जिल्ला विकास समिति सिरहाका तत्कालीन स्थानीय विकास अधिकारी रामाधीन यादवले गा.वि.स.अनुदान तथा आन्तरिक कोषको रकमको कन्टिन्जेन्सी रकम दुरुपयोग गरेको तथा पिछडिएको बर्गको लागि छुट्याइएको रकमबाट रिक्सा किनी प्रयोग नगरी दुरुपयोग गरेको भन्ने विषयको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धानको क्रममा प्राप्त हुन आएका कागजात, जिल्ला विकास समितिको कार्यालय सिरहाबाट प्राप्त जवाफ एवं सम्बन्धित व्यक्तिहरूले आयोग समक्ष गरेको बयान समेतलाई अध्ययन गर्दा निज तत्कालीन स्थानीय विकास अधिकारी रामाधीन यादवको कार्यकालमा जिल्ला विकास समितिको कार्यालय सिरहाबाट गा.वि.स., जि.वि.स.अनुदान तथा आन्तरिक कोषको ५ प्रतिशत कन्टेजेन्सी रकम रु. १ करोड हिनामिना गरेको नभई आन्तरिक कोषतर्फ सामान खरिद, इन्धन मोविल भुक्तानी, सुपरभाइजरहरूको ज्याला भुक्तानी र विज्ञापन शुल्क भुक्तानी गरिएको एवं जि.वि.स.अनुदानतर्फ व्याग, क्याल्कुलेटर आदि सामान खरिद गरेको, गा.वि.स.अनुदानतर्फ लेखापरीक्षण शुल्कमा खर्च गरेको, मधेसी मुस्लिम पिछडिएको बर्ग उत्थान लगायत अधिकाँश कार्यक्रम योजनाहरू जिल्लास्थित विभिन्न राजनैतिक दलहरूको सर्वदलीय संयन्त्र सहितको बैठकबाट निर्णय भई लगत इष्टमेट समेत तयार गरी अमानतबाट कार्य गराएको, जिल्ला जनस्वास्थ्य कार्यालयमा रहेको एम्बुलेन्स बिग्रिएर मर्मत वा लिलाम गर्नुपर्ने भन्ने विषयमा छलफल हुँदा स्वीकृत टिप्पणी अनुसार जिल्ला जनस्वास्थ्य विकास कै बोर्डबाट मर्मत गराउन पेश्की दिइएको, असार १५ गतेपछि रकम निकासा गरिएको भन्ने सम्बन्धमा स्वीकृत योजनामा मात्र जि.वि.स.को दलीय संयन्त्रको निर्णयबाट काम अगाडि बढाइएको, कार्य सम्पन्न

प्रतिवेदनको आधारमा मात्र पेश्की फछ्यौंट भएको, जिरो माइल बरियारपट्टी सडकका सम्बन्धमा ठेकेदारले पाउने रकम रु. १,६६,२२१।०९ धरौटी खातामा राखिएकोमा पछि काम सम्पन्न भएपश्चात् सम्बन्धित ठेकेदारलाई भुक्तानी दिई सकिएको भनी खुल्न आयो । साथै निज तत्कालीन स्थानीय विकास अधिकारी रामाधीन यादवको कार्यकाल (आ.व.०६५।६६) मा जिल्ला विकास समितिको कार्यालय सिरहा अन्तर्गत संचालित सम्पूर्ण विकास निर्माणका योजनाहरूको लेखापरीक्षण भैसकेको र सोको विवरण समेत आयोगमा प्राप्त हुन आएको देखिँदा अनुसन्धानको सिलसिलामा हालसम्म संकलित कागज प्रमाणबाट माथि उल्लेखित आरोपहरू पुष्टि हुने आधार देखिएन । अत :पछि कहीं कतैबाट खुल्न आएमा कानून बमोजिम हुने गरी हाललाई प्रस्तुत उजुरीको लगत कट्टा गरी प्रस्तुत मुद्दाको मिसिल तामेलीमा राख्ने गरी मिति २०६६।७।२२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

६७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम हाल अर्थ मन्त्रालयमा शाखा अधिकृत पदमा कार्यरत विष्णु प्रसाद शर्माले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज विष्णु प्रसाद शर्माले मिति २०४३।८।१ मा सहायक लेखापाल पदमा नियुक्ति भई हाल अर्थ मन्त्रालयमा शाखा अधिकृत पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज विष्णु प्रसाद शर्माले सार्वजनिक पदमा प्रवेश गरेपछि निज र निजको श्रीमतीको नाममा रु.२,९४,१००।- को जग्गा खरिद गरी रु.१२,३९,५४७।- को लागतमा घर निर्माण गरेको देखिन्छ । निजले सम्पत्ति न्यायिक जाँचबुझ आयोग समक्ष विवरण पेश गर्दाकै अवस्थामा पनि रु. १२ लाखको लागतमा घर निर्माण गरेको र घर निर्माण गर्नका लागि पैत्रिक सम्पत्ति, कृषि, ऋण सापटी लगायतको रकमबाट निर्माण गरेको भनी उल्लेख गरेको र हाल आयोग समक्ष पनि घर निर्माण गर्न लागेको अपुग रकम सुन बिक्री, साथीभाइहरू र पारिवारिक, नातागोताहरूबाट पटक पटक सरसापटी लिई निर्माण गरेको भनी बयानमा लेखी दिएको देखिन्छ ।

(ग) निजको कुल आय रु.२१,८१,०२३।- र कुल व्यय रु.२०,०६,०८०।- देखिएको र हालको बैंक मौज्दात रु.१,५२,२८०।- रहेको देखिन आयो । निजको समग्र आय व्ययलाई दृष्टिगत गर्दा कुल सम्पत्तिको आकार सामान्य देखिएको, बैंक कारोवार पनि अत्यधिक नदेखिएको र व्यवहारमा घर बनाउँदा केही रकम ऋण सापटी लिएको भन्ने कुरालाई अन्यथा भन्न नसकिने हुँदा निजले पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवन यापन गरेको देखिन नआएकोले पछि कहीं कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने साथै अनुसन्धानका क्रममा निज एवं निजका परिवारका नामको रोक्का रहेको चल अचल सम्पत्ति फुकुवा गरी दिने गरी मिति २०६६।७।२४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

६८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका भन्सार अधिकृत रणबहादुर प्याकुरेलले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज रण बहादुर प्याकुरेल मिति २०२७।३।३ मा कर कार्यालय वागमती काठमाडौंको खरिदार पदबाट सार्वजनिक सेवामा प्रवेश गरी विभिन्न निकायमा सरुवा तथा बढुवा हुँदै मिति २०६२।७।५ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको भन्सार अधिकृत पदबाट अवकाश भएको देखिन्छ ।

(ख) निजले सार्वजनिक पद धारण गरे पश्चात आर्जन गरेको आयतर्फ हेर्दा तलब भत्ताबाट रु. ८,२४,०९६।-, घरभाडाबाट रु. १७,८८,०००।-, बैंक तथा वित्तीय संस्थाको ऋण रु. ४४,४९,४६८।-, घर जग्गा बिक्रीबाट रु. २२,३२,५००।-, अवकाश हुँदा प्राप्त सुविधा रु. ३,४३,६४५।- र कोरियाबाट प्राप्त छोराको आर्जन रु. ४,००,०००।- समेत गरी जम्मा रु. १,००,३७,७०९।- आय प्राप्त गरेको देखिन्छ भने निजले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको चल अचल सम्पत्तितर्फ हेर्दा काठमाडौंमा जग्गा खरिद गर्दा रु. ४,९७,१३२।- घर जग्गा खरिदमा रु.१०,५०,०००।-, घर निर्माणमा रु. ३७,००,६१८।-, बैंक तथा वित्तीय संस्थाको ऋण (सावाँ व्याज) चुक्ता गर्दा रु. २८,०३,४६०।-, घर बहाल कर दाखिला गर्दा रु. ६७,५००।-, मोटरसाइकल खरिदमा रु. २,२२,८६३।-, पस्मिना उद्योगमा लगानी गरेको रु. ३,६०,०००।- समेत गरी जम्मा व्यय रु. ८७,०१,५७३।- भएको देखिन्छ । निजको आय व्यय विश्लेषण गर्दा आय रु. १,००,३७,७०९।- र व्यय रु. ८७,०१,५७३।- देखिएको हुँदा व्ययभन्दा आय रु. १३,३६,१३६।- ले बढी हुन जाने देखिन्छ ।

(ग) यसरी निजको समग्र आयव्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप कुनै सम्पत्ति वा प्रमाण प्राप्त भएका बखत कानून बमोजिम हुने गरी प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।८।२ मा भएको आयोगको निर्णयानुसार तामेलीमा राखिएको ।

६९. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम जनकपुर भंसार कार्यालयमा कार्यरत तत्कालीन भन्सार अधिकृत लोक बहादुर कुवँरले निज पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

लोक बहादुर कुँवर मिति २०३३ साल चैत्र महिनामा नोकरी प्रवेश गरी हाल भन्सार अधिकृत पदबाट मिति ०६६।३।७ मा अवकाश लिई सेवानिवृत्त रहेको कागजातहरूबाट देखिएकोले निजको नोकरी अवधिमा तलब भत्ता बापत रु. ११,१३,८९३।-, बैंक तथा वित्तीय संस्थाबाट ऋण सापटीबाट रु. २३,००,०००।-, जग्गा बिक्रीबाट रु. ३१,०५,५५०।-, र अन्य विविध आयबाट रु. १६,४१,०००।- गरी कुल जम्मा रु. ८१,६०,४४३।- आय आर्जन गरेको देखिन्छ भने घर निर्माण रु. १५,००,०००।-, जग्गा

खरिद रु. ४,६६,९००।-, शेयर खरिद रु. २०,०००।-, सवारी साधन खरिद (मोटरसाइकल) रु.१,६६,७००।-, ऋण भुक्तानी रु. २९,००,०००।- र बैंक मौज्दात रु. १,३७,२००।- गरी जम्मा रु.५२,३४,८००।- व्यय भएको आय व्यय प्रवाहबाट देखिन आयो ।

अत: निज लोक बहादुर कुँवरले सार्वजनिक पदमा प्रवेश गरी स्वेच्छिक अवकाश लिई सेवानिवृत्त भएकोभन्ने देखिएकोले सार्वजनिक पदमा कार्यरत अवधि भित्र स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवन यापन गरी रहेको भन्ने नदेखिएकोले पछि कही कतैबाट तथ्यसाथ स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा नयाँ प्रमाण फेला परे उसै बखत कारबाही हुने गरी निज उपरको अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेली राख्ने गरी मिति २०६६।८।२ मा भएको आयोगको निर्णयानुसार तामेलीमा राखिएको ।

७०. जिल्ला मालपोत कार्यालय चितवनबाट मिति २०६६।३।५ गते स्वेच्छिक अवकाश प्राप्त गरेका लेखा अधिकृत यज्ञप्रसाद रेग्मीले पदमा बहाल रहँदा अकुत सम्पत्ति आर्जन गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज यज्ञप्रसाद रेग्मीले मिति २०३३।४।१७ मा नापी कार्यालय म्याग्दीमा खरिदार पदमा नियुक्त भई मिति २०६६।३।५ गते जिल्ला मालपोत कार्यालय चितवनबाट स्वेच्छिक अवकाश प्राप्त गरेको देखिन्छ ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म आफ्नो पारिश्रमिकबाट रु. १०,४९,५६९।-,श्रीमती कलावती रेग्मीको पारिश्रमिक बापत रु. ८,१४,०६४।-, आसाम सिलाङ्गको घर समेत बिक्रीबाट रु. ७,१५,३३४।-, क.सं.कोष आंशिक भुक्तानी रु. ७२,९००।-, घर बहालबाट रु. ४,६९,६२५।-, घर जग्गा बिक्रीबाट रु. १६,८०,१२५।-, शेयर बिक्रीबाट रु. १४,०००।-, लेखापरीक्षणबाट रु. १७,३८०।- एवं जग्गा दृष्टिबन्धक राखे बापत रु. १२,००,०००।- समेत गरी कुल जम्मा आम्दानी रु. ६०,३२,९९७।-आय आर्जन गरेको देखियो । सोही अनुसार निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात हालसम्म घर निर्माणमा रु. १४,००,०००।-, जग्गा खरिदमा रु. १३,९०,४७८।-, शेयर खरिदमा रु. ५,३५,०००।-, सवारी साधन खरिदमा रु. १,१४,०००।-, नगद मौज्दात रु. १०,२६५।- एवं बैंक मौज्दात रु. १४,७४१।- समेत गरी जम्मा रु. ३४,६४,२१४।- खर्च गरेको देखिँदा निजको आयको तुलनामा व्यय कम नै रहेको देखियो ।

निजले आयोगमा पेश गरेको बैंक विवरण तथा यस आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निज तथा निजको एकाघरको परिवारको नाममा रहेको बैंक खाता विवरण अनुसार हालसम्मको बैंक मौज्दात रु. १४,७४१ ।- तथा निजले पेश गरेको विवरण अनुसार निजसँग रहेको नगद मौज्दात रु. १०,२६५।- समेत जम्मा रु. २५,००६।- निजको बचत रहेको सम्पत्ति देखिएकोले सोही रकमलाई हालसम्मको मौज्दात रकम मान्नु पर्ने देखियो ।

३. निज यज्ञप्रसाद रेग्मीको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था

नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा अनुसन्धानको क्रममा आयोगबाट रोक्का राखिएका चल अचल सम्पत्ति फुकुवा गरी हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम हुने गरी मिति २०६६।८।३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

७१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम रामेश्वरमान कर्माचार्य (का.म.न.पा.२४) ले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज रामेश्वरमान कर्मचार्य मिति २०२४ बाट खरिदार पदबाट सार्वजनिक सेवामा प्रवेश गरी २०३९ आषाढबाट ना.सु. पदमा बढुवा भई २०६३ आषाढमा शा.अ. पदमा बढुवा भई ऐ. मसान्तसम्म कार्यरत भई हाल अवकाश रहेको देखिन्छ ।

(ख) निज रामेश्वरमान कर्माचार्यको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ सवारी साधन खरिद रु. २,२४,११०।-, जग्गा खरिदमा रु. ३२,५००।-, शेयर खरिदमा रु. १,१०,१००।-, घर निर्माण रु. ४,५०,०००।-, स्वयं घोषणा रु. ५०,०००।-, विभिन्न बैंकहरूमा रहेको बैंक मौज्दात रु. १७,२०,०००।- समेत गरी कुल व्यय रु. २५,८६,७१०।- देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलब भत्ता रु. ८९९४८४।- अंश बापत प्राप्त रु. १,७५,०००।-, कमिशन रु. ८३६१०।-, घरबहालबाट प्राप्त आय रु. ५,००,०००।-, जग्गा बिक्रीबाट रु. २५,०००।-, अनुसन्धान भत्ता रु. २०,८७८।-, राजस्व अनुसन्धानबाट प्राप्त पुरस्कार रु. १,१२,३६१।- क.सं. कोषबाट प्राप्त रु. ४,८७,४७३।-, घर विदा/विरामी विदा रु. २,९०,३७७।-, छोरा रोशनको तलब ८,२२,५००।-, छोरा राकेशको तलब २०६० सम्म रु. ३,७५,०००।-, छोरा राकेशको तलब २०६१-६२ सम्म रु. ८,१७,१८०।-, मुद्दतीबाट ऋण लिएको रु. ३,८७,०००।- समेत कुल आय रु. ४,९९,५८६३।- देखिन्छ

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।८।४ मा भएको आयोगको निर्णयानुसार तामेलीमा राखिएको ।

७२. महोत्तरी जिल्ला गोरहना गा.वि.स. वडा नं. ८ (ख) कित्ता नं. २५ क्षेत्रफल १-१-१ जग्गाको मोही विवाद मुद्दामा भूमि सुधार कार्यालय महोत्तरीले कानूनी विपरित मोही निश्कासन गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा आयोगको तर्फबाट अनुसन्धान हुँदा २०४८।६।८ गते मोही निश्काशन गर्ने निर्णय विरुद्ध पुनरावेदन अदालत जनकपुरमा उजुरी परेकोमा मोहीले प्रतिउत्तर गर्न नपाउने गरी दरपिठ भएको भूमि सुधार कार्यालय महोत्तरीको आदेश वदर गर्ने उक्त पुनरावेदन अदालतबाट मिति

२०४८।८।१३ मा निर्णय भएको र पुनः तारेखमा रहेका मोहीले तारेखमा नवसी तारेख छाडेको हुँदा पहिले नै मोही निश्काशन भैसकेको हुँदा उक्त निर्णय अमान्य गर्न नमिल्ने हुँदा डिसमिस फैसला गरिदिने ठहर निर्णय मिति २०५४।७।२६ मा भूमि सुधार कार्यालय महोत्तरीबाट भएको भन्ने भूमिसुधार कार्यालयबाट लेखी आएको देखियो ।

यस सम्बन्धमा भूमि सम्बन्धी ऐन २०२१ को चौथो संशोधनले मोही लागेको जग्गामा मोहीको हक आधा कायम हुने भन्ने व्यवस्था भएको साथै पुनरावेदन अदालतबाट २०४८।८।१३ गते भूमि सुधार कार्यालय महोत्तरीको मिति २०४८।६।८ गते भएको मोही निश्काशन सम्बन्धी निर्णय त्रुटीपूर्ण भनिसकेको र पुनः डिसमिस फैसला समेत भनिसकेको अवस्थामा पहिलाको निर्णय कायम गरेको निर्णय त्रुटीपूर्ण देखिँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख बमोजिम मोहीको हक यथावत राख्न निर्देशन दिई भूमि सुधार कार्यालय महोत्तरीबाट प्राप्त हुन आएको फाइल फिर्ता पठाइ उजुरी तामेलीमा राख्ने गरी मिति २०६६।८।८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

७३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा श्यामकृष्ण श्रेष्ठले पेश गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने समेत व्यहोराको सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) मिति २०४० साल बैशाख देखि केन्द्रिय तथ्यांक विभागको अस्थायी टाइपिष्ट मुखिया पदबाट सेवा प्रवेश गरेका श्यामकृष्ण श्रेष्ठ सोही विभागको नायव सुव्वा सरहको गणक पदमा समेत अस्थायी रूपमा २०४९ पौषसम्म नोकरी गरे पश्चात २०५२ चैत देखि त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा रेडियो अपरेटर पदमा मासिक ज्यालादारीमा कार्यरत रही मिति २०५३।१२।५मा सोही कार्यालयको राजपत्र अनंकित द्वितीय श्रेणीको रेडियो अपरेटर पदमा लोकसेवा आयोगको प्रक्रियाद्वारा स्थायी नियुक्त भै हालसम्म कार्यरत रहेको देखियो ।

(ख) निज श्यामकृष्ण श्रेष्ठको समग्र आय व्यय हेर्दा आयतर्फ सार्वजनिक पदमा प्रवेश गरेपछि मिति २०६६।३।३० सम्मको तलब भत्ता बापत रु. ६,९२,४९२।३० कमिशन बापत रु. २५,९२४।- घर भाडा बापत रु. १,८०,०००।- काठमाडौंभित्रको घर जग्गाहरू बिक्रीबाट रु. २,२६,८५,०००। विभिन्न वित्तीय संस्थाको ऋणबाट रु. १,७७,४३,०००।- सवारी साधन बिक्रीबाट रु. ५०,००,०००।- समेत गरी कुल जम्मा रु. ४,६३,२६,४१६।३० आय प्राप्त गरेको देखिन्छ । खर्चतर्फ घर निर्माणका लागि रु. २२,३२,०००।- घर जग्गा खरिदतर्फ रु. १,२९,६८,३००।- सवारी साधन खरिद रु ५१,८५,०००। ऋण फिर्ता बापत रु १,७१,४०,८५५।५९ तथा अन्य सामग्री मा खर्च रु २१,००००० समेत गरी कुल जम्मा रु **३,९६,२६,१५,५।५९** खर्च भएको देखिन्छ । हाल निजको नाममा बैंक खातामा रकम ३,५९,०००। मौज्दात देखिएको हुँदा सोही रकम मौज्दात रहेको मान्नु पर्ने देखियो ।

यसरी निजको समग्र आय-व्यय हेर्दा आय भन्दा व्यय बढी नदेखिएको हुँदा आफू सार्वजनिक पदमा वहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वभाविक

र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि कही कतैबाट थप प्रमाण प्राप्त भएका वखत कानून बमोजिम गर्ने गरी प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।८।८ मा भएको आयोगको निर्णयानुसार तामेलीमा राखिएको ।

७४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सडक विभाग तथा अन्तर्गतका तत्कालीन ओभरसियर हाल डिभिजन सडक कार्यालय पोखराका इन्जिनियर सुदर्शन कार्कीले सार्वजनिक सेवामा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज सुदर्शन कार्कीले मिति २०४८।२।१० गते देखि सडक विभाग तथा अन्तर्गत ओभरसियर पदबाट सार्वजनिक सेवामा प्रवेश गरी बिभिन्न मितिमा बिभिन्न कार्यालयहरू हुँदै हाल डिभिजन सडक कार्यालय पोखरामा कार्यरत रहेको देखिन आयो ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात हालसम्म आफ्नो तलब भत्ताबाट रु. ११,३३,३६४।-,परिवारका अन्य सदस्यहरूको तलब भत्ताबाट रु.३२,५४,६६६।-, कर्मचारी संचय कोष ऋण सापटीबाट रु. ३,७६,६००।-, भाई सुरेन्द्रले विदेशबाट पठाएको रकमबाट रु.५,९५,५००।- र जग्गा बिक्रीबाट रु.८७,०००।- समेत गरी जम्मा रु.५४,४७,१३०।- आय आर्जन गरेको देखियो ।

(ग) त्यसैगरी निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात हालसम्म जग्गा खरिदमा रु. ३,६८,१००।-, घर निर्माणमा रु ११,३०,०००।-, शेयर खरिदमा रु. ३४,०००।, सवारी साधन खरिदमा रु.७,३०,०००।-, कर्मचारी संचय कोषको ऋण सापटी चुक्ता गर्नमा रु. ३,९३,७४६।९०, हाल सम्मको बैंक मौज्दात रु. १,११,०५८।४८ समेत गरी जम्मा रु. २७,६६,९०५।३८ खर्च तथा लगानी गरेको देखियो ।

(घ) निज तथा निजका परिवारको नाममा बिभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा हालसम्म रु. १,११,०५८।४८ मौज्दात रकम देखिएकोले सोही रकमलाई मात्र निजहरूको हालसम्मको बचत रकम मान्नु पर्ने देखिन्छ ।

(ङ) तसर्थ, निज सुदर्शन कार्कीको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेका बखत कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम हुने गरी मिति २०६६।८।१६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

७५. भन्सार बिभाग अन्तर्गतका तत्कालीन खरिदार हाल ना.सु बुद्धि कुमार चुडालले सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ समक्ष पेश गरेको आफ्नो सम्पत्ति विवरणमा भक्तपुर कौशलटार स्थित ६ आना २ पैसा क्षेत्रफलको जग्गा तथा सोमा निर्मित घर, आफूले नोकरी ,उपदान, सञ्चयकोष, अंश आदीबाट आमाको नाममा खरिद गरेको भनी उल्लेख गरेकोले उक्त आयोगबाट आफ्नो प्रतिवेदनमा, सम्बन्धित प्रमाण कागजात पेश नगरेको

हुँदा रु.२६,५६,८४९।- बराबरको सम्पत्ति स्रोत प्रमाणित हुन नसकेको भनी उल्लेख भएको हुँदा निज बुद्धि कुमार चुडालको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ समक्ष निज बुद्धि कुमार चुँडालले पेश गरेको आफ्नो सम्पत्ति विवरणमा भक्तपुर कौशलटार स्थित ६ आना २ पैसा क्षेत्रफलको जग्गा तथा सोमा निर्मित घर, आफूले नोकरी, उपदान, सञ्चयकोष, अंश आदीबाट आमाको नाममा खरिद गरेको भनी उल्लेख गरेको तर त्यस उप्रान्त निजामती किताबखानामा बुझाएको सम्पत्ति विवरणमा भने सो घर जग्गालाई आफ्नो नभएको र भुलबश आमाको सम्पत्तिलाई आफ्नो भनी उक्त आयोग समक्ष बुझाएको सम्पत्ति बिवरणमा लेख्न पुगेको कुरा उल्लेख गरेको देखिन्छ, । उक्त घर जग्गा निजका दाजु कुमार चुँडालले मिति २०५६।११।५ मा ज्ञानमाया प्याढसँग खरिद गरेको, मिति २०५६।११।२७ गते भएको अशंबण्डाबाट निज कुमार चुडालको भागमा परेको, निज कुमार चुडालले मिति २०५८।१२।७ मा आमा तुलसा देबी चुडाललाई बकस गरी दिएको र निज तुलसा देवी चुडालले आफ्नो सबै सम्पत्ति अर्का छोरा कृष्ण कुमार चुडालले हकभोग गर्न पाउने गरी मिति २०६५।६।३० मा शेष पछिको बकस पत्र गरी दिएको देखिएको हुँदा सो सम्पत्ति निज ना.सु. बुद्धि कुमार चुडालको नभएको देखिएकाले भ्रष्टाचार निवारण ऐन २०५९को दफा ३५ अनुसार हुने गरी मिति २०६६।८।१८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

७६. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा हाल गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालय, रसुवामा शाखा अधिकृत पदमा कार्यरत युवराज मैनालीले सार्वजनिक सेवामा प्रवेश गरे पछि आर्जन गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज युवराज मैनालीले मिति २०३७।८।१९ मा खरिदार पद मा नियुक्ति भई मिति २०४५।११।२१ मा ना.सु. मा र २०६३।३।२५ मा शाखा अधिकृत पदमा बढुवा भई गृह मन्त्रालय अन्तर्गत हाल जिल्ला प्रशासन कार्यालय रसुवामा कार्यरत रहेको देखिन्छ । त्यसै गरी निजको श्रीमती मिति २०४२।८।५ मा नेपाल प्रहरीमा नियुक्ति भई हाल प्रहरी निरीक्षक (प्रा.) पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज युवराज मैनालीले सेवा प्रवेश गरे पछि निजको समग्र आय व्ययको विश्लेषण गर्दा आयतर्फ निज र निजको श्रीमतीको तलब भत्ता बापत रु.२६,०६,४४०।-, श्रीमतीको विदेश भ्रमणबाट रु. २,८०,०००।-, निजले ट्रेकिङ्गबाट रु.१,३४,०००।-, कर्मचारी संचय कोषबाट सापटी रु.४,५२,४३३।- र अन्य आयबाट रु.४,००,०००।- समेत जम्मा रु.३८,७२,८७३।- प्राप्त गरेको र व्ययतर्फ जग्गा खरिद बापत रु.८९,१००।-, घर निर्माण र घर खरिद गर्दा रु.१९,२७,३८५।-, कर्मचारी संचय कोषको ऋण फिर्ता रु.३,४०,२००।-, विभिन्न बैंक वित्तीय संस्थाको शेयर खरिद गर्दा रु.४४,०००।- समेत जम्मा रु. २४,२०,६८२।- खर्च भएको देखिएको, हाल विभिन्न बैंकको मौज्दात रु. ४९,८८६।-, रहेको देखिँदा सो रकम समेतलाई व्यय मान्दा जम्मा रु. २४,७०,५७१।- व्यय भएको देखिन आएको छ । निजको हाल सम्मको रु. ४९,८८६।- मात्र वचत रहेको मान्नु पर्ने देखियो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययभन्दा आय अधिक देखिएको हुँदा निज युवराज मैनालीले आफू सार्वजनिक पदमा वहाल रहंदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको भन्ने देखिन नआएकोले प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम राख्ने गरी मिति २०६६।८।२६ मा भएको आयोगको निर्णयानुसार तामेलीमा राखिएको ।

७७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा हाल सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय काठमाडौंमा इन्जिनियर पदमा कार्यरत सुवोध कुमार देवकोटाले सार्वजनिक पदमा प्रवेश गरे पछि आर्जन गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज सुवोध कुमार देवकोटा मिति २०४६।१२।२४ मा ओभरसियर पदमा नियुक्ति भई हाल इन्जिनियर पदमा बढुवा भई डिभिजन सडक कार्यालय काठमाडौंमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज सुवोध कुमारको आयतर्फ हेर्दा निजको बाबु निजामती सेवाबाट निवृत्त भएको र निज बाबुका ३ छोरा मध्ये यी सुवोध कुमारसँग बाबु र आमा पनि एकासगोलमा नै रहे भएको भन्ने बयान तथा पेश गरेको विवरणमा उल्लेख गरेकाले सो निवृत्ति भरणको ५ भाग मध्ये ३ भाग रु. ४,५२,२२६।- प्राप्त गरेको, सुवोध कुमारले तलब भत्ता बापत रु. ११,८८,६६०।-, परामर्श सेवा बापत रु. २,०२,९६७।- विदेश भ्रमणबाट प्राप्त रु. १२२,१६९।-, उद्योग व्यवसाय (फर्निचर उद्योग) बाट प्राप्त रु. २९,१००।-, कृषि आय बाट रु. ६५,०००।- बैंक तथा कर्मचारी संचय कोषबाट सापटी लिएको रु. ११,४०,५००।- समेत जम्मा रु. ३२,००,६२२।- आय प्राप्त गरेको देखिन्छ भने व्ययतर्फ घर निर्माण बापत रु. १८,३१,८३२।-, जग्गा खरिद बापत रु. १,२१,२५०।-, सवारी साधन खरिद गर्दा रु. १,२५,०००।- बैंक तथा वित्तिय संस्थाको ऋण फिर्ता गर्दा रु. १०,१५,०००।- समेत रु. ३१,०३,०८२।- खर्च भएको र हालको बैंक मौज्दात रु. ९२,७५०।- देखिँदा सो समेत व्यय मान्नु पर्ने भएकोले कुल व्यय रु. ३१,९५,८३२।- देखिन आएको छ । निजको हाल सम्मको रु. ९२७५०।- मात्र मौज्दात रहेको मान्नु पर्ने देखियो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययभन्दा आय अधिक देखिएको हुँदा निज सुवोध कुमार देवकोटाले आफू सार्वजनिक पदमा वहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वभाविक उच्च जीवनयापन गरेको भन्ने देखिन नआएकोले प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।८।२६ मा भएको आयोगको निर्णयानुसार तामेलीमा राखिएको ।

७८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा हाल सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय काठमाडौंमा इन्जिनियर पदमा कार्यरत विनोद साहले

सार्वजनिक सेवामा प्रवेश गरे पछि आर्जन गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज विनोद साहले मिति २०४६।१२।२४ मा ओभरसियर पदमा नियुक्ति भई हाल इन्जिनियर पदमा बढुवा भई डिभिजन सडक कार्यालय काठमाडौंमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज बिनोद साहको सेवा प्रवेश गरेपछि समग्र आय व्ययको विशलेषण गर्दा आयतर्फ तलब भत्ता बापत रु. ११,३४,७१४।- व्यापार व्यवसायबाट रु.२,५०,०००।- घर बहालबाट रु. १,६७,०००।- कृषि आयबाट रु. ३,१०,१५५।-, जग्गा बिक्रीबाट रु. १०,३०,०००।-, बैंक तथा वित्तीय संस्थाबाट सापटी रु. ३४,९७,७०५।- समेत जम्मा रु. ६३,८९,५७४।- आय आर्जन गरेको र व्ययतर्फ घर निर्माणका लागि रु. २५,८१,४९१।- टेक्टर खरिदका लागि रु.२,००,०००।-, जग्गा खरिदका लागि रु. २४,७४,०००।-, कम्प्युटर खरिद रु. २०,०००।-, VDIS बुझाउँदा रु. ५०,०००।- र कर्मचारी संचय कोष र बैंक ऋण फिर्ता रु. १,३२,२३९।- समेत जम्मा खर्च रु. ५४,५८,१३०।- खर्च भएको र हाल बैंकमा जम्मा रु. २०,३५५।- मौज्दात रहेकोले जम्मा रु. ५४,५८,४८५।- खर्च भएको देखिन आयो । निजको हाल सम्मको रु. २०,३५५।- मात्र मौज्दात रहेको मान्नु पर्ने देखियो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययभन्दा आय अधिक देखिएको हुँदा निज विनोद साहले आफू सार्वजनिक पदमा वहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको भन्ने देखिन नआएकोले प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम राख्ने गरी मिति २०६६।८।२६ मा भएको आयोगको निर्णयानुसार तामेलीमा राखिएको ।

७९. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम तत्कालीन नापी विभाग अन्तर्गत अमिन पदमा रही हाल सर्वेक्षक पदबाट राजीनामा दिएका रामप्रसाद के.सी. ले सार्वजनिक सेवामा प्रवेश गरे पछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज रामप्रसाद के.सी. मिति २०३१।९।१ गते स्थायी नियुक्त भई अमिन पदबाट सार्वजनिक सेवामा प्रवेश गरी विभिन्न निकायमा सरुवा तथा बढुवा हुँदै हाल सर्वेक्षक (रा.प. अनं. प्रथम) पदबाट स्वेच्छिक राजिनामा दिई सेवा निवृत्त भएको देखियो ।

(ख) निज रामप्रसाद के.सी.को समग्र आयलाई हेर्दा निजको आयतर्फ तलब भत्ता बापत प्राप्त रु. १०,४३,०७१।-, विभिन्न बैंकबाट सापटी रु. २,३८,०००।-, जग्गा बिक्री रु. ३५,९१,५००।-, छोराले विदेशबाट पठाएको रु. १८,१४,०७७- बिदाको रकम रु. ७,०००।- राजिनामा पछि एकमुष्ठ पेन्सन र बिदा बापतको रकम रु. ११,००,०००।- गरी कुल रु. ७७,९३,६४८।- आम्दानी गरेको देखिन्छ भने निजको खर्चतर्फ हेर्दा घर निर्माणमा रु. ९,०५,८२४।-, जग्गा खरिदमा रु. २६,३४,९००।-, शेयर खरिदमा रु. १,०९,८००।- सुन खरिदमा रु. २१,०००।- मोटर साइकल खरिदमा

रु. २,९८,०००।- गाडी खरिदमा रु. ३,१०,०००।- बैंक मौज्दात रु. ४,०७,००।-, नगद रु. ३०,०००।- गरी कुल व्यय रु. ४७,१६,५२४।- खर्च गरेको देखियो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप कुनै सम्पत्ति वा प्रमाण प्राप्त भएका वखत कानून बमोजिम हुने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखी अनुसन्धानको क्रममा रोक्का रहेको सम्पत्ति फुकुवा गरि दिने गरी मिति २०६६।८।२६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

८०. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम प्रहरी नायव महानिरीक्षक पदबाट सेवा अवकाश लिनु भएका शारदाभक्त रंजितले सार्वजनिक सेवामा प्रवेश गरे पछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज शारदाभक्त रंजित मिति २०३९।५।२९ गते प्रहरी निरीक्षक पदबाट सार्वजनिक सेवामा प्रवेश गरी विभिन्न निकायमा सरुवा तथा बढुवा हुँदै मिति २०६६।३।७ देखि प्रहरी नायव महानिरीक्षकको पदबाट स्वेच्छिक अवकाश लिई सेवा निवृत्त भएको भन्ने देखिन्छ ।

(ख) निज शारदाभक्त रंजितको समग्र आयलाई हेर्दा निजको आयतर्फ तलब भत्ता बापत प्राप्त रु. २०,५३,६६३।-, विभिन्न बैंकबाट सापटी रु. २४,११,०००।-, विदेश भ्रमणबाट प्राप्त आय रु. २७,०६,७५२।- बहिनी ओजलियाको तलब रु. ११,२४,९८२।- छोरा विभूषले अमेरिकाबाट पठाएको रु. ५,९३,५४९।- शेयर मुनाफाबाट प्राप्त आय रु. २,०८,५४६।- बिदा र औषधोपचारको रकम रु. ५,८५,००१।- क.सं. कोष फिर्ता रु. ३,२०,०३३।- गरी कुल रु. एक करोड आम्दानी गरेको देखिन्छ भने निजको खर्चतर्फ हेर्दा घर निर्माण रु. ४१,७८,२३४।-, जग्गा खरिद रु. १,९२,०१०।-, सवारी साधन खरिद रु. १६,७९,०००।- विद्युतीय उपकरण खरिद रु. ७१,६५०।- छोरालाई विदेश पठाउँदाको खर्च रु. २,००,०००।- शेयर खरिद रु. १७,०००।- बैंक मौज्दात रु. १७,६८,०९६।-, डलर बैंक मौज्दात रु. ८०, नगद रु. २५,०००।- गरी कुल व्यय रु. ८१,३६,९९०।- खर्च गरेको देखिँदा निजले आर्जन गरेको रकममा उक्त खर्च रकम कटाउँदा निजसँग रु. ३१,२९,३२०।- मौज्दात देखिए पनि बैंकमा रहेको रु. १७,६८,०९६।- लाई हालसम्मको बचत मान्नुपर्ने देखियो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवननिर्वाह गरेको देखिन नआएकोले पछि थप कुनै सम्पत्ति वा प्रमाण प्राप्त भएका वखत कानून बमोजिम हुने गरी प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।८।२६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

८१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा हाल सडक आयोजना निर्देशनालय काठमाडौं विशालनगरमा कार्यरत लेखा अधिकृत नरेश्वर शर्माले सार्वजनिक सेवामा प्रवेश गरे पछि आर्जन गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज नरेश्वर शर्माले सडक विभाग अन्तर्गत २०३३ साल देखि २०३४ साल सम्म अस्थायी स.ले.पा. पदमा निर्वाचन आयोगमा सेवा प्रवेश गरी मिति २०३४।१०।१७ मा प्रसार विभागको स.ले.पा. पदमा स्थायी भै विभिन्न मितिमा विभिन्न कार्यालयमा कार्यरत रही हाल सडक विभाग अन्तर्गत उक्त कार्यालयमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज नरेश्वर शर्माले सार्वजनिक सेवा प्रवेश गरेपछि पछि निजको समग्र आय व्ययको विश्लेषण गर्दा आयतर्फ निजको तलब भत्ता बापत रु. १२,९२,२५१।- कर्मचारी संचय कोषबाट लिएको सापटी रु. ९,४२,११६।-, घर जग्गा बिक्रीबाट रु. ४२,०८,६००।- बैंक बाट प्राप्त व्याज रु. ४०५,०००।- र मुद्दती खाता खोली म्याद समाप्त भै प्राप्त गरेको रकम रु. २,८०,०००।- समेत गरी रु. ७१,२७,९६७।- रहेको देखिन्छ भने व्ययतर्फ काठमाडौं उपत्यकामा जग्गा खरिदमा रु. ३३,६४,५००।-, घर निर्माण रु. २२,५०,०००।-, मुद्दती खाता खोल्दा रु. २८०,०००।-, सवारी साधन खरिद रु. ९९,०००।- कर्मचारी संचय कोषबाट लिएको ऋण सापटी फिर्ता गरको रकम रु. १०,५४,८८७ ।- र विभिन्न बैंकमा रहेको बैंक मौज्दात रकम रु. ४३,०१६।- समेत गरी निजको व्ययतर्फको रकम रु. ७०,९१,४०३ ।- रहेको देखिन्छ ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययभन्दा आय अधिक देखिएको हुँदा निज नरेश्वर शर्माले आफू सार्वजनिक पदमा वहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको भन्ने देखिन नआएकोले पछि कही कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखिएको ।

८२. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम गृह मन्त्रालयका तत्कालीन ना.सु. हरिनारायण श्रेष्ठले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज हरिनारायण श्रेष्ठ मिति २०३७।४।२६ गते सहायक लेखापाल पदबाट सार्वजनिक सेवामा प्रवेश गरी २०५४।४।१९ गतेबाट ना.सु. पदमा बढुवा भई विभिन्न निकायमा सरुवा हुँदै हाल २०६५।४।५ मा राजीनामा गरी अवकाश जीवन व्यतित गरेको देखिन्छ ।

(ख) निज हरिनारायण श्रेष्ठको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ जग्गा खरिदमा रु. ७५,०००।-, विभिन्न बैंकहरूमा रहेको बैंक मौज्दात रु. १,१२,५००।- समेत गरी कुल व्यय रु. १८,७५००।- देखिन्छ भने निजको समग्र

आयतर्फ हेर्दा तलब भत्ता रु. ९,५१,१५२।-, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण सापटी रु. ८,७०,०००।- समेत कुल रु. १८,२१,१५२।- आय देखिन्छ ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप कुनै सम्पत्ति फेला परेमा कारबाही अगाडी बढाउन सकिने नै हुँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।८।२९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

८३ . सम्पती न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा काठमाडौं जिल्ला अदालत अन्तर्गतका नायब सुब्बा नारायण बहादुर वि.सि. को स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

सिरहा जिल्ला अदालतमा मिति २०३० बाट बहिदार पदमा सेवा प्रवेश गरेका नारायण वहादुर वि.सि.विभिन्न अदालतहरूमा विचारी, डिट्ठा, हुँदै २०५५ सालबाट नायब सुब्बा पदमा बढुवा भै हालसालै ऋण असुली पुनरावेदन न्यायाधिकरण काठमाडौंबाट स्वेच्छिक अवकाशबाट सेवा निवृत्त भएको ।

नारायण वहादुर वि.सि. को सम्पत्ति छानबिन गर्ने क्रममा निजको आय र व्ययतर्फ हिसाव गर्दा कुल रु. २५,१७,५३५।- धनात्मक अवस्था देखिन आएको । हाल निजले भरेको विवरण तथा सम्बन्धित निकायहरूमा गरिएको पत्राचारका आधारमा निज तथा निजको परिवारका नाममा कुनै जग्गा जमिन तथा घर रहे भएको नपाइएको तथा निजको कुल आय व्ययको विवरणमा २५,१७,५३५।- धनात्मक देखिन्छ । यस प्रकार निजको स्रोत नखुलेको सम्पती आर्जन गरी अस्वाभाविक जीवन यापन गरेको देखिन नआएकाले पछि थप प्रमाण प्राप्त भए थप अनुसन्धान हुन सक्ने नै हुँदा प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम मिति २०६६।८।२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

८४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन साथ आयोगमा प्राप्त हुन आएको भन्सार विभाग अन्तर्गत तत्कालीन खरिदार हाल ना.सु. पदमा सोही विभागमा कार्यरत रघुनाथ पोखरेलले आर्जन गरेको सम्पत्ति स्रोत नखुलेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

निज रघुनाथ पोखरले २०३५ सालमा खरिदार पदमा सेवा प्रवेश गरी हाल ना.सु. पदमा भन्सार विभाग कार्यरत रहेको पाइयो । निजले सार्वजनिक सेवामा प्रवेश पूर्व पाएको अंश बापतको जग्गा बिक्री समेत गरि अन्य जग्गा खरिद बिक्री गरी आम्दानी गरेको देखिन आयो । निजले का.म.न.पा. वडा.नं. ५ मा ०-७-१-३ जग्गा रु. ४३७५०।- मा खरिद गरी आ. व. २०४७।४८ मा भूई तला र २०५१।५२ मा तला थप गरी घर निर्माण गरेको देखियो । आ.व. २०४७।४८ देखि २०५४।५५ सम्म निजको आम्दानी भन्दा बढी खर्च भएको देखिन आयो । घर निर्माण गर्दा आम्दानी भन्दा बढी खर्च भएको बारेमा आफन्तबाट सरसापट लिई घर निर्माण गरें भन्ने बयान गरेको पाईयो र ऋणात्मक

रकम निजको छोराको आम्दानी हुन थालेपछि पूर्ति भएको देखिन्छ साथै निजको समग्रमा आय रु. ३७,६८,९४२।- र व्यय रकम रु. ३३,१५,५८९।- देखिन आएको हुँदा निजको व्ययभन्दा बचत रकम बढी देखिएको र अस्वाभिक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको नदेखिँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

८५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम भूमिसुधार कार्यालय, काठमाडौंका खरिदार चुडामणी बरालले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज चुडामणी बरालले २०३८ सालमा मुखिया पदबाट सरकारी सेवामा प्रवेश गरी भूमिसुधार मन्त्रालय अन्तर्गत कार्यरत रही २०५४ सालमा खरिदार पदमा बढुवा भई सोही मन्त्रालय अन्तर्गत कार्यरत रहेको देखियो ।

(ख) सार्वजानिक सेवामा प्रवेश गरेपछि निज चुडामणी बरालले जग्गा खरिदमा रु. १,९९,७५०।-, आयतर्फ निजको तलब भत्ता ८,८८,६९५।-, जग्गा बिक्रीबाट ६,७५,४००।- र कर्मचारी संचय कोष सापटीबाट १,०२,५३१।- गरी जम्मा १६,६६,६२६।- देखियो ।

(ग) सेवा अवधिमा निज चुडामणी बरालको तलब भत्ता, घरजग्गा बिक्री समेत गरी रु. १६,६६,६२६।- सिवकारयोग्य स्रोत खुल्ने आय र जग्गा खरिदमा १,९९,७५०।- स्वीकारयोग्य व्यय भई निजको स्विकारयोग्य आर्थिक अवस्था रु. १४,६२,६७६।- धनात्मक रहेको देखियो ।

(घ) सेवा अवधिमा निजको समग्र आय व्यय अवस्था हेर्दा धनात्मक रहेको देखिएको र चल तथा अचल सम्पत्तिको परिमाण हेर्दा निज बरालले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सार्वजनिक जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

८६. "बिहारी मूलका भारतीय नागरिक भगवान शर्माले केही महिना अगाडि तौलिहवाबाट कीर्ते नागरिकता लिन सफल भएको र पछि भैरहवाबाट पुनः पासपोर्ट लिन सफल भएको हुँदा यसमा मोटो रकमको खेल भएकाले आवश्यक कारबाही गरी पाऊँ" भनी रमेश चौधरी समेतका बिभिन्न व्यक्तिहरूको तर्फबाट मिति २०६१।८।२३ गते गृह मन्त्रालयमा परेको उजुरी र क्षेत्रीय प्रशासन कार्यालय पोखराबाट यस आयोगमा प्राप्त हुन आएको सो उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

तत्काल नेपाली नागरिकता वितरण गर्दा प्रचलित नेपाल नागरिकता ऐन २०२० र नागरिकता नियमावली २०४९ अनुसार गाउँ सरजमिन, तत्कालीन गा.वि.स.उपाध्यक्षको

सिफारिस र अध्यक्षको सनाखत सहितको अनुसुचि फारम १ पेश भै सम्बन्धित कर्मचारीले अभिलेख रुजु गरी अनुसूची फारममा २०३३ सालको धर्मपानीया गा.वि.स.को नावालिक दर्ता नं. १८७६ उमेर ५ वर्ष भनि चढाएको र सम्बन्धित अधिकृतबाट छानबिन भै टिप्पणी तयार गरि पेश हुँदा समग्रमा टिप्पणी सदर भै सोहि अनुसार नागरिकता प्रदान भएको देखियो । तत्काल अनुसूची १ फारममा २०३३ धर्मपानीया दर्ता नं. १८७६ भनि अभिलेख रुजु भै उल्लेख गरिएको र उक्त अभिलेख समेत छानबिन भै टिप्पणी खडा गरी सदर भएपछि नागरिकता प्रदान गरिएको छ । उक्त अभिलेखको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय कपिलबस्तुमा भए नभएको माग गर्दा उक्त अभिलेख नदेखिएको र अभिलेख रहेको रजिष्टर अति जीर्ण अवस्थामा रहेको भनी लेखी आएको र उक्त अभिलेख रुजु गरी उल्लेख गर्ने तत्कालीन खरिदार डिल्ली राज पोखरेल र छानबिन गरी सदरको लागि टिप्पणी पेश गर्ने तत्कालीन प्रशासकीय अधिकृत कृष्ण प्रसाद नेपालको मृत्यु भै सकेको साथै तत्काल अनुसूची १ फाराममा सिफारिस गर्ने तत्कालीन गा.वि.स. का उपाध्यक्ष चन्द्रहरि कुर्मी हाल दुवै आँखा नदेख्ने अवस्थामा रहेको, सनाखत गर्ने तत्कालीन गा.वि.स. अध्यक्ष धर्मात्मामणी त्रिपाठी उपचारको क्रममा भारततर्फ रहेको र गाउँ सरजमिन मुचुल्कामा रोहवरमा बस्ने तत्कालीन वडा अध्यक्ष पुजारी मिश्रको समेत मृत्यु भएको भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट खुल्न आएको अवस्थामा तत्काल गा.वि.स.का निर्वाचित पदाधिकारीहरूले अनुसूची १ फाराम मा गरेको सिफारिस र सनाखत, जनप्रतिनिधिको रोहवरमा खडा भएको गाउँ सरजमिन मुचुल्का र कार्यालयका सम्बन्धित फाँटका जिम्मेवार कर्मचारीहरूद्वारा अभिलेख रुजु तथा छानबिन गरी नागरिकता प्रदान गरेको देखिन आएकोले उक्त भगवन्त शर्माको नेपाली नागरिकताको प्रमाण पत्र र राहदानी अवैध तथा कीर्ते के हो ? छानबिन गर्नको लागि अनुसन्धानको क्रममा प्राप्त हुन आएका सक्कल कागजात सहित गृह मन्त्रालयमा पठाई तत्सम्बन्धमा आवश्यक कारबाही गरी यस आयोगमा जानकारी दिन र यस्ता सम्वेदनसील विषयहरू संलग्न प्रमाण कागजातहरू सुरक्षित र व्यवस्थित अवस्थामा सम्बन्धित निकायले राख्नु पर्नेमा सो भएको अवस्था नदेखिएकाले यसबाट भविष्यमा समेत यस्ता मुद्दाको अनुसन्धान कार्यमा जटिलता आई यकिन गर्नुपर्ने विषयका कागजात नै फेला पर्न नसक्ने अवस्था हुन सक्ने भएकोले अब उप्रान्त अभिलेख प्रमाणका कागजातहरू अख्तियार प्राप्त अधिकारीले खोजेको वखत उपलब्ध गराउन सक्ने गरी सुरक्षित साथ राख्ने व्यवस्था गर्न गराउनको लागि लेखि पठाई पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

८७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम प्रहरी प्रधान कार्यालयको प्रहरी नायव उपरीक्षक पदमा कार्यत दिपक थापाले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोतको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज दिपक थापा मिति २०५२।५।१९ मा प्रहरी निरीक्षक पदमा सेवा प्रवेश गरी सार्वनिक पदधारण गरेको देखिन्छ । मिति २०६३।५।८ मा प्रहरी नायव उपरीक्षक पदमा बढुवा भई हाल प्रहरी प्रधान कार्यालयको कर्मारी प्रशासन शाखामा कार्यत रहेको देखिन्छ ।

(ख) निज दिपक थापाको पिता रामशरण थापा भन्ने रत्नबहादुर थापा आमा सावित्री थापा, भाइहरू रमेश थापा, दिनेश थापा र रुपक थापा समेत ६ अंशियार रहेकोमा कानूनी रूपमा अंशियारहरूबीच अंशवण्डा भएको पाइँदैन । निजको पिता रत्नबहादुर थापाको नाममा भक्तपुर सिपाडोल ७ को कित्ता नं.२४९ को ०-८-०-० क्षेत्रफल जग्गामा एक पक्की र एक कच्ची गरी दुईवटा घर तथा कित्ता नं. २९७, ३०, ६२, ५१९, १०४, को गरी जम्मा १६-९-३-० क्षेत्रफल जग्गा रहेको मध्ये निज दिपक थापाले यस आयोग समक्ष बयान गर्दा उल्लेखित पैत्रिक घर जग्गा मध्ये आफ्नो अंश भाग भनी ४-०-०-० क्षेत्रफलको जग्गा प्राप्त गरेको भनी उल्लेख गरेको हुँदा सोही चार रोपनी जग्गा पैत्रिक सम्पत्तिको रूपमा निजले प्राप्त गरेको मान्नुपर्ने देखिन्छ ।

(ग) निज दिपक थापाको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ घर निर्माणमा रु. १९,००,०००।०० घर जग्गा खरिदमा रु. ७०,००,०००।०० सवारी साधनमा रु..१०,६०,०००।०० र बैंक मौज्दातमा रु. ३५,९०,८८।०० समेत गरी कुल व्यय रु. १,२४,९१,७७१।०० देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलबभत्ता रु. १४,४५,६३१।०० विदेश भ्रमणबाट आय रु. २२,९०,५७१।०० बैंक तथा वित्तीय संस्थाबाट सापटी रु. २०,५९,३५७।०० घरजग्गा बिक्रीबाट आय रु. ९८३५६२५।०० र सवारी साधन बिक्रीबाट आय रु. ५,७०,०००।०० समेत गरी कुल रु. १,६२,०१,१८४।०० आय देखिँदा निजको व्ययभन्दा आय धनात्मक देखिन्छ । यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप कुनै प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

८८. सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन बमोजिम अर्थ मन्त्रालय अन्तर्गतका खरिदार राजेश कुमार दत्तले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

अर्थ मन्त्रालय अन्तर्गतका खरिदार राजेश कुमार दत्त मिति २०४७।२।३० मा खरिदार पदमा नियुक्ति भई सार्वजनिक सेवामा प्रवेश गरी मिति २०६५।११।२ देखि नायब सुब्वा पदमा पदोन्नति भएको र सार्वजनिक सेवामा प्रवेश भएपछि निजकी श्रीमती सन्तोषकुमारी दत्तको नाममा विराटनगर उपमहानगरपालिका वडा नं. ७ मा मिति २०५४ मा कित्ता नं. २३१६ क्षेत्रफल ०-०-१३ को जग्गा रु. ३१,२००।- मा र सोही ठाउँमा कित्ता नं. ३६०२ क्षेत्रफल ०-०-६$\frac{1}{2}$ को जग्गा रु. ७८,०००।- मा खरिद गरेको देखियो । निजले सोही जग्गामा घर निर्माण गर्न जम्मा रु. १३,६८,३५२।-, शेयर खरिदका लागि रु. ७,०००।- र सवारी साधन खरिदका लागि रु. १,११,१११।- खर्च भएको देखिन्छ । निजको कृषि विकास बैंक, विराटनगर शाखाको मुद्दती खातामा मिति २०६०।१०।२८ मा छ लाख रुपैयाँ (वार्षिक ७.७५ प्रतिशतका दरले) जम्मा गरी सो को म्याद भुक्तान भएपछि रकम फिर्ता लगिसकेको देखिन्छ । निजले तलब भत्ता बापत रु. ८,२४,७३३।-,

मुद्दती खाताको बैंक ब्याज बापत रु. २,३२,५००।-, सवारी साधन बिक्री गरेर रु. २,३०,००।- प्राप्त गरेको देखिन्छ । यसैगरी निजको बुबा मानेन्द्रकुमार दत्तबाट निज राजेशकुमार दत्तलाई अंश बापत नगद रु. दस लाख दिएको भन्ने मालपोत कार्यालय, विराटनगरको अंशबण्डा लिखतबाट देखियो । तसर्थ उपरोक्त खरिद भएको जग्गा, व्यवसायमा भएको लगानी र बैंकको मौज्दात एवं आयको अवस्थालाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सार्वजनिक जीवन निर्वाह गरेको देखिन नआएकोले प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

८९. सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन बमोजिम यातायात व्यवस्था कार्यालय अन्तर्गतका मेकानिकल सुपरभाइजर मनोहर शर्मा उप्रेतीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोत सम्बन्धमा प्रारम्भिक अनुसन्धान गरी प्रस्तुत भएको प्रतिवेदन समेत अध्ययन गरी देहाय बमोजिम निर्णय गरियो ।

यातायात व्यवस्था मन्त्रालय अन्तर्गतका मेकानिकल सुपरभाइजर मनोहर शर्मा उप्रेती मिति २०४६।८।२१ मा सार्वजनिक सेवामा प्रवेश गरी मिति २०६४।१२।१४ देखि मेकानिकल इन्जिनियर पदमा पदोन्नति भएको र सार्वजनिक सेवामा प्रवेश भएपछि निजकी श्रीमती सुनिता कुमारी उप्रेतीको नाममा मिति २०५४ मा काठमाडौं नगर-९ कित्ता नं. २३१६ क्षेत्रफल ०-०-१३ रहेको रु.३१,२००।- मा जग्गा खरिद गरेको देखियो । उक्त जग्गामा साढे तीन तल्ला घर रु.२४,४४,३८६।- निर्माण गरेको देखिन्छ । उक्त घर निर्माण निजको सञ्चित भएको तलबभत्ता, जग्गा बिक्रीको रकम तथा ट्रक भाडाबाट उठेको रकमबाट भएको देखिन्छ । निजले तलबभत्ता बापत रु. १०,२२,१५९।- बुझेको देखिन्छ । निजको श्रीमती सुनिताकुमारीको नाममा रहेको कित्ता नं. ३५५ क्षेत्रफल ८ आना भक्तपुरको जग्गा मिति २०५६ मा रु. १०,६८,८८५।- मा बिक्री भएको देखिन्छ । साथै निजले काठमाडौं फाइनान्सबाट तीन लाख रुपैयाँ ऋण लिई बा.१ ख ८०१७ नं. को भाडाको ट्रक मिति २०५९।९।१ मा खरिद गरी मिति २०६४।४।२६ मा उक्त गाडी बिक्री भएको देखिन्छ । यसैगरी निजले एभरेष्ट बैंकबाट रु.७,३५,०००।- ऋण लिई रु. १२,२६,५०२।- मा भाडाको मिनी ट्रक मिति २०६२।५।९ मा खरिद गरेको देखिन्छ । उक्त ट्रकबाट आम्दानी प्राप्त भइरहेको भन्ने निजको भनाइ रहेको र ट्रकबाट भाडाबापत उठ्ने आम्दानी खर्च कटाएर मासिक ३५ हजार उल्लेख गरेकाले निजको उक्त गाडीहरूबाट उठेको हालसम्मको जम्मा आम्दानी रु. २२,४०,०००।- देखियो । तसर्थ, निजको सार्वजनिक सेवामा प्रवेश गरेदेखि २०६५ श्रावण मसान्तसम्मको आम्दानी रु. ६३,७२,६४०।- मा खर्च रु. ५८,४४,१००।४७ कटाउँदा रु. ५,२८,५३९।५३ बचत हुन आउँछ । तसर्थ उपरोक्त खरिद भएको जग्गा, व्यवसायमा भएको लगानी र बैंकको मौज्दात एवं आयको अवस्थालाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सार्वजनिक जीवन निर्वाह गरेको देखिन नआएकोले प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९०. श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत तत्काल यातायात व्यवस्था कार्यालय इटहरी, कोशीमा मेकालिनकल सुपरभाइजर पदमा रही हाल यातायात व्यवस्था

कार्यालय लुम्बिनी बुटवलमा मेकानिकल इन्जिनियर पदमा कार्यरत रहेका मधुकुमार कारन्जितले पेश गरेको चल अचल सम्पत्ति गरी जम्मा रु. १७,८८,७५०।- मध्ये स्रोत खुलाउँदा रु. १५,३४,३१३।- को स्रोत खुल्ने प्रमाण पेश गर्न नसकेको भन्ने सम्पत्ति न्यायिक जाँचबुझ आयोगको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज मेकानिकल इन्जिनियर मधु कुमार कारन्जितले मिति २०४३ कार्तिक ९ देखि २०४६।७।३० सम्म फोहोरमैला व्यवस्था समितिमा मेकानिकल सव ओभरसियर पदमा कार्यरत रही मिति २०४६।८।११ मा यातायात व्यवस्था कार्यालय लुम्बिनीमा मेकानिकल सुपरभाइजर पदमा सेवा प्रवेश गरी विभिन्न कार्यालय हुँदै पुनः यातायात व्यवस्था कार्यालय लुम्बिनीको मेकानिकिल इन्जिनियर पदमा हाल कार्यरत रहँदै आएको देखिन्छ ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म आफ्नो पारिश्रमिकबाट तलब भत्ता बापत रु. ९,२४,०००।-, श्रीमतीको तलब भत्ताबाट रु. १४,१९९।-, घर वहालबाट रु. १२,२०,३८८।-, कर्मचारी संचय कोष सापटी लगायत बैंक कर्जासमेतबाट गरी रु. ७,६७,९००।-, व्यक्तिगत जग्गा दृष्टिबन्धकबाट कर्जा रु. १०,००,०००।-, एवं जग्गा बिक्रीबाट रु. ३४,५७,५००।- समेत गरी कुल जम्मा रु. ७३,८३,९८७।- आय आर्जन गरेको देखियो । सोही अनुसार निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात हालसम्म जग्गा खरिदमा रु. २२,५५,२५०।-, घर निर्माणमा रु. ३८,००,०००।- विभिन्न संस्थाहरूको शेयर खरिदमा रु. १३,५००।-, ऋण सापटी चुक्तामा रु. ४,००,०००।-, घर वहाल कर चुक्ता प्रयोजनमा रु. २,०२,६७६।- एवं हाल कायम रहेको बैंक मौज्दात रु. ५,९२,८१३।- समेत गरी जम्मा रु. ७२,६४,२३९।- खर्च गरेको देखिँदा निजको आयको तुलनामा व्यय कम नै रहेको देखियो ।

निजले आयोगमा पेश गरेको बैंक विवरण तथा यस आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निज तथा निजको एकाघरको परिवारको नाममा रहेको बैंक खाता विवरण अनुसार हालसम्म रु. ५,९२,८१३।- निजको बचत रहेको सम्पत्ति देखिएकोले सोही रकमलाई हालसम्मको मौज्दात रकम मान्नुपर्ने देखिन्छ ।

(ग) तसर्थ, निज मेकानिकल इन्जिनियर मधु कुमार कारंजितको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आएको देखिएकोले निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ मिति २०६६।९।९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सूचना तथा सञ्चार मन्त्रालयका उपसचिव अब्दुल रइस खाँले निज पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

उपसचिव अब्दुल रइस खाँको स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा उपस्थितिका लागि गोरखापत्रमा समेत प्रकाशित सूचना अनुसार उपस्थित नभई गैर हाजिरी रहे तापनि निजले पेश गरेको व्यक्तिगत विवरण तथा संकलन भएका कागजात समेत हेर्दा मिति २०५८।२।३ मा निजको श्रीमती निकहत जहाँको नाममा कपिलवस्तु जिल्ला कृष्णनगर गा.वि.स. को लगत नं ४/१ख को ०-०-१६ घर जग्गा रु. ३०,००,०००।- (तीस लाख) मा खरिद गरेको र निजले पेश गरेको व्यक्तिगत विवरणमा सो जग्गा घर कृषि, नोकरी, ऋण माइतीबाट आय र पछि जग्गा बिक्री गरी तिरेको भन्ने समेत व्यहोरा उल्लेख भएको देखियो । उक्त घर जग्गा तत्काल खरिद गर्दा तत्कालीन अवस्थामा स्रोत पुष्टि हुन नसके तापनि पछि २०५८, २०५९ सालमा जग्गाहरू बिक्री गरेको भन्ने संकलित राजीनामा कागजहरूबाट देखिएको हुँदा जग्गा बिक्री गरी प्राप्त आय समेतले स्रोतको पुष्टि हुने अवस्था देखिन्छ ।

अत: अनुसन्धान प्रतिवेदनको आय व्यय प्रवाह समेतबाट उपसचिव अब्दुल रइस खाँले सरकारी नोकरीमा वहाल रहँदाको अवस्थामा स्रोत पुष्टि नहुने सम्पत्ति आर्जन गरी अमिल्दो तथा अस्वाभाविक उच्च जीवनयापन गरेको तथा हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरेको भन्ने विद्यमानता नदेखिएकोले पछि कहीँ कतैबाट खुल्न आए उसै बखत कारबाही गर्ने गरी हाल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ मिति २०६६।९।९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९२. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा हाल मालपोत कार्यालय, फिदिम पाँचथरमा ना.सु. पदमा कार्यरत गोपाल प्रकाश ओझाले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज गोपाल प्रकाश ओझाले मिति २०४२।३।१० मा गा.वि.स. सचिव पदमा नियुक्ति भई हाल ना.सु. पदमा बढुवा भई मालपोत कार्यालय, फिदिम पाँचथरमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज गोपाल प्रकाश ओझाको आय व्यय विश्लेषण गर्दा आयतर्फ तलब भत्ता बापत रु. १०,२५,८९७।- कृषि आय बापत रु. १,४०,०००।- जग्गा बिक्रीबाट प्राप्त रु. १४,८०,५५८।- र कर्मचारी संचय कोषबाट लिएको सापटी रु. ९८,९००।- समेत रु. २७,४५,३५५।- आय प्राप्त गरेको देखिन्छ भने खर्चतर्फ घर जग्गा खरिदका लागि रु. १३,१८,०००।-, घर निर्माणका लागि रु. १५,५६,४९९।-, कर्मचारी संचय कोष फिर्ता रु. १,०१,१६१।- समेत रु.२९,७५,६६०।- र हाल बैंक मौज्दात रु. ८,९११।- समेतलाई व्यय मान्नुपर्ने हुँदा कुल व्यय रु.२९,८४,९७१।- देखिन आएको छ र निजको हालको बैंकमा रहेको रु. ८,९११।- मात्र मौज्दात रहेको मान्नुपर्ने देखियो ।

(ग) यसरी निजको समग्र आय रु.२७,४५,३५५।- र कुल व्यय रु.२९,८४,९७१।- देखिएको र निजले २०५८ सालमा घर निर्माण गर्दाको लागतमध्ये केही रकम र झापा अनारमनी वडा नं. ३ को कित्ता नं. ५९८५ को जग्गा खरिदको केही रकम अपुग भए तापनि निजको बयान मुताविक घर निर्माण गर्दा घरायसी

सापटी लिएको थिए भन्ने कुरालाई व्यवहारतः त्यस्तो हुन सक्ने भएकोले सो ऋण सापटी लिएको कुरा स्वीकार गर्न सकिने नै देखिएकोले निज गोपाल प्रकाश ओझाले आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको भन्ने देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९३. सम्पत्ति न्यायिक जाँचबुझ आयोगको २०५८ को प्रतिवेदन बमोजिम नापी विभाग अन्तर्गतका सर्वेक्षक लक्ष्मण विष्टले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित गरेको सम्पत्तिको स्रोतको सम्बन्धमा प्रारम्भिक अनुसन्धान गरी प्रस्तुत भएको प्रतिवेदन समेत अध्ययन गरी देहाय बमोजिम निर्णय गरियो ।

नापी विभाग अन्तर्गत नापी अधिकृत मिति २०२७।११।१७ मा अमिन रा.प.अनं (द्वितीय) पदमा नियुक्ति भई सर्वजनिक सेवामा प्रवेश गरी विभिन्न मितिमा पदोन्नति हुँदा निजको आय व्ययतर्फ हेर्दा निजको तलब भत्ता रु. १३,३८,९२०।- श्रीमतीको रु. ८७,१,१००।- जग्गा बिक्रीबाट रु. २४,८४,४९४।- संचय कोष सापटी रु. ४,१६,५९८।- बस भाडा बापत प्राप्त रु. १,१७,६००० ।- बस बिक्रीबाट रु.७०,०००।- कृषि आय रु. १,३१,४६०।- कुल रु. ६९,१९,५७२।- आय भएको देखिन्छ । यस अवधिमा निजले गरेको व्ययतर्फ हेर्दा जग्गा खरिद बिक्री रु. ३,२३,०००।- बस खरिद रु. १,२७,६०००।- घर निर्माण रु. २,०७४,०१६।- मोटर साइकल खरिद रु. १७,४००।- मौज्दात रु. ५५,०७६।- गरी कुल रु. ३९,०२,०९२।- खर्च भएको देखिन्छ । निजले आर्जन गरेको रु. ६९,१९,५७२।- मा निजले गरेको खर्च रु. ३९,०२,०९२।- कटाउँदा निजसँग रु. २८,८६,०२०।- मौज्दात रहन जाने भई उल्लेखित खर्चको स्रोत पुग्ने नै देखिन्छ । निजसँग बैंक मौज्दात रु. ५५,०७६।- रहेको देखिँदा यसैलाई नै आजसम्मको बचत मान्नुपर्ने देखियो ।

निजको आय व्ययलाई हेर्दा व्ययभन्दा आय नै बढी देखिएको साथै निजले स्रोत नखुलेको सम्पत्ति अर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको नदेखिएको हुँदा कुनै प्रमाण फेला परेमा कानून बमोजिम गर्ने गरी हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।१२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९४. यस आयोगमा परेको “पोखरा इन्जिनियरिङ अध्ययन संस्थान पश्चिमाञ्चल क्याम्पस लामाचौर पोखराका क्याम्पस प्रमुखले विभिन्न आर्थिक तथा पदीय अनियमितता गरेको सम्बन्धमा त्रिभुवन विश्वविद्यालयद्वारा छानबिन गरेको समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयन नभएको” भन्ने विषयको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

प्रस्तुत विषयका सम्बन्धमा त्रिभुवन विश्वविद्यालयको नियमानुसार आ.ले.प.र म.ले.प. बाट समेत रुजु ठहर गरिएको साथै मिति २०६४ फागुन २५ गते तत्कालीन क्याम्पस प्रमुख अभिमन्युलाल सिंह उपर त्रि.वि. डिनको कार्यालयमा बसेको बैठकले निजलाई

आर्थिक भ्रष्टाचारको कारबाही गर्न आधार नदेखिएको र संस्थागत एवं प्रक्रियागत त्रुटि हुन गएकोले त्रुटिहरू सम्बन्धित पक्षहरूले सच्याई तथा संलग्न पक्षबाट रकम असुल / फछ्यौंट गर्ने सिफारिसको व्यहोरा बमोजिम तत्सम्बन्धमा गठित उच्चस्तरीय समितिबाट छानबिन गरी आवश्यक निर्देशन समेत दिई सो को कार्यान्वयन समेत भइसकेको अवस्था देखिन आएकोले उपरोक्त उजुरी उपर थप अनुसन्धान एवं कारबाही गर्नुपर्ने देखिन आएन । अतः मिति २०६६।९।१३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम नारायणी सिंचाइ व्यवस्थापन डिभिजन कार्यालय पर्साका इन्जिनियर राजिनन्द प्रसाद चौधरीले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज राजिनन्द प्रसाद चौधरी २०४७।१।७ मा ओभर सियर पदबाट सरकारी सेवामा प्रवेश गरी विभिन्न मन्त्रालय मातहत कार्यरत रही २०६४ सालमा इन्जिनियर पदमा बढुवा भई नारायणी सिंचाइ व्यवस्थापन डिभिजन कार्यालय पर्सामा हालसम्म कार्यरत रहेको देखियो ।

(ख) निज राजिनन्द प्रसाद चौधरीको सरकारी नोकरी अवधिमा निजको हिस्सामा पर्ने खर्च रकमतर्फ जग्गा खरिदमा रु. ५४,८१६।-, मोटरसाइकल खरिदमा रु. ९०,०००।- शेयर खरिदमा रु. १,०००।- तथा बैंक र नगद मौज्दात रु. २,६३,५१२।- गरी कुल रु. ४,०९,३२८।- रहेको देखियो । निजसँग हाल अचल सम्पत्तितर्फ पैत्रिक समेत गरी बारा बघवनमा १ बिगाह ११ कट्ठा ३ धुर, पर्सा नौतनमा ३ कट्ठा ५ धुर र वीरगन्जमा १ घर रहेको देखियो ।

(ग) निजको सेवा अवधिको हालसम्मको तलबभत्ता रु. ११ लाख ३५ हजार ४५८, जग्गा बिक्रीबाट निजको हिस्साको रु. ४० हजार गरी कुल आय रु. ११ लाख ७५ हजार ४५८ रहेको देखियो । यसरी सरकारी सेवा अवधिमा निजको कुल आयबाट व्यय घटाउँदा रु. ७ लाख ६६ हजार १३० धनात्मक अवस्था देखियो ।

(घ) सेवा अवधिमा निजको समग्र आय, व्यय अवस्था हेर्दा धनात्मक रहेको देखिएको र चल तथा अचल सम्पत्तिको परिमाण हेर्दा निज चौधरीले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सामाजिक जीवन निर्वाह गरेको देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त हुन आएमा कानून बमोजिम गर्ने गरी प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।१३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९६. उच्चस्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदनको अनुसूची १५.१७ अनुसार जिल्ला विकास समिति सर्लाहीका तत्कालीन सभापति सूर्य नारायण यादवले इलाका सदस्य १० जनालाई पेश्की दिएको रु.२४,०००।- नियम विपरीत खर्च गरेकोले आवश्यक कारबाही हुनुपर्ने भनी उल्लेख गरे तापनि यस आयोगबाट अनुसन्धानको क्रममा संकलन हुन आएका कागजात, सम्बन्धित व्यक्तिले आयोग समक्ष गरेको बयान एवं जिल्ला विकास

समितिको कार्यालय सर्लाहीबाट प्राप्त हुन आएको लेखापरीक्षण प्रतिवेदन समेत अध्ययन गर्दा निज तत्कालीन सभापति सूर्य नारायण यादवले नगरपालिकाको निर्वाचनको अनुशिक्षण सभामा यातायात बापत १० वटा बसको लागि इन्धन खर्चका लागि रु. ५०,०००।- खर्च गरेको र खर्च सम्बन्धमा जि.वि.स.बोर्डको बैठकले निर्णय गरेको देखिएको । आयोगमा प्राप्त हुन आएको आ.व. २०६२।०६३ को लेखापरीक्षण प्रतिवेदनले समेत उक्त खर्चका सम्बन्धमा बेरुजु औंल्याएको अवस्था नदेखिएबाट उजुरीमा उल्लेख भए अनुसार गैरकानूनी कार्य गरेको भनि पुष्टि हुन आएन र नगरपालिकाको निर्वाचनको अनुशिक्षण सभामा खाजा खर्च बापत इलाका सदस्य १० जनालाई दिएको पेश्की रु. २४,०००।- को सम्बन्धमा जि.वि.स. कार्यालयको बोर्डको बैठकले निर्णय गरे बमोजिम खर्च गरेको देखिए तापनि आ.व. २०६२।०६३ को लेखापरीक्षण प्रतिवेदन पाना नं.३ को सि.नं.६ मा चालू खर्चतर्फ इलाका सदस्य १० जनाले लिएको पेश्की रु.२४,०००।- अविलम्ब फछ्यौंट हुनुपर्ने भनी औंल्याएको हुँदा बेरुजु फछ्यौंटसम्बन्धी व्यवस्था स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को परिच्छेद ८ को नियम ११५, ११६, ११७ र ११९ समेत आकर्षित हुने देखिएकोले सोही अनुसार गरी ३ महिनाभित्र कारबाही गरी जानकारी आयोगलाई दिन जि.वि.स. कार्यालय सर्लाहीलाई लेखी पठाउने र हाललाई प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।९।१३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन साथ आयोगमा प्राप्त यातायात व्यवस्था विभाग अन्तर्गत कार्यालयमा कार्यरत तत्कालीन मेकानिकल सुपरभाइजर हाल मेकानिकल इन्जिनियर बिलबहादुर भुजेलले आर्जन गरेको सम्पत्तिको स्रोत नखुलेको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

निज बिल बहादुर भुजेल २०४४ सालमा सि.मे. पदमा सेवा प्रवेश गरी हाल यातायात व्यवस्था कार्यालय बागमतीमा मे.इ.पदमा कार्यरत रहेको र निजले आफ्नो अंशमा परेको पैतृक जग्गासमेत बिक्री गरी र सवारी साधन खरिद गरी बिक्री गर्दा समेत आम्दानी गरेको देखिन आयो । निजले का.म.न.पा. वडा नं. २९ मा मिति २०६४।१२।२१ मा रु. ७,६०,०००।- मा जग्गा खरिद गरी घर निर्माण गरेको देखिन आयो । घर निर्माण गर्दा र बस खरिद गर्दा ऋण सापटी लिई गरेको हुँदा आ.व. ०५४।५५ र ०५५।५६ मा आम्दानी भन्दा बढी खर्च देखिन आएको भनी निजले बयानमा उल्लेख गरेको पाइयो र ऋणात्मक रकम बसहरू बिक्री गरेपछि पूर्ति भएको देखिन आयो । साथै निजको समग्रमा आय रु. ६७,०६,५७३।-, व्यय रु. ५९,४५,८७७।- भई रु. ७,६०,६९६।- धनात्मक अवस्था देखिन आएको र निजले अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको नदेखिँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।९।१३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम महालेखा नियन्त्रक कार्यालयको लेखा अधिकृत पदमा कार्यत इन्द्रबहादुर थापाले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोतको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजमि निर्णय गरियो ।

क) निज इन्द्रबहादुर थापा मिति २०३८।३।२८ मा कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङको लेखापाल पदमा सेवा प्रवेश गरी सार्वजनिक पद धारण गरेको देखिन्छ । तत्पश्चात मिति २०३९।१२।२१ मा लेखा अधिकृत पदमा बढुवा भई महालेखा नियन्त्रक कार्यालय अन्तर्गत विभिन्न कार्यालयहरूमा कार्यरत रही मिति २०६६।३।७ बाट स्वेच्छिक अवकाश लिएको देखिन्छ ।

ख) निज इन्द्रबहादुर थापाको पिता पूर्णबहादुर थापा, आमा नृपकुमारी थापा, भाइहरू नरेन्द्रबहादुर थापा, सुदर्शन थापा र कृष्णकुमार थापा गरी ६ अंशियार भए पनि निजहरूका बीच कानूनी रूपमा अंशबण्डा नभएको र निज इन्द्रबहादुर थापाले आयोग समक्ष बयान गर्दा पैत्रिक सम्पत्तिबाट आफूले कुनै सम्पत्ति नलिएको बाबु पूर्णबहादुर थापाको २०६० सालमा मृत्यु भइसकेको र भाइहरू तथा आमा विराटनगरमा बसोबास गरी आएको भनी उल्लेख गरेको देखिन्छ ।

ग) निज इन्द्रबहादुर थापाको समग्र आय-व्ययलाई हेर्दा निजको व्ययतर्फ घरजग्गा खरिद निर्माणमा रु. ३९८७६७८।-, सवारी साधनमा रु. १२,९२,०००।-, फाइनान्सियल एण्ड एलाएड कन्सल्टेशनमा शेयर लगानी रु. ३१,०००।-, बैंक तथा वित्तीय संस्थालाई साँवाब्याज तिरेको रु. ३,२६,४१,२५०।८५, रुपेश फर्मामा लगानी रु. १०,००,००।-, शेयर खरिद रु. ३,०४,२८,४१९।८५, छोराछोरीको विदेश अध्ययन खर्च रु. १२,८५,३१५।-, क.सं.कोषको कर्जा तिरेको रु.७,३५,०००।-, बैंक ब्यालेन्स रु. १९,६,३३४।८७ समेत गरी कुल व्यय रु.७०,६९,६,९९८।५७ देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलबभत्ता रु. २२,०४,०८६।-, रुपेश फर्माबाट आय रु. १५,५५,०००।-, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण रु. ४,६६,८५,८४८।८७, एनआईडिसी क्यापिटल मार्केट्सबाट प्राप्त भत्ता रु. ३,३०,०००।-, घर बहालबाट रु. १०,४१,९३०।-, विभिन्न कम्पनीहरूबाट लाभांश प्राप्त रु. १,९२,५,०३६।५०, घर जग्गा बिक्रीबाट आय रु. ७६,००,०००।-, शेयर बिक्रीबाट प्राप्त रु. १,६१,६८,०३३।९७, फाइनान्सियल एण्ड एलाएड कन्सल्टेशनबाट प्राप्त रु. १८,७१,४६५।५६, विदेश भ्रमणबाट आय रु. १,५७,४५५।-, क.सं.कोषबाट कर्जा रु. ९,५६,६६०।- समेत गरी कुल रु. ८,०४,९५,५१५।९० आय देखिँदा निजको व्ययभन्दा आय धनात्मक देखिन्छ ।

यसरी निजको समग्र आय-व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि थप कुनै प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।९।१३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

९९. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत लेखापाल पदमा कार्यरत देवीप्रसाद गौतमले सार्वजनिक सेवामा

प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोतको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

क) निज देवीप्रसाद गौतमले कोलखोप प्रा.वि. ठिंगेन मकवानपुरको प्रा.वि. शिक्षकमा मिति २०४९।९।२२ मा सेवा प्रवेश गरी सार्वजनिक पदधारण गरेको देखिन्छ । मिति २०४६।१०।१६ मा मुखिया तथा मिति २०४९।३।१५ बाट महालेखा नियन्त्रक कार्यालयको लेखापाल पदमा नियुक्त भई मिति २०६३।७।१५ मा लेखा अधिकृत पदमा बढुवा भई हालसम्म कार्यरत रहेको देखिन्छ ।

ख) निज देवीप्रसाद गौतमका पिता खड्ग प्रसाद गौतम, माता कृष्णकुमारी गौतमबाट एक छोरा निज देवीप्रसाद गौतमको मात्र जयजन्म भएकाले अंशबण्डा गर्नुपर्ने अवस्था नभएको र हाल निज सगोलमा नै रहेबसेको देखिन्छ । निजको पैत्रिक सम्पत्तिका सम्बन्धमा हेर्दा मकवानपुर पदमपोखरी ८ को कित्ता नं. ५०१ को ०-०-१-० क्षेत्रफल जग्गामा बनेको एउटा घर (पछि भत्काएर लगेको) हाल कायम नरहेको । मकवानपुर जिल्ला हेटौंडा नगरपालिका वडा नं. ४ को कित्ता नं. ४६८० को ०-०-१०-० क्षेत्रफलको जग्गामा रु. १५०,०००।- को लागतमा बनेको घर एक, निजको पिता खड्ग प्रसादको नाममा मकवानपुर हटिया १ को कित्ता नं. १९ को ०-२-१०-० र कित्ता नं. १७ को ०-१२-०-० क्षेत्रफलको जग्गा र आमा कृष्ण कुमारीको नाममा रहेको पदमपोखरी ८ को कित्ता नं. ५०१ को ०-१९-८-० क्षेत्रफलको जग्गा रहेको देखिन्छ ।

ग) निज देवीप्रसाद गौतमको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ घर निर्माणमा रु.१,३५,०००००।-, जग्गा खरिदमा रु. १६,६५,५००।-, सवारी साधन खरिदमा रु. १,३०,४११४।-, ऋण फिर्तामा रु. ७,८७,५१२।-, छोराछोरीको पढाई खर्च रु. ४,००,०००।-, ट्रक सञ्चालन खर्च रु. १३,५०,०९३।-, नगद मौज्दात रु. ७०,०००।-, बैंक मौज्दात रु. ९८,४१६।- समेत गरी कुल व्यय रु. ७०,३२,६३५।- देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलबभत्ता बापत प्राप्त रु. १,९१,१३९९।-, बैंक तथा वित्तीय संस्थाबाट ऋण स्वरूप प्राप्त रु. २०,६७,६००।-, लेखापरीक्षण गरेबापत प्राप्त रु. ३७,१२००।-, औषधि उपचार बापत प्राप्त रु. ४,६७४।-, घर जग्गा बिक्रीबाट प्राप्त रु.४०,८७,०००।-, ट्रकको आम्दानी बापतको रु. १५,६०,०००।-, सवारी साधन बिक्रीबाट प्राप्त रु. ८,००,०००।- समेत गरी कुल रु. १,०८,०१,८७३।- आय देखिँदा निजको व्ययभन्दा आय धनात्मक देखिन्छ ।

यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप नयाँ प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।०९।१४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१००. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सडक विभाग अन्तर्गत ओभरसियर पदमा कार्यत कमलेश कुमार कर्णले सार्वजनिक सेवामा प्रवेश गरेपछि

आर्जन गरेको सम्पत्तिको स्रोतको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज कमलेश कुमार कर्णले मिति २०३८।४।४ देखि २०३९।८।१६ सम्म सहरी विकास शाखामा १६ महिना अस्थायी रूपमा स.ओ.सि.को हैसियतले कार्य गरी मिति २०३९।१०।१४ मा सिन्धुली सडक आयोजनाको ओ.सि.पदमा नियुक्त भई सार्वजनिक पद धारण गरेको देखिन्छ । तत्पश्चात मिति २०६३।७।२७ मा रा.प.तृतीय श्रेणीको इन्जिनियर पदमा बढुवा भई हाल सोही पदमा सडक विभागमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज कमलेश कुमार कर्णको पिता सुरेशलाल कर्ण, माता जयमिला देवी, भाइहरू अमलेश कुमार कर्ण, विमलेश कुमार कर्ण तथा मिथिलेश कुमार कर्ण समेत ६ अंशियार भए पनि आमाले बाबुको अंशभागबाटै खाने र अन्य छोराहरूले आ-आफूले आर्जन गरेको आ-आफूले राख्ने र बाबु सुरेशलाल कर्णले पैतृक रूपमा पाएको महोत्तरी जिल्ला भटौलिया ६ को कित्ता नं. ३३, २५ र २९ को गरी ०-१७-०-० क्षेत्रफलको जग्गामध्ये बराबरका हिसाबले बण्डा गर्ने गरी २०५० सालमा जलेश्वर मालपोतबाट बण्डापत्र पास भएको देखिन्छ । अंशबण्डा भएपश्चात् पनि निजका पिता तथा माता निजसँगै सगोलमा हालसम्म पनि रहेबसेको देखिन्छ ।

(ग) निज कमलेशकुमार कर्णको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ घर निर्माणमा रु. ३३,११,०००।-, जग्गा खरिदमा रु. ५५,६,५००।-, शेयर खरिदमा रु. २,०००।- सवारी साधन खरिदमा रु. २०,०००।-, ऋण फिर्तामा रु. ५७,२२,८८७।-, छोराछोरी विदेश पठाउँदा लागेको खर्च रु. ६,६०,०००।-, बैंक मौज्दात रु. २३,०००।-, समेत गरी कुल व्यय रु. १।०२,९५,३८७।- देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलबभत्ता बापत रु. २७२३७६९।-, बैंक तथा वित्तीय संस्थाबाट ऋण स्वरूप प्राप्त रु. ६९,९३,४३०।-, दाइजो पेवा बापत प्राप्त रु. २,५१,०००।-, औषधि उपचार बापत प्राप्त रु. ३७,०००।-, घरजग्गा बिक्रीबाट प्राप्त रु. ३४,७७,०००।-, सवारी साधन बिक्री बापत प्राप्त रु. १०,०००।- समेत गरी कुल रु.१,३४,९२,१९९।- आय आर्जन गरेको देखिँदा निजको व्ययभन्दा आय धनात्मक देखिन्छ ।

यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप नयाँ प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।१४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१०१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन बमोजिम सडक विभाग अन्तर्गतको तत्कालीन ओभरसियर हाल इन्जिनियर पदमा कार्यरत भोजराज भट्टले आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज भोजराज भट्ट २०४४।६।११ मा सडक विभाग अन्तर्गत अस्थाई ओभरसियर पदबाट सरकारी सेवामा प्रवेश गरी २०६४ सालदेखि इन्जिनियर पदमा बढुवा भई सोही विभाग मातहत हालसम्म कार्यरत रहेको देखियो ।

(ख) निज भोजराज भट्टको सरकारी सेवा अवधिमा खर्च रकमतर्फ जग्गा खरिदमा रु. ४,२५,४२०।-, सवारी साधन खरिदतर्फ रु. २,२२,०००।-, शेयर खरिदतर्फ रु. १,६३,९००।-, नगद मौज्दाततर्फ रु. ७,०००।- रहेको देखियो । निजसँग हाल अचल सम्पत्तितर्फ पैतृक सम्पत्ति निजले अंशबण्डा गरी बुझिलिई नसकेको र स्वआर्जनतर्फ कञ्चनपुरको महेन्द्रनगर वडा नं. ४ मा ०-१.५० कट्ठा र काठमाडौंको कपन गा.वि.स. वडा नं. ३ मा ०-६-२-२ जग्गा र सो जग्गामा घर निर्माण गरेको देखियो ।

(ग) निजको सेवा अवधिको तलब भत्ता रु. २४,६१,०५३।-, जग्गा बिक्रीबाट रु. १,०००।-, संचय कोष सापटी रु. ८७,२००।- र शेयर बिक्रीबाट रु. २४००।- गरी कुल आय रु. २५,५१,६५३।- रहेको देखियो । सरकारी सेवा अवधिमा निजको आयबाट व्यय घटाउँदा रु. ६,७६,८५५।- धनात्मक अवस्था देखियो ।

(घ) सेवा अवधिमा निजको समग्र आय व्यय अवस्था हेर्दा धनात्मक रहेको देखिएको र चल तथा अचल सम्पत्तिको परिमाण निज भट्टले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सामाजिक जीवन निर्वाह गरेको देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त हुन आएमा कानून बमोजिम गर्ने गरी प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम आयोगको मिति २०६६।९।१६ मा भएको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१०२. सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन बमोजिम जिल्ला भू-संरक्षण कार्यालय सप्तरीका भू-संरक्षण सहायक यज्ञबहादुर कार्कीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज यज्ञबहादुर कार्की मिति २०४६।४।३१ फेवाताल संरक्षण आयोजनामा रेन्जर पदबाट सार्वजनिक पदमा प्रवेश गरी हाल जिल्ला भू-संरक्षण कार्यालय सप्तरीमा भू-संरक्षण सहायक पदमा कार्यरत रहेको देखियो ।

(ख) सार्वजनिक सेवामा प्रवेश गरेपछि निजले गरेको खर्चतर्फ निज यज्ञबहादुर कार्की एवं निजको परिवारका नाममा सप्तरी जिल्लामा जग्गा खरिद रु. १०,७९,५००।-, बैंकमा रु.४,०००।- मौज्दात रहेको देखियो ।

(ग) निज यज्ञबहादुर कार्कीको आयतर्फ हेर्दा निजको तलब भत्ता रु. ११,४३,२२८।-, जग्गा बिक्रीबाट प्राप्त आय रु. ७,६६,०००।-, विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण सापटी रु. ३,९०,०००।- गरी जम्मा रु. २२,९,२२८।- आय प्राप्त भएको देखिन आएको छ ।

(घ) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप कुनै सम्पत्ति वा प्रमाण प्राप्त भएका बखत कानून बमोजिम हुने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।१६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१०३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम हाल आन्तरिक राजस्व विभाग अन्तर्गत आन्तरिक राजस्व कार्यालय, कपिलवस्तुमा कार्यरत ना.सु.केशवप्रसाद घिमिरेले सार्वजनिक पदमा बहाल रहँदा आर्जन गरेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज केशवप्रसाद घिमिरे मिति २०३४ पौष महिनादेखि स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा खरिदार पदमा प्रवेश गरी हाल आन्तरिक राजस्व कार्यालय कपिलवस्तुको ना.सु.पदमा कार्यरत रहेको देखिन्छ । निजको परिवारमा आफू, श्रीमती, छोरा- १, छोरी-२ समेत गरी ५ जनाको परिवार रहेको देखिन्छ ।

(ख) निजको आय व्ययतर्फ हेर्दा निजको तलब भत्ता रु. ९,४६,३४१।-, घरजग्गा बिक्रीबाट रु. ७,२६,०००।-, घरबहालबाट रु. ३,१५,७१२।-, कमिसन बापत रु. १,६७,२८५।- समेत गरी कुल रु. २१,५५,३३८।- आय आर्जन गरेको देखिन्छ ।

यस अवधिमा निजले गरेको व्ययतर्फ हेर्दा जग्गा खरिद रु. ५५,९३६।-, घर निर्माण रु. १०,३९,५००।-, मोटर साइकल खरिद रु. १,०९,०००।- घरबहाल कर रु.४७,३५७।- गरी कुल रु. १२,५७,१९३।- खर्च भएको देखिन्छ । यसरी निजले आर्जन गरेको रु. २१,५५,३३८।- मा निजले गरेको खर्च रु. १२,५७,१९३।- कटाउँदा निजसँग रु. ८,९८,१४५।- मौज्दात रहन जाने भई उल्लेखित खर्चको स्रोत पुग्ने नै देखिन्छ ।

(ग) निजको आय-व्ययको समग्र अवस्थालाई हेर्दा व्ययभन्दा आय नै बढी देखिएको साथै निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको देखिन नआएको अवस्थामा पछि कुनै नयाँ प्रमाण फेला परेमा कानून बमोजिम गर्ने गरी हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।१६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१०४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन बमोजिम नापी विभागका ना.सु. पुरुषोत्तम थपलियाले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) ना.सु. पुरुषोत्तम थपलियाले जिल्ला प्रशासन कार्यालय, नुवाकोटको मुखिया पदमा मिति २०४४।१२।१ मा सेवा प्रवेश गरी २०४७।८।२८ मा खरिदार र मिति

२०५९।९।११ मा नापी विभागको ना.सु. पदमा बढुवा भई हालसम्म कार्यरत रहेको देखिन्छ ।

(ख) निजको पैतृक सम्पत्तिको हकमा काठमाडौं मनमैजुमा ०-४-२-० जग्गामा बनेको एउटा घर रहेको देखिन्छ ।

(ग) निजको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ घर निर्माणमा रु. ६,००,०००।-, जग्गा खरिदमा रु. ९९,०००।-, छोराछोरीको पढाइ खर्च रु. ४,००,०००।-, बैंक मौज्दात रु. ६,७५,३०८।- समेत गरी कुल व्यय रु. १७,७४,३०८।- देखिन्छ भने समग्र आयतर्फ हेर्दा तलब भत्ता बापत प्राप्त रु. ७,८०,५४५।-, जग्गा बिक्रीबाट रु. ६,३७,७००।-, शेयर बिक्रीबाट रु. ९,८८,१५०।-, बीमा कम्पनीबाट प्राप्त कमिसन रु. ११,३१,२८४।- समेत गरी कुल रु. ३५,३७,६७९।- आय देखिँदा निजको व्ययभन्दा आय धनात्मक देखिन्छ ।

यसरी निजको समग्र आय व्यय अवस्था हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि थप नयाँ प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।१७ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१०५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम नेपाल विद्युत प्राधिकरणका सहनिर्देशक राजेश्वरमान सुल्प्याले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोतको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. २ चिकंमुग बाखेछे पैतृक घर भई का.म.न.पा.वडा नं. १४ बल्खु घर भई हाल ललितपुर उपमहानगरपालिका वडा नं. २ सानेपा बसोबास गर्ने राजेश्वरमान सुल्प्याले मिति २०३७।१२।२३ मा तत्कालीन विद्युत विभागको असिस्टेन्ट इन्जिनियर पदमा अस्थायी सेवा प्रवेश गरी सार्वजनिक पद धारण गरेको देखिन्छ तत्पश्चात् २०३८ सालमा सोही पदमा स्थायी नियुक्त भई २०४२ सालमा इन्जिनियर पदमा बढुवा, २०४५ सालमा विद्युत प्राधिकरणको सहायक निर्देशक ८ औं तह, २०५४ सालमा उप-निर्देशक ९ औं तह, २०६१ सालमा सह निर्देशक १० औं तह तथा २०६५ सालमा निर्देशक ११ औं तहमा बढुवा भई हालसम्म नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहेको देखिन्छ ।

(ख) राजेश्वरमान सुल्प्याका पिता चन्देश्वरमान सुल्प्या माता शारदा सुल्प्या भाइहरू कायेश्वरमान सुल्प्या, विश्वेश्वरमान सुल्प्या र रामेश्वरमान सुल्प्या गरी ६ अंशियार रहेको देखिन्छ । यी ६ अंशियारबीच मिति २०५९।५।२७ मा मालपोत कार्यालय, कलंकीबाट बण्डापत्र पास भएको देखिन्छ । बण्डा पत्रानुसार निज राजेश्वरमान सुल्प्याले अंश बापत रु. १०,००,०००।- नगद लिई अंश छोडपत्र गरेको देखिन्छ ।

(ग) निज राजेश्वरमान सुल्प्याको समग्र आय व्ययलाई हेर्दा व्ययतर्फ घर जग्गा खरिदमा रु. ३२,९४,९२५।-, गाडी खरिदमा रु. ४,००,०००।-, शेयर खरिदमा रु. ४०,५८,९४८।-, बैंक मौज्दात रु. ५७,४३,०००।- र नगद मौज्दातमा रु. ४,५०,०००।- गरी जम्मा रु. १,३९,४६,८७३।- खर्च गरेको देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलब बापत रु. ६५,२५,०६९।-, विदेश भ्रमणबाट आय रु. ८,२९,६६४।-, कन्सल्टेन्सीमा काम गर्दाको पारिश्रमिक रु. ४,६०,५००।-, घर भाडा रु. १०,६०,०००।-, संचय कोष ऋण रु. २८,८९०।-, शेयर बिक्री रु. ३९,८८,४४६।-, शेयर मुनाफा रु. ३,२२,८०७।-, बैंक ब्याज बापत प्राप्त रु. ३५,२६,१३०।-, अंशबण्डाबाट प्राप्त रु. १०,००,०००।-, गाडी बिक्रीबाट प्राप्त रु. ६,००,०००।- गरी जम्मा रु. १,८३,४१,५०६।- प्राप्त गरेको देखिँदा निजको व्ययभन्दा आय धनात्मक देखिन्छ ।

यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि थप नयाँ प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ३५ बमोजिम मिति २०६६।९।१७ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१०६. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय रोल्पाका लेखापाल खिमबहादुर डाँगीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज खिमबहादुर डाँगी मिति २०४०।१२।१ मा जिल्ला सहकारी कार्यालय दाङको सहलेखापाल पदबाट सार्वजनिक सेवामा प्रवेश गरी विभिन्न निकायमा सरुवा तथा २०५५ असोजमा लेखापाल पदमा बढुवा हुँदै हाल शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय रोल्पाका लेखापाल पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निजले सार्वजनिक पद धारण गरेपश्चात् आर्जन गरेको चल अचल सम्पत्ति हेर्दा जग्गा खरिदमा रु. २,०१,०००।- गाडी खरिदमा ४ भागको १ भागले हिसाब गर्दा निजको भागमा रु. १,६२,५००।-, बैंक मौज्दात रु. ४०,०००।- समेत गरी जम्मा रु. ४,०३,५००।- व्यय भएको देखिन्छ । निजको आयतर्फ हेर्दा निजले तलब भत्ता बापत रु. ८,४८,२८०।-, कर्मचारी संचय कोषको ऋण रु. १,८९,०००।- समेत गरी जम्मा रु. १०,३७,२८०।- आर्जन गरेको देखिँदा निजको आयमा उक्त खर्च कटाउँदा निजसँग रु. ६,३३,७८०।- मौज्दात रहन जाने भै निजको व्ययभन्दा आय धनात्मक देखिन्छ ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकाले पछि नयाँ कुनै सम्पत्ति वा प्रमाण प्राप्त भएका बखत कानून बमोजिम हुने गरी

हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।१०।७ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१०७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा हाल मध्यपश्चिमाञ्चल सिंचाइ विभाग डिभिजन नं. ८, नुवाकोटमा कार्यरत इन्जिनियर जीवनलाल श्रेष्ठले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज जीवनलाल श्रेष्ठले एन.सि.सि.एन. काठमाडौंमा मिति २०३६।८।५ देखि सार्वजनिक सेवामा अस्थाई ओ.सी. पदमा प्रवेश गरी मिति २०३८।१।२ देखि सिंचाइ विभागमा स्थायी ओ.सी. पदमा कार्यरत रहेको देखिन्छ भने हाल २०६४।१२।५ देखि इन्जिनियर पदमा बढुवा भै निज सिंचाइ विभाग अन्तर्गत कार्यरत रहेको देखिन्छ ।

(ख) निज जीवनलाल श्रेष्ठले सार्वजनिक सेवा प्रवेश गरेपछि निजको समग्र आय व्ययको विश्लेषण गर्दा आयतर्फ निजको तलब भत्ता रु. १२,९९,३०३।- घर बहाल रु. ३०,०१७।- कृषि तथा नर्सरी आय रु. २,५०,०००।-, जग्गा बिक्रीबाट रु.६७,९९,५००।- रायसल्लाहबाट रु. २,५०,०००।- गरी जम्मा रु.८६,२८,८२०।- आय रहेको देखिन्छ भने व्ययतर्फ घर निर्माणमा रु.२५,००,८९६।- घर जग्गा खरिदमा रु. १९,१०,१२५।- शेयरमा रु. ३६४००।-, सवारी साधनमा रु. ९५,४८०।-, स्कुलमा लगानी रु. १,१४,२८६।-, व्यवसायमा लगानी रु. ३१,२००।-, बैंक मौज्दात रु. ३,९९,४७३।- समेत जम्मा व्यय रु. ५०,८७,८६०।- रहेको देखिन्छ ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा व्ययभन्दा आय अधिक देखिएको हुँदा निज जीवनलाल श्रेष्ठले आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको भन्ने देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।१०।१० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१०८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम भरतकुमार श्रेष्ठले निज पदमा बहाल रहँदा आर्जन गरको घोषित चल अचल सम्पत्ति रु. १८,८४,५७५।- मध्ये रु.१५,८३,७०२।- बराबरको स्रोत पुष्टि नभएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज भरतकुमार श्रेष्ठले मिति २०३९।११।३ देखि कोष तथा लेखा नियन्त्रक कार्यालय रामेछापको सहलेखापाल पदमा सेवा प्रवेश गरी मिति २०४५।९।७ मा लेखापाल पदमा र मिति २०६४।११।२४ मा शाखा अधिकृत पदमा बढुवा भई अर्थ मन्त्रालय अन्तर्गत विभिन्न कार्यालयहरूमा कार्यरत रही हाल आन्तरिक राजस्व कार्यालय धरानमा कार्यरत रहँदै आएको देखिन्छ ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म आफ्नो पारिश्रमिकबाट रु.९,६६,७२८।- बैंक तथा वित्तीय संस्था तथा कर्मचारी संचय कोष समेतबाट प्राप्त ऋण/सापटी रु. ९४,९००।-, कृषिबाट प्राप्त आय रु. २,९३,८३७।-,जग्गा बिक्रीबाट प्राप्त आय रु. १९,२०,१००।-, एवम् छोरीको तलब भत्ता रु. ३,३२,५१२।- समेत गरी कुल जम्मा आम्दानी रु. ३६,०८,०७७।- आय आर्जन गरेको देखियो । निजको व्ययतर्फ हेर्दा निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म घर निर्माणमा रु. ६,१६,४७५।-, जग्गा खरिदमा रु. १३,९३,२००।-, इलेक्ट्रोनिक सामान खरिदमा रु. ७१,०००।-, मोटरसाइकल खरिदमा रु. ८५,०००।- समेत गरी जम्मा रु. ३०,२२,७१७।- खर्च गरेको देखिँदा निजको व्ययभन्दा आय धनात्मक रहेको देखिन्छ । निजले अनुसन्धानको क्रममा यस आयोग समक्ष पेश गरेको प्रमाणबाट निज तथा निजकी श्रीमतीको बैंक खाता विवरण अनुसार हाल रु. ८,५५,५४२।- मौज्दात रकम लगायत सुन १२ तोला र चाँदी ४० तोला मात्र आ.व.०६५।६६ सम्म निजको बचत रहेको सम्पत्ति देखिएकाले सोही रकमलाई हालसम्मको मौज्दात रकम मान्नुपर्ने देखिन्छ ।

(ग) निज भरतकुमार श्रेष्ठको घोषित स्वआर्जित चल, अचल सम्पत्ति विवरण रु. १८,८४,५७५।- मध्ये रु. १५,८३,७०२।- बराबरको स्रोत प्रमाणित हुन नसकेको एवं निजको तलब भत्ता बाहेक अन्य स्रोतको पुष्ट्याइ भएको नदेखिएको भन्ने सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेख भए तापनि अनुसन्धानको सिलसिलमा तलब बाहेक निजको जग्गा बिक्री, कृषि आय, कर्मचारी संचय कोषबाट प्राप्त ऋण सापटी लगायतको आयका स्रोतहरू देखिन आएको र निजको आय एवं व्ययको विश्लेषण गरी हेर्दा खर्चको स्रोत पुष्ट्याइ हुने देखिन्छ । तसर्थ, निज भरतकुमार श्रेष्ठको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।१०।११ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१०९. आयोगमा परेको निवेदन द.नं. २०१, मिति २०६५।४।२६ र निवेदन द.नं. १४९९ मिति २०६५।९।२७ गते समेतको स्वास्थ्य सेवा विभागले विभिन्न स्वास्थ्य कार्यालयहरूमा कार्यरत कर्मचारी (अ.हे.व./को.चे.अ.) हरूको स्तरवृद्धि गर्दा अनियमित तरिकाले स्तरवृद्धि गरिएको भन्ने समेत व्यहोराका उजुरी निवेदनहरूका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) उजुरी निवेदनहरूमा अनियमित किसिमबाट स्तरवृद्धि गरियो भनिएका व्यक्तिहरू मध्ये अ.हे.व.धर्मनिधि घिमिरेको हालसम्ममा छैठौं तहमा तह मिलान नभएको भनी स्वास्थ्य सेवा विभागको प.सं.०६५/६६ च.नं.९७६ मिति २०६५।८।८ गतेको पत्रबाट जवाफ प्राप्त हुन आएको देखिएकोले निज सहायक पाँचौं

तहबाट अधिकृत छैठौं तहमा हालसम्म स्तरवृद्धि भएको नदेखिएकोले निजको हकमा केही गरिरहनु परेन ।

(ख) उजुरी निवेदनहरूमा उल्लेखित व्यक्तिहरूमध्ये अ.हे.व. ललितकुमार यादव, अ.हे.व. टुकमणि सिग्देल, अ.हे.व.कृष्णराज घिमिरे, को.चे.अ. चन्द्रप्रसाद तिमिल्सिना, अ.हे.व. मोतीलाल वि.क., अ.हे.व.विष्णुप्रसाद चापागाईं, अ.हे.व.यामप्रसाद शर्मा र को.चे.अ. नवराज विष्ट समेतको सहायक पाँचौं तहबाट अधिकृत छैठौं तहमा स्तरवृद्धि गर्दा स्वास्थ्य सेवा विभागबाट केही प्रक्रियागत त्रुटिहरू र असावधानी देखिए तापनि सो स्तरवृद्धिबाट कोही कसैलाई हानी नोक्सानी पुगेको नदेखिएको र निजहरू स्वास्थ्य सेवा विभागको विभिन्न मितिको निर्णयले अधिकृत छैठौं तहमा स्तरवृद्धि भई हाल आ-आफ्नो कार्य क्षेत्रमा अधिकृत छैठौं तहकै हैसियतमा कार्यरत रहँदै आएको अवस्था देखिएको र सम्मानित सर्वोच्च अदालतको मिति २०६६ आषाढ १२ गतेको आदेशले समेत अ.हे.व. यामप्रसाद शर्मा समेतका निवेदकहरूको हकमा निवेदकहरूले माग गरे बमोजिम अधिकृत छैठौं तहको पदनाम दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरी दिएको देखिएकोले निजहरूको हकमा केही गरिरहनु परेन ।

(ग) अ.हे.व. यामप्रसाद शर्माले विभागीय स्वीकृति बिना नै हिमालय उच्च मा.वि. खुर्कोट पर्वतमा अध्यापन गराउँदै आएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा बुभ्दा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराको च.नं.२६४८ मिति २०६६।३।३० को पत्रद्वारा निजलाई कार्यालय समयमा काम कारबाहीमा बाधा नपर्ने गरी प्रातःकालीन समयमा अध्यापनको लागि विभागीय सहमति दिइएको देखिएकोले सो विषयमा समेत केही गरी रहनुपरेन ।

(घ) स्वास्थ्य सेवा विभागले उजुरी निवेदनहरूमा उल्लेखित व्यक्तिहरूको अधिकृत छैठौं तहमा स्तरवृद्धि गर्दा केही प्रक्रियागत त्रुटिहरू देखिएको र कार्य सम्पादनमा पर्याप्त सावधानी अपनाइएको नदेखिएकोले अब उप्रान्त त्यस्ता प्रकारका असावधानी र त्रुटिहरू दोहोरिन नपाउने गरी कुनै पनि प्रकारका कार्यहरू गर्दा विभागीय नीति नियम र निर्देशिकाहरू एवं प्रचलित ऐन कानूनहरू समेतको विपरीत नहुने गरी कार्य सम्पन्न गर्ने गराउनेतर्फ आवश्यक व्यवस्था मिलाउने भनी सम्बन्धित स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा विभाग समेतलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २८ को उपदफा (ख) बमोजिम लेखी पठाउने र पछि कहीँ कतैबाट थप कुरा खुल्न आएमा कानून बमोजिम हुने गरी प्रस्तुत अनुसन्धान तहकिकातको कारबाही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखी दिने गरी मिति २०६६।१०।१२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

११०. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम जिल्ला शिक्षा कार्यालय इलामका लेखापाल यादव अधिकारीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज यादव अधिकारी मिति २०३५।१२।५ देखि प्रा.वि. शिक्षक पदमा अस्थायी नियुक्ति भई २०४१।७।३० सम्म कार्यरत रहेको र मिति २०४१।८।१ देखि नेपाल सरकारको मुखिया पदमा नियुक्त भई हाल लेखापाल पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज यादव अधिकारीको समग्र आयव्ययलाई हेर्दा निजले सार्वजनिक सेवामा प्रवेश गरेपछि निजको व्ययतर्फ जग्गा खरिद रु. १,४८,०००।-, शेयर खरिद रु. ३४,०००।-, सवारी साधन खरिद रु. ४,५०,०००।- विभिन्न बैंकमा रहेको मौज्दात रु. १,१८,७८१।- गरी जम्मा ७,५०,७५१।- देखिन्छ भने आयतर्फ तलब भत्ता रु. १०,७४,४२५।-, ऋण सापटी रु. १,८३,२०६।-, जग्गा बिक्रीबाट रु. १,००,०००।-, सवारी साधन बिक्री रु. ४,००,०००।- गरी जम्मा रु. १७,५७,६३१।- आय रहेको देखिँदा निजको व्ययभन्दा आय धनात्मक देखिन्छ ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवनयापन गरेको देखिन नआएकोले पछि थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।१०।१४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१११. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम जिल्ला वन कार्यालय गुल्मीका सहायक वन अधिकृत रामचन्द्र सुवेदीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको ऋण सापटी लिएको भन्ने पुष्टि नभई निजको सम्पत्तिको स्रोतका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज रामचन्द्र सुवेदी मिति २०४३।४।१४ मा वन विभाग वा अन्तर्गत कार्यालयको रेन्जर पदमा सेवा प्रवेश गरी मिति २०६४।६।१५ मा सहायक वन अधिकृत पदमा बढुवा भई हाल सोही पदमा कार्यरत रहेको देखियो ।

(ख) सार्वजनिक सेवामा प्रवेश गरेपछि निज रामचन्द्र सुवेदी एवं निजको परिवारको नाममा चितवन जिल्ला पटिहानी गा.वि.स. ९ 'क' को कित्ता नं. ८ को ०-१५-१-० भरतपुर न.पा, ६ 'च' को कित्ता नं. १९८९ र १९९० को ०-१-०-० क्षे. फ.को जग्गा तथा सोमा बनेको घरसमेत, भरतपुर नगरपालिका ६ 'ख' को कित्ता नं. १९८७ को ०-१-०-० क्षेत्रफल समेत जम्मा ०-१७-१-० क्षेत्रफलको जग्गा र घर रु. ९,७०,०००।- को लागतमा खरिद गरेको मध्ये पटिहानी ९ 'क' कित्ता नं. ८ को जग्गा निजका दाजु ध्रुवराजलाई अंशमा गएको देखिन्छ । यसैगरी निजले रु. ७,९०,०००।- ऋण चुक्ता गरेको रु. ४,७५,०००।- को लागतमा सवारी साधन खरिद गरेको रु. ७,०००।- को शेयर खरिद गरेको तथा निज र निजको परिवारको नाममा विभिन्न बैंकमा रु. १,५२,३४१।- मौज्दात रहेको समेत जम्मा रु. २३,९४,३४१।- व्यय गरेको देखिन्छ ।

(ग) निज रामचन्द्र सुवेदीको यस अवधिको आयतर्फ हेर्दा तलब भत्ता बापत रु. १२,१७,३८०।-, कर्मचारी संचय कोष तथा कृषि विकास बैंक भरतपुरबाट ऋण स्वरूप प्राप्त रु. ६,२५,०००।-, जग्गा बिक्रीबाट रु. २,४३,५००।-, ट्याक्टर बिक्रीबाट रु. ६,७५,०००।-, केयर नेपालमा काम गर्दा प्राप्त रु. १,५६,०२४।-, गाडी भाडाबाट रु. २५,०००।- समेत जम्मा रु. २९,४१,९०४।- आर्जन गरेको देखिन्छ ।

(घ) यसरी उपर्युक्त खरिद भएको घरजग्गा, बैंक मौज्दात एवं आयका अवस्था तथा सम्पत्ति समेतबाट निजको कुल आय रु. २९,४१,९०४।- र व्यय रु. २३,९४,३४१।- देखिँदा निजको व्ययभन्दा आय धनात्मक देखिएको र निजले कर्मचारी संचय कोषबाट लिएको सापटी तथा अन्य ऋणको सम्बन्धमा प्रमाण पेश नगरेको भन्ने सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनको सन्दर्भमा यस आयोगबाट अनुसन्धान हुँदाको क्रममा उल्लेखित कर्मचारीले संचय कोषबाट लिएको सापटी तथा कृषि विकास बैंक भरतपुरबाट लिएको ऋणको प्रमाण पेश गरेको देखिँदा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सार्वजनिक जीवनयापन गरेको देखिन नआएकोले प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम हाल तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।१०।१४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

११२. बर्दिया जिल्ला कालिका गा.वि.स. वडा नं. ४ र ५ को कित्ता नं. ११, १२, ८१ र २४० क्षेत्रफल ३-०-०-० बिगाह जग्गा गंगामाया थपलियाका नाउँमा श्रेस्ता पुर्जा भएकोमा सर्भे नापी हुँदा एकादत्त थपलियाको नाममा दर्ता गरी कृषि विकास बैंक बर्दियामा धितो समेत राखेको हुँदा आवश्यक कारबाही गरिपाऊँ भनी गोपी शर्मा सुवेदीबाट यस आयोग समक्ष पर्न आएको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

बर्दिया जिल्ला कालिका गा.वि.स. वडा नं. ४ र ५ को कित्ता नं. ११, १२, ८१ र २४० क्षेत्रफल ३-०-०-० बिगाह जग्गा एकादत्त थपलिया र गंगामाया थपलियाको बीचमा चितवत जिल्ला अदालतमा अंश मुद्दा चली अंश दपोट मुद्दाको अन्तिम फैसला बमोजिम मिति २०४८।५।२ मा गंगामाया थपलियाको नाममा श्रेस्ता कायम रहेकोमा २०५३ सालमा नयाँ नापी हुँदा एकादत्त थपलियाका नाममा दर्ता श्रेस्ता कायम गरेको देखियो । तत् सम्बन्धमा उक्त कित्ता नं. का जग्गाहरू मालपोत कार्यालय बर्दियाबाट साविकको दर्ता श्रेस्ता अद्यावधिक गर्ने क्रममा निज गंगामाया थपलियाको साविक दर्ता श्रेस्तामा दोहोरो श्रेस्ता कायम भएको देखिँदा साविक गंगामाया थपलियाको दर्ता श्रेस्ता कायम गरी एकादत्त थपलियाले दर्ता श्रेस्ता खारेज गर्ने गरी मिति ०६५।१०।७ मा मालपोत कार्यालय बर्दियाले निर्णय गरेको देखिन्छ । उक्त जग्गा एकादत्त थपलियाले कृषि विकास बैंक शाखा कार्यालय बर्दियामा धितो राखी लिएको ऋणका सम्बन्धमा सो बैंकको सावाँ ब्याजसमेत निज एकादत्त थपलियाले चुक्ता गरी उक्त जग्गा फुकुवासमेत भएको देखियो । अतः उजुरीमा उल्लेख भएको तथ्य यस आयोगबाट अनुसन्धान शुरु गर्नु अगावै सच्याइ यथास्थितिमा राखेको देखिँदा प्रस्तुत उजुरीका सम्बन्धमा केही गर्नुपर्ने

नदेखिँदा तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।१०।१४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

११३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सडक विभाग यान्त्रिक कार्यालय, दाङका खरिदार नोदनी प्रसाद राजभण्डारीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज नोदनी प्रसाद राजभण्डारीले मिति २०४०।२।१८ मा सार्वजनिक निर्माण शाखा दाङको टाइपिष्ट मुखिया पदमा सेवा प्रवेश गरी सडक विभाग मध्यपश्चिमाञ्चल डिभिजन सडक कार्यालयको खरिदार पदमा बहाल हुँदाकै अवस्थामा मिति २०६६।३।१९ मा मृत्यु भएको देखिन्छ ।

(ख) निज नोदनी प्रसादले सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ समक्ष पेश गरेको सम्पत्ति विवरणमा दाङ जिल्लाको त्रिभुवन नगरपालिकाको कित्ता नं. ७९ को ०-६-०-० को क्षेत्रफलको जग्गामा रु. ३,७५,०००।- को लागतमा घर निर्माण गरेको भनी उल्लेख गरेको र उक्त घर निर्माणको स्रोतमा जग्गा बिक्रीबाट भनी उल्लेख गरेकोमा जग्गा बिक्रीको प्रमाण पेश नभएको भनी घर निर्माणको स्रोत नपुग्ने भनी उल्लेख भएको पाइन्छ ।

(ग) निज नोदनी प्रसाद राजभण्डारी २०४० सालदेखि टाइपिस्ट पदमा सेवा प्रवेश गरेको देखिएको र निजले पेश गरेको सम्पत्ति विवरणमा रु. ३,७५,०००।- को लागतमा घर निर्माण गरेको देखिँदा २०४० सालदेखि निजले सम्पत्ति विवरण पेश गर्दाको अवधिसम्ममा निजको तलब भत्ताको रकमबाटै उक्त घर निर्माण गर्न स्रोत पुग्ने नै देखिएको र निज पदमा बहाल रहेकै अवस्थामा मिति २०६६।३।१९ मा मृत्यु समेत भइसकेको देखिन्छ ।

(घ) निजको समग्र आय व्ययलाई हेर्दा निजले अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरी अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको भन्न सकिने अवस्था नदेखिँदा प्रस्तुत अनुसन्धान तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।१०।१४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

११४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सुनसरी मोरङ सिंचाइ आयोजनामा इन्जिनियर (विशेष) पदमा कार्यरत योगेन्द्र भारीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज योगन्द्र भारी २०४६ ।५।१ मा नारायणी सिंचाइ आयोजनाको ओभरसियर पदमा नियुक्त भई २०६४ सालमा इन्जिनियर (विशेष) पदमा बढुवा भई हाल सुनसरी मोरङ सिंचाइ आयोजना विराटनगरमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज योगेन्द्र भारीले सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ समक्ष पेश गरेको सम्पत्ति विवरणमा जम्मा रु. २४,६९,०००।- बराबरको सम्पत्ति विवरण उल्लेख गरेकोमा सो मध्ये रु. २१,६३,४५५।- को जग्गा बिक्रीको प्रमाण पेश नगरेको भनी आयोगको प्रतिवेदनमा उल्लेख गरेकोमा कास्की शिशुवा र पोखरा उप-महानगरपालिका अन्तर्गतका निजको पैतृक जग्गा मिति २०५६।१२।९ देखि २०५८।७।२६ सम्म रु. १०,३१,०००।- मा बिक्री गरेको लिखत मालपोत कार्यालय कास्कीबाट प्राप्त भएको र निजकी श्रीमती विमला भारी मिति २२ जुन १९९२ देखि हालसम्म UN High Commissioner for Refugees मा सेवारत रहेको भन्ने देखिँदा पति पत्नीको तलब बापत रु. ५३,२४,०७९।- प्राप्त गरेको देखिन्छ । त्यसैगरी मिति २०५७।६।१० मा कृषि विकास बैंकबाट रु. ६,००,०००।- ऋण लिएको देखिँदा निजको कुल आय रु. ६९,५५,०७९।- देखिएको र व्ययतर्फ हेर्दा रु. ५,७९,५०१।- मा झापा जिल्ला भद्रपुरमा जग्गा खरिद गरी २५२० वर्ग फिटको घर रु. १९,८९,५४०।- को लागतमा निर्माण गरेको रु. ६,७०,०००।- बैंकको ऋण चुक्ता गरेको, रु. २०,०००।- बराबरको शेयर खरिद गरी लगानी गरेको तथा बैंक मौज्दात रु. २७,५०,५७२।- समेत गरी कुल रु. ६०,०९,६१३।- खर्च भएको देखिन आएकोले निजको व्ययभन्दा आय धनात्मक देखिन्छ ।

(ग) निज योगेन्द्र भारीले आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको भन्ने देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।११।६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

११५. सम्पति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सडक विभाग अन्तर्गत ११ कि.मि. छेपेटार भालुश्वारा बारपाक सडक योजना, गोरखामा कार्यरत नरनाथ पौडेलले सार्वजनिक पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पतिको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज नरनाथ पौडेलले मिति २०४६।६।१ मा ओभरसियर पदमा सेवा प्रवेश गरी हाल ११ कि.मि.छेपेटार भालुश्वारा बारपाक सडक योजना, गोरखामा इन्जिनियर पदमा कार्यरत रहेको देखिन्छ । निजको परिवारमा पत्नी सुमित्रा पौडेल, छोरा निशान पौडेल/निमेश पौडेल सहित जम्मा ४ जनाको परिवार रहेको देखिन्छ ।

(ख) निजको हालसम्मको आय व्ययतर्फ हेर्दा निज/निजकी श्रीमती सुमित्रा पौडेलको तलब भत्ता रु. १७,२६,३००।-, जग्गा बिक्रीबाट प्राप्त आय रु. ७५,०००।-, बैंकं तथा वित्तीय संस्थाबाट प्राप्त ऋण रु. ५,७७,६००।-, पैतृक जग्गाबाट भएको आय रु. २,४०,०००।- गरी जम्मा रु. २६,१८,९००।- रहेको देखिन्छ । त्यस्तै, व्ययतर्फ हेर्दा काठमाडौं जिल्ला का.म.न.पा. र काठमाडौं जिल्ला इचंगु गा.वि.स.मा रु. १,९०,०००।- मा जग्गा खरिद, घर निर्माणमा रु.

१८,००,०००।-, शेयर खरिदमा रु. ४,०००।-, ऋण भुक्तानी रु. ५,९२,९००।- र बैंक मौज्दात रु. २७,२१५।८८ गरी जम्मा रु. २६,१४,११५।८८ रहेको देखियो ।

(ग) निजको आय व्ययको समग्र अवस्था हेर्दा व्ययभन्दा आय नै बढी देखिनुका साथै निजको जीवनस्तर अमिल्दो र अस्वाभाविक रहेको देखिन नआएकाले पछि कहीँ कतैबाट कुनै नयाँ प्रमाण सहित थप सम्पत्ति फेला परेमा कानून बमोजिम कारबाही हुने नै हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम निज नरनाथ पौडेल उपरको प्रस्तुत प्रारम्भिक अनुसन्धान तहकिकातको कारबाही हाल तामेलीमा राख्ने र निज तथा निजको परिवारको नाममा अनुसन्धानको सिलसिलामा रोक्का रहेको चल अचल सम्पत्ति फुकुवा गरिदिने गरी मिति २०६६।११।१२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

११६. मालपोत कार्यालय लमजुङका गुठीतर्फका खरिदार मानबहादुर कार्की र मालपोत अधिकृत तारानाथ घिमिरेले आ.व. ०५६।०५७ मा लमजुङ गाउँ शहर कालीका गुठीको जग्गा रैकर गराउँदा नियमानुसार तिर्नुपर्ने रकम हामी मोहीबाट उठाई थोरै रकमको रसिद काटी हामीलाई फिर्ता दिनुपर्ने रकम पनि फिर्ता नदिएको र रसिद पनि नदिएकाले छानबिन गरी आवश्यक कारबाही गरिपाऊँ भन्ने मिति २०५८।११।६ को अमरबहादुर बोहोरा समेतको उजुरी निवेदनको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय लमजुङमा अनुसन्धानको क्रममा संकलित कागजात समेतको अध्ययन गरी निम्नानुसार निर्णय गरियो ।

अनुसन्धानको क्रममा मालपोत कार्यालय लमजुङका गुठीतर्फका अस्थायी खरिदार मानबहादुर कार्कीबाट मालपोत कार्यालय लमजुङले रु. ४५,०००।– असुल गरिसकेको र निज हाल सेवामा नरहेको, मालपोत अधिकृत तारानाथ घिमिरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय लमजुङबाट छानबिन भई निजको संलग्नता नभएको भनी निर्णय भएको देखिएकोले प्रस्तुत मिसिलको लगत कट्टा गरी तामेलीमा राख्ने गरी मिति २०६६।११।२० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

११७. डिभिजन सडक कार्यालय, लहानका का.मु. डिभिजन प्रमुखले उदयपुर जिल्लामा सञ्चालन गर्नुपर्ने सडक योजनाको कामै नगरी सिधै बिल बनाई खाने गरेको, ठेकेदारबाट जथाभावी रकम असुल गरेको तथा त्रियुगा न.पा.मा कालोपत्रे गर्दा अनियमितता भएको भन्ने समेत जिल्ला प्रशासन कार्यालय, उदयपुरमा उदयपुरबासीका नाममा दर्ता भएको उजुरीमा विस्तृत अनुसन्धान छानबिन गरी देहाय बमोजिम गर्ने निर्णय भयो ।

त्रियुगा नगरपालिका अन्तर्गत त्रियुगा पुल उत्तरतर्फ कुल १४० मि. लम्बाइ सडकको स्तर उन्नति (वेस, सव वेस, कार्पेटिङ) तथा १ थान ह्युम पाइप कलभर्ट निर्माणका लागि सिलबन्दी बोलपत्रद्वारा रु. ६,३१,२९६।५४ मा ठेक्कापट्टा व्यवस्था भएको, जस अनुसार ह्युम पाइप कलभर्ट तथा वेस कोर्स तथा सव वेस कोर्स साथै २० मि. खण्डमा कार्पेटिङ (कालोपत्रे) गर्ने काम समेत भइसकेको र हालसम्म पहिलो रनिङ बिल बापत रु. २,८८,५६३।५० भुक्तानी भइसकेको देखिन्छ । वेस कोर्स तथा सव वेस कोर्सको कम्प्याक्सन १० टन स्टिल रोलरबाट भएको पाइएको तथा रनिङ बिल भुक्तानी अघि

गरिएको प्रयोगशाला परीक्षणबाट स्पेसिफिकेसन बमोजिम डेन्सिटी पुगेको प्रतिवेदन प्राप्त भएको तथा स्थलगत निरीक्षणका क्रममा कलभर्ट तथा निर्मित सडक खण्डको अवस्था यथावत नै रहेको पाइएबाट सडक निर्माणको गुणस्तरलाई अन्यथा भन्न सक्ने आधार प्रमाण नपाइएको हुँदा प्रस्तुत उजुरी तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।११।२१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

११८. उच्चस्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदनको अनुसूची १५.१७ मा उल्लेख भए अनुसार जिल्ला विकास समितिको कार्यालय धनुषाका तत्कालीन सभापति चन्दर साहले जिल्ला विकास समितिको रु. १०,०००।- र रु. १,३१,६५२।- गरी जम्मा रु. १,४१,६५२।- अनियमिततापूर्वक खर्च गरेको भन्ने सम्बन्धमा थप अनुसन्धान गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ र भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिम दुरुपयोग गरेको रकम निजबाट असुल उपर हुनुपर्ने भन्ने प्रतिवेदनका आधारमा निजको सम्बन्धमा अनुसन्धान गरी अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन उपर छलफल हुँदा निम्न अनुसार निर्णय गरियो ।

निज तत्कालीन सभापति चन्दर साहले मकवानपुरको हेटौंडामा मिति २०६२।७।२७ र २८ गते सञ्चालन भएको जिल्ला विकास सभापति तथा उप सभापतिहरूको गोष्ठी सञ्चालनको लागि क्षेत्रीय प्रशासन कार्यालय हेटौंडालाई सहयोग स्वरूप रु. १०,०००।- उपलब्ध गराएको देखियो । उक्त रकम जिल्ला विकास समितिको बोर्डको निर्णय अनुसार स्वीकृत भई खर्च हुन गएको साथै यस सम्बन्धमा महालेखा परीक्षकको प्रतिवेदन ०६२।६३ मा समेत बेरुजु देखिन नआएको । माथि उल्लेखित उच्चस्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदन अनुसार अञ्चल प्रशासन कार्यालय जनकपुरलाई स्वागत समारोहसम्बन्धी विविध खर्च र काँडेतारका लागि उपलब्ध गराएको रकम रु. १,३१,६५२।- मध्ये शाही नेपाली सेना भिमान व्यारेकलाई काँडेतार जाली खरिद गर्न दिइएको रु. ५३,६२३।- जिल्ला विकास समितिको बोर्डको स्वीकृति अनुसार खर्च भएको देखिए तापनि महालेखा परीक्षकको प्रतिवेदन ०६२।६३ मा बेरुजु देखिन आएकाले सो बेरुजु प्रतिवेदन अनुसार "जिल्ला विकास समितिको कार्यालय धनुषाले जिल्लास्थित अन्य सरकारी कार्यालयको खर्च व्यहोर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयको स्वीकृतिमा मात्र खर्च व्यहोर्नुपर्ने भनी उल्लेख भएको देखिँदा उक्त रकमका सम्बन्धमा बेरुजु फछ्यौंटसम्बन्धी व्यवस्था स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को परिच्छेद ८ को नियम ११५, ११६, ११७ र ११९ समेत आकर्षित हुने देखिएकाले सोही अनुसार हुने नै हुँदा मिति २०६६।११।२३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

११९. महोत्तरी जिल्ला २५ नं. बहादुरगन्ज गा.वि.स.वडा न. ३(क) कि.न.८५, ८८ ऐ. गा.वि.स. वडा नं.९ (ङ) कि.न.११ ऐ. गा.वि.स. वडा नं.२(ग) कित्ता नं. ३०,६ ऐ.गा.वि.स.वडा नं.९ (ञ) कित्ता नं. १३ समेतको क्षे.फ. ८-११-१५ को सरकारी जग्गालाई मालपोत कार्यालय महोत्तरीका कर्मचारीको मिलोमतोमा थानहरि उपाध्यायको नाममा दर्ता गरेकोले छानबिन गरी पाऊँ भन्ने टीकाध्वज खड्काको मिति २०६६।७।८ को उजुरी अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

महोत्तरी जिल्ला २५ नं. बहादुरगन्ज गा.वि.स.वडा नं. ३(क) वडा नं.९ (ङ) वडा नं.२ (ग) वडा नं. ९ (ञ) का कित्ता नं. ८५, ८८, ११, ३०, ६ र १३ का जग्गाहरू साविक फिल्डबुकमा पर्ती जनिई दर्ता बाँकी रहेको देखिएको । उल्लेखित कित्ताका जग्गाहरू मालपोत कार्यालय महोत्तरीको मिति ०५१।१०।२० को निर्णयानुसार तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता श्रेस्ता कायम रहेको देखिन्छ । उल्लेखित जग्गाहरूलाई झुट्ठा मिसिल नं. खडा गरी मिति ०४०।१।२० मा बर्दिबास गा.वि.स.वडा नं. ७ बस्ने थानहरि उपाध्यायको नाममा दर्ता कायम रहेको भनी जग्गाधनी श्रेस्ता तयार गरेको देखियो । आयोग समक्ष थानहरि उपाध्यायले बयान गर्दा उल्लेखित जग्गाहरू आफ्नो नभएको र आफूले दर्ता समेत नगराएको भनी बयान समेत गरेको देखिन्छ । प्रस्तुत विषयमा आयोगसमक्ष उजुरी परी आयोगबाट अनुसन्धान प्रक्रिया शुरु गरेपश्चात मालपोत कार्यालय महोत्तरीको २०६६।९।२५ को निर्णयले उल्लेखित जग्गाहरू थानहरि उपाध्यायको नाउँको दर्ता बदर गरेको नेपाल सरकारको लगत मात्र कायम रहने गरी निर्णय भइसकेको देखिँदा मिति २०६६।११।२५ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२०. साविकमा जिल्ला स्वास्थ्य कार्यालय चितवनमा लेखापाल पदमा र हाल आन्तरिक राजस्व विभाग लाजिम्पाटमा लेखा अधिकृत पदमा कार्यरत पिताम्बर प्रसाद पोखरेलले सार्वजनिक सेवामा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज पिताम्बर प्रसाद पोखरेल मिति २०३८।५।१ गतेदेखि नै अस्थाई प्रा.वि. शिक्षकको रूपमा सेवामा प्रवेश गरी स्थायी शिक्षक हुँदै मिति २०४४।१२।०७ देखि नेपाल सरकारको सहायक लेखापाल (रा.प.अनं.द्वितीय श्रेणी) मा स्थायी रूपमा निजामती सेवामा सेवा प्रवेश गरी विभिन्न कार्यालयहरू हुँदै हाल आन्तरिक राजस्व विभाग लाजिम्पाटमा लेखा अधिकृत पदमा कार्यरत रहेको देखिन आयो ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्ममा तलब भत्ताबाट रु. ११,६३,५६६।-, बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण स्वरूप प्राप्त रु. २,१२,९१,२२७/४७, कर्मचारी संचय कोषबाट ऋण सापटी लिएको रु. ७,३२,५००।- र घर जग्गा बिक्रीबाट प्राप्त रकमबाट रु. १,०४,०४,०००।- समेत गरी जम्मा रु. ३,३५,९१,२९३।४७ आय आर्जन गरेको देखियो ।

निजको व्ययतर्फ हेर्दा निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हाल सम्ममा जग्गा खरिदमा रु. ७५,७५,५००।- घर निर्माणमा रु. ५६,००,०००।- कर्मचारी संचय कोष ऋण सापटी तिर्नमा रु. ५,१८,२६०।०७ विभिन्न बैंक तथा वित्तीय संस्थाहरूको ऋण तिर्नमा रु. १,५४,१०,९३९।२५ र हालसम्मको बैंक मौज्दात रु. १७,१२५।४६ समेत गरी जम्मा रु. २,९१,२१,८२४।७८ खर्च गरेको देखिँदा निजले आर्जन गरेको रकममा उक्त रकम कटाउँदा निजसँग रु. ४४,६९,४६८।६९ मौज्दात रहन जाने देखिए पनि निज तथा निजको परिवारको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा हाल सम्म रु. १७,१२५।४६ मौज्दात देखिएकाले सोही रकमलाई मात्र निजको

हालसम्मको बचत रकम मान्नुपर्ने र निजले नेपाल एस.बि.आई.बैंक लि. लैनचौरबाट विभिन्न मितिमा घर कर्जा लिएको रकम रु. ८०,००,०००।- मध्ये हालसम्म बक्यौता रहेको रकम रु. ७८,४५,१२१।४४ ऋण तिर्न बाँकी रहेको देखियो ।

(ग) निज पिताम्बर प्रसाद पोखरेलको समग्र खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट नयाँ प्रमाण फेला परेका बखत कानून बमोजिम हुने नै हुँदा हाललाई प्रस्तुत अनुसन्धान तहकिकातको कारबाही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।१२।१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम हाल मध्यमाञ्चल सिंचाइ डिभिजन नं.-६, काठमाडौंमा इञ्जिनियर पदमा कार्यरत रहेका कृष्णप्रसाद न्यौपानेले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज कृष्णप्रसाद न्यौपाने मिति २०३७।५।५ गतेदेखि ओभरसियर पदमा अस्थायी सेवा प्रवेश गरी सोही पदमा मिति २०४६।३।३० देखि स्थायी नियुक्त भई विभिन्न निकायमा सरुवा तथा बढुवा हुँदै मिति ०६४।१२।५ देखि हालको इञ्जिनियर पदमा बढुवा भई मध्यमाञ्चल सिंचाइ डिभिजन नं. ६, काठमाडौंमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज कृष्णप्रसाद न्यौपानेको समग्र आयलाई हेर्दा निजको आयतर्फ तलब भत्ता बापत प्राप्त जम्मा रु. १२,९६,१८६।-, क.सं.कोष सापटी रु. २,४९,८००।-, कं.सं.कोष आशिंक भुक्तानी रु. २०,०००।- क.सं. कोष सापटी रु. ९,००,०००।- बैंक सापटी रु. १७,००,०००।- जग्गा बिक्री रु. ७०,०००।-, सवारी भाडाबाट प्राप्त आय रु.२७,००,०००।-, सवारी साधन बिक्रीबाट प्राप्त रु. ६,५७,५००।- समेत गरी कुल आय रु. ७५,९३,४८६।- आम्दानी गरेको देखिन्छ भने निजको खर्चतर्फ हेर्दा घर निर्माण रु. ७,८८,८००।- जग्गा खरिद रु. १७,५००।- बैंक मौज्दात रु. १३,३६०।-, नगद रु. १०,०००।-, सवारी खरिद रु. १५,९०,०००।- विद्युतीय उपकरण खरिदमा रु. ४६०००।-, ऋण तिरेको रु. १७,००,०००।-, सञ्चय कोषमा तिरेको रु. १,६१,६०४।- गरी कुल व्यय रु. ४३,२७,२६४।- खर्च गरेको देखिँदा निजले आर्जन गरेको रकममा उक्त खर्च रकम कटाउँदा निजसँग रु. ३२,६६,२२२।- मौज्दात देखिए पनि बैंक मौज्दात तथा नगद मौज्दात गरी रु. २३,३६०।- निजसँग रहेको देखिँदा सोही रकम हालसम्मको बचत मान्नुपर्ने देखियो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवन निर्वाह गरेको देखिन नआएकोले प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति

२०६६।१२।१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२२. पोखरा पर्यटन परिषद्का गैरनेपालीले महासचिव भै कार्य गरेको साथै नागरिकता समेत लिएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) पोखरा उपमहानगरपालिका १७ मा बस्दै आएका तिब्बतीयन शरणार्थी क्याम्पमा शरणार्थीको रूपमा बस्तै आएका सोनाम साङपोकी जेठी छोरी जामयाङ पाल्मोले काठमाडौं जोरपाटीमा बसोबास गरेको हुँ भन्ने व्यहोरा ढाँटी काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट मिति २०५५।२।३१ मा नागरिकता लिएको प्रमाणित भएकोले नागरिकता ऐन, २०६३ बमोजिम आवश्यक कारबाही गर्न गृह मन्त्रालयलाई लेखी पठाउने ।

(ख) रिसोर्ट सञ्चालक भनिएका तिब्बतीयन शरणर्थी सोनाम साङपो नाम गरेका तीब्बतीयन शरणार्थीले आफू र आफ्नो परिवारका अन्य सदस्यहरूको विवरण जिल्ला प्रशासन कार्यालय कास्कीमा पेश गरी शरणार्थी परिचयपत्र प्राप्त गरी हालसम्म नवीकरण गरी आएको अवस्था रहेको र उक्त कुरा जिल्ला प्रशासन कार्यालय कास्कीबाट पुष्टिसमेत भएको देखियो । निज सोनाम साङपो तिब्बतीयन शरणार्थीको रूपमा हालसम्म रहेको र प्रत्येक वर्ष नवीकरण गराउँदै आएको तथा निजले नेपाली नागरिकता लिएको भन्ने तथ्य स्थापित हुन नसकेकोले निजको हकमा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने ।

(ग) प्राप्त सक्कल फाइल सम्बन्धित कार्यालयमा पठाई प्रस्तुत अनुसन्धानको लगत कट्टा गर्ने गरी मिति २०६६।१२।१८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सुख्खा बन्दरगाह भन्सार कार्यालय वीरगन्ज, पर्सामा कार्यरत नायब सुब्बा सूर्य बहादुर नकर्मीले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज सूर्यबहादुर नकर्मीले मिति २०३९ भाद्रमा पञ्जिकाधिकारीको कार्यालय काठमाडौंको मुखिया पदबाट सार्वजनिक सेवामा प्रवेश गरी हाल सुख्खा बन्दरगाह भन्सार कार्यालय वीरगन्जमा नायब सुब्बा पदमा र निजको श्रीमती विद्याकुमारी नकर्मी मिति २०४०।२।१ मा हेटौंडा नगर विकास समितिको टाइपिष्ट मुखिया पदबाट सेवा प्रवेश गरी हाल खानी तथा भूगर्भ विभागमा ना.सु. टाइपिष्ट पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निजले सार्वजनिक पदधारण गरेपश्चात् हालसम्म तलब भत्ता बापत रु. ९,२४,१३०।-निजकी श्रीमतीको तलब भत्ता बापत रु. ९,०३,४३५।-, घर बहाल

बापत रु. १०,८९,५००।-, घरजग्गा बिक्रीबाट रु. २०,७४,०००-।, बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त ऋण सापटी रु. १०,७६,०००।-, व्यापारबाट आर्जित आय रु. २,७८,५५०।-, अंश बापत प्राप्त नगद रु. १,००,०००।-, पुरस्कार तथा सुविधा बापत प्राप्त रु. ९१,१८५।- एवं अन्य विविध (श्रीमती विद्यादेवी नकर्मीकी आमा शिलादेवी श्रेष्ठबाट निजलाई प्राप्त रकम) आय रु. १२,५०,०००।-समेत गरी रु ७७,८६,८००।- आय आर्जन गरेको देखिन्छ । निजले सोही अवधिमा घर निर्माणमा रु. १३,२७,९००।-, जग्गा खरिदमा रु. २६,३९,५००।-, शेयर खरिदमा रु. १,२९,२००।-, कर्मचारी संचय कोषको ऋण चुक्ता रु. ५,७०,४७७।-, व्यवसायमा लगानी रु. १,५०,०००।-, विद्युतीय उपकरण खरिदमा रु. ८२,०००।- एवं बैंक मौज्दात रकम रु. ६,३३,४६७।- समेत गरी जम्मा रु. ५५,३२,५४४।- कुल व्यय गरेको देखिँदा निजको व्ययको तुलनामा आय धनात्मक देखियो ।

निजले आयोगमा पेश गरेको बैंक विवरण तथा आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निज र निजको एकाघर परिवारको नाममा रहेको बैंक खाता विवरण अनुसार हालसम्म रु. ६,३३,४६७।- निजको मौज्दात रकम रहेको देखिएकोले सोही रकमलाई हालसम्मको बचत रकम मान्नुपर्ने देखियो ।

(ग) तसर्थ, निज सूर्यबहादुर नकर्मीको समग्रमा आय र व्ययको स्थिति हेर्दा व्ययभन्दा आय नै बढी देखिन आई निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने देखिन नआएको हुँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।१२।२३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम राष्ट्रिय सतर्कता केन्द्रमा शाखा अधिकृत पदमा कार्यरत मुकुन्दराज जोशीले निज पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज मुकुन्दराज जोशीले मिति २०३८।८।२९ गतेदेखि स.स.नि. (रा.प.अनं. द्वितीय) पदमा सेवा प्रवेश गरी विभिन्न निकायमा सरुवा हुँदै मिति २०६४।११।२७ देखि शाखा अधिकृत पदमा बढुवा भई राष्ट्रिय सतर्कता केन्द्रमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज मुकुन्दराज जोशीको समग्र आयलाई हेर्दा निजको आयतर्फ तलब भत्ता बापत रु. १२,८५,०३४।-, जग्गा बिक्रीबाट रु. २१,४६,४३२।-, क.स.कोष घर सापटी रु. ८,३९,०००।-, क.स.कोष ऋण रु. ४,५२,६००।- घरभाडाबाट रु. २,४३,९७०।- गरी कुल जम्मा रु. ४९,६७,०३६।- आय आर्जन गरेको देखिन्छ । निजको खर्चतर्फ हेर्दा जग्गा खरिद रु. ८,६०,०००।-, घर निर्माण रु. ८,३९०००।- बैंक मौज्दात रु. ८२,७५१।-, र नगद मौज्दात रु. २,००,०००।- गरी जम्मा रु. १९,८१,७५१।- खर्च गरेको देखिँदा निजले आर्जन गरेको रकममा उक्त खर्च रकम घटाउँदा निजसँग रु. २९,८५,२८५।- मौज्दात देखिए पनि बैंक मौज्दात तथा नगद मौज्दात गरी रु.

२,८२,७५१।- निजसँग रहेको देखिँदा सोही रकम हालसम्मको बचत मान्ने र काठमाडौंको कि. नं. ३६४ को ०-६-३-२ क्षेत्रफलमा बनेको एउटा घर र अंश बापत निजले प्राप्त गरेको जग्गासम्म निजको कायम रहेको सम्पत्ति मान्नुपर्ने देखियो ।

ग) यसरी निज मुकुन्दराज जोशीको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवनयापन गरी रहेको भन्ने नदेखिएकोले हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम राख्ने गरी मिति २०६६।१२।२४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम मध्यमाञ्चल सिंचाइ विकास डिभिजन नं. ७ काभ्रेका इन्जिनियर बालमुकुन्द कर्माचार्यले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज बालमुकुन्द कर्माचार्य मिति २०४२।११।१ देखि ओ.सी. पदमा अस्थायी नियुक्ति पाई मिति २०४६।६।११ सम्म र २०४६।६।१२ देखि २०६४।१२।४ सम्म स्थायी ओ.सी. पदमा रही मिति २०६४।१२।५ मा इन्जिनियर पदमा बढुवा भई हाल मध्यमाञ्चल सिंचाइ विकास डिभिजन नं. ७ काभ्रेमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज सार्वजनिक सेवामा प्रवेश गरेपछि आफूले कुनै घरजग्गा खरिद गरेको नदेखिएको र माछापुच्छ्रे बैंकको साधारण बोनस र हकप्रद समेत गरी रु. १७,०००।- को शेयर खरिद गरेको साथै भाइ कृष्णगोपाल कर्माचार्यको नाममा २०५९ सालमा रु. २,००,०००।- मा टेम्पो खरिद गरेको समेत जम्मा रु. २,१७,०००।- व्यय भएको देखिन्छ ।

(ग) निजको आयतर्फ हेर्दा निजामती किताबखानाबाट प्राप्त तलबी विवरण अनुसार हालसम्मको निजको तलब भत्ता बापत रु. १२,०४,५३८।- प्राप्त गरेको देखिन आयो ।

(घ) यसरी उपरोक्त खरिद भएको जग्गा र निर्मित घर, बैंकको मौज्दात एवं आयका अवस्थालाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सार्वजनिक जीवन निर्वाह गरेको देखिन नआएकोले प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।१२।२७ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२६. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा नविनवदन प्रधानले पेश गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने समेत व्यहोराको सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज नविन वदन प्रधानले मिति २०३७।११।१४ देखि मिति २०४२।३।३० सम्म प्रभात माध्यामिक विद्यालय त्यागल, ललितपुमा शिक्षिका भै काम गरेको र मिति ०४२।४।१ देखि शाही औषधी अनुसन्धानशालामा राजपत्र अनंकित प्रथम श्रेणीको असिस्टेन्ट केमिष्ट पदमा नियुक्त भै कामकाज गरी आएकोमा मिति २०६४।१०।१ देखि राजपत्रांकित तृतीय श्रेणीको अधिकृतस्तरको केमिष्ट पदमा बढुवा भै हाल वनस्पति विभाग अन्तर्गतको प्राकृतिक सम्पदा अनुसन्धानशालामा कार्यरत रहेको देखिन्छ ।

(ख) निज नविनवदन प्रधानको समग्र आय व्यय हेर्दा आयतर्फ सार्वजनिक पदमा प्रवेश गरेपछि आ. व. २०६४।६५ सम्मको तलब भत्ता बापत रु. ११,२१,१०६।८०, निजका श्रीमान् ध्रुव प्रधानको दुग्ध विकास संस्थानमा मिति २०३६।५।२४ देखि मिति २०६१।५।२९ सालसम्म कार्यरत रहँदा प्राप्त तलब भत्ता बापत रु. १४,२०,६९७।९४ काठमाडौंभित्रको जग्गा बिक्रीबाट रु. २,७५,०००।-, कर्मचारी संचय कोषबाट ऋण एवं सापट रु. ९,७४,९०७।४५ नविनका श्रीमान् ध्रुव प्रधान नोकरीबाट अवकाश हुँदा प्राप्त उपदान, बिदा, बीमा समेतको रकम रु. १४,४६,१४९।७०, नविनवदन प्रधान विदेश अध्ययन भ्रमण गर्दा प्राप्त रु. १,४०,४०५।- समेत जम्मा रु. ५३,७८,२६६।८९ आय प्राप्त गरेको देखिन्छ । खर्चतर्फ घर निर्माण समेतका लागि रु. १५,९१,४२३।-, जग्गा खरिदतर्फ रु. २,५४,०००।-, शेयर लगानी रु. १५,९००।-, मुद्दति खातामा जम्मा रहेको रु. ७,६६,६६६।६६ क.सं.कोष सापटी दाखिला रु. ६,३९,६९१।९५ सुन तथा विद्युतीय सामग्री खरिद रु. १,३३,९००।- समेत गरी जम्मा रु. ३४,०१,५८१।६१ खर्च भएको देखिन्छ । हाल निजको नाममा विभिन्न बैंक खाताको बचतमा रु. ६,०५,६३२।– मात्र मौज्दात देखिएको हुँदा सोही रकम नै आजसम्मको मौज्दात रहेको मान्नुपर्ने देखियो ।

यसरी निजको समग्र आय व्यय हेर्दा आयभन्दा व्यय बढी नदेखिएको हुँदा निज नविनवदन प्रधानले आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।१२।२७ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम जिल्ला विकास समितिको कार्यालय रुपन्देहीमा कार्यरत ना.सु. गोपाल प्रसाद भट्टराईले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

१ निज गोपाल प्रसाद भट्टराईले मिति २०५३।१२।१८ मा गा.वि.स.सचिव पदमा नियुक्त भै विभिन्न कार्यालय हुँदै हाल जिल्ला विकास समितिको कार्यालय रुपन्देहीमा ना.सु.पदमा कार्यरत रहेको देखिन्छ ।

२. निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म आफ्नो पारिश्रमिकबाट रु. ८,०९,११५।-, श्रीमतीको तलब भत्ता रु. ८,८२,०३२।- समेत गरी कुल जम्मा रु. १६,९१,१४७- आय आर्जन गरेको देखियो । सोही अनुसार निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म घर निर्माणमा रु. ४,००,०००।-, जग्गा खरिदमा रु. ७,५६,५००।-, विद्युतीय उपकरण खरिदमा रु. १५,०००।- एवं बैंक मौज्दातमा रु. १,०२,४९२।- समेत गरी जम्मा रु. १२,७३,९९२।- खर्च गरेको देखिँदा निजको व्ययको तुलनामा आय धनात्मक देखियो ।

निजले आयोगमा पेश गरेको बैंक विवरण तथा यस आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निज, निजको एकाघरको परिवारको नाममा रहेको बैंक खाता विवरण अनुसार हालसम्म रु. १,०२,४९२।- निजको मौज्दात रकम रहेको देखिएकोले सोही रकमलाई हालसम्मको बचत रकम मान्नुपर्ने देखियो ।

३. तसर्थ, निज गोपालप्रसाद भट्टराईको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ मिति २०६६।१।८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन बमोजिम मध्यमाञ्चल सिंचाइ विकास सव डिभिजन नं. ३ धादिङमा कार्यरत इन्जिनियर हरिप्रसाद उपाध्याय सिग्देलले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

१ निज हरिप्रसाद उपाध्याय सिग्देलले मिति २०३३।१२।७ मा नारायणी अञ्चल सिंचाइ विकास आयोजना बहुअरी वीरगन्जमा ओभरसियर पदमा नियुक्त भै विभिन्न कार्यालय हुँदै हाल मध्यमाञ्चल सिंचाइ विकास सव डिभिजन नं. ३ धादिङमा इन्जिनियर पदमा कार्यरत रहेको देखिन्छ ।

२. निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म पारिश्रमिकबाट रु. ११,१०,२५२।-, कृषिबाट रु. १,०१,००२।-, घर भाडाबाट रु. १२,७४,०७५।-, ऋण सापटी बापत रु. २,०५,०००।-।-, जग्गा बिक्रीबाट रु. १५,६३,५००।- एवं प्रशिक्षक भत्ता बापत रु. १,५६,३३०।- समेत गरी कुल जम्मा रु. ४४,१०,१५९।- आय आर्जन गरेको देखियो । सोही अनुसार निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात हालसम्म जग्गा खरिदमा रु.१७,४२,३७५।-, ऋण सापटी चुक्ता गर्न रु. २,२६,८९९।-, कर भुक्तानी रु. ९६००।- एवं बैंक मौज्दातमा रु. ५४,५६८।- समेत गरी जम्मा रु.२०,३३,४४२।- खर्च गरेको देखिँदा निजको व्ययको तुलनामा आय धनात्मक देखियो ।

निजले आयोगमा पेश गरेको बैंक विवरण तथा यस आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निज, निजको एकाघरको परिवारको नाममा रहेको बैंक

खाता विवरण अनुसार हालसम्म रु. ५४,५६८।- निजको मौज्दात रकम रहेको देखिएकोले सोही रकमलाई हालसम्मको बचत रकम मान्नुपर्ने देखियो ।

३. तसर्थ, निज हरिप्रसाद उपाध्याय सिग्देलको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।९।८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१२९. पर्वत जिल्लाको दोबिल्ला मोटरेवल सस्पेन्सन बृज निर्माण गर्ने कार्य नियम विपरीत उपभोक्ता समितिलाई दिई अनियमित कार्य गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६६।९।२६ को निर्णय अनुसार तत्कालीन स्थानीय बिकास अधिकारी हरि वशिष्ठसँग स्पष्टीकरण माग गरी पेश गर्ने गरी भएको निर्णयानुसार निजले पेश गरेको स्पष्टीकरण र स्थानीय विकास मन्त्रालयको पत्रसाथ पेश गरिएको प्रतिवेदन समेतका आधारमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

पर्वत जिल्लाको दोबिल्ला मोटरेवल सस्पेन्सन बृज निर्माण गर्न रु. ६१,५२,५८०।०४ बराबरको कार्य जिल्ला विकास समिति र उपभोक्ता समितिबीच मिति २०६३।४।१० मा सम्झौता भई उपभोक्ता समितिलाई दिएको देखिन्छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली बमोजिम नियममा रु. ३५ लाखसम्मको काम मात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था भएकोले नियमावलीमा भएको व्यवस्थाभन्दा बढी रकमको काम उपभोक्ता समितिलाई दिएको सम्बन्धमा उपभोक्ता समितिसँग सम्झौता गरी काम दिने तत्कालीन स्थानीय विकास अधिकारी हरि वाशिष्ठले आयोगमा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिँदा निजलाई निजामती सेवा ऐन बमोजिम आवश्यक विभागीय कारबाही गर्न निज हाल कार्यरत कृषि तथा सहकारी मन्त्रालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम लेखी पठाई लगत कट्टा गरी तामेली गर्ने मिति २०६६।१।१४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१३०. यस आयोगमा देशभक्त नेपालीको तर्फबाट प्राप्त उजुरी बमोजिम जिल्ला विकास समितिको कार्यालय धनुषामा कार्यरत सह-लेखापाल जीवनाथ चौधरीले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज जीवनाथ चौधरीले मिति २०५३।३।१३ देखि जिल्ला विकास समितिको कार्यालय धनुषामा सह-लेखापाल पदमा अस्थायी नियुक्ती भै मिति २०५६।९।१५ मा स्थायी भै हालसम्म सोही पदमा सोही कार्यालयमा कार्यरत रहंदै आएको देखिन्छ ।

(ख) निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात पारिश्रमिकबाट रु. १२,१७,००३।-, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण सापटी रु. ९८,७५,०००।-, जग्गा बिक्रीबाट रु. १८,९०,०००।-, श्रीमतीको तलब भत्ता बापत रु. ५,८४,१५०।-

तथा अन्य विविध आय (व्यापार व्यवसायबाट) रु. ३०,००,३१३।- समेत गरी कुल जम्मा आम्दानी रु. १,६५,६६,४६६।- आय आर्जन गरेको देखियो । सोही अनुसार निजले सार्वजनिक सेवामा प्रवेश गरेपश्चात हालसम्म घर निर्माणमा रु. ४५,९७,१६६।-, जग्गा खरिदमा रु. १६,६८,५००।-, सवारी साधन खरिदमा रु. १,१५,०००।-, व्यापार व्यवसायमा लगानी रु. २२,००,०००।-, बैंकको ऋण चुक्ता गर्न रु. ४१,२५,०००।-, आयकर दाखिला रु ४,७५,१०२।-, विविध (होटेल रेष्टुरेण्ट सजावट खर्च) रु. २७,६०,०००।-, नगद मौज्दात रु. ३,१८,५००।- एवं बैंक मौज्दात रु. २,७८,१०७।- समेत गरी जम्मा रु. १,६५,३७,३७५।- खर्च गरेको देखिँदा निजको आयको तुलनामा व्यय कम नै रहेको देखियो ।

निजले आयोगमा पेश गरेको बैंक विवरण तथा यस आयोगमा अनुसन्धानको क्रममा प्राप्त भएको निजको एकाघरको परिवारको नाममा रहेको बैंक खाता विवरण अनुसार हालसम्ममा रु. २,७८,१०७।- बैंक मौज्दात तथा रु. ३,१८,५००।- नगद मौज्दातसमेत गरी जम्मा रु. ५,९६,६०७।- मौज्दात रहेको देखिएकोले सोही रकमलाई हालसम्मको मौज्दात रकम मान्नुपर्ने देखियो ।

(ग) तसर्थ, निज जीवनाथ चौधरीको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था नदेखिँदा पछि कहीँ कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।१।२० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१३१. मदन स्मारक उच्च मा.वि. पुल्चोक, ललितपुरले मिति २०६६।२।२४ मा माध्यमिक तहको सामाजिक शिक्षा विषयको १ जना अस्थायी शिक्षक नियुक्ति गर्न लिएको लिखित परीक्षामा अनियमितता गरी योग्यता नपुगेको, शिक्षा नियमावली बमोजिम अध्यापन अनुमति तालिम नलिएको व्यक्तिलाई लिखित परीक्षाको उत्तरपुस्तिका साटफेर गरी अनियमितता गरी शिक्षक नियुक्ति गरेको भन्ने उजुरीको सन्दर्भमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) मदन स्मारक उच्च मा.वि. पुल्चोक, ललितपुरले मिति २०६६।२।२४ मा माध्यमिक तहको सामाजिक शिक्षा विषयको १ जना अस्थायी शिक्षक नियुक्ति गर्न लिएको लिखित परीक्षामा अनियमितता गरी योग्यता नपुगेको, शिक्षा नियमावली बमोजिम अध्यापन अनुमति तालिम नलिएको व्यक्तिलाई लिखित परीक्षाको उत्तरपुस्तिका साटफेर गरी अनियमितता गरी शिक्षक नियुक्ति गरेको भन्ने उजुरीको सन्दर्भमा आरोपित इन्द्र घिमिरेले मिति २०६२।११।४ मा स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको, समाजशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेको देखिएको र शिक्षा नियमावली २०५९ को अनुसूची १२ को घ(२), ४ मा सामाजिक विषयमा अध्यापन गर्नको लागि स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने भन्ने व्यवस्था भएको हुँदा निजको अस्थायी शिक्षक पदमा नियुक्ति हुन योग्यता नपुगेको भन्ने देखिएन ।

(ख) उत्तरपुस्तिका साटफेर गरेको भन्ने तर्फ हेर्दा लिखित परीक्षामा उपस्थित परीक्षार्थीको हाजिरीमा निज इन्द्र घिमिरेले गरेको सहीको मसी र उत्तरपुस्तिकाको मसी एकै प्रकारको देखिएको तथा उत्तरपुस्तिकाको लेखन प्रवाह अस्वाभाविक र असहज जस्तो देखिन नआएको हुँदा उजुरीमा उल्लेखित आरोप प्रमाणित हुने तथ्यगत प्रमाणको अभाव र विद्यालयका प्रधानाध्यापकले पुरानो स्टक कपी र नयाँ खरिद गरेको कपी एकै पटक प्रयोगमा ल्याएको हुँदा उत्तरपुस्तिकाको रंग फरक पर्न गएको भनी लेखिदिएको देखिँदा उत्तरपुस्तिकाको फरक रंगलाई मात्र आधार लिई अनियमितता गरेको मानी निर्णयमा पुग्नु उचित देखिएन । तसर्थ प्रस्तुत उजुरी मिति २०६६।१।२१ मा भएको आयोगको निर्णयानुसार तामेलीमा राखिएको ।

१३२. नापी विभाग अन्तर्गतको नापी निरीक्षक पदमा कार्यरत ध्रुवनारायण सिंह थापाले पेश गरेको १९८३ को इन्टर शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन उपर आयोगको मिति २०६६।१।३ मा भएको पुनः प्रमाणीकरण आदेश बमोजिम पुनः प्रमाणीकरणको लागि उच्च माध्यमिक शिक्षा परिषद्मा पठाइएको र उच्च माध्यमिक शिक्षा परिषद्को प.सं. ०६६/६७ च.नं. २१११ मिति २०६६।१२।२९ को पत्रबाट अपर सचिव, माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय इलाहवादको दिनांक ८।३।०१० को पत्रमा ध्रुवनारायणसिंह थापा S/O सुन्दरसिंहबेबाट ५०० पूर्णाङ्कमा २६२ अङ्क प्राप्त गरी द्वितीय श्रेणीमा इन्टर परीक्षा उत्तीर्ण गरेको भन्ने लिखित प्रमाणीकरण व्यहोरा उल्लेख भई आएकोले थप अनुसन्धान कारबाही गरिरहन नपर्ने देखिँदा उक्त उजुरीको लगत कट्टा गरी फाइल तामेलीमा राख्ने गरी मिति २०६६।१।२२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१३३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सिंचाइ विभाग अन्तर्गतको इन्जिनियर शिवचन्द्र लाल कर्णले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज शिवचन्द्र लाल कर्णले मिति २०३४।७।२७ मा अस्थाई ओभरसियर पदमा मध्यमाञ्चल क्षेत्रीय सिंचाइ निर्देशनालयमा सेवा प्रवेश गरी मिति २०३४।१०।१७ मा स्थाई भई हाल सिंचाइ विभाग अन्तर्गत कमला सिंचाइ डिभिजन ३ धनुषामा इन्जिनियर (विशेष) पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निजले सार्वजनिक पद धारण गरेपश्चात निजको तलब भत्ता बापत रु. १३,२३,८४०।, कन्सलटेन्सीमा काम गर्दा रु. ३,८३,०००।-, ऋण सापटी रु. ६,१०,०००।- जग्गा बिक्रीबाट रु. ३,४८,०००।-, कृषि आय रु. १,३३,६४०।- समेत गरी जम्मा आय रु. २७,९८,४८०।- प्राप्त गरेको देखिन्छ भने व्ययतर्फ घर निर्माण मा रु. १०,९५,०१८।- जग्गा खरिदमा रु. ४,१३,५००।-, ऋण चुक्ता रु. ५,९०,०००।-, मोटरसाइकल खरिद रु. ५३,०००।- नगद मौज्दात रु. १२,०००।-, बैंक मौज्दात रु. ४०,८६९।- समेत गरी जम्मा व्यय रु. २२,०४,३८७।- देखिएकोले व्ययभन्दा आय रु. ५,९४,०९३।- नै बढी

हुन जाने देखिए तापनि हाल निजको बैंक मौज्दात र नगद मौज्दात गरी रु. ५२,८६९।- मात्र आय बढी भएको मान्नुपर्ने देखिन्छ ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।१।२३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१३४. वि.पि. कोइराला स्वस्थ्य विज्ञान प्रतिष्ठान धरानका अस्पताल निर्देशक प्रा.डा. बलभद्र दासले अकुत सम्पत्ति कमाएको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज बलभद्र दास मिति २०५०।३।२७ मा जुनियर रेसिडेन्ट पदमा सेवा प्रवेश गरी मिति २०६४।५।३१ मा अस्पताल निर्देशक पदमा पदोन्नति भई हालसम्म सोही पदमा कार्यरत रहेको देखियो ।

(ख) निजले सार्वजनिक पद धारण गरेपछि राजविराजको जग्गा खरिदमा रु. १३,१८,०००।- गाडी खरिदमा रु. १४,५०,०००।- मोटरसाईकल खरिदमा रु. १,०४,०००।- विराटनगरको घर जग्गा खरिदमा रु. ३०,००,०००।- खर्च गरेको र विभिन्न बैंकहरूमा रु. ३,४२,०००।- जम्मा गरेको देखिन आयो ।

(ग) निजले आर्जन गरेको स्रोत तथा सो को प्रमाण कागज हेर्दा तलब भत्ताबाट रु. १,०३,७१,६७७।- आय गरेको र बैंकबाट रु. १०,००,०००। ऋण प्राप्त गरेको देखियो ।

(घ) उपरोक्त बमोजिम निज बलभद्र दासले आर्जन गरेको चल अचल सम्पत्ति र आयका अवस्थाहरू हेर्दा हाल निजसँग मौज्दात रहेको बैंकमा नगद मौज्दात रु. ३,४२,०००।- र विराटनगरको घर र राजविराजको जग्गा तथा सवारी साधनमा एउटा कार तथा एउटा मोटर साइकलसम्म निजको सम्पत्ति मान्दा निजले सार्वजनिक सेवा प्रवेश गरेपछिको आम्दानीभन्दा खर्च कम भई निजले अस्वाभाविक सम्पत्ति आर्जन गरेको भन्न मिल्ने अवस्था नरहेकाले केही नयाँ प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी प्रस्तुत अनुसन्धानको फाइल भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।२।६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१३५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम हाल जल उत्पन्न प्रकोप सिंचाइ डिभिजन नं.१ नुवाकोटमा इन्जिनियर (विशेष) पदमा कार्यरत विष्णुप्रसाद श्रेष्ठले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोतको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज विष्णुप्रसाद श्रेष्ठ मिति २०४६।४।१ मा ओभरसियर पदमा नियुक्ति भई हाल जल उत्पन्न प्रकोप सिंचाइ डिभिजन नं.१ नुवाकोटमा इन्जिनियर (विशेष) पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा निजले पेश गरेको विवरण बमोजिम जम्मा रु. १७,२२,४००।- मध्ये रु. १४,४७,८४३।- को जग्गा बिक्री गरेको प्रमाण पेश नगरेको भनी कैफियत उल्लेख भई आएको देखिन्छ । हाल अनुसन्धानको क्रममा निजले कागजातका प्रतिलिपिहरू पेश गरेको हुँदा निजको हालसम्मको आय व्यय विश्लेषण गर्दा निज बाबु आमाको एकल सन्तान भएको, निजको बाबु हरिबहादुर श्रेष्ठ पनि २०२६ सालदेखि २०५८ सालसम्म निजामती सेवाको सह-लेखापाल पदमा कार्यरत रहेको देखिएको, आमा तथा श्रीमतीले व्यापार व्यवसाय गर्ने गरेको भन्ने देखिएको, करिब २५-२६ रोपनी पैतृक कृषिजन्य जग्गा रहेको देखिएको र निज हालसम्म सगोलमा नै रहेको देखिएको तथा जग्गा बिक्री लगायतका प्रमाण पेश गरिसकेको अवस्था हुँदा व्ययभन्दा आय धनात्मक देखिएको र हाल निजसँग पैतृक जग्गा बाहेक ललितपुरमा ०-५-०-० क्षेत्रफल जग्गामा रु. १३,००,०००।- मा बनेको एउटा घर र रु.८२,४९७।- बैंक मौज्दात रहेको देखिँदा सोही सम्पत्तिसम्म निजको मौज्दात सम्पत्ति भन्नुपर्ने देखिन्छ ।

(ग) अत: निज विष्णु कुमार श्रेष्ठको समग्र आय व्ययलाई विश्लेषण गर्दा व्ययभन्दा आय अधिक देखिन गई निजले सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो उच्च जीवनयापन गरेको भन्ने देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम हुने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।२।१० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१३६. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम डिभिजन सडक कार्यालय, हेटौंडा, मकवानपुरका इन्जिनियर. मदन किशोर प्रसाद शाहले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

निज मदन किशोर प्रसाद शाह २०३६।४।२२ मा डिभिजन सडक कार्यालय, चितवनमा ओ.सी. पदबाट सरकारी सेवाको सार्वजनिक पद धारण गरी विभिन्न कार्यालयहरूमा कार्यरत रही २०६४ सालमा इन्जिनियर पदमा बढुवा भई हाल डिभिजन सडक कार्यालय, हेटौंडा मकवानपुरमा कार्यरत रहेको पाइयो । निज मदन किशोर प्रसाद शाहले नोकरी अवधिमा तलब भत्ता, बैंक तथा वित्तीय संस्थाबाट ऋण सापटी, कृषि आय एवं जग्गा बिक्री समेतबाट रु. ४४ लाख ९९ हजार ६९ आय आर्जन गरेको र जग्गा खरिद, सवारी साधन खरिद, ऋण चुक्ता र बैंक मौज्दात समेत गरी रु. २१ लाख ४९ हजार ५६५ सम्पत्तिजन्य खर्च गरेको देखिन आयो ।

यसरी निजले रु. ४४ लाख ९९ हजार ६९ आय गरेको रु. २१ लाख ४९ हजार ५६५ व्यय गरेको देखिए तापनि हाल निजसँग बैंक मौज्दात रु. २१९४ मात्र देखिएको हुँदा बाँकी फरक रकम निजको घर खर्च भई हालको अवस्थामा निजको नगद मौज्दात रु. २१९४ मात्रै देखिन आयो । सेवा अवधिमा निजको समग्र आय, व्यय अवस्था हेर्दा धनात्मक रहेको देखिएको र चल तथा अचल सम्पत्तिको परिमाण हेर्दा निज शाहले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा सामाजिक जीवन निर्वाह गरेको देखिन नआएकोले पछि कहीँ कतैबाट नयाँ प्रमाण प्राप्त हुन आएमा कानून बमोजिम गर्ने गरी प्रस्तुत अनुसन्धान फाइल भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।२।१२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१३७. घरेलु तथा साना उद्योग विकास समितिका नारायणमणी लामिछानेले लमजुङ शाखामा कार्यरत रहँदा विभिन्न भ्रष्टाचारजन्य कार्य गरेको सम्बन्धमा समितिबाट छानबिन हुँदा; निजले विभिन्न कार्यक्रमको रु. २०,६००।-, धरौटी दाखिला नगरी रु.४७००।-, नियममा नै नभएको सरुवा बन्दोबस्ती भनी रु. ११,३४०।- तथा कार्यालय प्रमुखको कीर्ते हस्ताक्षर गरी औषधी उपचारतर्फ रु. २३,५००।- दोहोरो भुक्तानी लिएको भनी स-प्रमाण प्रतिवेदन पेश भएको भए तापनि तत्कालीन व्यवस्थापनले निजलाई सफाई दिएको र हाल निजको बढुवा पनि गरिएको भनी यस आयोगमा प्राप्त उजुरी उपर छानबिन गरी राय सहितको प्रतिवेदन पेश गर्न उद्योग मन्त्रालयमा पठाइएकोमा प्राप्त प्रतिवेदन उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

घरेलु तथा साना उद्योग विकास समितिका नारायणमणी लामिछानेले औषधी उपचार बापत भुक्तानी लिएको रकम म.ले.प. बेरुजु नभए पनि आफैं निवेदन दिई फिर्ता जम्मा गरेको तथा उजुरीमा उल्लेखित अन्य विषयहरूका सम्बन्धमा समेत समितिबाट छानबिन गरी प्राप्त भएको प्रतिवेदनको आधारमा निजबाट मिति २०६२।११।२९ र पुनः मिति २०६३।२।४ मा स्पष्टीकरण प्राप्त गरी निजलाई मिति २०६४।१२।४ मा सफाई दिने विभागीय निर्णय भएको पाइन्छ । सो निर्णयमा, नियममा नै नभएको सरुवा बन्दोबस्ती भनी रु. ११,३४०।- भुक्तानी लिएको भन्ने सम्बन्धमा पनि दुई वर्ष अवधि नपुग्दै सरुवा भएकाले नयाँ ठाउँमा बन्दोबस्त गर्न भनी एक महिनाको तलब बराबरको रकम लिने व्यवस्था समितिको आर्थिक नियमावलीमा नभएको भए तापनि प्रचलित आर्थिक कार्यविधि नियमावली अनुसार भुक्तानी लिएको र नेपाल सरकारबाट समितिलाई विनियोजित बजेट खर्च सोही नियमावलीबाट नै हुने गरेकाले सो रकम निजबाट असुल उपर गरिरहन नपर्ने भनी भएको निर्णय समितिको नियम अनुसार नदेखिए तापनि सो सरुवा बन्दोबस्ती बापत बुझेको रकम रु. ११,३४०।- निज नारायणमणी लामिछानेले निवेदन साथ यस आयोगको लेखा शाखामा मिति २०६७।२।१७ गते बुझाइसकेको हुँदा यस सम्बन्धमा थप केही गर्न परेन अतः मिति २०६६।२।१९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१३८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम नायब सुब्बा पदबाट सेवा अवकाश लिएका दिवाकरप्रसाद चापागाईंले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज दिवाकरप्रसाद चापागाईं २०३९।११।५ मा खरिदार पदबाट सेवा प्रवेश गरी २०४१।३।२१ मा लोक सेवा पास गरी ना.सु. पदमा कार्यरत रहेको देखिन्छ भने निजले २०६३।१०।१ देखि स्वेच्छिक अवकाश लिई हाल डब्लुडब्लुएफमा कार्यरत रहेको पाइन्छ ।

(ख) निज दिवाकर प्रसाद चापागाईंको समग्र आयलाई हेर्दा निजको आयतर्फ तलब भत्ता बापत प्राप्त रु. १५,६७,५२९।-, करारबाट प्राप्त रु. १,५०,०००।- श्रीमतीको तलब बापत प्राप्त रु. ४,९०,६२०।-, हाल कार्यरत संस्थाबाट पारिश्रमिक बापत प्राप्त रु. १३,७८,७५४।-, जग्गा बिक्रीबाट प्राप्त रु. ५४,१५,३००।- अवकाशपश्चात् संचय कोष तथा बिदाको रकम समेत गरी जम्मा प्राप्त रु. ५,००,७२०।-, बैंक सापटीबाट प्राप्त रु. ४३,९६,३१३।-, शेयर बिक्रीबाट प्राप्त रु. १९,४१,४५६।-, गरी कुल जम्मा रु. १,५८,४०,६९२।- आर्जन गरेको देखिन्छ भने खर्चतर्फ घर निर्माणमा रु. १७,६८,७०४।-, जग्गा खरिदमा रु. ४०,८६,९००।- शेयर खरिदमा रु. १५,०८,०००।-, सवारी साधन खरिदमा रु. १५,४०,०००।- बैंक मौज्दात रु. ४,८६,०२६।- विद्युतीय सामानको खरिदमा रु. ३०,०००।- गरी जम्मा रु. ९४,१९,६३०।- खर्च गरेको देखिँदा निजले आर्जन गरेको रु. १,५८,४०,६९२।- बाट हालसम्म खर्च भएको रु. ९४,१९,६३०।- कटाउँदा रु. ६४,२१,०६२।- संचित भएको देखिए पनि बैंकमा मौज्दात रहेको रु. ४,८६,०२६।- लाई नै हालसम्मको बचत मान्नुपर्ने देखिन आयो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवन निर्वाह गरेको देखिन नआएकोले पछि नयाँ प्रमाण प्राप्त भएका बखत कानून बमोजिम हुने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।२।१९ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१३९. नेपाल आयल निगम लिमिटेडका स्थायी भारी सवारी चालक (पाँचौं स्तर) का लोक बहादुर खड्काले जिल्ला प्रशासन कार्यालय बबरमहलबाट नागरिकतामा भएको जन्म मिति २००८।१।८ को ठाउँमा २००८।११।८ मिति सच्याई बढी अवधिसम्म पदमा बहाल रहेको हुँदा कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

नेपाल आयल निगम लिमिटेडका भारी सवारी चालक (पाँचौं स्तर) का लोकबहादुर खड्काले मिति २००८।१।८ मा नागरिकताको प्रमाणपत्र लिँदा उमेर २० वर्षको भनी नागरिकताको प्रमाण पत्रमा उल्लेख गरेको देखिन्छ । पुनः मिति २०६६।१।२ मा नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा जन्म मिति २००८।११।८ भनी महिना र गते समेत खुलाई प्राप्त गरेको सन्दर्भमा हेर्दा सो मितिबाट २०६६।११।१७ गते निजको उमेर ५८ वर्ष पूरा भई २०६६।११।१८ गते देखि लागू हुने गरी सेवा निवृत्त समेत भैसकेको देखिँदा र सो को अतिरिक्त निजको अर्कै जन्म मिति हो भनी महिना र दिनसमेत खुलेको अन्य प्रमाण समेत नपाइएबाट जन्म मिति महिना र दिन खुलेको नागरिकताको प्रमाण

पत्रलाई अन्यथा भन्न मिल्ने देखिएन । निज लोकबहादुर खड्काले वैशाख, जेठ र असार महिनाको हाजिरी नगरी तलब खाइरहेको भन्ने उजुरीका सम्बन्धमा हेर्दा वैशाख महिनामा २४ दिन जेठ महिना ३२ दिन र आषाढ महिना १ दिनसमेत निज जम्मा ५७ दिन कार्यालयमा हाजिरी नरहेको हाजिरी रेकर्ड प्रतिलिपिबाट देखिएकोमा हाजिर नरहेको उल्लेखित अवधि जम्मा दिन ५७ अशक्त बिदा स्वीकृत भएको भन्ने नेपाल आयल निगम लि. को मिति २०६६।११।२१ र २०६६।११।२३ को पत्र पेश भएको देखिँदा मिति २०६६।२।२० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४०. बाँके जिल्ला कोहलपुर वडा नं. ४ (साविक चहार) क्षेत्रफल १-१०-० जग्गा बिगाह तत्कालीन भेरी अञ्चल बाँके बर्दिया वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिबाट सुकुम्बासीका नाममा जग्गा लिई बिक्री वितरण गरेको भन्ने समेत व्यहोराको आयोग समक्ष पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) तत्कालीन भेरी अञ्चल बाँके बर्दिया जिल्ला वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिले मिति २०४१।१२।१५ गते निर्णयको आधारमा वेदकुमार श्रेष्ठलाई कोहलपुर ४ (साविक चहार) मा रहेको १-१०-० जग्गा बिगाह मिति २०४३।४।२८ मा जग्गा धनीको प्रमाण श्रेस्ता समेत दिई १० वर्षसम्म बेचबिखन, दान दातव्य हकहस्तान्तरण गर्न नपाउने शर्तसहित उपलब्ध गराइएको देखियो ।

(ख) यसरी उक्त जग्गा उपलब्ध गराउने तत्कालीन भेरी अञ्चल बाँके बर्दिया जिल्ला वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिलाई योजना तथा निर्णय अनुसार पुनर्वास वा बसोबासका लागि जग्गा दिन निर्णय गर्न अधिकार तत्कालीन श्री ५ को सरकारको मिति २०३८।९।२९ को निर्णयानुसार गठित उक्त भेरी अञ्चल बाँके बर्दिया जिल्ला वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिको काम कर्तव्य र अधिकार अन्तर्गत दफा ७ मा उल्लेख रहेको पाइयो ।

(ग) तसर्थ यस विषयमा उजुरीतर्फ लगत कट्टा गरी तामेलीमा राख्ने गरी मिति २०६६।२।२६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४१ सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सडक विभाग र अन्तर्गत कार्यरत ओभर सियर प्रदीप कुमार श्रेष्ठले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज प्रदीप कुमार श्रेष्ठले मिति २०४१।६।५ देखि तत्कालीन पंचायत तथा स्थानीय विकास मन्त्रालय, सार्वजनिक निर्माण शाखाको ओ.सि. पदमा सेवा प्रवेश गरी सार्वजनिक पद धारण गरेको र हाल डिभिजन सडक कार्यालय भक्तपुरमा कार्यरत रहेको देखिन्छ । निजको परिवारमा श्रीमती नीशा श्रेष्ठ,

छोरा, प्रतीक श्रेष्ठ र छोरी प्रेशिका श्रेष्ठ सहित चार जनाको परिवार रहेको देखिन्छ । हालसम्म बाबुआमा तथा भाइबुहारी समेत सगोलमै रहेको देखिन्छ ।

(ख) निजको आयतर्फ तलब भत्ता रु. ११,६८,६८५।-, निजसँग विवाहपूर्व नै निजकी श्रीमती निशा श्रेष्ठको नाममा रहेको ५-३-१९ क्षेत्रफलको जग्गा तथा पैतृक जग्गा समेत बिक्रीबाट प्राप्त रु.२९,५५,०००।- कृषि आय रु.४,००,०००।- र कर्मचारी सञ्चय कोष सापटी रु. १,५६,०००।- गरी जम्मा रु. ४६,७६,६८५।- आय गरेको देखियो । व्ययतर्फ निजको चल अचल सम्पत्तितर्फ विभिन्न बैंकहरूमा रहेको नगद मौज्दात रु. १०,७९,२३२।-, विभिन्न कम्पनीहरूको शेयर खरिद रु. १०,८३,०५०।-, २०५५ सालमा का.म.न.पा. वडा नं. १६ चमतीमा रु. १,००,०००।- मा ८ (आठ) आना जग्गा खरिद गरी २०५८ देखि २०६५ सालको अवधिमा रु. १५,६५,६८५।- को लागतमा अढाइ तले घर निर्माण गरेको देखियो । सोही अवधिमा सवारी साधन खरिदमा रु. ८०,०००।-, कर्जा चुक्ता रु. १,१८,०००।- तथा अन्य विविध व्ययतर्फ रु. १,४३,०००।- समेत गरी रु. ४१,६८,९३।- व्यय देखिन आयो ।

(ग) निजको समग्र आय व्यय विश्लेषण समेत गरी हेर्दा निजको व्ययभन्दा आय नै बढी देखिएको र जीवनस्तर अमिल्दो र अस्वाभाविक रहेको देखिन नआएको अवस्थामा पछि कहीँ कतैबाट नयाँ प्रमाण सहित फेला परेमा कानून बमोजिम कारबाही हुने नै हुँदा हाल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।२।२६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४२. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम भू- सूचना तथा अभिलेख विभाग अन्तर्गतका खरिदार मधुसुदन खड्काको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज मधुसुदन खड्काले मिति २०३६।१२।२४ मा तत्कालीन राष्ट्रिय पंचायतमा बहिदार पदमा स्थायी नियुक्त भई हाल भू-सूचना तथा अभिलेख विभागमा खरिदार पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निजले सार्वजनिक पद धारण गरेपश्चात निजको तलब भत्ता बापत रु. १०,४१,६७६।- जम्मा आय रु. १०,४१,६७६।- प्राप्त गरेको देखिन्छ भने व्ययतर्फ जग्गा खरिदमा रु. ९,५००।, मोटरसाइकल खरिद रु. २,३२,०००।-, बैंक मौज्दात रु. ७,१६,६००।- समेत गरी जम्मा व्यय रु. ९,५८,१००।- देखिएकोले व्ययभन्दा आय बढी हुन जाने देखिएको ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।२।२६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम भूमिसुधार तथा व्यवस्थापन विभाग अन्तर्गतका खरिदार दिव्यराज भट्टराईको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज दिव्यराज भट्टराई मिति २०३२।५।२४ देखि खरिदार पदमा सरकारी सेवामा सेवा प्रवेश गरी मिति २०६२।९।१ देखि स्वेच्छिक अवकाश लिएको अभिलेखबाट देखिन्छ ।

(ख) निजले सार्वजनिक पद धारण गरेपश्चात निजको तलब भत्ताबापत रु. ६,८०,१०५।-, जग्गा बिक्री बापत रु. २५,३६३।-, अंशबापत रु. २०,००००।- गरी जम्मा आय रु. २७,०५,४६८।- प्राप्त गरेको देखिन्छ । यसैगरी व्ययतर्फ जग्गा खरिदमा रु. १,३२,९२५।-, घर निर्माणमा रु. ४,३५,८९२।-, शेयर खरिदमा रु. ३,०००।, व्यवसायमा गरेको लगानी रु. ६,००००।-, सुन खरिदमा रु. ११,२५०।-, बैंक मौज्दात रु. ९,१९,६४१।- समेत गरी जम्मा व्यय रु. २१,०२,७०८।- देखिएकोले व्ययभन्दा आय बढी हुन जाने देखिएको ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।२।२६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४४. यस आयोगमा परेको "जिल्ला रौतहट नमुना गा.वि.स. समनपुरका गा.वि.स.सचिव कुमार बहादुर थापा समेतको मिलेमतोमा गा.वि.स.मा उठेको मालपोत बापत प्राप्त राजस्व रकम र आ.व. २०६६।६७ मा विभिन्न ठेक्का लगाउँदा ठेक्का बापत उठेको रकम र गा.वि.स.मा प्राप्त हुने अन्य रकम समेत बैंक खातामा दाखिला नगरी आफैंले हिनामिना गरेको" भन्ने विषयको उजुरीको सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

जिल्ला रौतहट नमुना गा.वि.स.समनपुरले मिति २०६६।२।२५ गतेको सूचनाद्वारा विभिन्न आय ठेक्कासम्बन्धी बोलपत्र आव्हान गरेकोमा बोलपत्र अनुसार ठेक्का नं. १।०६६।०६७ अनुसार समनपुर बजार तथा रोड बजारको ठेक्का न्यूनतम कबोल अंक रु. १,२१,०००।- र ठेक्का नं. २।०६६।६७, समनपुर नाकाको बागमती नदीको पैनीबाट ढुंगा गिट्टी, बालुवा, ग्राभेल समेतको कर उठाउने ठेक्का न्यूनतम कबोल अंक रु. १५,००,००१।- भनी विभिन्न शर्त बन्देजका साथ १ वर्षको लागि बोलपत्र आव्हान गरेकोमा प्राप्त बोलपत्रहरू मिति २०६६।३।२२ मा सम्बद्ध सबै पक्षको रोहबरमा खोल्दा बजार एरियाको ठेक्काको लागि सबैभन्दा बढी अंक रु. १,४५,१००।- बोल कबोल गर्ने समनपुर-४ का रमेश प्रसाद साह र समनपुर नाकाको बागमती नदीको पैनीबाट बालुवा, ढुंगा, गिटी, ग्राभेल आदिको कर उठाउने ठेक्काको लागि सबैभन्दा बढी अंक रु. २५ लाख बोल कबोल गर्ने समनपुर-४ का सुरेश साहलाई एक वर्षको लागि ठेक्का

स्वीकृत गरेकोमा समनपुर नाकाको बागमती नदीको पैनीबाट रोडा, बालुवा, ढुंगा, गिटी, ग्राभेल आदिको कर उठाउने ठेक्कामा सबैभन्दा बढी अंक रु. २५ लाख बोल कबोल गर्ने समनपुर-४ का निज सुरेस साहले बोल कबोल गरेको अंक रु. २५ लाख मध्ये पाँच प्रतिशतले धरौटी बापत हुन आउने रकम रु. १,२५,०००।-, दुवै टेण्डरहरूको टेण्डर फारामको बिक्रीबाट प्राप्त हुन आएको रकम रु. २८,६३५।- र समनपुर बजारको ठेक्का बापतको धरौटी रकम रु. ७३००।- समेत गरी जम्मा रु. १,३२,३००।- र बालुवा गिट्टीको ठेक्काको प्रथम किस्तामध्येको रु. ८,७५,०००।- मध्येको रु. ३,३९,०६५।- समेत गरी जम्मा रु. ५ लाख मिति २०६६।३।२३ मा राष्ट्रिय वाणिज्य बैंक गरुडा, रौतहटमा जम्मा गरेको देखिएको ।

त्यस्तै बजार ठेक्काको रकम रु. १,४५,१००।- मध्ये धरौटी बापत हुने आउने रकम रु. ७,३००।- कट्टा गरी बाँकी हुन आउने रकम रु. १,३७,८००।- र गिट्टी, ढुंगा, बालुवा ग्राभेल आदिको कर उठाउने ठेक्काको प्रथम किस्ता बापतको रकम रु. ८,७५,०००।- मध्ये रु. ३,३९,०६५।- बैंक दाखिला गरी बाँकी हुन आउने रकम रु. ५,३५,९३५।- समेत गरी जम्मा रु. ६,७३,७३५।- गोश्वारा भौचर नं. ४७ बाट मिति २०६६।३।२८ मा नगदै दाखिला गरेको समेत देखियो ।

गिट्टी, ढुंगा, बालुवा ग्राभेल आदिको कर उठाउने ठेक्काको दोस्रो किस्ता बापत बुझाउनुपर्ने रकम रु. ७,५०,०००।- मध्ये मिति २०६६।११।२७ मा रु.२,५८,०००।- मिति २०६६।११।२८ मा रु. ४,४७,०००।- र मिति २०६६।१२।१ मा रु. ४५,०००।- समेत गरी जम्मा रु. ७,५०,०००।- रा.वा.बैंक गरुडा, रौतहटमा जम्मा गरेको देखियो र तेस्रो तथा अन्तिम किस्ता बापत बुझाउनुपर्ने रकम रु. ७,५०,०००।- मध्ये मिति २०६६।१२।३१ मा रु. १ लाख, मिति २०६७।१।१४ मा रु. २ लाख, मिति २०६७।२।९ मा रु. ७५ हजार, मिति २०६७।२।१६ मा रु. ३ लाख ४० हजार र २०६७।२।१८ मा रु. ३५ हजार समेत गरी जम्मा रु. ७,५०,०००।- रा.वा.बैंक गरुडा, रौतहटमा उक्त आ.व.भित्रै जम्मा गरेको देखिएको छ ।

अत: गा.वि.स.मा प्राप्त हुने मालपोत बापतको राजस्व रकम र गा.वि.स.मा प्राप्त हुने राजस्व बापतका अन्य रकमहरू समेत हिनामिना भएको समेत तथ्य पुष्टि हुने नदेखिएको हुँदा पछि कहीँ कतैबाट थप कुरा खुल्न आएमा कानून बमोजिम हुने नै भएकोले हाललाई प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।३।४ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४५. भक्तपुर जिल्ला वन कार्यालयका वन अधिकृत बिन्दु कुमारी मिश्रले घर बसेर हाजिर गरेको र सरकारी गाडी समेतको दुरुपयोग गरेको भन्ने उजुरी निवेदन उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो । प्रस्तुत उजुरी निवेदनमा उल्लेख गरिएका कुराहरूलाई पुष्टि गर्ने कुनै आधारभूत प्रमाण नभेटिएकोले मिति २०६६।३।१५ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४६. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम यातायात व्यवस्था कार्यालय वागमतीका खरिदार सूर्यराज पोखरेलले निज पदमा बहाल रहँदा आर्जन गरेको स्रोत

नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

अनुसन्धान अधिकृतको प्रतिवेदन र मिसिल संलग्न कागजातहरूबाट निज सूर्यराज पोखरेलले मिति २०५१।३।२१ देखि खरिदार (विकासतर्फ) र मिति २०५३।२।१३ देखि खरिदार पदमा स्थायी नोकरीमा प्रवेश गरी हाल ना.सु. पदमा कार्यरत रहेको देखियो । निजको हालसम्मको अनुसन्धानबाट प्राप्त तथ्य र फाइल समेतका आधारमा आयतर्फ तलब भत्ता रु. ७,१३,९८८।-, बैंक तथा वित्तीय संस्थाबाट ऋण सापटी बापत रु. २,००,०००।-, जग्गा बिक्रीबाट रु. २२,२४,०००।-, विविध आय रु. ५,००,०००।- गरी कुल जम्मा रु. ३६,३७,९८८।- आय आर्जन गरेको देखिन्छ भने घरजग्गा खरिद बापत रु. ३४,००,३००।-, शेयर खरिद बापत रु. १,०००।-, वित्तीय संस्थाको सापटी भुक्तानी रु. ८३,२६०।- र बैंक मौज्दात तथा नगद मौज्दात समेत रु. १,०५,८५७।- गरी जम्मा कुल रु. ३५,९०,४१७।- खर्च भएको देखियो ।

अत: निज पोखरेलले सार्वजनिक पदमा प्रवेश गरेपछि आर्जन गरेका स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवनयापन गरेको भन्ने नदेखिएकोले पछि कहीँ कतैबाट तथ्यसाथ स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा नयाँ प्रमाण फेला परे उसै बखत कारबाही हुने गरी निज उपरको अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने गरी मिति २०६६।३।१६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४७. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम तत्काल सडक विभागमा ओभर सियर पदमा कार्यरत हाल सेवा निवृत्त भै अमेरिकामा बसोबास गर्दै आएका हुमबहादुर आलेले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज हुम बहादुर आले मिति २०४८।५।२५ मा सडक विभागमा ओभर सियर पदमा सार्वजनिक पदमा सेवा प्रवेश गरी हाल २०६२।३।२२ मा सेवा निवृत्त भै अमेरिकामा बसोबास गर्दै आएको देखिन्छ ।

(ख) निज आलेको आफू सार्वजनिक सेवामा प्रवेश गरेपछि घर निर्माणतर्फ रु. १०,८३,४००।- जग्गा खरिदतर्फ रु. ७,१५,५००।-, सापटी फिर्ता रु. ५,१०,७०५।- बैंक मौज्दात रु. ४५,०००।- समेत गरी रु. २३,५४,७०५।- व्यय देखिन्छ भने आयतर्फ हेर्दा तलब भत्ता बापत (श्रीमान्/श्रीमती दुवैको) रु. १२,२४,२९६।-, क.सं. कोष ऋण सापटी (श्रीमान्/श्रीमती दुवैको) रु. ६,९०,४८०।- जग्गा बिक्रीबाट रु. ३,०२,०००।- र कृषि आय रु. २,६७,५००।- समेत गरी जम्मा रु. २४,८४,२७६।- मौज्दात रहन जाने देखिन्छ ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएमा कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम

तामेलीमा राख्ने गरी मिति २०६६।३।१६ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सडक बिभाग अन्तर्गतका ओभर सियर विनोद कुमार महर्जनले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज विनोद कुमार महर्जन मिति २०३६।४।२२ देखि नेपाल सरकार सडक विभाग अन्तर्गत ओभर सियर पदमा सेवा प्रवेश गरी सडक विभाग र सो अन्तर्गतका विभिन्न कार्यालयहरूमा कार्यरत रही मिति २०६२।११।१ देखि सेवा निवृत्त भएको देखिन आयो ।

(ख) निजले सेवा प्रवेशदेखि सेवा निवृत्त हुँदाको अवधिसम्ममा तलब भत्ता बापत प्राप्त रु. ९,८३,७३२।-, घर जग्गा बिक्रीबाट प्राप्त रु. १,३०,८०,०००।-, अनुस्का निर्माण सेवाको आयबाट प्राप्त रु. ३२,८२,३३०।६०, सवारी साधन भाडामा दिए बापत प्राप्त रु. ८,१५,०००।-, सवारी साधन बिक्रीबाट प्राप्त रु. २१,००,०००।, घर बहाल बापत प्राप्त रु. १७,६२,२१०।-, लुम्बिनी बिल्डर्ससँग साझेदारीमा काम गर्दाको प्राप्त रु. १६,८०,६१५।६२, कृषि आयबाट प्राप्त रु. १३,२५,०००।-, कृषि विकास बैंकमा घर जग्गा धितो राखिदिए बापत प्राप्त रु. २,६९,४२२।- र सेवा निवृत्त हुँदाका बखत प्राप्त रु. ७,३५,३८७-समेत गरी कुल जम्मा रु. २,६०,३३,६९७।२२ आय आर्जन गरेको देखिन आयो ।

त्यसै गरी निजले सेवा निवृत्त हुँदाको अवधिसम्ममा जग्गा खरिद गर्नमा रु. ४२,१४,७५०।-, घर निर्माणमा रु. १,४०,९४,०६२।७०, शेयर खरिद गर्नमा रु. ५,०३,५००।-, सवारी साधन खरिद गर्नमा रु. ११,५४,३०२।-, सवारी साधनको भन्सार तिर्नमा रु. १०,३५,५८४।-, अनुस्का निर्माण सेवामा लगानी गर्नमा रु. ३,००,०००।-, अनुस्का निर्माण सेवाको आयकर तिर्नमा रु. ४,२४,२०२।-, आयकर स्वयं घोषणा गरी कर तिर्नमा रु. ५,००,०००।- र बैंक मौज्दात रु. १०,२३,३०२।५२ समेत गरी कुल जम्मा रु. २,३२,४९,७०३।२२ खर्च तथा लगानी गरेको देखिन आयो ।

(ग) समग्रमा निज विनोद कुमार महर्जनको खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था पुष्टि हुन आएको नदेखिँदा हाललाई प्रस्तुत अनुसन्धान तहकिकातको कारबाही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राखी लगत कट्टा गरी दिने ।

(घ) साथै निज विनोद कुमार महर्जनकी श्रीमती सुशीला प्रधानको नाममा दर्ता कायम रहेको अनुस्का निर्माण सेवाले सेवा सञ्चालन गरेदेखि हालसम्ममा गरेको ठेक्कापट्टासम्बन्धी कारोबारबाट प्राप्त आय लगायत अन्य आय आर्जन बापत नेपाल सरकारलाई बुझाउनुपर्ने राजस्व बापतको कर/दस्तुर आदि बुझाएको

नबुझाएको सम्बन्धमा बुझ्न राजस्व अनुसन्धान विभागमा लेखी पठाउने गरी मिति २०६६।३।२३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१४९. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम हाल डिभिजन सडक कार्यालय मोरङ विराटनगरमा कार्यरत इन्जिनियर दान कुमार शाक्यले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज दानकुमार शाक्य मिति २०४८।२।६ देखि जिल्ला सडक कार्यालय भोजपुरको ओभर सियर पदमा सेवा प्रवेश गरी विभिन्न कार्यालयहरू हुँदै हाल डिभिजन सडक कार्यालय मोरङ विराटनगरमा इन्जिनियर पदमा कार्यरत रहेको देखियो ।

(ख) निजले सेवा प्रवेश गरेदेखि हालसम्ममा तलब भत्ता बापत रु. १६,६९,३१२।-, विदेशमा अध्ययन गर्दाको भत्ताबापत रु. ३,३५,६६४।-, स्वदेशको भत्ताबापत रु. २,११,८००।-,बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण सापटीबाट रु. २,५९,०००।-, जग्गा बिक्रीबाट रु. ३,५१,०००।- र श्रीमती सुमना शाक्यको तलब भत्ताबाट रु. १५,६०,०००।- समेत गरी कुल जम्मा रु.४३,८६,७७६।- आय आर्जन गरेको देखियो ।

त्यसै गरी निजले हालसम्ममा गरेको व्ययतर्फ हेर्दा जग्गा खरिद गर्नमा रु. २३,०६,३५०।-, क्वालिटी कलर ल्यावमा लगानी गर्नमा रु. ३,५०,०००।-, शेयर खरिद गर्नमा रु. ३०,२००।-, कर्मचारी संचय कोष र राष्ट्रिय बीमा संस्थानको ऋण सापटी तिर्नमा रु. २,९९,९८८।-, विभिन्न बीमा कम्पनीहरूमा बीमाको किस्ता रकम तिर्नमा रु. ४,०८,०३६।-, सुन चाँदी खरिद गर्नमा रु. ९०,३००।-, आफू बि.ई.मा अध्ययन गर्नमा रु. १,५५,०००।- र हालसम्मको बैंक मौज्दातमा रु. २१,०९६।- समेत गरी कुल जम्मा रु. ३६,६०,९७०।- खर्च तथा लगानी गरेको देखियो ।

(ग) समग्रमा निज शाक्यको खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिँदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था पुष्टि हुन आएको नदेखिँदा पछि कहीँ कतैबाट नयाँ प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।३।२३ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१५०. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा प्रद्युम्न सिंखडाले पेश गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने समेत व्यहोराको सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज प्रद्युम्न सिंखडाले स्थानीय विकास मन्त्रालय, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतमा २०४२।५।२० मा ओभर सियरको पदमा स्थायी सेवा प्रवेश गरी विभिन्न कार्यालयमा कार्यरत रही मिति २०४६।९।२१ देखि सडक विभाग अन्तर्गत कार्यरत रहेको देखियो । सडक विभाग अन्तर्गतका विभिन्न कार्यालयहरूमा कार्यरत रहँदाका अवस्था मिति ०६४।१२।३ देखि राजपत्रांकित तृतीय श्रेणी, अधिकृत स्तरको इन्जिनियर पदमा बढुवा भै हाल सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय, चितवनमा कार्यरत रहेको पाइयो ।

(ख) निज सिंखडाको समग्र आय व्यय हेर्दा आयतर्फ सार्वजनिक पदमा प्रवेश गरेपछि आ. व २०६५।०६६ सम्मको अवधिमा तलब भत्ता बापत रु. १०,३,७००९।, जग्गा बिक्रीबाट रु. १९०००।, मेलम्ची खानेपानी आयोजनाले जग्गा अधिग्रहण गर्दा प्रद्युम्न सिंखडाकी आमा खिलकुमारीले मुआब्जा बापत बुझेको रकममध्येबाट निज प्रद्युम्न सिंखडाको भागमा रु. ५६,८०,०००।- गरी जम्मा रु, ६७,३६,००९।- आय प्राप्त गरेको देखिन्छ । खर्चतर्फ घर खरिदका लागि रु. ५०,२५,०००।-, जग्गा खरिदतर्फ रु. ३५,०००।-, शेयर लगानी रु. ११,०००।-, सवारी साधन खरिद रु. १,२९,०००।-, सापटी दिएको रु. १०,००,०००।-, विद्युतीय सामग्री खरिद रु. ८७,०००।-, बैंक खातामा मौज्दात रु. १,२६,०७१।- समेत गरी जम्मा रु. ६४,१३,०७१।- खर्च भएको देखिन्छ । हाल निजको नाममा विभिन्न बैंक खातामा रु. १,२६,०७१।- मात्र मौज्दात देखिएको हुँदा सोही रकम नै आजसम्मको मौज्दात रहेको मान्नुपर्ने देखियो ।

यसरी निजको समग्र आय व्यय हेर्दा आयभन्दा व्यय बढी नदेखिएको हुँदा निज प्रद्युम्न सिंखडाले आफू सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि कहीँ कतैबाट नयाँ प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।३।२५ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१५१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा हाल उद्योग विभागका ना.सु. पदमा कार्यरत राजन कुमार बस्नेतले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज राजन कुमार बस्नेतले मिति २०५४।४।१७ देखि निजामती सेवामा प्रवेश गरी हाल घरेलु तथा साना उद्योग विभाग त्रिपुरेश्वर को ना. सु. पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) निज राजन कुमार बस्नेतको आय व्यय विश्लेषण गर्दा आयतर्फ तलब भत्ता बापत रु. ७,०९,८६०।- कर्मचारी संचय कोष सापटी रु. १,७३,३००।-, विद्युत प्राधिकरणको जागिर छाड्दा प्राप्त रकम रु. १,३३,७१०।-, जग्गा बिक्रीबाट रु. ५,८२,७८०।- जागिरमा प्रवेश गर्नुपूर्व निजले कोरिया गई आर्जन गरेको आय

रु.६,५४,४००।-, बैदेशिक रोजगारमा गएका अन्य व्यक्तिले विदेशबाट निजका नाममा पठाएको रकम रु. १,१२,१७५।- समेत गरी जम्मा रु. २३,६६,२२५।- आय रहेको देखिन्छ भने व्ययतर्फ घर निर्माणमा रु. १०,००,०००।-, जग्गा खरिदमा रु. ८,०७,३२५।-, बैंक मौज्दात रु. १,६०,०००।-, समेत गरी रु. १९,६७,३२५।-, व्यय देखिन्छ निजको आय र व्ययको अवस्था हेर्दा निजको आयको अनुपातमा व्यय कम भई रु. ३,९८,९००।- मौज्दात रहेको मान्नुपर्ने देखियो ।

(ग) यसरी निजको समग्र आय रु. २३,६६,२२५।- र कुल व्यय रु. १९,६७,३२५।- देखिएकोले निज बस्नेतले सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको भन्ने देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।३।२८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१५२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको प्राविधिक सेवा विभागले राडार प्रणालीको ब्याट्री फेर्ने निहुँमा झण्डै ६ वर्षअघि सयौं थान कमसल ब्याट्री खरिद गरी सो को प्रयोग गर्दै नगरी भण्डारमा लापरबाहीका साथ थन्क्याएको, तत्पश्चात त्यस प्राविधिक सेवा विभागले पुनः अर्को ब्राण्डका ब्याट्री खरिद गरी राडारमा प्रयोगमा ल्याई भ्रष्टाचार गरेको भन्ने समेत विषयको उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको Radar Site तथा Radar Operation Building को Back up को लागि आ.व.०६१।६२ मा HS-250 (E) को १३४ थान र HS- 150 (E) को १३४ थानको Lead Acid Storage Batteries खरिदको लागि शिल्ड कोटेसन आव्हान गरी सबभन्दा न्यून कबोल अंक रु. ६,९१,७७५।- भएको Allied Enterprises को प्रस्ताव स्वीकृत गरेको, Back up Design अनुसार Radar Site मा 60 KVA तथा Radar Operation Building मा 30 KVA Minimum विद्युत आपूर्ति हुने, सो ब्याट्रीहरू हालसम्म पनि चालू आवस्थामा रहेको, सो कार्यालयबाट आ.व. ०६१।६२ पछि सो प्रयोजनको लागि थप कुनै ब्याट्री खरिद नगरेको समेत देखिन आएको । उक्त ब्याट्रीहरू आवश्यकतानुसार हालसम्म प्रयोगमा रहेको देखिँदा उजुरीमा सत्यता नभएको हुँदा मिति २०६६।३।२८ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१५३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम सडक विभाग अन्तर्गतका इन्जिनियर गुणनिधि अर्यालले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज गुणनिधि अर्यालले मिति २०३६।४।२२ देखि सडक विभाग अन्तर्गत ओभर सियर पदबाट निजामती सेवामा प्रवेश गरी सडक विभाग र सो अन्तर्गतका विभिन्न कार्यालयहरूमा सरुवा भई मिति २०६४।११।४ मा सडक विभाग अन्तर्गतकै इन्जिनियर पदमा बढुवा भई कार्यरत रहेको देखिन्छ ।

(ख) सम्पत्ति न्यायिक जाँचबुझ आयोगबाट निज गुणनिधि अर्यालको रु. १२,४०,२३०।- को सम्पत्तिको स्रोत प्रमाणित हुन नसकेको भनी कारबाहीका लागि यस आयोगमा फाइल प्राप्त हुन आई अनुसन्धानको क्रममा निजले गरेको बयान तथा निजले पेश गरेका प्रमाण कागजहरू अध्ययन गरी हेर्दा निज सार्वजनिक सेवामा प्रवेश गरेपछि तलब भत्ताबाट रु. १३,९४,२६३।-, कर्मचारी संचय कोषबाट प्राप्त सापटी रु. २,३५,६००।-, घरजग्गा बिक्रीबाट रु. ३१,११,५००।- समेत गरी जम्मा रु. ४७,४१,३६३।- आम्दानी र घर निर्माणमा रु.३०,००,०००।-, जग्गा खरिदमा रु. ४,३३,०२५।-, शेयर खरिदमा रु. १,००,०००।-, मोटरसाइकल खरिदमा रु. १,१०,०००।-, कर्मचारी संचय कोषको सापटी फिर्ता रु. ३६,०००।- समेत रु. ३६,७९,०२५।- खर्च गरेको र बैंकमा नगद मौज्दात रु.९४,०००।- देखिन आयो ।

(ग) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजसँग स्रोत नखुलेको सम्पत्ति रहेको देखिन नआएको र अस्वाभाविक र अमिल्दो जीवनयापन समेत गरेको देखिन नआएको हुँदा निजको बैंकमा रहेको मौज्दात रु. ९४,०००।- लाई निजको आय मान्ने र पछि थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी हाललाई प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम मिति २०६६।३।३० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१५४. पाटन अस्पतालले ६ महिनाको परीक्षणकाल समाप्त भइसकेपछि सुनुवाईको मौका नदिई करिब १६ महिनापछि स्टाफ नर्सबाट शान्ता घिमिरेलाई अवकाश दिएको भन्ने उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) पाटन अस्पताल "पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४" बमोजिम स्थापना र सञ्चालन भएको देखिन्छ । सो अस्पतालले सन् १९९५ (२०५२।४।४) मा Personal Policy मा स्वीकृत गरेको कर्मचारी नीतिको बुँदा नं. ३.५.१ मा ६ महिनादेखि एक वर्षसम्म परीक्षणकालमा रहने भन्ने व्यवस्था उल्लेख गरेको, मिति २०६५।९।१ मा शान्ता घिमिरेलाई ६ महिनाको परीक्षणकालमा रहने गरी नियुक्ति दिएकोमा मिति २०६६।११।६ मा नर्सिङ डाइरेक्टरले निजको कार्य सम्पादन सन्तोषजनक नभएकोले स्थायी नियुक्तिको लागि योग्य नभएको हुँदा आवश्यक कारबाहीको लागि भनी अस्पताल निर्देशकलाई लेखी पठाएको देखिन्छ । अस्पताल निर्देशकले मिति २०६६।१२।१२ को पत्रबाट मिति २०६६।१२।३१ देखि अवकाश हुने भनी अवकाश दिएको देखिन्छ ।

(ख) आयोगमा अनुसन्धान विचाराधीन रहेकै अवस्थामा सो अस्पतालको मिति २०६७।३।२४ को पत्रबाट निज शान्ता घिमिरेले मिति २०६७।२।३ मा अस्पताल समेतका विरुद्ध सर्वोच्च अदालतमा उत्प्रेषण समेतको रिट दायर गरेको भनी उल्लेख भै आएकोले प्रस्तुत विषय सम्मानित अदालतमा विचाराधीन रहेको देखिँदा सोही विषयमा यस आयोगमा अनुसन्धान हुन उचित नदेखिएकोले मिति

२०६६।३।३० मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१५५. त्रिभुवन विश्वविद्यालयबाट जारी एवं कार्यान्वयन गरिएका नीति-नियम, ऐन-कानूनको अवज्ञा गर्दै त्रिभुवन विश्वविद्यालय रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौंका इतिहास विषयका उपप्राध्यापक उद्धव पुरीले २०६२ सालदेखि त्रि.वि.वि.को नियम विपरीत स्वीकृत नलिई लुम्बिनी बौद्ध विश्वविद्यालयको सम्पर्क कार्यालय भृकुटीमण्डप काठमाडौंमा समेत पूर्णकालीन रूपले काम गरी दोहोरो तलबभत्ता लगायतका सुविधा लिएको तथा लुम्बिनी बौद्ध विश्वविद्यालयको काममा २०६२ सालदेखि हालसम्म विभिन्न अवधिमा काठमाडौं बाहिर काजमा जाँदा पनि रत्नराज्यलक्ष्मी क्याम्पसमा हाजिर गरेको भन्ने समेतको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको काममा काठमाडौं उपत्यकादेखि बाहिर गएको समयमा रत्नराज्यलक्ष्मी क्याम्पसमा हाजिर गरे भन्ने विषयमा निज उद्धव पुरीले रत्नराज्यलक्ष्मी क्याम्पसको च.नं. ३३१ मिति २०६७।१।२७ को पत्रबाट बिदाको विवरण र लुम्बिनी बौद्ध विश्वविद्यालयको च.नं. २४० मिति २०६७।१।२९ को पत्रबाट निज काजमा गएको विवरण र निजले गरेको बयान समेतलाई हेर्दा निज उद्धव पुरीले लुम्बिनी बौद्ध विश्वविद्यालयको काममा भैरहवा लुम्बिनी काज गएको समयमा रत्नराज्यलक्ष्मी क्याम्पसमा हाजिर गरेको देखिएन यसै गरी उद्धव पुरीले लुम्बिनी बौद्ध विश्वविद्यालयमा समेत उपकुलपतिको सहायक (सह-प्रशासक सरहको करारसेवा) पदमा रही कामकाज गरेको विषयमा निजले लुम्बिनी बौद्ध विश्वविद्यालयमा मिति २०६२।९।२८ को निर्णयबाट मिति २०६२।१०।१ देखि उपकुलपतिको सहायक पदमा नियुक्ति हुनुपूर्व मिति २०६२।८।२४ तथा मिति २०६४।३।२८ को त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयको निर्णयानुसार उक्त लुम्बिनी विश्वविद्यालयमा काम गर्ने स्वीकृति लिएको देखिएको तथा सो भन्दा पछिको अवधिका लागि अनुमति प्राप्त गर्ने प्रक्रियामा रहेको देखिएको हुँदा प्रस्तुत उजुरीका सम्बन्धमा केही गर्नुपर्ने नदेखिँदा तामेलीमा राखी लगत कट्टा गर्ने गरी मिति २०६६।३।३१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१५६. वातावरण मन्त्रालयका लेखा अधिकृत रविबहादुर रानाले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जित सम्पत्तिको स्रोत सम्बन्धमा आयोगमा परेको उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

(क) निज रविबहादुर राना मिति २०३५।२।८ मा सह-लेखापाल पदबाट सार्वजनिक सेवामा प्रवेश गरी २०४२।३।१९ बाट लेखापाल पदमा बढुवा भई विभिन्न निकायमा सरुवा हुँदै मिति २०६४।११।२६ मा लेखा अधिकृत पदमा बढुवा भै हाल वातावरण मन्त्रालयमा सोही पदमा कार्यरत रहेको देखिन्छ ।

(ख) सार्वजनिक सेवामा प्रवेश गरेपश्चात निजले काठमाडौं उपत्यका बाहिर धनकुटा जिल्लाको धनकुटा नगरपालिका वडा नं. ४ मा क्षेत्रफल ०-९-२, ०-११-०, ०-४-० र ०-५-० गरी जम्मा १-१३-२ रोपनी जग्गा खरिद गरेको र क्षे.फ. ०-४-

० रोपनी जग्गा बिक्री गरेको देखिन्छ । त्यस्तै गरी मोरङ जिल्लाको विराटनगर उपमहानगरपालिका वडा नं. १८ मा क्षेत्रफल ०-२-० बिगाह र सुनसरी जिल्लाको इटहरी नगरपालिका वडा नं. ६ मा क्षेत्रफल ०-०-१२ बिगाह जग्गा खरिद गरेको देखिन्छ । काठमाडौं उपत्यकामा काठमाडौं महानगरपालिका वडा नं. ३४, शान्तिनगरमा ०-३-०-३ रोपनी जग्गा खरिद गरी उक्त जग्गामा १७७७ वर्गफिट क्षेत्रफल भएको घर निर्माण गरेको देखिन्छ ।

(ग) निज रविबहादुर रानाको समग्र आय व्ययलाई हेर्दा निजको व्ययतर्फ जग्गा खरिदमा रु. २,२२,९००।- शेयर खरिदमा रु. ३,५७,५००।-, घर निर्माणमा रु. १५,००,०००।-, सवारी साधन खरिदमा रु. १,६९,०००।-, व्यवसायमा लगानी रु. ९४,०००।-, ऋण सापटी भुक्तानीमा रु. ६,३४,०७८।७९, शिक्षण शुल्कमा रु. १,२३,०५७।- र विभिन्न बैंकहरूमा रहेको बैंक मौज्दात रु. १,५६,११९।४६ समेत गरी कुल व्यय रु. ३२,५६,६५५।२५ देखिन्छ भने निजको समग्र आयतर्फ हेर्दा तलब भत्ता रु. १३,३३,८१४।-, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण सापटी रु. ६,४५,८६८।७५, घर जग्गा बिक्रीबाट आय रु. २,५०,०००।-, व्यवसायबाट प्राप्त आय रु. १४,२०,०००।- समेत कुल रु.३६,४९,६८२।७५ आय देखिन्छ । निज र निजको परिवारका सदस्यहरूको नाममा रहेका बैंक खाताहरूमा रु. १,५६,११९।४६ मात्र बैंक मौज्दात रहेको देखिएबाट यसैलाई निजको हालसम्मको बचत मान्नुपर्ने देखियो ।

(घ) यसरी निजको समग्र आय व्ययलाई हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो रूपमा जीवन निर्वाह गरेको देखिन नआएकोले पछि थप कुनै सम्पत्ति फेला परेमा कारबाही अगाडि बढाउन सकिने नै हुँदा प्रस्तुत अनुसन्धान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम हाल तामेलीमा राखी उजुरीको लगत कट्टा गर्ने गरी मिति २०६६।३।३१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१५७. जिल्ला विकास समिति, मकवानपुर अन्तर्गत RAIDP परियोजनाको राईगाउँ (हटिया सडकमा अनियमितता भएको भन्ने विषय (२/स्था./२२४/०६६/०६७) को विस्तृत अनुसन्धान प्रतिवेदन र RAIDP परियोजना अन्तर्गत नै मकवानपुर, बर्दिया तथा उदयपुरमा अनियमितता भएको भनी परेको उजुरी (२/स्था./४१४/०६६/०६७) का सम्बन्धमा अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

जिल्ला विकास समिति, मकवानपुर अन्तर्गत RAIDP परियोजनाको राईगाउँ (हटिया सडकमा अनियमितता भएको भन्ने सम्बन्धमा छानबिन गर्न पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडाका सहन्यायाधिवक्ता विनोदकुमार पोखरेललाई अनुसन्धान अधिकृत तोकी निजबाट प्राप्त अनुसन्धान प्रतिवेदन समेतका आधारमा उक्त सडकमा अनियमितता भएको नदेखिएको र RAIDP परियोजना अन्तर्गत नै मकवानपुर, बर्दिया तथा उदयपुरमा अनियमितता भएको भनी परेको उजुरीका सम्बन्धमा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागबाट छानबिन गरी प्राप्त प्रतिवेदन अनुसार सडकमा अनियमितता भएको नदेखिएको भनी उल्लेख भएको र आयोगबाट भएको हेटौंडाको छानबिन प्रतिवेदन समेतको आधारमा यसमा थप केही गरिरहनु नपर्ने देखिएको हुँदा दुबै

फायल तामेलीमा पठाउने गरी मिति २०६६।३।३१ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१५८. आँधिखोला तटबन्ध तथा झोलुंगेपुल संरक्षण समिति स्याङ्जाका सचिवले सो नदी नियन्त्रण समेतको कार्यमा अनियमितता गरेको भन्ने विषयको उजुरी उपर अनुसन्धान तहकिकात गरी देहाय बमोजिमको निर्णय गरियो ।

जल उत्पन्न प्रकोप नियन्त्रण सव डिभिजन कार्यालय नं. २, पोखरा अन्तर्गत आ.व. ०६३।६४, २०६४।६५ र २०६५।६६ गरी तीन आर्थिक वर्षमा आँधिखोला तटबन्ध तथा झोलुंगेपुल संरक्षण समितिमार्फत नदी नियन्त्रणको कार्य गराई जम्मा रु. ४४,२७,४१२।३० भुक्तानी गरेको पाइयो ।

जिल्ला विकास समितिको कार्यालय, स्याङ्जाबाट आ.व. २०६५।६६ मा भुन्टे दह छिंडी आँधिखोला नदी नियन्त्रण उपभोक्ता समितिमार्फत आँधिखोलाको विभिन्न स्थानमा ग्याबिन जालीमा ढुंगा भरी नदी नियन्त्रण कार्य गराई रु. ६१,२३,०००।- भुक्तानी गरेको देखियो । उक्त नदी नियन्त्रण कार्यको स्थलगत निरीक्षण एवं नापजाँच गर्न आयोगबाट इञ्जिनियर खटाई पठाइएकोमा ती दुईवटै निकायहरूबाट भएको कामको परिमाण अनुसार नै भुक्तानी गरेको र काममा कुनै duplication नभएको भन्ने प्राविधिक प्रतिवेदन समेत प्राप्त हुन आएकोले यसमा केही गरिरहन परेन । उजुरीको लगत कट्टा गरी तामेलीमा राख्ने गरी मिति २०६६।३।३२ मा भएको आयोगको निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

परिच्छेद - १५
आयोगका अन्य गतिविधि

क) अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा अध्ययन भ्रमण :

१. थाइल्याण्डको राजधानी बैंककमा १-६ नोभेम्बर, २००९ सम्म सञ्चालन भएको Asian Ombudsman Association को ११ औं बैठकमा आयोगका का.वा प्रमुख आयुक्त श्री ललितबहादुर लिम्बु, सहन्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी र सि.डि.ई.गोविन्दबहादुर श्रेष्ठको सहभागिता रहेको थियो ।

२. इजिप्टको राजधानी कायरोमा ६-९ डिसेम्बर, २००९ सम्म सञ्चालन भएको Workshop On Transparency, Integrity and Combating Corruption सम्बन्धी कार्यक्रममा आयोगका आयुक्त श्री वेदप्रसाद सिवाकोटी र सचिव श्री भगवतिकुमार काफ्लेको सहभागिता रहेको थियो ।

३. हङकङमा १५-१७ डिसेम्बर,२००९ सम्म सञ्चालन भएको 4th ICAC Symposium मा आयोगका तत्कालीन कार्यवाहक प्रमुख आयुक्त श्री ललितबहादुर लिम्बु र सहसचिव श्री झमकप्रसाद शर्माको सहभागिता रहेको थियो ।

४. थाइल्याण्डको राजधानी बैंककमा २१-२४ फेब्रुअरी, २०१० सम्म सञ्चालन भएको Strengthening Cooperation in Investigation and Prosecuting Corruption and Financial Crime in Asia सम्बन्धी कार्यक्रममा आयोगका सहन्यायाधिवक्ता श्री खगराज पौडेल र उपन्यायाधिवक्ता श्री राजेन्द्र श्रेष्ठको सहभागिता रहेको थियो ।

५. मलेसियाको राजधानी क्वालालम्पुरमा १-९ मे, २०१० मा सञ्चालन भएको Corruption Prevention and Risk Management in Public Sector Organization विषयक सम्मेलनमा आयोगका तर्फबाट सहन्यायाधिवक्ता श्री रमेशकुमार पोखरेल, सह सचिव श्री रामकुमार आचार्य, सहन्यायाधिवक्ता श्री समिर सिलवाल, उपसचिव श्री वालकृष्ण गौतम, उपसचिव श्री कोमल बहादुर खत्रीको सहभागिता रहेको थियो ।

६. गणतन्त्र चीनको बेइजिङमा २१ मे - १० जुन, २०१० सम्म सञ्चालन भएको Public Finance and Budget Management in Developing Countries विषयक गोष्ठीमा आयोगका तर्फबाट सहन्यायाधिवक्ता श्री डिल्लीरमण आचार्यको सहभागिता रहेको थियो ।

७. गणतन्त्र चीनको बेइजिङमा ८-२८ जुन, २०१० सम्म सञ्चालन भएको Circular Economy and Sustainable Development विषयक कार्यशालामा आयोगका तर्फबाट उपन्यायाधिवक्ता श्री शारदाप्रसाद कोइरालाको सहभागिता रहेको थियो ।

८. सिंगापुरमा ११-१५ जुलाई, २०१० सम्म सञ्चालन भएको Asia Pacific Group Anti Money Laundering विषयक गोष्ठीमा आयोगका तर्फबाट सहसचिव श्री इश्वरीप्रसाद पौड्यालको सहभागिता रहेको थियो ।

९. फिलिपिन्सको मनिलामा ८-१० सेप्टेम्बर, २००९ सम्म आयोजना भएको १४औ ADB/OECD Steering Group Meeting and Seminar मा आयोगका आयुक्त श्री वेदप्रसाद सिवाकोटी, सचिव श्री भगवतिकुमार काफ्ले र सह सचिव श्री इश्वरीप्रसाद पौड्यालको सहभागिता रहेको थियो ।

१०. मिति २०६६ चैत्र ९-१९ सम्म भारतको विभिन्न प्रान्तहरूमा आयोगमा नक्कली भनी प्राप्त शैक्षिक प्रमाणपत्रको प्रमाणीकरण गर्न आयोगबाट उप सचिव श्री जानकिवल्लभ अधिकारीको संयोजकत्वमा टोली खटिएको थियो ।

(ख) आन्तरिक गतिविधिहरू :

(अ) अन्तरक्रिया र गोष्ठी :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी उजुरीहरूमा अनुसन्धान गरी कारबाही गर्ने गराउने दण्डात्मक र निरोधात्मक कार्यका साथै प्रवर्धनात्मक कार्यलाई पनि उत्तिकै महत्व दिई विभिन्न क्षेत्र र जिल्लाहरूमा अन्तरक्रिया, गोष्ठी, तालिम तथा सामुदायिक शिक्षा जस्ता कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसै सन्दर्भमा आ.व.२०६६/६७ मा निम्नानुसार आन्तरिक गतिविधि सम्पन्न भएका छन् ।

१. २०६६ असोज २ गते आयोगको सभाहलमा नेपाल सरकारका मुख्य सचिव, सचिव एवं विशिष्ट श्रेणिका पदाधिकारीहरूसँग आयोगको आ.व.२०६५/६६ को १९ औं वार्षिक प्रतिवेदन लगायत सुशासन सुदृढीकरण गर्न मन्त्रालयहरूले खेल्नुपर्ने भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

२. २०६६ असोज १९ गते झापा जिल्लामा आयोगका सहन्यायाधिवक्ता श्री रमेशकुमार पोखरेलको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रिया एवं सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरियो ।

३. २०६६ असोज २३ गते चितवन र असोज २६ गते नवलपरासी जिल्लामा आयोगका सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेलको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा

भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक कार्यपत्र सहितको अन्तरक्रियाका साथै सहायक स्तरका कर्मचारीहरूलाई भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रियासम्बन्धी तालिम सम्पन्न गरियो ।

४. २०६६ असोज २६ गते म्याग्दी र असोज २८ गते मुस्ताङ जिल्लामा आयोगका सचिव श्री भगवतिकुमार काफ्लेको संयोजकत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं स्थानीय निकायको भूमिका विषयक कार्यपत्र सहितको अन्तरक्रिया सम्पन्न गरियो ।

५. २०६६ कार्तिक ८ गते स्याङजा जिल्लामा आयोगका उपसचिव श्री कृष्णप्रसाद पौडेलको नेतृत्वमा खटिएको टोलिद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रिया सम्पन्न गरियो ।

६. २०६६ कार्तिक २२ गते पाँचथर र कार्तिक २४ गते इलाम जिल्लामा आयोगका उपसचिव श्री मीनबहादुर पौड्याल क्षेत्रीको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजीवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक कार्यपत्र सहितको अन्तरक्रियाका साथै दुवै जिल्लाका सहायक स्तरका कर्मचारीहरूलाई भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रियासम्बन्धी तालिम प्रदान गरियो ।

७. २०६६ मंसिर १ गते भोजपुर जिल्लामा आयोगका उपसचिव श्री कृष्णहरि देवकोटाको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रियाका साथै सहायक स्तरका कर्मचारीहरूलाई भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रियासम्बन्धी तालिम प्रदान गरियो ।

८. २०६६ मंसिर ४ गते गुल्मी र मंसिर ७ गते पाल्पा जिल्लामा आयोगका सहन्यायाधिवक्ता श्री खगराज पौडेलको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज,

वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक कार्यपत्र सहितको अन्तरक्रिया प्रदान गरियो ।

९. २०६६ मंसिर ५ गते आयोगको सभाहलमा नेपाल सरकारका विभागीय प्रमुखहरूसँग आयोगको १९ औं वार्षिक प्रतिवेदनको जानकारी गराउनुका साथै सुशासन सुदृढीकरण गर्न विभागले खेल्नुपर्ने भूमिका लगायत मन्त्रालय एवं आयोगका निर्देशनको कार्यान्वयनको स्थिति र निर्देशन कार्यान्वयन गर्दा आइपर्ने समस्याका बारेमा छलफल कार्यक्रम सम्पन्न गरियो ।

१०. २०६६ मंसिर २५ गते आयोगमा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस, २००९ सम्पन्न भयो । कार्यक्रममा प्रमुख आतिथ्यता सम्माननीय प्रधान न्यायाधीश मीनबहादुर रायमाझी र विशेष अतिथि कानून तथा न्यायमन्त्री प्रेमबहादुर सिंहले गर्नुभएको थियो । तत्कालीन कार्यवाहक प्रमुख आयुक्त ललितबहादुर लिम्बूले अध्यक्षता गर्नुभएको उक्त कार्यक्रममा आयोगका सहन्यायाधिवक्ता महेश शर्मा पौडेलले "भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको अनुमोदनबाट हुने प्रभाव" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, संवैधानिक अंगका प्रमुख तथा पदाधिकारी, आयोगका पूर्व प्रमुख आयुक्त तथा आयुक्तहरू, नेपाल सरकारका मुख्य सचिव र सचिवहरू, पूर्व सचिवहरू, नेपाल सरकारका उच्च अधिकारीहरू, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि र पत्रकारहरूको समेत सहभागिता रहेको थियो ।

११. २०६६ पुस १० गते कञ्चनपुर, ऐ. पुस ११ गते दार्चुला, ऐ. पुस १२ गते बैतडी र ऐ.पुस १३ गते डोटी जिल्लामा आयोगका सचिव श्री भगवतिकुमार काफ्लेको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक कार्यपत्र सहितको अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुका साथै भ्रमणकै क्रममा आछाम, दैलेख र सुर्खेत जिल्लामा जिल्ला एवं क्षेत्र स्थित कार्यालय प्रमुखहरूसँग भेटघाट, छलफल र कार्यालयहरूको अनुगमन गर्ने कार्य समेत सम्पन्न गरियो ।

१२. सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यतामा सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाल, सम्माननीय संविधान सभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ तथा सम्माननीय प्रधान न्यायाधीश अनुपराज शर्मा लगायतका विशिष्ट व्यक्तित्वहरूको समुपस्थितिमा २०६६ माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना दिवस विविध कार्यक्रमका साथ आयोगको सभाहलमा सम्पन्न भयो । आयोगका सचिव भगवतिकुमार काफ्लेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले आयोगद्वारा प्रकाशित स्मारिकाको विमोचन गर्नुका साथै आयोगका पूर्वआयुक्त श्री कृष्णवल्लभ

काफ्लेलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो । सोही अवसरमा क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरूमा समेत विविध कार्यक्रमका साथ अख्तियार स्थापना दिवस मनाइएको थियो ।

१३. २०६६ चैत ३ गते सुनसरी जिल्लामा आयोगका सहन्यायाधिवक्ता श्री रमेशकुमार पोखरेलको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमका साथै सहायक स्तरका कर्मचारीहरूलाई भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रियासम्बन्धी जानकारी दिने र विद्यालयहरूमा सामुदायिक शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो ।

१४. २०६६ चैत १८ गते तेह्रथुम र चैत २२ गते संखुवासभा जिल्लामा आयोगका उपसचिव श्री जानकिवल्लभ अधिकारीको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमका साथै दुवै जिल्लामा सहायक स्तरका कर्मचारीहरूलाई भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रियासम्बन्धी तालिम प्रदान गरियो ।

१५. २०६६ चैत्र २८ गते देखि २०६७ वैशाख ४ गते सम्म आयोगका सचिव श्री भगवतिकुमार काफ्लेको संयोजकत्वमा खटिएको टोलीद्वारा बाँके, कपिलवस्तु र रुपन्देही जिल्लामा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं स्थानीय निकायको भूमिका विषयक कार्यपत्र सहितको अन्तरक्रिया सम्पन्न गरियो ।

१६. २०६७ जेठ २१ देखि २३ गतेसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मिर्मिरे मिडिया क्लबको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रण एवं सुशासन कायम गर्ने सन्दर्भमा पत्रकार जगतको भूमिका विषयक तालिम र मिति २०६७ अषाढ १९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग र PAAN (Public Administration Association of Nepal) को संयुक्त सहभागितामा The Corruption Control: A Burning Issue विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

१७. २०६७ जेठ २५ गते सिन्धुपाल्चोक जिल्लामा आयोगका सहसचिव श्री कृष्णप्रसाद ढुंगानाको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रियाका साथै सहायक स्तरका कर्मचारीहरूलाई भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रियासम्बन्धी तालिम प्रदान गरियो ।

१८. २०६७ जेठ २६ गते तनहुँ जिल्लामा आयोगका सहन्यायाधिवक्ता श्री बलराम शर्माको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

१९. २०६७ जेठ ३० गते मकवानपुर जिल्लामा आयोगका सहसचिव श्री इश्वरीप्रसाद पौड्यालको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रियाका साथै सहायक स्तरका कर्मचारीहरूलाई भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रियासम्बन्धी तालिम प्रदान गरियो ।

२०. २०६७ आषाढ ३ गते अर्घाखाँची जिल्लामा आयोगका उपसचिव श्री कृष्णप्रसाद पौडेलको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रियाका साथै सहायक स्तरका कर्मचारीहरूलाई भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रियासम्बन्धी तालिम प्रदान गरियो ।

२१. २०६७ अषाढ १८ गते स्थानीय विकास मन्त्रालयका सचिव, उपत्यकास्थित जिल्ला विकास समितिका स्थानीय विकास अधिकारीहरू, महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका कार्यकारी अधिकृतहरू एवं सम्बन्धित नगरका वडा सचिवहरू बीच भ्रष्टाचार नियन्त्रणमा स्थानीय निकाय एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रियाका साथै कार्यगत रूपमा देखिएका समस्याका बारेमा छलफल गरियो ।

आ. तालिमः

(१) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नै साधन, स्रोत र क्षमताको परिधिभित्र रही आयोगमा सरुवा भई आउने अधिकृत एवं सहायकस्तरका कर्मचारीहरूलाई आयोगको कार्य प्रक्रियाको बारेमा जानकारी दिलाउने उद्देश्यले भ्रष्टाचार नियन्त्रणसम्बन्धी आधारभूत तालिम सञ्चालन गर्दै आएको छ। २०६१ साल चैत्रदेखि आ.व.२०६६/६७ को अन्त्यसम्ममा अधिकृतस्तरको एघारौं र सहायकस्तरको सातौं तालिम सम्पन्न भएको छ।

(२) आयोगमा कार्यरत अधिकृत एवं सहायकस्तरका कर्मचारीहरूलाई कम्प्युटरसम्बन्धी ज्ञान दिलाई क्षमता अभिवृद्धि गर्ने अभिप्रायले आयोगको जनशक्तिबाट आयोगकै तालिम कक्षमा आधारभूत कम्प्युटर तालिम समेत सञ्चालन हुँदै आएको छ। आ.व.२०६६/६७ सम्ममा सातवटा आधारभूत तालिम सम्पन्न भएका छन्।

(३) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सामुदायिक शिक्षा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्दै आएको छ। उक्त अभियानलाई सशक्त र दिगो बनाउने उद्देश्यका साथ आवश्यक जनशक्ति तयार गर्नको लागि आयोगमा कार्यरत २० जना अधिकृत एवं सहायकस्तरका कर्मचारीहरूलाई मिति २०६६ फागुन २७ गतेदेखि चैत्र ३ गतेसम्म नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल, ललितपुरमा प्रशिक्षक प्रशिक्षण (Training for Trainers) तालिम सम्पन्न भएको छ।

इ. कार्यपत्र प्रस्तुति र छलफल :

भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान तहकिकात गर्ने/गराउने संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहं भूमिका खेल्दै आएको छ। आयोगमा कार्यरत जनशक्ति विभिन्न सेवा/समूहका हुने र निजहरूले आयोगको कार्य प्रक्रिया अनुसार छिटोछरितो, वस्तुनिष्ठ र पारदर्शी ढंगले अनुसन्धान सम्पन्न गर्नुपर्ने हुँदा विभिन्न विषयको जानकारी लिनुपर्ने कुरालाई हृदयंगम गरी आयोगमा कार्यरत अनुसन्धान अधिकृतहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रायः हरेक शुक्रबार सम्बन्धित क्षेत्रका विशेषज्ञहरूबाट विविध विषयका कार्यपत्रहरू प्रस्तुत गर्ने र त्यसउपर छलफल गराउने गरिएको छ। यसै क्रममा आ.व.२०६६/६७ मा विभिन्न विषयका जम्मा ११ वटा कार्यपत्रहरू प्रस्तुत भइसकेका छन्।

ई. सदाचार रेडियो कार्यक्रम :

भ्रष्टाचार विरुद्ध सचेतना जगाउने एवं आयोगका गतिविधिहरू आम जनसमुदाय समक्ष पुऱ्याउने उद्देश्यले आ.व. २०६१।६२ देखि प्रत्येक हप्ता रेडियो नेपालबाट १५ मिनेट सदाचार रेडियो कार्यक्रम प्रसारण हुँदै आएको छ। आ.व. २०६४।६५ देखि आयोगकै जनशक्तिबाट उक्त कार्यक्रम शनिबार साँझ ७:४५ बजेदेखि ८:०० बजे सम्म सञ्चालन हुँदै आएको छ। यस कार्यक्रममा आयोगको गतिविधि, समाचार

लगायत भ्रष्टाचार विरुद्धका सन्देशहरू प्रस्तुत गर्ने गरिन्छ। सदाचार रेडियो कार्यक्रम स्थानीय स्तरमा प्रभावकारी ढंगले जनतामाझ सुन्न सकियोस् भन्ने हेतुले उक्त कार्यक्रम हरेक मंगलबार बिहान ८:३० बजेदेखि ८:४५ बजेसम्म नेपाल वाणी ९४.९ मेघाहर्ज इलाममार्फत नेपालका विभिन्न १५ वटा एफएम रेडियोद्वारा एकैसाथ पुनः प्रसारण गर्ने समेत व्यवस्था मिलाइएको छ।

उ. सामुदायिक शिक्षा कार्यक्रम :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५(ख)२ मा भ्रष्टाचार नियन्त्रणको लागि आयोगले विभिन्न उपायहरू अवलम्बन गर्न सक्ने व्यवस्था गरे बमोजिम आ.व २०६४/०६५ देखि आयोगले भ्रष्टाचार विरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस कार्यक्रम अन्तर्गत आ.व.२०६६/६७ को अन्त्यसम्म विभिन्न १३३ वटा माध्यमिक, उच्च माध्यमिक विद्यालयहरू तथा क्याम्पसका विभिन्न तहमा अध्ययनरत १८८३६ जना विद्यार्थी, शिक्षक र कर्मचारीका साथै विभिन्न संघसंस्था, नागरिक समाज र नेपाल सरकारका विभिन्न २५ वटा निकायका १७८६ जना कर्मचारीहरूको सहभागितामा भ्रष्टाचार विरोधी सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न भइसकेको छ।

ऊ. खबर संकलन इकाई (Intelligence Unit) को व्यवस्था :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०६३, को परिच्छेद ३,१३ (क) अनुसार भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन, विश्लेषण र परीक्षण गरी अनुसन्धान कार्यलाई भरपर्दो बनाउने उद्देश्यले प्रमुख आयुक्तको प्रत्यक्ष निर्देशनमा रहने गरी प्रहरी महाशाखा प्रमुखको मातहतमा आयोगमा खबर संकलन इकाई (Intelligence Unit) खडा गरिएको छ। उक्त इकाईले गोप्य खबर र सूचना संकलन गर्ने, गोप्य रूपमा निगरानी राख्ने, कार्यपद्धतिको अनुगमन/निरीक्षण गर्ने, भ्रष्टाचार र अनुचित कार्य लगायत आयोगसँग सम्बन्धित अन्य विभिन्न विषयको गोप्य सूचना संकलन गरी प्रमुख आयुक्त र सम्बन्धित आयुक्तलाई सम्प्रेषण गर्ने काम गर्दछ।

परिच्छेद १६

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय रणनीति तथा कार्यक्रम (२०६७-२०६९) २०६७

१. पृष्ठभूमि :

भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने राज्यको दायित्व भएको हुँदा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान तहकिकात गर्न गराउन र विशेष अदालतमा मुद्दा दायर गर्न सक्ने निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ ले व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधान, २०६३ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लगायत अन्य प्रचलित कानूनको दायराभित्र रही आयोगले आफूलाई सुम्पिएको जिम्मेवारीलाई कार्यविधि, निर्देशिका, मार्गदर्शनहरू र आचार संहिता समेत बनाई निष्पक्ष, निर्भिक र दृढताका सांथ निर्वाह गर्दै आएको छ। आयोगलाई आफ्नो जिम्मेवारी वहन गर्ने सिलसिलामा नेपाल सरकार लगायत अन्य क्षेत्रहरूबाट सहयोग पनि प्राप्त भइरहेको छ। विश्वव्यापी चुनौतीको रूपमा रहेको भ्रष्टाचार नियन्त्रण गर्ने कार्य आयोगको एक्लो प्रयासले मात्र सम्भव नहुने हुँदा यसमा बलियो राजनीतिक प्रतिबद्धता, सरकारी संयन्त्रहरू, निजी क्षेत्र र नागरिक समाजको सक्रिय सहभागिताको आवश्यकता पर्दछ। ऐन कानूनले निर्दिष्ट गरे अनुसारका काम कारबाहीहरूलाई अझ चुस्त दुरुस्त बनाउनका निम्ति आयोगले सर्वप्रथम २०५९ सालमा पाँच वर्षका लागि र २०६३ मा तीन वर्षका लागि भ्रष्टाचार नियन्त्रणसम्बन्धी रणनीति तथा कार्यक्रम तर्जुमा गरी सो रणनीति मुताविक काम गर्दै आएकोमा भ्रष्टाचार नियन्त्रणको कार्यलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न त्रिवर्षीय रणनीति तथा कार्यक्रम (२०६७-२०६९) तर्जुमा गरेको छ।

२. अद्यावधिक स्थितिको समीक्षा :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रण विरुद्धको रणनीति, २०५९ र त्रिवर्षीय रणनीति २०६३, तर्जुमा गरी कार्यान्वयनमा ल्याएपछि भ्रष्टाचार नियन्त्रणसम्बन्धी काम कारबाहीमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्।

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमबाट कानूनी राज्यको अवधारणा मुताविक सुशासनलाई संस्थागत एवं सुदृढ गरी समृद्ध मुलुक निर्माणका लागि अनुशासित समाजको निर्माण गर्ने दीर्घकालीन सोच र अनुचित कार्य एवं भ्रष्टाचारको मात्रालाई उल्लेखनीय रूपमा घटाउन प्रयास गर्ने उद्देश्यले जारी गरिएको रणनीति अनुरूप आयोगले दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यलाई प्रभावकारी एवं नियमित रूपमा अगाडि बढाउँदै आएको छ।

आयोगको त्रिवर्षीय रणनीति आ.व.२०६४।६५ सुरु भई आ.व.२०६६।६७ को अन्त्यसम्म आइपुग्दा आयोगले आफ्नो आन्तरिक एवं बाह्य गतिविधिप्रतिको धारणा लगायत भ्रष्टाचारको सूचकांकमा केही प्रगति हासिल गरेको छ। भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान र अभियोजनलाई छिटो छरितो र तथ्यपरक बनाउने प्रयास गरिएको छ। भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन र विश्लेषणलाई विश्वासिलो र भरपर्दो बनाउनुका साथै आयोगको निर्णय कार्यान्वयनलाई सशक्त र प्रभावकारी बनाउने सिलसिलामा राष्ट्रिय राजनीतिक दलका प्रतिनिधिहरू, नेपाल सरकारका मुख्य सचिव एवं सचिवहरू, विभागीय प्रमुखहरू, सार्वजनिक संघसंस्थाका प्रमुखहरू र वित्तीय संघसंस्थाका प्रमुखहरू समेतको संयुक्त सहभागितामा सुशासन, सदाचारिता, अनुचित कार्य र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा व्यापक छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको र फलस्वरूप उल्लिखित निकायहरू आयोगप्रति सकारात्मक देखिनुका साथै भ्रष्टाचार नियन्त्रणमा आयोग प्रभावकारी, विशेषज्ञतायुक्त र दक्षताप्राप्त निकायको रूपमा विकसित हुँदै आएको छ।

Focal Point बैठकलाई नियमित तुल्याई क्षेत्रगत समस्या र विषयलाई छिटोछरितो र विश्वसनीय बनाउने प्रयास भएको छ। उजुरी संकलनका लागि Online Complains को व्यवस्था भएको छ। यस अवधिमा सम्पत्ति सुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन,२०६४, सार्वजनिक खरिद ऐन, २०६३, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सतर्कता केन्द्रको नियमावलीमा प्राविधिक परीक्षण विषयलाई समावेश गरी तर्जुमा गर्ने कार्यका साथै नयाँ संविधानमा आयोगको भावी संरचना र आवश्यकतासम्बन्धी मस्यौदा तयार गरी संविधान सभा संवैधानिक निकायको संरचना निर्धारण समितिमा पठाउने कार्य भएको छ। सार्वजनिक संस्थाहरूमा आचारसंहिताको निर्माण र सुशासन इकाईको गठन लगायत अनुगमन कार्यमा जोड दिइएको छ। गैरसरकारी संघ संस्थाहरूसँग भ्रष्टाचार विरुद्ध सहकार्यको थालनी गरिएको छ।

यस अवधिमा आयोगको पहलमा विभिन्न मन्त्रालय अन्तरगतका ४९ वटा विभागहरूको कार्यविधि (कार्य सञ्चालन निर्देशिका) तयार गराई सञ्चालनमा ल्याएको छ। त्यसैगरी विभिन्न विषयका आन्तरिक कार्य निर्देशिका र मार्ग निर्देशिकाको निर्माण गरी अनुसन्धानसम्बन्धी कार्यलाई प्रभावकारी तुल्याउने प्रयास भएको छ। त्यस्तै भ्रष्टाचार नियन्त्रणको कार्य छिटोछरितो रूपमा सम्पन्न गर्न सकियोस् भन्ने उद्देश्यले क्षेत्रीय प्रशासकहरू, प्रमुख जिल्ला अधिकारीहरू र सरकारी वकिलहरूलाई आयोगले अधिकार प्रत्यायोजन समेत गरेको छ। त्यसैगरी १० वटा जिल्लाहरूमा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा पाइलट कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। स्थानीय स्तरमा भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त बनाउने उद्देश्यले भ्रष्टाचार विरुद्धको समितिसम्बन्धी कार्यविधि, २०६३ लाई समसामयिक परिमार्जन गरी भ्रष्टाचार विरुद्धको समितिसम्बन्धी कार्यविधि, २०६६ को तर्जुमा गरी ७५ वटै जिल्लाहरूमा स्थानीय समन्वय समितिको गठन गरी स्थानीय स्तरबाट नै भ्रष्टाचार विरोधी अभियान सञ्चालन गरी भ्रष्टाचार नियन्त्रण गर्ने कार्यको प्रारम्भ भइसकेको छ।

आयोगमा कार्यरत अधिकृत तथा सहायकस्तरका कर्मचारीहरू लगायत अन्य सरोकारवाला निकायका कर्मचारीहरूलाई अनुसन्धान र अभियोजन सम्बन्धमा अनुशिक्षण र तालिमको व्यवस्था गरी सीप विकास र दक्षता अभिवृद्धि गरिएको छ ।

आयोगका गतिविधिलाई पारदर्शी बनाउने उद्देश्यले प्रेस भेटघाट, प्रेस विज्ञप्ति, बुलेटिन, ब्रोसियर, पम्प्लेट लगायत स्टिकरको प्रयोग र वितरणमा व्यापकता बनाइएको छ भने भ्रष्टाचार विरुद्धको जनचेतना अभिवृद्धि गर्ने खालका प्रचार प्रसार सामग्रीको उत्पादन र वितरण गर्ने कार्यहरूमा समेत जोड दिइँदै आएको छ । यसै गरी आयोगका कर्मचारी एवं पदाधिकारीहरूबाट समय समयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा सहभागिता जनाई भ्रष्टाचार नियन्त्रणको निम्ति चालिएका कदमहरूका बारेमा अनुभव आदान प्रदान गरिँदै आइएको छ ।

आयोगको मिति २०६६-९-२० को निर्णयानुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी नेपालको अन्तरिम संविधान, २०६३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको तथा सो कसुरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गर्न तथा मुद्दा चलाउन आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्ति भई नआएसम्मका लागि आयोगका सचिवलाई सुम्पिई आयोगलाई निरन्तरता दिने काम भएको छ ।

अनुसन्धानसँग सम्बन्धित विभिन्न विषय एवं ऐनकानूनका बारेमा विशेषज्ञहरू झिकाई आयोगमा नै अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । सरकारी, गैरसरकारी, निजी क्षेत्र, उद्योगी, व्यापारी, समाजसेवी, नागरिक समाज, शिक्षक, विद्यार्थी लगायत अन्य सरोकारवालाहरूको संयुक्त सहभागितामा विभिन्न विकास क्षेत्र एवं जिल्लाहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गतिविधि/भावी रणनीति एवं भ्रष्टाचार नियन्त्रणमा स्थानीय जनसहभागिता विषयक अन्तरक्रिया/गोष्ठीको आयोजना गरी व्यापक रूपमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आइएको छ ।

यस अवधिमा भ्रष्टाचार विरुद्ध व्यापक जनचेतना अभिवृद्धि गर्ने र यस अभियानलाई सशक्त र दिगो बनाउने उद्देश्यका साथ भ्रष्टाचार विरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रमलाई अभियानको रूपमा अगाडि बढाएको छ । आ.व.२०६६।६७ को अन्त्यसम्म आइपुग्दा सरकारी, गैरसरकारी, विभिन्न संघसंस्था, नागरिक समाज, उद्योगी, व्यापारी, निजी क्षेत्र र विद्यालयसमेतका गरी जम्मा २०६२२ जना यो शिक्षाबाट लाभान्वित भइसकेका छन् । आयोगको गतिविधिको बारेमा जानकारी गराउने उद्देश्यले प्रत्येक शनिबार बेलुकी ७:४५ बजेदेखि ८:०० बजेसम्म रेडियो नेपाल र मंगलबार बिहान ८:३० बजेदेखि ८:४५ बजेसम्म रेडियो नेपाल वाणी ९४.९ मेगाहर्ज इलाममार्फत विभिन्न १५ वटा एफ.एम.हरूबाट सदाचार रेडियो कार्यक्रम प्रसारण हुँदै आइरहेको छ. यसै परिप्रेक्ष्यमा आयोगको काम कारबाहीलाई बढी चुस्त र प्रभावकारी बनाउन यो तीनवर्षे रणनीति तर्जुमा गरिएको छ ।

३ दीर्घकालीन सोच :

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमबाट कानूनी राज्यको अवधारणा मुताविक सुशासनलाई सुदृढ गरी समृद्ध मुलुक निर्माणका लागि अनुशासित समाजको स्थापना गर्न सहयोग पुऱ्याउने ।

४. उद्देश्य र लक्ष्य :

(क) उद्देश्य :

राज्य संयन्त्रमा तीन वर्षभित्र अनुचित कार्य र भ्रष्टाचारको मात्रा उल्लेखनीय रूपमा घटाउन प्रयास गर्ने ।

(ख) लक्ष्य :

१. भ्रष्टाचार नियन्त्रणको सिलसिलामा दण्डात्मक काम कारबाहीलाई समन्वयात्मक एवं सशक्त ढंगले अगाडि बढाई सुशासन कायम गर्न टेवा पुऱ्याउने ।

२. भ्रष्टाचार नियन्त्रणमा निरोधात्मक उपायहरूद्वारा प्रणालीगत सुधार गरी असल शासनलाई टेवा पुऱ्याउने ।

३. राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा भ्रष्टाचार विरुद्ध प्रवर्द्धनात्मक र जनचेतना मुलुक कार्यक्रमको माध्यमबाट समाजमा सदाचार पद्धतिको निर्माण गरी सामाजिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउने ।

४. भ्रष्टाचार नियन्त्रणको मामलामा विशेषज्ञता प्राप्त निकायको रूपमा आयोगको संस्थागत सवलीकरण गर्ने ।

५. रणनीति :

१. भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन र विश्लेषण कार्यलाई अझ भरपर्दो बनाउने ।

२. भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान र अभियोजनलाई छिटोछरितो र तथ्यपरक बनाउने ।

३. भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान, अभियोजन र कारबाही गर्ने आयोगको निर्णय कार्यान्वयनलाई समन्वयात्मक, सशक्त र प्रभावकारी बनाउने ।

४. भ्रष्टाचार नियन्त्रणका लागि तर्जुमा गर्नुपर्ने र परिमार्जन गर्नुपर्ने कानूनहरूका विषयमा समन्वय गर्ने ।

५. स्थानीय स्तरमा भ्रष्टाचार विरुद्धको कारबाहीलाई अझ सशक्त बनाउने ।

६. अनियमितता र भ्रष्टाचारको दृष्टिकोणले जोखिम (Corruption Prone Zones) भनी पहिचान भएका क्षेत्रहरूलाई सदाचारको टापु (Island of Integrity) को रूपमा विकास गर्ने ।

७. विभागहरूको कार्यविधिको कार्यान्वयन र अनुगमन निरन्तर रूपमा गर्ने गराउने ।

८. सार्वजनिक, व्यावसायिक तथा व्यापारिक समुदाय, र संगठित क्षेत्रमा आचार संहिताको प्रभावकारी रूपमा अनुगमन गर्ने गराउने ।

९. सार्वजनिक सेवा प्रवाहको लागि निर्धारित सूचकहरूको अनुगमन र मूल्यांकन गर्ने ।

१०. नागरिक समाज तथा गैरसरकारी संस्थाहरूको सहयोग र संलग्नतामा भ्रष्टाचार विरुद्ध शून्य शहनशीलता अभिवृद्धि गर्दै जाने ।

११. भ्रष्टाचार र अनियमितता विरुद्ध सामुदायिक शिक्षा तथा जनचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिने ।

१२. भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धिका लागि प्रचार प्रसारलाई अझै सशक्त रूपमा विस्तार गर्दै लाने ।

१३. भ्रष्टाचार विरोधी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्ध र सम्पर्कको विकास र विस्तार गर्ने ।

१४. स्थानीय निकायहरू मार्फत भ्रष्टाचार विरुद्धको कार्यक्रमलाई घरदैलोसम्म पुऱ्याउने ।

१५. भ्रष्टाचार नियन्त्रण कार्यमा आयोगलाई बढीभन्दा बढी विशेषज्ञता र दक्षताप्राप्त निकायको रूपमा विकास गर्दै लग्ने ।

१६. आयोगको कार्य प्रकृति अनुरूपको कर्मचारी विकास, तालिम र काम गर्ने वातावरण (Working Environment) को विकास गर्ने ।

१७. आयोगको कार्य उपलब्धिका आधारमा कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन र दण्ड पुरस्कार गर्ने पद्धतिलाई निरन्तरता दिने ।

१८. आयोगको केन्द्रीय र स्थानीय कार्यालयहरूका लागि आवश्यक भौतिक साधन र स्रोतको व्यवस्था गर्ने ।

१९. आयोगको सूचना व्यवस्थापन प्रणालीलाई अझ भरपर्दो र विश्वसनीय बनाउने

परिच्छेद - १७
भावी संविधानमा आयोगको संरचना र आवश्यकतासम्बन्धी मस्यौदा

भावी संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संरचना र आवश्यकता सम्बन्धमा आयोगको तर्फबाट "संविधान सभा संवैधानिक निकायको संरचना निर्धारण समिति" मा पठाइएको मस्यौदा:

राज्यका विभिन्न अंग/निकायमा कार्यरत पदाधिकारीबाट हुनसक्ने स्वेच्छाचारी, अनियमितता र वेमुनासिव कार्यका विरुद्ध नागरिकको हक हितको रक्षा गरी सुशासन कायम गर्नु राज्यको कर्तव्य हो । जनताको आकांक्षा र आवश्यकता अनुरूप राज्यका कार्य क्षेत्र जति बढ्दै जान्छ, त्यति सरकारी संयन्त्रमा कार्यरत पदाधिकारीद्वारा अख्तियारको दुरुपयोग गरी अनुचित कार्य तथा भ्रष्टाचार हुन सक्ने समभावनाका क्षेत्र पनि व्यापक हुन सक्दछन् । यसैले सार्वजनिक सेवा प्रदान गर्ने कार्यमा संलग्न पदाधिकारी चाहे त्यो सरकारी सेवाको पदमा होस् वा निजी सेवामा कार्यरत पदाधिकारी होस्, निजलाई जनताप्रति उत्तरदायी बनाउन र उनीहरूका क्रियाकलाप जनताको हितमा लगाउन तथा असल शासनको सचेतकको रूपमा कार्य गर्ने संस्थाको राज्यलाई आवश्यकता पर्दछ ।

यसै सन्दर्भमा दोस्रो जनआन्दोलनको परिवर्तनबाट हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्ने उद्देश्यका लागि मुलुक अहिले संविधान सभाबाट नयाँ संविधानको तर्जुमा गर्ने चरणमा प्रवेश गरेको छ ।

यस पृष्ठभूमिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका पनि समय सापेक्ष (चुस्त र दुरुस्त) हुन आवश्यक छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ ले संघीय शासन प्रणाली सहितको राज्यको अग्रगामी पुनर्संरचनाको प्रावधान राखेको सन्दर्भमा भावी संविधानमा खास गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठनात्मक स्वरूप, काम, कर्तव्य र अधिकार क्षेत्र, पदाधिकारीहरूको नियुक्ति, पुन नियुक्तिको प्रक्रिया, पदाधिकारीहरूको योग्यता, पदावधि, पद रिक्त हुने अवस्था जस्ता विषयमा आयोगले व्यापक छलफल, गोष्ठी, सभा, सम्मेलन र प्रश्नावली समेतका आधारमा आयोगका तर्फबाट निम्न अनुसारको मस्यौदा प्रस्तुत गरिएको छ ।

भाग -
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

- **अख्तियार दुरुपयोग अनुसन्धान आयोग:** (१) नेपालमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यकता अनुसार देशका विभिन्न भागमा तोकिएको क्षेत्राधिकार प्रयोग गर्न पाउने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय स्थापना गर्न सक्नेछ ।

(३) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति गर्नेछ ।

(४) प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ ।

तर,

प्रमुख आयुक्त र आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।

(५) देहायका अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,

(ग) महा अभियोग लागेमा वा

(३) निजको मृत्यु भएमा ।

(६) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति प्रमुख आयुक्त वा आयुक्तको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,

(ग) कानून, प्रशासन, व्यवस्थापन, लेखा, राजस्व, इन्जिनियरिङ, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,

(घ) पैंतालीस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र कायम भएको ।

(७) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरू सर्वोच्च अदालतको न्यायाधीश सरह हुनेछ । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(८) प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

तर,

(क) प्रमुख आयुक्त र आयुक्तलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त र आयुक्तको पदमा पुनःनियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।

(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

- **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार:** (१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।

  (२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस संविधान बमोजिम महाभियोग लाग्ने पदाधिकारी, न्यायाधीश र सैनिक ऐन बमोजिम सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा मात्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।

  (३) प्रचलित कानुन बमोजिम दर्ता भएको अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्था वा राजनीतिक संगठन वा व्यावसायिक तथा वर्गीय संगठन र त्यस्तो संस्था वा संगठनको कुनै पदमा बहाल रहेको कुनै पदाधिकारी वा कर्मचारीले भ्रष्टाचार गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गर्न वा गराउन सक्नेछ ।

  (४) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन वा अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारबाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारबाही गर्न सक्नेछ ।

  (५) उपधारा (१), (२), (३) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट कुनै व्यक्ति, संस्था वा संगठनले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

  (६) उपधारा (१), (२), (३) बमोजिम अनुसन्धान र तहकिकात गरिएका कुनै व्यक्ति, संस्था वा संगठनको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

  (७) यस संविधानको अधीनमा रही अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।

  (८) अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये सबै वा कुनै काम, कर्तव्य र अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

- **महासचिव र कर्मचारीसम्बन्धी व्यवस्था:**- (१) प्रमुख आयुक्तको सामान्य निर्देशनमा रहने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रशासनिक काम कारबाही सञ्चालन गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा एकजना नेपाल सरकारको मुख्य सचिव सरहको महासचिव रहनेछ । निजको नियुक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सिफारिसमा मन्त्रिपरिषद्ले गर्नेछ ।

(२) महासचिवको अन्य काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तहरू कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य सञ्चालनका लागि छुट्टै सेवा रहने गरी कर्मचारीको व्यवस्था हुनेछ । त्यस्तो सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू ऐनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।

तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यकता अनुसार नेपाल सरकारका अन्य जुनसुकै सेवा समूहका कर्मचारीहरूलाई काममा लगाउन सक्नेछ ।

- **वार्षिक प्रतिवेदनः** (१) यस संविधान बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा वर्षभरि परेका उजुरी, अनुसन्धान तहकिकात गरी कानून बमोजिम अधिकार प्राप्त अदालतमा दायर गरेको र तामेलीमा राखेको मुद्दाको संख्या, अनुचित कार्य गरेकोमा सचेत गराएको वा विभागीय कारबाही वा अन्य कारबाही गरिएको संख्या, भ्रष्टाचार निवारणका सम्बन्धमा भएको उपलब्धि तथा सो सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण उल्लेख गर्नुपर्नेछ ।

नोटः-

१. यस भागमा गरिएका व्यवस्थाबाट अर्को भाग वा धारामा पर्न सक्ने असर बारे विचार गरिनुपर्दछ । जस्तो सबै सार्वजनिक पदाधिकारीहरू भ्रष्टाचारका विषयमा आयोगको दायराभित्र आएपछि महाभियोग लगाउन सकिने संविधानको सम्बन्धित धारामा आवश्यक परिमार्जन गर्नुपर्ने हुनसक्छ ।

२. महालेखा परीक्षकको प्रतिवेदनमा असुल उपर गर्नुपर्ने गरी देखिएका बेरुजुसम्बन्धी विषय आवश्यक कारबाहीका लागि आयोगम पठाउनुपर्ने कुरा सो भागमा उल्लेख हुनुपर्ने हुन्छ ।

३. प्रमुख आयुक्त र आयुक्तहरू संवैधानिक पद भएकाले निजहरूको नियुक्ति गर्दा वंशज हुनुपर्ने वा अंगिकृत भए १० वर्ष बसोबास भएको हुनुपर्ने धारालाई पनि विर्सनु हुन्न । यदि संवैधानिक निकायका पदहरूका लागि अन्य योग्यता र समावेशितासम्बन्धी धारा कायम हुने भयो भने सोही अनुसार यस भागका व्यवस्थाहरूलाई मिलाउनुपर्ने हुनसक्छ ।

४. राजनैतिक दलहरूले लिने चन्दा र निर्वाचन खर्च सम्बन्धमा दिइने विवरण आयोगमा पनि पठाउनुपर्ने व्यवस्था भएमा सो कुरा दलसम्बन्धी भाग वा निर्वाचन आयोगको भागमा उल्लेख हुनुपर्ने हुनसक्छ ।

परिच्छेद - १८
उपसंहार

सुशासन, पारदर्शीता र कानूनी राज्य लोकतन्त्रका आधार स्तम्भ हुन् । यी आधार स्तम्भहरू भ्रष्टाचार नियन्त्रणको अभावमा दिगो राख्न सकिँदैन । त्यसै गरी देशको आर्थिक एवं सामाजिक विकास पनि भ्रष्टाचार नियन्त्रण विना हुन सक्दैन । भ्रष्टाचार नियन्त्रणले प्राथमिकता पाएन भने सुशासन, कानूनी राज्य र विकास निर्माणका बारेमा हुने चर्चा-परिचर्चा केवल कोठे गफ मात्र हुन जान्छन् । सुशासन, कानूनी राज्य र विकास निर्माणका कार्य हुन नसकेमा आम जनताको लोकतन्त्रप्रतिको आस्था र विश्वाससमेत कायम रहन सक्दैन । तसर्थ सरकारले आवश्यक नीति, नियम, कानून, योजना, रणनीति तथा कार्यक्रमहरू तर्जुमा गरी नागरिक समाज, न्यायपालिका, सञ्चार क्षेत्र, निजी क्षेत्र एवं अन्तर्राष्ट्रिय समुदायको सहयोगमा भ्रष्टाचार नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी रूपमा लागू गर्नुपर्दछ । साथै प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिबद्ध हुँदै भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा समाजको हरेक क्षेत्रबाट अपेक्षित सहयोग प्राप्त गर्नु नै पर्दछ । यसका लागि सबै निकायले आ-आफ्नो ठाउँबाट लगनशील र इमान्दारीका साथ नियमित कार्य गर्न सक्नु पर्दछ, अनि मात्र भ्रष्टाचार नियन्त्रण सम्भव हुन सक्दछ ।

भ्रष्टाचार नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण छ, यसको मुख्य कारण एकातर्फ सामाजिक आचार, विचार, व्यवहार, प्रवृत्ति, संस्कार तथा संस्कृतिसँग समेत जोडिएको छ भने अर्कोतर्फ विद्यमान सामन्ति प्रथा, गरिबी, पछौटेपन, अशिक्षा, अज्ञानता पनि कम जिम्मेवार छैनन् । यसर्थ सरकार, निजी क्षेत्र र नागरिक समाज सबैको सहयोग तथा सहकार्य विना भ्रष्टाचार नियन्त्रण गर्न सम्भव छैन । यसको लागि आवश्यक र ठोस नियम, कानून, साधन, श्रोत र राजनैतिक इच्छाशक्तिको पनि उत्तिकै जरुरत पर्छ । आम मानिसको आचार, विचार, व्यवहार, प्रवृत्ति तथा संस्कृतिमा परिवर्तन गरी सदाचार पद्धतिको विकासको साथै सदाचारी, इमान्दार र अनुशासित कर्मचारीतन्त्र तथा राजनैतिक नेतृत्व भएमा मात्र भ्रष्टाचार नियन्त्रण गर्न सकिने हुन्छ ।

विगतका वर्षहरूमा जस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दण्डात्मक, निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । भ्रष्टाचार हुने अवस्था सृजना हुन नदिन आयोगले राष्ट्रिय सतर्कता केन्द्रका साथै विभिन्न सरकारी संयन्त्र, गैर सरकारी निकायहरू, बुद्धिजीवी, पत्रकार, उद्योगी, व्यापारी, नागरिक समाज र अन्तर्राष्ट्रिय दाताहरू समेतको सहभागितामा गोष्ठी, अन्तरक्रिया, तालिम, सभा सम्मेलन, रेडियो कार्यक्रम जस्ता निरोधात्मक, सुधारात्मक एवं प्रबर्द्धनात्मक कार्यक्रमहरू संचालन गर्दै आएको छ । भ्रष्टाचारको विरुद्धमा व्यापक जनलहर नउठेसम्म भ्रष्टाचार नियन्त्रण प्रभावकारी नहुने हुंदा आयोगले सामुदायिक शिक्षा कार्यक्रमलाई केन्द्रदेखि स्थानीय स्तरसम्म स्कूलदेखि कलेजसम्म सशक्त रुपले अगाडि बढाइरहेको छ । साथै भ्रष्टाचार विरुद्धको सन्देश आम जनतासम्म पुगोस् भन्ने हेतुले आयोगले ब्रोसियर, स्मारिका, न्यूज लेटर, पोष्टर, पम्पलेट, बुकलेट, स्टिकर आदिको प्रकाशन तथा वितरण गर्दै आएको छ ।

भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी गोप्य सूचना संकलन तथा सम्प्रेषण गर्नका लागि आयोगमा इन्टेलिजेन्स युनिट क्रियाशील छ । अख्तियार दुरुपयोगको अनुसन्धान र रोकथाम जस्तो कार्य

प्रभावकारी बनाउन आयोगले वेभ साइटको प्रयोग गरेको छ । जोसुकैले पनि ईमेल तथा ईन्टरनेटको माध्यमबाट गोप्य रुपमा समेत सजिलै उजुरी दर्ता गराउन र उजुरीको अवस्था बारे जानकारी हासिल गर्न सक्दछन् । उपर्युक्त बाहेक राष्ट्रिय/अन्तर्राष्ट्रिय भ्रष्टाचार विरोधि संस्थाहरूसँग सम्पर्क स्थापना तथा सहकार्य गर्ने कार्य गर्नुका साथै सूचना संकलन तथा प्रवाहको प्रभावकारी व्यवस्था समेत गर्दै आएको छ । आयोगले राजस्व वृद्धि, विकास आयोजनाहरूमा लाग्ने समय तथा खर्च कटौती, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता तथा गुणस्तरमा वृद्धि जस्ता सुशासनका विभिन्न आयामहरूमा विभिन्न सहयात्री र सहकर्मीहरूबाट प्राप्त सुझाव र सहयोगको अधिकतम सदुपयोग गर्दै आएको छ ।

देशमा सुशासन कायम गर्न सघाउ पुऱ्याउने उद्देश्यले आयोगको आन्तरिक सुधार, कार्य पद्धतिमा सुधार, निर्णयको प्रभावकारी कार्यान्वयन, सुशासन ईकाई गठन, आचारसंहिता निर्माण, संयुक्त राष्ट्र संघको भ्रष्टाचार विरुद्धको महासन्धिको अनुमोदनका लागि आवश्यक पहल र जनचेतना अभिवृद्धि लगायतका रणनीतिहरू प्रभावकारी ढंगले अवलम्बन गरिएको छ । साथै यस्ता कार्यहरू अन्य सरकारी तथा सार्वजनिक निकायहरूमा समेत प्रभावकारी रुपमा लागु गर्न निर्देशन दिईएको र सोको अनुगमन समेत गर्ने गरिएको छ । भ्रष्टाचार नियन्त्रणका लागि समष्टिगत समाधानको अवधारणा अनुसार दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरूलाई एकै साथ अगाडि वढाउने नीति अंगिकार गरी तयार पारिएको रणनीति (आर्थिक वर्ष २०६४/६५ देखि २०६६/६७) सफलतापूर्वक सम्पन्न भएको छ । आगामी दिनमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्यहरूलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न यस आयोगको त्रिवर्षीय रणनीति तथा कार्यक्रम (२०६७/६८-२०६९/७०) तर्जुमा गरिएको छ ।

दोस्रो जनआन्दोलनको परिवर्तनबाट हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्ने उद्देश्यका लागि मुलुक अहिले संविधान सभाबाट नयाँ संविधानको तर्जुमा गर्ने चरणमा प्रवेश गरेको छ । यस पृष्ठभूमिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका पनि समय सापेक्ष हुन आवश्यक छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ ले संघीय शासन प्रणाली सहितको राज्यको अग्रगामी पुनर्संरचनाको प्रावधान राखेको सन्दर्भमा भावी संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठनात्मक स्वरूप, काम, कर्तव्य र अधिकार, पदाधिकारीहरूको नियुक्ति, पुनः नियुक्तिको प्रक्रिया, पदाधिकारीहरूको योग्यता, पदावधि, पद रिक्त हुने अवस्था जस्ता विषयमा आयोगले व्यापक छलफल, गोष्ठी, सभा, सम्मेलन र प्रश्नावली समेतका आधारमा आयोगका तर्फबाट तयार गरिएको मस्यौदा "संविधान सभा संवैधानिक निकायको संरचना निर्धारण समिति" मा प्रस्तुत गरिसकिएको छ ।

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमवाट समुन्नत तथा अनुशासित समाजको स्थापना गर्ने लक्ष्यलाई साकार पार्नको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सरोकारवाला निकायका कर्मचारीहरूको क्षमता र मनोबल बढाउनु आवश्यक छ भने अर्कातिर आयोगलाई साधन श्रोतयुक्त तुल्याउनु पनि त्यति नै अपरिहार्य भएको छ । सिमित साधन श्रोतका वाबजुद आयोगले आफ्नो र सरोकारवाला निकायका कर्मचारीहरूलाई भ्रष्टाचार नियन्त्रण सम्बन्धी तालीम, गोष्ठि, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ । उजुरीहरूको चाप तथा प्रभावकारी अनुसन्धान कार्यका लागि क्षेत्र र जिल्ला स्तरसम्म आयोगका कार्यालयहरू स्थापना गर्न आवश्यक देखिएको छ । भ्रष्टाचारीहरू कुनै पनि हालतमा उम्कन र छुट्न नपाउन भन्नाका लागि अत्याधुनिक एवं विकसित अनुसन्धान प्रविधिको प्रयोग अपरिहार्य छ जसका लागि सरकारका साथै सरोकारवालाहरूबाट सहयोग प्राप्त हुनु जरुरी हुन्छ । संयुक्त राष्ट्रसंघको भ्रष्टाचार विरुद्धको महासन्धि अनुमोदन हुन नसकेको कारणबाट सम्बन्धित

कानूनहरू संसोधन तथा निर्माण हुन नसकेको कारण नेपालले अन्तर्राष्ट्रिय स्तरमा भ्रष्टाचार नियन्त्रणको विधामा राम्रो प्रगति प्रस्तुत गर्न सकेको छैन । सन् २००३ डिसेम्बरदेखि लागू भएको संयुक्त राष्ट्रसंघको भ्रष्टाचार विरुद्धको महासन्धि अनुमोदन गर्नु अहिलेको प्रमुख आवश्यकता भएको छ । उक्त महासन्धि चाँडोभन्दा चाँडो व्यवस्थापिका संसदबाट अनुमोदन गरी सो महासन्धिसँग मेल खाने गरी मौजूदा कानूनहरू संशोधन एवं परिमार्जन गर्नुका साथै सो महासन्धिको मर्म र भावना अनुरूप नयाँ कानूनहरू समेत निर्माण गर्नु जरुरी भइसकेको छ ।

शासन सञ्चालनमा नातावाद, कृपावाद आदिको अन्त्य गरी नैतिकता, इमान्दारिता, जवाफदेहिता, पारदर्शीता र सदाचारिताको अवलम्बन गर्ने परिपाटी कायम गर्न सकेमा मात्र भ्रष्टाचार नियन्त्रण हुने यथार्थतालाई कसैले इन्कार गर्न सक्दैन । भ्रष्टाचार नियन्त्रण गर्न र मुलुकमा सुशासन कायम गर्न लोकतन्त्र, मानव अधिकार, राजनैतिक स्थिरता, सक्षम कर्मचारीतन्त्र, खुला बजारमुखी अर्थतन्त्र, अर्थपूर्ण विकेन्द्रीकरण, स्थानीय निकायहरूको स्वायत्तता र कानूनी राज्य जस्ता विविध पक्षको समुचित विकासको आवश्यकता आजको चुनौति हो । मौका नपाउँदासम्म इमान्दार वन्ने प्रवृत्ति धेरै खतरनाक हुने हुँदा भ्रष्टाचार गर्ने जुनसुकै क्षेत्रमा संलग्न र जतिसुकै ठूलो ओहोदाधारीहरू किन नहुन् तिनीहरूलाई हदैसम्मको सजाय गराउनका साथै हरेक व्यक्तिमा भ्रष्टाचारप्रति शून्य सहनशीलताको विकास गर्नु आज नितान्त आवश्यक छ । जसका लागि व्यापक जनचेतना एवं जनसहभागिताको खाँचो छ । भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने वातावरणको सृजना गरिएमा मात्र भ्रष्ट प्रवृत्तिको अन्त्य हुने र सार्वजनिक क्षेत्रका हरेक काम कारबाहीमा नैतिकता, इमान्दारिता, जवाफदेहिता, पारदर्शीता र सदाचारिताको प्रतिविम्व देख्न सकिने हुन्छ । फलस्वरूप देश प्रगति तर्फ उन्मुख हुने र गरिबी घट्ने हुँदा भ्रष्टाचार नियन्त्रणमा सबै तह र तप्काबाट उचित सहयोग र समन्वयको आयोगले अपेक्षा राखेको छ ।